UNODC
United Nations Office on Drugs and Crime

IAWP

Australian Aid

UN WOMEN

लैङ्गिक उत्तरदायी प्रहरी सेवा सम्बन्धी हातेपुस्तिका

महिला तथा किशोरी विरूद्धका हिंसासंग सम्बन्धितका लागि

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह
Inspector General of Police Dhiraj Pratap Singh
Chief of Nepal Police

प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौँ, नेपाल ।
Police Headquarters,
Naxal, Kathmandu, Nepal

शुभकामना

सर्वप्रथम महिला, कानुन र विकास मञ्चले "लैङ्गिक उत्तरदायी सेवा सम्बन्धी प्रशिक्षण पुस्तिका" प्रकाशन गरेको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु । "The Handbook on Gender Responsive Police Services for Women and Girls Subject to Violence" नामक अङ्ग्रेजी पुस्तिका लैङ्गिक हिंसाका पीडित महिला तथा बालिकाहरूलाई उत्तरदायी सेवा प्रदान गर्न सहयोगी र प्रभावकारी दस्तावेज हो । यसको नेपालीमा अनुवाद गरी पुस्तिका तयार गर्नु उपयोगी साबित हुने कुरामा म विश्वस्त छु ।

हिंसा कसै प्रति पनि ग्राह्य हुन सक्दैन, यो मानव अधिकारको गम्भीर उल्लङ्घन हो । लैङ्गिक हिंसाको आपराधिक दायरा फराकिलो छ र पीडित उपर यसको असर पनि कालान्तरसम्म अत्यन्तै गहिरो रूपमा रहन्छ । पीडितले आफूलाई परेको असर व्यक्त गर्न नसक्ने तथा कतिपय अवस्थामा प्रमाण सजिलै नष्ट हुने सम्भावना चुनौतीको रूपमा रहेको छ । नेपाल प्रहरीमा दर्ता भएका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित अपराधको तथ्याङ्कले पनि यसको रोकथाम तथा नियन्त्रण पक्ष साँच्चिकै गम्भीर रहेको पुष्टि गर्दछ ।

समाजमा महिला तथा बालबालिका विरुद्ध हुने विभिन्न प्रकारका विभेद, दुर्व्यवहार, हिंसाजन्य कार्य र अन्य गम्भीर प्रकृतिका अपराध र त्यसबाट उनीहरूमा पर्ने शारीरिक, मानसिक र मनोवैज्ञानिक असरहरूको विषयमा नेपाल प्रहरी सदैव संवेदनशील रहँदै आएको छ । यस सन्दर्भमा पीडित महिलाको सुरक्षा र संरक्षण गर्ने, आवश्यक परामर्श दिने र शीघ्र न्याय प्रदान गरी पीडितलाई न्याय दिलाउने विषयलाई नेपाल प्रहरीले सदैव प्राथमिकतामा राखेको छ ।

नेपाल प्रहरीले प्रदान गर्ने सेवालाई लैङ्गिक उत्तरदायी बनाउन नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय लगायत महिला, बालबालिका तथा ज्येष्ठ नागरीक सेवा केन्द्रले विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यमा रहेर प्रभावकारी रूपमा काम गर्दै आइरहेको छ । महिला, कानुन र विकास मञ्चद्वारा प्रकाशित लैङ्गिक उत्तरदायी सेवा सम्बन्धी प्रशिक्षण पुस्तिकाको माध्यमबाट नेपाल प्रहरीले प्रदान गर्ने लैङ्गिक उत्तरदायी सेवामा थप प्रभावकारीता ल्याउन मद्दत गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा महिलाहरूको संवैधानिक, कानुनी तथा मानव अधिकारको संरक्षण र सम्बर्धन गर्दै महिलाहरूलाई सरल र सहज न्याय प्राप्तिमा यस लैङ्गिक उत्तरदायी सेवा सम्बन्धी प्रशिक्षण पुस्तिका उपयोगी र सार्थक सिद्ध होस् भन्ने कामना गर्दछु ।

धन्यवाद, जय नेपाल ।

धिरज प्रताप सिंह
(प्रहरी महानिरीक्षक)

२०७९ वैशाख ११ गते ।

पोष्ट बक्स नं. ४०७, कार्यालय: ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्स: ९७७-१-४४१५५९३
ईमेल: dhirajpratap2@gmail.com/phqigs@nepalpolice.gov.np, वेवसाइट: https://www.nepalpolice.gov.np,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ ।

मन्तब्य

मानव अधिकार उल्लंघनको रुपमा रहेको घरेलु हिंसा सबैभन्दा बढी मात्रामा घटित हुने भए तापनि सबैभन्दा कमै मात्रामा बाहिर प्रकट हुने गरेको छ । यस्ता घटनाहरूबाट श्रृजना हुने भयावह तथा नकारात्मक परिणाम आफै पीडितका अतिरिक्त समग्र परिवार, समुदाय तथा समाजले समेत भोग्नु पर्ने हुन्छ । घरेलु हिंसा विश्वव्यापी रुपमा नै मानव अधिकारको दृष्टिकोणले एक गम्भीर समस्याको रुपमा देखा परिरहेको छ । परिवारको इज्जत, लाज तथा लाञ्छना लाग्ने त्रासले पीडितहरू आफूहरूमाथि भइरहेको हिंसाका बारेमा कुरा गर्न तथा सहयोग लिन हिचकिचाउने प्रवृत्तिका कारण यस्तो जघन्य अपराध घरभित्र नै गुपचुप र अदृश्य बनाइने गरेको देखिन्छ ।

नेपालको संविधान, २०७२ को धारा ३८ (३) ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने तथा त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरेको छ । तथापि पितृसत्तात्मक सोच तथा व्यवस्थाले गर्दा समाजमा अझै पनि हिंसा बृहत्तर रुपमा फैलदो नै छ । आ.ब. २०७८/०७९ मा नेपाल प्रहरीबाट प्रकाशित एक प्रतिवेदनमा उल्लेख भए अनुसार नेपालमा हुने लैङ्गिक हिंसामध्ये ७५.३९% घरेलु हिंसा रहेको देखिएको छ भने हरेक तेश्रो महिलाले विभिन्न प्रकारका हिंसामध्ये कुनै न कुनै प्रकारको हिंसाबाट प्रभावित भइरहेको तथ्यलाई उजागर गरेको छ । लैङ्गिक हिंसाको बार्षिक तथ्यपत्रमा उल्लेख भए अनुसार आ.व. २०७७/०७८ मा प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान बिभाग, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयमा कूल १४,२३२ लैङ्गिक हिंसा सम्बन्धी मुद्दा दर्ता भएको छ । हिंसामा परेका महिलाहरूले न्यायका लागि सहयोग खोज्ने निकाय नै सुरक्षा निकाय हुने भएकोले यो अत्यन्त महत्वपूर्ण निकाय हो । अतः यो निकाय लैङ्गिकमैत्री तथा संवेदनशील हुन अत्यन्त अपरिहार्य छ ।

यसै क्रममा यूएन वुमन तथा यूएनओडिसीको संयुक्त पहलमा हिंसामा परेका महिला तथा बालिकाका लागि लैङ्गिक उत्तरदायी सेवा सम्बन्धी प्रशिक्षण पुस्तिकालाई नेपाली भाषामा अनुवाद गरिएको छ । यस पुस्तिका लैङ्गिकतामा आधारित हुने विभिन्न प्रकारका हिंसाका मामिलाहरूमा अनुसन्धान प्रकृया र कारवाहीका क्रममा सेवाग्राहीका मुद्दाहरूलाई पीडितमैत्री र लैङ्गिक सम्वेदनशील भई कसरी सम्बोधन गर्ने भन्ने बिषयमा केन्द्रित छ । यसले सर्वप्रथम सेवा दिने सम्बन्धित संस्था प्रहरी बृत्तका मानव श्रोतहरूलाई अझ संवेदनशील बनाई कसरी उत्तरदायी बनाउन सकिन्छ भन्ने कुरामा जोड दिएको छ । यसै पुस्तिकाका केहि भागलाई श्रोत सामाग्रीको रुपमा समेत प्रयोग गरी गत बर्ष महिला, कानुन र विकास मञ्च (FWLD) को सहकार्यमा बागमती र सुदूरपश्चिम प्रदेशका २३५ जना नेपाल प्रहरीहरूलाई विभिन्न समयमा प्रशिक्षित गरिएको र सो पहलमा यस सामाग्रीको बिषयबस्तुको सराहना समेत भएकोले उक्त पुस्तिकालाई अनुवाद गरिएको हो । फौजदारी न्यायिक प्रक्रियालाई अझ पीडित मैत्री तथा लैङ्गिक उत्तरदायी बनाउन यस पुस्तिकाले थप मद्दत पुऱ्याउने विश्वास लिएको छु । यो पुस्तिकालाई समीक्षा गरिदिनु भएकोमा समीक्षा कार्यदलका सदस्यहरू लैङ्गिक बिज्ञ श्री चाँदनी जोशी, अधिवक्ता सबिन श्रेष्ठ, अधिवक्ता सागर पाठक र नेपाल प्रहरीका प्रहरी नायब महानिरिक्षक श्री राजेश कुमार लाल कर्णप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । पुस्तिका तयारीको लागि युएनवुमनको तर्फबाट आवश्यक सम्पूर्ण प्राविधिक तथा व्यवस्थापकीय सहयोगका लागि श्री अञ्जना बैद्य र श्री समा श्रेष्ठलाई पनि धन्यबाद व्यक्त गर्दछु । यस महत्वपूर्ण पहलमा सहकार्यका लागि यूएनओडिसिका श्री रिना पाठकप्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

नवनिता सिन्हा
निमित्त कार्यालय प्रमुख

मन्तव्य

पितृसत्तात्मक मूल्य र मान्यता, हानीकारक सामाजिक अभ्यासहरु तथा लैङ्गिक पूर्वाग्रहमा आधारित असन्तुलित सामाजिक संरचनाको कारणले पुरुषको तुलनामा बर्षौदेखि विभेदित अवस्थामा रहेका महिलाहरु हिंसा हुने जोखिममा रहेका हुन्छन् । त्यसैले लैङ्गिकतामा आधरित हिंसा सामान्यत: पुरुषहरुको महिलामाथि आफ्नो श्रेष्ठता सिद्ध गर्ने हतियारको रुपमा प्रयोग हुँदै आइरहेको छ । लैङ्गिकतामा आधारित हिंसा समानता, विकास र शान्ति प्राप्त गर्ने मार्गको एक बाधक हो । यस्तो हिंसाले पीडित व्यक्तिको मानव अधिकार तथा स्वतन्त्रताको उल्लंघन गर्दछ । अत: व्यक्तिको मानव अधिकार र स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन गर्न प्रत्येक राज्यमाथि हिंसाको रोकथाम तथा अन्तय गर्न प्रभावशाली उपायहरु अवलम्बन गर्नुपर्ने दायित्व रहेको हुन्छ ।

लैङ्गिक हिंसाका मुद्धाहरुमा महिला भएकै कारणले पिडितको न्यायको पहुँच चुनौतीपूर्ण रहेको हुन्छ । न्यायको प्रक्रियामा पीडित महिला सामाजिक लाञ्छनाबाट थप पिडामा परिरहेका हुन्छन् । सबै मानिसहरु मानव मूल्य र मर्यादामा समान हुन्छन् । मानव अधिकारको विश्वव्यापी रुपमा यस्तो मापदण्ड भए पनि परम्परा र सामाजिक मूल्य मान्यतामा रहेको विभेदपूर्ण दृष्टिकोणले गर्दा महिला पीडितहरुप्रति पूर्वाग्रह र असम्वेदनशील व्यवहार भइरहेका हुन्छन् । महिलामाथि हिंसा हुँदा राज्यले कानुनी कारवाही चलाएता पनि कार्यविधिगत एवम् व्यवहारिक कठिनाइहरुको परिणामस्वरुप महिलाले न्यायको अनुभूति गर्न सकिरहेको हुँदैनन् । उपरोक्त अवस्थामा अपराधको अनुसन्धान र कारवाहीको प्रक्रियामा पीडित महिलाको आत्मसम्मान, स्वतन्त्रता, न्याय र मानव अधिकारको संरक्षण गर्न आवश्यक छ ।

नेपालको संविधानको धारा २१ ले अपराध पीडितको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । उक्त मौलिक हकलाई कार्यान्वयन गर्न अपराध पीडित संरक्षण ऐन, २०७५ लागु गरेको छ । यस ऐनले पीडितका थुप्रै अधिकारहरुलाई मान्यता दिएको छ, जस्तै: स्वच्छ व्यवहार पाउने अधिकार, भेदभाव विरुद्धको अधिकार, गोपनीयताको अधिकार, सूचनाको अधिकार, सुरक्षित हुन पाउने अधिकार, धारणा व्यक्त गर्ने अधिकार, कानून व्यवसायी राख्न पाउने अधिकार, सम्पत्ति फिर्ता पाउने अधिकार, क्षतिपूर्ति सम्बन्धमा जानकारी पाउने अधिकार, र क्षतिपूर्ति तथा सामाजिक पुनर्स्थापनाको अधिकार । यस ऐनको दफा ४ ले पीडितलाई फौजदारी न्यायिक प्रक्रियामा शिष्ट, मर्याादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ ।

अत: उपरोक्त परिप्रेक्ष्यमा UN Women को सहकार्यमा अनुवादीत यस **"लैङ्गिक उत्तरदायी सेवा सम्बन्धी प्रशिक्षण पुस्तिका"** ले लैङ्गिकतामा आधारित हिंसाका मुद्धाहरुमा अपराधको अनुसन्धान र कारवाहीलाई कसरी लैङ्गिक सम्वेदनशील तथा उत्तरदायी बनाउन सकिन्छ भन्ने कुरामा जोड दिएको छ । यस पुस्तिकाको प्रयोगले हाम्रो फौजदारी न्यायिक प्रक्रिया पीडित मैत्री तथा लैङ्गिक उत्तरदायी बनाउन मद्धत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

अधिवक्ता सविन श्रेष्ठ
कार्यकारी निर्देशक

७२, आर्दश मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं नेपाल
फोन नं ५३३३५२५, ५३३३५२४, इमेल: info@fwld.org
वेभसाइट : www.fwld.org

आभार

उहाँहरू बिना यी हातेपुस्तिकाको विकास सम्भव थिएन:

हिंसा भोगेका र आफ्नो अनुभवको बारेमा बोलेका धेरै महिलाहरूको साहस र विशेषगरी हिंसा भोगेका महिलाहरूका लागि उपयुक्त सेवा तथा सहयोगको प्रावधानका लागि वकालत गर्ने विश्वभरीका महिला संस्थाका अभियन्ताहरू ।

कानूनी सुधार, नीतिगत पहलहरू र रोकथाम एवं प्रतिकार्यका कार्यक्रमहरू लागू गरेर महिला तथा किशोरी विरुद्ध हुने हिंसा अन्त्यका लागि कारवाही गर्ने सरकारहरूका प्रयास ।

महिला तथा किशोरी विरुद्धका हिंसासँग सम्बन्धित आवश्यक सेवाहरूमा संयुक्त राष्ट्रसंघको संयुक्त कार्यक्रमका लागि प्रमुख दाताहरू मध्ये एक रहेको, अष्ट्रेलिया सरकार ।

महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्यका कार्यक्रम र क्रियाकलाप विकास गर्न संयुक्त राष्ट्रसंघीय प्रणालीको निरन्तर प्रतिबद्धता । यी हातेपुस्तिका विकासमा सहयोग गर्न संलग्न संयुक्त राष्ट्रसंघीय निकायहरूले हिंसाको अनुभव गरेका महिला तथा किशोरीहरूका लागि गुणस्तरीय, अत्यावश्यक सेवाहरूको प्रावधानमा सुधार जारी रहने सुनिश्चित गर्न आफ्नो समय र ज्ञान बाँडेका छन् । देहायका निकाय प्रतिनिधिहरूलाई उहाँहरूको प्रतिबद्धता र रायसुझावका लागि धन्यवाद दिइन्छ: क्यालिओप मिन्गेरु, क्यारोलिन मिनाघ, शार्लेट हेमिस्टाड लुड्ट, लिया बियासोन, बियाट्रिस डन्कन्, सदिक सियद, मेलिसा एल्भराडो, ए.एच. मोन्जुरुल कबीर, ब्रिजिट ह्यान्कक र अलेज्यान्द्रो सान्चेज (युएन वुमन), श्रुति मजुमदार (युएन ट्रस्ट फण्ड टु एन्ड भायलेन्स अगेन्स्ट वुमन); भ्यालेरी लेबक्स, क्लाउडिया बारोनी र स्वेन फिफर (युएनओडिसी); सोफीन बाचा (युएनडिपी); र क्यामरन सिग्ले (युएन डिपार्टमेन्ट अफ पिस अपरेशन - पुलिस डिभिजन) ।

प्राविधिक सहयोगको लागि सल्लाहकार समूहका निम्न सदस्यहरूलाई हार्दिक धन्यवाद दिइन्छ : अलेसेन्ड्रा अरेसु (ह्युमानिटी एण्ड इन्क्लुजन); शेरिल थोमस, मेलिसा स्काया, लौरा विल्सन र हेलेन रुबेन्स्टीन (ग्लोबल राइट्स् फर वुमन); जेनिफर लङ (एक्विटास); मराई लरासी (महिला विरुद्धको हिंसा अन्त्यका लागि गठबन्धन); मौरीन कर्टिस र किम्बरलिना कावर्न (सेफ होराइजन); इलिन स्किनाइडर र रुथ मोन्टगोमेरी (आपराधिक कानून सुधार र आपराधिक न्याय नीतिको लागि अन्तर्राष्ट्रिय केन्द्र, भ्यानकुभर, क्यानाडा); मारिया भिक्टोरिया 'माभिक' काब्रेरा बलेजा र एग्निएस्का फाल-दुत्रा सान्तोस (ग्लोबल नेटवर्क अफ वुमन पीस बिल्डर्स); रालुका पोपा र रिया अबाडा चियोड्सन् (इन्टरनेसनल डेभलपमेन्ट ल अर्गनाइजेसन); एलिसन ईटन (सेफगार्डिङ अगेन्स्ट अब्यूज लिमिटेड); क्यासान्ड्रा अल्टाग्रासिया मार्था, सारा लुइस नील र शमिमा बेगम (इन्टरनेसनल एसोसिएसन अफ वुमन पुलिस); र डेबोरा फ्रिडल (इन्टरनेशनल एसोसिएसन अफ वुमन पुलिसकी अध्यक्ष)।

यस हातेपुस्तिकाको लागि दिशानिर्देश र विकास दुबैको लागि ग्राहम गोल्डेन, गेरी क्याम्पबेल र नीलम सरकारियाको महत्वपूर्ण योगदानका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं, जसको समर्पण र पर्याप्त प्राविधिक सहयोग बिना यो हातेपुस्तिका सम्भव हुने थिएन ।

लेखकहरू : मिर्को फर्नान्डेज, प्रमुख परामर्शदाता र जेन टाउनस्ले, वरिष्ठ प्रहरी सल्लाहकार र इन्टरनेसनल एसोसिएसन अफ वुमन पुलिसका कार्यकारी निर्देशक ।

विषयसूची

आभार १

अध्याय १: परिचय ५

अध्याय २: व्यवस्थापक र टोली नेताका रुपमा प्रभाव पार्ने ११

अध्याय ३: रोकथाम ४३

अध्याय ४: प्रारम्भिक सम्पर्क ७१

अध्याय ५: अनुसन्धान ९३

अध्याय ६: सुरक्षा र संरक्षण १३५

अध्याय ७: सहयोग तथा सहायता १६१

अध्याय ८: न्यायिक निकायहरूबीच समन्वय १८७

अध्याय ९: सञ्चार २०५

अध्याय १०: महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यमा प्रभावकारी एवं जवाफदेही प्रहरीकार्यका लागि संस्थागत विकास २२३

अध्याय ११: लैङ्गिक-उत्तरदायी प्रहरीकार्य कार्यान्वयनका चुनौती र रणनीतिहरू २८१

अध्याय १२: न्यायको निरन्तरता ३०७

अध्याय १३: महिला तथा किशोरी विरुद्धका हिंसाको अनुसन्धानमा उदयीमान सवालहरू ३३७

अध्याय १४: जनस्वास्थ्यसम्बन्धी आपतकालीन अवस्था र गैर-द्वन्द्व मानवीय संकट ३७३

अध्याय १५: शब्दावली ४१५

परिचय

असमान शक्ति सम्बन्ध, संरचनागत असमानता र विभेदमा आधारित महिला तथा किशोरीहरू विरुद्ध हुने हिंसा (महिला हिंसा) लामो समयदेखि व्याप्त एवं विश्वव्यापी मानव अधिकारको सवाल हो। विश्वभरीका हरेक तीन जनामध्ये एक जना महिला (३५ प्रतिशत)ले शारीरिक वा यौन हिंसाको अनुभव गरेका हुन्छन्, जसमा पीडक प्रायःजसो उनीहरूकै अन्तरंग व्यक्ति/साथी नै हुने गर्छन्[१] र यो तथ्याङ्कले यौन प्रताडना (sexual harassment) लाई समेटेको छैन। महिला हिंसाका अन्य प्रकारमा लैङ्गिकतामा आधारित हत्या (अर्थात् भ्रुणहत्या), अन्तरंग व्यक्तिबाहेक अन्यबाट हुने यौन हिंसा, यौन दुर्व्यवहार एवं अन्य प्रकारका जबरजस्तीका श्रमका लागि हुने बेचबिखन, महिला यौनाङ्ग छेदन/अंगभङ्ग र बालविवाह, सानो उमेर तथा जबरजस्ती विवाह लगायतका अन्य हानीकारक प्रथा र 'इज्जतका लागि भनेर गरिने हत्या' समेत पर्छन्। शान्ति वा द्वन्द्वको समयमा होस् वा द्वन्द्वको परिणामस्वरुप, साथै परिवारभित्र, कार्यस्थलमा, विद्यालयमा, समुदायमा, अनलाइनमा र सार्वजनिक स्थानहरूमा - महिला तथा किशोरीहरूले प्रायः विभिन्न प्रकारका हिंसाको अनुभव निरन्तर गरिरहेका हुन्छन्।[२]

महिला हिंसाको अनुभव वा बढोत्तरीको जोखिम उच्च हुनुमा विभिन्न प्रकारका व्यक्तिगत, सामुदायिक तथा सामाजिक कुरा एवं परिस्थितिको सम्बन्ध रहेको प्रमाणहरूले देखाएका छन्। त्यसमा पुरुषत्व र स्त्रीत्व बारेका व्यक्तिगत एवं साझा विश्वास र मूल्यमान्यताका साथै, जीवनका विविध पक्षहरूमा पुरुषलाई बढी शक्ति प्रदान गर्ने निजी तथा सार्वजनिक स्थानमा लागू हुने असमान एवं कडा लैङ्गिक भूमिकाहरू पर्छन्। जोखिमका अन्य कारणमा घरेलु हिंसाको सामाजिक स्वीकार्यता, आर्थिक असुरक्षा, रक्सी तथा अन्य मादक पदार्थका हानीकारक प्रयोग, प्रभावितका लागि अत्यावश्यक एवं गुणस्तरीय सेवाको पहुँचमा अभाव, र पितृसत्तात्मक मूल्यमान्यतामा आधारित लैङ्गिक-विभेदकारी नीति तथा कानूनी ढाँचाहरू पर्छन्।[३] बाल्यकाल र किशोरावस्थामा हिंसा र हानीकारक लैङ्गिक मूल्यमान्यताको अनुभव गरेका व्यक्तिहरूले जीवनमा पछि हिंसा गर्ने वा हिंसाको अनुभव गर्ने सम्भवना बढाउँछ भन्ने पनि बलिया प्रमाणहरू छन्।

हिंसा पीडित/प्रभावितका लागि हिंसाको परिणाम निकै कष्टदायी हुने गरेतापनि, यसले महिला तथा किशोरीका लागि मात्र समस्या ल्याउँदैन ; लैङ्गिक असमानता र महिला हिंसाले परिवार, समुदाय र समाजका लागि पनि धेरैवटा नकारात्मक परिणाम ल्याउने गर्छन्। उदाहरणका लागि, सन् २०१६मा महिला विरुद्धका हिंसाको विश्वव्यापी रुपमा १५ खर्ब अमेरिकी डलर बराबरको क्षति भएको अनुमान गरिएको थियो।[४] जातिय विभेद, नश्लवाद, आर्थिक अन्याय, जलवायु अन्याय र दमनका अन्य प्रणालीहरूसँग पनि लैङ्गिक असमानता अन्तरसम्बन्धित छ। त्यसकारण, महिला हिंसाको अन्त्य - दिगो विकासका लगि एजेण्डा २०३०को एक लक्ष्यका रुपमा - आफैंमा एक उद्धेश्य र लैङ्गिक समानता प्राप्तीको पक्ष मात्र नभई, गरिबी निवारण, स्वास्थ्य सेवा र शिक्षामा पहुँच, मर्यादित काम र एक न्यायिक एवं शान्तिपूर्ण समाजको निर्माण जस्ता अन्य दिगो विकास लक्ष्यहरू प्राप्तीका लागि पनि उत्तिकै महत्वपूर्ण छन्।[५]

महिला हिंसा र कोभिड-१९ को महामारी

कोरोना भाइरस (कोभिड-१९)को महामारीले, महिला हिंसासँग सम्बन्धित धेरैवटा जोखिमका कारकहरूमा पनि उल्लेख्य बृद्धि ल्याएको छ।[६] हालै प्राप्त भइरहेका तथ्याङ्का अनुसार कोभिड-१९ को महामारी शुरु भएदेखि, महिला हिंसा र विशेषगरी 'छायाँ महामारी'काठ रुपमा व्याख्या गरिएको घरेलु हिंसामा बृद्धि भएको छ। महिला तथा किशोरीहरूले सामान्यतया पाउने गरेका सहयोगका माध्यम गुमाउनुका साथै, आफूमाथिको हिंसाबारे उजुरी गर्न असमर्थ भएर घरभित्रै आफ्ना पीडकहरूसँग बस्न बाध्य भएका छन्। अप्रिल २०२० मा विज्ञहरूले गरेका प्रक्षेपण अनुसार, संसारभरी बन्दाबन्दीलाई निरन्तरता दिइँदा, हरेक तीन महिनामा थप १ करोड ५० लाख महिला तथा किशोरीहरू हिंसामा पर्ने बताइएको

१ विश्व स्वास्थ्य सङ्गठन (२०१३), महिला विरुद्ध हिंसाका विश्वव्यापी र क्षेत्रीय अनुमानहरू, https://www.who.int/publications/i/item/9789241564625.

२ युएन वुमन (२०२०), कोभिड-१९ र महिला तथा किशोरीहरूविरुद्धको हिंसाको अन्त्य, https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2020/issue-brief-covid-19-and-ending-violence-against-women-and-girls-en.pdf?la=en&vs=5006.

३ युएन वुमन (२०२०), निवारण : महिला तथा किशोरीहरूविरुद्ध हिंसा र कोभिड-१९, https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2020/brief-prevention-violence-against-women-and-girls-and-covid-19-en.pdf?la=en&vs=3049.

४ युएन वुमन (२०१६), 'महिला विरुद्ध हिंसाको आर्थिक मुल्य' विषयक उच्चस्तरीय छलफलमा संरासंघकी सहायक महासचिव र युएन वुमनकी उपकार्यकारी निर्देशक लक्ष्मी पुरीको 'महिला विरुद्ध हिंसाको आर्थिक मुल्य' मा मन्तव्य, https://www.unwomen.org/en/news/stories/2016/9/speech-by-lakshmi-puri-on-economic-costs-of-violence-against-women.

५ महिला तथा किशोरीहरूविरुद्धका सबै प्रकारका हिंसाको उन्मूलन गर्ने प्रयासहरूलाई तिव्रता दिनेसम्बन्धमा महासचिवको प्रतिवेदन (२०२०), https://undocs.org/en/A/75/274

६ महिला तथा किशोरीहरूविरुद्धका सबै प्रकारका हिंसाको उन्मूलन गर्ने प्रयासहरूलाई तिव्रता दिनेसम्बन्धमा महासचिवको प्रतिवेदन (२०२०), https://undocs.org/en/A/75/274.

७ हेर्नुहोस्, उदाहरणका लागि, महिला विरुद्ध हिंसा उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवसमा महासचिव एन्टोनियो गुटेरेजको मन्तव्य (२०२०), https://www.un.org/sg/en/content/sg/speeches/2020-11-25/remarks-international-day-for-elimination-of-violence-against-women.

थियो ।[८] केही देशहरूमा हेल्पलाइनमा प्राप्त हुने फोनकलको संख्या पाँच गुणाले बढेको थियो ।[९]

महामारीभन्दा अगाडि पनि, धेरैजसो महिला तथा किशोरीहरले आफ्नो सुरक्षा, संरक्षण र पुनर्लाभका लागि आवश्यक पर्ने आकस्मिक हेल्पलाइन, प्रहरी तथा न्याय क्षेत्रको सामयिक प्रतिकार्य, स्वास्थ्य सेवा, सुरक्षित आवास, आश्रय र मनोसामाजिक परामर्श जस्ता सबैभन्दा आधारभूत निशुल्क अत्यावश्यक सेवाहरूमा पहुँच पाएका थिएनन् । यी सेवाहरू भएका स्थानहरूमा पनि, सामान्यतया तिनमा आर्थिक स्रोतको कमी, कर्मचारीको अभाव हुनुका साथै असमन्वय वा पर्याप्त गुणस्तरको कमी भएको पाइन्छ । हिंसाको अनुभव गरेकाम ध्ये केवल ४० प्रतिशत महिलाले मात्र कुनै प्रकारको सहयोग खोज्ने गरेको, र प्रहरीसँग त झनै १० जनामा १ महिलाले मात्र सहयोग माग्ने गरेको प्रमाणले देखाउँछ ।[१०] धेरै महिलाले लाज, प्रतिहिंसाको डर वा उपलब्ध सहयोगमा कसरी पहुँच गर्ने भन्ने ज्ञानको अभावका कारण आफ्नो अनुभवबारे कुनैपनि औपचारिक संयन्त्रमा उजुरी गर्दैनन् । आप्रवासी महिला, अपाङ्गता भएका महिला वा ग्रामीण र दुर्गम क्षेत्रमा बसोबास गर्ने महिला जस्ता बहु तथा अन्तरसम्बन्धित विभेदबाट गुज्रिरहेका महिला तथा किशोरीहरूले हिंसाको अनुभव गर्ने जोखिम बढी हुनुका साथै उनीहरूलाई आवश्यक पर्ने सहयोग प्राप्त गर्ने सम्भावना पनि कम हुनेगर्छ ।

कोभिड-१९का केस र त्यससँग सम्बन्धित परिणामहरूका कारण स्वास्थ्य, प्रहरी तथा न्याय सेवा प्रदायकहरू अत्याधिक कार्यभारमा परेका हुनाले, बलात्कारको चिकित्सीय व्यवस्थापन, हिंसा प्रभावितको मानसिक स्वास्थ्य मूल्याङ्कन तथा स्याहारका साथै न्यायमा पहुँचमा अवरोध आएको छ । यस महामारीले अग्रपंक्तिमा काम गर्ने लाखौं महिला स्वास्थ्यकर्मी र सामाजिक क्षेत्रका कार्यकर्तामा कोभिड-१९ संक्रमणको जोखिम बढाएको छ, अनौपचारिक क्षेत्रमा काम गर्ने कारण सामाजिक सुरक्षा वा अन्य विकल्प न्यून भएका वा हुँदै नभएका लगायतका महिलाहरूको आर्थिक असुरक्षा बढेको छ, साथै लाखौं बालिकाहरूको विद्यालय जानेमा रोकावट आउँदा सानै उमेरमा विवाहको जोखिम बढेको छ । यस महामारीले थप ४ करोड ७० लाख महिला तथा किशोरीहरूलाई गरिबीको रेखामुनि धकेल्ने आँकलन गरिएको छ ।[११] यो सबले गर्दा भएका प्रगति कायम राख्न र दण्डहिनताको सम्बोधन साथै पीडित/प्रभावितका आवश्यकता सम्बोधनप्रति तत्काल चाल्नुपर्ने कदम अझै बढाउनुपर्ने हुन्छ । रोकथामका प्रयासहरूमा पनि थप लगानी गर्नुपर्ने आवश्यकता यसले दर्शाउँछ । महिला हिंसा रोक्न सकिन्छ भन्ने प्रमाण बढीभन्दा बढी प्राप्त भइरहेका छन् ।[१२]

अत्यावश्यक सेवासम्बन्धी संयुक्त राष्ट्रसंघको विश्वव्यापी संयुक्त कार्यक्रम

विभिन्न प्रकारका हिंसाहरूको अन्त्य गर्नका लागि विभिन्न सरोकारवालामाझ प्रभावकारी समन्वय भएको एक बहु-विधात्मक पद्धतिको आवश्यकता पर्छ । त्यसभित्र हिंसाका मूल कारणहरूको सम्बोधन गर्ने विस्तृत बहु-क्षेत्रगत एवं परस्पर सहयोगी रोकथामका रणनीतिहरू पनि समावेश भएको हुनुपर्छ । गुणस्तरीय स्वास्थ्य सेवा, न्याय तथा प्रहरी र मनोसामाजिक सेवाहरूमा पहुँच उपलब्ध गराउँदा, त्यसले महिला तथा किशोरीहरूलाई हिंसाको दुष्चक्र तोड्न सक्षम बनाउनुका साथै तिनका परिणामहरू समाधानमा पनि मद्दत मिल्छ । युएन वुमन, युएनओडिसी, युएनएफपीए, डब्लूएचओ र युएनडिपीको साझेदारीमा सञ्चालित, हिंसामा परेका महिला तथा किशोरीहरूका लागि अत्यावश्यक सेवासम्बन्धी संयुक्त राष्ट्रसंघको विश्वव्यापी संयुक्त कार्यक्रमले यिनै महत्वपूर्ण कमीकमजोरी तथा चुनौती हरूको सम्बोधन गर्ने लक्ष्य लिएको छ । यसले स्वास्थ्य, प्रहरी, न्याय र सामाजिक सेवामा केन्द्रित रहेर, बहु-क्षेत्रगत सेवा तथा प्रतिकार्यमा विश्वव्यापी मूल्यमान्यताको कार्यान्वयन गर्ने तरिका उपलब्ध गराउनुका साथै, यी क्षेत्रहरूमाझ समन्वयका संयन्त्रहरू बारे पनि मार्गदर्शन उपलब्ध गराउँछ ।

अत्यावश्यक सेवाहरू र विभिन्न परिवेश एवं अवस्थामा ती सेवाहरू उपलब्ध गराउनका लागि गुणस्तरीय मापदण्ड र औजार हरूबारे सहमति जुटाउनेमा यस संयुक्त कार्यक्रमको पहिलो चरण (सन् २०१३-२०१७) केन्द्रित थियो । हिंसामा परेका महिला तथा किशोरीहरूका लागि अत्यावश्यक सेवा संग्रह (प्याकेज) : मुख्य

८ युएनएफपीए (२०२०), परिवार नियोजन र लैङ्गिक हिंसा, महिला जनेन्द्रिय छेदन र बालविवाहको अन्त्यमाथि कोभिड-१९ को प्रभाव (२०२०), https://www.unfpa.org/sites/default/files/resource-pdf/COVID-19_impact_brief_for_UNFPA_24_April_2020_1.pdf

९ युएन वुमन (२०२०), तथ्य र आंकडा : महिला विरुद्ध हिंसाको अन्त्य, https://www.unwomen.org/en/what-we-do/ending-violence-against-women/facts-and-figures#notes.

१० हेर्नुहोस् : https://unstats.un.org/unsd/gender/downloads/WorldsWomen2015_report.pdf

११ युएन वुमन (२०२०), अन्तर्दृष्टिबाट कार्यवाही : कोभिड-१९ को अवस्थामा लैङ्गिक समानता (From Insight to Action: Gender Equality in the Wake of COVID-19,): https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2020/gender-equality-in-the-wake-of-covid-19-en.pdf?la=en&vs=5142.

१२ थप जानकारीका लागि हेर्नुहोस्, RESPECT Women: Preventing violence against women (2019) and accompanying Implementation package (2020), https://www.unwomen.org/en/digital-library/publications/2020/07/respect-women-implementation-package. मा दुवै उपलब्ध । थप हेर्नुहोस्, युएन वुमन (२०२०), निवारण : महिला तथा किशोरीहरूविरुद्ध हिंसा र कोभिड-१९, https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2020/brief-prevention-violence-against-women-and-girls-and-covid-19-en.pdf?la=en&vs=3049.

तत्वहरू र गुणस्तरसम्बन्धी निर्देशिकालाई सन् २०१५को अन्त्यमा लोकार्पण गरिएको थियो । ती निर्देशिका बनाउनका लागि सरकार, नागरिक समाज, प्रभावितहरू, प्राज्ञहरूका साथै प्रत्येक सम्बन्धित क्षेत्रका अभ्यासकर्ताहरूमध्येका मुख्य विज्ञहरूसँग श्रृंखलाबद्ध विश्वव्यापी तथा क्षेत्रीय परामर्शमहरू गरिएका थिए । सन् २०२१को प्रारम्भमा, बहु-क्षेत्रगत सेवा तथा प्रतिकार्यहरूमा विश्वव्यापी मान्यता र मापदण्डहरू कार्यान्वयनमा सहयोग पुऱ्याउँदै, अत्यावश्यक सेवाका प्याकेजहरूलाई विश्वभरीका ५० भन्दा बढी देशले प्रयोग गरिरहेका छन् ।

सन् २०१९ को प्रारम्भमा, न्याय क्षेत्रमा संयुक्त कार्यक्रमको कार्यान्वयनको पहिलो वर्षमा नमूना देशहरूले पहिचान गरेका चुनौतिहरूलाई सम्बोधन गर्ने प्रयासको रूपमा युएन वुमनले हिंसा सामना गरेका महिला र किशोरीहरूका लागि प्रहरी सेवालाई सुदृढीकरणमा विशेष जोडका साथ लैङ्गिक रुपमा उत्तरदायी प्रहरी सेवाका लागि मार्गदर्शन विकास गर्ने प्रयास गऱ्यो ।

अत्यावश्यक सेवा प्याकेज (इएसपी)लाई कार्यान्वयनमा ल्याउने प्रयासहरूका बावजुद धेरै देशहरूमा महिला तथा किशोरी विरुद्ध हिंसाका मुद्दाहरूका सम्बन्धमा अझै पनि प्रभावकारी नियम र स्पष्ट प्रक्रियाहरूको अभाव छ । त्यसमा केही देशमा कानून कार्यान्वयन गर्ने निकायका लागि महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूको अनुसन्धानसम्बन्धी विस्तृत प्रशिक्षणको पनि अभाव छ । इएसपीको *न्याय र प्रहरी सेवासम्बन्धी मोड्युल ३* लाई प्रयोगकर्ताहरूले व्यवहारमा उतार्न सबैभन्दा कठिन भागका रूपमा उल्लेख गरेका थिए ।

१८ देखि १९ जुन २०१९ मा युएन वुमनले प्रमुख साझेदार र सरोकारवालाहरू (नागरिक समाज, महिला र पीडित/प्रभावितका संस्थाहरू, द्विपक्षीय प्रहरी बल, फौजदारी न्यायसम्बन्धी संस्थाहरू, र राष्ट्रसंघीय निकायहरू)लाई हातेपुस्तिकाको विकासका लागि तयार गरिएको मसौदामा आफ्नो सल्लाहसुझाव प्रदान गर्न अवसरका लागि न्यूयोर्कस्थित युएन वुमनको मुख्यालयमा एउटा **विशेषज्ञ समूह बैठक**को आयोजना गऱ्यो । त्यसमा महिला तथा किशोरी विरुद्ध हिंसाका अपराधहरूको अनुसन्धानमा प्रहरीका लागि उदीयमान मुद्दाहरू, संस्थागत पूर्वाग्रह र लैङ्गिक रुढिवादलाई सम्बोधन गर्ने र उच्चतहको संस्थागत समर्थन प्राप्त गर्ने, साथै प्रहरी र न्याय क्षेत्र मात्र नभई बृहत स्वास्थ्य तथा सामाजिक सेवाका साझेदारहरूका लागि सम्भाव्य सन्दर्भ सामग्रीका रूपमा हातेपुस्तिकाको प्रयोगको मुल्याङ्कन गर्ने, र ती तीन वटै क्षेत्रहरूको समन्वय समावेश थियो ।

हातेपुस्तिकाको विधि

हातेपुस्तिकाको उद्देश्य दुई वटा रहेका छन् :

- संस्थागत रूपान्तरण निम्त्याउने चिन्तन र सिकाइको संस्कृतिलाई बढावा दिने सिकाइ आदानप्रदान गरी महिला तथा किशोरीहरू विरुद्ध हुने हिंसा विरुद्ध प्रभावकारी र लैङ्गिक रुपमा संवेदनशील प्रतिकार्य सम्भव बनाउन प्रहरी (प्राथमिक वर्ग) लाई व्यावहारिक मार्गदर्शन प्रदान गर्ने ;

- नागरिक समाजमा विद्यमान बाह्य पक्ष, महिला र पीडित/प्रभावितका संस्था र प्राज्ञिक क्षेत्रको सहयोगमा अनुसन्धानका साधन, रणनीति, नीति र अवधारणाहरूको समीक्षा, मुल्याङ्कन र अनुगमनमार्फत महिला र किशोरीहरू विरुद्धको हिंसाको प्रतिकार्यमा जवाफदेहिताका साथ प्रभावकारीतालाई सन्तुलनमा राख्न प्रयास गर्ने प्रहरी सेवालाई प्रवर्द्धन गर्ने ।

परिवर्तनको सिद्धान्त

हातेपुस्तिकाले **लैङ्गिक-उत्तरदायी, आघात-सूचित र पीडक-केन्द्रित** रहेको रोकथाममुखी प्रहरी सेवातर्फ व्यवहार परिवर्तनलाई प्रेरित गर्ने प्रयास गर्दछ ।

यस वाञ्छित व्यवहार परिवर्तन साकार पार्नका लागि, हातेपुस्तिकाले तीनवटा नतिजा हासिल गर्नेतर्फ रुपान्तरणजन्य मार्गदर्शन प्रदान गर्न प्रयास गर्दछ :

- प्रहरी संगठनको आधुनिकीकरण लैङ्गिक रुपमा उत्तरदायी र व्यापक रूपमा परामर्शसहित गरिएको हुने ।

- प्रहरीले न्यायको समग्र पक्षमा महिला तथा किशोरी विरुद्ध हिंसासम्बन्धी आफ्नो प्रतिकार्यलाई समन्वय गर्दा पीडित/प्रभावितहरूको कल्याण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दैछन् ।

- महिला र किशोरीहरू विरुद्ध हिंसाका घटनाको अनुसन्धानलाई पीडक-केन्द्रित र आघात-सूचित बनाउन मानक स्थापित गरिएको र आन्तरिक निगरानीका साथ गरिएको छ ।

यी नतिजाहरू प्राप्त गर्न मद्दत गर्न हातेपुस्तिकामा तीन वटा प्रहरी रणनीतिहरू प्रस्ताव गरिएको छ । यी रणनीतिहरू प्रहरीका मध्यम तहका प्रबन्धकहरूलाई परिवर्तन निम्त्याउने बलियो माध्यम बनाउनेतर्फ लक्षित छन्, जसमा निम्नानुसार समावेश छन् :

- महिला तथा किशोरी विरुद्ध हुने हिंसाप्रति सुसूचित प्रतिकार्यका लागि नागरिक समाज संस्थाहरू, प्राज्ञिक क्षेत्र, प्रभावित समूहहरू र अन्तर्राष्ट्रिय सहयोगी निकायहरू जस्ता बाह्य सरोकारवालाहरूसँग सक्रिय रूपमा सहकार्य गर्ने ;

- अनुसन्धान क्षमता र सीपहरूलाई पीडित/प्रभावित केन्द्रित, र अधिकारमा आधारित बनाउन त्यसको मानकीकरण गर्ने र पारदर्शी रुपमा आन्तरिक नियन्त्रण गर्ने,

- प्रतिकार्यहरूलाई अधिकारमा आधारित, लैङ्गिक रुपमा उत्तरदायी, र आघात-सूचित बनाउन महिला तथा किशोरी विरुद्ध हुने हिंसा रोकथाम र अनुसन्धानमा तालिम र प्रशिक्षण दिने ।

मुख्य रूपमा प्रहरीका मध्यम तहका व्यवस्थापकहरूलाई[१३] लक्षित गर्ने यो हातेपुस्तिकाले व्यवहार परिवर्तन विज्ञानका नमूनाहरूबाट के प्रभावकारी हुन्छ भन्ने पछिल्ला अध्ययनहरूमा आधारित हुँदै कनिष्ठहरूलाई परिवर्तन हुन प्रेरित गर्ने आदर्श व्यक्तिहरूको समूहमा पुग्ने लक्ष्य राख्दछ । यो हातेपुस्तकलाई उच्च व्यवस्थापन र अग्रपंक्तिमा खटिने व्यक्तिहरूको प्रशिक्षणमा र प्रचलित प्रशिक्षण पाठ्यक्रममा पूरक सामग्रीका रुपमा प्रहरी एकेडेमीहरूमा प्रयोग गर्न सकिन्छ भन्ने उद्देश्य राखिएको छ । यसको दोस्रो प्राथमिकताका लक्षित वर्गमा नागरिक समाज र महिला संगठनहरू र राष्ट्रिय अनुगमन संयन्त्र जस्तै : राष्ट्रिय मानवअधिकार संस्थाहरूका साथै संयुक्त राष्ट्र संघका निकायहरू समावेश छन् ।

इएसपीमा उल्लेख गरिए जस्तै उच्च गुणस्तरको प्रहरी र न्याय प्रतिकार्य सबै महिला र किशोरीहरूका लागि, र विशेषगरी सबैभन्दा सीमान्तकृत र हिंसाको बढी जोखिममा रहेकाहरूका लागि उपलब्ध र पहुँचयोग्य हुनुपर्छ । यी सेवाका प्रदायकहरूले उनीहरू र उनीहरूले सञ्चालित हुने प्रणाली महिला वा किशोरीको उजुरीलाई गम्भीरताका साथ लिइएको र प्रायः जटिल न्याय प्रणालीलाई पार गर्ने प्रयास गर्दा उनलाई समर्थन गरिएको सुनिश्चित गर्न प्रतिबद्ध छन् भनी प्रदर्शन गर्नुपर्छ ।

यस हातेपुस्तिकाका निम्नलिखित अध्यायहरूले प्रहरी व्यवस्थापकहरूलाई गुणस्तरीय अनुसन्धान प्रतिकार्य प्रदान गर्नका लागि सहकर्मीहरू मार्फत सहकर्मीलाई मार्गदर्शन प्रदान गर्ने लक्ष्य लिएका छन् । त्यसका लागि, हातेपुस्तिकाले निम्नलिखित क्षेत्रहरूमा प्रहरी अधिकृतहरूका लागि कार्यसञ्चालन मार्गदर्शन प्रस्तुत गरेर न्याय र प्रहरी सेवासम्बन्धी यसको मोड्युल ३ मा प्रस्तावित इएसपपीको रूपरेखाको अनुकरण गर्नेछ : रोकथाम रणनीति; प्रहरीसंग प्रारम्भिक सम्पर्क; लैङ्गिक रुपमा उत्तरदायी अनुसन्धान; सुरक्षा र संरक्षणका विचारणीय पक्षहरू; आवश्यक समर्थन र सहयोग ; सञ्चार रणनीति र समन्वयमा आधारित समाधानहरू । कोभिड-१९ महामारीको सन्दर्भमा, हातेपुस्तिकामा महामारीलगायत संकटका बेला महिला र किशोरीहरू विरुद्ध हुने हिंसालाई सम्बोधन गर्ने सम्बन्धमा मार्गदर्शन पनि समावेश छ ।

हातेपुस्तिकाको प्रत्येक अध्यायमा उपखण्डहरू समावेश हुनेछन् जसले कार्यगत परिभाषा र रुपरेखाहरूका सम्बन्धमा स्पष्टता प्रदान गर्नेछ र प्रभावकारी तथा सक्षम प्रहरी सेवाको लागि आवश्यक प्रहरी व्यवस्थापकजन्य दक्षताहरू प्रस्ताव गर्नुका साथै प्रमुख कार्यसम्पादन सूचकहरू र क्षमताका कमीकमजोरीहरूको पहिचान गर्नका लागि सिफारिसहरू प्रदान गर्दछ । कार्यान्वयन र मुल्याङ्कन दुवैका लागि ठोस मार्गदर्शनमा केन्द्रित रहेको दृष्टि कोणले यो हातेपुस्तिका अद्वितीय छ ।

नेतृत्व तहमा रहेका प्रहरीका लागि सबै अध्यायहरूमा सहकर्मीमार्फत सहकर्मी कार्यसञ्चालन मार्गदर्शन पनि उपलब्ध छ । यो मार्गदर्शन महिला तथा किशोरी विरुद्ध हिंसाको घटनाको सामना गर्दा प्रतिकार्यमा संलग्न हुँदा कुनै प्रहरी अधिकृतले आफ्नो नेतृत्व वा सुपरिवेक्षणको तहमा के कुरालाई नियन्त्रण गर्नसक्छ र गर्नुपर्छ भन्ने बारेमा केन्द्रित हुनेछ ।

महिला तथा किशोरी विरुद्ध हिंसाका अपराधप्रति जवाफदेहिता र पीडित/प्रभावितहरूको सुरक्षा र संरक्षण सुनिश्चित गर्न प्रहरी नवप्रवर्तन, असल अभ्यास र समर्पण चित्रण गर्न मद्दत गर्न घटना अध्ययनहरूको पनि उपयोग गरिनेछ । वर्तमान प्रवृत्ति, अनुसन्धान र अभ्यासबारे पाठकलाई सूचित गराउन प्रत्येक अध्यायको अन्त्यमा सन्दर्भ सामग्रीहरू समावेश गरिएका छन् ।

इएसपपी ढाँचा अनुसार, हातेपुस्तिकाले महिला तथा किशोरीहरूले सामना गर्ने हिंसाका प्रकृतिको व्यापकता र जटिलताका साथै यसको प्रभावकारी रोकथाम, अनुसन्धान र अभियोजनका लागि समग्रतामा सरकारको गतिशील प्रतिकार्यको आवश्यकतालाई स्वीकार गर्दछ ।

हातेपुस्तिकाले प्रमाण सङ्कलनका आवश्यकताहरूलाई प्रभावित गर्ने विविध राष्ट्रिय कानुनी व्यवस्था र प्रहरीको आचरणका साथै हिंसा र अपराधप्रति महिलाहरूको जोखिमको स्थितिलाई प्रभाव पार्ने एउटै क्षेत्राधिकार भित्र पनि सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भहरूको विविधताका सम्बन्धमा आवश्यकताहरू निर्धारण गर्दछ ।

---

१३ यसको लक्षित समूह प्रहरीका मध्यमतहका व्यवस्थापकहरू हुन् र हातेपुस्तिकाको अध्याय २ देखि ९ को विकास प्रहरी चौकी वा इकाइ कमाण्डरहरूलाई ध्यानमा राखेर गरिएको छ ।

यस जटिलता र विविधतालाई समेट्ने माध्यमको रूपमा, निम्नलिखित अध्यायहरू महिला तथा किशोरी विरुद्ध हिंसासम्बन्धी घटनाको [१४] सबै प्रहरी अनुसन्धान प्रविधिहरूमा लागू हुने न्यूनतम मापदण्डहरूलाई नियमन गर्ने अन्तर्राष्ट्रिय मापदण्ड र मान्यताहरूलाई सुदृढ पार्नेतर्फ लक्षित छन् । विशेषकृत र अझ बढी विस्तृत प्रहरी मार्गनिर्देशनका लागि हातेपुस्तिकाले पाठकलाई पीडित/प्रभावित सुरक्षा प्रोटोकलसहितका राष्ट्रिय अनुसन्धान प्रक्रियाका साथै अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त प्रोटोकल र असल अभ्यासहरूबारे पनि अवगत गराउँछ ।

यस हातेपुस्तिकामा प्रदान गरिएका मार्गदर्शनहरूलाई न्याय निरन्तरताका लागि जिम्मेवार सबै सरकारी निकायहरूका लागि राष्ट्रिय निर्देशिका, कार्यविधि (प्रोटोकल) र नियमपुस्तिका (म्यानुअल)हरूको पूर्ण समर्थनमा पूरक रूपमा हेरिनुपर्छ र लागू गर्नुपर्छ ।

---

१४ यस हातेपुस्तिकाभरी बालबालिकासम्बन्धी लैङ्गिक-संवेदनशील प्रहरी सेवा केही पक्षहरूलाई सम्बोधन गरिएको भए तापनि बालबालिकामा लागू हुने अन्तर्राष्ट्रिय कानुनी ढाँचा सामान्यतया महिला र वयस्कहरूका लागि लागु हुने भन्दा फरक छ भन्ने कुरामा ध्यान दिनु महत्वपूर्ण हुन्छ । त्यसैकारण, बालबालिका र लैङ्गिक-संवेदनशील दृष्टिकोण र त्यसपछि भिन्न व्यवहार बालबालिकामा मात्र निर्देशित हुनुपर्छ, जसलाई बालअधिकारसम्बन्धी महासन्धिले १८ वर्ष मुनिका प्रत्येक व्यक्तिको रूपमा परिभाषित गरेको छ । बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने दिगो विकास लक्ष्य (एसडीजी), लक्ष्य १६.२ अनुसार केटा र केटीहरूले अन्तर्राष्ट्रिय कानुनले प्रदान गर्ने विशेष संरक्षणबा समान रुपमा लाभान्वित हुनुपर्छ । यस क्षेत्रका पेशाकर्मीहरूका लागि अतिरिक्त सन्दर्भको रूपमा काम गर्न सक्ने बाल अधिकारसम्बन्धी थप सन्दर्भ सामग्रीका लागि हेर्नुहोस् : *(United Nations Model Strategies and Practical Measures on the Elimination of Violence against Children in the Context of Crime Prevention and Criminal Justice, 2015, UNODC-UNICEF Training Programme on the Treatment of Child Victims and Child Witnesses of Crime for Law Enforcement Officials).*

व्यवस्थापक र टोली नेताका रूपमा प्रभाव पार्ने

"सबै देश, संस्कृति र समुदायमा लागू हुने एउटा सर्वव्यापी सत्य छ : महिला विरुद्धको हिंसा कदापि स्वीकार्य हुँदैन, कदापि क्षम्य हुँदैन, कदापि सह्य हुँदैन ।"

- वान की मुन, संरासङ्घ महासचिव (सन् २००८)

अध्यायको लक्ष्यहरू:

महिला हिंसा पीडित/प्रभावितले अत्यावश्यक एवं संयोजित सेवामा गुणस्तरीय पहुँच पाउने सुनिश्चित गर्न अत्यावश्यक सेवा प्याकेजको ढाँचा सञ्चालन गर्न प्रहरीको रणनीतिक दृष्टिकोणको सबलीकरण गर्ने ।

मुख्य सन्देश र सिकाईका बुँदाहरू

- महिला हिंसाको प्रभावकारी प्रतिकार्यको मूल तत्वबारे बुझ्ने,
- महिला हिंसाको अनुसन्धान गर्दा पीडित/प्रभावितको अर्थपूर्ण सहभागितामा अत्यावश्यक सेवा प्याकेज ढाँचाको सिद्धान्त र साझा गुणहरूलाई केन्द्रमा राख्ने,
- लैङ्गिक-संवेदनशील प्रहरीकार्यको अर्थ अनुसन्धानमा पीडित/प्रभावितको चरित्र, व्यवहार वा विश्वसनीयतामा केन्द्रित नभई, आरोपित पीडकले गरेका कार्यमा केन्द्रित रहनु हो,
- महिला हिंसा कार्यमा विशेषगरी प्रहरीको लैङ्गिक पूर्वाग्रह रहन सक्नेहुँदा, प्रभावकारी रुपमा प्रतिकार्य गर्न चाहिने सामूहिक प्रयासलाई त्यसले अवमूल्यन गर्नसक्छ,
- महिला हिंसाका क्रियाकलापहरू सहनीय नहुने र गम्भीरताका साथ लिइने कुरालाई नेतृत्वबाट एकरुपताका साथ सन्देश दिएर प्रहरीका अग्रपंक्तिमा खटिनेहरू र सामुदायिक समन्वयलाई सहयोग गर्नु आवश्यक हुन्छ,
- लैङ्गिक-संवेदनशील तथा अन्तरसम्बन्धको विश्लेषणसहितको कार्यगत योजनाले विगतका विभेदकारी अभ्यासहरूका विरुद्ध लड्न मद्दत पुग्छ,
- महिला हिंसा प्रतिकार्यका लागि लैङ्गिक रुपमा खण्डिकृत तथ्याङ्क र सूचकाङ्क महत्वपूर्ण हुन्छन्,
- पीडित-केन्द्रित पद्धतिप्रतिको प्रतिबद्धताले महिला हिंसा पीडित/प्रभावितको बढी विश्वास र सहकार्य सम्भव बनाउँछ ।

परिचय

महिला हिंसासम्बन्धी मुद्दामा प्रतिकार्य गर्ने प्रहरी अधिकृतहरूमाथि कार्यगत कमाण्डको जिम्मेवारी भएका प्रहरीको मध्यम तहका व्यवस्थापकहरूलाई लक्षित हातेपुस्तिकामा उल्लेखित मार्गनिर्देशका लागि पृष्ठभूमि प्रदान गर्ने उद्धेश्य यस पाठले लिएको छ। पृष्ठभूमि प्रदान गर्ने लक्ष्यको एक पाटोका रुपमा, संयुक्त राष्ट्रसंघको हिंसामा परेका महिला तथा किशोरीहरूका लागि अत्यावश्यक सेवा संग्रह (अत्यावश्यक सेवा प्याकेज) : मुख्य तत्वहरू र गुणस्तरसम्बन्धी निर्देशिकाले उपलब्ध गराएको ढाँचा कार्यान्वयन वा सञ्चालनमा मद्दत गर्न मध्यम तहका व्यवस्थापकहरूको रणनीतिलाई सबलीकरण गर्ने लक्ष्य यस पाठले लिएको छ। अत्यावश्यक सेवा प्याकेजको ढाँचाले सबै पीडित/प्रभावितका लागि प्रहरी, न्याय र सहयोगी सेवाहरूको अत्यावश्यक र समन्वयात्मक पहुँच बढाउने लक्ष्य लिएको छ।

फोटो सौजन्य : महिला, कानुन र विकास मञ्च/ यूएन वुमन

यो मार्गनिर्देशको प्रकृति रुपान्तरणकारी हुने, अर्थात् असमान लैङ्गिक सम्बन्धलाई दैनिक प्रहरीकार्यमा साझा शक्ति, स्रोतको नियन्त्रण, निर्णय र महिला सशक्तीकरणका संस्कारमा परिणत गर्ने प्रक्रियाहरूको पहलकर्ता बन्न मध्यम तहका व्यवस्थापकहरूलाई उत्प्रेरित गर्ने प्रयास यसले गर्छ।

उक्त कुरा प्राप्तीका लागि, यस पाठले धेरैवटा मुख्य शब्दावलीहरूको परिभाषा दिने र लागू गरिँदा ती शब्दावलीले लैङ्गिक संवेदनशील प्रहरीकार्य एवं एक आधुनिक प्रहरी संस्था निर्माणतर्फको समग्र प्रयासमा कसरी योगदान वा कमी ल्याउन सक्छ भन्ने चर्चा गर्नेछ। मध्यम तहका व्यवस्थापकहरूका लागि पृष्ठभूमि प्रदान गर्न ती शब्दावली यस हातेपुस्तिकाभरी प्रयोग गरिएका छन्।

मार्गनिर्देशका मूलभूत पक्षका रुपमा रहेका अत्यावश्यक सेवा प्याकेजको ढाँचाको सिद्धान्त र साझा गुणहरूको परिचय पनि यस पाठले दिनेछ। यस हातेपुस्तिकाभरी प्रवर्द्धन् गरिने प्रमुख दक्षता र शुक्ष्म सीपहरू तिनै सिद्धान्त र साझा गुणहरूमा आधारित छन्, किनकि ती लैङ्गिक-संवेदनशील र अधिकारमा आधारित छन्। प्रस्तावित दक्षता र शुक्ष्म सीपहरू लागू तथा अनुगमनमा सहयोगका लागि प्रहरी दौंतरीमाझ मार्गनिर्देश र सूचकका उदाहरणहरू उपलब्ध गराइने छन्।

एक विश्वव्यापी नक्शाङ्कन अभ्यासमार्फत् सेवामा रहेका एवं सेवानिवृत्त प्रहरीसँग साथै, लैङ्गिक हिंसा/महिला तथा किशोरीविरुद्ध हुने हिंसा लगायतमा प्रहरीसँग काम गरेका लैङ्गिक विषयका विज्ञहरूसँग गरेको सर्वेक्षण तथा अन्तरवार्ताको नतिजास्वरुप यस हातेपुस्तिकामा प्रवर्द्धन् गरिएका मुख्य दक्षता र शुक्ष्म सीपहरू राखिएका हुन्। संकलित सूचनालाई प्रहरी संगठनहरूबाट लिइएका कार्यसम्पादनका सुझावहरूसँग तुलना गर्दै महिला हिंसा प्रतिकार्यका लागि उनीहरूको रणनीति, पद्धति र विधिहरूको समीक्षा एवं मूल्याङ्कन गरेर पुष्टि गरिएको थियो।

> नेताले आफ्ना अनुयायीलाई उत्प्रेरित गर्न सक्छन्। उनीहरुसँग अरुले मन पराउने र सम्मान गर्ने प्राविधिक र मानवीय दुवै प्रकारका दक्षता हुन्छन्।

त्यस्ता प्रहरी समीक्षा एवं मूल्याङ्कनका घटना अध्ययनलाई यस हातेपुस्तिकाका लागि यसपछिका पाठहरूमा निर्दिष्ट रुपमा छनोट गरेर राखिएका छन् किनकि तिनले नागरिक समाजका संस्था, महिला संस्था साथै प्राज्ञिक र/वा यी प्रक्रियामा अल्पसंख्यामा पारिएका समूह जस्ता बाह्य सरोकारवालालाई समावेश गरेर जवाफदेहिताप्रतिको प्रतिबद्धता दर्शाउँछन् । यी घटना अध्ययनहरू अनलाइनका खुला स्रोतमा उपलब्ध भएकाले तिनका पारदर्शिताका कारण पनि छानिएका हुन् ।

सहकर्मीमार्फत सहकर्मीलाई मार्गदर्शन

तपाईं कुनै प्रहरी चौकी, विभाग वा इलाकाको प्रमुख हुन सक्नुहुन्छ, जसको अर्थ महिला हिंसा अनुभव गरेका महिला तथा किशोरीहरूप्रति तपाईंका कर्मचारीले गरेका प्रहरी प्रतिकार्यप्रति तपाईं समग्रमा जिम्मेवार र जवाफदेही हुनुपर्ने हुन्छ । त्यस्ता अपराधहरूको सम्बोधन गर्नु किन महत्वपूर्ण हुन्छ ? तपाईंसँग उपलब्ध सिमित स्रोतमा तपाईंले सम्बोधन गर्नुपर्ने धेरैवटा तत्कालका प्राथमिकताहरू हुनेछन्, त्यसैले तपाईंले स्थानीय समुदायलाई प्रदान गर्ने सेवा सकेसम्म प्रभावकारी हुनु महत्वपूर्ण हुन्छ । स्थानीय समुदायको विश्वास र भरोसा बिना तपाईंले एक प्रहरी अधिकृतका रुपमा काम गर्न बढी कठिन हुनुका साथै सकारात्मक प्रतिफलहरू प्राप्त गर्न बढी चुनौतीपूर्ण हुन जान्छ ।

"शरणार्थी महिलाहरुलाई बारम्बार स्वास्थोपचार प्रदान गर्न अस्वीकार गरिने, अस्पतालमा प्रवेश गर्दा अपमान गरिने र उजुरी गर्न जाँदा प्रहरीले बेवास्ता गर्ने गरेका छन् ।"

- घटना अध्ययन : एशियाली, काला, अल्पसंख्यक, जातिय तथा शरणार्थी प्रवाभितका लागि सहयोग (इम्कान, युके)

महिला तथा किशोरीहरू विरुद्ध हुने हिंसाको मात्राबारे गरिएका धेरैजसो राष्ट्रिय अध्ययनहरूले देखाए अनुसार, बहुसंख्यक महिलाहरूले आफ्ना अनुभवबारे औपचारिक सेवामा उजुरी गर्दैनन् । प्रहरीमा महिला हिंसाका निकै कम घटनामात्र उजुरी गरिन्छन् । तीमध्येका पनि निकै कम घटनामा मात्र पीडितविरुद्ध जाहेरी दिइएका हुन्छन् र अझै कम घटनामा मात्र उनीहरू दोषी ठहऱ्याइन्छन् । युएनडिइएसएद्वारा सन् २०१५मा प्रकाशित एक प्रतिवेदनका अनुसार,[१] तथ्याङ्क उपलब्ध भएका देशहरूमध्ये

१ https://unstats.un.org/unsd/gender/downloads/WorldsWomen2015_report.pdf हेर्नुहोस्

फोटो सौजन्य: माइती नेपाल

धेरैजसोमा केवल ४०% महिलाले मात्र कुनै प्रकारको हिंसाको अनुभव गरेपछि सहयोग खोज्ने गरेको पाइयो । उजुरी गर्नेह रूमध्ये प्रायःले औपचारिक संस्था र संयन्त्रबाट नभई, परिवार र साथीहरूबाट सहयोग माग्ने गर्छन् । हिंसाको अनुभवपछि सहयोग माग्ने यी महिलामध्ये १०% भन्दा कमले मात्र प्रहरीको सहयोग माग्छन् ।

महिला हिंसाको सर्वत्र स्वीकार्यता, धेरै प्रभावितले त्यस्ता हिंसापछि अनुभव गर्ने दोषारोपण र लज्जित हुनुपर्ने अवस्थाका साथै उनीहरूको उजुरीलाई गम्भीरताका साथ लिइनेछ भन्ने विश्वासको अभावका कारण घटनाबारे उजुरी गर्न र सहयोग माग्नमा हिच्किचाहट भएको हुनसक्छ । उपलब्ध सेवा र/वा अधिकारबारे महिला तथा किशोरीहरूमा ज्ञानको अभावका कारण पनि उजुरीमा कमी भएको हुनसक्छ ।

हिंसाको अनुभवको जोखिम बढाउने सामाजिक अवरोध र विभेदको सामना गरिरहेका निश्चित समूहहरूमाझ उजुरी नगर्नेको संख्या विशेषगरी उल्लेख्य रहेको पाइन्छ । उदाहरणका लागि, दृष्टि, श्रवण वा बुझाईमा असर पार्ने निश्चित अपाङ्गता भएका महिला तथा किशोरीका सञ्चारसम्बन्धी अवरोधका कारण उनीहरूले उजुरी गर्न सक्नेछैनन् भन्ने सोच्नेहरूबाट ती महिला तथा किशोरीहरू बढी जोखिममा हुने गर्छन् ।[२]

प्रहरीकार्य भनेको स्थानीय समुदायलाई सुरक्षा प्रदान गर्नु हो । समुदायसँग र समुदायका लागि काम गरेर, विश्वास बढाएर, कानूनको परिपालना गरेर, अपराधको रोकथाम गरेर, आकस्मिक अवस्थामा प्रतिक्रिया जनाएर, सहयोगी सेवाहरू उपलब्ध गराएर र शान्तिपूर्ण समाज कायम गरेर त्यो प्राप्त गर्न सकिन्छ । वास्तवमा प्रभावकारी हुनका लागि, प्रहरीले स्थानीय समुदायलाई सहयोग गर्दै, सफल अनुसन्धान र सबै अपराधको रोकथामका

२ महिला तथा किशोरी र अपाङ्गताविरुद्ध हुने हिंसाका सवालहरूमा विषयगत अध्ययन । मानव अधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तको प्रतिवेदन (A/HRC/20/5) हेर्नुहोस्

चित्र १
महिला विरुद्धको हिंसाको परिभाषा[३]

लैङ्गिकतामा आधारित हिंसा

महिलाविरुद्धका हिंसा लैङ्गिकतामा आधारित हिंसा हो, किनभने महिला तथा पुरुष बीचको शक्ति असन्तुलन र महिला तथा पुरुषले कस्तो व्यवहार दर्शाउनुपर्छ भन्ने बारे संकिर्ण सोचाई र अपेक्षाहरूका कारण यस्ता हिंसा हुनेगर्छन् ।

महिलामाथि पीडा

लैङ्गिकतामा आधारित हिंसाको अत्याधिक घटना पुरुषद्वारा महिलामाथि गरिएका हुन्छन् । महिलाबाट भएको हिंसाको अनुभव पुरुषले गर्नसक्ने भएपनि, त्यस्ता घटना निकै कम हुने गर्छन् ।

महिलाविरुद्धको हिंसा के हो ?

महिलाविरुद्धको हिंसा भनेको :

लैङ्गिकतामा आधारित हिंसाको कुनैपनि त्यस्तो गतिविधि हो, जुन निजी वा सार्वजनिक जुनसुकै जीवनमा भएको भएपनि, त्यसको फलस्वरुप शारीरिक, यौन वा मनोवैज्ञानिक हानी वा महिलामाथि पीडा हुन्छ, वा हुनसक्छ ।

- संयुक्त राष्ट्रसंघको साधारण सभा, १९९३

शारीरिक, यौन तथा मनोवैज्ञानिक हानी

महिलाविरुद्धका हिंसाले शारीरिक दुर्व्यवहार, यौन दुर्व्यवहार र मनोवैज्ञानिक वा भावनात्मक दुर्व्यवहार लगायतका धेरैवटा रुप लिनसक्छ ।

निजी वा सार्वजनिक जीवनमा घट्ने

महिलाविरुद्धका सबै प्रकारका हिंसा, घरभित्र भएपनि वा सार्वजनिक स्थलमा भएपनि, ती अस्वीकार्य हुन्छन् र तिनको अन्त्य हुनुपर्छ ।

लागि महत्वपूर्ण हुने सूचना र जानकारी प्राप्त गर्न उनीहरूलाई सक्षम बनाउनु पर्छ ।

धेरैवटा समुदायमा महिला र किशोरीहरू त्यहाँका मेरुदण्ड हुने गर्छन् । यदि त्यस स्थानको सबै स्थानीय बासिन्दाको विश्वास र भरोसा तपाईंले प्राप्त गर्नुभएको छैन भने, तपाईंले कति सम्भावित सूचना र जानकारी गुमाइरहनु भएको हुनेछ होला र परिणामस्वरुप तपाईं कत्तिको प्रभावकारी हुन सक्नुहुन्छ होला ? सामयिक, सही, पहुँचयुक्त तथा निर्भरयोग्य सूचना तथा जान कारीले तपाईंलाई विभिन्न प्रकारका संगठित अपराध लगायत सबै प्रकारका अपराधसँग लड्न र हिंस्रक अतिवादको प्रतिकार गर्न मद्दत गर्छ । त्यसैले, महिला हिंसाका अपराधहरूमा तपाईंका कर्मचारीले प्रभावकारी रुपमा गर्ने प्रतिकार्यका फाइदाहरूलाई अवमूल्यन गर्नु हुँदैन ।

पीडित/प्रभावितको पृष्ठभूमि जेजस्तो भएपनि, उनीहरू सबैको अधिकार संरक्षण गर्ने नैतिक दायित्व प्रहरी अधिकृतहरूको हुन्छ । समुदायहरू प्रायजसो निकै विविधतापूर्ण हुनेहुँदा, प्रहरीकार्यले त्यस विविधताप्रति संवेदनशीलता अपनाउनु महत्वपूर्ण हुन्छ । समुदायभित्र बहु तथा अन्तरसम्बन्धित तरिकाले बञ्चिति र सीमान्करणमा परेका धेरै व्यक्ति छन्, जसकारण माथि भनिएझैं उनीहरू हिंसाको बढी जोखिममा हुने गर्छन् भन्ने बुझाई समेत हुनुपर्छ ।

नेताले आफ्ना अनुयायीलाई उत्प्रेरित गर्न सक्छन् । उनीहरूसँग अरुले मन पराउने र सम्मान गर्ने प्राविधिक र मानवीय दुवै प्रकारका दक्षता हुन्छन् ।

उदाहरणका लागि, लैङ्गिकता, उमेर, जातियता, यौन अभिमूखीकरण, राष्ट्रियता र/वा अपाङ्गता जस्ता विविध कुराका आधारमा व्यक्ति र समूह सीमान्तकृत हुनसक्छन् र त्यसले उनीहरूको सुरक्षा, संरक्षण र न्यायमा प्रत्यक्ष प्रभाव पार्नसक्छ । सबै पीडित/प्रभावितको आत्मसम्मान र निजीपनाको सम्मान भएको, र उनीहरूको शारीरिक तथा भावनात्मक सुरक्षा एवं संरक्षणलाई प्राथमिकता दिइएको सुनिश्चित गर्न, प्रहरी अधिकारीहरूले मानिसका विविध

३ महिला विरुद्धका हिंसाको अन्त्यसम्बन्धी घोषणापत्र (२० डिसेम्बर १९९३को साधारण सभा प्रस्ताव४८/१०४), धारा १-२

अनुभव र परिस्थितीबारे सचेत रहँदै संवेदनशील बन्नुपर्छ ।[४]

त्यसैकारण, महिला हिंसामा योगदान गर्नसक्ने विभिन्न कुराहरूलाई बुझ्नका लागि, तपाईं र तपाईंका कर्मचारीले आफ्नो समुदायको जटिल बनोटबारे बुझ्नु महत्वपूर्ण हुन्छ ।

उदाहरणका लागि, तपाईंको कार्यक्षेत्र भित्र कतिवटा विभिन्न देशबाट आएका बासिन्दा छन् ? के तपाईंले पीडित/प्रभावित र उनीहरूको परम्परा, आस्था र/वा संस्कृतिबीचको सम्बन्ध कस्तो छ र त्यसले सहयोग माग्ने चलन लगायत उनीहको जीवनका सबै पक्षमा कस्तो प्रभाव पार्छ भन्नेबारे बुझ्नुभएको छ ? यदि छैन भने, तपाईंको कर्मचारीले प्रहरीकार्य प्रभावकारी रुपमा गरिरहेका छन् भन्ने कसरी सुनिश्चित गर्न सक्नुहुन्छ ? के अपराधका पीडित/प्रभावितको पृष्ठभूमिजन्य विवरण तपाईंले बुझ्नुभएको छ ? के पीडित/प्रभावितको तथ्याङ्कलाई अपराधको प्रकार, लैङ्गिकता, उमेर, जातियता, अपाङ्गता, धर्म, आबद्धता र ठेगानाका आधारमा खण्डीकृत गर्न सकिन्छ ? उदाहरणका लागि, पीडित/प्रभावितका सम्भावित आवश्यकता र पर्याप्त रुपमा तालिमप्राप्त अधिकृतहरूको उपलब्धताबीचको सन्तुलन निर्धारण गर्न पनि तपाईंलाई एक सुदृढ तथ्याङ्क आवश्यक पर्छ ।

बहु-क्षेत्रगत सेवाको प्रभावकारी समन्वयमार्फत् पीडित/प्रभावितहरूमा गुणस्तरीय नेतृत्वले पार्नसक्ने सकारात्मक प्रभावलाई यस पुस्तिकाले मान्यता दिएको छ । संस्थागत समीक्षा र सिकाईका परिणामस्वरुप एक प्रभावकारी एवं लैङ्गिक-संवेदनशील प्रहरी सेवातर्फ रुपान्तरणका लागि अत्यावश्यक रहेको भनी यस क्षेत्रमा कार्यरत प्रहरी संगठन तथा अन्य विज्ञहरूले स्वीकारेका मुख्य पद्धति, सीप र दक्षताहरूबारे थप बुझाईका लागि यस पाठले आधार उपलब्ध गराउँछ ।

त्यसका साथै, यस पाठ र पुस्तिकाभरी प्रस्तावित पद्धति, सीप तथा दक्षताहरूले सबै अत्यावश्यक प्रहरी तथा न्याय सेवालाई टेवा दिने अत्यावश्यक सेवा प्याकेजको ढाँचाका **सिद्धान्तहरू**को प्रतिबिम्बित गर्नेछ (चित्र २ हेर्नुहोस्) । अत्यावश्यक सेवाको कार्यात्मकता र प्रवाहमा सबै क्षेत्रभरीका सबै क्रियाकलाप र तरिकाका लागि आधारका रुपमा अत्यावश्यक सेवा प्याकेजले निर्धारित गरेको ***साझा गुणहरू (चित्र २ हेर्नुहोस्)*** पनि यस पुस्तिकाले प्रदान गर्ने मार्गनिर्देशमा समेटिएको छ ।

महिला हिंसाका अपराध अनुसन्धानमा पीडित/प्रभावितको **अर्थपूर्ण सहभागिता** सुनिश्चितता गर्दा अत्यावश्यक सेवा प्याकेजको ढाँचाका सिद्धान्त र साझा गुणहरूको पालनालाई केन्द्रमा राखिनेछ । यो अनुसन्धान आफैंको एक निर्धारक तत्व हुनुका साथै, महिला हिंसाका उजुरी आउँदा पीडित/प्रभावित केन्द्रित पद्धतिको अवलम्बन मार्फत् पीडित/प्रभावितका उजुरीलाई प्रहरीले गम्भीरताका साथ लिएका छन् भन्ने महत्वपूर्ण सन्देश पनि यसले समुदायमा दिनेछ । परिणामस्वरुप, पीडित/प्रभावित, उनीहरूका समुदाय र अन्य अत्यावश्यक सेवा प्रदायकले अपराधको प्रतिकार्यमा तपाईंको संगठनलाई सम्बन्ध विस्तार एवं साझेदारी प्रवर्द्धनको दृष्टिकोणबाट बढी सत्यनिष्ठ मान्नेछन् ।

चित्र २

अत्यावश्यक सेवा प्याकेज : समग्र ढाँचाको चित्रण

सिद्धान्तहरू	अधिकारमा आधारित पद्धति	लैङ्गिक समानता र महिला सशक्तीकरणको प्रवर्द्धन	सांस्कृतिक रुपमा र उमेर अनुसार उपयुक्त तथा संवेदनशील
	पीडित/प्रभावित केन्द्रित पद्धति	सुरक्षाको सर्वोच्चता	पीडिकको जवाफदेहिता

साझा गुणहरू	उपलब्धता	पहुँचयुक्तता
	अनुकूलनता	उपयुक्तता
	सुरक्षालाई प्राथमिकता	सुसूचित सहमति र गोपनियता
	तथ्याङ्क संकलन तथा सूचना व्यवस्थापन	प्रभावकारी सञ्चार
	प्रेषण तथा समन्यवमार्फत् अन्य क्षेत्र र निकायसँग जोड्ने	

अत्यावश्यक सेवा प्याकेज : समग्र ढाँचाको चित्रण

४ बर्डसल एन., कर्बी एस., र म्याकमानस एम., 'अन्तरंग साथीबाट हिंसा भएका घटनामा पीडित सशक्तीकरण पद्धति विकासमा प्रहरी-पीडित संलग्नता' ('Police-Victim Engagement in building a victim empowerment approach to intimate partner violence cases), पुलिस प्राक्टिस् एण्ड रिसर्च, १८:१, ७५-८६ र रोबर्ट्स् जे., र हु एम., 'आपराधिक न्यायबारे सर्वसाधारण को सोचलाई बुझ्ने' ('Understanding Public Attitudes to Criminal Justice') (ओपन युनिभर्सिटी प्रेस : मेडनहेड, २०१५)

पीडित/प्रभावित र उनका समुदायले महिला हिंसा संलग्न भएका घटनामा न्यायमा पहुँचका सम्बन्धमा आफ्ना अपेक्षा र आवश्यकताबारे अभिव्यक्त गर्न सशक्त महसुस गराउनका लागि, प्रहरीले आफूलाई समाधानको एक पाटो बनाउनु महत्वपूर्ण हुन्छ। उदाहरणका लागि, अन्तरंग साथीबाट हिंसा पीडित/प्रभावितले घटनाबारे उजुरी गर्ने र अदालतमा प्रमाण पेश गर्ने सम्भावना बढी हुनु भनेको सशक्तीकरणमार्फत् आत्मविश्वासमा बृद्धि हुनु हो।[५]

यस पुस्तिकामा, महिला हिंसा र अन्य अपराधको प्रतिकार्य भन्नाले प्रहरीले अवलम्बन गर्ने रोकथामका उपाय र अनुसन्धानका कार्य दुवैलाई जनाउँछ।

महिला हिंसाको प्रतिकार्य गर्दा प्रहरीले सामान्यतया सामना गर्नुपर्ने आन्तरिक चुनौतीहरू

"बेपत्ता महिलासम्बन्धी अनुसन्धानमा प्रहरीको महत्वपूर्ण असफलताको व्यापक अन्तरनिहित कारणमध्ये, संस्थागत च्यामपियनको अभाव थियो। यो बुँदालाई जोड दिन म नेतृत्वको "चाहना" भन्ने शब्दावलीको प्रयोग गर्दैछु: अनुसन्धानले नेतृत्वका लागि चित्कार गर्दै थियो, नेतृत्व चाहिएको थियो। "नेतृत्वको अभाव" भन्ने शब्दावलीको प्रवाह सहज सुनिने हुनाले म त्यसको पनि प्रयोग गर्छु, तर यसमा उस्तै शक्ति छैन। समस्या यति व्यापक थियो कि त्यो पर्याप्तताको मात्र कुरा थिएन कि, त्यहाँ नेतृत्वको अनुपस्थिती नै थियो।" [६]

माननीय वाली टी. ओप्पल, क्यू.सी., कमिसनरद्वारा आफ्नो प्रतिवेदन 'फरसेकन - बेपत्ता महिलासम्बन्धी अनुसन्धान आयोगको प्रतिवेदन'मा अभिव्यक्त गरिएको।

"मेरो विचारमा (महिलाहरु) संस्थाहरुमा सहयोग लिन नजानुको कारण उनीहरुले तिनमा विश्वास नगरेकाले होइन। मैले कहिलेपनि कुनै सकारात्मक परिणामबारे सुनेको छैन, मैले कुनैपनि महिलालाई संस्थाबाट सहयोग मिलेको बारे सुनेको छैन। म तिनमा विश्वास गर्दिन।"

- महिला, उमेर ३०-५०, ग्रामीण, मोन्टेनेग्रो

स्रोत : महिला विरुद्धको हिंसाबारे ओएससीईले नेतृत्व गरेको सर्वेक्षण : मुख्य प्रतिवेदन (ओएससीई, भिएना, २०१९)

कानूनका प्रवर्तकबाट पर्याप्त प्रतिकार्य नहुनु अझैपनि महिला हिंसा अन्त्य गर्नका लागि मुख्य चुनौतीहरू मध्ये एक रहेको छ, जसले गर्दा पीडकको दण्डहिनतामा उच्च बृद्धि, पीडित/प्रभावितका आवश्यकतालाई पर्याप्त सम्बोधन गर्न स्रोतको विनियोजनमा अपर्याप्तता, र यस सवालको सम्बोधनका लागि तयार पारिएका पहलहरूको अनुगमन तथा समन्वयमा कमीकमजोरी हुने गरेको छ।

कुनैपनि पीडित/प्रभावितको नराम्रो अनुभवले गर्दा प्रहरीप्रति पूरै समुदायको विश्वास र भरोसालाई नराम्रोसँग तोडिदिन सक्छ र महिला हिंसाको प्रतिकार्यलाई थप कठिन बनाइदिन सक्छ।

बेलायतले महिला हिंसामा आफ्नो कार्यपद्धतिको प्रभावकारिताको समीक्षाको अभ्यासमा आधारित महत्वपूर्ण सिकाईका अनुभवहरू प्रस्ताव गरेको छ।

सन् २०१३मा, धेरैवटा उच्च प्रोफाइलका घटनाका श्रृंखलामा पीडितको संरक्षण अपेक्षित मापदण्डभन्दा तल्लो स्तरको भएपछि, बेलायतका गृह सचिवले घरेलु हिंसामा प्रहरीको प्रतिकार्यबारे निरिक्षण गर्ने जिम्मेवारी हर मेजेस्टिज् इन्सपेक्टोरेट कन्स्टबुलरी

"जब (एक महिला) प्रहरीमा जान्छिन्, सबैभन्दा पहिला उनको परिचयपत्र माग्छन् र यस्ता प्रश्न सोध्छन्: कसरी, किन, के... सबैभन्दा शुरुवातमै, जे भयो त्यसका लागि उनी जिम्मेवार हुन् भन्ने तरिकाले व्यवहार गरिन्छ।"

- महिला, उमेर ३८-५५, द्वन्द्व प्रभावित, शहरी, रिपब्लिका स्प्रस्का, बोस्निया हर्जगोभिना

स्रोत : महिला विरुद्धको हिंसाबारे ओएससीईले नेतृत्व गरेको सर्वेक्षण : मुख्य प्रतिवेदन (ओएससीई, भिएना, २०१९)

(एचएमआईसी)[७] लाई दिएको थियो। संगठनका केही लक्षणात्मक असफलताहरूलाई प्रहरी व्यवस्थापनले सम्बोधन नगरेको अवस्थामा, त्यसले घरेलु हिंसा र अन्य प्रकारका महिला हिंसाको अप्रभावकारी प्रतिकार्यका सूचक बन्ने कुरा एचएमआईसीको २०१४को अन्तिम प्रतिवेदनबाट[८] प्रेरित तलको सूचीले प्रकाश पारेको छ :

- वरिष्ठ व्यवस्थापन टोलीले महिला हिंसा प्रतिकार्यको विस्तृत रणनीति बनाउन नसकेका हुनाले, मध्यम तहका व्यवस्थापक

५ फुटनोट ४ हेर्नुहोस्।

६ अंक IIB, 'नोबडिज् : बेपत्ता भएका र हत्या भएका महिलाबारे हामी कसरी र किन विफल भयौं भाग ३, ४ र ५' ('Nobodies: How and Why We Failed the Missing and Murdered Women Part 3, 4 and 5') (ब्रिटिश कोलम्बिया, क्यानाडा, २०१२)।

७ सन् २०१७को ग्रीष्मकालमा, एचएमआइसीले इङ्गल्याण्डको वारुण तथा उद्धार सेवाको निरिक्षण गरेको थियो, जसमा उनीहरूको कार्यकुशलता, प्रभावकारिता र नेतृत्वको मूल्याङ्कन र रिपोर्टिङ्ग गरियो। यस नयाँ भूमिका झल्काउनका लागि, एचएमआइसीले नाम परिवर्तन गरेर हर् मेजेस्टिज् इन्स्पेक्टोरेट अफ कन्स्टाबुलरी एण्ड फायर एण्ड रेस्क्यु सर्भिसेस् (एचएमआइसीएफआरएस) नामाकरण गरेको थियो।

८ एभ्रिवान्स् विजनेस : इन्प्रुभिङ्ग द पुलिस रेस्पोन्स् टु डोमेस्टिक अब्युज ('Everyone's business: Improving the police response to domestic abuse')(एचएमआइसी, २०१४) हेर्नुहोस्।

हरूले प्राप्त गर्न नसकिने लक्ष्य र स्वतन्त्र एवं बढी प्रभावकारी रुपले काम गर्न स्रोतको अपर्याप्ताको सामना गर्नुपरेको,

- व्यवस्थापन टोलीलाई आफ्नो विद्यमान रणनीतिमा निश्चित समस्या वा कमीकमजोरी रहेको जानकारी भएपनि, तिनको सम्बोधनमा उनीहरूले कदम चालेनन् । यसमा निर्दिष्ट व्यक्ति वा समूहबारे अधिकृतहरूले गर्ने अपमानजनक टिप्पणीहरूप्रतिको सहनशिलता लगायत थिए,[९]

नेतृत्वले अग्रसक्रियता र साझेदारी निर्माणमा केन्द्रित भएर स्रोतको अभावलाई सम्बोधन गर्छन् ।

- महिला हिंसा रोकथामबारे प्रहरीका रणनीति र अनुसन्धान कार्यविधिलाई प्रत्यक्ष प्रभाव पार्ने नयाँ कानूनहरूबारे वरिष्ठ तथा मध्यम तहका कमाण्डिङ्ग अफिसरहरूलाई पर्याप्त तालिम दिइएको थिएन । लैङ्गिक समानताको सम्बोधन गर्ने नयाँ कानूनको कार्यान्वयन गर्न र पीडिक-केन्द्रित अनुसन्धान प्रवर्द्धन् गर्न प्रहरी व्यवस्थापकहरू र उनीहरूका कर्मचारीले गर्नुपर्ने कुराहरूबारे उनीहरूले तालिम प्राप्त गर्नु अत्यावश्यक हुन्छ,
- ठूलो मात्रामा क्षति पुग्ने अपराध प्राथमिकतामा पर्छ भन्ने प्रष्टता भएपनि, केही प्रहरी कमाण्डरले भने महिला हिंसाको सम्बोधन कसरी गरिनुपर्छ र महिला हिंसाका पीडित/प्रभावितलाई प्रभावकारी रुपमा सम्बोधन गर्न आवश्यक पर्ने न्यूनतम गुणस्तरीय मापदण्डबारे स्पष्ट रणनीतिक सन्देश दिन सफल भएका थिए,
- अग्रपंक्तिका (वा प्रतिकार्य गर्ने) अधिकृतहरूलाई जानकारी तथा काम दिइएको तरिकाले महिला हिंसा प्राथमिकता होइन भन्ने प्रमाण दिन्छ,
- संगठनात्मक संरचना, ईकाइ र विभागहरूबारे खण्डीकृत तथा राम्रो बुझाई नभएका कारण महिला हिंसाको प्रभावकारी अनुसन्धान, अपराधीको अभियोजन र पीडित/प्रभावितको सुरक्षाका लागि संगठनमा को जिम्मेवार र जवाफदेही छन् भन्नेबारे अग्रपंक्तिका कर्मचारीमा सिमित जानकारी थियो,
- बलिया सन्देश र प्राथमिकताहरू संगठनको उच्च तहमा जारी गरिएका भएपनि, कार्यसम्पादन व्यवस्थापनसम्बन्धी गडिएर बसेको संस्कारका कारण सबै तहका अधिकृतहरूले अपराधको मात्रामा केन्द्रित रहने गरेका र अन्तर-वैयक्तिक हिंसा जस्ता घरायसी दुर्व्यवहारमा केन्द्रित नरहने गरेको पाइयो,
- प्रहरी कमाण्डरहरूमा केही मात्रामा 'सुरुङ्गी दृष्टिकोण' रहेको पाइयो, जसकारण उनीहरू एकल अपराध र पीडक व्यवस्थापनमा मात्र केन्द्रित रहेर, महिला हिंसालाई अन्य सम्भावित आपराधिक क्रियाकलापसँग जोड्ने र पीडितलाई सुरक्षित राख्ने कुरामा केन्द्रित नरहेको पाइयो,
- प्रहरीले गर्ने प्रेषणबारे सुपरिवेक्षणको अभावका कारण, प्रहरीले पीडित/प्रभावितलाई कानूनी उपचारमा पहुँच गर्न सहजीकरण नगरेर अत्याधिक मात्रामा सामाजिक सेवामा प्रेषण किन गर्छन् भन्नेबारे गहिरो बुझाई बढाउनमा अवरोधक बनेको छ ।

प्रहरीका तर्फबाट दिनसकिने अपराध रोकथामको सबैभन्दा प्रभावकारी रणनीति नै एकरुपता र निष्पक्षताका साथ कानूनको लागू गर्नु हो ।

प्रहरी व्यवस्थापकहरूका लागि एचएमआईसी २०१४ प्रतिवेदनको एक मुख्य सन्देश हो, अन्य अपराधमा जस्तै, ***पीडितको चरित्र, व्यवहार वा विश्वसनीयतामा नभई, आरोपित पीडकका गतिविधिमा केन्द्रित रहनुपर्छ ।***[१०]

अनुसन्धानको जोड ऐतिहासिक रुपमा पीडित/प्रभावितको व्यवहारमा हुने गरेकोमा, महिला हिंसा संलग्न भएका अपराधको वास्तविकता यो हो कि, आरोपित पीडक प्रायः पीडित/प्रभावितले चिनेका व्यक्ति हुन्छन् र प्रहरीद्वारा सजिलै पहिचान गर्न सकिन्छन् भन्ने कुरा पनि प्रतिवेदनले थप गरेको छ । सैद्धान्तिक रुपमा, यसले गर्दा प्रहरीले आफ्नो अनुसन्धानलाई आरोपित पीडकको गतिविधिमा आधारित बनाउन सक्छन्, जो अनुसन्धानमा संलग्न प्रहरीका लागि पीडित/प्रभावित जत्तिकै नै पहुँचयुक्त हुनसक्छन् ।

बृहत् स्रोत विनियोजन बाहेकका धेरैजसो पाटोमा, प्रहरी संगठनहरूले सामना गर्ने माथि उल्लेखित आन्तरिक चुनौतीहरूलाई मध्यम तहका व्यवस्थापकहरूले संगठनभित्र नै सकारात्मक रुपमा प्रभाव पार्न सक्छन् । मध्यम तहका व्यवस्थापकहरू कमाण्डको जिम्मेवारी र नेतृत्वको यस्तो स्थानमा हुन्छन्, जहाँ उनीहरूले संगठनको नीतिलाई कार्यगत अभ्याससँग जोड्छन् र तसर्थ, अनुसन्धानकर्ता र अनुसन्धान दुवैका लागि जिम्मेवार हुने गर्छन् ।

९ लैङ्गिक समानतालाई समर्थन गर्ने राष्ट्रिय कानून बृहत् सार्वजनिक बहसको हिस्सा बनेको समयमा, विशेषगरी महिलासम्बन्धी अपमानजनक टिप्पणीहरू बढी व्याप्त हुने सम्भावना हुन्छ । यस्तै समयमा, प्रहरी व्यवस्थापकहरूले आफ्ना संगठनभित्र त्यस्ता टिप्पणीहरूप्रति प्रतिकार्य गर्ने र अझै अग्रसक्रियता देखाउँदै, महिला तथा किशोरीहरूको संरक्षणका लागि नयाँ कानून लागू हुन लागेको बताइदिनुपर्ने हुन्छ ।

१० नोट ८ हेर्नुहोस् ।

महिला हिंसाको प्रतिकार्य गर्दा, त्यस्ता आन्तरिक चुनौतीहरूका साझा प्रभाव समाधान गर्ने काम प्रायशः मध्यम तहका व्यवस्थापन लगायतका प्रहरी नेतृत्वले गरेको पाइन्छ । समाधानका लागि चालिने कदममा, तल दिइएका बुँदा लगायत अन्य पनि पर्छन् :

- हिंसाको प्रकृति, त्यसका कारण र परिणामका साथै त्यसले महिला तथा किशोरीहरूलाई कसरी फरक एवं अत्याधिक प्रभाव पार्छ भन्नेबारे स्पष्ट बुझाईमा साझा कदमहरूलाई आधारित बनाउने,
- महिला हिंसा भएको भनिएपछि, अनुसन्धानमा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिताका लागि जवाफदेहिता सुनिश्चित गर्न अग्रसक्रिय हुने,
- निरन्तरको सिकाई र प्रभावित समूहहरूसँगको परामर्शद्वारा प्रतिकार्यमा लाग्ने प्रहरी अधिकृतहरूको निष्पक्ष एवं इमान्दारितापूर्ण हस्तक्षेपहरूमा सुदृढता सुनिश्चित गर्ने ।

एचएमआईसी २१०४को प्रतिवेदनमा उल्लेख भएअनुसार, यस्ता संस्थागत असफलता वा आन्तरिक चुनौतीहरूको सम्बोधन नहुँदाका परिणामस्वरुप अन्ततः नागरिक वा मानव अधिकार उल्लंघनका आरोप लाग्ने, प्रहरी संगठन आफैंमा आत्मविश्वासको अभाव हुने, र प्रहरीप्रति विशेषगरी महिला तथा किशोरीहरूले विश्वास गुमाएको देखिन आउने हुन्छ ।

तपाईंको प्रहरी संगठनप्रति सर्वसाधारणको विश्वास र भरोसाको अभावले, तपाईंको टोलीले वास्तवमै गुप्तचर सूचनामा पूर्णत आधारित भएर जानकारी संकलन गर्ने क्षमतामा असर पार्छ ।

उदाहरणका लागि, तपाईको नाजुक साझेदारी, र विशेषगरी प्रहरीले ज्यादती गर्ने गरेको र कम संरक्षित भएको महसुस गर्ने व्यक्ति वा समूहको प्रतिनिधित्व गर्ने संस्थाहरूसँगको नाजुक साझेदारीले अपराधमा हस्तक्षेपका लागि समुदायमा आधारित समाधानलाई कमजोर बनाउँछ ।

> **"प्रहरी अधिकृतहरु आफैमा सबै प्रकारका विशेषज्ञ ज्ञान हुँदैन, पीडितलाई कहाँ प्रेषण गर्ने भन्ने जानकारी उनीहरुमा हुनुपर्छ । उदाहरणका लागि, कालो वर्ण एवं अल्पसंख्यक जनजाति, पुरुष तथा तेस्रोलिङ्गी पीडितका लागि प्रायः सामुदायिक समूहहरुले विशिष्टिकृत घरेलु हिंसा दुर्व्यवहारसम्बन्धी सहायता सेवा सञ्चालन गर्ने गर्छन् ।"**
>
> - एम्ब्रिवान्स् विजनेस : घरेलु हिंसामा प्रहरी प्रतिकार्यको सुदृढीकरण (एचएमआईसी २०१४)

समुदायमा आधारित समाधानका उदाहरणहरू यस पुस्तिकाको पछिल्लो भागमा राखिएका छन्, विशेषगरी पाठ ३ : 'रोकथाम', पाठ ५ : 'अनुसन्धान', पाठ ८ : 'न्यायिक निकायहरूमाझ समन्वय', र पाठ १२ : 'न्यायको निरन्तरता' ।

सारांशमा, महिला हिंसाका अपराधको प्रतिकार्यमा प्रहरी संगठनहरूले सामना गर्ने आन्तरिक चुनौतीहरूलाई महिला हिंसाका मूल कारणहरू बुझ्ने र समस्याहरू अपनाउनुका साथै अनुसन्धानमा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै र त्यसबाट सिक्दै यसको प्रत्यक्ष सम्बोधन गर्न तयार रहने प्रभावकारी प्रहरी नेतृत्वद्वारा उल्लेख्य रुपमा समाधान गर्न सकिन्छ ।

महिला हिंसाका घटनामा प्रभावकारी प्रहरी नेतृत्वले आरोपित पीडकबारे सकेसम्म बढी प्रमाण जुटाएर अनुसन्धान पीडकको जवाफदेहिता[११]मा केन्द्रित रहेको, साथसाथै पीडित/प्रभावितको सुस्वास्थ्य अनुसन्धानको केन्द्रमा रहेको पनि सुनिश्चित गर्छन् । त्यस्ता प्रभावकारी प्रहरी नेतृत्वले पीडितको सुरक्षा र सशक्तीकरण प्रवर्द्धन्का साथै दोषीको जवाफदेहिता सुनिश्चितताबारे अन्तर्राष्ट्रिय रुपमा सहमति भएका सिद्धान्तको पनि परिपालना गर्छन् ।[१२]

लैङ्गिक-संवेदनशील प्रहरी सेवाका लागि आवश्यक मुख्य दक्षता र व्यावसायिक सीपहरूमा आफू गर्वान्वित हुने टोलीको संस्कार र/वा स्वभावलाई संस्थागत र प्रवर्द्धन् गर्नुका साथसाथै, साझा प्रयासको अवमूल्यन गर्ने नकारात्मक सोच र अचेतन पूर्वाग्रहहरूको तुरुन्त सम्बोधन गर्ने क्षमता राख्नु नै प्रहरी नेतृत्वमा हुनुपर्ने मुख्य कुरा हो ।

लैङ्गिक पूर्वाग्रह : प्रहरीका प्रयासलाई यसले कसरी पछाडि धकेल्न सक्छ

लैङ्गिक पूर्वाग्रहलाई कुनै एक लैङ्गिकताप्रति अर्कोको तुलनामा बढी झुकाव/पक्षपाती हुनु वा पूर्वाग्रही हुनु भनेर परिभाषित गर्न सकिन्छ ।[१३]

---

११ अत्यावश्यक सेवा प्याकेजका अनुसार पीडकको जवाफदेहिता भनेको पीडकका गतिविधीका लागि उनलाई जवाफदेही बनाउन उचित दण्डका साथै पीडित/प्रभावितले भोगेका क्षति वा हानीका लागि न्यायोचित र प्रभावकारी उपचार उपलब्ध गराउनु हो ।

१२ अपराध रोकथाम तथा आपराधिक न्यायको क्षेत्रमा महिलाविरुद्धका हिंसा अन्त्यबारे अद्यावधिक गरिएका नमूना रणनीति र व्यवहारिक उपायहरू (संयुक्त राष्ट्रसंघीय साधारण सभा प्रस्तावना ६५/२८८ (२०१०), अनुसूची, परिशिष्ठ १३ (क)) ।

१३ हुटानन एच., लन्स्वे के.ए., आर्चाम्बल्ट जे., (२०१७), 'यौन दुर्व्यवहार प्रतिकार्य र अनुसन्धानमा लैङ्गिक पूर्वाग्रह, तालिम बुलेटिन श्रृंखला : भाग १' ('Gender Bias in Sexual Assault Response and Investigation, Training Bulletin Series: Part 1') इन्ड भायलेन्स् अगेन्स्ट विमेन इन्टरनेसनल

लैङ्गिकता भन्नाले कुनै निश्चित समयमा कुनै निश्चित समाजले महिला र पुरुषका लागि उचित मानेका भूमिका, क्रियाकलाप, व्यवहार र गुणहरु हुन् ।

लैङ्गिक पूर्वाग्रह प्रत्यक्ष (सचेतन) वा अप्रत्यक्ष (अचेतन) जस्तो भएपनि, त्यसलाई पुरुषका तुलनामा महिलाका लागि यौन भूमिका र व्यवहार लगायतका विभिन्न विशिष्टता, भूमिका र व्यवहार निर्धारित गर्ने लैङ्गिकतामा आधारित रुढीवाद र सोचले आकार दिएको र विकास गरेको हुन्छ ।[१४]

"प्रहरीकार्यमा लैङ्गिक पूर्वाग्रहको अन्त्य गर्नु यौन दुर्व्यवहार र घरेलु हिंसाविरुद्धको लडाइँको महत्वपूर्ण पाटो हो र यसले कुनै एक पीडितको सुरक्षामा वास्तविक र तत्काल प्रभाव पार्नसक्छ ।"
- अमेरिकी न्याय विभाग (२०१५)

यौन दुर्व्यवहारका क्रियाकलाप र अन्तर-वैयक्तिक हिंसामा विशेषगरी प्रहरीको लैङ्गिक पूर्वाग्रह हावी हुने सम्भावना हुन्छ । त्यसमा पहिलो सम्पर्कमा कार्यविधि अनुसार उजुरी दर्तामा साधारण विफलतादेखि, लज्जाबोध गराउने र दोषारोपण गर्ने र पीडित/प्रभावितलाई झूटो उजुरीको आरोप लगाउनेसम्म पर्न सक्छन् ।[१५] लैङ्गिक तथा अपाङ्गतासम्बन्धी हानीकारक पूर्वाग्रहको परिणामस्वरुप, अपाङ्गता भएका महिला तथा किशोरीका कुराप्रति को विश्वसनीयतामाथि प्रश्न उठाइने सम्भावना बढी हुनेगर्छ ।[१६]

अमेरिकी न्याय विभागका अनुसार प्रत्यक्ष र अप्रत्यक्ष लैङ्गिक पूर्वाग्रह हाम्रो संस्कृतिमा गडेर बसेको हुन्छ । प्रहरीकार्यका सन्दर्भमा, अमेरिकी न्याय विभागले लैङ्गिक पूर्वाग्रहलाई यस्तो प्रकारको विभेदका रुपमा व्याख्या गरेको छ, जसको परिणामस्वरुप प्रहरीले लैङ्गिकताका आधारमा निश्चित पीडित/प्रभावितलाई कम संरक्षण प्रदान गर्ने, कुनै विशेष लैङ्गिकताका व्यक्तिहरूलाई अत्याधिक हानी पुग्ने अपराधहरूमा प्रतिकार्य नगर्ने, वा लैङ्गिक रुढीवादमा निर्भरताका कारण घटी वा कम चुस्त सेवा प्रदान गर्ने हुनसक्छन् ।[१७]

जातियता, अपाङ्गता, यौनिकता, उमेर र धर्मका आधारमा बन्ने पूर्वाग्रह जस्ता अन्य पूर्वाग्रहहरूसँग लैङ्गिक पूर्वाग्रह मिश्रित वा अन्तरसम्बन्धित भएका पनि हुनसक्छन् । व्यवहारमा भन्नुपर्दा यसको परिणामस्वरुप, कुन समूहका महिला यौन रुपमा बढी उपलब्ध हुन्छन् र तसर्थ 'आफैंले निम्त्याएका हुन्छन्', वा कस्ता पुरुष बढी हिंस्रक हुन्छन् भन्ने अनुमान लगाइने गरिएका हुन सक्छन् ।

धेरैजसो प्रहरी अधिकृतहरूले न्यायमा समान, निष्पक्ष र न्यायिक पहुँचको समर्थन गर्ने सोच र मूल्यमान्यता बोकेका भएपनि, अप्रत्यक्ष लैङ्गिक तथा अन्य पूर्वाग्रहले न्यायमा समान पहुँच सुनिश्चित गर्नमा उल्लेखनीय अवरोध खडा गरेका हुनसक्छन् । विज्ञहरूका अनुसार अप्रत्यक्ष पूर्वाग्रहले अचेतन तहमा काम गर्छन्, अर्थात् हामीले सचेत बोध बिना नै सही वा गलत भन्ने निष्कर्ष केही सेकेण्डमा नै गरिरहेका हुन्छौं, र ती प्रायः हामीले सचेत रुपमा बोकेका आस्था र मूल्यमान्यताभन्दा विरोधाभाषपूर्ण पनि हुनसक्छन् ।[१८]

उदाहरणका लागि, बेलायतमा बलात्कारका घटनाहरू अनुसन्धान गर्ने प्रवृत्तिको विश्लेषणपछि होह्ल र स्टान्कोले (२०१५)[१९] उल्लेख गरेका छन्, *"संदिग्धको जातियताले पनि फरक पार्छ । पीडित जुनसुकै जातियताको भएपनि, गैर-श्वेत संदिग्धहरूले अपराध नगरेको(no-criming)*[२०] *मानिने सम्भावना ७०% कम हुन्छ । संदिग्ध र पीडितको जातियताबीच अन्तरक्रियाको प्रभाव विश्लेषण गर्दा यो देखिन्छ कि, पीडित श्वेत भएका घटनामा एक गैर-श्वेत संदिग्धको तुलनामा श्वेत संदिग्धले अपराध नगरेको मानिने सम्भावना दोब्बर हुन्छ भने, पीडित गैर-श्वेत भएको अवस्थामा त्यो सम्भावना ११ गुणा बढेको देखिन्छ । यो निष्कर्षका अनुसार, विशेषगरी यदि पीडित गैर-श्वेत हुन् भने, गैर-श्वेत संदिग्धहरूका तुलनामा श्वेत संदिग्धहरूमाथि थप अनुसन्धान हुने सम्भावना उल्लेख्य तथा अत्याधिक मात्रामा कम हुने गरेको देखिन्छ ।"*

---

१४ Ibid.

१५ उपलब्ध तथ्याङ्का अनुसार, वास्तवित झूठा उजुरीका तुलनामा, कुनैपनि यौन दुर्व्यवहारको उजुरीलाई झूठो भनि वर्गीकरण गरिने जोखिम निकै बढी देखिन्छ । जोर्डन जे. (२००४) को 'विश्वासभन्दा माथि : प्रहरी, बलात्कार र महिलाको विश्वसनीयता' ('Beyond belief: Police, rape and women's credibility'), क्रिमिनल जस्टिस् ४(१), हुटानन एच., लन्स्वे के.ए., आर्चाम्बल्ट जे., (२०१७), 'यौन दुर्व्यवहार प्रतिकार्य र अनुसन्धानमा लैङ्गिक पूर्वाग्रह, तालिम बुलेटिन श्रृंखला : भाग ३' ('Gender Bias in Sexual Assault Response and Investigation, Training Bulletin Series: Part 3') इन्ड भायलेन्स् अगेन्स्ट विमेन इन्टरनेसनलमा २९-५९

१६ विमेन इनेवल्ड इन्टरनेसनलद्वारा अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी विशेष प्रतिवेदकलाई पेश गरिएको : अपाङ्गता भएका महिला तथा किशोरीहरूका लागि न्यायमा पहुँचको प्रभावकारिता बढाउने असल अभ्यासहरू (अगस्त, २०१९) ।

१७ यौन दुर्व्यवहार र घरेलु हिंसाको प्रहरी प्रतिकार्यमा लैङ्गिक पूर्वाग्रहको पहिचान र रोकथाम (Identifying and Preventing Gender Bias in Law Enforcement Response to Sexual Assault and Domestic Violence) (अमेरिकी न्याय विभाग, २०१५)

१८ Ibid.

१९ होह्ल के. र स्टान्को ई. (२०१५), बलात्कारका उजुरी र आपराधिक न्याया प्रणाली : इङ्ल्याण्ड र वेल्स्मा संघर्षण समस्याबारे ताजा प्रमाण ('Complaints of rape and the criminal justice system: Fresh evidence on the attrition problem in England and Wales'), युरोपियन जर्नल अफ क्रिमिनोलोजी, १२ (३), पृ. ३२४-३४१ । doi: 10.1177/1477370815571949.

२० बेलायतमा, कुनैपनि दर्ता भएका अपराधमा पछि त्यो अपराध नभएको पत्ता लागेमा त्यसलाई अपराध नगरेको ("no-criming") मानिन्छ, र पुष्टि गर्न योग्य भनिने जानकारीसहित त्यसलाई अपराध गरेको होइन भनेर रद्द गरिन्छ । लाउरा बेट्स् (२०१४), https://www.theguardian.com/lifeandstyle/womens-blog/2014/nov/21/police-letting-rape-victims-down-tooमा प्रहरीले यौन दुर्व्यवहारका पीडितहरूलाई कसरी निराश पार्दैछन् ('How the police are letting sexual assault victims down') हेर्नुहोस् ।

नेतृत्वकर्ताले आफ्नो पूर्वाग्रहले ठोलीका आफूमुनिका कर्मचारीमा प्रभाव नपारोस् भन्ने कुरामा निकै सचेत रहन्छन् ।

होल्ल र स्टान्कोको [२१] अध्ययनले देखाएअनुसार (बेलायत को सन्दर्भमा), अनुसन्धान अघि बढाउने मात्राका उल्लेख्य निर्धारकहरूमध्ये संदिग्धको जातियताका साथै, प्रहरी अधिकृत र अभियोजनकर्ताहरूको दृष्टिकोणमा आरोपलाई सत्य मान्न केलाई प्रमाणका रुपमा हेरिन्छन् भन्ने कुरा पनि पर्छन् ।

नेतृत्वको पदमा हुनुहुन्छ भने, लैङ्गिक तथा अन्य पूर्वाग्रहबाट मुक्त हुन सहज हुनेछैन । त्यसका लागि आन्तरिक नीति तथा कार्यविधि कार्यान्वयनको समीक्षा तथा पुनरावलोकन, प्रहरीहरू आफ्नो व्यवहार र त्यसले उनीहरूको दैनिक काममा अरुलाई

बाकस १

दैनिक प्रहरीकार्यमा लैङ्गिक पूर्वाग्रह न्यूनीकरणका सुझावहरू

प्रहरी व्यवस्थापकहरूले गर्नसक्ने कुराहरू :

- पीडित/प्रभावितका बारेमा पूर्वाग्रह, अनुमान र रुढिवादी सोच पहिचान तथा सम्बोधन गर्ने,
- कस्ता 'प्रकारका' व्यक्तिहरू यौन दुर्व्यवहारको पीडित बन्न सक्छन्, वा यौन दुर्व्यवहार र घरेलु हिंसा पीडितले कसरी प्रतिकार्य वा व्यवहार 'गर्नुपर्छ' भन्ने अनुमान वा रुढिवादका आधारमा पीडितप्रतिको विश्वसनीयतामा पूर्वाग्रही निष्कर्ष नबनाइएको सुनिश्चित गर्ने,
- प्रहरीकार्यका लागि लैङ्गिक पूर्वाग्रह निकै प्रत्युत्पादक हुनुका साथै त्यसले अनुसन्धानको गुणस्तर र प्रहरीप्रतिको सामान्य दृष्टिकोणमा पार्ने असरबारे आफू सचेत हुने र आफ्नो टोलीलाई पनि सञ्चार गर्ने,
- महिला हिंसाबारे र विशेषगरी सीमान्तकृत समूह वा समुदायका महिला तथा किशोरीहरूबाट कम उजुरी पर्नुमा, लैङ्गिक पूर्वाग्रहले उल्लेख्य भूमिका खेल्ने गरेको कुरा आफ्नो टोलीले बुझेका छन् भन्ने सुनिश्चित गर्ने ।

स्रोत : यौन दुर्व्यवहार तथा घरेलु हिंसाको प्रतिकार्यमा प्रहरीको लैङ्गिक पूर्वाग्रहको पहिचान तथा रोकथामका लागि न्याय विभागले जारी गरेको निर्देशिका (अमेरिकी न्याय विभाग, सार्वजनिक मामिलासम्बन्धी कार्यालय, २०१५): https://www.justice.gov/opa/pr/justice-department-issues-guidance-identifying-and-preventing-gender-bias-law-enforcement

पार्नसक्ने असरप्रति सचेत हुनेगरी प्रहरी तालिम तथा सचेतना अभिबृद्धि जस्ता धेरैवटा तत्वहरूले एकैसाथ मिलेर काम गर्नुपर्ने हुन्छ ।[२२] अमेरिकी न्याय विभागले प्रहरीकार्यमा लैङ्गिक पूर्वाग्रह न्यूनीकरणका लागि केही उपयोगी सुझावहरू उपलब्ध गराएका छन् (बाकस १ हेर्नुहोस्) :

प्रहरीकार्यमा लैङ्गिक पूर्वाग्रहका प्रभाव नियन्त्रणमा लक्षित संस्थागत नीतिसम्बन्धी सुझावहरूका लागि पाठ १० : 'संस्था निर्माण' र प्रहरी संस्कारमा गढेर रहेका लैङ्गिक रुढिवादबारे छलफलका लागि पाठ ११ : 'लैङ्गिक-संवेदनशील प्रहरीकार्य कार्यान्वयनका लागि चुनौती तथा रणनीतिहरू' हेर्नुहोस् ।

युके कलेज अफ पोलिसिङ्गले प्रहरीकार्यमा रुढिवाद, व्यक्तिगत पूर्वाग्रह र विभेदलाई हटाएर अन्य प्रतिकृयाप्रति कसरी सचेत हुने भन्नेबारे केन्द्रित हुँदै, संवेदनशीलता र दृष्टिकोणजस्ता व्यवहारजन्य गुणहरूको महत्वलाई जोड दिन्छ ।[२३]

प्रहरी नेतृत्वले समावेश गर्नसक्ने अन्य ठोस कदमहरूमा यी पर्छन् :

- कसूरको परिभाषाले कुनैपनि गलत अर्थ लगाउन, वा कहावत वा रुढिवादलाई बहाना बन्न नदिने सुनिश्चित गर्ने, जस अन्तरगत जेजस्तो पृष्ठभूमिको भएपनि यौन क्रियाकलापका लागि असहमत कुनैपनि महिलाले, प्रतिरोधको कुनै संकेत नदेखाएको भएपनि, उनीविरुद्धका सबै यौन क्रियाकलापलाई यौन हिंसा मानिने र अपराधीकरण गरिने सुनिश्चित गर्ने लगायत पर्छन्,[२४]
- आफ्नो टोलीका महिलाहरूलाई हिंसा र प्रताडनाबाट संरक्षण गर्ने उपायहरू अपनाउने र कार्यान्वयन गर्ने,
- अस्वीकार्य व्यवहार तथा गतिविधिका लागि शून्य सहनशिलता पद्धतिको अवलम्बन गर्ने,
- नयाँ कानून लागू भएपछिका निर्दिष्ट तालिम लगायतका नियमित तथा संस्थागत गरिएका लैङ्गिक-संवेदनशीलता

२१ होल्ल के. र स्टान्को ई. (२०१५), बलात्कारका उजुरी र आपराधिक न्याया प्रणाली: इङ्गल्याण्ड र वेल्स्मा संघर्षण समस्याबारे ताजा प्रमाण ('Complaints of rape and the criminal justice system: Fresh evidence on the attrition problem in England and Wales'), युरोपियन जर्नल अफ क्रिमिनोलोजी, १२ (३), पृ. ३२४-३४१ । doi: 10.1177/1477370815571949.

२२ लैङ्गिकता र प्रहरीको आन्तरिक निगरानीबारे थप मार्गनिर्देशका लागि, जेन्डर एण्ड सिक्युरिटी टुलकिटको टुल २ : प्रहरीकार्य र लैङ्गिकता (Tool 2: Policing and Gender) (जेनेभा : डिसीएएफ, ओएससीई/ओडिआईएचआर, युएनवुमन, २०१९) र प्रहरीको आन्तरिक निगरानीमा लैङ्गिकतालाई एकीकृत गर्नेबारे ('Integrating gender into internal police oversight') (ओएससीई/ओडिआईएचआर, २०१४) हेर्नुहोस् ।

२३ https://www.app.college.police.uk/app-content/investigations/victims-and-witnesses/ मा अनुसन्धान : पीडित र साक्षीहरूसँगको कार्य ('Investigation: Working with victims and witnesses'), कलेज अफ पुलिसिङ्ग, हेर्नुहोस् ।

२४ महिलाविरुद्धका हिंसाको अपराध रोकथाम र आपराधिक न्याय प्रतिकार्य सुदृढीकरण ('Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women') (न्युयोर्क, लागुऔषध र अपराधसम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यालय, २०१४) हेर्नुहोस् ।

तालिम एवं क्षमता विकासमा सहभागी हुने अधिकृतहरूको प्रवर्द्धन् एवं सराहना गर्ने[२५]

वस्तुनिष्ठता र व्यावसायिकता झल्काउने यस्ता व्यवहारजन्य गुणहरूले पीडित/प्रभावितको आत्मविश्वास बढाउन मद्दत गर्नुका साथै, महिला तथा किशोरीहरू विरुद्ध हुने हिंसाका घटनाको उजुरी र अनुसन्धान तथा अभियोजनमा सहभागितालाई पनि सहजीकरण गर्नसक्छ ।

मेक्सिकोमा सन् २०१७मा गरिएको प्रहरी तालिम निर्देशिकामा युएनओडिसीले अमेरिकी न्याय विभागबाट प्रेरित भएको एक सूची उपलब्ध गराएको छ,[२६] जसमा महिला हिंसा लगायतका लैङ्गिकतामा आधारित हिंसाका पीडित/प्रभावितहरूको अन्तरवार्ता लिँदा प्रहरी अधिकृतहरूले सबैभन्दा बढी देखाउनसक्ने पूर्वाग्रहहरू समावेश छन्।[२७]

तल (बाकस २) दुवै स्रोतबाट लिइएका, प्रहरीकार्यमा सबैभन्दा व्याप्त पूर्वाग्रहहरू सूचीकृत गरिएका छन्, जसको परिणामस्वरुप महिला हिंसामा प्रहरीको प्रतिकार्य प्रत्युत्पादक हुन जान्छ :

त्यस अतिरिक्त, पीडित/प्रभावितको सामाजिक पृष्ठभूमि, विशेषगरी उनी संकटासन्न पृष्ठभूमिका हुन् भने, त्यसले उनीप्रतिको पूर्वाग्रहलाई कत्तिको प्रभाव पार्छ भन्ने पनि प्रहरी व्यवस्थापकहरूले ध्यान राख्नुपर्छ । यदि आक्रमणकर्ता विशेषगरी 'राम्रो परिवार'को भएमा, कुनै प्रकारको 'सामाजिक हैसियत' भएको व्यक्ति भएमा, वा प्रहरी अधिकृत नै वा सुरक्षा बलका सदस्य भएमा, उनीप्रति नराम्रो व्यवहार हुनसक्छ ।

प्रहरीमा भएका त्यस्ता पूर्वाग्रहहरूले एक 'सही' पीडित/प्रभावित कस्तो देखिनुपर्छ वा उनले कस्तो व्यवहार गर्नुपर्छ भन्नेबारे प्रहरीको आफ्नै व्याख्यालाई प्रभाव पार्नसक्छ । उदाहरणका लागि, यौन हिंसाको अनुभव गरेको एक 'पवित्र' र 'इज्जत दार' महिलाले तुरुन्त अनुसन्धान गर्ने सहमति जनाउनुपर्छ

बाकस २

महिला हिंसामा प्रहरीको प्रतिकार्यमा पहिचान गरिएका सबैभन्दा बढी व्याप्त पूर्वाग्रहहरू *

- पीडितले उजुरी ढिलो गर्छन्,
- पीडितले उस्तै प्रकृतिका उजुरीहरू विगतमा गर्ने गरेको,
- पीडितले घटना भएको समयमा कस्तो पहिरन लगाएकी थिइन् र उनले सामान्यतया कस्तो पहिरन लगाउँछिन्,
- उजुरी दर्ता गराउनमा पीडितको हिच्किचाहट,
- पीडितको यौनसम्बन्धीको विगत,
- पीडितको भावनात्मक अवस्था (उदाहरणका लागि, उनी शान्त देखिन्छन् वा हेर्दा चिन्तित देखिन्छन्),
- पीडितले प्रतिरोध नगरेको,
- पीडितको आपराधिक विगत, वा यौन व्यवसायमा उनको संलग्नता,
- पीडितमा मानसिक रोग छ भन्ने विश्वास,
- पीडित मदिरा वा अन्य लागूपदार्थको प्रभावमा भएको हुनसक्ने भन्ने मान्नु,
- पीडितको उचाईबाट आक्रमणकर्ताको उचाई तुलना/आँकलन गर्न सकिन्छ,
- पीडितमा कुनैपनि शारीरिक क्षतिको चिन्ह नदेखिनु,
- पीडितको समान लिङ्गको व्यक्तिले आक्रमण गरेको भएमा,
- पीडितको यौन अभिमूखीकरण वा लैङ्गिक पहिचान ।

*स्रोतहरू : संकटासन्न समूहहरूको सुरक्षाका लागि प्रहरी अधिकृतहरूको सुदृढीकरण तालिम निर्देशिका (मेक्सिको सरकारको साझेदारीमा युएनओडिसी, २०१७) र यौन दुर्व्यवहार तथा घरेलु हिंसाको प्रतिकार्यमा प्रहरीको लैङ्गिक पूर्वाग्रहको पहिचान तथा रोकथामका लागि न्याय विभागले जारी गरेको निर्देशिका (अमेरिकी न्याय विभाग, सार्वजनिक मामिलासम्बन्धी कार्यालय, २०१५)

भन्ने भ्रम छ । त्यसैगरी, त्यस प्रकारका हिंसा अनुभव गरेका महिलाद्वारा उजुरीमा ढिलाई हुनु भनेको केहि हदसम्म उनको तर्फबाछ अपत्यारिलो वा गलत उजुरी जस्तै मान्न मिल्छ भन्ने अर्को भ्रम छ ।त्यसबाहेक, गैरसरकारी संस्थाहरूको निष्कर्षले इंगित गरे अनुसार, विभिन्न प्रकारका अवरोधहरूका कारण अपाङ्गता भएका महिला तथा किशोरीविरुद्धका महिला हिंसाका घटनाहरूको प्रायः अनुसन्धान नहुने युएनएचसीएचआरको एक अध्ययनले उल्लेख गरेको छ । यस अन्तरगत अपाङ्गता भएका महिला तथा किशोरीहरूप्रतिको रुढिवादी दृष्टिकोण, र 'योग्य साक्षी' competent witness'का रुपमा हुनुपर्ने कानूनी क्षमताको आवश्यकता[२८] जस्ता संरचनागत अवरोधहरूका कारण प्रहरीले आपराधिक उजुरीहरू दर्ता नगर्ने लगायत पर्छन् ।

युएनपीओएलको सन् २०१५को लैङ्गिक टुलकिट *शान्तिस्थापना कार्यमा लैङ्गिक मूलप्रवाहीकरणबारे मानक असल अभ्यासहरूको*

२५ यस्ता तालिम महिला तथा किशोरीविरुद्ध हुने हिंसा पीडित/प्रभावितको सहयोगका लागि काम गर्ने गैर-सरकारी संस्था र सेवा प्रदायकहरूसँगको परामर्शका आधारमा गरिनु महत्वपूर्ण हुन्छ । प्रहरीकार्य र न्यायसम्बन्धी अत्यावश्यक सेवामा लैङ्गिक पूर्वाग्रह सम्बोधनबारे थप ठोस कदमका लागि, 'बलात्कारका मुद्दा - थाइल्याण्ड र भियतनाममा यौन हिंसाप्रति आपराधिक न्याय प्रणालीको प्रतिकार्यबारे बुझाई' (The Trial of Rape - Understanding the Criminal Justice System Response to Sexual Violence in Thailand and Viet Nam') (युएन वुमन, युएनडिपी, र युएनओडिसी, २०१७) ।

२६ धेरैवटा घटनामा, प्रत्यक्ष र अप्रत्यक्ष लैङ्गिक पूर्वाग्रहका कारण अनुसन्धानकर्ताहरूले असल अभ्यासको पालना नगर्ने वा अनुसन्धानको शुरुवात नै नगर्ने हुनसक्छ (अमेरिकी न्याय विभाग, २०१५)

२७ संकटासन्न समूहहरूको सुरक्षाका लागि प्रहरी अधिकृतहरूको सुदृढीकरण तालिम निर्देशिका (Training Manual for Police Officers Strengthening Program for the Security of Vulnerable Groups')(मेक्सिको सरकारको साझेदारीमा युएनओडिसी, २०१७) हेर्नुहोस् । साथै, महिला तथा किशोरीहरू विरुद्धका हिंसामा प्रभावकारी अभियोजन प्रतिकार्यबारे हातेपुस्तिका ('Handbook on Effective Prosecution Responses to Violence against Women and Girls') (युएनओडिसी, र युएन वुमनको साझेदारी, २०१४) पनि हेर्नुहोस् ।

२८ नोट २ हेर्नुहोस् ।

संग्रह (*Standardized Best Practices on Gender Mainstreaming in Peacekeeping Compendium of Project Tools*)ले पनि निश्चित प्रकारका भ्रमहरूले यौन हिंसाबारे प्रहरी अधिकृतहरूको सोचमा पार्नसक्ने प्रभाव र अनुसन्धानमा ल्याउनसक्ने अवरोधहरूका बारेमा निकै उपयोगी अन्तरदृष्टि उपलब्ध गराउँछ । विशेषगरी यौन हिंसा - निजी वा सार्वजनिक जेजस्तो भएपनि- अपराध हो र त्यस्ता घटनाको सम्पूर्ण रुपमा अनुसन्धान, रेकर्ड र दर्ता गरिनुका साथै आरोपित पीडकलाई पक्रिनुपर्छ भन्नेबारे अधिकृतहरूले स्पष्टसँग बुझेका छैनन् भने त्यस्ता भ्रमले उनीहरूको सोचमा प्रभाव पार्नुका साथै अनुसन्धानमा अवरोध सृजना गर्नसक्नछन् ।[२९] *युएनपीओएलको लैङ्गिक टुलकिटमा भएका बलात्कारसम्बन्धी भ्रमका केही उदाहरणहरू तल दिइएका छन् :*

बाकस ३

युएनपीओएलको लैङ्गिक टुलकिटमा भएका बलात्कारसम्बन्धी भ्रमहरू (२०१५)

भ्रम	तथ्य
बलात्कार पछाडिको प्रमुख नियत यौन सम्पर्क हो	बलात्कार पछाडिको प्रमुख उत्प्रेरकमा यौन सम्पर्क नभई, शक्ति, रिस, दमन र नियन्त्रण पर्छन् ।
निश्चित प्रकारका महिलाहरू मात्र बलात्कृत हुन्छन्	जुनसुकै महिला पनि बलात्कारको शिकार बन्न सक्छन् । यद्यपि, धेरै मानिसले उच्च नैतिक आचरण भएका ('असल केटीहरू') बलात्कृत हुन्नन् र तल्लो नैतिक आचरण भएका ('खराब केटीहरू') बलात्कृत हुन्छन् भन्ने सोचाई राख्छन् ।
महिलाहरूले बलात्कारको झूठो उजुरी दिन्छन्	बलात्कारका उजुरीहरूमध्ये निकै कम प्रतिशत मात्र झूठो उजुरी भएको आँकलन गरिएको छ ।
बलात्कार अपरिचित व्यक्तिबाट हुनेगर्छ	बलात्कारका बहुसंख्यक घटनामा पीडक परिचित व्यक्ति नै हुने गर्छन् ।
बलात्कारमा अत्याधिक शारीरिक हिंसा र हतियारको प्रयोग भएको हुन्छ	धेरैजसो बलात्कारमा अत्याधिक शारीरिक बलको प्रयोग भएको हुँदैन । आफूलाई गम्भीर चोटपटक लाग्नसक्ने वा मारिनसक्ने डरका कारण उनीहरूले आक्रमणप्रति कम प्रतिरोध जनाएको कुरा बहुसंख्यक पीडितले बताए । पीडितलाई वशमा राख्न किन बल वा हतियारको प्रयोग कम चाहिँदो रहेछ भन्नेपनि यसले बताउँछ ।
बलात्कारमा प्रष्टसँग देखिने चोटपटकका चिन्हहरू हुन्छन्	धेरैजसो बलात्कारमा उल्लेख्य मात्रामा बल प्रयोग नहुने हुँदा, शारीरिक चोटपटक नलागेको हुनसक्छ । शारीरिक चोटपटक छैन भन्दैमा, उक्त व्यक्तिको बलात्कार भएको होइन भन्ने हुँदैन । करिब एक-तिहाई बलात्कृतहरूमा मात्र देखिने शारीरिक घाउचोट लाग्ने गर्छ ।
महिलाले यौन सम्पर्कका लागि 'नाइँ' भन्नुको अर्थ वास्तवमा 'हुन्छ' हो	'नाइँ'को अर्थ नाइँ नै हुन्छ, यस सन्दर्भमा महिलाको चाहनालाई सदैव सम्मान गरिनुपर्छ ।
यौनकर्मीहरू बलात्कृत हुन सक्दैनन्	कुनैपनि पुरुष वा महिला, व्यवसायिक यौन उद्योगमा संलग्न भए वा नभएपनि, बलात्कृत हुन सक्छन् । अध्ययनहरूले देखाए अनुसार महिला तथा पुरुष यौनकर्मीहरू आफ्ना ग्राहक, प्रहरी वा उनीहरूका अन्तरंग साथीबाट उल्लेख्य मात्रामा बलात्कृत भएका छन् ।
एक पुरुषले आफ्नी श्रीमतीको बलात्कार गर्न सक्दैनन्	महिला पीडकसँग विवाहित भए वा नभएपनि, कुनैपनि जबरजस्ती यौन सम्पर्क वा बलपूर्वक गरिएको यौन क्रियाकलाप बलात्कारभित्र पर्छ । दुर्भाग्यवश, धेरैवटा देशका कानूनमा वैवाहिक सम्बन्धभित्रको बलात्कारलाई छुट दिइएको छ, र विवाहित महिला आफ्नै श्रीमानबाट बलात्कृत भएमा, त्यसलाई त्यस्ता कानूनले बलात्कार मान्दैन ।
बलात्कारको उजुरी प्रहरीमा तुरुन्तै गरिने गर्छ	बलात्कारका बहुसंख्यक घटनाको प्रहरीमा उजुरी नै हुँदैन । उजुरी गरिएकामध्ये पनि प्रायःजसो घटना घटेको २४ घण्टापछि गरिएका हुन्छन् । उजुरी गरेपनि कुनै कदम चालिने छैन भन्ने पीडित/प्रभावितले सोचेर, उनी वा उनका परिवारविरुद्ध पीडकले धम्की दिएको भएर, उनीहरू परिवार वा समुदायको प्रतिक्रियाबाट डराएर, वा लाज लागेर उजुरी दर्ता गर्दै नगर्ने वा ढिलाई गर्ने गर्छन् । केही पीडितले भने यो निजी मामिला हो भन्ने सोचेर वा घटनाबारे कहाँ उजुरी दिने भन्ने थाहा नभएर उजुरी गर्दैनन् ।

२९ युएन प्रहरी जेन्डर टुलकिट *शान्तिस्थापना कार्यमा लैङ्गिक मूलप्रवाहीकरणबारे मानक असल अभ्यासहरूको संग्रह* (*Standardized Best Practices on Gender Mainstreaming in Peacekeeping Compendium of Project Tools*) (संयुक्त राष्ट्रसंघीय शान्तिकार्य विभाग, २०१५), http://repository.un.org/handle/11176/387374 मा, पृ.१९७ । यौन हिंसा पीडितका लागि चिकित्सीय-कानूनी स्याहारबारे विश्व स्वास्थ्य संगठनको निर्देशिका (२००३) पनि हेर्नुहोस् ।

फोटो सौजन्य : महिला, कानुन र विकास मञ्च/ चूएन वुमन

लैङ्गिक-संवेदनशील प्रहरीकार्यका लागि प्राथमिकता र लक्ष्यहरू तय गर्ने

यथार्थपरक प्राथमिकता र सम्बन्धित लक्ष्यहरू तय गर्नु आफ्नो टोलीको उत्प्रेरणा कायम राख्ने सबैभन्दा प्रभावकारी तरिका हो । यद्यपि, एक टोली नेताका रुपमा तपाईंले तय गर्ने लक्ष्यका **प्रकार** र **गुणस्तर**ले तपाईंको टोलीको सफलतामा प्रभाव पार्छ । तपाईंको संगठनको रणनीतिक प्राथमिकताले तपाईंको लक्ष्यहरूको प्रकार र गुणस्तर निर्धारण गर्छभने, तपाईंको स्थानीय समुदायको सुरक्षा माग अनुसार तिनको समायोजन गरिनुपर्छ ।

लैङ्गिक समानता तथा महिला सशक्तीकरण प्रवर्द्धन् र प्रहरीकार्यका सकारात्मक परिणाम प्राप्तीका लागि लैङ्गिक सम्बन्धहरुको प्रकृतिबारे बुझाई हुनु मूल कुरा हुन्छ । साझा शक्तिको प्रवर्द्धन्, स्रोतहरुमा समान पहुँच र साझा निर्णय प्रक्रियाका लागि असमान लैङ्गिक सम्बन्धहरुलाई रुपान्तरण गरौं

तपाईंको कार्यगत सफलताको मुख्य कारक तपाईंको समुदायको नयाँ नयाँ तथा विभिन्न प्रकारका सुरक्षा आवश्यकताबारे जानकारी हुनु हो । तपाईंको टोलीका सदस्यहरको नकारात्मक वा पूर्वाग्रही सोचका कारण समुदायभित्रका निश्चित सदस्य वा समूहविरुद्ध विभेद ल्याउँछ भने, त्यसले तपाईंको कार्यगत प्रभावकारितालाई अवमूल्यन गरिदिन्छ ।

त्यस विपरित, सकारात्मक सोच र महिला हिंसाका पीडितहरूसँग काम गर्ने र उनीहरूको सहयोग गर्ने इच्छाशक्ति दर्शाउने प्रहरीका व्यवहारले तपाईंको समुदायभित्र प्रहरीका प्रयासहरूलाई वैधानिकता प्रदान गर्न मद्दत मिल्छ । समुदायका सुरक्षासम्बन्धी फरक फरक आवश्यकताबारे बुझेर त्यसलाई ध्यानमा राख्दा, मानव बेचविखन र आधुनिक दासताजस्ता अन्य अपराधसँग महिला हिंसा कसरी सम्बन्धित छ भन्ने लगायतका स्थानीय अपराधका प्रवृत्तिबारे प्रहरीले बढी जानकारी प्राप्त गर्ने हुनाले, प्रहरीकार्यको समग्र सेवालाई थप राम्रो बनाउन सम्भव हुन्छ ।

तपाईंको संगठनले प्रवर्द्धन् एवं संस्थागत गर्ने मुख्य दक्षता र सीपहरूले राष्ट्रिय प्राथमिकताहरू प्रतिबिम्बित गर्ने हुनाले, सकारात्मक सोच र महिला हिंसामा प्रभावकारी प्रतिकार्यका लागि प्रहरीको व्यवहारलाई त्यसभित्र प्रतिबिम्बित गराइनु पर्छ ।

यद्यपि, प्राथमिकताका लागि समस्याबारे र उक्त समस्या किन सम्बोधन गरिनुपर्छ भन्नेबारे साझा बुझाई हुनुपर्छ । महिला हिंसाका सन्दर्भमा, यसका प्रकृति, कारण तथा परिणामहरू र यसले महिला तथा किशोरीहरूलाई फरक एवं असमानुपातिक रुपमा पार्ने असरहरूबारे वरिष्ठ प्रहरी नेतृत्वले सुसूचित र साझा बुझाई स्थापना गर्नु अपरिहार्य हुन्छ । यसले एक मध्यम तहको व्यवस्थापकका रुपमा, तपाईंलाई आफ्नो संगठनको रुपान्तरण को एक सक्रिय वाहक बन्न र त्यस प्रक्रियामा कर्मचारीहरूद्वारा देखाइएको कुनैपनि हानीकारक पूर्वाग्रह न्यूनीकरण गर्न संस्थागत वैधानिकता प्रदान गर्छ ।

जुनसुकै ओहदाका लगायत, समग्र प्रहरी संगठनले आफ्ना प्रयासहरूको लगानी कुन दिशामा गर्नुपर्ने हो भन्ने थाहा पाउनका लागि, प्राथमिकताहरूमा पनि स्पष्ट रणनीतिक दूरदृष्टि हुनु आवश्यक हुन्छ ।

लैङ्गिक-संवेदनशील प्रहरी रुपान्तरका लागि पाठ १० : 'संस्था निर्माण' र पाठ ११ : 'लैङ्गिक-संवेदनशील प्रहरीकार्य कार्यान्वयनका लागि चुनौती तथा रणनीतिहरू' हेर्नुहोस् ।

महिला हिंसाको प्रतिकार्यसम्बन्धी एक प्रहरी संगठनको रणनीतिक दूरदृष्टिको एक काल्पनिक उदाहरण यस्तो हुनसक्छ :

पीडित/प्रभावितका आवश्यकतालाई प्राथमिकता दिने र उनीहरूको सुस्वास्थ्य सुनिश्चित गर्ने अत्यावश्यक सेवाहरूसँग जोडिदिने प्रभावकारी एवं पर्याप्त प्रहरी सेवाका परिणामस्वरुप महिला हिंसाको उजुरी र निवारणमा बृद्धि

यस काल्पनिक दूरदृष्टिका आधारमा, प्राथमिकता, लक्ष्य र रणनीतिहरू स्थापित गर्न सकिन्छन् । तल, चित्र ३मा महिला हिंसाप्रति लैङ्गिक-संवेदनशील प्रहरीकार्यका लागि अत्यावश्यक सेवा प्याकेजका सिद्धान्त र साझा गुणहरू प्रतिबिम्बित गर्दै लक्ष्य निर्धारण गर्ने एक सरलीकृत ढाँचा दिइएको छ ।

चित्र ३

महिला हिंसाप्रति लैङ्गिक-संवेदनशील प्रहरीकार्यका लागि लक्ष्य निर्धारण गर्ने ढाँचाको उदाहरण



फोठो सौजन्य : महिला, कानुन र विकास मञ्चर यूथ्न वुमन

प्रस्तावित यी लक्ष्य प्राप्तीका लागि मध्यम तहका व्यवस्थापकह रूले चाल्नुपर्ने रणनीतिक कदमहरूका केही उदाहरण यसप्रकार छन् :

१. महिला तथा किशोरी विरुद्ध हिंसाको रोकथाम र अनुसन्धानका खातिर थप सुसूचित प्रतिकार्यका लागि महिला वा नागरिक समाजका संस्था, शिक्षाविद्, अल्पसंख्यक र जोखिममा रहेका समूह जस्ता बाह्य सरोकारवाला र अन्य मुख्य पक्षहरूसँग कार्यगत सम्बन्धहरू स्थापना गर्ने;

२. महिला तथा किशोरी विरुद्ध हिंसाको अनुसन्धान पीडित/प्रभावित-केन्द्रित र अधिकारमा आधारित रहेको सुनिश्चित गर्न त्यसमा लागू गरिएका मुख्य दक्षताहरू र सफ्ट स्किल सेटहरूको मानकीकरण र गुणस्तर नियन्त्रणको प्रत्याभूति गर्ने;

३. उदाहरणद्वारा प्रवर्द्धन् गर्ने र महिला तथा किशोरी विरुद्ध हिंसाको रोकथाम र अनुसन्धानमा तालिम र शिक्षाको पाटोलाई थप सुदृढ गर्ने जसले गर्दा पहिलो सम्पर्कमा आउने अधिकारीहरूले पीडित/प्रभावितसँग अधिकारमा आधारित, लैङ्गिक-उत्तरदायी, आघात-सूचित र गैरभेदभावपूर्ण व्यवहार गरुन् ।

अर्थपूर्ण सहभागिता लैङ्गिक-उत्तरदायी प्रहरी सेवाको मुख्य पक्ष हो

यस अघि छलफल गरिएझैं, महिला तथा किशोरी विरुद्ध हिंसाका घटनामा प्रहरीका तर्फबाट प्रभावकारी र लैङ्गिक-उत्तरदायी प्रतिकार्यका लागि पीडित/प्रभावितको **अर्थपूर्ण सहभागिता** सुनिश्चित गर्न प्रहरी नेतृत्वबाट रणनीतिक प्रतिबद्धता आवश्यक हुन्छ ।

अर्थपूर्ण सहभागिताका लागि व्यक्ति र उनीहरूका समुदायले आफूलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने निर्णयहरूमा सहभागी हुन पाउनुपर्छ, जसमा कार्यक्रम तथा क्रियाकलापहरूको डिजाइन, कार्यान्वयन र अनुगमन पनि समावेश छ । यसले विभिन्न रूप लिन सक्छ, जसमा पीडित/प्रभावितहरूलाई सन्तुलित, वस्तुनिष्ठ जानकारी उपलब्ध गराउने पनि पर्छ, जसले गर्दा उनीहरूले आफ्नो हकहितलाई असर गर्ने प्रमुख निर्णयहरूमा नजिकबाट नियन्त्रण राख्न सक्नेछन् । यसमा वैकल्पिक समाधानहरूको विकास र पहिचानसहित निर्णय लिने प्रक्रियामा उनीहरूको प्रतिक्रिया प्राप्त गर्न उनीहरूसँग परामर्श लिने कार्य पनि समावेश हुनसक्छ ।

'अर्थपूर्ण' अवधारणाले महिला र किशोरीहरूको उपस्थित मात्र माग गर्दैन, त्यसमा उनीहरूका सरोकारहरू सुन्ने र त्यसलाई सम्बोधन गर्ने कुरा पनि पर्छ । प्रहरीका रणनीतिहरू लैङ्गिक दृष्टिकोणले सुसूचित र विकसित गरिएको सुनिश्चित गर्न र त्यसको परिणामले सम्पूर्ण समाजलाई पनि फाइदा पुऱ्याउँछ भन्ने कुरा सुनिश्चित गर्न उनीहरूलाई आफ्नो ज्ञान उपयोग गर्ने र आफूलाई आवश्यक भएको कुराहरू व्यक्त गर्ने अवसर प्रदान गरिनुपर्छ ।

फोटो सौजन्य : यूएन वुमन/नेपाल

उदाहरणका लागि, विश्वभरका प्रहरी फौजहरूमा सामान्यतया महिलाहरूको प्रतिनिधित्व कम छ। संरचनात्मक र संस्थागत व्यवधान, र लैंगिकताका सम्बन्धमा विद्यमान नकारात्मक रुढिवादले महिलाहरूका लागि कार्यस्थलको वातावरणलाई उल्लेखनीय रूपमा असर गर्छ, र यी कारकहरू अपाङ्गता भएका महिला र/वा अल्पसंख्यक जातीय समूह वा समुदायका महिलाहरूका लागि थप जटिल हुने गर्छन्।

प्रहरी संगठनको वैधानिकता तब बढ्छ जब उनीहरूले सेवा गर्ने समूह र समुदायहरूले उनीहरूसँग पहिचानकासाथै प्रतिनिधित्व भएको महसुस गर्न सक्छन्।

लैङ्गिक-उत्तरदायी प्रहरी सेवा अन्तरनिहित रूपमा समावेशी र प्रतिनिधि हुन आवश्यक छ जसमा नागरिक समाजका पैरवीकर्ताहरूसँग सूचना आदानप्रदान संयन्त्रको विकास गर्न आवश्यक हुन्छ। तथापि, नागरिक समाजका संस्थाहरू आफैं अपाङ्गता भएका व्यक्तिहरू समावेशी छैनन् भन्ने कुरालाई ध्यानमा राख्नुपर्ने हुन्छ।

प्रहरी रणनीति र कार्यवाहीहरूमा पीडित/प्रभावित र उनीहरूका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न हातेपुस्तिकाले प्रहरी व्यवस्थापनले सबै अत्यावश्यक सेवाहरूले अन्तर्निहित रूपमा देखाउनु पर्ने नौ साझा विशेषताहरूलाई सन्दर्भका रुपमा लिनुपर्ने प्रस्ताव गर्दछ। अत्यावश्यक सेवा प्याकेज (इएसपीं) मा उल्लेख भएका यी साझा विशेषताहरूले न्याय प्रक्रियामा पीडितहरू/प्रभावितहरू अर्थपूर्ण रूपमा सहभागी भएको सुनिश्चित गर्नका लागि सबै अत्यावश्यक सेवाका प्रयासहरू अधिकतम सकारात्मक प्रभाव निम्त्याउनेतर्फ समाञ्जस्य गर्दछ। महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्यमा प्रभावकारी प्रहरी रोकथाम र अनुसन्धान कार्य तथा गतिविधिहरू महत्वपूर्ण हुनेगर्छन्।

चित्र ४

महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाका पीडित/प्रभावितहरूको अर्थपूर्ण सहभागितामा आधारित गुणस्तरीय प्रहरी प्रतिकार्यका साझा विशेषताहरू

इएसपीद्वारा वर्णन गरिए अनुसारका साझा विशेषताहरू निम्नलिखित छन् :

१. **उपलब्धता:** बसोबास स्थान, राष्ट्रियता, जाति, जात, वर्ग, आप्रवासी वा शरणार्थीको हैसियत, आदिवासी हैसियत, उमेर, धर्म, भाषा र साक्षरताको स्तर, यौन झुकाव, वैवाहिक स्थिति, अपाङ्गता र अन्य कुनै विशेषता जे-जस्तो भएपनि सबै अत्यावश्यक सेवाहरू सबैका लागि पर्याप्त मात्रा र गुणस्तरमा उपलब्ध हुनुपर्छ ।

२. **पहुँचयुक्तता:** सबै अत्यावश्यक सेवाहरू बिना भेदभाव सबैको लागि पहुँचयुक्त हुनुपर्छ । ती शारीरिक रूपमा पहुँचयुक्त हुनुपर्छ (सेवाहरू सबै महिला र किशोरीहरूका लागि सुरक्षित भौतिक पहुँच भित्र रहेको), आर्थिक रूपमा पहुँचयुक्त (धान्न सकिने) र भाषिक रूपमा पहुँचयुक्त (जानकारी विभिन्न ढाँचामा उपलब्ध गराइएको) हुनुपर्छ ।

३. **अनुकूलनयोग्यता:** सबै अत्यावश्यक सेवाहरूले महिला र समुदायका विभिन्न समूहहरूमा हिंसाको भिन्न प्रभावलाई स्वीकार गर्नुपर्छ । तिनले मानव अधिकार (र सांस्कृतिक रूपमा सचेत सिद्धान्तहरू) एकीकृत गर्ने तरिकाले पीडित तथा प्रभावितहरूको आवश्यकतालाई सम्बोधन गर्नुपर्छ ।[३०]

४. **उपयुक्तता:** सबै अत्यावश्यक सेवाहरूले पीडित/प्रभावितको मर्यादालाई सम्मान गर्नुपर्छ; उनीहरूको गोपनियता प्रत्याभूत गर्नुपर्छ; उनीहरूको आवश्यकता र दृष्टिकोणप्रति संवेदनशील हुनुपर्छ र अन्य प्रकृतिका पीडित बनाउने कार्यलाई कम गर्नुपर्छ ।

५. **सुरक्षालाई प्राथमिकता दिने:** पीडित/प्रभावितले आफ्नो तत्काल र निरन्तर सुरक्षाका लागि धेरै जोखिमहरूको सामना गर्छन् । यी जोखिमहरू प्रत्येक व्यक्तिको व्यक्तिगत परिस्थिति अनुसार पृथक हुनेगर्छ । जोखिम मूल्याङ्कन र व्यवस्थापनले जोखिमको स्तर कम गर्न सक्छ । असल अभ्यास जोखिम मूल्याङ्कन र व्यवस्थापनमा सामाजिक, स्वास्थ्य, प्रहरी र न्याय क्षेत्रहरूभित्र र बीच सुसंगत र समन्वयकारी अवधारणा समावेश हुनेगर्छ ।

३० सबै अत्यावश्यक सेवाहरू अपाङ्गता भएका महिला र किशोरीसहित सबैका लागि पहुँचयुक्त हुनुपर्छ । हरेक प्रकारको अशक्तता (दृष्टि, श्रवण, हिंडडुल, मानसिक स्वास्थ्य, मनोसामाजिक आदि)का लागि मापदण्ड हुनुपर्छ र विभिन्न प्रकारका अपाङ्गता भएका महिला तथा किशोरीहरूका आवश्यकताहरूलाई सम्बोधन गर्न तालिमप्राप्त कर्मचारीहरू हुनुपर्छ । हेर्नुहोस्, 'Women and Young Persons with Disabilities: Guidelines for Providing Rights-Based and Gender-Responsive Services to Address Gender-Based Violence and Sexual and Reproductive Health and Rights' (UNFPA-WIE, 2018)

बाकस ४

पहुँचयुक्ततामा देहाय अनुसारका विषयहरू पनि समावेश हुन्छन् :

भौतिक पहुँचयुक्तता : सेवाहरू उपलब्ध हुने स्थान, प्रवेशद्वार, र पार्किङ क्षेत्र पनि हिंडडुलमा असक्तता भएका महिला र किशोरीहरूका लागि पुहँचयुक्त हुनुपर्छ । परिसरभित्र हिंडडुलको साधन भएका र/वा संवेदनात्मक अपाङ्गता भएका व्यक्तिहरूका लागि हिंडडुल सम्भव हुनुपर्छ ;

सूचना र सञ्चार पहुँचयुक्तता : सबै प्रकारका अपाङ्गता भएका महिला र किशोरीहरूका लागि सूचना पहुँचयुक्त हुनुपर्छ । विभिन्न माध्यमहरू उपलब्ध हुनुपर्छ, जस्तै: दोभाषे सेवा, सादा भाषा, श्रव्य, ठूलो अक्षर, ब्रेल, इजी टु रिड, र चित्रात्मक भाषा, आदिका प्रयोग । पीडित/प्रभावितले स्पष्ट स्वतन्त्र र सुसूचित सहमति दिएको अवस्थामा बाहेक परिवारका सदस्य वा हेरचाहकर्तालाई दोभाषेका रुपमा प्रयोग गर्ने कुरामा सचेत रहनुहोस्, किनभने परिवारका सदस्य वा हेरचाकर्ता पनि हिंसाका पीडक हुनसक्छन् ।

६. **सूचित सहमति र गोपनीयता:** पीडित/प्रभावितहरूले उनीहरूका कुराहरू सुनिँदै छ र उनीहरूका आवश्यकताहरू बुझि सम्बोधन गरिँदै छ भन्ने कुरा जान्न आवश्यक छ । सूचना, र यसलाई सञ्चार गर्ने तरिकाले पीडित/प्रभावितहरूलाई अत्यावश्यक सेवाहरू लिन प्रोत्साहित गर्न सक्छ । पीडित /प्रभावितहरूसँगको सबै सञ्चारले उनीहरूको मर्यादालाई प्रवर्द्धन् गर्नुपर्छ र उनीहरूप्रति सम्मान गर्नुपर्छ ।

७. **सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरू -द्वारा प्रभावकारी सञ्चार र सहभागिता:** सबै अत्यावश्यक सेवाहरू पीडित/प्रभावितहरूको गोपनीयताको रक्षा गर्ने, गोपनियताको प्रत्याभूत गर्ने र सम्भव भएसम्म उनीहरूको सूचित सहमतिमा मात्र जानकारी खुलासा गर्ने तरिकाले प्रदान गरिनुपर्छ । हिंसाबाट पीडित/प्रभावितका बारेमा जानकारी अत्यन्तै संवेदनशील हुन सक्छ । यो जानकारी अनुपयुक्त रूपमा आदानप्रदान गर्दा महिला तथा किशोर ीहरू, र उनीहरूलाई सहयोग प्रदान गर्ने व्यक्तिहरूका लागि गम्भीर र सम्भावित जीवनलाई खतरामा पार्ने परिणामहरू निम्तिन सक्छ ।

८. **डाटा सङ्कलन र सूचना व्यवस्थापन:** महिला र किशोरीहरूलाई प्रदान गरिएका सेवाहरूका बारेमा तथ्याङ्को निरन्तर र सटीक सङ्कलन सेवाहरूको निरन्तर सुधारलाई सहयोग

फोटो सौजन्यः माइती नेपाल

गर्न महत्वपूर्ण हुन्छ।[३१] सबै अत्यावश्यक सेवाहरूमा सही अभिलेखनकासाथै पीडित/प्रभावितहरूबारे र उनीहरूलाई प्रदान गरिएका सेवाहरूसम्बन्धी जानकारीको गोप्य, सुरक्षित भण्डारण लागि स्पष्ट र अभिलिखित प्रक्रियाहरू हुनुपर्छ।

९. **समन्वयमार्फत अन्य क्षेत्र र निकायरूसँग सम्पर्कः** समन्वयको माध्यमबाट अन्य क्षेत्र र निकायहरूसँग सम्पर्क गर्ने, जस्तै प्रेषण मार्गहरूले महिला र किशोरीहरूलाई समयमै र उपयुक्त सेवाहरू प्राप्त गर्न मद्दत गर्नेछ। प्रेषण प्रक्रियाहरूमा सूचित सहमतिको लागि मानकहरू समावेश हुनुपर्छ। पीडित र प्रभावितहरूका लागि विभिन्न अत्यावश्यक सेवाहरूको सहज आपूर्ति सुनिश्चित गर्न प्रत्येक सेवाको स्पष्ट जिम्मेवारीसहित प्रेषण विधि बारे प्रोटोकल र सम्झौताहरू हुनु आवश्यक छ।

महिला तथा किशोरीहरू विरुद्ध हुने हिंसाको प्रतिकार्य सामुदायिक संलग्नता र स्थानीय सन्दर्भ बारेमा जानकार हुने कार्यबाट सुरु हुन्छ

राष्ट्रिय सुरक्षा नीतिले तपाईंको रणनीतिक प्राथमिकताहरू परिभाषित गर्ने हुनाले त्यसले प्रहरी परिचालन प्रबन्धकहरूलाई स्थानीय साझेदारहरूसँगको समन्वयमा कमाण्ड अन्तर्गतका स्थानीय क्षेत्रहरूमा व्यवहारमा रूपान्तरण गरिनुपर्ने केन्द्रीय उद्देश्यहरू पनि उपलब्ध गराउनुपर्छ।[३२]

सैद्धान्तिक रूपमा, सुरक्षा प्राथमिकताहरू बारे प्रहरीलाई जानकारी दिन र परामर्श गर्न सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई

३१ Humanity & Inclusion ले सबै अत्यावश्यकहरूले अपाङ्गताको आधारमा विखण्डित तथ्याङ्क संकलन गर्न सिफारिस गर्दछ। थप जानकारीका लागि हेर्नुहोस् :www.hi-us.org/

३२ महिला तथा किशारीविरुद्ध हिंसालाई सम्बोधन गर्ने रणनीतिले अन्य रणनीतिक ढाँचाहरूमा योगदान पुऱ्याउने हासिल गर्न सक्ने लक्ष्यहरू प्रस्तुत गर्नुपर्छ, जस्तैः बालबालिको सेवा योजना र राष्ट्रिय स्वास्थ्य रणनीतिहरूसँग जोड्ने। यसरी, सम्बन्धित निकायले महिला तथा किशोरी विरुद्धको हिंसा सम्बोधन गर्ने कार्य अपराध र सार्वजनिक सुरक्षाको विषमात्र नभई समग्र सरकारको प्राथामिकताको विषय भएको सुनिश्चत गर्न सक्छन्।

बढावा दिने परामर्श संयन्त्रहरू हुनुपर्छ । यी संयन्त्रहरू विभिन्न रूपमा हुन सक्छन्, त्यो नगरस्तरीय सार्वजनिक मञ्च वा सामुदायिक प्रहरी समितिहरू हुनसक्छन् जहाँ आदर्श रूपमा समुदायले प्रहरीलाई उनीहरूको विविध सुरक्षा आवश्यकताहरू बारे जानकारी गराउँदछ र जहाँ प्रहरीले महिला, पुरुष, केटी र केटाहरूको फरक-फरक सुरक्षा आवश्यकताहरूलाई बुझ्ने प्रयास गर्दछ ।

नेतृत्व भनेको जनताबारे हो, प्रक्रिया, नीति वा काजगपत्र होइन ।

त्यस्ता संयन्त्रहरू रहेको अवस्थामा ती र सहभागी समितिहरूमा विभिन्न पृष्ठभूमिका व्यक्तिहरू समावेश भएको र प्रायः पुरुष र स्व-नियुक्त हुने 'सामुदायिक नेताहरू'सँग संलग्न हुने पूर्वनिर्धारित कार्य अवरुद्ध भएको अवस्था महत्वपूर्ण हुन्छ । महिला तथा किशोरी विरुद्ध हिंसालाई प्रभावकारी रूपमा सम्बोधन गर्न परामर्श संयन्त्रहरू कसरी जानकारीको बहुमूल्य स्रोत र साझेदारी निर्माण बन्न सक्छ भन्ने बारेमा प्रहरी नेतृत्व सचेत हुनुपर्छ ।

स्थानीय परामर्श संयन्त्र नरहेको अवस्थामा प्रहरी नेतृत्वले उनीहरूको पक्षमा वकालत गर्ने प्रयास गर्नुपर्छ वा उनीहरूको स्थापनाको प्रवर्द्धन गर्न सरोकारवालाहरूसँग सामेल हुनुपर्छ । आफूले सेवा गर्ने समुदायहरूसँगको सहकार्यका लागि प्रवेश बिन्दुहरू पहिचान गर्न प्रहरीको महत्वपूर्ण भूमिका हुन्छ, र त्यसले अपराध र हिंसालाइ रोक्न मद्दत गर्दछ । अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक (एलजीबीटीआई) व्यक्ति, वृद्धवृद्धा, जोखिममा रहेका युवा र दुर्गम क्षेत्रमा बस्ने व्यक्ति जस्ता हिंसात्मक अपराधहरूको बढी जोखिममा रहेका सामुदायिक समूह वा सदस्यहरूको आवाज परामर्श प्रक्रियामा अर्थपूर्ण रुपमा प्रतिनिधित्व भएकोसुनिश्चित गर्ने जिम्मेवारी प्रहरीको पनि उत्तिकै छ ।

परामर्श संयन्त्रका थप उदाहरणहरूका लागि अध्याय ३: रोकथाम र अध्याय ८: 'न्याय निकायहरूसँग समन्वय' हेर्नुहोस् ।

त्यसका अतिरिक्त, महिला तथा किशोरी विरुद्धको हिंसाको निश्चित रुपहरूका सम्बन्धमा असमानुपातिकता (disproportionality) बुझ्न आवश्यक छ, उदाहरणका लागि, तपाईंको समुदायका किशोरी र महिलाहरूको कुन समूह महिला जनेन्द्रिय छेदन र/वा जबरजस्ती विवाहको उच्च जोखिममा हुन सक्छन् ।

हिंसाको प्रकृति, यसका कारण र परिणामहरू र यसले महिला तथा किशोरीहरूलाई कसरी फरक र असमान रूपमा प्रभाव पार्छ भन्ने कुराको बुझाईबारे बृहत परामर्श प्रक्रियाको एउटा अंशका रूपमा छलफल गरिनुपर्छ । यस्तो प्रक्रियामा विभिन्न समुदायहरू, स्थानीय महिलाका संगठनहरू, अल्पसंख्यक व्यक्ति तथा समूहहरूको प्रतिनिधित्व गर्ने संस्थाहरूका साथै न्यायिक प्रणालीको अनुभव भएका पीडित/प्रभावितहरूको (सहमति, गोपनीयता र सुरक्षा सुनिश्चित गर्दै) अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ ।

यस्तो जानकारीले समृद्ध, विविध प्रतिनिधित्व र परामर्शले भरिपूर्ण प्रहरी नेतृत्वले महिला तथा किशोरी विरुद्ध हिंसाको घटना हुँदा विभिन्न पीडित/प्रभावितहरूका मागहरू अझ राम्रोसँग पूरा गर्न पीडित-केन्द्रित अवधारणा[३३] तयार गर्न सक्छ ।

प्रहरीको रूपमा सम्झनुहोस् तपाई अभिन्न हुनुहुन्छ समुदायको अंश, र समुदाय तपाईं को एक अभिन्न अंग हो !

प्रभावित समुदायहरूसँग सक्रिय रुपमा संलग्न हुँदै महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूमा पीडित-केन्द्रित अवधारणा लागू गर्ने मानक अभ्यासले प्रहरीलाई उनीहरूले सेवा गर्ने समुदायहरूद्वारा वैध र लैङ्गिक-उत्तरदायी अत्यावश्यक सेवा प्रदायकका रूपमा हेरिने अवस्थामा बल पुऱ्याउँछ ।

त्यसैले लैङ्गिक-उत्तरदायी प्रहरी सेवाई महिला तथा किशोरी विरुद्ध हिंसा रोक्नका लागि उनीहरूले सेवा गर्ने समुदायका विभिन्न समूहहरूसँग प्रहरीको विद्यमान सहकार्य र पीडक-केन्द्रित र अधिकारमा आधारित हुन प्रयास गर्ने अनुसन्धानमा महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूको अर्थपूर्ण सहभागिताबीचको समिश्रणका रुपमा हेर्न सकिन्छ ।

निम्नलिखित परिदृश्यहरूले महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्यमा कार्यसञ्चालन सफलता कस्तो देखिनसक्छ भन्ने उदाहरणहरू प्रस्तुत गर्दछन् :

---

३३ इएसपी ढाँचा अनुसार, 'पीडित केन्द्रित' वा 'प्रभावित-केन्द्रित' अवधारणाले महिला र किशोरीहरूको अधिकार, आवश्यकता र आकांक्षाहरूलाई सेवा आपूर्तिको केन्द्रबिन्दुमा राख्दछ । यसका लागि पीडित/प्रभावितको विभिन्न आवश्यकताहरू, विविध जोखिम र संकटसन्नताहरू, लिइएको निर्णय र कार्यवाहीको प्रभावलाई ध्यानमा राख्दै सेवाहरू हरेक महिला र किशोरीका पृथक आवश्यकताहरू अनुरुप सेवाहरू बनाइएको सुनिश्चित गर्नुपर्छ । सेवाहरूले उनका आकांक्षाहरूलाई सम्बोधन गर्नुपर्छ । हेर्नुहोस् :https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2015/essential-services-package-module-1-en.pdf?la=en&vs=3347 p. 13.

१

परिदृश्य १:

समुदायका सदस्यहरू र स्वास्थ्य, सामाजिक सेवा र न्याय क्षेत्रका सम्बद्ध पक्षहरूसँगको समन्वयमा सम्पूर्ण पीडक-केन्द्रित अनुसन्धान प्रक्रियाभरी विना भेदभाव महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितको संलग्नता र परामर्श सुनिश्चित गरी प्रहरी सेवाद्वारा महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितका आवश्यकताहरू पूरा गरिएको

२

परिदृश्य २:

पीडित केन्द्रित अनुसानको अभ्यासका साथै महिला तथा किशोरी विरुद्ध हुने हिंसालाई रोक्ने प्रहरी र समुदायबीचको अग्रसक्रिय सहकार्यले अझ धेरै पीडित/प्रभावितहरूलाई प्रहरीमा उजुरी गर्न र त्यसको न्यायिक प्रक्रियामा सहभागी हुन सशक्त बनाएको छ ।

३

परिदृश्य ३:

पीडित/प्रभावितहरूको विविध माग पूरा गर्न सक्षम पीडित/प्रभावित केन्द्रित अवधारणा सुनिश्चित गर्न प्रहरी र समुदायहरूबचि सक्रिय साझेदारी हुनाको साथै पीडकहरूलाई जिम्मेवार ठहर गरी हिंसा गरे वापत त्यसको परिणाम भोगेपछि महिला तथा किशोरी विरुद्ध हुने हिंसा जोखिमहरू कम भएको छ ।

४

परिदृश्य ४:

प्रहरीबाट नागरिक सुरक्षाका आदेशहरू प्रभावकारी रुपमा लागु गर्दै त्यस्तो आदेशको उल्लङ्घन गरी एउटै वा अन्य पीडित/प्रभावितलाई पुनःप्रताडित गरेमा त्यसको परिणाम भोग्नुपर्छ भन्ने स्पष्ट सूचना प्रभाव गरेपछि अन्तरवैयक्तिक हिंसा जस्ता महिला तथा किशोरी विरुद्धका हिंसाका पीडकहरूबाट पुनःअपराध हुने सम्भावना न्यून रहेको छ ।

तपाईंको प्रयासमा साथसहयोग: महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्यमा लैङ्गिक-संवेदनशील सूचकहरू

महिला तथा किशोरी विरुद्ध हिंसालाई प्रतिकार्यमा टोलीको सफलताको योजना बनाउने कार्य कार्यान्वयन भइरहेका गतिविधिहरूको स्वामित्व लिनसक्ने तपाईंको टोलीको क्षमतामा भर पर्नेछ । यसको अर्थ महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्यमा सबै टोली सदस्यहरूले आफ्नो र एकअर्काको भूमिका र जिम्मेवारीहरू बुझ्दछन् ।

हातेपुस्तकले प्रहरी संगठनहरूमा टोलीको भूमिका र जिम्मेवारीहरू फरक-फरक हुनेगर्छ भन्ने कुरालाई स्वीकार गरेको छ । यद्यपि, टोलीका सबै सदस्यहरूले, टोलीमा उनीहरूको भूमिकालाई जे-जस्तो भएपनि, महिला तथा किशोरी विरुद्ध हिंसाको प्रभावकारी प्रतिकार्य आधारित हुने नरम सीप समूह र दक्षताहरू प्रदर्शन गर्ने प्रयास गर्नुपर्छ । यी सीप समूह र दक्षता हरूबारे हातेपुस्तिकाको पछिल्ला अध्यायहरूमा छलफल गरिनेछ र त्यसले इएसपीका सिद्धान्तहरू र साझा विशेषताहरूलाई प्रतिबिम्बित गर्नेछ (चित्र २) ।

टोलीको सफलताको लागि योजना निर्माणमा समग्र टोलीको कार्यसम्पादन र त्यसपछिको आवश्यक मार्गदर्शनका लागि आवश्यक हुने लैङ्गिक-संवेदनशील र लैङ्गिक-विखण्डित तथ्याङ्क पहिचान गर्ने, संग्रह गर्ने, विश्लेषण गर्ने र उपयोग गर्ने कार्य समावेश हुने गर्छ । टोलीको तथ्याङ्क सङ्कलनले लैङ्गिकतासम्बन्धित अपराधको मात्रालाई प्रतिबिम्बित गर्नुपर्छ किनभने महिला, पुरुष, केटा र केटीहरूको सुरक्षाको यो महत्वपूर्ण सूचक हो ।[३४]

त्यसैकारण महिला तथा किशोरी विरुद्ध हिंसामा तपाइँको प्रहरी कार्यहरू पीडित/प्रभावितका आवश्यकताहरूप्रति संवेदनशील रहेको सुनिश्चित गर्न लैङ्गिक-संवेदनशील कार्यसम्पादनका उपायहरू महत्वपूर्ण हुन्छन् । यसले अन्तिम

> **"लैङ्गिक संवेदनशिलता सार्वजनिक र निजी जीवनको सबैभन्दा विविधतापूर्ण क्षेत्रमा लैङ्गिक बहिष्करण र भेदभावमा संलग्न हुने सामाजिक तथा साँस्कृतिक पक्षहरुलाई बुझ्ने र त्यसलाई ध्यानमा राख्नेतर्फ लक्षित हुन्छ ।"**
>
> - युरोपियन इन्सिट्यूट फर जेण्डर इक्वालिटी

३४ लैङ्गिक-संवेदनशील तथ्याङ्क संग्रह, विश्लेषण र उपयोगसम्बन्धी थप जानकारीका लागि, हेर्नुहोस् : Megan Bastick, 'Gender Self-Assessment Guide for the Police, Armed Forces and Justice Sector' (Geneva: DCAF, 2011).

निष्कर्ष नआउन्जेलसम्म पीडित/प्रभावितहरूलाई प्रहरीमा उजुरी गर्न र न्यायिक उपचार प्राप्त गर्ने आधार प्रदान गर्नेछ। यसका अतिरिक्त, लैङ्गिक-संवेदनशील कार्यसम्पादन उपायहरूले नीति निर्माताहरू र समुदायलाई प्रहरी सेवाका रणनीतिहरूको प्रभाव कारिताको बारेमा जानकारी दिन्छन्।

एउटा प्रहरी प्रबन्धक वा टोली नेताको रूपमा, महिला तथा किशोरी विरुद्ध हुने हिंसाको सम्बोधन गर्दा कार्यसञ्चालन सफलता हासिल गर्ने कुर धेरै हदसम्म तपाईंको टोलीले आफ्नो दैनिक कार्यहरू पूरा गर्नेक्रममा लैङ्गिक-संवेदनशील तथ्याङ्कको पहिचान र संग्रह गर्नमा कति सक्षम छ भन्ने कुरामा निर्भर गर्दछ। लैङ्गिकता प्रति संवेदनशील कार्यसम्पादन-सूचकहरूको स्पष्ट संग्रह हुनु[३५] र त्यो जानकारी सङ्कलन गर्न तयार भएको टोली तपाईंको टोली महिला तथा किशारी विरुद्ध हुने हिंसालाई प्रभावकारी र पर्याप्त रूपमा प्रतिकार्यका लागि सही मार्गमा छ वा छैन भनेर जान्नेतर्फका पहिलो चरणहरू हुन्।

प्रहरी गतिविधिहरूका लागि लैङ्गिक-संवेदनशील कार्यसम्पादन सूचकहरूका केही उदाहरणहरू निम्नलिखित छन् :

- उमेर, लिङ्ग र जातियता र अपाङ्गता जस्ता पक्षहरू सहित अन्य सामाजिक-आर्थिक चरहरूको आधारमा विखण्डित, प्रहरीसमक्ष महिला तथा किशोरी विरुद्ध हुने हिंसाबारे उजुरी गर्ने पीडित/प्रभावितहरूको दरमा वृद्धि;

- विशेषज्ञ महिला तथा किशोरी विरुद्ध हिंसासम्बन्धी सेवाहरू प्रयोग गर्नुपरेका र उमेर, अपाङ्गता, लिङ्ग र अन्य सामाजिक-आर्थिक चरहरूको आधारमा विखण्डित सबै प्रकारका दुर्व्यवहारहरूको पूर्ण अन्त्यको उजुरी गर्न सक्ने पीडित/प्रभावितको % ;

- उमेर, अपाङ्गता, र अन्य सामाजिक-आर्थिक चरहरूको आधारमा विखण्डित, महिला तथा किशोरी विरुद्ध हिंसाका सम्बन्धमा आफूले प्राप्त गरेको सबै सेवाहरूको समर्थन र सहयोगप्रति सन्तुष्टि व्यक्त गर्ने महिला पीडित/प्रभावितहरूको %।

यद्यपि, लैङ्गिकता-सम्बन्धित अपराधहरूको तथ्याङ्क सङ्कलनका लागि बेसलाईनहरू (आधाररेखा) आवश्यक पर्दछ, र यो कुरा

३५ लैङ्गिकताले समाजले महिला र पुरुषलाई तोकिदिएको भूमिका र सम्बन्ध, व्यक्तिगत विशेषता, सोच, आचरण र मुल्यमान्यताहरू हुन्। त्यसैकारण लैङ्गिकताले पुरुष र महिलाबीचको जानकार भिन्नतालाई जनाउँछ भने लिङ्गले पुरुष र महिलाबीचको जैविक भिन्नतालाई जनाउँछ। लैङ्गिकता अनुरुपका भूमिकाहरू सँस्कृतिअनुसार फरक हुनेगर्छन् र समयसँग परिवर्तन पनि हुनसक्छन्। लैङ्गिकताले केवल महिला वा पुरुषलाई मात्र जनाउँदैन, उनीहरूबीचको सम्बन्धलाई पनि जनाउँछ। हेर्नुहोस् :Megan Bastick, Kristin Valasek. (2008), 'Security Sector Reform Assessment, Monitoring and Evaluation and Gender' in the Gender and SSR Toolkit, Geneva Centre for Security Sector Governance.

बाकस ५

लैङ्गिक-संवेदनशील कार्यसम्पादन सूचकहरूमा के-के पर्छन् ?

लैङ्गिक-संवेदनशील कार्यसम्पादन सूचकहरूमा समाजमा पुरुष र महिलाका लागि समयअनुसार उपयुक्त ठान्ने भूमिका, व्यवहार, क्रियाकलाप र विशेषताहरूका सम्बन्धमा कुनै निश्चित अवस्था वा अवस्था संकेत गर्ने माप, संख्या, तथ्य, विचार वा सोच पर्छन्। लैङ्गिक-संवेदनशील कार्यसम्पादन सूचकहरूले समयको अन्तरालमा ती अवस्था वा परिस्थितिमा आउने परिवर्तनको मापन गर्दै महिलाहरूबीच र पुरुषहरूबीचको सम्बन्धका बारेमा जानकारी उपलब्ध गराउँदै, समाजका तर्फबाट उनीहरूमाथि रहेका अपेक्षाहरूमाथि प्रकाश पार्दछन्।

प्रहरी संगठनको व्यावसायिकीकरण र आधुनिकीकरणका लागि स्थापित कुनै पनि लैङ्गिक-संवेदनशील कार्यसम्पादनका उपायहरूमा पनि आवश्यक हुन्छ। यस्तो तथ्याङ्क सङ्कलनका लागि बेसलाइन उपलब्ध गराउनु सामान्यतया एउटा संस्थागत प्रक्रिया हो जसले रणनीतिक-स्तरका लक्ष्यहरूलाई बल पुऱ्याउने काम गर्दछ। त्यस्ता बेसलाईनहरूको अभावमा, प्रहरी नेतृत्वले निकायको परिवर्तनको भूमिका निर्वाह गरी तथ्याङ्क सङ्कलन र विश्लेषणको काममा खटिएका एकाइहरूको सहयोगमा आफ्नो टोलीका गतिविधिहरूको लागि बेसालाईनहरू तयार गर्न सक्छ।

कृपया महिला तथा किशोरी विरुद्ध हिंसाको सम्बोधनमा लैङ्गिक-संवेदनशील तथ्याङ्क सङ्कलन गर्ने संस्थागत प्रतिबद्धताबारे थप छलफलका लागि अध्याय १०: 'संस्था निर्माण' हेर्नुहोस्।

प्रहरीले यौन हिंसा जस्ता उजुरी गरिएका अपराधको दरको व्याख्या गर्दा सावधानी अपनाउनु पर्छ। उदाहरणका लागि, जनसाधारणलाई उजुरी भएका अपराधहरू बढेको वा घटेको बारे जानकारी दिँदा, उजुरी गरिएका घटनाहरू घट्नुको अर्थ हिंसाको स्तर घटेको हो भन्ने होइन भनी जनतालाई सचेत गराउनुपर्छ। यो विशेष महत्वपूर्ण छ किनभने उजुरी गरिएको अपराधमा केन्द्रित हुँदा उजुरी नगरिएका अपराधहरूको बेवास्ता हुनेगर्छ, जुन प्रायः लैङ्गिक हिंसा अपराधहरू हुनेगर्छन्।

अर्कोतर्फ, उजुरीमा भएको वृद्धिले हिंसाको स्तरमा बृद्धि हुनुको सट्टा संस्थाबारे बढी सचेतना र विश्वासको संकेत गर्नसक्छ। दुर्भाग्यवश, अन्य अत्यावश्यक सेवाहरू र कानून कार्यान्वयन निकायहरू उनीहरूको योग्यता अनुसार समान रूपमा संलग्न हुन सक्ने अवस्थामा यस्तो सकारात्मक प्रवृत्तिको श्रेय प्रहरीलाई मात्र दिन कठिन छ।

यसका अतिरिक्त, अमेरिकाको नेशनल इन्स्टिच्युट अफ जस्टिसले बलात्कार जस्ता गम्भीर अपराधको उजुरीहरूको संख्यामा भएको कमीमा केन्द्रित हुँदा ती अपराधहरूको प्रतिकार्यमा प्रयोग गरिएका विधि वा रणनीतिहरू जस्तैः समुदाय वा महिला संगठनहरूसँगको सहकार्यबारे धेरै संकीर्ण अन्तरदृष्टि प्रदान गर्दछ भन्नेबारे सचेत गराउँदछ । प्रहरी सेवाहरूप्रति विश्वास वा धारणाको स्तर मापन गर्ने गुणात्मक सूचकहरू स्थापित भएको अवस्थामा बाहेक यसले पुलिस संगठनहरूलाई गुप्तचरद्वारा निर्देशित र सामुदायिक प्रहरीको केन्द्रमा रहेन प्रहरी वाह्यपहुँच र साझेदारी निर्माण गतिविधिहरूले पारेको प्रभावको श्रेय लिन कठिन हुन्छ ।

गम्भीर अपराधका उजुरीहरूको संख्यामा आएको कमीमा ध्यान केन्द्रित गर्दा अभिलेखन र उजुरी प्रणालीको अखण्डता जोगाउनका लागि समान दबाब बिना, त्यो संख्या कम राख्न प्रहरीलाई निरन्तर दबाब आउन सक्छ ।[३६] अमेरिकाको नेशनल इन्स्टिच्युट अफ जस्टिसले विशेषगरी धेरै महत्वाकांक्षी सार्वजनिक सुरक्षाका लक्ष्यहरू हासिल गर्न दबाबले अपराध तथ्याङ्कको हेरफेर (उजुरीहरू लुकाउने र अपराधहरूको गलत वर्गीकरण गर्ने) र अन्य प्रकारका अनियमितताहरूलाई निम्त्याउने उल्लेख गर्दछ ।[३७]

लैङ्गिक विश्लेषण भनेको लैङ्गिक भूमिका, क्रियाकलाप, आवश्यकता, अवसर र हक/अधिकारमा रहेको भिन्नताले पुरुष, महिला, केटी र केटाहरुलाई निश्चित अवस्था वा परिस्थितिमा कसरी प्रभावित गर्छ भन्ने कुराको आलोचनात्मक परीक्षण हो ।

लोकप्रिय मागले माध्यमहरू सीमित गर्नु भन्दा लक्ष्यहरू प्राप्त गर्नमा बढी जोड दिएको अवस्थामा संगठनात्मक दुराचार उत्पन्न हुने विज्ञहरू बताउँछन् ।[३८] फलस्वरुप साधनहरूलाई नियमन गर्ने मापदण्डहरूले कम ध्यान पाउँछन् र व्यवहार नियमनमा त्यसको प्रभाव कम भएर जान्छ ।

उदाहरणका लागी, आतंकवाद विरोधी लक्ष्यहरूलाई जोड दिने सुरक्षा नीतिहरूले लक्षित समुदायहरूमाथि प्रहरी कारवाहीलाई प्रोत्साहित गर्न सक्छ र त्यसबाट समुदायको विश्वास आर्जन गर्नका लागी विगतमा भएका सामुदायिक प्रहरीका प्रयासहरू अवरुद्ध हुने जोखिम हुन्छ । र त्यसमा महिला र किशोरीहरू थप अल्पसंख्यमा पर्न गई महिला तथा किशोरी विरुद्ध हिंसाको थप जोखिममा पर्न सक्छन् । अर्को उदाहरणमा, अवैध आप्रवासनको संख्या कम गर्न प्रयास गर्ने सुरक्षा नीतिहरूले प्रायः अवैध आप्रवासीहरूलाई उनीहरू वा अन्य विरुद्ध भएका अपराध, जस्तैः आधुनिक दासत्व, मानव बेचबिखन, पारस्परिक हिंसा र यौन हिंसासँग सम्बन्धित अपराधहरूको उजुरी नगर्न बाध्य पार्छ ।

लैङ्गिकता-सम्बन्धित अपराधको तथ्याङ्क सङ्कलनमा अन्तरआवद्ध कारकहरू (तल हेर्नुहोस्) लाई ध्यानमा राख्ने **लैङ्गिक विश्लेषण** लागू गरेर प्रहरी नेतृत्वले आफूले सेवा र संरक्षण गर्ने समुदायहरूमा आफ्नो कार्यले कस्तो भिन्न प्रभाव पारेको छ भन्ने कुराको अझ राम्ररी पहिचान गर्न सक्छ । उजुरी गरिएको अपराधका दरहरू प्रस्तुत गर्दा यस्तो जानकारी जनतालाई बताउनु महत्वपूर्ण हुन्छ ।

यसबाहेक, तपाईंको टोलीको योजनामा आफ्नै कामकारवाहीको लैङ्गिक-संवेदनशील विश्लेषण[३९] समावेश रहेको सुनिश्चित गर्नाले सहकर्मी प्रहरी अधिकारी वा न्याय प्रणालीमा अन्य नजिकका साझेदारहरूबाट विगतमा भएका भेदभावलाई फेरी हुनबाट रोक्न मद्दत गर्नेछ । यसले अन्ततः तपाईंको टोलीबाट कर्तव्यपालनको सिलसिलामा हुने मानव अधिकार उल्लङ्घनको जोखिम कम गर्न मद्दत गर्नेछ ।

हातेपुस्तिकाले प्रहरीलाई निश्चित अपराधहरूको दरलाई हेर्न सहयोग गर्न इएसपीको *गुणस्तरीय आवश्यक सेवाहरूको साझा विशेषताहरू* मा आधारित विभिन्न सन्दर्भ सूचकहरू उपलब्ध गराउँछ, जसले गर्दा उनीहरूले सेवा गर्ने समुदायहरूद्वारा प्रहरीले गरेका प्रयासहरूको पूर्ण चित्रलाई प्रशंसा गर्न सकुन् ।

इएसपीको मोड्युल ३: न्याय र प्रहरीकार्य अनुसार, महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्यका लागि कुन तथ्याङ्क स्रोतहरूले आफ्नो टोलीको प्रतिकार्यलाई बलियो बनाउनेछ भनेर प्रहरी नेतृत्वलाई पहिचान गर्न मद्दत गर्न हातेपुस्तिकाको अध्याय ३ देखि ९ सम्म प्रस्तावित सन्दर्भ सूचकहरू विस्तार गरिएका छन् । सन्दर्भ सूचकहरू सिफारिस गरिएका होइनन् तर प्रमाण-सूचित कारवाहीतर्फ अग्रसक्रिय नेतृत्वलाई प्रेरित गर्ने उद्देश्य लिएका छन् ।

३६ Malcolm K. Sparrow (2015), 'Measuring Performance in a Modern Police Organization' in 'New Perspectives in Policing'. (National Institute of Justice).

३७ Ibid.

३८ D, Vaughan, 'Controlling Unlawful Organizational Behavior: Social Structure and Corporate Misconduct', Chicago, Illinois: University of Chicago Press, 1983 and R.K., Merton, 'Social Structure and Anomie,' in Social Theory and Social Structure, enlarged ed., New York: New York: The Free Press, 1968. See also n. 37.

३९ लैङ्गिक विश्लेषणले पीडित बनाउने प्रवृत्ति, र प्रहरीको अध्ययन र सबै तहको अपराधसम्बन्धी तथ्याङ्कप्रति सार्वजनिक धारणाको आधारमा पीडित/प्रभावितको जनसाख्यिक विवरणलाई पनि केलाउनुपर्छ ।

"महिला जस्ता समुदायको एउटा समूहलाई जोखिममा रहेको भनी सजिलै वर्गीकरण गर्न सकिन्छ । तर यसबाट महिलाको समूहहरु पुरुष समूहहरु भन्दा कमजोर हुन्छन् भन्ने धारणा बन्न सक्छ, र त्यसले महिला समूहहरुलाई थप सीमान्तकृत गराउँछ । महिलाहरुमा आफूमा रहेको शक्तिको पहिचान गर्न सशक्त गराउने सोच अवलम्बन गरिनुपर्छ । । त्यसैले गर्दा शक्तिशाली पदमा महिला प्रहरी अधिकृत समुदायमा महिला र किशोरीहरुका लागि एउटा बहुमुल्य आदर्श व्यक्ति हो ।"

-युएन प्रहरी जेण्डर टुलकीट (सन् २०१५)

भिन्न र अन्तरआवद्ध कारकहरुको मान्यता

महिला र किशोरीहरू समान समूह होइन, त्यसैले गर्दा अपराध तथ्याङ्कले महिला र किशोरीहरूको भिन्न र अन्तरआवद्ध सुरक्षा आवश्यकताहरू प्रतिबिम्बित गर्न पीडित/प्रभावितहरूको जनसांख्यिकीय र सामाजिक तथा आर्थिक विवरण बारेमा विस्तृत र लैङ्गिक-संवेदनशील सूचना सङ्कलन गर्नु अत्यावश्यक हुनेछ ।[४०]

सङ्कलन गरिएको तथ्याङ्को **लैङ्गिक-संवेदनशील विश्लेषण** पनि गरिनुपर्छ जसले महिला, पुरुष, केटी र केटाहरूका आवश्यकता र अपेक्षाहरू के हुन्, उनीहरू कसरी एकअर्काबाट भिन्न छन्, योजना गरिएको कार्यक्रमले उनीहरूका लैङ्गिक आवश्यकताहरूलाई सम्बोधन गरिरहेको छ वा छैन र महिला, पुरुष, केटा र केटीहरूको आवश्यकतामा योगदानलाई कसरी बलियो बनाउन सकिन्छ भन्ने कुरा स्थापित गर्ने प्रयास गर्दछ ।

"विश्वका करिव १५ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ।"

- The Sphere Handbook (2018)

लैङ्गिक-संवेदनशील विश्लेषणको अभिन्न अंगको रूपमा, प्रहरी नेतृत्व महिला र किशोरीहरू कसरी भिन्न तरिकाले हिंसाको शिकार बन्ने र अपराध कसरी समाना गर्छन् भन्ने कुराको लेखाजोखा गर्ने अन्तरआवद्ध दृष्टिकोण वा **अन्तरआवद्धता** लागू गर्न प्रतिबद्ध हुनुपर्छ । यो वर्ण, वर्ग, जातियता, लिङ्ग, जातीय, लैङ्गिकता, अपाङ्गता, राष्ट्रियता, आप्रवासनको स्थिति, भौगोलिक स्थान, धर्म र अन्य समानान्तर दमनकारी कारकहरू को प्रतिच्छेदनमा महिला र किशोरीहरूको अनुभव बुझ्न प्रयोग गर्न सकिन्छ ।[४१]

एक व्यक्तिको सामाजिक पहिचान जस्तै अपाङ्गता भएको व्यक्ति वा अल्पसंख्यक वा न्यून प्रतिनिधित्व भएको समूह सशस्त्र द्वन्द्व र/वा मानवीय संकट जस्ता परिस्थितिजन्य अवस्थासँग जोडिन गई महिला तथा किशोरी विरुद्ध हिंसाको जोखिमको स्तर बढ्न सक्छ ।

महिला तथा किशोरीहरू विरुद्धको हिंसाको जोखिम बढाउने द्वन्द्व-सम्बन्धित परिस्थितिजन्य अवस्था र व्यक्तिगत सामाजिक पहिचानहरू कसरी एकीकृत हुन्छ भन्ने बारे थप जानकारीको लागि अध्याय १३: 'उदीयमान मुद्दाहरू' हेर्नुहोस् ।

जनतालाई हिंसा र अपराधबाट विना भेदभाव सुरक्षा गर्ने संवैधानिक कर्तव्य र अन्तर्राष्ट्रिय दायित्व भएकाले प्रहरीले यस्तो तथ्याङ्क सङ्कलन गर्ने तरिकाले उनीहरूको सेवा र कर्तव्यप्रतिको प्रतिबद्धता झल्काउँछ ।

Sphere Handbook (2018) ले लिङ्ग वा लैङ्गिकता, उमेर, अपाङ्गता, भूगोल, जातीयता, धर्म, जात वा निष्पक्ष सहायतामा पहुँचलाई सीमित गर्ने अन्य कुनै पनि आधारमा हुने भिन्नताहरू बुझ्नका लागि सम्भव भएसम्म र सन्दर्भ सुहाउँदो वर्गहरूमा तथ्याङ्को विखण्डीकरण गर्न सिफारिस गर्दछ ।[४२] सामाजिक पहिचान र परिस्थितिजन्य अवस्था मिलेर महिला र किशोरीहरूका

४० *Updated Model Strategies and Practical Measures on the Elimination of Violence against Women in the Field of Crime Prevention and Criminal Justice* (UN General Assembly resolution 65/228, annex) ले सदस्य राष्ट्रहरूलाई महिला विरुद्ध हिंसाको व्यापकता र प्रबलताको समीक्षा गर्ने उद्देश्यले र प्रभावकारी अपराध निवारण र अपराध न्याय प्रतिकार्यहरूको विकास, कार्यान्वयन र बजेटलाई मार्गनिर्देशित गर्न महिला विरुद्ध हिंसाको योजनावद्ध तथ्याङ्क संकलनका लागि संयन्त्रको स्थापना र सुदृढीकरणका लागि आग्रह गर्दछ ।

४१ 'The Value of Intersectionality in Understanding Violence against Women and Girls (VAWG)' (Imkaan, UN Women and the European Union, July 2019).

४२ 'The Sphere Handbook: Humanitarian Charter and Minimum Standards in Humanitarian Response', 4th edition, (The Sphere Association. Geneva, Switzerland, 2018).

लागि जोखिम वा खतरा कसरी बढाउन वा घटाउन सक्छ भन्ने कुराको बुझाईले मानव र भौतिक स्रोतहरूको प्राथमिकता निर्धारण गर्ने कार्यमा अझ सुसूसचित निर्णय लिन सम्भव बनाउँछ , र यो महिला तथा किशोरी विरुद्ध हिंसाको रोकथाम र प्रतिकार्य दुवैमा लागु हुन्छ। महिला तथा किशोरी विरुद्ध हिंसाप्रतिको अन्तरआवद्ध अवधारण[४३] बुझ्न मद्दतका लागि, युएन वुमन (२०१८)[४४]ले महिला र/वा किशारीको हिंसाको जोखिममा प्रभाव पार्ने विशेषताहरू र परिस्थितिजन्य कारकहरूलाई चित्रण गरेको छ (चित्र ५):

> "आफूलाई लेस्बियन, गे, बाइसेक्सुअल, ट्रान्सजेन्डर, क्वेर वा इन्टरसेक्स (LGBTQI) भनी पहिचान गराउने व्यक्तिहरु भेदभाव, हेयभाव (कलंकित गर्ने), र यौन तथा शारीरिक हिंसाको उच्च जोखिममा हुनेगर्छन् ।"
>
> - The Sphere Handbook (2018)

चित्र ५

जोखिमतालाई प्रभावित गर्ने विशेषता र परिस्थितिजन्य कारकहरू



४३ Crenshaw, K., 'Demarginalizing the Intersection of Race and Sex: A Black Feminist Critique of Antidiscrimination Doctrine, Feminist Theory and Antiracist Politics', University of Chicago Legal Forum Volume 1989, Issue 1, Article 8.

४४ A Practitioner's Toolkit on Women's Access to Justice Programming (UN Women et al. 2018)., at: https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2018/wa2j-complete-toolkit-en.pdf?la=en&vs=2654

पीडित-केन्द्रित अवधारणा भन्नाले के बुझिन्छ?

युएनओडीसीका[४५] अनुसार प्रहरीले **पीडित-केन्द्रित दृष्टिकोण**का साथ तब काम गर्दछ जब उनीहरूले कुनै पनि कामकारवाहीको केन्द्रबिन्दुमा पीडित/प्रभावित आवश्यकताहरूलाई संस्थागत नीतिदेखि, कार्यसञ्चालन र ठोस कार्यहरू सबैमा मुख्य प्राथमिकता प्रदान गर्छन् । यसमा शारीरिक र मनोवैज्ञानिक सुरक्षाका मुद्दाहरूलाई प्राथमिकतामा राख्दै महिला र किशारीहरूको सशक्तीकरणलाई संरक्षण, सहयोग र समर्थन गर्ने सेवा प्रवाह सुनिश्चित गर्ने कार्य समावेश छ ।

अझ महत्वपूर्ण रुपमा, पीडित-केन्द्रित अवधारणाले महिला तथा किशोरी विरुद्ध हिंसाका अपराधहरूका लागि न्याय प्राप्त गर्ने कार्यमा पीडित/प्रभावितहरूलाई समानुभूति र सम्मानजनक रूपमा साथ दिने र समानान्तर रूपमा, फौजदारी न्याय प्रणालीसँग सहकार्य गर्ने उनीहरूको अनिच्छाका लागि दोष दिने कार्यबाट अधिकारीहरूलाई निरुत्साहित गर्ने लक्ष्य राख्छद । त्यसैकारण, प्रहरी आघातको प्रभाव[४६]बारेमा सचेत र संवेदनशील हुनु र विशेषगरी पीडित/प्रभावितहरू असहयोगी देखिएको अवस्थामा पीडित-केन्द्रित हुनु महत्वपूर्ण हुन्छ किनभने उनीहरू वास्तवमा आघातमा परेका हुन सक्छन् र अपराधीको डरमा र/वा व्यापक प्रणालीगत दबाबमा परेको र तत्काल सहयोगको खाँचो परेको हुनसक्छ ।

> प्रहरीले सफलतापूर्वक गोपनियता कायम गार्न सके, त्यसबाट अपराधविरुद्धको उजुरी बढ्न गई समग्रमा प्रहरीमाथिको विश्वास बढ्न जान्छ ।
>
> -युएन प्रहरी जेन्डर टुलकीट २०१५

युएनओडीसीका अनुसार, प्रहरीमा पीडित/प्रभावित-केन्द्रित दृष्टिकोण हुनका लागि उनीहरूलाई महिला तथा किशोरी विरुद्ध हिंसाप्रति सहिष्णुताको मनोवृत्तिको प्रतिरोध गर्न, सामाजिक निष्क्रियता र पीडितलाई दोष दिने प्रवृत्तिलाई निरुत्साहित गर्न, र यी अपराधहरूले पीडित/प्रभावित र उनीहरूका बालबालिका र परिवारका अन्य सदस्यहरूमा मात्र शारीरिक र मानसिक स्वास्थ्य प्रभाव पार्ने मात्र नभई समग्र समाजमा कसरी दीर्घकालीन नकारात्मक सामाजिक तथा आर्थिक क्षति पुऱ्याउँछ भन्ने कुरा स्वीकार गर्न आवश्यक छ ।

यसको अर्थ यो पनि हो कि पीडित/प्रभावितसँग सम्पर्कमा रहने प्रहरी अधिकारीहरूले उनीहरूलाई दोहोरो पीडित बनाउन नदिने सुनिश्चित गर्न कदम चाल्नुपर्छ । दोहोरो पीडित बनाउने कार्य आपराधिक कार्यको प्रत्यक्ष परिणामका रूपमा नभई पीडितलाई प्रहरी र अन्य सम्बन्धित संस्था र व्यक्तिहरूको अपर्याप्त प्रतिकार्यले हुनेगर्छ ।[४७]

तोकिएको जिम्मेवारी पूरा गर्न अग्रसक्रिय र व्यावसायिक भएर मात्र पनि पहिलो सम्पर्कमा आउने अधिकारीहरूले दोहोरो पीडित बनाउने जोखिमलाई उल्लेखनीय रूपमा कम गर्न सक्छन् । उदाहरणका लागि, पहिलो सम्पर्कमा आउने अधिकारीहरूले पीडित/प्रभावितहरूलाई सुरक्षाको आदेश, नागरिक उपचार, अध्यागमन याचिका, बीमा सुविधा, र क्षतिपूर्तिका दावीहरू अघि बढाउन मद्दत गर्न प्रहरी रिपोर्टहरूउपलब्ध गराउने जिम्मेवारी सजिलै पूरा गर्नसक्छन् ।

पीडित/प्रभावित-केन्द्रित अवधारणाले पीडित/प्रभावितलाई थप हानिबाट जोगाउने, उनीहरूलाई कलंकको भावनासँग लड्न मद्दत गर्ने र दबाब तथा पूर्वाग्रहविना उनीहरूलाई निर्णय लिन सशक्त बनाउने सुनिश्चत गर्नका लागि, युएनपोलले प्रहरीले लगनशीलता र व्यावसायिकताका साथ पालना गर्नुपर्ने चार वटा मार्गदर्शक सिद्धान्तहरू प्रस्ताव गरेको छ :[४८]

१. पीडितको भौतिक सुरक्षा;

२. पीडितको गोपनीयता;

३. पीडितको अधिकारको सम्मान ;

४. अविभेद ।

पीडित-केन्द्रित अवधारणाका लागि युएनपोलको मार्गनिर्देशक सिद्धान्तहरू लागू गर्न र थप हानि नपुगेको सुनिश्चित गर्नका लागि प्रहरीले चाल्न सक्ने मुख्य कदमहरू (चित्र ६) को एकीकृत रुप निम्नानुसार रहेको छ :

---

४५ 'Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women' (UNODC, 2014).

४६ कसैको आघातपूर्ण अनुभवप्रति संवेदनशील हुनु वा आघात बारेमा जानकार हुनु भनेको पीडित/प्रभावितको आघात, स्मरण, प्रतिक्रिया र आचरणलाई प्रभावित गर्ने निर्दिष्ट अनुभवका साथै त्यस्तो व्यवहारबारे प्रहरी अधिकृतले गर्ने व्याख्याले यौन दुर्व्यवहारका अनुसन्धानलाई कसरी प्रभावित गर्छ भन्ने कुरामाथि केन्द्रित हुनु हो । थप जानकारीका लागि हेर्नुहोस्, 'Trauma Informed Sexual Assault Investigation Training' From The International Association of Chiefs of Police (IACP), at: https://www.theiacp.org/projects/trauma-informed-sexual-assault-investigation-training

४७ See note 47.

४८ UN Police Gender Toolkit (UN. Department of Peace Operations - DPO/DPET/Integrated Training Service, 2015)

रेखाचित्र ६
युएनपोलको पीडित-केन्द्रित अवधारणा

पीडितको भौतिक सुरक्षा

- पीडितले सामना गर्नसक्ने सुरक्षाका जोखिमहरूबारे जानकार हुने
- सबै कुराकानी, समीक्षा र अन्तर्वार्ताहरू बन्द कोठामा गर्ने
- पीडित गएर बस्न सक्ने सुरक्षित ठाउँ रहको सुनिश्चित गर्ने
- अपराधीसँग पुनःभेट हुनसक्ने जोखिममा पीडित रहे वा नरहेको स्पष्ट गर्ने
- उपलब्ध सहयोग प्रणालीबारे सचेत रहने

पीडितको गोपनियता

- पीडितको घटनाबारे अन्य सहयोग प्रणालीका व्यवसायिक व्यक्तिहरू जानकारी गराउनु अघि पीडितले त्यसको अर्थ के हुन्छ भनेर बुझेको र त्यसबारेमा पूर्व सहमति प्रदान गरेको सुनिश्चित गर्ने
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक व्यक्ति र स्वास्थ्यकर्मीहरमा मात्र सीमित राख्ने
- पीडितको सुरक्षा सुनिश्चित गर्न र पीडितलाई सुमदायबाट हुनेसक्ने धम्की वा कंलकित गर्ने कार्य हुननदिन अनुसन्धानसम्बन्धी सबै जानकारी सुरक्षित गर्ने
- अपराधबारे उजुरी गरेका कारण पीडितले थप हिंसा, असुरक्षा वा पुनःपीडित हुने अवस्थाको सामना गर्नु नपर्ने कुराको सुनिश्चित गर्ने
- बाल दुर्व्यवहार वा उपेक्षा, जीवनमाथि खतरा निम्त्याउन अवस्था, आत्महत्या गर्ने सम्भावनाको आशंका वा अन्यलाई हानिनोक्सानीको गम्भीर खतरा भएको प्रमाणित गर्नसक्ने उचित आधार रहेको अवस्थामा गोपनियताको सिद्धान्त अनुसार उत्कृष्ट तरिकाले कदम चाल्ने
- गोपनियताको सिद्धान्तमा अपवादको सिर्जना गर्ने अवस्थामा स्वास्थ्यकर्मी र परामर्शदाताहरूको सल्लाहसुझाव लिने ।

पीडितको अधिकारको सम्मान गर्ने

- सहयोगी भावना देखाएर पीडितको चाहना, अधिकार र प्रतिष्ठाको सम्मान गर्ने
- स्वास्थ्य, मनोसमाजिक, सामाजिक र कानुनी सहयोगसहित पीडितका सबै आवश्यकताहरूलाई प्राथमिकतासहित ध्यान दिने
- संलग्न बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्ने, सहमति लिने क्रममा र उनीहरूको कानुनी संरक्षकसँग कुन अवस्थामा परामर्श गर्ने भन्नेबारेमा थप सावधानी अवलम्बन गर्ने
- सुसूचित निर्णय प्रक्रिया र जोखिम आंकलन सम्भव बनाउन उनको मुद्दाबारे उपयुक्त अद्यावधिक जानकारी उपलब्ध गराएर पीडितको सूचनाको हक सुनिश्चित गर्ने
- पीडित निर्णय प्रक्रियामा सहभागी भएको सुनिश्चित गर्ने, जसले गर्दा उनी सशक्त हुने, र आफ्नो जीवनमाथि नियन्त्रण राख्नेछिन्
- पीडितलाई सल्लाहसुझाव दिने काम नगर्नुहोस्, किनभने त्यसलाई कुनै व्यक्तिले के गर्नुपर्छ र कसरी गर्नुपर्छ भनेको रुपमा लिन सक्छन्, जसको अर्थ तपाईले आफ्नो व्यक्तिगत धारणा थोपरेको हुन्छ ।
- कुनै पनि उपचार, जाँच वा अन्य कार्य अस्वीकार गर्नु पीडितको अधिकार हो भन्ने कुराको सम्मान गर्नुहोस्
- अनुसन्धानको अवधिभर प्रहरी अधिकारी वा परामर्शदाताको साथमा रहने पीडितको हक हो, तर यो कुरा पीडितले नै निर्णय गर्नुपर्छ, र उनले कुनै सूचना प्राप्त गर्दा, उनको जाँच हुँदा वा अन्य सेवाहरू प्राप्त गर्दा साथमा कसलाई चाहन्छिन् भन्ने कुराको निर्णय उनलै गर्नुपर्छ ।

अविभेद

- सबै पीडितहरूलाई लिङ्ग, उमेर, पृष्ठभूमि, जाति, अपाङ्गताको अवस्था, यौन झुकाव वा घटनासम्बन्धी अन्य परिस्थितिको आधारमा भेदभाव नगरी समान रुपमा सम्मान र प्रतिष्ठाका साथ व्यवहार गरिएको सुनिश्चित गर्नुहोस् ।
- पीडित विरुद्ध भेदभाव नगरिको सुनिश्चित गर्न लैङ्गिक हिंसाबारे तपाई र तपाईको टोलीको आफ्ना पूर्वाग्रह र अनुमानहरूबारे सचेत रहनुहोस् ।
- आआफ्नो र आफ्नो टोलीको आचरणको अनुगमन गर्नुहोस्, र व्यक्तिगत धारणाले तपाईको सामूहिक कार्यलाई प्रभावित गर्न नदिनुहोस् ।
- आफ्नो भाषा, शारीरिक हाउभाउ, र पीडितप्रतिको सोचप्रति सचेत रहनुहोस् ।

संगठनात्मक चुनौतिहरूका बावजुद, प्रहरी प्रबन्धकको रूपमा लागत-कुशल अवधारणाहरूमा ध्यान केन्द्रित गर्दै महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्यमा आफ्ना टोलीहरूलाई कार्यसञ्चालनजन्य सफलतातर्फ तपाईले डोहोऱ्याउन सक्नुहुन्छ। यसका लागि समता र समानताप्रति तपाईंको नेतृत्वदायी प्रतिबद्धता, पीडित-केन्द्रित अवधारणाप्रति अग्रसक्रिय दृष्टिकोण र साझेदारी संलग्नतामा स्रोतसाधनको सम्पन्नता आवश्यक हुन्छ। उदाहरणका लागि, बक्स ६ मा, युएनपोलले महिला तथा किशोरी विरुद्धको हिंसाको प्रतिकार्यमा प्रहरी प्रबन्धकहरूले महिला प्रहरी अधिकृतहरूलाई परिवर्तनको रुपान्तरणकारी प्रतिनिधि र प्रहरी प्रभावकारिता तथा दक्षताका माध्यम बन्न सशक्त बनाउन सक्छन् भनेर पहिचान गर्दछ :

तपाईंको स्थानीय समुदायहरूलाई प्रभावकारी र लैङ्गिक-उत्तरदायी सेवा प्रदान गर्ने टोली वा अफिसरहरूको टोलीको जिम्मेवारी बहन गर्ने मध्यमस्तरको प्रहरी व्यवस्थापकको रूपमा तपाईले निर्वाह गर्ने भूमिकामा मद्दत गर्न यो हातेपुस्तिका तयार गरिएको हो। तपाईं प्रहरी चौकी, विभाग वा जिल्ला प्रहरीको इन्चार्ज जे भएपनि, तपाईंले दैनिक रुपमा धेरै चुनौतिहरू को सामना गर्नुहुनेछ, र त्यसमा पनि बढ्दो र परिवर्तनशील कार्यभार सुहाउँदो स्रोतहरू जुटाउने चुनौती हुन्छ। त्यसैले गर्दा तपाईं र तपाईंका कर्मचारीहरूले सुरक्षा र संरक्षण प्रदान गर्ने तपाईंको क्षमतामा स्थानीय समुदायको विश्वास र भरोसा निर्माण गर्नु महत्वपूर्ण हुन्छ। तपाईंले सेवा गर्ने समुदायको मद्दत र समर्थन बिना, तपाईंको काम निकै कठिन हुनेछ, र व्यक्तिगत र टोली दुवै कार्यसम्पादलाई निर्देशित गर्ने र वरिष्ठ नेतृत्वलाई टोली नेताको रूपमा तपाईंका दक्षताहरू प्रदर्शन गर्ने कुरा निर्भर हुने सकारात्मक नतिजाहरू हासिल गर्ने तपाईंको क्षमता धेरै हदसम्म कम हुनेछ।

देहायका अध्यायहरू तपाईं र तपाईंका कर्मचारीहरूको लाभका लागि विकसित गरिएका छन् र प्रस्तुत मार्गनिर्देशनलाई तपाईले आफ्नो स्थानीय कार्यक्षेत्रको वातावरण अनुसारको सन्दर्भमा लागू गर्न प्रोत्साहित गरिन्छ।

बाकस ६

समुदायँसग काम गर्दा महिला प्रहरी अधिकृतहरूलाई सक्षम र प्रभावकारी रुपमा प्रयोग गर्नका लागि कमाण्डरका टिपोटहरू

१. **महिला प्रहरी अधिकृतहरूलाई जनताको पहुँचमा पुऱ्याउने:** उच्च जनसङ्ख्या भएका क्षेत्रमा हुने गस्तीमा र स्थिर पदहरूमा महिला अधिकृतहरू कार्यरत हुँदा त्यसले ती क्षेत्रका जनता, विशेषगरी महिला र बालबालिकाहरूका लागि उपस्थिति र आश्वासन बढाउने काम गर्छ।

२. **ठूलो परिणाम आउने कारवाहीमा महिला अधिकृतहरूको सहभागिता** : ठूलो परिणाम आउने कारवाहीहरूमा महिला प्रहरी अधिकृतहरूको सहभागिताले सुरक्षा प्रदायकका रुपमा उनीहरूको महत्वपूर्ण भूमिका रहेको महत्वपूर्ण सन्देश प्रवाह गर्छ। यसका साथै, सार्वजकि रुपमा पक्राउन गर्ने कार्य महिला अधिकृतहरूमा हुँदा त्यसले महिलाहरू बलियो र सक्षम रहेको देखाउँछ। पीडित, साक्षी, र संदिग्द व्यक्तिहरू, विशेषगरी महिला र बालबालिकाहरूको अन्तर्वार्तामा महिला अधिकारह रूको भूमिका विशेष महत्वको हुन्छ।

३. **महिला अधिकृतहरूलाई अग्रपंक्तिको भूमिकामा खटाउने** : आपतकालीन घटनाहरूमा द्रुत प्रतिकार्यमा महिला अधिकृतहरूको संलग्नता, विशेषगरी सुव्यवस्था कायम गर्ने घटनाहरूमा उनीहरूको सहभागिताले प्रहरी इकाइहरूमा नेतृत्वदायी भूमिकामा महिलाहरूको भूमिकालाई उजागर गर्छ।

४. **महिला अधिकृतहरूको विशेषकृत इकाइहरू** : महिला तथा किशोरीहरू विरुद्ध हुने हिंसाप्रति विशेषरुपमा समर्पित महिला प्रहरी अधिकृतहरू समावेश रहेको प्रहरी इकाइ गठन गर्नु महत्वपूर्ण हुन्छ। समान लिङ्गको व्यक्तिसँग कुराकानी गर्नसक्ने पीडित/प्रभावितको क्षमताले उत्कृष्ट प्रमाण प्राप्त हुने र पीडितहरू सहयोग पाउने कुरा सुनिश्चित गर्छ।

५. **नेतृत्वदायी भूमिका** : पीडित, प्रभावित समूह, गैसस र सरकारी निकायहरूसँगको बैठकहरूमा समस्या समाधान गर्ने र मुद्दालाई सम्बोधन गर्ने विषय हेर्न प्रहरी इकाइहरूमा महिलाहरू नेतृत्वदायी भूमिका निर्वाह गर्छन् भन्ने कुरा नियमित रुपमा सार्वजनिक गर्नु महत्वपूर्ण हुन्छ। यसले प्रहरीमा महिलाको भूमिकामाथि प्रकाश पार्ने अवसर पनि प्रदान गर्छ।

६. **पुरुष समर्थकहरू** : महिला अधिकृतहरूलाई पुरुष अधिकृतहरूको सक्रिय सहयोग अत्यावश्यक हुन्छ। यसमा राज्यका प्रहरी अधिकृतहरूसँग मिलेर सबै सदस्यहरूले एक अर्कालाई सक्रय रुपमा सहयोग र प्रोत्साहन गर्ने समान सदस्य भएका टोलीहरूको भूमिका प्रवर्द्धन् गर्ने कार्यपनि पर्दछ।

स्रोत : युएन प्रहरी जेण्डर टुलकीट (२०१५), पृष्ठ २९८

NOTES AND SUGGESTED READING

1. 'Domestic Abuse Strategy 2015-2020'. The production of this document, and the contribution of resources to support the Strategy's development and ongoing maintenance, is sponsored by the States of Guernsey Home Department, see: https://www.gov.gg/CHttpHandler.ashx¿id=98929&p=0

2. 'A Practitioner's Toolkit on Women's Access to Justice Programming' (UN Women et al. 2018), at https://www.unwomen.org/en/digital-library/publications/2018/5/a-practitioners-toolkit-on-womens-access-to-justice-programming

3. 'Everyone's business: Improving the police response to domestic abuse', at: https://www.justiceinspectorates.gov.uk/hmicfrs/wp-content/uploads/2014/04/improving-the-police-response-to-domestic-abuse.pdf

4. 'Why do some men use violence against women and how can we prevent it?' Quantitative Findings from the United Nations Multi-Country Study on Men and Violence in Asia and the Pacific, at: http://www.partners4prevention.org/sites/default/files/resources/p4p-report.pdf Partners for prevention (2013). Partners for Prevention is a UNDP, UNFPA, UN Women and UNV regional joint programme for gender-based violence prevention in Asia and the Pacific.

5. Gender Toolkit: Standardised Best Practices on Gender Mainstreaming in Peacekeeping Handbook (United Nations Police, 2015) at: http://repository.un.org/bitstream/handle/11176/387374/United%20Nations%20Police%20Gender%20Toolkit%20Handbook.pdf?sequence=51&isAllowed=y

6. Justice Department Issues Guidance on Identifying and Preventing Gender Bias in Law Enforcement Response to Sexual Assault and Domestic Violence (US Department of Justice, Office of Public Affairs, 2015) at: https://www.justice.gov/opa/pr/justice-department-issues-guidance-identifying-and-preventing-gender-bias-law-enforcement

7. OSCE-Led survey on violence against women: Main report (Organization for Security and Co-operation in Europe, 2019) at: https://www.osce.org/secretariat/413237?download=true

8. National Outcome Standards for Perpetrator Interventions (NOSPI) Baseline Report 2015-2016. Australian Department for Social Sciences. https://plan4womenssafety.dss.gov.au/wp-content/uploads/2018/08/nationaloutcomestandardsreportweb.pdf

9. Welch, J. and F. Mason.,(2007), 'Rape and Sexual Assault' *British Medical Journal* 334, no. 7604: 1154–1158.

10. Progress of the World's Women in Pursuit of Justice (UN Women, 2011), at: https://www.unwomen.org/en/digital-library/publications/2011/7/progress-of-the-world-s-women-in-pursuit-of-justice

11. Crenshaw, K. 'Demarginalizing the Intersection of Race and Sex: A Black Feminist Critique of Antidiscrimination Doctrine, Feminist Theory and Antiracist Politics', *University of Chicago Legal Forum* Volume 1989, Issue 1 Article 8. https://chicagounbound.uchicago.edu/cgi/viewcontent.cgi?article=1052&context=uclf

12. The Sphere Handbook: 'Humanitarian Charter and Minimum Standards in Humanitarian Response' 4th edition, (Geneva, Switzerland, 2015)at: www.spherestandards.org/handbook

13. Bastick, M., and Valasek, K., Security Sector Reform Assessment, Monitoring and Evaluation and Gender. Gender and SSR Toolkit (Geneva Centre for Security Sector Governance, 2008), at: https://www.dcaf.ch/gender-security-sector-reform-toolkit

14. Gender-based Violence Resource Pack. A Standardized Training Tool for Duty Bearers, Stakeholders, and Rights Holders (UN Women, 2019) at: https://www.genderinkenya.org/wp-content/uploads/2019/11/GBV-Resource-Pack-13-Sept-w-3mm-bleed.pdf

15. Case Study: Imkaan - Supporting Asian, Black, Minority, Ethnic, and Refugee Survivors (UK), at: http://www.endvawnow.org/uploads/browser/files/shelter_uk_case_study_imkaan.pdf

16. 'How the police are letting sexual assault victims down' (2014) Bates, L., for *The Guardian* at: https://www.theguardian.com/lifeandstyle/womens-blog/2014/nov/21/police-letting-rape-victims-down-too

17. 'From the Margin to the Centre: Addressing Violence Against Women and Girls Alternative Bill' (Imkaan, October2018), at: https://829ef90d-0745-49b2-b404-cbea85f15fda.filesusr.com/ugd/2f475d_91a5eb3394374f24892ca1e1ebfeea2e.pdf

18. Tool 2: Policing and Gender in *Gender and Security Toolkit* (Geneva: DCAF, OSCE/ODIHR, UN Women, 2019) at: https://www.dcaf.ch/sites/default/files/publications/documents/GSToolkit_Tool-2%20EN%20FINAL.pdf

19. 'The police', SSR Backgrounder Series, (Geneva: DCAF, 2015) at: http://ssrbackgrounders.org/fall.php?p=16&l=EN

20. 'Integrating gender into internal police oversight' (DCAF, OSCE, OSCE/ODIHR , 2014) at: "https://www.dcaf.ch/integrating-gender-internal-police-oversight

21. 'Police as an Entry Point to End Violence Against Women and Girls. Lessons from Civil Society Organizations' (UN Trust Fund to End Violence Against Women, New York, 2019).

22. 'The Value of Intersectionality in Understanding Violence against Women and Girls (VAWG)' (Imkaan, UN Women and the European Union, 2019) at: https://www2.unwomen.org/-/media/field%20office%20eca/attachments/publications/2019/-10/the%20value%20of%20intersectionality%20in%20understanding%20violence%20against%20women%20and%20girls.pdf?la=en&vs=3339

23. 'Thematic study on the issue of violence against women and girls and disability' Report of the Office of the United Nations High Commissioner for Human Rights, (A/HRC/20/5), 30 March 2012, at: https://www2.ohchr.org/english/issues/women/docs/A.HRC.20.5.pdf

24. 'The Trial of Rape. Understanding the Criminal Justice System Response to Sexual Violence in Thailand and Viet Nam' (UN Women, UNDP and UNODC, 2017), at: https://www2.unwomen.org/-/media/field%20office%20eseasia/docs/publications/2019/08/ap-trial-of-rape_26aug2019_lowres-compressed.pdf?la=en&vs=1916

25. 'Intimate Partner Violence Response Policy and Training Content Guidelines 6 (International Association of Chiefs of Police, 2015) at: https://www.theiacp.org/sites/default/files/all/i-j/IACPIntimatePartnerViolenceResponsePolicyandTrainingGuidelines2017.pdf

26. Glossary of Common Terms in Gender Equality and Feminist Theory (2015). Šribar, R. in Gendering Science: Slovenian Surveys and Studies in the EU Paradigms, Vienna, Echoraum. M. Ule, R. Šribar and A. U. Venturini, eds.

27. 'Gender sensitivity. European Institute for Gender Equality, at: https://eige.europa.eu/thesaurus/terms/1218?utm_source=newsletter&utm_medium=email&utm_campaign=how_gender_equal_is_your_parliament&utm_term=2019-11-27

28. UNODC, Handbook on Effective Police Responses to Violence against Women (Vienna 2010), available in English, Spanish, French

29. UNODC, Training Curriculum on Effective Police Responses to Violence against Women (Vienna, 2010), available in English, Spanish, French

रोकथाम

"न्यायका लागि पहिलो अनिवार्यता रोकथाम हो ।"

-संयुक्त राष्ट्रसंघ (एस/२००४/६१६.परिच्छेद ४)

अध्यायको लक्ष्यहरू:

सरोकारवालाद्वारा पर्याप्त रुपमा सूचित, समुदायको सहयोगका साथै पीडित/प्रभावित-केन्द्रित पद्धति रहेका प्रहरीका रोकथामसब्न्धी रणनीतिका परिणामस्वरुप महिला हिंसाका अपराध निवारण भइरहेका छन् ।

मुख्य सन्देश र सिकाईका बुँदाहरू

- महिला हिंसाका प्रकृति, तिनका कारण र परिणामका साथै तिनले महिला तथा किशोरीहरूलाई फरक एवं अत्याधिक रुपमा कसरी प्रभाव पार्छन् भन्ने कुराको बुझाई तिनको रोकथामको मूलभूत कुरा हुन्,
- समाधान खोज्नका लागि, महिला हिंसाको मूल कारणहरूको पहिचान र विश्लेषण गर्ने क्षमताबाट रोकथामको प्रारम्भ हुन्छ,
- महिला हिंसाको रोकथामका लागि प्रहरी, अन्य निकाय/सेवा प्रदायक र स्थानीय समुदायबीच सहकार्यको आवश्यकता पर्छ,
- महिला हिंसाको रोकथामको अर्थ हानीको उच्च जोखिममा भएकाहरूसँग परामर्श गर्नु हो,
- प्रहरीप्रति सर्वसाधारणको विश्वास र भरोसा बढ्नु भनेको रोकथामका रणनीतिले काम गरिरहेका छन् भन्ने संकेत हो,
- महिला हिंसाविरुद्ध आवाज उठाएर पुरुषहरूले नेतृत्व लिन सक्छन् र पर्छ,
- हिंसा अन्त्य गर्ने, भविष्यमा हिंसा रोकथाम गर्ने र महिला तथा किशोरीहरूलाई उनीहरूकै सुरक्षाका लागि उजुरी गर्न उत्प्रेरित गर्ने हस्तक्षेपहरूमा केन्द्रित क्रियाकलापहरूलाई प्राथमिकता दिइनुपर्छ ।

परिचय

महिला हिंसा जस्ता सर्वव्याप्त र कम उजुरी हुने अपराध घटाउने रोकथामका कार्य प्रभावकारी हुनका लागि, प्रहरीलाई उनीहरूले सेवा प्रदान गर्ने समुदायको सहयोगको आवश्यकता पर्छ। समुदायका लागि अपराध रोकथाममा समय, प्रयास र स्रोतको लगानी एक असल लगानीमात्र होइन, यसले धेरैवटा जीवनको रक्षा पनि गर्छ।

फोटो सौजन्य : महिला, कानुन र विकास मञ्चर चूण्न वुमन

प्रहरीकार्यमा प्रमाणमा-आधारित पद्धति[१] अपनाउँदा, बेलायतका अधिकारीहरूले यो सिके कि कसूर गर्ने अवसर धेरै भएको समयमा अपराध बढ्छ र अवसरको संख्या घट्दा अपराध पनि घट्छ।[२] यसको आधारमा, अपराध गर्ने अवसरनै हटाइएमा अपराधको रोकथाम गर्न सकिन्छ भन्ने उनीहरूले अनुमान गर्न सके। प्रभावित समुदायको सहकार्यमा मात्र यो काम सम्भव हुन्छ।

प्रायजसो समुदायहरू निकै विविधतापूर्ण हुने हुनाले, त्यस विविधताप्रति प्रहरीकार्यले संवेदनशीलता र उत्तरदायित्व अपनाउनु महत्वपूर्ण हुन्छ। धेरैवटा समुदायभित्र बहु तथा अन्तरसम्बन्धित तरिकाबाट बञ्चिति र सीमान्करणमा परेका व्यक्ति र समूहहरू हुन्छन् भन्ने बुझाई यसभित्र पर्छ।

प्रहरीको सहयोग र सहकार्य गर्नका लागि समुदायले प्रभावकारी साथै वैधानिक प्रहरी सेवाको अपेक्षा गरेको हुन्छ। जेनेभा सेन्टर फर सिक्युरिटी सेक्टर गभर्नेन्स् (डिसीएएफ)का अनुसार, असल प्रहरीकार्यका लागि प्रहरीको वैधानिकता एक अपरिहार्य आयाम हो र यसले प्रहरीका लागि सर्वसाधारणको समर्थनको मात्रा जनाउँछ।[३]

> "एनको मापदण्ड अनुरुप, हरेक प्रहरी वा कानून पालना गराउने अन्य निकाय आफूले सेवा प्रदान गर्ने समुदायको प्रतिनिधि बन्नुका साथै त्यसप्रति संवेदनशील र जवाफदेही हुनुपर्छ।"
>
> - १७ डिसेम्बर १९७९को साधारण सभा प्रस्ताव, ३४/१६९

सर्वसाधारणको समर्थन प्राप्त गर्नका लागि प्रहरीले समुदायका विविध सुरक्षा आवश्यकताहरूप्रति उत्तरदायी बन्नुपर्ने हुन्छ। प्रहरीले वैधानिकता तथा समर्थन र अन्ततः विश्वास हासिल गर्नसक्ने एक प्रभावकारी तरिका भनेको अपराध र हिंसा रोकथामका रणनीति विकास एवं कार्यान्वयनमा महिलाको समान

१ मोर्डन क्राइम प्रिभेन्सन स्ट्राटेजी (होम अफिस युके, २०१६)मा क्रिमिनोलोजी, ४७ (४)मा, ग्युरेत आर.टी. र बोवर्स् के.जे.(२००९)को 'Assessing the Extent of Crime Displacement and Diffusion of Benefits: A Review of Situational Crime Prevention Evaluations' हेर्नुहोस्।

२ मोर्डन क्राइम प्रिभेन्सन स्ट्राटेजी (होम अफिस युके, २०१६)।

३ पुलिस इन्टिग्रिटी टुल किट (डिसीएएफ, २०१२)

बाकस १

समन्वय भनेको परामर्श हो

फोटो सौजन्य : यूएन वुमन/नेपाल

महिला तथा किशोरीहरूलाई असर गर्ने अपराध र हिंसाका घटनाहरू बुझ्नको लागि समन्वयात्मक प्रयासहरूले परामर्श प्रक्रियामार्फत सूचना संकलन गर्नु आवश्यक हुन्छ। यो परामर्श प्रक्रियाले महिला तथा किशोरीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आवश्यक छ, जसले गर्दा उनीहरूको आवाज सुनिन र उनीहरूको प्राथमिकताहरू समन्वयात्मक प्रयासहरूमा प्रतिबिम्बित हुन सम्भव हुन्छन्।

द युरोपियन इन्स्टिच्युट फर जेन्डर इक्वालिटीले सरोकारवाला परामर्शका लागि चार चरणहरू प्रस्ताव गरेको छ जुन सामान्यतया समन्वय साझेदारहरू स्थापना गर्दा र उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दा प्रहरीका लागि धेरै उपयोगी हुन सक्छन्। यसमा तलका कुराहरू समावेश छन् :

- **योजना** : यसमा परामर्शको उद्देश्य र समेटिने विषयहरू परिभाषित गर्ने, परामर्श गरिनु पर्ने कुराहरूको पहिचान गर्ने र लैङ्गिक सन्तुलनका साथै लैङ्गिक सवालमा विशेषज्ञता भएका संस्थाहरूको पर्याप्त र विविध प्रतिनिधित्व सुनिश्चित गर्न ध्यान दिने कुरा पर्छन्। यस चरणमा, निर्णय प्रक्रियामा परम्परागत रूपमा सीमान्तकृत भएका आवाजहरू (जस्तै, आप्रवासी महिलाहरू) र संलग्नताका लागि उपयुक्त सहयोग चाहिने समूहहरूको पहिचान गर्नु, साथै सहभागिताका लागि विशेष आवश्यकताहरू पूरा गर्न चाहिने कुराहरूलाई विचार गर्नु (उदाहरणका लागि, बाल-स्याहार उपलब्ध गराउने) महत्त्वपूर्ण हुन्छ।

- **सरोकारवालाहरूसँगको परामर्श** : यो प्रक्रिया चाँडै सञ्चालन गरिनुपर्छ ताकि सही मुद्दाहरूले तिसँग सम्बन्धित निर्णयहरूलाई प्रभाव पार्न, सान्दर्भिक जानकारी अग्रिम रूपमा फैलाउन र उपयुक्त समयावधि, परिवेश र स्थानीय भाषाहरू प्रतिबिम्बित गर्न स्थानीकरण गर्न सम्भव हुन्छ।

- सरोकारवालाहरूको राय, विविध आवश्यकता र लैङ्गिक समानताका सरोकारहरू अन्तिम निर्णय/हस्तक्षेपमा पर्याप्त रूपमा प्रतिबिम्बित भएको सुनिश्चित गर्नका लागि समन्वयात्मक प्रयासहरूको रणनीतिक योजनामा परामर्शहरूबाट प्राप्त **पृष्ठपोषणलाई समावेश गर्ने**।

- परामर्श प्रक्रिया र त्यसको नतिजाको **दस्तावेजीकरण** गरेर सरोकारवालाहरूलाई सूचित गर्ने। संलग्नता कायम राख्नका लागि आवश्यक कदमको रूपमा उठाइएका मुख्य मुद्दाहरूको बारेमा परामर्श लिइएकाहरूलाई जानकारी गराउने कार्य यसमा पर्छ।

स्रोत: लैङ्गिक सरोकारवाला परामर्श (युरोपियन इन्स्टिच्युट फर जेन्डर इक्वालिटी) बाट अनुकूलित।

आवाज र अर्थपूर्ण सहभागिता खोज्ने पहल तथा संस्थाहरूको सहयोगद्वारा, जेजस्तो पृष्ठभूमिका भएपनि सबै महिलाका आवाज एकीकृत गर्नसक्नु हो ।

वास्तवमा, रोकथामका रणनीति विकास तथा कार्यान्वयनमा महिला सहभागितालाई केवल महिला हिंसा र अन्य प्रकारका लैङ्गिकतामा आधारित हिंसासम्बन्धी अपराधमा मात्र सिमित नगरेर, सबै खालका र तहका अपराधमा त्यस्तो सहभागिता गराइनुपर्छ । यसले महिला तथा किशोरीहरूको निर्दिष्ट र विविध सुरक्षा आवश्यकताको पर्याप्त ध्यान राखिएको मात्र सुनिश्चित नगरेर, सामान्यतया अपराध गर्ने अवसरहरू घटाउनका लागि यस दृष्टिकोणको प्रभावकारी एवं कुशलतापूर्वक प्रयोग भएको सुनिश्चित गर्न पनि मद्दत पुग्छ ।

"प्रहरीको वैधानिकता भनेको निष्पक्ष र व्यावसायिक निष्कर्ष दर्शाउँदै, समुदायका आवश्यकताप्रति उत्तरदायी हुनु र सुरक्षा सुनिश्चिततामा प्रभावकारी हुनु हो ।"

- एम्नेष्टि इन्टरनेसनल (२००७)

प्रहरीले महिलाका आवाजलाई अपराध तथा हिंसा रोकथामका रणनीतिमा एकिकृत गर्दा, सँगसँगै महिला तथा किशोरी, उनीहरूका परिवार र विविधतापूर्ण समुदायलाई महिला हिंसा, त्यसका कारण र परिणामहरूबारे साथै आरोपित पीडकले पाउनसक्ने र पाउनुपर्ने दण्डसजायका बारेमा अग्रसक्रिय रुपमा जनचेतना अभिबृद्धि गर्नुपर्छ ।

त्यसका साथै पीडित-केन्द्रित पद्धति, पीडक-केन्द्रित अनुसन्धानको रणनीति र एक जवाफदेही एवं समावेशी संस्थागत रुपान्तरण प्रक्रियाप्रति प्रहरीको प्रतिबद्धताबारे समुदायलाई नियमित रुपमा जानकारी गराउनु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

सेवाका बारेमा र पीडित/प्रभावितले विभेदरहित रुपमा कसरी तुरुन्तै तिनमा पहुँच पाउन सक्छन् भन्ने जानकारी सुनिश्चित गर्नु पनि अर्को तरिका हो, किनभने त्यसले महिला तथा किशोरीहरू विरुद्ध हिंसाका पीडित/प्रभावितहरूले संरक्षण र सहयोगमा पहुँच पाउँछन् भन्ने सन्देश सर्वसाधारणमा प्रवाह गर्छ ।

संक्षेपमा, विना भेदभाव न्यायमा पहुँच सुनिश्चित गर्ने र पीडित/प्रभावित-केन्द्रित दृष्टिकोणलाई प्राथमिकता दिने कार्य गर्ने संगठनात्मक संस्कृतिको विकास र प्रवर्द्धन् अपराध रोकथामका लागि बढी सफल हुनेछ, किनकि यसले प्रहरी कारबाहीलाई वैधानिकता र समर्थन प्रदान गर्दै अन्ततः प्रहरीले सेवा गर्ने लक्ष्य राखेका समुदायहरूमा विश्वास उत्पन्न गर्नेछ ।

सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन

महिला तथा किशारीहरू विरुद्धको हिंसा विरुद्ध लड्नु प्रहरीको मात्र जिम्मेवारी होइन, **वास्तवमा महिला तथा किशारीहरू विरुद्धको हिंसा रोक्नु सम्पूर्ण समाजको दायित्व हो**; तथापि, तपाईंले एक महत्वपूर्ण भूमिका खेल्नुहुन्छ । अपराध रोकथाममा धेरैवटा महत्वपूर्ण पक्षहरू छन्, जसमध्ये अपराधीहरूलाई न्यायको दायरामा ल्याउनका लागि विद्यमान कानूनहरूको कार्यान्वयन एक हो ।

गहन तथा चुस्त अनुसन्धान गरेर, प्रमाणलाई स्पष्ट, विस्तृत रूपमा पहिचान र संरक्षण गर्दा अपराधीलाई दोषी ठहर गर्ने र सजाय हुने सम्भावना बढ्छ । अपराध ठहर गरेर सजाय गर्नाले महिला तथा किशारीहरू विरुद्धको हिंसा सह्य नहुने सन्देश समाजमा प्रवाह हुन्छ । सजायमाथि तपाईंको कुनै नियन्त्रण नभएपनि, मुद्दालाई सम्भव भएसम्म बलियो बनाएर अदालत प्रणालीमार्फत अघि बढाउन अभियोजक समक्ष प्रस्तुत गरिएको सुनिश्चित गर्दै तपाईंले अनुसन्धानको गुणस्तरमा भने नियन्त्रण गर्न सक्नुहुन्छ ।

समाधानहरू पहिचान गर्न र रोकथामका रणनीतिहरू लागू गर्न समस्याको विश्लेषण गर्न सक्नु रोकथामको अर्को मुख्य पक्ष हो । यस प्रक्रियामा मद्दत गर्न प्रयोग गर्न सकिने धेरै मोडेलहरू छन्, जसमध्ये एउटाको उदाहराण तल दिइउको छ :

चित्र १

समस्या समाधान गर्ने चक्र



महिला तथा किशोरी विरुद्ध हिंसाका बढ्दो उजुरीले यस्तो अपराधमा प्रहरी प्रतिकार्य क्षमताबारे नकारात्मक रुपमा प्रतिबिम्बित गर्छ भन्ने प्रहरी व्यवस्थापकहरू प्रायः विश्वास गर्ने गर्छन्, जबकि वास्तवमा, प्रारम्भिक चरणहरूमा, यसलाई सकारात्मक परिणामको रूपमा हेरिनुपर्छ ।

प्रहरीप्रति महिलाहरूको जति धेरै विश्वास र भरोसा हुन्छ, उनीहरूले महिला तथा किशोरी विरुद्धका हिंसाका अपराधहरूको उजुरी गर्ने सम्भावना त्यति नै बढी हुन्छ । थप उजुरीले तपाईंलाई समस्याहरू अझ प्रभावकारी रूपमा पहिचान गर्न सक्षम पार्दै थप तथ्याङ्क उपलब्ध गराउँछ, जसअनुरुप दीर्घकालीन रुपमा यस प्रकारका अपराधमा समग्र रुपमा कमी ल्याउन तपाई उपयुक्त निवारक हस्तक्षेपहरू निर्देशित गर्न सक्नुहुन्छ ।

यदि कुनै उजुरी भएन भने, त्यहाँ कुनै अपराध पनि भएको छैन भन्ने हुन्छ र त्यसैले पीडित/प्रभावितका लागि न्याय पनि प्राप्त हुन सक्दैन । महिला तथा किशोरी विरुद्धका हिंसामा तथ्याङ्क अन्य निकायहरूबाट पनि प्राप्त गर्न सकिन्छ । उदाहरणका लागि, अन्य सेवा प्रदायकहरूले पीडित/प्रभावितहरू धेरै डराएको अवस्थामा, वा विश्वासको कमीका कारण उनीहरूले प्रहरीमा उजुरी नगरेको बेला के सूचनाहरू प्राप्त गर्छन् ? तपाई कसरी यस्तो जानकारीमा पहुँच गर्न सक्नुहुन्छ ? के तपाईंले महिला तथा किशोरी विरुद्धका हिंसा रोकथामका लागि सूचनाको आदानप्रदान सम्भव बनाउन अन्य निकायहरूसँग सहकार्यात्मक सम्बन्धहरू निर्माण गर्नुभएको छ ?

महिला तथा किशोरी विरुद्धका हिंसाको रोकथाम प्रभावकारी हुनको लागि प्रहरी, अन्य निकायहरू/सेवा प्रदायकहरू र स्थानीय समुदाय बीचको सहकार्य आवश्यक हुन्छ ।

चित्र २

Understanding Violence against Women[4]

समस्याको प्रभावकारी विश्लेषण गर्न सक्नका लागि, तपाईलाई हालसालैको र सही तथ्याङ्क चाहिन्छ ।

यस प्रक्रियामा गुप्त सूचना मूल्यवान हुन्छ र तपाईको स्थानीय समुदायमा प्रहरीप्रति जति धेरै भरोसा र विश्वास हुन्छ, तपाईंले सान्दर्भिक गुप्त सूचना प्राप्त गर्ने सम्भावना त्यति नै बढी हुन्छ । विचारयोग्य केहि कुराहरू तल दिइएका छन् :

- महिला तथा किशोरी विरुद्धका हिंसाका अपराध मात्र नभई अपराध नमानिने घटनाहरूको पनि सही अभिलेख राखिएको छ भनी तपाईंले कसरी सुनिश्चित गर्नुहुन्छ ?
- तपाइँको कार्याधिकार क्षेत्रमा प्रचलित/व्याप्त अपराधका प्रवृत्तिहरू स्थापित गर्न तपाइँ कति पटक महिला तथा किशोरी विरुद्धका हिंसाका अपराधहरूको विश्लेषण गर्नुहुन्छ ?
- यदि तपाइँ समस्याको बारेमा जानकार हुनुहुन्न र त्यसैकारण तपाइँका सीमित स्रोतहरू प्रभावकारी रूपमा प्रयोग गर्न असमर्थ हुनुहुन्छ भने तपाइँ भविष्यमा हुने अपराधहरूलाई कसरी रोक्न सक्नुहुन्छ ?
- तपाईंको क्षेत्रमा महिला तथा किशोरी विरुद्ध हिंसाका अपराधहरूलाई राष्ट्रिय रूपमा राखिएको तथ्याङ्कसँग कसरी तुलना गरिन्छ ?
- तपाईंको स्थानीय समुदायको विविधताले महिला तथा किशोरी विरुद्ध हिंसाका अपराधका प्रकार र उजुरीको स्तरमा कसरी प्रभाव पार्छ ?
- तपाइँको समुदायको सांस्कृतिक बनावट कस्तो छ ?



ROOT CAUSES OF VAWG

Gender inequality and discrimination in particular contexts are shaped by:

- economic, political and social factors, systems and norms, including policy and legal frameworks and structures
- historical factors (e.g. deep rooted cultural practices, war, colonization)
- structural distinctions on the basis of age, income, location, ethnicity, disability, gender identity, sexual orientation and other characteristics

४ https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2015/prevention_framework_unwomen_nov2015.pdf?la=en&vs=5223 मा महिला विरुद्धका हिंसा रोकथाम गर्ने पहलहरूलाई टेवा दिने ढाँचा (Framework to Underpin Action to Prevent Violence against Women) (युएन वुमन, २०१५)

फोटो सौजन्य : चूएन वुमन/नेपाल

तपाइँको प्रहरी कार्यक्षेत्रभित्र कस्ता विद्यमान सहयोगी सञ्जालहरू वा सामुदायिक साझेदारी/मञ्चहरू छन् ? यदि तिनीहरू छैनन् भने, नागरिक समाज लगायत अन्य निकाय र सेवा प्रदायकहरूसँग संलग्न हुनका लागि तपाईंले अग्रसक्रियता अपनाउनु पर्छ, जसले गर्दा तपाईंलाई आफ्नो जिम्मेवारीको क्षेत्रमा अपराधजन्य समस्याहरू समाधान गर्न मद्दत मिल्न सक्छ । महिला तथा किशोरी विरुद्धका हिंसा रोकथामका कार्यहरू सञ्चालनमा तपाईं सबै प्रतिबद्ध हुन सहमत हुनु सबैभन्दा महत्त्वपूर्ण कुरा हो । प्रहरीलाई सामेल हुन आमन्त्रित नगरिएका विद्यमान साझेदारी वा सहयोगी सञ्जालहरू त्यहाँ पहिलै हुन सक्छन् । तसर्थ, महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितहरूलाई मद्दत गर्न मात्र होइन, त्यस्ता अपराधहरूलाई सर्वप्रथम हुनबाट नै रोक्ने तपाईंका प्रयासहरूलाई पनि मद्दत गर्नका लागि, तपाईं समाधानको पाटो बन्न सक्ने अवस्था सृजना भएको सुनिश्चित गर्न आवश्यक छ ।

सामुदायिक संलग्नता र प्रहरीप्रतिको विश्वास र भरोसामा बृद्धिबीचको सम्बन्ध महत्वपूर्ण हुन्छ । यसले प्रहरीलाई सहयोग गर्ने सर्वसाधारणको इच्छाशक्तिमा बृद्धि ल्याउन सहजीकरण भएर, परिणामस्वरुप गुप्त सूचना संकलनमा सुधार आउनसक्छ - जसकारण समस्या विश्लेषणका लागि तथ्याङ्क संकलनमा सुधार ल्याएर सबै प्रकारका अपराध रोकथाममा सहयोग पुग्न सक्छ । सामुदायिक संलग्नता र प्रहरीप्रतिको विश्वास र भरोसामा बृद्धिबीचको सम्बन्धलाई एक चक्रीय प्रक्रियाका रुपमा कसरी हेर्न सकिन्छ भन्नेबारे उदाहरणका लागि, युके कलेज अफ पुलिसिङ्गको *विश्वासको चक्र*[५] (चित्र ३) हेर्नुहोस् ।

संलग्नताबारे थप जानकारीका लागि अध्याय ७ : 'सहयोग र सहायता' र अध्याय ८ : 'न्यायिक निकायहरूबीच समन्वय' हेर्नुहोस् ।

फोटो सौजन्य : ग्राहम गाउल्डेन, स्कटल्यैण्ड प्रहरीका निवृत मुख्य अनुसन्धानकर्ता

५ संलग्नता र सञ्चारका आधिकारिक व्यावसायिक अभ्यास ('Engagement and Communication Authorised Professional Practice') (कलेज अफ पुलिसिङ्ग, युके) ।

तपाईको आफ्नै कर्मचारी लगायत कसैको बिरूद्ध कुनै पनि प्रकारको हिंसा सहृय हुने छैन भनेर तपाई के सन्देश दिनुहुन्छ ? महिला तथा किशोरी विरुद्धका हिंसालाई रोक्नको लागि पुरुष तथा किशोरहरूले मुख्य भूमिका खेल्छन् भनेर तपाइँ आफ्नो कर्मचारी र व्यापक समुदायलाई के सन्देशहरू दिनुहुन्छ ? एक नेतृत्वकर्ताको रूपमा, महिला तथा किशोरी विरुद्धका हिंसालाई गम्भीरतापूर्वक लिइनेछ भन्ने स्पष्ट र प्रष्ट सन्देशहरू तपाईले प्रवाह गर्न आवश्यक हुन्छ। महिला तथा किशोरी विरुद्धका हिंसालाई किन गम्भीरताका साथ लिनु पर्छ भन्ने कुरामा आफ्ना साथीहरूलाई शिक्षित र प्रभाव पार्ने 'पुरुष च्याम्पियन' को रूपमा काम गर्न सक्ने पुरुष कर्मचारी र समुदायका पुरुष सदस्यहरूलाई पहिचान गर्न किन विचार नगर्ने ?

महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न पुरुष तथा किशोरहरूलाई संलग्न गराउने प्रयास चुनौतीपूर्ण एवं फलदायी दुवै हुन्छ। उदाहरणद्वारा नेतृत्व गर्ने प्रतिबद्धता हुन र सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताहरूले यस्तो हिंसाको धारणालाई कसरी प्रभाव पार्न सक्छ भनी बुझ्न सक्नुपर्छ।

स्कटल्याण्ड प्रहरीमा तीस वर्षसम्म आपराधिक अनुसन्धान, लागूपदार्थसम्बन्धी अनुसन्धान र तालिम एवं रोकथामका विज्ञ सेवा प्रदान गरेर प्रमुख अनुसन्धानकर्ताका रुपमा सेवानिवृत्त भएका ग्राहम गोउल्डेनले पुरुष संलग्नताबारे अनुसूची १मा महिला तथा किशोरी विरुद्धका हिंसा रोकथाममा मद्दत गर्न पुरुषहरूले चाल्नसक्ने कदमहरूबारे मार्गदर्शन प्रदान गरेका छन्।

चित्र ३

युके कलेज अफ पुलिसिङ्गको आत्मविश्वासको चक्र[९]



नोट : एनआईएम भनेको नेसनल इन्टेलिजेन्स मोडेल (युके) हो, जसले १. स्थानीय सवाल, २. क्रस-बोर्डर सवाल, ३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सवालहरू तीनै तहमा गम्भीर तथा संगठित अपराधसम्बन्धी गुप्त सूचना संकलन, विश्लेषण र प्रयोगका संरचित पद्धति प्रदान गर्छ। संलग्नता र सञ्चार अधिकारप्राप्त व्यावसायिक अभ्यास ('Engagement and Communication Authorised Professional Practice') (कलेज अफ पुलिसिङ्ग, युके) पनि हेर्नुहोस्।

[९] https://www.app.college.police.uk/app-content/engagement-and-communication/engaging-with-communities/ हेर्नुहोस्

महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकारमा आउने चुनौतीहरूको सम्बोधनको शुरुवात तपाईंको टोलीको कार्यसम्पादनमा रहेका कमीकमजोरी को पहिचानबाट हुन्छ

अपराध र हिंसा रोकथामका प्रभावकारी रणनीतिका अभावका परिणाम निकै बृहत् हुन्छन् । महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितहरू गम्भीर एवं दीर्घकालीन स्वास्थ्य समस्याका साथै ज्यान नै गुमाउने उच्च जोखिममा हुन्छन् । सामाजिक तहमा, महिला तथा किशोरी विरुद्धका हिंसाले सामाजिक हेयभाव, अस्वीकार, परिवारमा बिखण्डन, घरबार-विहिनता, बहिष्करण, र अभावग्रस्तता ल्याउन सक्छ ।[७] त्यसबाहेक, अध्ययनहरूले देखाए अनुसार, हिंसाको वातावरणमा हुर्केका बालबालिका भविष्यमा आफैं महिला तथा किशोरी विरुद्धका हिंसा जस्ता अपराधका पीडित/प्रभावित वा पीडक बन्ने सम्भावना बढी हुन्छ ।[८]

> अपाङ्गता भएका व्यक्ति वा सीमान्तकरणमा परेको समूहका व्यक्ति जस्ता व्यक्तिका सामाजिक पहिचानसँग सशस्त्र द्वन्द्व जस्ता उनका परिस्थितीय परिवेश सँगासँगै आउँदा महिला तथा किशोरी विरुद्धका हिंसाको जोखिम झन् बढाउँछ ।

महिला तथा किशोरी विरुद्धका हिंसाको प्रकृति, यसका कारण र परिणामहरू र यसले महिला र किशोरीहरूलाई कसरी फरक र असमान रूपमा प्रभाव पार्छ भन्ने कुराको स्पष्ट बुझाइको अभावमा प्रतिकार्य गर्ने प्रहरीले महिला तथा किशोरी विरुद्धका हिंसाप्रति प्रभावकारी रुपमा प्रतिक्रिया जनाउन सकेका हुँदैनन् । पूर्वाग्रह र रुढिवादले प्रशय दिएको टोलीकार्यका कमीकमजोरीको कारक लैङ्गिक हिंसा र अपराधले महिला तथा किशोरीहरूमा पार्ने प्रभावबारेको बुझाईको कमी मात्र नभई, सामान्यतया समाजलाई पनि कारकका रुपमा लिन सकिन्छ ।

परिणामस्वरुप, रोकथामका रणनीतिहरूलाई प्राथमिकतामा राखेर लगानी गर्दा प्रहरी सेवाको मात्र नभई, सामाजिक-आर्थिक औचित्य पनि हुन्छ भन्ने सबै तहका प्रहरी नेतृत्वहरूले बुझ्नु महत्वपूर्ण छ ।

उदाहरणका लागि, महिला तथा किशोरी विरुद्धका हिंसाका आर्थिक परिणामहरू विशाल हुन्छन् । इजिप्टमा, एक राष्ट्रिय अध्ययनको निष्कर्ष अनुसार, महिला हिंसाको घटनाका कुल राष्ट्रिय लागत प्रति वर्ष ७८५ मिलियन इजिप्शियन पाउन्डभन्दा बढी छ, र सन् २००७-२००८ बीचको तीन वर्षमा तीन अर्ब इजिप्शियन पाउन्डभन्दा बढी थियो ।[९]

केन्यामा भएको यस्तै अध्ययनले देखाएको छ कि चिकित्सा-सम्बन्धी व्यक्तिगत/नगद खर्चहरू (प्रभावित वा उनीहरूका परिवारले आफ्नै आर्थिक स्रोतबाट भुक्तान गरेको रकम) र चोटपटकबाट उत्पादकता गुमाउँदा केन्याली मुद्रा ४६ बिलियनको कुल घाटा अनुमान गरिएको थियो, जुन केन्याको कुल गार्हस्थ उत्पादनको लगभग १.१ प्रतिशत बराबर हुनजान्छ ।[१०] यसबाहेक, विश्व बैंकको प्रतिवेदन अनुसार, केही देशहरूमा महिला विरुद्ध हिंसाले उनीहरूको कूल गार्हस्थ उत्पादनको ३.७% सम्म, जुन अधिकांश सरकारले शिक्षामा गर्ने खर्चका तुलनामा दोब्बर भन्दा बढी मूल्य लागतको अनुमान गरिएको छ ।[११]

सन् २०१८मा, युएनएफपीएले महिला तथा किशोरी विरुद्धका हिंसाले एक सामाजिक परिघटनाका रुपमा कसरी आर्थिक तथा सामाजिक परिणाम ल्याउँछन् भन्ने सरकारहरू र आफ्ना साझेदारहरूलाई बुझाउनका लागि आफ्नो *अरबी क्षेत्रमा घरेलु हिंसाको आर्थिक मूल्य अनुमान निर्देशिका*मा एक सूचनामूलक उदाहरण तयार पारेको छ ।[१२]

---

७ लैङ्गिकतामा आधारित हिंसासम्बन्धी स्रोत प्याक : जिम्मेवार निकाय, सरोकारवाला र अधिकारबाहकहरूका लागि एक मानक तालिम टुल ('Gender-based Violence Resource Pack: A Standardized Training Tool for Duty Bearers, Stakeholders, and Rights Holders') (युएन वुमन, २०१९) ।

८ महिला विरुद्धको हिंसाको अन्त्य : शब्दबाट कार्यात्मकता सम्म । महासचिवको अध्ययन (संयुक्त राष्ट्रसंघ प्रकाशन, विक्रि संख्या. ई.०६.४.८)

९ इजिप्टमा महिला विरुद्धको हिंसामा बहुविधात्मक प्रतिकार्य संयन्त्र बनाउनका लागि एक अध्ययन ('A Study for Creating a Multidisciplinary Response Mechanism to Violence Against Women in Egypt') (युएनओडिसी, २०१५)

१० लैङ्गिकतामा आधारित हिंसासम्बन्धी स्रोत प्याक : जिम्मेवार निकाय, सरोकारवाला र अधिकारबाहकहरूका लागि एक मानक तालिम टुल ('Gender-based Violence Resource Pack: A Standardized Training Tool for Duty Bearers, Stakeholders, and Rights Holders') (युएन वुमन, २०१९) ।

११ लैङ्गिकतामा आधारित हिंसा (महिला तथा किशोरी विरुद्ध हिंसा) (विश्व बैंक, अप्रील २०१९) https://www.worldbank.org/en/topic/socialdevelopment/brief/violence-against-women-and-girls मा

१२ अरबी क्षेत्रमा घरेलु हिंसाको आर्थिक मूल्य अनुमान निर्देशिका ('Guidelines to Estimate the Economic Cost of Domestic Violence in the Arab Region') (युएएफपीए, २०१९) https://www.unescwa.org/sites/www.unescwa.org/files/publications/files/guidelines-estimate-economic-cost-domestic-violence-arab-region-english_0.pdf मा हेर्नुहोस् । साथै, अरबी क्षेत्रमा वैवाहिक हिंसाको आर्थिक मूल्य अनुमानसम्बन्धी कार्यसञ्चालन मोडेल ('Estimating Costs of Marital Violence in the Arab Region Operational Model') (युएन वुमन ई/ईएससीडब्लूए/ईसीडब्लू/प्राविधिक कार्यपत्र ४, १८ जुलाई २०१७) पनि हेर्नुहोस् ।

चित्र ४

अरबी क्षेत्रमा घरेलु हिंसाको मूल्य अनुमान[१३]



Source: http://www.nuigalway.ie/media/researchcentres/womensstudies/womenstudies2020/Guidelines-to-estimate-the-economic-cost-of-domestic-violence-in-the-Arab-Region.pdf

युएनएफपीए २०१९को *निर्देशिकाको* माथिको चित्रले कसरी घरेलु हिंसाले महिलाको स्वास्थ्य, शिक्षा र कामका अवसरहरूमा बहु प्रभाव पार्छ भन्ने देखाउँछ ।

उदाहरणका लागि, माथिको चित्रले घरेलु हिंसाका कारण रोजगारीका अवसरहरूबाट फाइदा उठाउने महिलाहरूको क्षमता र कार्यसम्पादनमा कसरी बाधा पुग्छ र जसकारण राष्ट्रिय अर्थतन्त्रलाई असर गर्ने उत्पादकत्वमा हानि पुऱ्याउँछ भन्ने प्रकाश पार्छ ।[१४]

महिला तथा किशोरी विरुद्धका हिंसाले उनीहरूलाई राजनीतिक र आर्थिक जीवनबाट बञ्चित गर्नमा प्रमुख भूमिका खेल्छ । यसले सम्पूर्ण समुदायलाई असर गर्छ । महिलाको आर्थिक सशक्तिकरण र समावेशीताले सम्पूर्ण देशको आर्थिक वृद्धिलाई सहयो गर्दछ भन्ने *युएनएफपीए २०१९को निर्देशिका*मा अभिलेख गरिएका जस्ता अध्ययनहरूले बताउँछन् ।

महिला तथा किशोरी विरुद्धका हिंसाले र विशेषगरी अन्तरवैयक्तिक हिंसाले, मानसिक र शारीरिक दुबै प्रकारका अस्थायी वा स्थायी अपाङ्गता निम्त्याउन सक्छ भन्ने पनि औंल्याउन महत्त्वपूर्ण छ । यसले महिला वा बालिकाको शिक्षा, रोजगारी र अन्य अवसरहरूमा पहुँच र उपभोग गर्ने अवसरलाई दुर्व्यवहार(हरू) भएको धेरै वर्ष पछिसम्म पनि, भेदभाव र हेयभाव लगायत, महिला र किशोरीका रूपमा उनीहरूले सामना गर्ने सबै अवरोधहरूको परिणामस्वरूप प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्न सक्छ ।[१५]

१३ http://www.nuigalway.ie/media/researchcentres/womensstudies/womenstudies2020/Guidelines-to-estimate-the-economic-cost-of-domestic-violence-in-the-Arab-Region.pdf हेर्नुहोस् पृ.६ ।

१४ Ibid.

१५ थप हेर्नुहोस् : ह्युमानिटि एण्ड इन्क्लुजन : https://www.hi-us.org/

यस्तो हिंसाले बालबालिकाको स्वास्थ्य र शिक्षामा दीर्घकालीन प्रभाव पार्दै सम्भावित रूपमा उनीहरूको भविष्यको आर्थिक सहभागितालाई सीमित पार्छ, जसले समग्रमा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य क्षति पुऱ्याउँछ। रोकथाम, संरक्षण, अभियोजन र क्षतिपूर्तिमा लगानी बृद्धिले वास्तवमा सरकारहरूका लागि उल्लेखनीय बचत गरिदिन्छ।

महिला तथा किशोरी विरुद्धका हिंसाबाट प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावको परिणामस्वरूप बालबालिकामा परेको प्रभाव बुझ्नको लागि, प्रतिकूल बाल्यकालीन अनुभव ('ACEs') मा गरिएका अमेरिकी अध्ययनको निष्कर्ष हेर्नु उपयोगी हुन्छ। यी निष्कर्षहरू यूके भरीका धेरै प्रहरी बलहरू भित्र रोकथामका पहलहरू विकास गर्नका लागि तयार एवं प्रयोग गरिँदै छन् (बाकस २ हेर्नुहोस्)।

बाकस २

प्रतिकूल बाल्यकालीन अनुभव (ACEs) **के हो ?**

प्रतिकूल बाल्यकालीन अनुभव ('ACEs') भनेको बाल्यकालका प्रतिकूल अनुभव हुन् जसले बालबालिकाका विकसित हुँदै गरेका मस्तिष्कलाई हानी पुऱ्याएर तनावमा प्रतिक्रिया जनाउने तरिकामा परिवर्तन ल्याइदिन्छ। यसले बालबालिकाको रोग प्रतिरोधात्मक प्रणालीमा अत्यन्तै क्षति पुऱ्याउँछ र त्यसको असर दशकौंपछि देखिन्छ। दिमागले विभिन्न तरिकाले बिर्सिन सकेपनि, शरीरले बिर्सेको हुँदैन।

प्रतिकूल बाल्यकालीन अनुभव ('ACEs')का कारण दीर्घरोग, धेरैजसो मानसिक रोग हुनुका साथै समाजमा प्रायःजसो हिंसाको मूल कारक पनि बनेको हुन्छ।

बाल्यकालको आघातले वयस्क उमेरमा दीर्घरोग, डिप्रेसन र अन्य मानसिक रोगका साथै, हिंसा गर्ने र हिंसाका पीडित बनाउने साथै आर्थिक एवं सामाजिक समस्या ल्याउने कुरा पत्ता लगाएको, जनस्वास्थ्यसम्बन्धी एक अभूतपूर्व अध्ययन, *रोग नियन्त्रण तथा रोकथाम केन्द्र- काइजर प्रतिकूल बाल्यकालीन अनुभवसम्बन्धी अध्ययन* (*Centers for Disease Control and Prevention (CDC)-Kaiser Adverse Childhood Experiences Study*)बाट प्रतिकूल बाल्यकालीन अनुभव ('ACEs') आएको हो।



सोधकर्ताहरूले मापन गरेका १० वटा प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’) यसप्रकार छन् :

- शारीरिक, यौन तथा मौखिक दुर्व्यवहार
- शारीरिक तथा भावनात्मक बेवास्ता
- परिवारका सदस्यमध्ये कोही :
  - डिप्रेसन वा अन्य मानसिक रोग भएका
  - रक्सी वा अन्य मादकपदार्थ दुर्व्यसनी
  - कारागारमा भएका
- आमामाथि दुर्व्यवहार भएको प्रत्यक्षदर्शी
- अलग भएर, पारपाचुके गरेर वा अन्य कारणले कुनै अभिभावक गुमाएका

प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’) अध्ययन भन्दा पछाडि, प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’) सम्बन्धी अन्य सर्वेक्षणहरूले जातिवाद, लैङ्गिक भेदभाव, भाइबहिनीलाई दुर्व्यवहार भएको साक्षी, घरबाहिरको हिंसाको साक्षी, आमाद्वारा बुबालाई दुर्व्यवहार गरेको साक्षी, साथी वा वयस्कबाट दुर्व्यवहार गरेको साक्षी, पालनपोषण प्रणालीमा संलग्नता, युद्ध क्षेत्रमा बस्ने, असुरक्षित छिमेकमा बस्ने, निर्वासनमा परिवारको सदस्य गुमाउने, आदि जस्ता कुरा समावेश गरेर प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’) को प्रकारहरूलाई विस्तार गरेका छन् ।

पीडित हुनु वा दुर्व्यवहारको साक्षी हुनुलाई समावेश गरिएकाले यो बताउँछ कि महिला तथा किशोरी विरुद्धका हिंसामा ध्यान केन्द्रित गर्नाले समाजमा प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’)को कमीलाई सहयोग गर्न र सबै समुदायहरूमा हिंसामा कमी ल्याउन योगदान पुग्न सक्छ । कुनै पनि हिंसा रोकथामका रणनीति भित्र, प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’)बारे प्रहरीमा चेतना हुनुका साथै तिनीहरूलाई कसरी कम गर्ने भन्नेबारे सधैं छलफल गरिनुपर्छ ।

तपाईंको समुदायमा प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’)मा काम गर्दा, बढी उत्थानशील, सुरक्षित एवं स्वस्थ्य समाज निर्माणमा सहयोग गर्ने लक्ष्यका साथ प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’) न्यूनीकरण तथा रोकथाम गर्ने तरिकाहरू खोज्नुपर्ने साथै विभिन्न प्रकारका संस्थाहरूसँग साझेदारी गर्नुपर्ने हुन्छ । विश्व स्वास्थ्य संगठनले ‘केले काम गर्छ’ भन्ने आफ्नो विवरणमा हिंसा रोकथामका लागि एक ‘सुरक्षित, सहयोगी अभिभावकत्व भएको सम्बन्ध’ मा केन्द्रित हुनुपर्ने कुरालाई महत्वपूर्ण बताएको छ ।

सहयोगी अभिभावकत्व प्रदान गर्ने भूमिका प्रहरीसेवाको नभएपनि, महिला तथा किशोरी विरुद्धका हिंसामा केन्द्रित हुनु यसको कार्यक्षेत्रभित्र पर्छ, र तसर्थ प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’)का अध्ययनहरूबारे र तिनमा केन्द्रित हुँदा प्रहरी सेवालाई समग्रमा कसरी सहयोग पुग्छ भन्नेबारे अधिकृतहरू सचेत हुनुपर्छ ।

स्रोत : ग्राहम गोउल्डेन फर कल्टिभेटिङ्ग माइन्डस् युके । विश्व स्वास्थ्य संगठनको हिंसा रोकथाम : प्रमाण https://www.who.int/violence_injury_prevention/violence/the-evidence/en/र ACES too High News https://acestoohigh.com/पनि हेर्नुहोस् ।

प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’)को रोकथामका लागि, यसका अनुभव, परिणाम र यस क्षेत्रमा प्रभावकारी रोकथामका प्रयासबारे बढी विस्तृत बुझाई बढाउन, नियमित तथा निरन्तर अनुगमनलाई बहु अत्यावश्यक सेवाका कार्यसँग समन्वय गर्नु महत्वपूर्ण हुने कुरा प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’)को अध्ययन पद्धतिबारे हालैको एक समीक्षा (सन् २०१९को)ले बताएको छ । त्यसका साथै प्रहरी र अन्य अत्यावश्यक सेवाले रोकथाममा आफूले गरेका प्रयासहरूको समीक्षा गर्नु र तिनको प्रभाव मूल्याङ्कन गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।[१६]

यसको अर्थ, प्रहरीले महिला तथा किशोरी विरुद्धका हिंसाका प्रकृति, प्रतिकूल बाल्यकालीन अनुभव (‘ACEs’) जस्ता कारण र परिणाम, र तिनले महिला तथा किशोरीहरूलाई कसरी फरक एवं अत्याधिक असर गर्छ भन्ने बुझ्नेतर्फमात्र संवेदनशील नभई, रोकथामका प्रयासहरूको प्रगति अनुगमनका लागि संस्थागत अनुगमन प्रणालीलाई सूचित गर्न अग्रसक्रियता र इमान्दारिता पनि देखाउनुपर्छ ।

रोकथामका रणनीतिभित्र आफ्नो भूमिका पहिचान गर्न नसक्ने, प्रतिकार्यमा लाग्ने अधिकृतहरूले महिला तथा किशोरी विरुद्धका हिंसाको प्रभावकारी प्रतिकार्यका संयुक्त प्रयासलाई अवमूल्यन गर्नसक्छन् । प्रतिकार्यमा लाग्ने आफ्ना अधिकृतहरू महिला तथा किशोरी विरुद्धका हिंसा रोकथाममा आफ्नो व्यक्तिगत योगदानबारे सचेत रहेको सुनिश्चित गर्ने महत्वपूर्ण भूमिका प्रहरीको सबै तहका नेतृत्वको हुन्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्दा प्रहरी संगठनहरूको असल अभ्यास र क्षमतासम्बन्धी कमीकमजोरीको

१६ प्रतिकूल बाल्यकालीन अनुभव रोकथाम : उपलब्ध सबैभन्दा राम्रा प्रमाणबाट लाभ लिँदै (‘Preventing Adverse Childhood Experiences (ACEs): Leveraging the Best Available Evidence)’(चोटपटक रोकथामका लागि हिंसा रोकथाम राष्ट्रिय केन्द्र र रोग नियन्त्रण तथा रोकथामका लागि नियन्त्रण केन्द्रको विभाग, एटलान्टा, जर्जिया, २०१९)

विस्तृत विश्वव्यापी नक्साङ्कनबाट प्रेरित एक सूची तल दिइएको छ । नक्साङ्कनले धेरै सेवारत र सेवानिवृत्त प्रहरी अधिकारीहरू र महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न विशेषज्ञ गैर-सरकारी संस्थाहरूसँग काम गरेको अनुभव भएका संयुक्त राष्ट्रसंघका कर्मचारीहरूसम्म पहुँच गरेको थियो ।

तल सूचीबद्ध क्षमतासम्बन्धी कमीकमजोरी अनुसन्धान प्रक्रियाका सबै बिन्दुहरूमा प्रहरी प्रयासका लागि हानिकारक रूपमा पहिचान गरिएको भएपनि, तिनीहरू विशेषगरी महिला तथा किशोरी विरुद्धका हिंसा रोकथाम रणनीतिका लागि प्रतिकूल छन् । यो सूचीले महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितहरूलाई हानि पुग्नुअघि वा थप हानि पुऱ्याउनु अघिकै सकेसम्म प्रारम्भिक चरणमा, क्षमताका कमीहरू पहिचान गर्नका लागि परिचालन कमाण्ड जिम्मेवारी सहितका प्रहरी नेतृत्वलाई मद्दत गर्ने उद्धेश्य लिएको छ ।

पहिचान गरिएका क्षमतासम्बन्धी कमीकमजोरीका मुख्य मुद्दासँग सम्बन्धित गर्न पाठकहरूलाई मद्दत पुगोस् भन्ने लक्ष्यका साथ वर्गीकरणका शीर्षकहरू राखिएका हुन्, यद्यपि, वास्तवमा ती सबै प्रत्येक बिन्दुमा लागू र/वा समपूरक हुन्छन् :

लैङ्गिक पूर्वाग्रह

- महिला तथा किशोरी विरुद्धका हिंसाको प्रकृति, यसका कारण र परिणामहरू र यसले महिला तथा किशोरीहरूलाई कसरी फरक र असमान रूपमा प्रभाव पार्छ भन्ने कुराको स्पष्ट बुझाइको अभावले हानीकारक लैङ्गिक पूर्वाग्रह तथा रुढिवाद निम्त्याउँछ र रोकथामका प्रयासहरूको अवमूल्यन गर्छ,
- केही मात्र प्रहरीले पनि अनुचित व्यवहार गरेमा र/वा पीडित/प्रभावित महिला तथा किशोरीप्रति पूर्वाग्रह देखाएमा, त्यसले साझेदारहरू र विशेषगरी नागरिक समाजबाट प्रहरीप्रति आवश्यक पर्ने विश्वासलाई अवमूल्यन गरिदिन सक्छ,
- कर्मचारीले देखाउने लैङ्गिक पूर्वाग्रह र रुढिवादको रोकथाम र सम्बोधन गर्न व्यवस्थापकहरूलाई प्रष्ट र एकरुपतापूर्ण मार्गनिर्देश दिने संस्थागत मापदण्डहरू प्रायः प्रहरी नेतृत्वसँग हुँदैनन् ।

गलत अभ्यास

- बाल विवह र महिला यौनाङ्ग छेदन जस्ता निश्चित प्रकारका महिला तथा किशोरी विरुद्धका हिंसाको सामना गर्दा रोकथाममत्मक प्रकृति नभएका रणनीति प्रायजसो अग्रपंक्तिमा काम गर्ने प्रहरीहरूका लागि कार्यसञ्चालन निर्देशिकाका रुपमा अप्रभावकारी हुने गर्छन्,
- रोकथामका रणनीतिमा भन्दा प्रतिक्रियामा असमान रुपमा केन्द्रित हुँदा, त्यसको परिणामस्वरुप सामान्यतया अनलाईन र सूचना-प्रविधिमा आधारित हिंसा जस्ता महिला तथा किशोरी विरुद्धका हिंसाको अनुभवका नयाँ जोखिम आउन सक्छन् र केही प्रहरी कमाण्डरहरूले सम्बन्धित अपराध पहिचान गर्न निकै ढिला गरेका हुन्छन् । धेरै अवस्थामा, प्रभावकारी रोकथामसम्बन्धी तथ्याङ्कको आवश्यकताबारे महत्व वा बुझाई नभएका मातहतका कर्मचारीले विस्तृत रिपोर्टिङ्ग नगर्दा यस्तो हुनेगर्छ ।
- सामान्यतया, अपराध रोकथामका राष्ट्रिय नीतिले महिला तथा किशोरीहरूका - पीडित हुनु लगायतका -पृथक एवं विविध अनुभवलाई ध्यान दिएका हुँदैनन् । तसर्थ, यो काम स्थानीय तहमा कार्यरत प्रहरी कमाण्डरहरूले त्यस कार्यका लागि पर्याप्त स्रोतबिना नै गर्नुपर्ने अवस्था भइरहेको हुन्छ ।

तालिम र शिक्षाको कमी

- महिला तथा किशोरी विरुद्धका हिंसा रोकथाम गर्दा साझेदार ीको ढाँचाभित्र आफ्नो व्यक्तिगत भूमिकाबारे धेरैजना प्रहरी अधिकृतहरू प्रायः अनभिज्ञ हुने गर्छन्,
- उनीहरूलाई जानकारी भएपनि, कार्यसञ्चालन टोली व्यवस्थापन गर्ने प्रहरी नेतृत्वकर्तामा अन्तरवैयक्तिक हिंसा, इज्जतका लागि भनेर गरिने अपराध र लैङ्गिक रुपमा अभिप्रेरित महिला हत्या जस्ता महिला तथा किशोरी विरुद्धका हिंसाको प्रत्यक्ष वा अप्रत्यक्ष स्वीकार्यतालाई प्रभावकारी रुपमा सम्बोधन गर्ने र तिनको रोकथामका लागि समुदायको सशक्तीकरण गर्ने व्यवस्थापनसम्बन्धी तालिमको अभाव हुनेगर्छ,
- प्रहरीका लागि दिइने तालिम कार्यक्रमले महिला तथा किशोरी विरुद्धका हिंसाका पीडकको व्यवहार, र विशेषगरी रोकथाम पद्धतिका लागि महत्वपूर्ण हुने दबाबमूलक नियन्त्रणका तत्वहरूको पर्याप्त सम्बोधन गरेका हुँदैनन् । परिणामस्वरुप, महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितले चाल्ने कदमहरूलाई ती दबाबमूलक नियन्त्रणले प्रभाव पार्छ भन्ने प्रहरी अधिकृतहरूले बुझ्न कठिन हुनेगर्छ । उदाहरणका लागि, अन्तरवैयक्तिक हिंसाको घटनामा :
  - त्यहि अन्तरंग साथीसँग बस्ने,
  - प्रहरीका पहलमा सहयोग गर्ने चाहना नराख्ने, वा
  - आपराधिक मुद्दामा सहयोग गर्न अस्वीकार गर्ने ।
- प्रहरीभित्र पूर्वाग्रह र रुढिवाद रोकथाम र सम्बोधन गर्दा प्रहरी नेतृत्वका लागि प्रष्ट र एकरुपतापूर्ण मार्गनिर्देश उपलब्ध गराउने संस्थागत मापदण्डको अभावले प्रायः यो इंगित गर्छ कि, कार्यसञ्चालक व्यवस्थापकहरूसँग त्यसको सम्बोधन गर्न उपयुक्त रुपमा तयारी छैन ।

परिभाषा र कार्यगत ढाँचाहरु

अत्यावश्यक सेवा प्याकेजको कार्यगत ढाँचा मार्गदर्शनले प्रयोगकर्तालाई सन् २०१०मा संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा सहमत गरेको *अपराध रोकथामको नमूना रणनीतिहरूतर्फ*, साथसाथै *अपराध रोकथामका क्षेत्रमा महिला विरुद्धका हिंसा अन्त्यका व्यवहारिक उपाय तथा अद्यावधिक गरिएका नमूना रणनीतिहरू*[१७] र *अपराध रोकथामका लागि संयुक्त राष्ट्रसंघीय निर्देशिकातर्फ* [१८] निर्देशित गर्छ ।

यी अन्तर्राष्ट्रिय रूपमा सहमत भएका दस्तावेजहरूले एकअर्कालाई बलियो बनाउँदै प्रहरीसेवामा रोकथाम निम्न तत्वहरू समावेश गर्दछ : अपराधीको जवाफदेहिता सुनिश्चित गर्दै मानव अधिकारमा आधारित, जोखिम व्यवस्थापन र पीडित/प्रभावितको सुरक्षा र सशक्तिकरण प्रवर्द्धन । प्रहरीको नेतृत्वमा हुने रोकथामका उपायहरूले मुख्य रूपमा हिंसाको अन्त्य गर्ने, भविष्यमा हुने हिंसा रोक्ने र महिला तथा किशोरीहरूलाई आफ्नै सुरक्षाको लागि उजुरी गर्न प्रोत्साहित गर्ने हस्तक्षेपहरूमा केन्द्रित गतिविधिहरूलाई प्राथमिकता दिनु पर्ने कुरा अत्यावश्यक सेवा प्याकेजले थप गरेको छ ।[१९]

सन् २००२मा, संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्ले असल अभ्यासमा आधारित अपराध रोकथाम निर्देशिका उपलब्ध गराएको छ, जसमा एक कार्यगत परिभाषा पनि समावेश गरिएको छ[२०] :

"अपराध रोकथामले अपराधको जोखिम र अपराधको डर लगायत व्यक्ति तथा समाजमा तिनका सम्भावित हानिकारक प्रभावहरू कम गर्नका लागि, तिनीहरूको बहु कारणहरूलाई प्रभाव पार्ने हस्तक्षेपका रणनीति र उपायहरू समेट्छ" । अपराध रोकथाम निर्देशिका (इसीओएसओसी प्रस्तावना २००२/१३, अनुसूची) ।

समानान्तर रुपमा, युरोपियन युनियनले [२१] आफ्ना सदस्य राष्ट्रहरूलाई *घरेलु हिंसाका घटनामा हस्तक्षेपका अष्ट्रियन मोडेल*[२२] भनेर चिनिने, घरेलु हिंसा पीडितको संरक्षणका लागि रोकथाम-केन्द्रित, आधारभूत र समन्वयात्मक प्रणाली स्थापनामा नवप्रवर्तनात्मक समाधानका लागि *घरेलु हिंसासम्बन्धी अष्ट्रियन*

बाकस ३

रोकथामका उपायहरू*

प्राथमिक : हिंसाको शुरुवात हुन नदिने	माध्यमिक : जोखिमका कारक र जोखिममा रहेका समूह पहिचान, सहयोग प्रदान गर्ने	तृतीयक : थप हिंसा हुन नदिने उपायहरू
सचेतना अभिबृद्धि, अभियानहरू, सामुदायिक पहलहरू, मानव अधिकारबारे शिक्षा, बालबालिका र किशोरकिशोरीका लागि शैक्षिक कार्यक्रम, विभेद विरोधी र महिलाको वास्तविक समानताका पक्षमा सामान्य उपायहरू, लैङ्गिक मूलप्रवाहीकरण	विभिन्न संस्थाहरूमा संवेदनशीलता बढाउने कार्यक्रमहरू, महिलाका लागि हेल्पलाइन स्थापना, स्वास्थ्यजाँच, कानूनी, आर्थिक तथा सामाजिक तहमा महिलाका स्वतन्त्रता बढाउने उपायहरू, आप्रवासी महिलाहरूको सहयोगका क्रियाकलापहरू	हिंसा प्रभावित महिलालाई सहयोग, महिलाका लागि सुरक्षित आवास स्थापना, हिंसा विरुद्ध संरक्षणका लागि कानून निर्माण, सावधानीपूर्ण तथा प्रभावकारी प्रहरी हस्तक्षेपहरू, प्रभावकारी आपराधिक न्यायालयका कार्यविधिहरू

*स्रोत : घरेलु हिंसाका घटनामा हस्तक्षेपका अष्ट्रियन मोडेल

१७ ३१ मार्च २०११को ए/आरईएस/६५/२२८ (A/RES/65/228), अनुसूची ।

१८ २४ जुलाई २००२को आर्थिक तथा सामाजिक परिषद्को प्रस्तावना २००२/१३, अनुसूची ।

१९ मोड्युल ३ : हिंसामा परेका महिला तथा किशोरीका लागि न्याय र प्रहरी सेवासम्बन्धी अत्यावश्यक सेवा प्याकेज : मूल तत्वहरू र गुणस्तरसम्बन्धी निर्देशिका, (हिंसामा परेका महिला तथा किशोरीका लागि अत्यावश्यक सेवासम्बन्धी संयुक्त राष्ट्रसंघको विश्वव्यापी संयुक्त कार्यक्रम, २०१५) ।

२० अपराध रोकथाम निर्देशिका, इसीओएसओसी प्रस्तावना २००२/१३, अनुसूची

२१ अष्ट्रियन मोडेल/नमूनालाई युरोपमा धेरैवटा देशले अवलम्बन/अनुकूलन गरेका छन् । महिला विरुद्धका हिंसासँगको लडाँई : सहयोगी सेवाहरूका लागि न्यूनतम मापदण्डहरू ('Combating Violence against Women: Minimum Standards for Support Services'), मानव अधिकार तथा कानूनी मामिलासम्बन्धी निर्देशनालय (काउन्सिल अफ युरोप, स्ट्रास्बोर्ग, २००८) हेर्नुहोस् । युरोपेली परिषद्का सदस्य राष्ट्रहरूमा हिंसा विरुद्ध महिलाका सुरक्षासम्बन्धी सिफारिसहरू (Recommendation Rec (2002) 5)का कार्यान्वयनको चौथो अनुगमनका नतिजाहरूको विश्लेषणात्मक अध्ययन, (काउन्सिल अफ युरोप, २०१४) पनि https://rm.coe.int/16805915e9 मा हेर्नुहोस् ।

२२ लोगर, रोसाको घरेलु हिंसाका घटनामा हस्तक्षेपका अष्ट्रियन नमूना ('The Austrian model of intervention in cases of domestic violence'), युएन विज्ञहरूको बैठक : महिला विरुद्धका हिंसा : महिला विरुद्धका हिंसासँगको लडाँई र अन्त्यसम्बन्धी असल अभ्यासमा प्रस्तुत कार्यपत्र (भिएना, १७-२० मे, २००५) हेर्नुहोस् ।

बाकस ४

महिला तथा किशोरी विरुद्ध हुने हिंसा निवारणका लागि युएन इसीओएसओसी प्राथमिक उपायहरू

अपराध निवारण र फौजदारी न्यायसम्बन्धी राष्ट्रसङ्घीय आयोग :	**Examples of Police Action:**
समाजमा मानसिकतामा परिवर्तन गर्ने र रुढिवादलाई चुनौती दिने, र लैङ्गिक हिंसाप्रतिको स्वीकार्यतालाई अन्त्य गर्न समुदायहरूलाई सहयोग गर्ने	लैङ्गिक पूर्वाग्रहसम्बन्धी अनिवार्य तालिम र त्यससँग सम्बन्धित योग्यता प्रणाली सबै दर्जामा लागु गर्ने, र प्रहरी सङ्गठन भित्र हानिकारक मानसिकता र रुढिवादहरूलाई सक्रिय रुपमा निरुत्साहित गर्ने
महिलाहरू राजनीतिक र आर्थिक दुवै रुपमा सशक्त भई समाजमा रहेको दोस्रो दर्जाको हैसियतलाई परास्त गर्ने	महिला अधिकृतहरूलाई संगठनमा आफ्नो क्षमता साकार पार्न मद्दत गर्न र भावि महिला अधिकृतहरूका लागि प्रहरी सेवा आकर्षक बनाउने संस्थागत रुपमा यौन प्रताडना (यौन दुर्व्यवहार) प्रति शुन्य सहनशीलाताको नीति र उजुरी संयन्त्र स्थापना गरी त्यसलाई सुदृढ तुल्याउने
महिलाहरूको सुरक्षालाई प्रवर्द्धन गर्न भौतिक वातावरणमा फेरबदल गरिनुपर्छ ।	उनीहरूका लागि भौतिक वातावरणलाई बढी सुरक्षित र आश्वास्त पार्ने सबैभन्दा प्रभावकारी उपाय निर्धारण गर्न सबै समुदायहरूमा महिला र किशोरीका विविध समूहरूसँग व्यापक परामर्श गर्न स्थानीय सरकार र नागरिक समाजसँग सहकार्य गर्ने
दुर्व्यसनमा निर्भरताले हिंसाको सम्भावना बढाउने अवस्था भएकाहरूका लागि विस्तृत मद्यपान र लागु औषध निवारण, उपचार र पुनःस्थापना कार्यक्रमहरू प्रस्ताव गरिनुपर्छ	हिंसाको प्रकृति, त्यसको कारण र परिणाम, र त्यसले महिला तथा किशोरीहरूलाई कसरी भिन्न र तुलनात्मक रुपमा बढी प्रभावित गर्छ भन्ने बारेमा साझा बुझाई प्रवर्द्धन गर्न समुदायिक सचेतना कार्यक्रमहरूमा सहभागी हुने ।

कानून तथा हस्तक्षेपका मोडेल सिफारिस गरेको छ । संयोगवश, हिंसा पीडित/प्रभावितबाट सकारात्मक पृष्ठपोषण प्राप्त भएपछि, महिला तथा किशोरी विरुद्धका हिंसा अन्त्यका लागि असल-अभ्यास नीतिका रुपमा अष्ट्रियन मोडेललाई फ्युचर पोलिसी अवार्ड २०१४ प्राप्त भएको थियो ।[२३]

अष्ट्रियन मोडेलले महिला तथा किशोरी विरुद्धका हिंसा कुनै निजी मुद्दा होइन, तर सार्वजनिक मुद्दा हो भन्ने बलियो सन्देश दिनका लागि महत्वपूर्ण भूमिका खेल्दै, त्यस्ता हिंसात्मक कार्यहरू हुँदा अन्य उपायहरूका साथसाथै, प्रहरीलाई हस्तक्षेप गर्न ठूलो शक्ति प्रदान गर्दछ । प्राथमिक, माध्यमिक र तृतीयक उपायहरूमा वर्गीकृत गरिएका, परिणाम ल्याउनसक्ने रोकथाम उपायहरूको ठोस उदाहरणहरू प्रदान गर्नका लागि पनि अष्ट्रियन मोडेल मान्यता प्राप्त छ ।

उपायहरूका यी तीन वर्गीकरणहरूलाई (रोकथामका उपायहरूको बाकस ३ को तालिका हेर्नुहोस्) प्रहरीले महिला तथा किशोरी विरुद्धका हिंसा रोकथाम र अनुसन्धानमा सहयोग र समन्वयका लागि अवसरहरूको रूपमा लिन सक्छन् :

त्यसका अतिरिक्त, जोखिममा रहेका समूहहरूमा आप्रवासी महिला र किशोरी मात्र छैनन् भन्ने कुरा स्पष्ट पार्नु महत्वपूर्ण हुन्छ । अपाङ्गता भएका महिला र किशोरीहरू पनि उच्च जोखिममा हुने गर्छन् । त्यसैकारण प्रहरीले अपाङ्गता भएका महिला र किशोरीहरूले न्याय सेवामा पहुँच प्राप्त गरेको, सुरक्षित रहेको र पीडित बनाउने चक्रलाई तोड्न थप सशक्त भएको सुनिश्चित गर्न प्रहरीले उपचारात्मक निवारणका उपायहरू अवलम्बन गर्नुपर्छ ।[२४]

अस्ट्रियन मोडलको तीन उपाय अवधारणाबाट प्रोत्साहित हुँदै अपराध निवारण र फौजदारी न्यायसम्बन्धी राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद् आयोग (युएन इसीओएसओसी)ले महिला तथा किशोरी विरुद्ध हुने हिंसाको प्रतिकार्यका लागि चार वटा मुख्य उपायहरू सिफारिस गरेको छ ।[२५] उक्त आयोगले प्रस्तावित गरेका चार वटा मुख्य उपायहरू पालना गर्न सकिने प्रहरी कारवाहीको समानान्तर उदाहरणका साथ सूची (बाकस ४)मा दिइएको छ :

२३ हेर्नुहोस् 'Ending violence against women and girls: The World's Best Land Policies' (Future Policy Award, 2014) in Eliminating Violence Against Women in the Asia Pacific: It's all of our responsibility' (UN Women, World Future Council and Inter-Parliamentary Union).

२४ "Women and Young Persons with Disabilities: Guidelines for Providing Rights-Based and Gender-Responsive Services to Address Gender-Based Violence and Sexual and Reproductive Health and Rights", (UNFPA-WEI November 2018).

२५ Aspects of violence against women that pertain directly to the Commission on Crime Prevention and Criminal Justice Commission on Crime Prevention and Criminal Justice (Note by the Secretariat, E/CN.15/2008/CRP.1 (2008) and Secretary-General's study on violence against women, A/61/122/Add.1, para. 337).

सबै परिभाषा र कार्य-ढाँचामा उल्लेखित समान धागो भनेको आफ्नो स्रोत र क्षमताले भ्याएसम्म महिला तथा किशोरीमाथि हुने हिंसा जस्ता अपराधहरूको सम्भाव्यता बढाउन सक्ने अवस्था र परिस्थितिहरूमा परिवर्तन ल्याउन प्रहरीको अग्रसक्रियतामाथिको केन्द्रविन्दु हो । अर्को शब्दमा भन्नुपर्दा, महिला तथा किशोरीमाथि हुने हिंसा जस्ता अपराधहरू हुने अवसर कम गर्ने ।

"प्रभावकारी प्रहरी कार्यले सबै सामुदायिक समूहहरू, विशेषगरी महिला र बालबालिकाको पहिचान गर्छ, र सल्लाहकार समूह, सामुदायिक सर्वेक्षण, मञ्च र बैठकहरूमा प्रतिनिधित्वमार्फत पृष्ठपोषणका लागि अवसर प्रदान गर्छ ।"

- हिला विरुद्ध हिंसा निवारण गर्ने कार्य आधारित ढाँचा (युएनवुमन, २०१५)

युएन प्रहरी जेण्डर टुलकिटले प्रहरीका मध्यमस्तरीय व्यवस्थापकहरूलाई समुदायसँग पहिचान गरिएको समस्याहरूको समाधान गर्न SARA model लागु गर्ने सिफारिस गर्दछ ।[२६] समाधानहरूको खोजीमा SARA एक प्रकारको विश्लेषण हो । SARA model का चार वटा चरणहरू रहेका छन् :

- स्क्यान गर्ने : समस्याको परिभाषा गर्ने
- विश्लेषण : समस्याको अध्ययन गर्ने
- प्रतिकार्य : कदम चाल्ने/कारवाही
- समीक्षा : चालेको कदमले कति काम गऱ्यो भनेर मुल्याङ्कन गर्ने

SARA model लाई सहभागितामूलक अवधारणाहरू मार्फत समस्याहरू समाधान गर्न समुदायसँग एउटा प्रभावकारी संलग्नता साधनका रुपमा प्रयोग गर्न सकिन्छ ।[२७]

अघिल्लो अध्यायनमा, परिचालन कमाण्ड जिम्मेवारी पाएको प्रहरी नेतृत्व (वा मध्यमस्तरीय व्यवस्थापक)हरूका लागि इएसपीमा आधारित रहेको लक्ष्य योजना मागदर्शन उपलब्ध गराइएको थियो । महिला तथा किशोरी विरुद्ध हिंसा बढाउने अवस्था र परिस्थितिहरूमा सुधार ल्याउने रणनीतिको रुपमा पछिल्लो अध्यायको मार्गनिर्देशनले निवारणका तीन वटा स्तम्भहरूमा प्रहरीका प्रयासहरूलाई केन्द्रित गर्नुपर्ने कुरा उल्लेख गरेको थियो : १) महिला तथा किशोरी विरुद्ध हिंसाको समुदायमा आधारित समाधानका लागि सामुदायिक एकता ; २) महिला तथा किशोरी विरुद्ध हिंसा र त्यसले समुदायका सदस्य तथा समाजमा पार्ने प्रभाव विरुद्धको प्रतिकार्यमा राजनीतिक तथा सामाजिक प्रतिबद्धताको सञ्चार ; र ३) महिला तथा किशोरी विरुद्ध हुने हिंसाको पर्याप्त प्रतिकार्य गर्न न्याय र सुरक्षा क्षेत्रका सम्बन्धित पक्षहरूले सिक्दै सुधार गर्दैछन् । देहायअनुसार प्रस्तुत गरिको मार्गदर्शन इएसपी मोड्यूल ३ बाट प्रत्यक्ष रुपमा प्रोत्साहित छ, र उल्लेख भइसकेको तीन वटा रणनीतिक स्तम्भहरूमा योगदान पुऱ्याउँछ ।

यसबारे परिपूरक र विस्तृत मार्गदर्शन युएनओडीसीको प्रकाशन शृङखला *Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women* (2014) का साथै *UNPOL Police Gender Toolkit: Standardised Best Practices on Gender Mainstreaming in Peacekeeping* (2015) मा पाउन सकिन्छ । यी राष्ट्रसङ्घीय दस्तावेजहरूमा प्रस्तुत गरिएका मार्गदर्शनहरू चुनौतीपूर्ण वातावरणमा विधिको शासन कायम गर्ने र प्रायः सीमित स्रोतसँग जुझ्ने विश्वभरीका प्रहरी संगठनहरूको अनुभवमा आधारित छन् । यी दस्तावेजहरूलाई निवारणका सम्बन्धमा संयुक्त राष्ट्रसंघको मागर्दशन *'A Framework to Underpin Action to Prevent Violence against Women'* (UN Women et al. 2015) लाई संगै राखेर हेरिनुपर्छ । यो मागर्दशनले महिला तथा किशोरी विरुद्ध हिंसालाई योगदान र संरक्षण गर्ने कारक तत्वहरूका साथै यस्तो हिंसा रोक्न विभिन्न क्षेत्र र विधाहरूले खेल्न सक्ने भूमिका बारेमा साझा बुझाईलाई सुदृढ गर्न सहयोग गर्दछ ।

महिला तथा किशोरी विरुद्ध हिंसाको निवारण रणनीतिहरूलाई कार्यान्वयन गर्न आवश्यक मुख्य व्यवस्थापकीय क्षमताहरू

प्रहरी नेतृत्वका लागि आचरणजन्य क्षमताहरूको निम्नलिखित सूची 2010 *Updated Model Strategies and Practical Measures on the Elimination of Violence against Women in the Field of Crime Prevention and Criminal Justice* (General Assembly resolution 65/228)[२८] बाट प्रोत्साहित छ ।

यसले अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त व्यवहार र मुल्यमान्यताहरू प्रस्तुत गर्नुका साथै अपराध रोकथामका लागि तपाईले कसरी काम गर्नुपर्छ, जसबाट तपाईं र तपाईंको टोलीले उच्चतहमा काम गरी तपाईंले सेवाहरू गर्नेहरूको सन्तुष्टि बढ्न सक्छ भन्ने कुरा व्याख्या गर्दछ ।

२६ United Nations Police *Gender Toolkit* (UN Department of Peace Operations - DPO/ DPET/Integrated Training Service, 2015).

२७ See Project Tool 130: Checklist on problem resolution using the SARA model in the UNPOL *Gender Toolkit* Standardized Best Practices on Gender Mainstreaming in Peacekeeping Compendium of Project Tools (2015).

२८ See the Code of Conduct for Law Enforcement Officials (adopted by General Assembly resolution 34/169 of 17 December 1979).

लैङ्गिक हिंसा अन्त्य गर्ने रेतो रिबन अभियानलाई बरिष्ठ स्कट प्रहरी अधिकृतको समर्थन

फोटो सौजन्य : Police Scotland/PA Wire

यो सन्दर्भ सामग्रीको विकास अन्तर्राष्ट्रिय मापदण्डहरूको[२९] स्पष्ट अपेक्षाहरू रहेको सुनिश्चित गर्नुका साथै मुल्यमान्यता, आचरण, र निष्ठासम्बन्धी तपाईंको राष्ट्रिय प्रहरी संगठनको नीतिहरूलाई थप बलियो र सुदृढ बनाउन गरिएको हो ।

यो मुख्य कार्यसम्पादन दक्षताहरूको सूची हो जसलाई परिचालन कमाण्ड जिम्मेवारी पाएका प्रहरी प्रबन्धकहरूले महिला तथा किशारी विरुद्धको हिंसालाई सरोकारवालाहरूद्वारा पर्याप्त मात्रामा सूचित, समुदायद्वारा समर्थित र अवधारणामा पीडित/प्रभावित केन्द्रित रहेको रोकथापम रणनीतिहरूको फलरुवरु रोक्न लक्षित हुँदा अवलम्बन र प्रवद्धन् गर्नुपर्छ । व्यवस्थापकहरूले प्रतिकार्य अधिकृतहरूले निम्नलिखित कुराहरू उपलब्ध गराएको सुनिश्चित गर्नुपर्छ :

सेवाहरूको डिजायन, कार्यान्वयन र समीक्षामा सरोकारवालाहरू को प्रभाविका सञ्चार र सहभागिता

- महिला र पुरुषबीच समनाता, सहकार्य, आपसी सम्मान र साझा दायित्वहरू प्रवर्द्धन् गर्ने ;
- महिला तथा किशारी विरुद्धको हिंसाका रोकथामजन्य प्रयासहरूमा संलगन विशेषकृत प्रहरी, दक्ष निकाय, संस्था र कर्मचारीहरूलाई स्पष्ट निर्देशन दिने र राम्रोसँग परिभाषित जि म्मेवारीहरूको स्पष्ट अपेक्षाहरू सञ्चार गर्ने ;
- स्पष्ट निर्देशन दिने र अपेक्षाहरू स्पष्टताका राख्ने र अन्यलाई उनीहरूको रोकथाम कार्य बृहत सन्दर्भमा कसरी काम गर्छ भनेर बुझ्न मद्दत गर्ने ;
- महिला तथा किशोरी विरुद्धको हिंसा तहहरू नियन्त्रण र व्यवस्थापन गर्नेतर्फ टोलीको नेतृत्व गर्ने (राम्रो अनुसन्धान र राम्रो कार्यान्वयन);
- महिला तथा किशोरी विरुद्धको हिंसाका कारकहरूमा योगदान गर्ने सामाजिक मुल्यमान्यताहरूलाई आकार दिन साझेदारहरूसँग सहकार्य गर्ने ;

२९ Ibid.

- द्वन्द्वको शान्तिपूर्ण समाधान, क्रोधको व्यवस्थापन तथा नियन्त्रण, र लैङ्गिक भूमिका र सम्बन्धहरू बारे मानसिकता परिवर्तनलाई प्रवर्द्धन् गर्न अपराधीहरू वा सम्भावित अपराधीका रूपमा पहिचान भएका व्यक्तिहरूका लागि आउटरिच कार्यक्रमहरूमा संलग्न हुने;

- हिंसाबाट पीडित महिला र किशोरीहरूको संरक्षणका लागि साझेदारीको माध्यमबाट सार्वजनिक र निजी संघसंस्थाहरूसँग बहुआयामिक र लैङ्गिक-संवेदनशील दृष्टिकोणहरूमा नेतृत्व गर्ने;[३०] यसमा महिला तथा किशोरी विरुद्ध हुने हिंसामा केन्द्रित हुँदै प्रहरीबाट नियमित सक्रिय अभियानहरू योजना बनाउने कार्य समावेश हुनसक्छ (स्कटल्यान्ड प्रहरीका डिपुटी चीफ कन्स्टेबल इयान लिभिङस्टोनले सेतो रिबन प्रतिज्ञा(पुरुषहरूलाई सक्रिय रूपमा महिला विरुद्ध पुरुष हिंसा अन्त्य गर्न प्रोत्साहित गर्ने विश्वव्यापी अभियानको हिस्सा[३१])लाई आफ्नो समर्थन दिँदै गरेको बाकस ९मा रहेको फोटो हेर्नुहोस् ।

- महिलाहरूलाई सबै प्रकारका हिसाबाट सुरक्षित रहन सशक्त बनाउनका लागि सामुदायिकस्तरका कार्यक्रममा संलग्न हुने र हिंसाका पीडित/प्रभावित सहित महिलाहरूलाई महिलाहरूको मानवअधिकार, र महिला विरुद्ध हिंसाको सामाजिक, स्वास्थ्य, कानुनी र आर्थिक आयामहरूका बारे जानकारी प्रदान गर्न तयार रहने;

- सामुदाय स्रोतहरूको उपयोग, युवा स्व-सहयोग, र पीडित क्षतिपूर्ति तथा सहयोग कार्यक्रमसहित अपराध रोकथाम नीति तथा प्रक्रियाहरूमा युवाहरूलाई सहभागी तथा संलग्न गराउने । यसमा WHO-recommended *Gangs Resistance Education and Training (G.R.E.A.T.)* जस्ता विद्यालयमा आधारित कार्यक्रमहरूमा प्रहरीको संलग्नता समावेश हुनसक्छ, यो तालिमले संयुक्त राज्य अमेरिका र सेन्ट्रल अमेरिकामा सफलता हासिल गरेको छ (हेर्नुहोस् बाकस ५) ।[३२]

अनुकूलनता

- महिला तथा किशोरीहरूको हकहित प्रतिनिधित्व गर्ने विभिन्न समूहहरू जस्तै: अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक वा अल्पप्रतिनिधित्व भएका समुदाय, आप्रवासी, भाषिक व्यवधान भएका व्यक्ति वा कानुनसँगको द्वन्द्वमा रहेका महिलाहरूसँग सम्बन्ध विकास गर्ने ;

बाकस ५

ग्याङ्ग प्रतिरोध शिक्षा र तालिम (Gangs Resistance Education And Training (G.R.E.A.T.))

G.R.E.A.T. ८ देखि १३ बर्षका बालबालिकाहरूमाथि केन्द्रित एउटा कक्षाकोठामा आधारित पाठ्यक्रम हो, जसको लक्ष्य हिंसात्मक व्यवहार र ग्याङ्गको सदस्यता रोक्नुका साथै युवा र प्रहरीबीच सकारात्मक सम्बन्ध विकास गर्नु रहेको छ । यसमा समावेश १३ वटा पाठहरू युवासँग काम गर्ने बारेमा तालिमप्राप्त प्रहरी अधिकृतहरूले प्रस्तुत गर्छन् । पाठहरूमा सामाजिक तथा भावनात्मक सीपहरूको विकास गर्ने, र अपराध र ग्याङ्गको सदस्यताबारेमा सिक्ने कुरा समावेश छन् । G.R.E.A.T. अमेरिकामा विकसित गरिएको हो, जहाँ यसले ग्याङ्ग सदस्यताको जोखिम घटाउने, र ११ देखि १३ बर्षका विद्यार्थीहरूमा सकारात्मक र सहयोगी भावना बढाउने पाइएको छ । यो अवधारणा हाल सेन्ट्रल अमेरिकाको बेलिजे, कोस्टारिका र एल साल्भाडोर जस्ता देशहरूमा विस्तार गरिएका छन्, जहाँ प्रहरी अधिकृतहरूलाई यो परियोजना प्राथामिक विद्यालयका विद्यार्थीहरूलाई प्रस्तुत गर्न तालिम दिइएको छ ।

स्रोत : Esbensen et al, 2012; https://www.great-online.org/GREAT-Home

सिफारिस र समन्वयमार्फत अन्य क्षेत्र र निकायहरूसँग जोडिने

- अपराध र हिंसा रोकथामका लागि स्रोत बन्न सक्ने संस्था/समूहरूको पहिचान गर्ने;

- सरकारी र गैरसरकारी निकायहरूबीच रोकथामका प्रयासहरूको उपयुक्त समन्वयका लागि संयन्त्रहरूको स्थापना र/वा कार्यान्वयन गर्ने;

तथ्याङ्क संकलन र सूचना व्यवस्थापन

- लैङ्गिक रुपमा संवेदनशील सूचना र उपलब्ध कार्यसञ्चालन, सेवा, सुविधा र स्रोतहरूको प्रयोग गर्दै समस्याको गहिरो विश्लेषण गर्ने ।

३० This could include police planning regular proactive campaigns with a focus on VAWG.

३१ Senior Scots police officer backs White Ribbon campaign to end gender-based violence. Bussey, K. for the The Sunday Post. 25 November 2017, at: https://www.sundaypost.com/fp/senior-scots-police-officer-backs-white-ribbon-campaign-to-end-gender-based-violence/

३२ 'School-based violence prevention: A practical handbook' Geneva: World Health Organization. For further guidance on addressing school-related gender-based violence, see: 'Global Guidance on Addressing School-Related Gender-Based Violence' (UN Women and UNESCO, 2016) at: https://www.unwomen.org/en/digital-library/publications/2016/12/global-guidance-on-addressing-school-related-gender-based-violence

बाकस ६

रोकथाम तपाईंबाटै सुरु हुन्छ !

जेनेभा सेन्टर फर सेक्युरिटी गर्भनेन्स (DCAF)ले आफ्नो *Police Integrity Toolkit* (2012) मा गल्ती, भ्रष्ट अभ्यास वा अनैतिक आचरण रोकथाम गर्ने तीन वटा नियन्त्रण उपायहरू सिफारिस गरेको छ । त्यस्ता गल्ती, भ्रष्ट अभ्यास र आचरणले आफूले सेवा गर्ने समुदायसँग आर्जन गरेको विश्वासलाई सजिलै तोड्न सक्छ, र त्यसको फलस्वरुप महिला तथा किशोरी विरुद्ध हुने हिंसाका घटना विरुद्धको उजुरी कम हुन गई त्यस्ता अपराधका लागि दण्डहीनता बढेर जानेछ । सिफारिस गरिएका नियन्त्रण उपायहरू एउटा प्रहरी कमाण्डर र टोलीको व्यवस्थापकका रुपमा तपाईंबाट सुरु हुनेछ । यसलाई तपाईंको टोलीका सदस्यहरूले चाल्ने कदमका फलस्वरुप हुने जानाजान, अनजानवश घटना वा परिणामलाई हुन नदिने गरी बनाइएको छ ।

रोकथामजन्य नियन्त्रणहरूलाई तीन मुख्य क्षेत्रहरूमा वर्गीकरण गरिएको छ : १) सुपरिवेक्षण, २) आन्तारिक जवाफदेहिता, र ३) भ्रष्टाचार वा गलत आचरणलाई बढाना दिनसक्ने उच्च जोखिमका विधिहरूको उन्मूलन । यसलाई यो हातेपुस्तिकाको प्रयोजनका लागि लागि केही सुधार गरिएको छ :

१. **सुपरिवेक्षण** : तपाईंको टोली चेन अफ कमाण्ड र स्थापित निगरानी संयन्त्रहरूबारेमा सचेत रहेको सुनिश्चित गर्नुहोस् । तपाईंसहित तपाईंको टोलीको हरेक अधिकृतले नियन्त्रण क्रियाकलापहरूमा तालिम लिएको हुनुपर्छ, र गलत अभ्यासहरूका बारेमा जानकारी गराउन प्रोत्साहित गरिनुपर्छ । आफूअन्तर्गतका कर्मचारीहरूका बारेमा जान्नुबझ्नु महत्वपूर्ण हुन्छ, तपाईको टोलीको कामको समिक्षा गर्न सकेको भन्दा पनि महत्वपूर्ण हुन्छ । आफ्नो टोलीका सदस्यहरूबारे राम्रोसँग जानकार हुनु भनेको उनीहरूको निजी वातावरण वा कुनै व्यक्ति वा व्यक्तिहरूको समूहको आक्रामक विचारहरूका कारण गलत अभ्यास गर्ने सम्भावित जोखिमको पहिचान गर्नसक्नु हो ।

२.**जवाफदेहिता** : अख्तियारको जिम्मेवारी र प्रत्यायोजन सुसंगत हुनुपर्छ । प्रत्येक तहमा प्रहरी नेतृत्वले खराब अभ्यासलाई रोक्न व्यक्तिगत नेतृत्वको सामूहिक भावनालाई प्रोत्साहित गर्नुपर्छ । यसको अर्थ खराब अभ्यासलाई सुपरिवेक्षकले तत्काल सच्याउनेछन् नै, र महिला तथा किशोरी विरुद्धको हिंसाको प्रतिकार्यमा व्यावसायिक इमानदारीका साथ काम गर्दा विजेताको भूमिका बहन गर्न र उदाहरणीय नेतृत्व प्रदान गर्न अन्यबाट पनि हुनुपर्छ । यसरी, प्रभावकारी र वैधानिक प्रहरी सेवाको आधारका रुपमा रहेको संगठनात्मक इमानदारी र आचार संहिताप्रति जवाफदेही रहन व्यवस्थापन र कर्मचारीहरू मिलेर काम गरिरहेका छन् भन्ने स्पष्ट सन्देश प्रहरीका सकल दर्जामा पुग्नेछ ।

३. **उच्च-जोखिम विधिहरूको जोखिम व्यवस्थापन**: प्रहरीले गर्ने कामका केही क्षेत्रहरूमा अन्यको तुलनामा खराब अभ्यास बढी हुने गर्छ ; यी क्षेत्रहरू, जस्तै सीमा नियन्त्रण वा कारागार सुरक्षालाई स्पष्ट रूपमा उच्च जोखिमको रूपमा पहिचान गरिनुपर्छ । यस्तो क्षेत्रमा गलत आचरणका लागि अवसर न्यून गर्न सक्ने दिनचर्या र जोखिम व्यवस्थापन कार्यविधिहरूको विकास गर्न सकिन्छ । यसमा उच्च सुरक्षा कारागारहरू वा टाढा रहेका सीमा नियन्त्रण बिन्दुहरूमा प्रहरीहरूका लागि सहकर्मीबाट हुने मार्गदर्शन र विशेषज्ञहरूद्वारा प्रत्यक्ष मनोसामाजिक विमर्श सहयोग समावेश हुन सक्छन् ।

अत्यावश्यक सेवाहरू प्रदान गर्ने प्रहरीका लागि सन्दर्भ सूचकहरू: रोकथाम

अघिल्लो अध्यायमा छलफल गरिएझैं, अधिकतम प्रभाव सुनिश्चित गर्न इएसपीले पीडित/प्रभावितहरूका लागि उपलब्ध गराइने सबै न्याय तथा सहायता सेवाहरूका विशेषता र गतिविधिहरू समान हुनु आवश्यक हुने प्रस्ताव गर्दछ ।

यो कुरा हिंसाको सामना गरेका महिला र किशोरीहरूलाई सम्बोधन गरिरहेको हुनसक्ने जुनसुकै विशेष 'क्षेत्र' भए पनि लागू हुन्छ । निम्नलिखित सूची इएसपीको साझा विशेषताहरू र गतिविधिहरू द्वारा प्रेरित छ; यसले महिला तथा किशोरी विरुद्ध हिंसा रोकथाम रणनीतिहरू लागू गर्नेतर्फ लक्षित प्रहरीका गतिविधिहरूका लागि सन्दर्भ सूचकहरूको केही उदाहरणहरू प्रस्ताव गर्दछ, जुन सरोकारवालाहरूद्वारा पर्याप्त मात्रामा सूचित, समुदायहरूद्वारा समर्थित र अवधारणामा पीडित/प्रभावित केन्द्रित रहेका छन् । यी सूचकहरू परिचालन कमाण्ड जिम्मेवारी बहन गर्ने प्रहरी नेतृत्वले सन्दर्भका रुपमा प्रयोग गर्न सक्छ (यदि अवस्थित छन् भने), र नभएमा उच्च व्यवस्थापनलाई त्यसलाई समावेश गर्न प्रोत्साहित गर्नसक्छ :

१. **उपलब्धता र पहुँचयोग्यता** : लिङ्गको आधारमा वर्गीकृत स्थानीय प्रहरी सेवा सर्वेक्षणहरूमा समुदायको सन्तुष्टि/विश्वासको संख्या, जसमा बसोबासको

"अपराध रोक्ने र त्यसको व्यवस्थापन गर्नुकासाथै शान्ति सुरक्षाका अन्य पक्षहरूमा प्रहरीसँग साझेदारका रुपमा काम गर्न जनतालाई प्रोत्साहित गर्ने रणनीति सो समुदायका आवश्यकताहरूमा आधारित हुन्छ ।"

- UN Police Operations (2015)

स्थान, राष्ट्रियता, जातीयता, जात, वर्ग, आप्रवासी वा शरणार्थीको स्थिति, आदिवासी स्थिति, उमेर, धर्म, भाषा, साक्षरताको स्तर, यौन झुकाव, वैवाहिक स्थिति, अपाङ्गता वा ध्यान नपुगेको अन्य कुनै पनि विशेषताहरूको आधारमा रहेको भिन्नताहरूलाई समावेश गरिएको हुन्छ ।

२. **अनुकूलनता र पहुँचयोग्यता :** स्थानीय समुदाय र यी समुदायभित्रका जोखिममा रहेका खास समूहहरू जस्तै युवा, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र अपाङ्गता भएका महिला तथा किशोरीहरूलाई समावेश गर्ने प्रहरी परियोजनाहरूको संख्या । महिला तथा किशोरी विरुद्ध हुने हिंसाका सम्बन्धमा विकसित प्रवृत्तिहरू बुझ्न र हिंसा, अपराध वा असुरक्षा निम्त्याउने समस्याहरू समाधान गर्न समुदायहरूले उनीहरूलाई मद्दत गरेको सुनिश्चित गरेर सुरक्षित वातावरण निर्माण गर्ने लक्ष्य लिएका प्रहरी-समुदाय परियोजनाहरू ।

३. **उपयुक्तता र पहुँचयुक्तता :** महिला तथा किशोरी विरुद्ध हिंसाको अन्त्य गर्न काम गर्ने स्थानीय महिला वा महिला सङ्गठनहरूका साथै लैङ्गिक समानता र महिला सशक्तीकरणको प्रवर्द्धनमा केन्द्रित रहेकाहरूको सार्थक संलग्नता वा नेतृत्वमा प्रहरी-समर्थित अपराध रोकथाम कार्यक्रम वा संयुक्त गतिविधिहरूको संख्या ।[३३] कतिपय अवस्थामा, धेरै महिला र किशोरीहरूलाई कार्यक्रमहरूमा उपस्थित हुनसक्ने अवस्था सिर्जना गर्न केही सामुदायिक स्तरका कार्यक्रमहरू गर्न आवश्यक हुन सक्छ । उनीहरू खुला रूपमा बोल्न सक्षम छन् भनी सुनिश्चित गर्न महिलाहरू मात्र सहभागी हुने छुट्टै छलफल आवश्यक हुन सक्छ । सामान्यतया अपराध रोकथाम महिला तथा किशोरी विरुद्धको हिंसा लगायतका आपराधिक खतराहरूप्रति समुदायको आफ्नै उत्थानशिलता बढाउन जनताले आफ्नो लागि के गर्छ भन्ने कुरामा ठूलो मात्रामा निर्भर गर्दछ ।

"भावकारी प्रहरी संलग्नताले सबै सामुदायिक समूहहरू, विशेषगरी महिला र बालबालिकाको पहिचान गरी सल्लाहकार समूह, सामुदायिक सर्वेक्षण, फोरम र बैठकहरूमा प्रतिनिधित्वमार्फत पृष्ठपोषणको अवसर प्रदान गर्दछ ।"

- A Framework to Underpin Action to Prevent Violence Against Women (UN Women et al., 2015)

४. **सुरक्षालाई प्राथमिकता दिने :** यौन प्रताडना र/वा अनलाइन स्टकिङ्ग (जस्तै, सामाजिक सञ्जालमा) सहित महिला तथा किशारी विरुद्ध हिंसाका घटनाबारे कसरी उजुरी गर्ने, हिंसा भएको खण्डमा सुरक्षा र स्वास्थ्य सहयोग लिने र धेरै अपराध हुने ठाउँ र/वा महिला तथा किशोरीमाथि लक्षित अन्य प्रकारका अनलाईन र सूचना तथा सञ्चार प्रविधिको आडमा हुने हिंसाबाट कसरी बच्ने भन्नेबारेमा महिला तथा किशोरीहरूलाई सूचित गर्ने प्रहरी समुदाय प्रचारप्रसार सामग्रीहरूको संख्या र गुणस्तर । साथै, त्यस्ता प्रचारप्रसार सामग्री महिला तथा किशोरी विरुद्ध हुने हिंसाको समाधान निर्माण गर्नेतर्फ सक्रिय भूमिका निर्वाह गर्न समुदायमा पुरुष र किशोरीहरूलाई प्रोत्साहित गर्ने तरिकाले उनीहरूमाथि लक्षित हुनुपर्छ ।

५. **सुसूचित सहमति र गोपनीयता र पहुँचयुक्तता :** महिला र किशोरीहरूको खास उदाउँदा र भिन्न सुरक्षा आवश्यकताहरूमा केन्द्रित स्थानीय समुदायहरूसँग नियमित र औपचारिक बैठकहरूको संख्या । यी बैठकहरूले हिंसा र अपराध रोकथामको लागि समग्र प्रहरी रणनीति भित्र पीडित/प्रभावित-केन्द्रित दृष्टिकोण समावेश गर्ने लक्ष्य लिनुपर्छ । स्थानीय र विभिन्न समुदायहरूका[३४] लागि प्रहरी चौकी आगन्तुक सप्ताहको आयोजना पीडित/प्रभावितको वातावरण को निगरानी गर्न सकिने एउटा धेरै महत्वपूर्ण पहल हुन सक्छ ।

३३ प्रहरी र अन्य अत्यावश्यक सेवाहरूले उनीहरूले साझेदारी गरेका महिला संगठनहरूले महिलाहरूको विविध समूहको प्रतिनिधित्व गरेको र सबै महिलाहरूको समावशिकरण सुनिश्चित गर्नुपर्छ वा कम्तीमा पनि, सम्बन्धित देशका सबैभन्दा ठूलो अल्पसंख्यक समूहहरूको समावेशिकरण सुनिश्चित गर्न उपयुक्त कार्यहरू गर्नुपर्दछ । भाषिक पहुँचयुक्ततालाई ध्यानमा राख्दै सामाजिक संलग्नता, सहयोगी सेवाहरूमा पहुँच वृद्धिको माध्यमबाट समावेशिता हासिल गर्न सकिन्छ । थप मार्गदर्शनको लागि, हेर्नुहोस् : *'Intersectionality and the inclusive approach to dealing with gender-based violence'* (2018). A Position Paper from Women Against Violence Europe (WAVE), at: http://fileserver.wave-network.org/researchreports/WAVE%20_positionpaper_intersectionality2018.pdf

३४ समुदायका अगुवाहरूसँग काम गर्दा प्रहरीले महिला नेतृत्व र लक्षित समुदाय भित्रका प्रभावशाली समूहहरूलाई प्राथमिकता दिनुपर्छ ।

"जनताको संलग्नतालाई प्रोत्साहित गरिनुपर्छ र कानुनको संस्कृति विरुद्ध कार्य गर्नेले निश्चित र स्पष्ट परिणाम भोग्नुपर्छ । यसमा महिलालाई दुर्व्यवहार गर्ने पुरुष र महिला(लाई उनीहरूको कार्यका लागि जवाफदेही ठहर गर्ने कार्य पनि समावेश छ ।"

- A Framework to Underpin Action to Prevent Violence Against Women (UN Women et al., 2015)

६. सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरूको प्रभावकारी सञ्चार र सहभागिता : महिला तथा किशोरी विरुद्ध हुने हिंसाको प्रतिकार्यमा पीडक-केन्द्रित र पीडित/प्रभावित-केन्द्रित अवारधाणाहरूप्रति प्रहरीको प्रतिबद्धताको विस्तृत विवरण दिने विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिसहित स्थानीय समुदायका सबै सदस्यहरूले बुझ्न सकिने प्रकारको बाह्य (संयुक्त) सञ्चारको संख्या र अन्तराल । यसमा महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी प्रारम्भिक हस्तक्षेप रणनीतिहरू, अन्य सेवा प्रदायक र समुदायका प्रभावशाली सदस्यहरू (विशेषगरी समुदायका महिला सदस्यहरू) सँगको साझेदारी, र यौन प्रताडना विरोधी नीतिहरू जस्ता आन्तरिक प्रहरी लैङ्गिक समानता नीतिहरू समावेश हुनुपर्छ ।

७. तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन: स्थानीय वा नगरपालिका स्तरमा लागू गरिएका प्रहरीको महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी रणनीतिहरूको स्वतन्त्र मूल्याङ्कनहरूको संख्या । यी मूल्याङ्कनहरूले परिणाम तहमा निष्कर्ष, सिकाईका अवसरहरूबारे अन्तरदृष्टि र महिला तथा किशोरी विरुद्ध हुने हिंसाको रोकथामलाई सुदृढ बनाउन सिफारिसहरू प्रस्ताव गर्नुपर्दछ । मूल्याङ्कन सकेसम्म सार्वजनिक गरिनु पर्छ वा समुदायका विभिन्न सरोकारवाला र अत्यावश्यक सेवा प्रदायकहरूको सञ्चालक समितिमा प्रस्तुत गरिनुपर्छ ।

प्रहरी चौकी भ्रमण सप्ताह (PSVW) अल्टुस ग्लोबल एलायन्सले स्थापना गरेको विश्वव्यापी कार्यक्रम हो, जसले समुदायका सदस्यहरूलाई प्रहरी चौकीहरूको भ्रमण गर्न, प्रहरी कर्मचारीसँग अन्तक्रिया गर्न र प्रहरीका सेवाहरूको समीक्षा गर्न आमन्त्रण गर्दछ

- (Altus Global Alliance, 2012)

८. समन्वय मार्फत अन्य क्षेत्र र निकायहरूसँग समन्वय गर्ने : स्थानीय अत्यावश्यक सेवा प्रदायक संस्था र स्थानीय महिला वा बालबालिकाका गैर-सरकारी संस्थाहरूसँग मिलेर प्रहरीले निर्माण र कार्यान्वयन गरेका रोकथाम र प्रेषण रणनीतिहरूसम्बन्धी संयुक्त तालिमहरूको संख्या र गुणस्तर । महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी प्रेषण सेवाहरूको प्रावधानका लागि सेवा आपूर्ति/साझेदारी सम्झौतामा हस्ताक्षर हुँदा त्यसले धेरै मद्दत गर्नेछ ।

घटना अध्ययन

स्थानीय सुरक्षा परिषदहरू: कंगो, इक्वेडर र मेक्सिको[३४]

तस्बिर सौजन्य : *प्रहरी सुधार र सामुदायिक सुरक्षाका लागि* COGINTA[३५]

अपराध रोकथाम र फौजदारी न्यायसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आयोगका अनुसार, समुदायहरू र नागरिक समाजका अन्य क्षेत्रहरूको सक्रिय सहभागिता प्रभावकारी अपराध रोकथामको एक अत्यावश्यक पक्ष हो। समुदायहरूले अपराध रोकथामका प्राथमिकताहरू पहिचान गर्न, कार्यान्वयन र मूल्याङ्कनमा, र दिगो स्रोतको आधार पहिचान गर्न मद्दत गर्न महत्वपूर्ण भूमिका खेल्छन्।[३७]

सामुदाय परिचालनको राम्रो अभ्यासमा सहभागितामूलक प्रक्रिया र स्थानीय सरकारका प्रतिनिधि, समुदायका नेता, गैरसरकारी संस्था र महिला समूहहरू लगायत समाजका सबै तहहरूको संलग्नता समावेश हुन्छ।[३८]

यद्यपि, स्थानीय निकायबाट साझा प्रयास र स्वामित्वको दिगोपन सुनिश्चित गर्न त्यस्तो परिचालनका लागि सरकारद्वारा स्वीकृत संयन्त्र आवश्यक हुन्छ। स्थानीय सुरक्षा परिषद् (एलएससी) त्यस्ता संयन्त्र हो जहाँ प्रहरी र अन्य स्थानीय सेवा प्रदायकहरूले स्थानीय नागरिक समाजसँग महिला तथा किशोरी विरुद्ध हुने हिंसा रोकथाम लगायतका विषयमा सामुदायिक स्तरमा संयुक्त सुरक्षा परियोजनाहरूबारे छलफल गर्न र योजना बनाउन सक्छन्। यस्तो प्रकारका संयन्त्रहरू हरेक महादेशमा रहेको पाइन्छ। फ्रान्स र गिनी गणतन्त्रमा, तिनीहरूलाई 'अपराध रोकथामका लागि स्थानीय सुरक्षा परिषद्' (सिएलएसपीडी) भन्ने गरिन्छ। प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डिआरसी)मा, त्यसलाई 'स्थानीय समुदाय सुरक्षा परिषद' वा (सिएलएस) भनिन्छ; इक्वेडरमा, त्यसलाई 'नगर सुरक्षा परिषद' वा (सिएसएम) भनेर चिनिन्छ। नगरपालिकाको मोडेल र जनसंख्याको आकारका आधारमा, वरिष्ठ सामुदायिक प्रहरी अधिकारीहरू त्यस्ता परिषद्मा मुख्य प्रहरी प्रतिनिधिका रुपमा रहनसक्छन्।

सामान्यतया, त्यस्तो परिषद्ले सुरक्षा सरोकारवालाहरू बीच विकेन्द्रीकृत र संघीयकरण भएको दुवै तहमा समन्वय संयन्त्रको रूपमा काम गर्छन्। यदि समावेशी र दिगो रूपमा आर्थिक स्रोत उपलब्ध भएमा, ती परिषद्हरू साझा स्थल बन्नसक्छन् जहाँ खास समूहहरूले सामना गर्ने जोखिम र त्यसको परिणामस्वरुप हुने सुरक्षा कमजोरीहरूलाई पहिचान गरी लक्षित र सहकार्यात्मक अवधारणामार्फत सम्बोधन गर्न सकिन्छ।

स्थानीय जनताको हितको लागि राष्ट्रिय सुरक्षा र न्यायसम्बन्धी रणनीति र नीतिहरूको रणनीतिक योजना निर्माण र परिचालन दुवैमा स्थानीय सुरक्षा परिषद्हरूले महत्वपूर्ण भूमिका खेल्न सक्छन्। यही क्रा महिला तथा किशोरी विरुद्ध हुने हिंसाको प्रतिकार्यका लागि राष्ट्रिय नीति र रणनीतिमा पनि लागु हुन्छ। प्रहरीका लागि, स्थानीय सुरक्षा परिषद्हरू धेरै महत्वपूर्ण हुन सक्छन् किनभने त्यसलाई बढी गुप्तचर-आधारित प्रहरी सेवा अवधारणाका लागि र स्थानीय सरकारी अधिकारी तथा समुदायमा आधारित सरोकारवालाहरूलाई रणनीतिक रूपमा सञ्चार गर्न प्रहरी साझेदारीलाई बलियो बनाउन प्रयोग गर्न सकिन्छ।

---

३५ Inspired by Fernandez, M., Piaget, K., Hernandez, T., and Berthoud, S. (2017), 'Decentralisation of Security Governance: Facilitator of a Human Rights-based Approach (HRBA) to SSR?' *ISSAT* HRBA Working Group Paper 3.

३६ Coginta for Police Reforms and Community Safety, at: http://www.coginta.org/en. For further information, see *Understanding Local Security Councils in Two Minutes* (Coginta, 2015) at : https://www.youtube.com/watch?v=7fGF0_nteGA and *Guide Pratique Conseil Local de Sécurité et de Prévention de la Délinquance en République de Guinée* (Coginta 2017).

३७ Article 16, United Nations Guidelines for the Prevention of Crime (Economic and Social Council resolution 2002/13, annex)

३८ 'Aspects of violence against women that pertain directly to the Commission on Crime Prevention and Criminal Justice' (Commission on Crime Prevention and Criminal Justice V.08-52191 (E) *0852191* Seventeenth session Vienna, 14-18 April 2008).

स्थानीय सुरक्षा परिषद्हरू संवादका मञ्चहरू हुन् जहाँ सार्वजनिक सुरक्षामा संलग्न विभिन्न निकायहरूले एकअर्कासँग परामर्श, समस्याहरूको पहिचान र असुरक्षाको रोकथामका लागि स्थानीय योजनामा सहमत हुन सक्छन्।[३९] यसका आधारमा, स्थानीय सुरक्षा परिषदहरूमा महिला तथा किशोरी विरुद्ध हुने हिंसाको प्रतिकार्यलगायत न्यायको निरन्तरतामा प्रहरी र तिनका साझेदारहरू सम्मिलित समन्वयात्मक कार्यहरूको गुणस्तर नियन्त्रणको योग्यता ग्रहण गर्ने क्षमता छ।

स्थानीय सुरक्षा परिषदमा सामान्यतया प्रहरीका साथमा नगरपालिकाका कर्मचारी, स्थानीय सरकारी निकाय, न्याय अधिकारीहरू र कहिलेकाहीं नागरिक समाजका प्रतिनिधिहरू समावेश हुने भएकाले, तिनीहरूले महिला तथा किशोरी विरुद्ध हुने हिंसाविरुद्धको समन्वयात्मक प्रतिकार्यको सिकाई प्रक्रियाका लागि महत्वपूर्ण सामूहिक विचारहरू सिर्जना गर्न सक्छन्।[४०] यसमा उदाहरणका लागि महिला तथा किशोरी विरुद्ध हुने हिंसाका घटनाहरूमा भएका समन्वयात्मक प्रतिकार्यहरूको समीक्षा र बाह्य मूल्याङ्कन गराउने कार्य हुन सक्छ।

स्थानीय सुरक्षा परिषद्ले न्याय र सुरक्षा सेवा प्रदायकहरूबाट अझ बढी जवाफदेहिता ल्याउन सक्छ, किनभने उनीहरूले सेवा गरिरहेका समुदायहरूसँग सहकार्य गर्छन्। सैद्धान्तिक रूपमा यी मोडेलहरू मानव अधिकार कर्तव्य वाहकका रुपमा न्याय र सुरक्षा सेवा प्रदायकहरू र अधिकार धारकका रूपमा समुदायबीच विश्वास निर्माण गर्न महत्वपूर्ण पूर्वसर्त हुनेछन्। यसरी, स्थानीय सुरक्षा परिषदले मानवअधिकारमा आधारित दृष्टिकोण (एचआरबीए)[४१], स्थापित गर्न अनुकूल भूमिका खेल्नसक्छ, किनभने समुदायले सामना गर्ने सुरक्षाका जोखिम र आवश्यकताहरूलाई विभिन्न दृष्टिकोणबाट पहिचान गरिनेछ, जसमा भेदभावका कारण जोखिममा परेका व्यक्ति/समूहहरूको दृष्टिकोण पनि समावेश छ।

प्रजातान्त्रिक गणतन्त्र कंगो (डिआरसी)

सुरक्षा क्षेत्रलाई सरकारले द्वन्द्व समाधानको सन्दर्भमा ध्यान दिनु पर्ने सबैभन्दा महत्वपूर्ण क्षेत्रको रूपमा पहिचान गरेको छ, र यो कुरा विशेषगरी देशको पूर्वी भागमा सशस्त्र बल र प्रहरीबाट मानवअधिकार उल्लङ्घनका भइरहेको आरोपका हकमा लागु हुन्छ।

कङ्गोली सरकारबाट भएको विकेन्द्रीकरणका प्रयासहरू पछि असुरक्षालाई रोक्न र केन्द्रीय राज्यलाई स्थानीय निकायहरूसँग जोड्न सन् २०१३ मा स्थानीय सुरक्षा समिति गठन गरियो। यो समितिमा एक जना अध्यक्ष (भौगोलिक इकाईअनुसार सहरको मेयर, क्षेत्र प्रबन्धक वा गाउँको प्रमुख हुनसक्ने), महान्यायाधिवक्ताको कार्यालयका एक जना अधिकारी, प्रहरी चौकीका कमाण्डर र नागरिक समाजका तर्फबाट दुई जना प्रतिनिधिहरू रहने व्यवस्था छ।

उनीहरूलाई कानुनी रूपमा प्रान्तीय कोषबाट आर्थिक स्रोत प्राप्त हुन्छ, यद्यपि व्यवहारमा सधैं त्यस्तो हुँदैन, र फोरम डे क्वार्टियर (क्षेत्रीय मञ्च)हरूले समुदायका सबै सदस्यहरूका लागि खुला हुने स्थानीय बैठकको रूपमा काम गर्दछ, जहाँ उनीहरूले असुरक्षाको बारेमा आफ्नो चासो र चिन्ता अभिव्यक्त गर्न सक्छन्। यद्यपि, स्थानीय सुरक्षा समितिको प्रभावका लागि प्रहरीले सक्रिय रूपमा नागरिक समाज र समुदायसँगको परामर्शलाई बढावा दिनु महत्वपूर्ण हुन्छ, त्यसैकारण उनीहरूले महिला समूहहरू पनि समावेश गर्दछन् र फोरम डे क्वार्टियरहरूमा उठेका सुरक्षाका जोखिम र खतराका बारेमा रिपोर्ट गरिएको, र प्राप्त तथ्याङ्क अन्य आधारका साथै लिङ्ग, जातीयता, र यौन झुकावका आधारमा खण्डीकृत गरिएको सुनिश्चित गर्छन्।

---

३९ 'Understanding local security councils in two minutes', Coginta for Police Reforms at: https://www.youtube.com/watch?v=7fGF0_nteGA

४० See Fernandez, M., Piaget, K., Hernandez, T., and Berthoud, S (2017), 'De-centralisation of Security Governance: Facilitator of a Human Rights-based Approach (HRBA) to SSR?' *ISSAT* HRBA Working Group Paper 3, and 'Guide pratique conseil local de sécurité et de prévention de la délinquance en république de guinée' (Coginta for Police Reform, 2017).

४१ The UN HRBA is a 'conceptual framework that is normatively based on international human rights standards and operationally directed to promoting and protecting human rights.' A HRBA recognizes that women and girls have equal human rights to men and boys and that violence against women is a violation of these rights. See UN Women: Flagship programme initiatives at: https://www.unwomen.org/en/how-we-work/flagship-programmes

क्युयाबेनो, सुकुम्बियोस, इक्वेडर

इक्वेडरमा, सुरक्षा प्रशासनको विकेन्द्रीकरणले संवैधानिक (सन् २००८) हैसियत प्राप्त गरेको छ। यसले कोलम्बियाको सिमानामा रहेको अमेजन क्षेत्रमा अवस्थित क्युयाबेनो नगरपालिकासहित देशभरका नगर सुरक्षा परिषद्हरूका लागि कानुनी कार्यढाँचा स्थापना गरेको छ।

कोलम्बियासँगको निकटता र पेट्रोलियम लगायत प्राकृतिक स्रोतहरूको समृद्धिले क्युयाबेनोमा धेरै सुरक्षा चुनौतीहरू खडा गर्छ जसले युवा, महिला, बालबालिका, र आदिवासी समूहहरूलाई उच्च जोखिमको स्थितिमा पुऱ्याउने गर्छ।

त्यसको प्रतिकार्यमा क्युयाबेनो नगर सुरक्षा परिषद् (एमएससी) का लागि कानूनी कार्यढाँचालाई नगरपालिका प्रशासन, प्रहरी र सेना, आदिवासी र अफ्रो-इक्वेडोर समुदाय र महिला संगठनका प्रतिनिधिहरूका साथै स्वास्थ्य सेवा र बाल कल्याण निकायहरू सम्मिलित नियमित परामर्श समावेश गर्न अनुकूलन गरिएको छ।

सबैभन्दा प्रभावशाली हाइड्रोकार्बन कम्पनीका प्रतिनिधिलाई पनि आमन्त्रित गरिन्छ। मानव अधिकारको दृष्टिकोणबाट यो धेरै सकारात्मक र प्रगतिशील छ किनभने यसले तेल कम्पनीहरू र तिनीहरूको निजी सुरक्षा निकाय जस्ता मानव अधिकार दायित्व बहन गर्ने तेस्रो पक्षहरूलाई त्यस क्षेत्रलाई प्रभाव पार्ने सुरक्षा मुद्दाहरूमा केही हदसम्मको निगरानीका साथ छलफलमा भाग लिने अवसर प्रदान गर्दछ। क्युयाबेनो नगर सुरक्षा परिषद् आर्थिक रुपमा स्वावलम्बन छ तर सामुदायिक प्रहरी सेवा अन्तर्गत राष्ट्रिय प्रहरी बजेटमार्फत राज्यको स्रोत प्राप्त गर्ने हक राख्दछ।

जुआरेज, चिहुआहुआ, मेक्सिको

सन् २०१० मा, जुआरेज, चिहुआहुआ, मेक्सिकोमा सुरक्षा र न्याय प्रदान गर्न समुदाय-केन्द्रित रणनीति सुरु गरिएको थियो। 'मेसा डे सेगुरिडाड डे सीडी. जुआरेजु (एमएससीजे)को जिम्मेवारी हिंसाका प्रभाव र पहिचान गरिएका स्रोतहरूलाई सम्बोधन गर्नु रहेको छ। यो स्थानीय सरकारबाट स्वतन्त्र निकाय हो, र मेक्सिकोका धेरै स्थानीय सुरक्षा परिषद मध्येको पहिलो परिषदका रूपमा, यसले देशभर १५ वटा भन्दा बढी एमएससीजेहरूको स्थापना गर्न प्रेरित गरेको छ। एउटा सञ्जालको रूपमा, विभिन्न एमएससीजेहरूलाई सार्वजनिक सुरक्षामा नागरिक सहभागितामा समर्पित एसओएस मेक्सिको नामक गैससले समन्वय गर्दछ।[४२]

एमएससीजे सरकारी अधिकारी र नागरिकहरूद्वारा गठन गरिएको हो र यसले हेर्ने मुद्दाहरूमा परिणाममा आधारित रिपोर्टिङमा जोड दिन्छ। यद्यपि समाजका सबै क्षेत्रहरूद्वारा वैध संयन्त्र रुपमा स्वीकार गर्न एमएससीजेले आफ्नो वित्त, संगठनात्मक संरचना वा समावेशीताका बारेमा सजिलैसँग उपलब्ध हुने जानकारी सुनिश्चित गर्न आवश्यक छ। त्यस्ता जानकारीको अभावले एमएससीजेले मूल रूपमा मूर्त रूप दिने उद्देश्य राखेको पारदर्शिता र सेवा आपूर्तिमा बाधा पुऱ्याउने काम गर्छ।

नागरिक समाजलाई सामान्यतया एउटा क्षेत्रका रूपमा प्रतिनिधित्व गरिएको भए तापनि, प्रहरी जस्ता एमएससीजेको सदस्यले लिङ्ग र अन्य विविधताका पक्ष जस्तैः जातियता, (आदिवासी) सम्बद्धता, अपाङ्गता र उमेरका आधारमा विखण्डित तथ्याङ्क निरन्तर रुपमा सार्वजनिक गरिएको सुनिश्चित गर्न आवश्यक छ। लैङ्गिक मुद्दाहरू हेर्ने र घरेलु तथा लैङ्गिकतामा आधारित हिंसामाथि लक्षित राष्ट्रिय रणनीतिहरूलाई बलियो बनाउन सहयोग गर्ने एमएससीजेको क्षेत्राधिकार हो। महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूका लागि अत्यावश्यक सेवाहरूका लागि प्रभावकारी समन्वय संयन्त्रको रूपमा एमएससीजेको सम्भाव्यता यसको प्रतिनिधित्वको व्यापकता र स्थानीय सार्वजनिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्ने क्षमतासँग अन्तर्निहित रूपमा जोडिएको हुनुपर्छ।

---

४२ एसओएस मेक्सिकोको स्थापना सन् २००८ मा मेक्सिकोको सबैभन्दा ठूलो खेलकुद सामग्रीको पसलका मालिक एलेज्यान्ड्रो मार्टीले गरेको थिए। उनको छोराको अपहरण पश्चात हत्या गरिएको थियो। एसओएस मेक्सिकोको उद्देश्य मेक्सिकोमा प्रभावकारी सुरक्षा र न्याय प्रणाली स्थापना गर्नु रहेको छ। यसका तीन मुख्य उद्देश्यहरू रहेका छन् : संस्थागत सुदढीकरण, कानुनी सुधार र नागरिक सहभागिता।

परिशिष्ट १

रोकथाममा पुरुषहरूलाई संलग्न गराउने

बाकस ६

"जबसम्म हामीले यी समस्याहरू महिलाले मात्रै समाधान गर्ने हो भन्ने दृष्टिकोण राख्छौं, हामी बलात्कार, बाल दुर्व्यवहार र घरेलु हिंसाका बढ्दो घटनाहरूलाई कम गर्ने आशा गर्न सक्दैनौं । धेरै पुरुषहरूले महिला र बालबालिकालाई दुर्व्यवहार गर्दैनन् र सधैं सम्मान र मर्यादाका साथ जिउन कोसिस गर्छन् भन्ने कुरा हामीलाई थाहा छ । तर आजसम्म यी पुरुषहरूको सामूहिक आवाज सुनिएको छैन, किनभने यो मुद्दा सिंगो राष्ट्रको मुद्दाका रुपमा स्वीकर गरिएको छैन । आजबाट, अरूमाथि हिंसा गर्नेहरूले थाहा पाउनेछन् कि उनीहरू एक्लो भइरहेका छन् र आफ्नो बचाऊका लागि अन्य पुरूषहरूमाथि भरोसा गर्न सक्दैनन् । अबदेखि, सबै पुरुषहरूले यो समस्या समाधानको लागि आ-आफ्नो जिम्मेवारी लिनको गरिएको आह्वानलाई सुन्नेछन् ।"

– नेल्सन मण्डेला,
राष्ट्रिय पुरुष पदयात्रा, प्रिटोरिया, दक्षिण अफ्रिका, सन् १९९७

जब हामी महिला र किशोरीहरू विरुद्ध हुने हिंसाको कुरा गर्छौं, धेरैजसो मानिसले यसलाई महिलाको मुद्दाको रूपमा हेर्ने गर्छन् । उनीहरूले किन त्यसो नगरुन त? जब तपाईं विश्वभरिका किशोरी र महिलाहरूसँग कुरा गर्नुहुन्छ, अधिकांशले हरेक दिन दुर्व्यवहार र प्रताडनाका बारेमा चिन्ता गर्छन् । केहीले प्रताडना र दुर्व्यवहारको अनुभव गरिरहने छन् । धेरै विगतमा वयश्क वा बालबालिकाका रुपमा पीडित हुनुपरेको अवस्थाबाट पुनर्लाभ गर्दै गरेका हुनेछन् । सबै अवस्थामा, धेरै किशोरी र महिलाहरूले पुरुष हिंसाको खतरालाई रोक्न वा कम गर्न आफ्ना दिनहरू योजना गर्ने कार्यलाई निरन्तरता दिइरहेका छन् ।

यस प्रकारको हिंसालाई महिलाको मुद्दा भन्नु गलत हो । चाहे हामी बलात्कार, यौन दुर्व्यवहार वा घरेलु हिंसालाई हेरौं, यी अपराधहरूमा अधिकांश केटा र पुरुषहरू पीडकको रूपमा संलग्न हुने गर्छन् । के यी तथ्यहरूले पुरुषबाट हुने हिंसा पुरुषको मुद्दा हो भनेर पुष्टि गर्दैन?

त्यसैकारण, महिला तथा किशोरी विरुद्ध हुने हिंसा 'पुरुषको मुद्दा' हो, र यो यसकारण मात्र होइन कि अधिकांश पीडकहरू पुरुषहरू हुने गर्छन्, तर यसकारण कि महिला तथा किशोरी विरुद्ध हुने हिंसा रोक्नुले सम्पूर्ण समुदायहरूलाई फाइदा पुग्नजान्छ, जसमा पुरुषहरू पनि पर्छन् ।

जब हामी पीडकको भूमिकामा पुरुषहरूको बारेमा कुरा गर्छौं, हामी उनीहरूलाई राक्षस वा जनावरको रूपमा छलफल गर्न सहज मान्छौं, तर पुरुषको रूपमा होइन । धेरै तरिकाले यो जति असहज भएपनि हामीले यी मुद्दाहरूलाई पुरुषले रोक्न सहयोग गर्नसक्ने पुरुषहरूको मुद्दाको रूपमा पुनर्स्थापित गर्न आवश्यक छ । महिला तथा किशोरी विरुद्ध हुने हिंसालाई रोक्न र यस प्रकारको हिंसाका कारणले हुने प्रहरी सेवाको मागलाई धेरै तरिकाले कम गर्न मद्दत गर्न अझ बढी सटीक दृष्टिकोण आवश्यक छ । पीडकहरूलाई कारबाहीको दायरामा ल्याउने कुरा प्राथमिकताको विषय भएपनि हामीले सामान्य भन्दा केही फरक सोच्नुपर्छ र यी हिंसात्मक र अत्याचारी पुरुष उत्पादन गर्ने संस्कृतिलाई हेर्नुपर्छ । हामी निर्भिक र साहसी बन्न आवश्यक छ र हिंसा (र विशेषगरी महिला र किशोरीहरू विरुद्ध हुने हिंसा) मुख्य रूपमा पुरुषको मुद्दा हो भन्ने सत्यसँग असहज हुनुपर्छ । अधिकांश पुरुषहरूले दुर्व्यवहार वा हिंसाको प्रयोग गर्दैनन्, तर 'म एक असल पुरुष हुँ, म त त्यस्तो गर्दिन' मात्र भन्नु पर्याप्त छैन । हामीले पुरुषहरूले नेतृत्व लिएको र दुर्व्यवहार गर्ने 'केही पुरुषहरू' को दुव्यवहारजन्य व्यवहारहरू विरुद्ध उभिएको देख्न आवश्यक छ ।

महिलामाथि हुने पुरुष हिंसा रोक्न पुरुषले गर्न सक्ने धेरै कुरा छन् । पुरुष संस्कृतिमा त्यसलाई प्राथमिकताको विषय बनाउने सामूहिक इच्छा प्रमुख कुरा हो । अधिकांश पुरुषहरू अन्य पुरुषहरूको दुव्यवहारजन्य आचरणप्रति असहज महसुस गर्छन् भन्ने कुरा स्पष्ट छ तर त्यसबारे के गर्ने भन्ने बारेमा उनीहरूले निधो गर्न सकेका छैनन्, वा अझै आफैंले कदम चाल्ने साहस अहिलेसम्म जुटाउन सकेका छैनन् ।

त्यसैकारण, महिला तथा किशोरी विरुद्ध हिंसा रोक्न सबै पुरुषहरूले गर्नसक्ने दश वटा कार्यहरू देहाय अनुसार रहेका छन् :

१ **समस्याको स्वामित्व लिने** - महिला तथा किशोरी विरुद्ध हिंसाको विषयमाथि विचार गर्न समय छुट्टयाउनुहोस् र पुरुषहरूलाई पीडकको रूपमा प्रस्तुत गर्दा रक्षात्मक नबन्नुहोस् । नेल्सन मण्डेलाका शब्दहरू सम्झनुहोस्, 'केही पुरुषहरू मात्र त्यस्ता हुन्' ।

२ **ज्ञान बढाउने** – यस विषयका बारेमा थप जानकारी लिनुहोस् । तपाईंले यो पढिरहनु भएको तथ्यले तपाईंलाई चासो छ भन्ने कुरा बताउँछ ।

३ **अरूसँग कुराकानी गर्ने** - यस मुद्दामा अन्य पुरुषहरूसँग कुराकानी गर्नको लागि आफूले नयाँ आर्जन गरेको ज्ञान प्रयोग गर्नुहोस् । उनीहरूको रक्षात्मकता हटाउन मद्दत गर्नुहोस् ।

४ **आफ्नो जीवनमा रहेका महिलाहरूसँग कुराकानी गर्ने** – उनीहरूको प्रताडना र दुर्व्यवहारका भोगाइहरू सुन्नुहोस् । यी भोगाइहरूबाट सिक्नुहोस् ।

५ **आफू भित्र हेर्ने साहस गर्ने** - आत्म-समीक्षा आत्माको लागि राम्रो कुरा हो । सबै पुरुषहरू कुनै न कुनै समयमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिलाका बारेमा अपमानजनक टिप्पणीहरू गर्न संलग्न भएका हुन्छन् । यो भनेको पुरुषहरूले स्वास फेर्ने हावा मै छ । लाज नमान्नुहोस् । यो नयाँ दृष्टिकोणका साथ, क्रोधित हुनुहोस् र फरक ल्याउने केही काम गर्नुहोस् ।

६ **मार्गदर्शक बन्ने** – पुरुषहरू बुबा बन्ने सम्भावना हुन्छ । तपाईंका छोराहरूले तपाईंले गर्ने व्यवहार हेरिरहेका हुन्छन् । उनीहरूको जीवनमा त्यो आदर्शव्यक्ति बन्नुहोस् । सज्जन पुरुष बन्नुहोस्, दयालु हुनुहोस् । तपाईंका छोराहरूले तपाईंले जस्तै गर्न सिक्नेछन् । तपाईंका छोरीहरूले पुरुषहरूले उनीहरूप्रति कस्तो व्यवहार गर्नेछन् भन्नेकुरा सिक्नेछन् ।

७ **महिलाहरूका लागि सहयोगी बन्ने** - तपाईंको नयाँ ज्ञानको साथ, तपाईंले यसलाई प्रयोगमा ल्याउन आवश्यक छ । प्रताडना (दुव्यवहार) विरुद्ध अडान लिने महिला र अन्य पुरुषहरूलाई सहयोग गर्नुहोस् ।

८ **अरूलाई सहयोग गर्ने** : तपाईंलाई आफ्नो कुनै साथी वा आफन्त दुर्व्यवहारबाट पीडित/प्रभावित भएको शंका लागेमा उनीहरूलाई साथसहयोग दिनुहोस् । दर्शक होइन, साथी बन्नुहोस् । तपाईंको काम समस्याको समाधान गर्नु होइन । कुनै पीडित/प्रभावितको भोगाईलाई स्वीकार गरिदिएमात्र पनि त्यसले सहयोग प्रदान गर्नेछ । तपाइँले उनीहरूलाई यो तिम्रो गल्ती होइन भन्नैपर्छ ।

९ **अरूलाई चुनौती दिने** – तपाईंले आफ्ना समकक्षी वा अन्यले दुव्यवहारजन्य तरिकाले प्रस्तुत भइरहेको सुनेमा, त्यसबारे केही भन्नुहोस् । यो गाह्रो हुनेछ, र यसका लागि साहस चाहिन्छ । अगुवा बन्नुहोस् र उनीहरू जे गर्दैछन् त्यो गलत छ भन्ने सन्देश दिने गरी केही भन्नुहोस् । वास्तविकता के हो भने अन्य पुरुषहरूले तपाईंको अडानलाई साँच्चै समर्थन गर्नेछन् ।

१० **संस्कृतिलाई चुनौती दिने** – अन्यलाई चुनौती दिनुका साथै केटा र पुरुषहरू हुर्कने संस्कृतिलाई चुनौती दिने साहस गर्नुहोस् । यस संस्कृतिलाई सम्बोधन गरेर मात्र हामीले महिला तथा किशोरी विरुद्ध हुने हिंसाको स्तरमा कमी भएको देख्न सक्नेछौं ।

फोटो सौजन्य : ग्राहम गाउल्डेन, स्कटलैण्ड प्रहरीका निवृत मुख्य अनुसन्धानकर्ता

प्रारम्भिक सम्पर्क

"जवाफदेहिता बढाउने एक सकारात्मक कदम भनेको बलात्कारलाई विश्वव्यापी रुपमा नै गैरकानूनी बनाउनु हो । अहिलेपनि सबै देशमध्ये आधाभन्दा बढीमा वैवाहिक सम्बन्धभित्रको बलात्कारलाई स्पष्ट रुपमा अपराधीकरण गर्ने वा सहमतिका सिद्धान्तमा आधारित कानून छैनन् । बलात्कारलाई अपराधीकरण गर्नुका साथसाथै, पीडितलाई प्रतिकार्यको केन्द्रमा राख्न र बलात्कारीलाई जवाफदेही बनाउनका लागि हामीले अझै धेरै काम गर्नुपर्ने छ । त्यसको अर्थ, यस्ता अपराध अनुसन्धानमा कानून पालना गर्न लगाउने निकायका अधिकारीहरुको क्षमता अभिबृद्धिका साथसाथै, विशेषगरी सबैभन्दा सीमान्करणमा परेका प्रभावितलाई कानूनी सहायता, प्रहरी र न्यायिक सेवाका साथै स्वास्थ्य र सामाजिक सेवामा पहुँच गराएर आपराधिक न्याय प्रक्रियामार्फत् सहयोग गर्नु हो ।"

-फुम्जिल म्लाम्बो-न्हुका, युएन वुमनका कार्यकारी निर्देशक

अध्यायको लक्ष्यहरू:

पीडित/प्रभावितको सुस्वास्थ्यप्रति प्रतिबद्धताको प्रभावकारी प्रदर्शन गर्दै, उनको सहयोग र न्यायका लागि उनको पथमा कुनैपनि विभेदकारी पूर्वाग्रह वा पक्षपात नहुने सुनिश्चितताद्वारा महिला तथा किशोरी विरुद्धका हिंसाबारे उजुरी गर्न प्रहरीले महिला तथा किशोरीहरूलाई उत्प्रेरित एवं सहजीकरण गरेका हुनेछन् ।

मुख्य सन्देश र सिकाईका बुँदाहरू

- अग्रपंक्तिमा रहेकाहरूको निर्देशिकालाई परिवेश अनुसार अनुकूलित गर्नाले पीडित/प्रभावितका सुरक्षा र सहायतासम्बन्धी विविध आवश्यकताहरू सम्बोधन गर्न अधिकारीहरूलाई मद्दत पुग्नेछ,
- मद्दत तत्कालमा मात्र नभई लामो अवधिसम्म पनि प्रदान गरिन्छ;
- लैङ्गिक पूर्वाग्रह र निष्कर्षहरूको न्यूनीकरणले पीडित/प्रभावितलाई अनुसन्धानमा सहयोगका लागि सशक्त बनाउन मद्दत गर्नेछ;
- महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितसँग संलग्न हुँदा, उनीहरूलाई आघातले पार्ने प्रभावबारे बुझाई हुनु महत्त्वपूर्ण महत्वपूर्ण हुन्छ;
- अग्रपंक्तिमा रहेकाहरूका लागि, प्रहरीका लागि सबैभन्दा प्राथमिकताको कुरा भनेको पीडित/प्रभावितको सुरक्षा हो;
- पीडित/प्रभावितले प्राप्त गर्ने सेवाको गुणस्तर पूर्णतया संलग्न प्रहरी अधिकारीको समानुभूति, बुझाई र प्रतिबद्धतामा निर्भर हुन्छ ।

परिचय

हिंसाबाट पीडित/प्रभावितका लागि न्याय प्रणालीसँगको प्रारम्भिक सम्पर्कमा सकारात्मक अनुभव हुनु महत्त्वपूर्ण हुन्छ । सेवाहरू सबै महिलाहरूका लागि उपलब्ध र पहुँचयोग्य हुनुपर्छ ।[१] अत्यावश्यक सेवा प्याकेजका अनुसार, पीडित/प्रभावितलाई न्याय प्रणाली, र यस प्रणालीका न्याय सेवा प्रदायकहरू उनको स्वास्थ्य र सुरक्षाको लागि प्रतिबद्ध छन्, उजुरीलाई गम्भीरतापूर्वक लिइन्छन्, उनको कथा सुनिन्छन् र न्याय प्रणालीभरी उनको यात्रामा राम्रोसँग सहयोग उपलब्ध हुने सुनिश्चित गरिनेछ भन्ने कुरा देखाउने प्रहरीको क्षमता प्रारम्भिक सम्पर्कको सबैभन्दा महत्त्वपूर्ण तत्व हुन्छ ।[२]

फोटो सौजन्य : यूएन वुमन/नेपाल

कार्यसञ्चालनको कमाण्ड गर्ने प्रहरी नेतृत्वले महिला तथा किशोरी विरुद्धका हिंसाका घटनामा अग्रपंक्तिमा रहेका अधिकृतहरूका लागि लागू हुने संगठनात्मक क्रमाचारलाई पीडित/प्रभावितको सुस्वास्थ्यको रक्षा गर्नेगरी तयार पारिएको र एक प्रभावकारी एवं व्यावसायित रुपमा सञ्चालित अनुसन्धानका लागि त्यो एक शुरुवाती बिन्दु बन्ने सुनिश्चित गर्नुपर्छ ।

यसका लागि, महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्ने प्रहरी नेतृत्वमा रहेका व्यवस्थापक अधिकृतहरूले आफ्ना कर्मचारीले अग्रपंक्तिमा रहेकाहरूको क्रमाचार कार्यान्वयन गर्दा प्रदान गरिने मार्गनिर्देशलाई परिवेश अनुसार अनुकूलित गर्न आफ्नो कार्यात्मक स्वतन्त्रतालाई लागू गर्नुपर्ने हुन्छ । पीडित/प्रभावितको पृष्ठभूमि, कानूनी हैसियत र शारीरिक तथा मानसिक क्षमता जेजस्तो भएपनि, उनीहरूका तत्कालको सुरक्षा र विविभ आवश्यकताहरूको पर्याप्त सम्बोधन भएको सुनिश्चित गर्नका लागि यो गरिनु पर्छ ।

> "महिला तथा किशोरीहरुले सबैतिर कुनै न कुनै रुपमा लैङ्गिकतामा आधारित हिंसाको अनुभव गर्ने गरेपनि, आदिवासी तथा अल्पसंख्यक महिला तथा किशोरीका दु:ख भने दुईगुणा बढी छ । धेरै देशमा, उनीहरुका पहिचानलाई विशिष्ट जीवनशैली, संस्कृति र जीवन बाँच्ने तरिका भएका विशिष्ट समुदायका रुपमा कानूनी मान्यताका अभावमा, उनीहरु राष्ट्रिय तथ्याङ्क र सामाजिक सेवाहरुमा अदृश्य रहेका छन् ।"
> - माइनोरिटि राइट्स् ग्रुप इन्टरनेसनल

पुलिस नेतृत्वले अग्रपंक्तिमा रहेकाहरूको मार्गनिर्देशलाई परिवेश अनुसार अनुकूलन गर्दा, अल्पसंख्यक[३] वा कम प्रतिनिधित्व भएका महिलाका संगठनहरू[४] र अल्पसंख्यक जातीय समुदायका

१ See Module 3: Justice and Policing, *Essential Services Package for Women and Girls Subject to Violence: Core Elements and Quality Guidelines* (2015), ps. 6-7.

२ For essential services and guidelines that relate to girl victims/survivors, see the *Guidelines on Justice in Matters Involving Child Victims and Witnesses of Crime* (ECOSOC resolution 2005/20).

३ 'Minoritization' effectively creates and maintains the social, political, economic and other conditions that lead to groups of people being treated and defined as minorities e.g. 'ethnic minority' and 'minority ethnic'. It is an ongoing, active process that marginalizes particular groups on the basis of race, ethnicity and other grounds.

४ In some minority groups, the organizations may be led by men and/or male dominated. This has been the case for long time for organizations of persons with disabilities, for example. Its is important such voices are still included as interlocutors, if women with disabilities led organizations are not present.

नेताहरू (विशेष गरी महिला नेताहरू) जस्ता बढी संकटासन्न व्यक्तिका प्रतिनिधिहरूसँग व्यापक रूपमा परामर्श लिने प्रयास गर्नुपर्छ वा कम्तिमा पनि आफ्नो कार्यक्षेत्रमा नियमित रूपमास मुदायहरूसँग संलग्न हुने प्रहरी सहकर्मीहरूबाट यस्तो जानकारी अनुरोध गर्नुपर्दछ ।

स्थानीय समुदायहरूसँग काम गर्ने सन्दर्भमा सम्बन्ध स्थापना गर्नको लागि परामर्श प्रक्रिया आफैंमा राम्रो अभ्यास हो, जसले प्रहरीलाई महिला र समुदायका विभिन्न समूहहरूमा हुने हिंसाका प्रभावहरू पहिचान गर्न मद्दत गर्न सक्छ । महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यमा समुदायको समर्थन र सहयोग प्राप्त गर्दा, पीडित/प्रभावितले प्रहरीलाई तत्काल सुरक्षाको वैधानिक स्रोतका रूपमा हेर्न र उनीहरूलाई प्रारम्भिक सम्पर्कका लागि प्रेरित गर्नेतर्फ जग बसाल्न मद्दत गर्नेछ ।

सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन

पीडित/प्रभावितसँग सम्पर्कमा आउने तपाईंको पहिलो कर्मचारीले खेल्ने भूमिका महत्त्वपूर्ण हुन्छ; उनीहरू तपाईं र तपाईंको प्रहरी निकायका लागि 'पसलको अघिल्लो भाग' जस्तै हुन् । समुदायसँग संलग्न हुने कुरामा, 'हरेक सम्पर्कले पदचिन्ह छोड्छ' को सिद्धान्त उनीहरूले बुझ्नु महत्त्वपूर्ण हुन्छ, त्यसैले त्यस प्रारम्भिक सम्पर्कको गुणस्तर महत्त्वपूर्ण रहन्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई तपाईं वा तपाईंका कर्मचारीसमक्ष अपराधको उजुरी गर्न सक्षम बनाउन, सबै पीडित/प्रभावितले उजुरी संयन्त्रबारे बुझका र ती उनीहरूका लागि पहुँचयोग्य भएको सुनिश्चित गर्नु आवश्यक छ । महिला तथा किशोरीहरूसँग प्रहरी चौकीमा जाने माध्यम सधैं हुँदैन, जसका पछाडि धेरै प्रकारका कारण हुन्छन् । उनीहरूलाई कसैको साथ नलिई आफ्नो घर छोड्न गाह्रो हुन सक्छ; उनीहरू बस्ने ठाउँबाट प्रहरी चौकी धेरै टाढा हुन सक्छ; उनीहरूसँग यातायातका लागि कुनै रकम नहुन सक्छ वा यातायात सुरक्षित वा पहुँचयोग्य नहुन सक्छन्; घरमा हेरचाह गर्ने जिम्मेवारीहरू हुन सक्छन्, र/वा कथित अपराधी, परिवारका सदस्य वा व्यापक समुदायको डरमा उनीहरू बाँचिरहेका हुन सक्छन् । त्यस्ता अपराधहरूलाई 'निजी' मुद्दा मान्न सकिने हुँदा, यस्ता अपराधमा प्रहरीले प्रतिकार्य गर्न सक्छन् भन्ने पनि उनीहरूलाई थाहा नहुन सक्छ । यदि उनीहरू प्रहरी चौकीमा उपस्थित भएपनि, प्रहरी अधिकारीहरूको नकारात्मक मनोवृत्ति; पीडित/प्रभावित-अनुकूल सुविधाहरूको अभाव, वा विभिन्न प्रकारका अपाङ्गता भएका पीडित/प्रभावितलाई त्यस्ता सुविधाहरू उपलब्ध वा पहुँचयोग्य नहुने जस्ता अवरोधहरूको सामना उनीहरूले अझै पनि गर्न सक्छन् ।

तसर्थ, पीडित/प्रभावितको न्याय खोज्ने अधिकारलाई कायम राख्न, उनीहरूलाई सहयोग गर्ने जिम्मेवारी तपाईंको हुन्छ । देहायका कुरालाई तपाईंले विचार गर्न आवश्यक छ :

- के तपाईंसँग महिला तथा किशोरी विरुद्धका हिंसामा उपयुक्त तालिम पाएका महिला अधिकारीहरू छन् र के उनीहरू सबै महिला तथा किशोरीहरूका लागि पहुँचयोग्य हुनेगरी तैनाथ गरिएका छन् ?
- के तपाईंसँग महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितका लागि उपयुक्त र पहुँचयुक्त उजुरीका संयन्त्रहरू छन् ?
- के ती उपयुक्त ठाउँमा विभिन्न भाषा र ढाँचाहरूमा (ब्रेल, ठूलो प्रिन्ट, पढ्न सजिलो) मा व्यापक रूपमा प्रकाशित र उपलब्ध छन् ?
- के तपाईंको प्रहरी कार्यक्षेत्र भित्र कुनै महिला सहायता डेस्क वा अन्य छुट्टै पीडित/प्रभावित-अनुकूल उजुरीका स्थानहरू छन् ?
- यदि सहायता डेस्कहरू छन् भने, के तिनीहरू उपयुक्त क्षेत्रमा अवस्थित छन् ? उदाहरणका लागि, विशेष गरी पीडित/प्रभावित प्रायजसो अवस्थामा उजुरी गर्नुका परिणामहरूबाट डराउँछन् भन्ने कुरालाई विचार गर्दै, प्राय: संवेदनशील हुने अपराधहरूको उजुरी गर्न पीडित/प्रभावितलाई सक्षम बनाउनका लागि प्रहरी चौकीभित्रै पनि लगायतका स्थानमा, सर्वसाधारणले पहुँच गर्ने मुख्य क्षेत्रहरूबाट हिंड्नु नपर्ने हुनुपर्छ । यदि कुनै महिला पीडित/प्रभावितले सहायता डेस्कमा पुग्नको लागि थुनुवाक्षेत्र पार गर्दै व्यस्त प्रहरी चौकीबाट हिँड्नुपर्छ भने, गोपनीयता र निजीपना कसरी कायम हुन्छ ? यदि तपाईंकहाँ पीडित/प्रभावित-अनुकूल सुविधाहरू छैनन् भने, पीडित/प्रभावितलाई तपाईंका कर्मचारीले प्रहरी चौकीभन्दा अन्यत्र भेट्नका लागि, स्वास्थ्य सेवा प्रदायक जस्ता अन्य अत्यावश्यक सेवाहरूबाट सहयोग माग्ने विकल्पबारे सोच्नुहोस् ।

हिंसाको कुनैपनि उजुरीपछि प्रहरीको पहिलो भूमिका पीडित/प्रभावितको तत्काल सुरक्षा र स्वास्थ्य सुनिश्चित गर्नु हो, र त्यसकारण तत्कालको प्रतिक्रिया सर्वोपरि हुन्छ ।

प्रारम्भिक प्रतिक्रियाको चरणमा पनि, तपाईंको कर्मचारीले कुनैपनि धम्की, प्रतिशोध वा पुन:उत्पीडनलाई रोक्न वा कम गर्नका लागि पीडित/प्रभावित र उनका परिवारको सुरक्षामा सम्भावित जोखिमहरूको मूल्याङ्कन गर्न आवश्यक

हुन्छ। आपराधिक न्याय प्रक्रियामा संलग्न हुने डरले प्रायः पीडित/प्रभावित अनिच्छुक भएपनि, उनीहरूको वा जोखिममा पर्न सक्ने परिवारका सदस्यहरूको सुरक्षा गर्ने जिम्मेवारी अझै पनि तपाइँ र तपाइँको कर्मचारीको नै हुन्छ। विशेषगरी बालबालिका शारीरिक र मनोवैज्ञानिक दुवै लगायतका हानिको जोखिममा छन् भने यो कुरा झनै महत्त्वपूर्ण हुन्छ।

सुरक्षा गर्ने कर्तव्य तपाइँको हो र त्यसैले जुनसुकै रूपमा भएपनि सकारात्मक कार्य गर्नु अपरिहार्य हुन्छ, र केहि नगर्नु विकल्प हुन सक्दैन। सकारात्मक कार्य भन्नाले पीडित/प्रभावित र अन्यलाई यदि उपलब्ध भएमा आश्रय वा एकद्वार सेवा केन्द्र जस्ता सुरक्षित स्थानमा स्थान्तरण गरेर, वा सम्भव भएमा कथित अपराधीलाई त्यस स्थानबाट हटाएर उनीहरूको सुरक्षा सुनिश्चित गर्ने लगायतका कार्य पर्छन्। कथित अपराधीका पनि अधिकारहरू छन् जसलाई कायम राख्नु आवश्यक छ भन्ने ध्यानमा राख्दै तपाईले आफूलाई उपलब्ध शक्तिको पूर्ण दायरामा प्रयोग गरेको सुनिश्चित गर्न आवश्यक छ।

प्रहरी प्रतिकार्यका लागि आइपुग्ने अग्रपंक्तिमा रहेकाहरू घटनास्थलमा आइपुग्दा उनीहरूले जे देख्छन् त्यो उनीहरूले अपेक्षा गरेजस्तो नहुन सक्छ भन्ने अवधारणालाई बुझ्नु महत्त्वपूर्ण हुन्छ। उदाहरणका लागि, अन्तरवैयक्तिक हिंसाका घटनामा, पीडित/प्रभावितले हिंसापछि घरलाई पहिले नै सफासुग्घर गरेर व्यवस्थित गरेको हुन सक्छ।

आफ्ना अगाडि प्रस्तुत गरिएको दृश्यभन्दा बाहिरका अतिरिक्त कुराहरूमा पनि ध्यान दिनुको महत्वका साथै र उनीहरू यस घटनामा मात्र नभई लामो अवधिसम्म मद्दत गर्ने उद्देश्यका साथ त्यहाँ आएका छन् भन्ने तपाईंका सहकर्मी अधिकारीहरूले बुझेको सुनिश्चित गर्नु आवश्यक छ। पीडित/प्रभावितलाई आफैं बोल्न सक्ने वातावरण बनाएर के भएको हो भन्ने स्थापित गर्नका लागि एक आधारभूत नियम भनेको पीडित/प्रभावित र कथित अपराधीलाई अलग गर्नुपर्छ।

एक पीडित/प्रभावितले आफ्नो परिवार, प्रहरी र समुदायले विश्वास गर्नेछैनन् भन्ने सोचका कारण, प्रायः आफैंले घटनाको सामना गर्ने निर्णय गर्छन्। यो सम्भवतः प्रहरी वा अन्य सेवा प्रदायकहरूलाई सम्पर्क नगर्नुको कारणका रुपमा सबैभन्दा बढी बताइने कारण हो (युरोपेली संघमा भएजस्तै)। यो समस्या विशेषगरी विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि बढी हुनेगर्छ।

गुणात्मक अनुसन्धानले महिलाहरूले प्रहरी (वा अन्य सेवाहरू)लाई संलग्न नगर्नुका थप कारणहरू प्रदान गर्दछ। उदाहरणका लागि, *युरोपमा सुरक्षा र सहयोग संगठन (ओएससीई)*ले महिला तथा

When responding to a scene of domestic violence, ensure you look beyond the scene that is in front of you

किशोरीले सामान्यतया सामना गर्ने अवरोधहरूका साथै उनीहरू किन हिंसाका घटनालाई आफैं सामना गर्ने विकल्प रोज्न चाहन्छन् भन्ने बारे अन्तरदृष्टि प्रदान गर्दछ [५]:

- **लाज**, केही प्रकारका हिंसा र सम्बन्धविच्छेदसँग सम्बन्धित लाज लगायत;
- **आर्थिक कारणहरू**, महिलाले आफू र आफ्ना छोराछोरीलाई आर्थिक रूपमा सहयोग गर्न नसक्ने र आफ्नो परिवारबाट सहयोग नपाउने चिन्ता लगायतका आर्थिक कारणहरू;
- **संस्थाहरूप्रति विश्वासको कमी**: महिलाहरूले प्रहरीबाट प्रभावकारी प्रतिकार्यको अपेक्षा गर्दैनन् वा उनीहरूको विश्वास गरिने छैन भन्ने डर;
- **विशेषज्ञ सेवाहरूबारे चेतनाको अभाव**: सहयोग लिनका लागि जाने ठाउँहरूबारे महिलालाई जानकारी नहुनु,
- **कथित अपराधीका तर्फबाट प्रतिशोधको डर**: महिलाहरू हिंसा बढ्न सक्ने कुराबारे डराउँछन्।

पीडित/प्रभावितसँग प्रारम्भिक सम्पर्क भएको वातावरण महत्वपूर्ण हुन्छ -पहिलो कुरा त उनी तपाईंकहाँ आउन पनि डराएको हुन सक्छिन्, र अन्तरंग साथीद्वारा भएको हिंसाको मामिलामा, उनले कथित अपराधीबाट हिंसा भोगेको यो पहिलो पटक हो भन्ने सम्भावना कमै हुन्छ भन्ने याद गर्नुहोस्। तसर्थ, तपाईंको मुख्य प्राथमिकता उसलाई सुरक्षित महसुस गराएर, उनले स्वतन्त्र रूपमा गोपनीयतामा बोल्न सक्ने र उनले प्रदान गरेका जानकारी गोप्य रहने महसुस गराउनु हो। तपाईंका कर्मचारीहरूले यसको महत्व बुझेको र पीडित/प्रभावितका कुनै विशेष आवश्यकताहरू भए तिनको पहिचान गर्न र आवश्यकता अनुसार आवास उपलब्ध गराउन आवश्यक हुन्छ भन्ने कुरामा उनीहरू सचेत रहेको तपाईंले सुनिश्चित गर्नुपर्छ।

उदाहरणका लागि, वृद्ध व्यक्तिहरूलाई सुन्नमा कठिनाई वा कमजोर दृष्टि हुन सक्छ। यस्तो परिस्थितिमा कुराकानीका लागि, पृष्ठभूमिको आवाजरहित, पर्याप्त उज्यालो वा राम्रो प्राकृतिक

५ OSCE-Led survey on violence against women: Main report Organisation for the Security and Co-operation in Europe (Vienna, 2019).

As police you are sent to help and not to judge

प्रकाश भएको ठाउँ खोज्दा धेरै मद्दत हुन्छ । यदि पीडित/प्रभावित व्यक्तिमा सुनाई र/वा बोलाईसम्बन्धी अपाङ्गता छ भने, सञ्चार जारी राख्न अधिकारीलाई साङ्केतिक भाषाको ज्ञान भए नभएको सुनिश्चित गर्नु र दोभाषे उपलब्ध गराउनु महत्वपूर्ण हुनेछ ।

तपाईंको प्रहरी चौकीमा महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितले सहज महसुस गर्न सक्ने र उनीहरूलाई गोपनीयता र निजीपना प्रदान गर्ने अनुकूल ठाउँ नभएमा, उनीहरूसँग प्रहरी चौकीभन्दा अन्यत्र कुराकानी गर्नु राम्रो हुन्छ । उनीहरूको पृष्ठभूमिका आधारमा र विशेषगरी यदि उनीहरू **शरणार्थी** वा **आप्रवासी** जस्ता तपाईंको देशभन्दा अन्यत्रका हुन भने, उनीहरूले प्रहरी संगठन र अन्य सुरक्षा पोशाकमा भएका कर्मचारीलाई हिंसासँग सम्बद्ध गर्न सक्ने हुनाले, तपाईंका कर्मचारीहरूले पीडित/प्रभावितको अवस्था बुझ्ने प्रयास गर्नु महत्वपूर्ण हुन्छ ।

पीडित/प्रभावितसँग कुरा गर्नका लागि 'सुरक्षित स्थान' उपलब्ध गराउनेबारे थप जानकारीका लागि अध्याय ७ : 'सहयोग र सहायता' हेर्नुहोस् ।

'पीडित-केन्द्रित दृष्टिकोण' प्रदान गर्नको लागि, तपाईं र तपाईंका अधिकारीहरूले पीडित/प्रभावितको दृष्टिकोण बुझ्न र तिनलाई गम्भीर रूपमा लिनु आवश्यक छ । तपाईं वा तपाईंका कर्मचारीमा हुनसक्ने कुनैपनि सचेत वा अचेतन पूर्वाग्रहबारे उनीहरू अवगत हुनु हुँदैन । उदाहरणका लागि, पीडित/प्रभावितको पहिरन कस्तो छ, उनले मदिरा वा लागुऔषध सेवन गरेकी थिईन्, उनी एक्लै थिइन्, कुन स्थानमा वा कुन समयमा त्यहाँ थिइन्, उनी यौन उद्योगमा संलग्न छिन् कि छैनन् भन्ने कुराले उनीमाथि भएको हिंसाका लागि उनी स्वयं जिम्मेवार छन् भन्ने हुँदैन । यी कारकहरू मध्ये कुनैले पनि पीडकलाई उनले गरेका कार्यका लागि उम्किने मौका प्रदान गर्दैन । **तपाईं र तपाईंका कर्मचारीहरू त्यहाँ 'न्याय गर्नका लागि नभई, मद्दत गर्नका लागि हुनुहुन्छ' भन्ने नबिर्सिनुहोस् ।**

महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई प्रायः उनीहरूको व्यवहार वा उनीहरू जाने ठाउँका कारण आफैंलाई जोखिममा पारेको भन्दै दोषारोपण गर्ने गरिन्छ । तर तपाईंका कर्मचारीलाई यो कुरा ध्यानमा राख्न भन्नुहोस् - यदि कुनै घरधनीले उनको घरमा चोरी भएको उजुरी गरेमा, के सबै झ्याल र ढोकामा साँचो नभएको उनको दोष हो भन्ने रुपमा लिइन्छ ? होइन, उनीहरूको उजुरी लिइन्छ र अपराधको अनुसन्धान हुन्छ । महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितप्रति पनि त्यस्तै व्यवहार गरिनुपर्छ ।

बाकस १

शरणार्थी भनेका को हुन् र आप्रवासी भनेका को हुन् ?

शरणार्थी	आप्रवासी
शरणार्थी भनेको उत्पीडन, सशस्त्र द्वन्द्व, हिंसा वा गम्भीर सार्वजनिक अव्यवस्थाको परिणाम स्वरूप स्वदेशमा आफ्नो जीवन, भौतिक अखण्डता वा स्वतन्त्रता गम्भीर खतरामा परेका र उनीहरूको गृह देशका अधिकारीहरूले उनीहरूलाई सुरक्षा प्रदान गर्न नसक्ने वा नगर्ने हुनाले उनीहरू आफ्ना देशबाहिर आएका र अन्तर्राष्ट्रिय सुरक्षाको आवश्यकता परेका व्यक्ति हुन् ।[६]	अन्तर्राष्ट्रिय आप्रवासी (आप्रवासी) भन्नाले "आफू नागरिक रहेको राज्यभन्दा बाहिर रहेका व्यक्ति, वा, राज्यविहिन व्यक्तिका हकमा भने उनी जन्मेको वा बसोबास गर्नेगरेको राज्यभन्दा बाहिर रहेको व्यक्ति भन्ने बुझिन्छ" ।[७] "आप्रवासी"को कुनै विश्वव्यापी तथा कानूनी परिभाषा छैन ।[८]

लैङ्गिक पूर्वाग्रह तथा झूठा उजुरी

लैङ्गिक पूर्वाग्रह [९] - प्रत्यक्ष (सचेत) वा अप्रत्यक्ष (अचेत) जेजस्तो भएपनि- महिला तथा पुरुषबाट अपेक्षा गरिने यौन भूमिका र व्यवहार लगायतका विभिन्न गुण, भूमिका र व्यवहारसम्बन्धी लैङ्गिक रुढिवाद र सोचद्वारा ती बनेका वा अभिप्ररित भएका हुन्छन् । महिला तथा पुरुषका विशेष समूहहरूबारेका धारणा बनाउन भूमिका खेल्ने अन्य कारकहरूसँग पनि लैङ्गिकता

६ Principles and Guidelines, supported by practical guidance, on the Human Rights Protection of Migrants in Vulnerable Situations (OHCHR and the Global Migration Group).

७ See OHCHR, 'Recommended Principles and Guidelines' chap. I, para. 10. UNHCR consistently distinguishes between refugees and migrants, both to be clear about the causes and character of refugee movements and the specific entitlements of refugees under international law.

८ For an explanation of the term "migrants in vulnerable situations", see the introduction in Principles and Guidelines (n.6).

९ Definition inspired from the four-part series by Huhtanen, H., Lonsway, K.A., Archambault, J., 'Gender Bias in Sexual Assault Response and Investigation. Training Bulletin Series', *End Violence Against Women International* (EVAWI, 2017).

अन्तरसम्बन्धित हुन्छ, जस्तै, महिलाहरूका केही समूह यौन रूपमा 'उपलब्ध' हुन्छन् भन्ने धारणाले उनीहरूप्रतिको विश्वसनीयतामाथि नकारात्मक प्रभाव पर्नेगर्छ ।

हामीमध्ये धेरैले लैङ्गिक समानताका साथसाथै न्यायमा समान, निष्पक्ष र न्यायपूर्ण पहुँच हुनुपर्छ भन्ने मनोवृत्ति र मूल्यमान्यता राखेपनि, अन्तर्निहित लैंगिक पूर्वाग्रहले यी मनोवृत्ति र मूल्यमान्यतालाई असर गर्न सक्छ । त्यसको कारण हो, अप्रत्यक्ष पूर्वाग्रहहरूले अचेतन तहमा काम गर्छन् । हाम्रा निर्णय वा निष्कर्षहरू हामीले कुनै पनि सचेत चेतना बिना, केही सेकेन्ड भित्रनै बनाईसकेका हुनसक्छौं । वास्तवमा, प्रायशः ती हामीले सचेत रूपमा बोकेका विश्वास र मूल्यमान्यताभन्दा विपरित हुनसक्छन् र हुने गर्छन् ।

त्यसैकारण, यौन दुर्व्यवहारसम्बन्धी उजुरी प्रायः झूठा हुन्छन् भन्ने धेरैले राख्ने मान्यता केही हदसम्म लैङ्गिक पूर्वाग्रहका कारण आएको हुनसक्छ । यो मान्यताले फेरि, आपराधिक न्याय प्रणाली भित्र र बाहिर दुवै स्थानमा व्यावसायिक पेशाकर्मीका प्रतिक्रियालाई असर पारेको हुनसक्छ । प्रतिकार्यमा लाग्ने व्यावसायिक पेशाकर्मीहरूले उजुरीको विश्वसनीयताबारे निश्चित रुपमा अचेतन राय बनाईसकेका हुनेछन् - तर ती राय गलत भएमा, उनीहरूले चाल्नुपर्ने उचित पहलकदमी चाल्न असफल हुन वा गलत निष्कर्ष निकाल्न सक्छन् । लैङ्गिक पूर्वाग्रहले पीडित/प्रभावितलाई सम्भवतः मौन रहन दबाब सृजना गर्नुका साथै, उनीहरूलाई सूचना दिन अस्वीकार गर्न वा उनको कथन नै फिर्ता लिन पनि दबाब गर्नसक्छ ।

कानून कार्यान्वयन गर्ने निकाय/व्यक्तिले पीडित/प्रभावितको कथनमा विश्वास नगरेमा के हुन्छ ? कानून कार्यान्वयन गर्ने निकाय/व्यक्तिले प्रमाणमा आधारित एक गहन अनुसन्धानका लागि प्रहरीको स्रोत खर्चिनका लागि ती पीडित/प्रभावित लायक छैनन् भन्ने सोचेमा के हुन्छ ?

बलात्कारका झूठा आरोप वास्तवमा विरलै हुनेगर्छन् र वास्तवमा बलात्कार, यौन दुर्व्यवहार र बाल यौन दुर्व्यवहारका घटना विश्वव्यापी रुपमा नै कम उजुरी गरिने गर्छन् भन्ने कुरा तपाईंका कर्मचारीले बुझ्नु जरुरी छ । पीडित/प्रभावितलाई सम्मान तथा मर्यादित रुपमा व्यवहार गरेर यो कुरा परिवर्तन गर्ने अवसर उनीहरूसँग छ ।

पीडित/प्रभावितको कुरालाई विश्वास गरिएको र उनले गर्नुपरेको अनुभवप्रति दर्शाइएको सहानुभूति नै कहिलेकाँहि उनका लागि सबैभन्दा ठूलो सहयोग हुन्छ । पीडित/प्रभावितले आफ्नो सम्पूर्ण कथन बताउन सक्ने हुनका लागि विश्वास, आत्मविश्वास र सौहार्द्रताको वातावरण बनाउनु महत्वपूर्ण हुन्छ, तर यो सबका लागि समय लाग्ने हुँदा, एउटै अन्तरवार्ताका लागि पनि घण्टौं लाग्नसक्छ ।

Figure 1:

False Accusations (Rape Crisis Scotland)

FACT:

False allegations are no more common for rape than they are for other crimes.

The perception that they are harms rape survivors.

स्रोत : https://www.rapecrisisscotland.org.uk/false-allegations/

तपाईंले आफ्नो कर्मचारीलाई पीडित/प्रभावितसँग विश्वासपूर्ण सम्बन्ध निर्माण गर्न समय दिनु पर्छ - यसमा हतार गर्नु हुँदैन । महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितले कुनै प्रकारको आघात भोगेका हुनसक्छन् र, उनलाई आश्वासन प्रदान गर्न र सम्बन्धित घटनाबारे विस्तृतमा वर्णनका लागि प्रोत्साहित गर्न उनीहरूलाई कति समय आवश्यक पर्दछ भन्ने, उक्त आघातप्रति उनको प्रतिक्रियाको गम्भीरताका आधारमा निर्भर हुन्छ ।

पीडित/प्रभावित र साक्षीहरूसँग कुराकानी गर्नेबारे थप विस्तृत जानकारीका लागि अध्याय ९ : 'सञ्चार' हेर्नुहोस् ।

तपाईंसँग विशिष्ट तालिम प्राप्त र/वा महिला कर्मचारी उपलब्ध नहुन सक्छन्, त्यसकारण तल व्याख्या गरिएका न्यूनतम मापदण्ड तपाईंका सबै कर्मचारीले बुझेका छन् भन्ने तपाईंले सुनिश्चित गर्नुपर्ने हुन्छ :

- **वातावरण** - गोपनीयता कायम राख्न सकिन्छ भन्ने सुनिश्चित गर्नुहोस्, अर्थात् पीडित/प्रभावित सुरक्षित र सकुशल रहेको, त्यहाँ कुनै रोकावट वा बीचबीचमा अवरोध नहुने, सम्भव भएसम्म पीडित/प्रभावित-अनुकूल कोठा वा भवनमा, र उनी आरोपित पीडकको सम्पर्कमा नआउने स्थान भएको सुनिश्चित गर्नुपर्छ । पीडित/प्रभावितलाई संवेदनशीलताका साथ र सम्मानपूर्वक व्यवहार गर्नुपर्छ;

- **कर्मचारी** - पीडित/प्रभावितसँग कुरा गर्दा एकजना मात्र अधिकारी उपस्थित हुनु सबैभन्दा उत्तम हो, तर अनुसन्धान गर्ने अधिकारी फरक लिङ्गका भएमा भने, समान लिङ्गका एकजना संरक्षक साथै रहनु आवश्यक हुन सक्छ ।

बाकस २

स्टार्ट बाइ बिलिभिङ्ग : प्रतिकार्यमा सुधार, एक पटकमा एउटा खुलासा*

स्टार्ट बाई बिलिभिङ (एसएसबी) एक सचेतना अभियान हो जुन यौन दुर्व्यवहारको सार्वजनिक प्रतिक्रियामा केन्द्रित छ, किनभने पीडितले विश्वास गर्ने पहिलो व्यक्ति भनेको सामान्यतया साथी वा परिवारको सदस्य हो। उनीहरूले कस्तो प्रतिक्रिया देखाउँछ भन्ने कुराले धेरै हदसम्म त्यसपछि के हुन्छ भन्ने कुरा निर्धारण गर्दछ। सकारात्मक प्रतिक्रियाले पीडितहरूको कल्याणमा सुधार ल्याउन सक्छ र उनीहरूले सुरक्षा निकायलाई उजुरी गर्ने र अन्य स्रोतहरूबाट मद्दत माग्ने सम्भावना बढाउन सक्छ। यो व्यावसायिक प्रतिकार्यहरूमा सुधार ल्याउन पनि केन्द्रित छ।

सर्जेन्ट आर्काम्बोल्ट - "अभियानका लागि प्रारम्भिक प्रेरणा यस्तो थियो : पटक पटक, मैले यौन दुर्व्यवहारका पीडितहरूलाई गम्भीरतापूर्वक लिनु अघि उनीहरूले आफू वैध पीडित हो भनी साबित गर्नुपर्ने जस्तो व्यवहार गरेको देखें :तिमीले तिम्रो बलात्कार भएको हो भन्छौ ? प्रमाणित गरेर देखाऊ"

चोरीका घटनाका पीडितबाट घटनाको उजुरी लिनुअघि आफूसँग टिभी छ भनी प्रमाणित गर भनी कुनै कर्मचारीले माग गरेको मैले कहिल्यै सुनेको छैन। तरपनि हामी भने हरेक दिन यो देशमा र संसारभरि यौन दुर्व्यवहारका पीडितहरूलाई यस्तै व्यवहार गर्छौं।"

यो हरेक समुदायमा फरक देखिने भएपनि सन्देश सधैं एउटै हुन्छ :"जब कसैले मलाई ऊ बलात्कृत भएको वा यौन दुर्व्यवहारमा परेको कुरा बताउँछ, म त्यसको सुरुवात विश्वास गरेर गर्छु।"

एसएसबी एक दार्शनिक अडान हो जसले यौन दुर्व्यवहार सम्बन्धी हाम्रा प्रतिकार्यहरूलाई मार्गदर्शन गर्नुपर्छ। यसले पीडितहरूले ऐतिहासिक रूपमा पेशाकर्मी र सहयोगी व्यक्तिहरूबाट प्राप्त गर्ने गरेका भनाईको "स्क्रिप्टलाई उल्टाउने काम गर्छ, जुन यस्तो हुने गर्दथ्यो, "म कसरी थाहा पाउँ कि तिमीले झूठो बोल्दै छैनौं भनेर?"

एसएसबी अवधारणालाई वास्तविक रुपमा लागू गर्दा एजेन्सी र समुदायको प्रतिकार्यको लगभग हरेक पक्षमा गहिरो प्रभाव पर्न जानेछ। दर्शनलाई नीति, दैनिक अभ्यास, र बहु-विधागत प्रोटोकलहरूमा रुपान्तरण गर्नुपर्छ। यसले हामीले प्रयोग गर्ने भाषा र हामीले गर्ने कामको शैली तरिकालाई असर गर्नुपर्छ। यो फौजदारी न्याय प्रतिकार्यमा हुने लैङ्गिक पूर्वाग्रह कम गर्न आवश्यक हुने प्रकारको रणनीति हो। यसमा जोआन अर्चम्बाल्टले यस्तो विचार राख्दछन् :

पीडितहरूलाई उनीहरूको कुरा कहिले सुनिएको छ र कहिले गम्भीरतापूर्वक लिइन्छ भन्ने कुरा थाहा हुन्छ। तर यो कुरा हामीले थोरै शब्दहरू बोलेको कारण होइन। हाम्रो कामबाट उनीहरूलाई थाहा हुन्छ। एसएसबी भनेको पीडित, संदिग्ध व्यक्ति र साक्षीहरूलाई ध्यानपूर्वक सुन्ने, र विस्तृत अनुसन्धान गर्ने बारे हो, जसले गर्दा निर्णयहरू सबै जानकारी र प्रमाणहरूमा आधारित हुन सकुन्।

*'स्टार्ट बाई बिलिभिङ (एसबीबी) संयुक्त राज्य अमेरिकामा एन्डिङ्ग भइलेन्स एगेन्स्ट वुमन इन्टरनेसलन -इभीएडब्लुआई)का सर्जेन्ट जोआन अर्चम्बाल्टद्वारा विकसित गरिएको दर्शन हो र यो सन् २०११ मा सुरु गरिएको थियो। साथै, हेर्नुहास् :Tanner, H., *'Start by Believing to Improve Responses to Sexual Assault and Prevent Gender Bias'* (2017).

- **स्वतन्त्र कथन** - पीडित/प्रभावितलाई बीचबीचमा कुनै रोकटोक नगरी घटना सम्झन दिनुहोस्;
- **सक्रिय सुनाई** - सकारात्मक अमौखिक संचार वा शारीरिक हाउभाउको भाषा प्रयोग गर्नुहोस् - जस्तै आँखाको सम्पर्क, तपाईंको बसाईको हाउभाउ वा मुद्रा, उपयुक्त हुने सन्दर्भमा मुस्काउने जस्ता अनुहारको अभिव्यक्ति, समानुभूति देखाउन उपयुक्त तरिकाले टाउको हल्लाउने;
- **नकारात्मक शारीरिक हाउभाउ नदर्शाउने** - जस्तै उनीतिर नहेर्ने, हात बाँधेर बस्ने, पीडित/प्रभावितभन्दा अन्यत्र हेर्ने, नाइँ वा होइन जनाउने तरिकाले टाउको हल्लाउने, निधार खुम्चाउने जस्ता अनुहारको नकारात्मक भावहरू;
- **भाषाको प्रयोग** - सकारात्मक अभिव्यक्तिहरूले सम्भावना, विकल्प, रोजाई र वैकल्पिक उपायहरूका बारेमा बताउँछ भने, नकारात्मक अभिव्यक्तिले प्राप्त गर्न नसकिने कुराका बारेमा बताउँछ;
- **सञ्चार शैलीमा अनुकूलन** - विशेषगरी बालबालिका र यदि उनीहरू साना छन् भने, उनीहरूलाई 'साना वयस्क' मानिनु हुँदैन, त्यसैले पीडित/प्रभावितको उमेर र/वा क्षमता अनुसार; उनीहरूले बुझ्ने तरिकाले बोल्नुहोस् र व्यवहार गर्नुहोस्।
- **जोखिम मूल्याङ्कन** - पीडित/प्रभावित र बालबालिका जस्ता परिवारका कुनै पनि कमजोर सदस्यमा केन्द्रित हुँदै, सुरक्षा योजनामा समावेश गर्न आवश्यक कुराहरूलाई विचार गर्नुहोस्;
- **नगर्नुहोस्** - कुनै पनि प्रकारको मेलमिलाप सुरु गर्ने[90], किनकि त्यो प्रहरीको भूमिकामा पर्दैन। प्रहरीको जिम्मेवारी भनेको, पूर्ण छानबिन गरी सबै प्रमाण जुटाएर मुद्दा चलाउनका लागि तथ्य पेश गर्नु हो।
- **सुरक्षित र संरक्षित गर्नुपर्ने** - कुनै पनि सम्भावित प्रमाणलाई सकेसम्म चाँडो। यसमा कुनै पनि प्रमाण प्राप्त गर्ने तरिका पर्छ, उदाहरणका लागि, पीडितको बयानलाई रेकर्ड गर्दा, पछि पीडितले पुनः गवाही दिनु नपर्नेगरी रेकर्डिङ्गलाई सफल

90 2013 CSW 57 Agreed Conclusions call on States to take necessary legislative and/or other measures to prohibit compulsory and forced alternative dispute resolution processes, including forced mediation and conciliation, in relation to all forms of violence against women and girls (E/2013/27 – E/CN.6/2013/11, para (g).

अभियोजनका लागि प्रयोग गर्नसकिने सम्भावना बढाउने तरिकामा गर्ने । सुविधा भएका स्थानमा, भिडियो रेकर्ड गरिएको अन्तर्वार्ता प्रायः उपयुक्त हुन सक्छ, तर यो सधैं सम्भव भने हुँदैन ।

> पीडित/प्रभावितहरूले प्रायः उनीहरूमाथि भएको घटनाको दोष आफूलाई नै दिन्छन् भन्ने कुरा हामीलाई थाहा छ । कुनै अधिकृतले "यसमा तपाईंको दोष छैन" वा त्यस्तो कुनै कुरा भनिदिनु पीडित/प्रभावितसँग अन्तर्क्रिया गर्ने राम्रो तरिका हो, जसले तपाईं उनकाबारे चिन्तित हुनुहुन्छ भन्ने देखाउँछ ।

आघातका कारण, पीडित/प्रभावितले अपेक्षित रूपमा व्यवहार नगर्न सक्छन् भन्ने याद राख्नुहोस् । उदाहरणका लागि, हेर्दा उनी चिन्तित नदेखिन सक्छिन्, वा क्रमिकता, सिलसिला वा सटीकता नमिल्ने गरी उनले आफ्नो कथन राखिरहेकी हुनसक्छिन् । तर तपाईंका कर्मचारीले यो बुझ्नु आवश्यक छ कि त्यसको अर्थ उनले सत्य बोलिरहेकी छैनन् भन्ने होइन । कहिलेकाँहि, पीडित/प्रभावितले देखाउने व्यवहारबारे हाम्रा पूर्वानुमानसँग उनीहरूको वास्तविक प्रतिक्रिया मेल नखान सक्छ । विश्वास र आत्मविश्वास सिर्जना गर्ने सबैभन्दा ठूलो अवसर भनेको तपाईंले पहिलो चोटि पीडित/प्रभावितसँग कुरा गर्दाको समयमा हो ।

न्याय प्रक्रियाको प्रारम्भमा नै पीडित/प्रभावितलाई एक्लो पारिएमा, उनको परिवार, साथीभाई र पछि गएर समग्र समुदाय पनि विमुख हुने सम्भावना हुन्छ, जसकारण तपाईं र तपाईंको कर्मचारीलाई आफ्नो भूमिका निर्वाह गर्न झनै कठिन हुन्छ ।

तपाईंको कर्मचारीले पीडित/प्रभावितको कुरामा विश्वास गरिएको छ भनेर आश्वासन दिँदै समानुभूति र संवेदनशीलताका साथ व्यवहार गरेको सुनिश्चित गर्ने जिम्मेवारी तपाईंको हो, तर तपाईंको कर्मचारीले पूरा गर्न नसक्ने वाचाहरू भने गर्न नदिनुहोस्, जस्तै कथित पीडकलाई जेल पठाइनेछ भनेर पीडित/प्रभावितलाई बताउने । कुनै पनि सजायको निर्णय गर्ने अदालत हो र यो वाचा प्रहरीले गर्न सक्छैन । तथापि, प्रहरीले मुद्दालाई बलियो बनाएर अभियोजनकर्ता/वा अदालतसमक्ष राख्ने सुनिश्चित गर्न आफ्नो शक्तिले भ्याउने सबै काम गर्ने र पीडित/प्रभावितलाई प्रक्रियाभरि प्रहरीले सहयोग गर्ने वाचा गर्न सक्छन् ।

एउटै घटना वा घटनाहरूको शृङ्खलाको परिणामस्वरुप पीडित/प्रभावितमा हुने आघातको व्यापक प्रभावका कारण, उनीहरू प्रायः सम्हालिन पनि असमर्थ हुनसक्छन् । आघातप्रतिको प्रतिक्रिया व्यक्तिपिच्छे फरक हुन्छ, र कुनै एक व्यक्तिका लागि आघातपूर्ण कुरा अर्को व्यक्तिका लागि नहुन सक्छ । त्यसैले तपाईंको कर्मचारीहरूले आफ्नै धारणा र अनुभवका आधारमा वा पीडित/प्रभावितबाट आफूले अपेक्षा गरेका प्रतिक्रियाका आधारमा पीडित/प्रभावितबारे पूर्व-धारणा वा अगाडिनै आफ्नो राय नबनाउनु अत्यन्तै महत्त्वपूर्ण हुन्छ ।

आघातको प्रारम्भिक प्रतिक्रिया प्रत्येक पीडित/प्रभावितमा फरक हुन सक्छ । तीन मान्यताप्राप्त प्रतिक्रियाहरू - लड्ने, भाग्ने वा जड हुने (**fight, flight** or **freeze**), सबै 'स्वचालित' प्रतिक्रियाहरू हुन्, र त्यसैले पीडित/प्रभावितका शरीरले आघातपूर्ण घटनामा कसरी प्रतिक्रिया जनाउँछ भन्नेमा उनीहरूको कुनै नियन्त्रण हुँदैन । त्यही कारणले गर्दा, पीडित/प्रभावितले अपराधको उजुरी गर्ने क्रममा, तपाईंका अधिकारीहरूले अपेक्षा गरे जस्तो व्यवहार नदेखाउन सक्छन् । तसर्थ, यसको मतलब घटेको घटनाबारे वा त्यसले उनलाई पारेको प्रभावबारे उनी झूठो बोलिरहेकी छिन् भन्ने होइन भन्ने उनीहरूले बुझ्नु आवश्यक हुन्छ ।

बाकस ३

पीडित/प्रभावितमा आघातका संकेत र लक्षणहरू [११]

- अति सतर्कता
- अविश्वास
- ध्यान केन्द्रित गर्न नसक्नु
- तीव्र दुखाई/टाउको दुखाई
- खानपिनमा समस्या
- अवास्तविक वा शरीरभन्दा बाहिर भएको अनुभूति
- आत्मक्षतिका व्यवहारहरू
- 'म को हुँ' भन्ने सचेतना गुमाउनु
- भविष्यको बारेमा सोच्न नसक्नु - आशाहीनता
- जतिबेला पनि अत्याधिक डर लागिरहनु आत्तिएर छटपटी हुनु (panic attacks)
- इन्द्रियबोध वा संवेदन हराउनु
- रुचि हराउनु
- वर्तमानको वास्तविकताभन्दा अलग भएको महसुस हुनु (Dissociation)
- डिप्रेसन
- थोरै वा कुनै सम्झना नहुनु
- भावनात्मक रुपमा सम्हालिन नसक्नु
- दुःस्वप्न र झझल्को (flashbacks)
- लज्जा र आफू मूल्यहिन भएको अनुभूति

११ Gender-Based Violence Training Manual for Judicial Officers in Uganda (UN Women, unpublished 2019).

बाकस ४

पीडित/प्रभावितमा आघातको असर

उजुरी फिर्ता लिने वा न्याय प्रक्रियासँग सहकार्य गर्न अस्वीकार गर्ने जस्ता परिणाम निम्त्याउने महिला तथा किशोरी विरुद्धका हिंसासँग सम्बन्धित आघातपश्चात् प्रायः देखिने व्यवहारहरू



आघातको प्रभावका परिणामस्परुप उनले सबै कुरा सम्झन नसक्ने, वा तर्कसंगत क्रममा नसम्झिन पनि हुनसक्छ। तसर्थ, तपाईंका कर्मचारीले उनीसँग विश्वासिलो सम्बन्ध निर्माण गर्न समय खर्चिनु धेरै महत्वपूर्ण हुने यो अर्को कारण हो, जसले गर्दा उनले अन्ततः के भएको थियो भन्ने विस्तारमा बताउन सकून र औपचारिक बयान रेकर्ड गर्न सकियोस्।

तपाईंका कर्मचारीले पीडित/प्रभावितसँग धैर्यता कायम गर्नुपर्छ, र तपाईंका कर्मचारीले उनीसँग काम गरिरहँदा तपाईं धैर्य हुनुपर्छ। शुरुवातको चरणमा उनलाई आश्वस्त पार्न खर्चिएको समयले आरोपित पीडकलाई अदालतसमक्ष ल्याउन पर्याप्त प्रमाण प्राप्तीको सम्भावना बढाउँछ।

महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यमा हुने चुनौती सामनाका लागि आफ्नो टोलीको कार्यसम्पादनमा भएका कमीकजोरी पहिचानबाट शुरुवात गर्नुपर्छ

मुद्दा दायर गर्ने, औपचारिक रुपमा अभियोग लगाउने वा अभियोजनका लागि विशेषरुपमा अनुरोध गर्ने जिम्मेवारी कानूनी रुपमा वा अभ्यासका रुपमा पीडित/प्रभावितको हो भन्ने प्रहरीले प्रारम्भिक सम्पर्कमा प्रायः तथा गलत रुपमा उनीहरूलाई महसुस गराउने गर्छन्। धेरैजसो यसको कारण महिला तथा किशोरी विरुद्धका हिंसाबारे गलत धारणा हुनेगर्छ (बाकस ५मा 'महिला तथा किशोरी विरुद्धका हिंसाबारे गलत धारणा' हेर्नुहोस्), जसलाई समयमै ध्यान पुऱ्याइएन भने, त्यसले अनुसन्धान र महिला तथा किशोरीबाट भविष्यमा हुने उजुरीमा नकारात्मक असर पार्नसक्छ।

महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यमा प्रहरी संगठनहरूको असल अभ्यास र क्षमतासम्बन्धी कमीकमजोरीबारे विस्तृत विश्वव्यापी नक्साङ्कनबाट प्रेरित एक विस्तृत सूची तल दिइएको छ [१२]। यो नक्साङ्कनले धेरै सेवारत र सेवानिवृत्त प्रहरी अधिकारीहरू, प्रहरीसँग काम गर्ने अनुभव भएका संयुक्त राष्ट्रसंघीय निकायका कर्मचारीहरू र महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन कार्यमा संलग्न विशेषज्ञ गैर-सरकारी संस्थाहरूसम्म पहुँच गरेको थियो। तल सूचीबद्ध गरिएका क्षमतासम्बन्धी कमीकमजोरीहरू अनुसन्धान प्रक्रियाका सबै बिन्दुहरूमा प्रहरीको प्रयासका लागि हानिकारक छन्, तर पीडित/प्रभावितसँगको पहिलो सम्पर्कको एक भागका रूपमा महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्य गर्दा, ती विशेषगरी प्रहरीको प्रभावकारिताका लागि प्रतिकूल हुन्छन्।

महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितलाई कुनै हानी वा थप हानी पुग्नुअघि नै सकेसम्म प्रारम्भिक चरणमा नै क्षमतासम्बन्धी कमीकमजोरी पहिचानमा प्रहरी व्यवस्थापकहरूलाई मद्दत गर्ने उद्देश्य यो सूचीले लिएको छ :

विभिन्न वर्गका शीर्षकहरूको प्रयोजन पहिचान गरिएको क्षमताको अभावको एउटा मुख्य मुद्दासँग पाठकहरूलाई सम्बन्धित गराउन सहयोगका लागि हो तर वास्तवमा ती सबै हरेक बुँदामा सबै लागू हुन्छन् र/वा परिपूरुक छन् :

लैङ्गिक पूर्वाग्रह

- प्रतिकार्यमा संलग्न हुने प्रहरी कर्मचारीहरूले लैङ्गिक पूर्वाग्रह र रुढिवादतर्फ ध्यान नदिंदा त्यसले महिला तथा किशोरी विरुद्ध हुने हिंसाका घटनाहरूको उजुरीलाई निरुत्साहित गर्छ र उजुरी गरिएका घटनाहरूलाई पनि कमजोर बनाउछ भन्ने कुरा प्रायः प्रहरीले जोडेर हेर्ने गदैनन्।

१२ Also see Module 3: Ending Violence Against Women, Table 3.1 on Challenges for women survivors of violence along the justice chain in *'A Practitioner's Toolkit on Women's Access to Justice Programming'* (UN Women et al., 2018).

दोहोरो पीडित

- प्रहरीले पीडित र प्रभावितहरूको व्यक्तिगत विवरणबारे प्रायः हस्तक्षेपकारी र असङ्गतिपूर्ण जानकारी माग गर्दछ, र त्यसले निम्त्याउने थप आघात र तनावतर्फ विचार गर्दैन ;
- केही क्षेत्रका प्रहरी चौकीहरूमा महिलाहरूलाई सुरक्षित महसुस गराउने आधारभूत पूर्वाधारहरू हुँदैनन् र त्यस विपरित उनीहरू आपराधिकताको केन्द्रविन्दु रूपमा प्रस्तुत हुन सक्छन् । पीडितलाई लज्जित बनाउने र दोषारोपण गर्ने कार्य प्रहरी चौकीहरूमा पनि हुन्छ, त्यसमा विशेषगरी केही समुदायहरूका बारेमा मिथकहरू आधार बन्ने गर्छ ।

गलत अभ्यास

- महिलाहरू विरुद्ध आक्रमण गर्ने व्यक्ति (हरू)को बलजफ्ती र नियन्त्रणकारी व्यवहारका कारणले उनीहरूसँग प्रणालीलाई प्रभावकारी रूपमा नेभिगेट गर्नका लागि आवश्यक आर्थिक वा अन्य स्रोतहरू सीमित हुन सक्छ भन्ने कुरालाई ध्यानमा राख्न पहिलो प्रतिकार्यमा संलग्न प्रहरी असफल हुनेगर्छन् ;
- पक्राउ गरिएका वा थुनामा राखिएका महिलाहरू राज्यका अधिकारीहरूबाट यौन र अन्य प्रकारका हिंसाको जोखिममा कसरी हुन सक्छन् भन्ने कुरालाई ध्यानमा राख्न पहिलो प्रतिकार्यमा संलग्न प्रहरी असफल हुनेगर्छन् ;
- प्रायः पीडित तथा प्रभावितसँग प्रभावकारी रूपमा निरन्तर सञ्चार-सम्पर्क सुनिश्चित गर्ने कुनै व्यवस्था वा प्रक्रियाहरू हुने गर्दैन;
- घटना व्यवस्थापन (केस म्यानेजमेन्ट)का लागि आवश्यक तथ्याङ्क एकीकृत गर्ने कार्य पर्याप्त नहुने गरेको, त्यसलाई नियमित रुपमा अद्यावधिक नगरिने र व्यक्तिगत तथ्याङ्कको सुरक्षासम्बन्धी राष्ट्रिय कानूनहरूको परिप्रेक्षमा पीडित तथा प्रभावितहरूसँग फलोअप गर्न जिम्मेवार फौजदारी न्यायका निकायहरूको ती तथ्याङ्कमा सामान्य रूपमा सहज पहुँच नरहेको पाइन्छ ।

तालिम र शिक्षाको कमी

- अपराधको प्रमाणको निस्साको रूपमा प्रयोग गर्न सकिने मेडिकल जाँचका लागि प्रहरी फारम वा उनीहरूको उजुरीको लिखित स्वीकृति आवश्यक हुन्छ भन्ने कुरा पहिलो प्रतिकार्यमा संलग्न प्रहरीलाई थाहा नहुन सक्छ ;
- पीडित/प्रभावित वा कथित अपराधी अपाङ्गता भएको व्यक्ति हुँदा प्रतिकार्य अधिकारीहरूलाई सहयोगी हुने गरी तालिम र सम्बन्धित प्रोटोकलहरू पर्याप्त रुपमा समावेशी छैनन् ;
- घरेलु हिंसा के कारणले हुन्छ, सम्बन्धमा हुने हिंसा कसरी चक्रका रुपमा चलिरहन्छ, र केही दम्पत्तीहरूले किन अपमानजनक सम्बन्धहरूलाई तत्कालै छोड्न सक्दैनन् भन्ने बारे पर्याप्त जानकारीको अभाव सामान्य कुरा हो । यसबारेको ज्ञानले पक्राउको आवश्यकता र पक्राउ सधैं सबैभन्दा प्रभावकारी प्रतिकार्य किन नहुन सक्छ भन्ने कुराको जटिलता दुवैलाई जोड दिनसक्छ ।

बाकस ५

महिला तथा किशोरी विरुद्ध हिंसासम्बन्धी गलत धारणाहरू

बलात्कार बारे सामान्य भ्रमहरू

- **बलात्कारमा अपरिचित व्यक्ति, शारीरिक बल र शारीरिक चोटपटक समावेश हुन्छ ।** बलात्कारमा सामान्यतया पीडित/प्रभावितसँग परिचित रहेको व्यक्तिको संलग्नता हुन्छ, र बाहिर देखिने गरी शारीरिक चोटपटक हुँदैन ।
- **बलात्कार काम-वासना वा जोशको अपराध हो ।** बलात्कार हिंसा र आक्रमणको कार्य हो जसमा अपराधीले पीडित माथि प्रभुत्व र नियन्त्रण कायम गर्न यौनलाई हतियारको रूपमा प्रयोग गर्दछ ।

घरेलु हिंसाको बारेमा सामान्य गलत धारणाहरू

- **केही महिलाहरूले घरेलु हिंसालाई उक्साउँने काम गर्छन् वा त्यसलाई प्रेमको अभिव्यक्तिका रुपमा लिने गर्छन् र दुर्व्यवहार गरिएको मनपराउँछन् ।** अनुसन्धानकर्ताहरूले दुर्व्यवहार गरिएका धेरै महिलाहरू चुपचाप पीडा सहने, शारीरिक दुर्व्यवहार सहने र विभिन्न कारणहरूले गर्दा सम्बन्धलाई निरन्तरता दिन्छन् भन्ने कुरा पत्ता लगाएका छन्, जसमा देहायलगायत छन् : उनीहरू अन्यत्र जाने ठाउँ छैन, आर्थिक रूपमा दुर्व्यवहार गर्ने व्यक्तिमा निर्भर छन्, छोराछोरीका लागि त्यही नै राम्रो हुने ठान्छन्, सामाजिक रुपमा कलंकित भइने कुराले डराउँछन् ।
- **घरेलु हिंसाको मुख्य कारण रक्सी र लागू पदार्थ हो । घरेलु हिंसाका करिव ५० प्रतिशत घटनामा मदिराको संलग्नता देखिने भएता पनि अपराधीहरूले आफ्ना पार्टनहरूलाई शान्त रहेको अवस्थामा पनि कुटपिट गर्ने गरेका छन् ।** अवरोधहरू कम गरेर पति वा पत्नी विरुद्ध हुने दुर्व्यवहारमा योगदान दिने अत्यधिक मदिरा सेवन जोखिमको एउटा कारक हो, तर मदिरा र लागूपदार्थले घरेलु हिंसा निम्त्याउँदैन ।

- **शारीरिक दुर्व्यवहार घरेलु हिंसाको सबैभन्दा गम्भीर रूप हो। घरेलु हिंसा शारीरिक, भावनात्मक/मनोवैज्ञानिक, आर्थिक र यौनजन्य प्रकृतिको हुनसक्ने अनुसन्धानले बताउँछ।** धेरैजसो पीडित/प्रभावितहरू भावनात्मक/मनोवैज्ञानिक दुर्व्यवहारले उनीहरूलाई शारीरिक दुर्व्यवहार भन्दा बढी गम्भीर र गहिरो असर गर्छ भन्ने कुरा स्वीकार गर्छन्।
- **आफ्नो जीवनसंगीनीलाई दुर्व्यवहार गर्ने पुरुषहरू सामान्यतया मानसिक रूपमा बिरामी हुन्छन्।** आफ्ना जीवनसंगीनीलाई दुर्व्यवहार गर्ने पुरुषहरूमा गरिएको क्लिनिकल अध्ययनहरूले यस दृष्टिकोणलाई समर्थन गर्दैन। पत्नीलाई दुर्व्यवहार गर्ने अधिकांश व्यक्तिहरू मानसिक रोगबाट ग्रसित हुँदैनन्, धेरैजसो निकै सामान्य पुरुषहरू हुने गरेको पाइन्छ।
- **दुर्व्यवहार गर्ने धेरैजसो व्यक्तिहरू असफल पुरुषहरू हुने गर्छन् जो अन्य मानिसहरूसँगको आफ्नो सबै सम्बन्धहरूमा हिंसात्मक हुन्छन्।** दुर्व्यवहार गरिएका महिलाहरू जस्तै, दुर्व्यवहार गर्ने पुरुषहरू समाजका विभिन्न क्षेत्र र स्थानबाट आउने गर्छन्।
- **केही संस्कृतिहरूमा दुर्व्यवहार स्वीकार्य छ।** हिंसा कहिले पनि द्वन्द्व समाधानको स्वीकार्य माध्यम होइन। पति र पत्नी/जीवनसाथी (पार्टनर)हरूलाई उत्तेजना जे-जस्तो भएपनि एकअर्कालाई शारीरिक रूपमा आक्रमण गर्ने अधिकार छैन।
- **घरेलु झैं-झगडा निजी मामिला हो र प्रहरी, स्वास्थ्य पेशाकर्मी वा सामाजिक कार्यकर्ताहरू संलग्न हुनुको सट्टा दम्पतीहरूबीच समाधान गरिनुपर्छ।** घरेलु हिंसाका पीडित/प्रभावितहरूले प्रायः कसैबाट मद्दत लिने प्रयास गर्नु अघि महिनौं वा वर्षौंसम्म शारीरिक हिंसा, भावनात्मक दुर्व्यवहार र आघातको चरम स्तरको अनुभव गरेका हुन्छन्। पीडित/प्रभावितहरूले व्यक्तिगत रूपमा आफ्ना विवादहरू समाधान गर्ने प्रयास असफल भएपछि मात्र प्रहरी, स्वास्थ्य पेशाकर्मी वा सामाजिक कार्यकर्ताहरूलाई दुर्व्यवहारबारे जानकारी गराउने अभ्यास हुने गर्छ।
- **घरेलु हिंसाका पीडित/प्रभावितहरूले वास्तविक रुपमा चाहेमा हिंसात्मक सम्बन्ध छोड्न सक्छन्** : उनीहरूको धार्मिक र/वा सांस्कृतिक आस्थालाई दृष्टिगत गर्दा, घरेलु हिंसाका पीडित/प्रभावितहरूले दुर्व्यवहार हरेक विवाहको एउटा अंश हो भनी विश्वास गर्न सक्छन्। यदि पीडित/प्रभावित घरेलु हिंसालाई सही ठहराइने समाजमा हुर्केकी छिन् भने, उनी अपमानजनक सम्बन्धमा रहीरहने सम्भावना बढी हुन्छ। यसका अतिरिक्त, दुर्व्यवहारको सामना गरेका महिलाहरूलाई प्रायः धेरै कारणहरूले घरबाट बाहिर निस्कन रोक्ने गर्छ। यसमा बदलाको डर, सामाजिक रुप एक्लाइने डर, आर्थिक निर्भरता, सामाजिक कलंक, भावनात्मक निर्भरता र कमजोर आत्म-विश्वास समावेश हुन सक्छ।
- **बालबालिका सामान्यतया घरेलु हिंसाबाट प्रभावित हुँदैनन् र हिंसात्मक भएपनि घरमा बुबा हुनु राम्रो हुन्छ।** दुर्व्यवहार हुने घरमा बस्ने बालबालिकाहरू आफैं पनि दुर्व्यवहारको शिकार बन्ने सम्भावना बढी हुन्छ, हिंसात्मक घटनामा उनीहरूलाई चोटपटक लाग्ने जोखिममा हुन्छ र आघातका लक्षणहरू देखापर्ने जोखिममा पनि उनीहरू पर्ने गर्छन्। हिंसात्मक परिवारका बालबालिकाहरूमा रक्सी र/वा लागूपदार्थको दुरुपयोग र बाल अपराधको उच्च जोखिम हुन्छ भन्ने कुरा अनुसन्धानले देखाउँछ। अरूलाई दुर्व्यवहार गर्दा पनि कुनै समस्या हुँदैन भन्ने कुरा पनि उनीहरूले सिक्न सक्छन्।

स्रोत: Handbook on Effective Police Responses to Violence Against Women (UNODC, 2010) p. 18 and Handbook on Effective Prosecution Responses to Violence against Women and Girls (UNODC and UN Women, 2014) p. 31

परिभाषा र कार्यढाँचा

प्रहरी र पीडित/प्रभावित बीचको प्रारम्भिक सम्पर्कमा के समावेश हुन्छ भन्ने बारेमा सर्वव्यापी परिभाषाको अभावमा, इएसपी फ्रेमवर्कले निम्नलिखित विवरण लागू गर्दछ:

***प्रारम्भिक सम्पर्क**मा प्रहरीलाई उजुरी गर्ने, उजुरीको अभिलेखन, फौजदारी मुद्दा दायर, वकीलहरूद्वारा प्रदान गरिएको सल्लाहकार सेवाहरू, देवानी मुद्दा दायर, वा राज्यका क्षतिपूर्ति कार्यक्रमहरूमा गरिएका प्रशासनिक आवेदनहरू, र छुट्टिने, छोराछोरीमाथिको हकदावी, र/वा आपतकालीन/तत्कालीन सुरक्षा उपायहरूका लागि फौजदारी, देवानी, पारिवारिक अदालत वा प्रशासनिक निकाय/संयन्त्र मार्फत गरिएका आवेदनहरू समावेश छन्।*[१३]

महिला तथा किशोरी विरुद्ध हुने हिंसाबाट न्यायिक सुरक्षा लिने क्रममा पीडित/प्रभावितले सम्पर्क गर्ने पहिलो आधिकारिक निकाय सधैं प्रहरी हुँदैन भन्ने कुरामाथि प्रकाश पार्नु धेरै महत्वपूर्ण छ। प्रहरी बाहेक, आधिकारिक प्रतिकार्य गर्ने पहिलो निकायहरू

[१३] Module 3: Justice and Policing, *Essential Services Package for Women and Girls Subject to Violence: Core Elements and Quality Guidelines* (United Nations Joint Global Programme on Essential Services for Women and Girls Subject to Violence, 2015).

"प्रतिकार्य अधिकारीले पीडित र उनीहरुका छोराछोरीहरुलाई सुरक्षित राख्ने; उनीहरुलाई प्रहरीको प्रतिकार्यमाथि विश्वस्त बनाउने; भविष्यको जोखिम मूल्याङ्कन गर्ने जसले गर्दा फौजले उनीहरुलाई दीर्घकालीन रुपमा सुरक्षित राख्न सक्ने; घटनाको अनुसन्धान गर्ने र अभियोजनलाई सहयोग पुऱ्याउन प्रमाणहरु सङ्कलन गर्ने अपेक्षा गरिन्छ ।"

- Everyone's business: Improving the police response to domestic abuse (HCIM, 2014)

(first responders)मा अग्नि नियन्त्रक, सेना, स्वास्थ्य क्षेत्रका पेशाकर्मी, एक-द्वार केन्द्रका कर्मचारीहरू, हेल्पलाइनहरू र इन्टरनेट मध्यस्थकर्ताहरू पनि समावेश हुन सक्छन् ।

प्रतिकार्यमा संलग्न पहिलो निकाय/व्यक्ति जो भएपनि, प्रहरीका लागि सबै कुरामध्ये प्राथमिकताको विषय भनेको पीडित/प्रभावितको सुरक्षा हो । यसमा सूचनाको गोपनियता सुनिश्चित गर्ने, र लिइएको र/वा लिइने कार्यहरूको अनपेक्षित परिणामहरूको पूर्वानुमान गरी सम्बोधन गर्न कार्य समावेश छ, जसबाट थप हानिलाई रोक्न सकिन्छ । प्रहरीलाई पीडकक्को कार्य बारे थाहा भएको वा थाहा हुनुपर्ने अवस्थामा महिला तथा किशोरी विरुद्ध हुने हिंसालाई रोक्न, त्यसबाट सुरक्षा प्रदान गर्न र उचित रुपमा सम्बोधन गर्न असफल भए त्यसका लागि राज्य जिम्मेवार भएको ठहर हुनेछ ।[९४]

महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूका लागि उजुरी गर्ने सबै साधारण अवसरहरू बारे प्रहरी राम्ररी सचेत हुनुपर्छ र प्रतिकार्य गर्ने पहिलो व्यक्ति प्रहरी अधिकारी नभएको अवस्थामा समन्वय सुनिश्चित गर्नुपर्दछ, जसले गर्दा प्रमाणजन्य सूचना तथा जानकारी र सामग्रीहरू चेन-अफ-कस्टडी विधि अनुसार हस्तान्तरण गर्न सकियोस् ।

जब महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूले मध्यस्थता जस्ता अनौपचारिक प्रक्रिया अवलम्बन गर्ने निर्णय लिन्छन्, वा अनौपचारिक विधिको पालना गर्नुपर्ने हुन्छ, त्यस्तो अवस्थामा प्रमाणजन्य सूचना तथा जानकारी र सामग्री सुरक्षित गर्ने कार्य थप चुनौतीपूर्ण हुन्छ । महिला तथा किशोरी विरुद्ध हुने हिंसाका घटनाको सम्बोधन गर्न माध्यम मध्यस्थता भएको अवस्थामा पीडित/प्रभावितहरूले सामना गर्ने जोखिम र चुनौतीहरूबारे आफ्ना कर्मचारी र अत्यावश्यक सेवाका साझेदारहरू स्पष्ट रहेको प्रहरी प्रबन्धकहरूले सुनिश्चित गर्नुपर्छ ।

सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूप, संयुक्त राष्ट्रसङ्घले महिला तथा किशोरी विरुद्ध हुने हिंसाका घटनाहरूमा मध्यस्थतालाई टाढा राख्न स्पष्ट मार्गदर्शन प्रदान गर्दछ (हेर्नुहोस् बाकस ६)।[९५] इएसपीले मध्यस्थता वा पुनर्स्थापकीय न्यायलाई कुनै बल, दवाब वा धम्की प्रयोग गरिएको छैन भन्ने प्रत्याभूत गर्न सकिने विधिहरू रहेको अवस्थामा मात्र स्वीकृति प्रदान गरिएको छ भन्ने बारेमा सचेत गराउँछ, र केही न्यूनतम आवश्यकताहरू स्थापित गर्दछ, जसमा देहाय लगायत रहेका छन् :

- सो विधिले फौजदारी न्याय प्रक्रियामा जस्तै पीडित/प्रभावित व्यक्तिको सुरक्षाको लागि समान वा त्यो भन्दा बढी सुरक्षाका उपायहरूको व्यवस्था गर्नुपर्छ ;
- पीडकले जिम्मेवारी स्वीकार गरेको हुनुपर्छ;
- न्याय सेवा प्रदायकले त्यसको अनुमोदन गरेको हुनुपर्छ ;
- मध्यस्थकर्ताहरू प्रशिक्षित र योग्य हुनुपर्छ;
- प्रमाणित जोखिम मूल्याङ्कनले ती महिला उच्च जोखिममा छैनन् भन्ने कुरा निर्धारण गरेको छ;
- पीडित/प्रभावितलाई सो विधिका बारेमा पूर्ण जानकारी दिइएको र उनले मध्यस्थतालाई स्वीकृत गरेको हुनुपर्छ ;
- पीडित/प्रभावित व्यक्ति त्यसमा सहभागी हुन सहमत छन् ।

सामान्यतया, अपराधको घटनास्थलमा पहिलो आधिकारी वा प्रतिकार्य गर्ने पहिलो व्यक्तिः, वा महिला तथा किशोरी विरुद्ध हिंसाबारे पीडित/प्रभावित आफैँबाट वा साक्षी(हरू)बाट प्रत्यक्ष रुपमा जानकारी पाउने पहिलो व्यक्तिसँग सम्बन्धित विधिहरू र सम्बन्धित कर्तव्यहरूको विवरण समावेश रहेको राष्ट्रिय कार्यविधि (प्रोटोकल) हुनेगर्छ ।[९६]

प्रतिकार्य गर्ने पहिलो व्यक्तिहरूका लागि यी राष्ट्रिय कार्यविधिले सामान्य रूपमा सुरक्षित र शान्त वातावरण उपलब्ध गर्न प्रहरीलाई अभिमुख गर्नुपर्छ, जसमा उनीहरूले सहयोगी भावनाका

९४ States have a human rights obligation to ensure that both State and non-State agents refrain from engaging in any act of discrimination or violence against women. Within this framework, non-state actors include private individuals, such as private companies, in accordance with Article 2 (e) of the Convention on the Elimination of All Forms of Discrimination against Women. According to Article 4 (c) of the Declaration on the Elimination of Violence against Women, States should exercise due diligence to prevent, investigate and punish acts of violence against women.

९५ See the ESP (Module 3, essential service 4.9); Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women (UNODC, 2014), p. 77-78); A Practitioner's Toolkit on Women's Access to Justice Programming (UN Women et al., 2018) ps.232-235.

९६ *First Responder* protocols should enable the gathering and preserving of evidence in accordance with the police service's investigative procedures, which should include making detailed notes of the actions and utterances of the parties and a detailed occurrence report, regardless of whether any charges are brought, or an offence is alleged. See: Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women (UNODC, 2014).

बाकस ६

महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूमा मध्यस्थताका जोखिमहरू

मध्यस्थता (कहिलेकाहीँ मेलमिलाप भनेर उल्लेख गरिने)लाई औपचारिक र अनौपचारिक न्याय दुवै क्षेत्रमा प्रयोग गरिन्छ र महिला तथा किशोरी विरुद्ध हुने हिंसा, विशेषगरी घरेलु हिंसा/अन्तरव्यक्तिगत हिंसाका घटनाहरूमा देहायका कारणहरूले गर्दा अति समस्याग्रस्त, र वास्तवमा खतरपूर्ण हुन सक्छ:

- महिला विरुद्धको हिंसाका घटनाहरूमा सम्बद्ध पक्षहरू बीचको असमान शक्ति सम्बन्ध रहेको हुन्छ र त्यो आक्रमण, हिंसात्मक धम्की, र/वा नियन्त्रणकारी, दुर्व्यवहारजन्य वा अपमानजनक व्यवहारमा आधारित हुन्छ।
- मध्यस्थताले सम्बन्ध पक्षहरू समान स्रोत र शक्तिका साथ प्रक्रियामा सहभागी हुन्छन् भन्ने अपेक्षा गर्छ-जुन कुरा यी परिस्थितिहरूमा प्राय: सही हुँदैन।

यद्यपि, मध्यस्थता धेरै देशहरूमा प्रयोग भएको हुनाले, युएनओडीसीले मध्यस्थताको पक्ष समावेश हुने न्याय सुधार कुनै पनि पहलले निम्नलिखित मापदण्डहरूको कडाईका साथ पालना गर्नुपर्छ भनी सिफारिस गर्दछ :

- मध्यस्थताको सहजीकरणमा संलग्न सबैलाई महिला तथा किशोरी विरुद्ध हुने हिंसा, विशेषगरी घरेलु हिंसा/अन्तरंग व्यक्तिबाट हुने हिंसाका विभिन्न आयामबारे तालिम दिनुपर्छ;
- तालिम जोखिम मूल्याङ्कन गर्ने कार्यमा केन्द्रित हुनुपर्छ ;
- पति/पत्नीबाट भएका दुर्व्यवहारका घटनाहरूका लागि प्रमाणित जोखिम मूल्याङ्कन विधिहरूको विकास र प्रयोग।

सामान्यतया, युएनओडिसीले महिला विरुद्धको हिंसाका घटनाहरूमा मध्यस्थता र अन्य पुनर्स्थापकीय न्यायका अभ्यासहरू लागू गर्न उपयुक्त मार्गनिर्देशहरू सिफारिस गर्दछ, जस्तै:

- पुनर्स्थापकीय न्याय प्रक्रियाले पीडितको सुरक्षाका लागि फौजदारी न्याय प्रक्रिया सरह वा त्यो भन्दा बढी सुरक्षाका उपायहरू प्रदान गर्नुपर्छ;
- पुनर्स्थार्पकीय न्याय प्रक्रियाका लागि सिफारिस पीडकमाथि अपराधको आरोप लगाइएपछि र अभियोजनकर्ता वा अनुसन्धान न्यायाधीशको स्वीकृतिमा गरिनुपर्छ ;
- घटना उच्च जोखिमको होइन भनेर प्रशिक्षित र योग्य कर्मचारीहरू द्वारा निर्धारण;
- पीडितलाई पूर्ण जानकारी दिइएको छ र उनले त्यसका लागि सहमति जनाएका छन्।

स्रोत : *'Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women'* (UNODC, 2014) and *'A Study for Creating a Multidisciplinary Response Mechanism to Violence Against Women in Egypt'* (UNODC, 2015)

साथ कुरा सुन्नुपर्छ, करुणा प्रदर्शन गर्ने र आफ्नो निर्णय नदिने गर्नुपर्छ, झूटा वाचाहरू नगरी आश्वासन दिनु पर्छ, र चिकित्सा सेवा र अन्य सहयोगको पहुँचलाई बढावा दिनुपर्छ। यी कार्यहरू पीडित/प्रभावित-केन्द्रित अवधारणा अनुरुप रहेका छन्।

मानव अधिकार अनुसन्धान मार्गदर्शन र अभ्यासमा लैङ्गिक दृष्टिकोणलाई एकीकृत गर्ने (*Integrating a Gender Perspective into Human Rights Investigations Guidance and Practice',*) शीर्षकको मार्गनिर्देशिकामा राष्ट्रसङ्घीय मानवअधिकारका लागि उच्च आयुक्तको कार्यालय (युएनओएचसीएचआर) ले यौन हिंसा जस्ता लैङ्गिक हिंसाको अनुसन्धानमा "थप हानी नपुऱ्याउने" () सिद्धान्त अवलम्बन गर्न पीडित र साक्षीहरूलाई थप हानिमा पार्न सक्ने लैङ्गिक आयाम र सांस्कृतिक मान्यताहरूको उचित मूल्याङ्कन गर्न आवश्यक छ भन्दछ, जसमा कथित पीडक वा पीडितको परिवार र र समुदायबाट पुन:आघात वा कलंकित गर्ने, हिंसा र सीमान्तीकरण गर्ने कार्य समावेश छन्।[१७]

यो मार्गनिर्देशिकाले लैङ्गिक हिंसाका पीडित/प्रभावित वा साक्षी, विशेषगरी जोखिममा पर्ने सम्भावना भएका पीडितहरूसँग अन्तर्वार्ताको व्यवस्थापन गर्नु अघि अन्तर्वार्ताकर्ता (हरू)ले निम्नलिखित कुराहरू विचार गर्नुपर्छ :[१८]

१७ Integrating a Gender Perspective into Human Rights Investigations Guidance and Practice (UN Office of the High Commissioner for Human Rights, New York and Geneva, 2018), see: https://www.ohchr.org/Documents/Issues/Women/Publications/GenderIntegrationintoHRInvestigations.pdf

१८ Ibid.

फोटो सौजन्य: माइती नेपाल

- अनुसन्धान टोलीलाई सम्पर्क गरेको र/वा सूचना दिँदा पीडित/प्रभावितले परिवार वा समुदायबाट प्रतिशोध, सीमान्तीकरण, कलंकित हुने, हिंसाको सामना गर्नुपर्ने हुनसक्छ वा सक्दैन;

- मुद्दाका लागि कुन तथ्यहरू महत्वपूर्ण छन् र पीडित/प्रभावित व्यक्ति वा साक्षीले आवश्यक जानकारी प्रदान गर्न सक्छन् वा सक्दैनन्;

- पीडित/प्रभावित वा साक्षीले पहिले नै बयान दिएका छन् वा छैनन्, जसमा अन्य निकाय/अधिकारीहरूसमक्ष समेत पर्छ, जसबाट उनलाई पीडादायी घटनाबारे फेरी बताउन भनी सोध्न आवश्यक छ कि छैन भनेर निर्धारण गर्न सकिन्छ ;

- पीडित वा साक्षीलाई तनावमा परेमा त्यसको उपयुक्त तरिकाले सम्बोधन गर्न अनुसन्धानकर्ता सक्षम छन् वा छैनन्;

- अनुसन्धानकर्ता परामर्श र अन्य सेवाहरूमा प्रेषण (रेफरल) गर्नेबारेमा जानकार छन् वा छैनन् ।

साथै अनुसन्धानकर्ताहरूले पीडित/प्रभावितहरूका आवश्यकता वा अवस्थाहरू बारे आफैँ अनुमान लगाउने कार्यमा सावधानी अपनाउनुपर्छ भन्ने कुरामा युएनओएचसीएचआरले जोड दिएको छ, जस्तै यौन हिंसाका सबै पीडित/प्रभावितहरूले आफू माथि भएको घटनाको वर्णन गर्दा पीडादायी महसुस गर्नेछन् ।[१९] अन्तर्वार्ताहरू विस्तृत रुपमा सञ्चालन गरिएमा त्यो प्रक्रिया आफैं पीडासमन र सशक्तीकरण गराउने कार्य हुन सक्छ भन्ने कुरा मार्गनिर्देशिकाले उल्लेख गर्दछ ।[२०]

युएन प्रहरी (UNPOL)ले पनि आफ्नो जेण्डर टुलकीटमा बलात्कार र यौन अपराधहरूको प्रहरी अनुसन्धानबारे नमूना मानक कार्यसञ्चालन कार्यविधि (एसओपी)सहित अन्तर्वार्ता मार्गदर्शन प्रदान गर्दछ ।[२१] यो नमूना एसओपीले प्रारम्भिक उजुरी देखि, अनुसन्धान, सुपरिवेक्षण र निष्पादनसम्म बलात्कार र यौन अपराधहरूको अनुसन्धानका लागि एउटा विस्तृत मार्गदर्शन प्रदान गर्दछ ।

१९ Ibid.

२० Ibid.

२१ See Project Tool 97 in 'Procedures on Police Investigations' (UNPOL Gender Toolkit Compendium of Project Tools, 2015), ps. 272-291.

महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूसँग प्रभावकारी र पर्याप्त प्रारम्भिक सम्पर्कका लागि मुख्य व्यवस्थापकीय दक्षताहरु

कमाण्डर वा प्रहरी व्यवस्थापकहरूले प्रहरीसँगको प्रारम्भिक सम्पर्कमा पीडित/प्रभावितहरूको अनुभव धेरै मिश्रित हुन्छ भन्ने कुरा बुझी आफ्ना टोलीहरू बुझाउनु धेरै महत्वपूर्ण हुन्छ। प्रहरी व्यवस्थापकहरू आफ्ना कर्मचारीहरूको नकारात्मक मनोवृत्ति, कार्य र व्यवहार प्रति सतर्क हुन आवश्यक छ, किनभने त्यसले क्षति निम्त्याउन सक्छ।

महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूलाई आतिथ्य गर्दा प्रहरीले धेरै चुनौतीहरूको सामना गर्छन्। धेरै अवस्थामा, उजुरी गर्न चाहने महिला वा किशोरीहरूका लागि प्रहरीका सेवासुविधाहरू सहज हुने गर्दैन र त्यसमा पीडित/प्रभावितलाई सहयोग गर्ने महिला कर्मचारी वा महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाको सम्बोधन गर्न तालिमप्राप्त अधिकृतहरूको अभाव देखि कथित बलात्कारको घटनामा प्रतिकार्य गर्ने साधनको अभाव वा पीडित/प्रभावित व्यक्तिलाई तत्काल चिकित्सीय सेवा आवश्यक भएको अवस्थामा यातायात सुविधाको अभाव पर्नसक्छन्।

यसका अतिरिक्त धेरै अवस्थामा पीडित/प्रभावितले पहिलो सम्पर्क गैर-औपचारिक न्यायकर्ताहरू जस्तै परम्परागत र आस्थामा आधारित अगुवाहरू, परिवारका सदस्यहरू र समुदायका प्रमुखहरूसँग हुन्छ। औपचारिक न्याय प्रणाली सबै जनताको पहुँचमा नहुन सक्छ। यद्यपि समाधानहरू प्राप्त हुनसक्छ तर यसका लागि स्थानीय समुदायहरू, समुदायका अगुवा वा निकायहरूसँग र केही अवस्थामा स्थानीय निजी कम्पनीहरू, जस्तै ट्याक्सी सेवाहरूसँग साझेदारी आवश्यक पर्दछ।

घरेलु हिंसामा प्रहरीको प्रतिकार्यबारे सन् २०१४ को युके होम अफिसको प्रतिवेदनले पीडित/प्रभावित व्यक्तिले प्राप्त गरेको सेवाको गुणस्तर पूर्णत सेवा प्रदान गर्ने प्रहरी कर्मचारीको समानुभूति, बुझाई र प्रतिबद्धतामा निर्भर रहेको पाइएको उल्लेख गरेको थियो।[२२]

प्रतिवेदनले प्रभावकारी सुपरिवेक्षण र तालिमको अभावमा बेलायत भित्रका प्रहरीले प्रतिकार्य अधिकारीको योग्यता र क्षमताको विषयलाई लगभग पूर्ण रूपमा मौकामा छाडिएको उल्लेख गरेको छ। यसको अर्थ प्रहरीबाट सबैभन्दा कमजोर पीडित/प्रभावितहरूले प्राप्त गरेको सेवा चिठ्ठा सरह नै थियो।[२३]

पहिलो सम्पर्कमा पीडित/प्रभावितहरूसँग बढी एकरुप र लैङ्गिक-उत्तरदायी अन्तर्क्रिया सुनिश्चित गर्न मद्दत गर्न व्यवहारजन्य दक्षताहरूको सूची तल प्रस्तुत गरिएको छ। यो सूची विश्व स्वास्थ्य संगठन को स्ट्रेन्थेनिङ द मेडिको-लिगल रेस्पोन्स् टू सेक्सुवल भइलेन्स् (२०१५) र कार्यवाहीका लागि योजनाको खाका : महिला विरुद्ध हिंसा रोक्न र त्यसलाई सम्बोधन गर्न फौजदारी न्याय प्रणालीका लागि कार्यान्वयन योजना (स्ट्रेन्देनिङ क्राइम प्रिभेन्सन एण्ड क्रिमिनल जस्टिस रेस्पोन्स् टू भइलेन्स् एगेन्स्ट वुमेन, (युएनओडिसी, २०१४) शीर्षकको प्रकाशनमा समावेश)बाट प्रेरित छ।

> "प्रभावकारी सुपरिवेक्षण र तालिमको अभावमा बेलायत भित्रका प्रहरीले प्रतिकार्य अधिकारीको (घरेलु हिंसासम्बन्धी उजुरी)लाई सम्बधोन गर्ने योग्यता र क्षमताको विषयलाई लगभग पूर्णतया मौकामा छाडिदिएका थिए।"
>
> - UK HMIC 2014 (now Her Majesty's Inspectorate of Constabulary and Fire and Rescue Service)

यो सूचीले अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त व्यवहार र मुल्यमान्यताहरू प्रस्तुत गर्दछ र प्रतिकार्य गर्ने पहिलो व्यक्तिका रुपमा तपाईंको टोलीले महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी अपराधका पीडित/प्रभावितहरूलाई कसरी सम्बोधन गर्नुपर्छ भनेर वर्णन गर्दछ। यो अन्तर्राष्ट्रिय मापदण्डहरूबाट[२४] सिर्जित अपेक्षाहरूको मुख्य उदाहरणहरू प्रदान गर्न डिजाइन गरिएको हो, र साथै तपाईंको राष्ट्रिय प्रहरी संगठनको मूल्यमान्यता, नैतिकता र अखण्डतासम्बन्धी नीतिहरूलाई पूरक र सुदृढीकरण पनि गर्छ।

यो मुख्य कार्यसम्पादन योग्यताहरूको सूची हो जसलाई प्रहरी व्यवस्थापकहरूले सन्दर्भका रुपमा लिएर प्रतिकार्य अधिकारीहरूले महिला र किशोरीहरूलाई महिला तथा किशोरी विरुद्ध हुने हिंसाका अपराधहरूका बारेमा उजुरी गर्न प्रोत्साहित र सहजीकरण गरेको सुनिश्चित गर्न लागु र प्रवर्द्धन् गर्नसक्छन्, जसका लागि उनीहरूले पीडित/प्रभावितको कल्याणप्रतिको प्रतिबद्धतालाई प्रभावकारी रूपमा प्रदर्शन गर्ने, उनलाई सहयोग गर्ने र उनको न्याय माग भेदभाव, पूर्वाग्रह वा पूर्वधारणा बिना सम्बोधन हुनेछ भन्ने विश्वास सृजना गर्नुपर्छ। व्यवस्थापकहरूले प्रतिकार्य अधिकारीहरू देहाय कार्य गर्न सक्षम रहेको सुनिश्चित गर्नुपर्छ :

उपलब्धता र पहुँचयुक्तता

- महिला र किशोरी विरुद्ध कुनै पनि प्रकारको हिंसाको उजुरीका लागि साधन र सामग्री (जस्तैः अपराध किटहरू, यौन दुर्व्यवहार

२२ 'Everyone's business: Improving the police response to domestic abuse' (HMIC, 2014).

२३ Ibid.

२४ Code of Conduct for Law Enforcement Officials, adopted by General Assembly resolution 34/169 of 17 December 1979, see: https://www.ohchr.org/EN/ProfessionalInterest/Pages/LawEnforcementOfficials.aspx

प्रमाण सङ्कलन किटहरू, आदि)को प्रयोगमा पहुँच सुनिश्चित गर्ने र त्यसको प्रयोग गर्न सक्षम हुने;

- विभिन्न प्रकारका अपाङ्गता भएका महिला र किशोरीहरूको प्रहरी चौकीहरूमा भौतिक पहुँच सुनिश्चित गर्ने र श्रवण/बोली अपाङ्गता भएका पीडित/प्रभावितहरूका लागि सबै आवश्यक सञ्चार साधनहरू उपलब्ध गराउने, जस्तैः साङ्केतिक भाषा अनुवादक ।[२५]

सेवाहरुको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरुद्वारा प्रभावकारी सञ्चार र सहभागिता :

- कुनै शुल्क वा खर्चको माग नगरी पीडित/प्रभावितलाई पर्याप्त जानकारी दिने, जसले गर्दा उनले फौजदारी न्याय प्रक्रियामा कसरी संलग्न हुने भन्ने बारे सुसूचित निर्णयहरू लिन सक्ने छिन्;

- पीडित/प्रभावितहरूको दाबीको पूर्ण विवरण सुनिश्चित गर्नको लागि उनीहरूसँग गैर-आलोचनात्मक, गैर-तुच्छ र समानुभूतिपूर्ण तरिकाले कुराकानी गर्नुहोस् ;

- गोपनीयता सुनिश्चित गर्न, कलंक र पुनः पीडित बनाउने कार्य निवारण गर्न प्रहरी परिसर र स्रोतसाधनहरूको प्रयोगमा लचिलोपना सुनिश्चित गर्नुहोस्, जस्तै पीडित/प्रभावितको आवश्यकता-उन्मुख तरिकामा यातायात सवारी साधनहरू;

- अग्रपंक्तीका प्रहरीहरू फर्स्ट रेस्पोन्डर प्रोटोकलहरूमा विस्तृत रुपमा प्रशिक्षित गरिएको सुनिश्चित गरी महिला तथा किशोरी विरुद्ध हुने हिंसाका घटनाहरूमा अनौपचारिक मध्यस्थतामा संलग्न हुनबाट टाढा रहनाका लागि मार्गदर्शन प्रदान गर्नुहोस् ।

अनुकूलन क्षमता

- पीडित/प्रभावितको भिन्न सुरक्षा र सहयोगका आवश्यकताहरू पहिचान गर्न व्यक्तिगत (मुद्दा अनुरुप) अवधारणामार्फत पहिलो प्रतिकार्यकर्ता प्रोटोकलहरू लागू गर्नुहोस् ।

सुरक्षालाई प्राथमिकता दिने

- सामान्य सुरक्षाका कमीकमजोरीहरू पहिचान गर्न लागि पीडित/प्रभावित व्यक्तिको व्यक्तिगत विवरणसँग स्थानीय रुपमा हासिल गरिएको ज्ञानलाई जोडेर हेर्ने ।

उपयुक्तता

- पीडित/प्रभावित व्यक्तिहरूसँग उनीहरू र हस्तक्षेप गर्ने अधिकारी (हरू) (intervening officers) लाई थप आघात र हानि कम गर्ने तरिकाले अन्तरक्रिया गर्नुहोस् ;

- उजुरी दर्ता गर्नुहोस् र पीडित/प्रभावितले चाहेमा उनीहरूको आफ्नो विवरण महिला प्रहरी अधिकारीलाई सुनाउने अवसर प्रदान गर्नुहोस्, अनुमति प्राप्त भएको अवस्थामा वकिल र आवश्यक भएको खण्डमा स्वतन्त्र र सक्षम अनुवादकहरूमा पहुँच प्रदान गर्नुहोस् ।

प्रेषण र समन्वयमार्फत अन्य क्षेत्र र एजेन्सीहरूसँग जोडिने

- अपराध स्थललाई सुरक्षित गर्न परिचालन गर्नुहोस्, र यो घटना अर्को प्रहरी क्षेत्राधिकारमा भएको अवस्थामा पनि गर्ने, जस्तै सही प्रहरी निकायसमक्ष समयमै सिफारिस गर्ने;

- अत्यावश्यक सेवाहरूका अवयवहरूको पहिचान गर्नुहोस् जस्तै मनोसामाजिक विशेषज्ञहरू र/वा बाल स्वास्थ्य विशेषज्ञहरू र उनीहरू एकअर्कासँग कसरी सम्बन्धित छन्

- चिकित्सा र सुरक्षाका आवश्यकताहरूको सम्बोधन गर्न तुरुन्तै परिचालन गर्नुहोस्, जसमा कथित आक्रमणकारीहरूलाई पक्राउ गर्ने कार्य समावेश छ ।

- आवश्यक परेको बेला साङ्केतिक भाषाका लागि सहित प्रशिक्षित दोभाषेहरूलाई परिचालन गर्नुहोस्, गोपनियताका कारणले बालबालिका वा अन्य परिवारलाई दोभाषेको रूपमा प्रयोग कुनै पनि अवस्थामा नगर्ने । त्यही कारणले प्रहरीले त्यही समुदाय, विशेषगरी आदिवासी समुदायका प्रशिक्षित वा अप्रशिक्षित दोभाषेहरू प्रयोग गर्नबाट टाढा रहनुपर्छ ।[२६]

> "पीडितको उजुरीको सामयिकता (अर्थात, घटनाको केही दिन पछि)ले घटनाको गाम्भिर्यतालाई कम गर्दैन र त्यसले प्रहरीको प्रतिकार्यलाई प्रभावित गर्नुहुँदैन ।"
>
> - Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women (UNODC, 2014)

[२५] This should include proactive efforts to remove physical, attitudinal and communication barriers usually faced by women and girls with different types of disabilities and that these are addressed through specific training provided to officers.

[२६] Sara Ferro Ribeiro and Danaé van der Straten Ponthoz, 'International Protocol on the Documentation and Investigation of Sexual Violence in Conflict - Best Practice on the Documentation of Sexual Violence as a Crime or Violation of International Law' (UK Foreign and Commonwealth Office, 2nd Edition, March 2017).

बाकस ७

बालबालिका वा परिवारका सदस्यहरूलाई अनुवादकको रूपमा प्रयोग गर्नु हुँदैन*

बालबालिकालाई उनीहरूको उमेरको लागि अनुपयुक्त वा परिवारका सदस्यले गोप्य राख्न चाहेको स्वास्थ्य र सामाजिक हेरचाहका आवश्यकताहरू सम्बन्धी संवेदनशील वा अधिक जानकारीको अनुवाद गर्ने अपेक्षा गर्नु हुँदैन ।

परिवारका सदस्यका लागि अनुवादकको रूपमा प्रयोग गरिएका बालबालिकाहरूले उनीहरूले अनुवाद गर्ने सन्देशहरूको विषयवस्तुलाई सजिलै प्रभाव पार्न सक्छन्, जसले उनीहरूको परिवारको सदस्यको निर्णयलाई असर गर्न सक्छ ।

यसले बालबालिकालाई एउटा आघातपूर्ण घटना पछि आफ्ना आमाबाबुको स्वास्थ्यसम्बन्धी समस्याहरूका बारेमा चिन्ता वा तनाव उत्पन्न गर्न सक्छ र/वा बालबालिका र परिवारका सदस्यहरूका लागि नैराश्य र लज्जा निम्त्याउन सक्छ ।

बच्चाहरूलाई दोभाषेको रूपमा प्रयोग गर्दा उनीहरूमाथि निर्णय लिनुपर्ने जिम्मेवारीहरू जस्ता अतिरिक्त भार थप हुन सक्छ । यसले पारिवारिक संरचना भित्र तनाव र भूमिकाको फेरबदल निम्त्याउन सक्छ, जसले सम्भवतः बाल दुर्व्यवहार निम्त्याउन सक्छ किनभने वयस्कले परिवार भित्र अधिपत्य गुमाउन पुगेकोमा रिस वा निराशा महसुस गर्दछ ।

*स्रोतः द चिल्ड्रेन्स सोसाइटी युके

तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन

- महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी लागू हुने कानून र राष्ट्रिय नीतिहरूबारेमा जानकार रहने, जसमा बलात्कार जस्ता महिला तथा किशोरी विरुद्ध हुने हिंसाका घटनाहरूमा के कुरालाई अपराध मानिन्छ, र प्रमाण सङ्कलन गर्न र/वा पेशागत वा विशेषज्ञ साक्षीको रूपमा बयान दिन को सक्षम छ भन्ने विषय समावेश छ ।

सुसूचित सहमति र गोपनियता

- लागू हुने गोप्यता र गोपनियता मापदण्डहरूको सम्मान गर्दै अन्य सम्बन्धित निकायहरूसँग सूचना आदान प्रदान गर्नुहोस् । सामान्यतया, निकायहरूले सूचना जुन उद्देश्यका लागि प्राप्त वा सङ्ग्रह गरिएको थियो, वा त्यो उद्देश्यसँग मेल खाने प्रयोगका लागि सार्वजनिक गर्न सक्छन् । सम्भव भएसम्म सूचित सहमतिको प्रयोग गर्नुपर्छ;

- कुनै पनि पीडित/प्रभावितलाई लागेको चोटपटकको तस्बिर खिच्नु अघि उनको सहमति लिनुहोस् ।

अत्यावश्यक सेवाहरु प्रदान गर्ने प्रहरीका लागि सन्दर्भ सूचकहरु : प्रारम्भिक सम्पर्क

प्रहरीसँगको पहिलो सम्पर्क पीडित/प्रभावितहरूको न्यायमा पहुँच सुनिश्चित गर्ने पहिलो कदम हो भन्ने कुरालाई युएनओडिसी (सन् २०१४) ले पुष्टि गर्दछ । प्रारम्भिक अवस्थामा नै सम्बोधन गरिएको अवस्थामा पहिलो सम्पर्क थप हानिको रोकथामका लागि पनि एउटा प्रमुख अवसर हो ।

धेरै अवस्थामा महिला तथा किशोरी विरुद्ध हिंसाको घटनाप्रति पहिलो प्रतिकार्य गर्ने प्रहरी नै हुने भएकाले उजुरी गरिएका घटनाहरूमा सही तथ्याङ्क सङ्कलनका लागि एउटा महत्वपूर्ण स्रोत बन्ने आधारमा उनीहरू अद्वितीय स्थानमा हुनेगर्छन् ।

यो प्रारम्भिक सम्पर्कको तथ्याङ्क सही ढंगबाट सङ्कलन गरिएको अवस्थामा प्रहरीले सामान्य रूपमा महिला तथा किशोरी विरुद्ध हिंसाको घटनालाई प्रहरीले कसरी सम्बोधन गर्छ र उनीहरूको हस्तक्षेप र अग्रसक्रिय रणनीतिहरू त्यस्ता हिंसालाई रोक्न र कम गर्न प्रभावकारी छन् वा छैनन् भन्ने बारे महत्वपूर्ण जानकारी प्रदान गर्न सक्छ । यस्तो जानकारीले रोकथामका लागि उपयोगी प्रारम्भिक चेतावनी सूचकहरूको परिचालन गुणस्तरलाई पनि बलियो बनाउँछ ।

यद्यपि, गुणस्तरीय तथ्याङ्क सङ्कलन गर्ने प्रहरीको क्षमता महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूका विविध अनुभवलाई हिंसाका साझा प्रेरकहरू जस्तैः आक्रमणकारी(हरू)को बलजफ्ती व्यवहारको प्रवृत्तिहरूको पहिचान गर्ने र त्यसलाई जोड्न सक्ने क्षमतामा निर्भर गर्दछ ।

अध्याय २ मा छलफल गरिएझैं, इएसपीले अधिकतम प्रभाव सुनिश्चित गर्न पीडित र प्रभावितहरूका लागि प्रदान गरिने सबै न्याय र सहयोग सेवाहरूमा साझा विशेषता र साझा गतिविधिहरू हुन आवश्यक छ भनी प्रस्ताव गर्दछ । हिंसाको सामना गरिरहेका महिला र किशोरीहरूलाई सम्बोधन गर्ने निश्चित क्षेत्र जे-जस्तो भएपनि यो कुरा लागू हुन्छ ।

निम्नलिखित सूची इएसपीको साझा विशेषता र साझा गतिविधिहरू बाट प्रेरित छ ; यसले भेदभाव वा पूर्वाग्रह बिना पीडित/प्रभावितको कल्याणप्रतिको प्रतिबद्धता र न्यायमा उनको पहुँचलाई समर्थन गर्दै महिला र किशोरीहरूलाई महिला तथा किशोरी विरुद्ध हुने अपराधबारे विश्वस्त भई उजुरी गर्न सक्षम बनाउन आवश्यक प्रहरी गतिविधिहरूको सन्दर्भ सूचकहरूको उदाहरणहरू प्रस्ताव गर्दछ । यी सूचकहरूलाई उपलब्ध भएको अवस्थामा प्रहरी व्यवस्थापकहरूले सन्दर्भका रुपमा प्रयोग गर्न सक्छन् र उपलब्ध नभएको अवस्थामा उच्च तहमा त्यसलाई समावेश गर्न प्रोत्साहित पनि गर्न सक्छन् :

- **उपलब्धता र पहुँचयुक्तता** : *पीडित/प्रभावित-केन्द्रित, अपाङ्गता समावेशी र बालमैत्री सुविधाहरू भएका स्थानीय प्रहरी चौकीहरूको प्रतिशत* जसले दिनको २४ घण्टा/वर्षको ३६५ दिन निःशुल्क, गोप्य र सुरक्षित प्रहरी सेवा पीडित/प्रभावितले बुझ्ने भाषामा वा संकेतमा प्रदान गर्दछ । भौगोलिक रूपमा पहुँचयुक्त नभएको ठाउँमा पीडित/प्रभावितहरूलाई सुरक्षित र गोप्य रूपमा प्रहरी सेवाहरूलाई सम्पर्क र प्राप्त गर्न सक्षम बनाउने संयन्त्रहरू हुनुपर्छ । यी संयन्त्रहरू हरेक उमेरका र विभिन्न प्रकारका (अपाङ्गता) क्षमता भएका पीडित/प्रभावितहरूका लागि पहुँचयुक्त हुनुपर्छ ।

- **अनुकूलनता**: *नगरपालिकामा लैङ्गिक हिंसा प्रतिकार्यमा विशेषज्ञ र प्रमाणित बन्न पुगेका कर्मचारीहरूको अनुपात (प्रति व्यक्ति)* । पीडित/प्रभावितहरूसँगको प्रारम्भिक सम्पर्कलाई निर्णय, समानुभूति, उमेर, लिङ्ग र अपाङ्गताका आधारमा समावेशी र सहयोगी तरिकाले सञ्चालन गरिएको सुनिश्चित गर्न ती कर्मचारीहरूलाई उदाहरणीयका रुपमा लिन सकिन्छ । प्रहरी व्यवस्थापकहरूले दोहोरो पीडा दिने कार्यप्रति सचेत रही त्यसलाई रोक्ने र पीडित/प्रभावितका सरोकारहरूलाई सम्बोधन गर्ने कार्यहरू पहिचान गरी पुरस्कृत गर्नुपर्छ ।

- **उपयुक्तता र सुसूचित सहमति र गोपनियता**: अत्यावश्यक सेवा प्रदायकहरूले स्थानीय विशेषज्ञहरूलाई सहयोग गर्दा भोग्नुपरेको स्थानापन्न आघातसहित *आघात-सूचनायुक्त अनुसन्धानहरूमा तालिम प्राप्त गर्ने कर्मचारीहरूको प्रतिशत* । पीडित/प्रभावित भएका व्यक्तिहरूले आफ्नो घटना सुनाउने अवसर प्राप्त गरेको, उनीहरूको कुरा सुनिएको र घटनाबारे सही ढंगले अभिलेखन गरिनुका साथै हिंसाले उनलाई कसरी प्रभाव पारेको छ भनेर जानकारी गराउन सक्षम भएको सुनिश्चित गर्दा ती कर्मचारीहरूलाई उदाहरणीय रूपमा लिइनुपर्छ ।

> "समाज, पीडित र फौजदारी न्यायकर्मीहरुको मानसिकता परिवर्तन गर्ने रणनीतिहरुले यौ अपराधहरु छिै पत्ता लाउने कार्यतर्फ योगदान पुऱ्याउँछन् ।"
>
> - Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women (UNODC, 2014)

- **सुरक्षालाई प्राथमिकता दिने** : *प्रारम्भिक सम्पर्कको क्रममा जोखिम मूल्याङ्कन साधनहरूको उपयोगिताबारे प्रतिकार्य कर्मचारी अधिकृतहरूबाट प्रतिक्रियाको मात्रा र गुणस्तर* । महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरू अपराध होस् वा नहोस्, सबैको अभिलेखीकरण गर्ने नियमित अभ्यासलाई सुनिश्चित गर्न प्रहरी व्यवस्थापकहरूले यो जानकारी सक्रिय रूपमा प्राप्त गर्ने गर्नुपर्छ ।

- **सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरूको प्रभावकारी सञ्चार र सहभागिता**: *उजुरी गरिएका महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूको संख्याको तुलनामा अन्य अत्यावश्यक सेवा प्रदायकहरूसँगको समन्वयमा प्रदान गरिएको प्रतिकार्यहरूको संख्या* । यसमा सिफारिस (प्रेषण) गरिएका घटनाहरू मात्र समावेश गर्नुपर्छ, जसमा लाइन म्यानेजररूद्वारा समन्वय प्रोटोकलको पालना र समीक्षा गरिएको छ ।

- **तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन** : *उजुरी गरिएका महिला तथा किशोरीहरू विरुद्ध हिंसाका घटनाहरूको प्रतिशत जसलाई स्टेशन लाइन व्यवस्थापनका अनुसार प्रतिकार्य गर्ने प्रहरीद्वारा सही वर्गीकरण गरिएको थियो* । यो जानकारीले वरिष्ठ व्यवस्थापकलाई सबै परिचालन तहका कर्मचारीहरूमा महिला तथा किशोरी विरुद्ध हिंसाका बारेमा एकरुप र समान बुझाई छ कि छैन भनेर निर्धारण गर्न अवसर प्रदान गर्छ । यद्यपि, घटनाका विवरणहरूको व्यक्तिगत रुपमा प्रत्यक्ष जाँच गरिनुपर्ने कारणले गर्दा यो अभ्यासमा बढी स्रोत आवश्यक हुनसक्छ ।

- **समन्वयको माध्यमबाट अन्य क्षेत्र र निकायहरूसँग जोड्ने कार्य** : *रेफरल(सिफारिसहरू)को संख्याको आधारमा प्रहरीको पहिलो प्रतिकार्यको गुणस्तरका सम्बन्धमा अत्यावश्यक सेवा साझेदारहरूबाट सकारात्मक प्रतिक्रियाको प्रतिशत* । सेवा सन्तुष्टि सर्वेक्षण वा छलफलमा पहिलो प्रतिकार्यमा संलग्न अधिकृत(हरू)ले गरेको वास्तविक प्रश्न सोध्ने कार्य/अन्तर्वार्ताको उपयुक्तताको बारेमा पनि समीक्षा गरिनुपर्छ ।

असल अभ्याससम्बन्धी घटना अध्ययन : आघात-सूचित प्रहरी अनुसन्धान

सन् २०१९ मा, क्यानाडाको न्याय विभागले वयस्क यौन दुर्व्यवहार पीडितहरूमा आघातको प्रभावका बारेमा गरिएको एक अध्ययनको प्रतिवेदन सार्वजनिक गर्यो । प्रतिवेदनले यौन दुर्व्यवहारसँग सम्बन्धित आघातले प्रायः न्यूरोबायोलोजिकल प्रभाव पार्ने तथ्यमाथि प्रकाश पार्यो (जसको अर्थ यसले पीडित/प्रभावितको मस्तिष्क र स्नायु प्रणालीलाई असर गर्छ र यो कुरा विशेषगरी प्रहरीले सञ्चालन गरेको मानक अन्तर्वार्ता प्रक्रियाहरूमा पीडित/प्रभावितहरूको बयानमा प्रतिबिम्बित हुने गर्छ ।[२७]

प्रतिवेदनमा उल्लेख गरिए अनुसार यौन दुर्व्यवहारका मुद्दाहरूलाई अझ प्रभावकारी रूपमा व्यवस्थापन गर्न र यी घटनाहरूका बारेमा अझ बढी स्वस्थ र निष्पक्ष रूपमा प्रमाणहरू प्राप्त गर्न प्रहरी जस्ता फौजदारी न्याय पेशाकर्मीहरूले पीडित/प्रभावितहरूको प्रभाव र असरको आधारभूत रुपमा मूल्यांकन गर्न आवश्यक छ ।

प्रतिवेदनका केही प्रमुख निष्कर्षहरू:

महिला र यौन हिंसाको बारेमा आधारहीन मिथकहरूले पीडित-साक्षीको बयानमा विश्वसनीयता वा भरपर्दो आधारको कमी हुन्छ भन्ने गलत विश्वासमा योगदान पुऱ्याउने काम गर्छ । प्रतिवेदनमा उद्धृत गरिएका त्यस्ता मिथकहरूको केही उदाहरणहरू देहाय अनुसार रहेको छन् :

- कुनै महिला जो 'व्यभिचारी" छिन् वा 'प्रतिष्ठित' छैनन् भने उनी अविश्वसनीय छिन् र प्रश्न उठाइएको यौन कार्यमा उनको सहमति रहेको सम्भावना बढी हुन्छ ;
- यौन दुर्व्यवहारको घटना बारेमा तुरुन्तै खुलासा नगर्ने वा उजुरी नगर्ने महिलाहरूले साँचो कुरा बोलिरहेका हुँदैनन्, वा यौन कार्यमा संलग्न हुन नचाहने महिलाहरू शारीरिक रूपमा लड्छन् र/वा उनीहरूले वास्तवमा सहमति नजनाएको भन्ने कुरा 'प्रमाणित' गर्न त्यो परिस्थितिबाट उम्कने प्रयास गर्छन् ।

यी मिथकहरूले वास्तविक वा 'आर्दश' पीडित कस्तो हुने गर्छ भन्ने बारेमा गलत रुढिवादी धारणा विकास गर्न योगदान दिन्छ र यौन दुर्व्यवहारमा परेका महिलाहरूले निम्नलिखित कार्यहरू गर्ने अपेक्षा गरिन्छ :[२८]

- अनिच्छित यौनसम्पर्कविरुद्ध शारीरिक र/वा मौखिक रुपमा प्रतिरोध गर्ने;
- अनिच्छित यौन सम्पर्कविरुद्ध स्पष्ट र ज्वलन्त रुपम असहमति व्यक्त गर्ने;
- जुन व्यक्तिसँग उनी यौनजन्य रूपमा 'अनुपयुक्त' भएकी छिन् वा जसले उनलाई दुर्व्यवहार गरेको छ, त्यस व्यक्तिसँग सम्पर्क बन्द गर्ने; र
- 'के भएको थियो' भन्नेबारेमा सुसंगत र क्रमैसँगको वर्णनसहित, सम्पूर्ण वा लगभग सम्पूर्ण रुपमा स्मरण गर्न सक्ने अवस्था प्रस्तुत गर्ने ।

प्रतिवेदनले यी 'आदर्श' पीडितका विशेषताहरूले यौन दुर्व्यवहारमा परेका अधिकांश महिलाहरूले वास्तवमा कसरी स्थितको सामना र त्यस विरुद्ध कसरी जुझ्छन् भन्ने कुराको प्रतिनिधित्व गर्दैनन् भन्ने उल्लेख गरेको छ । यसको अर्थ यी मिथक, पूर्वाग्रह, अनुमान र अपेक्षाहरूले पीडित/प्रभावितहरूले उनीहरूको मुद्दा चल्ने क्रममा कसरी बयान दिन्छन् र प्रहरी जस्ता पक्षहरूले कसरी उनीहरूको विश्वसनीयता मूल्याङ्कन गर्छन् भन्ने कुरालाई नकारात्मक रूपले प्रभावित गर्छ ।

प्रतिवेदनले आघातपूर्ण अनुभवको परिणामको रूपमा प्रदर्शन गरिएका पीडित/प्रभावितका अन्य साझा व्यवहारहरू, र त्यसलाई थप बढाउने काम गर्ने प्रहरीको हानिकारक कारवाहीहरूको पनि पहिचान गर्यो, र ती निम्नानुसार रहेका छन्

- हिंसात्मक आघातले पीडित/प्रभावितहरूमाथि न्यूरोबायोलोजिकल प्रभाव पार्छ, जसले गर्दा यौन दुर्व्यवहारको छिटपुट सम्झनाहरू बाँकी हुन्छन्, र त्यसले गर्दा पीडित/प्रभावितहरूलाई यौन दुर्व्यवहारको घटनाका धेरै विवरणहरू पूर्ण वा सिलसिलेवार रूपमा सम्झन गाह्रो हुन्छ ;
- कुनै पीडित/प्रभावित व्यक्तिलाई तनावपूर्ण तरिकामा अन्तर्वार्ता लिइएको अवस्थामा, उदाहरणका लागि, यदि उनीहरूसँग दयालु व्यवहार गरिएन भने; यदि उनीहरूको अवरुद्ध गरिएको छ भने; यदि उनीहरूले दिएको उजुरीमाथि शंका गरिएको छ भने, उनीहरूले उनीहरूको मस्तिष्कमा रहेको सम्भावित महत्वपूर्ण जानकारीलाई सम्झन सक्ने छैनन् ;
- यौन दुर्व्यवहार (उत्पीडन)का पीडित/प्रभावित व्यक्तिहरूले सुरुदेखि अन्त्यसम्म विस्तृत रुपमा सटीकताका साथ आफ्ना

---

२७ Haskell, L. and Randell, M., 'The Impact of Trauma on Adult Sexual Assault Victims' (2019). Report submitted to: Justice Canada (2019).

२८ See Randall, M (2010), 'Sexual Assault Law, Credibility, and "Ideal Victims': Consent, Resistance, and Victim Blaming', *Canadian Journal of Women and the Law*, 22(2), 397-43 in Haskell, L. and Randell, M., 'The Impact of Trauma on Adult Sexual Assault Victims' (2019). Report submitted to: Justice Canada (2019).

बाकस ८

जब यौन दुर्व्यवहार र शोषणका पीडितहरूले देहाय महसुस गर्छन् :

१. कसैले उनीहरूलाई सुनिरहेको छ ;

२. उनीहरूले भनेको कुरा सुन्ने व्यक्तिले सहन सक्छ;

३. उनीहरूले भेनेको कुरा सुन्ने व्यक्तिले बुझेको छ;

४. उनीहरूको सुनाएको घटनाबारे सुन्ने व्यक्तिले विश्वास गर्नसक्छ ।

त्यसो भनएमा उनीहरूले आफ्नो अनुभूति सुनाउन बढी सहज महसुस र त्यसबारे थप सूचना तथा जानकारी उपलब्ध गराउन बढी सहज महसुस गर्छन् ।

A study on the impact of trauma on adult sexual assault victims (Department of Justice, Canada, 2019)

पीडादायी अनुभूतिका सबै पक्षहरूलाई सम्झना राख्ने अपेक्षा गर्नु न त यथार्थपरक छ, न तर्कसंगत । आघातका कारण सक्रिय हुनपुगेको न्यूरोलोजिकल प्रतिरक्षा प्रणालीका कारण मस्तिष्कले सही स्मरणको यस अपेक्षाको विपरीत प्रतिक्रिया दिन्छ ;

- अमेल बयानहरूको अर्थ पीडित/प्रभावितले झूठो बोलेको हो भन्ने विश्वासले झूठो पत्ता लगाउने प्रविधि (lie detection)हरूमा अत्याधिक भरोसा गर्न थालिएको छ । यस्ता विधिहरूले पीडित/प्रभावितलाई थप तनाव दिन्छ र प्रायः पीडित/प्रभावितले स्मरण गर्नसक्ने सम्झनालाई रोक्ने काम गर्छ ;

- अपराधका पीडितहरूमाथि परम्परागत वा मानक सोधपुछका शैलीहरू (फौजदारी अपराधी/शङ्कास्पद व्यक्तिलाई केरकार गर्न) प्रयोग गरेको परिणाम स्वरुप प्रहरीबाट बारम्बार गल्तीहरू भएका थिए, जसले दुर्व्यवहारको अनुसन्धान गर्न आवश्यक जानकारी बाहिर आउने सम्भावना रहेन । प्रतिवेदनले उद्धृत गरेको पीडित/प्रभावितहरूको अनुचित अन्तर्वार्ता लिने कार्यका केही उदाहरणहरू देहायअनुसार समावेश छन् :

- यौन दुर्व्यवहारका पीडित/प्रभावितहरूलाई शृङ्खलाको विभिन्न बिन्दुबाट उनीहरूले भोगेको घटना दोहोर्याउन लगाउनु, उदाहरणका लागि, पीडित/प्रभावित व्यक्तिलाई आफूले भोगेको व्यथालाई अन्त्यबाट सुरु गर्न लगाएर पछाडि बताउन लगाउने ;

"धेरै विज्ञहरूका अनुसार, सुरक्षाकर्मीबाट प्रवाह हुने मानसिकतामा पीडितको अन्तर्वार्ताको सफलता निर्धारण गर्ने सबैभन्दा महत्वपूर्ण पक्ष हो, र त्यसकारण सम्पूर्ण अनुसन्धानको सफलताका लागि महत्वपूर्ण पक्ष हो ।"

- A study on the impact of trauma on adult sexual assault victims (Department of Justice, Canada, 2019)

- पीडित/प्रभावितहरूलाई उनीहरूको वर्णनलाई भ्रमित गर्न वा (त्यसको वैधता जाँच्ने तरिकाको रूपमा) त्यसको परीक्षण गर्ने तरिकाले तयार गरिएका प्रश्नहरू सोध्ने ।

- प्रतिवेदनमा प्रत्यूपादक भनी उल्लेख गरिएको अन्तर्वार्ता प्रश्नहरू पीडित-दोषी भाषा/प्रश्न र अनुमानहरू प्रयोग गरी सुरु गरिएको थियो, जस्तै 'किन तिमीले ...गरेको....'

- परम्परागत प्रहरी अन्तर्वार्ताहरूमा पीडित/प्रभावितले आफूले भोगेको यौन दुर्व्यवहारको अनुभवको बारेमा बयान दिंदा धेरै अवरोधहरू हुने गर्छन् । अवरोधहरू अनुसन्धानात्मक अवधारणामा घातक त्रुटि हुन् र त्यसले स्मरण पुनः प्राप्तिमा बाधा पुऱ्याउँछ ।

भावि मार्ग के-कस्तो छ

प्रतिवेदनले महिला तथा किशोरी विरुद्ध हिंसाप्रति उनीहरूको दृष्टिकोणमा अझ बढी आघात-सूचित हुनका लागि प्रहरीले गर्न र लागू गर्न सक्ने धेरै सकारात्मक कार्यहरू र विधिहरू पहिचान गरेको छ :

- प्रहरी अधिकृतहरूका लागि आघात-सूचित अनुसन्धानहरूसम्बन्धी तालिमलाई प्रहरीको अन्तर्वार्ता लिने अभ्यासको एउटा महत्वपूर्ण पाटोको रुपमा संस्थागत गर्ने ;

- तालिमले भावनात्मक सक्षमतालाई बढावा दिनुपर्छ, जसका लागि आफूभित्रको र अरूको भावनाहरूलाई पहिचान गर्न, व्याख्या गर्न र रचनात्मक रूपमा प्रतिक्रिया दिन आवश्यक सामाजिक सीपहरू विकास गर्न आवश्यक छ । यसको अर्थ पीडित/प्रभावितहरूलाई सशक्त र शान्त पार्ने तरिकाले अन्तर्वार्ता लिनसक्ने क्षमताको विकास गर्नु हो, जसले गर्दा उनीहरू अझ बढी सटीक, एकरुप, नियमित र प्रेरक वर्णनहरू प्रदान गर्न सकुन् ;

- यौन दुर्व्यवहारका बारेमा पहिलो पटक उजुरी गर्ने पीडित/प्रभावित व्यक्तिसँगको प्रारम्भिक अन्तर्वार्ता छोटो हुनुपर्छ, त्यसको धेरै दिन पछि पीडित/प्रभावितले सुत्ने समय पाएर सो पीडादायी अनुभवका बारेमा आफ्नो स्मरणलाई बलियो बनाएपछि पूरा अन्तर्वार्ता लिन सकिन्छ।[२९] यसले थप सुदृढ स्मरणहरूका लागि मौका प्रदान गर्छ, जुन बढी स्थिर, बढी भरपर्दो र बढी नियमित रुपमा सम्झिन सकिने किसिमको हुन्छ, र त्यसैकारण प्रहरीले लिने पीडितको विस्तृत बयानका लागि थप उपयोगी हुन्छ।[३०]

- यौन दुर्व्यवहार पीडित/प्रभावित व्यक्तिको प्रहरीले लिने अन्तर्वार्ताको क्रममा, पीडित/प्रभावित व्यक्तिले क्रमैसँग आफूले भोगेको घटनाको विवरण दिने अपेक्षा गर्नुको सट्टा पीडित/प्रभावितले सङ्केत गरेको र सम्झन सकेको संवेदनात्मक, भावनात्मक सम्झनाहरूमा ध्यान केन्द्रित गर्नुपर्छ।

- खुलासा गर्ने कार्य एउटा प्रक्रिया हो, एकै पटकमा हुने कार्य होइन भनेर बुझ्नु प्रहरी अधिकारीहरूका लागि महत्वपूर्ण छ। यौन दुर्व्यवहार (उत्पीडन)का घटनाहरू खुलासा गर्ने कुरा, जसलाई पीडित/प्रभावितहरूले प्रायः अपमानजनक र शक्तिहीनतुल्य महसुस गर्छन्, निकै कठिन हुन्छ भन्ने कुरा बुझ्नु पनि प्रहरीका लागि महत्वपूर्ण छ। यो विशेषगरी त्यस्तो समाजमा सत्य हो जहाँ बलात्कारबारे मिथकहरू अझै पनि प्रचलित छन्।

- प्रहरी अनुसन्धानकर्ताको मनोवृत्तिको पीडित/प्रभावित व्यक्ति, विशेषगरी यौन दुर्व्यवहार पीडित/प्रभावित व्यक्तिमाथिको प्रभाव पहिलो भेट (र वास्तवमा कुनै पनि भेट) मा धेरै महत्वपूर्ण तत्व हुन्छ। पीडितहरू/प्रभावितहरूलाई प्रहरी कुनै आत्मीयता विना, कठोरता, अविश्वास, वा उपेक्षाकासाथ सम्बोधन गरेमा उनीहरू प्रायः त्रसित, लज्जित वा डराएको महसुस गर्छन्।

- प्रायः यौन दुर्व्यवहार (उत्पीडन)का घटनाहरूमा पीडित/प्रभावित व्यक्तिको अन्तर्वार्ताका लागि परम्परागत प्रहरी दृष्टिकोणले सतही विवरणहरूमा ध्यान केन्द्रित गरेको हुन्छ, जुन सजिलै सम्झिन सकिँदैन र प्रासंगिक नहुन पनि सक्छ। यसको सट्टा, प्रहरीले केन्द्रबिन्दुका विवरणहरूमा ध्यान केन्द्रित गर्न आवश्यक छ जुन पीडित/प्रभावितहरूले बढी र सजिलै सम्झन्छन्।

---

२९ Some police services in the United States and Canada allow for memory consolidation after two full sleep cycles before interviewing police officers who have been involved in a shooting. This practice can be applied to the interview process with victims/survivors of VAWG. See Haskell, L. and Randell, M., 'The Impact of Trauma on Adult Sexual Assault Victims' (2019). Report submitted to: Justice Canada (2019).

३० McGaugh, J. L. 'Memory consolidation and the amygdala: a systems perspective', *Trends Neurosci*. (2002) Sep;25(9):456.

अनुसन्धान

"अनुसन्धान र अभियोजनको शुरुवात गर्ने प्राथमिक जिम्मेवारी प्रहरी एवं अभियोजन अधिकारीको हो र हैसाको तह वा प्रकार जेजस्तो भएपनि, त्यो जिम्मेवारी हिंसा भोगेकी महिलाको हुँदैन ।"

- अपराध रोकथाम तथा आपराधिक न्यायका क्षेत्रमा महिला विरुद्ध हुने हिंसा अन्त्यसम्बन्धी अध्यावधिक गरिएका नमूना रणनीति एवं व्यवहारिक उपायहरूबारे सन् २०१०को संयुक्त राष्ट्रसंघीय साधारणसभा (२०११, साधारण सभाको प्रस्तावना ६५/२२८, अनुसूची)

अध्यायको लक्ष्यहरू:

महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यमा प्रहरीले सामयिक तथा व्यावसायिक तरिकाले अनुसन्धान गर्दै, उक्त प्रक्रियामा पीडकको जवाफदेहिता सुनिश्चित गर्न र पुनः कसूर हुनबाट रोक्न, उपलब्ध सबै तरिका अपनाएर प्रमाणजन्य एवं अनुसन्धानात्मक आवश्यकताहरू प्रभावकारी रुपमा पूरा गर्नेछन् ।

मुख्य सन्देश तथा सिकाईका बुँदाहरू

- अनुसन्धान र अभियोजनको शुरुवात गर्ने प्राथमिक जिम्मेवारी प्रहरी एवं अभियोजन अधिकारीको हो - पीडित/प्रभावितको होइन,
- प्रहरी प्रतिकार्यको गुणस्तर निर्धारण गर्दा कुनैपनि हिंसाको सानो वा ठूलो भन्ने हुँदैन ।
- पीडित/प्रभावित-केन्द्रित अवधारणामार्फत पीडित/प्रभावितको सशक्तीकरणमा आधारित अनुसन्धानले प्रहरीप्रतिको सन्तुष्टि र विश्वास बढाउँछ,
- अनुसन्धानका क्रममा गरिने कुनैपनि निर्णय वा कार्यमा "हानी नगरौं"को अवधारणालाई केन्द्रमा राखिनुपर्छ,
- अनुसन्धानमा पूरा गर्नुपर्ने कार्य र पीडित/प्रभावितको सुस्वास्थ्यबीचको सन्तुलन छ भने त्यो व्यावसायिक रुपमा सञ्चालित र लैङ्गिक उत्तरदायी अनुसन्धानको सूचक हो,
- विधिविज्ञान/मेडिको-लिगल प्रमाण संकलन लैङ्गिक-संवेदनशील हुनुका साथै क्रमाचारको परिपालनामा इमान्दारितापूर्ण पनि हुनुपर्छ,
- यदि पीडित/प्रभावित धेरै बढी वा धेरै कम उमेरका वा अपाङ्गता भएका व्यक्ति भएमा, उनीहरूको निर्दिष्ट आवश्यकताहरू हुनसक्ने हुनाले, विशेष सावधानी अपनाउनु पर्ने हुन्छ,
- अन्तरवैयक्तिक हिंसामा दबाबपूर्ण र नियन्त्रणपूर्ण व्यवहारका चरणहरूबारेको जानकारीले अनुसन्धानको नतिजा निर्धारण गर्नसक्छ,
- परिवारको प्रतिष्ठामा आधारित हिंसा/दुर्व्यवहार र हानीकारक प्रथाहरूसँग सम्बन्धित महिला तथा किशोरी विरुद्ध हिंसाका क्रियाकलाप रोकथाममा, समुदायमा आधारित समाधान र परिवेश अनुसारको संवेदनशीलता अपनाउन सक्ने अनुसन्धानकर्ताहरूको आवश्यकता हुन्छ ।

परिचय

हरेक अनुसन्धान फरक हुन्छ र तिनमा अनुसन्धानका फरक फरक रणनीति वा पद्धतिको आवश्यकता पर्छ। अवलम्बन गरिएका रणनीति वा पद्धति जेजस्तो भएपनि, प्रहरीले समयका हिसाबले प्रभावकारी ढंगमा, कुनै विभेदबिना उपलब्ध सबै स्रोत प्रयोग गर्दै, निष्ठाका साथ[१] प्रतिक्रिया जनाउनुपर्ने कुरा न्यूनतम मापदण्ड निर्धारित गर्ने अन्तर्राष्ट्रिय मूल्यमान्यताले बताउँछ।

फोटो सौजन्य : दि काठमाण्डु पोष्ट दैनिक

अत्यावश्यक सेवा प्याकेजका अनुसार, महिला तथा किशोरी विरुद्धका हिंसाका मामिलामा आपराधिक र/वा हिंसात्मक कार्य प्रमाणित गर्ने प्रक्रियामा, अनुसन्धानकर्ताहरूले पीडित/प्रभावितको सुरक्षा र आत्मसम्मानलाई कुशलतापूर्वक कायम राख्ने, र प्रमाणिक एवं अनुसन्धानात्मक आवश्यकताहरू पूरा गर्ने बीचमा सही सन्तुलन ल्याउनसक्नु नै व्यावसायिक र लैङ्गिक-उत्तरदायी अनुसन्धानको सूचक हो।[२]

पीडित/प्रभावित केन्द्रित दृष्टिकोण लागू गरेर, औपचारिक[३] र अनौपचारिक[४] दुवै प्रकारका अन्य अत्यावश्यक सेवा प्रदायक र समुदायमा आधारित सरोकारवालाहरूसँग सहकार्य गर्दै, पीडित/प्रभावितको अर्थपूर्ण सहभागितालाई प्रोत्साहित गर्ने र हानिकारक पूर्वाग्रह तथा पुनःपीडित गराउने कार्य न्यूनीकरण गर्ने गरी व्यावसायिक रूपमा काम सञ्चालन गर्ने अनुसन्धानकर्ता(हरू)को क्षमता नै त्यो सही सन्तुलन पत्ता लगाउने मुख्य तरिका हुन्छ।

पीडित/प्रभावित-केन्द्रित अवधारणाबारे थप जानकारीका लागि अध्याय २ : 'एक व्यवस्थापक तथा टोली नेताका रुपमा फरक ल्याउने' हेर्नुहोस्।

महिला तथा किशोरी विरुद्धका हिंसाभित्र के के कुराहरू हुन्छन् र कसरी निश्चित व्यवहार तथा पूर्वाग्रहहरूले त्यसलाई डोऱ्याउँछ भन्नेबारे अनुसन्धान अधिकारीको बुझाई हुनु सफल अनुसन्धानका लागि उत्तिकै आवश्यक हुन्छ। यसले अनुसन्धान अधिकारीहरूलाई कथित अपराधीद्वारा अपमानजनक व्यवहारको ढाँचा र पीडित/प्रभावितले अनुभव गरेका हिंसाको प्रकृतिलाई प्रभाव पार्ने विभिन्न वातावरणीय पक्षहरूका साथै पीडित/प्रभावितको व्यवहार र प्रतिक्रियाहरू पहिचान गर्न सम्भव बनाउँछ।

---

१ कुनैपनि दण्डनीय कार्य कथित रुपमा गरिसकिएको अवस्थामा, अन्तर्राष्ट्रिय मूल्यमान्यता अनुसार प्रहरीले अनुसन्धान गर्नुपर्ने हुन्छ (अनिवार्य अभियोजन)। उदाहरणका लागि, 2010 Updated Model Strategies and Practical Measures on the Elimination of Violence against Women in the Field of Crime Prevention and Criminal Justice (A/Res/65/228, annex) ले महिला विरुद्धका हिंसा रोक्न, अनुसन्धान गर्न र पीडकहरूलाई दण्डित गर्न सदस्य राष्ट्रहरूलाई उनीहरूको दायित्व पूरा गर्दै उपयुक्त उपायहरू अपनाउन आह्वान गरेको छ। साथै, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा (धारा ३); द्वन्द्व र द्वन्द्वपछिका समाजहरूमा कानुनको शासन र संक्रमणकालीन न्यायसम्बन्धी महासचिवको २००४ को प्रतिवेदन (S/2004/616), साथै नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध धारा ६-१० सँग सम्बन्धित (धारा २) ; Principles on the Effective Prevention and Investigation of Extra-legal, Arbitrary and Summary Executions Recommended by Economic and Social Council resolution 1989/65 of 24 May 1989; UN Commission on Human Rights, Updated Set of Principles for the Protection and Promotion of Human Rights through Action to Combat Impunity (UN doc. E/ CN.4/2005/102/Add.1, 8 February 2005, Principle 1); Report of the Special Rapporteur on extrajudicial, summary or arbitrary executions (UN doc. A/61/311, 5 September 2006), paras. 49–54 हेर्नुहोस्।

२ Essential Services Package for Women and Girls subject to Violence: Core Elements and Quality Guidelines (United Nations Joint Global Programme on Essential Services for Women and Girls Subject to Violence, 2015).

३ उदाहरणका लागि, सामुदायिक स्वास्थ्यचौकी, राज्यबाट सहयोगप्राप्त पीडित/प्रभावितका आश्रयस्थल र औपचारिक न्याय प्रणालीमा प्रवेश गर्ने पीडित/प्रभावितका लागि स्थानीय गैससहरूको सहयोग।

४ उदाहरणका लागि, महिला सामुदायिक नेतृ, धार्मिक परिषद् वा निकाय वा परम्परागत न्याय कार्यान्वयनकर्ता।

हिंसाको पुन नदोहरिने सुनिश्चित गर्ने सुरक्षा र संरक्षणका उपायहरूको योजना बनाउँदा, यसले कथित अपराधीको दुर्व्यवहारपूर्ण र जबरजस्तीपूर्ण व्यवहारलाई यस क्षेत्रका विशेषज्ञहरूले तयार पारेका हिंसाको चक्रको मोडेलभित्र राख्न मद्दत गर्नेहुँदा यो जानकारी महत्वपूर्ण हुन्छ (***अध्याय ६: 'सुरक्षा र संरक्षण' हेर्नुहोस्***) ।

महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यसम्बन्धी रणनीतिहरूमा हिंसाको चक्र लागू गर्न अध्याय ११ : 'लैङ्गिक-उत्तरदायी प्रहरीकार्य कार्यान्वयनका चुनौती र रणनीतिहरू' हेर्नुहोस् ।

कथित अपराधीको दुर्व्यवहारको प्रवृत्तिलाई हिंसाको चक्रको मोडेलमा राख्दा अपराधी-केन्द्रित अनुसन्धानलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न आवश्यक पर्ने जानकारी उपलब्ध हुन्छ । अनुसन्धानलाई यसरी केन्द्रित बनाउँदा, दुर्व्यवहारलाई रोक्न र प्रतिबन्धित गर्न साथै, कथित अपराधीलाई पनि सम्भवतः पुनः अपराध गर्नबाट बचाउन कस्ता कुराले सहयोग गर्नसक्छन् भन्नेबारे प्रकाश पार्न मद्दत गर्नेछ, जुन सामान्यतया घरेलु वा घनिष्ठ सम्बन्धमा हुने हिंसाका पीडित/प्रभावितका लागि बढी उपयुक्त मानिने अवस्था हो ।

महिला तथा किशोरी विरुद्धका हिंसामा प्रमाणिक एवं अनुसन्धानसम्बन्धी अनिवार्यता पूरा गर्दै, साथसाथै निर्णय प्रक्रियामा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने प्रभावकारी अनुसन्धान सञ्चालनका लागि आवश्यक पर्ने सहयोगी वातावरणबारे तलको अध्यायले चर्चा गर्नेछ ।

निष्पक्ष एवं लैङ्गिक-उत्तरदायी प्रहरीसेवा र यस दृष्टिकोणले महिला तथा किशोरी विरुद्धका हिंसामा अनुसन्धानको प्रभावकारितालाई कसरी सबल पार्नसक्छ भन्नेबारे वर्तमान अनुसन्धान र अभ्यासमा प्रहरीको मध्यम तहका व्यवस्थापकहरूका लागि प्रदान गरिएका यी मार्गदर्शन आधारित छन् । त्यस अतिरिक्त, यस अध्यायले अत्यावश्यक सेवा प्याकेजको ढाँचालाई निकटबाट अवलम्बन गर्दै पाठकलाई अत्यावश्यक सेवा प्याकेजको मोड्युल ३ को *न्याय र प्रहरीसेवा*, 'अनुसन्धान' बारे अत्यावश्यक कार्य नम्बर ३ मा प्रदान गरिएको कार्यगत ढाँचाको निर्देशलाई ध्यान दिन सिफारिस गर्नेछ । समानान्तरमा, पाठकहरूले अत्यावश्यक सेवा प्याकेजको *स्वास्थ्य* सम्बन्धी मोड्युल २ मा विशेष गरी अत्यावश्यक कार्य नम्बर ६ 'अभिलेखीकरण (मेडिको-कानूनी)'मा प्रदान गरिएको कार्यगत ढाँचाको मार्गदर्शनलाई पनि सन्दर्भ गर्नुपर्छ ।

> "महिला तथा किशोरी विरुद्धका हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लैङ्गिकताका आधारमा हुने जुनसुकै हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ, जस अन्तर्गत त्यस्ता कार्य गर्ने धम्की, दबाव र स्वच्छाचारी रुपमा महिलाको स्वतन्त्रतामा लगाइएका बन्देज लगायत पर्छन् ।"
>
> - महिला विरुद्धका हिंसा अन्त्यसम्बन्धी घोषणापत्र, साधारणसभा प्रस्तावना ४८/१०४ (१९९३) ।



सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन

महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई तपाईंका कर्मचारीले प्रभावकारी प्रहरी सेवा प्रदान गर्ने सुनिश्चित गर्नु एक नेतृत्वकर्ताका रूपमा, तपाईंको जिम्मेवारी हो । तपाईसँग उपलब्ध सेवा र स्रोतका लागि धेरैवटा प्रतिस्पर्धात्मक मागहरू हुने कुरा मान्य भएपनि, तपाईले आफ्ना कर्मचारी र स्थानीय समुदायलाई दिने सन्देश महत्त्वपूर्ण हुन्छन् । **महिला तथा किशोरी विरुद्धका हिंसा सह्य हुनेछैन**, तपाई र तपाईका कर्मचारीहरूले कानूनको समर्थन गर्दै, आरोपित अपराधीहरूलाई कानुनी अदालतमा पेश गर्नको लागि कडाइका साथ कारबाही गर्नुहुनेछ भन्ने एकदम स्पष्ट पार्नु आवश्यक हुन्छ । के तपाईले आफ्ना सबै कर्मचारीलाई उनीहरूबाट के अपेक्षा गरिएको छ भन्ने कुरा स्पष्ट गर्नुभएको छ र के तपाईले उनीहरूको व्यक्तिगत कार्यसम्पादनको अनुगमन गर्ने र जवाफदेही बनाउने गर्नुहुन्छ ?

तपाईंको संगठनले तपाईंका कर्मचारीबाट अपेक्षा गरेको मापदण्ड उनीहरूले पूरा गरिरहेका छन् भन्ने सुनिश्चित गर्न, उनीहरूमा महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यबारे कुनैपनि नीति वा मानक कार्यसञ्चालन विधि (Standard Operating Procedure)का अन्तर्वस्तुबारे जानकारी हुनुपर्छ ।

यदि तपाईंको संगठनभित्र यस्तो दस्तावेज छैनभने, तपाईंका कर्मचारीले पालना गर्नुपर्ने निर्देशनहरूको एक दस्तावेज स्थानीय रुपमा नै तयार पार्नेबारे पनि तपाईं विचार गर्न सक्नुहुन्छ । तपाईंले आफूभन्दा वरिष्ठ अधिकारीहरूसँग पनि आफ्नो संगठनका लागि (आफ्नै टोली/इकाईको जानकारी र अनुभवका आधारमा) एक मानक कार्यसञ्चालन विधि बनाउनेबारे पैरवी गर्न अनुरोध गर्न सक्नुहुन्छ ।

संगठनको नीति/मानक कार्यसम्पादन विधि भए वा नभएपनि, तपाईं र तपाईका कर्मचारीले यस्ता घटनामा काम गर्दा सामना गर्ने चुनौतीहरूको पहिचान गर्नुका साथै, स्रोत वा ज्ञानसम्बन्धी सम्बोधन गरिनुपर्ने कमीकमजोरी वा समुदाय, अन्य सेवा प्रदायक वा आफ्नै संगठनभित्रको अन्य कसैबाट आवश्यक पर्ने सहयोग पहिचान गर्नु आवश्यक हुन्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी कुनैपनि सान्दर्भिक कानूनी प्रावधानबारे आफ्ना कर्मचारी सचेत र अद्यावधिक भएको कुरामा तपाईं आफू सन्तुष्ट हुनुपर्छ । राष्ट्रिय तथा

आफ्नो सरकारले अनुमोदन गरेका कुनैपनि अन्तराष्ट्रिय कानून, महासन्धी वा सन्धीको परिपालना गर्ने भूमिका र जिम्मेवारीबारे उनीहरू सचेत रहेको हुनुपर्छ ।

यसको एक राम्रो उदाहरण हो, तपाईंको देशको संविधान वा अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धीमा उल्लेखित मानव अधिकारसम्बन्धी प्रावधानहरू पीडित/प्रभावितका लागि मात्र लागू नभई, आरोपित पीडकका लागि पनि लागू हुन्छ । तपाईंको देशको सीमानाभित्र स्थायी वा अस्थायी रुपमा रहेका सबै मानिसलाई सुरक्षा र संरक्षण प्रदान गर्ने जिम्मेवारी आफ्नो हो भन्नेबारे के तपाईंका कर्मचारी सचेत छन् ? यसभित्र कुनैपनि शरणार्थी, आश्रय माग्ने व्यक्ति र औपचारिक वा अनौपचारिक आप्रवासी लगायत पर्छन् ।

तपाईंले प्रहरी सेवा प्रदान गर्ने स्थानीय क्षेत्रभित्र कुनै शरणार्थी शिविर छ भने, ती शिविरमा बस्ने मानिसहरूले त्यहाँ सुरक्षित रुपमा बस्न पाउने र मर्यादित एवं सम्मानपूर्ण व्यवहार प्राप्त गर्न पाउने अधिकार छ भन्नेबारे के तपाईंका कर्मचारीलाई जानकारी छ ? उनीहरूको सुरक्षा र संरक्षणको जिम्मेवारी प्रहरीको मात्र भने होइन । ती शिविर भित्र र त्यससम्बन्धी संलग्न सबै निकायको भूमिका हुन्छ, तर शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालय (युएनएचसीआर)[५] वा अन्य अन्तर्राष्ट्रिय संस्थाले शिविर सञ्चालन गरेका छन् भन्दैमा, प्रहरीले आफ्नो कुनैपनि जिम्मेवारीबाट पछि हट्न भने मिल्दैन ।

रोकथाम, अनुसन्धान, सहयोग र सहायतासम्बन्धी क्रियाकलापमा प्रहरीको स्पष्ट भूमिका हुनेगर्छ र त्यसको प्रभावकारिताका लागि, प्रहरी एवं अन्य सबै निकाय तथा सरोकारवालाहरूबीच सहकार्यात्मक र समन्वयात्मक कार्यपद्धति हुनु आवश्यक हुन्छ ।

सहकार्यात्मकताबारे थप जानकारीका लागि अध्याय ३ : 'रोकथाम', अध्याय ७ : 'सहयोग र सहायता', र अध्याय ८ : 'न्यायिक निकायहरूमाझ समन्वय' हेर्नुहोस् ।

महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी कुनै पनि कानूनबारे तपाईंका कर्मचारी पूर्ण रूपमा अद्यावधिक छन् भन्ने स्थापित गरिसकेपछि, उनीहरू यस्ता अपराध विरुद्ध लड्नमा आफ्ना व्यक्तिगत भूमिका र जिम्मेवारीहरू बारे सचेत छन् भन्नेमा तपाईं विश्वस्त हुन आवश्यक छ । सबै कर्मचारीहरूलाई पीडित/प्रभावितसँग पहिलो सम्पर्क गर्ने व्यक्ति - फोन उठाउने, सोधपूछ टेबलमा बस्ने अधिकारी वा गस्ती अधिकारी (अग्रपंक्तिमा खटिनेहरू), अपराध स्थलमा खटिने वा विधिविज्ञान परीक्षकहरू लगायत सामान्य वा विशेषज्ञ सबै कर्मचारी, अनुसन्धानकर्ता, केस प्रबन्धक, लाइन सुपरभाइजर र व्यवस्थापकहरू सबै आफ्नो निर्दिष्ट जिम्मेवारीहरूबारे सचेत हुनु आवश्यक छ ।

पीडित/प्रभावितको सम्पर्कमा आउने पहिलो व्यक्तिले प्रतिक्रिया दिने तरिकाले पीडित/प्रभावितको प्रहरीमाथिको विश्वास र भरोसामा सबैभन्दा ठूलो र दिगो प्रभाव पार्छ । यसले त्यसपछि प्रहरीप्रति उनीहरूको परिवार, साथीभाई र समुदायको विश्वास र भरोसामा प्रभाव पार्छ ।

पीडित/प्रभावितसँग काम गर्नेबारे थप जानकारीका लागि अध्याय ४ : 'प्रारम्भिक सम्पर्क' र अध्याय ९ : 'सञ्चार' हेर्नुहोस् ।

महिला तथा किशोरी विरुद्धका हिंसा विरुद्ध लड्ने प्रतिबद्धता प्रदर्शन गर्न र सबै पीडित/प्रभावित महत्वपूर्ण छन् र उनीहरू लगायत उनीहरूका गुनासोहरूलाई गम्भीर रूपमा लिइन्छ भन्ने भन्ने स्पष्ट सन्देश दिन त्यस्ता अपराधहरूबारे उजुरी गरिएका घटनामा गरिने कुनै पनि प्रतिक्रिया तत्काल हुनुपर्दछ । उनीहरूको र जोखिममा पर्न सक्ने कुनैपनि परिवार वा अन्य सहयोगीहरूको सुरक्षा र संरक्षण सुनिश्चित गर्नका लागि तत्काल प्रतिक्रिया महत्त्वपूर्ण हुन्छ । कुनै पनि शारीरिक वा मनोवैज्ञानिक चोटपटकको लागि पीडित/प्रभावितलाई चिकित्सकीय हेरचाहको आवश्यकता पर्न सक्छ र यो उपचार सकेसम्म छिटो प्राप्त गर्न सकेमा त्यसले पीडित/प्रभावितका आवश्यकताहरू मात्र पूरा गर्दैन, उनीहरूबाट सम्भावित प्रमाणहरू प्रत्यक्ष प्राप्त गर्ने सम्भावना पनि बढाउँछ ।

उजुरी दर्ता गर्दा कुनै अनुसन्धानकर्ता वा विशिष्ट प्रशिक्षणप्राप्त अधिकारी उपलब्ध नभए पनि, पीडित/प्रभावितलाई प्रतिक्रियाको प्रतीक्षामा कदापि छोड्नु हुँदैन, त्यसैले सबैभन्दा संकटासन्न लगायतका महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई कसरी व्यवहार गर्ने भन्नेबारे सबै कर्मचारीमा न्यूनतम रूपमा पनि, सामान्य सचेतना हुनु अत्यावश्यक छ । अन्ततः, घटनाको उजुरी दर्ता भएको क्षणबाट, कर्मचारीहरूले कुनै पनि निर्णय वा कार्यहरूको सम्बन्धमा **'हानी नगरौं'**[६] को अवधारणा बुझ्न आवश्यक छ ।

कुनै पनि प्रहरी प्रक्रिया वा कार्यविधिहरूका कारण पीडित/प्रभावितलाई पर्नसक्ने थप आघातबाट पुनः पीडित हुनसक्ने जोखिमबाट जोगाउनका लागि सबै कुरा गरिनु सबैभन्दा महत्वपूर्ण हुन्छ । पीडित/प्रभावितका लागि प्रहरीमा उजुरी गर्ने कुरा नै कति गाह्रो भएको हुन सक्छ र उजुरीको परिणामस्वरूप उनीहरूले आफ्नो परिवार वा समुदायबाट सामना गर्नसक्ने कुनै थप जोखिमबारे उनीहरूले बुझेको हुनुपर्छ ।

५ शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय १४ डिसेम्बर १९५०मा संयुक्त राष्ट्रसंघको साधारणसभाबाट स्थापित भएको हो । यस निकायको कार्यादेश अनुसार शरणार्थी संरक्षणका अन्तर्राष्ट्रिय प्रयासहरूको नेतृत्व एवं संयोजन गर्नुका साथै विश्वभरी नै शरणार्थी समस्याहरूको समाधान गर्नु हो । https://www.un.org/youthenvoy/2013/09/office-of-the-united-nations-high-commissioner-for-refugees/हेर्नुहोस् ।

६ हानी नगरौं (do no harm)को सिद्धान्त अनुसार, महिला तथा किशोरी विरुद्धका हिंसामा योगदान पुऱ्याउने नकारात्मक रुढिवादी सोचहरूलाई हाम्रा व्यवहार, कार्य र सञ्चारले अनियतवश थप उर्जा नदिउन् भन्ने सुनिश्चित गर्नु हो ।

बाकस १

के महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी अपराधमा खटिने अग्रपंक्तिका कर्मचारीहरूको कार्यसम्पादन अनुगमन भएको तपाईंले सुनिश्चित गरिरहनु भएको छ ?

युके कलेज अफ पुलिसिङ्गको सुझावमा आधारित रहेर, अग्रपंक्तिमा खटिएकाहरूका सुपरिवेक्षकका लागि तल एउटा सरल चेकलिस्ट/जाँचसूची दिइएको छ :

१. पीडित/प्रभावितलाई सुरक्षित महसुस गराइएको, अग्रपंक्तिमा खटिएकाहरूले समानुभूति देखाएको
२. पीडित/प्रभावितको जीवनसम्बन्धी छनौट वा सामना गर्ने संयन्त्रको बारेमा अग्रपंक्तिमा खटिएकाले निर्णय नगरेको, वा सही वा गलत भन्ने निष्कर्ष ननिकालेको
३. जोखिम मूल्याङ्कन प्रक्रिया सञ्चालन गरिएको
४. घटनास्थलमा बालबालिकाको कल्याण र बालबालिकालाई प्रदान गरिएको आश्वासनको जाँच गरिएको
५. पीडित/प्रभावित र बालबालिका लगायतका सुरक्षा योजना
६. पीडित/प्रभावित र कथित अपराधीलाई अलग गर्दा गोपनीयता सुनिश्चित गरिएको
७. पीडित/प्रभावितलाई उनीहरूमाथि विश्वास गरिएको र मद्दत खोज्ने उनीहरूको निर्णय सही भएको जानकारी दिइएको
८. केही पीडित/प्रभावित किन असहयोगी हुन सक्छन् भन्ने बुझाइ देर्शाएको
९. व्यक्तिगत आवश्यकता अनुसारका सुरक्षा उपाय अपनाइएको
१०. विभिन्न पृष्ठभूमिका पीडित/प्रभावितको आवश्यकतालाई उचित रूपमा ध्यान दिइएको
११. अपराध स्थल (हरू) को पहिचान, सुरक्षा र संरक्षण गरिएको
१२. प्रमाणको पहिचान, संरक्षण र उपयुक्त हुने अवस्थामा तिनको सङ्कलन
१३. सकारात्मक कदम चालिएको र पीडित/प्रभावितलाई त्यसबारे बुझाइएको
१४. प्रत्यारोपहरूको सम्बोधन गरिएको

'*महिला विरुद्धको हिंसामा प्रभावकारी प्रहरी प्रतिकार्य*' (२०१०) सम्बन्धी युएनओडिसीको हातेपुस्तिकाका अनुसार, अनुसन्धान भनेको समस्या समाधान गर्ने विधिगत अभ्यास हो, जसमा घटनाको तथ्य वा परिस्थितिहरू जाँच गरी अपराधको पहिचान गर्ने र ती तथ्य वा परिस्थितिहरू अनुरुपका कार्यान्वयनका विकल्प पहिचान गर्ने कुरा समावेश भएको हुन्छ। महिला तथा किशोरी विरुद्धका हिंसाको जटिलता र गतिशील प्रकृति अन्य अनुसन्धानहरू भन्दा पृथक भएपनि, उद्देश्य र मार्गदर्शक सिद्धान्तहरू भने धेरै हदसम्म उस्तै रहन्छन्।

युएनओडिसीको हातेपुस्तिकाका आधारमा, अनुसन्धानको उद्देश्यका लागि, साथै प्रभावकारी अनुसन्धानका लागि जाँचसूची/चेकलिस्ट तल दिइएका छन् :

बाकस २

अनुसन्धानको उद्देश्य हो :	**एक प्रभावकारी अनुसन्धान त्यसलाई भनिन्छ, जसमा अनुसन्धानकर्ताले :**
• *अपराध गरिएको थियो कि थिएन भन्ने निर्धारण गर्ने वा आरोप अप्रमाणित गर्ने ;* • *पीडित/प्रभावित र साक्षीहरूको पहिचान गर्ने;* • *सान्दर्भिक हुन सक्ने कुनैपनि प्रकारका प्रमाणहरू सङ्कलन र संरक्षण गर्ने;* • *अपराधको कारण, तरिका र स्थान पत्ता लगाउने;* • *कथित अपराधी वा जिम्मेवार व्यक्ति(हरू) को पहिचान प्रमाणित गर्ने;* • *उपयुक्त अवस्थामा, जाहेरीका लागि आधार तयार गर्ने;* • *अनुसन्धान र प्रमाणहरूको अभिलेखीकरण गर्ने, र सुनुवाईमा प्रमाण प्रस्तुत गर्न तयारी गर्ने;* • *पीडित/प्रभावित र प्रभावित हुन सक्ने अन्य, जस्तै बालबालिकालाई थप पीडित हुनबाट जोगाउने।*	• *एक व्यावसायिक, निष्पक्ष, समावेशी र वस्तुनिष्ठ ढंगमा कार्य गरेका हुन्छन्;* • *भौतिक वा गैर-भौतिक प्रमाण र कथनहरूको सङ्कलनमा लगनशीलता अपनाएका हुन्छन्;* • *जहिले पनि सबै पीडित/प्रभावित, साक्षी(हरू) र कथित अपराधी(हरू)लाई सम्मान र मर्यादाका साथ व्यवहार गरेका हुन्छन्;* • *कथित अपराधी (हरू) को पहिचान गर्न गराउनसक्ने कुनै कसूर भएको छ भने, अदालतमा सजायको यथार्थपरक सम्भावना प्रदान गर्नको लागि पर्याप्त गुणस्तरीय प्रमाणहरू सङ्कलन गरेका हुन्छन्;* • *पीडित/प्रभावित(हरू), साक्षी(हरू) र कथित अपराधी(हरू) को सुरक्षा र संरक्षणलाई विचार गरेका; जोखिम मूल्याङ्कन, जोखिम पहिचान र जोखिम व्यवस्थापन प्रक्रिया सञ्चालन गरेका हुन्छन्।*

एक गहन अनुसन्धान सम्भव बनाउनका लागि, महिला तथा किशोरी विरुद्धका हिंसाबारे सबै उजुरी सही तथा पर्याप्त विवरणसहित रेकर्ड भईरहेका छन् भन्ने कुरामा तपाईं विस्वश्त हुन सक्नुपर्छ । उदाहरणका लागि, के पीडित/प्रभावितका वास्तविक शब्दहरू रेकर्ड भइरहेका छन् ? यदि, पीडित/प्रभावित वा साक्षीले प्रारम्भिक प्रहरी प्रतिवेदन वा प्रहरीलाई दिएको आफ्नो बयानसँग मेल नखाने कुरा अदालतमा आफ्नै शब्दमा बताएमा, त्यसले सम्पूर्ण मुद्दालाई कमजोर बनाउँछ ।

के गरियो वा के भनियो भन्ने कुराहरूको एकदम सही विवरण रेकर्ड नगरेको परिणामस्वरुप पनि मुद्दा अदालती प्रणालीमा नपुगेको हुन सक्छ । यदि तपाईंले संक्षेपमा वा धेरै 'विनम्र' शब्दावली प्रयोग गर्नुभयो भने, त्यसले अभियोजक वा अन्य न्याय प्रदायकलाई पेश गरेको अपराधको गम्भीरतालाई कमजोर बनाउँछ । अपराधको रूपमा पुष्टि भएपनि वा नभएपनि, महिला तथा किशोरी विरुद्धका हिंसाजन्य अपराधहरूको व्यापकता र प्रकारसम्बन्धी तथ्याङ्क स्थापित गर्न सबै घटनाहरूको सही रेकर्डङ/अभिलेखीकरण हुनु चाहे महत्वपूर्ण हुन्छ, जसले तपाईंलाई त्यस्तै प्रकृतिका वा दोहोरिरहने घटनाहरू रोक्न उपयुक्त स्रोतहरू परिचालित गर्न सम्भव बनाउँछ ।

तथ्याङ्क समेट्ने र प्रयोग गर्नेबारे थप जानकारीका लागि अध्याय ३ : 'रोकथाम', अध्याय ६ : 'सुरक्षा र संरक्षण', अध्याय ७ : 'सहयोग र सहायता' र अध्याय ८ : 'न्यायिक निकायहरूमाझ समन्वय' हेर्नुहोस् ।

पीडित/प्रभावितलाई आवश्यक पर्नसक्ने थप सेवा र सहयोगबारे थाहा पाउनका लागि उनको तत्कालका आवश्यकताको पहिचान प्रारम्भमा नै गरिनुपर्छ । तपाईंको अनुसन्धानमा तपाईं र तपाईंका कर्मचारीलाई अन्य सेवा प्रदायकका सहयोगको आवश्यकता पर्ने हुँदा, सहकार्य महत्वपूर्ण हुन्छ । पीडित/प्रभावितलाई सहयोग गर्न अन्य सेवा प्रदायकसँग सहकार्य गर्दा, तपाईंका कर्मचारीले मुद्दाका तथ्यहरू पहिचान गर्ने प्रमाण संकलन गरेर अभियोजनकर्ता वा अदालतसमक्ष पेश गर्ने निष्कर्षप्रति केन्द्रित भएर काम गर्न पाउँछन् ।

पीडित/प्रभावितका लागि संकटकालीन केन्द्र र यौन दुर्व्यवहार प्रेषण केन्द्र जस्ता असल अभ्यासका उदाहरण र थप जानकारीका लागि अध्याय ७ : 'सहयोग र सहायता' हेर्नुहोस् ।

अनुसन्धानका क्रममा तत्काल प्रतिकार्यको चरणमा, उपस्थित वा छिटै पहिचान गर्नसकिने कुनैपनि आरोपित पीडकलाई प्रभावकारी

बाकस ३

महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी सबै रिपोर्टमा न्यूनतम पनि देहायका कुराहरू समेटिएको हुनुपर्छ :

- **अनुसन्धानमा को संलग्न छन् र उनीहरूलाई कसरी सम्पर्क गर्न सकिन्छ ? –** प्रहरी फाइल/घटना संख्या, उजुरीकर्ता/पीडित, साक्षीहरू, आरोपित पीडक, प्रारम्भमा सम्पर्कमा आएका प्रहरी, अनुसन्धानकर्ता अधिकारी(हरू) ।
- **के भएको थियो ? –** भएका कसूरहरू, पीडित र आरोपित पीडकबीचको सम्बन्ध, चोटपटक (देखिने वा अन्य), के प्रमाण उपलब्ध छन्, तिनको अवस्था र स्थान, कुनै कार्यवाही गरिएको भए सोबारे, आवश्यक थप कार्यवाही, साक्षी प्रमाण के उपलब्ध छ र साक्षी पत्ता लगाउन कस्ता सोधपुछ गरिए । उपलब्ध गराइएको स्वास्थोपचार र कसले उपलब्ध गराएको/पीडितलाई कुन स्वास्थ्य सेवा केन्द्रमा लगिएको थियो - स्वास्थ्यकर्मीको विवरण र सम्पर्क विवरण ।
- **प्रत्येक घटना कहिले भएको थियो –** समय (शुरु/अन्त्य), मिति, दिन । उजुरी गरेको मिति/समय फरक भए सो पनि ।
- **प्रत्येक घटना कहाँ घटेको थियो –** अपराधस्थल(हरू)को पहिचान, वास्तविक स्थान, उजुरीकर्ता/पीडित कुन स्थानमा थिए, आरोपित पीडक कुन स्थानमा थिए, साक्षीहरू कुन स्थानमा थिए । घटनास्थल, अपार्टमेन्ट, घर (कुन कोठा), पसल, सार्वजनिक भवन, पार्क, गल्ली, सडक वा बाटोको व्याख्या गर्नुहोस् । घटनास्थलमा दूषण (contamination) वा अन्तरदूषण (cross-contamination) हुनबाट अपराधस्थललाई सुरक्षित र संरक्षित राख्न के गरियो भन्ने व्याख्या गर्नुहोस्, जस्तै, घटनास्थलमा मानिसहरूको पहुँच रोक्न र भौतिक र/वा विधिविज्ञानजन्य प्रमाण नष्ट हुनबाट बचाउन के गर्नुभयो, पहुँचको अभिलेख/नियन्त्रण, जस्तै कस्ता विशेषज्ञ अधिकारी(हरू) र कर्मचारी घटनास्थलमा प्रवेश गरे- र किन गरे- उनीहरू प्रवेश गरेको मिति र समयका साथै उनीहरू बाहिरिएको मिति र समय ।
- **प्रत्येक घटनाको विस्तृत विवरण –** के हतियार प्रयोग भएका थिए, यदि थिए भने ती अहिले कहाँ छन् ? उक्त घटना किन घटेको थियो ? आरोपित पीडकको इतिहास, अदालत र/वा निषेधाज्ञाको इतिहास, आरोपित पीडक/पीडित संलग्न भएको हिंसासम्बन्धी विगत ।
- **पीडित/प्रभावितको सुरक्षा –** उजुरीकर्ता/पीडित, बालबालिका र संकटासन्न अन्य व्यक्ति र साक्षी(हरू) लगायत परिवारका अन्य कुनै सदस्यको सुरक्षा र संरक्षणका लागि चालिएका कदम ।

Based on the UNODC- Handbook on Effective Police Responses to Violence Against Women (2010).

ढंगले व्यवहार गरिनुपर्छ । तपाईंका कर्मचारीको व्यक्तिगत धारण जेजस्तो भएपनि, उनीहरूले आरोपिछ पीडकप्रति नैतिकतापूर्ण र व्यावसायिक तरिकाले व्यवहार गर्नु महत्वपूर्ण हुन्छ ।

कथित पीडकले पीडित/प्रभावितलाई के-कस्ता जोखिमहरू निम्त्याउन सक्छन् भन्ने भनी विचार गर्नुका अतिरिक्त, कथित पीडकप्रतिको 'हेरचाहको कर्तव्य' पनि तपाईंको हुन्छ, जसलाई कानुनी अदालतबाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिनुपर्दछ ।

यसको अर्थ, कुनै पनि कथित पीडकमाथि लागेको आरोपको प्रकृति वा उनको पहिचान खुलेमा उनीमाथि केकस्ता जोखिम आइपर्छन् भन्ने पनि तपाईंले विचार गर्नु आवश्यक छ । यो गोपनीयता र गोप्यताको अर्को पक्ष हो जसलाई सम्मान गर्न आवश्यक छ, र सर्वसाधारणलाई सूचना जारी गर्ने सम्बन्धी कुनै पनि प्रहरी कार्यले राष्ट्रिय कानून अनुरुपको कानूनी प्रक्रियाको पालना गरेको हुनुपर्छ ।

उदाहरणका लागि, केही देशहरूमा अपराधको औपचारिक अभियोग दर्ता भएपछि अदालतले मिति तोकेसम्म कथित पीडकको पहिचानलाई सुरक्षित राखिन्छ । औपचारिक रूपमा अभियोग लगाइएपछि र न्याय प्रक्रिया भित्रै रहँदापनि, कथित पीडक र उनको परिवार अझै पनि बदला, धम्की वा अरूबाट वा आफैबाट हुने शारीरिक हानिको जोखिममा हुन सक्छन् । शिक्षक, परम्परागत वा आस्थामा आधारित नेता वा चिकित्सक जस्ता सामान्यतया समाजमा उच्च सम्मान दिइने व्यक्ति नै पीडकका रुपमा आरोपित हुँदा यस्तो जोखिम प्रायः हुनसक्छ ।

पक्राउ पश्चात्का कुरा, अभियोग र अपराधी ठहर गर्नेबारे थप जानकारीका लागि अध्याय ६ : 'सुरक्षा र संरक्षण' हेर्नुहोस् ।

संरक्षणात्मक आदेश जस्ता पीडित/प्रभावितको संरक्षणका लागि अवलम्बन भएका कुनैपनि उपायहरू पालना भएको साथै, तिनको पालना नभएको बारे कुनैपनि गुनासोलाई तत्काल प्रहरीद्वारा सम्बोधन गरिने पनि सुनिश्चित गर्नुपर्छ । यी कार्य कथित पीडक पक्राउ परेपछि मात्र लागू हुँदैनन्, किनकि संरक्षणात्मक आदेश र अन्य उपायहरू त्यसभन्दा अघिनै जारी भएका हुनसक्छन् ।

थप जानकारीका लागि अध्याय ६ : 'सुरक्षा र संरक्षण' हेर्नुहोस् ।

पीडित/प्रभावितले उपलब्ध गराउने प्रमाण अनुसन्धानको एक महत्वपूर्ण पक्ष हुनेगर्छ र हिंसाको पृष्ठभूमि दिनमा सहयोग गर्ने कुनैपनि जानकारी लगायतलाई समेटेर, त्यसलाई घटनाको विस्तृत व्याख्याका रुपमा रेकर्ड गरिनुपर्छ । पीडित/प्रभावितका विरुद्ध प्रयोग भएका शब्द र क्रियाकलापलाई रेकर्ड गरिनुका साथै, परिवारको बनावट र विगतमा भएका हिंसाको इतिहास जस्ता सम्बन्धित अन्य जानकारी पनि समेट्नु पर्ने हुन्छ । पीडित/प्रभावितलाई लागेको डर जस्ता, पहिले उजुरी नगर्नुका कारण पनि रेकर्ड गरिनुपर्छ ।

बाकस ४

पीडित/प्रभावित र आरोपित पीडकलाई निश्चित अधिकारहरूको प्रत्याभूति गरिनुपर्छ

- यसमा प्रहरीद्वारा सम्मान तथा मर्यादाका साथ व्यवहार गरिनुपर्ने, पक्राउ/थुनाको कारण तत्काल बताइनु पर्ने, निर्दोष भएको मानिनु पर्ने, आफूलाई अपराधी ठहर नगर्न राज्यबाट हुने अनुचित हिंसा (अर्थात् प्रहरीका दुर्व्यवहारपूर्ण अभ्यास)बाट संरक्षण पाउनुपर्ने, गोप्यता र गोपनियता, कानूनी परामर्शदातामा पहुँच, कुनैपनि थुनाका आदेशमा पुनरावेदन र निष्पक्ष सुनुवाईका अधिकार पर्छन् ।
- पक्राउ उचित हो वा होइन भन्ने निर्धारण गर्नका लागि विचार गर्न नहुने कुराहरूबारे अधिकारीहरू सचेत हुनु पनि महत्वपूर्ण हुन्छ :
  - वैवाहिक अवस्था, स्वामित्वको वा भोगचलनको अधिकार, हिंसा अन्त्य हुनेछ भन्ने मौखिक आश्वासनहररू, पीडित/प्रभावितको भावनात्मक अवस्था, देखिने वा नदेखिने घाउचोट, पक्षहरूमध्ये कुनैबाट घरेलु हिंसाको अस्वीकारोक्ति, पक्राउबाट अपराध ठहर हुँदैन होला भन्ने विश्वास, कुनैपनि पक्षलाई पक्राउपछि पर्ने आर्थिक असरहरू, पीडित/प्रभावित वा कथित पीडकमध्ये कसैको जातीय, सांस्कृतिक, राजनीतिक वा व्यावसायिक अवस्था वा यौन अभिमूखीकरण, एक वा दुवै पक्षबाट रक्सी वा मादकपदार्थ वा दुवैको प्रयोग, वा कुनैपनि पक्षको न्यायिक कार्यवाहीमा बयान दिने वा सहभागी हुने चाहनाबारेको धारणा ।
  - पीडित/प्रभावितको पहिरन, उनको यौन व्यवसायमा वा अरुले 'जोखिमपूर्ण' ठान्नसक्ने अन्य प्रकारका व्यवहारमा संलग्नता, एक्लै भएको हुनु, उनी भएको स्थान वा उनी बाहिर हुँदा दिन वा रातको समय, आदि ।

युएनओडिसी- महिला विरुद्धको हिंसामा प्रभावकारी प्रहरी प्रतिकार्यसम्बन्धी हातेपुस्तिका २०१०मा आधारित

अनुसन्धानात्मक अन्तरवार्ता सीपमा तालिमप्राप्त विज्ञ अनुसन्धानकर्ताले पीडित/प्रभावित, साक्षी वा संदिग्धसँग गरिने कुनैपनि अन्तरवार्ता लिनुपर्छ भने, कसूर गरेको शंकामा रहेका बालबालिका वा पीडित/प्रभावित र साक्षीको सन्दर्भमा संकटासन्न पीडित/प्रभावित र साक्षी/बालबालिकाको अन्तरवार्ता लिने विशेषज्ञ तालिम लिएका अनुसन्धानकर्ताले (सन्दर्भ अनुसार) अन्तरवार्ता लिनुपर्छ। यो विधि प्रयोग गरेमा, अनुसन्धानकर्ताले सबैभन्दा उपयोगी प्रमाण तथा बयानहरू संकलन गर्न सक्नुका साथै, दोहोऱ्याएर अन्तरवार्ता लिनुपर्ने अवस्था आउन नदिन र दबाबपूर्ण अन्तवार्ता र पुनः पीडित हुनबाट बचाउन पनि सम्भव हुन्छ[७]। यस्ता अन्तरवार्ताको योजना गर्दा धेरैवटा कुरालाई ध्यानमा राखेर गरिनुका साथै उपयुक्त वातावरणमा गरिनुपर्छ।

अन्तरंग साथीबाट हुने हिंसाका घटनामा विशेषगरी बयानको रेकर्डिङ्ग गर्नु बढी सान्दर्भिक हुन्छ, किनकि प्रहरीमा घटनाको उजुरी गर्नुअघि पीडित/प्रभावितले धेरैपटक पीडित हुनुपरेको हुनसक्छ। दबाबपूर्ण नियन्त्रणका घटनामा, कथित पीडकल लामो समयावधिमो क्रमिक रुपमा पीडित/प्रभावितमाथि नियन्त्रण बढाउँदै लगेको हुनसक्छ।

पीडित/प्रभावितको बयानले उनीहरू शारीरिक तथा भावनात्मक रुपमा कस्तो महसुस गर्दैछन्, उनीमाथि भएको हिंसा र दुर्व्यवहारको असर र परिवारका अन्य सदस्य, विशेषगरी बालबालिकाले देखेका कुरालाई पनि समेटेको हुनुपर्छ। एक विस्तृत बयानलाई पूर्णता दिन केही समय लाग्नसक्छ।

पीडित/प्रभावितमा भएको आघात वा उनीहरूलाई आवश्यक पर्ने स्वास्थोपचारका कारण एकै पटकको भेटघाटमा बयान लिन सम्भव नहुन सक्छ। तपाईंका कर्मचारीमा हुनुपर्ने मुख्य सीप **धैर्यता र संवेदनशीलता** हुन्, र पीडित/प्रभावितसँग विश्वास र सम्बन्ध बनाउनका लागि जति धेरै समय व्यतित गरियो, उनीहरूबाट त्यति नै बढी जानकारी प्राप्त गर्नेछन्।

तपाईंका कर्मचारीले थप जानकारी बाहिर आउँदै जाँदा पीडित/प्रभावितलाई पुनः अन्तरवार्ता लिँदै जानुभन्दा उनीहरूसँग एकपटक मात्र सही र विस्तृत बयान लिनका लागि समय लिनु उपयुक्त हुन्छ। पटकपटक अन्तरवार्ता लिँदा, पीडित/प्रभावितले उक्त घटनालाई हरेक पटक स्मरण गर्दा त्यसको पुनर्अनुभव गरेर आघात थपिने हुन्छ। प्रहरीका कारण 'पुनःपीडित' हुने यो एक उदाहरण हो। यदि अर्को अन्तरवार्ता लिनु आवश्यक परेमा, त्यसका विशेष कारणहरू पीडित/प्रभावितलाई होसियारीपूर्वक व्याख्या गर्नुपर्छ, नत्र उनीहरूले आफूमाथि विश्वास नगरिएको महसुस गर्न सक्छन्, जसले उनीहरूको आघात अझै थपिन्छ।

> लैङ्गिक संवेदनशीलताले पीडित/प्रभावितका विशिष्ट आवश्यकता र दृष्टिकोणहरूलाई मध्यनजर गर्दै, उनको आत्मसम्मान र अखण्डताको सम्मान गरेर विधिविज्ञानका प्रमाणहरु संकलन गर्दा मापदण्डहरुको पालना गर्दै अतिक्रमण न्यूनीकरण गरेको हुन्छ ।
>
> - हिंसामा परेका महिला तथा किशोरीका लागि अत्यावश्यक सेवासम्बन्धी युएनको विश्व(व्यापी संयुक्त कार्यक्रम (२००५)

यदि पीडित/प्रभावितमा बहिरोपना, जस्ता अपाङ्गताका कारण सञ्चारसम्बन्धी अवरोध छन् भने, उनीहरूको बयान सङ्कलन गर्न अझै बढी समय लाग्न सक्छ।

यदि पीडित/प्रभावित बालबालिका हुन् भने, उनीहरूले प्रयोग गरेका वास्तविक शब्दहरू नै रेकर्ड गर्नु अझ महत्त्वपूर्ण हुन्छ। बालबालिकाले वयस्क वा कानुनी शब्दावलीहरू प्रयोग गर्ने वा बुझ्ने सम्भावना कम हुन्छ र त्यसैले तपाईंका अधिकारीहरूले उनीहरूका शब्दलाई 'वयस्क भाषा' मा परिवर्तन गरेर लेखिदिनु हुँदैन। बाल पीडित/प्रभावितलाई पनि विशेषज्ञ अनुसन्धानकर्ताले अन्तर्वार्ता लिनुपर्छ।

तपाईंका अधिकारीहरूले पीडित/प्रभावित किशोरीहरूसँग काम गर्दा, उनीहरूको उमेरका आधारमा उनीहरूका विशिष्ट आवश्यकताहरू पहिचान गर्नु र तदनुसार आफ्नो प्रतिक्रियालाई अनुकूलन गर्नु महत्वपूर्ण हुन्छ। उनीहरूले किशोरीसँग कुरा गर्ने वातावरण बालमैत्री भएको र अनुसन्धान भइरहेको घटनामा संलग्न नभएका अभिभावक, संरक्षक, कानुनी प्रतिनिधि आदि उक्त प्रक्रियामा उपस्थित र सक्रिय रूपमा संलग्न भएको सुनिश्चित गर्नु आवश्यक छ। बालबालिकालाई गोप्यता र गोपनीयताका सम्बन्धमा वयस्कहरू सरहनै विचार पुऱ्याइएको र चिकित्सा, मनो-सामाजिक र पीडित/प्रभावित सहायता सेवाहरू उमेर-उपयुक्त रहेको पनि उनीहरूले सुनिश्चित गर्नु आवश्यक छ।

पीडित/प्रभावितबाट बयान प्राप्त गर्दा, र विशेषगरी यदि पीडित/प्रभावितले गम्भीर यौन दुर्व्यवहारको क्रममा उल्लेख्य आघात भोगेका छन् भने, सकेसम्म छिट्टै अनुसन्धान सुरु गर्नका लागि, छोटो टिपोटहरू लिँदै उनको पहिलो कथन सुन्नु राम्रो अभ्यास हो। आघातले पीडित/प्रभावितहरूलाई विभिन्न तरिकाले असर गर्न सक्छ, र उनीहरूले सुरुमा आफूमाथि भएका सबै कुरा नसम्झन वा समयक्रमानुसार सिलसिलेवार रुपमा नसम्झन सक्छन् भन्ने कुरा याद राख्नुहोस्। घटनाको समयमा उनीहरूले गरेका कतिपय क्रियाकलाप तपाईंको कर्मचारीलाई तर्कसंगत नलाग्न सक्छन्, तर यसको मतलब उनीहरूले सत्य बोलिरहेका छैनन् भन्ने होइन।

७ See the forthcoming 'Protocol on Effective Interviewing Gathering Information with Scientific Expertise, Evidence-Based Practice, Human Rights Standards and Professional Ethics' ('Mendez Protocol').

बाकस ५

विधिविज्ञानसम्बन्धी नमूना संकलनबारे डब्लुएचओ/युएनओडिसीको मार्गदर्शन



पृष्ठभूमि/औचित्य :

सबै व्यक्तिबाट संकलनका लागि सहमति प्राप्त गरिनुपर्छ। व्यक्तिहरूबीच वा व्यक्ति र स्थानबीचको सम्पर्कलाई नमूनाले पुष्टि गर्नसक्छ, कसूरको समयमा सम्पर्कको प्रमाण बनेको हुन्छ तर त्यो छिटै हराउँछ। सही ढंगले संकलन, भण्डारण र विश्लेषण गरिएका प्रमाणमात्र अनुसन्धान/अदालती प्रक्रियामा प्रयोग गरिनुपर्छ। विश्लेषणको नतिजालाई सावधानीपूर्वक, वस्तुगत रुपमा र अनुसन्धानको परिवेशमा व्याख्या गरिनुपर्छ। डिएनए, औंलाको छाप जस्ता कुनै एकमात्र प्रमाणका आधारमा मुद्दा अघि बढ्ने अवस्था विरलै हुन्छ।

मुख्य बुँदाहरू :

- नमूनाको संकलन र (अनुसन्धानकर्तालाई) ती हस्तान्तरण गरिने सहमति पीडित/प्रभावितबाट प्राप्त गरिनुपर्छ। नमूना संकलनले पीडित/प्रभावितमा पार्ने असर (शारीरिक तथा मनोवैज्ञानिक दुवै)लाई सावधानीपूर्वक ध्यानमा राखिनुपर्छ,
- पीडित/प्रभावित (वा साक्षी)ले भनेका कुरा, र कथित आक्रमण र परीक्षणबीचको समयले नमूना संकलन गरिनुपर्ने वा नपर्ने र कस्ता प्रकारका नमूना संकलन गरिनुपर्ने भन्ने निर्देशित गर्छ,
- जैविक वस्तुहरू रहेका हुनसक्ने स्थानहरूबाट नमूना संकलन गरिनुपर्छ : जस्तै छाला, कपाल र मुख, योनी र मलद्वार,
- संकलित नमूनाहरूमा लेबल लगाउने र रेकर्ड राख्ने कामको विस्तृत विवरणमा सावधानीपूर्वक ध्यान दिइनुपर्छ,
- भिजेका कुनैपनि नमूनालाई सुक्न दिनुहोस्। विधिविज्ञानका नमूनाका लागि कल्चर गर्ने माध्यम प्रयोग नगर्नुहोस्,
- अप्रकट वा गैर-सहमतिको लागूऔषध प्रयोगबारे आरोप भएमा, नशालु पदार्थको (तयहष्अयियिनष्अबी) विश्लेषणका लागि रगत र पिसाबका नमूना संकलन गर्नुहोस्,
- नमूना हस्तान्तरण (नियन्त्रणको श्रृंखला) लाई अभिलेखीकरण गर्नुहोस् : के, कसलाई र कहिले हस्तान्तरण भएको हो। त्यसका साथै, नमूनाहरू उचित तरिकाले भण्डारण भएको सुनिश्चित गर्नुहोस्।
- दूषणका विरुद्ध सावधानी अपनाउनुहोस् : परीक्षण सञ्चालन हुने स्थलमा पहुँचलाई प्रतिबन्धित गर्नुहोस्, मुद्दाहरूका बीचमा ती स्थलहरूको सरसफाई हुने निश्चित गर्नुहोस् र नियमित रुपमा पञ्जा फेरिरहनुहोस्।

स्रोत : यौनहिंसामा मेडिको-लिगल प्रतिकार्य सुदृढीकरणसम्धी टुलकिट (डब्लुएचओ/युएनओडिसी,२०१५)

हिंसा भइरहेको समयमा उनीहरूले जे गरेका वा गरेनन्, तिनका कारणहरू पनि बयानमा समावेश भएका उपयोगी प्रमाण हुन्छन्। पीडित/प्रभावितलाई समय दिनुको मतलब बयान लिनमा अनावश्यक ढिलाइ गर्नु भन्ने होइन। यद्यपि, पीडित/प्रभावित-केन्द्रित पद्धतिमा विशेष गरी प्रारम्भिक चरणहरूमा अनुसन्धानलाई मार्गदर्शन गर्न मद्दत गर्दै, तपाइँको कर्मचारीले जहिले पनि पीडित/प्रभावितका आवश्यकताहरूलाई विचार गर्नु आवश्यक हुन्छ।

आघातसम्बन्धी थप विस्तृत जानकारीका लागि अध्याय ४ : 'प्रारम्भिक सम्पर्क' र पीडित/प्रभावितसँग विश्वास र सम्बन्ध सुदृढ गर्न मार्गदर्शनका लागि अध्याय ९ : 'सञ्चार' हेर्नुहोस्।

पीडित/प्रभावित कुनै प्रकारले पुनः पीडित हुन नपरोस् र उनीमाथि थप आघात नपुगोस् भन्ने सुनिश्चित गर्नका लागि, कुनैपनि विधिविज्ञान/मेडिको-लिगल परीक्षणको प्रबन्ध तुरुन्तै गरिनुपर्छ। **लैङ्गिक संवेदनशीलता**लाई[८] सर्वोच्च महत्व दिइनुपर्छ र महिला पीडित/प्रभावितलाई परीक्षण गर्ने समयमा उनको साथमा महिला कर्मचारी नै हुनुपर्छ।

८ लैङ्गिक संवेदनशीलताले सार्वजनिक तथा निजी जीवनका सबैभन्दा विविधतापूर्ण स्थानहरूमा लैङ्गिकतामा आधारित बञ्चितीकरण र विभेदमा संलग्न सामाजिक तथा सांस्कृतिक कारकहरूलाई मध्यनजर गर्छ (European Institute for Gender Equality, 2019),: https://eige.europa.eu/thesaurus/terms/1218?utm_source=newsletter&utm_medium=email&utm_campaign=how_gender_equal_is_your_parliament&utm_term=2019-11-27 हेर्नुहोस्।

प्रमाणजन्य सबै आवश्यकताहरूबारे र मेडिकल परीक्षणकर्ताले हस्तान्तरण गरेका कुनैपनि वस्तुलाई सम्हाल्ने, चिन्ह लगाउने र संरक्षित राख्ने भन्नेबारे उक्त कर्मचारी पूर्णरुपमा जानकार भएको सुनिश्चित गर्नु पनि अपरिहार्य हुन्छ ।

डब्लुएचओ/युएनओडिसीको *यौनहिंसामा मेडिको-लिगल प्रतिकार्य सुदृढीकरणसम्न्धी टुलकिट (२०१५)* ले यौन हिंसा भोगेका भनिएका व्यक्तिहरूबाट नमूना संकलन गर्न र अनुसन्धानकर्ता (र अदालत)लाई आरोपको समर्थन वा अस्वीकारमा सहयोग गर्ने जानकारी उपलब्ध गराउनसक्ने कुराहरूबारे मार्गदर्शन उपलब्ध गराउँछ (बाकस ५ हेर्नुहोस्) । डब्लुएचओ/युएनओडिसीको *टुलकिट*ले नमूना संकलन गर्दा सबै व्यक्तिको सुसूचित सहमति लिइनुपर्ने आवश्यकतामा पनि जोड दिन्छ ।

विशेषगरी ग्रामीण क्षेत्रका चौकीहरूमा, महिला तथा किशोरी विरुद्धका हिंसाका मामिलामा बयान लिने वा नमूनाहरू सम्हाल्ने तालिमप्राप्त महिला अनुसन्धानकर्ता वा महिला कर्मचारीहरूको अभाव हुने र उनीहरूलाई केवल संरक्षकको रूपमा प्रयोग गरिने एक सामान्य समस्या हो । यदि यो तपाईंको अवस्थामा लागू हुन्छ भने, तपाइँले आफ्नो कमाण्ड अन्तर्गतका सबै महिला अधिकारीहरूलाई अपाङ्गता भएका व्यक्तिहरू लगायत महिला तथा किशोरी विरुद्धका सबै पीडित/प्रभावितबाट बयानहरू प्राप्त गर्नेबारे प्रशिक्षण दिनका लागि विचार गर्नुपर्छ ।

यौन हिंसाबाट पीडित/प्रभावितबाट बयानहरू प्राप्त गर्न, र विधिविज्ञानका प्रमाणहरूबारे सचेतना र प्रदर्शन गर्नुपर्ने नमूनाहरू सम्हाल्ने कुरामा विशेष ध्यान दिइनुपर्छ । यसपछि तपाईले पीडित/प्रभावितलाई सम्मान तथा मर्यादाका साथ व्यवहार गर्दै, उनलाई आवश्यक पर्ने सबैभन्दा उपयुक्त संवेदनशील प्रतिक्रिया प्रदान गर्न सक्नुहुन्छ, साथै त्यहि समयमा महत्वपूर्ण प्रमाणहरू प्राप्त गरेर तपाईंका पुरुष अनुसन्धानकर्ताहरूलाई उनीहरूको भूमिका पूरा गर्न सक्षम बनाउन सक्नुहुन्छ ।

गम्भीर रुपमा घाइते भएका पीडित/प्रभावितलाई सहायता गर्ने जस्ता कसैको जीवनको जोखिम व्यवस्थापन गरिसकेपछि, घटनास्थलमा काम गर्ने अग्रपंक्तिमा खटिएकाहरू र अन्य कोहीले पनि आवश्यक नपर्ने क्षेत्रमा जाने वा त्यहाँ अवस्थित कुनैपनि वस्तु छुने प्रलोभनमा पर्नु हुँदैन ।

अनुसन्धानमा महत्वपूर्ण भूमिका भएका वा चिकित्सीय उपचारबिना त्यहाँबाट हटाइन नसकिने कोही भएमा उनको उपचार गर्ने व्यक्तिबाहेक कसैलाई पनि घटनास्थलमा पहुँच दिनु हुँदैन भन्ने कुरा तपाईंका अधिकारीहरूले बुझेका छन् भन्ने सुनिश्चित गर्नुपर्छ ।

हत्या र जबरजस्ती करणी जस्ता गम्भीर अपराधका घटनामा घटनास्थललाई सुरक्षित राख्नुपर्छ र माथिल्लो दर्जाका अधिकारीहरू लगायतका पहुँच प्राप्त गर्ने प्रयास गर्ने जो कोहीको अभिलेख राख्न सुरु गरिनुपर्छ भन्ने कुरा तपाईंका अग्रपंक्तिमा खटिनेहरूलाई थाहा छ ?

*प्रारम्भिक प्रतिक्रिया*को समयमा र अनुसन्धानभरी, तपाइँका कर्मचारीले आफ्नो विचारलाई खुला राख्नु पर्छ, र कुनैपनि परिस्थितिप्रति पूर्वागही हुनुको साटो आफ्नो निर्णयका लागि प्रमाणहरूलाई मार्गदर्शकका रुपमा लिनुपर्छ ।

कुनै पनि सम्भावित प्रमाणलाई क्षतिग्रस्त, नष्ट, हराउन र कुनै पनि तरिकाले त्यसको मौलिक अवस्थाबाट परिवर्तन हुनबाट जोगाउनका लागि अपराधस्थलको सुरक्षा महत्वपूर्ण हुन्छ । यसले गर्दा घटनास्थलका अनुसन्धानकर्ताले सबै कुरा विवरणमा रेकर्ड गर्न र सकेसम्म धेरै सम्भावित प्रमाणहरू प्राप्त गर्न सम्भव हुन्छ ।

अनुसन्धानको महत्वपूर्ण सिद्धान्त

लोकार्डको आदानप्रदानसम्बन्धी सिद्धान्तका अनुसार, कुनैपनि व्यक्ति र उनको सम्पर्कमा आएको वस्तुबीच जहिलेपनि केही सामग्री परस्पर आदानप्रदान भएको हुन्छ –*"कुनैपनि व्यक्तिको कुनै क्रियाकलाप, र अपराध संलग्न भएको हिंसक क्रियाकलापमा त भनै, कुनैपनि पदचिन्ह नछोडिकन भएको हुनै सक्छैन ।"*

त्यसप्रकारको कुनैपनि अन्तरदुषण (cross-contamination)**ले त्यसपछिको अनुसन्धानमा र विशेषगरी अदालतमा पेश गरिने विधिविधानजन्य कुनैपनि प्रमाणको विश्वसनीयतामा विनाशकारी असर पार्नसक्छ ।**

– जेन टाउन्स्ली, पूर्व प्रमुख निरिक्षक, ब्रिटिश ट्रान्स् पोर्ट पुलिस, युके र हाल महिला प्रहरीहरूको अन्तर्राष्ट्रिय संगठनका कार्यकारी निर्देशक

प्रमाण जुटाउनु हरेक अनुसन्धानको महत्वपूर्ण पाटो हुन्छ । महिला तथा किशोरी विरुद्धको हिंसाका घटनामा, अपराधको प्रमाण सधैं स्पष्ट वा प्रत्यक्ष थाहा नहुन सक्छ । त्यसैले घटनामा काम गर्ने अधिकारीहरूले सबै अवसरहरूलाई विचार गर्नु महत्वपूर्ण हुन्छ । यो अवस्थाहरूमा पनि विस्तार गरिनु पर्दछ जहाँ तपाइँ पीडित/प्रभावित, साक्षीसँग कुरा गर्दा र कथित पीडकसँग अन्तर्वार्ता गर्दाका अवस्थामा समेतमा यो कुरालाई विचार गरिनुपर्छ । परम्परागत, विश्वासमा आधारित र सामुदायिक नेताहरू, विशेष गरी यदि उनीहरू महिला हुन् भने, उनीहरूले पनि सान्दर्भिक प्रमाणहरू उपलब्ध गराउन सक्छन् ।

बाकस ६

घरेलु/अन्तरंग साथीबाट भएका हिंसामा प्रमाणका उदाहरणहरू

- पीडित/प्रभावितले के भयो र उनीहरूका लागि जीवन कस्तो छ भन्नेबारेका विवरण
- फोन रेकर्डहरू, विशेषगरी कथित पीडकले माग गरेको "ओपन फोन लाइनहरू" का प्रमाण
- नियम वा मागहरू समावेश भएका नोटहरू, इमेलहरू र टेक्स्ट सन्देशहरू
- इन्टरनेट, विद्युतीय प्रविधि र सामाजिक सञ्जालका मञ्चहरूमा दुर्व्यवहारका प्रमाण
- आक्रमणको प्रमाण
- पहिले पनि सहयोगका लागि प्रहरी बोलाइएको इतिहास
- कथित पीडकसम्बन्धी प्रहरी इतिहास वा रेकर्ड
- अधिकारीको बयान, त्यहाँ पुग्दाका अवलोकनहरू समावेश गर्ने
- तत्काल उपचारमा ध्यान दिनु नपरेमा, परिक्षण उद्देश्यका लागि आकस्मिक दुर्घटनासम्बन्धी सर्जन
- सम्पत्ति/परिसरभित्र विधिविज्ञानका प्रमाण : रगतका चिन्ह, प्रयोग गरिएका हतियार
- पीडित/प्रभावित र/वा कथित पीडकबाट विधिविज्ञानका प्रमाण : नङका टुक्रा/स्वाब
- चोटपटकका तस्वीरहरू जस्तैः हातमा प्रतिरक्षा गर्दा लागेका चोटपटक, माथिल्लो हातमा बेसरी समाउँदा लागेका चोट, टाउकोमा चोट, कपालका मुठा निस्केको, घाँटी थिचेका लक्षणहरू
- लुगा
- आपतकालीन कल नम्बरका टेप वा ट्रान्सक्रिप्टहरू
- घर/सार्वजनिक ठाउँ/अन्य ठाउँहरू अर्थात् काम गर्ने ठाउँहरू/रेस्टुरेन्टहरूमा जडित सिसिटिभी
- जीवन शैली र घरपरिवार, घटनास्थलका फोटोग्राफिक प्रमाण सहित
- सहयोगी सेवाहरू जस्ता सेवाहरूसँगको अन्तरक्रियाका अभिलेखहरू (ती अभिलेखका अंशहरू नयाँ अपराध हुनुअघि भएका घटनाहरूसँग सम्बन्धित भए तापनि, तिनीहरूका सामग्रीहरू अझै पनि निश्चित परिस्थितिहरूमा, प्रमाणका रुपमा भरपर्दा हुनसक्छन्)
- मेडिकल रेकर्डहरू
- साक्षीको बयान, उदाहरणका लागि, पीडित/प्रभावितको परिवार र साथीहरूले पीडित/प्रभावितलाई परिवार र/वा साथीहरूबाट एक्ल्याइएको प्रभाव र असरका बारेमा प्रमाण दिन सक्छन्
- कामका सहकर्मीहरूबाट प्रमाण
- स्थानीय रुपमा सोधपुछ : छिमेकी, नियमित डेलिभरी गर्ने व्यक्ति, हुलाक, दूध ल्याउने, भ्याल सफा गर्ने आदि
- वित्तीय नियन्त्रण देखाउने बैंक रेकर्डहरू
- बालबालिका वा परिवारका अन्य सदस्यहरूलाई विगतमा दिइएका धम्कीहरू
- पीडित/प्रभावितले राखेको डायरी
- परिवार र साथीहरूसँगको सम्पर्कको अभाव, पीडित/प्रभावितले गतिविधिहरूमा संलग्नता छोडेको र पीडित/प्रभावितको घर एकान्त ठाउँमा छ भने जस्ता एक्लाइएको प्रमाण
- अन्य निकायहरूसँग गरिएका सम्पर्क ; सरकारी वकिल जस्ता विशेषज्ञ निकाय, प्रहरीसँग आन्तरिक र बाह्य दुवै रुपमा
- अन्तर्वार्ताका टेप/ट्रान्सक्रिप्टहरू
- बालबालिकाका अन्तर्वार्ता (हरू) माथि विचार
- कथित पीडकबाट प्राप्त डीएनए
- विद्युतीय मिडिया प्रमाणका संरक्षण/पुनःप्राप्ति
- बसोबास पुष्टि गर्न आवाससम्बन्धी रेकर्डहरू

सम्भावित प्रमाणहरू पहिचान गर्दा, प्रष्टसँग देखिनेमात्र नभई, नदेखिने कुराहरू खोज्नु महत्वपूर्ण हुन्छ । यो विशेषगरी अन्तरंग साथीबाट हुने हिंसाका मामिलामा उपयोगी हुनसक्छ, जसमा कथित पीडकद्वारा प्रायः लामो समयको अवधिमा गरिएका सानातिना एकल घटनाहरू मिलेर जबरजस्ती नियन्त्रणका रुपमा प्रकट हुने विशेषता हुनेगर्छ । एउटा-एउटा घटनालाई छुट्टा छुट्टै हेरियो भने तिनीहरू नगण्य देखिन सक्छन्, तर तिनलाई समग्रमा हेरियो भने, पीडित/प्रभावितमाथिको नियन्त्रणका सन्दर्भमा तिनले महत्ववपूर्ण प्रमाण प्रदान गर्न सक्छन् । 'घरेलु /अन्तरंग साथीबाट हुने हिंसामा प्रमाणका उदाहरणहरू' लाई बाकस ६ मा हेर्नुहोस् ।

प्रहरी अधिकारीहरूले दुर्व्यवहारका संकेतहरू सधैं नदेखेपनि, यी चरणहरूबारे जान्नु र सहायता मागिएपछि प्रहरी त्यहाँ पुग्दा पीडित/प्रभावितले प्रस्तुत गर्नसक्ने कुराहरूबारे जानकारी हुनु उचित हुन्छ । ग्राहम गोउल्डेनले *कल्टिभेटिङ्ग माइण्ड्स् युके*[९] मा उल्लेख गरेका, कुनैपनि सम्बन्धभित्र जबरजस्ती र नियन्त्रणबारे थाहा पाउनसकिने चरणहरूको सूची तल दिइएको छ :

- बाहिरी आवरण ठिकठाक पार्नु
- परिस्थितिको व्यवस्थापन गर्नु
- दृष्टिकोणलाई तोडमोड गर्नु
- दुर्व्यवहारलाई परिभाषित गर्नु
- सम्बन्धको पुनःमूल्याङ्कन गर्नु
- दुर्व्यवहारको अन्त्य गर्नु

गोउल्डेनको 'सम्बन्धभित्रको जबरजस्ती र नियन्त्रणपूर्ण व्यवहारका चरणहरू' बारे थप विवरणका लागि कृपया अनुसूची १ हेर्नुहोस् ।

आरोप विश्वसनीय छ कि छैन भन्नका लागि तथ्यहरू स्थापित गर्न प्रमाणहरू जम्मा गर्ने र विश्लेषण गर्ने भूमिका प्रहरीको हो ; पीडित/प्रभावितको 'विश्वसनीयता' मा ध्यान केन्द्रित गर्नु होइन भन्ने सन्देश तपाईंले आफ्ना कर्मचारीहरूमा प्रबल रुपमा दिनु आवश्यक छ । प्रहरीको काम सहयोग र अनुसन्धान गर्नु हो, न्याय गर्नु होइन ।

केही अपराधहरूमा अधिकारीहरूले खोज्नुपर्ने विशेष सूचकहरू हुन्छन्, जसले गर्दा विशिष्ट र थप जटिल केसहरूमा 'उत्तम प्रमाण' के हो भनेर उनीहरूले पहिचान गर्न सक्ने हुन्छन् । कतिपय सांस्कृतिक र परम्परागत अभ्यासहरू केही देशहरूमा मात्र नभई त्यही देशका विभिन्न अन्य मूलका समुदायहरूमा पनि अपराध हुन सक्छन् । त्यस्ता अपराधका केही उदाहरणहरूमा महिलाका यौनाङ्ग छेदन, र बाल, छिटो र जबरजस्ती विवाह जस्ता प्रतिष्ठामा आधारित हिंसा/दुर्व्यवहार र हानिकारक अभ्यासहरू पर्छन् । यीबारे थप जानकारीका साथै यिनीहरूका सूचकहरू **'प्रतिष्ठामा आधारित हिंसा/दुर्व्यवहार र हानिकारक अभ्यासहरू'** अन्तर्गत **अनुसूची** २ मा समावेश छन् ।

साक्षीहरूले बहुमूल्य प्रमाणहरू प्रदान गर्न सक्छन् र, अन्य सबै प्रमाणले जस्तै, उनीहरूले आरोपलाई पुष्टि गर्न वा अस्वीकार गर्न सक्छन् । तपाईंको कर्मचारीको भूमिका सबै प्रमाणहरू प्रस्तुत गर्ने हो, र दोषी वा निर्दोषताको निर्णय गर्ने भूमिका अदालतको हो । त्यसैले सम्भव भएसम्म चाँडो सम्भावित साक्षीहरू पहिचान गर्न अत्यावश्यक हुन्छ, र कुनै पनि घटना वा अपराध स्थलमा उपस्थित वा वरपर रहेका व्यक्तिहरूले केही नदेखेको भनेतापनि, अग्रपंक्तिमा खटिनेहरूले उनीहरूको विवरण प्राप्त गर्न हरसम्भव प्रयास गर्नुपर्छ ।

अनुसन्धानको क्रममा नयाँ जानकारी प्रकाशमा आउँदा, पहिले स्पष्ट नभएको कुराको प्रमाण त्यस्ता व्यक्तिहरूले दिनसक्छन् भन्ने लागेमा त्यतिबेला उनीहरूलाई पुनः भेट गर्न सकिन्छ । उनीहरूको विवरण प्राप्त गर्दा मर्यादा एवं सम्मानका साथ र कानुनी मापदण्डहरू भित्र रहेर गरिनुपर्छ, साथै उनीहरूको अधिकार सुरक्षित भएको सुनिश्चित गर्नु पनि आवश्यक हुन्छ । केही साक्षीसँग बहुमूल्य प्रमाणहरू हुनसक्छन्, तर ती उपलब्ध गराउन सक्ने सुनिश्चित गर्न उनीहरूलाई विशेष सहयोग र/वा आवासको आवश्यकता पर्न सक्छ । विभिन्न प्रकारका अपाङ्गता भएका साक्षी वा वृद्धवृद्धा वा धेरै कम उमेरका साक्षीका हकमा यो कुरा लागू हुनसक्छ । पीडित/प्रभावित वा साक्षी बालिका भएमा, उनको उमेर अनुसारका विशिष्ट आवश्यकताहरू हुने गर्छन् ।

बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका महिला तथा किशोरीहरू र विशिष्ट आवश्यकता भएका अन्य व्यक्तिहरूसँग कुराकानी गर्ने सुझावहरूबारे अध्याय ४ : 'प्रारम्भिक सम्पर्क' र अध्याय ९ : 'सञ्चार' हेर्नुहोस् । अन्तरआबद्धताको परिभाषाका लागि अध्याय २ हेर्नुहोस् ।

पीडित/प्रभावित वा साक्षी वृद्धवृद्धा, धेरै कम उमेरका वा अपाङ्गता भएको व्यक्ति भएमा उनीहरूको विशेष आवश्यकताहरू हुन सक्ने हुँदा, विशेष हेरचाह आवश्यक हुन्छ । उदाहरणका लागि, यदि पीडित/प्रभावित वा साक्षी वृद्ध छन् भने, उनीहरूलाई सुनाईमा कठिनाइ हुनसक्छ । यस अवस्थामा, तपाइँका कर्मचारीले उनीहरूसँग वरपर होहल्ला नभएको शान्त ठाउँमा कुरा गर्ने निश्चित गर्नुहोस् । यदि टाढाका कुरा देख्न सक्दैनन् भने, उनीहरूसँग पर्याप्त उज्यालो भएको कोठामा र सम्भवतः थप प्रकाश राखेर कुरा गर्नुपर्छ ।

---

९ Graham Goulden, Chief Inspector (retired), Violence Reduction Unit, Police Scotland; now Director of **Cultivating Minds UK** https://grahamgoulden.com/cultivating-minds-uk/about/

बाकस ७

प्रारम्भिक प्रतिकार्यका लागि न्यूनतम मापदण्डको जाँचसूची

- पीडित/प्रभावितलाई कथित पीडकबाट तुरुन्तै अलग गर्ने र पीडित/प्रभावितको सुरक्षा सुनिश्चित गर्ने । यसमा प्रायः शक्ति र नियन्त्रणको स्थिति हुने हुनाले, अधिकारीहरूको सुरक्षालाई सधैं प्राथमिकतामा राख्दै, पक्षहरू एकअर्कालाई देख्न र सुन्न नसक्ने दूरीमा भएको सुनिश्चित गर्नु अधिकारीहरूको दायित्व हुन्छ;
- उपस्थित सबै व्यक्तिहरूको सुरक्षाका लागि, त्यहाँ हुन सक्ने कुनै पनि हतियारहरू पहिचान गर्ने र सुरक्षित गर्ने,
- कथित पीडक यदि उपस्थित छन् भने, उनलाई अलग गर्ने, खोजी गर्ने र सुरक्षित गर्ने - उसलाई घटनास्थलबाट हटाइदिने;
- कुनै पनि घाइते व्यक्तिहरूको लागि चिकित्सीय उपचारको व्यवस्था गर्ने;
- के भयो भन्ने प्रारम्भिक तथ्यहरू पत्ता लगाउने र अपराध पहिचान गर्ने;
- अपराधको सम्भावित सबै प्रमाणहरू पहिचान गर्ने र सङ्कलन गर्न थाल्ने;
- पीडित/प्रभावितको प्रारम्भिक अन्तरवार्ता सञ्चालन गर्ने (औपचारिक लिखित बयान सहित, गहिरो अन्तरवार्ता पछि हुन सक्छ);
- सबै साक्षीहरूको अन्तर्वार्ता लिने र आवश्यकता अनुसार लिखित बयानहरू सङ्कलन गर्ने;
- कुनै पनि आवश्यक फलो-अप/माध्यमिक अनुसन्धानको लागि व्यवस्था गर्न (जस्तै, विधिविज्ञान, चिकित्सा परीक्षण);
- पीडित/प्रभावितको हेरचाह र सहयोग गर्न पीडित/प्रभावितका लागि सेवाहरू (यदि उपलब्ध भएमा) सम्पर्क गर्ने;
- अनुसन्धान, प्रमाण र बयानहरूको दस्तावेजीकरण वा अभिलेखीकरण सुरु गर्ने ।

स्रोत : महिला विरुद्धका हिंसामा प्रभावकारी प्रहरी प्रतिकार्यबारे हातेपुस्तिका (युएनओडिसी, २०१०)

उनीहरूको उमेरका कारण स्मरणशक्तिसम्बन्धी समस्याहरू पनि हुन सक्छन् र आघातका कारण यसमा अझै बढी प्रभाव परेको हुनसक्छ, त्यसैले तपाईंका कर्मचारीहरूले धैर्यता राख्नुका साथै उनीहरूका अतिरिक्त आवश्यकताहरू बुझ्नुपर्छ । तपाईंको कर्मचारीहरूले पीडित/प्रभावितमा भएका कुनैपनि अपाङ्गतालाई ध्यान दिइएको सुनिश्चित गरेर, प्रत्येक पीडित/प्रभावितको विशेष आवश्यकताहरूमा विचार गरिएको र त्यसै अनुरुपका समायोजनहरू गरिएको छ भनी सुनिश्चित गर्न आवश्यक छ ।

हिंसा र भेदभावको सामना गर्ने अपाङ्गता भएका महिला र किशोरीहरूले पनि हानिकारक रुढिवादी सोच, भेदभावपूर्ण मनोवृत्ति, र प्रक्रियात्मक तथा उपयुक्त अनुकूलनका अभावका कारण न्यायमा पहुँच पाउन अवरोधहरूको सामना गर्छन्, जसको नतिजास्वरुप उनीहरूको विश्वसनीयतामा शंका गरिने र उनीहरूका आरोपहरूलाई खारेज गरिने सम्भावना हुन्छ[१०] ।

अपाङ्गता भएका कथित पीडित/प्रभावितको अन्तरवार्ताबारे थप उपयोगी मार्गदर्शन युएनडिपीको 'लैङ्गिकतामा आधारित हिंसा पीडितका लागि अनुसन्धान, संरक्षण र सहयोगका उपायहरू - स्रोत पुस्तकः कोरियाली पुलिसको अनुभव र दिशानिर्देशहरू' (२०१९)[११] मा पाउन सकिन्छ । अपाङ्गता भएका व्यक्तिहरू (बालबालिका सहित)को अन्तर्वार्ता लिने सम्बन्धमा, स्रोत पुस्तकले देहायका कुराहरूमा सामान्य मार्गदर्शन प्रदान गर्दछ : १) अन्तरवार्ताका लागि वातावरण तयार पार्ने ; २) मौखिक र गैर-मौखिक सञ्चार; र ३) अन्तरवार्ता प्रक्रियामा ध्यान दिनुपर्ने कुराहरू बुझ्नमा प्रहरी अधिकारीहरूलाई मद्दत गर्ने अपाङ्गताका विशेषताहरू ।

युएनडिपीको स्रोत पुस्तकले विशेषगरी बालबालिकाको विकास विभिन्न चरणमा हुनेहुँदा, र १० वर्ष मुनिका बालबालिकाहरू विशेष रुपमा बढी जोखिमयुक्त अवस्थामा हुनेहुँदा, उनीहरूको उमेर अनुसारको व्यवहार गर्न आवश्यक हुन्छ भनी उल्लेख गरेको छ ।

अपाङ्गता भएका व्यक्ति पीडित/प्रभावित वा साक्षी भएका घटनाहरू व्यवस्थापन गर्दा, न्याय प्रक्रियाभरी नै अपाङ्गता भएका पीडित/प्रभावितले सामना गर्ने ब्यावधानहरूलाई सम्बोधन गर्दा

१० Lisa Adams and Yumi Sera, 'Gender Guidelines'). *Disability Rights Fund & Disability Rights Advocacy Fund* (2018)

११ Investigation, Protection, and Support Measures for GBV Victims - Resource Book: Experience and Guidelines of the Korean Police (UNDP Seoul Policy Centre, 2019).

उपयुक्त अनुकूलन र अन्य विशेष व्यवस्थाहरू आवश्यक पर्दछ [१२]।

उदाहरणको रूपमा, दक्षिण अफ्रिकामा केप मेन्टल हेल्थद्वारा सञ्चालित SAVE कार्यक्रमले बौद्धिक अपाङ्गता भएका पीडित/प्रभावितलाई सहयोग गर्ने उद्देश्य राखेको छ[१३]। अधिकारमा आधारित र लैङ्गिक-उत्तरदायी हिंसा र यौन प्रजनन स्वास्थ्य र अधिकारहरू प्रदान गर्न युएनएफपीए र विमेन इनेबल्ड इन्टरनेसनल गाइडलाइन्स्मा थप मार्गदर्शन पाउन सकिन्छ[१४]।

बाल पीडित/प्रभावित र साक्षीहरूसँग कसरी कुराकानी गर्ने भन्नेबारे थप जानकारी अध्याय ९: 'सञ्चार' मा उपलब्ध छन्।

बाकस ८ मा तपाइँका कर्मचारीहरूले बाल पीडित/प्रभावित र अपराधका साक्षीहरूप्रति मर्यादा र करुणा देखाउन गर्नसक्ने केही सुझावहरू[१५] समावेश छन् :

बाकस ८

बाल पीडित/प्रभावित र अपराधका साक्षीहरूप्रति मर्यादा र करुणा दर्शाउने

सुरक्षा	सम्बन्धित बालबालिकालाई भेट्न र/वा अन्तरवार्ता लिन एक सुरक्षित र सहज वातावरण छान्नुहोस्। यदि त्यस्तो वातावरण उपलब्ध नभएमा, सकेसम्म सहज र बाल-संवेदनशील स्थान छान्नुहोस्।
गल्ती नगरेको	विशेषगरी बालबालिका सानै छन् भने, उसलाई आश्वस्त पार्नुहोस् कि उनले कुनै गल्ती गरेका छैनन् र "गल्तीका कारण समस्यामा" छैनन्। साना उमेरका पीडित/प्रभावित र साक्षीहरूले प्रायः समस्याहरूको लागि आफूलाई दोष लगाइनेछ भन्ने महसुस गर्छन् र/वा उनीहरूले भोगेका कुराहरूको लागि आफू जवाफदेही भएको महसुस गर्छन्। उसलाई हानि पुऱ्याउने व्यक्तिले कानूनको उल्लंघन गरेको छ भन्ने बालबालिकालाई स्पष्ट रूपमा बुझाउनुहोस्। अरूको व्यवहार र गलत कामका लागि बालबालिका जिम्मेवार छैनन्, र उनले त्यस्तो महसुस गर्नु हुँदैन।
विश्वास र सम्बन्ध	घटनाको विवरणहरू छलफल गर्नुअघि विश्वास र सम्बन्ध स्थापित गर्नका लागि समय लिनुहोस्। बालबालिकाको कुरा सुनेर तथा उनलाई प्रश्नहरू सोध्ने र उनले चाहेको कुरा बाँड्ने मौका दिएर यो राम्रोसँग गर्न सकिन्छ। बाल पीडित/प्रभावित र साक्षीहरूसँग प्रायः धेरै प्रश्न, चिन्ता र डर हुन्छन्। उनीहरूको चिन्ता र विचारहरू वयस्क व्यक्तिहरूले सुनिरहेका छन् भन्ने महसुस गरेमा उनीहरू सहयोगी र सहज हुने सम्भावना बढी हुन्छ।
समानुभूति	सही वा गलत भन्ने रायरहित व्यवहार देखाउनुहोस् र बालबालिकाप्रति समानुभूति दर्शाउनुहोस्।
सम्मान	पीडित हुनुपरेका परिणामस्वरुप, बाल पीडित/प्रभावित र साक्षीहरू असम्मानको अलिकतिमात्र अनुभूतिप्रति पनि संवेदनशील हुनसक्छन्। शब्दहरूको चयन निकै सावधानीपूर्वक गरिनुपर्छ।
पृथकता	बालबालिकालाई उनको आफ्नै आवश्यकता, चाहना, अनुभूति र चिन्ताहरू भएका व्यक्ति हुन् भन्ने तरिकाले उनलाई व्यवहार गर्नुहोस्। बालबालिकालाई उदाहरण नै दिनका लागि भएपनि, अन्य बालबालिकासँग तुलना नगर्नुहोस्।
उमेर - संवेदनशीलता	बाल पीडित/प्रभावित र साक्षीहरू तनावका समयमा भावनात्मक रुपमा पछि हट्छन् भन्ने कुरा थाहा पाउनुहोस्। उनीहरूले आफ्नो वास्तविक उमेरभन्दा सानो बालबालिकाले जस्तो व्यवहार देखाउन सक्छन्। उदाहरणका लागि, ८ वर्षको कुनै पीडित/प्रभावितले फेरी आफ्नो बुढीऔंला चुस्न थाल्न सक्छन्।
उचित भाषा	सम्बन्धित बालबालिकाको उमेर सुहाउँदो बाल-संवेदनशील भाषा प्रयोग गर्नुहोस्। बच्चाले बोलेको जसरी नबोल्नुहोस्।
खेल	बाल पीडित/प्रभावित र साक्षीहरू साथै ठूला उमेरका बालबालिकालाई पनि, उपयुक्त भएसम्म, खेल्न दिनुहोस्। खेल खेलेको तरिकामा उनीहरूलाई के भएको थियो भन्ने बताउन प्रेरित गर्नुहोस्। उदाहरणका लागि, कुनै पुतली वा खेलौना जनावरका मद्दतले वा चित्रमार्फत्।
सुन्नका लागि समय लिने	बालबालिकाको कुरा सुन्न र उनलाई के भएको थियो भन्ने बुझ्नका लागि पर्याप्त समय लिनुहोस्। बालबालिकाले आफूले चाहेका सबै कुरा भन्न सकेमा, परिस्थितिलाई पर्याप्त रुपमा सम्बोधन गर्न सम्भव हुनसक्छ।
उनको विचारलाई महत्व दिने	सम्भव भएसम्म, बालबालिकालाई निर्णय प्रक्रियामा र समस्याको समाधानसम्बन्धी छलफलमा समावेश गर्नुहोस्। उनको सबै प्रश्नको पहिचान तथा धैर्यताका साथ उत्तरु दिनुहोस्, जसले गर्दा उनले सुसूचित दृष्टिकोण र चासो पोख्न पाउनेछन्।

१२ Submission to the Special Rapporteur on the Rights of Persons with Disabilities: Good Practices for Increasing Effective Access to Justice for Women and Girls with Disabilities, August 9, 2019, *Women Enabled International*.

१३ See https://www.westerncape.gov.za/facility/cape-mental-health

१४ 'Women and Young Persons with Disabilities: Guidelines for Providing Rights-Based and Gender-Responsive Services to Address Gender-Based Violence and Sexual and Reproductive Health and Rights', (UNFPA-WEI, 2018), see: https://www.womenenabled.org/wei-unfpa-guidelines.html

१५ 'Training Programme on the Treatment of Child Victim/Survivors and Child Witnesses of Crime' (UNODC, 2015), see: https://www.unodc.org/documents/justice-and-prison-reform/Training_Programme_on_the_Treatment_of_Child_Victims_and_Child_Witnesses_of_Crime_-_Law_Enforcement.pdf p. 44 .

व्यवस्थापक र नेतृत्वकर्ता दुबैका रूपमा तपाईंको भूमिका भनेको महिला तथा किशोरी विरुद्धका हिंसाका घटनाहरूको अनुसन्धान पीडित/प्रभावित केन्द्रित भएर सुरुवात हुन्छ र कायम रहन्छ भन्ने सुनिश्चित गर्नु हो । यसका लागि प्रभावकारी र उपयुक्त पर्यवेक्षण भइरहेको सुनिश्चित गरी, अनुसन्धान र मुद्दा व्यवस्थापन प्रक्रियाको निरीक्षण गर्न आवश्यक पर्दछ । नैतिक र निष्ठाको मापदण्ड अनुसार अनुसन्धान भइरहेको छ भनी सुनिश्चित गर्न पर्यवेक्षण आवश्यक हुन्छ । एक नेतृत्वकर्ताका रूपमा, तपाईं प्रोत्साहनकर्ता, सहयोगी र पहुँचयोग्य हुनुपर्दछ, तर साथसाथै उचित अवस्थामा व्यक्तिहरूलाई जवाफदेही बनाउन पनि सक्षम हुनुपर्दछ ।

- तपाईंका कर्मचारीले तपाइँका र तपाइँको संगठनका अपेक्षाहरू अनुसार काम गरिरहेका छन् भनेर तपाइँ कसरी सुनिश्चित गर्नुहुन्छ ?
- गोप्यता र गोपनीयता कायम गरिएको छ भनेर तपाईं कसरी सुनिश्चित गर्नुहुन्छ ?

'पीडित/प्रभावित-केन्द्रित' दृष्टिकोण भित्र के पर्छन् भन्नेबारे थप जानकारीको लागि, अध्याय २ : 'व्यवस्थापक र टोली नेताको रूपमा फरक ल्याउने' हेर्नुहोस् ।

देहायका कुरालाई विचार गर्नुहोस् :

- न्याय प्रक्रियाको अर्को चरणमा पेश गर्नुअघि मुद्दासम्बन्धी फाइलहरूको निरीक्षण गरिएको कसरी सुनिश्चित गर्नुहुन्छ ?
- कुनैपनि अनुसन्धान भित्र हुन सक्ने कुनै कमीकमजोरीको परिणामस्वरुप अभियोजनले निरन्तरता नपाउने वा अदालतमा दोषमुक्त हुनसक्ने कुराबारे के तपाईं सचेत हुनुहुन्छ ?
- तपाईंका सहकर्मीहरूका तुलनामा तपाईंको प्रहरी चौकी वा विभागले कत्तिको राम्रो कार्यसम्पादन गर्छ ?
- के तपाईं वा तपाईंका कर्मचारीमध्ये कसैले अभियोजनकर्ता वा अदालतका अधिकारीहरूसँग आ-आफ्ना आवश्यकता र अपेक्षाहरूबारे छलफल गर्न नियमित रुपमा भेटघाट गर्ने गर्नुभएको छ ? कुनैपनि मुद्दाको मिसिल तयार गर्दा न्यायसम्बन्धी अन्य निकायहरूसँग सक्दो छिटो संलग्न हुनु राम्रो अभ्यास हो । केही देशहरूमा, महिला तथा किशोरी विरुद्धका हिंसाका मुद्दामा काम गर्ने प्रहरी र अभियोजनकर्तालाई सँगसँगै राखिन्छ, ताकि उनीहरूका लागि परस्पर निरन्तर सम्वाद गर्ने अवसर प्राप्त हुनुका साथै विशेषज्ञ सीपहरू सुदृढ गर्ने मौका प्राप्त हुन्छ, जसको फलस्वरुप अदालतमा उन्मुक्ति पाउने सम्भावना कम हुन्छ । यसले गर्दा, पीडित/प्रभावितले दिनुपर्ने अन्तरवार्ताको संख्यामा पनि कमी ल्याउनमा मद्दत गर्छ, जसले गर्दा पुनः पीडित हुनुपर्ने अवस्था आउन नदिनुका साथै, पीडित/प्रभावितका सन्दर्भमा न्याय प्रणालीप्रति उनको विश्वास र भरोसा अभिबृद्धिमा मद्दत पुग्छ ।
- अभियोजनको मापदण्ड पूरा नगर्ने कुनै पनि मुद्दाहरूबाट 'सिकाई भएका छन्' भनेर तपाईं कसरी सुनिश्चित गर्नुहुन्छ ?
- महिला तथा किशोरी विरुद्धका हिंसाका मुद्दाहरूमध्ये अदालतमा जानेको संघर्षण दर (attrition rate) कति हो ?
- संघर्षणका कारण के हुन् ?
- यी प्रश्नहरूको जवाफ दिनको लागि, तपाईंले तथ्याङ्क विश्लेषण गर्नुपर्ने हुन्छ, जुन तपाईले समन्वय र सहयोग मार्फत अभियोजनकर्ता वा अदालतका अधिकारीहरूबाट अनुरोध गर्न सक्नुहुन्छ । ***(अध्याय ८ : 'न्यायिक निकायहरू बीचको समन्वय' हेर्नुहोस्)*** ।

मिसिल तथ्याङ्कको विश्लेषण नभएसम्म, प्रहरी अनुसन्धान बलियो थियो र प्रमाणमा कुनै कमी थिएन भन्नेमा तपाईं कत्तिको विश्वस्त हुन सक्नुहुन्छ ? तपाईंका कर्मचारीलाई नयाँ निर्देशनहरू जारी गर्ने जस्ता त्यहाँ तपाईंद्वारा गर्न सकिने केही साधारण परिवर्तनहरू हुन सक्छन् ; यद्यपि, तपाईंले तथ्याङ्क जाँच नगरेसम्म, कुनै पनि समस्याबारे तपाईंलाई थाहा नहुन सक्छ ।

निरन्तर व्यावसायिक विकास सुनिश्चित गर्न, तपाइँको जिम्मेवारीको क्षेत्रभित्र केकस्ता कमजोरी छन् भन्ने बारे सचेत हुन आवश्यक छ र सार्वजनिक गुनासोहरू प्राप्त एवं सम्बोधन गर्नु उक्त जानकारी प्राप्त गर्ने एक संयन्त्र हो । फेरि, समस्याहरू बुझेपछि तपाइँ स्थानीय समुदायभित्र विश्वास र भरोसा निर्माण गर्ने अन्तिम लक्ष्यसहित, आफ्ना कर्मचारीहरूलाई स्पष्ट मार्गदर्शन प्रदान गर्न र सान्दर्भिक स्थानमा सकारात्मक परिवर्तन ल्याउन बढी सक्षम हुन सक्नुहुन्छ ।

- पीडित/प्रभावितलाई उनीहरूको उजुरीका सम्बन्धमा कुनै पनि प्रहरी कारवाही वा निष्क्रियताका बारेमा औपचारिक उजुरी गर्न सम्भव बनाउने कस्ता प्रक्रियाहरू तपाईंसँग छन् ?
- उक्त प्रक्रिया कत्तिको पहुँचयुक्त छ, र के यसबारे तपाईंको इलाका भित्रका समुदायहरूलाई सूचित गरिएको छ ?

अनुसन्धानको व्यवस्थापन र निरीक्षणको अर्थ तपाईंको कर्मचारीको सूक्ष्म-व्यवस्थापन गर्नु होइन, तर तपाइँ आफ्ना वरिष्ठ व्यवस्थापकहरू र स्थानीय समुदायप्रति परिणामका लागि उत्तरदायी हुनुहुन्छ । तपाईंले आफ्ना कर्मचारीको सशक्तिकरण र सक्षमताका लागि कोचिंग, अनुशिक्षण गर्नुका साथै आवश्यक परेमा उनीहरूका कार्यका लागि वा निष्क्रियताका लागि जवाफदेही बनाउँदै, आफ्नो प्रत्यक्ष नेतृत्व प्रदर्शन गर्न आवश्यक हुन्छ । यसो गर्दा, तपाईंले आफ्नो अपेक्षाहरूका सन्दर्भमा स्पष्ट बलियो सन्देश दिनुहुनेछ र के गर्नु आवश्यक हुन्छ भनेर उनीहरूले बुझ्नेछन् ।

महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यमा भएका चुनौतीको सामना आफ्नै टोलीमा भएका कमीकमजोरीको पहिचानबाट शुरु हुन्छ

महिला तथा किशोरी विरुद्धका हिंसाका मामिलाहरूमा प्रतिकार्य गर्दा प्रहरी संगठनहरूको असल अभ्यास र क्षमताको अन्तरहरूको विस्तृत विश्वव्यापी नक्साङ्कनबाट प्रेरित भएको सूची तल दिइएको छ । यो नक्साङ्कनमासेवारत र सेवानिवृत्त धेरै प्रहरी अधिकारीहरू र महिला तथा किशोरी विरद्धका हिंसालाई सम्बोधन गर्ने विशेषज्ञ गैर-सरकारी संस्थाहरूसँग काम गरेको अनुभव भएका संयुक्त राष्ट्रसंघीय कर्मचारीहरूका साथै अन्य कुराहरू समावेश गरिएका थिए । पहिचान गरिएका क्षमतासम्बन्धी कमीकमजोरीबारे मुख्य सवाल बुझ्नमा पाठकहरूलाई मद्दत गर्नका लागि खण्डीकृत शीर्षकहरू राखिएका हुन् । यद्यपि, तिनीहरू सबै प्रत्येक बुँदाका लागि लागू हुन्छन् र/वा परिपूरक छन् :

मनोवृत्ति

- जबरजस्ती करणीको अनुसन्धान गर्न धेरै गाह्रो छ वा यो एक विशेषज्ञताको कार्य हो भन्ने सामान्य धारणा;[१६]
- अपाङ्गता भएका व्यक्तिहरूलाई प्रायः शिशुसरह, आश्रित र आफ्नै निर्णय गर्न असक्षम व्यक्तिका रूपमा चित्रण गरिन्छ, जसले हेयभाव र डर थपिदिन्छ ।

लैङ्गिक पूर्वाग्रह

- महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी भ्रमहरूमा विश्वास, उदाहरणका लागि, प्रहरीद्वारा गरिएका यौन हिंसाका आरोपहरू बारे कमाण्डिङ अफिसरहरू सचेत छन्, तर तिनलाई सम्बोधन गरिएको छैन (अमेरिकी न्याय विभागले पहिचान गरेको प्रहरी बलहरूमा भएका लैङ्गिक पूर्वाग्रहका सामान्य परिणामहरू तल हेर्नुहोस्);
- 'विशेषगरी प्रहरी अधिकारीहरूलाई असर गर्ने महिला तथा किशोरी विरुद्धका यौन हिंसाको अपराधमा, आदर्श पीडित/प्रभावितको व्यवहार' र त्यसै अनुसारको अनुसन्धानको गुणस्तरसँग सम्बन्धित भ्रमहरू;
- पीडितहरू/प्रभावितले लगाएका लुगा वा व्यवहारले आक्रमणलाई उक्साएका थिए भन्ने विश्वासमा, प्रहरी अधिकारीहरूले पीडितहरू/प्रभावितलाई नै दोष दिन सक्छन् ।

पुनः पीडित हुने

- पीडित/प्रभावितलाई पुरुष प्रहरी अधिकारीहरूद्वारा बारम्बार सोधपुछ गरिन्छ र बयान दिँदा अनादरपूर्ण व्यवहार गरिन्छ ।

गलत अभ्यास

- प्रहरी अनुसन्धानकर्ताहरूले यौन दुव्यवहारको मुद्दामा, कथित पीडकले पीडित/प्रभावितको सहमति प्राप्त गरेको जस्तो पीडकले आफ्नो कार्यलाई प्रमाणित गर्नुपर्ने कुरामा ध्यान केन्द्रित गर्नुको सट्टा, प्रायः पीडित/प्रभावितलाई नै उनी धम्की वा हिंसाको शिकार थिइन् (जस्तै उनले सहमति नदिएको) भन्ने प्रमाण जुटाउने भार राखिदिन्छन् ।
- यौन दुर्व्यवहार वा घरेलु हिंसाका घटनाहरूलाई गलत वर्गीकरण गर्ने वा कम रिपोर्टिङ्ग गर्ने, वा यौन दुर्व्यवहारका घटनाहरू निराधार छन् भनी अनुपयुक्त रूपमा निष्कर्ष निकाल्ने । उदाहरणका लागि, महिला र किशोरीहरू बेपत्ता भएका उजुरीका घटनाहरूमा, प्रहरीले प्रायजसो प्रतिकार्य गर्नका लागि, वास्तवमा अपराध भएको छ भन्ने पुष्टि नभएसम्म पर्खने गर्छ ।
- अपर्याप्त स्रोतहरू, जस्तै पीडित/प्रभावितलाई सही गन्तव्यसम्म लैजानका लागि यातायात, जसको परिणामस्वरूप महिला तथा किशोरी विरुद्धका हिंसा रोकथाम र अनुसन्धानमा अनिवार्य रूपमा आफ्नो भूमिका निर्वाह गर्न प्रहरीले पीडित/प्रभावितबाट पैसाको माग गर्दछन् ।
- मुद्दा व्यवस्थापन प्रणालीहरू पर्याप्त रूपमा एकीकृत छैनन्, लगातार अद्यावधिक गरिएका छैनन् र पीडित/प्रभावितको अनुगमनको लागि जिम्मेवार फौजदारी न्यायिक निकायहरूका लागि सजिलै पहुँचयुक्त छैनन् ।
- अधिकारीहरूले मुख्यतया पीडित/प्रभावितलाई सूचना वा प्रमाणको स्रोतका रूपमा प्रयोग गरेर पीडित/प्रभावितको कल्याणभन्दा अनुसन्धानलाई प्राथमिकता दिन सक्छन् [१७]।
- सान्दर्भिक सूचनाको समयमै आदानप्रदान सुनिश्चित गर्न अपराधसम्बन्धी अन्य न्यायिक निकायहरूसँगको सूचना आदानप्रदानका क्रमाचारहरू, सामान्यतया अनुपालन र सिकाई गर्ने उद्देश्यका साथ अनुगमन गरिएका हुँदैनन् ।

१६ Erin Gallagher, 'SGBV Investigation Planning', Institute for International Criminal Investigations (IICI) and the Justice Rapid Response (2015).

१७ Nathan Birdsall, Stuart Kirby & Michelle McManus (2017), 'Police–victim engagement in building a victim empowerment approach to intimate partner violence cases', *Police Practice and Research*, 18:1, 75-86, DOI: 10.1080/15614263.2016.1230061.

बाकस ९

प्रहरीबलद्वारा हुने लैङ्गिक पूर्वाग्रहले सामान्यतया ल्याउने नतिजाहरू *

- लैङ्गिकताका आधारमा केही पीडित/प्रभावितलाई कम सुरक्षा उपलब्ध हुने,
- कुनै विशेष लिङ्गका मानिसहरूलाई असमान रुपमा हानि पुऱ्याउने अपराधहरूमा प्रतिकार्य नहुने,
- लैङ्गिकतासम्बन्धी रुढिवादी सोचमा निर्भरताका कारण थोरै वा कम चुस्त सेवाहरू उपलब्ध गराइने;
- यौन दुर्व्यवहार वा घरेलु हिंसाका घटनाहरूलाई गलत वर्गीकरण वा कम रिपोर्टिङ्ग गर्ने;
- यौन दुर्व्यवहारका घटनाहरू निराधार छन् भन्ने अनुपयुक्त निष्कर्षमा पुग्ने;
- यौन दुर्व्यवहार किट (कभहगबा बककबगति पष्तक) परीक्षण गर्न असफल हुने;
- पीडित/प्रभावित र साक्षीहरूको अन्तरवार्ता लिनुको सट्टा सोधपुछ र केरकार हुने,
- घरेलु हिंसालाई अपराधको सट्टा पारिवारिक मामिलाको रूपमा लिइने;
- संरक्षणात्मक आदेशहरू लागू गर्न असफल हुने ;
- समलिङ्गी सम्बन्धका घरेलु हिंसालाई अपराधको रूपमा व्यवस्थापन गर्न असफल हुने;
- तथ्यहरू पत्ता लगाउने, कुनैपनि घटना अपराध हो वा होइन भनेर निर्धारण गर्ने, र प्रभावकारी अभियोजनलाई सहयोग पुऱ्याउँदै पीडकलाई जवाफदेही बनाउने मुद्दा तयार पार्ने क्षमतामा बाधा पुग्ने ।

* स्रोत : अमेरिकी न्यायिक विभाग, २०१५

भेदभाव

- अपाङ्गता भएका वा अशिक्षित पीडित/प्रभावितलाई प्रायः महिला तथा किशोरी विरुद्धका हिंसाबारे उजुरी गर्दा, र विशेषगरी गम्भीर कानुनी प्रभाव पर्ने बयानहरूमा हस्ताक्षर गर्दा, पर्याप्त रूपमा सहयोग गरिँदैनन् ।[९८]

तालिम र शिक्षाको कमी

- जबरजस्ती करणी भएकाहरूलाई, अस्पतालमै उपलब्ध रहेको ७२ घण्टाको सामान्य सम्बोधन समय (एचआईभी, गर्भावस्था आदि रोकथाम) मा कसरी सहयोग गर्ने भन्ने बारे प्रहरीसँग सीमित ज्ञान छ ।
- महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितसँग सम्भावित रूपमा संलग्न हुने सबै अधिकारीहरूको प्रायः प्रशिक्षण र शिक्षामा आघात-सूचित हस्तक्षेपहरूबारे प्रशिक्षण समावेश गरिएको छैन ।
- व्यक्तिगत तथ्याङ्कको सुरक्षासम्बन्धी राष्ट्रिय कानूनहरूबारे प्रहरी अधिकारीहरूमा सामान्यतया ज्ञानको कमी ।

९८ 'A Practitioner's Toolkit on Women's Access to Justice Programming' (UN Women et al., 2018).

परिभाषा र कार्यगत ढाँचाहरू

महिला तथा किशोरी विरुद्धका हिंसाका कुनैपनि घटनामा प्रहरी अनुसन्धान प्रक्रियालाई अत्यावश्यक सेवा प्याकेजले व्याख्या गरेको छ, जसमा तलका क्रियाकलाप लगायत समावेश छन् :

- मुद्दाको मूल्याङ्कन र अनुसन्धान, सामान्यतया फौजदारी न्याय प्रणालीमा सञ्चालन हुने;
- घटनास्थल व्यवस्थापन;
- अनुसन्धानको योजना;
- पीडित/प्रभावित, र साक्षीको अन्तरवार्ता;
- जोखिम पहिचान, मूल्याङ्कन र व्यवस्थापन,
- प्रमाण सङ्कलन, प्रशोधन र विश्लेषण;
- विधिविज्ञानजन्य परीक्षणहरू;
- कथित पीडक र दोहोरिरहने घटनास्थलका सम्बन्धमा गुप्त सूचना (Intelligence);
- कथित पीडकको पहिचान, अन्तरवार्ता, पक्राउ र प्रशोधन; र
- निष्कर्ष र सम्पन्न गरिएका कार्यहरूको अभिलेखीकरण ।

कथित पीडक र पीडित/प्रभावित व्यक्ति को को हुन् भनेर छुट्याउने, र त्यसपछि त्यस सम्बन्धलाई तदनुसार व्यवहार

बाकस १०

हानी नगरौंका केही उदाहरणहरू*

प्रहरीका आफ्नै कार्य र सञ्चारहरूले अनियतवश महिला तथा किशोरी विरुद्धका हिंसामा योगदान पुऱ्याउने पुरुष र महिलाका बारेमा गैर-उपयोगी परम्परागत रुढिवादी सोचलाई थप बल पुग्दै छ कि भनेर प्रहरीले ध्यान दिनुपर्छ ।

अनियतवश अन्य लैङ्गिक भेदभावपूर्ण मनोवृत्तिहरू (जस्तै, महिलाको गतिशीलता, स्वतन्त्रता वा गोपनीयतालाई सीमित गरेर उनीहरूलाई 'सुरक्षा' गर्नुपर्छ भन्ने पुरुषहरूले महसुस गर्ने) वा कहिलेकाहीं उत्पन्न हुने समानता विरोधी दृष्टिकोण (जस्तै, कुनै निश्चित समूहका मानिसहरूप्रतिको द्वेष वा होमोफोबिया) बारे प्रहरीले सचेतना अपनाउनुपर्छ ।

हानि गर्नबाट कसरी बच्ने :

- समुदायमा महिला तथा किशोरीहरूका विविध अनुभवहरू र उनीहरू विरुद्धका हिंसाको क्षेत्रमा कार्यरत विशेषज्ञहरूद्वारा सूचित गरिए अनुरुप, हस्तक्षेपहरू पीडित/प्रभावितको सुरक्षा र कल्याणमा केन्द्रित गरिएको सुनिश्चित गर्ने ;
- विगतका हस्तक्षेपका सन्दर्भ र नतिजा दुवैबारे ज्ञान भएका स्थानीय संस्था र व्यक्तिहरू - पुरुष र महिला दुवैलाई संलग्न गरेर, अपनाइएका पद्धति र कार्यहरूको सांस्कृतिक उपयुक्तता सुनिश्चित गर्ने;
- अभियानका सन्देशहरू, सञ्चार सामग्रीहरू, र अन्य महत्वपूर्ण सामग्री वा हस्तक्षेपका उपायहरू विकास गर्दा किशोर तथा पुरुषहरूलाई समावेश गर्ने;
- निर्दिष्ट लक्षित वर्गहरूमा सबै पहुँच सामग्रीहरूको स्थलगत परीक्षण गर्ने (उदाहरणका लागि, उमेर समूह, भाषा समूह, जातीय समूह वा अन्य महत्वपूर्ण विशेषतासहितका समूह);
- हस्तक्षेपहरूको निरन्तर अनुगमन तथा मूल्याङ्कन;
- मूल्याङ्कनमा महिलाहरूबाट प्राप्त प्रतिक्रिया समावेश गर्ने (उदाहरणका लागि, पुरुषहरूले आफैं अभिव्यक्त गरेका मनोवृत्ति वा व्यवहार परिवर्तनहरू पुष्टि गर्नका लागि)।

*युएन वुमनको हानी नगरौं ('Do No Harm') २०१० बाट अनुकूलित

गर्ने कुरा यस प्रक्रियाका लागि महत्वपूर्ण हुन्छन् ।[१९] यस अभ्यासले अनुसन्धान अधिकारीहरूलाई पीडित/प्रभावित-केन्द्रित दृष्टिकोण सुरु गर्दा महत्त्वपूर्ण कदमस्वरुप, पीडित/प्रभावितले भोग्नुपरेको पीडाका विभिन्न आयामहरू र परिणामस्वरूप सुरक्षा आवश्यकताहरू पहिचान गर्ने दिशातिर निर्देशित गर्नेछ ।[२०] यसले पीडित/प्रभावित विरुद्ध प्रयोग हुने दुर्व्यवहारको ढाँचा र हिंसाको प्रकृतिलाई प्रभाव पार्ने वातावरणीय कारकहरू पहिचान गर्न पनि अनुसन्धानकर्ताहरूलाई प्रेरित गर्नुपर्छ ।

यस जानकारी प्राप्त भएपछि, प्रहरीले पीडित/प्रभावितको सुरक्षा र मर्यादा सुनिश्चित गर्न र आपराधिक र/वा हिंसात्मक कार्य प्रमाणित गर्न प्रमाण र अनुसन्धानजन्य आवश्यकताहरू पूरा गर्ने बीचको सही सन्तुलन सुनिश्चित गर्न आफ्ना प्रतिकार्यको मात्रा तय गर्न सक्छन् । यसको लागि 'हानी नगरौंको सिद्धान्त' मुख्य रुपमा लागू हुन्छ । महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्दा प्रहरीले '**हानि नगरौं**' लाई कसरी चरितार्थ गर्नसक्छन् भन्ने उदाहरणहरूको लागि तल हेर्नुहोस् :

पीडित/प्रभावित-केन्द्रित दृष्टिकोण लागू गर्नका लागि, **पीडकमा-केन्द्रित अनुसन्धानमा** 'हानी नगरौं'को वस्तुनिष्ठता र भेदभावरहित सिद्धान्तहरूमा द्रुतताका साथ काम गर्ने संवेदनशील र सावधानीपूर्ण प्रहरी प्रतिकार्य महत्वपूर्ण हुन्छ ।

पीडित/प्रभावित-केन्द्रित र पीडक-केन्द्रित (victim/survivor-centred and perpetrator-focused) अनुसन्धानमा तीनवटा मुख्य कार्यहरू हुन्छन् :

१. पीडित/प्रभावितलाई विश्वास गरेर यसको सुरुवात हुन्छ (investigate *ex officio*);

२. पीडित/प्रभावित र परिवारका अन्य सदस्यहरूलाई थप हानि नभएको सुनिश्चित गर्नुका साथै कथित पीडकलाई हानि (वा आत्म-हानि) को सम्भावना नभएको सुनिश्चित गर्ने ;

१९ The Handbook recognizes that many perpetrators of violence are or have themselves been victims of violence.

२० According to the ESP framework, a victim/survivor-centred approach places the rights, needs and desires of women and girls as the centre of focus of service delivery. This requires consideration of the multiple needs of victims and survivors, the various risks and vulnerabilities, the impact of decisions and actions taken, and ensures that services are tailored to the unique requirements of each individual woman and girl. Services should meet her needs.

३. उपलब्ध सबै माध्यमहरू प्रयोग गरेर समयमै मुद्दाका तत्वहरू वा तथ्यहरू स्थापित गर्न भौतिक[२१] र जैविक/विधिविज्ञानका प्रमाणहरू सङ्कलनमा निर्भर हुन्छ ,[२२]

४. प्रमाणको एकमात्र स्रोतको रूपमा पीडित/प्रभावितलाई मात्रै बोझ नदिएर, साथै कथित पीडक वा साक्षीहरू लगायतबाट दबाबपूर्ण तरिकाले दिइएको बयानलाई आधार नबनाएर, एक बलियो मुद्दा बनाउन प्रयास गर्छ ।

उदाहरणका लागि, महिला तथा किशोरी विरुद्धका यौन हिंसाका घटनाहरूमा, पीडित/प्रभावितबाट वास्तवमा सहमति प्राप्त भएको थियो कि थिएन भन्ने वस्तुगत रूपमा निर्धारण गर्नका लागि, एक पीडक-केन्द्रित अनुसन्धानले, धम्की वा हिंसा भएको (अर्थात, सहमति नदिएको) प्रमाणित गर्ने भार पीडित/प्रभावितमाथि नै राख्नुको साटो प्रमाणका लागि कथित पीडकमा ध्यान केन्द्रित गर्ने प्रयास गर्छ ।

यस्तो अवस्थामा, कथित पीडकको दुर्व्यवहारको प्रवृत्ति विशेषज्ञहरूद्वारा अनुमोदित हिंसा मोडेलको चक्र भित्र कसरी फिट हुन्छ भनेर निर्धारण गरेमा, त्यो अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासले प्रवर्द्धन गरेको निष्पक्ष र वस्तुनिष्ठ अनुसन्धानात्मक दृष्टिकोणसँग मेल खान्छ ।

सहमति भनेको कुनै व्यक्तिले स्वतन्त्र रूपमा र स्वेच्छाले केही गर्नको लागि सुसूचित भएर विकल्प रोजेको भनेर परिभाषित गरिन्छ । यदि यो धम्की वा बलको प्रयोग, जबरजस्ती, धोखा, छल, वा गलत व्याख्याद्वारा प्राप्त गरिएको हो भने, त्यहाँ कुनै सहमति भएको मानिँदैन ।[२३]

यस परिभाषालाई ध्यानमा राख्दै, प्रहरीले यौन हिंसाको मामलामा सहमतिसँग सम्बन्धित तथ्यहरू स्थापित गर्दा विशेष रूपमा ध्यान दिनु आवश्यक छ - यदि कथित पीडित/प्रभावितले उक्त गतिबिधि भएको समयमा, सहमति गर्ने क्षमतामा प्रभाव पार्ने कुनै मानसिक वा शारीरिक क्षति भोगेको थिए वा थिएनन् ।

> "पीडकको जवाफदेहिताले, उपयुक्त अवस्थामा, अत्यावयक सेवाहरुद्वारा पीडकलाई जवाफदेही बनाउँदै, न्यायिक प्रतिकार्यमा निष्पक्षता सुनिश्चित गरेको हुनुपर्छ । अत्यावश्यक सेवाले न्यायिक प्रक्रियामा पीडित/प्रभावितको सहभागितालाई सहयोग र सहजीकरण गर्दै, उनले आफ् नोलागि आफै कदम चाल्नसक्ने क्षमता प्रर्वद्धन गर्दै, र न्याय खोज्ने भार उनीमाथि नराखिएको बरु राज्यमाथि राखिएको सुनिश्चित गरेको हुनुपर्छ ।"
>
> - हिंसामा परेमा महिला तथा किशोरीहरूका लागि अत्यावश्यक सेवासम्बन्धी युएनको विश्वव्यापी संयुक्त कार्यक्रम (२०१५)

यसबाहेक, जब पीडित/प्रभावितको उमेर राष्ट्रिय कानुनले तोकेको न्यूनतम उमेर, जसमा व्यक्तिलाई यौन गतिविधिमा भाग लिनका लागि कानूनी रूपमा पर्याप्त उमेर मानिन्छ, सोभन्दा कम उमेर भएको अवस्थामा, सहमतिलाई एक कारकको रूपमा मानिनु हुँदैन ।

युनिसेफका अनुसार, यौन सहमतिका लागि अन्तर्राष्ट्रिय मापदण्डले कुनै न्यूनतम उमेर इंगित गर्दैन ।[२४] यद्यपि, बालबालिकाको अधिकारसम्बन्धी समिति (सीआरसी)ले १३ वर्षलाई "निकै कम" मानेको छ ।

यसबाहेक, सीआरसीले सदस्य राष्ट्रहरूलाई बालबालिकाका विकासशील क्षमताहरूको सम्मान गर्न र यसका लागि न्यूनतम उमेरलाई धेरै माथि नराख्न अनुरोध गर्दछ । राज्यहरूले एउटा मापदण्डका रूपमा, संलग्न व्यक्तिहरू बीचको उमेरको भिन्नतालाई उनीहरूबीचको शक्ति सन्तुलनको एउटा सङ्केतको रूपमा विचार गर्नुपर्छ र दुई नाबालक किशोरकिशोरीहरू संलग्न भएका मुद्दाहरूलाई पनि सम्बोधन गर्नुपर्छ[२५] ।

सहमतिभित्र के पर्छ र के पर्दैन भन्ने उदाहरणका लागि अध्याय ९ : 'सञ्चार' हेर्नुहोस् ।

पीडित/प्रभावितले प्रहरीसँग सहकार्य गर्ने सुनिश्चित गर्नका लागि त्यस्ता प्रमाणहरूको सक्रिय सङ्कलन महत्वपूर्ण हुन्छ, किनकि यसले गर्दा एकातिर सहयोगी प्रमाणहरूमार्फत् पीडित/प्रभावितमाथि पर्नसक्ने प्रमाणको बोझलाई कम गर्न सकिन्छ भने, अर्कातिर उनीमाथि भएको हिंसालाई यसले विश्वसनीयता प्रदान गर्दछ । त्यस अतिरिक्त, प्रहरीले सुरुदेखि

---

२१ भौतिक प्रमाणलाई शारीरिक प्रमाणमा मात्र सिमित नगरेर, पीडित/प्रभावित र उनको व्यवहारमा हिंसा र आघातले पारेका असर लगायतलाई समेट् नुपर्छ, जस्तै, अन्तरंग साथीबाट हुने हिंसाका पीडकसँग नै सम्बन्ध कायम राखिरहने ।

२२ See: Nathan Birdsall, Stuart Kirby & Michelle McManus (2017), 'Police-victim engagement in building a victim empowerment approach to intimate partner violence cases,' *Police Practice and Research*, 18:1, 75-86, DOI: 10.1080/15614263.2016.1230061 and Ellison, L. (2002), 'Prosecuting domestic violence without victim participation', *Modern Law Review*, 65, 834–858.

२३ 'Gender-based Violence Resource Pack: A Standardized Training Tool for Duty Bearers, Stakeholders, and Rights Holders' (UN Women, 2019).

२४ 'Legal minimum ages and the realization of adolescents' rights' (UNICEF), see: https://www.unicef.org/lac/media/2806/file

२५ See General comment No. 4of the Convention on the Rights of the Child (CRC/GC/2003/4 of 2003) and General Comment No. 21 of Committee on the Elimination of Discrimination against Women (CEDAW/C/GC/21 of 1994).

"किशोरकिशोरीहरुलाई यौन दुर्व्यवहार र कम उमेरमा यौन क्रियाकलापबाट उनीहरुको अधिकार र विकासमा पर्ने प्रभावबाट बचाउनु न्यूनतम उमेरको उद्देश्य हो ।"

- यौन क्रियाकलापमा सहमतिका लागि न्यूनतम उमेर (युनिसेफ)

नै अभियोजनको यथार्थपरक सम्भावनाका साथ मुद्दाहरूको अनुसन्धान गर्ने पनि सुनिश्चित गर्छ ।[२६]

तलको चित्रले महिला तथा किशोरी विरुद्धका हिंसामा पीडित/प्रभावित-केन्द्रित अवधारणा हुँदै पीडक-केन्द्रित अनुसन्धानसम्मको क्रमलाई चित्रण गर्दछ:

वा अन्यथा त्यसलाई क्षमा गर्न सक्छन् ।

कतिपय अवस्थामा, विशेषगरी लैङ्गिक भूमिका, यौन दुर्व्यवहार र घरेलु हिंसाका बारेमा रुढिवादी सोचसँग सम्बन्धित लैङ्गिक पूर्वाग्रहहरूका कारण प्रहरीले पीडित र पीडकको वर्गीकरण वा हैसियतलाई धमिल्याएका वा कतिपय अवस्थामा विपरित बनाइदिएका छन् ।

त्यस्ता अवस्थाहरूमा, सम्बोधन गर्ने अधिकारीहरूले पीडित/प्रभावितका विश्वसनीयतामाथि प्रश्न उठाउन थाल्छन्, र जब उनीहरूले गलत वा अस्थिर प्रकारका जानकारी प्रदान गरेको महसुस गर्छन्, उनीहरूले हिंसाको लागि पीडित/प्रभावितलाई

चित्र १

पीडित/प्रभावित-केन्द्रित अवधारणा हुँदै पीडक-केन्द्रित अनुसन्धानसम्म



दु:खलाग्दो कुरा, महिला तथा किशोरी विरुद्धका हिंसाका प्रतिकार्यमा संलग्न प्रहरी अधिकारीहरूमा भएका प्रत्यक्ष र अप्रत्यक्ष पूर्वाग्रहहरूका कारण उनीहरूले घटनाको व्यवस्थापन कसरी गर्छन् भन्ने निर्धारण गर्नमा महत्वपूर्ण भूमिका खेल्ने अध्ययनहरूले बताउँछन् ।[२७] केही प्रहरी अधिकारी र अन्य न्यायकर्मीहरूले भेदभावपूर्ण विचारहरू मात्र राख्दैनन्, उनीहरू आफैं महिला तथा किशोरी विरुद्धका हिंसाका अपराधी हुन सक्छन् नै दोष दिन पनि सक्छन् । परिणामस्वरूप, अनुसन्धानका लागि खटिएका अधिकारीले कथित हिंसाका लागि आरोपित पीडकको जिम्मेवारी र आपराधिकतालाई अवमूल्यन गर्दै, कथित पीडकको व्यवहार र गतिविधिहरूको अनुसन्धानबाट ध्यान गुमाउने प्रवृत्ति बढेर, उल्टो पीडित/प्रभावितको व्यवहारमा ध्यान केन्द्रित गर्नेतर्फ उन्मुख हुन्छ ।

प्रहरीमा लैङ्गिक पूर्वाग्रहको विनाशकारी प्रभावलाई न्यूनीकरण गर्न, प्रहरी संगठनहरूले महिला तथा किशोरी विरुद्धका हिंसाप्रतिको सोच एवं मनोवृत्तिमा परिवर्तन ल्याउनका लागि सूचित नीतिहरू तथा जवाफदेहिता संयन्त्रहरूद्वारा समर्थनप्राप्त संस्थागत प्रतिबद्धता गर्न आवश्यक रहन्छ । सोच र मनोवृत्तिको यो परिवर्तन महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी देहायका

२६ See Nathan Birdsall, Stuart Kirby & Michelle McManus (2017), 'Police-victim engagement in building a victim empowerment approach to intimate partner violence cases', *Police Practice and Research*, 18:1, 75-86, DOI: 10.1080/15614263.2016.1230061

२७ Huhtanen, H., Lonsway, K.A., Archambault, J. (2017), 'Gender Bias in Sexual Assault Response and Investigation'; Training Bulletin Series: Part 1-4. *End Violence Against Women International* (EVAWI).

मान्यतामा आधारित हुनुपर्छ : क) मानवअधिकार उल्लङ्घन र: ख) समाजका निश्चित समूहहरूलाई अलग्याउने र सीमान्तकृत गर्नुका साथै सामाजिक एकता, अखण्डता र दिगो विकासमा बाधा पुऱ्याउने एक प्रणालीगत चुनौती ।[२८]

सन् २०१०को अद्यावधिक गरिएका मोडेल रणनीतिहरूले, अभ्यास तथा व्यवहार र आचार संहिताहरूको लागूयोग्य मापदण्डहरू विकास गर्न र उपयुक्त निरीक्षण र जवाफदेहिता संयन्त्रहरू मार्फत प्रहरी अधिकारीहरूलाई कुनैपनि उल्लङ्घनका लागि जवाफदेही बनाइएको सुनिश्चित गर्न सिफारिस गर्दछ ।[२९]

लैङ्गिक-उत्तरदायी प्रहरीकार्य सुनिश्चित गर्न नीति र संयन्त्रहरूको विकास र कार्यान्वयनमा मार्गदर्शनको लागि अध्याय १० : 'महिला तथा किशोरी विरुद्धका हिंसाप्रति प्रभावकारी र जवाफदेही प्रहरी प्रतिकार्यका लागि संगठनात्मक विकास' र अध्याय ११ : 'लैङ्गिक-उत्तरदायी प्रहरी कार्यका लागि चुनौती र रणनीतिहरू' हेर्नुहोस् ।

विशेषगरी अन्तरंग साथीबाट हुने हिंसाका मामिलामा, प्रहरीमा प्रारम्भिक उजुरी गर्ने व्यक्तिविरुद्ध प्रत्यारोपहरू लगाइन सक्छन् । त्यस्ता परिस्थितिहरूलाई सावधानीपूर्वक व्यवस्थापन गर्नु आवश्यक हुन्छ, र उनीहरू दुबै 'एकभन्दा अर्को कम खराब छैनन्' भन्ने विश्वासको जालमा परेर उजुरीहरूलाई पूर्ण रूपमा खारेज गर्नु हुँदैन ।

'एकले अर्कोको विरुद्ध बोल्ने' यस्ता अवस्थामा, प्रहरी अधिकारीहरूले घरेलु दुर्व्यवहारको शक्ति सम्बन्ध पहिचान गर्नका लागी, को पीडित/प्रभावित हुनसक्छन् र को कथित पीडक हुनसक्छन् भन्नेबारे अन्य संकेतहरू खोज्नुपर्ने हुनसक्छन् । पीडित/प्रभावितको व्यवहारका संकेतसम्बन्धी उदाहरणहरू यसप्रकार छन् :

- **डर** - पीडित/प्रभावित आफ्नो पार्टनर वा प्रहरीको संलग्नताको नतिजाबाट डराउने सम्भावना बढी हुन्छ, र त्यसलाई मौखिक वा गैर-मौखिक सञ्चारको माध्यमबाट व्यक्त गर्दछन्, जुन अधिकारीले याद गर्नु वा थाहा पाउनु आवश्यक हुन्छ ।

- **उत्तरदायित्व** - पीडित/प्रभावितले प्रायः आफ्ना पार्टनरका हिंसात्मक वा अपमानजनक व्यवहारको औचित्य पुष्टि गर्ने प्रयास गर्छन् र, या त खराब अवस्था आफूले निम्त्याएको वा अपेक्षित काम आफूले नगरेको जिम्मेवारी लिन्छन् । कथित पीडकहरूले हिंसात्मक वा अपमानजनक व्यवहार स्वीकार गर्न सक्छन् र यसलाई जायज भएको ठहराउन सक्छन् ।

- **घटनाको विवरण** - के भयो भन्ने विवरणमा कथित पीडकहरू अस्पष्ट हुने सम्भावना बढी हुन्छ, जबकि पीडित/प्रभावितहरूले धेरै आघातमा परेको छैनन् भने, आफूलाई के भयो भनेर विस्तृत रूपमा वर्णन गर्नसक्ने बढी सम्भावना हुन्छ ।

यी साधारण सूचकहरूलाई ध्यानमा राख्दै, परिचालन प्रबन्धकहरूले 'पहिलो आक्रमणकर्ता' को पहिचान गर्न पृष्ठभूमि, भनाई, परिदृश्य, चोटपटक र ती चोटहरूको सम्भावित संयन्त्रको आलोचनात्मक रूपमा मूल्याङ्कन गर्नुपर्छ ।अन्तरंग व्यक्तिबाट हुने हिंसाका घटनाहरूमा खास कुरा 'उसले भन्यो/उनले भनिन्' भनाइहरू र दुवै पक्षहरूलाई लागेको चोटपटकहरूका कारण स्पष्ट नहुनसक्ने भएकाले 'आक्रमण गर्ने पहिलो व्यक्ति को हो' भन्ने प्रश्न प्रयोग गर्नु राम्रो हुन्छ ।

प्रहरी व्यवस्थापक र उनीहरूका टोलीहरूले महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूमा तत्कालै हस्तक्षेप गर्नुपर्दछ, जुन कुरा अनुसन्धान र अभियोजनहरू प्रारम्भ गर्ने प्राथमिक जिम्मेवारी प्रहरी र अभियोजन अधिकारीहरूको हो र पीडित/प्रभावितहरूको होइन भन्ने कुरा, र प्रतिकार्यको गुणस्तर निर्धारण गर्दा हिंसाको कुनै पदानुक्रम हुँदैन भन्ने कुराको बुझाइमा आधारित हुन्छ ।[३०]

प्रहरीले महिला तथा किशोरी विरुद्ध हिंसालाई प्रत्येक चरणलाई निश्चित व्यवहारहरूले निर्देशित गर्ने चक्रीय घटनाको रूपमा हेर्नुपर्छ । कम गम्भीर प्रकारको हिंसाको संकेत गर्ने विन्दुमा चक्रको 'सुरुवात' को नजिक प्रभावकारी रूपमा हस्तक्षेप गरेर, प्रहरीले थप हिंसालाई रोक्न सक्छ ।

यो प्रहरीका लागि महिला तथा किशोरी विरुद्ध हिंसा अनुसन्धान गर्ने बढी प्रभावकारी तरिका हुनेछ, तर यसका लागि हिंसाको चक्र र चक्रको प्रत्येक चरणमा सम्बन्धित हुने आरोपित पीडकको व्यवहारको बुझाइ आवश्यक हुन्छ ।

महिला तथा किशोरी विरुद्ध हिंसाको अनुसन्धानहरूमा हिंसाको चक्र मोडेलहरूको प्रयोग पीडक-केन्द्रित अनुसन्धान आधारित मुख्य रणनीति हो । महिला तथा किशोरी विरुद्ध हिंसा (फर्नान्डेज-टाउनस्ले 'फोर-पोइन्ट मोडेल) मा प्रभावकारी र दक्ष आरोपित पीडक-केन्द्रित अनुसन्धानलाई पारस्परिक रूपमा लाभ पुऱ्याउन यी तत्वहरू कसरी एकसाथ आउँछन् भनी चित्र २ ले चित्रण गर्दछ ।

---

२८ 'Investigation, Protection, and Support Measures for GBV Victims', Resource Book: Experience and Guidelines of the Korean Police (UNDP Seoul Policy Centre, 2019).

२९ 'Updated Model Strategies and Practical Measures on the Elimination of Violence against Women in the Field of Crime Prevention and Criminal Justice' (2011, General Assembly resolution 65/228, annex).

३० In fact, acts of VAWG may not lead to physical harm, therefore leave no physical evidence, but are still a form of violence and should be effectively addressed.

चित्र २

फर्नान्डेज-टाउनस्ले 'फोर-पोइन्ट मोडेल



फर्नान्डेज-टाउनस्ले 'फोर-पोइन्ट मोडेल' घरेलु हिंसादेखि साइबर अपराधदेखि मानव बेचबिखनसम्म सबै प्रकार महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूको अनुसन्धानमा लागू हुन्छ र द्वन्द्व र गैर-द्वन्द्व दुवै सन्दर्भहरूमा सान्दर्भिक छ। फर्नान्डेज-टाउनस्ले 'फोर-पोइन्ट मोडेल' लाई संगठनात्मक प्रोटोकल लागु गर्ने र महिला तथा किशोरी विरुद्ध हिंसामा प्रहरी अनुसन्धानको अभ्यासलाई प्रभाव पार्ने पीडित/प्रभावित-केन्द्रित दृष्टिकोणका लागि आवश्यक पर्ने मुख्य तत्वहरूको दृष्टान्तको रूपमा हेरिनुपर्छ।

चाहे प्रतिक्रियात्मक होस् वा अग्रसक्रिय[३१] होस् अनुसन्धान रणनीति वा अवधारणा अपराध आफैंमा र अभियोजनका लागि आवश्यक तत्वहरूमा निर्भर हुन्छ। यस सन्दर्भमा, सन् २०१० अद्यावधिक गरिएको मोडेल रणनीतिहरू (2010 *Updated Model Strategies*)ले उत्कृष्ट प्रमाण संकलनका लागि मापदण्डहरू कायम राख्दै हिंसामा परेका महिलाहरूलाई अपमानित नगर्ने र घुसपैठलाई न्यूनीकरण गर्ने अनुसन्धानात्मक विधिहरू विकास गर्न सिफारिस गर्छ।[३२]

पीडकको व्यवहार र हिंसाको चक्र(हरू) बुझ्नु चाहे त्यसले शारीरिक हिंसा हुन पुगेको होस् वा नहोस्, पीडित/प्रभावित, तिनका नजिकका आफन्त वा साथीहरूलाई हानि हुनबाट रोक्न, र पनि महत्वपूर्ण भूमिका खेल्छ र आरोपित पीडकलाई आत्मघाती हानिबाट रोक्न मद्दत गर्छ भन्ने कुरामा जोड दिनु महत्वपूर्ण छ। प्रहरीबाट हुने तत्काल र आघात-सूचित हस्तक्षेपहरूले महिला तथा किशोरी विरुद्ध हिंसा र त्यससँग सम्बन्धित अपराधहरू रोक्न मद्दत गर्दछ।

शक्ति र नियन्त्रण/प्रभुत्वको चक्र बुझ्न मार्गदर्शनका लागि अध्याय ११ 'लैङ्गिक-उत्तरदायी प्रहरी सेवा कार्यान्वयनका चुनौती र रणनीतिहरू' हेर्नुहोस्।

३१ According to the UK College of Policing, initiating a police investigation can be classified into the following two approaches: 1) a **reactive approach,** where the information is primarily gathered from reports from the general public, referral by other agencies, intelligence links to other crimes (linked series), re-investigation as a result of new information or as a consequence of other police actions; or 2) a **Proactive approach,** which generally comes from intelligence sources such as crime pattern analysis, network analysis, operational intelligence assessment, problem profiles, or tactical assessment, amongst others. See: 'Investigation Process', *UK College of Policing*.

३२ 'Updated Model Strategies and Practical Measures on the Elimination of Violence against Women in the Field of Crime Prevention and Criminal Justice' (2011, General Assembly resolution 65/228, annex).

महिला तथा किशोरी विरुद्ध हिंसामा पीडक-केन्द्रित अनुसन्धानका लागि आवश्यक मुख्य व्यवस्थापकीय दक्षताहरू

हाम्रो संस्कृतिमा प्रत्यक्ष र अप्रत्यक्ष लैङ्गिक पूर्वाग्रहहरू रहेकोले हिंसा सामना गर्नु परेका कारण न्याय खोज्ने पीडित/प्रभावितका सम्बन्धमा विद्यमान नकारात्मक र प्रतिउत्पादक अनुमान र रुढिवादहरूलाई कम गर्ने कार्य प्रहरी व्यवस्थापकरूका लागि धेरै चुनौतीपूर्ण छ।

पीडित/प्रभावित व्यक्तिहरूले 'असल पीडित' का साथै 'सम्मानित' चरित्र भएको व्यक्ति अनुसार व्यवहार गर्ने अपेक्षा गर्ने बेहोश झुकावको सम्भावनालाई सामना गर्न र अभियोजनको लागि सजिलै प्रस्तुत गर्न सकिने ठोस र तार्किक प्रमाणहरू प्रस्तुत गर्न प्रहरी अधिकारीहरूमा इच्छाशक्ति आवश्यक हुन्छ।

लैङ्गिक पूर्वाग्रहलाई सम्बोधन गर्नका लागि प्रहरी विज्ञानमा हालका अध्ययनहरूको उच्च जागरूकता आवश्यक पर्दछ, जसले महिला तथा किशोरी विरुद्ध हिंसाका मामलाहरूमा परम्परागत अनुसन्धान विधि, विशेषगरी अन्तर्वार्ता अभ्यासहरू सामान्यतया प्रमाणिक दृष्टिकोणबाट राम्रो हुँदैन, न ति पीडित/प्रभावित-केन्द्रित हुन्छन् भन्ने देखाएको छ। *(आघात-सूचित अनुसन्धान सम्बन्धी जानकारीका लागि अध्याय ४ : 'प्रारम्भिक सम्पर्क' हेर्नुहोस्)।*

धेरै अवस्थामा, अप्रत्यक्ष र स्पष्ट लैङ्गिक पूर्वाग्रहले अनुसन्धानकर्ताहरूलाई असल अभ्यासहरू अवलम्बन गर्न वा अनुसन्धान नै सुरु गर्नबाट पनि रोक्न सक्छ।

लैङ्गिक पूर्वाग्रह हटाउन, प्रहरी व्यवस्थापकहरूले अनुसन्धानात्मक सिद्धान्तहरूको कार्यान्वयन र प्रवद्धन् गर्न सक्छन्, जसको आधारमा टोलीका सदस्यहरूको मूल्याङ्कन गर्न सकिन्छ। उदाहरणका लागि, क्यानडाको ब्रिटिस कोलम्बियामा, विशेषगरी आदिवासी समुदायहरू वा फर्स्ट नेसन समुदायका सदस्यहरू विरुद्ध प्रहरीको पक्षपाती व्यवहारको शृङ्खलाबद्ध आरोपहरू पछि सरोकारवालाहरू र सामुदायिक संस्थाहरूसँगको संलग्नता प्रक्रियामा आधारित भएर प्रान्तीय सरकारले निष्पक्ष प्रहरी सेवा मार्गनिर्देशक सिद्धान्तहरू जारी गरेको छ।

ब्रिटिस कोलम्बिया प्रान्तीय प्रहरी बलमाथि पूर्वाग्रहको यी आरोपहरू प्रान्तमा बेपत्ता महिलाहरूको उजुरीहरूमाथि पर्याप्त अनुसन्धान गर्न असफल भएको कारणले पनि उत्पन्न भएको थियो, जसमध्ये अधिकांश महिलाहरू फर्स्ट नेसन्स् समुदायका थिए।[३३] बाकस ११ ले ब्रिटिस कोलम्बिया प्रान्तीय प्रहरी बलको पूर्वाग्रहरहित प्रहरी सेवाका मापदण्डहरू आधारित रहेका सिद्धान्तहरू प्रस्तुत गर्दछ।[३४]

सिद्धान्तहरूको पालना गरिएको र अनुसन्धान उद्देश्यमूलक र समयसापेक्ष रूपमा सञ्चालन गरिएको सुनिश्चित गर्न आवश्यक मुख्य दक्षताहरू (जस्तै, अवलोकन क्षमता, सीप, ज्ञान, प्रेरणा वा विशेषताहरू)के हुन् भन्ने कुरामा प्रहरी व्यवस्थापकहरू उत्तिकै सचेत हुनुपर्छ।

उदाहरणका लागि, यौन हिंसाका घटनाहरूमा पीडित/प्रभावितहरूका लागि स्वास्थ्य उपचार प्राप्त गर्न, प्रहरीसँग कुरा गर्न, प्रमाणहरू संरक्षण गरी लुगा फेर्न र मनोवैज्ञानिक सहयोग प्राप्त गर्नको लागि तोकिएको ठाउँ भएमा त्यसले पीडित/प्रभावित र अनुसन्धानका लागि सरकारात्मक प्रभाव पार्न सक्छ भन्ने बारे प्राविधिक सेचतना हुनु ज्यादै महत्वपूर्ण छ।

महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्यमा अवलम्वन गरिएको प्रहरी सेवाको सिद्धान्त पीडित/प्रभावितको सशक्तिकरणमा पीडित-केन्द्रित अवधारणाका साथ उनको अर्थपूर्ण सहभागिता मार्फत निर्देशित छ भने त्यसले पीडित/प्रभावितको सन्तुष्टि र आत्मविश्वास बढाउँछ भन्ने कुरा अपराधशास्त्र, प्रहरी विज्ञान र व्यवहारजन्य विज्ञानका विज्ञहरूले निरन्तर रूपमा औल्याउदै आएका छन्।[३५] फलस्वरूप यसबाट पीडित/प्रभावितको सहयोगलाई प्रोत्साहन पुग्छ।[३६] यसका अतिरिक्त पीडित/प्रभावितको सशक्तीकरणले प्रभावकारी सहायता सञ्जालको निर्माणलाई[३७] बढावा दिन्छ किनभने पीडित/प्रभावित

---

३३ सन् १९९७ देखि २००२ सम्म, क्यानडाको ब्रिटिश कोलम्बियाको मेट्रो भ्यानकुभर क्षेत्रबाट २२ जना महिला वेपत्ता भए। यी मध्ये धेरै महिलाको हत्या भएको अवस्थामा फेला पारिएको छ भने कतिपय अझै वेपत्ता छन्। वेपत्ता भएका महिलाहरू ब्रिटिश कोलम्बियाका धेरै सीमान्तकृत र संकटासन्न समूहसँग सम्बन्धित थिए। यस अवधिमा वेपत्ता भएका महिलाहरूका सम्बन्धमा न्याय प्रणालीको प्रतिकार्य जाँच्न सन् २०१० मा वेपत्ता महिला छानबिन आयोग स्थापना गरिएको थियो। आयोगले प्रहरीको निर्णय र रणनीतिका केही पक्षहरूले समुदाय भित्र कमजोर र सीमान्तकृत अवस्थामा रहेका महिलाहरूका बारेमा व्यापक रूढीवादी धारणाहरू प्रतिबिम्बित गरेको पायो। सन् २०१२ मा जारी गरिएको अन्तिम प्रतिवेदनले यी मुद्दाहरूलाई सम्बोधन गर्न धेरै सिफारिसहरू समावेश गरेको थियो। See: 'Unbiased Policing from the Provincial Government of British Columbia' for further information, at https://engage.gov.bc.ca/unbiasedpolicing/missing-women-commission-of-inquiry/

३४ See further at: https://engage.gov.bc.ca/unbiasedpolicing/work-to-date/

३५ Wilson, S., & Jasinski, J. (2004), 'Public satisfaction with the police in domestic violence cases: The importance of arrest, expectations, and involuntary contact' *American Journal of Criminal Justice*, 28, 235–254

३६ Nathan Birdsall, Stuart Kirby & Michelle McManus (2017,) Police-victim engagement in building a victim empowerment approach to intimate partner violence cases', *Police Practice and Research,* 18:1, 75-86, DOI: 10.1080/15614263.2016.123006

३७ Hohl, K., Bradford, B., & Stanko, E. (2010), 'Influencing trust and confidence in the London metropolitan police: Results from an experiment testing the effect of leaflet drops on public opinion', *British Journal of Criminology*, 50, 491–513

बाकस ११

पूर्वाग्रहरहित प्रहरी सेवाका सिद्धान्तहरू

ब्रिटिश कोलम्बिया, क्यानडामा प्रान्तीय सरकारले निष्पक्ष प्रहरी सेवासम्बन्धी मार्गनिर्देशक सिद्धान्तहरू जारी गरेको छ । प्रहरी पक्षपातको आरोपको सामना गर्नुपरेको अवस्थामा सार्वजनिक संलग्नताको प्रक्रियामार्फत यसको निर्माण भएको थियो, जसमा सरकारी अधिकारीहरूले सरोकारवाला र सामुदायिक संस्थाहरूसँग भेटघाट गरेका थिए । प्रहरी अनुसन्धानबाट आएका सिफारिसहरूलाई८ सिद्धान्तहरूमा रुपान्तरण गरियो र प्रान्तमा निष्पक्ष प्रहरी मापदण्डलाई बढावा दिन प्रयोग गरियो, जुन देहाय अनुसार छन् :

- पूर्वाग्रहलाई स्वीकार गर्नु यसको नकारात्मक प्रभावहरूलाई सम्बोधन गर्नेतर्फको एउटा महत्वपूर्ण कदम हो ।
- प्रहरीलाई प्रभावकारी, न्यायपूर्ण र सुरक्षित बनाउन जनताको प्रहरीमाथि विश्वास हुनुपर्छ ;
- प्रहरी निष्पक्ष र स्वतन्त्र छ भन्ने कुरामा मानिसहरू विश्वस्त हुँदा प्रहरीमाथि जनताको विश्वास बढ्छ ;
- रुढिवादमा आधारित वा भेदभावपूर्ण प्रहरी अभ्यासहरूमा आधारित प्रहरी अप्रभावकारी, अन्यायपूर्ण र असुरक्षित हुन्छ ;
- प्रहरी-समुदाय सम्बन्धको इतिहास र वर्तमान अवस्था, र सीमान्तीकरणको मूल कारणहरू बुझेर नीति र अभ्यासहरूलाई सूचित गर्नुपर्छ;
- केही समूहहरू हिंसाबाट प्रभावित हुने र उजुरी गर्ने सम्भावना कम हुने दुवै जोखिममा छन्;
- सेवा प्रवाह र न्यायमा पहुँचमा समानता सुनिश्चित गर्नु प्रहरीको कर्तव्य हो;
- समानता सुनिश्चित गर्नका लागि पूर्वाग्रहबाट जोगाउने कदमहरू चाल्न र बाधाहरू हटाउन आवश्यकता अनुसार प्रक्रियाहरू अनुकूलन गर्न आवश्यक छ ।

*स्रोत : Unbiased Policing. Provincial Government of British Columbia. https://engage.gov.bc.ca/unbiasedpolicing/work-to-date/

व्यक्तिले प्रहरीलाई अझ बढी वैध र विश्वासयोग्य ठान्ने सम्भावना बढ्दै जान्छ ।[३८]

बर्डसल र अन्य । (सन् २०१७)का अनुसार यो अनुभव अन्य पीडितहरू/प्रभावितका अनुभवहरूसँग उल्लेखनीय रूपमा भिन्न छ, जहाँ प्रमाणको अभावका कारण फौजदारी आरोप फिर्ता लिइएको छ वा आपराधिक न्याय प्रणालीले आरोपित पीडकविरुद्ध मुद्दा चलाउन दबाब दिइरहेको र सक्रिय रूपमा पीडित/प्रभावितको इच्छा विपरित काम गरिरहेको छ ।[३९]

महिला तथा किशोरी विरुद्ध हिंसाको प्रभावकारी र निष्पक्ष छानविनको कार्यान्वयनमा प्रहरी व्यवस्थापकहरूले साभार र प्रवद्धन् गर्न सक्ने मुख्य कार्यसम्पादन दक्षताहरूको सूची देहाय अनुसार छ, जुन पूर्ण होइन । व्यवस्थापकहरूले जवाफी अधिकारीहरू देहाय कार्य गर्न सक्षम छन् भनेर सुनिश्चित गर्नुपर्छ :

उपलब्धता र पहुँचयुक्तता

- महिला तथा किशोरी विरुद्ध हिंसाको रोकथाममा दीर्घकालीन रणनीतिक सोच रहेको, जसमा व्यक्तिगत लक्ष्यहरू भन्दा अघि बढ्दै अनुसन्धानको सफलताले बृहत सामाजिक र आर्थिक वातावरणलाई कसरी असर गर्छ भन्ने बारेमा विचार गर्ने;
- पीडित/प्रभावितहरूसँग अधिकृतको अन्तर्क्रियाले बृहत प्रहरी सेवामा कसरी योगदान पुऱ्याउँछ भन्ने कुरा बुझ्ने;
- निर्णय प्रक्रिया प्रत्यायोजन गर्दा अन्य अधिकारीहरूलाई प्रभावकारी जिम्मेवारी बहन गर्नसक्ने प्रावधानहरूको व्यवस्था गर्ने, र साथसाथै आफू मातहतका सहकर्मीहरूको कार्यसम्पादनमा सुधार गर्न मद्दत गर्ने ;
- टोली र सहकर्मीहरूबीच अनुसन्धानबाट हुने सिकाइलाई सक्रिय रूपमा प्रोत्साहित र सहयोग गर्ने ।

३८ Tyler, T. (2004), 'Enhancing police legitimacy', The Annals of the American Academy of Political and Social Science, 593, 84–99.

३९ Nathan Birdsall, Stuart Kirby & Michelle McManus (2017), 'Police-victim engagement in building a victim empowerment approach to intimate partner violence cases', *Police Practice and Research*, 18:1, 75-86, DOI: 10.1080/15614263.2016.1230061. Also, see Harris-Short, S., & Miles, J. (2011), Family LAW (2nd ed.), Oxford: Oxford University Press; and Payne, D., & Wermeling, L. (2009), 'Domestic violence and the female victim: The real reason women stay!', *Journal of Multicultural, Gender and Minority Studies*, 3, 1–6.

सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरूको प्रभावकारी सञ्चार र सहभागिता:

- महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाको रोकथाम गर्ने र घटनाहरूको समाधान गर्ने बीचको भिन्नता बुझ्ने र त्यसलाई सञ्चार गर्ने ;
- समग्र दूरदृष्टि निर्दिष्ट योजना र अनुसन्धानका उद्देश्यहरूसँग कसरी जोडिएको छ भनेर जानकारी गराउने, जसले गर्दा प्रतिकार्यमा संलग्न अधिकारीहरू उत्प्रेरित हुन्छन् र पीडक-केन्द्रित अनुसन्धानका लक्ष्यहरू स्पष्ट रूपमा बुझ्छन् ;
- स्पष्ट अपेक्षाहरू सहित प्रक्रियाका सम्बन्धमा निश्चितता प्रदान गर्नुहोस्, जसमा सम्भव भएसम्म धेरै निश्चितताका साथ र पीडित/प्रभावितले बुझ्न सक्ने तरिकामा प्रक्रियामा के हुने आशा गर्न सकिन्छ भन्ने जानकारी समावेश हुन्छ ;[४०]
- महिला तथा किशोरी विरुद्ध हिंसाका प्रवृत्तिहरू, विषयवस्तुहरू र सूचनाका विभिन्न स्रोतहरू र उपलब्ध उत्कृष्ट प्रमाणहरू बीचका सम्बन्धहरूको पहिचान गर्ने ।

अनुकूलन क्षमता

- लैङ्गिक र अपाङ्गतासम्बन्धी पूर्वाग्रहहरू, जस्तै पीडित/प्रभावितहरूका बारेमा अनुमान र रुढिवादहरूले कसरी दैनिक निर्णय प्रक्रियालाई असर गर्छ भन्ने कुरा स्वीकार गर्ने ।

उपयुक्तता

- महिला तथा किशोरी विरुद्ध हिंसाका पीडितहरू/प्रभावितहरूसम्बन्धी लैङ्गिक पूर्वाग्रहबाट सिर्जित विशेषगरी झूठा आरोपहरूको सन्दर्भमा रहेका मिथक र गलत धारणाहरू हटाउने,
- हिंसात्मक कार्यहरू पछाडिका मुख्य कारण, उद्देश्य वा घटनाहरूको पहिचान गर्ने, उदाहरणका लागि, हिंसाको चक्र मोडेलहरूबारे व्यवहारिक ज्ञान, शक्तिको आयाम र पीडित/प्रभावित र आरोपित अपराधी दुवै संलग्न महिला तथा किशोरी विरुद्ध हिंसाका विभिन्न कार्यहरूसँग सम्बन्धित साझा व्यवहारहरू;
- विशेषगरी बाल पीडित/प्रभावित र साक्षीहरूसँग व्यवहार गर्दा 'बाल-संवेदनशील' र 'सम्मान र करुणाका साथ व्यवहारको अधिकार' को अर्थ बुझ्ने ।[४१]

४० Training Programme on the Treatment of Child Victims and Child Witnesses of Crime for Law Enforcement Officials (UNODC, 2015).

४१ Ibid.

बाक्स १२

बाल संवेदनशील प्रहरी अनुसन्धानहरू*

कानून कार्यान्वयन अधिकारीहरूले कुनै निश्चित बाल पीडित/साक्षीसँग व्यवहार गर्दा ध्यानमा राख्नुपर्ने विशेष कारक तत्वहरू तल दिइएका छन्, जसलाई उनीहरूले संवेदनशीलका रूपमा बुझ्न सक्छन् ("भिन्न व्यवहार" पनि भनिन्छ) :

- बालबालिकाको व्यक्तिगत परिस्थितिसँग सम्बन्धित पक्षहरू: उमेर, इच्छा, बुझाई, लिङ्ग, यौन झुकाव;
- बालबालिकाको विशेष आवश्यकताहरूसँग सम्बन्धित पक्षहरू: स्वास्थ्य, क्षमता, बलियो पक्ष, अन्य विशेष आवश्यकताहरू;
- बालबालिकाको सामाजिक वातावरणसँग सम्बन्धित पक्षहरू: जातीय र सांस्कृतिक पृष्ठभूमि, धार्मिक पृष्ठभूमि, भाषिक र सामाजिक पृष्ठभूमि, जाति;
- बालबालिकाको परिवारको सामाजिक तथा आर्थिक अवस्थासँग सम्बन्धित पक्षहरू: सामाजिक आर्थिक अवस्था, आप्रवासनको स्थिति, शरणार्थीको स्थिति ।

*स्रोत : Training Programme on the Treatment of Child Victims and Child Witnesses of Crime for Law Enforcement Officials (UNODC, 2015)

सुरक्षा-जोखिम मूल्याङ्कन र सुरक्षा योजनालाई प्राथमिकता दिने

- लिङ्ग, यौनिकता, अपाङ्गता, जात, धर्म र उमेर जस्ता पीडित/प्रभावितका व्यक्तिगत विशेषताहरू जानकारी प्राप्त गरी त्यसलाई महिला तथा किशोरी विरुद्ध हिंसाको चक्र र पीडकको व्यवहारका प्रवृत्तिसँग जोडेर हेर्ने ;
- महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूबाट सूचना पाएपछि, सुरक्षाका आवश्यकताहरूका लागि तत्काल र पर्याप्त प्रतिकार्य सुनिश्चित गर्न निष्पक्षता र समानुपातिकताका सिद्धान्तहरू लागू गर्ने ;[४२]
- पीडित/प्रभावितलाई पर्याप्त सुरक्षा र सहयोग प्रदान गर्न स्रोतहरूको कुशल उपयोग सुनिश्चित गर्ने ।[४३]

४२ महिला र किशोरीहरू बेपत्ता भएको उजुरी गरिएका घटनाहरूमा प्रहरीले प्रतिकार्य थाल्नु अघि अपराध वास्तवमा भएको छ भनेर पुष्टि गर्न पर्खनु हुँदैन।

४३ 'More than just a ramp: A guide for women's refuges to develop disability discrimination act action plans', Women with Disabilities Australia (WWDA) (2007).

बाकस १३

यौन हिंसाका मुद्दाहरूमा सुपरिवेक्षको भूमिका*

- यदि अधिकृतले अनुरोध गरेमा, वा आवश्यक भएको मानिएको अवस्थामा यौन दुर्व्यवहारका घटनाहरूको अनुसन्धान गर्ने अधिकारीहरूलाई सहयोग गर्ने ;
- अधिकारीहरूले वस्तुनिष्ठ, व्यावसायिक, गैर-निर्णयपूर्ण तरिकामा प्रतिकार्यमा संलग्न हुनुपर्छ। सुपरिवेक्षकहरूले मातहतका अधिकृतहरू यी अपेक्षाहरू बारे सचेत छन् भनी सुनिश्चित गर्नुपर्छ।
- दुर्व्यवहारको घटनाको प्रभावकारी अनुसन्धान गर्न निकायका र सामुदायिक स्रोतहरू पत्ता लगाउन मद्दत गर्ने;
- विभाग र सामुदायिक संस्थाहरू, जस्तै बलात्कार संकट केन्द्रहरू र फोरेन्सिक परीक्षण कार्यक्रमहरूबीच सहकार्य प्रवर्द्धन् गर्न र पीडितहरूलाई अझ राम्रो सहयोग उपलब्ध गराउन दुईबीच समस्या समाधान गर्ने साझेदारीलाई प्रोत्साहित गर्ने ;
- शुद्धता, स्थिरता, र पीडित/प्रभावित-केन्द्रित प्रतिकार्यका लागि सबै यौन दुर्व्यवहारसम्बन्धी प्रहरी रिपोर्टहरूको समीक्षा गर्ने।
- यौन दुर्व्यवहार घटनामा प्रतिकार्यमा संलग्न हुँदा अधिकारीहरूलाई सँगै भएका घटना र अन्तरसम्बन्धित अपराधहरूको खोजीलाई प्रोत्साहन गर्ने;
- अधिकारीहरू र अनुसन्धानकर्ताहरूले केस कोडिङ बुझ्छन् र यौन दुर्व्यवहारका केसहरू कोड उचित रूपमा गर्छन् भन्ने कुरा सुनिश्चित गर्ने;
- अधिकृत र अनुसन्धानकर्ताहरूले विस्तृत, पीडित/प्रभावित-केन्द्रित, पीडक-केन्द्रित अनुसन्धानहरू सञ्चालन गरिरहेका छन् भनी सुनिश्चित गर्न कारबाही पछि समीक्षाहरू र यौन दुर्व्यवहार मुद्दाको लेखाजोखा सञ्चालन गर्ने ;
- विभागका सदस्यहरूका लागि यौन दुर्व्यवहारको उचित अनुसन्धान गर्न आवश्यक सीपहरू सुधार गर्न निरन्तर प्रशिक्षण अवसरहरू सिर्जना गर्ने। अनुसन्धानको चरणबाट अभियोजनमा सर्ने क्रममा पीडित/प्रभावितहरूका लागि रुपान्तरण सहज बनाउन कानून कार्यान्वयन पक्ष र अभियोजकर्ताहरू बीचको सञ्चार बढाउने काम गर्ने;
- पीडित सेवाका सवालहरू र यौन दुर्व्यवहार पीडितहरूलाई दिइएको प्रतिकार्यलाई कार्यसम्पादन मूल्याङ्कनमा समावेश गरी विभागका सदस्यहरूका लागि पुरस्कार र पदोन्नति सिफारिसहरू समावेश गर्ने ;
- विभागका सदस्यहरूले यौन दुर्व्यवहार अनुसन्धानको सम्बन्धमा विभागको मूल्यमान्यता र लक्ष्य अनुसार व्यवहार नगरको अवस्थामा उनीहरूलाई लाई जवाफदेही बनाउने ;
- नियमित रूपमा रोल-कल र स्टाफ ब्रीफिङहरूमा पीडित/प्रभावित सेवाहरूको जानकारी दिने। यो शिक्षा र तालिम चलिरहनु पर्छ र सेवाको लागि प्राप्त टेलिफोन कलहरूको जवाफ दिन व्यवस्त नहुँदा अधिकारीहरूसँग फिल्डमा पनि गर्न सकिन्छ ;
- प्रभावकारी पीडित/प्रभावित सेवाहरू प्रदान गर्ने अधिकारीहरूलाई मान्यता दिनुहोस् र पुरस्कृत गर्नुहोस्।

स्रोत : International Association of Chiefs of Police Sexual Assault Response Policy and Training Content Guidelines (2015).

प्रेषण र समन्वयको माध्यमबाट अन्य क्षेत्र र एजेन्सीहरूसँग जोडिने

- पीडित/प्रभावित व्यक्तिको अन्तर्वार्ता र सिफारिस गरिएको पीडित/प्रभावित सहयोग जस्ता महिला तथा किशोरी विरुद्ध हिंसाको अनुसन्धान विधिहरूलाई आघातपूर्ण अनुभूतिलाई समायोजन गर्न अनुकूलन गर्ने र अनुसन्धानको अवधिभर पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने

तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन

- आवश्यक मुद्दा प्रतिवेदन कागजातहरू पूरा गर्ने क्रममा प्रोटोकल अनुसार आफू उद्देश्यमूलक, निष्पक्ष र पूर्ण रूपमा व्यहवार गर्ने, जसमा हिंसाको कार्यलाई उचित वर्गीकरण गर्ने कार्य समावेश छ ;
- उजुरी प्राप्त गर्ने, प्रारम्भिक प्रतिक्रिया र उजुरीहरूको सम्बोधन गर्ने सहित उजुरी प्रक्रियाहरूको पारदर्शिता सुनिश्चित गर्ने।[४४]
- अनुसन्धानलाई सन्तोषजनक निष्कर्षमा पुऱ्याउने र कुनै पनि समस्यालाई तुरुन्त र खुला रूपमा सुधार गर्न व्यक्तिगत जिम्मेवारी लिने।

सुसूचित सहमति र गोपनीयता

- अनुसन्धानको क्रममा पीडित/प्रभावितका लागि दोहोरो पीडित हुनुपर्ने अवस्थाको साझा प्रवेश विन्दुहरूको पहिचान गर्ने ;

४४ यी कार्यविधिहरू सार्वजनिक रुपमा, सरकारका सबै क्षेत्रहरू र फौजदारी न्यायका अन्य निकायहरूका लागि सजिलैसँग उपलब्ध हुनुपर्छ। For further recommendations on case management, please refer to 'Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women' (UNODC, 2014).

- पीडित/प्रभावितहरूको रायलाई सही र नियमित रूपमा प्रतिनिधित्व गर्ने, जसको अर्थ पीडित/प्रभावित व्यक्तिले सञ्चार अवरोधहरूको सामना गर्नुपरेको वा कानुनी क्षमताको अभाव हुँदा पनि पीडित/प्रभावितको राय सङ्कलन गर्न पर्याप्त प्रक्रियाहरू रहेका छन् ।

सन् २०१५ मा, इन्टरनेशनल एसोसिएसन अफ चीफ्स अफ पुलिस (आइएसीपी) ले यौन दुर्व्यवहार प्रतिकार्य नीति र प्रशिक्षण सामग्री निर्देशिका (*Sexual Assault Response Policy and Training Content Guidelines*)को विकास गऱ्यो, जसको उद्देश्य कानून कार्यान्वय गर्ने निकायलाई यौन दुर्व्यवहारसँग सम्बन्धित नीति र सम्बन्धित प्रशिक्षण सामग्री निर्माण गर्दा विचार गर्नुपर्ने मुद्दा, प्रक्रिया र सिफारिसहरू उपलब्ध गराउनु रहेको थियो ।[४५]

निर्देशिकामा आइएसीपीले यौन दुर्व्यवहार जस्ता महिला तथा किशोरी विरुद्ध हिंसाका अपराधहरूको विस्तृत प्रतिकार्य र अनुसन्धान सुनिश्चित गर्न प्रभावकारी सुपरिवेक्षणले खेल्ने मुख्य भूमिकामाथि प्रकाश पाऱ्यो । आइएसीपीले अग्रपंक्तिका सुपरिवेक्षकहरूले पीडित/प्रभावितका सवालहरू र मातहतका सहकर्मीहरूबाट उचित प्रतिकार्य बारे पूर्ण बुझाई राख्नुपर्ने सिफारिस गर्दछ ।[४६] सिफारिसहरूलाई थप बल प्रदान गर्न आइएसीपीले यौन हिंसाका मुद्दाहरूमा सुपरिवेक्षकहरूले गर्नुपर्ने प्रमुख कार्यहरूको सूची कानुन कार्यान्वयन निकायलाई उपलब्ध गराएको छ, जुन केही हदसम्म सबै प्रकारका महिला तथा किशोरी विरुद्ध हिंसामा लागू हुन सक्छ (बाकस १३ हेर्नुहोस्):

अत्यावश्यक सेवाहरू प्रदान गर्ने प्रहरीका लागि सन्दर्भ सूचकहरू : अनुसन्धान

अध्याय २ मा छलफल गरिएझैं इएसपीले पीडित/प्रभावितहरूका लागि सबै न्याय र सहयोग सेवाहरूले अधिकतम प्रभाव सुनिश्चित गर्न साझा विशेषताहरू र साझा गतिविधिहरू समावेश गर्न आवश्यक छ भन्ने प्रस्ताव गर्दछ । हिंसाको सामना गरिरहेका महिला र किशोरीहरूको आवश्यकतालाई सम्बोधन गर्ने विशेष 'क्षेत्र' जेजस्तो भएपनि ती सबैमा लागू हुन्छन् ।

निम्नलिखित सूची इएसपीका साझा विशेषताहरू र साझा गतिविधिहरूबाट प्रेरित छ ; यसले महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूको सम्बोधन गर्दा प्रभावकारी रूपमा प्रमाण र अनुसन्धानका आवश्यकताहरू पूरा गर्ने लक्ष्य राखेर काम गर्दा प्रहरी गतिविधिहरूका लागि सन्दर्भ सूचकहरूका उदाहरणहरू प्रस्ताव गर्दछ । यसमा अनुसन्धानहरू समयमै र व्यावसायिक रूपमा सञ्चालन गर्ने, र त्यस क्रममा अपराधीहरूको जवाफदेहिता सुनिश्चित गर्न र पुनः अपराध हुनबाट रोक्नका लागि उपलब्ध सबै साधनहरू प्रयोग गर्ने कार्य समावेश छन् । यी सूचकहरू भएको अवसथामा प्रहरी व्यवस्थापकहरूले साभार गर्न सक्छन्, तर नभएको खण्डमा पनि माथिल्लो तहहरूद्वारा त्यसलाई समावेश गर्न प्रोत्साहित गर्न सक्छन् ।

१. **उपलब्धता र पहुँचयुक्तता** : *गुणस्तर र मात्रा दुवैको सन्दर्भमा प्रहरी सेवाहरूको पहुँचयुक्तताके सम्बन्धमा पीडित/प्रभावितहरू र/वा उनीहरूका प्रतिनिधिहरूबाट सकारात्मक प्रतिक्रियाको प्रतिशत वा अनुपात ।* प्रतिक्रियाको उद्देश्य पूरा प्रक्रियाभरि अनुसन्धानको अवस्थाका बारेमा प्रहरीले पीडित/प्रभावितहरूलाई कसरी जानकारी दिइरहेको छ भन्ने कुरा समावेश गर्ने हुनुपर्छ । यसबाट व्यवस्थापकहरूले आफ्ना कर्मचारीहरूले पीडित/प्रभावित व्यक्तिहरूको सम्पर्क विवरणहरू कत्तिको सही रूपमा संकलन र व्यवस्थापन गरिरहेका छन् भन्ने कुराको मूल्याङ्कन गर्न सक्छन् ।

२. **अनुकूलता र पहुँचयुक्तता** : *सिफारिस गरिएको हिंसाको चक्र मोडेल अनुसार पीडकको व्यवहार विश्लेषणलाई एकीकृत गर्ने महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूका प्रतिवेदनको प्रतिशत वा अनुपात ।* यस विश्लेषणले अनुसन्धानमा पीडकको केन्द्रविन्दुका साथै पीडित/प्रभावितका सुरक्षा आवश्यकताहरूलाई सूचित गर्नुपर्छ ।

३. **उपयुक्तता र पहुँचयुक्तता**: *हिंसाका बाल पीडित/प्रभावितहरूलाई प्रतिकार्य गर्न प्रशिक्षित टोली सदस्यहरूको प्रतिशत वा अनुपात ।* यसमा निर्दिष्ट टोलीहरूका लागि विशेषकृत प्रशिक्षणका साथै सबै अधिकारीहरूका लागि सामान्य नियमित प्रशिक्षण दुवै समावेश हुनुपर्छ । तालिमले पीडित/प्रभावित रेफरल सम्पर्क ठेगानाबारे अद्यावधिक जानकारी; साइबर-सम्बन्धित हिंसा र अपराधसहित नयाँ कानूनहरू; विद्यालयसम्बन्धी हिंसा र सामाजिक सञ्जालको भूमिका ; र आप्रवासी जस्ता संकटासन्न समूहहरूलाई असर गर्ने आपराधिक गतिविधिहरूबारे पछिल्लो जानकारी प्रदान गर्नुपर्छ ।

४. **सुरक्षालाई प्राथमिकता दिनुहोस्** : *आरोपित पीडक परिचित रहेको महिला तथा किशोरी विरुद्ध हिंसाका मामिलाहरूमा प्रहरीले सिफारिस गरेको र लागू गरेको सुरक्षा आदेशहरूको प्रतिशत वा अनुपात ।* सुरक्षा आदेशहरू सिफारिस नगरिएको र/वा सिफारिस गरिएको तर कार्यान्वयन नभएको महिला

---

४५ See further: https://www.theiacp.org/resources/sexual-assault-response-policy-and-training-content-guidelines

४६ Ibid.

"अनुसन्धानको गुणस्तर र यसलाई कसरी अभिलेख गरिएको छ भन्ने कुराका साथै अनुसन्धानकर्ताका निर्णयहरू सफल नतिजाको लागि महत्वपूर्ण हुन्छ । उदाहरणका लागि, विशेषगरी प्रमाणको चक्र व्यवस्थापन, किनभने यो फोरेन्सिक प्रमाणसँग सम्बन्धित भएकोले यो ज्यादै महत्वपूर्ण छ र न्याय प्रणालीमा चुनौती प्राप्त हुने पहिलो क्षेत्रहरू मध्ये पर्छ ।"

- Gerry Campbell, former Detective Chief Superintendent, Scotland Yard

तथा किशोरी विरुद्ध हिंसा मामिलाहरूको प्रतिशत वा अनुपात पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यस सूचकलाई त्यस्ता घटनाहरूमा गरिएका पक्राउको सङ्ख्यासँग जोडेर हेर्नुपर्छ ।

५. **सुसूचित सहमति र गोपनियता र पहुँचयुक्तता** : *प्रहरी सेवामा आघात-सूचित अवधारणाहरूमा प्रशिक्षित अधिकारीहरूको प्रतिशत वा अनुपात ।* तालिमले विषम आघातलाई पनि समेट्नुपर्दछ र निश्चित टोलीहरूका लागि हुने विशेषकृत प्रशिक्षणकासाथै सबै अधिकारीहरूको लागि हुने नियमित प्रशिक्षणमा समावेश गरिनु पर्छ ।

६. **सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरूको प्रभावकारी सञ्चार र सहभागिता** : *कुराकानी गरिएको र बयान लिइएका पीडित/प्रभावित व्यक्तिहरूको संख्या ।* यो सूचकले प्रहरी अधिकारी र पीडित/प्रभावित व्यक्ति वा साक्षीबीचको सञ्चारको गुणस्तरको बारेमा जानकारी प्रदान नगर्ने भएपनि पीडित/प्रभावितहरूले प्रदान गरेको गुणात्मक प्रतिक्रियालाई परिपूर्ण गर्न यो आवश्यक छ ।

७. **तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन** : *मुद्दा फाइल व्यवस्थापन प्रोटोकल वा प्रक्रिया अनुसार पर्याप्त रूपमा अभिलेख र भण्डारण गरिएका मुद्दाहरूको प्रतिशत वा अनुपात ।* यस जानकारीको अभिलेखनले अनुसन्धान प्रक्रियाको जवाफदेहिता र इमान्दारिता देखाउँछ । यसमा पीडित/प्रभावितले अपराधको उजुरी गरेपछि प्राप्त गरेको अभिलेखहरू, प्रहरीले दिएको उनीहरूको उजुरीको लिखित प्रमाण जसमा अपराधको प्रकार, समय, स्थान र अपराधबाट भएको क्षति जस्ता अपराधका आधारभूत तत्वहरू उल्लेख गरिएको अभिलेखहरू समावेश हुन्छन् । त्यो लिखित प्रमाणमा फाइल नम्बर, मिति, प्रहरी चौकी र उजुरी दर्ता गर्ने अधिकारीको नाम समावेश हुनुपर्छ । यसले अपराध उजुरी भएको प्रमाणको रूपमा काम गर्नुपर्छ (उदाहरणका लागि, क्षतिपूर्ति दावीहरूको सम्बन्धमा) ।[४७]

८. **समन्वयमार्फत अन्य क्षेत्र र एजेन्सीहरूसँग जाडिने:** *बाह्य निकाय र साझेदारहरूसमक्ष प्रेषण (सिफारिस) गरिएको महिला तथा किशोरी विरुद्ध हिंसाका मुद्दाहरूको प्रतिशत वा अनुपात ।* पीडित/प्रभावितले प्रेषणको सहयोगको प्रस्तावलाई अस्वीकार गरेको घटनाहरूको प्रतिशत वा अनुपात अभिलेख गर्नु उत्तिकै महत्वपूर्ण हुन्छ ।

बाकस १४

युके गृह कार्यालयका अनुसार, यस क्षेत्रमा घरेलु वा अंतरंग व्यक्तिबाट हुने हिंसा विरुद्ध लड्न प्रभावकारी नेतृत्वको अर्थ*:

- घरेलु दुर्व्यवहारलाई प्राथमिकतामा राख्ने, व्यवहारमा यसको अर्थ के हो भन्ने कुरा अधिकारीहरूले बुझेका छन्;
- घरेलु दुर्व्यवहार सबैको चिन्ताको विषय हो भन्नेबारेमा स्पष्ट हुनु, यो विशेषज्ञ एकाइहरूको लागि मात्र होइन;
- सकारात्मक संस्कृति र मनोवृत्तिलाई सुदृढ गर्नु;
- घरेलु दुर्व्यवहारबाट पीडित/प्रभावितहरूलाई समर्थन गर्ने व्यक्तिहरूलाई पुरस्कृत र मान्यता दिने, प्रशंसादेखि बढुवाका लागि सम्भावनाहरू सम्म । हामीसँग "प्रहरी वीरता पुरस्कार" छ - "पीडित हेरचाह पुरस्कार" पनि हुनुपर्छ?
- यस क्षेत्रमा केन्द्रविन्दु र प्रभावकारी कार्यसम्पादन व्यवस्थापन भएको सुनिश्चित गर्ने; र
- व्यवसायिक र सक्षम अवधारणालाई सुदृढ गर्नको लागि प्रभावकारी सुपरिवेक्षण रहेको सुनिश्चित गर्ने ।

*स्रोत: 'Everyone's business: Improving the police response to domestic abuse' (Her Majesty's Inspectorate of Constabulary (HMIC, 2014).

४७ For further recommendations on case management, please refer to 'Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women' (UNODC, 2014).

परिशिष्ट १

एउटा सम्बन्ध भित्र हिंसाका मान्यताप्राप्त चरणहरु

ग्राहम गोल्डेना, मुख्य प्रहरी अनुसन्धानकर्ता (सेवानिवृत्त), स्कटल्याण्ड यार्ड

अधिकारीहरूले दुरुपयोगका लक्षणहरू सधैं फेला नपार्ने भएकाले यी चरणहरूबारे र टेलिफल कलको जवाफ दिंदा पीडित/प्रभावित व्यक्तिले के कुरा प्रस्तुत गर्न सक्छन् भन्ने कुरा जान्नु उपयोगी हुन्छ ।

ग्रुमिङ - धेरै दुर्व्यवहारकर्ताहरू सम्बन्धको सुरुका चरणहरूमा आकर्षक हुनेछन् । उनीहरू 'उत्कृष्ट पार्टनर' हुन सक्छन् । यो कुरालाई प्रायः पीडित/प्रभावित व्यक्तिका साथीहरू र परिवारहरूले देखेका हुन्छन् ।

प्रारम्भिक चरणहरूमा पीडकले प्रयोग गर्ने युक्तिहरू पीडित/प्रभावितलाई परिवार र साथीहरूबाट अलग्याउनु हुनेछ । यसलाई हेरचाह गरेको र मायालु भएको रूपमा लिन सकिन्छ ।

पीडित/प्रभावितको ग्रुमिङ्ग गर्ने प्रक्रिया प्रायः क्रमिक हुन्छ र यसले दुर्व्यवहारकर्तालाई बढी गम्भीर दुर्व्यवहार र शारीरिक हिंसा सुरु गर्न सुहाउँदो स्थितिमा पुऱ्याउँछ ।

प्रहरी अधिकारीहरूले एउटा व्यक्तिका बारेमा चिन्तित परिवारका सदस्यहरू वा साथीहरूबाट टेलिफोन कल प्राप्त गर्न सक्छन् ।

<u>प्रमाणजन्य संकेत – रातो झण्डा</u>

- **परिवार र साथीहरूबाट अलग्याउने**
- **प्रारम्भिक आर्थिक निर्भरता – पीडित/प्रभावितको नाममा लिइएको ऋण**
- **सम्बन्धको सुरुमै गर्भावस्था**
- **सम्बन्धको सुरुमै सँगै बस्ने**
- **पीडकलाई साथीहरूले उत्तम पार्टनरका रूपमा वर्णन गर्न सक्छन्**

नोटः माथि उल्लेखित रातो झण्डाहरू सधैं ग्रुमिङको उदाहरण नहुनसक्छ भन्ने कुरा स्वीकार गरिएको छ । घरेलु दुर्व्यवहारको अनुसन्धान गर्दा अधिकारीले सम्बन्धको प्रारम्भिक चरणहरूको बारेमा सोध्नेतर्फ विचार गर्नुपर्छ ।

स्थितिको व्यवस्थापन - लगातार दुर्व्यवहार र/वा शारीरिक हिंसा सुरु भएपनि केही पीडित/प्रभावितले सम्बन्ध छोड्न सक्छन् । ग्रुमिङ चरणमा स्थापित नियन्त्रणको स्तरको कारणले धेरैले त्यसो गर्दैनन् । पीडित/प्रभाविहरूले दुर्व्यवहारका लागि स्पष्टीकरणहरू खोज्ने प्रयास गर्न सक्ने सम्भावना हुन्छ, जसमा स्थितिमा सुधार हुनेछ भन्ने सम्भावनालाई खुला राखिन्छ ।

पीडित/प्रभावितले प्रायः आफ्नै व्यवहार परिवर्तन गरेर पीडक र विशेष परिस्थितिहरू व्यवस्थापन गर्न रणनीतिहरू विकास गर्छन् । यसरी, सम्बन्धमा पीडकको मापदण्ड थोपरिन्छ र दुर्व्यवहार सम्बन्धको अंश बन्नजान्छ ।

यदि प्रहरी बोलाइयो भने यो सम्बन्ध भित्र दुर्व्यवहार व्यवस्थापन गर्ने रणनीतिको रूपमा हुन सक्छ । यदि पीडित/प्रभावित यस विन्दुमा संलग्न हुन चाहँदैन भने उनीहरू जानाजानी अवरोधकारी वा असहयोगी बनिरहेका हुँदैनन्, उनीहरूले परिस्थितिलाई आफूलाई सुरक्षित महसुस गराउने तरिकाले व्यवस्थापन गरिरहेका हुन्छन् ।

यस चरणमा पीडितलाई उनीहरूले पीडकको व्यवहारलाई समायोजन गर्न आफूलाई कसरी परिवर्तन गर्दैछन् र आफ्नो व्यवहारलाई सीमित बनाउँदै छन् भन्ने कुरा देख्न पीडितलाई सक्षम बनाउन अधिकारीहरूले प्रश्नहरू सोध्नु महत्वपूर्ण हुन्छ ।

<u>प्रमाणजन्य संकेत – रातो झण्डा</u>

- **साथी र परिवारबाट अलग्याउने**
- **पीडित/प्रभावित व्यक्तिका तर्फबाट आफैंलाई दोष दिने**
- **चोटपटकका कारण कामबाट फिर्ता हुने**
- **पीडकद्वारा आवश्यक ठहर गरेको कठोर नियमहरू (जस्तै, बेलुकाको खाना, सरसफाई, पीडित/प्रभावितको सरसफाई, लगाउनु पर्ने लुगा आदि)।**
- **पीडक/प्रभावितको हिंडडुलमा पीडकले जाँच गर्ने । पीडकहरूले नियन्त्रण स्थापित गर्न प्रविधि प्रयोग गरिरहेको हुनसक्ने तर्फ पनि अधिकारीहरूले विचार गर्नुपर्छ ।**
- **सम्पत्तिमा क्षति**

विकृत दृष्टिकोण/वास्तविकता- जबरजस्ती नियन्त्रण गर्ने व्यवहारमा विभिन्न प्रकार र दोहोरिने रणनीतिहरू समावेश हुन्छन् । ती सबैको संयोजनले पीडित/प्रभावितलाई डरको जिन्दगी बाँच्नु पर्ने अवस्था निम्त्याउँछ । उनीहरू चिन्तित हुने र डराउने सम्भावना हुन्छ ।

पीडकहरूले दुर्व्यवहारको दोष र जिम्मेवारी पीडित/प्रभावितमाथि दिने प्रयास गर्नेछन् । केही पीडितहरू/प्रभावितहरूले लड्ने र प्रतिवाद गर्नेछन् । रक्सी र अन्य लागु पदार्थहरूलाई प्रायः स्थितिसँग जुध्ने संयन्त्रको रूपमा प्रयोग गरिन्छ, र जसले निर्णय लिनसक्ने क्षमतालाई ओझेलमा पर्ने काम गर्नसक्छ र पीडित/प्रभावितले सहयोग गरिरहेको छैन वा 'दुबै एकअर्का जत्तिकै खराब छन्' भन्ने जस्तो देखिन सक्छ ।

यस चरणमा प्रहरीबाट मुख्य प्रतिकार्यहरू भनेको पीडित/प्रभावितको दोष छैन भन्ने कुरामा जोड दिँदै दोषको सवाललाई चुनैती दिने प्रयास गर्नु, र उनीहरूले पीडकलाई सहज बनाउने प्रयासमा कसरी आफ्नो व्यवहार परिवर्तन गरिरहेका छन् भनेर उनीहरूलाई देखाउन पुनः प्रयास गर्नु रहेका छन् ।

<u>प्रमाणजन्इ संकेत – रातो झण्डा</u>

अधिकारीहरूले केवल 'के भयो?' भनेर सोध्नुको सट्टा पीडित/प्रभावितहरूले सम्बन्धमा रहँदा कस्तो महसुस गरिरहेका छन् भनेर सोध्नेतर्फ विचार गर्नुपर्छ ।

टेलिफोन कलहरू प्राप्त भएपछि अधिकारीहरूले पीडित/प्रभावितसँग आफैं कुरा गर्नुपर्छ र तपाईंको उपस्थितिमा पनि नियन्त्रण गर्ने व्यवहारहरू हुन सक्छ भनेर सचेत हुनुपर्छ ।

- **नियन्त्रण गर्ने व्यवहारको कारण सम्बन्धमा निरन्तर डर**
- **आफैंलाई दोष दिने**
- **रक्सी/लागु पदार्थ दुरुपयोग**
- **साथी/परिवार/रोजगारदाताका भनाईहरू**
- **सार्वजनिक स्थानमा अपमानित गर्ने**
- **पीडक/प्रभावितले छोडेर जाने विचार गरिरहेको हुनसक्ने डरले पीडक ग्रुमिङ चरणमा फर्केको**
- **डाक्टरसँग र अन्य भेटघाटको समयमा पीडक पीडित/प्रभावितको साथमा रहनु**
- **दृश्य तपाईंले सोचे जस्तो भएको**

टेलिफोन कलहरू उठाउँदा अधिकारीहरूले जबरजस्ती नियन्त्रणको सूक्ष्म संकेतहरू खोज्ने प्रयास गर्नुपर्छ । यसमा देहाय समावेश हुन सक्छन् :

- **पीडित/प्रभावित व्यक्तिलाई चुप लगाउन हातको इशाराहरू**
- **पीडित/प्रभावित व्यक्तिलाई दोष लगाइरहेको पीडक**
- **पीडित/ प्रभावितको अवस्थाबारे दाबी गरिरहेको पीडक ।**

संयुक्त राज्य अमेरिकामा उजुरी गरिएको एउटा घटनाले आरोपित पीडक कोठाभित्र प्रवेश गर्दा कसरी पीडित/प्रभावितले बोल्न छोडछिन् भनेर उल्लेख गरेको थियो । आरोपित पीडक सेतो तौलिया लिएर भित्र पसेपछि मात्र यो घटना भएको अधिकारीहरूले पछि थाहा पाए । सोधपुछ गर्दा, पीडित/प्रभावितले पछि भनिन् कि त्यो तौलिया प्रायः पीडितको घाँटी थिच्न प्रयोग गरिएको थियो ।

दुर्व्यवहारलाई परिभाषित गर्ने - प्रायः केही समयको अवधि पछि मात्र पीडित/प्रभावित व्यक्तिले उनी माथि भइरहेको कुरालाई दुर्व्यवहारको रूपमा परिभाषित गर्छिन्, विशेषगरी यदि शारीरिक हिंसा थोरै हुने गरेको वा यदि हिंसा 'न्यून-स्तरको' तर जबरजस्ती हुने गरेको छ भने त्यस्तो अवस्था हुनेगर्छ ।

यो पीडित/प्रभावितका लागि कठिन चरण हुन सक्छ, किनभने उनीहरूले आफ्नो स्थिति पीडित/प्रभावितको रूपमा रहेको र आफूले माया गरेको व्यक्ति दुर्व्यवहार गर्ने व्यक्ति हो भनेर स्वीकार गर्नुपर्नेछ । यस चरणमा, एक पटक भएको घटना भन्दा पनि कम्तीमा पनि केही हदसम्मको दुर्व्यवहार भइरहेको कुराको स्वीकारोक्ति पनि समावेश हुनेछ ।

प्रतिकार्यमा संलग्न व्यक्तिले 'पीडितहरू' र आरोपित 'पीडकहरू' बारे विद्यमान रुढिवादी धारणलाई चुनौती दिन पीडित/प्रभावितलाई मद्दत गरेमा त्यो उपयोगी हुनसक्छ । पीडित/प्रभावितको अनुभव रुजु गर्नु र उनीहरूमाथिको दोष हटाउनु अधिकारीहरूका लागि महत्वपूर्ण छ । पीडित/प्रभावितलाई 'यो तपाईंको दोष होइन' जस्तो केही भन्नु उनीहरूका लागि धेरै सशक्त हुन सक्छ ।

<u>प्रमणजन्य संकेत – रातो झण्डा</u>

- **पिडित/प्रभावित व्यक्तिले पहिचान गरेको दुर्व्यवहारसहित पीडित/प्रभावित व्यक्तिबाट प्राप्त विस्तृत विवरणहरू**
- **पीडित/प्रभावित स्थितिको स्वीकारोक्ति**
- **एउटा पार्टनर पीडक हो भनेर स्वीकार**
- **दुर्व्यवहारको बारेमा पीडित/प्रभावित व्यक्तिबाट टेलिफोन कलहरू**

सम्बन्धको पुनःमूल्याङ्कन - पीडित/प्रभावितले आफूलाई के भइरहेको छ भनेर एकचोटी स्वीकार गरिसकेपछि, उनले उनीहरूबीचको सम्पूर्ण सम्बन्धको पुनःमूल्याङ्कन गर्न थाल्छिन् ।

दुर्व्यवहार व्यवस्थापनका लागि उनको हाल रणनीतिहरूले निरन्तरता पाउन सक्छ । अस्थायी रूपमा वा स्थायी रूपमा छोडर जाने र औपचारिक सहयोग प्रणालीहरूको प्रयोग गर्ने कुरा बढी यथार्थवादी हुनेछ ।

यस चरणमा हस्तक्षेपले सम्बन्धबाट बाहिर आउनका लागि के व्यावहारिक बाधाहरू छन् भनेर खोजी गर्ने प्रयास गर्नसक्छ ।

अधिकारीहरूले पुनः पीडित/प्रभावितको अनुभूतिलाई प्रमाणित गर्ने प्रयास गर्नुपर्छ ।

प्रमाणजन्य संकेत – रातो झण्डा

- **पीडित/प्रभावित व्यक्तिबाट आत्म-विचार**
- **सुरक्षा योजना**
- **पीडित/प्रभावितका लागि उपलब्ध सेवाहरूसँग सञ्चारसम्पर्क**
- **छोडेर जान सुरक्षित नभएसम्म पीडकसँग रहने**
- **छोडेर जाने बारे साथी/परिवार/प्रहरीसँग कुरा गर्ने**

सम्बन्ध तोड्ने -धेरै पीडितहरू/प्रभावित‌ाहरूले वास्तवमा गर्नु अघि दुर्व्यवहार गर्ने पार्टनरलाई छोड्ने धेरै प्रयासहरू गर्छन् भन्ने कुरा यो मनमा राख्नु महत्वपूर्ण हुन्छ ।

सम्बन्ध नतोड्नुका कारणहरू प्रायः व्यावहारिक हुन्छन् र यसमा देहाय समावेश छन् : धेरै नियन्त्रण गर्ने व्यवहार र रणनीतिहरू र बदलिन्छु भन्ने वाचाहरू; घर; आर्थिक सहयोग; र छोराछोरीहरू; परिवारबाट दबाब र उनीहरूले आफ्नो सुरक्षाको ग्यारेन्टी गर्न सक्दैनन् भन्ने डर ।

प्रतिकार्यमा संलग्न हुने पहिलो व्यक्तिहरू तत्काल सुरक्षा योजनाका आवश्यकताहरू बारे सचेत भई पीडित/प्रभावितहरूलाई विशेषज्ञ सहयोग सेवाहरूमा सिफारिस गरिएको सुनिश्चित गर्नुपर्छ, जसले उनीहरूलाई भविष्यको बारेमा कठिन निर्णयहरूको सामना गर्न मद्दत गर्न सक्छ ।

'कदम चाल्न आवश्यक ठाउँ' सिर्जना गर्नु महत्वपूर्ण हुन्छ, र प्रतिक्रियाकर्ताहरूले अपराधीलाई हटाउने र आधार भएको अवस्था उनीहरूलाई पक्राउ गरेर त्यो ठाउँ सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

प्रमाणजन्य संकेतहरू

- **सुरक्षा योजनाहरू**
- **पीडित/प्रभावित सेवा प्रदायकहरूसँग छलफल**
- **छोड्न सुरक्षित नभएसम्म पीडकसँग रहने**

दुर्व्यवहारको अन्त्य गर्ने -सम्बन्ध समाप्त गर्नु भनेको सधैं हिंसा र दुर्व्यवहारको अन्त्य होईन भन्ने कुरा याद राख्नु महत्वपूर्ण हुन्छ । अलग भए पछिको अवधि वास्तवमा सबैभन्दा खतरनाक हुन सक्छ । धेरै पीडित/प्रभावितहरूले छुट्टिएपछि दुर्व्यवहारको सामना गर्छन् र प्रतिक्रियाकर्ताहरू बढ्दो खतराबारे सचेत हुनुपर्छ । छोराछोरीसँगको सम्बन्ध-सम्पर्क अलग भएपछिको एक महत्वपूर्ण सवाल हुन सक्छ । धेरै दुर्व्यवहारकर्ताहरूले छोराछोरीसँगको सम्पर्क मार्फत नियन्त्रण गर्ने प्रयास जारी राख्छन्, र पीडित/प्रभावित र बालबालिकालाई अदालतले आदेश दिएको सम्पर्क भेटका क्रममा दुर्व्यवहार र हत्या गरिएको छ ।

प्रमाणजन्य संकेतहरू

- **बच्चाहरू संलग्न भएको अवस्थामा पीडकसँग निरन्तर सम्पर्क**
- **पीडकद्वारा मोबाइल फोन, अफिस वा साथी र परिवार मार्फत सम्पर्क**

परिशिष्ट २

इज्जतमा आधारित हिंसा/दुर्व्यवहार र हानिकारक अभ्यासहरू जस्तै, बाल विवाह, सानो उमेरमा हुने र जबरजस्ती विवाह र महिला जनेन्द्रिय विच्छेदन

गेरी क्याम्पबेल : MBE FCMI AFHEA, डिटेक्टिव चीफ सुपरिटेन्डेन्ट (सेवानिवृत्त), स्कटल्याण्ड यार्ड

इज्जत आधारित हिंसा/दुर्व्यवहार भनेको के हो?

इज्जतमा आधारित दुर्व्यवहारलाई परिभाषित गर्नको लागि, 'इज्जत' शब्दको अर्थ के हो भनेर बुझ्नु महत्वपूर्ण छ। विश्वभरका सबै संस्कृतिहरूले केही प्रकारको इज्जत संहिता सञ्चालन गर्छन् भनेर तर्क गर्न सकिन्छ।

पक्कैपनि यो के स्वीकार्य र अस्वीकार्य व्यवहार हो, के 'गर्नुहुने र गर्नुनहुने' कुराको निर्धारण गर्ने हाम्रो समाजमा स्थापित नियमहरूको बारेमा हो। केही संस्कृतिहरूका लागि, इज्जतको संहिता धेरै हदममा जीउने तरिका हो।

इज्जतले उच्च आदर वा उच्च प्रतिस्थानलाई जनाउँछ र यो इमानदारी र असल नैतिक चरित्रसँग सम्बन्धित सकारात्मक गुण हो। त्यस्ता गुणहरू भएका व्यक्तिहरूलाई 'इज्जतिलो'[४८] भनेर व्याख्या गरिएको छ, जसमा विश्वास र इज्जत जस्ता अन्य सकारात्मक गुणहरू समावेश हुन्छ र हैसियत र प्रतिष्ठासँग पनि सम्बन्धित छ।[४९] इज्जतको महत्व व्यक्तिको आफ्नै नजरमा छ, र उनको समाजको नजरमा पनि छ।

इज्जत संस्कृतिहरूमा महत्वको यो पक्ष व्यक्तिको प्रतिष्ठा र त्यसकारण समुदाय भित्रको हैसियतसँग अन्तरंग रूपमा जोडिएको हुन्छ। इज्जतको कथित उल्लङ्घन भएको अवस्थामा यो असाधारण रूपमा हानिकारक हुन सक्छ, जसले व्यक्ति वा परिवारको सम्मानको रक्षा गर्न प्रतिबद्ध रहँदै 'हिंसात्मक प्रतिशोध' निम्त्याउन सक्छ।[५०] यस्तो हिंसात्मक प्रतिशोध तत्काल हुन सक्छ र अकल्पनीय बलको प्रयोगले ज्यान गुमाउने अवस्था आउन सक्छ।



गेरी क्याम्पबेल : MBE FCMI AFHEA, डिटेक्टिव चीफ सुपरिटेन्डेन्ट (सेवानिवृत्त), स्कटल्याण्ड यार्ड

---

४८ Vandello, J. A. & Cohen, D. (2003), 'Male honor and female fidelity: Implicit cultural scripts that perpetuate domestic violence', *Journal of Personality and Social Psychology*, 84, at p 997.

४९ Julian Pitt-Rivers, 'Honor and Social Status,' in *Honour and Shame: The Values of Mediterranean Society* (ed. J. G. Peristiany, Weidenfeld and Nicolson, 1965), p 21.

५० Ibid.

घटना अध्ययन

श्री बनाज महमोदको हत्या (सन् २००६)

"यो एक बर्बर र निर्दयी अपराध थियो ... तथाकथित परिवारको इज्जत पुनर्स्थापित गर्न, उनको बुबा र काकाले उनी मर्नुपर्छ भनेर निर्णय, र उनको स्मृति मेटाउने निर्णय गरे" (न्यायाधीश ब्रायन बार्कर)।

दिवंगत श्री बनाज महमोदको जन्म १६ डिसेम्बर १९८५ मा इराकी कुर्दिस्तानमा भएको थियो। १० वर्षको उमेरमा बनाज आफ्नो परिवारसँग संयुक्त अधिराज्य बसाइँ सरिन्, जहाँ उनीहरूले शरणको मागदाबी प्रस्तुत गरे।

बनाजले १७ वर्षकी हुँदा आफूभन्दा १० वर्ष जेठो पुरुषसँग मागी विवाह गरिन्। दुई वर्ष पछि र यौन तथा शारीरिक दुर्व्यवहार पछि, बनाजले पतिलाई छोडेर मिचम, लन्डनमा रहेका आफ्ना आमाबाबुसँग उनीहरूको सहमतिमा सँगै बस्न फर्किन्। यस बिछोड पछि, बनाजले अर्का पुरुषसँग नयाँ सम्बन्ध स्थापित गरिन्, जसलाई उनका परिवारका पुरुष सदस्यहरूले 'अनुपयुक्त' ठहर गरे। बनाज र उनको प्रेमीलाई समुदायका सदस्यहरूले पिछा गर्ने र निगरानी गर्ने गरिरहेका थिए र लन्डनको भूमिगत स्टेशन बाहिर उनीहरूलाई चुम्बन गरेको देखियो।

डिसेम्बर २००५ मा, बनाजका बुवाले लन्डनको फ्ल्याटमा पारिवारिक बैठक वा परिषद् बोलाए, जसले बनाजको भाग्य तय गऱ्यो, किनभने उनले आफ्नो परिवारलाई लज्जित तुल्याएको मानियो।

सेप्टेम्बर २००५ र जनवरी २००६ को बीचमा, बनाज मेट्रोपोलिटन प्रहरी सेवा (लन्डन) र वेस्ट मिडल्याण्ड्स प्रहरी (बर्मिंघम, यूके) का प्रहरी अधिकारीहरूसँग पाँच पटक सम्पर्कमा आइन्, जसमा यौन दुर्व्यवहार र मार्ने धम्की सहित गम्भीर आरोप लगाइयो। स्वतन्त्र प्रहरी उजुरी आयोग (हाल स्वतन्त्र सार्वजनिक आचरण कार्यालय) ले पछि केही प्रहरी अधिकारीहरूले ती आरोपहरूको छानबिन गर्ने तरिकामा कमजोरीहरू फेला पारे (आईपीसीसी, नोभेम्बर २००८)।

३१ डिसेम्बर २००५ मा बनाजकी हजुरआमाको छिमेकीले उनको ढोकाको सिसाको प्यानल भाँचिएको प्रहरीलाई खबर गरे। बनाजले उनको बुबाबाट बच्नका लागि हतारमा सो सिसा भाँचेको थिइन् किनभने उनले उनमाथि ब्रान्डी खनाइदिए। बनाज नजिकैको क्याफेमा दौडदै पुगित र त्यसका कर्मचारी र ग्राहकहरूले उनी दुखित र उनको हातबाट रगत बगिरहेको देखे। बनाजले उनलाई रक्सी पिउन बाध्य पारिएको, केही मानिसहरू "उनको पछि लागेको" र उनले भाग्नका लागि भ्याल तोड्नुपरेको बताइन्। त्यसपछि एम्बुलेन्स सेवा र प्रहरीलाई घटनास्थलमा पठाइएको थियो। बनाजले एम्बुलेन्सका चालक दलका सदस्यलाई भ्याल फोडेको र उनको बुबाले जबरजस्ती रक्सी पिउन र उनलाई मार्न खोजिरहेको बताइन्। उनले "उनीहरूले" उनको प्रेमी श्री रहमत सुलेमानीलाई मार्ने योजना बनाएको पनि उल्लेख गरिन्।

रहमतले बताए अनुसार बनाजले प्रहरी अधिकारीहरूलाई उनको बुबा र काकाले उनलाई मार्न चाहेको बुझेको कुरा बताएकी थिइन्।

२२ जनवरी २००६ को साँझमा, बनाजकी प्रेमीलाई चार जना मानिसहरूले घेरे। उनीहरूले उनलाई उनीहरूसँग जान आग्रह गरे र जब उनले अस्वीकार गरे, उनको र बनाजको ज्यान लिने धम्की दिए। उनले यसबारे प्रहरीलाई जानकारी दिए। २३ जनवरीमा, बनाज धम्कीको उजुरी गर्न प्रहरी कार्यालयमा उपस्थित भइन्। उनले एक जना प्रहरी अधिकारीलाई आफ्नो प्रेमीलाई धम्की दिने मानिसहरूको नाम बताइन्। त्यसपछि बनाज बेपत्ता भइन्। उनलाई बलात्कार गरि, घाँटी थिचेर हत्या गरि र सुटकेसमा राखिएको थियो।

२५ जनवरी २००६ मा, बनाज वेपत्ता भएको उनको परिवारका कुनै सदस्यले नभई रहमतले उजुरी गरे। महानगरीय प्रहरी सेवा (लन्डन) ले तीन महिना लामो, उच्च जोखिममा बेपत्ता व्यक्तिको अनुसन्धान सुरु गऱ्यो। २९ अप्रिल २००६ मा, बनाजको कुहिएको शव लन्डनमा उनको घरबाट २०० माईल टाढा बर्मिंघम नजिकैको एउटा घरको बगैंचामा गाडिएको सुटकेसमा भेटियो।

११ जुन २००७ मा, बनाजका बुबा महमोद महमोद, उनका काका अरी महमोद, र अर्को नातेदार मोहम्मद हामालाई उनको हत्याको अभियोगमा दोषी ठहर गरी आजीवन कारावासको सजाय सुनाइएको थियो। इराकी कुर्दिस्तानी समुदायका अन्य सदस्यहरू बनाजको हत्यासँग सम्बन्धित अपराधहरू जस्तै झूठो साक्षी र बनाजको कानुनी र सम्मानपूर्व दाहसंस्कार रोकेकोमा दोषी ठहरिएका छन्।

मार्च २०१६ मा, विगत १० वर्षदेखि प्रहरी संरक्षणमा रहेका रहमत सुलेमानीले आत्महत्या गरेपछि अस्पतालमा मृत्यु भएको थियो। यसअघि उनले दुई पटक आत्महत्याको प्रयास गरेको बताइएको छ।

मेरो जीवन उनीमाथि निर्भर थियो। उनी मेरो वर्तमान, मेरो भविष्य, मेरो आशा थिइन्। उनी मसँग भएको सबैभन्दा राम्रो कुरा थिइन्। बनाजको मृत्यु हुँदा मेरो ज्यान पनि गयो। कुनै जीवन छैन। बनाजले न्याय पाएको क्षण हेर्ने चाहनाले मात्र मलाई बचाइरहेको थियो।

बनाजको इज्जत हत्याको अर्को शिकार रहमत हुन्।

सम्मान र प्रतिष्ठाका 'इज्जत' र 'शरम' (लाज) का मुद्दाहरू दक्षिण एसियाली समुदायहरूका साथै यी शब्दहरूको अन्य धेरै भाषा संस्करणहरूमा पनि इज्जतको धारणामा उल्लेखनीय प्रभाव छ। इज्जत र लाज शक्तिशाली भावनाहरू हुन्, जुन आफैंले लागू गर्न सकिन्छ र अरूद्वारा लागू पनि हुनसक्छ र व्यक्तिगत कार्यहरूमा शक्तिशाली प्रभावहरू हुन्। इज्जतमा आधारित दुर्व्यवहार लज्जित हुनु वा लाजमा परेको धारणाको लागि प्रतिकूल प्रतिक्रिया हो, यो लज्जित हुनबाट जोगिन वा बच्न पनि गरिन्छ। जहाँ महिला, बालबालिका र पुरुषहरू इज्जतमा आधारित हिंसा र दुर्व्यवहारको सिकार हुन्छन्, महिला र किशोरीहरू सबैभन्दा बढी पीडित हुने सम्भावना हुन्छ, जसले यो अपमानजनक रूपमा लैङ्गिक हिंसाको रूप लिन्छ।

हानिको मात्रामा, संस्कृति वा समुदायको इज्जत संहिताको कथित उल्लङ्घनले हत्या, अपहरण, झूठो जेल सजाय, बलात्कार, गम्भीर शारीरिक आक्रमण (तेजाब आक्रमण, हतियारको प्रयोग सहित), हत्याको धम्की, उत्पीडन, पीछा गर्ने, त्रसित गर्ने जस्ता फौजदारी अपराधहरूको क देखि ज्ञ समावेश हुन सक्छ। संयुक्त राष्ट्रसंघले गरेको अनुमान अनुसार हरेक वर्ष ५ हजार महिलाको इज्जतको नाममा हत्या हुने गरेको छ। वास्तविकता के हो भने धेरै महिलाहरू बेपत्ता हुन्छन्, र उनीहरू हराएको उजुरी र/वा भेटिएको वा त्यसको अभिलेख कहिल्यै दर्ता हुँदैन।[५१] यसबाहेक, पीडितहरू पनि छन् जो 'जबरजस्ती आत्महत्या' का कारण मर्छन्; जो आत्मदाह, चक्कुको घाउ र अन्य कारणले मर्छन्।

युएनओडीसीद्वारा सन् २०१८ मा गरेको एक अध्ययनले सन् २०१७ मा विश्वभर ८७,००० महिलालाई नियतवश हत्या गरिएको पाएको थियो।[52] आधाभन्दा बढी पीडित (५८%) वा ५०,००० अन्तरंग व्यक्ति वा परिवारका सदस्यहरूद्वारा मारिएका थिए। यसले विश्वभरका हेरक दिन १३७ महिलाहरूलाई आफ्नै परिवारको सदस्यले हत्या गर्ने गरेको देखाउँछ। सन् २०१७ मा नियतवश मारिएका एक तिहाइ (३०,०००) भन्दा बढी महिलाहरू उनीहरूको वर्तमान वा पूर्व अंतरंक मित्रद्वारा मारिएका थिए। यो सन् २०१८ विश्व स्वास्थ्य संगठनले गरेको व्यापकता अध्ययनसँग धेरै मेल खान्छ। यस अध्ययनले महिलाको इज्जतको आधारमा हुने हत्या र दाइजो सम्बन्धी हत्याका साथै हानिकारक अभ्यासहरूको अर्को रूप बोक्सी प्रथासँग[53] सम्बन्धित महिला र किशोरीहरूको हत्यालाई पनि स्वीकार गर्दछ।

हानिकारक अभ्यासहरू

महिला विरुद्धका यस्ता हिंसा र दुर्व्यवहारहरू बहुआयामिक हुन्छन् र विभिन्न सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सन्दर्भहरूको बहुआयामिक र अन्तरसम्बन्धित विषयवस्तुहरूको निरन्तरताको सह-अस्तित्वमा हुन्छन्।[५४] महिला विरुद्धको हिंसा लैङ्गिक असमानता र भेदभावको[५५] कारण र परिणाम दुवै हो, र लैङ्गिक समानता हासिल गर्नका लागि सबैभन्दा ठूलो बाधाहरू मध्ये एक हो।[५६]

परम्पराहरू लामो समय देखि स्थापित कार्य वा व्यवहारका प्रवृत्तिहरू हुन्, जुन प्रायः परिवार र समुदायहरूमा धेरै पुस्तादेखि हस्तान्तरण हुँदै आउने गर्छ। यी प्रथाहरू विश्वास र मान्यताहरूमा आधारित छन्। परम्पराहरू प्रायः वर्जित गरिएका कुराहरूले सुरक्षित राखिन्छन्, जुन नैतिक न्याय र धार्मिक विश्वासहरूमा आधारित मानव गतिविधि वा सामाजिक चलनसँग सम्बन्धित कडा सामाजिक प्रतिबन्धहरू (वा बन्देजहरू) हुन्। यसको मतलब परम्पराहरू परिवर्तन गर्न सजिलो छैन, किनभने मानिसहरू व्यवहारका यस्ता प्रवृत्तिहरूको पालन गर्छन्, र ती सही कुरा हुन् भनेर विश्वास गर्छन्।

परम्पराहरूले व्यक्ति, परिवार र समुदायमा सकारात्मक प्रभाव पार्छ; यद्यपि, ती हानिकारक पनि हुन सक्छन्। संयुक्त राष्ट्रसंघले निम्नलिखित मानवअधिकार उल्लङ्घनहरूलाई हानिकारक अभ्यासहरूको रूपमा उल्लेख गरेको छ, जसले महिला र किशोरीहरूको स्वास्थ्य, कल्याण र मानवअधिकारलाई गम्भीर र विनाशकारी रूपमा असर गर्छ : महिला जनेन्द्रिय विच्छेदन (एफएमजी); महिलाहरूको जबरजस्ती खाना खुवाने; बाल, सानो उमेरमा हुने र जबरजस्ती विवाह; छोरामाथिको प्राथमिकता; महिला भ्रुण हत्या; सानो उमेरमा गर्भावस्था; र दाइजो[57]। अन्य हानिकारक अभ्यासहरूमा इज्जत अपराध, दुलहीको मूल्य, दुलहीको अपहरण, रगतको झगडा, स्तन 'इस्त्री' गर्ने/समतल पार्ने र दागहरू बनाइदिने समावेश छन्।

अपाङ्गता भएका महिला र किशोरीहरू पनि अपाङ्गता नभएका महिला र किशोरीहरू विरुद्ध हुने हानिकारक अभ्यासहरूको अधीनमा छन्, जसले गर्दा कहिलेकाहीं विद्यमान अपाङ्गताहरूलाई बढाउँछ, नयाँहरू सिर्जना गर्दछ, वा तिनीहरूको विद्यमान संकटसन्नता र सामाजिक बहिष्करणलाई बढाउँने काम गर्छ।[५८]

५१ Global Study on Homicide, Gender related killing of women and girls (UNODC, 2018).

५२ Ibid.

५३ Ibid.

५४ Ibid.

५५ UN Secretary General's In-depth study of all forms of violence against women, (A/61/122/Add.1 (2006), para 65, p.27).

५६ UN Secretary General's In-depth study of all forms of violence against women, (A/61/122/Add.1 (2006), para 1, p.9).

५७ UN, Fact Sheet No.23, Harmful Traditional Practices Affecting the Health of Women and Children accessed via https://www.ohchr.org/Documents/Publications/FactSheet23en.pdf

५८ A Submission Highlighting the Harmful Practices Targeted at Persons with Disabilities, and in Particular Women and Girls with Disabilities,(International Disability Alliance, 2017).

जबरजस्ती विवाह

जबरजस्ती विवाह भनेको यस्तो विवाह हो जसमा एक वा दुवै पति/पत्नी (पुरुष र महिला) ले विवाहका लागि सुसूचित स्वीकृति दिएका हुँदैनन् तर उनीहरूमाथि आक्रमण, धम्की, धोका वा अन्यथा जबरजस्ती गरिन्छ। कसैलाई जबरजस्ती विवाह गर्न प्रयोग गरिने दबाबले धेरै रूप लिन सक्छ र त्यसमा शारीरिक, मनोवैज्ञानिक, आर्थिक, यौन र भावनात्मक दबाब समावेश हुन सक्छ।[५९]

महिला र किशोरीहरू विरुद्ध हिंसाको अर्को रूपको रूपका अधारमा जबरजस्ती विवाह, बाल र वयस्क दुर्व्यवहारको एउटा रूप हो, महिला र किशोरीहरूको मानवअधिकारको मौलिक दुर्व्यवहार हो र धेरै देशहरू र क्षेत्राधिकारहरूमा फौजदारी अपराध हो।

महिला र पुरुष दुवैलाई जबरजस्ती विवाह गराइन्छ भन्ने कुराले मान्यता पाएपनि महिला र किशोरीहरू मुख्यतया यस हानिकारक अभ्यासको पीडित हुने वा यसको जोखिममा हुन्छन्। जबरजस्ती विवाह गरिसकेपछि पीडितहरूले जीवनभर अन्य गम्भीर अपराधहरू, शारीरिक र यौन हिंसा, मनोवैज्ञानिक र भावनात्मक दुर्व्यवहार र घरेलु दासताको धेरै दूरगामी स्वास्थ्य परिणामहरूका सामना र अनुभव गर्छन्।

बालविवाह अर्थात् १८ वर्ष नपुग्दै गरेको विवाह संयुक्त राज्य अमेरिका र बेलायतलगायत विश्वका धेरै देशहरूमा हुने गरेको छ।

जबरजस्ती विवाह हुनुका कारणहरूमा धेरै फरक प्रेरणा र क्षेत्रीय भिन्नताहरू रहेको पाइन्छ, जसमा सम्पत्ति र हैसियत सुरक्षित गर्ने र/वा प्राप्त गर्ने, गरिबी, सुरक्षा, सामुदायिक एक्लोपना रोक्न, बिरामी बच्चाको हेरचाह गर्ने व्यक्तिका लागि र दुलही अपहरण जस्ता अन्य प्रकारका हानिकारक अभ्यासहरूसँग जोडिएको हुने गर्छ।

मागी विवाह

मागी विवाहको परम्परा संसारभरि मनाइन्छ जहाँ परिवारका सदस्यहरू, विशेषगरी आमाबाबुले विवाह तय गर्न प्रमुख भूमिका खेल्छन्। यद्यपि मागी विवाह र जबरजस्ती विवाह बीचको भिन्नता बुझ्नु महत्वपूर्ण छ। विवाह वास्तवमै मागी विवाह हुनको लागि यो अनुकूलता, छनोट, र आवद्ध हुने दुवै पक्षको सुसूचित सहमतिमा आधारित हुनुपर्छ।

जबरजस्ती विवाहलाई सहमतिमा गरिएको मागी विवाहजस्तो देखाउन त्यस्तै 'आवरण' दिएको हुनसक्छ भन्ने कुरामा विवाहमा सहभागी हुनेहरू, प्रहरी, अन्य कानून कार्यान्वयन कर्मीहरू, विस्तारित परिवार र समुदायका सदस्यहरू सबै सचेत हुनुपर्छ। त्यसैले मानवअधिकार र राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनहरूको उल्लङ्घन गर्ने हानिकारक अभ्यासहरूका लागि समुदायको समर्थन भए तापनि, बालबालिकालाई सबै प्रकारका भेदभावहरूबाट जोगाउन राष्ट्र राज्य र प्रादेशिक सरकारहरू, निगरानी निकायहरू र कानून कार्यान्वयन गर्ने निकायहरूले उचित लगनशीलताको प्रयोग गर्नु अत्यावश्यक छ।

बाकस १५

जबरजस्ती विवाह – तथ्य फाइल

- आज जीवित ७० करोड महिलाहरू उनीहरूको १८ औं जन्मदिन अघि विवाहित थिए। यी मध्ये २५ करोडको १५ वर्ष नपुग्दै विवाह भएको थियो।
- सन् २०१९ मा, २०-२४ वर्ष उमेरका ५ मध्ये १ जना महिलाको १८ वर्ष नपुग्दै विवाह भएको थियो।[१]
- यदि बाल विवाह, सानो उमेरमा हुने र जबरजस्ती विवाहमा कमी आएन भने, सन् २०३० सम्ममा ९५ करोड महिला र केटीहरूले आफ्नो १८ औं जन्मदिनअघि नै विवाह गर्नेछन्। यो संख्या सन् २०५० सम्ममा करिब १ अर्ब २ करोड पुग्ने छ।[२]
- विश्वव्यापी रूपमा, १५ देखि १८ वर्ष (८ करोड ४० लाख) उमेरका हरेक तीन किशोरकिशोरीहरू मध्ये लगभग एक जना आफ्नो पति वा पार्टनरद्वारा गरिएको भावनात्मक, शारीरिक र/वा यौन हिंसाबाट पीडित भएको छ।[३]
- कम र मध्यम आय भएका देशहरूमा १५ देखि १९ वर्षका केटीहरूको मृत्युको प्रमुख कारणहरूमध्ये गर्भावस्था र बच्चा जन्माउने क्रममा हुने जटिलताहरू हुन्।[४]
- ११ करोड ५० लाख पुरुषहरू १८ वर्ष अघि विवाहित थिए; जसमध्ये २ करोड ३० लाखको १५ वर्ष नपुग्दै विवाह भएको थियो।[५]

१ United Nations, Department of Economic and Social Affairs, Statistics Division (2020). Achieve gender equality and empower all women and girls.

२ GirlsNotBrides, accessed via https://www.girlsnotbrides.org/700-million-women-married-children-reveals-new-unicef-data/

३ World Health Organisation (WHO), Adolescents: health risks and solutions (13 December 2018) accessed via https://www.who.int/en/news-room/fact-sheets/detail/adolescents-health-risks-and-solutions

४ Ibid.

५ 115 million boys and men around the world married as children - UNICEF United Kingdom accessed via https://www.unicef.org.uk/press-releases/115-million-boys-and-menaround-the-world-married-as-children-unicef/

५९ HM Government multi-agency practice guidelines, *Handling cases of Forced Marriage* (June 2014).

बाकस १६

राष्ट्रसङ्घीय बाल अधिकार महासन्धि[१]

धारा २ अनुसार :

१. पक्ष राष्ट्रहरूले यस महासन्धिमा उल्लेख गरिएका अधिकारहरूलाई कुनै पनि प्रकारको भेदभाव नगरी आफ्नो अधिकार क्षेत्र भित्रका प्रत्येक बालबालिकालाई बालबालिकाको वा उसको आमाबाबु वा कानुनी अभिभावकको जात, रंग, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म वा अन्य स्थितिको आधार भेदभाव नगरी सम्मान गर्ने र सुनिश्चित गर्नेछन् ।

२. पक्ष राष्ट्रहरूले हैसियत, गतिविधि, व्यक्त विचार, वा बालबालिकाका आमाबाबु, कानुनी अभिभावक, वा परिवारका सदस्यहरूको आस्थाको आधारमा बालबालिकालाई सबै प्रकारका भेदभाव वा दण्डहरूबाट सुरक्षित गरिएको छ भनी सुनिश्चित गर्न सबै उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

[१] The United Nations Convention on the Rights of the Child (1990), accessed via: https://downloads.unicef.org.uk/wp-content/uploads/2010/05/UNCRC_PRESS200910web.pdf?_ga=2.16687990.170076905.1577836147-1551955756.1577836147

अन्तर्राष्ट्रिय रूपमा, प्रहरी र कानून कार्यान्वयन गर्ने निकायहरू र त्यसैकारण तिनीहरूका अधिकारीहरू र पदाधिकारीहरूको मुख्य उद्देश्यहरू देहाय रहेका छन् : **जीवनको रक्षा, अपराध रोक्न र पत्ता लगाउन, र शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्न ।**

आफ्नो बहु-निकाय जबरजस्ती विवाह निर्देशिकामा, संयुक्त अधिराज्यको सरकारले जबरजस्ती विवाहका मुद्दाहरू व्यवस्थापन गर्न प्रहरी अधिकारीहरू र अन्य पेशाकर्मीहरूका लागि 'एक पटक मौका नियम' को अवधारणाको वकालत गर्दछ ।[६०] यो अवधारणाले व्यक्तिलाई पीडित वा थप पीडित हुनबाट जोगाउन, संरक्षण गर्न र बचाउनका लागि पेशाकर्मीहरूसँग वास्तविक रूपमा 'एउटा मौका' हुन्छ भन्ने कुरालाई प्रकाश पार्दछ । यो पीडित/प्रभावित र सम्भावित पीडित/प्रभावितहरूलाई हानिबाट जोगाउन र सुरक्षित गर्न सकारात्मक कदम चाल्न पेशाकर्मीहरूलाई उत्प्रेरित गर्ने बारे हो ।

जबरजस्ती विवाहको लागि विकसित गरिएको भएपनि 'एक मौका नियम' महिला तथा किशोरी विरुद्ध हिंसाका विषय क्षेत्रहरूको परिधिमा पनि लागु गर्न सकिन्छ ।

[६०] HM Government, Multi-agency practice guidelines: Handling cases of Forced Marriage, (June 2014), p.16

बाकस १७

बेय* वर्ष १८

बेय केन्यामा बस्ने एक चौध वर्षीया किशोरी थिइन् जसलाई विद्यालय विदा भएको समयमा महिला जनेन्द्रिय छेदन् गर्न बाध्य पारिएको थियो । आमाबुवाले २ किलो चियापत्ति र १० किलो चिनी अर्थात् दुलहीको मुल्यमा विक्री गरेपछि उनको ६७ वर्षीय पुरुषसँग बिहे गर्ने तयारी भइरहेको थियो ।

तर स्वभाविक रुपमा उनको हुनेवाला श्रीमान् उनलाई लिन आए, बेय चिच्याइन्, र भनीन् म उ संग जाँदिन, बिहे गर्दिन । बूढाले केही बेरपछि 'बेय' का बुबालाई उनी शान्त भएपछि फर्कनेछु भन्दै गए । बेयको हुनेवाला पतिले घर छोडेर गएपछि, बेयले उनले भनेको कुरा नमानेको र विवाह गर्न अस्वीकार गरेर उनको अपमान गरेकोमा उनको बुबाले स्पष्ट रूपमा लज्जा र क्रोध महसुस गरे ।

उसको कुरा नसुनेकोमा बेयले पाएको दण्डमा उनका भाइहरूले उनलाई भुइँमा लडाएर थिचेर राखे र उनको बुबाले उनको कानहरू चक्कुले काटिदिए ।

उनको कानको घाउ निको भएपछि, बेय को ती ६७ वर्षीय व्यक्तिसंग विवाह गरियो । बेयलाई पछि उद्धार गरियो र जबरजस्ती विवाहबाट उद्धार गरिएका वा यस्तै नियतिको सामना गरेका अन्य धेरै केटीहरूसँग सुरक्षित रूपमा उनी एउटा उद्धार केन्द्रमा बसिरहेकी छिन् ।

*पीडितको वास्तविक नाम होइन

महिला जनेन्द्रिय विच्छेदन (एफजीएम)/काट्ने (एफजीएम/सी)

महिला जनेन्द्रिय विच्छेदन/काट्ने (एफजीएम/सी) विश्वभर यसलाई अपराधीकरण गरिएको धेरै क्षेत्राधिकारहरूमा प्रहरी अनुसन्धानकर्ताहरू र अभियोजनकर्ताहरूका लागि उल्लेखनीय चुनौती रुपमा रहेको छ ।[६१]

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले एफजीएम/सीलाई गैर-चिकित्सा कारणहरूका बाहिरी महिला जननांग आंशिक वा पूर्ण रुपमा हटाउने, वा महिला जननांग अंगहरूमा अन्य चोटहरू पुऱ्याउने कार्य समावेश हुने सबै विधिहरू भनी परिभाषित गर्दछ ।[62]

[६१] Thomson Reuters Foundation and 28TooMany, 'The Law and FGM, An Overview of 28 African Countries', (September 2018).

[६२] Ibid.

बाकस १८

एफजीएम/सी- मुख्य तथ्यहरू

- महिला जनेन्द्रिय विच्छेदन/काटन (एफजीएम/सी) मा गैर-चिकित्सा कारणहरूका लागि नियतवश महिला जनेन्द्रिय अंगहरूलाई परिवर्तन गर्ने वा चोट पुऱ्याउने प्रक्रियाहरू समावेश हुन्छन् ।
- यस विधिको किशोरी र महिलाहरूको लागि कुनै स्वास्थ्य लाभ छैन ।
- यो विधिले गम्भीर रक्तस्राव र पिसाब फेर्न समस्या, र पछि गएर सिस्ट, संक्रमणका साथै प्रसवमा जटिलताहरू र नवजात शिशुको मृत्युको जोखिम बढाउन सक्छ ।
- एफजीएम/सी व्यापक रहेका अफ्रिका, मध्यपूर्व र एसियाका ३० वटा देशहरूमा आज जीवित २० करोड भन्दा बढी किशोरी र महिलाहरू काटिएका छन् ।
- एफजीएम/सी प्रायः बाल्यकालदेखि १५ वर्षको उमेरका केटीहरूमा गरिन्छ ।
- एफजीएम/सी बालिका र महिलाहरूको मानव अधिकारको उल्लङ्घन हो।
- एफजीएम/सी चार प्रकारका छन् (तल हेर्नुहोस्) ।

एफजीएम/सी महिला र किशोरीहरूको मानवअधिकारको डरलाग्दो दुरुपयोग हो, र यसले उनीहरूको स्वास्थ्य र कल्याणमा गम्भीर प्रभाव पार्छ, र मृत्युसम्म पनि हुन्छ ।[६३]

एफजीएम/सीले पीडित/प्रभावितहरूलाई गम्भीर शारीरिक र मनोवैज्ञानिक हानि पुऱ्याउँछ भन्ने कुरा बुझ्नु प्रहरी अधिकारीहरू र उनीहरूका नेताहरूका लागि महत्वपूर्ण छ । यी शारीरिक चोटहरू धारिलो हतियारबाट हुने प्रहार/काट्ने चोटहरू जस्तै हुन्छन् ।

सन् १९९७ मा, डब्लुएचओले महिलाको जनेन्द्रिय विच्छेदन/काट्ने कार्यलाई चार प्रमुख प्रकारमा वर्गीकरण गरेको छः

- **प्रकार** १: प्रायः क्लिटोरिडेक्टोमी भनिने यो क्लिटोरिस (महिलाको गुप्तांगको सानो, संवेदनशील र उत्तेजना हुने भाग) को आंशिक वा पूर्ण रूपमा हटाउने कार्य हो, र धेरै कम अवस्थामा केवल प्रिप्युस (क्लिटोरिसको वरिपरीको छालाको तह) हटाउने गरिन्छ ।
- **प्रकार** २: प्रायः एक्साइजन भनिने यो क्लिटोरिस र ल्याबिया माइनोरा (भल्भाको भित्री पट्टि) को आंशिक वा पूर्ण रुपमा हटाउने कार्य हो, यसमा लेबिया माजोरा (भल्भाको छालाको बाहिरी पट्टिहरू)सहित वा बाहेक काटिन्छ ।।
- **प्रकार** ३: प्रायः इन्फिबुलेसन भनिने यो कभरिङ सिलको निर्माण गरेर योनिको आकारलाई साँघुरो पार्ने कार्य हो । सील ल्याबिया माइनोरा, वा ल्याबिया माजोरालाई काटेर र स्थानान्तरण गरेर, कहिलेकाहीँ सिलाई गरेर क्लिटोरिस (क्लिटोरिडेक्टोमी) हटाएर वा नहटाइ बनाइन्छ ।
- **प्रकार** ४: यसमा गैर-चिकित्सा प्रयोजनका लागि महिला जनेन्द्रियमा गरिने अन्य सबै हानिकारक प्रक्रियाहरू समावेश छन्, उदाहरणका लागि, जननांगमा घोच्ने, छेड्ने, काट्ने, स्क्र्याप गर्ने र काउटराइज गर्ने ।

डि-इन्फिब्युलेसनले इन्फिबुलेसन भएको महिलाको सिल गरिएको योनिको खोल काट्ने अभ्यासलाई बुझाउँछ, जुन प्रायः स्वास्थ्यमा सुधार र कल्याणको लागि आवश्यक हुन्छ, साथै यौन सम्पर्क गर्न वा बच्चा जन्माउनको लागि पनि आवश्यक हुन्छ ।[६४]

एफजीएम/सी परिवार र समुदायहरूद्वारा अभ्यास गर्नुका महिलाको यौन स्वायत्ततालाई नियन्त्रण गर्ने लगायतका धेरै कारणहरू र प्रेरणाहरू छन्, र "प्रायः स्वीकार्य यौन व्यवहार भनेको के हो भन्ने विश्वासद्वारा प्रेरित हुन्छ ।"[६५]

एफजीएम/सी को अनुसन्धान र/वा अभियोजन विभिन्न कारणहरूको संयोजनको परिणाम स्वरूप बढी कठिन छ :[६६]

- एफजीएम/सी हुने समय - ० देखि १५ वर्ष उमेरमा । पिडित/प्रभावित व्यक्तिलाई एफजीएम/सी कहिले भयो वा भएन भनेर सम्झना हुँदैन, र त्यहाँ चोटपटक लागेको मिति निर्धारणको थप समस्या पनि छ ;
- आमा र अन्य महिला आफन्तहरूको संलग्नताले कहिलेकाहीँ पीडितहरू/प्रभावितको परिवारसँग प्रहरी, अभियोजनकर्ता र अन्य अधिकारीहरूको सम्बन्धमा निर्णय गर्ने प्रक्रियालाई असर गर्छ;

६३ Ibid.

६४ Ibid.

६५ Ibid.

६६ Ibid.

गेरी क्याम्पबेल : MBE FCMI AFHEA, डिटेक्टिव चीफ सुपरिटेन्डेन्ट (सेवानिवृत्त), स्कटल्याण्ड यार्ड

- प्रहरी वा अन्य निकायहरूलाई सक्रिय रूपमा संलग्न गराउने पीडित/प्रभावित व्यक्तिको लागि समुदाय र समाजबाट एक्लिने डर हुन्छ ;
- आफ्नो धर्मलाई आपराधिकीकरण वा दानवीकरण गर्न नचाहेका पीडितहरू/प्रभावितहरू । कुनै पनि धार्मिक लिपिहरूले यो अभ्यासको सिफारिस नगर्नेभएपनि अभियन्ताहरूले यस अभ्यासमा धार्मिक समर्थन छ भन्ने विश्वास गर्छन् ;
- शक्ति र अख्तियारका स्थानीय संरचनाहरू, जस्तैः सामुदायिक नेताहरू, परम्परा र आस्थामा आधारित नेताहरू, खतना गर्नेहरू, र केही चिकित्साकर्मीहरूले पनि यस अभ्यासलाई कायम राख्न योगदान दिन सक्छन्, जसले पीडित/प्रभावितहरूले सामना दबाब बढ्न जान्छ ।

माथिका कारकहरूले प्रहरी मध्यम स्तरका व्यवस्थापकहरू र अन्यले सामुदायका सदस्यहरू, सामुदायिक नेता, अधिवक्ता, परम्परागत र विश्वासमा आधारित नेता, अभियोजनकर्ता, स्वास्थ्य र सामाजिक हेरचाहकर्मीहरूसँग साझेदारी र सम्झौताका आधारमा काम गर्नुको महत्वलाई उजागर गर्दछ । एफजीएम/सीका घटनाहरू उजुरी गर्न र यसलाई सुरुमै हुनबाट रोक्नका लागि सकारात्मक कदम चाल्न जागरूकता बढाउन र विश्वास र आत्मविश्वास सिर्जना गर्न प्रभावित समुदायहरू र अन्य पेशाकर्मीरूसँग छलफल गरी सहकार्य गर्न महत्वपूर्ण हुन्छ ।

प्रहरी मध्यमस्तरका व्यवस्थापकहरूको भूमिका देहाय अनुसार रहेको छ :

- प्रोटोकलको विकासमा अन्य संस्था र साझेदारहरूसँग वार्ता गर्ने र प्रभावमा पार्ने, उदाहरणका लागि, अनुसन्धान र अभियोजन, सूचना आदानप्रदान सम्झौता (आइएसए) आदि ।
- त्यस्तो सम्झौता बारे उनीहरूको संगठनको नेतृत्वलाई जानकारी दिने ;
- आफ्ना अधिकारीहरू र कर्मचारीहरूसँग प्रोटोकल र सम्झौताहरूको दायराको बारेमा कुराकानी गर्ने र जागरूकता बढाउने ;
- प्रोटोकल र आइएसएलाई प्रभावकारी रूपमा लागु गराउन स्रोतहरू उपलब्ध गराउने ;
- प्रोटोकल र आइएसए प्रभावकारी रूपमा लागू भएको सुनिश्चित गर्ने ।

हानिकारक अभ्यासहरूको अनुसन्धान र अभियोजनमा साझेदारीमा काम गर्ने असल अभ्यास

प्रहरी मध्यमस्तरका व्यवस्थापकहरूद्वारा अगाडि बढाइने इज्जतमा आधारित दुर्व्यवहार, जबरजस्ती विवाह र महिला जनेन्द्रिय छेद्नको अनुसन्धानमा साझेदारी सम्झौताका प्रमुख उदाहरणहरू यूके नेसनल पुलिस चिफ्स काउन्सिल (एनपीसीसी)[६७] र क्राउन प्रोसिक्युसन सर्भिस(सीपीएस) (इंग्ल्याण्ड र वेल्स)[६८] को निर्देशिकामा पाउन सकिन्छ । र त्यसमा अनुसन्धान र अभियोजनका लागि निम्नलिखित प्रोटोकलहरू समावेश छन् :

(१) **एनपीसीसी र सीपीएस एफएमजी अनुसन्धान र अभियोजन प्रोटोकल**

- नेसनल पुलिस चिफ्स काउन्सिल र क्राउन प्रोसिक्युसन सर्भिस बीचको महिला जनेन्द्रिय विच्छेदन (एफएमजीः) अपराधहरूको व्यवस्थापनसम्बन्धी प्रोटोकल ।[६९]

(२) **एनपीसीसी र सीपीएस इज्जतमा आधारित दुर्व्यवहार र जबरजस्ती विवाह अनुसन्धान र अभियोजन प्रोटोकल**

- नेसनल पुलिस चिफ्स काउन्सिल र क्राउन अभियोजन सेवा बीचको 'तथाकथित' इज्जतमा आधारित हिंसा/दुर्व्यवहार र जबरजस्ती विवाह अपराधहरूको व्यवस्थापनसम्बन्धी प्रोटोकल ।[७०]
- इज्जतमा आधारित दुर्व्यवहार, जबरजस्ती विवाह र महिला जनेन्द्रिय विच्छेदन; इङ्ग्ल्याण्ड, वेल्स र उत्तरी आयरल्याण्डको लागि नीतिगत रणनीति - इज्जतमा आधारित दुर्व्यवहार, जबरजस्ती विवाह र महिला जनेन्द्रिय विच्छेदनको उन्मूलन ।[७१]

---

६७ National Police Chiefs Council (UK), see: https://www.npcc.police.uk

६८ The Crown Prosecution Service (UK), see: https://www.cps.gov.uk

६९ Protocol on the handling of Female Genital Mutilation (FGM) offences between the National Police Chiefs' Council and the Crown Prosecution Service (2016), National Police Chiefs Council (UK).

७० Ibid.

७१ 'Honour-based Abuse, Forced Marriage and Female Genital Mutilation: a Policing Strategy for England, Wales & Northern Ireland - Eradicating Honour Based Abuse, Forced Marriage and Female Genital Mutilation Together', National Police Chiefs Council (UK).

बाकस १९

हानिकारक अभ्यासहरूको व्यक्तिगत अनुसन्धानमा असल अभ्यास

हानिकारक अभ्यासहरूको अनुसन्धानमा केही 'गर्नु हुने र गर्नु नहुने' कुरा निम्नलिखित छन् जसलाई प्रहरी मध्यमस्तरका व्यवस्थापकहरूले अग्रपंक्ति प्रतिकार्यकर्ताहरू र अनुसन्धानकर्ताहरूसँग अपनाउन, प्रवर्द्धन् गर्न र सुदृढ गर्न सक्छन् ।

निम्नलिखित क्षेत्रहरू असल अभ्यासबाट प्राप्त हुन्छन् :

गर्नु हुने	गर्नु नहुने
पीडित/प्रभावितको सुरक्षा गर्ने र थप अपराधहरू हुनबाट रोक्ने	पीडित/प्रभावित व्यक्ति, उनको जीवनशैली, संस्कृति वा धर्म/विश्वास आदि बारे व्यक्तिपरक धारणा बनाउने
पीडित/प्रभावित व्यक्तिलाई आश्वस्त पार्ने र समानुभूति दिने	पीडक र साक्षीहरूको उपस्थितिमा पीडित/प्रभावित व्यक्तिको अन्तर्वार्ता लिने । घटनास्थलमा, पक्षहरूलाई अलग गर्ने - पीडित/प्रभावित व्यक्ति, साक्षी र अपराधी(हरू)
प्रमाणको पुनः प्राप्तिलाई अधिकतम बनाउन अपराध घटनास्थल र साक्षी प्रमाणहरूको संरक्षण, सुरक्षा र नियन्त्रित गर्ने	केही पनि नगन
मुद्दालाई व्यावसायिक रूपमा, संवेदनशील र गोपनीयताका साथ व्यवस्थापन गर्ने	पीडित/प्रभावितको परिवारसँग सम्पर्क गर्ने वा कुनै पनि प्रकारको मध्यस्थतामा संलग्न हुन प्रयास गर्ने (किनभने यसले उच्च जोखिम निम्त्याउन सक्छ)
पीडित/प्रभावित र अन्य व्यक्तिहरूलाई असर गर्ने जोखिम मूल्याङ्कन र व्यवस्थापन मुद्दाहरूको समीक्षा गर्ने जस्तैः बालबालिका, जोखिममा परेका वयस्कहरू र पीडित/प्रभावितलाई सहयोग गर्ने व्यक्तिहरू । जोखिम व्यवस्थापन वा सुरक्षा योजना विकास गर्ने, जसमा भाग्ने योजना र सम्पर्कका सुरक्षित विधिहरू समावेश छन्	अनुसन्धान वा 'विश्वासको परिधि' बाहिरको कसैलाई मुद्दाको विवरण सार्वजनकि गर्ने । विश्वासको परिधिमा IDVA[७२], विशेषज्ञ केसवर्कर समावेश हुन्छ, स्थानीय पार्षद, मेयर, सामुदायिक नेता, निर्वाचित राजनीतिज्ञ र सार्वजनिक जीवन र/वा अख्तियारका पदहरूमा रहेका अन्य व्यक्तिहरू समावेश हुँदैनन् ।
पीडित/प्रभावितको व्यक्तिगत विवरणहरू सावधानी र गोपनीयताका साथ व्यवस्थापन्, भण्डारण् र स्थानान्तरण गर्ने	महिला र किशोरीहरूमाथि हुने हिंसा प्रहरी सेवाका लागि जागिरको विषय होइन भन्ने
'जान्न आवश्यक छ' आधारमा मुद्दा व्यवस्थापन गर्ने	परिवारको सदस्य (विशेषगरी बच्चा), समुदायका सदस्य, साथी वा कुनै अन्य अनाधिकारिक व्यक्तिलाई व्याख्या गर्न प्रयोग गर्ने ।
समयमै र नियमित अद्यावधिक जानकारी उपलब्ध गराइएको भनी सुनिश्चित गर्दै पीडित/प्रभावितलाई आश्वस्त र समर्थन गर्ने, पीडित/प्रभावितलाई सम्पर्कको मनपर्ने विधि प्रयोग गर्ने	कुनै विदेशी अधिकारक्षेत्रमा अपराध भएको अवस्थामा विदेशी कानून कार्यान्वयन निकायहरू वा सरकारी अधिकारीहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने । विश्वसनीय स्रोतहरू र आधिकारिक प्रक्रियाहरू प्रयोग गरेर मात्र यो गर्नुहोस् ।
पीडित/प्रभावितसँग इमानदार, खुला र पारदर्शी हुने	प्रहरी, अन्य कानून कार्यान्वयन निकायहरू वा विशेषज्ञ सहयोगी संस्थाहरूको सहयोग बिना आफू वा आफ्ना बच्चाहरूलाई सुरक्षित राख्न पीडित/प्रभावितलाई जिम्मेवारी दिने

७२ Independent Domestic Violence Advisor.

गर्नु हुने	गर्नु नहुने
तपाईंको सेवाहरूमा पूर्ण पहुँच सुनिश्चित गर्ने र मुद्दा व्यवस्थापनमा समावेशी अभ्यासहरू अवलम्बन गर्ने	
व्यवस्थापकलाई सल्लाह, निर्देशन र स्रोत सहयोग प्रदान गर्न जानकारी गराइएको सुनिश्चित गर्ने, जस्तैः रणनीतिक सल्लाहकार, परिवार सम्पर्क अधिकृत, अन्तर्वार्ता सल्लाहकार, फोरेन्सिक प्रबन्धक (अपराधको गाम्भीर्यता र जटिलताका आधारमा)	
पहिलो प्रतिक्रियाकर्ताको कार्यहरूको समीक्षा गर्ने । यदि पूर्वाधारले समर्थन गर्छ भने सुसूचित सहमतिका साथ औंलाको छाप, डीएनए र पीडित/प्रभावितको फोटो लिने र पारिवारिक तालिका विकास गर्ने ।	
पीडित/प्रभावितलाई सांस्कृतिक रूपमा विशिष्ट र विश्वसनीय नागरिक समाज संस्था/एनजीओमा सिफारिस गर्ने	
मुद्दालाई विशेषज्ञ प्रहरी अनुसन्धान इकाई र/वा विशेषज्ञ अभियोजनकर्तासमक्ष सिफारिस गर्ने	
अनुसन्धानको क्रममा सल्लाह दिन सांस्कृतिक र अन्य विशेषज्ञहरू प्रयोग गर्नेर्तर्क विचार गर्ने । नियुक्त हुने विशेषज्ञ र दोभाषेहरूको प्रमाणहरू जाँच गर्न सधैं उचित लगनशीलता प्रयोग गर्ने । -सही कारणका लागि सही विशेषज्ञ प्रयोग गरेको सुनिश्चित गर्ने	
लैङ्गिकतामा आधारित दुर्व्यवहारको सम्बोधन गर्न रणनीतिक र/वा परिचालन दृष्टिकोणहरूमा सल्लाह दिन विशेषज्ञ प्रहरी सल्लाहकारहरूको सूची तयार गर्ने	
प्रहरीका प्रथम प्रतिकार्यकर्ता/प्रारम्भिक अनुसन्धानकर्ताहरू, विशेषज्ञ अनुसन्धान र तिनीहरूका सुपरिवेक्षक अधिकारीहरूसँग संयुक्त प्रशिक्षण सत्रहरूको नेतृत्व र सञ्चालन गर्ने, जसले गर्दा उनीहरू प्रतिकार्य र अनुसन्धान मोडेलमा सहभागी हुन कसरी ठिक छन् भनेर सबैलाई थाहा होस् यी प्रशिक्षण सत्रहरूलाई बहु-निकायगत साझेदारहरूमा विस्तार गर्ने ।	

सुरक्षा र संरक्षण

"महिला विरुद्धका हिंसाको प्रकारमध्ये, अन्तरंग साथीबाट हुने हिंसा विश्वव्यापी रुपमा सबैभन्दा व्याप्त छ, जसले गर्दा महिलाहरुले स्वास्थ्यसम्बन्धी उल्लेखनीय परिणाम भोग्छन् भने, परिवार, समुदाय र सरकारहरुले उल्लेख्य सामाजिक तथा आर्थिक क्षति बेहोर्छन् ।"

- संयुक्त राष्ट्रसंघीय साधारणसभा, २००६

अध्यायको लक्ष्यहरू:

प्रहरीले महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई फौजदारी, देवानी वा पारिवारिक कानूनको मुद्दाका पहलबाट उपलब्ध र स्वतन्त्र रूपमा सुसूचित सुरक्षा उपायहरू प्रदान गरी न्यायमा निरन्तर पहुँच कायम राख्न र न्याय प्रक्रियामा सुरक्षित रूपमा संलग्न रहन उनीहरूलाई सक्षम बनाउने छन् ।

मुख्य सन्देश तथा सिकाईका बुँदाहरू

- अन्तरंग साथीबाट हुने हिंसाले प्रहरीको कामको मुख्य भागलाई प्रतिनिधित्व गर्दछ, तसर्थ प्रतिकार्य गर्ने सबै प्रहरी अधिकारीहरूले 'हानी नगरौं'को सिद्धान्त लागू गर्न सक्षम हुनुपर्छ
- निर्णय लिँदा, पीडित/प्रभावितको सुरक्षा र संरक्षणलाई केन्द्रमा राखिनुपर्छ
- पीडित/प्रभावितले न्याय प्रक्रियामा प्रवेश गरेको समयदेखि नै जोखिम मूल्याङ्कन, सुरक्षा योजना र समीक्षा एक निरन्तर प्रक्रिया हुनुपर्छ
- सुरक्षा योजनाहरू निवारक हुन्छन्, तर ती भविष्यवाणी गर्ने औजार होइनन्, त्यसैले पीडित/प्रभावितसँग मिलेर तिनको विकास गरिनुपर्छ, ताकि ती परिस्थिति अनुरुप निर्दिष्ट हुन सकून्
- खतराको अनुपातका आधारमा र पीडित / प्रभावितको सशक्तिकरण सुनिश्चित गर्नेगरी सुरक्षा उपायहरूको अनुगमन र लागू गरिनु पर्छ
- कमजोर कार्यसम्पादन पहिचान गर्न र व्यावसायिकतालाई बढावा दिनका लागि जोखिम मूल्याङ्कन विधिहरूको समीक्षा वा मूल्याङ्कन महत्वपूर्ण हुन्छ
- सक्रिय सुनाई प्रतिबिम्बित गर्ने, गैर-निर्णयपूर्ण तरिकाले काम गर्ने र अरूको मर्यादालाई सम्मान गर्ने जस्ता कौशल र दक्षताहरूले प्रहरीकार्यलाई सफल पार्नमा योगदान गर्दछन्
- सुरक्षा उपायहरू लागू गर्नका लागि, हिंसा र भेदभावका निर्दिष्ट क्रियाकलापका असमान प्रकृतिलाई त्यससँग सम्बन्धित सन्दर्भसँग जोडेर हेर्नु आधारभूत कुरा हो ।

परिचय

सन् २०१० अपराध रोकथाम तथा आपराधिक न्यायका क्षेत्रमा महिला विरुद्धका हिंसा अन्त्यसम्बन्धी अद्यावधिक मोडेल रणनीति र उपायहरू (2010 Updated Model Strategies and Practical Measures on the Elimination of Violence against Women in the Field of Crime Prevention and Criminal Justice) अनुरुप प्रहरी तथा पीडित/प्रभावितका अधिवक्ता ज्सता आपराधिक न्यायसम्बन्धी अधिकारीहरूले पीडित/प्रभावितको संकटासन्नता, उनीहरूमाथि भएका धम्की, हतियारको उपस्थिति र अन्य निर्धारक कारकका आधारमा, उनीमाथि हुनसक्ने हानीको तह वा मात्रा इंगित गर्ने जोखिम मूल्याङ्कन गर्नुपर्छ ।

फोटो सौजन्य : युएन वुमन/ जस्मीन सलाम (बंगलादेश)

यस सन्दर्भमा, अपराध रोकथाम तथा आपराधिक क्रियाकलापसम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोगले लैङ्गिकतामा आधारित हिंसासँग सम्बन्धित हुनसक्ने धेरैवटा जोखिमका कारकहरूमा प्रकाश पारेको छ ।[१]

> "लैङ्गिकतामा आधारित हिंसा भनेको एक छाता शब्दावली हो, जसले कुनै व्यक्तिको इच्छाविरुद्ध गरिएको र महिला तथा पुरुषबीचको सामाजिक रुपमा प्रदत्त (लैङ्गिक) भिन्नतामा आधारित कुनैपनि हानीकारक गतिविधिलाई जनाउँछ । निर्दिष्ट प्रकारका लैङ्गिकतामा आधारित हिंसाका प्रकृति र मात्रा विभिन्न संस्कृति, देश र क्षेत्र अनुसार फरक हुन्छन् ।"
>
> - स्रोत : युनिसेफ, युएनएफपीए, युएनडिपी र युएन वुमन

यसमा निरक्षरता ; आर्थिक असमानता ; सांस्कृतिक मूल्यमान्यता र सामाजिक-परम्परागत प्रथाहरू ; सुरक्षित र कम खर्चिलो घरहरूमा र सम्पत्तिको हकमा महिलाहरूको पहुँचको अभाव ; महिलाका लागि सेवा र स्रोतहरूको अभाव वा प्रभावहीनता ; लैङ्गिक समानताका नीतिहरूको अभाव वा प्रभावहीनता ; हिंसा, लैङ्गिक असमानता र पुरुषको हकको समर्थन गर्ने सामाजिक मान्यताहरू ; हिंसाविरुद्ध कमजोर समुदायिक प्रतिबन्धहरू ; अप्रभावकारी न्याय प्रणाली ; कमसल शहरी पूर्वाधार ; र रक्सी तथा लागू पदार्थ दुरुपयोग पर्छन् ।[२]

महिला तथा किशोरीहरूलाई जोखिमको उच्च स्थानमा राख्ने अन्य कारकहरूमा जातीयता, यौन झुकाव, राष्ट्रिय उद्गम र/वा अपाङ्गतामा आधारित भेदभावका संस्थागत र/वा सामाजिक रूपमा स्वीकृत स्वरूपहरू पर्छन् ।

यस अध्यायले महिला तथा किशोरी विरुद्धका हिंसामा, कथित पीडक को हुन् भन्ने पीडित/प्रभावित र/वा प्रहरीलाई

१ लैङ्गिकतामा आधारित हिंसाभित्र यौन दुर्व्यवहार र जबरजस्ती यौनपेशा गराइने, घरेलु हिंसा, महिला तथा किशोरीहरूको बेचबिखन, महिला यौनाङ्ग छेदन, 'परिवारको प्रतिष्ठा'का लागि हत्या र बाल, कम उमेरमा एवं जबरजस्ती विवाह जस्ता हानीकारक प्रथाहरू लगायतका हिंसा पर्छन् ।

२ See UN-HABITAT and Huairou Commission, 'Global Assessment on Women's Safety. Preliminary Survey Results', draft working document, September 2007, p. 8. in Aspects of Violence against Women that pertain directly to the Commission on Crime Prevention and Criminal Justice (Commission on Crime Prevention and Criminal Justice V.08-52191 (E) *0852191* Seventeenth session) Vienna, 14-18 April 2008.

केही हदसम्म थाहा भएको अवस्थामा, प्रभावकारी र पर्याप्त प्रहरी हस्तक्षेपका लागि आवश्यक सुरक्षा उपायहरूका मुख्य तत्वहरूलाई केन्द्रित गर्नेछ ।

राष्ट्रिय कानुनी ढाँचाका आधारमा, प्रहरीले महिला तथा किशोरी विरुद्धका मामिलाहरूमा पीडित/प्रभावितका तर्फबाट हस्तक्षेप वा संरक्षणात्मक आदेश जारी गर्ने जस्ता संरक्षणका लागि हस्तक्षेप गर्न प्रयोग गर्नसक्ने विभिन्न औजार र कार्यविधिहरू हुन्छन् । त्यस्ता औजार र कार्यविधिहरूको सक्रिय प्रयोगले सुरक्षा खोज्ने महिला तथा किशोरीहरूका लागि आधारभूत भिन्नता ल्याउन सक्छ ।

अष्ट्रेलिया सरकारको सामाजिक सेवा विभागद्वारा अत्यावश्यक सेवाहरूले कसरी सबै प्रणालीमा पीडकहरूलाई जवाफदेही बनाईरहेको छ भन्ने बारेको राष्ट्रिय समीक्षाका अनुसार, पीडित/प्रभावितका तर्फबाट प्रहरीले हस्तक्षेपका आदेश जारी गर्ने क्षमता अति महत्वपूर्ण रहेको प्रकाश पारेको छ । यसले हस्तक्षेप आदेशका लागि आवेदन गर्दा पीडकद्वारा बदला लिने जस्ता महिला तथा उनका बालबालिकालाई हुने थप हानिबाट जोगाउनुपर्ने र आफूलाई सुरक्षित राख्नका लागि पीडित/प्रभावितको भार र जिम्मेवारी कम गनुपर्ने आवश्यकतालाई पहिचान गऱ्यो [३]। नतिजास्वरूप, प्रतिवेदनले अत्यावश्यक सेवा प्रदायकहरूद्वारा लागू गरिएका सुरक्षा र संरक्षणका उपायहरूमा अवलम्बन गर्नुपर्ने देहायका मापदण्डहरू स्थापित गरेको छ [४]:

- सबै पीडक हस्तक्षेपहरूमा महिला तथा उनका बालबालिकाको सुरक्षालाई केन्द्रमा राखिएको हुनुपर्छ ;
- पीडकहरूले सही समयमा सही हस्तक्षेपहरू पाउनुपर्छ ;
- पीडकहरूले हिंसा गरेपछि न्याय र कानुनी परिणाहरूको सामना गर्नुपर्छ ;
- पीडकहरूले आफ्नो हिंसात्मक व्यवहार र मनोवृत्ति परिवर्तन गर्न सक्षम हुने कार्यक्रम र सेवाहरूमा भाग लिन्छन् ;
- निरन्तर सुधारका लागि, पीडक हस्तक्षेपहरू विश्वसनीय प्रमाणहरूद्वारा निर्देशित भएका हुन्छन् ;
- पीडक हस्तक्षेप प्रणालीमा काम गर्ने व्यक्तिहरू घरेलु, पारिवारिक र यौन हिंसाका गतिशीलता र प्रभावमा प्रतिकार्य गर्न सीपयुक्त हुनुपर्छ ।

अत्यावश्यक सेवा प्याकेजमा संकेत गरिए अनुसारका प्रहरी सुरक्षा उपायसम्बन्धी मुख्य सिद्धान्तहरू सहित, सरकारद्वारा प्रायोजित समीक्षाहरूबाट आएका त्यस्ता मापदण्डहरूलाई प्रवर्द्धन गर्नमा यस अध्याय केन्द्रित हुनेछ, ताकि विशेषगरी प्रत्येक पीडित/प्रभावितका लागि निर्दिष्ट रुपमा तिनको डिजाइन गरेर, उनीहरूलाई प्रक्रियामा आफ्नो नियन्त्रण रहेको बोध गराउन सकियोस् ।

न्याय प्रणालीमा नजाने विकल्प रोज्ने महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितका लागि पनि प्रहरीले समान रूपमा सुरक्षा उपायहरू सुनिश्चित गर्नुपर्नुमा जोड दिनु महत्वपूर्ण हुन्छ ।

यस अध्यायका अतिरिक्त, अत्यावश्यक सेवा प्याकेजको *मोड्युल ३ : न्याय र प्रहरीकार्य* को *खण्ड ८ :सुरक्षा र संरक्षण* हेर्न प्रहरीलाई सिफारिस गरिन्छ ।

सुरक्षा र संरक्षणसम्बन्धी यो अध्याय अन्यभन्दा पृथक छ किनकि मुख्यतया अन्तरंग साथीबाट हुने हिंसा[5] का घटनाहरूमा यो केन्द्रित रहनेछ जहाँ, धेरैजसो अवस्थामा, हिंसाका कथित पीडक पहिले नै चिनिने वा त्यस कार्यका प्रत्यक्ष परिणामस्वरुप परिचित भइसकेका व्यक्ति हुने गर्छन् । अत्यावश्यक सेवा प्याकेजले अन्तरंग साथीबाट हुने हिंसालाई यसप्रकार व्याख्या गर्दछ :

"महिला विरुद्धका हिंसाको प्रकारमध्ये, विश्वव्यापी रुपमा सबैभन्दा व्याप्त रहेको ... र यसभित्र वयस्क तथा किशोरी महिला विरुद्ध, उनको सहमतिबिना, उनको वर्तमान वा विगतका अन्तरंग साथीले प्रयोग गरेका विविध प्रकारका यौनजन्य, मनोवैज्ञानिक र शारीरिक दबाबपूर्ण क्रियाकलाप पर्छन् । शारीरिक हिंसाभित्र महिलालाई क्षति पुऱ्याउने वा घाइते बनाउने नियतवश प्रयोग गरिएका शारीरिक बल, ताकत वा हतियारको प्रयोग पर्छन् । यौन हिंसाभित्र दुर्व्यवहारपूर्ण यौन सम्पर्क, महिलाको सहमतिबिना यौन क्रियाकलापमा संलग्न हुन बाध्य पार्नु, र बिरामी, अपाङ्गता भएका, दबाबमा परेका वा रक्सी वा अन्य मादकपदार्थको प्रभावमा रहेका महिलासँग यौन क्रियाकलापको प्रयास वा सम्पन्न गर्नु पर्छन् । मनोवैज्ञानिक हिंसाभित्र महिलालाई नियन्त्रणमा राख्ने वा अलग्याउने र उनलाई अपमान गर्ने वा लज्जित बनाउने लगायत पर्छन् । आर्थिक हिंसाभित्र महिलालाई आधारभूत स्रोतहरूमाथि पहुँच र नियन्त्रणबाट बञ्चित पार्ने लगायत पर्छन् ।"[६]

३ See the National Outcome Standards for Perpetrator Interventions or NOSPI Baseline Report (2015-2016), (Australian Department for Social Sciences, 2017), see: https://plan4womenssafety.dss.gov.au/wpcontent/uploads/2018/08/nationaloutcomestandardsreportweb.pdf

४ Ibid.

५ यस हातेपुस्तिकाको प्रयोजनका लागि, लेखकहरूले "घरेलु हिंसा" वा "अन्तर-पारिवारिक हिंसा" भन्ने शब्दको साटो "अन्तरंग साथीबाट हुने हिंसा" भन्ने शब्दावलीको प्रयोग गरेका छन् र नतिजास्वरुप स्रोत सामग्रीमा "घरेलुहिंसा" भन्ने शब्दावली प्रयोग भएको अवस्थामा बाहेक, "अन्तरंग साथीबाट हुने हिंसा" भन्ने शब्दावलीलाई प्राथमिकता दिइएको छ ।

६ Report of the Secretary-General, In-depth study on all forms of violence against women, United Nations, A/61/122/Add.1, (6 July 2006) paras. 111-112.

अन्तरंग साथीबाट हुने हिंसाले प्रतिकार्य गर्ने प्रहरी अधिकारीहरूको कामको मुख्य भागलाई प्रतिनिधित्व गर्दछ, तसर्थ प्रतिकार्य गर्ने सबै प्रहरी अधिकारीहरूले '**हानी नगरौं**'को सिद्धान्त लागू गर्न सक्षम हुनुपर्छ, जसको सुरुवात पीडित/प्रभावितको गोप्यता र गोपनियताको आवश्यकता लगायतका अधिकारहरूको सम्मानबाट हुन्छ ।[७] "हानि नगरौं" को अर्थ यसरी पनि बुझ्न सकिन्छ कि, समीक्षाको क्रममा रहेका परिस्थिति वा समस्यालाई कुनैपनि हस्तक्षेपले बढाउनु हुँदैन र सम्बन्धित परिवार र समुदायहरूलाई खतरामा पार्नु हुँदैन ।[८] पीडित/प्रभावितसँगका सबै कुराकानी, मूल्याङ्कन र अन्तर्वार्ता सुरक्षित वातावरणमा राख्नु हानि नगरौं सिद्धान्तको पालना गर्ने एक उदाहरण हो ।

संयुक्त राष्ट्रसंघको महिला *सुरक्षा, सहमति र गोपनियता* को त्रिकोणले, महिला तथा किशोरी विरुद्धका हिंसाको पीडित/प्रभावितलाई सुरक्षा र सुंरक्षण प्रदान गर्न खोज्दा विचार गर्नुपर्ने कुराहरूलाई एउटा राम्रो दृष्टान्तका रुपमा प्रस्तुत गर्छ । त्रिभुजले घरमा हिंसा भोगिरहेका महिला तथा किशोरीहरूको सन्दर्भमा, कारबाही गर्नुअघि उनीहरूको सहमति लिने र उनीहरूको पहिचान र अनुभवहरू गोप्य राख्ने कुराको महत्वलाई जोड दिँदै, उनीहरूको सुरक्षाका लागि अधिकारीहरूलाई प्रमुख भूमिका निर्वाहकर्ताका रुपमा प्रवर्द्धन् गर्दछ । जीवनहरू खतरामा परेको अवस्थामा बाहेक, केवल उनीहरूको अनुमति लिएरमात्र काम गर्नु महत्वपूर्ण हुन्छ ।

७ गोपनियताको सिद्धान्तमा केही अपवाद हुन्छन् । UNPOL *Gender Toolkit* का उदाहरणहरू अनुसार, बालबालिकामाथिको दुर्व्यवहार वा बेवास्ताको शंका, जीवनमाथिको खतरा भएको अवस्था, आत्महत्या प्रयासका शंका वा अरुलाई गम्भीर हानी लगायत पर्छन् । UNPOL का अनुसार यस्ता घटनाहरूमा, यस्ता अवस्था विद्यमान भएको प्रमाणित गर्ने तर्कसंगत आधार भएमा, प्रहरीले कदम चाल्न र स्वास्थ्यकर्मी एवं मनोपरामर्शकर्ताहरूसँग सल्लाहसुझाव लिन सक्छन् । See: UN *Police Gender Toolkit* (UN. Department of Peace Operations - DPO/ DPET/Integrated Training Service, 2015).

८ A Practitioner's Toolkit on Women's Access to Justice Programming (UN Women et al., 2018).

सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन

पीडित/प्रभावितका प्रारम्भिक र निरन्तर सुरक्षा र संरक्षण सुनिश्चित गर्ने सन्दर्भमा, न्याय प्रणालीभित्रको एक प्रमुख साझेदार प्रहरी हो, त्यसैले अन्य निकाय र सेवा प्रदायकहरूसँग काम गर्नुपर्ने तपाईंको महत्वपूर्ण भूमिका हुन्छ ।

अन्य साझेदारहरूसँग सहकार्य गर्दा, महिला तथा किशोरी विरुद्धका हिंसाको अपराधहरूको अनुसन्धानमा तपाईंको भूमिकालाई सुदृढीकरण र सहयोग मिल्नेछ भने, पीडित/प्रभावितले उनीहरूको विशेष आवश्यकताहरूसँग सान्दर्भिक सुरक्षा र संरक्षण प्राप्त गर्छन् । पीडित/प्रभावितको सुरक्षा र संरक्षणका आवश्यकताहरू पहिचान गर्नका लागि, तपाईंले सबैभन्दा पहिले उनीमाथि रहेका विशेष जोखिमहरू पहिचान गर्न आवश्यक हुन्छ । यस्तो जोखिम मूल्याङ्कन प्रत्येक पीडित/प्रभावितको व्यक्तिगत परिस्थितिमा निर्भर रहन्छ र उनी जोखिम मूल्याङ्कन प्रक्रियाको केन्द्रमा हुन आवश्यक हुन्छ ।

अनुसूची १ मानक जोखिम तथा खतरा मूल्याङ्कनः घातकताको जोखिम र दोहोरिने हिंसाको जोखिम मूल्याङ्कनले 'महिला तथा किशोरीहरू विरुद्धको हिंसाको प्रभावकारी अभियोजन प्रतिक्रिया' (*'Effective Prosecution Responses to Violence against Women and Girls.'*) सम्बन्धी युएनओडीसी र युएन वुमन हातेपुस्तिकाबाट उपयोगी जोखिम कारकहरूको जाँचसूची प्रदान गर्दछ । कुनै पनि जोखिमको उपस्थितिले गम्भीर चोटपटक वा मृत्युको उच्च जोखिमलाई संकेत गर्न सक्छ; त्यसैगरी, यी कारकहरूको अनुपस्थितिको मतलब मृत्यु हुनसक्ने जोखिम छैन भन्ने होइन भन्ने बुझ्नु महत्त्वपूर्ण छ ।

कुनै पनि जोखिम मूल्याङ्कनको नतिजास्वरुप तपाइँ, तपाइँका अधिकारीहरू र पीडित/प्रभावितको संयुक्त स्वामित्वमा एक सुरक्षा योजना बनाइनुपर्दछ । तपाईंको भूमिका त्यस योजना बनाउनमा सहजीकरण गर्नु हो । सुरक्षा योजनाले भविष्यमा कुनै पनि हिंसा कहिले हुन सक्छ भनेर भविष्यवाणी गर्न नसकेपनि, रोकथामलाई ध्यानमा राखेर खतरालाई घटाउन र पीडित/प्रभावितको सुरक्षा बढाउन यो तयार गरिन्छ ।

सुरक्षा योजनाले पहिचान गरिएका सबै जोखिमहरूको न्यूनीकरणमा ध्यान केन्द्रित गर्नुपर्छ, र यो प्रायः तपाईंसँग नभएका अतिरिक्त सहयोगी सेवाहरू प्रदान गर्नसक्ने अन्य अत्यावश्यक सेवा प्रदायकहरूसँगको साझेदारीमा हासिल गर्न सकिन्छ । जोखिम मूल्याङ्कन जस्तै, सुरक्षा योजना प्रत्येक पीडित/प्रभावितका लागि निर्दिष्ट हुनुपर्छ, किनभने उनीहरूको व्यक्तिगत परिस्थितिहरूको जटिलता फरक हुन्छन् । तलको बाकस १ ले महिला तथा किशोरी विरुद्धका हिंसाका घटनामा जोखिम न्यूनीकरणका उपायहरूको उदाहरणहरू प्रस्तुत गर्दछ :

बाकस १

तपाई र तपाईंका कर्मचारीहरूले पीडित र उनीसँग आबद्धहरूले सामना गर्ने जोखिमलाई कम गर्न के गर्न सक्नुहुन्छ ?

उपायहरूमध्ये यी पर्छन् :

- अदालतबाट संरक्षणात्मक आदेश र सम्पर्क निषेधका आदेश आदि प्राप्त गर्ने प्रयास गर्ने
- जोखिमका कारकहरू पहिचान गर्न र एक व्यक्तिगत आवश्यकता अनुसारको सुरक्षा योजना बनाउन पीडित/प्रभावितसँग काम गर्ने
- महिलाहरूलाई सुरक्षित आवासमा प्रेषण गर्ने वा त्यहाँ लगिदिने
- कथित वा शंकास्पद घरेलु हिंसाका सबै घटनाहरूमा अनिवार्य पक्राउको नीति अवलम्बन गर्ने
- आवश्यकता अनुसार, अपराधीहरूका लागि कर्फ्यू, सम्पर्क नगर्ने आदेश, रक्सीमा बन्देज, हतियार प्रतिबन्ध र परामर्श लिनुपर्ने लगायतका छुट्नका लागि कडा सर्तहरू अनुरोध गर्ने;
- धरौटी/छुट्ने सर्तहरूको अनुगमन एवं कार्यान्वयनका साथै सुनुवाई-पश्चात्का रिहाई सर्तहरू, अपराधीलाई रिहा गर्नुअघि पीडित/प्रभावितलाई सूचना ;
- जोखिम मूल्याङ्कन सञ्चालन गर्ने र भविष्यमा हुने आक्रमणहरूको जोखिमलाई कम गर्न खतरा व्यवस्थापन योजनाहरू लागू गर्ने ।

स्रोत : महिला विरुद्धका हिंसामा प्रभावकारी प्रहरी प्रतिकार्यबारे हातेपुस्तिका (युएनओडिसी, २०१०)

महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितलाई सम्बोधन गर्ने सबै पक्षहरूमा जस्तै, जोखिम मूल्याङ्कन र त्यसपछिको सुरक्षा योजना दुवैका सामग्रीहरूलाई पीडित/प्रभावितसम्म पहुँच भएका विभिन्न सेवा प्रदायकहरूमध्ये पनि सुरक्षामा संलग्न व्यक्तिहरूमाझ मात्रै गोप्य राखिनुपर्छ ।

तलको एक उपयोगी जोखिम मूल्याङ्कनको फ्लो चार्ट प्रोटेक्ट, दोस्रो चरण उच्च जोखिममा रहेका पीडितहरूको सुरक्षाका लागि जोखिम मूल्याङ्कन र सुरक्षा व्यवस्थापन सम्बन्धी क्षमता विकास - एक सिकाईमूलक स्रोत (*PROTECT II 'Capacity Building in Risk Assessment and Safety Management to Protect High Risk Victims – A Learning Resource'*) (भिएना, २०१२)को पृ. १०५ लिइएको हो ।

कुनै निर्दिष्ट प्रहरी कार्यका सन्दर्भमा :

- पीडित/प्रभावितको सुरक्षा तपाईंको निर्णय प्रक्रियाको केन्द्रबिन्दुमा छ भनेर तपाईंले कसरी सुनिश्चित गर्नुहुन्छ ?
- उदाहरणका लागि थुनामा राख्ने कर्मचारी जस्ता, निर्णयकर्ता जो कोही भएपनि, एक कथित पीडकलाई पक्राउ गर्ने, रिहा गर्ने वा थुनामा राखिरहने जस्ता कुराबारे सुसूचित निर्णय गर्न सबै जानकारीहरू उपलब्ध छन् भन्ने तपाई कसरी सुनिश्चित गर्नुहुन्छ ?
- संरक्षणात्मक आदेश जारी भएको अवस्थामा जोखिम मूल्याङ्कनको समीक्षा भएको वा विद्यमान संरक्षणात्मक आदेशको उल्लङ्घन भएको अवस्थामा तपाईंलाई सूचित गरिएको सुरक्षा योजनालाई सान्दर्भिकता अनुसार अद्यावधिक गरिएको तपाईं कसरी सुनिश्चित गर्नुहुन्छ ?
- तपाईंको समीक्षा संयन्त्र के हो ?
- तपाई सुरक्षा योजनाहरू र अदालतका आदेशहरूको अनुपालनको अनुगमन कसरी गर्नुहुन्छ ?

पीडित/प्रभावित वा कथित पीडकको परिस्थितिमा आउने कुनै पनि परिवर्तनहरूलाई जोखिम मूल्याङ्कन प्रक्रियाको हिस्सा बनाउनु आवश्यक हुन्छ र सुरक्षा योजनाको निरन्तर निगरानीको आवश्यकता पर्दछ । तलको बाकस २ घरेलु दुर्व्यवहार, पछ्याउने र दुर्व्यवहार (Domestic Abuse, Stalking and Harassment -'DASH') मोडेलबाट गरिने जोखिम मूल्याङ्कन प्रक्रियाको उदाहरण हो:

DASH[९] (बेलायत) र B–SAFER[१०] (क्यानाडा) जस्ता साझा जोखिम मूल्याङ्कन मोडेलहरूले हिंसाको जोखिमको बारेमा निर्णय गर्दा जानकारी सङ्कलन र विचार गर्नको लागि व्यवस्थित, मानकीकृत र व्यावहारिक रूपमा उपयोगी ढाँचा उपलब्ध गराउने लक्ष्य राख्छन् । तिनलाई प्रहरी र अन्य अग्रपंक्तिमा खटिने अत्यावश्यक सेवा प्रदायकहरूलाई सहयोग गर्न, जोखिम

९ Domestic Abuse, Stalking and 'Honour'-Based Violence (DASH, 2009) Risk Identification and Assessment and Management Model, see: https://www.dashriskchecklist.co.uk/

१० Brief Spousal Assault Form for the Evaluation of Risk (B-SAFER), see: https://www.justice.gc.ca/eng/rp-pr/fl-lf/famil/rr05_fv1-rr05_vf1/index.html


Safe setting
Inform survivors about the aim of the risk assessment and outline the agency confidentiality agreement.
Ask respectful, sensitive questions that demonstrate knowledge and competence around domestic violence. (Is there anyone who hurts you or that you are frightened off? Do you feel safe at home?)
Provide a safe, private environment where a woman can speak freely.
Consider and respect diversity.
Apply a systematic approach
Risk assessment should be guided by clear agency policy and procedure and supportive management supervision.
A risk assessment should be carried out with every victim, according to the policy of the agency (basic risk assessment in general services, in-depth risk assessment in specialised women's support services).
Gather effective information
Risk assessment should be carried out using a checklist together with the woman and with reference to the known risk factors in domestic violence against women.
It should also involve gathering appropriate information from several sources.
The woman will have a detailed understanding of her own situation and the safely management options most suited to her individual circumstances.
The woman should be believed and validated.
Practitioner's expert opinion
Professional judgement develops through experience of work with victims of domestic violence so general services should involve specialist professionals.
If you base your professional opinion on intuition only, you should be aware that this is very subjective. There is little evidence that intuitive decisions are consistent across professionals. (Hart, 2008)
Professional judgment should include consideration of the nature and severity of the last incident, the nature of potential injuries from the incident and the context and individual situation of the woman.
Safety planning
Safety management actions which minimise the risks the woman faces and improve her safety must be taken following risk assessment.
Those completing risk assessments must know what to do next and which agencies can assist the woman most effectively.
Where a multi agency response to domestic abuse is proposed, a risk identification checklist can form the basis of referrals to this forum.

बाकस २

घरेलु दुर्व्यवहार, पछ्याउने र सम्मानमा-आधारित हिंसा (म्क्ज) – जोखिम पहिचान, मूल्याङ्कन र व्यवस्थापन मोडेल

मार्च २००९ मा, एसोसिएसन अफ चीफ पुलिस अफिसर्स (ACPO) काउन्सिलले DASH मोडेललाई बेलायतका सबै प्रहरी सेवाहरूमा लागू गर्न मान्यता दियो। DASH चेकलिस्टले अधिकारी र कर्मचारीहरूलाई प्रारम्भिक जोखिम पहिचानमा सहयोग गर्न व्यावहारिक उपायहरू प्रदान गर्दछ। यसमा २७ प्रश्नहरू समावेश छन्। उपयुक्त प्रशिक्षणका साथ, DASH चेकलिस्टको कार्यान्वयनले अधिकारी र कर्मचारीहरूलाई उच्च जोखिमका मुद्दाहरू पहिचान गर्न र खतरनाक र बहु-अपराधका पीडकहरूको पहिचान गर्न सक्षम बनाउँछ। प्रारम्भिक जोखिम पहिचान र मूल्याङ्कन पछि, मुद्दाहरूलाई तीन जोखिम स्तरहरूमा वर्गीकृत गरिन्छ :

- **सामान्य** – हालको प्रमाणहरूले गम्भीर हानि निम्त्याउने सम्भावनालाई संकेत गर्दैन;
- **मध्यम** – गम्भीर हानिको जोखिमका पहिचानयोग्य सूचकहरू छन्। अपराधीले गम्भीर हानि पुऱ्याउने सम्भावना हुन्छ तर परिस्थितिमा परिवर्तन नभएसम्म त्यसो गर्न असम्भव हुन्छ, उदाहरणका लागि, औषधि लिन असफलता, आवास गुमाउने, सम्बन्ध बिच्छेद, र लागूपदार्थ वा रक्सीको दुरुपयोग;
- **उच्च** – गम्भीर हानिको जोखिमको पहिचानयोग्य सूचकहरू छन्। सम्भावित घटना कुनै पनि समयमा हुन सक्छ र त्यसको प्रभाव गम्भीर हुनेछ।

गम्भीर हानिको जोखिमलाई यसरी परिभाषित गरिएको छ: 'एक त्यस्तो जोखिम जुन जीवनलाई खतरामा पार्ने र/वा आघातपूर्ण हुन्छ, र जसबाट शारीरिक वा मनोवैज्ञानिक पुनर्लाभ प्राप्त गर्न कठिन वा असम्भव हुनसक्छ' (स्रोतः गृह कार्यालय २००२ र अपराधी मूल्याङ्कन प्रणाली, २००६)।

स्रोत : Everyone's Business: Improving the Police Response to Domestic Violence – HMIC (2014)

मूल्याङ्कन गर्न र आपराधिक र नागरिक न्यायका क्षेत्रमा अन्तरंग साथीबाट हुने हिंसा पहिचान गर्नको लागि चेकलिस्ट वा पथप्रदर्शकको रूपमा लिन सकिन्छ।

यी मोडेल र ढाँचाहरूलाई अन्तरंग साथीबाट हुने हिंसासम्बन्धी वैज्ञानिक र व्यावसायिक प्रकाशनहरू, जोखिम मूल्याङ्कन र पीडित/प्रभावित सुरक्षा योजनाहरूद्वारा[११] सूचित गरिएको छ र प्रहरी अधिकारीहरू आफैंले पनि व्यापक रूपमा उपयोगी मानेका छन्। उदाहरणका लागी, २०१४ मा मानक अभ्यासका रुपमा यसको प्रयोगको केहि समयपछि, मेरील्याण्ड राज्यको प्रहरी (अमेरिका) ले अन्तरंग साथीबाट हुने हिंसाका कारण हुने मृत्युमा ३०% कमी आएको बतायो।[१२]

DASH मोडेलमा निरन्तर सहकर्मी समीक्षा भइरहेको छ, जसका परिणामहरू अनलाइनमा आदानप्रदान गरिन्छन् भन्ने कुरा याद राख्नु महत्त्वपूर्ण छ। कुनै पनि मोडेल पूर्ण नभएकोले, त्यस्ता समीक्षा प्रक्रियाहरू मोडेलको कमजोर पक्ष पहिचान गर्न र प्रयोगकर्ताहरूको व्यावसायिकतालाई बढावा दिनको लागि महत्त्वपूर्ण हुन्छन्। यसबाहेक, यस्तो समीक्षाका परिणामहरू - यहाँको अवस्थामा DASH - अनलाइनमा साझा गरिएको तथ्यले पारदर्शिता र जवाफदेहिताप्रति प्रतिबद्धता देखाउँछ। यस अध्यायको अन्त्यमा बेलायतको DASH जोखिम मूल्याङ्कन विधिको घटना अध्ययन हेर्नुहोस्।[१३]

तपाईंका कर्मचारीहरूले प्रभावकारी रूपमा महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई सुरक्षित राखेका छन् भनी सुनिश्चित गर्न, तपाईंले निम्न कुराहरू पनि विचार गर्न आवश्यक हुनेछ:

- देवानी र/वा फौजदारी संरक्षणात्मक आदेश प्राप्त गर्न सकिने अवस्थामा तपाईं (प्रहरी)को के भूमिका हुन्छ ?
- संरक्षणात्मक आदेशहरू कति चाँडो प्राप्त गर्न सकिन्छ ?
- संरक्षणात्मक आदेशका लागि आवेदन प्रक्रियाको क्रममा तपाईं वा तपाईंको कर्मचारीले के समस्याहरू सामना गर्नुहुन्छ, आवेदन अर्को निकायद्वारा दिइने हो वा होइन ?
- समस्याहरू समाधान गर्न र पहिचान गर्नका लागि के आवश्यक छ ?

११ See UN Police *Gender Toolkit* (UN. Department of Peace Operations - DPO/DPET/Integrated Training Service, 2015)

१२ See 16 questions used to ID domestic abuse victims likely to be killed, at: https://www.cbsnews.com/news/16-questions-used-to-id-domestic-abuse-victims-likely-to-be-killed/

१३ Also see Emily Turner, Juanjo Medina, Gavin Brown, 'Dashing Hopes? The Predictive Accuracy of Domestic Abuse Risk Assessment by Police,' *The British Journal of Criminology*, Volume 59, Issue 5, September 2019, Pages 1013–1034.

बाकस ३

व्यक्तिगत सुरक्षा योजना बनाउने

व्यक्तिगत सुरक्षा योजना बनाउँदा, सुरक्षामा सहयोगी कुराहरूलाई विचार गर्दै, यी कुरा समावेश गर्न सकिन्छ:

- पीडित/प्रभावितलाई उपलब्ध व्यक्तिगत सहयोगको स्तर;
- उनीहरूको व्यक्तिगत जीवनयापनको अवस्था;
- डरको स्तर;
- व्यक्तिगत मनोवृत्ति र विश्वासहरू, र विस्तारित परिवार, समुदाय वा संस्कृतिको मनोवृत्ति र विश्वासहरूद्वारा सिर्जना भएका सुरक्षासम्बन्धी अवरोधहरू;
- दुर्व्यवहारले स्वास्थ्यमा पारेका प्रभावहरू;
- रोजगारीको स्थिति वा वित्तीय समस्याहरू;
- बालबच्चाबारेका चिन्ताहरू;
- मादकपदार्थ प्रयोग/दुरुपयोगसम्बन्धी व्यक्तिगत समस्याहरू (रक्सी र/वा लागूपदार्थ, वैध र अवैध दुवै);
- स्थानीय सेवाहरूमा पहुँच र उपलब्धता र पीडित/प्रभावितको आवश्यकताहरूप्रति उनीहरूकले गरेका सम्बोधनहरू;
- आवश्यक जानकारीको पहुँच र उपलब्धता;
- सहयोगी सेवाहरूको समन्वय ।

स्रोत: महिला विरुद्धको हिंसामा प्रभावकारी प्रहरी प्रतिकार्यबारे ह्यान्डबुक (युएनओडिसी, २०१०)।

- आपतकालीन संरक्षणात्मक आदेशहरू जारी गर्न सम्भव बनाउन आवश्यक तपाईंसँग कुनै अधिकार छ भने, के छ ? सन्तुष्ट हुन के आवश्यकता छन् र के तपाइँ र तपाइँका कर्मचारीहरू तीबारे सचेत हुनुहुन्छ ?

यदि तपाइँ वा तपाइँको कर्मचारीहरूलाई माथिका प्रश्नहरूको जवाफ थाहा छैन भने, तपाइँ कसरी पीडित/प्रभावितलाई उनीहरूको अपेक्षाहरू व्यवस्थित गर्न र पीडित/प्रभावित-केन्द्रित दृष्टिकोणको पाटोका रूपमा, उनीहरूका लागि न्याय भनेको के हो भन्नेबारे सुसूचित निर्णय गर्न उनीहरलाई सक्षम बनाउन विस्तृत र सही जानकारी प्रदान गर्न सक्नुहुन्छ ? विशेष गरी घरेलु हिंसा/अन्तरंग साथीबाट हुने हिंसाका मामिलाहरूमा, यदि कुनै पीडित/प्रभावित जोखिम वा डरमा छन् भने, तपाईंले उनीहरूको सुरक्षा सुनिश्चित गरिसकेपछि मात्र उनीहरू कथित पीडकविरुद्ध उजुरी गर्न इच्छुक हुनसक्छन् ।

अन्य सेवा प्रदायकहरूसँग पीडित/प्रभावित र उनीहरूका परिवारहरूलाई जोखिम कम गर्नको लागि काम गर्ने राम्रो अभ्यास उदाहरण बेलायतमा फेला पार्न सकिन्छ, जहाँ बहु-निकाय जोखिम मूल्याङ्कन सम्मेलन (**Multi-Agency Risk Assessment Conference** -'MARAC') अहिले एक सामान्य अभ्यास भएको छ ।[९४] अन्तरंग साथीबाट हुने हिंसामा MARAC एउटा त्यस्तो बैठक हो जहाँ विभिन्न निकायहरूले अन्तरंग साथीबाट हुने हिंसा अनुभव गर्नेहरू र आवश्यक भएमा उनीहरूका बच्चाहरूलाई भविष्यमा हुने हानिको कुनै पनि जोखिमबारे छलफल गर्छ, त्यसपछि जोखिम व्यवस्थापन गर्न मद्दतको लागि सुरक्षा योजना बनाउँछ ।[९५] बाकस ३ ले महिला तथा किशोरी विरुद्धका हिंसाको अवस्थामा सुरक्षा योजना बनाउँदा विचार गर्नुपर्ने कुराहरूको उदाहरण प्रस्तुत गर्दछ:

पीडित/प्रभावित-केन्द्रित दृष्टिकोणको बारेमा थप जानकारीका लागि, अध्याय २ : व्यवस्थापक र टोली नेताका रूपमा फरक ल्याउने हेर्नुहोस् ।

संरक्षणात्मक आदेश जारी हुँदा, पीडित/प्रभावित र कथित पीडक बसोबास गर्ने क्षेत्र फरक भएमा, दुवै प्रहरी क्षेत्रमा प्रहरीलाई सूचित गरिनुपर्छ ।

- तपाईंले यस्तो जानकारी कसरी प्राप्त गर्नुहुन्छ ?
- यो कहाँ पहुँच गर्न सकिन्छ र अनुपालनको लागि कति पटक अनुगमन गरिन्छ ? उदाहरणका लागि, यदि अपराधीलाई तोकिएको ठेगानामा बस्न आवश्यक छ भने, के अनुपालन सुनिश्चित गर्नको लागि तपाईंको कर्मचारीले यसको स्थान नियमित रूपमा जाँच गर्छ ?

९४ For a peer review of the MARAC, see Rachel Robbins, Hugh McLaughlin, Concetta Banks, Claire Bellamy, Debbie Thackray (2014),'Domestic violence and multiagency risk assessment conferences (MARACs): A Scoping Review', *The Journal of Adult Protection*, Vol. 16 Iss 6 pp. 389 – 398.

९५ A useful introduction to the role of a MARAC has been produced by *SafeLives* and can be found at: http://www.safelives.org.uk/sites/default/files/resources/MARAC%20FAQs%20General%20FINAL.pdf

- पीडित/प्रभावितलाई जानकारी प्रदान गरिरहन्छ भनेर तपाइँ कसरी सुनिश्चित गर्नुहुन्छ ? याद गर्नुहोस्, न्याय प्रक्रियाभरी पीडित/प्रभावितसँग सम्पर्क राख्न आवश्यक छ ।
- कुनै पनि संरक्षणात्मक आदेशका विवरणहरू तपाईंको कर्मचारीहरूलाई कत्तिको व्यापक रूपमा फैलाइन्छ, ताकि कुनै पनि उल्लङ्घनहरू तुरुन्तै पहिचान गर्न सकियोस् ? यदि कथित अपराधी सम्बन्धित वा असम्बन्धित घटनाको लागि थुनामा फिर्ता आएमा हिरासतसम्बन्धी कर्मचारीहरूलाई सबै विवरणबारे जानकारी छ भनी सुनिश्चित गर्नु राम्रो अभ्यास हो ।

आफ्नो न्याय प्रणाली साझेदारहरू संग सहकार्य र समन्वय गरेर अदालत वा अन्य न्याय एजेन्सीहरू द्वारा राखिएको कुनै पनि सुरक्षा उपायहरू वा आदेशहरूसंग सम्बन्धित जानकारी प्राप्त गर्नको लागि तपाइँ सक्रिय हुनुपर्दछ ।

तपाइँका कर्मचारीहरूले संरक्षणात्मक आदेशको कुनै पनि उल्लङ्घनबारे जानकारी प्राप्त गरेमा तुरुन्तै प्रतिक्रिया दिन्छन् र उनीहरूले पीडित/प्रभावितको सुरक्षा गर्न सकारात्मक कदम चाल्छन् तपाइँ कसरी सुनिश्चित गर्नुहुन्छ ? तपाईंले त्यस्ता उजुरीका सम्बन्धमा कर्मचारीहरूबाट आफूले गरेका अपेक्षाहरूबारे स्पष्ट निर्देशन प्रदान गर्न आवश्यक छ । सेवा प्रदायकहरू बीच गुप्त सूचना एवं जानकारीको आदान-प्रदान पीडित/प्रभावितको सुरक्षा र संरक्षणका लागि मुख्य तत्व हो ।

प्रत्येक सेवा प्रदायकले पीडित/प्रभावित वा पीडकसँगको कुनै पनि अन्तरक्रियाको जानकारी आदानप्रदान गरेमा मुद्दाको दृश्यलाई फराकिलो बनाउन सकिन्छ । उदाहरणका लागि, स्वास्थ्य, शिक्षा र सामाजिक सेवाहरूसँग महत्वपूर्ण जानकारी र गुप्त सूचना हुनसक्छ जसले अनुसन्धानमा मद्दत गर्नुका साथै पीडित/प्रभावितको सुरक्षा र संरक्षण सुनिश्चित गर्न सक्छ । तपाईंसँग अन्य सेवा प्रदायकहरूसँग कुन जानकारी र/वा गुप्त सूचना-आदानप्रदानसम्बन्धी प्रोटोकल/कार्यविधिहरू छन् ? यदि कुनै पनि छैनन् भने, तपाईंले ती बनाउनेतर्फ विचार गर्नु आवश्यक छ ।

थप जानकारीको लागि अध्याय ९: संचार र अध्याय ८: न्यायिक निकायहरू बीचको समन्वय हेर्नुहोस् ।

MARAC प्रक्रिया र DASH जोखिम मूल्याङ्कन ढाँचाको पूरकका रुपमा, मेट्रोपोलिटन पुलिस सर्भिसले उनीहरूको घरेलु हिंसा जोखिम मूल्याङ्कन मोडेल (युके)मा, जोखिम व्यवस्थापन गर्ने विकल्पस्वरुप Risk Appetite and Risk Attitude[९६] or RARA जोखिम व्यवस्थापन मोडेलहरू प्रयोग गर्छन् ।

तलको बाकस ४ मा रिचर्ड्स, एल. २००३, 'महानगरीय प्रहरी सेवा घरेलु हिंसा जोखिम मूल्याङ्कन मोडेल' (*'Metropolitan Police Service Domestic Violence Risk Assessment Model'*) को एक अंश दिइएको छ, जहाँ मेट्रोपोलिटन पुलिसले जोखिमका मुख्य विकल्पहरू र सम्बन्धित प्रतिकार्यहरूको रूपरेखा प्रदान गर्छ :

बाकस ४

RARA जोखिम व्यवस्थापन मोडेल

जोखिमका विकल्प	सम्बन्धित प्रतिकार्य
जोखिम हटाउने :	कथित पीडकलाई पक्राउ गरेर र पुर्पक्षका लागि थुनामा राख्ने आदेश प्राप्त गरेर
जोखिम हुन नदिने	पीडित/प्रभावित वा महत्वपूर्ण साक्षीको आवास परिवर्तन गरेर वा कथित पीडकलाई थाहा नभएको स्थानमा रहेको आश्रयस्थल/सुरक्षित आवासमा राखेर
जोखिम घटाउने	संयुक्त हस्तक्षेप/पीडित/प्रभावितको सुरक्षा योजना, लक्षित सुदृढीकरण र संरक्षणात्मक कानूनको प्रयोग गरेर
जोखिम स्वीकार्ने	जोखिम मूल्याङ्कनको निरन्तर साभार, पीडित/प्रभावित र पीडक लक्षित बहु-निकायको हस्तक्षेप योजना, सहयोग र सहमति

[९६] See Richards, L. (2003), MPS Domestic Violence Risk Assessment Model (Metropolitan Police Service, London).

महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यका चुनौतीको सामना तपाईंको टोलीको कार्यसम्पादनमा भएका कमीकमजोरीको पहिचानबाट सुरु हुन्छ

युएन डिभिजन फर द एडभान्समेन्ट अफ वुमनलाई पेश गरिएको लोगर (२००५)को प्रतिवेदन अनुसार, महिला विरुद्धको हिंसाको क्षेत्रमा हस्तक्षेपसम्बन्धी सबैभन्दा ठूलो गल्ती भनेको, यसमा रहेको खतरालाई कम आँकलन गर्नु हो ।[१७]

> "महिला हिंसाको क्षेत्रका हस्तक्षेपहरुमा गरिने सबैभन्दा गम्भीर गल्ती भनेको त्यसमा संलग्न खतराको कम आँकलन गर्नु हो ।"
>
> - घरेलु हिंसाका घटनामा हस्तक्षेपहरूको अष्ट्रियन मोडेलबाट लिइएको अनुभवहरू

सोही प्रतिवेदनमा, लोगर थप्छन् कि प्रहरीले प्रयोग गर्ने गरेको खतरा मूल्याङ्कनका धेरै औजारका बावजुद, सबैभन्दा महत्वपूर्ण औजार भनेको पीडित/प्रभावितका कुरा सुन्नु, उनीहरूलाई विश्वास गर्नु र उनीहरूलाई गम्भीरताका साथ लिनु हो ।[१८]

लोगरको टिप्पणी छ कि, प्रहरीद्वारा महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितले सामना गर्ने जोखिमको अवमूल्यनबाट जोगिनका लागि, पीडित/प्रभावितलाई संलग्न गर्दा **सम्मान र प्रभावकारी सुनाई**का अन्तर-वैयक्तिक सम्बन्धका आधारभूत कुराहरू लागू गरेर सुरु गर्नुपर्छ ।

> महिला तथा किशोरीहरुका लागि उपयुक्त अत्यावश्यक सेवा भनेका ती हुन्, जुन उनका लागि स्वीकार्य तरिकाबाट उपलब्ध गराइएका हुन्छन्, उनको मर्यादालाई सम्मान गर्छन्, उनको गोपनियता प्रत्याभूत गर्छन्, उनको आवश्यकता र दृष्टिकोणबारे संवेदनशील छन् र पुन:पीडित हुने कुरालाई न्यूनीकरण गर्छन् ।

दुर्भाग्यवश, यी पारस्परिक गुणहरू प्राय: प्रहरीमा सामान्य रूपमा अभाव भएको वा महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई संलग्न गर्दा निरन्तर रूपमा लागू नगरेको रूपमा उद्धृत गरिएको छ । प्रहरी नेतृत्वले आफ्नो टोली(हरू) लाई सक्रिय सुन्ने, गैर-निर्णयपूर्ण ढंगले कार्य गर्ने र अरूको मर्यादालाई सम्मान गर्ने जस्ता शुक्ष्म सीपहरूले सफल प्रहरीकार्यमा योगदान पुऱ्याउँछ भन्नेबारे सचेत गराउनु पर्छ । *अध्याय ९ : ...संचार् हेर्नुहोस् ।*

यसबाहेक, र विशेषगरी अपाङ्गता भएका महिला तथा किशोरीहरूको सम्बन्धमा, उपयुक्त (सुरक्षित) आवाससम्बन्धी विशेष आवश्यकताहरू बुझ्न त्यस्ता शुक्ष्म सीपहरू आवश्यक हुन्छन् । उनीहरूमा प्रतिकार्य गर्ने अधिकारीहरूसँग **उपयुक्त तरिकाले** सञ्चार गर्ने पूर्ण क्षमता नहुँदा, ती अधिकारीहरूले खतराको आकलन गरेर त्यस अनुसार प्रतिक्रिया दिन सक्षम हुँदैनन् ।

महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई संरक्षण र सुरक्षाका उपायहरू उपलब्ध गराउँदा प्रहरी संगठनहरूको असल अभ्यास र क्षमताको अन्तरको विस्तृत विश्वव्यापी नक्साङ्कनबाट प्रेरित सूची तल दिइएको छ । उक्त नक्साङ्कनले धेरै सेवारत र सेवानिवृत्त प्रहरी अधिकारीहरू, नागरिक समाज र महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न विशेषज्ञ गैर-सरकारी संस्थाहरूसँग काम गर्ने अनुभव भएका युएन कर्मचारीहरूसम्म पहुँच समावेश गरेको थियो । पहिचान गरिएको क्षमता अन्तरको मुख्य मुद्दासँग पाठकलाई सम्बन्धित हुन मद्दत गर्नका लागि वर्गीकरणका शीर्षकहरू राखिएका हुन् । यद्यपि, तिनीहरू सबै प्रत्येक बिन्दुमा लागू हुन्छन् र/वा परिपूरक छन् :

गलत अभ्यास

- घटनाको प्रतिकार्य गर्ने प्रहरीको व्याख्या र अभिलेखले सधैं राष्ट्रिय कानूनसँग मेल खाँदैन । यसमा पीडित/प्रभावितको जानकारी बिना जोखिम मूल्याङ्कन पूरा गर्ने कुरा पर्छ[१९];
- प्रहरी अधिकारी तथा कर्मचारीहरूले आपराधिक कसूर पहिचान गर्न साथै जोखिम मूल्याङ्कनको प्रारम्भिक र माध्यमिक चरणहरूमा, शारीरिक हिंसा र चोटपटकमा ध्यान केन्द्रित गर्छन्;
- अग्रपंक्तिमा खटिनेहरूलाई सहयोग गर्न जोखिम मूल्याङ्कन औजारहरूले दुर्व्यवहारका प्रवृत्तिहरूमा पर्याप्त जोड दिँदैनन्;
- शारीरिक हिंसा र घटनामा के भएको थियो भन्ने अभिलेख गर्ने तर तिनलाई निम्त्याउने जबरजस्ती र नियन्त्रण लगायतका

१७ Loger, Rosa., 'Violence against women: Good practices in combating and eliminating violence against women': Austrian Model of Intervention in Domestic Violence Cases. Report to the Expert Group Meeting at the UN Division for the Advancement of Women in collaboration with UN Office on Drugs and Crime (Vienna, Austria, 2005).

१८ Loger (2005) based on Gondolf's (1999) long-term investigation of programs for violent men. See: Golding JM., 'Intimate Partner Violence as a R Factor for Mental Disorders: A Meta-Analysis.' *Journal of Family Violence*, 1999; 14:99–132.

१९ Inspired from Kropp, R.P, Hart, S.D., (2004) "The Development of the Brief Spousal Assault Form for the Evaluation of Risk (B-SAFER): A Tool for Criminal Justice Professionals', *Family Violence Initiative Research and Statistics Division*, Department of Justice, Canada.

गैर-शारीरिक हिंसाका स्वरूपको अभिलेख नगर्ने प्रहरीको प्रवृत्ति । यो प्रारम्भिक संकीर्ण मूल्याङ्कनले सामान्यतया पछिका जोखिम मूल्याङ्कनहरूमा नकारात्मक प्रभाव पार्छ;

- प्रहरीले घटनास्थलमा नभई अन्तरंग साथीबाट हुने हिंसाका घटना भएको घण्टौंपछि जोखिम मूल्याङ्कन औजारको प्रयोग पूरा गर्ने प्रवृत्ति हुन्छ, र यो अभ्यासले जानकारीको गुणस्तरमा प्रभाव पार्छ, किनकि यसले पीडित/प्रभावितसँग परामर्श नगर्ने सम्भावना बढाउँछ;[२०]
- संगठित आपराधिक समूहहरू संलग्न हुने यौन शोषणका महिला बेचबिखन जस्ता गम्भीर अपराधहरू समावेश भएका घटनाहरूमा, प्रतिशोधात्मक क्रियाकलापको सामना गर्नसक्ने पीडित/प्रभावितका परिवारका सदस्यहरूलाई पनि संरक्षणात्मक आदेशहरू उपलब्ध छन् भनी सुनिश्चित गर्न प्रहरीलाई चुनौती हुन्छ;
- प्रहरीले प्रायः अपमानजनक सम्बन्धलाई समग्रमा विचार गर्नुको सट्टा एकल घटनाहरूको अनुसन्धान गर्ने गर्छन् ।

प्रशिक्षण र शिक्षासम्बन्धी कमीकमजोरी

- विशेषगरी अन्तरंग साथीबाट हुने हिंसा जस्ता, महिला तथा किशोरी विरुद्धका हिंसामा गरिने प्रहरी प्रतिकार्य अत्यधिक रुपमा प्रक्रियामा आधारित छ । प्रतिकार्य गर्ने अधिकारीहरूले प्रायः जोखिम पहिचान र मूल्याङ्कनको औचित्य बुझ्दैनन्, र नतिजास्वरूप, जोखिमका सूचकहरूको दायरा[२१] पहिचान गर्न र/वासही र निरन्तर रूपमा सूचना रेकर्ड गर्न उनीहरू असमर्थ हुन्छन्;
- प्रतिकार्यमा लाग्ने प्रहरीलाई सामान्यतया जबरजस्ती नियन्त्रणबारे बुझाइको कमी हुन्छ, वा बुझेपनि तिनलाई प्रभावकारी रूपमा जोखिममा आधारित कार्यपद्धतिभित्र समाहित गर्दैनन्[२२];
- प्रतिकार्यमा लाग्ने अधिकारीहरू जोखिम मूल्याङ्कन फारमहरू प्रयोग गर्न अनिच्छुक हुन्छन् किनभने प्रक्रिया अनुसार उनीहरूले अपराधी र पीडित/प्रभावितका बारेमा "निर्णय र अनुमान" गर्न आवश्यक हुन्छ भन्ने उनीहरूलाई लाग्छ, जुन वास्तवमा एक प्रहरी अधिकारीको भूमिकाभन्दा बाहिरको कुरा हो,[२३]
- अन्तरंग साथीबाट हुने हिंसाका पीडित/प्रभावित आप्रवासी महिला भएमा, उनीहरूले सामना गर्ने जोखिमहरू बुझ्न प्रहरीका लागि विशेष रूपमा चुनौतीपूर्ण हुन्छ । धेरै अवस्थामा, आप्रवासी महिलाहरू सामाजिक र आर्थिक रूपमा आफ्नो अन्तरंग साथीमा निर्भर हुन्छन् । त्यसैले दुर्व्यवहारपूर्ण सम्बन्धबाट बाहिर आउनका लागि पीडित/प्रभावितसँग उनको अन्तरंग साथीभन्दा अलग र स्वतन्त्र बसोबासको अनुमति र काम गर्ने अनुमतिलाई प्रहरीद्वारा आफ्नो सुरक्षा योजनामा विचार गर्नुपर्छ;
- प्रहरीका लागि तालिम कार्यक्रमहरूले प्रायः अपाङ्गता भएका महिला र जोखिममा रहेका समूह, हिंसाबाट प्रभावित अन्य महिलाहरूसँग सम्बन्धित जोखिम र विशेष आवश्यकताहरूलाई ध्यानमा राख्दैनन् । यसमा सुसूचित सहमति खोज्नु पर्ने आवश्यकता, सञ्चारका लागि आफन्तमा निर्भर हुँदा आउने गोपनीयताको सवाल, र कुनैकुनै अवस्थामा पीडक नै हुनसक्ने हेरचाहकर्ताको सम्भावित जबरजस्ती भूमिका लगायत पर्छन् । अपाङ्गता भएका महिलाहरू आफ्ना आफन्त वा हेरचाहकर्तामा निर्भर हुन्छन् र यसले उनीहरूलाई जोखिममा पार्छ भन्ने कुरालाई प्रहरी अधिकारीहरूले अक्सर बेवास्ता गर्छन् । यसले गर्दा घटनाको उजुरी गर्नबाट उनीहरूलाई रोक्छ र कुनैपनि सामाजिक पुनःएकीकरणलाई खतरामा पार्छ ।

> **"महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावित आप्रवासी महिला तथा किशोरीका लागि सुरक्षा योजना बनाउँदा, ध्यान दिनुपर्ने सबैभन्दा पहिलो कुरा यो हो कि उनको पहिलो भाषा उनी बसोबास गरिरहेको/पीडित भएको देशको भाषा होइन, उनको आप्रवासनको अवस्था असुरक्षित हुनसक्छ र उनी एक अल्पसंख्यक समुदायकी हुन् ।"**
>
> - ग्यारी क्याम्पबेल, स्कटल्याण्ड यार्डका पूर्व प्रमुख डिटेक्टिव सुपरिन्टेन्डेन्ट

परिभाषा र ढाँचा

अत्यावश्यक सेवा प्याकेजले अन्तरंग साथीबाट हुने हिंसा र अन्य प्रकारका यौन हिंसाको अनुभव गरेका महिला र किशोरीहरूका लागि हिंसा रोक्न र भविष्यमा हुने हिंसाको पुनरावृत्ति, वृद्धि र खतराहरूलाई रोक्नको लागि सुरक्षा उपायहरू महत्वपूर्ण छन् भनी बताउँछ ।

यसको अर्थ, अपराधको प्रसङ्ग वा वर्ग जुनसुकै भएपनि, पीडित/प्रभावितको संरक्षण र सुरक्षा सुनिश्चित गर्न प्रहरीले

---

२० Dowling, C., Morgan, A., Boyd, C., Voce, I., (2018) 'Policing Domestic Violence: A Review of the Evidence', Australian Institute of Criminology, Research Report 13.

२१ धेरै अवस्थामा, मानसिक असन्तुलन अन्तरगत पर्ने जस्ता केही जोखिमका वर्गीकरणबारे प्रहरी अधिकारीहरूमा सिमित ज्ञान हुनेगर्छ । . See Risk-led policing of domestic abuse and the DASH risk model, College of Policing (UK), at: https://www.college.police.uk/News/College-news/Documents/Risk-led_policing_of_domestic_abuse_and_the_DASH_risk_model.pdf

२२ Robinson et al. (2016), का अनुसार जबरजस्ती र नियन्त्रणपूर्ण दुर्व्यवहारको प्रवृत्तिको बुझाईमा अभावले घरेलु दुर्व्यवहारमा वर्गीकरण गरिने दुर्व्यवहारको परिणाम निम्त्याउन सक्छन् र त्यसकारण जोखिम मूल्याङ्कनमा यसलाई हेरिनुपर्छ ।

२३ Inspired by Kropp, R.P, Hart, S.D (2004), 'The Development of the Brief Spousal Assault Form for the Evaluation of Risk (B-SAFER): A Tool for Criminal Justice Professionals', Family Violence Initiative Research and Statistics Division, Department of Justice Canada.

तुरुन्त र समानुपातिक (धम्कीको मात्राका आधारमा) हस्तक्षेप गर्नुपर्छ । यसबाहेक, सुरक्षा उपायहरू फौजदारी, देवानी वा पारिवारिक कानून मुद्दाको कुनै पहलभन्दा स्वतन्त्र रुपमा उपलब्ध हुन आवश्यक छ ।

पीडित/प्रभावितलाई न्यायमा पहुँच गर्न र न्याय प्रक्रियामा सुरक्षित रूपमा संलग्न रहन सक्षम बनाउने गरी सुरक्षा उपायहरू तयार गरिनुपर्ने कुरा पनि अत्यावश्यक सेवा प्याकेजले पुष्टि गर्दछ ।[२४]

प्रारम्भिक र तुरुन्त हस्तक्षेप गर्न प्रहरीसँग धेरै औजारहरू छन्, जस्तै अग्रपंक्तिमा खटिनेहरूको जोखिम मूल्याङ्कन फारमहरू[२५], आपतकालीन वा अत्यावश्यक रूपमा सुरक्षा उपायहरूको अनुपात निर्धारण गर्न उपलब्ध भएसम्म, विगतको दुर्व्यवहारसम्बन्धी जानकारी ।

अत्यावश्यक सेवा प्याकेजका अनुसार :

- **आपतकालीन उपाय**हरूले ती उपायहरूलाई जनाउँछ, जुन कथित अपराधीले थाहा नपाउनेगरी प्राप्त गर्न सकिन्छ, जसमा पूर्ण प्रमाण सङ्कलन आवश्यक पर्दैन र सम्भावनाहरूको आधारमा तीबारे निर्णय लिइन्छन् । यी उपायहरू सामान्यतया छोटो अवधिको सुरक्षाको लागि हुन् ।
- **अत्यावश्यक उपाय**हरू ती हुन्, जुन बिना ढिलाइ अदालतमा जान्छन्, जस्तै, फास्टट्र्याक प्रक्रियाहरू मार्फत, तर निर्णयहरू भने प्रमाणहरूको पूर्ण सुनुवाइमा आधारित हुन्छन् । तत्कालको सुरक्षा उपायहरू सामान्यतया लामो समयको लागि हुन्छन् ।[२६]

यसको वर्गीकरण जेजस्तो भएपनि र यो देवानी वा फौजदारी कानूनमध्ये जुनसुकै अन्तर्गत परेपनि, प्रभावकारी र पर्याप्त सुरक्षा उपायहरूका लागि मुख्य कुराहरू के हुन् र **महिला हिंसालाई तुरुन्तै रोक्ने** सुनिश्चित गर्नका लागि सुरक्षा उपायहरूको समानुपातिकता र प्रभावकारिताका लागि कस्ता तत्वहरू आवश्यक छन् भन्ने सूचित गर्नु हो । साथै, समानान्तर रूपमा, पीडित/प्रभावितलाई **आफ्नो अधिकार दाबी गर्न र कानून बमोजिम हिंसाका कार्य(हरू) को पूर्ण र निष्पक्ष छानबिन प्रारम्भ गर्ने सम्भव बनाउनु** हो ।

२४ See Module 3 on *Justice and Policing,* Essential Services Package for Women and Girls Subject to Violence: Core Elements and Quality Guidelines (United Nations Joint Global Programme on Essential Services for Women and Girls Subject to Violence, 2015), at: https://www.unwomen.org/en/digital-library/publications/2015/12/essential-services-package-for-women-and-girls-subject-to-violence p. 28.

२५ For an example of the IPV Risk Assessment form, see section on Peer-to-Peer Tips on risk-led policing and the use of the UK's DASH Risk Model.

२६ See n. 24.

सुरक्षा हस्तक्षेपहरू प्रभावकारी र उचित लगनशीलताको[२७] अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरुप भएको सुनिश्चित गर्न, सुरक्षा उपायहरू सिफारिस एवं लागू गर्नका लागि प्रहरीले प्रयोग गरेको समानुपातिकताको गणना[२८] अनुसन्धान अन्तर्गत हिंसाको कार्य(हरू)बाट स्पष्ट देखिने तत्कालका परिस्थितिहरू (मनोवैज्ञानिक हिंसा, आतंकित बनाउने वा पीछा गर्ने लगायत) मा आधारित भन्दा फराकिलो हुनुपर्छ ।

> "ममहिला विरुद्धको हिंसालाई राज्यहरुले दण्डनीय बनाउदै, यसको अन्त्यका लागि आफ्ना दायित्वहरु पूरा गर्नमा रोक्ने कुनैपनि परम्परा, प्रथा, वा धार्मिक कुरालाई प्रश्रय दिनु हुँदैन । यसका लागि राज्यहरुलेसबै उचित तरिका अपनाउनुका साथै महिला विरुद्धका हिंसा अन्त्य गर्ने नीति अविलम्ब अपनाउनुपर्छ, र त्यसका लागि :
>
> ग) महिला विरुद्धका हिंसाका गतिविधि राज्य वा कुनै व्यक्तिमध्ये जोसुकैबाट भएको भएपनि, त्यस्ता गतिविधिलाई उचित लगनशीलताको अभ्यास गर्दै रोक्ने, अनुसन्धान गर्ने र राष्ट्रिय कानून अनुसार दण्डित गर्ने गर्नुपर्छ । "
>
> - धारा ४ : महिला विरुद्धको हिंसा अन्त्यसम्बन्धी घोषणा (१९९३)

अन्तर्राष्ट्रिय मापदण्डहरूका अनुसार, विशेषगरी महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितका लागि सुरक्षा उपायहरू लगायतका प्रहरी हस्तक्षेपमा परिवेश अनुरुपको जानकारी हुनु आवश्यक हुन्छ ।[२९] यसको मतलब प्रहरीले हिंसा

२७ उचित लगनशीलताको अवधारणालाई कुनैपनि राज्यले घरेलु एवं अन्तर्राष्ट्रिय कानूनका क्षेत्रमा आफ्ना दायित्वहरू प्रभावकारी रुपमा पूरा गरे नगरेको निर्धारण गर्ने मानक सावधानी वा सावधानीको दायित्वका लागि मापदण्ड तय गर्ने संयन्त्रका रुपमा व्याख्या गर्न सकिन्छ । अरुलाई हानी हुनबाट रोक्ने र हानी भएमा आफ्ना सन्धी, सम्झौता अन्तरगतका दायित्व अनुसारका प्रभावकारी उपचार उपलब्ध गराउने जिम्मेवारी राज्यको हो । R. Higgins, *Problems and Process*, (Clarendon Press, Oxford, 1994.), pp. 153-54, at, p. 153 हेर्नुहोस् । पीडित/प्रभावितको न्यायमा पहुँचमा अवरोध ल्याउने व्यावधान हटाउने, उनीहरूको अधिकार दाबीमा सहयोग गर्ने उपायहरू अपनाउने र पीडित/प्रभावितका तर्फबाट कार्यान्वयन भएका पहलहरूको प्रभाव मूल्याङ्कन गर्ने काम राज्यले गर्नुपर्छ । Training Manual for Police Officers Strengthening Program for the Security of Vulnerable Groups (UNODC, in partnership with the Government of Mexico2017) पनि हेर्नुहोस् ।

२८ आवश्यकता र समानुपातिकताको सिद्धान्तका लागि हेर्नुहोस् : Principle 5: Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials (1990), adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba(27 August - 7 September 1990).

२९ See *Maria da Penha v. Brazil*, Inter-American Commission on Human Rights (2000), *Gonzalez et al.* (Cotton field) *vs. Mexico* Inter-American Court of Human Rights (2009), *Opuz v Turkey*, European Court of Human Rights (2009), *A.T. v. Hungary*, CEDAW Committee (2003), *Osman v. UK European Court of Human Rights* (1998), *Jessica Lenahan v. United States* (2011), Inter-American Commission on Human Rights, and *Fatima Yildirim v. Austria*, CEDAW Committee (2007) amongst others.

र भेदभावको संस्कृतिका परिपेक्षमा महिला तथा किशोरीका अनुभवलाई बुझ्नुका साथसाथै कथित पीडकको जबरजस्ती एवं आक्रामक व्यवहारलाई पनि पीडित/प्रभावितका लागि अनुसन्धानको अवधिभरी नै सुरक्षा जोखिमहरूको मूल्याङ्कन गर्दा बुझ्नु पर्दछ ।

जबरजस्ती नियन्त्रण गर्ने व्यवहारका विस्तृत उदाहरणहरूका लागि अध्याय ५: अनुसन्धान को अनुसूची १ हेर्नुहोस् ।

यो एकीकृत जानकारी न्याय प्रणाली अन्तर्गत काम गर्ने सबै जस्तैः न्यायाधीश, अभियोजनकर्ता, प्रहरी र कानून कार्यान्वयन अन्य निकायहरूलाई पनि सञ्चार गरिनु पर्छ, जसबाट पीडित/प्रभावितको सुरक्षालाई असर गर्ने जोखिमहरू पीडकलाई रिहा गर्ने निर्णयहरूमा विचार गरिने र फौजदारी कारबाहीमा पीडित/प्रभावितहरूको बयान सहजीकरणका लागि पर्याप्त उपायहरू अवलम्बन गरिएको सुनिश्चित गरियोस् । उपायहरूमा स्थानीय गस्ती प्रहरीहरूद्वारा पीडित/प्रभावितको निवासमा गस्ती लगाउने, पीडिकबाट बालबालिकाको भेटको अनुगमन वा अन्य प्रावधानका अतिरिक्त प्रतिबन्धात्मक आदेशहरूमा कडा प्रावधानहरू समावेश गर्ने आदि हुनसक्छन् ।

बाकस ५

प्रासङ्गिक तथ्य १

सामन्यतया, बहुविवाह र बाल विवाह घरेलु हिंसाका घटनाहरू निम्त्याउने दुई कारक तत्व हुन् । सानै उमेरमा विवाह भएका युवतीहरू घरेलु हिंसाबाट पीडित हुने सम्भावना बढी हुन्छ, किनभने आफ्नो श्रीमान्माथिको आर्थिक निर्भरता, न्यून शिक्षास्तरका कारण रोजगारीका लागि अयोग्य, दुर्व्यवहारसँग जुझ्न भावनात्मक रुपमा कच्चा, र उनीहरूको कलिलो प्रजनन् उमेरका कारण शक्तीहीन हुन्छन् ।

- नेपालमा जिल्लातहमा बहुक्षेत्रगत लैङ्गिक हिंसा प्रतिकार्य'का निष्कर्षहरू (परियोजना समापन मुल्याङ्कन प्रतिवेदन, सन् २००९)

उचित लगनशिलता मापदण्डहरूको पालना गरेर, प्रहरीले 'अपराधको गम्भीरर्यताको अनुपातमा' कार्य गर्दा र 'हासिल गरिनुपर्ने वैध उद्देश्य' पछ्याउँदा प्रहरीको प्रतिकार्य सकारात्मक मानव अधिकार दायित्वहरू अनुसार भइरहेको हुनेछ ।[३०]

लैङ्गिक असमानताले समाजमा महिला र किशोरीहरू विरुद्ध निर्दिष्ट प्रकारको हिंसा र भेदभावको असमान कार्यहरूलाई सहज बनाउँछ (हेर्नुहोस् परिचय) । समाजमा प्रत्येक परिस्थिति परिवेशमा महिला र किशोरीहरूले सामना गर्ने हिंसा र भेदभावको आफ्नै रुपहरू हुन्छन्, जुन एकै समयमा समान पनि हुन्छ र पृथक पनि हुन्छ ।

महिला र किशोरीहरूले सामना गर्ने असमान हिंसा र भेदभावका प्रकारहरूका उदाहरणहरूका लागि परिस्थितिजन्य तथ्य बाकस (५-८) हेर्नुहोस् ।

परिस्थिति परिवेश अनुसारको हिंसा र भेदभावका निर्दिष्ट कार्यहरूको असमान प्रकृतिलाई जोड्ने प्रहरी अधिकारीको क्षमता स्वत आउँदैन ।

बाकस ६

प्रासङ्गिक तथ्य २

बाल विवाह, सानै उमेरमा हुने र जबर्जस्ती विवाह, महिला जनेन्द्रिय छेदन् (एफएमजी) जस्ता हानिकारक अभ्यासहरू प्रायः अदृश्य हुन्छन् । त्यस्ता अभ्यासहरूसँग सम्बन्धित शारीरिक र मानसिक हिंसालाई प्रहरीले कम आंकलन गर्नु हुँदैन । युनिसेफको अनुमान अनुसार विश्वभरी ७५ करोड बालिका र महिलाहरूको बालविवाह भएको अवस्था छ, भने २० करोड भन्दा बढीको जनेन्द्रिय छेदन गरिएको छ ।

- युनिसेफ

त्यसैले गर्दा प्रहरी अधिकारीहरूका लागि परिस्थितिजन्य सचेतना अभिवृद्धि प्रमाणमा आधारित हुनु र अन्य अत्यावश्यक सेवा प्रदायकहरूले महिला तथा किशोरी विरुद्धको हिंसाका विभिन्न रूप र पीडकहरूको व्यवहारजन्य प्रवृत्तिहरू प्रस्तुत गरी सङ्कलन गरेका आंकडा र आधिकारिक तथ्याङ्कहरू प्रतिबिम्बित हुनु आवश्यक छ ।

यसले अपराधको समग्र रोकथाममा मुख्य भूमिका खेल्नेछ ; यसले सुरक्षाका उपायहरूको विकास र कार्यान्वयन जस्ता लक्षित गतिविधिहरूलाई सूचित गर्नमा पनि महत्वपूर्ण भूमिका खेल्नेछ, जसले गर्दा त्यसबाट पीडित/प्रभावितहरूको उदाउँदा सुरक्षा आवश्यकताहरू पर्याप्त रूपमा पूरा गर्न र उनीहरू विरुद्ध थप हिंसा कम गर्न सकिनेछ ।

प्रहरीले सामना गर्नु पर्ने अर्को चुनौतीपूर्ण परिदृश्य साइबर-सम्बन्धित महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूलाई पर्याप्त सुरक्षाको व्यवस्था गर्नु हो, जस्तै अनलाइन दुर्व्यवहार वा यौन शोषणको लागि ग्रुमिङ ।

त्यस्ता परिस्थितिहरूमा, पीडित/प्रभावितहरूसित पीडकको निकटता सुरुमा भर्चुअल हुन्छ तर कुनै न कुनै रूपको व्यक्तिगत संलग्नताको हासिल गर्ने लक्ष्यका साथ हुनेगर्छ ।

३० Principle 5 of the *Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials* (1990); adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders (Havana, Cuba, 27 August - 7 September 1990).

जबर्जस्ती र मनोवैज्ञानिक रूपमा हिंस्रक व्यवहार पीडकहरूले देखाउने मुख्य प्रवृत्तिहरू हुन् । हिंसाका यी गैर-शारीरिक रूपहरूलाई पनि हिंसाका नमूनाहरूको चक्रमा पहिचान गर्न सकिन्छ, जुन थप हिंसालाई कम गर्न र पर्याप्त सुरक्षा उपायहरू सुनिश्चित गर्नका लागि प्रहरीका उपयोगी हुनेगर्छ ।

हेर्नुहोस् : महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूमा हिंसा चक्रहरूको नमूनाहरूबारे थप जानकारीको लागि अध्याय ११ लैङ्गिक-उत्तरदायी प्रहरी सेवा कार्यान्वयनका लागि चुनौती र रणनीतिहरू

बाकस ७

प्रासङ्गिक तथ्य ३

महिला तथा किशोरी विरुद्ध हुने हिंसा र घरमा साना तथा हलुका हातहतियारको उपस्थिति । घरमा साना तथा हलुका हातहतियारको उपस्थितिले दुर्व्यवहार गर्नेहरूलाई पूर्ण नियन्त्रण र आफ्नो जीवनसाथीमाथि अधिपत्य जमाउनका लागि अन्तिम अस्त्र प्रदान गर्दछ - जुन जीवनसाथीमाथि हुने हिंसाको लक्ष्य पनि हो । प्रयोग नगरिएको भएपनि घरहरूमा साना तथा हलुका हातहतियारको उपस्थितिले मात्र पनि महिलाहरूका लागि हिंसाको उजुरी गर्ने अवसरहरू कम गर्न र उनीहरूको प्रतिरोधको क्षमता घटाउन सक्छ । यसबाहेक, अध्ययनहरूले घरमा साना तथा हलुका हातहतियारको उपस्थिति र स्त्री हत्या बीचको सकारात्मक सम्बन्धलाई संकेत गरेका छन् । साउथ ईस्टर्न र ईस्टर्न यूरोप क्लियरिङहाउस फर द कन्ट्रोल अफ स्मल आर्म्स एन्ड लाइट वेपन्स (एसइइएसएसी) का अनुसार, दक्षिणपूर्वी यूरोपमा महिला हत्याको सबैभन्दा बढी प्रचलित रुप भनेको परिवारका सदस्यद्वारा गरिएको हत्या हो, र त्यसमा रोजाइको हतियार बन्दुक हुने गरेको छ । एसइइएसएसी) का अनुसार यस क्षेत्रमा, हत्या गरिएको सबै महिला मध्ये ६१% परिवारका सदस्यद्वारा मारिएका थिए, जबकि (परिवारको सदस्यद्वारा) हत्या गरिएको पुरुषको संख्या १२.४ प्रतिशत मात्र रहेको छ । जीवनसाथीद्वारा गरिएको हिंसाको सन्दर्भमा यो भिन्नता अझ बढी छ : जीवनसाथीद्वारा हत्या गरिएको सबै महिलाहरूको ३८.६% को तुलनामा १.२% पुरुषहरू ।

देश भित्र वा छिमेकी देशमा चलिरहेको सशस्त्र द्वन्द्वको परिणाम स्वरूप साना तथा हलुका हातहतियारको सहज प्रसारका कारण यस्ता तथ्याङ्कहरू सजिलैसँग झन बढ्न सक्छ ।

स्रोत : Bozanic, D, 'The Hidden Pandemic: Firearms and Intimate Partner Violence Killing Women' (UNDP SEESAC, 2020)

युएनओडिसीको अन्तरव्यक्तिगत साइबर अपराधमा न्यायका लागि शिक्षासम्बन्धी मोड्युल १२[३१] ले साइबर-सम्बन्धित महिला तथा किशोरी विरुद्ध हुने हिंसाको दायर र महिला तथा किशोरीहरूमा यसको असमान प्रभाव र परिणामहरू बारे ज्ञान प्रदान गर्दछ :

> *"विश्वका विभिन्न भागमा महिलाहरू विशेषगरी निश्चित धर्म, जात वा जातीय समूहहरू, यौन झुकाव, आर्थिक स्थिति, र अपाङ्गता भएका महिलाहरू विभिन्न प्रकारका अनलाइन दुर्व्यवहारबाट तुलनात्मक रुपमा बढी पीडित हुन्छन् । एम्नेस्टी इन्टरनेशनल (सन् २०१७) को एउटा सर्वेक्षणले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, डेनमार्क, स्वीडेन, स्पेन, इटाली र पोल्याण्डमा सर्वेक्षण गरिएका ४,००० महिला मध्ये लगभग एक चौथाइले कम्तीमा एक पटक अनलाइन दुर्व्यवहारको कुनै न कुनै रूप (जस्तै, साइबर-ह्यारेसमेन्ट) सामना गरेको खुलासा गरेको छ । साथै, अनलाइन दुर्व्यवहारको सामना गर्ने यी महिलाहरू मध्ये ४१% यस दुर्व्यवहार र दुर्व्यवहारका कारणले आफ्नो व्यक्तिगत सुरक्षाका बारेमा डर-चिन्तामा रहेका थिए (एम्नेस्टी इन्टरनेशनल, २०१७)। महिलाहरूले धम्क्याउने सन्देश, हिंसाको धम्की, र यौनजन्य टेक्स्ट मेसेजह, इमेल, तस्विर, र भिडियोहरू डेटिङ, सोशल मिडिया र अन्य अनलाइन प्लेटफर्महरूका साथै च्याट रुमहरू र तत्काल सन्देश प्रवाह सेवाहरूमार्फत प्राप्त गरेका छन् ।"*

द्वन्द्व-सम्बन्धित महिला तथा किशोरी विरुद्ध हुने हिंसा, विशेषगरी यौन हिंसाले पनि प्रहरीका लागि आफ्नै किसिमको पृथक सुरक्षा चुनौतीहरू पनि प्रस्तुत गर्दछ । त्यस्ता सन्दर्भहरूमा प्रहरी र राज्यका अन्य सुरक्षा बलहरूसँग प्रायः महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरू र साक्षीहरूका लागि पर्याप्त सुरक्षा सुनिश्चित गर्ने क्षमता हुँदैन, वा उनीहरू आफैं उदासीन वा उल्लेखित हिंसाका कार्यहरूमा संलग्न हुन्छन् । त्यसैकारण साना हातहतियार र हलुका हतियारहरूको प्रसारमा विशेष ध्यान दिइनु महत्वपूर्ण हुन्छ, जसले महिला र किशोरीहरूले सामना गर्ने जोखिमलाई अझ बढाउँनुका साथै जवाफी प्रहरी (responding police) अधिकारीहरूका लागि पनि जोखिम निम्त्याउँछ ।

३१ Gender-based interpersonal cybercrime (UNODC), see: https://www.unodc.org/e4j/en/cybercrime/module-12/key-issues/gender-based-interpersonal-cybercrime.html. Also, see the 2018 Report of the Special Rapporteur on violence against women, its causes and consequences on online violence against women and girls from a human rights perspective (A/HRC/38/47) and 'Amnesty reveals alarming impact of online abuse against women' (2017), at: https://www.amnesty.org/en/latest/news/2017/11/amnesty-reveals-alarming-impact-of-online-abuse-against-women/

बाकस ८

प्रासङ्गिक तथ्य ४

आन्तरिक विस्थापनले महिला र किशोरीहरूका लागि जीवनसाथीबाट हुने हिंसाको जोखिम बढाउँछ । आन्तरिक विस्थापन अनुगमन केन्द्र * ले उल्लेख गरे अनुसार धेरै देशमा भएको अध्ययनहरूले विस्थापन पछि जीवनसाथीबाट हुने हिंसा बढ्ने गरेको संकेत गर्छन् । उदाहरणका लागि, कोलोम्बियामा, विस्थापित भएका महिलाहरू मध्य पचास प्रतिशत भन्दा बढीले आफ्नो जीवनसाथीबाट हिंसाको सामना गरेका छन्, जसमा विस्थापित नभएका महिलाहरूमा यो संख्या ४१ % रहेको छ । अफगानिस्तानमा विस्थापित भएका दुई तिहाइ महिलाले घरेलु हिंसा भएको बताए । १२ % भन्दा बढीले यो उनीहरूको विस्थापन अघिको तुलनामा धेरै पटक हुने गरेको उल्लेख गरे ।

*स्रोत : Briefing Paper: 'Sex matters-A gender perspective on internal displacement' (The Internal Displacement Monitoring Centre, 2019).

यसका अतिरिक्त, छिमेकी देशमा भइरहेको सशस्त्र द्वन्द्व वा अन्य प्रकृतिका ठूलो संकटका बाट सुरक्षा खोज्दै आउने शरणार्थाहरू पनि प्रहरी र उनीहरूका अत्यावश्यक सेवा साझेदारहरूका लागि उल्लेखनीय चुनौतीहरू खडा गर्छ, किनभने पीडित/प्रभावित र कथित पीडकहरू सहितका मानिसहरूको गैर-अभिलिखित हिंडडुलले प्रहरी सुरक्षा कार्यक्रमहरूको प्रभावलाई सीमित बनाउने गर्दछ । द्वन्द्व-सम्बन्धित महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूको संरक्षण र सुरक्षा बारे अध्याय १३: 'महिला तथा किशोरी विरुद्ध हिंसाको अनुसन्धानमा उदीयमान मुद्दाहरू' मा छलफल गरिनेछ ।

महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी अपराधहरू सम्मिलित सुरक्षा र संरक्षण रणनीतिहरू लागू गर्नका लागि आवश्यक मुख्य व्यवस्थापकीय दक्षताहरू

सुरक्षा र संरक्षणको सन्दर्भमा, र प्रारम्भिक जोखिम मूल्याङ्कन भइसकेपछि महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावित व्यक्तिको उपचारका लागि विकल्पहरूको सही जानकारी उपलब्ध गराउँदा प्रहरीले व्यापक रूपमा सोचविचार गर्नुपर्छ । यहाँ उनीहरूले हिंसा र/वा अपराधहरूको उजुरी गरेपछि उनीहरूविरुद्ध थप हिंसा र/वा अपराधहरूका लागि साझा प्रेरक तत्वहरूमाथि विचार गर्न सक्छन्, उदाहरणका लागि:

- मूल पीडक(हरू) बाट प्रतिशोधात्मक कारबाही जसले शारीरिक, मनोवैज्ञानिक (जस्तै बालबालिकालाई धम्की दिने वा उनीहरूलाई लिएर जाने), आर्थिक, सामाजिक र सांस्कृतिक रूप लिनसक्छ र यो समुदाय वा सामाजिक सञ्जालहरूबाट बहिष्करण मार्फत प्रकट हुन सक्छ ;
- द्वन्द्व प्रभावित क्षेत्रहरूमा अत्यधिक उत्प्रेरित बहु-पीडकहरू र बहु-स्वार्थ भएका पक्षहरूद्वारा जारी हिंसा ;
- हिंसाको मूल कार्य(हरू)बाट उजागर हुनपुगेको कमजोरीहरूको परिणामस्वरूप नयाँ आक्रमणकारीद्वारा गरिएको हिंसा, जसमा प्रहरी आफैंले गरेको समेत पर्छ ;
- मूल कार्य(हरू) को परिणाम स्वरुप पीडित/प्रभावित व्यक्तिलाई गरिएको हानि ।
- धेरै अवस्थामा, विशेषकृत प्रहरी वा एकाइहरूलाई सहयोगका लागि बोलाइन्छ र कुनै मुद्दा वा घटनाहरूको जिम्मेवारी उनीहरूले लिन्छन् । यी विशेषज्ञ अधिकारीहरू सामान्यतया पीडित/प्रभावित रेफरल नेटवर्क प्रणाली पहुँच गर्न राम्रोसँग तालिमप्राप्त हुन्छन् र अत्यावश्यक सेवा साझेदारहरूको विशेषज्ञतासँग तुलनातमक रुपमा राम्रो सम्पर्कमा हुने गर्छन् । यी विशेषकृत इकाइहरूमा अन्य इकाइहरू भन्दा बढी महिला प्रहरी अधिकारीहरू पनि कार्यरत हुन्छन्, जुन पीडित/प्रभावितहरूका लागि प्रहरीसँग प्रारम्भिक सम्बन्ध निर्माण गर्न महत्वपूर्ण हुन सक्छ ।
- यद्यपि, अघिल्ला अध्यायहरूमा उल्लेख गरिएझैं, विशेषीकृत एकाइहरू सधैं उपलब्ध हुँदैनन् न महिला तथा किशोरी विरुद्ध हुने हिंसाका सबै घटनाहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न पर्याप्त स्रोतहरू हुने गर्छन् । तसर्थ, महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूलाई उनीहरूको सुरक्षा र संरक्षण सम्बन्धी निर्णयहरूमा अर्थपूर्ण रूपमा सहभागी हुन सशक्त बनाउनुको अर्थ के हो भन्ने बुझ्नु सबै तहका अधिकारीहरूबाट अपेक्षा गरिएको मुख्य योग्यता हुनुपर्छ ।
- महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडितहरू/प्रभावितहरूको सुरक्षा र संरक्षणका आवश्यकताहरू स्थापित गर्दा प्रहरी अधिकारीहरूका लागि जोखिम मूल्याङ्कन मोडेलहरू (माथि उल्लेख गरिएझैं) र फ्रेमवर्कहरूको प्रयोग बढी व्यापक हुँदै गइरहेको छ, किनभने जवाफी प्रहरी अधिकारीहरूले सामान्यतया त्यसको उपयोगितालाई अवलम्बन गरिरहेका छन् ।
- यद्यपि, युएन प्रहरीले उनीहरूको जेण्डर टुलकिट (सन् २०१५) मा पहिचान गरे झैं यी साधनहरू व्यावसायिक विवेकको प्रतिस्थापन होइनन् । यो युएन प्रहरीको एक महत्वपूर्ण भनाई हो, किनभने यसले जोखिमको मूल्याङ्कन गर्दा र न्याय निरन्तरतामा अन्य अत्यावश्यक सेवा प्रदायकहरूलाई निष्पक्ष र तत्काल आफ्ना विचारहरू प्रभावकारी रूपमा सञ्चार गर्दा प्रहरी अधिकारीहरूका लागि सही दक्षताको आवश्यकतामाथि प्रकाश पार्दछ । यस अध्यायमा छलफल गरिएको DASH टुलको

समीक्षाहरूले पनि युन प्रहरीको यो भनाईलाई समर्थन गर्दछ ।

- त्यसैकारण मध्यम व्यवस्थापकहरू सहितको प्रहरी नेतृत्वले जवाफी अधिकारीहरूसँग प्रभावकारी रूपमा जोखिमको मूल्याङ्कन गर्न र उनीहरूका धारणाहरू निष्पक्ष र द्रुत रूपमा सञ्चार गर्नका लागि सही दक्षता र आवश्यक सीपहरू भएको सुनिश्चित गर्नमा आधारभूत भूमिका निर्वाह गर्दछ ।
- जातीयता, निरक्षरता, अपाङ्गता र यौन झुकाव (अन्य कुराका अतिरिक्त) जस्ता अन्तरसम्बद्ध कारकहरूलाई ध्यानमा राख्ने पीडित-केन्द्रित र लैङ्गिक-उत्तरदायी असल अभ्यासहरू अनुकूल रहेको प्रहरीद्वारा थप जोखिम-मूखी हस्तक्षेप सुनिश्चित गर्न मद्दत गर्न यस खण्डले प्रहरी व्यवस्थापकहरूका लागि व्यवहारिक दक्षताहरूको सूची प्रस्तुत गर्दछ, जसलाई उनीहरूले आफ्ना कर्मचारीहरूलाई महिला तथा किशोरी विरुद्ध हुने हिंसा, विशेषगरी जीवनसाथीबाट हुने हिंसा घटनाहरूलाई सम्बोधन गर्दा मार्गदर्शन र निरीक्षण गर्दा साभार गर्न सक्छन् ।

विगतका अध्यायहरू जस्तै, सिफारिस गरिएका योग्यताहरू संयुक्त राष्ट्रसङ्घका अन्य दस्तावेजहरू जस्तै युएनओडीसीको कार्यका लागि खाका: महिला विरुद्ध हुने हिंसालाई रोक्न र सम्बोधन गर्न फौजदारी न्याय प्रणालीको कार्यान्वयन योजना (अपराध रोकथाम र महिला विरुद्ध हिंसाप्रतिको फौजदारी न्याय प्रतिकार्यलाई सुदृढ गर्ने (सन् २०१५) शीर्षकको प्रकाशनमा समावेश गरिएको) र युएनपोल जेन्डर टूलकिट (सन् २०१५) र अन्य । यो सम्पूर्ण सूची होइन र यसको निर्माण अन्तर्राष्ट्रिय मापदण्डहरूबाट सिर्जित अपेक्षाहरूको मुख्य उदाहरणहरू प्रदान गर्न गरिएको हो, र साथै मूल्य, नैतिकता, र अखण्डतासम्बन्धी तपाईंको राष्ट्रिय प्रहरी संगठनका नीतिहरूलाई पूरक र सुदृढ गराउन पनि विकास गरिएको हो । व्यवस्थापकहरूले जवाफी अधिकारीहरूले सुरक्षा-जोखिम मूल्याङ्कन र सुरक्षा योजना निर्माणलाई प्राथमिकता दिइरहेका छन् र त्यसका लागि उनीहरू सक्षम छन् भनी सुनिश्चित गर्नुपर्छ:

उपलब्धता:

- फौजदारी न्याय प्रक्रियामा सहभागी हुनसक्ने पीडित/प्रभावितको क्षमता वा इच्छालाई जे-जस्तो भएपनि उपलब्ध सुरक्षा उपायहरू खोजी लागू गर्नुहोस् ;
- पीडक विरुद्ध आपराधिक मुद्दा वा देवानी कार्यवाही सुरु भएपनि अदालतले आदेश दिएका सुरक्षा उपायहरूको समर्थनमा आवश्यक प्रमाणहरू संकलन गर्नुहोस् ;
- परिस्थिति र संलग्न व्यक्तिहरूका बारेमा सकेसम्म धेरै जानकारी हासिल गर्दै प्रोटोकल अनुसार जोखिम मूल्याङ्कन साधनहरू लागू गर्नुहोस् ।

सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरूद्वारा प्रभावकारी सञ्चार र सहभागिता:

- आपराधिक न्याय प्रक्रियाको प्रत्येक चरणमा पीडित/प्रभावितहरूको सुरक्षा र संरक्षणको लागि विशेष ध्यान दिनुहोस् । यसमा जमानत/रिहाई सर्तहरूको अनुगमन र सुनुवाइ पछिको रिहाइका अवस्थाहरूका साथै अपराधीलाई रिहा गर्नु अघि पीडित/प्रभावितहरूलाई जानकारी गराउने कार्यलगायत समावेश छन् ;
- संरक्षणका आवश्यकताहरूको अन्तरदेशीय आयामहरू पहिचान गर्नुहोस् र सुरक्षा आदेशहरूको मान्यता र कार्यान्वयन सुनिश्चित गर्न र विभिन्न क्षेत्राधिकारहरूबीच, र क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सीमानाहरूमा प्रहरी अभ्यासहरूको समाञ्जस्यता सुनिश्चित गर्न उपयुक्त संयन्त्र र प्रक्रियाहरूको व्यवस्था गर्नुपर्ने आवश्यकता बारे सेचत गराउनुहोस् ;
- उत्कृष्ठ प्रमाण सङ्कलनका लागि मापदण्डहरूलाई कायम राख्दै, हिंसामा परेका महिला र किशोरीहरूलाई अपमानित नगर्ने र उनीहरूको जीवनमा हुने हस्तक्षेपलाई कम गर्ने अनुसन्धान विधिहरू लागू गर्ने ।[३२] यसमा उनीहरूले बोलेकै शब्दहरूमा रेकर्ड गरिएको पीडित/प्रभावितबाट बयान लिन सक्षम हुनुका साथै विगतका हिंसाका घटनाहरूमा संलग्न सेवा प्रदायकहरूसम्म पुग्न सक्षम हुनु समावेश छ ;
- त्यसपछि सुपरिवेक्षकले प्रमाणको सारांश तयार पार्छ र मुद्दाको फाइल अभियोजनकताकोमा पठाउँछ र निम्न कुराहरूलाई साथै संलग्न गर्छ : पीडित/प्रभावितको बयान, साक्षीको बयान, र आरोपित पीडकहरूको बयान ।

अनुकूलन क्षमता:

- महिला तथा किशोरी विरुद्ध हुने हिंसाको सम्बोधन गर्दा पीडित/प्रभावितहरूको जोखिमताहरू पहिचान गर्नुहोस् र तिनीहरूलाई जोखिम र व्यवस्थापनसम्बन्धी निर्णयहरूसँग जोड्नुहोस्, र त्यसले पीडित/प्रभावितको आवश्यकतालाई प्रतिबिम्बित गर्ने स्रोतहरूको वितरण र समन्वय सहज बनाउँछ । यसमा अदालतको सुरक्षा आदेशहरू, सम्पर्क गर्न नपाइने आदेशहरू, कर्फ्यूहरूसहित अपराधीहरूका लागि रिहाईका कडा सर्तहरू, रक्सीबाट परहेज, हतियार निषेध र मनोपरामर्शको आग्रह गर्ने र त्यसमा सहभागी हुने आदि पर्छन् ;
- महिलाहरूको कुन समूहहरू बढी जोखिममा छन्, वा विशेष प्रकारका हिंसाको बढी जोखिममा हुन सक्छन्, र यी महिलाहरूको सुरक्षा र जीवनको गुणस्तरमा प्रभाव पार्ने जोखिमका कारकहरू के हुन् भन्ने ठोस बुझाइ प्रस्तुत गर्नुहोस् । उदाहरणका लागि, यौन धम्की र दुर्व्यवहार गर्ने अभ्यासहरू

३२ Taken from 'Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women' (UNODC, 2014).

जस्तै "सेक्सटिङ" वा यौन कर्मीहरूलाई गम्भीर चोटपटक वा मृत्युको बढ्दो जोखिमहरू देशमा मुद्दाहरू हुन् वा होइनन् भन्ने कुरामाथि विचार गर्नुहोस् ;[३३]

- पीडितहरू/प्रभावितका परिवारहरूको सुरक्षा सुनिश्चित गर्न र उनीहरूलाई धम्कीबाट जोगाउन लिन सकिने उपायहरू आवश्यक पर्दा अपनाउनुहोस् र/वा सुदृढ गर्नुहोस् ;
- अशिक्षित, अपाङ्गता भएका, वा आर्थिक रूपमा गरीब लगायत जस्ता सबैभन्दा कमजोर अवस्थामा रहेका महिला र किशोरीहरूका लागि पूर्ण सहायता र सुरक्षा सुनिश्चित गर्ने उपायहरू अवलम्बन गर्नुहोस् र/वा सुदृढ गर्नुहोस् ;
- सुरक्षा योजनाहरूले फौजदारी वा देवानी मुद्दाहरूमा अदालतका आदेशहरू (जस्तै 'सम्पर्क गर्न नपाउने' लाई सहयोग पुऱ्याएको, व्यक्ति अनुरुप बनाइएको, समुदायद्वारा समर्थित, र यथार्थपरक र समग्र रहेका छन् भनी सुनिश्चित गर्नुहोस् ।

उपयुक्तता:

- महिला तथा किशोरी विरुद्धको हिंसाको उजुरी आएपछि उच्च संवेदनशीलताका साथ तत्कालै सम्बोधन गर्नुहोस्, र आवश्यक परेमा पीडित/प्रभावित र तिनीहरूका नजिकका परिवारका सदस्यहरूको सुरक्षा र स्वास्थ्य सुनिश्चित गर्न तत्काल कदम चाल्नुहोस् ।

प्रेषण र समन्वय मार्फत अन्य क्षेत्र र एजेन्सीहरूसँग जोड्ने :

- सुरक्षा प्रावधान अन्तर्गत रहेका पीडितहरू/प्रभावितको सुरक्षामा नकारात्मक असर पार्न सक्ने बाह्य वातावरणमा भएका परिवर्तनहरूको अनुगमनका लागि अत्यावश्यक सेवा प्रदायकहरूसँग समन्वय गर्ने ;
- सुरक्षा योजनाहरू निर्माण गर्दा उपयुक्त पीडित/प्रभावित सहायता समूहहरू वा उनीहरूका अधिवक्ताहरूलाई समावेश गर्नुहोस् वा पीडितहरू/प्रभावितलाई सुरक्षा योजनाका साथ सहयोग गर्न यी समूहहरूलाई उपयुक्त प्रेषणहरू गर्नुहोस् । यसमा विशेषज्ञ महिला सेवाहरू समावेश गर्नुपर्छ, जसमा महिला तथा किशोरी विरुद्धको हिंसाको विशिष्ट रूपहरू सम्बोधन गर्न विशेषज्ञता र/वा सीमान्तकृत समूहहरूका लागि उनीहरूकै नेतृत्वमा रहेको, जस्तैः महिला र अपाङ्गता भएका किशोरीहरूको नेतृत्वमा, उनीहरूका लागि विशेषज्ञ सेवाहरू ।

तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन:

- विद्यमान जोखिम साधनहरू र फ्रन्टलाइन प्रहरी सेवाको व्यावहारिक वास्तविकताहरू एक आपसमा मेल खाँदैनन् भने त्यसको पहिचान र जानकारी गराउनुहोस्, ताकि तिनीहरू समायोजन गरी उपयुक्त कर्मचारीहरूलाई थप प्रशिक्षित गर्न सकिन्छ, र प्रभावकारिता सुधार गर्न र अझ बढी प्रयोगकर्ता मैत्री बनाउन सकिन्छ ;
- प्रोटोकल अनुसार जोखिम मूल्याङ्कन साधनहरू लागू गर्नुहोस्, र साथै स्थिति र संलग्न व्यक्तिहरूका बारेमा सकेसम्म धेरै जानकारी प्राप्त गर्नुहोस् ।

सूचित सहमति र गोपनीयता:

- पीडित/प्रभावितहरूलाई सम्भव भएसम्म धेरै जानकारी प्रदान गरी प्रक्रियामा उनीहरूको आफ्नै भागमा नियन्त्रण राख्ने अवसर दिएर प्रक्रियामाथि उनीहरूकै नियन्त्रण रहेको भाव प्रदान गर्नुहोस्।
- पीडित/प्रभावित व्यक्तिहरूलाई विभिन्न अवस्था र परिस्थितिहरूमा आफू, आफ्ना छोराछोरी र परिवारका अन्य सदस्यहरूलाई सुरक्षित गर्न स्रोत-सपन्न र सक्षम पार्न उपलब्ध विकल्पहरू र स्रोतहरू पहिचान गर्न पीडित/प्रभावितहरूसँग मिलेर सुरक्षा योजना निर्माण गर्नुहोस् ।[३४]

अत्यावश्यक सेवाहरू प्रदान गर्ने प्रहरीका लागि सन्दर्भ सूचकहरू: सुरक्षा र संरक्षण

अपराध तथ्याङ्क र प्रहरी कार्यसम्पादनका लागि गरिने सामान्य तथ्याङ्क सङ्कलनको उदाहरणमा जस्तै, महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी प्रहरीसँग रहेको जानकारी प्रतिकार्यमा संलग्न प्रहरी र अन्य अत्यावश्यक सेवाहरूबाट प्रणालीमा कैद गरिएको जानकारी जत्तिकै मात्र राम्रो छ ।

जवाफी प्रहरी अधिकृत(हरू)ले सूचना तथा जानकारी सही, वस्तुनिष्ठ र कुशलतापूर्वक संकलन गरेमा त्यसले कार्यसञ्चालन र रणनीतिहरू सूचित मात्र गर्दैन, त्यसले अघिल्लो अध्यायहरूमा उल्लेख गरिएका जीवनसाथीबाट हुने हिंसासहित महिला तथा किशोरी विरुद्ध हुने हिंसाबारे विद्यमान लैङ्गिकरुपमा पूर्वाग्रही मिथकहरूलाई हटाउन पनि मद्दत गर्न सक्छ ।

प्रहरीद्वारा सङ्कलन गरिएको गुणस्तरीय सूचना तथा जानकारीले जवाफी अधिकृहरूबाट सहयोग प्राप्त सशक्त भएका पीडित/प्रभावितहरूमाथि पर्न सक्ने सकारात्मक प्रभावबारे अन्तरदृष्टि प्रदान गर्न सक्छ । उदाहरणका लागि, प्रहरीद्वारा जीवनसाथीबाट हुने हिंसाको हस्तक्षेपमा प्रयोग गरिएका राम्ररी परामर्श लिइएका र पूरा गरिएका जोखिम मूल्याङ्कन फारमहरूको सङ्ख्या समीक्षा गर्नाले जवाफी प्रहरी अधिकारी र पीडित/प्रभावितबीचको प्रभावकारी सम्बन्धलाई उजागर गर्न सक्छ ।

३३ Ibid.

३४ Ibid.

35 हेर्नुहोस् : 'Risk assessment and risk management by police" (European Institute for Gender Equality), at: https://eige.europa.eu/gender-based-violence/risk-assessment-risk-management/principle-3-establishing-evidence-based-approach

बाकस ९

जोखिम व्यवस्थापनका लागि प्रमाणमा आधारित अवधारणा सुधार गर्न सिफारिसहरू[३५]

प्रहरीका लागि महिला विरुद्ध जीवनसाथीबाट हुने हिंसाको जोखिम मूल्याङ्कन र जोखिम व्यवस्थापनसम्बन्धी मार्गनिर्देशन (सन् २०१९)मा लैङ्गिक समानताका लागि युरोपेली संस्थाले जोखिम व्यवस्थापन अनुगमनमा प्रशासनिक स्रोतहरूबाट प्राप्त तथ्याङ्क समावेश गर्नुपर्छ र युरोपेली कानुनी ढाँचाहरू अनुसार निम्नानुसार तथ्याङ्कलाई विखण्डित गर्नुपर्दछ भन्ने प्रस्ताव गर्दछ:

- उजुरी गरिएका अपराधहरूको संख्या र प्रकार;
- पिडित/प्रभावितको संख्या, उमेर र लिङ्ग;
- अनुसन्धान गरिएका घटनाहरूको संख्या;
- अभियोजन गरिएका व्यक्तिहरूको संख्या;
- सजाय पाएका व्यक्तिहरूको संख्या ।

यसका अतिरिक्त, यसमा निम्नलिखित न्यूनतम आवश्यक तथ्याङ्को विखण्डीकरण पनि समावेश गर्नुपर्छ:

- पीडित/प्रभावित व्यक्ति र पीडकको लिङ्ग;
- पीडित/प्रभावित र पीडकको उमेर;
- हिंसाको प्रकार;
- पीडित/प्रभावित व्यक्तिसँग पीडकको सम्बन्ध;
- भौगोलिक स्थान;
- अन्य सान्दर्भिक पक्षहरू, जस्तै जाति, अपाङ्गता र अन्य विशेषताहरू

EIGE
European Institute for Gender Equality

जीवनसाथीबाट हुने हिंसाका घटनाहरूसम्बन्धी प्रहरी सेवा प्रवाहको धारणा सर्वेक्षण (सकारात्मक धारणा बढेको बेला)हरू विरुद्ध माथि उल्लेखति जानकारी जाँच गर्दा महिला र किशोरी विरुद्ध हिंसा बढ्दो मात्रा भन्दा पनि प्रहरीमा पुग्न विश्वस्त महसुस गरेको कारण जीवनसाथीबाट हुने हिंसाका घटनाहरूको उजुरी बढेको संकेत गर्न सक्छ ।

सही तरिकाले पूरा गरिएका जोखिम मूल्याङ्कन फारमहरूले सैद्धान्तिक रूपमा पीडित/प्रभावित व्यक्तिले आफ्नो व्यथा सुनाउनु पर्ने संख्यालाई कम गर्न मद्दत गर्नुपर्दछ, साथै उसले व्यवहार गर्नुपर्ने व्यक्तिहरूको संख्यालाई पनि कम गर्नुका साथै सही पेशाकर्मीको सहयोग उनले प्राप्त गरेको सुनिश्चित गर्न मद्दत गर्दछ । यसका अतिरिक्त, यो कार्यले औपचारिक फौजदारी न्याय प्रणालीको सट्टा मध्यस्थताका लागि पीडित/प्रभावितहरूलाई सिफारिस गर्ने प्रहरीको अभ्यासबारे जानकारी पनि प्रदान गर्न सक्छ, र त्यसले प्रहरी अधिकारीहरूले आफैं मध्यस्थकर्ताको रूपमा काम गर्नु हुँदैन भन्ने कुरालाई मान्यता प्रदान गर्छ ।

लैङ्गिक समानताका लागि युरोपेली संस्था (इआइजीइ) ले जोखिम व्यवस्थापनका लागि प्रमाणमा आधारित अवधारणाहरूको सुधार गर्न उपयोगी सिफारिसहरू प्रस्तुत गर्दछ (बाकस ९ हेर्नुहोस्):

पीडित/प्रभावितहरूले सामना गर्ने जोखिमको बढी मूल्यांकन गर्दै जवाफी अधिकारीहरूले थप हानि कम गर्न र हिंसात्मक कार्यहरूका लागि समानुपातिक दण्डहरू माग गर्न औपचारिक न्याय प्रणाली प्रयोग गर्नेतर्फ बढी लाग्नुपर्छ ।

रोलिङ्स एण्ड टेलर (सन् २००८) ले घटनाहरूमा प्रहरी बोलाएपछि पारिवारिक हिंसा वा जीवनसाथीबाट हुने हिंसा गर्ने पीडकहरूको सङ्ख्यामा कमी आउनु भनेको अघिल्लो प्रहरी कारबाहीले थप आपराधिक व्यवहारमा प्रभाव पारेको संकेत गर्दछ भन्ने प्रस्ताव राखेर उपयोगी सन्दर्भ जानकारीको अर्को उदाहरण प्रस्तुत गर्दछन् ।[३६]

अघिल्लो अध्यायहरूमा छलफल गरिएझैं, इएसपीले पीडित/प्रभावितहरूका लागि सबै न्याय र सहायता सेवाहरूले अधिकतम प्रभाव सुनिश्चित गर्न साझा विशेषता र साझा गतिविधिहरू प्रदान गर्न आवश्यक छ भन्ने प्रस्ताव गर्दछ । हिंसाको सामना गरिरहेका महिला र किशोरीहरूलाई सम्बोधन गरिरहेको निश्चित 'क्षेत्र' जे-जस्तो भएपनि यो कुरा सबैमा

३६ Kiah Rollings and Natalie Taylor, 'Measuring police performance in domestic and family violence" for *Trends & issues in Crime and Criminal Justice* No. 367 December 2008 (Australian Government/Australian Institute of Criminology, 2008).

लागू हुन्छ। निम्नलिखित सूची इएसपीको साझा विशेषताहरू र साझा गतिविधिहरूबाट प्रेरित छ ; यसले प्रभावकारी प्रहरी सुरक्षा र संरक्षणका उपायहरूका लागि सन्दर्भ सूचकहरूका केही उदाहरणहरू प्रस्ताव गर्दछ जसले महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूलाई न्यायमा पहुँच प्राप्त गर्न र न्याय प्रक्रियामा सुरक्षित रूपमा सहभागी हुन सक्षम बनाएको छ।

यी सूचकहरू भएको अवस्थामा प्रहरी व्यवस्थापकहरूले साभार गर्न सक्छन्, तर नभएको अवस्थामा पनि उच्च तहमा त्यसको समावेशीकरण गर्न प्रोत्साहित गर्नसक्छन् :

१. **अनुकूलनता र पहुँचयुक्तता** : स्थानीय तर विविध समुदायहरूसँग तालिम वा औपचारिक परामर्शहरूको संख्या। यसमा प्रहरी जोखिम मूल्याङ्कनहरूले विचार गर्नुपर्ने परिस्थितिजन्य र सांस्कृतिक पक्षहरूबारे जानकारीका लागि अपाङ्गता भएका व्यक्ति, आन्तरिक रूपमा विस्थापित व्यक्ति र अल्पसंख्यक समुदायहरूलाई प्रतिनिधित्व गर्ने समूहहरू समावेश गर्नुपर्छ। टोलीका कर्मचारीहरूका लागि आयोजना गरिने तालिमले क्षेत्रीय सांस्कृतिक भिन्नताहरू र तिनीहरूको सम्बन्धित सुरक्षा आवश्यकताहरू प्रतिबिम्बित गरेको सुनिश्चित गर्न प्रयासहरू गरिनुपर्छ।

२. **उपयुक्तता र पहुँचयुक्तता** : टोलीका सदस्यहरूले महिला तथा किशोरी विरुद्ध हुने हिंसाका घटनाहरूमा गरेको कारवाहीहरूको संख्याको सम्बन्धमा कर्मचारीहरूले सही तरिकाले पूरा गरेका जोखिम मूल्याङ्कन फारमहरूको अनुपात (विशेषगरी जीवनसाथीबाट हुने हिंसाका घटनाहरू)। यो सूचकले पीडित/प्रभावितले बुझ्न सक्ने भाषामा प्रहरीले कुन हदसम्म सञ्चार गरिरहेको छ भन्ने कुराको जानकारी पनि प्रदान गर्नुपर्छ। जवाफी कार्यमा संलग्न अधिकारीको लिङ्ग, पद र एकाइ अनुसार जोखिम मूल्याङ्कन फारमहरूको सङ्ख्याको विखण्डीकरणले पनि अधिकारी र पीडित/प्रभावितबीच सञ्चारको गुणस्तरलाई प्रभाव पार्ने अन्य पक्षहरूकोबारेमा पनि जानकारी प्रदान गर्नेछ।

३. **सुरक्षालाई प्राथमिकता दिनुहोस्** : सामाजिक, स्वास्थ्य, र न्याय अत्यावश्यक सेवा प्रदायकहरूले सिफारिस गरे अनुसार र पीडित/प्रभावितसँगको परामर्शमा निष्कर्षमा नपुगेसम्म सक्रिय गरी लागु गरिएका संरक्षणका उपाय र सुरक्षा योजनाहरूको दर विरुद्ध सिफारिस गरिएका सुरक्षाका उपायहरू र/वा सक्रियताका लागि गरिएको अनुरोध। यस उपायले महिला र किशोरीहरूको सुरक्षाको नियमित र निरन्तर मूल्याङ्कन गर्ने प्रहरीको अभ्यासबारे जानकारी दिनेछ।

४. **सुसूचित सहमति र गोपनीयता र पहुँचयुक्तता** : कर्मचारी अधिकारीहरूद्वारा सक्रिय गरिएका सुरक्षा उपाय र सुरक्षा

> "हाम्रो अध्ययन अनुसार जनचेतना अभिवृद्धिसम्बन्धी तालिम न्यूनप्रतिनिधित्व भएका समुदायका व्यक्तिहरूले सञ्चालन गरेमा त्यो बढी प्रभावकारी हुन्छ, किनभने उनीहरूले आफ्नो जीवनको अनुभवका बारेमा कुराकानी गर्छन्।"
>
>
>
> - इलेना राटोई : कार्यक्रम व्यवस्थापक (युएन वुमन, मोल्डोभा)

योजनाहरूको प्रतिशत विरुद्ध पुनरावृत्ति/दोहोरिने अपराध वा पीडकद्वारा उपायहरूको उल्लङ्घन भएका मुद्दाहरूको संख्या।[३७] वैकल्पिक रूपमा, आक्रमणकारी र वा गिरफ्तारीहरूद्वारा पुनरावृत्ति/दोहोरिने आपराधिक मुद्दाहरूको सङ्ख्याको तुलनामा पीडित/प्रभावितसँग सहमत निष्कर्ष नपुगदासम्म लागू गरिएको सुरक्षा उपायहरूको अनुपात। यस कार्यले सुरक्षा उपायहरू पूर्ण रूपमा वा आंशिक रूपमा लागू हुँदा र लागू नहुँदा त्यसले पार्ने प्रभावबारे जानकारी प्रदान गर्नेछ। आफ्नो सुरक्षा र संरक्षण योजनामा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिताले उनीहरूसँगको सहमत निष्कर्षसम्म प्रहरीद्वारा सुरक्षा उपायहरू लागू गर्ने सम्भावना बढाउँछ भन्ने कुरा यस उपायले ठान्दछ।

५. **सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरूको प्रभावकारी सञ्चार र सहभागिता**: सुरक्षित आवास गृहका कर्मचारीहरू र बासिन्दाहरूसँग प्रहरी प्रतिकार्यप्रति पीडित/प्रभावितहरूको सन्तुष्टिबारे गरिएको स्थानीय प्रहरी सेवा प्रवाहसम्बन्धी सर्वेक्षणहरू। त्यस्ता सर्वेक्षणहरू आधारभूत स्तरमा प्रारम्भ गर्न सकिन्छ र सहकार्यका विधिहरू मिलान गर्ने प्रयास गर्नुपर्छ, जसले गर्दा तिनीहरूले राष्ट्रिय, क्षेत्रीय वा स्थानीय रणनीतिक महिला तथा किशोरी विरुद्ध हुने हिंसा रोकथाम लक्ष्यहरू प्रतिबिम्बित गर्न सकुन्। यस उपायले प्रहरीको व्यवहार र मनोवृत्तिबारे अन्तर्दृष्टि प्रदान गर्नेछ किनभने त्यसले पीडित/प्रभावितहरूलाई सुरक्षा विकल्पहरूको बारेमा जानकारी गराउँछ र सुरक्षित आवासगृहका उनीहरूका साझेदारहरूसँग उनीहरू अन्तर्क्रिया गर्नसक्छन्। यी सर्वेक्षणहरूले प्रहरीले कति हदसम्म संवेदनशीलता देखाउँछ भन्ने जानकारी खोज्नुपर्छ, उदाहरणका लागि, आमा आवास गृहमा हुँदा छोराछोरीलाई के

३७ रोलिङ्स र टेलर (सन् २००८) ले प्रहरीले एउटै ठेगानामा दोहोरिएको हाजिरीमा कमीलाई एक सम्भावनाको रूपमा सूचक प्रयोग गर्ने प्रस्ताव गरेका छन्, किनभने यहाँ अघिल्लो प्रहरी हस्तक्षेपले सकारात्मक प्रभाव पारेको छ। लेखकले दोहोर्याइएको उपस्थिति भएका घरपरिवारहरूको अनुपात घट्दै छ कि छैन भनेर हेर्न यो कार्यसम्पादन मापनलाई समयको अन्तरालमा समीक्षा गर्न आवश्यक छ भन्दै प्रहरीसँग रहेको तथ्याङ्को प्रयोग गरेर मापन गर्न सकिने उल्लेख गर्दछन्। 'हेर्नुहोस् : 'See 'Measuring Police Performance in Domestic and Family Violence' (2008).

हुन्छ, र आफन्तहरूसँग बस्ने र विद्यालय जाने बालबालिकाहरूलाई के-कस्तो दैनिक सुरक्षा उपायहरू अवलम्बन गरिनेछ भन्ने बारे सही जानकारी प्रदान गर्नसक्ने अवस्था ।

६. तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन : व्यक्तिगत जोखिम धारणा र सुरक्षा उपायहरूका लागि बाह्य एजेन्सीहरूलाई रेफरलहरूबारे पीडितहरू/प्रभावितहरूको परामर्श लिइएका संख्याको तुलनामा महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरू सम्बन्धित पक्राउहरूको संख्या । यो जानकारी तथ्याङ्क संकलनको सन्दर्भमा न्यूनतम मान्नुपर्दछ र तथ्याङ्क संकलनको राष्ट्रिय प्रणालीमा प्रविष्ट गर्न यसलाई आधारभूत स्तरका रुपमा लिइनुपर्छ ।

७. समन्वय मार्फत अन्य क्षेत्र र एजेन्सीहरूसँग जोडिने : अन्य स्थानीय अत्यावश्यक सेवा प्रदायक वा साझेदारहरूसँग गरिएको सर्वेक्षणबाट प्रहरीले कार्यान्वयन गरेको सुरक्षा उपायहरूप्रति सकारात्मक धारणामा वार्षिक वृद्धि । यस उपायले रेफरल समन्वय प्रोटोकल र असल अभ्यासहरूको सम्मान र पालना गर्ने प्रहरीको क्षमताबारे बाह्य स्रोतहरूबाट अन्तर्दृष्टि प्राप्त हुनुपर्छ । डाउलिङ् र अन्य (सन् २०१८) अनुसार सामान्यतया जोखिम मूल्याङ्कन संग पीडित/प्रभावितको सन्तुष्टिले महत्वपूर्ण ध्यान प्राप्त गरेको छैन । यद्यपि, उपलब्ध सीमित अध्ययनहरूले पीडितहरू/प्रभावितहरूले जोखिम मूल्याङ्कन साधनहरूप्रति निराशा व्यक्त गर्ने गरेको सङ्केत गर्दछन्, जसमा उनीहरूले धेरै हदसम्म अप्रासंगिक प्रश्नहरू समावेश भएको र विशेषगरी लगातार प्रहरीलाई सम्पर्क गर्दा प्रहरीले अवैयक्तिक र दोहोरिने तरिका प्रश्न सोध्ने गरेको धारणा व्यक्त गरे ।[३८] डाउलिङ् र अन्य का अनुसार यी साधनहरूप्रति पीडित/प्रभावितहरूको निराशा उनीहरूको सुरक्षा सुनिश्चित गर्न ती किन महत्वपूर्ण छन् भन्ने कुराको बुझाइको अभावबाट उत्पन्न हुन सक्छ । तसर्थ, प्रहरी र अन्य अत्यावश्यक सेवा सञ्चालकहरूले पीडितहरूले प्रक्रिया बुझेर त्यसलाई समर्थन गरेको सुनिश्चित गर्न आवश्यक छ ।[३९]

३८ Dowling, C., Morgan, A., Boyd, C., Voce, I., 'Policing Domestic Violence: A Review of the Evidence', Australian Institute of Criminology, Research Report 13 (2018).

३९ Ibid.

घटना अध्ययन

संयुक्त अधिराज्यको DASH जोखिम मूल्याङ्कन साधनको समीक्षा

महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी अपराधहरूमा प्रतिकार्यमा संलग्न सबै अधिकारीहरूसँग मापदण्ड र प्रोटोकल अनुसार जोखिम मूल्याङ्कनहरू गर्न आवश्यक सही दक्षताहरू रहेको सुनिश्चित गर्न प्रहरी बलहरूका लागि प्रायः चुनौतीपूर्ण हुन्छ, जसअनुसार उदाहरणका लागि B-SAFER / DASH जस्ता साधनहरू पूर्ण क्षमतामा तिनीहरूमा लागू गर्न सकियोस् ।

वास्तवमा, संयुक्त अधिराज्यमा प्रहरी बलहरूद्वारा व्यापक रूपमा प्रयोग गरिएको DASH मोडेलको सन् २०१६ मा भएको समीक्षाले[४०] मोडेल लागू गर्ने प्रयास गर्दा जीवनसाथीबाट हुने हिंसाका घटनाहरूमा हस्तक्षेप गर्दा अग्रपंक्तिमा प्रतिकार्यमा संलग्न प्रहरीले धेरै चुनौतीहरू सामना गर्नु परेको उल्लेख गर्दछ । त्यसमा निम्नलिखित समावेश छन्[४१] :

- प्रहरी र साझेदारहरू दुबैबाट जोखिम मूल्याङ्कनका लागि व्यापक समर्थन भए तापनि, DASH जोखिम साधनलाई अग्रपंक्तिमा नियमित रुपमा लागू गरिएको थिएन ;
- अधिकारीहरूले कहिलेकाहीं फारम पेश नगर्न आफ्नो विवेक प्रयोग गरे, निश्चित प्रश्नहरू परिवर्तन गरियो वा हटाइयो, र सूचनाहरू कहिलेकाहीं अनियमित वा अपूर्ण तरिकामा रेकर्ड गरियो ;
- प्रारम्भिक प्रतिकार्यको समयमा २७-शीर्षक रहेको DASH साधनमा समावेश सबै जानकारीको लागि सोध्नु आवश्यक छैन । यसको हालको रूपमा, DASH व्यवहारमा छलिएको छ र माध्यमिक जोखिम मूल्याङ्कनकर्ताहरूलाई यसले अनियमित तथ्याङ्कहरू प्रदान गर्दैछ ;
- प्रहरी अधिकारी र कर्मचारीहरूले फौजदारी अपराधहरू र विशेषगरी शारीरिक हिंसा र सम्बन्धित घटनाको परिणामस्वरूप भएको चोटपटकलाई जोखिम मूल्याङ्कनको प्रारम्भिक र दोस्रो चरणहरूमा प्राथमिकतामा राख्ने गरेको पाइएको थियो ;
- यी धारणाहरूको आधारमा, समीक्षाले DASH को भविष्यामा गरिने अद्यावधिक कार्यका लागि केही प्रभावहरू निम्त्याएको छ, जुन सबैमा नभएपनि जोखिम मूल्याङ्कन मोडेल र फ्रेमवर्कहरूमा लागू हुन सक्छ । प्रहरी सेवामा जोखिम मूल्याङ्कन अभ्यासहरूका लागि सिफारिसहरूको सूची निम्नानुसार छ, विशेषगरी DASH को भावि प्रयोगका लागि प्रभावहरू, जुन DASH समीक्षाबाट प्रेरित छ :[42]
- **जोखिममुखी प्रहरी सेवाका लागि प्रमाणमा आधारित दृष्टिकोण आवश्यक छ** : यसलाई विशेष रूपमा जोखिम मूल्याङ्कन, पहिचान र व्यवस्थापनसँग सम्बन्धित तालिमद्वारा समर्थन गर्न आवश्यक छ । प्रहरी बलहरूले प्रशिक्षणको अभावमा हुने अनौपचारिक कार्यस्थलमा हुने सिकाइलाई कम गर्न प्रयास गर्नुपर्छ । कुनै पनि सिकाइलाई थप सुदृढ बनाउन सक्ने सुपरिवेक्षण र पृष्ठपोषणलाई बढी व्यापक बनाइनुपर्छ ।
- **जोखिममुखी अवधारणामा जबरजस्ती नियन्त्रणको आवश्यकताको बुझाई सम्मिलित हुन आवश्यक छ** : घटनाहरूको सम्बोधन गर्ने जवाफी अधिकारीहरूले घरेलु दुर्व्यवहारका विविध पक्षहरूलाई राम्रोसँग पहिचान गर्न आवश्यक छ । घरेलु हत्यामा जबरजस्ती नियन्त्रण एउटा महत्वपूर्ण जोखिम कारक हो भन्ने कुरा अनुसन्धानले संकेत गरे तापनि प्रहरीले जोखिमको मूल्याङ्कन गर्दा जबरजस्ती नियन्त्रणको महत्वलाई पूर्ण रूपमा पहिचान गर्दैन ।
- **अग्रपंक्तिका अधिकृतहरूका लागि संशोधित जोखिम साधनले दुर्व्यवहारजन्य आचरणको प्रवृत्तिहरूमा बढी जोड दिनुपर्छ** : बढी केन्द्रित रहेको अग्रपंक्ति साधनले बढी प्रभावकारी रूपमा अधिकृतहरूलाई घटना-केन्द्रित मानसिक सेटबाट बाहिर निकालेर जबरजस्ती नियन्त्रण सहित दुर्व्यवहारजन्य आचरणका प्रवृत्तिहरू पहिचान गर्न मार्गनिर्देशित गर्न सक्छ ।
- **विशेषज्ञ तालिम प्राप्त व्यक्तिहरूद्वारा अझ गहिरो जोखिम/आवश्यकता मूल्याङ्कन हुनसक्छ** : अत्यधिक नियन्त्रण गर्ने पीडकको हकमा सम्भावित उच्च जोखिमका कारकहरू (जस्तै पीडकबाट अलग हुने) पत्ता लगाउन महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी विशेषज्ञहरू आवश्यक हुन्छ । दुर्व्यवहार भइरहेको अवस्थामा अनुगमन कारबाही चाल्ने निर्णय गर्नको लागि पर्याप्त आधारको रूपमा थप गहिरो जोखिम/आवश्यकता मूल्याङ्कन सञ्चालन गर्न उनीहरू राम्रो अवस्थामा हुन्छन् । प्रहरीको भूमिका र संरचनाहरूले प्रारम्भिक

४० The Domestic Abuse, Stalking and 'Honour'-Based Violence (DASH 2009) Risk Identification, Assessment and Management Model was implemented across all police services in the UK from March 2009, having been accredited by ACPO Council, now known as National Police Chief Council (NPCC). See DASH Risk Model https://www.dashriskchecklist.co.uk/

४१ Risk-led policing of domestic abuse and the DASH risk model. Amanda L. Robinson, Andy Myhill, Julia Wire, Jo Roberts and Nick Tilley for the College of Policing (2016) https://www.college.police.uk/News/College-news/Documents/Risk-led_policing_of_domestic_abuse_and_the_DASH_risk_model.pdf

४२ Ibid.

जोखिम मूल्याङ्कनहरूको सामयिक र ठोस समीक्षाहरूलाई सहयोग पुऱ्याउनुपर्छ र विशेषज्ञ सहयोगी सेवाहरूका लागि समयमै सिफारिस गरिनुपर्छ।



जीवनसाथीबाट हुने हिंसाको जोखिम मूल्याङ्नमा व्यावसायिक विवेकको महत्वको सन्दर्भमा युएन प्रहरीले उल्लेख गरेको सन्दर्भ जस्तै, DASH समीक्षा सिफारिसहरूले जीवनसाथीबाट हुने हिंसाका घटनामा जोखिम मूल्याङ्कन गर्न आवश्यक दक्षता भएका प्रहरी अधिकारीहरूको महत्वलाई जोड दिनुका साथै पीडित/प्रभावित र उनीहरूको नजिकका नातेदारहरूको सुरक्षालाई अवमुल्यन नगर्न पर्याप्त तालिम र अनुगमनमा लगानी गर्नुपर्छ भन्ने सिफारिस गर्दछ।

महिला तथा किशोरी विरुद्ध हुने हिंसाका घटनाहरूको हकमा बन्दुक र हातहतियारहरूको कानुनी र गैरकानूनी प्रयोग र प्रसारको क्षेत्रमा तालिम र अनुगमनलाई विस्तार गर्नुपर्छ। साना हातहतियार र हलुका हतियारहरूको दुरुपयोग बेलायतमा व्यापक नभएपनि अन्य धेरै देश र क्षेत्रहरूमा, दुरुपयोगकर्ताहरूले पीडित/प्रभावितहरूमाथि शक्ति र नियन्त्रणको प्रयोग गर्न हातहतियारहरूको गम्भीर रूपमा दुरुपयोग गरिरहेका छन् - जसका लागि विशेष संस्थागत प्रतिकार्य आवश्यक छ।

साना हतियार र हलुका हतियारहरूसँगको सम्बन्धबारे बढ्दो परिस्थितिजन्य जागरूकता हिंसाको प्रकृति, यसका कारण र परिणामहरू, र यसले महिला र किशोरीहरूलाई कसरी फरक र असमान रूपमा प्रभाव पार्छ भन्ने बारे प्रहरी संगठन भित्रको सुसूचित बुझाइको एउटा पक्ष हुनुपर्छ। जीवनसाथीबाट हुने हिंसाका सन्दर्भमा हातहतियारको उपस्थितिले पीडित(हरू) को लागि घातक परिणामको जोखिमलाई उल्लेखनीय रूपमा बढाउँछ।

यस सम्बन्धमा, साउथ ईस्टर्न एण्ड ईस्टर्न यूरोप क्लियरिङहाउस फर कन्ट्रोल अफ स्मल आर्म्स एण्ड लाइट वेपन्स (एसइइएसएसी) ले *The Misuse of Firearms in Domestic Violence in South East Europe: Fast Facts* (2019), (दक्षिण पूर्व यूरोपमा घरेलु हिंसामा बन्दुकको दुरुपयोगः द्रुत तथ्य (२०१९)) शीर्षकको आफ्नो प्रकाशनमा क्षेत्रीय मार्गदर्शन प्रदान गरेको छ। यसलाई दक्षिण-पूर्वी यूरोपमा एसइइएसएसी निःशस्त्रीकरण र हतियार नियन्त्रण गतिविधिहरूको समर्थनमा इयू काउन्सिल निर्णय (सिएफएसपी) २०१६/२३५६ मार्फत युरोपेली संघले सहयोग उपलब्ध गराएको थियो।[43]

४३ Misuse of Firearms in Domestic Violence in South East Europe: Fast Facts (2019), South Eastern and Eastern Europe Clearinghouse for the Control of Small Arms and Light Weapons (SEESAC), see: https://www.seesac.org/f/docs/News-SALW/Misuse-of-firearms-in-SEE_ENG_WEB_FINAL.pdf

परिशिष्ट १

UNODC
United Nations Office on Drugs and Crime

युएनओडीसी (सन् २०१४) मानक जोखिम र खतरा मूल्याङ्कन : घातक जोखिम र दोहोरिने हिंसाको जोखिमको मूल्याङ्कन :[४४]

पीडित गराइनुपूर्व	• आक्रमणको प्रकार, गाम्भीर्यता र आवृत्ति • पछिल्लो आक्रमणको मिति • अघिल्लो आक्रमणहरूमा भएका गम्भीर चोटपटक • यस पीडित/प्रभावित व्यक्तिप्रति विगतमा भएको हिंसाको इतिहास र प्रकृति • हाल भइरहेको धम्की, जबरजस्ती कार्य र हिंसाको प्रवृत्ति छ? • त्यस्तो प्रवृत्ति कसले र कसको विरुद्धमा गरिरहेको छ? • हिंसाको गाम्भीर्यता के-कस्तो छ? • कसलाई र कसरी चोट लागेको छ? • को डराएको र कसरी डराएको छ? • पीडित/प्रभावित व्यक्तिलाई गर्भावस्थाको समयमा वा जन्म दिएको केही समयपछि आक्रमण गरिएको थियो? • सुरक्षाका लागि वर्तमान वा विगतका आदेशहरू • यस अघि खारेज भएको घरेलु हिंसाको आरोपे, प्रहरी वा अभियोजकर्ताको कार्यालयसँग यस अघिको घरेलु हिंसासम्बन्धी सम्पर्क
पीडकको लागुऔषध र मदिरासम्बन्धी समस्याहरू	• मदिरा वा लागू पदार्थ दुरुपयोग
पीडकको सनकी/नियन्त्रणकारी व्यवहार र अत्यधिक इर्ष्या	• पीडकद्वारा इर्ष्यालु वा नियन्त्रण गर्ने व्यवहार • पीडित/प्रभावित व्यक्तिले मद्दत खोजेमा धम्काउने कार्य • नियन्त्रण गर्ने व्यवहारको प्रकृतिः भविष्यमा चोटपटक वा मृत्युको धम्की (जति निर्दिष्ट धम्की, त्यति नै ठूलो जोखिम), हतियार प्रयोग गर्ने धम्की, बालबालिका अपहरणको धम्की वा भेट्न पाउने अधिकारको नदिने, खुला रूपमा र अरूको उपस्थितिमा दिएका धम्कीहरू • पीडित/प्रभावित व्यक्तिलाई अभियोजनमा भाग लिनबाट रोक्नका लागि कस्तो प्रकारको धम्की वा जबरजस्ती कार्य प्रयोग गरिएको छ? • निरन्तर धम्की र जबरजस्ती कार्यले गर्दा सबैभन्दा कमजोर अवस्थामा को छ?
पीडकको मानसिक स्वास्थ्यको इतिहास (जस्तै आत्महत्याको विचार, योजना, धम्की र विगतका प्रयासहरू)	• पीडकद्वारा हत्या वा आत्महत्याको धम्की • पीडकको डिप्रेसनको प्रमाण • पीडकको दिग्भ्रमित सोचको प्रमाण • पीडकको मानसिक स्वास्थ्य वा भावनात्मक समस्याहरूको विगत

४४ Handbook on Effective Prosecution Responses to Violence Against Women and Girls (UNDOC and UN Women, 2014), see: https://www.unodc.org/documents/justice-and-prison-reform/Handbook_on_effective_prosecution_responses_to_violence_against_women_and_girls.pdf p.54.

पीडित/प्रभावित वा उनका छोराछोरीलाई मार्ने पीडकको धम्की	• पीडित/प्रभावित वा छोराछोरीलाई हानि पुऱ्याउने धम्की • पीडकले बालबालिकालाई हानि पुर्याएको छ, यदि छ भने, कसरी? • पीडकले बालबालिकालाई हानि गर्ने धम्की दिएको छ? कुन तरिकामा? • अभियोजनकर्ताहरूलाई सहयोग गरेको बदलामा दुर्व्यवहारकर्ताले बालबालिकालाई लैजान्छ कि भनेर पीडित/प्रभावितलाई डर छ? • बच्चाहरूले अपराध वा अन्य हिंसा वा धम्की देखेका थिए ?
घर बाहिरको परिस्थितिमा पीडकबाट हिंसाको प्रयोग	• पीडकको यसअघिको आपराधिक विगत, र अन्य विचाराधीन आरोपहरू छन् कि छैनन् • अन्यप्रति विगतमा हिंसाको इतिहास र प्रकृति (अर्थात, अघिल्लो सम्बन्धमा हिंसाको इतिहास)
बढ्दो हिंसा वा धम्कीको प्रमाण	• पीछा गर्ने व्यवहार; हतियार को प्रयोग; यौन दुर्व्यवहार; पशु दुर्व्यवहार; सम्पत्तिमा क्षति वा भविष्यमा सम्पत्ति क्षति गर्ने धम्की ; बन्धक बनाउने ; उमेर, अपाङ्गता, गर्भावस्थाका कारण पीडित/प्रभावितको बढ्दो जोखिम
पीडकको बन्दुहरूमाथिको स्वामित्व, पहुँच, परिचितता र मोहको मात्रा	• हातहतियारहरूमा पहुँचर/हातहतियारको उपलब्धता
अदालतको नियमहरूको सम्मान गर्न पीडकको बानी	• अदालतको आदेशको उल्लङ्घनको अभिलेख • पूर्व सुनुवाइ रिहा वा परीक्षणकालका नियमहरू पालना गर्न असफल भएको अभिलेख • कुटपिटमा संलग्न व्यक्तिहरूको उपचार कार्यक्रममा यस अघिको सहभागिता
सम्बन्धको स्थिति	• पीडित/प्रभावित व्यक्ति र पीडक अलग भएका छन् वा हुँदै छन्, एकअर्कासँग टाढा बस्छन्? • पीडित/प्रभावित भाग्ने क्रममा छन्? • पारिवारिक वा अन्य अदालतको मुद्दाको अवस्था कस्तो छ? • पिडित/प्रभावितद्वारा प्रारम्भ गरिएको तत्काल सम्बन्ध तोड्ने, अलग हुने वा सम्बन्धविच्छेद गर्ने कार्य ; छोराछोरीको स्वामित्वमा आसन्न परिवर्तन र/वा पीडित/प्रभावितको बासस्थान आसन्न परिवर्तन

सहयोग तथा सहायता

"महिला तथा किशोरी विरुद्धका हिंसाले असमानतामा जरा गाडेर बसेको छ, जुन हाम्रो समाज र विश्वमा अन्तर्निहित छ भन्ने हामी स्वीकार्छौं भने, महिला तथा किशोरी विरुद्धका सबै प्रकारका हिंसा हानीकारक प्रथा हुन्, अर्थात् हानी गर्ने अभ्यासहरु हुन् भन्ने पनि हामीले मान्नुपर्छ । त्यसपछि, यदि यी हानीकारक प्रथालाई हामी परम्परासँग जोड्छौं भने, हामीले पहिले आफैंलाई सोध्नुपर्ने हुन्छ, सर्वव्याप्त, अन्तर्निहित असमानताभन्दा बढ्दु परम्परागत के हुन सक्ला ?"

- मराई लरासी (महिला तथा किशोरी विरुद्धको हिंसा अन्त्य गर्नका लागि पैरवीकर्ता, अभियन्ता, परामर्शदाता र प्रशिक्षक)

अध्यायका लक्ष्यहरू:

प्रहरीले महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई व्यावहारिक, सही, पहुँचयोग्य र व्यापक रूपमा उनीहरूको अधिकार र न्यायका विकल्पहरूबारे जानकारी प्रदान गरेर उनीहरूलाई आफैंले सूचित निर्णयहरू गर्न अधिकार दिएका हुन्छन् ।

मुख्य सन्देश र सिकाईका बुँदाहरू:

- प्रहरीले पीडित/प्रभावितलाई अनुसन्धान प्रक्रियाको व्याख्या गर्नुपर्छ र न्याय प्रक्रियाको प्रत्येक चरणमा उनीहरूलाई जानकारी दिनुपर्छ,
- पीडित/प्रभावितलाई प्रभावकारी सहयोग र सहायता प्रदान गर्नको लागि साथै प्रहरीले आफ्नो अनुसन्धानको मुख्य भूमिकामा ध्यान केन्द्रित गर्न सक्ने सुनिश्चित गर्न अन्य सेवा प्रदायकसँगको सहकार्य महत्वपूर्ण हुन्छ । कुनै पनि सहयोगको प्राथमिकता पीडित/प्रभावितको आवश्यकताहरू पूरा गर्ने हुनुपर्छ;
- प्रहरीको भूमिका पीडित/प्रभावितका बारेमा निर्णय लिर्नु वा निष्कर्ष बनाउनु होइन, यसर्थ प्रतिकार्यमा लाग्ने अधिकारीहरू कुनै पनि पूर्वाग्रह वा रूढीवादी विचारहरूबाट प्रभावित हुनु हुँदैन;
- जब प्रहरीले सहायता र सहयोगी सेवाहरूलाई फराकिलो दायरामा हेर्छ, यसले महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई सहकार्यका लागि सशक्त बनाउँछ;
- सम्पूर्ण प्रक्रियामा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता भनेको समुदायहरूसँग विश्वास निर्माणको पर्यायवाची हो;
- पीडित/प्रभावितलाई उनीहरूको कमजोरीलाई शारीरिक वा मानसिक कमजोरीको पर्यायवाची रूपमा हेर्नुको सट्टा प्रहरी र अन्य अत्यावश्यक सेवा प्रदायकहरूले उनीहरूलाई सशक्तताका लागि साझेदारका रूपमा हेर्नुपर्छ,
- महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितको सहयोग र सहायतासम्बन्धी आवश्यकताहरू बुझ्दा परिवेश अनुसार सूचित हुनु प्रहरीको लागि महत्त्वपूर्ण हुन्छ;
- सबै कथित अपराधी, विशेष गरी महिला तथा किशोरीहरू, जो आफैं पीडित र/वा कानूनको दायरामा परेका छन्, उनीहरूलाई सम्मान र मर्यादा प्रदान गरिनुपर्छ ।

परिचय

महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई प्रहरीद्वारा प्रदान गरिने सहायता र सहयोग अनुसन्धान प्रक्रियाको अभिन्न अंग हो र यो घटनाको प्रारम्भिक सूचना प्राप्त भएदेखि सुरु भएर न्याय प्रक्रियाभरीजारी रहन्छ। यो प्रारम्भिक बिन्दुमा नै प्रहरीले आफ्नो अनुसन्धानमा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिताको लागि सक्रिय रूपमा योजना बनाउन आवश्यक हुन्छ। अध्ययनहरूले[१] देखाए अनुसार, प्रहरी अधिकारीहरूले पीडित/प्रभावितलाई उनीहरूको अधिकार र कानुनी विकल्पहरूको बारेमा बुझ्न सकिने, पहुँचयोग्य र सम्मानजनक रूपमा सही र समयमै जानकारी उपलब्ध गराउँदा, थप हिंसालाई रोक्ने र आक्रमणकारीलाई दण्डित गर्ने औपचारिक उपचारहरू अवलम्बन गर्न उनीहरू बढी इच्छुक हुन्छन्।

फोटो सौजन्य : महिला, कानुन र विकास मञ्च/ यूएन वुमन

प्रहरी व्यवस्थापकहरूलाई कथित गतिविधिको अनुसन्धानमा पीडित/प्रभावितको सार्थक सहभागिता सुनिश्चित गर्न, साथै पीडित, उनको परिवार र साक्षीहरू लगायत उनी नजिकका अन्य व्यक्तिहरू विरुद्ध हिंसाका थप कार्यहरू रोक्न आफ्नो टोलीको क्षमतालाई सुदृढ गर्न खोज्ने मार्गदर्शन प्रदान गर्नमा यो अध्याय केन्द्रित छ।

प्रस्ताव गरिएको मार्गदर्शनले विशेषगरी महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितका लागि अर्थपूर्ण सहभागिताको अर्थ के हो र उनीहरूले प्राप्त गर्ने सहायता र सहयोगसम्बन्धी निर्णय प्रक्रियामा उनीहरूको सशक्तिकरणले संलग्न सबैका लागि राम्रो परिणामहरू कसरी सकिन्छ भनेर चर्चा गर्नेछ। अन्य अध्यायहरूमा जस्तै, पाठकलाई यस अध्यायको साथमा, अत्यावश्यक सेवा प्याकेजको मोड्युल ३ मा 'सहयोग र सहायता' अन्तरगतको अत्यावश्यक सेवा ९ : न्याय तथा प्रहरीकार्य हेर्न सिफारिस गरिन्छ।

सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन

महिला तथा किशोरी विरुद्धका हिंसाको घटनाको बारेमा सूचना पाएको क्षणदेखि प्रत्येक पीडित/प्रभावितको व्यक्तिगत आवश्यकताहरू पूरा गर्न तपाईंले कस्तो सहयोग र सहायता प्रदान गर्न सक्नुहुन्छ भनेर तपाईं र तपाईंका कर्मचारीले विचार गर्नुपर्छ।

पीडित/प्रभावित-केन्द्रित दृष्टिकोणले अनुसन्धान अगाडि बढ्दै जाँदा पीडित/प्रभावितलाई सूचित राख्नुपर्ने कुरा अनिवार्य बनाउँछ। यसलाई सम्भव बनाउन, यो भूमिका निर्वाहमा

१ उदाहरणका लागि हेर्नुहोस् :The role of Nepalese female police officers responding to gender-based violence in The End of Project Evaluation Report of the Project "Multi-Sectoral Gender Based Violence Response at the District Level in Nepal" Project Period: 2009 August-2013 July supported by the Eliminate Violence against Women Trust Fund. Also see Wilson, S., & Jasinski, J. (2004). Public satisfaction with the police in domestic violence cases: The importance of arrest, expectations, and involuntary contact. American Journal of Criminal Justice, 28, 235–254, Nathan Birdsall, Stuart Kirby & Michelle McManus (2017) Police–victim engagement in building a victim empowerment approach to intimate partner violence cases, Police Practice and Research, 18:1, 75-86., Hohl, K., Bradford, B., & Stanko, E. (2010). Influencing trust and confidence in the London metropolitan police: Results from an experiment testing the effect of leaflet drops on public opinion. British Journal of Criminology, 50, 491–513 and Tyler, T. (2004). Enhancing police legitimacy. The Annals of the American Academy of Political and Social Science, 593, 84–99.

बाकस १

पीडित/प्रभावित केन्द्रित दृष्टिकोण (युके) को लागी परिवार सम्पर्क अधिकारी (Family Liaison Officer ('FLO')

परिवार सम्पर्क अधिकारी (FLO) अनुसन्धान टोलीको अभिन्न अंग हो, जसले अदालतको प्रक्रिया पूरा नभएसम्म परिवारलाई अनुसन्धान प्रक्रियामा सहयोग गर्छ। उहाँको भूमिका वरिष्ठ अनुसन्धान अधिकारीलाई सहयोग गर्नु र परिवारलाई अनुसन्धानको प्रगतिबारे जानकारी गराउनु हो।

यो भुमिका सुरुमा पीडित/प्रभावित परिवारसंग सम्पर्कको कमीका कारण नकारात्मक मिडिया रिपोर्टिङ्ग र कहिलेकाहीं विराचाधीन मुद्दासम्बन्धी महत्वपूर्ण जानकारी प्रहरी भन्दा पनि मिडियालाई उपलब्ध गराइएर, अनुसन्धानमा कमीकमजोरी ल्याउने समस्या सम्बोधन स्वरुप विकसित गरिएको थियो।

एक राम्रो पारिवारिक सम्पर्क अधिकारीमा सुन्ने र समानुभूति दिने क्षमता हुनुपर्दछ, तर भूमिकाका मापदण्डहरू पालन गर्नको लागि स्पष्ट निकास रणनीति जस्ता पर्याप्त तटस्थता कायम राख्ने कुरा सुरुबाट नै प्रष्ट पार्न आवश्यक छ। उनले आफ्नो भूमिका अनुसन्धानको पाटो भएको हुनाले त्यसबारे इमानदारी र निष्ठा प्रदर्शन गर्न आवश्यक छ। उदाहरणका लागि, परिवारलाई "मलाई थाहा छैन" भन्नुको सट्टा, उनले "म अहिले त्यो जानकारी दिन सक्ने स्थितिमा छैन" जस्ता केही भन्नु उपयुक्त हुनेछ। यद्यपि FLO परिवारलाई सहायता गर्न त्यहाँ आएको भएपनि, उनीहरू मुख्य रूपमा एक प्रहरी अधिकारी र अनुसन्धान टोलीको अंग हुन् भन्ने कुरा परिवारलाई सुरुदेखि नै स्पष्ट पारिएको हुन्छ।

अनुसन्धानसम्बन्धी धेरैजसो ब्रीफिङहरूमा पारिवारिक सम्पर्क अधिकारीहरूको उपस्थितीको अपेक्षा गरिन्छ तर मुद्दामा नकारात्मक असर गर्नसक्ने कुनै पनि कुरा पीडित/प्रभावितलाई नबताउन उनीहरूले होसियारी अपनाउनुपर्छ। यदि आवश्यक छ भने, उनीहरू ब्रीफिंगबाट पछाडि हट्नुपर्छ, कहिलेकाहीँ परिवारसँग निष्ठाको स्तर कायम राख्न निश्चित विवरणहरू थाहा नहुनु राम्रो हुन्छ। यद्यपि, FLO ले वरिष्ठ अनुसन्धान अधिकारीसँग सिधै सम्पर्क गर्ने अपेक्षा गरिन्छ र विशेषगरी पीडित/प्रभावितको परिवार नै संदिग्ध भएमा यो बढी सान्दर्भिक हुन्छ।

FLO मनोपरामर्शकर्ता होइनन् र उपयुक्त अवस्थामा परिवारलाई अन्य सहयोग निकायहरूमा प्रेषित गर्ने अपेक्षा उनीहरूबाट गरिन्छ। उनीहरूले मिडियामा विज्ञप्ति र अन्तर्वार्तामा पनि परिवारलाई मार्गदर्शन र सहयोग प्रदान गर्छन्।

परिवारसँगको सम्बन्धका कारण, FLO ले परिवारको बारेमा अनुसन्धान टोलीलाई महत्त्वपूर्ण जानकारी उपलब्ध गराउने र अनुसन्धानमा सहयोग गर्ने स्थितिमा हुन्छन्। उनीहरू वरिष्ठ अनुसन्धान अधिकारी, अन्वेषकहरू र परिवार बीचको दुई-तर्फी सञ्चार प्रदान गर्न महत्वपूर्ण छन्।

राम्रा FLO ले विश्वास बढाउन र परिवारसँग राम्रो सम्बन्ध कायम राख्न सक्छन्, जसले स्थानीय समुदायका बाँकीमा पनि सकारात्मक प्रभाव पार्छ।

युके कलेज अफ पोलिसिङका अनुसार, पारिवारिक सम्पर्क अधिकारीको प्राथमिक उद्देश्य एक अन्वेषकका रुपमा काम गर्नु हो। उनीहरूको भूमिका परिवारबाट प्रमाण र जानकारी सङ्कलन गरी अनुसन्धानमा योगदान दिनु र यसको सत्यता जोगाउनु हो। पारिवारिक सम्पर्क अधिकारीले अपराधबाट पीडित परिवारहरूको विश्वास र भरोसा कायम राख्दै संवेदनशील र समानुभूतिका साथ सहयोग र जानकारी पनि प्रदान गर्दछन्।

स्रोत : Family Liaison Officer (UK College of Policing at: https://profdev.college.police.uk/professional-profile/family-liaison-officer-flo/#role-purpose

समर्पित अधिकारी नियुक्त गर्नु राम्रो अभ्यास हो। यसले सूचनाको निरन्तरता सुनिश्चित गर्छ र पीडित/प्रभावित र प्रहरीबीच विश्वासको विकासलाई जारी राख्छ। जब सम्बन्ध विकास हुन्छ, सूचना र गुप्त सूचनाहरू पीडित/प्रभावितको सहयोग गर्न नियुक्त अधिकारीद्वारा प्राप्त गर्न सकिन्छ, जुन अनुसन्धान अधिकारीका लागि धेरै उपयोगी हुन सक्छ। बेलायतमा यो भूमिका विशेष रूपमा प्रशिक्षित पारिवारिक सम्पर्क अधिकारीहरू (Family Liaison Officers –FLO) द्वारा गरिन्छ र अन्तर्राष्ट्रिय रूपमा राम्रो अभ्यासको रूपमा मान्यता प्राप्त हुन्छ (बाकस १ हेर्नुहोस्)।

पीडित/प्रभावित-केन्द्रित दृष्टिकोण भित्र के के पर्छ भन्नेबारे थप जानकारीको लागि, अध्याय २ : व्यवस्थापक र टोली नेताको रूपमा फरक पार्ने हेर्नुहोस्।

तपाइँका कर्मचारी स्पष्ट हुनका लागि, तपाइँले पहिले नै यी कुराबारे विचार गर्न र उनीहरूलाई सञ्चार गर्न आवश्यक हुन्छ :

- तपाईंले आफ्नो कर्मचारीले पीडित/प्रभावितसँग कुन कुन जानकारी बाँड्ने अपेक्षा गर्नुहुन्छ र अनुसन्धानबारे उनीहरूलाई अद्यावधिक राखिएको छ भनी कसरी सुनिश्चित गर्नुहुन्छ ?
- उनीहरूले विशेषगरी संकटासन्न पीडित/प्रभावितसँगको सञ्चारलाई कायम गरिएको छ भन्ने कसरी सुनिश्चित गर्छन् ?

हिंसाको शिकार भएका तर अपराधमा आरोपित भएका महिला र बालबालिकाहरूलाई पनि पीडित/प्रभावितको रूपमा व्यवहार गरिएको तपाईंले सुनिश्चित गर्न आवश्यक छ, जस्तै, बेचबिखनमा परेका महिला र बालिकाहरू, अरूबाट शोषण भएका र वर्षौंको दुर्व्यवहारका कारण दीर्घकालीन आघातको परिणामस्वरुप हिंसात्मक कार्य गरेकालाई समेत ।

तपाईं र तपाईंका कर्मचारीहरू मद्दत गर्नका लागि हुनुहुन्छ, न्याय गर्नका लागि होइन । त्यसैले तपाईं वा तपाईंको कर्मचारीमा भएका कुनै पनि पूर्वाग्रह, रुढिवादी सोच र अन्य विचार वा विश्वासहरू पीडित/प्रभावितप्रति गरिने व्यवहार वा शब्दहरूमा दर्शिनु हुँदैन भन्ने महत्वपूर्ण हुन्छ ।

भावनात्मक वा मनोवैज्ञानिक सहायता, विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकता परिपूर्ति (जस्तै, सांकेतिक भाषा अनुवाद), स्वास्थ्य, चिकित्सा र सामाजिक कल्याणका प्रावधान, आश्रय इत्यादि जस्ता पीडित/प्रभावितको व्यक्तिगत आवश्यकताहरू पूरा गर्न आवश्यक पर्ने सबै स्रोतहरू प्रहरीसँग नहुन सक्छ । त्यसैले तपाईंको कार्यक्षेत्र भित्रका अन्य सहयोगी सेवा प्रदायकहरूसँगको सहकार्य पीडित/प्रभावितका लागि मात्र नभई तपाईंको कर्मचारीहरूको प्रभावकारी परिचालनको लागि पनि लाभदायक हुनेछ । यसले तपाईंलाई फौजदारी न्याय प्रक्रियाको अर्को चरणको लागि एक निकै बलियो मुद्दा तयार भएको सुनिश्चित गर्नको लागि अनुसन्धानको मुख्य प्रहरी भूमिकामा ध्यान केन्द्रित गर्न सक्षम बनाउँछ ।

चित्र १

साझेदारीको चक्र (Protect II 2012) [२]



२ The Partnership Wheel - Protect II – Capacity Building in Risk Assessment & Safety Planning to Protect High Risk Victims, (Vienna,2012), http://fileserver.wave-network.org/trainingmanuals/PROTECTII_Risk_Assessment_and_Safety_2012_English.pdf p.47

पीडित/प्रभावितका लागि सहयोग र सहायताको संयुक्त कार्यको प्रावधानबाट लाभ उठाउन, तपाईले पहिले:

- तपाइँको प्रहरी कार्यक्षेत्र भित्र कुन कुन सहयोगी सेवाहरू उपलब्ध छन् भन्ने पहिचान गर्नुहोस्;
- पीडित/प्रभावितको आवश्यकता पूरा गर्न उनीहरूले तपाईंलाई कसरी सहयोग गर्न सक्छन्;
- पहिचान भएकाहरूसँग तपाईंको सम्बन्ध पहिले नै छ भने, के कस्तो सम्बन्ध छ ?

यदि हाल कुनै पनि सम्बन्ध छैन भने, तपाईंले राम्रो कार्यगत सम्बन्धहरू विकास गर्न सक्रिय हुनुपर्छ ।

एक बहु-निकायगत सेवा प्रावधानको विकास गर्दा त्यो महँगो हुनु पर्दैन, बरु संलग्न सबैले पीडित/प्रभावितलाई सहयोग गर्ने साझा लक्ष्यमा काम गरिरहेको हुनु मुख्य पक्ष हुन्छ ।

तपाइँको क्षेत्रमा उपलब्ध सेवाहरूको नक्साङ्कनमा मद्दत गर्नको लागि उपयोगी औजार (डेटा टेम्प्लेटहरू) देहायको दस्तावेजको पृष्ठ १५मा पाउन सकिन्छ: : *महिला विरुद्ध हिंसाका पीडितहरूका लागि सहयोगी सेवाहरू नक्साङ्कनबारे इस्तानबुल महासन्धीका मानकहरू : विधि र औजारहरू* (*Mapping Support Services for Victims of Violence Against Women in line with the Istanbul Convention Standards: Methodology and Tools*[३])

बेलायतमा, यौन दुर्व्यवहारका पीडित/प्रभावितलाई आवश्यक सेवाहरू एउटै ठाउँमा ल्याउन यौन आक्रमण प्रेषण केन्द्रहरू ('SARCs') को अवधारणा राष्ट्रिय स्वास्थ्य सेवा (NHS) र प्रहरीद्वारा विकसित गरिएको थियो । NHS इङ्गल्याण्डका अनुसार[४] *SARCs ले स्वास्थ्य र कल्याणमा सुधार गर्न, हिंसा र दुर्व्यवहारको सामना गर्न, असमानताहरू कम गर्न र भेदभावको सामना गर्न स्थानीय र राष्ट्रिय प्राथमिकता तथा नीतिहरूको विविध उपलब्धी हासिल गर्न योगदान गर्छ ।'*

सुरक्षित र प्रभावकारी हेरचाह प्रदान गर्न साझेदार निकायहरू बीचको सहकार्यमा 'SARCs' को नमूना ढाँचा[५] निर्भर रहन्छ । बेलायतमा समावेश गरिएका साझेदारहरूको विस्तृत सूची तल दिइएको छ, तर यो पूर्ण सूची होइन :

- प्रहरी सेवा
- प्रहरी तथा अपराध आयुक्त
- प्रमुख स्वास्थ्य आयुक्त/हरू
- स्थानीय अधिकारीहरू
- NHS इङ्गल्याण्ड, क्लिनिकल कमिसनिङ समूहहरू
- सार्वजनिक स्वास्थ्य इङ्गल्याण्ड
- स्थानीय बाल चिकित्सा सेवाहरू
- बाल र किशोर मानसिक स्वास्थ्य सेवाहरू
- वयस्क मानसिक स्वास्थ्य सेवाहरू
- द क्राउन प्रोसेक्युसन सर्भिसेस्
- विधि विज्ञान सेवा प्रदायकहरू
- विशेष रूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने तेस्रो क्षेत्रका संगठनहरू
- यौन स्वास्थ्य सेवाहरू
- सामाजिक हेरचाह एजेन्सीहरू
- न्याय मन्त्रालय र गृह कार्यालय (होम अफिस) लगायत अन्य सरोकारवालाहरू, जसले SARCs र तेस्रो क्षेत्रको चिकित्सकीय सहयोगलाई सहयोग गर्न अनुदान उपलब्ध गराउँछन् ।
- यद्यपि सरोकारवालाहरू र अन्तरनिर्भरताहरू बेलायत बाहिरका देशहरूमा माथि पहिचान गरिएका भन्दा भिन्न हुन सकेपनि, विशेषगरी युरोप र दक्षिण अमेरिका भित्रका धेरै देशहरूमा SARCs स्थापना हुने प्रक्रियामा छन् ।

बुल्गेरियामा SARCs को विकाससम्बन्धी घटना अध्ययन १ हेर्नुहोस् ।

SARCs को सेवा प्रवाह उद्देश्यमा ग्राहकहरूलाई यी प्रदान गर्नु रहेको छ :

३ Kelly, L., Chair, R., (2018), 'Mapping Support Services for Victims of Violence against Women In Line with the Istanbul Convention Standards Methodology and Tools, (London Metropolitan University). The Handbook also recommends the document 'Combating violence against women: minimum standards for support services' By Kelly, L., Chair, R., and Dubois, L. (London Metropolitan University, 2008) for the Directorate General of Human Rights and Legal Affairs Council of Europe Strasbourg, at: https://www.coe.int/t/dg2/equality/domesticviolencecampaign/Source/EG-VAW-CONF(2007)Study%20rev.en.pdf

४ Commissioning Framework for Adult and Paediatric Sexual Assault Referral Centre (SARC) Services, (NHS England, 2015).

५ Currently, the UK National Institute for Health Research ('NIHR') is investing GBP1.3 million to evaluate the work of sexual assault referral centres (SARCs) in England. The evaluation is being led by Coventry University, in partnership with several other universities and sexual assault referral centres.

१. तीव्र स्वास्थ्य सेवा र उमेर-उपयुक्त वातावरणमा सहयोग;

२. विधिविज्ञान सम्बन्धी व्यापक चिकित्सा परीक्षा;

३. ग्राहकको चिकित्सा, मनोसामाजिक र नियमित आवश्यकताहरूलाई सम्बोधन गर्ने सेवाहरूको अनुगमन,

४. यौन आक्रमणसम्बन्धी स्वतन्त्र सल्लाहकारमा प्रत्यक्ष पहुँच वा प्रेषण ।

यदि तपाईंको क्षेत्रमा कुनै पीडित/एकद्वार संकट केन्द्र छैन भने, त्यसको स्थापना किन नगर्ने ? यसले तपाईंको नेतृत्व र महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई गुणस्तरीय प्रतिकार्य प्रदान गर्ने प्रतिबद्धता देखाउनेछ र तपाईंका सहकर्मी र वरिष्ठ प्रबन्धकहरूका लागि उदाहरण बन्न सक्नेछ ।

ढाका, बंगलादेशमा पहिलो एकद्वार पीडित सहयोग केन्द्र (वन-स्टप भिक्टिम सपोर्ट सेन्टर)को विकाससम्बन्धी घटना अध्ययन २ अध्यायको अन्त्यमा हेर्नुहोस् ।

सुरुमा तपाइँले सबै प्रकारका सेवाहरू भएको एक-द्वार केन्द्र बनाउन सक्षम नभएपनि, कि यसलाई आधारभूत सेवाहरू प्रदान गर्नेगरी स्थापना गर्न के के चाहिन्छ पत्ता लगाउनुहोस्, जसमा त्यसपछि विकास गर्दै लगेर अन्य साझेदारी स्थापित भएपछि सेवाहरू थप्न सकिन्छ । त्यहाँ गैसस र/वा समुदायमा आधारित संस्थाहरू हुन सक्छन् जसले आफ्नो परियोजनाको रूपमा, तपाईंलाई अन्य सेवा प्रदायकहरूसँग साझेदारी निर्माण गर्न मद्दत गर्न सक्नेछन् । साथै अनुगमन र मूल्याङ्कनका लागि उपयुक्त प्रावधानहरूद्वारा कुन कुराले राम्रो काम गर्छ भन्ने जानकारी प्राप्त गरेर त्यसलाई अन्यत्र पनि ती सिकाई लागू गर्न सकिन्छ ।

यद्यपि यसका लागि तपाईंले छोटोदेखि मध्यम-अवधिसम्म केही प्रयासहरू गर्नुपर्ने हुनसक्छ, तर यसका दीर्घकालीन फाइदाहरू अपार हुन सक्छन् । पीडित/प्रभावितका लागि हिंसाको आघात र प्रभावबाट मद्दत गर्न सान्दर्भिक सहयोग र सहायता प्रदान गरेर, यसले उनीहरूका व्यक्तिगत आवश्यकताहरू पूरा गर्न आवश्यक सेवाहरू प्रदान गर्न सक्छ ।

यदि पीडित/प्रभावितले तपाईंले प्रदान गर्न नसक्ने सेवाहरूमा पहुँच पाएभने, तपाइँ र तपाइँका कर्मचारीका लागि त्यसले अनुसन्धानमा सहयोग गर्न सक्छ, तर उनलाई भने उपलब्ध स्रोतसाधनको अभावले गर्दा प्रहरीको तर्फबाट हुनसक्ने पुनःपीडालाई रोक्नको लागि अनुसन्धान प्रक्रियाको क्रममा शारीरिक र भावनात्मक रूपमा सहयोग गर्न सक्छ । उदाहरणका लागि, अपाङ्गता भएका व्यक्तिका संस्थाहरूसँगको सहकार्यले, विभिन्न प्रकारका अपाङ्गता भएका पीडित/प्रभावितले न्यायमा पहुँच गर्न आवश्यक पर्ने सबै सहयोग प्राप्त गर्ने सुनिश्चित गर्न पनि मद्दत गर्छन् ।[६]

अन्य सेवा प्रदायकहरूसँगको सहकार्यमार्फत पीडित/प्रभावितले निरन्तर सहयोग र सहायता प्राप्त गरेको सुनिश्चित गरेर, तपाईंका अधिकारीहरूले कथित पीडक विरुद्ध बलियो तयार गर्न र पीडित/प्रभावितको लागि न्याय खोज्न प्रमाण जुटाउनमा आफ्नो ध्यान केन्द्रित गर्न सक्छन् । यसले पीडित/प्रभावितको, परिवार, साथीभाइ र समुदायको प्रहरीप्रतिको विश्वास र भरोसालाई पनि निर्माण गर्नेछ, जसको सकारात्मक नतिजास्वरुप थप पीडित/प्रभावितले त्यस्ता अपराधहरूको उजुरी गर्ने विश्वास पाउनेछन् ।

अपाङ्गता भएका धेरै महिला र किशोरीहरूले हिंसाको उजुरी गर्दैनन् किनभने प्रहरी चौकीहरूमा पहुँचयुक्त सहयोगको अभावका बारेमा उनीहरूलाई थाहा छ । पहुँचयुक्त सहयोग प्रदान गर्नाले अपाङ्गता भएका महिला तथा किशोरीहरूमा प्रहरीको विश्वास बढ्नेछ ।

अन्य निकाय र समुदायहरूसँगको साझेदारी भएमा, त्यस्ता अपराधहरूको विश्लेषण गर्न र रोकथामका हस्तक्षेपहरू पहिचान गर्न तपाईं र तपाईंका कर्मचारीहरूलाई सक्षम बनाउँदै, परिणामस्वरूप समुदायहरूबाट थप सम्भावित जानकारी र गुप्त सूचना प्राप्त गर्न सकिन्छ ।

रोकथामका उपायहरूबारे थप जानकारीका लागि, अध्याय ३ : 'रोकथाम' हेर्नुहोस् ।

SARC/पीडित हेरचाह केन्द्रको स्थापनाका क्रममा, तपाईंले संलग्न निकाय/सेवा प्रदायकहरू बीच विभिन्न कार्यविधिहरू विकास गर्न आवश्यक हुनेछ, र सहकार्यको स्तरका आधारमा यो अनौपचारिक वा औपचारिक हुन सक्छ । प्रत्येक साझेदारले प्रदान गर्न सक्ने सेवा वा स्रोतहरू परिभाषित गर्नका लागि साझेदार र सम्झौताहरू बीचमा तथ्याङ्क र गुप्त सूचना/जानकारीको आदानप्रदानका लागि औपचारिक कार्यविधिहरू निश्चित रूपमा आवश्यक पर्नेछन् ।

तपाईंले यस परियोजनामा कुनै पनि प्रहरी स्रोतहरू प्रतिबद्ध गर्न आफ्ना वरिष्ठ प्रबन्धकहरूबाट अख्तियार प्राप्त गर्न आवश्यक हुनसक्छ, त्यसैले तपाईंले उनीहरूलाई देशका नागरिकलाई सुरक्षा प्रदान गर्नमा आफ्ना स्थानीय प्रहरी गतिविधिहरू र सान्दर्भिकता

---

६ See Article 13 of the Convention on the Rights of Persons with Disabilities (CRPD) on access to justice, at: https://www.un.org/development/desa/disabilities/convention-on-the-rights-of-persons-with-disabilities/article-13-access-to-justice.html.

फोटो सौजन्य : महिला, कानुन र विकास मञ्च/ यूएन वुमन

अनुसार, राष्ट्रिय प्रहरी कार्य दुवैका लागि सम्भावित दीर्घकालीन फाइदाका उदाहरणहरू प्रस्तुत गर्नु आवश्यक हुनेछ ।

पीडित/प्रभावितका लागि कस्ता प्रेषण संयन्त्रहरू छन् वा हुनेछन्, यसबारे कसरी सञ्चार गरिनेछ र कुनै खर्चहरू भएमा त्यसको बाँडफाँड कसरी गरिनेछ भन्नेबारे तपाईंले अन्य सेवा प्रदायकहरूसँग पनि सहमत हुन आवश्यक छ । अन्य सेवा प्रदायकसँग र उनीहरूबीच विश्वास र भरोसा निर्माण गर्न तपाईंले महिला तथा किशोरी विरुद्धका हिंसामा कुनै पनि राष्ट्रिय रणनीतिहरू - विशेषगरी प्रेषण र समन्वय संयन्त्रहरू व्याख्या गर्ने कुनै पनि नीतिहरूको साभार गरिएको निश्चित गर्नु आवश्यक हुनसक्छ ।

यदि उनीहरूलाई प्रहरीको भूमिका, तपाईंसँग भएका अधिकार र तपाईंले सामना गर्ने चुनौतीहरूबारे बुझाइको कमी भएमा, पीडित/प्रभावितलाई सकेसम्म चाँडो तपाईंकहाँ उजुरी गर्न प्रोत्साहित गर्नमा उनीहरू अनिच्छुक हुन सक्छन् ।

पीडित/प्रभावित, साक्षी, अपराधस्थल र कथित पीडकबाट पनि प्रमाणमाथि हुनसक्ने कुनैपनि प्रकारको सम्भावित हानि जोगाउन, प्रहरीमा सक्दो छिटो उजुरी गर्नलाई तपाईं कसरी प्रोत्साहन गर्न सक्नुहुन्छ ? पीडित/प्रभावितले प्रहरीमा उजुरी गर्न नचाहेको अवस्थामा पनि यथाशीघ्र प्रमाण सुरक्षित र संरक्षित गर्न के-कस्ता व्यावहारिक कदमहरू चाल्न सकिन्छ भन्नेबारे तपाईंले विचार गर्नुपर्छ, ताकि यदि उनले पछि उजुरी गर्ने निर्णय गरेमा, महत्वपूर्ण प्रमाण अझै उपलब्ध हुन सकोस् । एउटा सरल तरिका भनेको अन्य निकाय/सेवा प्रदायकहरूमा तलका कुराबारे सचेतना जगाउनु हो :

- प्रमाणका प्रकारहरू;
- सम्भावित प्रमाणहरूको पहिचान र सुरक्षा गर्ने;
- अपराध स्थल भित्र के के पर्छ;
- कुनैपनि घटनास्थलको संरक्षण र सुरक्षाको महत्व;
- प्रमाण कसरी सुरक्षित गर्ने, विशेषगरी शारीरिक तरलपदार्थ लगायतका सम्भावित विधिविज्ञानजन्य प्रमाणहरू ।

अनुसन्धानका यी मुख्य पक्षहरू प्रहरीको नियन्त्रणमा होस् भन्ने तपाईं अपेक्षा गर्नुहुन्छ भने, अन्य सेवा प्रदायकहरूले पीडित/प्रभावितका लागि न्याय प्राप्त गर्ने तपाईंको प्रयासमा तपाईंलाई अझ राम्रोसँग सहयोग गर्न सम्भव बनाउनका लागि तपाईंलाई के आवश्यक पर्छ भनी सचेतना बढ्नु आवश्यक हुन्छ ।

कुनैपनि संयुक्त प्रयासले सबैभन्दा पहिले विचार गर्नुपर्ने कुरा भनेको पीडित/प्रभावितको आवश्यकताहरू पूरा गर्ने हुनुपर्छ भन्ने याद गर्नुहोस् ।

उदाहरणका लागि, यदि अग्रपंक्तिमा खटिनेहरूलाई अस्पतालमा एक-द्वार संकट व्यवस्थापन केन्द्र छ वा उनीहरूले पीडित/प्रभावितलाई त्यसमा पहुँच गर्न मद्दत गर्न सक्छन भन्ने थाहा छैन भने, त्यो त्यहाँ हुँदापनि फाइदा हुँदैन । त्यसैले यी कुरालाई विचार गर्नुहोस् :

- विद्यमान सहयोगी सेवाहरू महिला तथा किशोरीहरूका लागि कत्तिको पहुँचयुक्त[७] र उपयुक्त[८] छन् ?
- के ती बालबालिका र वयस्कहरूलाई पनि सहयोग गर्न सक्षम छन् ?
- अन्य कस्ता सेवाहरू उपलब्ध छन्, र तिनीहरू कहाँ छन् वा कसरी पहुँच गर्न सकिन्छ भन्नेबारे के तपाईंका सबै कर्मचारीहरूलाई जानकारी छ[९] ?

महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यका चुनौतीको सामना तपाईंको टोलीको कार्यसम्पादनमा भएका कमीकमजोरीको पहिचानबाट सुरु हुन्छ

महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई संरक्षण र सुरक्षाका उपायहरू उपलब्ध गराउँदा प्रहरी संगठनहरूको असल अभ्यास र क्षमताको अन्तरको विस्तृत विश्वव्यापी नक्साङ्कनबाट प्रेरित सूची तल दिइएको छ । उक्त नक्साङ्कनले धेरै सेवारत र सेवानिवृत्त प्रहरी अधिकारीहरू, नागरिक समाज र महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न विशेषज्ञ गैर-सरकारी संस्थाहरूसँग काम गर्ने अनुभव भएका युएन कर्मचारीहरूसम्म पहुँच समावेश गरेको थियो ।

तल सूचीबद्ध क्षमतामा भएका कमीकमजोरी अनुसन्धान प्रक्रियाको सबै बिन्दुमा प्रहरी कार्यका लागि हानिकारक छन्, तर यहाँ ती विशेषगरी पीडित/प्रभावितका लागि सहयोग र सहायतासम्बन्धी प्रहरीको रणनीतिका लागि अझै प्रतिकूल छन् ।

महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई उनीहरूको अधिकार र न्याय विकल्पहरूको जानकारी व्यावहारिक, पहुँचयुक्त, विस्तृत र सही रूपमा उपलब्ध गराएर उनीहरूले आफैं सूचित निर्णय गर्नबाट सीमित गर्ने प्रहरीका व्यवहार, कार्य र मनोवृत्तिहरू प्रहरी व्यवस्थापकहरूले पहिचान गरेर सच्याउनमा मद्दत गर्नका लागि यो सूची उपलब्ध गराइएको हो । पहिचान गरिएको क्षमता अन्तरको मुख्य मुद्दासँग पाठकलाई सम्बन्धित हुन मद्दत गर्नका लागि वर्गीकरणका शीर्षकहरू राखिएका हुन् । यद्यपि, तिनीहरू सबै प्रत्येक बिन्दुमा लागू हुन्छन् र/वा परिपूरक छन् :

लैङ्गिक पूर्वाग्रह

- प्रहरीले औपचारिक न्याय प्रक्रियामा जानुको साटो मेलमिलापको सुझाव दिन्छन् किनकि यो सबैका लागि सुविधाजनक समाधान हो भन्ने प्रायः उनीहरूको सोचाई रहेको हुन्छ ।

पुनः पीडित हुने

- जानकारी आदानप्रदान गर्न असफल हुँदा वा अनुपयुक्त तरिकाले गर्दा त्यसले महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावित र उनीहरूका बालबच्चालाई गम्भीर जोखिममा पार्न सक्छ । सबै निकायहरूद्वारा व्यक्तिगत जानकारी आदान-प्रदान गर्ने एकरुपको विधि अवलम्बन गर्नाले, अन्तरंग साथीबाट हुने हिंसा पीडित/प्रभावितका लागि, विभिन्न पेशाका सेवा प्रदायकहरूलाई कष्टप्रद तरीकाले घटनाको विवरण अनावश्यक रुपमा दोहोऱ्याउनुपर्ने परिपाटी रोकेर र पर्याप्त समय बचत गरेर उनीहरूका लागि आवश्यक सेवाहरूको गुणस्तरमा व्यापक सुधार गर्न सकिन्छ । सबैभन्दा माथि, पीडित/प्रभावितको सुरक्षा र अर्थपूर्ण सहभागितालाई मार्गदर्शक सिद्धान्तका रूपमा लिइनुपर्छ ।[१०]
- पीडित/प्रभावितले अन्तर्वार्ताको क्रममा आफूलाई केरकार गरेको महसुस गरेमा, त्यसले सहयोग र सहायता प्रदान गर्दा प्रहरीले बनाएको विश्वासलाई सजिलैसँग कमजोर बनाइदिन सक्छ ।

---

७ **पहुँचयुक्त** भन्नाले सहयोगी सेवाहरू भौतिक रूपमा पहुँचयुक्त (सेवाहरू सबै महिला तथा किशोरीका लागि सुरक्षित भौतिक पहुँचभित्र रहेको), आर्थिक रूपमा पहुँचयुक्त (खर्च बेहोर्न सकिने) र भाषिक रूपमा पहुँचयुक्त (विभिन्न भाषा र ढाँचाहरूमा जानकारी प्रदान गरिएको), हुनेछन् । 'Essential Services Package for Women and Girls Subject to Violence: Core Elements and Quality Guidelines' (United Nations Joint Global Programme on Essential Services for Women and Girls Subject to Violence,2015) at: https://www.unwomen.org/en/digital-library/publications/2015/12/essential-services-package-for-women-and-girls-subject-to-violence

८ **उपयुक्त** भन्नाले सहयोगी सेवाहरूले पीडित/प्रभावितको आत्मसम्मानको मर्यादा गर्ने, गोपनियताको प्रत्याभूत गर्ने, उनको आवश्यकता र दृष्टिकोणप्रति संवेदनशील र पुनःपीडित हुने कुरालाई न्यूनीकरण गर्ने सेवा हुन्, see the *Essential Services Package* (n. 7).

९ See the Training Handbook of the UN Police Gender Toolkit: Standardised Best Practices on Gender Mainstreaming in Peacekeeping - Module 3, Capacity Building of Host State Police on Preventing and Investigating SGBV, Lesson 4 Adopting a Victim-Centred Approach, Establishing a Victim Referral Network, at: http://repository.un.org/handle/11176/387374

१० Inspired by 'Aspects of violence against women that pertain directly to the Commission on Crime Prevention and Criminal Justice' (Commission on Crime Prevention and Criminal Justice V.08-52191 (E) *0852191* Seventeenth session Vienna, 14-18 April 2008).

गलत अभ्यास

- महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई कथित पीडकको स्थिति लगायत उनीहरूको मुद्दाको स्थितिबारे जानकारी गराउँदा प्रहरीले बढी मेहेनत गर्नुपरेको महसुस गर्छन्;
- प्रहरीले अत्यावश्यक सेवाको गुणस्तर सुधार गर्न अल्पसंख्यक समूह, अपाङ्गता समूह, युवा समूह वा कानूनसँग द्वन्द्वमा परेका महिलाहरूसँगको समन्वयलाई अक्सर बेवास्ता गर्ने गर्छ;
- अनिवार्य गरिँदा पनि प्रहरी विशेषज्ञहरू चलिरहेको मुद्दाका सुनुवाईहरूमा उपस्थित हुँदैनन्;
- प्रहरीले प्रारम्भिक जोखिम मूल्याङ्नहरूमा र विशेषगरी जब कथित पीडकको कुरा आउँछ त्यतिबेला निरन्तर रूपमा अनुगमन गर्न संघर्ष गर्नुपर्छ। प्रहरीले सामान्यतया रिहाईका कडा सर्तहरू अनुरोध गर्नमा एकरुपता देखाउँदैनन्, जसमा अपराधीलाई पीडित र उनको घर, काम र पीडित/प्रभावितको परिवार, साथै साक्षीहरूबाट टाढा रहनुपर्ने र पीडकलार्ई नजिकबाट निरीक्षण गर्ने सर्तहरू लगायत पर्छन्;[११]
- प्रहरी व्यवस्थापकहरूद्वारा समस्याको स्वामित्व नलिनाले अनुसन्धानकर्ताहरूले प्रभावकारी र पर्याप्त रूपमा आफ्नो काम गर्नको लागि आवश्यक समय व्यवस्थापन गर्न असमर्थ हुन्छन्। फलस्वरूप, महिला तथा किशोरी विरुद्धका हिंसाका घटनाहरूमा 'अन्वेषकको थकानले' अनुसन्धानको समग्र गुणस्तरलाई असर पार्छ।[१२]

प्रशिक्षण र शिक्षासम्बन्धी कमीकमजोरी

- पीडित/प्रभावितको मोबाइल फोन लिने जस्ता प्रमाणहरू कसरी सङ्कलन गरिन्छ र सुरक्षित राखिन्छ भन्नेबारे प्रहरीले अझ बढी होसियार हुन आवश्यक छ;
- प्रहरीहरूले प्रायः आफूसँग पारिवारिक हिंसाबाट पीडित/प्रभावितको सहायतासम्बन्धी आवश्यकताहरू पूरा गर्न समय, विशेषज्ञता वा इच्छा नभएको महसुस गर्छन्।[१३]

११ Inspired by 'Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women' (UNODC,2014).

१२ Inspired by The Honourable Wally T. Oppal, 'FORSAKEN. The Report of the Missing Women Commission of Inquiry VOLUME IIB Nobodies: How and Why We Failed the Missing and Murdered Women Part 3, 4 and 5' (2012).

१३ Gemma Hamilton, Lisa Harris & Anastasia Powell (2019): 'Policing repeat and high-risk family violence: police and service-sector perceptions of a coordinated model', *Police Practice and Research*, DOI: 10.1080/15614263.2019.1697267

परिभाषा र ढाँचा

अत्यावश्यक सेवा प्याकेजका अनुसार, पुनःपीडित हुने भनेको कुनै गतिविधिको प्रत्यक्ष नतिजाको रूपमा नभई पीडित/प्रभावितलाई संस्था र व्यक्तिहरूले गर्ने अपर्याप्त प्रतिक्रियाका कारण हुनेगर्छ भनेर चित्रण गर्दछ।[१४] न्याय प्रक्रियाभरी नै कुनै पीडित/प्रभावित पुनःपीडित हुन सक्छन्।

> "अनुसन्धानकर्ताहरूले अनुसन्धान प्रक्रियाको क्रममा पीडितहरूसँग सहकार्य गर्नेछन् र निश्चित अनुसन्धान चरणहरू सञ्चालन नगर्न अनुरोध गर्ने पीडितको अधिकारलाई सम्मान गर्नेछन्। फौजदारी अनुसन्धान पीडितले तोकेको गतिमा हुनुपर्छ, कानून कार्यान्वयन गर्ने अधिकारीले होइन।"
>
> - Sexual Assault Response Policy and Training Content Guidelines (2015), The International Association of Chiefs of Police.

महिला तथा किशोरीहरूलाई उनीहरूको अधिकार र न्यायका विकल्पहरूको ज्ञानको आधारमा उनीहरू आफैले सूचित निर्णयहरू गर्न सक्षम बनाएर सशक्तिकरण गर्न प्रहरीले मुख्य भूमिका खेल्छ।

महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई प्रहरीले अन्तर्राष्ट्रिय मापदण्डअनुसार[१५] आरोप लगाउने र अभियोग लगाउने जिम्मेवारी उनीहरूमा मात्र नभई प्रहरी र अभियोजन पक्षको पनि हो भनी आश्वस्त पार्न सक्छन्।

पीडित/प्रभावितलाई उनीहरूको स्थिति (आप्रवासी, शरणार्थी, राज्यविहीन, वा बेचबिखनमा परेका) र पृष्ठभूमि (लिङ्ग, जातीय, यौन झुकाव, राष्ट्रिय उद्गम र/वा अपाङ्गता) जेजस्तो भएपनि, उपलब्ध सेवा र कानुनी उपचारहरूबारे कुनै शुल्कबिना र उसले बुझ्ने भाषामा जानकारी दिएर यसको अनुसरण गर्नुपर्छ।

अत्यावश्यक सेवा प्याकेजका अनुसार, महिला तथा किशोरी विरुद्धका हिंसाका सबै पीडित/प्रभावितका लागि न्यायमा पहुँचको ग्यारेन्टी गर्ने एउटा महत्वपूर्ण तत्व भनेको सहयोगी र सहायता सेवाहरूको प्रावधान व्यावहारिक, सही, पहुँचयुक्त र व्यापक हुनु

१४ Also see the 2010 Updated Model Strategies and Practical Measures on the Elimination of Violence against Women in the Field of Crime Prevention and Criminal Justice (2011, General Assembly resolution 65/228, annex).

१५ See Updated Model Strategies and Practical Measures on the Elimination of Violence against Women in the Field of Crime Prevention and Criminal Justice (2011, General Assembly resolution 65/228, annex).

हो ।[१६] अत्यावश्यक सेवा प्याकेजले यो पनि भन्छ कि, प्रहरी जस्ता न्यायकर्मीहरूले सहयोग र सहायता सेवाहरूलाई स्वास्थ्य, आश्रय, सामाजिक सेवा र परामर्श विशेषज्ञहरू समेटिएको एक बृहत् सेवाका रूपमा हेर्नुपर्छ ।

सहायता र सहयोगको लागि यस्तो बृहत् र समन्वयात्मक दृष्टिकोणले महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई उनीहरूको अधिकार र न्यायका विकल्पहरूमा प्रभाव पार्ने जटिल निर्णयहरूमा सार्थक रूपमा सहभागी हुन सशक्त पार्छ, जसमा उनी र उनका नजिकका नातेदारहरूलाई प्रहरीबाट आवश्यक पर्ने सुरक्षा र संरक्षणको मात्रा पनि समावेश भएको हुन्छ । पीडित/प्रभावितलाई राम्रोसँग जानकारी भएको सुनिश्चित गरेर, प्रहरीले अनुसन्धान प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागितालाई मात्र सशक्त बनाउँदैनन्, बरु महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावित र उनीहरूका सहयोगी समुदायमा प्रभावकारी सहयोग र सकारात्मक नतिजाहरूबारे महत्वपूर्ण विश्वास पनि निर्माण गर्छन् । अर्को शब्दमा भन्नुपर्दा, महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु भनेको सामान्यतया समुदायसँग विश्वास निर्माण गर्नुको पर्याय हो । अनुसन्धान रणनीति वा विधि तयार गर्दा, पीडित-केन्द्रित वा प्रभावित-केन्द्रित दृष्टिकोण सुनिश्चित गर्दा अर्थपूर्ण सहभागितालाई एक उद्देश्यका साथसाथै एक माध्यमको रूपमा पनि हेरिनुपर्छ ।[१७]

विश्व स्वास्थ्य सङ्गठनका अनुसार[१८], **अर्थपूर्ण सहभागिता**का लागि सम्बन्धित व्यक्तिले हस्तक्षेपका तयारी, कार्यान्वयन र अनुगमन लगायत आफूलाई प्रत्यक्ष असर पार्ने निर्णयहरूमा भाग लिने अधिकार पाउनु आवश्यक हुन्छ । उदाहरणका लागि, महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई विचारणीय घटना (हरू)बारे सम्बन्धित प्रक्रियाभरी नै कानुनी बयानहरू प्रस्तुत गर्ने र आफ्नो अधिकारलाई असर गर्ने कुरामा सूचित निर्णयहरू गर्ने अधिकार छ ।

यसमा पीडित/प्रभावितले वैकल्पिक विवाद समाधान वा अनौपचारिक प्रणालीको सहारा लिने (वा नलिने), कुनैपनि कानूनी उपचारको विकल्पको साटो अर्कोबाट लाभ लिने निर्णय गर्ने लगायत पर्नसक्छन्[19]। यसबाहेक, अर्थपूर्ण सहभागिताले विभिन्न रूपहरू लिन सक्छ, जसमा उनको कल्याणलाई असर गर्ने मुख्य निर्णयहरूमा निकट नियन्त्रण कायम राख्नका लागि सन्तुलित, पहुँचयुक्त, वस्तुगत जानकारीका साथ पर्याप्त सूचित उराइनु, साथै विकल्पहरूको विकास र समाधानहरूको पहिचानको निर्णय प्रक्रियामा परामर्श गरिनु लगायत पर्छन् ।[२०]

संक्षेपमा, अनुसन्धान प्रक्रियामा महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितका लागि अर्थपूर्ण सहभागिता तब सशक्त हुन्छ, जब उनी आफ्नो अधिकारको दावीमा आफ्नो पक्ष र तर्फबाट कार्य गर्न सक्षम हुन्छिन् । महिला कानुन तथा मानव अधिकार ब्यूरो (Women's Legal and Human Rights Bureau -'WLB') र युएन वुमनले न्यायमा पहुँच गर्ने प्रयासमा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता मापन गर्ने तीनवटा तरिकाहरू सिफारिस गर्छन्[२१]:

१. पीडित/प्रभावित घरेलु र अन्तर्राष्ट्रिय कानून अन्तर्गत आफ्ना अधिकारहरूबारे सचेत छन् कि छैनन्;

२. कानुनी प्रणाली र कर्तव्यवाहकहरूले[२२] पीडित/प्रभावितको मुद्दामा सक्रिय, अर्थपूर्ण र दृश्यात्मक सहभागितालाई सम्भव बनाएका छन् कि छैनन्,

३. पीडित/प्रभावितलाई सम्बन्धित प्रक्रियाले समग्र रूपमा प्रणालीसँग संलग्न गराउँछ कि गराउँदैन ।

महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिताका लागि प्रहरीको योजनाले माथिका तीन बुँदा अनुसार, पीडित/प्रभावितको प्रोफाइलका विभिन्न

---

१६ See further the *Essential Services Package.*

१७ पीडित/प्रभावित केन्द्रित दृष्टिकोणले सहयोगी वातावरण सिर्जना गर्ने लक्ष्य राख्छ जसमा पीडित/प्रभाविततको अधिकारलाई सम्मान गरिन्छ र जसमा उनीहरूलाई मर्यादा र सम्मानका साथ व्यवहार गरिन्छ । यस दृष्टिकोणले पीडित/प्रभावितको पुनर्लाभ र आवश्यकता तथा इच्छाहरू पहिचान गर्ने र व्यक्त गर्ने क्षमतालाई प्रवर्द्धन गर्न, साथै सम्भावित हस्तक्षेपहरूको बारेमा निर्णय गर्ने क्षमतालाई सुदृढ गर्न मद्दत गर्दछ । See the 'Communities Care Programme: Transforming Lives and Preventing Violence', (UNICEF, New York, 2014,), at: https://www.unicef.org/protection/files/Communities_Care_Overview_Print.pdf

१८ Participation: Gender, equity and human rights. World Heath Organisation, at: https://www.who.int/gender-equity-rights/understanding/participation-definition/en/

१९ 'Mapping and Analysis of Domestic Legal Remedies to issues of Violence against Women (VAW), (Women's Legal and Human Rights Bureau and UN Women, 2010).

२० See 'Participation: Gender, Equity and Human Rights' (WHO) at: https://www.who.int/gender-equity-rights/understanding/participation-definition/en/

२१ 'Mapping and Analysis of Domestic Legal Remedies to issues of Violence against Women (VAW)' (Women's Legal and Human Rights Bureau (WLB) and UN Women,2010).

२२ कर्तव्यवाहक भन्नाले सामान्यतया राज्यका पात्रहरू (जस्तै प्रहरी) वा राज्यको तर्फबाट काम गर्ने पात्रहरू हुन्, जसले मानव अधिकारको सम्मान, प्रवर्द्धन र सार्थक पार्ने र मानवअधिकार उल्लङ्घनबाट बच्ने विशेष दायित्व वा जिम्मेवारी बोकेका हुन्छन् । परिवेशका आधारमा, निजी सशस्त्र बल, व्यक्तिहरू (जस्तै, अभिभावक), स्थानीय संस्थाहरू, निजी कम्पनीहरू, दाताहरू र अन्तर्राष्ट्रिय संस्थाहरू पनि कर्तव्यवाहक हुन सक्छन् । See: Glossary of Terms and Concepts UNICEF Regional Office for South Asia November 2017. https://www.unicef.org/rosa/media/1761/file/Gender%20glossary%20of%20terms%20and%20concepts%20.pdf%20.

अन्तरसम्बन्धित कारकहरूलाई[२३] विचार गर्नुपर्छ रसामाजिक पहिचान र परिस्थितिजन्य कुराहरूले महिला तथा किशोरीको अर्थपूर्ण सहभागितालाई कसरी प्रभाव पार्न सक्छ भनेर विचार गर्नुपर्छ ।

यसमा सांस्कृतिक वा धार्मिक विश्वास वा व्याख्यासँग सम्बन्धित लैङ्गिक असमानताबाट उत्पन्न तथाकथित 'प्रतिष्ठा'सम्बन्धी आपराधिक हिंसा[24] लगायत हुनसक्छन् । अन्तरसम्बन्धित कारकका अन्य उदाहरणमा मानसिक र मनोसामाजिक अपाङ्गता, लागूपदार्थमा निर्भरता, कानूनसँग द्वन्द्वमा हुनु, र/वा अल्पसंख्यीकरणमा परेका समूहको हुनु लगायतका अक्षमता पर्छन् ।[२५]

महिला तथा किशोरी विरुद्धका हिंसाका कार्यलाई 'प्रतिष्ठामा आधारित' हिंसाका रूपमा पहिचान गर्दा, यो शब्द विवादित हुनसक्छ भन्ने कुरामा ध्यान दिनु महत्वपूर्ण छ । किनभने सम्भवत: ती समुदायप्रति प्रहरीको निगरानी र उपस्थितिमा वृद्धिको कारणले ती समुदायलाई महिला तथा किशोरी विरुद्धका हिंसाको प्रभावकारी प्रतिकार्यसँग असम्बन्धित अन्य एजेन्डाहरूसँग जोड्न सक्ने हुँदा, यसले ती विशेष समुदायहरूलाई असमान रूपमा लक्षित गर्दछ ।[२६] प्रहरीले 'प्रतिष्ठामा आधारित' हिंसाको प्रतिकार्य गर्दा, व्यक्ति र समुदायलाई लक्षित गर्ने रुढिवादी सोच र अन्य भेदभावपूर्ण वर्गीकरण गर्न सकिने कुराबाट होसियार हुनुपर्छ भन्ने सिफारिस गरिन्छ ।[२७]

बिभिन्न अन्तरसम्बन्धित कारकहरूले कुनैपनि व्यक्ति वा समूहको र विशेषगरी कुनै समाजको अल्पसंख्यक समूहको हिंसासम्बन्धी जोखिममा ठूलो प्रभाव पार्छ ।

यस हातेपुस्तिकाको प्रयोजनका लागि, लेखकहरूले **संकटासन्न समूह**को यस परिभाषालाई[२८] साभार गर्नेछन् :

> *"संकटासन्न मानिसहरूलाई उमेर, लिङ्ग, शारीरिक वा मानसिक अवस्था वा सामाजिक, आर्थिक, जातीय र/वा सांस्कृतिक परिस्थितिका कारण न्याय प्रणालीमा उनीहरूलाई कानुनले मान्यता दिएको आफ्नो अधिकारको पूर्ण प्रयोग गर्न विशेषगरी कठिनाई महसुस गर्नेहरू भनी परिभाषित गरिन्छ । संकटासन्नताका कारणहरू देहाय लगायतका हुनसक्छन् : उमेर, अपाङ्गता, आदिवासी समुदाय वा अल्पसंख्यक, पीडित, बसाइसराइ र आन्तरिक विस्थापन, गरिबी, लैङ्गिकता र स्वतन्त्रताको वञ्चिति । प्रत्येक देशमा संकटासन्न व्यक्तिहरूको विशिष्ट परिभाषा उनीहरूको विशिष्ट विशेषताहरूमा र उनीहरूको सामाजिक वा आर्थिक विकासको स्तरमा पनि निर्भर हुनेगर्छ ।"*

सुरक्षा र सहयोग संगठन (Organization for Security and Co-operation - 'OSCE')का अनुसार, सबै संकटासन्न समूहहरूको साझा कुरा भनेको उनीहरू 'को हुन्' भन्ने आधारमा उनीहरू धेरै हदसम्म अपराधमा पर्ने गर्छन् ।[२९]

OSCE ले थप यो पनि भन्छ कि यौन झुकाव वा छालाको रङको कारण वा उनीहरूले आफ्नो प्रतिरक्षा गर्न, आफैलाई बुझ्न वा आफ्नो अधिकारको प्रयोग गर्न नसक्ने कारण विशिष्ट समूहहरू पीडित हुन्छन् । त्यसकारण यी अपराधहरूले व्यक्ति विरुद्धको अपराध मात्र नभई, व्यक्तिको पृष्ठभूमि, संस्कृति, सम्पदा र पहिचान (घृणामा आधारित अपराध) विरुद्धको अपराधलाई प्राय:जसो समेट्छ ।[३०]

---

२३ अन्तरसम्बन्धको अवधारणा पहिलो पटक १९८९मा कालो नारीवादी अभियन्ता र प्राज्ञिक प्रोफेसर किम्बरले क्रेनशाद्वारा प्रतिपादित गरिएको थियो । त्यसबेलादेखि यो जाति, वर्ग, जात, लिङ्ग, जातीय, लैङ्गिकता, अपाङ्गता, राष्ट्रियता, आप्रवासनको स्थिति, भौगोलिक उद्गम, र धर्म लगायतका एकै साथ धेरै उत्पीडनहरूको प्रतिच्छेदनमा महिला अनुभवहरू बुझ्नका लागि प्रयोग गर्ने गरिएको छ । See: Hill Collins, P., 'Black Feminist Thought: Knowledge, Consciousness, and the Politics of Empowerment' (Routledge, New York, 1990); cited in Imkaan and UN Women (2019), 'The Value of Intersectionality in Understanding Violence against Women and Girls' at: https://www2.unwomen.org/-/media/field%20office%20eca/attachments/publications/2019/10/the%20value%20of%20intersectionality%20in%20understanding%20violence%20against%20women%20and%20girls.pdf?la=en&vs=3339

२४ 'प्रतिष्ठामा आधारित' महिला तथा किशोरी विरुद्धका हिंसाले सामान्यतया तीनवटा आधारभूत तत्वहरूलाई झल्काउँछ: १) महिलाको व्यवहारमाथि नियन्त्रण, वा नियन्त्रण गर्ने इच्छा; २) एक पुरुषले पीडित/प्रभावितको व्यवहारमाथि आफ्नो नियन्त्रण गुमाएकोमा वा नियन्त्रण गुमाएको महसुस गरेको लाजको भावना र; ३) यो लाज बढाउन र सम्बोधन गर्नमा समुदाय वा पारिवारिक संलग्नता । See 'Barker, N., Gregware., P.R., Cassidy, M.A. (1999), 'Family Killing Fields: Honor Rationales in the Murder of Women'.

२५ काला र अल्पसंख्यक महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न समर्पित बेलायतको महिला संगठन इमकानले "अल्पसंख्यीकरण" लाई सामाजिक, राजनीतिक, आर्थिक र अन्य अवस्थाहरू सिर्जना गर्ने र कायम राख्ने प्रक्रियाको रूपमा वर्णन गर्दछ जस्तै अल्पसंख्यकहरू जस्तै 'जातीय अल्पसंख्यक' र 'अल्पसंख्यक जात'। यसबाहेक, अल्पसंख्यीकरण एक चलिरहेको, सक्रिय प्रक्रिया हो जसले 'जाति', जातीयता र अन्य आधारहरूमा विशेष समूहहरूलाई सीमान्तकृत गर्दछ । See 'From Survival to Sustainability: Critical Issues for the Specialist Black and 'Minority Ethnic' Ending Violence against Women and Girls Sector in the UK' (Imkaan, 2018).

२६ Ibid.

२७ Ibid.

२८ See 'Brasilia Regulations Regarding Access to Justice for Vulnerable People', available at: https://www.icj.org/wp-content/uploads/2018/11/Brasilia-rules-vulnerable-groups.pdf cited in an Issue Paper on 'Abuse of a Position of Vulnerability and other "Means" within the Definition of Trafficking' (UNODC, 2013) available at: https://www.unodc.org/documents/human-trafficking/2012/UNODC_2012_Issue_Paper_-_Abuse_of_a_Position_of_Vulnerability.pdf

२९ Lindgren, M and Nikolić-Ristanović, V, Crime Victims: International and Serbian Perspective. Organization for Security and Cooperation in Europe, Mission to Serbia, Law Enforcement Department (2011).

३० Ibid.

फोटो सौजन्य : नेपाल प्रहरी

तथापि, प्रहरी र अन्य अत्यावश्यक सेवा प्रदायकहरूले जोखिमलाई शारीरिक वा मानसिक संकटासन्नताको पर्यायवाचीको रूपमा हेर्नु हुँदैन ।

जबरजस्ती यौन शोषण जस्ता केही अपराधहरूका सन्दर्भमा महिला तथा किशोरीहरूलाई प्रायः 'संकटासन्न' समूहको रूपमा अंकित गरिन्छ । पुरुष र किशोरहरूको तुलनामा त्यस्ता अपराध र हिंसाबाट पीडित/प्रभावितको रूपमा उनीहरूको असमान प्रतिनिधित्वको कारणले गर्दा यस्तो भएको हो । लैङ्गिक असमानताबाट उत्पन्न भेदभावको परिणामस्वरूप उनीहरूलाई प्रायः जोखिमको स्थितिमा राखिन्छन् ।

उदाहरणका लागि, केही देशहरूमा महिलाहरूलाई भूमिको प्रत्यक्ष उत्तराधिकारी बनाउन अवैध छ, जसकारण आफ्नो स्वतन्त्रता स्थापना गर्न र अपमानजनक अन्तरंग सम्बन्ध छोड्न उनीहरूलाई कठिन हुन्छ । अर्को उदाहरणमा, घरेलु श्रम वा बाल हेरचाह जस्ता महिलाले गर्नुपर्ने मानिने काममा प्रायः कम तलब दिइन्छ, लामो समय काम गर्नुपर्ने हुन्छ र शहरका अधिक धनी भागहरूमा ती अवस्थित हुन्छन् । लामो समयसम्म काम गर्नुपर्ने, यात्राको समय लामो हुने र प्रायः महिला तथा किशोरीहरूले अन्धकारमा (अर्थात् बिहान सबेरै वा राति अबेरसम्म) सार्वजनिक यातायात प्रयोग गर्नुपर्ने हुँदा उनीहरूले यौन हिंसालगायत अपराधको अनुभव गर्ने जोखिम बढ्छ ।

बाकस २

संकटासन्न समूहहरूसँग काम गर्नका लागि सुझावहरू

प्रहरी प्रमुखहरूको अन्तर्राष्ट्रिय संघ (International Association of Chiefs of Police-IACP)) ले यौन आक्रमण प्रतिक्रिया नीति र प्रशिक्षण सामग्री निर्देशिका (*Sexual Assault Response Policy and Training Content Guidelines* (2015)),मा यौन हिंसाका घटनाहरूमा संकटासन्न समूहका सदस्यहरूसँग काम गर्नका लागि सुझावहरूको सूची उपलब्ध गराउँछ :

- सबै अपाङ्गता देखिने हुँदैनन् । पीडित/प्रभावितमा शारीरिक, संवेदनजन्य, वा मानसिक अपाङ्गता, वा मिश्रित अपाङ्गता हुन सक्छ;
- "यौन आक्रमण"बारे र कानून कार्यान्वयनबारे फरक दृष्टिकोण र भावनाहरू । लैङ्गिकता, यौनिकता, यौन झुकाव, जाति, धर्म, आदि बारे विभिन्न संस्कृतिमा धेरै फरक विश्वास हुन सक्छन् भन्नेबारे सचेत हुनुहोस्;
- यौन दुर्व्यवहार बारे प्रश्नहरू निकै अन्तरंग हुन्छन् र छलफल गर्न गाह्रो हुन सक्छ । यस्तो व्यक्तिगत चोटले लाज र बेइज्जतिको भावना सिर्जना गर्न सक्छ । विवाह हुनुअघि कुमारीत्व गुमाउनु सामाजिक रूपमा विनाशकारी मानिने जस्ता केही संस्कृतिहरूमा यी भावनाहरू अझै तीव्र हुन सक्छन्,
- केही समुदायमा, त्यहाँको सम्बन्धित राज्य वा संघीय कानूनका अतिरिक्त वा तिनका स्थानमा यौन दुर्व्यवहारसम्बन्धी आफ्नै कानून हुन सक्छ;
- यदि पीडित/प्रभावितले तपाईंको भाषा बोल्दैनन् भने, निष्पक्ष, स्वतन्त्र अनुवादको व्यवस्था गर्न प्रस्ताव गर्नुहोस्; अनुवादकको रूपमा सेवा गर्न परिवारका सदस्य, बालबालिका, संदिग्ध व्यक्ति वा अन्य कुनै पनि सम्बन्धित पक्षमा भर नपर्नुहोस्;
- तेस्रोलिङ्गी व्यक्तिहरूको जीवनमा अरूलाई उनको यौन झुकाववारे थाहा भए नभएको आधारमा उनको गोपनीयतासम्बन्धी विशेष आवश्यकताहरू हुन सक्छन् । यस विषयमा पनि संवेदनशीलता र चेतना आवश्यक हुन्छ ।

स्रोत : Sexual Assault Response Policy and Training Content Guidelines (The International Association of Chiefs of Police, 2015).

सहायता र सहयोगी प्रावधानमा संकटासन्न वा अल्पसंख्यक समूहहरूको आवश्यकतालाई विचार गर्दा, प्रहरीले महिला तथा किशोरीहरूको आचरण र/वा कथित व्यवहारमा केन्द्रित सूचना सङ्कलनमा आधारित उपायहरूको सट्टा,सामाजिक पहिचान र परिस्थितिजन्य अवस्था (विभिन्न वातावरणमा मानिसले जनाउने प्रतिक्रिया)ले उनीहरूलाई कसरी जोखिमको स्थितिमा पार्न सक्छन् भन्ने कुरा बुझ्न आफ्नो स्रोतहरू लगानी गर्नुपर्छ । संकटासन्न समूहहरूसँग काम गर्नका लागि सुझावहरू बाकस २मा हेर्नुहोस् ।

यसप्रकार, सामान्यतया महिला तथा किशोरी विरुद्धका हिंसामा प्रभावकारी एवं उत्तरदायी प्रतिकार्यका लागि, जोखिम विश्लेषण र आवश्यकता मूल्याङ्कन लगायतका हस्तक्षेपहरूमा प्रहरीले परिवेश अनुसार आफू सूचित रहने[३१] र सान्दर्भिक विश्लेषण लागू गर्ने क्षमता राख्नु महत्वपूर्ण हुन्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसामा समानुपातिक प्रहरी प्रतिकार्यबारे थप जानकारीका लागि अध्याय ६ : सुरक्षा र संरक्षण र समानुपातिकताको सिद्धान्तमा उचित लगनशीलतालाई प्रतिबिम्बित गर्ने प्रहरी आचरणका विशेष उदाहरणहरूका लागि अध्याय ५ : अनुसन्धानहरू हेर्नुहोस् ।

यस हातेपुस्तिकाले पीडित/प्रभावितलाई संलग्न गराउँदा, प्रहरी र उनीहरूका अत्यावश्यक सेवा साझेदारहरूको मार्गदर्शनका लागि *अपराध पीडित तथा शक्तिको दुरुपयोगका पीडितहरूका लागि न्यायको आधारभूत सिद्धान्तहरूको घोषणा* (*Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power*)लाई सन्दर्भका रुपमा प्रयोग गर्न प्रोत्साहन दिन्छ ।

यी आधारभूत सिद्धान्तहरू कथित पीडकका लागि र विशेषगरी उनीहरू आफैं पीडित भएका घटनाहरूमा पनि लागू हुन्छन् । साथै व्यावसायिक उद्देश्यका लागि यौन दासत्वमा बाध्य पारिएकाहरू, अवैध रूपमा बसोबास गरेर बेचबिखनमा परेका आप्रवासी जस्ता संकटासन्न समूहहरू र वर्षौंको दुर्व्यवहारको परिणामस्वरूप गम्भीर आक्रमण वा हत्या गरेका व्यक्तिहरू लगायतका कानुनको दायरामा रहेका पीडित/प्रभावित पनि यसमा पर्छन् ।

यसमा यी अधिकारहरू पर्छन् : प्रहरीद्वारा सम्मान र मर्यादाका साथ व्यवहार गर्ने; पक्राउ/थुनाको कारण एक पटक बताउनु पर्ने; निर्दोष मानिने; राज्य पक्षबाट (जस्तै अपमानजनक प्रहरी अभ्यासहरू) वा गैर-राज्य पात्रहरूद्वारा गरिने अनुचित हिंसाबाट सुरक्षित राख्ने; आफुलाई दोषी नठहऱ्याउने; गोपनीयता र गोप्यता; कानूनी सल्लाहमा पहुँच; र कुनै पनि थुनाको आदेश र निष्पक्ष परीक्षणको लागि अपील गर्ने ।[३२] यसमा स्वदेश फिर्ता पठाउन्जेल थुनामा रहेका अनियमित आप्रवासी महिलाहरू, अनिवार्य लागूऔषध उपचार केन्द्र वा मानसिक स्वास्थ्य केन्द्रमा थुनिएका महिलाहरू लगायत प्रशासनिक वातावरणमा थुनिएका महिला तथा किशोरीहरू पनि पर्छन् ।[३३]

अपराध र शक्तिको दुरुपयोगका पीडितहरूका लागि आधारभूत सिद्धान्तहरू (*Basic Principles for Victims of Crime and Abuse of Power*)सँगको संयोजनमा, प्रहरी नेतृत्वले जवाफी अधिकारीहरूले कथित अपराधी (हरू) विरुद्द कारवाही गर्दा राष्ट्रिय कानून, संस्थागत प्रोटोकल(हरू) र कानून कार्यान्वयन अधिकारीहरूद्वारा बल र बन्दुकको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरू (*Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials*) जस्ता अन्तर्राष्ट्रिय मापदण्डहरूद्वारा तोकिए बमोजिम बल प्रयोग सम्बन्धी सिद्धान्तहरूको पालना गरेको सुनिश्चित गर्नुपर्छ ।

उदाहरणका लागि कानून कार्यान्वयन अधिकारीहरूद्वारा बल र बन्दुकको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरू (*Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials*)ले बलको प्रयोगमा आधारित प्रमुख सिद्धान्तहरूको रूपमा निम्नलिखितलाई स्थापित गर्दछ:[३४]

अपराध र शक्तिको दुरुपयोगका पीडितहरुका लागि न्यायको आधारभूत सिद्धान्तहरुको घोषणापत्र

- २९ नोभेम्बर १९८५ को महासभाको प्रस्ताव ४०/३४ द्वारा पारित

पीडितहरू :

"व्यक्तिगत वा सामूहिक रुपमा, शारीरिक वा मानसिक चोटपठक, भावनात्मक पीडा, आर्थिक हानि वा उनीहरुको मौलिक अधिकारहरुको पर्याप्त हानि सहित, शक्तिको आपराधिक दुरुपयोगलाई निषेध गर्ने कानूनहरु सहित सदस्य राष्ट्रहरु भित्र लागु हुने फौजदारी कानूनहरुको उल्लङ्घन गर्ने कार्य वा भूलहरु मार्फत क्षति व्यहोरेका व्यक्तिहरु हुन्"

३१ स्थानीय नागरिक समाज संगठनहरूले स्थानीय सन्दर्भ र कतिपय परिस्थितिजन्य वास्तविक अवस्थाबारे हालका प्रवृत्तिहरू कस्ता छन् भन्नेबारे प्रहरीको बुझाइलाई सुदृढ पार्न ठूलो स्रोत बन्न सक्छन् ।

३२ 'Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women' (UNODC, 2014).

३३ Ibid.

३४ 'Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials' (adopted by the Eighth UN Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba, 27 August to 7 September 1990).

उदाहरणका लागि कानून कार्यान्वयन अधिकारीहरूद्वारा बल र बन्दुकको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरू (*Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials*)ले बलको प्रयोगमा आधारित प्रमुख सिद्धान्तहरूको रूपमा निम्नलिखितलाई स्थापित गर्दछ:

- समानुपातिकता;
- वैधानिकता;
- जवाफदेहिता;
- आवश्यकता ।

बल नियन्त्रण संयन्त्रको प्रयोग प्रभावकारी छ भनी सुनिश्चित गर्न विशेष ध्यान दिनु पर्छ त्यसैले जवाफी अधिकारीहरू (वा अन्य प्रतिकार्यमा संलग्न हुने प्रथम पक्ष जस्तै सैनिक) बाट संकलन गरिने प्रमाणहरूमा आरोपित पीडक(हरू) वा सम्बन्धित संदिग्धहरूबाट दबाबमा लिइएको बयान वा स्वीकारोक्ति समावेश हुँदैन ।

अनुसन्धान गरिएका व्यक्तिहरूलाई सम्मान र मर्यादाका साथ व्यवहार गर्दा सहकार्यको सम्भावना बढ्छ जबकी दबाबको माध्यमबाट प्राप्त जानकारी अपराध रोकथामको सन्दर्भमा प्रत्यूत्पादक हुन्छ, किनभने यो सामान्यतया अविश्वसनीय हुन्छ, र यसले अन्तर्राष्ट्रिय मानवअधिकार कानून[३५] र अन्तर्राष्ट्रिय मानवीय कानूनले[३६] सम्मानपूर्वक उल्लेख गरे अनुसारको शान्ति र युद्धको समयमा मौलिक मानवअधिकारको उल्लङ्घन गर्दछ ।

जेनेभामा आधारित एसोसिएसन फर द प्रिभेन्सन अफ टर्चर (एपीटी) अनुसार, अनुसन्धानले यातना वा यातनाको धम्कीमा पनि कुनै व्यक्तिले पीडाबाट बच्नको लागि मात्र केही बोल्छ वा गर्छ । फलस्वरुप, त्यसरी प्राप्त भएको बयान वास्तवमा सत्य हो वा होइन भनेर थाहा पाउने कुनै तरिका छैन ।[३७]

महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूको अनुसन्धानमा जवाफी अधिकारीहरूद्वारा बलको दुरुपयोग रोक्नका लागि, एपीटीले प्रहरी नेतृत्वलाई प्रतिकार्यमा संलग्न हुने अधिकारीहरूलाई बलको दुरुपयोग गर्न प्रोत्साहित गर्ने कुनै पनि कुरा हटाउन सिफारिस गर्छ । एपीटीद्वारा सिफारिस गरिएका अन्य थप व्यावहारिक उपायहरू देहायअनुसार रहेका छन् :[३८]

- गैर-न्यायिक अधिकारीहरूले वा थुनुवाको वकिलको उपस्थिति बिना लिइएका स्वीकारोक्तिहरूलाई ग्रहण नगर्नुहोस् ;
- रेकर्ड नगरिएको वा भिडियो रेकर्ड नगरिएको कुनै पनि सोधपुछबाट प्राप्त प्रमाणहरू ग्रहण नगर्नुहोस् ;
- सोधपुछको क्रममा सम्पूर्ण टाउकोमा खोल ओडाइदिने वा आँखामा पट्टी लगाउने कार्य निषेध गर्नुहोस् ;
- आफू स्वयंम अपराधमा संलग्न भएको देखाउनु (self-incrimination) विरुद्धको अधिकारको प्रत्याभूत गर्नुहोस्, र अभियुक्तलाई यो अधिकारको बारेमा जानकारी भएको सुनिश्चित गर्नुहोस्;
- यातनाका लक्षणहरूको लागि स्वीकारोक्ति परीक्षण गर्न स्पष्ट प्रक्रियामा सहमत हुनुहोस् ।

यसका अतिरिक्त, जीवनसाथीबाट हुने हिंसाका घटनाहरूमा, पीडित/प्रभावित व्यक्तिले व्यक्तिगत रूपमा वा छोराछोरीको बाबुआमा मध्ये एउटा वा अभिभावक भएको कारणले आरोपित पीडकसँग भावनात्मक सम्बन्ध हुनसक्छ । त्यस्तो अवस्थामा, प्रतिकार्यमा संलग्न प्रहरीले आरोपित पीडकलाई दुर्व्यवहार गर्दा पीडित/प्रभावित बोल्न बन्द गर्ने, र प्रहरीसँग सहकार्य नगर्ने वा पीडकले पुनःअपराध गरेमा उनीहरूको सुरक्षा नखोज्न सक्छ ।

महिला तथा किशोरी विरुद्ध हिंसाका अपराधहरूको सम्बन्धमा सहयोग र सहायता रणनीतिहरू लागू गर्नका लागि प्रमुख व्यवस्थापकीय दक्षताहरू

घरेलु हिंसाका घटनाहरूमा हस्तक्षेपको अस्ट्रियन मोडेलको अनुभवले महिलाहरूलाई प्रभावकारी रूपमा समर्थन र सहायता प्रदान गर्नका लागि कानूनहरूमा मात्र निर्भरता पर्याप्त छैन भन्ने देखाएको छ । त्यस अनुभवका विज्ञहरूले कानुनी उपायहरूमा पहुँच प्रायः धेरै पीडितहरू/प्रभावितहरूका लागि एउटा चुनौती हो र उनीहरूले हिंसात्मक पार्टनर विरुद्ध उभिन वा आरोपित पीडकबाट अलग हुन व्यापक समर्थन आवश्यक हुन्छ भन्ने संकेत गरेका छन् ।

---

३५ For example, see the Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (adopted and opened for signature, ratification and accession by General Assembly resolution 39/46 of 10 December 1984
entry into force 26 June 1987, in accordance with article 27.1).

३६ See Common Article 3 of the Geneva Conventions of 1949 and their Additional Protocols.

३७ Exclusion of evidence obtained through torture, Association for the Prevention of Torture, at: https://apt.ch/en/evidence-obtained-through-torture/

३८ Ibid.

"सक्रिय सुन्नु भनेको सुनेर र अर्को व्यक्तिलाई प्रतिक्रिया दिने तरिका हो जसले आपसी समझदारीमा सुधार ल्याउँछ । यो अवस्थालाई कम गर्न र समस्याहरुको समाधान खोज्नका लागि महत्त्वपूर्ण पहिलो कदम हो ।"

- What is active listening? (The United States Institute of Peace)

आर्थिक निर्भरता धेरै अवस्थामा त्यस्तै चुनौतीपूर्ण कारक तत्व हो, किनभने दुर्व्यवहार गर्ने वा पीडकमाथि आर्थिक रूपमा घर, आश्रय, पैसा आदिका लागि आफ्नो र आफ्ना बच्चाहरूको लागि निर्भर महिलाहरूले शोषण सहेर बस्छन् ।

यस्तो अवस्थामा प्रहरीसँग यस्ता जटिलताहरू पहिचान गर्ने र आफ्नो प्रतिकार्यलाई समानुपातिक रूपमा र सामाजिक सेवाहरूसँगको समन्वयमा मिलाउन सक्ने क्षमता हुनुपर्छ । महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूलाई प्रहरी सहायतामा आवश्यक पर्ने महत्वपूर्ण योग्यता भनेको अन्य संस्थाहरूसँगको सहकार्यमा र पीडित/प्रभावितहरूको आवश्यकता र इच्छा अनुसार सेवाहरू उपलब्ध गराउने उद्देश्यका साथ सक्रिय रूपमा सुन्न सक्ने क्षमता हो ।

हरेक मुद्दा फरक हुन्छ । सबै महिला र किशोरीहरूले प्रहरीलाई एउटै नजरले हेर्दैनन्, सबै महिला र किशोरीहरूले एकै किसिमले असुरक्षाको अनुभूति गर्दैनन् र सबै महिला र किशोरीहरू प्रहरीमा पुग्न वा उनीहरूलाई विश्वास गर्न पर्याप्त विश्वस्त महसुस गर्दैनन् ।

नेपालमा, युएन वुमनले पीडित/प्रभावितहरूले उनीहरूको विरुद्ध हुने हिंसाका घटनाहरू सम्बोधन गर्न प्रारम्भिक समर्थन र सल्लाहको लागि सामान्यतया परिवार र/वा समुदायका सदस्यहरूलाई सम्पर्क गर्न रुचाउँने गरेको पायो ।[३९] यस्तो अवस्थामा, स्थानीय निकायमा लैजानु अघि समुदायका सदस्यहरू भेला भएर समस्या समाधान गर्ने प्रयास गर्नु सामान्य कुरा हो ।

नेपालमा युएन वुमन अनुसार घटनाका सम्बन्धमा थप गम्भीर चासोको आवश्यकता पर्दा मात्रै समुदायका सदस्यहरूले पीडित/प्रभावितलाई औपचारिक समाधान खोज्न सुझाव दिने र मद्दत गर्ने गर्दछन् । पीडित/प्रभावितले आफूले यी अनौपचारिक समूहहरूबाट पर्याप्त उपचार नपाएको महसुस गरी सिधै प्रहरीमा गएको उदाहरणहरू पनि छन् ।[४०]

यस्तो अवस्थामा सहयोग गर्ने योजना बनाउँदा वैकल्पिक उपायहरू खोज्दा पीडित/प्रभावितप्रति समुदायको कस्तो प्रतिक्रिया हुनेछ भनेर प्रहरीले सावधानीपूर्वक ध्यान दिनुपर्छ । साथै, सहयोग र सहायता उपायहरूको योजना बनाउँदा पीडित/प्रभावितको समुदायले दीर्घकालीन रूपमा खेल्न सक्ने सकारात्मक भूमिकालाई पनि (त्यस प्रक्रियामा उनीहरूलाई हुने कुनै पनि सम्भावित हानिको जोखिमलाई ध्यानमा राख्दै) प्रहरीले विचार गर्नुपर्छ ।

पीडित/प्रभावित व्यक्तिको संकटसन्नता अशिक्षा, एक वा एक भन्दा बढी अपाङ्गता, आप्रवासीको हैसियत (कानूनी वा अवैध) र जुनसुकै आषिक अवरोधहरु (यसमा वृद्ध वा बालबच्चा हुनु समावेश हुन सक्छ) जस्ता समस्याहरुले थप जटिल हुन सक्छ ।

महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूलाई समर्थन र सहयोग गर्न समुदायले खेल्ने भूमिकालाई समावेश गर्ने कुराको अन्ततः पीडित/प्रभावितले आफैंले निर्णय गर्नुपर्छ र यो तब मात्र पूरा गर्न सकिन्छ जब अनुसन्धान प्रक्रियामा उनको सहभागिता वास्तविक रुपमा अर्थपूर्ण हुन्छ ।

महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूलाई सहयोग गर्नको लागि प्रहरीलाई मद्दत गर्न व्यवहारजन्य दक्षताहरूको सूची तल दिएको छ जसलाई अनुसन्धान प्रक्रियामा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न टोलीहरू स्थापना गर्दा प्रहरी व्यवस्थापकहरूले साभार गर्नसक्छन् ।

विगतका अध्यायहरू जस्तै, सिफारिस गरिएका योग्यताहरूको निम्नलिखित सूची सान्दर्भिक संयुक्त राष्ट्रसङ्घका मानक र मापदण्डहरूबाट प्रेरित छ, जस्तैः *Updated Model Strategies* (2010) अद्यावधिक गरिएको मोडेल रणनीतिहरू (२०१०) र the *Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power* (1985) (अपराध र शक्तिको दुरुपयोगका पीडितहरूका लागि न्यायका आधारभूत सिद्धान्तहरूको घोषणापत्र (१९८५) । सूचीले राष्ट्रिय प्रहरी संगठनहरूको मूल्यमान्यता, नैतिकता र अखण्डतासम्बन्धी नीतिहरूलाई पनि परिपूरक र सुदृढ बनाउँने गर्छ । व्यवस्थापकहरूले जवाफी अधिकारीहरू देहाय अनुसारका कार्यका लागि सक्षम छन् भनेर सुनिश्चित गर्नुपर्छ :

३९ End of Project Evaluation Report of 'Multi-Sectoral Gender-Based Violence Response at the District Level in Nepal' (August 2009 - July 2013) supported by the UN Trust Fund to End Violence Against Women.

४० Ibid.

उपलब्धता

- सुरक्षा आदेश, नागरिक उपचार, अध्यागमन याचिका, बीमा लाभ, र क्षतिपूर्तिका दावीहरू हासिल गर्न मद्दत गर्न पीडितहरू/प्रभावितहरूलाई प्रतिवेदनहरू उपलब्ध रहेको सुनिश्चित गर्ने ।

सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरूको प्रभावकारी सञ्चार र सहभागिता

- हिंसाको सिकार भएका महिला र किशोरीहरूलाई संरक्षण प्रदान गरी औपचारिक उजुरी दर्ता गर्न र त्यसको फलोअप गर्न प्रोत्साहन र सहयोग गर्ने र पीडितमाथि अभियोग लगाउने र अभियोजन गर्ने जिम्मेवारी प्रहरी र अभियोजन पक्षको हो भनी जानकारी दिने;

- हिंसाको सिकार भएका महिला र किशोरीहरूलाई अधिकार, उपचार र पीडित सहायता सेवाहरू र त्यसलाई कसरी प्राप्त गर्ने भन्ने बारे सान्दर्भिक जानकारी प्रदान गर्ने, साथै फौजदारी कारबाही र समयतालिकामा उनीहरूको भूमिका र अवसरहरूको बारेमा जानकारी ; प्रगति र कार्यवाहीको अन्तिम किनारा, साथै अपराधी विरुद्ध कुनै आदेशका बारेमा पनि जानकारी दिने ;

- अधिकारीहरू र/वा अनुसन्धानकर्ताहरूले यौन आक्रमण (sexual assault)का पीडितहरू/ प्रभावितहरूलाई पोलिग्राफ परीक्षण वा अन्य सत्य-बकाउने उपकरणहरूमा प्रयोग गर्न लगाउँदैनन् भन्ने कुराको जानकारी दिदै त्यसमा जोड दिने ।

अनुकूलन क्षमता

- आमाबाबु वा आफूसँग नजिक रहेको अन्य कुनै व्यक्ति विरुद्ध हिंसाको साक्षी बनेका बालबालिकाहरू पनि हिंसाको पीडित/प्रभावित हुन् र उनीहरूलाई सुरक्षा, हेरचाह र समर्थन चाहिन्छ भन्ने कुरा पहिचान गर्ने ;

- गैरकानूनी रूपमा देशमा प्रवेश गरेको वा उनीहरूलाई जबरजस्ती वा बाध्य पारिएको गैरकानूनी गतिविधिमा संलग्न भएको कारण बेचबिखन गरिएका पीडितहरू/प्रभावितहरूलाई दण्डित गर्नबाट टाढा रहने र अन्यलाई पनि निरुत्साहित गर्ने;

- हिंसाको आरोप लागेका व्यक्तिहरूको अधिकार र उनीहरूको सहयोगको आवश्यकतालाई ध्यान दिईएको सुनिश्चित गर्नुहोस्, यसमा त्यस्तो विचार गरिएमा पीडित /प्रभावितका लागि उपलब्ध सुरक्षाका प्रावधानहरूको प्रभावकारिता बढ्नेछ भन्ने कुराको बुझाई हुनुपर्नेछ ।[४१]

> "यौन दुर्व्यवहारका घटनाहरूको विस्तृत प्रतिकार्य र अनुसन्धान सुनिश्चित गर्नमा प्रभावकारी सुपरिवेक्षणले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।"
>
> - The International Association of Chiefs of Police (2015)

उपयुक्तता

- पीडित /प्रभावितहरू फौजदारी कार्यवाहीमा भाग लिएको भए वा नभए तापनि उनीहरूलाई निष्ठा र सम्मानका साथ व्यवहार गरिएको सुनिश्चित गर्न (अपराध) पत्ता लगाउने, अनुसन्धान र अभियोजन प्रक्रियाको क्रममा कठिनाइहरू रोक्नको लागि उपयुक्त उपायहरू लिनुहोस् ;

- कुनै महिला वा किशोरीलाई आफ्नो कानुनी अधिकारलाई पूर्ण रूपमा थाहा नहुन सक्छ, त्यसको पहिचान गर्नुहोस् र उनीहरूको व्यक्तिगत सुरक्षा बढाउन मद्दत गर्न सक्ने कानुनी सहायता सेवाहरूको पहुँचलाई सहजीकरण गरेर सहयोग गर्न गर्नुहोस् । विशेषगरी पीडकलाई रोक्नका लागि अदालतको आदेश माग गर्ने र त्यसका लागि आवेदन दिन पीडित/प्रभावितहरूलाई मद्दत चाहिएको अवस्थामा यो लागु हुन्छ ;

- स्थानीय समुदायहरूले पालना गर्ने विशेष प्रथाहरू बारे सचेत रहनुहोस् ।

सुरक्षा-जोखिम मूल्याङ्कन र सुरक्षा योजनालाई प्राथमिकता दिनुहोस्

- आरोपित पीडिकहरूलाई प्रतिबन्धित गराउने र उनीहरूलाई आफ्नो घरबाट हटाउने उपायहरूका साथ अतिरिक्त व्यवस्थाहरू गरिएको सुनिश्चित गर्नुहोस्, जसले गर्दा महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडकहरू आफैंलाई आश्रय वा सहायताविना एक्लो नपरुन् ।

सिफारिस र समन्वयको माध्यमबाट अन्य क्षेत्र र निकायहरूसँग जोड्ने

- अतिरिक्त सेवा र प्रावधानहरूमा पहुँच प्राप्त गर्नुहोस्, जस्तै, आवास गृह र सुरक्षित आवास जसमा गैरसरकारी संस्थाहरू, अपाङ्गता भएका व्यक्तिहरूका लागि संस्थाहरू, महिला वा

४१ Specific recommendation from the Sexual Assault Response Policy and Training Content Guidelines (The International Association of Chiefs of Police, 2015) at: https://dnn9ciwm8.azurewebsites.net/Portals/0/documents/pdfs/IACPSexualAssaultResponsePolicyandTrainingContentGuidelines.pdf

आस्थामा आधारित संस्थाहरू, र अन्य नागरिक समाजका पात्रहरूद्वारा आपूर्ति गरिएका/सञ्चालितसमेत पर्छन् ।

सुसूचित सहमति र गोपनीयता

- कर्तव्यको पालना वा न्यायको आवश्यकताहरू कडाईका साथ अन्यथा आवश्यक ठहर गरेको अवस्थामा बाहेक प्राप्त जानकारी (जस्तै, डिजिटल रेकर्ड, फोटो र सबै पीडितहरू/प्रभावितहरू, साक्षीहरू र अपराधीहरूसँग सम्बन्धित रिपोर्टहरू) संग निरन्तर रूपमा गोप्य रूपमा काम गर्ने ;
- बालबालिका, अपाङ्गता भएका महिला र किशोरीहरूलगायत सबै पीडित/प्रभावित र साक्षीहरूको गोप्यता र गोपनीयताको रक्षा गर्ने उपायहरू अवलम्बन गरिएको सुनिश्चित गरी आघात अनुभूतिलाई कम गर्ने र थप पीडित गराउने कार्य रोक्ने ।

अत्यावश्यक सेवाहरू प्रदान गर्ने प्रहरीका लागि सन्दर्भ सूचकहरू : समर्थन र सहायता

अघिल्लो अध्यायहरूमा छलफल गरिएझैं, इएसपीले पीडित/प्रभावितहरूका लागि सबै न्याय र सहायता सेवाहरूले अधिकतम प्रभाव सुनिश्चित गर्न साझा विशेषता र साझा गतिविधिहरू प्रदान गर्न आवश्यक छ भन्ने प्रस्ताव गर्दछ । हिंसाको सामना गरिरहेका महिला र किशोरीहरूलाई सम्बोधन गरिरहेको निश्चित 'क्षेत्र' जे-जस्तो भएपनि यो कुरा सबैमा लागू हुन्छ । निम्नलिखित सूची इएसपीको साझा विशेषताहरू र साझा गतिविधिहरूबाट प्रेरित छ ; यसले महिला तथा किशोरी विरुद्ध हिंसाका पीडितहरू/प्रभावितहरूलाई उनीहरूको अधिकार र न्याय विकल्पहरूको बारेमा व्यावहारिक, सही, पहुँचयुक्त र व्यापक रूपमा जानकारी उपलब्ध गराएर आफ्नै सुसूचित निर्णयहरू लिन

बाकस ३

जब कुनै कुराले काम गर्छ : पुलिसले भनेका कार्यहरू प्रभावकारी थिए

- युएस डिपार्टमेन्ट अफ जस्टिस अफिस अफ कम्युनिटी ओरिएन्टेड पोलिसिङ सर्भिस (सन् २००६) द्वारा प्रायोजित गरिएको सर्वेक्षणमा घरेलु हिंसा विरुद्ध प्रभावकारी प्रहरी प्रतिकार्यका निम्नलिखित मुख्य पक्षहरू उल्लेख गरिएको थियो । यो सर्वेक्षण घरेलु हिंसालाई सम्बोधन गर्न समुदायसँग साझेदारी गरेका संयुक्त राज्य अमेरिकाका प्रहरी विभागहरूबाट व्याख्यात्मक तथ्याङ्क सङ्कलन गर्न बनाइएको थियो :
- घरेलु हिंसालाई अन्य कुनै पनि अपराध जस्तै व्यवहार गर्ने, अर्थात्, ठोस अनुसन्धान (राम्रो प्रमाण सङ्कलन सहित) सञ्चालन गर्न लगनशीलताका साथ सम्बोधन गर्ने, र पक्राउहरू गर्ने ;
- समुदायसँग मिलेर समस्या समाधान गर्न साझेदार बन्न इच्छुक हुने । यी साझेदारीहरूमा विद्यालयहरू, आश्रयस्थल प्रदायकहरू, र परामर्श एजेन्सीहरूसँग प्रारम्भिक सक्रियताका प्रयासहरू समावेश हुन सक्छन् । सामुदायिक संस्था र स्वयंसेवकहरूसँग साझेदारी आवश्यक छ किनभने कानून कार्यान्वयन गर्ने निकाय एक्लैले यो समस्यालाई सम्बोधन गर्न सक्दैन । स्थानीय जिल्ला सरकारी वकिलको कार्यालय र अदालतसँगको साझेदारी पनि महत्वपूर्ण हुन्छ ।
- पीडित/प्रभावित र उनीहरूको अवस्थाहरूमा केन्द्रित गर्ने र सचेत रहने । अधिकारीहरू यस अवस्थाप्रति संवेदनशील हुनुपर्दछ र पीडितहरू/प्रभावितहरूप्रति समानुभूति र दयाभाव देखाउनुपर्छ । पीडित/प्रभावितहरूमाथिको यो केन्द्रविन्दुमा उनीहरूको सुरक्षामा पनि ध्यान केन्द्रित गर्ने कार्य समावेश हुन्छ ।
- घरेलु हिंसा के कारणले हुन्छ, कसरी सम्बन्धमा आधारित हिंसा चक्रीय हुन सक्छ, र किन केही महिलाहरूले दुर्व्यवहारपूर्ण सम्बन्धहरू सजिलै छोड्दैनन् भन्ने बारे पर्याप्त ज्ञान विकास गर्नुहोस् । यस ज्ञानले पक्राउको आवश्यकता र पक्राउ सधैं सबैभन्दा प्रभावकारी प्रतिकार्य किन नहुन सक्छ भन्ने जटिलता दुवैलाई जोड दिन सक्छ ।
- पीडित/प्रभावित व्यक्तिलाई विकल्पहरूको दायराबारे बताउन पर्याप्त अवसरहरू प्रदान गर्नुहोस् । यो महत्वपूर्ण छ किनभने पीडित/प्रभावितलाई थाहा हुने छ कि केहि गरिँदैछ, र उनीसँग विकल्पहरू छन् ।
- घरेलु हिंसाका सूचनाहरूलाई सम्बोधन गर्न उनीहरूले प्रयोग गर्ने नीति र प्रक्रियाहरूको महत्वबारे अधिकारीहरूलाई विश्वस्त पार्नमा ध्यान केन्द्रित गर्नुहोस् ।

स्रोत : Reuland, M., Schaefer-Morabito, M., Preston, C., Cheney, J.'Police-Community Partnerships to Address Domestic Violence'(US State Department of Justice Office of Community-Orientated Policing Services, 2006).

सशक्त बनाउन प्रयास गर्ने प्रहरीका लागि सन्दर्भ सूचकका केही उदाहरणहरू प्रस्ताव गर्दछ ।

यी सूचकहरू भएको अवस्थामा प्रहरी व्यवस्थापकहरूले साभार गर्न सक्छन्, तर हाल प्रयोग नभएको अवस्थामा पनि बरिष्ठ व्यवस्थापकहरूलाई त्यसमाथि विचार गर्न प्रोत्साहित गर्नसक्छन् :

१. **उपलब्धता र पहुँचयुक्तता** : महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूलाई उनीहरूको ड्युटी स्टेसनमा उपलब्ध सहयोग प्रणालीहरूको ज्ञानमा प्रहरी अधिकारीहरूको सर्वेक्षण । यो सर्वेक्षण मानव संसाधन, प्रशिक्षण र शिक्षा, र निरीक्षक अधिकारीहरू समिल्लित बहु-विधागत टोलीद्वारा हरेक दुई बर्षमा सञ्चालन गर्नुपर्छ ।

२. **अनुकूलनता र पहुँचयुक्तता** : कानून उल्लङ्घन गरेको आरोप लागेका महिला र किशोरीहरूलाई सहयोग र सहायता प्रदान गर्ने स्थानीय संस्थाहरू र/वा स्थानीय गैर-सरकारी संस्थाहरूसँगको संयुक्त सहकार्यको संख्या । यसमा मानव बेचबिखन, यौन शोषण, मानव तस्करी, र जेल र प्रोबेसन सेवाहरूसम्बन्धी मुद्दाहरूमा काम गर्ने संस्थाहरू समावेश हुनुपर्छ । यस उपायको लक्ष्य भनेको सम्भावित उच्च जोखिमपूर्ण परिस्थितिमा पीडित/प्रभावितका लागि सहयोग र सहायता अनुकूलन गर्दा सुसूचित निर्णयहरू लिनका लागि प्रहरीसँग उनीहरूका लागि उपलब्ध अवसरहरूको संख्याको बारेमा जानकारी प्रदान गर्नु हो ।

३. **उपयुक्तता र सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरूको प्रभावकारी सञ्चार र सहभागिता**: अन्तर्वार्ता (बयान सहित)को औसत संख्या वा पीडित/प्रभावितबाट व्यक्तिगत तथ्याङ्कको जानकारीको आग्रह र उजुरी गरिएको महिला तथा किशोरी विरुद्ध हिंसाको हरेक घटनाका लागि एउटै प्रहरी इकाइ वा चौकीका सदस्यहरूबाट भएको घटनाको विवरण उल्लेख गर्ने तथ्याङ्क । प्राप्त सूचना तथा जानकारीलाई पीडित/प्रभावित व्यक्ति र हस्तक्षेप गर्ने प्रहरी अधिकारी(हरू) दुवैका लागि लिङ्गको आधारमा वर्गीकरण गरिएको हुनुपर्छ । यस जानकारीले प्रहरी अन्तर्वार्ता अभ्यासको प्रभावकारितामा अन्तर्दृष्टि प्रदान गर्नुपर्दछ, जसमा दोहोरो पीडित हुने जोखिमहरू पनि समावेश हुन्छ, विशेषगरी पीडित/प्रभावित व्यक्तिको पहिचानलाई पनि एउटा आधारको रूपमा लिइएको अवस्थामा यो लागु हुन्छ ।[४२]

४. **सुरक्षालाई प्राथमिकता दिनुहोस्** : प्रहरी चौकीमा उजुरी गरिएको महिला तथा किशोरी विरुद्ध हुने हिंसाका घटनाहरूमा पीडित/प्रभावितहरूको प्रतिशत जसले प्रहरीबाट थप भेट प्राप्त गरेका छन् वा उनीहरूको सुरक्षा अवस्थाहरू अद्यावधिक गर्ने विशेष उद्देश्यका लागि प्रहरीसँग प्रत्यक्ष फलोअप सञ्चारमा छन् । यस जानकारीमा पीडित/प्रभावित व्यक्तिसँग संलग्नताको विभिन्न अन्तरालहरूमा हस्तक्षेप गर्ने प्रहरीद्वारा प्रत्येक जोखिम मूल्याङ्कनका आधारमा अवलम्बन गरेको सम्बन्धित सुरक्षा उपायहरू समावेश हुनुपर्छ । यस सन्दर्भ सूचकका लागि कुन अवसरमा प्रहरीले पीडित/प्रभावित व्यक्तिलाई उनको मुद्दाको वास्तविक स्थिति र आरोपित पीडकको स्थितिबारे पर्याप्त रूपमा जानकारी गरायो भन्ने कुरामा ध्यान दिनु महत्वपूर्ण हुनेछ ।

५. **सूचित सहमति र गोपनीयता:** चौकीका अनुसन्धानकर्ताहरूले यौन हिंसा पीडित/प्रभावितहरूलाई अँगाल्न उनीहरूको अनुरोधमा समुदाय, उदाहरणका लागि, परम्परागत र विश्वासमा आधारित अगुवाहरू, महिला संगठनहरू र अपाङ्गता भएका व्यक्तिहरूका लागि संस्थाहरूको समर्थन लिएका घटनाहरूको प्रतिशत वा अनुपात । यो संख्यालाई महिला तथा किशोरी विरुद्ध यौन हिंसाको उजुरी गरिएका घटनाहरूको संख्याको सम्बन्धमा हेर्नु पर्छ, जहाँ यो अनुरोध प्रस्ताव गरिएको थियो, तर पीडित/प्रभावितले अस्वीकार गरेको थियो । उनीहरू समुदायसँग सम्बन्धित छन् र समुदायमा स्वीकार्य छन् भन्ने सन्देश पठाउनु पीडित/प्रभावितको पीडासमनका लागि र उनीहरूले भोगेका कुराहरूको बारेमा कुरा गर्न र खुलासा गर्नका लागि धेरै महत्वपूर्ण कदम हुन सक्छ ।[४३] यस उपायले महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूको समर्थनमा प्रहरीले (समुदाय र विशेषगरी महिला समुदायका नेताहरूसँगको सहकार्यमा) खेल्न सक्ने भूमिका बारे अन्तर्दृष्टि प्रदान गर्नेछ ।

६. **तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन** : चौकी स्तरमा महिला तथा किशोरी विरुद्ध हुने हिंसाको मुद्दा फाइल व्यवस्थापनको वार्षिक समीक्षा । यो समीक्षाले महिला तथा किशोरी विरुद्ध हिंसाको गोप्य व्यवस्थापनसहितको अनुसन्धानको व्यवस्थापन सम्बन्धी जानकारीको गुणस्तर र संख्या दुवैलाई हेर्नुपर्छ । यस समीक्षामा प्रमाण सङ्कलन, पीडित/प्रभावित र साक्षीको अन्तर्वार्ता, अनुगमन, अपराधी पहिचान र आशंकाको समन्वय समावेश हुनुपर्छ । समीक्षाले 'अनुसन्धानकर्ताको

४२ अध्याय ४ : प्रारम्भिक सम्पर्क अध्याय मा उल्लेख गरिए अनुसार, महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी प्रहरी हस्तक्षेपहरूबाट सङ्कलन गरिएको तथ्याङ्को विश्लेषणले पीडित/प्रभावितहरूको पुनःअन्तरवार्ता दोहोरो चरणको पीडित गराउने कार्य हुनेछ भन्ने अनुमान नगर्न ख्याल गर्नुपर्छ । युएनएसचीआर (२०१८)ले अन्तर्वार्ता राम्ररी सञ्चालन गर्दा, सो प्रक्रिया आफैमा पीडासमन गर्ने र सशक्त तुल्याउने हुनसक्छ भनी उल्लेख गरेको छ । See further 'Integrating a Gender Perspective into Human Rights Investigations: Guidance and Practice' (UN Office of the High Commission for Human Rights, New York and Geneva, 2018).

४३ युएनएसचीआर (२०१८) अनुसार कतिपय अवस्थामा, परम्परागत र आस्थामा आधारित नेताहरूले कथित अपराधको समयमा अविवाहित रहेका महिला पीडितहरू/प्रभावितहरूलाई अझै पनि आफ्नो आस्था भित्रै विवाह गर्न सक्ने ठाउँ प्रदान गरेर सहयोग गर्नसक्छन् र विवाहित भएका बेला उनीहरू हिंसाबाट पीडित भएको अवस्थामा उनीहरूका पति र संयुक्त परिवारहरूले स्वीकार गर्ने र समर्थन गर्ने सम्भावना बढी हुन्छ । See the example of the effects of community engagement in the support and assistance process in "They came to destroy": ISIS Crimes Against the Yazidis. Human Rights Council Thirty-second Session Agenda, item 4, Human rights situations (A/HRC/32/CRP.2 Advance Version Distribution,2016).

थकान', व्यवस्थापक मूल्याङ्कन स्थिरता, र अन्य आवश्यक सेवा प्रदायकहरूसँगको अनुकूलता जस्ता महत्वपूर्ण समय व्यवस्थापन मुद्दाहरूलाई सम्बोधन गर्ने व्यावहारिक मुद्दाहरूमा अन्तरदृष्टि प्रदान गर्ने प्रयास गर्नुपर्छ ।

समन्वय मार्फत अन्य क्षेत्र र निकायहरूसँग सम्पर्क : महिला तथा किशोरी विरुद्ध हिंसासँग सम्बन्धित साक्षी सुरक्षा कार्यक्रमहरूमा संलग्न विभिन्न सुरक्षा निकाय र अत्यावश्यक सेवा प्रदायकहरूसँग समन्वयात्मक कारबाहीका साथ हेरिएको मुद्दाहरूको वार्षिक संख्या । यो संख्या जवाफी प्रहरी र/वा अत्यावश्यक सेवा प्रदायकहरूले थप हिंसाका लागि उच्च जोखिम मानेको मुद्दाहरूको संख्यासँग मेल खानुपर्छ । यी मुद्दाहरूको अझ बढी गुणात्मक समीक्षाले बाल कल्याण, सामाजिक आवास, पेनिटेन्सरी सेवा र सीमा व्यवस्थापनलगायतका क्षेत्रहरूका विशेषज्ञतालाई प्रहरीले उपयुक्त समयमा प्राप्त गर्‍यो वा गरेन भनेर प्रमाणित गर्ने प्रयास गर्नुपर्छ ।

बाकस ४

महिला तथा किशोरी विरुद्ध हुने हिंसा प्रतिकार्य सुपरिवेक्षण गर्ने प्रहरी व्यवस्थपकहरूका लागि आवश्यक सुझावहरू

आफ्नो यौन उत्पीडन प्रतिकार्य नीति र प्रशिक्षण सामग्री मार्गनिर्देशिका (*Sexual Assault Response Policy and Training Content Guidelines* (2015),* मा प्रहरी प्रमुखहरूको अन्तर्राष्ट्रिय संघले विभागीय नीतिको अनुपालन सुनिश्चित गर्न र पीडित/प्रभावितका मुद्दाहरूको लागि जवाफदेहिता र आफू अन्तर्गतका अधिकारीहरूबाट उचित प्रतिकार्यका लागि मार्गदर्शन प्रदान गर्दछ । सुपरिवेक्षकहरूले :

- अधिकृतले अनुरोध गरेमा, वा आवश्यक ठानेको अवस्थामा, यौन दुर्व्यवहारका घटनाहरूको अनुसन्धान गर्ने अधिकारीहरूलाई सहयोग गर्न कदम चाल्नुहोस् ;
- अधिकारीहरूले वस्तुनिष्ठ, व्यावसायिक, गैर-निर्णयपूर्ण तरिकामा सम्बोधन गर्नुपर्छ ; सुपरिवेक्षकहरूले आफू अन्तर्गतका अधिकृतहरू यी अपेक्षाहरू बारे सचेत छन् भनी सुनिश्चित गर्नुपर्छ ;
- हुन गएको दुर्व्यवहारको प्रभावकारी अनुसन्धान गर्न सरोकारवाला निकाय र सामुदायिक स्रोतहरू पत्ता लगाउन मद्दत गर्नुहोस् ;
- (प्रहरी) विभाग र सामुदायिक संस्थाहरू, जस्तै बलात्कार संकट केन्द्रहरू र फोरेन्सिक परीक्षण कार्यक्रमहरूबीचको समस्या-समाधान साझेदारीलाई प्रोत्साहित गरी सहकार्य प्रवर्द्धन् र पीडित/प्रभावितहरूलाई अझ राम्रो सहयोग सुनिश्चित गर्नुहोस् ;
- शुद्धता, स्थिरता, र पीडित/प्रभावित-केन्द्रित प्रतिकार्यका लागि यौन दुर्व्यवहार सबै प्रहरी प्रतिवेनहरूको समीक्षा गर्नुहोस्;
- यौन दुर्व्यवहारको प्रतिकार्यमा सहायक घटना र अन्तरसम्बन्धित अपराधहरूको खोजी गर्न अधिकृतहरूलाई प्रोत्साहन दिनुहोस्;
- अधिकारीहरू र अनुसन्धानदाताहरूले केस कोडिङ बुझेको र यौन दुर्व्यवहारका मुद्दाहरूको उचित रूपमा कोडिङ गरेको सुनिश्चित गर्नुहोस् ;
- अधिकारीहरू र अनुसन्धानदाताहरूले बृहत, पीडित/प्रभावित-केन्द्रित, पीडक-केन्द्रित अनुसन्धानहरू सञ्चालन गरिरहेका छन् भनी सुनिश्चित गर्नको लागि कार्य समीक्षा र यौन दुर्व्यवहार मुद्दाको लेखाजोखा सञ्चालन गर्नुहोस्;
- विभागका सदस्यहरूका लागि यौन दुर्व्यवहारको ठीकसँग अनुसन्धान गर्न आवश्यक सीपहरू सुधार गर्न निरन्तर प्रशिक्षण अवसरहरू सिर्जना गर्नुहोस्;
- अनुसन्धानको चरणबाट अभियोजनमा सर्दै पीडित/प्रभावितहरूका लागि संक्रमण सहज बनाउन कानून कार्यान्वयन निकाय र अभियोजनकर्ताहरू बीचको सञ्चार बढाउने काम गर्नुहोस् ;
- पीडित/प्रभावित सेवाका सवालहरू र यौन दुर्व्यवहारका पीडित/प्रभावित व्यक्तिहरूको प्रतिकार्यलाई कार्यसम्पादन मूल्याङ्कनमा समावेश गर्नुहोस् , र विभागका सदस्यहरूको पुरस्कार र पदोन्नति सिफारिसहरू गर्नुहोस् ;
- सदस्यहरूले यौन दुर्व्यवहार अनुसन्धानको सम्बन्धमा विभागको मूल्यमान्यता र लक्ष्यसँग मेल नखाने गरी व्यवहार गरेको अवस्थामा उनीहरूलाई जवाफदेही बनाउनुहोस् ;
- नियमित रूपमा रोल-कल र स्टाफ ब्रीफिङहरूमा पीडित/प्रभावित सेवाहरूको जानकारी आदानप्रदान गर्नुहोस् । यस्तो शिक्षा र तालिम चलिरहेको हुनुपर्छ र सेवाका लागि टेलिफोन कलको जवाफ नदिनुपरेको अवस्थामा फिल्डमा अधिकारीहरूसँग पनि गर्न सकिन्छ ;
- प्रभावकारी पीडित/प्रभावित सेवाहरू प्रदान गर्नका लागि अधिकारीहरूलाई मान्यता दिनुहोस् र पुरस्कृत गर्नुहोस् ।

*स्रोत: Sexual Assault Response Policy and Training Content Guidelines (The International Association of Chiefs of Police, 2015).

घटना अध्ययन १

घटना अध्ययन : सहयोग र सहायता

बर्गास, बुल्गेरियास्थित यौन दुर्व्यवहार प्रेषण केन्द्र (एसएआरसी)

एलिसन ईटन[४४] (गुप्चर प्रमुख निरीक्षक डीसीआई- हाल सेवानिवृत्त)

बुल्गेरियामा एसएआरसीको कार्यशाला: : फोटो सौजन्य :एलिसन इटन

बुल्गेरिया एसएआरसीको सुरुको अवस्था : फोटो सौजन्य :एलिसन इटन

बेलायती मोडलको यौन दुर्व्यवहार प्रेषण केन्द्रको स्थापना गर्न सोफिया, बुल्गेरियामा रहेको ब्रिटिस दूतावासले डेमेट्रा गैसस संघसँग सहकार्य गऱ्यो र त्यसका लागि बुर्गासको स्थानीय नगरपालिका, बुर्गास क्षेत्रीय प्रहरी, आन्तरिक मामिला मन्त्रालयका क्षेत्रीय निर्देशक र बुर्गासको सरकारी अस्पतालको सहयोग प्राप्त गऱ्यो । स्थापना भएयता यस क्षेत्रका बलात्कार र यौन दुर्व्यवहारबाट पीडित/प्रभावितहरूलाई सहयोग र व्यवस्थापनमा केन्द्रले महत्वपूर्ण योगदान दिएको छ ।

यो परियोजना सन् २०१३ मा सुरु गरिएको थियो र यसको उद्देश्य यौन हिंसाको अनुसन्धान र अभियोजनको क्रममा पीडित/प्रभावितहरूलाई चिकित्सा सहायता, आपतकालीन सहयोग र सहायता उपलब्ध गराउन यौन दुर्व्यवहार प्रेषण केन्द्र (एसएआरसी)को विकास गर्नु थियो । यो पहलको थालनी 'यौन दुर्व्यवहारका पीडित/प्रभावितहरूसँग प्रभावकारी रूपमा काम गर्ने' विषयक बेलायती दूतावास-बुल्गेरियन प्रहरी कार्यशालाबाट भएको थियो । कार्यशालामा यूके प्रहरी विषय विशेषज्ञ र सल्लाहकार डीसीआई एलिसन ईटनले युकेको एसएआरसी मोडेलको प्रस्तुति समावेश गरेको थियो । बुल्गेरिया प्रहरी र डेमेट्राले सम्मेलनमा भाग लिएका थिए र सो मोडेलबारे जागरूकता बढाउने लक्ष्यका साथ बुल्गेरियामा अत्यावश्यक सेवाका सहयोगी कर्मचारीहरूका लागि कार्यशालाको व्यवस्था गर्न इच्छुक थिए ।

सन् २०१४ मा, एलिसन ईटनको सहयोगमा बुल्गेरियामा अवस्थित ब्रिटिस दूतावासले, बेलायतको ससेक्समा अवस्थित सार्टन सेन्टरको भ्रमण गर्न ग्रह मन्त्रालयका दुई जना अधिकारीहरूका लागि अध्ययन भ्रमणको आयोजना गऱ्यो । सन् २०१५ मा, बुल्गेरियाको बुर्गासमा पहिलो एसएआरसी स्थापना गर्ने उद्देश्यका साथ प्रमुख अत्यावश्यक सेवा सरोकारवालाहरूसँग बुल्गेरियामा एसएआरसी कार्यशाला सम्पन्न भयो । भेस्लेना एसएआरसी आधिकारिक रूपमा जुलाई २०१६ मा खोलिएको थियो ।

एसएआरसीको स्थापना भए यता, बुल्गेरियामा रहेको बेलायती दूतावासले स्थानीय प्रहरी र साझेदारहरूलाई सहयोग उपलब्ध गराइरहेको छ । र प्रहरी, अभियोजनकर्ताहरू र अन्य साझेदार निकायहरूका लागि धेरै कार्यशालाहरू र तालिम कार्यक्रमहरूको व्यवस्था गरेको छ । यो अनुभवले प्रहरी र साझेदारहरूले कसरी सफलतापूर्वक मिलेर काम गर्छन् भन्ने देखाएको छ । एसएआरसी व्यवस्थापन बोर्ड पनि गठन गरिएको छ ।

एसएआरसी भेस्लेना बुर्गासको मुख्य अस्पतालसँगै अवस्थित छ ।

भेस्लेना एसएआरसी एउटा सुरक्षित स्थान हो जहाँ यौन दुर्व्यवहारका पीडितहरू/प्रभावितहरूले आफ्नो अनुभवको बारेमा विश्वस्त भएर कुरा गर्न सक्छन् र उनीहरूको पुनर्लाभमा मद्दत गर्न पेशाकर्मीबाट आवश्यक हेरचाह, समर्थन र समझदारी

४४ एलिसन ईटन एक पूर्व गुप्तचर प्रमुख इन्स्पेक्टर हुन् जसले ससेक्स प्रहरीमा तीस वर्ष सेवा गरेकी छिन् । उनले घरेलु हिंसा र दुर्व्यवहार, बाल दुर्व्यवहार र बलात्कार/यौन हिंसाको सुरक्षा र अनुसन्धानमा विशेषज्ञता हासिल गर्ने वरिष्ठ अनुसन्धान अधिकारीको रूपमा काम गरेकी छिन् । उनले गृह मन्त्रालय, युकेसँग वैधानिक घरेलु हत्या समीक्षा प्रक्रियाका लागि राष्ट्रिय बहु-एजेन्सी निर्देशनमा पनि काम गरिसकेकी छिन् । उनले बुल्गेरियामा रहेको ब्रिटिस दूतावाससँग एसएआरसी प्रावधानको विस्तारमा काम गरिरहेकी छिन् र अहिले रोमानिया, युगान्डा र पेरुलाई यस्तै परियोजनाहरूमा सहयोग गरिरहेकी छिन् ।

प्राप्त गर्न सक्छन् । यसले यस्ता अपराधहरूको अनुसन्धान र अभियोजनलाई पनि अघि बढाउँछ । सेवाले बुल्गेरिया र विदेशबाट आउने पीडित/प्रभावितहरूलाई सहयोग पुऱ्याएको छ ।

भेस्लेना एसएआरसी को उद्घाटन पछि, थप साझेदारहरूले थप एसएआरसी विकास गर्न सम्झौतामा हस्ताक्षर गरेका छन्, र यसमा बुर्गास जिल्ला अभियोजकर्ताको कार्यालय, सोजेप्लो, कार्ननोबाट, पोमोरी, नेस्सेबार र प्रिमोरस्को नगरपालिकाहरू समावेश छन् ।

दिगोपन, स्थानीय स्वामित्व र निगरानी

भेस्लेना एसएआरीको सफलताले हाल बुल्गेरियाभरि धेरै ध्यान आकर्षित गरेको छ र यो रोमानियामा विस्तार हुन पुगको छ । अक्टोबर २०१८मा बुर्गास र प्लोभिडिभमा दुईवटा सफल सम्मेलनहरू आयोजित गरियो जसको उद्देश्य दुवै देशहरूमा एसएआरसीको प्रावधान बढाउने रहेको थियो, र सम्मेलन यौन हिंसाको रोकथाम, संरक्षण र अभियोजनमा केन्द्रित थियो ।

आर्थिक स्रोतको हकमा बर्गास क्षेत्रले सुरुमा एसएआरसीका लागि वित्तिय सहयोग उपलब्ध गराएको थियो; तर जिल्ला अभियोजनकर्ताको कार्यालय र अन्य नगरपालिकाबाट थप साझेदारहरू सामेल भएका छन् ।

युकेको एसएआरी अडिट टुलको प्रयोग गरेर एलिसन ईटनको नेतृत्वमा बर्गास एसएआरसीको तीनवटा गुणस्तर आश्वासन जाँच भएको छ । एसएआरसी व्यवस्थापन बोर्डले एसएआरसीको वार्षिक समीक्षा पनि गर्छ ।

एसएआरसीको स्थापनाका लागि सल्लाह र मार्गदर्शन

स्थान:

एसएआरसीलाई एउटा भवनको सट्टा अवधारणाको रूपमा परिकल्पना गर्न महत्वपूर्ण हुन्छ ;

- अस्पताल र अन्य स्वास्थ्य संस्थाका परिसरहरूमा अवस्थित हुँदा एसएआरसीका फाइदाहरू छन्। (जस्तै: यौन स्वास्थ्य सेवाहरूमा एकीकृत गर्ने)।

एसएआरसी मा पहुँच:

- बाह्य र आन्तरिक संकेत चिन्ह स्पष्ट हुनुपर्छ (विभिन्न भाषाहरू राख्ने बारे विचार गर्नुहोस्);
- एसएआरसीको नक्सा इन्टरनेट र इमेल गर्नका लागि उपलब्ध हुनुपर्छ ;
- प्रहरी, कर्मचारी र पीडित/प्रभावितहरूका लागि पार्किङ नजिकै, संकेत चिन्हसहित र २४ घण्टा/७ दिन उपलब्ध हुनुपर्छ ;

बुल्गेरिया एसएआरसीको सुरुको अवस्था : फोटो सौजन्य :एलिसन इटन

- पहुँच क्षेत्रहरू सफा र राम्रोसँग उज्यालोको व्यवस्था गरिएको हुनुपर्छ ;
- भिडियो-प्रवेश टेलिफोन/सिसिटिभीले राति कर्मचारी सुरक्षा सुनिश्चित गर्दै पीडित/प्रभावितहरूको पहुँचलाई सहज बनाउनेछ ।

परिसर:

- एसएआरसीमा प्रवेश नियन्त्रित हुनुपर्छ, जस्तै कीप्याड वा स्वाइप कार्ड ;
- एसएआरसीमा फोरेन्सिक (विधि विज्ञान) प्रयोगका लागि कम्तिमा एक वा बढी सुइटहरू समावेश हुनुपर्छ, र फलो-अप सुविधाहरू पनि समावेश हुन सक्छ;
- अन्य परिसरहरूहुँदै जानुको सट्टा एसएआरसीमा सीधा पहुँचको व्यवस्था गरेर गोपनीयतामा सुधार हुन्छ,
- परिसर र कर्मचारीहरूको सुरक्षा एसएआरसी योजनाको एक महत्वपूर्ण अंश हो, उदाहरणका लागि, अलार्म प्रणालीहरू ।

एसएआरसी सुविधाहरूमा निम्नलिखित समावेश गर्नुपर्छ :

- स्वागतयोग्य आतिथ्य क्षेत्र;
- फोरेन्सिक प्रतीक्षा कक्ष;
- फोरेन्सिक चिकित्सा परीक्षण कक्ष;
- शौचालय र नुहाउने स्थान ;
- प्रहरीको लागि अन्तर्वार्ता कक्ष ।

फलोअप (अनुगमन) सुविधाहरू:

- फोरेन्सिक परीक्षणको समयमा भेटघाटका लागि समय मिलाउन सकिन्छ;
- फोरेन्सिक परीक्षणमा भाग लिने प्रारम्भिक अनुभव पुन:उत्पादन

गर्नबाट बच्न फलो-अप सुइटको छुट्टै प्रवेशद्वार;

- फलो-अप सुविधाहरूमा देहाय कुरा समावेश हुनुपर्छ:
  - एक स्वागतयोग्य आतिथ्य क्षेत्र;
  - आरामदायी सिट भएको प्रतीक्षा गर्ने ठाउँ;
  - एउटा परामर्श कोठा;
  - एउटा जाँच कक्ष;
  - शौचालय र नुहाउने स्थान;
  - प्रहरी/मनोविद्को प्रयोगको लागि एउटा अन्तर्वार्ता कक्ष ।

फोरेंसिक सुविधा/अखण्डता

- फोरेन्सिक प्रतिक्षा कक्ष (सफ गर्न मिल्ने कुर्सी र भुइँ);
- सबै कक्षहरूलाई प्रयोग अनुसार स्पष्ट रूपमा संकेत चिन्ह लगाइएको हुनुपर्छ, जस्तै, चिकित्सा परीक्षण, प्रतीक्षालय, बाथरूम ;
- फोरेन्सिक सुइटमा लक गर्न मिल्ने ढोका हुनुपर्दछ र सफाई प्रक्रियाको अखण्डता जोगाउन प्रयोगमा नभएको बेला लक गरिएको हुनुपर्छ;
- उल्टाउन मिल्ने लेमिनेटेड सूचनाहरू सबै फोरेन्सिक सुइटको ढोका बाहिर टाँसिनुपर्छ;
- नमूनाहरू भण्डारण गर्न मेडिकल कक्ष भित्र फ्रिज/फ्रिजर आवश्यक छ कि छैन निर्णय गर्नुहोस् ;
- फोरेन्सिक क्षेत्रहरूको लागि सरसफाई प्रोटोकल ।

एसएआरसी आउने प्रत्येक पीडित/प्रभावितको विवरण अभिलेख गर्ने :

- तल दिएका सूचनाको अभिलेख राख्नका लागि एउटा सामान्य लगबुक उपलब्ध हुनुपर्छ र प्रत्येक पटक एसएआरसीमा आउँदा त्यसमा भर्नुपर्छ :
  - प्रति प्रवेश संख्या;
  - आएको भएको मिति र समय;
  - नाम;
  - प्रहरी अन्तर्वार्ता भएको ;
  - फोरेन्सिक चिकित्सा जाँच गरिएको;
  - सफाईको अनुरोध;
  - सरसफाई गरिएको (समय, मिति, नाम);
  - अनुरोध गरिएको स्टक पुन:पूर्ति गर्ने ;
  - स्टक पूर्ति गरेको (समय, मिति, नाम) ;
- सरसफाई कार्यविधि, बाथरुमबाट फोहोर कपडा हटाउने, सुईको डिस्पोजलसम्बन्धी सल्लाह समावेश मार्गनिदेशिका ;
- मेडिकल कक्षमा र बाथरुम सामग्रीको पुन:भण्डारण सम्बन्धमा खरिद विवरण ।

पीडित/प्रभावित हेरचाह :

- प्रत्येक यौन दुर्व्यवहार पीडित/प्रभावितको लागि एकल प्रयोगको बाथरुपमा प्रयोग हुने सामग्री उपलब्ध गराउनुहोस्, उदाहरणका लागि, शावर जेल, टूथपेस्ट, टूथब्रश, र काइँयो ;
- फिर्ता गर्न नसकिने केही लुगाहरू, अन्डरवियर, जुत्ताहरू फेरफार कपडाको रूपमा जब पीडित/प्रभावितले फेर्ने कपडा नबोकेको अवस्थामा ;
- यौन उत्पीडनमा परेका पीडितहरू/प्रभावितहरूलाई सल्लाह दिने पर्चा, सान्दर्भिक सहयोग संस्थाहरूको विवरण समावेश भएको ;
- एसएआरसीको सम्पर्क विवरणहरू सहितको जानकारी प्रदान गर्नुहोस्, जसमा पीडित/प्रभावित व्यक्तिलाई हेर्ने कर्मचारीहरूको नाम र सेवन गरिरहेको औषधिसम्बन्धी जानकारी ;
- आकस्मिक गर्भनिरोधक सम्बन्धी पर्चा पीडित/प्रभावितलाई प्रदान गर्नुहोस् ।

कर्मचारी:

- आवश्यक कर्मचारीहरूलाई सूचित गर्न सम्भव भएमा एसएआरसीमा पीडितहरूको संख्या एकिन गर्ने ।

प्रमुख भूमिकाहरू:

- एसएआरसी प्रबन्धक - पूर्णकालीन समय ;
- एसएआरसी प्रशासक - पूर्णकालीन समय ;
- संकट सहायता कार्यकर्ता/मनोवैज्ञानिक/नर्स - पूर्णकालीन समय;
- क्लिनिकल निर्देशक - प्रति हप्ता दुई दिन;
- फोरेन्सिक मेडिकल परीक्षक(हरू) (युकेको अनुसन्धानले अधिकांश बलात्कार पीडित/प्रभावितहरूले महिला चिकित्कसद्वारा जाँच गरिएको रुचाउँछन्);

- प्रहरी - यौन अपराध अनुसन्धानमा प्रशिक्षित;
- व्यवस्थापन बोर्ड ।

क्राइसिस सपोर्ट वर्कर (आपतकालीन सहयोगकर्मी का लागि मुख्य दक्षताहरू:

- योग्य नर्स वा अनुभवी स्वास्थ्य सल्लाहकार वा अनुभवी/योग्य परामर्शदाताहरू;
- यौन दुर्व्यवहारको सामना गरेको व्यक्तिको आवश्यकताको बुझाइ;
- राम्रो मौखिक र लिखित सञ्चार सीप ;
- बहु-व्यावसायिक टोलीको अंगका रूपमा काम गर्नसक्ने क्षमता ।

प्रशिक्षण आवश्यकताहरू:

- यौन अपराध प्रशिक्षण;
- अदालत प्रशिक्षण;
- प्रारम्भिक प्रमाण प्रशिक्षण;
- पहिलो प्रतिकार्य ;
- पुलिसलाई एसएआरसी सँग काम गर्ने बारे स्पष्ट जानकारी/प्रशिक्षण चाहिन्छ ।

सञ्चार:

- एसएआरसीको सफल सञ्चालनका लागि प्रभावकारी सञ्चार आवश्यक तत्व हो:
  - प्रहरीसँग सञ्चारको केन्द्रीय माध्यम बन्न सक्ने प्रहरी सम्पर्क अधिकारी नियुक्त गर्नुहोस्;
  - स्वास्थ्य निकायसँग सञ्चारको केन्द्रीय माध्यम पनि हुन सक्ने स्वास्थ्य सम्पर्क अधिकारी नियुक्त गर्नुहोस् ;
  - सान्दर्भिक बहु-निकाय सदस्यहरूसहितको व्यवस्थापन बोर्ड स्थापना गर्ने;
  - सूचना आदानप्रदानका लागि सहमत प्रोटोकलहरू;
  - विशेष परिचालन नीति र कार्यविधिहरू स्थापित गर्ने र सहमति जुटाउने ।

लेखाजोखा र गुणस्तर:

- एसएआरसीमा सेवा प्रबन्धका विभिन्न पक्षहरूमा लेखापरीक्षणहरू सञ्चालन गरिएको र तथ्याङ्कहरू मिलाउन आवश्यक छ, उदाहरणका लागि:
  - फोरेन्सिक परीक्षणको उपलब्धता;
  - प्रयोगकर्ता सन्तुष्टि सर्वेक्षणहरू;
  - व्यवस्थापनसम्बन्धी जानकारी;
- यसले यसको प्रभावकारिताको प्रमाण दिनेछ र दीर्घकालीन आर्थिक सहायता प्राप्त गर्न मद्दत गर्नेछ ।

घटना अध्ययन २

पीडित सहयोग केन्द्र : बंगलादेशमा न्यायको प्रवेशद्वार

शमीमा बेगम पीपीएम, अतिरिक्त डीआईजी[४५], बंगलादेश प्रहरी,

पीडित सहयोग केन्द्र फोटो सौजन्य : बङ्गलादेश प्रहरीको फेसबुक

पीडित सहयोग केन्द्र फोटो सौजन्य : बङ्गलादेश प्रहरीको फेसबुक

महिला तथा बालबालिका विरुद्धको हिंसा समाजको विरुद्धको लज्जाको विषय हो । बंगलादेशमा प्रहरीले पीडित सहयोग केन्द्र (भिएससी) को मोडेल मार्फत महिला तथा किशोरी विरुद्ध हुने हिंसाका मुद्दाहरूलाई सामूहिक रूपमा प्रतिकार्य गर्न स्थानीय गैरसरकारी संस्थाहरूसँग सहकार्य गऱ्यो । पहिलो भिएससी सन् २००९ मा युएनडीपीको प्रहरी सुधार परियोजनाको एउटा अंशका रूपमा स्थापित भएको थियो र बंगलादेश प्रहरी र गैरसरकारी संस्थाहरूका लागी एक महत्वपूर्ण कार्यक्रम बन्यो ।

कसरी ?

पीडित सहयोग केन्द्र द्रुत प्रतिकार्य प्रदान गर्न र पीडित/प्रभावितहरूलाई समुदायमा पुनःएकीकरण गर्नमा केन्द्रित छ । प्रहरी, वकिल, सल्लाहकार र चिकित्सक जस्ता सम्पूर्ण रुपमा महिला पेशाकर्मी कर्मचारीका रुपमा समर्थन प्राप्त केन्द्रले आश्रय, परामर्श, कानूनी सहायता, आपतकालीन उपचार र मध्यस्थता सहित एकीकृत सहायता प्रदान गर्दछ । १० वटा साझेदार एनजीओहरूसँग मिलेर, यसले महिला तथा किशोरी विरुद्ध हुने हिंसाबाट पीडित/प्रभावित महिला र बालबालिकाहरूको लागि चौबीसै घण्टा हेरचाह प्रदान गर्दछ ।

पीडित सहयोग केन्द्रले महिला र बालबालिकालाई पुनः पीडित हुनबाट जोगाउन डाटाबेस पनि राख्छ र हेल्पलाइन फोन नम्बर, ढाका महानगरीय प्रहरीका लागि फेसबुक लिङ्क र पीडितहरू/प्रभावितप्रतिको प्रतिकार्यमा प्रहरीलाई अझ प्रभावकारी रुपमा सहयोग गर्न वेबसाइट (www.dmpwsid.gov.bd) उपलब्ध गराउँछ ।

प्रहरी र पीडित सहयोग केन्द्र संलग्न अन्य संयुक्त गतिविधिहरू देहाय अनुसार रहेका छन् :

- विद्यार्थीहरूका लागि यौन उत्पीडन, शोषण र महिला तथा किशोरी विरुद्ध हिंसाका अन्य रूपहरूमा सचेतना कार्यक्रमहरूको विकासलाई प्रोत्साहन गर्ने शैक्षिक संस्थाहरूमा अभियानहरू;
- प्रहरी चौकीहरूमा खुला दिन;
- समुदायहरूसँग सचेतना-वृद्धिका लागि स्थानीय मेलामा स्टलहरू राख्ने ;
- पर्चा र ब्रोसर वितरण ।

सन् २००९ देखि २०१४सम्म ढाका महानगरीय प्रहरीको पीडित सहयोग केन्द्रले ३,००० भन्दा बढी पीडित/प्रभावितहहरूलाई सहयोग प्रदान गरेको छ ।

कस्ता सेवाहरूले फरक पारिरहेका छन् ?

पीडित सहयोग केन्द्रले महिला र बालबालिकालाई स्वागत गर्न र प्रहरी कर्मचारीहरूले उजुरी दर्ता गर्ने र उनीहरूको तत्काल आवश्यकताहरू पूरा गर्ने उपयुक्त वातावरण प्रदान गरेर

४५ अतिरिक्त डीआईजी अतिरिक्त नायब महानिरीक्षक हो । शमिमा बेगम बंगलादेश प्रहरी महिला नेटवर्कको वर्तमान उपाध्यक्ष र महिला प्रहरीको अन्तर्राष्ट्रिय संघ क्षेत्र २२ को संयोजक हुन् ।

उनीहरूलाई मर्यादा र सम्मानका साथ व्यवहार गर्न पाएकोमा गर्व गर्छ । अझ निश्चित रूपमा भन्नुपर्दा पीडित सहयोग केन्द्रले :

- 'जाहेरी दर्खास्त' का लागि साथ-सहयोग प्रदान गर्दछ, पीडित/प्रभावितहरूलाई न्याय प्रक्रियाहरू, आपतकालीन चिकित्सा सहायताबारे जानकारी प्रदान गर्छ र उपयुक्त परिस्थितिहरूमा उपचारका लागि मेडिकल सेन्टर सम्म पुग्न सहजीकरण गर्दछ;
- अनुसन्धान प्रक्रियाहरूमा सहयोग गर्दछ, फोनमा जानकारी उपलब्ध गराउने (आवश्यक भएमा) र मनोसामाजिक परामर्श सहित प्रक्रियाहरूको बारेमा पीडित/प्रभावितहरूलाई जानकारी दिन्छ;
- पीडित/प्रभावितहरूलाई दोहोरो पीडित हुनबाट रोक्नका लागि पुनर्स्थापना, कानुनी सहायता, अतिरिक्त चिकित्सा र मनोवैज्ञानिक सहयोग, र परिवारमा पुनः एकीकरण जस्ता दीर्घकालीन सहायताका लागि सरकारी र गैर-सरकारी संस्थाहरूसमक्ष सिफारिसहरू गर्दछ ।

के कुराले काम गऱ्यो: पीडित सहयोग केन्द्रको प्रहरी नेतृत्वद्वारा लिइएका अग्रसक्रिय कदमहरू

वित्तीय स्थायित्व सुनिश्चित गर्ने : पीडित सहयोग केन्द्रको वरिष्ठ प्रहरी व्यवस्थापकले सरकारसँग परैवी गरेर ढाकाको मुख्य प्रहरी मुख्यालय मार्फत वित्त मन्त्रालयमा पठाइएको आर्थिक सहायताका लागि प्रस्ताव तयार गऱ्यो । यसको परिणाम स्वरूप फरक सरकारी बजेटबाट रकम छुट्याइयो, जसले त्यसपछि पीडित सहयोग केन्द्रलाई चिकित्सा उपचार, खाना र लत्ताकपडा प्रदान गर्न र मुद्दाहरूको व्यवस्थापनसँग सम्बन्धित अन्य लागतहरूको खर्च बहन गर्न सहज बनायो । अतिरिक्त आर्थिक स्रोतले थप महिला प्रहरी अधिकृतहरूको नियुक्तीलाई पनि सम्भव बनायो, जो अहिले मुद्दाहरूको अनुसन्धान र पीडित व्यवस्थापनमा संलग्न छन् ।

स्पष्ट रणनीतिको विकास : ढाका महानगरीय प्रहरीद्वारा जारी रणनीतिहरू मध्ये एउटा द्रुत प्रतिकार्य टोली (क्यूआरटी) गठन गर्नु थियो जसले घटनालाई तुरुन्तै सम्बोधन गर्न र सहायता प्रदान गर्न सक्छ । क्यूआरटीको प्रमुखको रूपमा एक सहायक निरीक्षक, टोलीको सदस्यको रूपमा सहायक सहनिरीक्षक र दुई जना जवानहरू छन् । टोलीका सबै सदस्य महिला प्रहरी हुन् ।

पीडित सहयोग केन्द्र फोटो सौजन्य : बङ्गलादेशप्रहरीको फेसबुक

सही प्रहरी एकाइहरू संलग्न रहेको सुनिश्चित गर्ने : पीडित सहायता केन्द्र प्रहरी व्यवस्थापनले पीडित सहयोग केन्द्र, अनुसन्धान इकाई र द्रुत प्रतिकार्य टोलीबाट सबै उपयुक्त सीप र व्यावसायिकता सहितका कर्मचारीहरूलाई एकै ठाउँमा ल्यायो । यसको उद्देश्य पीडित/प्रभावितहरूलाई व्यापक दायराको सीप संग्रह र सहयोग प्रदान गरिएको सुनिश्चित गर्नु रहेको छ ।

सन् २००९ देखि पीडित सहायता केन्द्रको प्रभाव

पीडित सहयोग केन्द्र बंगलादेश र दक्षिण एसिया दुवैमा एउटा महत्वपूर्ण पहल बन्न पुगेको छ र हाल हिंसा भोगेका महिला र किशोरीहरूको न्यायमा पहुँचलाई प्रवर्द्धन् गर्ने कामलाई अगाडि बढाएको छ । ढाका महानगरीय प्रहरीद्वारा पहिलो पीडित सहयोग केन्द्रको स्थापना भए यता बंगलादेशमा पीडित/प्रभावितहरूलाई सहयोग प्रदान गर्न थप ८ वटा सहयोग केन्द्रहरू स्थापना गरिएको छ ।

न्यायिक निकायहरूबीच समन्वय

"यदि समन्वयले स्थानीय स्तरका संस्था, पीडितका अधिकारसम्बन्धी पैरवीकर्ता, सेवा प्रदायक र आपराधिक न्याय प्रणालीका पात्रहरूलाई एउटै साझा मञ्चमा ल्याउँछ भने, त्यस समस्याका लागि एक सम्भावित समाधानको बाटो भनेको समन्वय हो ।"

- जबरजस्ती करणी रोकथाम र जबरजस्ती करणीका पीडित महिलाका लागि सहायताबारे विश्वभरीका असल अभ्यासहरूको सिंहावलोकन (युरोपियन संसद्, २०१३)

अध्यायका लक्ष्यहरू:

प्रहरीले गुणस्तरीय अत्यावश्यक सेवाहरू प्रभावकारी ढङ्गमा प्रदान गर्दै पीडित/प्रभावितका लागि उत्कृष्ट नतिजा सम्भव बनाउँछन् । विभिन्न न्यायिक निकायर सेवा प्रदायकहरूको मापदण्ड र अपेक्षाहरू सक्रिय रूपमा पूरा गरेर एक समन्वयात्मकपीडित/प्रभावित-केन्ित र महिला तथा किशोरी विरुद्धका हिंसाप्रति लैङ्गिक-संवेदनशील प्रतिकार्य भएको हुन्छ ।

मुख्य सन्देश र सिकाईका बुँदाहरू:

- अत्यावश्यक सेवा समन्वयको निगरानीमा पारदर्शिता र वैधताको लागि बाह्य सरोकारवालालाई समावेश गर्नु महत्त्वपूर्ण छ;
- समन्वयले दोहोरोपना वा विरोधाभास हुने कुराहरू रोकथाम गरेरविभिन्न न्यायिक निकायहरूद्वारा पीडित/प्रभावितलाई पुनःपीडित बनाउनबाट जोगाउन र जोखिम कम गर्न मद्दत गर्न सक्छ;
- सबै न्यायिक निकायबाट पीडित/प्रभावितलाई प्रदान गरिने जानकारी एकरूपतापूर्ण हुनुपर्छ ताकि उनीहरूका अपेक्षाप्रभावकारी रूपमा व्यवस्थित गर्न सकियोस्,
- महिला तथा किशोरी विरुद्धका हिंसाअनुसन्धान समन्वय प्रक्रियाहरूमा बाह्य सरोकारवालाहरूको निरीक्षणलाई सन्तुलनमा राखेर अनुसन्धानको अखण्डताको संरक्षण आफैंमा महत्वपूर्ण छ;
- मन्वय संयन्त्रको लागि पर्यवेक्षण ढाँचाहरू स्थापना गर्न र/वा सुदृढ पार्नका लाथि प्रहरीका मध्यम तहका व्यवस्थापकहरू ससहायक हुन सक्छन् ।
- हानि नगरौं सिद्धान्तलाई अपराध प्रतिकार्यको साझेदारहरू छनोट गर्ने प्रक्रियामा लागू गरिनु पर्छ, किनकि यसले समूहलाई हैसियत प्रदान गर्न सक्छ र, निहित रूपमा, यसलाई मान्यता नदिनेहरूलाई अस्वीकार गर्न सक्छ ।

परिचय

प्रहरी तथा अन्य कानून प्रवर्तन गर्ने अधिकारीहरूको मुख्य कर्तव्य र क्षेत्रीय उपस्थितिको परिणामस्वरुप, उनीहरू सामान्यतया अपराध र हिंसापीडित/प्रभावितका लागि न्यायको अग्रपंक्तिमा हुन्छन् । यद्यपि, न्यायकर्मीहरूमध्ये सबैभन्दा बढी प्रत्यक्ष देखिने भए तापनि, न्याय खोज्नेमहिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितले भर पर्न सक्ने एकमात्र सेवा प्रहरी संगठन होइन, र हुनु पनि हुँदैन ।

फोटो सौजन्य : महिला, कानून र विकासको लागि फोरम (एफ.डब्लु.एल.डि./ चूएन वुमन)

आफ्नो प्रभाव तथा नियन्त्रण क्षेत्रमा सुव्यवस्था र न्याय कायम राख्नु राज्य र यसका न्याय, स्वास्थ्य र समाज कल्याण लगायतका अन्य क्षेत्रको प्रतिनिधित्व गर्ने विभिन्न संस्थाहरूको दायित्व हो । फलस्वरुप, महिला तथा किशोरी विरुद्धका हिंसापीडित/प्रभावितका लागि उत्कृष्ट परिणाम खोज्न प्रहरी संगठन र न्यायिक निकायहरूसँगसाझा सैद्धान्तिक ढाँचालाई सुदृढ पार्ने धेरै सहकार्यात्मक अवसर र समन्वयात्मक संयन्त्रहरू हुनुपर्दछ ।

यी अवसर र समन्वयात्मक संयन्त्रहरू सरकारको राष्ट्रिय, क्षेत्रीय[१] र स्थानीय पालिकास्तरमा फेला पार्न सकिन्छ, र सामान्यतया प्रहरी लगायतकाप्रत्येक पात्रले, आफ्नो योग्यताको क्षेत्र अनुसार एक समन्वयात्मक भूमिका खेल्दै एकअर्कासँग फराकिलो बहु-क्षेत्रीय विधिको ढाँचामा परस्परनिर्भर रहेका हुन्छन् ।

सामान्यतया, अन्तर-निकाय सहयोगका लागि कानून कार्यान्वयन गराउने समपूरक निकायहरूसँग कार्यविधि वा समझदारी पत्रहरू हुन्छन् र राष्ट्रिय, क्षेत्रीय वा पालिका-स्तरको सुरक्षा परिषद वा समितिहरू मार्फत रणनीतिक रूपमा तिनलाई क्रमबद्ध गर्नका लागि नियमित रूपमा राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरमा अन्य सुरक्षा निकाय र अन्य सेवा प्रदायकहरूसँग भेट्ने गर्छन् ।

एक मध्यम तहकोप्रहरी व्यवस्थापकका रूपमा, महिला तथा किशोरी विरुद्धका हिंसामा एकीकृत एवं समन्वयात्मक लैङ्गिक-संवेदनशील प्रतिकार्यका लागि योगदान सुनिश्चित गर्ने अवसरहरू सामान्यतया स्थानीय पालिका र सामुदायिक स्तरहरूमा पाइनेछन् । सामुदायिक प्रहरीकार्यमा आधारित मञ्च र/वा स्थानीय (पालिका) सुरक्षा परिषदहरूले यस स्तरमा धेरै प्रवेश बिन्दुहरू उपलब्ध गराएका हुन्छन्, र महिला तथा किशोरी विरुद्धका हिंसाभित्र के के पर्छन् र यसको व्यापकतालाई प्रभावकारी रूपमा प्रतिकार्य गर्नआवश्यक रणनीतिक कार्यहरूकस्ता हुन्छन् भन्नेबारे स्थानीय प्रहरी, न्याय प्रणालीमा तिनका साझेदार र स्थानीय सरोकारवालाहरूको साझा बुझाइमा तिनको सफलता निर्भर हुन्छ ।

प्रहरी र न्याय प्रणालीमा उनका साझेदारहरूले यस्ता साझा स्थान, मञ्च वा परिषद्हरूमा सहयोगी प्रणालीहरूलाई बलियो बनाउन बाह्य सरोकारवालाहरूसँग सक्रिय रूपमा साझेदारी

१ देशका आधारमा, यो उप-राष्ट्रिय तहलाई जिल्ला, विभागीय, भू-क्षेत्रगत, क्यान्टोनल वा प्रादेशिक तहको रूपमा उल्लेख गर्न सकिन्छ ।

फोटो सौजन्य : यूएन वुमन/नेपाल

खोज्न सक्छन् । यस्ता साझेदारीले प्रहरी र अन्य न्यायिक निकायहरू लगायत अत्यावश्यक सेवा प्रदायकहरू बीच थप प्रभावकारी सहकार्यका लागि सामूहिक सिकाइलाई पनि बढाउन सक्छन् ।

प्रहरी र न्याय प्रणालीका साझेदारहरूले अत्यावश्यक सेवा समन्वयको निरीक्षणमा बाह्य स्थानीय र सक्षम सरोकारवालाहरूलाई समावेश गरेर, प्रायः नियमित समीक्षा, अनुगमन र मूल्याङ्कनको अभाव रहने, तरअत्यधिक प्राविधिक र जटिल प्रक्रियामा अति आवश्यक पर्ने पारदर्शिता र वैधता ल्याउन सक्छन् ।

यस अध्यायले लैङ्गिक-उत्तरदायी अत्यावश्यक सेवाहरूको प्रभावकारी प्रवाहका लागि समुदायमा आधारित **सरोकारवालाहरू**को सहयोगका साथ, अन्य न्यायिक निकायहरूसँग स्थानीय-स्तरको समन्वयात्मक भूमिकामा प्रहरी व्यवस्थापकहरूलाई मार्गदर्शन प्रदान गर्ने लक्ष्य राखेको छ । मार्गदर्शनले पीडित/प्रभावितका लागि उत्कृष्ट परिणाम खोज्दै,महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्दा विभिन्न न्यायिक निकाय र सेवा प्रदायकहरूको मापदण्ड र अपेक्षाहरू पूरा गर्न, पाठकलाई प्रहरी-नियन्त्रित समन्वयात्मक प्रयासहरूमा उत्कृष्ट अभ्यासहरू तर्फ अभिमुख गर्नेछ ।

यस अध्यायले न्यायको निरन्तरता भित्र र बाहिर दुबै स्थानमा, महिला तथा किशोरी विरुद्धका हिंसामा एक ठोस पीडित/प्रभावित-केन्द्रित दृष्टिकोणका लागिन्यायिक निकाय र सरोकारवालाहरूसँग प्रभावकारी संलग्नता र समन्वयका लागि मुख्य रहने प्रहरी दक्षता र सीपहरूबारे चर्चा गर्नेछ । यो अध्याय समन्वयको सन्दर्भमा प्रहरीले के नियन्त्रण गर्न सक्छ र गर्नुपर्छ भन्ने कुरामा केन्द्रित भएकोले, यसले अन्य न्यायकर्मीहरूको समन्वयात्मक भूमिकालाई सम्बोधन गर्दैन । त्यसबारे अध्याय १२ : *न्यायको निरन्तरता*मा थप विस्तारमा छलफल गरिनेछ ।

यस अध्यायले न्यायिक निकायहरू बीच महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यका समन्वयात्मक पद्धतिका लागि संयन्त्रहरू पहिले नै शासकीय प्रणालीका विभिन्न तहमा विद्यमान छन्, प्रत्येकको आफ्नो स्थापित कार्यविधि र प्रक्रियाहरू विद्यमान छन् भन्ने अनुमान गर्छ । यस अध्यायमा सहकर्मीबाट सहकर्मीलाई मार्गनिर्देश पनि प्रस्ताव गरिएको छ, जसले न्यायकर्मीहरू बीचको समन्वयमा अत्यावश्यक सेवा प्याकेजको साझा विशेषता र सिद्धान्तहरूलाई सुदृढ पार्दै विद्यमान राष्ट्रिय औजारहरूलाई परिपूरण गर्ने प्रयास गर्छ ।

विगतका अध्यायहरू जस्तै, यस अध्यायलाई अत्यावश्यक सेवा प्याकेजको मोड्युल ३ को *न्याय र प्रहरीकार्य* को *खण्ड ११: न्यायकर्ताहरू बीचको समन्वय* र अत्यावश्यक सेवा प्याकेजको मोड्युल ५ को *समन्वय र सुशासनको समन्वय* को सँगसँगै हेर्न पाठकलाई सिफारिस गरिन्छ । पाठकलाई यस अध्यायको साथमा, २०१४ युएनओडिसीकार्यका लागि खाका: महिला विरुद्ध हुने हिंसालाई रोक्न र सम्बोधन गर्न फौजदारी न्याय प्रणालीको कार्यान्वयन योजना (*Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women* शीर्षकको प्रकाशनमा समावेश गरिएको) हेर्न पनि सिफारिस गरिन्छ। महिला हिंसा); समुदायमा आधारित दृष्टिकोणलाई विशेष रूपमा उल्लेख गर्ने अन्तर-निकाय स्थायी समितिको[२] *Guidelines for Integrating Gender-Based Violence Interventions in Humanitarian Action(2015),* महिला तथा किशोरी विरुद्धका हिंसामा समन्वयात्मक समाधानको खोजीबारे विश्वव्यापी अनुभवका लागि २०१५ युएनओडिसी *A Study for Creating a Multidisciplinary Response Mechanism to Violence Against Women in Egypt*; र अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँच सम्बन्धी सबै पक्षहरूमा मार्गदर्शनको लागि युएनएचसीआरको *Thematic study on the issue of violence against women and girls and disability* हेर्न सुझाव गरिन्छ ।[३]

---

२ 'Guidelines for Integrating Gender-Based Violence Interventions in Humanitarian Action: Reducing risk, promoting resilience and aiding recovery', (Inter-Agency Standing Committee, 2015).

३ 'Thematic study on the issue of violence against women and girls and disability, Report of the Office of the United Nations High Commissioner for Human Rights', (A/HRC/20/5, 30 March 2012).

सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन

प्रभावकारी अनुसन्धानका लागि न्यायिक निकायहरूबीच समन्वय हुनु आवश्यक छ, ताकि प्रयासहरू दोहोरिन नपाउन् वा अन्य न्यायिक निकायहरूलाई बाधा पुग्न सक्ने कार्यहरू नहोउन् । महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी अपराधमा अनुसन्धान, अभियोजन र सजायका लागि पीडित/प्रभावित केन्द्रित दृष्टिकोण सुनिश्चित गर्न र पुनः पीडित हुने जोखिम कम गरेरपीडित/प्रभावितका लागि न्याय प्राप्त गर्ने सम्भाव्यतालाई बढावा दिनका लागि पनिसमन्वय महत्वपूर्ण छ ।

यदि न्यायिक निकायहरू बीचको समन्वय पहिले नै विद्यमान छैन, वा तपाईंको प्रहरी क्षेत्रभित्र पर्याप्त बलियो छैन भने, तपाईंले त्यसमा सकारात्मक परिवर्तन ल्याउन नेतृत्व लिनु आवश्यक हुन्छ । न्याय सुनिश्चित गर्नु एक सामूहिक प्रयास हो, र प्रत्येक निकायले संवेदनशीलता, नैतिकता, सम्मान र मर्यादाका साथ काम नगरी र सहकार्य नगरी, कुनैपनि न्यायिक निकाय एक्लैले कानूनको संरक्षण र पीडितहरूलाई पहुँचयुक्त, प्रभावकारी र निष्पक्ष न्याय प्रदान गर्ने अन्तिम लक्ष्य हासिल गर्न सक्दैन ।

प्रारम्भमा, तपाईंले आफ्नो न्यायिक निकायका साझेदार (सरोकारवाला) वास्तवमा **को को** हुन् भन्ने पहिचान गर्नुपर्छ, उदाहरणका लागि कानुनी अधिवक्ता, वकिल, अभियोजक, मजिस्ट्रेट, न्यायाधीश र,सान्दर्भिकता अनुसार समुदायका अग्रज र स्थानीय कानून वा भरोसाका समर्थकहरू लगायत यसमा पर्न सक्छन् । एकपटक तपाईंले आफ्ना सरोकारवालाहरूको नक्साङ्कन गरिसकेपछि, ती प्रत्येकले न्याय प्रक्रियामा कसरी योगदान पुऱ्याउँछन्, उनीहरूका आवश्यकता र प्रहरीबाट उनीहरूले गर्ने अपेक्षा के हुन् र फलस्वरूप, उनीहरूबाट तपाईंका आवश्यकता र अपेक्षाहरू के हुन् भनेर पहिचान गर्न आवश्यक हुन्छ । प्रत्येक निकायका प्रतिनिधिहरूलाई एकअर्काको भूमिकाको बारेमा उनीहरूको बुझाइ के हो भनेर छलफल गर्न र निकायहरू बीच उनीहरूको सम्बन्धित आवश्यकता, अपेक्षा र चुनौतीहरू आदानप्रदान गर्नु एक उत्तम विचार हुन्छ । त्यसो गरेर, तपाईंले ती निकायहरू बीच सचेतनाको स्तरमा सुधार गर्नुका साथै सहयोगी सम्बन्ध निर्माण गर्न एउटा मञ्च पनि उपलब्ध गराउनु हुनेछ ।

उदाहरणका लागि, यदि तपाइँ र तपाइँका कर्मचारीहरूले अभियोजकहरूले अदालतमा बलियो मुद्दा प्रस्तुत गर्नका लागि

फोटो सौजन्य: माइती नेपाल

आवश्यक पर्ने कुराहरू पूर्ण रूपमा बुझ्नु भएमा, अदालती प्रणालीमा प्रवेश गर्नु अघि नै अभियोजकहरूद्वारा 'छाडिने' मुद्दाहरूको संख्या तपाइँ कम गर्न सक्नुहुन्छ । त्यसैगरी, सजाय दिलाउनमा सफल हुनका लागि अभियोजकहरूले अदालतका आवश्यकताहरू बुझ्न आवश्यक हुन्छ र त्यो जानकारी तपाईंलाई उपलब्ध गराउन सकिएमा, तपाईंले आफ्ना कर्मचारीहरूलाई त्यसै अनुरुप व्याख्या गर्न र बुझाउन सक्नुहुन्छ ।

अदालतमा अपराध सिद्ध गर्न सफल हुनका लागि के आवश्यक छ भन्नेबारे अझ राम्रो बुझाइ भएपछि तपाइँका कर्मचारीहरूले सक्दो चाँडो उत्कृष्ट प्रमाणहरू पहिचान गर्न र प्राप्त गर्न सक्षम हुन्छन् ।

प्रहरी र अभियोजन सेवा बीचका अपेक्षाहरू बुझ्न मद्दत गर्न, युएन वुमनले केही उपयोगी र संक्षिप्त सुझावहरू प्रदान गरेको छ:

बाकस १

संक्षिप्त सुझावहरू : प्रहरी र अभियोजन सेवाका अपेक्षाहरू[४]

पात्र	अपेक्षा
प्रहरीले अभियोजकको कार्यालयबाट गर्ने अपेक्षाहरू :	• आरोपपत्र ठीकसँग लेखिएको छ कि छैन भनेर सल्लाह दिने; • थप बयानहरू रेकर्ड गर्न आवश्यक छ कि छैन भनेर सल्लाह दिने; • थप अनुसन्धान गर्न आवश्यक छ कि छैन भनेर सल्लाह दिने; • अदालतमा पीडकको प्रहरीरेकर्ड प्रस्तुत गर्ने; • आवश्यक भएमा, पीडकलाई जमानी/बन्डमा रिहा गर्नमा आपत्ति जनाउने र महिला तथा किशोरी विरुद्धका हिंसाका मुद्दाहरूलाई प्राथमिकता दिने, विशेषगरी जब प्रभावित अदालतमा हुन्छ; • अदालतमा साक्षीहरूको परीक्षण गर्ने; • साक्षी संरक्षण निकाय (विटनेस प्रोटेक्शन एजेन्सी)सँग सम्पर्कहरू सहजीकरण गर्ने।
अभियोजकको कार्यालयले प्रहरीबाट गर्ने अपेक्षाहरू	• महिला तथा किशोरी विरुद्धका हिंसाका घटनाहरूमा उचित अनुसन्धान गर्ने; • संदिग्धलाई पक्राउ गर्ने; • प्रभावित, साक्षी र संदिग्धहरूबाट विस्तृत बयानहरू रेकर्ड गर्ने; • प्रभावितर संदिग्धहरूलाई मेडिकल जाँचका लागि अस्पताल लग्ने; • अपराधको उचित विवरण र आरोपको विवरणहरू सहित आरोपपत्रको मस्यौदा तयार गर्ने; • पेश गर्नुपर्ने प्रमाणहरूको नियन्त्रणको उचित श्रृंखला (चेन अफ कस्टडी) कायम राख्ने; • पेश गर्नुपर्ने प्रमाणहरूको उचित रूपमासङ्कलन रसंरक्षण गर्ने; • संदिग्धहरूलाई २४ घण्टाभित्र अदालतमा पेश गर्ने; • अदालतमा पेश गर्नुपर्ने प्रमाणहरूप्रस्तुत गर्ने; • अदालतमा उपस्थित हुनको लागि साक्षीहरूलाई बन्ड गर्ने र पेश गर्ने; • आवश्यक भएमा थप अनुसन्धानहरू सञ्चालन गर्ने; • थप बयान रेकर्डिङको बारेमा सरसल्लाह गर्ने; • आवश्यक भएमा संदिग्ध र/वा जमानी बस्नेहरूको अनुगमन/ट्रेस गर्ने; • संकटासन्न प्रभावितहरूको उद्धार गर्ने । संदिग्धको विगतकारेकर्डहरू प्रस्तुत गर्ने; • सुनुवाइको मितिभन्दा कम्तिमा तीन दिन अगाडि प्रहरी मुद्दाका फाइलहरू अभियोजन पक्षमा पेश गर्ने; • अदालतमा बयान दिने; • जमानी र धरौटीको विरोधका आवेदनहरूमा प्रयोगको लागि शपथ पत्र प्रदान गर्ने ।

४ 'Gender-based Violence Resource Pack. A Standardized Training Tool for Duty Bearers, Stakeholders, and Rights Holders (UN Women, 2019), ps. 92-93,

न्यायिक निकायहरू बीचको समन्वय भएमापीडित/प्रभावितले धेरैपटक आफ्नो कथा सुनाउनु पर्ने अवस्था घटाएर उनी पुनःपीडित हुनुपर्ने सम्भावनालाई कम गर्न सक्छ - आदर्श अवस्थामा त, उनले एकपटक मात्र आफ्नो कथा बताउनुपर्छ ।समन्वयले सबै न्यायिक निकायहरू बीचको विश्वास र भरोसा पनि निर्माण गर्नेछ, जसले सूचना र गुप्त सूचना आदानप्रदानमा वृद्धि गर्दछ । यसले थप सटीक तथ्याङ्क संकलन सम्भव बनाउन सक्छ र अन्ततः थप रोकथामका अवसरहरूतर्फ डोऱ्याउन सक्छ। जोखिम मूल्याङ्कन प्रक्रियामा निकायहरू बीच समन्वय हुनुपर्छ । यदि प्रत्येक निकायले आ-आफ्नै जोखिम मूल्याङ्कन सम्पादन गर्छभने, महत्वपूर्ण जानकारी छुट्ने सम्भावना बढ्छ, र त्यसपछिका कुनै पनि सुरक्षा योजनामा यसको न्यूनीकरणका उपायहरूमा कमीकमजोरी हुन सक्छ ।

प्रभावकारी समन्वयात्मक कार्यका अभ्यासमा, साझा जिम्मेवारीहरू र सबै सरोकारवालाहरूसँगको सहकार्यमा विकसित साझा कार्यसम्पादनका उपायहरू स्पष्ट रूपमा सहमत र पारदर्शी ढाँचामा विकास गरिएको हुन्छ । यस्तो समन्वयात्मक कार्यका लागि, प्रत्येक निकायको जिम्मेवारीका क्षेत्रहरू र व्यक्तिगत निकाय एवं सरोकारवालाकासंयुक्त उत्तरदायित्वहरू उल्लेख गरिएको कार्यविधिहरूको विकास पनि आवश्यक हुन्छ ।

समन्वय संरचना र प्रक्रियाको आधारभूत पक्ष भनेको कानुनी गोपनीयता र गोप्यताका आवश्यकताहरू पूरा गर्नु हो र, कुनै पनि कार्यसम्पादन सूचकहरूको केन्द्रबिन्दुमा पीडित/प्रभावितको आवश्यकताहरू सुनिश्चित गर्नु सबैभन्दा प्राथमिकताको कुराहो । पीडित/प्रभावितका लागि उत्कृष्ट नतिजा जेजस्तो भएपनि, समग्र लक्ष्य भनेको जहिले पनि त्यही प्राप्त गर्ने हुनुपर्दछ ।

न्यायिक निकायहरूमा प्रभावकारी समन्वय हुनु भनेको, भ्रम निम्त्याउने मिश्रित सन्देशहरूको सम्भाव्यतालाई हटाउँदै,पीडित/प्रभावितलाई प्रदान गरिने कुनैपनि जानकारीमा एकरूपता हुनुपर्छ । प्रभावकारी समन्वयको माध्यमबाट पीडित/प्रभावित र न्याय प्रक्रियामा संलग्न सबैको अपेक्षा व्यवस्थापन गर्न सहज बनाइन्छ ।

न्यायिक निकायहरू बीचको समन्वयमाप्रहरी संगठनहरू बीचको अन्तर-कार्यक्षेत्रीय सवालहरू पनि समावेश हुन सक्छन् । महिला तथा किशोरी विरुद्धका हिंसाको घटनाको उजुरी गर्नका लागि यदि कुनै पीडित/प्रभावित तपाईं वा तपाईंको कर्मचारीकहाँ आउँछन्, तर घटना अर्को प्रहरी चौकी, जिल्ला वा क्षेत्रको जिम्मेवारी क्षेत्रभित्र घटेको छ भने, पीडित/प्रभावितलाई तपाईं र तपाईंको कर्मचारीले व्यवहार गर्दा, घटना तपाईंकै अधिकार क्षेत्रभित्र भएको हो जसरीगर्नुपर्छ ।अपराध वा अनुसन्धान तथ्याङ्कको कुनैपनि

पुनःपीडित हुने कुरा कुनै आपराधिक गतिविधिको प्रत्यक्ष परिणामस्वरुप नभई पीडित/प्रभावितलाई संस्था र व्यक्तिले अपर्याप्त सम्बोधनमार्फत् हुनेगर्छ ।

स्थानान्तरण पछि गरिनेप्रशासनिक प्रक्रियाको अंशमात्र हुनुपर्छ, र पीडित/प्रभावितलाई अर्को प्रहरी चौकी वा क्षेत्रमा पठाइनु हुँदैन, त्यसले पहिले नै उनले अनुभव गरेको आघातमा अझै आघात थपिनेछ । यसलेपुनःपीडित हुने परिमाण निम्त्याउनेछ र पीडित/प्रभावित-केन्द्रित दृष्टिकोण वा लैङ्गिक-उत्तरदायी प्रहरी सेवाको मापदण्ड यसले पूरा गर्दैन ।

महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यका चुनौतीको सामना तपाईंको टोलीको कार्यसम्पादनमा भएका कमीकमजोरीको पहिचानबाट सुरु हुन्छ

अपराधीहरूले प्रहरी संगठनहरूको क्षेत्रीय कार्याधिकारको सम्मान गर्दैनन्; यसको विपरित, उनीहरूले उद्देश्यपूर्ण रूपमा आफू बच्न आफ्ना गतिविधिहरू अन्तर-सीमामा सञ्चालन गर्न र परम्परागत कानूनी अनुसन्धान प्रक्रियाहरूमा विद्यमान कमीकमजोरीको लाभ उठाउन सक्छन् ।प्रहरी संगठनभित्र व्यापक सहकार्यात्मक सम्बन्ध र सञ्चारको सामान्य क्रमबद्धता भएपनि,बहु-कार्यक्षेत्र समेटिएका अनुसन्धान कमजोर हुन सक्छन् ।[५]

माथि वर्णन गरिए अनुसार, अत्यावश्यक सेवा प्रदायकहरूद्वारा गरिने समन्वयात्मक प्रयासहरूमा भएका कमीकमजोरीमाअसफलताको जवाफदेहिता अनुमान गर्न गाह्रो हुने र ठ्याक्कै इंगित गर्न अझ

घरेलु हिंसाका अनुसन्धानमा सूचना आदानप्रदान गर्दा दुई महत्वपूर्ण उद्देश्य हुन्छन् :

१. सेवा सम्बोधन र स्रोत विनियोजनका लागि सूचित गर्न घरेलु हिंसाका घटनाहरूको प्रभावकारी अनुगमन सम्भव बनाउने

२. तत्काल बहु-निकाय प्रतिकार्य आवश्यकपर्ने घरेलु हिंसाका केही घटनाको प्रभावकारी समाधान गर्ने

अपराध रोकथाम र फौजदारी न्यायका लागि युएन कमिसन (२००८)

[५] The Honourable Wally T. Oppal, 'FORSAKEN The Report of the Missing Women Commission of Inquiry: VOLUME IIB "Nobodies": How and Why We Failed the Missing and Murdered Women, Parts 3, 4 and 5' (2012).

गाह्रो हुने हुनाले, यो पीडित/प्रभावितका लागि पुनः पीडा दिने एक सामान्य कारक हुनसक्छ ।

प्रहरी र अन्य कानून प्रवर्तन र न्यायिक निकायहरू बीच सूचनाको आदानप्रदानको समन्वय एक रणनीतिक प्रक्रिया भएपनि, कर्मचारीतन्त्रको कारणले यसलाई सञ्चालन गर्न चुनौतीपूर्ण हुन सक्छ ।

प्रणालीलाई मिलान गर्ने प्राविधिक जटिलताहरू र मुद्दा व्यवस्थापनमा संलग्न संवेदनशीलताका कारण, प्रहरीको आन्तरिक नियन्त्रण संयन्त्रहरूले बाह्य समन्वय प्रक्रियालाई बेवास्ता गर्ने प्रवृत्ति एउटा विशेष चुनौतीहुन सक्छ ।

नतिजास्वरूप, कानून कार्यान्वयन गराउने निकायहरू बीचको समन्वयात्मक कमीकमजोरीले गर्दा सबैभन्दा धेरै बेफाइदामा अपराध र हिंसा पीडित/प्रभावित पर्छन्, किनभने यस प्रक्रियामा उनीहरूको कुनै नियन्त्रण हुँदैन र सामूहिक रूपमा दोष ग्रहण गर्नुको सट्टा सामान्यतया विभिन्न सम्बन्धित निकायलाई दोष लगाइने गरिन्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसाका मामिलाहरूमा प्रहरीले न्यायकर्मीहरू लगायत अन्य कानून कार्यान्वयन गराउने निकायहरूसँग कसरी समन्वय गर्छ भन्ने कुरा देशको शासन ढाँचामा निर्भर गर्दछ । गुणस्तर र कार्यसम्पादन सुधारका उद्देश्यका लागि त्यस्ता समन्वयात्मक प्रक्रियाहरूलाई कसरी नियन्त्रण गरिन्छ भन्ने कुरामा पनि यो समान रूपमा लागू हुन्छ ।

उदाहरणका लागि, होन्डुरस र रूस जस्ताएउटै केन्द्रीकृत प्रहरी निकाय रहेकाप्रहरी संगठनहरूमा, बाह्य न्यायकर्मीहरूसँग समन्वय लगायतकाकार्यसम्पादनको गुणस्तर नियन्त्रणत्यसभन्दा माथिको लाइन म्यानेजरमा संकुचित रूपमा रहन्छ, र जोखिमलाई सामान्यतया समान दक्षता भएका अन्य साझेदार निकायहरूसँग आदानप्रदान गरिँदैनन् ।[६]फलस्वरुप, अन्यप्रहरी इकाई, कानून कार्यान्वयन गराउने अन्य निकाय, नागरिक अपराधविद् वा चिकित्सा विशेषज्ञहरू, र अन्य न्यायकर्ताहरू बीचको कुशल र प्रभावकारी समन्वय सुनिश्चित गर्नका लागिमध्यम तहका प्रहरी व्यवस्थापकहरू आफ्ना सहकर्मी र वरिष्ठ अधिकारीको सहयोगमा धेरै निर्भर हुन्छन् ।

यसको मतलब, यदि समन्वय पथका लागि केन्द्रीकृत गुणस्तर नियन्त्रण संयन्त्रहरू बनाइएका छैनन्, वा उच्च-स्तरको प्रहरी व्यवस्थापनले कडा र आवधिक रूपमा तिनको समीक्षा गर्दैनन्

फोटो सौजन्य : एफ.डब्लु.एल.डि./ यूएन वुमन

भने, अन्य न्यायिक निकायहरूसँग सूचना वा प्रतिकार्यहरूको समन्वयको कुशलता र प्रभावकारिता संगठनबाट संचालित हुनुभन्दा व्यक्तिबाट संचालित हुन्छ । यसले असफलता वा सुरक्षासम्बन्धी धेरै कमीकमजोरी निम्त्याउन सक्छ, जसले अपराध र हिंसाका पीडित/प्रभावितलाई मात्र नभई महिला तथा किशोरी विरुद्धका हिंसाका सबै पीडित/प्रभावितलाई हानि पुऱ्याउँछ ।

अधिक विकेन्द्रीकृत प्रहरी मोडेलहरूमा, महिला तथा किशोरी विरुद्धका हिंसाका अपराधहरू रोकथाम र अनुसन्धानका काम गर्दा, न्यायको निरन्तरतालाई सुदृढ गर्न स्थानीय सरकार, समुदाय र अन्य स्थानीय-स्तरका उदयमान महत्वका सरोकारवालाहरूसँग[७]प्रहरीलेकार्यगत सम्बन्ध खोज्नुपर्ने अपेक्षा बढ्दै गएको छ। सैद्धान्तिक रूपमा, यसको मतलब अन्य न्यायिक निकायहरू लगायत प्रहरी समन्वयका पथहरूलाई व्यापक निगरानीमा राख्नुपर्छ भन्ने हो ।

फलस्वरुप, अत्यावश्यक सेवा प्रदायकहरूसँग बढी संलग्न हुने स्थानीय सरोकारवालाहरूसँगप्रहरीको सम्बन्धकाआधारमा,प्रहरी समन्वय प्रणालीको गुणस्तर नियन्त्रणका लागि धेरै स्रोतहरू प्रयोग गर्न सकिन्छन् ।

यदि प्रहरीले विकेन्द्रीकृत प्रहरी मोडेल (सामुदायिक प्रहरी कार्यको रणनीति लगायत) मा सामान्यतया परिकल्पना गरिए अनुसार मुख्य सरोकारवालाहरूसँग आवश्यक सम्बन्धहरू निर्माण गरेको छैन भने, अन्य न्यायकर्मीहरूसँगको कुशल र प्रभावकारी प्रहरी समन्वयलाई कमजोर बनाउने प्रणालीगत कमीकमजोरी पृथक घटना बन्नुको साटो सामान्य अभ्यासमा परिणत हुन जान्छन् ।

६ Osse, Anneke, 'Understanding Policing: A Resource for Human Rights Activists', for Amnesty International (2006) at: https://www.amnesty.org/download/Documents/HRELibrary/sec010112007eng.pdf

७ स्थानीय-स्तरका उदयमान महत्वका सरोकारवालामा राज्यको सिमित उपस्थिती भएका क्षेत्रमा कार्यरत निजी सुरक्षा कम्पनी वा ठूला खानी कम्पनी जस्ता समुदायमा उल्लेख्य प्रभाव भएका ठूला निजी व्यवसाय लगायत पर्छन् ।

महिला तथा किशोरी विरुद्धका हिंसाअनुसन्धान समन्वय प्रक्रियाका गुणस्तर नियन्त्रणमा संलग्न हुनुपर्ने स्थानीय सरोकारवालाहरू (अन्य अत्यावश्यक सेवा प्रदायक लगायत)को दायरा फराकिलो बनाउँदै, अनुसन्धानको अखण्डतालाई जोगाउनेबीचमा सही सन्तुलन खोज्नु आफैमा चुनौतीपूर्ण भएपनि, त्यत्तिकै महत्वपूर्ण पनि छ ।

यो सहीसन्तुलन फेला पारेपछि, प्रहरी व्यवस्थापकहरूले न्यायको निरन्तरतामा जाने क्रममा पीडित/प्रभावितले सामना गर्ने पुनःपीडाको जोखिमलाई मात्र कम नगरेर,कानून कार्यान्वयन गराउने एक वैध निकायका रूपमा प्रहरीको प्रत्यक्षता पनि बढाउँछ ।

महिला तथा किशोरी विरुद्धका हिंसाका घटनामा प्रतिकार्य गर्दाप्रहरी र अन्य न्यायिक निकायहरू बीचको समन्वयमा देखिने विफलताहरूको प्रतीकात्मक सूची तल दिइएको छ । यो धेरै हदसम्म क्यानाडाको ब्रिटिश कोलम्बिया प्रान्तीय सरकारको *'FORSAKEN, the Report of the Missing Women Commission of Inquiry'* बाट प्रेरित छ, जसले त्यस प्रान्तकोप्रहरीबलले बेपत्ता महिलाहरूर तीमध्ये बहुसंख्यक पीडित/प्रभावित आदिवासी मूलका महिला तथा किशोरी रहेका घटनाहरूमा समग्र समन्वयात्मक प्रतिकार्यको शुक्ष्म विश्लेषण गरेको थियो ।[८]

महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्यमा समन्वय गर्दा प्रहरी संगठनहरूको असल अभ्यास र क्षमताको अन्तरको विस्तृत विश्वव्यापी नक्साङ्कनबाट प्रेरित सूची तल दिइएको छ । उक्त नक्साङ्कनले धेरै सेवारत र सेवानिवृत्त प्रहरी अधिकारीहरू, नागरिक समाज र महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न विशेषज्ञ गैर-सरकारी संस्थाहरूसँग काम गर्ने अनुभव भएका युएन कर्मचारीहरूसम्म पहुँच समावेश गरेको थियो।

महिला तथा किशोरी विरुद्धका हिंसापीडित/प्रभावितलाई थप हानी पुग्नुअघि नै सक्दो चाँडो आफ्नो क्षमतासम्बन्धी कमीकमजोरी पहिचान गर्न प्रहरी व्यवस्थापकहरूलाई सहयोग गर्ने उद्देश्यका साथ यो सूची उपलब्ध गराइएको छ । पहिचान गरिएको क्षमता अन्तरको मुख्य मुद्दासँगपाठकलाईसम्बन्धित हुन मद्दत गर्नका लागि वर्गीकरणका शीर्षकहरू राखिएका हुन् । यद्यपि, तिनीहरू सबै प्रत्येक बिन्दुमा लागू हुन्छन् र/वा एकअर्काका लागि परिपूरक छन् :

मनोवृत्ति/सोच

- अत्यावश्यक सेवा प्रदायकहरूका लागि समन्वय संयन्त्रको सुशासन एउटा चुनौती हो, किनकि असफलताको अवस्थामा ती निकायहरूएकअर्कासँग सामना गर्नबाट जोगिने प्रयास गर्छन् ।

पुनः पीडित हुने

- आन्तरिक कर्मचारीतन्त्र प्रक्रियाहरू र अन्य न्यायिक निकायका आवश्यकताहरूबाट सृजना हुने प्रतिस्पर्धात्मक दबाबको सामना गर्नुपर्ने हुनाले प्रक्रियाको केन्द्रबिन्दुमा पीडित/प्रभावित रहने सुनिश्चित गर्न प्रहरीले संघर्ष गर्नुपर्छ ।

गलत अभ्यास

- अत्यावश्यक सेवा प्रदायकहरूद्वारा समन्वयात्मक प्रयासहरूले प्रायः अपराधीकरणमा धेरै जोड दिन्छ, जसले गर्दा पीडित/प्रभावितको हितमा ध्यान केन्द्रित हुँदैन ।

- अभियोजन र प्रहरीबीचको समन्वयको कमीले महिला तथा किशोरी विरुद्धका हिंसाको मुद्दा व्यवस्थापनको गुणस्तरलाई असर गर्छ;

- महिला तथा किशोरी विरुद्धका हिंसा(जस्तै बेपत्ता व्यक्ति) समावेश भएका गम्भीर अपराधहरूमा, अनुसन्धान टोलीहरू सामान्यतया प्रहरी निकायका विभिन्न शाखाबाट बनाइन्छ र त्यसैले सामान्य रिपोर्टिङ च्यानलभन्दा ती बाहिर हुन सक्छन् । बहु-कार्यक्षेत्रगत अनुसन्धानहरूमा विशेषगरीरिपोर्टिङ र सुपरिवेक्षण सम्बन्धबारे स्पष्टता विशेषमहत्वपूर्ण हुन्छ;[९]

> "जवाफदेहिता टोली कमाण्डरमा निहित हुन्छ, जो अनुसन्धान टोली, यसको स्रोत (मानव तथा भौतिक) र यसको कार्यदिशाका लागि अन्तिम रुपमा अधिकारिक, जिम्मेवार/जवाफदेही हुनेछ। टोली कमाण्डरले समग्र पहललाई व्यवस्थित गर्न सक्षम हुनका लागि अनुसन्धानको आधारभूत जिम्मेवारीबाट आफूलाई अलग राख्नु पर्छ । सामान्यतया त्यस्तो हुँदैन, र टोली कमाण्डरले प्रायः धेरै अन्य प्राथमिकताहरुलाई पनि सँगासँगै हेर्नुपर्ने हुन्छ, जसले प्रहरी प्रयासका समन्वयको गुणस्तर नियन्त्रणलाई जोखिममा पार्छ ।"
>
> - The Honourable Wally T. Oppal, in 'FORSAKEN The Report of the Missing Women Commission of Inquiry' (2012).

८ The Honourable Wally T. Oppal., 'FORSAKEN: The Report of the Missing Women Commission of Inquiry VOLUME IIB Nobodies: How and Why We Failed the Missing and Murdered Women, Parts 3, 4 and 5' (2012).

९ Ibid.

- अन्तर-निकाय सहयोगको अभावका कारण रेकर्ड व्यवस्थापनमा त्रुटिहरू आउँछ, जोखिम मूल्याङ्कन प्रणाली/रिपोर्टिङको अनुगमनका लागि फाइलहरूको शुक्ष्म अध्ययनमा अपर्याप्तता आउँछ; अनुसन्धानात्मक चरणहरू एक मानक तरिकाले निरन्तर रूपमा अभिलेखीकृत हुँदैनन्, र यी सबले गर्दा समीक्षा प्रक्रियामा कठिनाई र महिला तथा किशोरी विरुद्धका हिंसा अनुसन्धानको निरन्तरतामा अभाव निम्त्याउँछ;

- समन्वयको सम्पर्क बिन्दुहरूमा प्राय: उचित रिपोर्टिङका संरचना र सञ्चारका अभ्यासहरू हुँदैनन् र यी अपर्याप्ततहरूले अनुसन्धानमा हानिकारक प्रभाव पार्छ;

- प्रहरी निकायहरूद्वारा अन्तर-कार्यक्षेत्रका मुद्दाहरूलाई पूर्ण रूपमा सम्बोधन गर्ने असमर्थताले अनुसन्धानको प्रभावकारितालाई संकुचित बनाउँदा, प्रहरीका लागि त्योएक महत्वपूर्ण असफलता हुनसक्छ । प्रहरीसँग प्राय: विभिन्न बलहरू बीचतुरुन्तै सक्रियतामा ल्याउन सकिने स्थायी सहमति पत्र हुँदैनन् र ती बलहरू बीचको विस्तृत प्रशासनिक प्रबन्धहरू मिलाउँदैमा अनुसन्धानको बहुमूल्यसमय बर्बाद हुन जान्छ ।[10]

- सूचना दिनेहरूप्रतिको विश्वसनीयताबारेअनुसन्धानकर्ताहरू बीच असहमति देखा पर्दा सञ्चार बिग्रन्छ ।[11] सूचनाको अत्यधिक आदानप्रदानले पीडित/साक्षीहरूलाई पनि जोखिममा पार्न सक्छ ।

परिभाषा र ढाँचा

अत्यावश्यक सेवा प्याकेजले समन्वयलाई महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यको केन्द्रीय तत्व मान्छ । अत्यावश्यक सेवाहरू गुणस्तरीय र प्रभावकारी ढङ्गले महिला तथा किशोरी विरुद्धा हिंसा पीडित/प्रभावितलाई उपलब्ध गराइएको सुनिश्चित गर्दा समन्वयका तीन तहहरू हुन्छन् ।

यी तीन तहको समन्वय सरकारको राष्ट्रिय, क्षेत्रीय/विभागीय र स्थानीय पालिका तहमा हुन्छ । प्रत्येक तहले कानून कार्यान्वयन गराउने निकायका साझा/ओभरल्यापिङ दक्षताहरू (हिंसा र अपराधहरूको पहिचानका आधारमा) र महिला तथा किशोरी विरुद्धका हिंसाको समन्वयात्मक प्रतिकार्यहरूलाई प्रभाव पार्न सक्ने बाह्य सरोकारवालाहरूको बढ्दो भूमिका लगायतका प्रत्येक न्यायिक निकायको विभिन्न कार्यादेशका लागि जवाफदेही बनाउँछन् ।

पीडित/प्रभावितका लागि अत्यावश्यक सेवाहरूको समन्वयात्मक प्रतिक्रियाको रणनीतिक योजनामा राष्ट्रिय स्तरमा, न्याय प्रणालीका सहकर्मी सरोकारवालाहरूसँग कार्यकारी र वरिष्ठ प्रहरी अधिकारी संलग्न हुन्छन् ।[12] यो स्तरमा नै प्रारम्भमा महिला तथा किशोरी विरुद्धका हिंसाबारे साझा बुझाईखोजिन्छ र अत्यावश्यक सेवा प्रदायकहरू बीच महिला तथा किशोरी विरुद्धका हिंसाप्रतिकार्यका लागि एक सैद्धान्तिकढाँचा विकास गरिन्छ ।

त्यसको आधारमा, फरकफरक तर समपूरक अधिकारक्षेत्र भएका कार्यकारी कानून कार्यान्वयन गराउने निकायबीच लगायत वरिष्ठ स्तरका अत्यावश्यक सेवा प्रदायकहरू बीच सूचना आदानप्रदासम्बन्धी सम्झौता स्थापित र/वा अद्यावधिक हुन्छन् । सूचना आदानप्रदान सम्झौताहरूका फलस्वरुप मुख्यत:पात्रहरू बीचको **समझदारी पत्र**, **गुणस्तर नियन्त्रण निर्देशिका**[13] र महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यका लागि **प्रतिबद्धताका संयुक्त सञ्चार**हरू लगायत पर्छन् । अग्रपंक्तिमा काम गर्ने टोलीहरू भएका मध्यम तहका व्यवस्थापकहरूका लागि यी सूचना-आदानप्रदानसम्बन्धी सामग्रीहरू अत्यावश्यक, महत्वपूर्ण, औजार बन्छन् ।

महिला तथा किशोरी विरुद्धका हिंसाकापीडित/प्रभावितसँग सम्बन्धित काममा संलग्न र/वा महिला तथा किशोरी विरुद्धका हिंसाको अनुसन्धानमा संलग्नकर्मचारीहरू भएका मध्यम तहका व्यवस्थापकहरूले **गुणस्तर नियन्त्रण निर्देशिका**को प्रभावकारितामा मुख्य भूमिका खेल्छन् । पदक्रम र प्रहरीकार्यको मोडेलका आधारमा, मध्यम तहकाप्रहरी व्यवस्थापकहरू समन्वय संयन्त्रहरूकोनिगरानी ढाँचा स्थापना र/वा सुदृढ गर्न सहायक हुन सक्छन् ।

10 Ibid.
11 Ibid.

12 युरोपेली संघले महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्ने राष्ट्रिय कार्ययोजना र सम्बन्धित समन्वय संयन्त्रलाई कानून र नीतिहरूको कार्यान्वयनमा प्रमुख तत्व मानिन्छ भन्ने कुरामा जोड दिन्छ । यसबाहेक, महिला विरुद्धको हिंसासम्बन्धी कानूनमा २०१० को संयुक्त राष्ट्रको ह्यान्डबुकले राष्ट्रिय कार्ययोजनालाई मुख्य तरिका मानेको छ जसमा सान्दर्भिक कानून कार्यान्वयनका लागि विस्तृत र समन्वयात्मक दृष्टिकोण सुनिश्चित गर्न सकिन्छ । See:'Overview of the worldwide best practices for rape prevention and for assisting women victims of rape' (Directorate General for Internal Policies Policy Department C: Citizens' Rights and Constitutional Affairs Gender Equality,European Parliament,2013).

13 अत्यावश्यक सेवा प्याकेजका अनुसार, गुणस्तर निर्देशिकाहरूले अत्यावश्यक सेवाहरूको मुख्य तत्वहरूको वितरण र कार्यान्वयनलाई सहयोग गर्दै, ती प्रभावकारी रहेको र महिला तथा किशोरीहरूको आवश्यकतालाई सम्बोधन गर्न पर्याप्त गुणस्तरको भएको निश्चित गर्छन् । गुणस्तर निर्देशिकाहरूले मानव अधिकारमा आधारित, सांस्कृतिक रूपमा सचेत र महिला सशक्तिकरण दृष्टिकोण भित्र सेवाहरू 'कसरी प्रदान गर्ने'भन्ने कुरा उपलब्ध गराउँछ । तिनीहरू अन्तर्राष्ट्रिय मापदण्डहरूमा आधारित र पूरक हुन्छन् र महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रतिकार्य गर्न मान्यताप्राप्त उत्कृष्ट अभ्यासहरूको तिनले प्रतिबिम्बित गर्छन् ।

चित्र १

सरकारी समन्वय र सरोकारवालाका तहहरू



महिला तथा किशोरी विरुद्धका हिंसालाई यसको गुणस्तर नियन्त्रण ढाँचा सहित समन्वयात्मक प्रतिकार्य सुनिश्चित गर्ने संयन्त्रहरू स्थापना गर्दा, अत्यावश्यक सेवा प्याकेजले प्रहरीलाई बहु-विधात्मक टोलीहरू समावेश गर्न गर्छ। अत्यावश्यक सेवा प्याकेजले यस्ता बहु-विधात्मक टोलीहरूमाप्रहरी र अन्य न्यायकर्मीहरूसँग कार्यगत सम्झौतागरेका वा महिला तथा किशोरी विरुद्धका हिंसा समावेश भएका घटनामा समन्वयात्मक प्रतिकार्य सुनिश्चित गर्दासकारात्मक प्रभाव पार्ने विविध प्रकारका सरोकारवालालाई समावेश गर्नुपर्छ भनेको छ। बाकस ५ हेर्नुहोस्

सरोकारवालाहरूको बहु-विधात्मक टोलीको संलग्नताकाउदाहरणका लागि इलिनोय र ओरोमिनामा समन्वयका लागि आशाजनक पहलहरू भएका छन्।

अत्यावश्यक सेवा प्याकेजले प्रहरीलाई अत्यावश्यक सेवाहरूको समन्वयमा सरोकारवालाहरूलाई पीडित/प्रभावित र उनीहरूका प्रतिनिधि, सामाजिक सेवा, स्वास्थ्य सेवा क्षेत्र, कानुनी सहायता प्रदायक, प्रहरी, अभियोजक, न्यायाधीश, बाल संरक्षण निकाय र शिक्षा क्षेत्र लगायतका रूपमा हेर्न सिफारिस गर्दछ।[१४]अपाङ्गता भएका महिला र किशोरीजस्ता संकटासन्न समूहसँग सम्बन्धित मुद्दाहरूको व्यवस्थापनमा विशेषज्ञता राख्नसक्ने नागरिक समाजका संस्था लगायतका सरोकारवालालाई संलग्न गराउनाले,पीडित/प्रभावितलाई प्रदान गरिने सेवाहरूको गुणस्तर सुनिश्चित गर्न र न्यायमा पहुँच गराउन सम्भव हुन्छ।[१५]

न्यायसम्बन्धी अन्य निकाय र सरोकारवालाहरूसँगको सहकार्यमा महिला तथा किशोरी विरुद्ध हिंसा विरुद्ध प्रभावकारी र दक्षतापूर्ण समन्वयकारी प्रतिकार्य सुनिश्चित गर्न गुणस्तर नियन्त्रण ढाँचालाई साधनको रूपमा संस्थागत गर्न, मध्यम तहका

> "प्रमुख सरोकारवाला भन्नाले सरकार र नागरिक समाजका त्यस्ता सबै संस्था र निकाय पर्छन् जसको सरकारी तथा नागरिक समाजका सबै तहमा महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यमा भूमिका हुन्छ।"
> - युएन अत्यावश्यक सेवा प्याकेज

१४ अत्यावश्यक सेवा प्याकेजले यो पनि बताउँछ कि महिला तथा किशोरी विरुद्धका हिंसामा प्रभावकारी प्रतिकार्यका लागि यी सरोकारवालाहरूले राष्ट्रिय कानून, रणनीति, कार्यविधि र सम्झौताहरू लागू, कार्यान्वयन र/वा पालना गरिएको सुनिश्चित गर्नका लागि सरकारका सबै तहका सबै समन्वय निकायहरूमा प्रतिनिधित्व गर्न सक्छन् र गरेको हुनुपर्छ। See Module 5: *Coordination and Governance of Coordination*, Essential Services Package for Women and Girls subject to violence: Core Elements and Quality Guidelines,(United Nations Joint Global Programme on Essential Services for Women and Girls Subject to Violence, 2015).

१५ उदाहरणका लागि, केप मेन्टल हेल्थले बौद्धिक अपाङ्गता भएका प्रभावितहरूलाई अदालतमा बयान दिनका लागि मनोवैज्ञानिक सहयोग उपलब्ध गराउने SAVE कार्यक्रम सञ्चालन गर्छ। See:https://www.westerncape.gov.za/facility/cape-mental-health

"महिलाहरु समान अवस्थामा रहेको समूह होइनन् । महिला तथा किशोरी विरुद्ध हिंसा विरुद्ध प्रभावकारी कारबाही सुनिश्चित गर्न, निश्चित समूहहरुको विशेष आवश्यकताहरुमाथि विचार गर्नुपर्दछ । हिंसा र भेदभावको सामना गर्ने अपाÏता भएका महिला र किशोरीहरुले पनि हानिकारक रुढिवादहरु, भेदभावपूर्ण मनोवृत्ति, र कार्यविधिजन्य र उचित आवासको अभावका कारण न्याय पहुFचमा अवरोधहरु सामना गर्छन्, जसले उनीहरुको विश्वसनीयतामाथि शंका गर्ने र उनीहरुका आरोपहरुलाई खारेज हुने अवस्था निम्त्याउन सक्छ । अपराध र/वा भेदभावका घटनाहरुको उजुरीमा बाधाहरु समुदायबाट सुरु हुन्छन् जहाF परिवारका सदस्य, समुदायका प्रतिनिधि र स्थानीय न्यायपालिकाको मनोवृतिले पीडितहरुलाई भयभित गराउने वा न्याय माग्नबाट निरुत्साहित गर्न सक्छ ।"

- लैङ्गिक मार्गनिर्देशनहरू (अपाङ्गता अधिकार कोष र अपाङ्गता अधिकार पैरवी कोष, सन् २०१८)

व्यवस्थापकहरूले स्थानीय प्रशासन संयन्त्रहरू, जस्तै नगरस्तरीय स्थानीय सुरक्षा परिषदको उपयोग गर्न सक्छन् ।

स्थानीय सुरक्षा परिषद् संवादका मञ्चहरू हुन् जहाँ सार्वजनिक सुरक्षामा संलग्न विभिन्न निकायहरूले एकअर्कासँग परामर्श गर्न, समस्याहरू पहिचान गर्न र असुरक्षाको रोकथामका लागि स्थानीय योजनामा सहमत हुन सक्छन् ।[१६] यसको आधारमा, स्थानीय सुरक्षा परिषद्मा महिला तथा किशोरी विरुद्ध हिंसाको सम्बोधनसहित न्यायको निरन्तरतामा प्रहरी र तिनका साझेदारहरू सम्मिलित समन्वयात्मक कार्यहरूको गुणस्तर नियन्त्रणको लागि दायित्व ग्रहण गर्ने क्षमता हुन्छ ।

स्थानीय सुरक्षा परिषद्मा सामान्यतया नगरपालिकाका अधिकारीहरू, स्थानीय सरकारी निकायहरू,[१७] न्याय क्षेत्रका अधिकारीहरू र कहिलेकाहीं प्रहरीसँगै नागरिक समाजका प्रतिनिधिहरू समावेश हुने भएकाले उनीहरूले महिला तथा किशोरी विरुद्ध हिंसाको समन्वयकारी प्रतिकार्य सिकाई प्रक्रियाका लागि महत्वपूर्ण सामूहिक उपायहरू सिर्जना गर्न सक्छन् । यसमा , उदाहरणका लागि महिला तथा किशोरी विरुद्ध हिंसाका मामिलाहरूमा समन्वय प्रतिकार्यको समीक्षाहरू र बाह्य मूल्याङ्कनहरू गराउने कार्य समावेश हुन सक्छन् ।

बाकस २

समन्वयका लागि असल अभ्यासासम्बन्धी इयूको मापदण्ड

बलात्कार रोकथाम र बलात्कारका पीडित महिलाहरूलाई सहयोग गर्नका लागि विश्वव्यापी असल अभ्यासहरूको बारेमा आफ्नो अध्ययनमा, इयूले बलात्कारका पीडितहरू/प्रभावितहरूका लागि सेवाहरूको प्रभावकारी समन्वयका लागि पाँच आवश्यक मापदण्डहरू पहिचान गरेको छ । त्यसमा देहाय समावेश छन् :

- सरोकारवाला निकाय, फौजदारी न्यायकर्मी र महिला वा पीडितहरूको अधिकारका पैरवीकर्ताहरूको सम्बन्धमा समावेशीता;
- बलात्कार सहित लैङ्गिक हिंसाबारे स्पष्ट भाषामा साझा बुझाई ;
- नीति, निर्देशिका, प्रेषण र तथ्याङ्क सङ्कलन संयन्त्रहरूको विकासमा सहकार्य गर्ने ;
- लैङ्गिक विशेषज्ञता र पीडित/प्रभावितहरूको अनुभवबाट नेतृत्व गरिएको;
- उत्तरदायित्व संयन्त्र र राज्यबाट केही स्वतन्त्रता ।

स्रोत: Overview of the worldwide best practices for rape prevention and for assisting women victims of rape (European Parliament, 2013).

प्रहरी जनादेशसहित गुणस्तर नियन्त्रणका लागि यस्तो खुला र पारदर्शी परामर्श प्रक्रियाले उनीहरूले सेवा र सुरक्षा गर्ने समुदायको नजरमा त्यसको समग्र वैधतामा महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

स्थानीय सुरक्षा परिषद्बारे थप विस्तृत जानकारीको लागि अध्याय ३: 'रोकथाम' मा स्थानीय सुरक्षा परिषदहरूको घटना अध्ययन: कङ्गो, इक्वेडर र मेक्सिको हेर्नुहोस् ।

१६ 'Understanding local security councils in two minutes",Coginta for Police Reform, see: https://www.youtube.com/watch?v=7fGF0_nteGA

१७ LSC-type mechanisms exist in every continent. In France and the Republic of Guinea, they are called local security councils for the prevention of delinquency (CLSPD); in the Democratic Republic of the Congo (DRC), they are known as local community security councils or CLSPs; in Ecuador, they are known as municipal security councils or 'CSM'. Depending on the model and population size of the municipality, senior community policing officers can be the main police representative at LSCs. See:Fernandez, M., Piaget, K., Hernandez, T., and Berthoud, S.,'Decentralisation of Security Governance: Facilitator of a Human Rights-based Approach (HRBA) to SSR?',ISSAT HRBA Working Group Paper 3 (2017) and 'Guide pratique conseil local de sécurité et de prévention de la délinquance en république de guinée' (Cognita for Police Reform, 2017).

महिला तथा किशोरी विरुद्ध हिंसाको प्रभावकारी प्रतिकार्यका लागि न्यायिक निकायहरूसँग समन्वय गर्न आवश्यक मुख्य व्यवस्थापकीय दक्षताहरू

महिला तथा किशोरी विरुद्ध हुने हिंसा सम्बोधन गर्ने साझा उद्देश्यहरू पहिचान गरी त्यसलाई हासिल गर्न प्रहरीले आवश्यक छ ।[१८]

न्याय प्रक्रिया जटिल र नोकरशाही प्रकृतिको हुन सक्छ । यी जटिल प्रक्रियाहरूबीचको प्रभावकारी समन्वय बिना प्रभावित/पीडितहरू कमीकमजोरीको शिकार बन्न पुगी दोहोरो रुपमा पीडित बन्न सक्छन् ।विशेष आवश्यकता भएका पीडित/प्रभावितहरूलाई विशेष ध्यान दिनुपर्छ र उनीहरूलाई न्याय समन्वयबाट वञ्चित हुन नदिन न्यायिक प्रक्रियाभरी अपाङ्गता भएका पीडित/प्रभावित व्यक्तिहरूले सामना गर्ने अवरोधहरूलाई सम्बोधन गरिनुपर्छ ।[१९]

बाकस १

समन्वयको कमीकमजोरीहरू	दोहोरो पीडित बनाउने कार्यको प्रभाव
प्रहरीले प्रायः पीडित/प्रभावितहरूको हितमा भन्दा पनि अपराधीकरणमा धेरै जोड दिन्छ ।	सम्भावित फौजदारी आरोपहरूका कारण आफ्ना छोराछोरीका बुबा वा सह-अभिभावकबाट हुने आम्दानी गुम्ने डरले पीडित/प्रभावितले सहयोग गर्न बन्द गर्छिन् । पीडित/प्रभावितले आफ्नो भन्दा आफ्ना छोराछोरीको कथित कल्याणलाई प्राथमिकता दिन्छिन् ।
यस्ता मुद्दा हेर्ने तालिम नलिएका चिकित्सक, न्यायाधीश र प्रहरी हस्तक्षेप गर्छन् ।	हानिकारक पुनरावृत्ति हुने अन्तर्वार्ताका अभ्यासहरू वा बयान दायित्वहरू जसले पीडितलाई पुनःआघात दिन्छ, अपेक्षित समयक्रमानुसार घटनाहरू सम्झन सक्ने क्षमतालाई असर गर्छ वा अप्रशिक्षित अत्यावश्यक सेवा प्रदायकहरूसँग थप हानिकारक संलग्नताबाट बच्नका लागि उनलाई आफ्नो अनुभूति फिर्ता लिन प्रेरित गर्दछ ।
अन्तर-निकाय सहयोगको अभावले अभिलेख व्यवस्थापनमा कमीकमजोरी र जोखिम मूल्याङ्कन प्रणाली/उजुरीको फलोअपका लागि फाइलहरूको अपर्याप्त छानबिनको अवस्था निम्त्याउँछ ।	प्रहरी र अन्य अत्यावश्यक सेवा प्रदायकहरूबाट पीडित/प्रभावितसँग फलोअप संलग्नता नहुनाले व्यक्तिगत सुरक्षा र परिवारका अन्य सदस्यहरूको सुरक्षाको डर निम्त्याउँछ ।
अत्यावश्यक सेवा प्रदायकहरूका लागि समन्वय संयन्त्रको कार्यसञ्चालन एउटा चुनौती हो किनभने असफलताको अवस्थामा निकायहरू एकअर्कासँग द्वन्द्वबाट जोगिने प्रयास गर्छन् ।	न्यायाधीशहरूलाई थप प्रमाणहरू चाहिन्छ जुन प्रस्तुत गर्न गाह्रो हुन्छ र त्यसले गर्दा प्रहरीले अनावश्यक रूपमा पीडित/प्रभावितमाथि सूचना तथा जानकारीका लागि दबाब दिने, वा प्रहरीले पीडित/प्रभावित व्यक्तिलाई आफ्नो उजुरी फिर्ता लिन मनाउनका लागि मध्यस्थता गर्ने कार्य हुनजान्छ ।
आन्तरिक नोकरशाही प्रक्रिया र अन्य न्याय निकायहरूको आवश्यकताहरूबाट प्रतिस्पर्धात्मक दबाबको सामना गर्नुपर्ने अवस्थामा पीडित/प्रभावित व्यक्ति प्रक्रियाको केन्द्रमा रहको सुनिश्चित गर्न प्रहरीले संघर्ष गर्नुपर्दछ ।	आफ्नो मुद्दा चलाउनका लागि पीडित/प्रभावितहरूलाई चिकित्सा, कानुनी, प्रहरी सेवाहरू आदिका लागि पैसा तिर्न लगाइन्छ वा उनको लागि अपर्याप्त रहेको 'असुरक्षित' आवासमा बस्न लगाइन्छ ।[२०]

अत्यावश्यक सेवा प्रदायकहरूसँग सूचना आदान प्रदान र प्रभावकारी रूपमा समन्वय गर्दा सार्वजनिक हितका लागि सबैभन्दा राम्रो हुन्छ ।

अन्तर्राष्ट्रिय मापदण्डहरूअनुसार न्याय निकायहरूका साझेदारहरू सहित प्रहरी र अत्यावश्यक सेवा प्रदायकहरूबीचको समन्वय विस्तृत, बहुविधागत, समन्वयात्मक, व्यवस्थित र दिगो हुन

१८ See: Module 1: *Introduction* 'Essential services package for women and girls subject to violence' (United Nations Joint Global Programme on Essential Services for Women and Girls Subject to Violence, 2015). Also, see the section on collaboration and coordination among relevant agencies and services in the *Updated Model Strategies* (2011).

१९ Submission to the Special Rapporteur on the Rights of Persons with Disabilities: Good Practices for Increasing Effective Access to Justice for Women and Girls with Disabilities, (Women Enabled International, August 9, 2019)

२० It is important to highlight that the opportunity cost becomes higher when women are the sole breadwinners for their family/children, and going to court poses hardships; so, they may choose not to support the prosecution of their cases.

दोहोरो पीडित बनाउने कार्य न्यायको समग्र प्रक्रियाको निरन्तरतामा हुन्छ । निम्नलिखित सूची (बाकस ३) ले प्रतीकात्मक समन्वयका कमीकमजोरी र दोहोरो पीडित हुने अवस्थाको सन्दर्भमा उनीहरूको प्रभावको उदाहरणहरू उपलब्ध गराउँछ :

यसका अतिरिक्त, अपराध र हिंसाको प्रतिकार्यमा समन्वय गर्दा साझेदार छनोट गर्ने प्रक्रियामा कुनै पनि थप हानि नपुऱ्याउने चेकलिस्ट प्रस्तुत गर्दछ[२३] (तलको बाकस ४ हेर्नुहोस्) :

इएसपीअनुसार न्याय निकायहरूबीचको समन्वयात्मक प्रतिकार्य महत्वपूर्ण हुन्छ किनभने हिंसाबाट पीडित/प्रभावितहरूलाई सुरक्षित राख्न र पीडकहरूलाई जवाफदेही बनाउन समाजका विभिन्न क्षेत्रहरूले मुद्दालाई सम्बोधन गर्न एक्लाएक्लै काम गर्दा भन्दा यो बढी प्रभावकारी हुन्छ ।[२४]

बाकस ४

सामुदायिक साझेदार र सरोकारवालाहरूलाई संलग्न गराउने सम्बन्धी युएन प्रहरी चेकलिस्ट

- हामीले सामुदायिक साझेदारहरू र सरोकारवालाहरू (र उनीहरूले परियोजना गतिविधिहरूमा योगदान गर्न सक्ने उत्तम तरिका) उनीहरूको स्रोतहरूको आधारमा पहिचान गरेका छौं ?
- हामीले सामुदायिक साझेदारहरू र सरोकारवालाहरूको संलग्नता, उनीहरूको भूमिका, र अपेक्षाहरूलाई कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा स्पष्ट रूपमा सञ्चार र सहमति गरेका छौं ?
- हामीले नियमित बैठक र गतिविधि प्रतिवेदन जस्ता समन्वय र पृष्ठपोषण प्रणाली स्थापना गरेका छौं ?
- हामीले सामुदायिक साझेदार, सरोकारवाला, निर्णयकर्ता, दाता र अन्यलाई परियोजना गतिविधिहरूको प्रगति, चुनौती र सफलताबारे जानकारी गराउन प्रभावकारी बाह्य-पहुँच सञ्चार प्रणालीको विकास गरेका छौं ?

सिद्धान्त (डु नो हार्म पिन्सिपल)को रूपमा विशेष ध्यान दिइनु पर्छ, किनभने यसले समूहहरूलाई कुनै हैसियत प्रदान गर्न सक्छ र, संलग्नताद्वारा मान्यता नपाएकाहरूले भने नपाउन सक्छन् ।[२१] युएन डिपार्टमेन्ट अफ पिस अपरेशन्स (युएन डीपीओ) ले समुदायहरूसँग काम गर्ने वा समुदायहरूको प्रतिनिधित्व गर्ने गैससहरूसँग समन्वय गर्नु प्रहरीका लागि ज्यादै लाभदायक हुन सक्छ ; यद्यपि, समुदायहरूमा उनीहरूको पहुँचले पार्ने प्रभावप्रति प्रहरी संवेदनशील हुनुपर्छ ।

समुदायमुखी प्रहरी कार्यसम्बन्धी आफ्नो म्यानुअलमा, युएन डीपीओले प्रहरीलाई समुदायका सबै वर्गहरूलाई संलग्न गराउन सिफारिस गर्दछ नभए एक वा धेरै समूहहरूले प्रहरीलाई भेदभाव गरेको र एउटै समुदायका अन्य वर्गहरूसँग धेरै नजिकको सम्बन्ध राखेको आरोप लगाउन सक्छन्न् ।[२२] प्रहरीले महिला तथा किशोरी विरुद्ध हुने हिंसाको प्रतिकार्यहरूमा समन्वयका लागि साझेदारहरू सहभागी गराउने क्रममा युएन प्रहरीको चेकलिस्ट समुदायहरूको प्रतिनिधित्व गर्ने गैससहरूमाथि समान रूपमा लागू हुनुपर्छ ।

यस सम्बन्धमा, युएन डीपीओले सामुदायिक साझेदारहरू र सरोकारवालाहरूलाई समावेश गर्नका लागि एक उपयोगी न्याय निकायहरू बीचको प्रभावकारी समन्वयको साझा सूचक भनेको जोखिमको व्यवस्थित बाँडफाँट र गुणस्तरीय तथा प्रभावकारी अत्यावश्यक सेवाहरूका लागि सामूहिक जिम्मेवारी सुनिश्चित गर्ने स्थापित कार्यढाँचा हो ।

संयुक्त अधिराज्यमा, महिला तथा किशोरी विरुद्ध हुने हिंसाको प्रतिकार्यमा संलग्न न्याय निकायहरू बीच समन्वय सुधार गर्न निम्नलिखित कार्यहरू प्रस्तुत गरिएको छ :[२५]

- सम्बन्धित विषयक्षेत्रमा बहु-निकाय दृष्टिकोणलाई बढावा दिने उद्देश्यका साथ बेलायती सरकारले धेरै रणनीतिक मार्गनिर्देशक दस्तावेजहरू निर्माण गरेको छ, जसमा जबरजस्ती विवाह, महिला जनेन्द्रिय छेदन र बाल यौन शोषण समावेश छन् । यी दस्तावेजहरूले अग्रपंक्तिमा कार्यरत व्यक्तिहरूलाई के गर्ने भन्ने बारेमा 'गर्नु हुने' र 'गर्नु नहुने' कार्य र पीडितहरूको पहिचान गर्न मद्दत गर्न 'संकेत र लक्षणहरू' बारे भन्नेबारेमा बहुमुल्य जानकारी उपलब्ध गराउँछन् ।

२१ Community-Oriented Policing in UN Peace Operations Manual (UN Department of Peace Operations, 2018).

२२ Ibid.

२३ UN Police Gender Toolkit: Standardised Best Practices on Gender Mainstreaming in Peacekeeping: Compendium of Project Tools (2015).

२४ Module 5: *Coordination and Governance of Coordination*, Essential Services Package for Women and Girls subject to Violence – Core Elements and Quality Guidelines(United Nations Joint Global Programme on Essential Services for Women and Girls Subject to Violence, 2015).

२५ Manual on the law relating to violence against women, England and Wales, Greece, Ireland, Italy, Northern Ireland, Poland and Spain (European Lawyers Foundation, 2018).

न्याय प्रणाली पीडित/प्रभावित र सबै न्यायिक निकायहरुबीच समन्वय, सामजस्यता र सान्दर्भिकताको आधार हो ।

- माथि उल्लेखित कुरा प्राप्त गर्नका लागि, क्राउन प्रोसिक्यूसन सर्भिस् (शाही अभियोजन सेवा), राष्ट्रिय प्रहरी प्रमुखको परिषद् र प्रहरी बलहरूले अमुल्य संयुक्त प्रशिक्षण सत्रहरू सञ्चालन गरेका छन् र विशेषगरी बलात्कार, इज्जतमा आधारित दुर्व्यवहार, जबरजस्ती विवाह र महिला जनेन्द्रिय छेद्नको अनुसन्धान र अभियोजनमा संयुक्त प्रोटोकलहरूको विकास गरेका छन् ।

प्रहरीलाई पीडित/प्रभावितहरूका लागि उत्कृष्ट नतिजालाई दिने गरी सक्षम बनाउने तरिकामा अत्यावश्यक सेवाहरू प्रदान गर्न मद्दत गर्न, यस खण्डले पीडित/प्रभावित-केन्द्रित र लैङ्गिक-संवेदनशील प्रतिकार्यलाई समन्वय गर्ने प्रयास गर्दा प्रहरी व्यवस्थापकहरूले साभार गर्न सक्ने व्यवहारजन्य योग्यताहरूको सूची प्रदान गर्नेछ । यी दक्षताहरू महिला तथा किशोरी विरुद्ध हुने हिंसाको समन्वयकारी समुदायमा आधारित समाधानहरूका लागि स्थानीय सरोकारवालाहरूसहित प्रहरी-समुदाय साझेदारीमा पनि लागु गर्न सकिन्छ ।

अघिल्ला अध्यायहरू जस्तै, यी दक्षताहरू अद्यावधिक गरिएको मोडेल रणनीतिहरू (२०११), युरोपमा सुरक्षा र सहकार्य संगठन (ओएससीई)द्वारा विकसित प्रहरी-समुदाय साझेदारी निर्माणमा असल अभ्यासहरू र अन्तर्राष्ट्रिय प्रहरी शान्ति स्थापनाका लागि रणनीतिक मार्गदर्शन फ्रेमवर्क - *Strategic Guidance Framework for International Police Peacekeeping* (SGF))[२६]जस्ता राष्ट्रसंघका दस्तावेजहरूबाट प्रेरित छन् । यो पूर्ण सूची होइन र न्याय प्रणालीमा अन्य निकायहरूसँग समन्वयमा राष्ट्रिय प्रहरी संगठनात्मक नीतिहरू र प्रोटोकलहरूलाई परिपूर्ण र सुदृढ गर्नका लागि हो । व्यवस्थापकहरूले समन्वयकारी पदमा रहेका प्रहरी अधिकारीहरू देहाय अनुसारका कार्य गर्न सक्षम रहेको यो सुनिश्चित गर्नुपर्दछ :

उपलब्धता र पहुँचयुक्तता (शासन, निगरानी र जवाफदेहिताको दृष्टिकोणबाट)

- न्यायकर्मी र सामुदायिक अधिवक्ताहरू बीचको सम्बन्धलाई समन्वय गर्न भूमिका खल्ने । अधिवक्ताहरूले प्रहरी अधिकारीहरूको कामलाई परिपूर्ण गर्छन्, प्रतिक्रिया दिन्छन्, र प्रशिक्षण प्रदान गर्छन् । मानवअधिकार[२७], महिला अधिकार र अपाङ्गता अधिकारका पक्षधरहरूसँग साझेदारी निर्माण गरेर प्रहरीले समुदायमा आफ्नो विश्वसनीयता बलियो बनाउन सक्छ ।

सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरूद्वारा प्रभावकारी सञ्चार र सहभागिता :

- औपचारिक उजुरी दर्ता गर्दा र त्यसको फलोअप गर्दा हिंसाको सामना गरेका महिला र किशोरीहरूलाई प्रोत्साहन र सहयोग गर्ने । यसमा पीडित/प्रभावितहरूलाई सुरक्षा प्रदान गर्ने र पीडकहरूमाथि अभियोग लगाउने र अभियोजन गर्ने जिम्मेवारी प्रहरी र अभियोजन सेवाहरूको हो भन्ने बारेमा उनीहरूलाई सल्लाहसुझाव दिने । विशिष्ट आवश्यकता भएका महिला र किशोरीहरूलाई उपयुक्त सहयोग प्रदान गर्ने ।

अनुकूलन क्षमता

- सम्भावित नैतिक दुविधा वा नजिकको समुदाय-प्रहरी सम्बन्धको नकारात्मक प्रभावहरूको सामना गर्न समन्वय क्षेत्रहरूमा कडा र स्पष्ट नियम र नीतिहरूको प्रवर्द्धन र वकालत गर्ने, किनभने त्यसले महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूलाई प्रहरी र अन्य न्याय निकायहरूसमक्ष उजुरी गर्न वा सहकार्य गर्न रोक्न सक्छ ;

- उपलब्धिहरू सार्वजनिक गर्न, कमिकमजोरीहरूको पहिचान गर्न, र बाह्य पहुँच र प्रतिकार्यमा सुधार गर्न रणनीतिहरू विकास र कार्यान्वयन गर्ने अवसरहरू सिर्जना गर्ने ।

उपयुक्तता

- समन्वय प्रयासहरूको नेतृत्व लिने जसले गर्दा लैङ्गिक हिंसा र बलात्कार विरुद्धका कार्यक्रमहरूको केन्द्रविन्दुमा महिला र किशोरीहरूको हित समावेश होस् ।[२८]

"समन्वयको प्राथमिक लक्ष्य सदैव पीडितको बढी भन्दा बढी सुरक्षा हुनुपर्छ । पीडितको सुरक्षामा केन्द्रित नहुने समन्वयकारी प्रतिकार्यहरु वास्तवमा पीडितहरुका लागि हानिकारण हुनसक्छ ।"

- Benefits of Coordination - Stop Violence against Women: A Project of The Advocates for Human Rights

२६ The Strategic Guidance Framework for International Police Peacekeeping ('SGF') aims to enhance the effectiveness of UN police peacekeeping through more consistent, harmonized approaches to the provision of public safety, police reform and support to host-State police services. See:https://police.un.org/en/sgf

२७ This includes advocates of persons with disabilities and other personal variables that place people in positions of vulnerability.

२८ Overview of the worldwide best practices for rape prevention and for assisting women victims of rape,(Directorate General for Internal Policies Policy Department C: Citizens' Rights and Constitutional Affairs Gender Equality,European Parliament, 2013).

प्रेषण (रिफरल) र समन्वयको माध्यमबाट अन्य क्षेत्र र निकायहरूसँग जोडिने

- न्याय निकायहरू र सामुदायिक सरोकारवालाहरूसँग उनीहरूको जिम्मेवारी र नजिकको सहकार्यको आवश्यकताका सन्दर्भमा व्यापक सहमति र प्रतिबद्धतामा पुग्नको लागि काम गर्ने ;

- महिला तथा किशोरी विरुद्धको हिंसाका पीडित/प्रभावितहरूले आफू अनुसन्धानका सबै पक्षहरूमा अर्थपूर्ण रूपमा सहभागी हुन सकिन्छ भन्ने अनुभूति गर्ने कुराको सुनिश्चित गर्न सरोकारवालाहरूसँग सहकार्य गर्दा समस्या समाधान गर्ने दृष्टिकोण अवलम्बन गर्ने। उदाहरणका लागि, अन्य न्यायकर्मीहरूसँग मिलेर, यौन हिंसाबाट पीडित/प्रभावितहरूलाई कलंकित वा सामाजिक रूपमा सीमान्तकृत नगर्ने प्रयासको रूपमा सामुदायिक अगुवा र स्थानीय सञ्चार माध्यमसँग सहकार्यात्मक संलग्नता प्रक्रिया स्थापना गर्ने र यो प्रतिबद्धता सार्वजनिक गर्ने ;

- घरेलु हिंसाविरुद्धका कार्यक्रमहरूको अनुगमन वा विशेष अवधारणा (तथ्याङ्क संकलन) र साधनहरूको समीक्षाको समन्वय अन्य न्यायकर्मीहरू र सामुदायिक सरोकारवालाहरूसँग गर्ने। सचेतना अभिवृद्धि लगायत सेवामा रहेका कमीकमजोरीहरूलाई संयुक्त रूपमा पहिचान गर्ने। सहकार्यात्मक रुपमा सेवामा सुधार ल्याउने प्रयास गर्नु प्रहरीको समन्वयको उद्देश्यहरू मध्ये एउटा हुनुपर्छ।[२९]

तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन

- रोकथाम रणनीतिहरूको लागि संवेदनशील जानकारीको नैतिक आदानप्रदानका लागि न्याय निकायहरूसँग र विशेषगरी यौन अपराधीहरूको मामिलाहरूमा आपराधिक पृष्ठभूमि जाँचको लागि निजी सुरक्षा सेवाहरू जस्ता व्यापक दायराका समुदायमा आधारित सरोकारवालाहरूसँग समन्वय गर्ने।[३०]

सुसूचित सहमति र गोपनीयता

- पीडित/प्रभावितको सम्मानजनक र गोप्य कानुनी उपचारको अधिकार सहित अनुसन्धानको अखण्डतालाई सन्तुलनमा राख्न विवेकपूर्ण निर्णय गर्दै अनुसन्धानको परिणाम प्राप्त गर्नका लागि फराकिलो दायराको सरोकारवालाहरूसँग कार्यगत सम्बन्धको विकास गरी त्यसलाई कायम राख्ने ;

- विशेषगरी महिलाहरूले आफैंको लागि निर्णय गर्ने कानूनी क्षमतालाई अस्वीकार गरेको अवस्थामा सुसूचित सहमति लिने प्रक्रियामा न्यायिक प्रक्रियामा सबै सरोकारवालाहरूको सहमति र राम्रो बुझाई रहेको सुनिश्चित गर्ने।

अत्यावश्यक सेवाहरू प्रदान गर्ने प्रहरीका लागि सन्दर्भ सूचकहरू : न्याय निकायहरू बीच समन्वय

समन्वयले विभिन्न रूपहरू लिन्छ, केही बढी औपचारिक र नीति निर्माणका लागि थप प्रभावशाली; अन्य कम औपचारिक र व्यक्तिगत पीडित/प्रभावितहरूसँग थप प्रभावकारी संलग्नताको दिशामा केन्द्रित। समन्वयकारी प्रतिकार्य महत्वपूर्ण छ किनभने यो समस्यालाई सम्बोधन गर्न समाजका विभिन्न क्षेत्रहरूले एक्लाएक्लै काम गर्दा भन्दा हिंसाबाट पीडित/प्रभावितहरूलाई सुरक्षित राख्न र अपराधीहरूलाई जवाफदेही बनाउन बढी प्रभावकारी हुन्छ। समन्वयले पीडित/प्रभावितहरूलाई, महिला विरुद्ध हुने हिंसाको प्रतिकार्यमा संलग्न निकाय र संस्थाहरूका लागि र उनीहरूका समुदायहरूलाई पनि फाइदाहरू प्रदान गर्दछ।[३१]

अध्याय २ मा छलफल गरिए झैं इएसपीले पीडित/प्रभावितहरूका लागि सबै न्याय र सहायता सेवाहरूले अधिकतम प्रभाव सुनिश्चित गर्न साझा विशेषता र साझा गतिविधिहरू प्रदान गर्न आवश्यक छ भन्ने प्रस्ताव गर्दछ। हिंसाको सामना गरिरहेका महिला र किशोरीहरूलाई सम्बोधन गरिरहेको निश्चित 'क्षेत्र' जे-जस्तो भएपनि यो कुरा सबैमा लागू हुन्छ। निम्नलिखित सूची इएसपीको साझा विशेषताहरू र साझा गतिविधिहरूबाट प्रेरित छ ; यसले अत्यावश्यक सेवाहरूलाई पीडित/प्रभावित-केन्द्रित समन्वयात्मक रुपमा प्रवाह गर्ने र महिला तथा किशोरी विरुद्ध हिंसाप्रति लैङ्गिक रुपमा संवेदनशील प्रतिकार्यको लक्ष्य बोकेको प्रहरीका क्रियाकलापहरूका लागि केही सन्दर्भ सूचकहरू प्रस्ताव गर्दछ।

यी सूचकहरू भएको अवस्थामा प्रहरी व्यवस्थापकहरूले साभार गर्न सक्छन्, तर प्रयोग नभएको अवस्थामा पनि बरिष्ठ तहमा त्यसको समावेशीकरणका लागि प्रोत्साहित गर्नसक्छन् :

- **उपलब्धता र पहुँचयुक्तता** : महिला तथा किशोरी विरुद्ध हिंसाका मामिलाहरूमा न्याय निकायहरूसँग औपचारिक र/वा अनौपचारिक समन्वय प्रक्रियाहरूमा नियमित रूपमा भाग लिने वा भाग लिएको प्रहरी चौकीका कर्मचारीहरूको प्रतिशत। यस सूचकले प्रहरी कर्मचारीहरूलाई लिङ्ग, पद, एकाइका आधारमा वर्गीकरण गरी न्याय निकायहरूसहित अन्य अत्यावश्यक सेवा प्रदायकहरूमा पहुँच प्राप्त गर्न पर्याप्त तालिम लिएका छ वा छैन भनी प्रमाणित गर्नुपर्छ। यो सूचकले महिला तथा किशोरी विरुद्धका हिंसाका घटनाहरूमा कुन हदसम्म चौकीका प्रहरीले आफूलाई पहिलो उत्तरदायीको अवस्थामा पाउँछन् भन्ने बारे पनि जानकारी दिनेछ।

२९ Logar, Rosa,'The Austrian model of intervention in cases of domestic violence', Paper presented at the UN Expert Group Meeting: Violence against women: Good practice in combating and eliminating violence against women'(Vienna, 17–20 May 2005).

३० Guidelines for Private Security Providers on Preventing and Addressing Sexual Exploitation and Abuse (International Code of Conduct Association for Private Security Services Providers, 2019).

३१ See Module 5: *Coordination and Governance of Coordination*, ESP (2015).

- **अनुकूलनता र पहुँचयुक्तता** : स्थानीय प्रहरी टोलीहरू संलग्न समन्वय प्रक्रियाहरूको प्रतिशत जसले महिला अधिकार संगठन जस्ता नागरिक समाजका संस्थाको अर्थपूर्ण सहभागितामा भरोसा गर्छ। यी संयन्त्रहरूमा महिला संगठनहरूको सक्रिय समावेशीकरण हुनुपर्छ र त्यसमा मुख्य जात, उमेर [३२], धर्म, अपाङ्गता, भाषा र यौन झुकाव जेजस्तो भएपनि हुनुपर्छ, किनभने प्रतिनिधित्वको विविधताले मुद्दाहरूको अझ बढी सटीक विवरण प्रदान गर्न सक्छ। गैससहरूको अर्थपूर्ण सहभागिताको कम प्रतिशतले विश्वासको कमी, वा तार्किक योजनाको अभाव वा दुईको संयोजनलाई संकेत गर्न सक्छ।

- **उपयुक्तता र पहुँचयुक्तता** : स्थानीय प्रहरी टोलीहरू संलग्न समन्वय प्रक्रियाहरूको प्रतिशत, जसले लैङ्गिक विशेषज्ञतामा भरोसा गर्दछ। लैङ्गिक विशेषज्ञताले प्रहरीसहित अत्यावश्यक सेवा प्रदायकहरूसँग महिला तथा किशोरी विरुद्ध हिंसालाई सन्दर्भ अनुसार हेर्न महत्वपूर्ण भूमिका खेल्नुपर्दछ, र उनीहरू र समुदायले महिला तथा किशोरी विरुद्ध हिंसालाई बुझेर त्यसलाई सम्बोधन गरेको सुनिश्चित गर्न मद्दत गर्नुपर्छ। लैङ्गिक विशेषज्ञताले अत्यावश्यक सेवा प्रदायकहरूबीच महिला तथा किशोरी विरुद्ध हिंसाको साझा सैदान्तिक रूपरेखा रहेको सुनिश्चित गर्न पनि मद्दत गर्न सक्छ।

- **सुरक्षालाई प्राथमिकता दिनुहोस्** : स्थानीय प्रहरी टोलीहरू सम्मिलित समन्वय प्रक्रियाहरूको प्रतिशत जसले पीडित/प्रभावितको सुरक्षा र संरक्षणका लागि प्रोटोकलहरूको निरीक्षण गर्ने मुख्य सम्पर्क अधिकारी वा फोकल पयन्टका रुपमा स्थापना गरेको छ (हेनुहोस् बाकस ९ आईएफभीसीसीहरूको भूमिका)। सम्पर्क अधिकारी वा फोकल पयन्टको भूमिका विशेषगरी जोखिम मूल्याङ्कन, र विभिन्न अनुसन्धानहरूमार्फत सुरक्षा र संरक्षण उपायहरूको समन्वयमा सूचनाको प्रवाह सुनिश्चित गर्ने लक्ष्यका साथ विशेषकृत अत्यावश्यक सेवा प्रदायकहरू बीच आलोपालो गरी बहन गर्ने व्यवस्था हुनुपर्छ। भूमिकामा विभिन्न पात्रहरूले खेलेका भूमिकाहरूको साझा बुझाईलाई सुदृढ गर्ने र प्रणालीमा रहेको कमीकमोरीहरूका बारेमा अद्यावधिक बुझाइ पनि समावेश गर्नुपर्छ।[३३]

- **सूचित सहमति र गोपनीयता र पहुँचयुक्तता** : स्थानीय प्रहरी टोलीहरू सम्मिलित समन्वय प्रक्रियाहरूको प्रतिशत जसले महिला तथा किशोरी विरुद्ध हिंसासम्बन्धी कार्यक्रमहरूका लागि उनीहरूको मानक नीति, प्रक्रिया र प्रोटोकलहरूको समीक्षा गर्दछ। प्रहरी र अन्य अत्यावश्यक सेवा प्रदायकहरूद्वारा सहमति र गोपनीयता संहिताको अनुपालनमा बलियो जोड दिइनुपर्छ। र यो बौद्धिक अपाङ्गता, सिकाइ कठिनाइ वा संवेदनात्मक अपाङ्गता भएकाहरू सहित सबै महिला र किशोरीहरूका लागि हुनुपर्छ।

- **सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरूको प्रभावकारी सञ्चार र सहभागिता:** चौकीका प्रहरी कर्मचारीहरू सम्मिलित समन्वय प्रक्रियाहरूमा निकायहरूको संयुक्त प्रशिक्षणको संख्या/प्रति वर्ष। यसमा महिला तथा किशोरी विरुद्ध हिंसाको साझा बुझाइलाई सुदृढ गर्ने, साझा परिभाषा, अपेक्षाहरू र उत्कृष्ट अभ्यासहरूको पुनःपुष्टि गर्ने, र प्रत्येक क्षेत्रबाट हुने हस्तक्षेपहरूले पीडित/प्रभावितको सुरक्षालाई बढाउन कसरी योगदान गर्छ भन्ने कुरा समावेश हुनुपर्छ।

- **तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन** : कार्यसञ्चालन योजनालाई सूचित गर्न र सफल समन्वय समक्ष रहेका अवरोधहरूको पहिचान गर्न बेसलाइन अध्ययनहरू सञ्चालन गर्ने प्रहरी टोलीहरूको प्रतिशत। अनुगमन तथा मूल्याङ्कनले समन्वयकारी प्रणालीहरूले कसरी काम गरिरहेको छ भनी बुझ्न र सिक्ने अवसरहरू प्रदान गर्दछ। अनुगमन र मूल्याङ्कनका निष्कर्षहरू आदानप्रदान गर्नाले समन्वयकारी प्रतिकार्यहरूमा सुधार गर्ने र सरोकारवालाहरूलाई सहभागी हुन र सुधारहरू बारे निर्णयहरू गर्ने अवसर प्रदान गर्छ।

- **समन्वय मार्फत अन्य क्षेत्र र निकायहरूसँग सम्पर्क** : महिला तथा किशोरी विरुद्ध हिंसा प्रतिकार्य रणनीतिहरूमाथि लक्षित स्थानीय प्रहरी टोलीहरू सम्मिलित प्रहरी साझेदारीहरूको स्वतन्त्र (तर गोप्य) मूल्याङ्कन वा समीक्षाहरूको संख्या। यी मूल्याङ्कन वा समीक्षाहरूले निकायहरूबीच वा महिला तथा किशोरी विरुद्ध हिंसाप्रतिका अवधारणाहरू बीचको समन्वयको प्रभावकारितालाई सूचित गर्न सक्छन्। तिनीहरूको मूल्याङ्कन देहाय अनुसार गर्न सकिन्छ :

- प्रहरीको कार्यसम्पादन र समुदायमा सुरक्षाको स्थितिमा सार्वजनिक धारणा सर्वेक्षण र केन्द्रित समूह अन्तर्वार्ताहरू आयोजना गर्ने;
- प्रहरीबारे आन्तरिक र सार्वजनिक निरीक्षण रिपोर्टहरू सञ्चालन गर्ने; मिडिया रिपोर्टहरूको विश्लेषण गर्ने ;
- प्रहरी-सामुदायिक गतिविधिहरूको अभिलेख राख्ने;
- औपचारिक र अनौपचारिक सार्वजनिक फोरमहरू इत्यादिको दिगोपनाको विश्लेषण गर्ने।[३४]

३२ Coordination mechanisms should ensure that the voices of young women and girls are heard,paying attention to the vulnerabilities they face. Similarly, coordination mechanisms should ensure the specific needs and barriers women and girls with disabilities face when accessing justice.

३३ Inspired from the 'Overview of the worldwide best practices for rape prevention and for assisting women victims of rape (Directorate General for Internal Policies Policy Department C: Citizens' Rights and Constitutional Affairs Gender Equality,European Parliament, 2013).

३४ See 'Good Practices in Building Police-Public Partnerships by the Senior Police Adviser to the OSCE Secretary General (The Organization for Security and Co-operation in Europe, 2008).

बाकस ५

इलिनोइस र ओरोमिनामा समन्वयका लागि आशाजनक पहलहरू

पारिवारिक हिंसा समन्वय परिषद् (आइएफभीसीसी) इलिनोइस, संयुक्त राज्य अमेरिका

इलिनोइस पारिवारिक हिंसा समन्वय परिषद् (आइएफभीसीसी) इलिनोइस सर्वोच्च अदालतको सक्रियतामा राज्य र स्थानीय/सर्किट स्तर दुवैको लागि सुरु गरिएको थियो । आइएफभीसीसीको बैठक बोलाइन्छ र मुख्य तथा सर्किट न्यायाधीशहरूद्वारा अध्यक्षता हुन्छ र पारिवारिक हिंसामा हस्तक्षेप गरी त्यसलाई रोक्ने काम गर्ने निकाय र सेवाहरूको प्रतिनिधित्व गर्ने नीति-स्तरका निर्णयकर्ताहरू समावेश हुन्छन् । परिषद्हरूमा प्रहरी, न्याय निकाय र गैससहरू समावेश हुन्छन् ।

आइएफभीसीसले पारिवारिक हिंसा विरुद्ध संस्थागत, व्यावसायिक र सामुदायिक प्रतिकार्य सुधार गर्न एउटा फोरम प्रदान गर्दछ । उनीहरूले व्यावसायिक शिक्षा र रोकथाम प्रदान गर्छन्; पीडित/प्रभावित र पीडकहरूका लागि हस्तक्षेप र सेवाहरूको समन्वय गर्छन् र कानुनी प्रणाली र न्याय निष्पादन दुवैको सुधारमा योगदान पुऱ्याउँछन् ।

समन्वयलाई सहज बनाउन न्यायपालिका, अभियोजन सेवा, प्रदेश प्रहरी, सम्बन्धित सरकारी विभाग र गैससहरूको सहभागितामा नियमित संचालक समितिका बैठकहरू आयोजना गरिन्छ ।

सल्लाहकार समितिका सदस्य, इलिनोइस आइएफभीसीसीका कर्मचारी, स्थानीय परिषद् संयोजकहरू र स्थानीय पारिवारिक हिंसा समन्वय परिषद्का सदस्यहरू सम्मिलित कार्यदलहरूले प्रोटोकल, अद्यावधिक गरिएका विधानहरूको समीक्षा गर्नुका साथै समन्वय र प्रतिकार्य प्रोटोकलहरूका लागि नयाँ स्रोतहरूको विकास गर्छन् । उदाहरणका लागि सन् २०१८ मा, आइएफभीसीसीले यौन आक्रमण, घरेलु हिंसा, दुर्व्यवहार, उपेक्षा वा शोषण सामना गर्ने अपाङ्गता भएका पीडितहरू र वृद्धवृद्धाहरूलाई सम्बोधन गर्न अभियोजन प्रोटोकलको समीक्षामा भाग लिएको थियो ।

स्रोत : Family Violence Coordinating Councils (IFVCC) and Prosecutor Protocol for Responding to Victims with Disabilities and Older Adults who Experience Sexual Assault, Domestic Violence, Abuse, Neglect or Exploitation, (State of Illinois, Illinois Criminal Justice Information Authority).

एक-द्वार केन्द्रहरू, इथियोपिया

ओरोमिया क्षेत्रमा एक-द्वार केन्द्रहरू पहिलो पटक सरकारले सन् २०१३ मा युनिसेफको सहयोगमा आदामा सहरमा शुरू गरेको थियो । केन्द्रले यौन हिंसाका पीडित/प्रभावितहरूलाई मेडिको-लिगल (फरेन्सिक) र मनोसामाजिक सेवाहरू प्रदान गर्दछ, जहाँ प्रहरी र अभियोजकर्ताबाट एकै ठाउँमा समन्वयात्मक सेवाहरू पनि प्राप्त गर्न सक्छन् ।

पछि, शशामाने र जिम्मा सहरहरूमा दुई अन्य केन्द्रहरू स्थापना गरियो । सरकारले मानक सञ्चालन विधि (एसओप) र रणनीतिहरू विकास गरेर यी केन्द्रहरूलाई मानकीकरण गरेको छ ।

अदमा, ओरोमिया* स्थित एकद्वार केन्द्रमा एक जना प्रशिक्षित र समर्पित सामाजिक कार्यकर्ता, अभियोजनकर्ता, प्रहरी अधिकारी, एक जना नर्स, एक जना क्लर्क, एक जना डाक्टर, र एक जना व्यवसायिक मनोचिकित्सक कर्मचारीका रुपमा रहेका छन् । केन्द्र महिला तथा बालबालिका युवा मामिला ब्यूरो, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी, विशेष उच्च अदालत र स्थानीय गैरसरकारी संस्थाहरूसँग जोडिएको छ ।

केन्द्रको सुपरिवेक्षण महान्यायाधिवक्ताको कार्यालयले एउटा बहु-क्षेत्रीय संचालक समिति मार्फत हुने गर्दछ । समितिले प्रहरी अनुसन्धान, परामर्श, चिकित्सा उपचार, र निःशुल्क कानुनी सहायता जस्ता मुख्य सेवाहरूको प्रावधानको व्यवस्थापन र समन्वय गर्दछ ।

एकद्वार केन्द्रहरूले संघीय महान्यायाधिवक्ताको नेतृत्वमा रहेको महिला तथा किशोरी विरुद्ध हुने हिंसालाई रोक्न र प्रतिकार्य सञ्चालन गर्ने राष्ट्रिय समन्वय निकायमा रिपोर्ट गर्छ । यस निकायलाई पञ्चवर्षीय राष्ट्रिय रणनीति र कार्ययोजना जस्ता परिचालनात्मक साधनको सहयोग प्राप्त छ

हाल, युएन वुमनको सहयोगमा सरकारले सञ्चालन गरेका कार्यक्रमहरूमा तीन न्यायिक क्षेत्रहरू (प्रहरी, सरकारी वकिल र न्यायाधीशहरू) लाई महिला तथा किशोरी विरुद्ध हुने हिंसालाई कसरी समन्वय गर्ने र प्रतिकार्य सञ्चालन गर्ने भन्ने बारे एक मानक प्रशिक्षणका लागि एकै ठाउँमा ल्याउने कार्य समावेश छ । यो पहल सन् २०१६ मा क्षेत्रीय राज्यहरू मध्ये एउटामा शुरू भएको थियो जसको लक्ष्य समन्वय सुदृढीकरण र सो क्षेत्र मा महिला तथा किशोरी विरुद्ध हिंसाका मुद्दाहरू को अभियोजन दरहरूको वृद्धि रहेको थियो ।

स्रोत : Kefetew, K. 'Providing a coordinated response to survivors of sexual violence in the Oromia Region, Ethiopia' (UNICEF, 2019)

सञ्चार

"विश्वास निर्माण गर्न र प्रभावकारी रुपमा लक्ष्य हासिल गर्नका लागि सञ्चार अपरिहार्य हुन्छ ।"

- युएनपोल जेन्डर टुलकिट (२०१५)

अध्यायका लक्ष्यहरू:

प्रहरीले न्याय प्रणालीभरी महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई सुरक्षाको भावना सुनिश्चित गर्ने, न्यायसम्बन्धी उनीहरूका परिवर्तनशील आवश्यकताहरू थाहा पाउने, र गोपनियता र गोप्यतामा आधारित सम्बन्ध सम्भव बनाउने तरिकामा सञ्चार गरेर र सुनेर उनीहरूको सशक्तीकरण गरेका हुनेछन् ।

मुख्य सन्देश र सिकाइका बुँदाहरू

- आफ्ना कर्मचारीहरूद्वारा सञ्चार गरिएका कुनैपनि लैङ्गिक तथा अन्य हानिकारक पूर्वाग्रहहरूलाई पहिचान र सम्बोधन गर्नु टोली प्रबन्धक/नेताको कमाण्ड जिम्मेवारीको अंश हो;
- पीडित/प्रभावितले आफ्ना कथा सुनाउँदा 'श्रोताहरू' द्वारा निष्कर्ष/निर्णय नगर्ने सुनिश्चित गर्दै 'सक्रिय' सुन्ने सीपहरू प्रयोग गर्नु पीडित/प्रभावितसँग सञ्चारको एक महत्त्वपूर्ण भाग हो,
- पीडित/प्रभावितसँग विश्वास र सम्बन्ध निर्माण गर्ने ताकि उनी आफ्नो कथामा विश्वस्त महसुस गर्छिन्, तिनलाई मान्यता दिने र उनी दोषी छैनन् भनी आश्वस्त पार्ने;
- अनुसन्धान र न्याय प्रक्रियालाई पूर्ण रूपमा व्याख्या गर्ने र अद्यावधिक एवं संयोजित जानकारी प्रदान गर्न सम्पर्क कायम गर्ने;
- महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितप्रति कमजोर सञ्चार सीपका कारण स्थायी आघातका प्रभावहरू पर्ने र सामान्य रूपमा कम उजुरी हुने गर्दछ;
- महिला तथा किशोरीहरूलाई असमान रूपमा असर गर्ने भेदभावबारे बुझाइको अभावले लैङ्गिक पूर्वाग्रहलाई प्रेरित गर्दछ;
- यौन हिंसा र यौनमा आधारित अपराधहरूको अग्रणी कारक सहमतिको अभाव हो ।

परिचय

समुदाय र हिंसा तथा अपराधबाट पीडित/प्रभावितसँगको दैनिक संलग्नता बाहेक, अत्यावश्यक सेवाहरूको प्रवाह सुनिश्चित गर्न प्रहरीले विभिन्न प्रकारका न्यायिक निकाय र स्थानीय सरोकारवालासँग संलग्न हुन आवश्यक छ । नतिजा स्वरूप, प्रभावकारी रूपमा सञ्चार गर्न सक्षम हुनका लागि प्रहरीलाई विविध प्रकारका अन्तरवैयक्तिक सीपहरूको सायद पहिले भन्दा धेरै महत्व हुन्छ ।

फोटो सौजन्य : यूएन वुमन/नेपाल

बाह्य रूपमा, अग्रपंक्तिमा रहेका प्रहरीहरू पीडित/प्रभावित र सबै पृष्ठभूमिका सम्बन्धित नागरिकहरूसँग संलग्न हुन्छन् । यसका लागि समानुभूति, करुणा, अमौखिक सञ्चार र सक्रिय सुनाइ क्षमताको साथसाथै विभिन्न व्यक्तिका उमेर, शिक्षाको स्तर, सुन्न र/वा बुझ्ने क्षमता अनुसार सञ्चार शैलीलाई अनुकूलन गर्ने क्षमताको आवश्यकता पर्दछ ।

व्यक्तिगत स्तरमा, यस्ता सीपहरू पीडित/प्रभावितलाई आश्वस्त पार्ने, मानिसहरूलाई शान्त पार्ने, हिंसालाई कम गर्ने, भूमिका र प्रक्रियाहरू (उनीहरूसँग संलग्न व्यक्ति अनुरुप)बारे जानकारी दिँदा स्पष्टता सुनिश्चित गर्ने, र सार्वजनिक सुरक्षाका सवाल सम्बोधन गर्न सहकार्य गर्ने वा सम्बन्ध विकास गर्ने अपरिहार्य हुन्छन् ।

> "सञ्चारमा समुदायहरूसँग अन्तरक्रिया गर्नु, उनीहरूको धारणा र विचार सुनेर तिनलाई प्रहरीको कार्यसम्पादन र सेवा प्रवाहमा सुधार गर्ने तरिकाबाट कार्यमा प्रयोग गर्नु पर्छन् ।"
>
> - युके कलेज अफ पुलिसिङ्ग

संस्थागत रूपमा, समुदायका प्रतिनिधि, नागरिक समाज, अन्य कानून कार्यान्वयन गराउने निकायका प्रतिनिधि र अन्य अत्यावश्यक सेवा प्रदायकसँग प्रभावकारी रूपमा संलग्न हुन जुनसुकै दर्जाका सबै प्रहरी अधिकारीहरू तयार हुनुपर्छ । यी संलग्नतामा, प्रहरीका सञ्चारहरू पारदर्शी, उनीहरूका अपेक्षा र भूमिकामा स्पष्ट, सुसंगत, समाधानमूखी, समावेशी र सहयोगी हुने लक्ष्यसहितको हुनुपर्छ ।

लैङ्गिक पूर्वाग्रह भनेको एक लिङ्गको अर्को लिङ्गप्रतिको झुकाव वा पूर्वाग्रह हो । लैङ्गिक पूर्वाग्रह, चाहे अप्रत्यक्ष (अचेतन) होस् वा प्रत्यक्ष (चेतन) - लैङ्गिकतामा-आधारित रुढिवादी सोच र मनोवृत्तिहरुद्वारा आकार दिइएको र सूचित हुन्छ जसले पुरुषका तुलनामा महिलाहरूलाई विभिन्न विशेषता, भूमिका र व्यवहारहरु तोक्ने गर्दछ - र यसमा यौन भूमिका र व्यवहारहरु पनि समावेश हुन्छन् ।

संगठन भित्र, प्रहरीका आचारसंहिता, अखण्डताका ढाँचा (सिद्धान्त अनुसार) र कमाण्ड जिम्मेवारीका सन्दर्भमा नेतृत्वका अपेक्षाहरूद्वारा आपसी सञ्चार निर्देशित हुन्छन् । यी संहिता, ढाँचा र अपेक्षाहरूलाई दैनिक रुपमा र कुशलताका साथ मौखिक रूपमा प्रवाह गर्दै आफ्ना कर्मचारीबाट अनुशासन र निष्ठा सुनिश्चित गर्नका लागि प्रहरी प्रबन्धकहरूले परिचालनको प्रभावकारिता र दक्षतालाई बलियो बनाउने अपेक्षा गरिन्छ ।

कुनै एक सहकर्मी प्रहरी अधिकारी वा अधिकारीहरूका समूहले राष्ट्रिय नीति वा संस्थागत निर्णयहरू बुझ्नेनन् वा तीबारे प्रश्न गरे भने स्पष्टता प्रदान गर्ने कुरा पनि यसमा पर्छन् । महिला तथा किशोरी विरुद्धका हिंसा र लैङ्गिक हिंसाका अन्य रूपहरूलाई सम्बोधन गर्दा त्यसले धेरै अन्तर्निहित र स्पष्ट हानिकारक पूर्वाग्रहहरूलाई निम्त्याउँछ, किनभने यो स्वाभाविक रूपमा कथित सामाजिक र सांस्कृतिक मान्यताहरूसँग जोडिएको हुन्छ जुन पितृसत्तात्मक र भेदभावपूर्ण प्रकृतिका हुन्छन् ।

धेरै प्रहरी अधिकारीहरूलाई प्रहरीकार्यमा प्रत्यक्ष र अप्रत्यक्ष पूर्वाग्रहले हुनसक्ने हानीबारे पर्याप्त सचेतना नहुन सक्छ । उनीहरूका आफ्ना व्यवहारमा परिवर्तन आवश्यक पर्ने नीतिहरूको सान्दर्भिकता र/वा लागू र लैङ्गिक समानतासँग सम्बन्धित रणनीतिहरूबारे उनीहरूले प्रश्न उठाउनु असामान्य मान्नु पर्दैन ।

प्रहरी व्यवस्थापकहरूले उदाहरणीय रूपमा नेतृत्व गर्नुपर्दछ र कुनै पनि लिङ्ग र अन्य अन्तरसम्बन्धित हानिकारक पूर्वाग्रह[१] पहिचान गर्न र त्यस्ता प्रश्नहरू वा डरलाग्दो मनोवृत्तिहरूलाई सम्बोधन गर्न तयार हुनुपर्छ । सार्वजनिक सुरक्षा, समुदायका लागि फाइदा र प्रहरीकार्यमा ढाँचा, नीति, वा संहिताका उद्देश्यहरू साथै गैर-अनुपालनका परिणामहरू स्पष्ट रूपमा सञ्चार गरेर उनीहरूले त्यसको सम्बोधन गर्नुपर्छ ।

प्रहरी अधिकारीका प्रशिक्षण कार्यक्रम र संगठनात्मक सहयोगी प्रणालीहरू (जस्तै निर्देशन योजनाहरू) ले कमाण्ड जिम्मेवारीका लागि प्रहरी अधिकारीहरू तयार गर्दा पारस्परिक सञ्चार सीप र औजारहरू प्रदान गर्नु आवश्यक हुन्छ, ताकि उनीहरूलाई महिला तथा किशोरी विरुद्धका हिंसाको अनुसन्धान र रोकथामका प्रयासलाई कमजोर बनाउने हानिकारक पूर्वाग्रहका प्रभाव कम गर्न सक्षम बनाइन्छ ।

त्यस्ता प्रशिक्षण र सहयोगी प्रणालीहरूलाई संस्थागत नीति र रणनीतिहरूद्वारा लागू गर्न र दैनिक प्रहरीकार्यका लागि

१ मनोवृत्ति र व्यवहारलाई प्रभावित गर्ने पूर्वाग्रहहरू विभिन्न अन्तरसम्बन्धित कारकहरू जस्तै लिङ्ग, उमेर, अपाङ्गता, जातीयता, यौन झुकाव, र अन्य सामाजिक-आर्थिक पृष्ठभूमि लगायतसँग जोडिएका छन् ।

> लैङ्गिक संवेदनशीलताले पीडित/प्रभावितको पृथक आवश्यकता र दृष्टिकोणलाई ध्यानमा राख्छ, उनको आत्मसम्मान र अखण्डतालाई सम्मान गर्दै र अतिक्रमणलाई न्यूनीकरण गर्दै विधिविज्ञान/फरेन्सिक प्रमाण सङ्कलनका मापदण्डहरुको पालना गर्छ ।

प्रमुख योग्यताको रूपमा **लैङ्गिक-संवेदनशील** सञ्चार सीपलाई प्राथमिकता दिन तयार रहेका प्रतिबद्ध वरिष्ठ नेतृत्वद्वारा सुदृढ गर्न आवश्यक छ । यो विशेषगरी प्रहरीले दैनिक रुपमा प्रतिकार्य गर्नुपर्ने महिला तथा किशोरी विरुद्धका हिंसा-सम्बन्धित घटनाहरूको संख्यालाई ध्यानमा राख्दा र अन्तरंग साथीबाट हुने हिंसा एक पटकमा मात्र सिमित हुने घटना नभएकाले प्रहरीले प्रायः उही पीडित/प्रभावित र पीडकसँग बारम्बार संलग्न हुने हुँदा निकै महत्त्वपूर्ण छ ।

फरक र प्रायः अप्रत्याशित परिस्थितिहरूमा विभिन्न पृष्ठभूमिका मानिसहरूसँग प्रभावकारी रूपमा सञ्चार गर्नुपर्ने अग्रपंक्तिका प्रहरीको दैनिक आवश्यकताले यसलाई थप महत्वपूर्ण हुन्छ ।

सार्वजनिक निकाय र कर्तव्य वाहकको रूपमा प्रहरी अधिक लैङ्गिक उत्तरदायी बन्नका लागि त्यस्ता नीति र रणनीतिहरूका प्रकृति रूपान्तरणकारी हुनुपर्दछ र तिनले संस्थागत परिवर्तन ल्याउने स्पष्ट लक्ष्य लिएको हुनुपर्दछ ।[२] लैङ्गिक-संवेदनशील सञ्चार सीपहरू जस्ता लैङ्गिक-उत्तरदायी दक्षता र सीपहरू आन्तरिक रुपमा समायोजन गर्नु रूपान्तरण प्रक्रियाको केन्द्रबिन्दु हो ।

फलस्वरूप, रूपान्तरणकारी नीति र रणनीतिहरू प्रहरी संगठनको ध्येय र परिकल्पनाको तर्जुमा र त्यसपछि उच्च तहमा यसको रणनीतिक उद्देश्यहरूमा प्रतिबिम्बित हुन आवश्यक छ । लैङ्गिक-संवेदनशील सञ्चार सीपलाई यस प्रक्रियामा प्रवर्द्धन गर्दै, इच्छित रूपान्तरण ल्याउन प्रभावकारी योगदानका लागि मध्यम तहका व्यवस्थापकहरूलाई सक्षम बनाउन यसले आधार दिनेछ । प्रहरी रुपान्तरणका लागि आवश्यक संस्थागत परिवर्तन ल्याउने विषयमा थप छलफलको लागि *अध्याय १०: 'महिला तथा किशोरी विरुद्धका हिंसाप्रति प्रभावकारी र जवाफदेही प्रतिकार्यका लागि संस्थागत विकास'* र *अध्याय ११: 'लैङ्गिक-उत्तरदायी प्रहरी कार्यान्वयनका लागि चुनौती र रणनीतिहरू'* हेर्नुहोस् ।

२ लैङ्गिक-उत्तरदायी फौजदारी न्याय भन्नाले कानून, फौजदारी न्यायिक संस्था, फौजदारी न्याय प्रक्रिया र फौजदारी न्यायका परिणामहरूले लैङ्गिक आधारमा कसैलाई भेदभाव गर्दैनन् भन्ने बुझिन्छ । See: Skinnider, Eileen, 'Towards Gender-Responsive Criminal Justice: Good Practices from Southeast Asia in responding to violence against women (Thailand Institute of Justice, 2018).

फोटो सौजन्य : यूएन वुमन/नेपाल

तलको अध्यायले महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई लैङ्गिक-संवेदनशील रूपमा सञ्चार गर्दा प्रहरी प्रबन्धकहरूलाई मार्गदर्शन प्रदान गर्ने उद्देश्य राख्दछ, ताकि उनीहरूले अर्थपूर्ण रूपमा प्रहरी अनुसन्धानमा भाग लिनको लागि अधिकार पाएको महसुस गरून् ।

यस मार्गदर्शनले पीडित/प्रभावित र उनका समुदाय वा पैरवीकर्ताहरूसँग संलग्नताका लागि लैङ्गिक-संवेदनशील सञ्चार सीपलाई आन्तरिक रूपमा प्रवर्द्धन गर्दा प्रहरी प्रबन्धकहरूले सामना गर्ने चुनौतीहरूलाई पनि सम्बोधन गर्नेछ ।

अन्य न्यायिक निकायहरूसँगको सञ्चारलाई यस अध्यायमा समेटिने छैन किनभने यसबारे अध्याय ८: '*न्यायिक निकायहरू बीचको समन्वय*' र अध्याय १२: *न्यायको निरन्तरता*मा थप विस्तारमा छलफल गरिनेछ । विगतका अध्यायहरू जस्तै, पाठकलाई यस अध्यायलाई अत्यावश्यक सेवा प्याकेजको मोड्युल ३ : *न्याय र प्रहरीकार्य*मा *अत्यावश्यक सेवा १०: सञ्चार* सँगको सन्दर्भमा हेर्न सिफारिस गरिन्छ ।

पाठकलाई यो अध्यायको साथमा संयुक्त राष्ट्र शान्तिकार्यसम्बन्धी पुस्तिका (UN Peace Operations Manual), अन्तर्राष्ट्रिय प्रहरी शान्ति स्थापनाका लागि रणनीतिक मार्गदर्शन फ्रेमवर्क (Strategic Guidance Framework for International Police Peacekeeping) र युएनओडीसीको महिला विरुद्धको हिंसामा अपराध रोकथाम र आपराधिक न्याय प्रतिकार्य २०१४ (Strengthening Crime Prevention and Criminal Justice Response to Violence against Women) हेर्न सिफारिस गरिएको छ ।

"प्रहरीले महिलाहरूलाई समय सान्दर्भिक, भरपर्दो र इमानदारीपूर्वक सूचनाहरु उपलब्ध गराएको सुनिश्चित गर्नुपर्छ । यसरी प्रवाह गरिएको सूचनाले अपराध कम गर्न मद्दत गर्न सक्छ । यसका विपरीत, समुदाय वा प्रहरीले सूचना आदानप्रदान नगरेमा अपराध न्यूनीकरणमा प्रतिकूल असर पर्न सक्छ ।"

- युएन पुलिस जेन्डर टुलकिट, २०१५

सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन

प्रभावकारी सञ्चार सम्भवतः महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावित र साक्षीहरूसँग व्यवहार गर्ने सबैभन्दा महत्वपूर्ण पक्षहरू मध्ये एक हो । शारिरीक भाषा - अमौखिक सञ्चारले, पीडित/प्रभावितलाई सकारात्मक वा नकारात्मक सन्देश दिनको लागि महत्त्वपूर्ण भूमिका खेल्छ र 'सक्रिय' सुनाई एक यस्तो सीप हो जुन महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावित र साक्षीहरूसँग सम्पर्कमा आउने सबै मानिसले विकास गर्न आवश्यक छ ।

प्रयोग गरिएका शब्दहरू, आवाजको स्वर र प्रदर्शित शारीरिक भाषामा कुनै पनि सन्देशको प्रभावकारी प्रवाह निर्भर गर्दछ। अनुसन्धानहरूका अनुसार, श्रोताले सन्देशबाट के ग्रहण गर्दछ भन्नेमा यी तीन तत्वहरूलाई सञ्चार गरिँदा प्रयोग हुने अनुपातले सबैभन्दा ठूलो प्रभाव पार्ने गर्छ।

यसको अनुपातले तपाईलाई अचम्ममा पार्न सक्छ, किनकि सफल सन्देश प्रवाह तब हुन्छ, जब केवल ७% शब्दहरू, ३८% आवाजको स्वर र ५५% शारीरिक भाषा प्रयोग गरिन्छ। यदि तपाइँ आफ्नो शरीरको भाषाको बारेमा सचेत हुनुहुन्न वा तपाइँ आफ्नो आवाजको स्वरमा संवेदनशीलता वा करुणा देखाउनुहुन्न भने यसले तपाइँ र तपाइँको कर्मचारीलाई प्रभाव पार्छ।

पीडित/प्रभावितले आफ्नो पूर्ण कथा सुनाउनेगरी उनीसँग विश्वास र सम्बन्ध निर्माण गर्न सक्षम हुनका लागि उनीसँगको सञ्चारको शैली महत्वपूर्ण हुनेछ। उनी प्रहरीमा उजुरी गर्दाको परिणामका कारण त्रसित, आघातको प्रभावबाट पीडित, वा उनको विशेष संकटासन्नता वा आवश्यकताहरू हुन सक्छन् भन्ने याद गर्नुहोस्। भाषाको प्रयोग पनि महत्वपूर्ण छ, सकारात्मक भाषाले सम्भावना, विकल्प र अवसरहरूको पहिचान गर्छ भने नकारात्मक भाषाले हासिल गर्न नसकिने कुराको पहिचान गर्छ।

सक्रिय सुनाई एक अमूल्य सीप हो र आँखाको सम्पर्क, टाउको हल्लाउने, पीडित/प्रभावितसँग सकारात्मक पहुँचयुक्त मुद्रा देखाउने जस्ता शारीरिक भाषाको सकारात्मक प्रयोगद्वारा यसलाई सहयोग पुऱ्याउन सकिन्छ।

यसलाई निश्चित सांस्कृतिक परिवेशहरूमा सावधानीपूर्वक व्यक्त गर्न आवश्यक हुन्छ र यदि पीडित/प्रभावितले सांस्कृतिक मानदण्डहरू र/वा उनले भोगेका कुनै आघात वा पीडाका कारण आँखाको सम्पर्क कायम राख्न असमर्थ छन् भने, यसको मतलब उनले सत्य बोलिरहेको छैन भन्ने होइन।

आफ्नो कर्मचारीलाई पीडित/प्रभावितको स्थानमा उभिएर महसुस गर्न लगाउनुहोस्। उनीहरूले कसैलाई आफ्नो लागि महत्वपूर्ण रहेको कुरा बताउन खोज्दा अर्को व्यक्तिले सुनिरहेको छैन भन्ने लाग्दा उनीहरूलाई कस्तो महसुस हुन्छ? उदाहरणका लागि, त्यस व्यक्तिले उनलाई हेरिरहेका छैनन् वा टेलिफोन कल वा रेडियो सन्देश जस्ता अन्य कुरामा ध्यान दिइरहेका हुन सक्छन्?

पीडित/प्रभावितसँग कुरा गर्नेबारे थप जानकारीका लागि अध्याय ४ : 'प्रारम्भिक सम्पर्क' हेर्नुहोस्।

पीडित/प्रभावितले तपाईंका कर्मचारीलाई भनिरहेका कुरा उनीहरूले खुला दिमागका साथ सुन्नुपर्छ र उनीहरूमा भएका

> "बालबालिका भनेका साना वयस्क होइनन्। उनीहरु आफनै तरिकामा, आफनो उमेर र विकसित क्षमताहरु प्रतिबिम्बित गर्ने तरिकामा घटनाहरुको अनुभव गर्छन्, सोच्छन्, बोल्छन् र व्यवहार गर्छन्। यदि हामी बालबालिकाहरु न्याय प्रक्रियामा अर्थपूर्ण रुपमा सहभागी हुन सक्षम भएको चाहन्छौं र थप हानिबाट सुरक्षित राख्न चाहन्छौं भने, उनीहरुसँग कुराकानी गर्दा हामीले हाम्रो भाषा र व्यवहारलाई अनुकूलन गर्नुपर्छ।"
>
> - Handbook on Effective Police Responses to Violence Against Women (UNODC, 2015)

कुनै पनि पूर्वाग्रह, पूर्वधारणा वा निर्णयहरू कुनै पनि तरिकाले पीडित/प्रभावितप्रति व्यक्त नभएको सुनिश्चित गर्न आवश्यक हुन्छ। **पीडित/प्रभावितप्रति निष्कर्ष निकालेर न्याय गर्ने काम उनीहरूको होइन र उनलाई आफ्नो कुरा व्यक्त गर्न दिनाले उनको विश्वास बढ्नेछ भन्ने याद गर्नुहोस्।** पीडित/प्रभावितले भोगेका आघातको स्तर वा उनीहरूले अनुभव गरिरहेको डर जस्ता कारकहरूका आधारमा उनीहरूसँग विश्वास र सम्बन्ध निर्माण गर्न समय लाग्छ।

पीडित/प्रभावितले गरेका अनुभवलाई तपाईंका कर्मचारीले मान्यता दिनु वा स्वीकार्नु धेरै महत्वपूर्ण हुन्छ, किनकि पीडित/प्रभावितहरूले घटेको घटनाका लागि प्रायः आफैलाई दोष दिन्छन् भन्ने हामीलाई थाहा छ। पीडित/प्रभावितबाट आफू दोषी भएको भावना हटाउन मद्दत गर्ने कथन प्रयोग गरेर, उनको विश्वास निर्माण गर्न पनि तपाईं मद्दत गर्न सक्नुहुन्छ। तपाइँका कर्मचारीले पीडित/प्रभावितलाई भन्न सक्ने सबैभन्दा शक्तिशाली चीजहरू मध्ये एउटा हो 'जे भयो त्यसको लागि तपाइँ दोषी हुनुहुन्न।'

तपाईंका कर्मचारीले पीडित/प्रभावितले भनेका कुरा स्वीकार गरेर, गलत उजुरी वास्तवमा धेरै दुर्लभ हुनेगर्छ भन्ने सम्झिँदै, अन्य कुनैपनि अपराधमा जस्तै प्रमाणहरू सङ्कलन गर्न आवश्यक छ। विश्वव्यापी रूपमा नै महिला तथा किशोरी विरुद्धका हिंसाको धेरै कम उजुरी गरिन्छ भन्ने तथ्यमा बरु तपाईंले ध्यान केन्द्रित गर्नुपर्छ।

तपाईंले आफ्ना कर्मचारीले निम्न आधारभूत मापदण्डहरू पूरा गरेको सुनिश्चित गर्न आवश्यक हुन्छ :

- पीडित/प्रभावितसँग कुरा गर्नका लागि उपयुक्त स्थान छनोट गर्ने जसले उनीहरूको गोपनीयता र गोप्यता सुनिश्चित गर्दछ र उनीहरूले अनुभव गरिरहेको कुनै डर वा आघातलाई बढाउँदैन।

बाकस १

बालबालिकासँग कुरा गर्नका लागि सुझावहरू*

आक्रमणबाट गुज्रिएका बालबालिकालाई बोक्नु हुँदैन वा प्रहरी अधिकारी/अनुसन्धानकर्ताले कुनैपनि प्रकारले छुनु हुँदैन भनेर असल अभ्यासहरूले निर्देशन दिन्छ । त्यसो गर्दा एक वयस्क अपरिचित व्यक्तिका रूपमा, तपाइँले आघात थप्दै हुनुहुन्छ र अनुचित प्रभावको रूपमा अदालतमा त्यसको आलोचना हुन सक्छ । ध्यान केन्द्रित हुन नदिने कुराहरू (जस्तै खेलौना र कोलाहल) कम भएको कोठा प्रयोग गर्न, कडा अत्तर वा आफ्टरसेभ प्रयोग नगर्न र प्रदर्शन तथा बुझाइमा सहयोग गर्ने शारीरिक बनोटका रूपमा सही पुतलीहरूको प्रयोगबारे विचार गर्ने सल्लाह दिइन्छ ।

यसबाहेक, तपाईंसँग कुरा गर्दा बालबालिकासँग एउटै स्तरमा हुने र आँखाको सम्पर्क सीधा हुने सम्भव बनाउने सुनिश्चित गर्नुहोस् (जस्तै, घुँडा टेकेर बस्नुहोस्) ।

तपाईंले वयस्क भाषा प्रयोग गर्नुको साटो, विशेषगरी पुरुष र महिला यौनाङ्गको सम्बन्धमा बालबालिकासँग कुरा गर्दा उनीहरूले बोल्ने भाषा सिक्नु भएको (अभिभावकहरूलाई सोध्नुहोस्) निश्चित गर्नुहोस् ।सही र गलत भन्ने उनीहरूलाई थाहा भए नभएको र झुट बोल्नु गलत हो भनेर उनीहरूलाई थाहा छ कि छैन भन्ने पत्ता लगाउनुहोस् । के उनीहरूले सत्य बोल्ने वाचा गर्नेछन् ? उनीहरूलाई केले खुशी बनाउँछ ? के कुराले उनीहरूलाई दुखी बनाउँछ...? यसले जे भयो त्यो खेल थियो र बालबालिकाले नै उक्त गतिविधिलाई उक्साएको थियो भन्ने दाबीलाई यसले सम्बोधन गर्छ ।

यस्तो नगर्नुहोस्	**यसको प्रयोग गर्नुहोस्**
लामा वाक्यहरू	छोटा वाक्यहरू
जटिल वाक्यहरू	सरल वाक्यहरू
अल्झी वा झर्किएको आवाज	शान्त र उर्जाशील आवाज
नकारात्मक वाक्यहरू (तिमीले कसैलाई भनेनौ?)	सकारात्मक वाक्यहरू (तिमीले कसैलाई भन्यौ?)
एकभन्दा बढी अर्थ लाग्ने प्रश्न (तिमीलाई त्यतिबेला कस्तो महसुस भयो ?)	एउटामात्र अर्थ लाग्ने प्रश्न (तिमीलाई त्यतिबेला रिस उठ्यो ?)
नकारात्मक शारीरिक भाषा र अनुहारको अभिव्यक्ति	सकारात्मक शारीरिक भाषा र अनुहारको अभिव्यक्ति

*Adapted from the Handbook on Effective Responses to Violence Against Women and Girls (UNODC, 2010)

- आफ्नो परिचय दिने र यसपछि हुनसक्ने सम्भावित प्रक्रियाबारे व्याख्या गर्ने, जस्तै पीडित/प्रभावित सुरक्षा, जानकारीको गोपनीयता, उपलब्ध भएमा सहयोग सेवाहरू, विधिविज्ञान/चिकित्सा परीक्षण, आदि;

- उनीहरूलाई कुनै अवरोध बिना आफ्नो 'स्वतन्त्र कथा' अभिव्यक्त गर्न दिने;

- उनीहरूको 'स्वतन्त्र कथा' पछी थप जानकारी प्राप्त गर्न प्रोत्साहित गर्ने खुल्ला प्रश्नहरू प्रयोग गर्ने - कसले, कहिले, कहाँ र कसरी । 'किन ?' प्रश्न सोध्दा धेरै होसियार हुनुहोस्, किनकि एक आघातग्रस्त पीडित/प्रभावितका रुपमा उनले आफैलाई यो प्रश्न धेरै पटक सोधेको हुनसक्छ र तपाईले उनीहरूको आघात र आत्म दोषको भावनामा यस प्रश्नद्वारा थप गरिरहेको सक्नुहुन्छ ।

- जोखिम मूल्याङ्कन प्रक्रिया शुरु गर्ने र पीडित/प्रभावितसँग मिलेर सुरक्षा योजनाका प्रारम्भिक तत्वहरूबारे विचार गर्ने

बालबालिकासँग कुराकानी गर्नेबारे थप जानकारीका लागि अध्याय ५ : अनुसन्धान हेर्नुहोस् ।

एक पटक पीडित/प्रभावितले प्रहरीमा उजुरी दिएर न्याय प्रक्रियामा प्रवेश गरेपछि, उनीसँग निरन्तर सम्पर्क कायम राख्नु महत्त्वपूर्ण हुन्छ । मुद्दा अगाडि बढ्दै जाँदा कथित पीडकलाई थुनामा राखिएको र सर्तसहित छोडिएको वा कुनैपनि सर्तहरूको उल्लङ्घन भएको लगायतका कुनैपनि जानकारी उनलाई अद्यावधिक रुपमा प्रदान गरिनुपर्छ ।

यदि आफ्नो सुरक्षाबारे डर लागेमा उनले के गर्ने र प्रहरीलाई कसरी सम्पर्क गर्ने भनेर जान्न आवश्यक छ । जोखिम मूल्याङ्कन र सुरक्षा योजनाको नियमित समीक्षा गर्नका लागि पीडित/प्रभावितसँग पनि सञ्चार कायम राख्न आवश्यक हुन्छ ।

पीडित/प्रभावित र उनीहरूका परिवारहरूसँग सम्पर्क कायम राख्ने असल अभ्यास – पारिवारिक सम्पर्क अधिकारीहरूबारे उदाहरणका लागि अध्याय ७ 'सहयोग र सहायता' हेर्नुहोस् ।

मेलमिलाप तलका कारणले महिला तथा किशोरी विरुद्धका हिंसाका घटनामा अत्यन्त समस्याग्रस्त र वास्तवमा खतरनाक हुन सक्छ :

- महिला विरुद्धको हिंसाका घटनाहरूमा पक्षहरू बीच आक्रमण, हिंसात्मक धम्की, र/वा नियन्त्रण, अपमानजनक वा अपमानजनक व्यवहारमा आधारित असमान शक्ति सम्बन्ध, हुन्छ;
- समान स्रोत र शक्तिको साथ पक्षहरू प्रक्रियामा पुग्छन् भन्ने मेलमिलापले मान्यता राख्छ- जुन यी परिस्थितिहरूमा प्रायः हुँदैन ।

सन्देशहरू सुसंगत छन् भनी सुनिश्चित गर्न पीडित/प्रभावितसँगको जारी सम्पर्कलाई अन्य न्यायिक निकायहरूसँग समन्वय गरिनुपर्छ । न्यायिक निकायहरू बीचको सञ्चारमा क्रमाचार वा कार्यविधिहरू आवश्यक पर्न सक्छन् किनकि यसले पीडित/प्रभावितको सम्बन्धमा संवेदनशील वा निजी जानकारी आदानप्रदानलाई पनि समेटेको हुन्छ ।

सहमतिपूर्ण कार्यविधिले सूचनाको गोपनीयता सुनिश्चित गरेर केवल मुद्दासँग प्रत्यक्ष संलग्न भएकाहरूलाई मात्र पहुँचको अनुमति दिन्छ । पीडित/प्रभावितसँग सम्बन्धित कुनैपनि जानकारी आदानप्रदान गर्नुअघि तपाईंले आफ्नो कर्मचारीले उनको सूचित सहमति प्राप्त गरेको सुनिश्चित गर्न आवश्यक छ । न्यायिक साझेदारहरूसँग यस्तो जानकारी किन आदानप्रदान गर्न आवश्यक छ र ती सूचनालाई कसरी सुरक्षित एवं भण्डारण गरिनेछ भनेर उनलाई आश्वासन दिनु आवश्यक हुन्छ । पीडित/प्रभावित-केन्द्रित दृष्टिकोणको अर्थ पीडित/प्रभावितलाई पूर्ण रूपमा सूचित गरिनु र उनीहरूको मुद्दामा गरिने कुनै पनि निर्णयहरूमा उनीहरूको रायलाई ध्यानमा राखिनु हो ।

के तपाईंसँग न्याय साझेदारहरू बीच कुनै तथ्याङ्क वा सूचना आदानप्रदानका कार्यविधि छन् ? यदि छैन भने, तपाईंको क्षेत्रमा न्याय प्रक्रिया अझ प्रभावकारी भएको सुनिश्चित गर्न तिनको अनुरोध गर्नेबारे विचार गर्नुहोस् । अन्य न्यायिक निकायहरूबाट प्राप्त तथ्याङ्क, जानकारी वा गुप्त सूचनाले तपाईंको कर्मचारीहरूलाई विस्तृत एवं पूर्ण अनुसन्धान सुनिश्चित गर्न मद्दत गर्न सक्छ, जसले गर्दा पीडित/प्रभावितका लागि सफल परिणामको सम्भावना बढ्छ, र अन्ततः तपाईंको स्थानीय समुदायभित्र प्रहरीप्रतिको विश्वास र भरोसा बढ्छ ।

समन्वय र कार्यविधिबारे थप जानकारीका लागि अध्याय ७ : 'सहयोग र सहायता', अध्याय ८: 'न्यायिक निकायहरू बीचको समन्वय' र अध्याय १२: 'न्यायको निरन्तरता' हेर्नुहोस् ।

महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यका चुनौतीको सामना तपाईंको टोलीको कार्यसम्पादनमा भएका कमीकमजोरीको पहिचानबाट सुरु हुन्छ

अध्याय २ मा छलफल गरिए अनुसार, प्रत्यक्ष र अप्रत्यक्ष पूर्वाग्रहहरू हाम्रो संस्कृतिभित्रै समाहित छन् तर लैङ्गिक र अन्य अन्तरसम्बन्धित हानिकारक पूर्वाग्रहहरूले विभिन्न प्रकारका विभेदकारी रूपहरू लिन्छन् र तिनले प्रहरीकार्यमा महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई प्रदान गरिएका आवश्यक सेवाहरूको गुणस्तरलाई सजिलै असर गर्न सक्छ र पीडितलाई पुनःपीडित बनाउन सक्छ ।[3] यो सामान्यतया प्रारम्भिक सम्पर्कमा पीडित/प्रभावित र प्रतिक्रिया जनाउने प्रहरी बीचको कमजोर सञ्चारबाट सुरु भएर प्रहरी र अन्य न्यायकर्मीहरूसँग उनको संलग्नताभरी नै जारी रहन सक्छ ।

प्रत्यक्ष र अप्रत्यक्ष हानिकारक पूर्वाग्रह सक्रिय बनाउने उद्देश्य व्यक्तिपिच्छे फरक-फरक हुन्छन्, तर महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितका लागि ती दुवै हानिकारक हुन सक्छन् । उदाहरणका लागि, घरेलु वा अन्तर-पारिवारिक हिंसाका मामिलामा आधिकारिक उजुरी दर्ता नगरी आफैं हस्तक्षेप गरेर मेलमिलाप गराउने प्रहरी अधिकारीले लामो समयसम्म पीडित/प्रभावित (र उनका बच्चाहरू) को सर्वोत्तम हितमा काम गरिरहेको छु भन्ने विश्वास गर्न सक्छन् । यद्यपि, यसले वास्तवमा त्यस्ता अपराधहरूका लागि सहनशीलता छ भन्ने गलत सन्देशलाई सञ्चार गरेर अन्तरंग साथीलाई पुनः दुर्व्यवहार गर्ने ढोका खोलिदिन्छ ।

अन्य धेरै चरम घटनाहरूमा, अग्रपंक्तिका प्रहरीले प्रतिक्रिया दिँदा हानिकारक पूर्वाग्रह अझै स्पष्ट रुपमा व्यक्त गर्दै पीडित/प्रभावितलाई लज्जित पार्ने, दोषारोपण गर्ने र अपमानजनक व्यवहार गर्ने साथै, झूटो उजुरी गरेको वा सांस्कृतिक वा सामाजिक मान्यताहरूको विश्वासघात गरेको आरोप लगाउन पनि सक्छन् । महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितप्रतिका यस्ता कमजोर सञ्चार सीपहरूले स्थायी आघातपूर्ण प्रभावहरू निम्त्याउनुका साथै ती सामान्यतया कम कम उजुरी पर्ने कारक बन्न जान्छन् । कम उजुरीले देहायका कुराको अवसर गुमाएको जनाउँछ :

(१) पीडित, दोहोरिएर हुने पीडित र तिनका परिवारको पहिचान गर्ने र विशेषज्ञ सहायता प्रदान गर्ने;

(२) दोहोरिरहने खतरनाक र हिंसात्मक पीडकहरूको पहिचान गर्ने;

(३) दोहोरिरहने खतरनाक ठाउँ र स्थानहरू पहिचान गर्ने ।

---

३ पुनःपीडित हुनुलाई संयुक्त राष्ट्रसंघको *अद्यावधिक मोडेल रणनीति र व्यावहारिक उपायहरू* (*Updated Model Strategies and Practical Measures*)मा, यो कुनै गतिविधिको प्रत्यक्ष परिणामको रूपमा नभई पीडित/प्रभावितप्रति संस्था र व्यक्तिहरूको अपर्याप्त प्रतिक्रियाबाट हुन्छ भनी परिभाषित गरिएको छ ।

अन्तरसम्बद्धताले महिला तथा किशोरीहरुको पहिचानलाई र सामाजिक हैसियतलाई एकै समयमा घेरै कारकहरुले पृथक अनुभव र दृष्टिकोणहरु सिर्जना गर्दै विशिष्ट आकार दिइरहेको हुन्छ भन्ने स्वीकार्न हामीलाई आह्वान गर्दछ ।

पुरुष र महिला प्रहरी सहकर्मीहरू बीचको प्रत्यक्ष र अप्रत्यक्ष लैंगिक पूर्वाग्रहहरू पनि आन्तरिक रूपमा प्रकट हुन्छन् र जसको परिणामस्वरुप प्रायः महिला प्रहरी सहकर्मीले लिङ्गवादी, दुर्व्यवहारवादी भाषाको सामना गर्नबाट बच्न आफ्नो व्यवहार परिवर्तन गर्छन् (जस्तै केही एकाइहरूमा काम नगर्ने)। जथाभावी लिङ्गवादी र पूर्वाग्रही भाषाले अन्ततः महिला प्रहरी अधिकारीहरूलाई उनीहरूको व्यावसायिक क्षमता पूरा गर्न निरुत्साहित गर्छ र प्रहरीले हिंसा र अपराधबाट पीडित महिलाहरूलाई संलग्न गराउने तरिकालाई नकारात्मक रूपमा असर गर्छ ।

लैङ्गिक पूर्वाग्रहको बारेमा थप जानकारीका लागि अध्याय २ : 'व्यवस्थापक र टोली नेताका रूपमा फरक ल्याउने' र अध्याय ५ : 'अनुसन्धान' हेर्नुहोस् ।

अन्तरंग साथी वा परिवारका सदस्यबाट महिलाको हत्या बढ्दै गएको छ

"सन् २०१७ मा करिब ८७,००० महिला र बालिकाको नियतवश हत्या गरिएको थियो, जुन २०१२ को तुलनामा घटेको छ । यद्यपि, अन्तरंग साथी वा परिवारका अन्य सदस्यहरूबाट मारिएका महिलाको अनुपात भने सन् २०१२ मा सबै महिला हत्या पीडितमध्ये ४७ प्रतिशतबाट बढेर २०१७ मा ५८ प्रतिशत पुगेको छ । यसप्रकारको हत्यामा आफ्नो ज्यान गुमाउने कुल संख्या २०१२ मा ४८,००० पीडितहरू बा २०१७ मा ५०,००० पुगेको छ । महिलाहरूका लागि सबैभन्दा खतरनाक स्थान आफ्नै घर बनेको छ, जहाँ असमानता र लैङ्गिक रुढिवादी सोचको परिणामस्वरूप घातक आक्रमणहरूबाट पीडित हुनुपर्नेहरूको संख्या सबैभन्दा बढी छ ।"

UNODC Homicide Study (2019)

घेरै अवस्थामा, लैङ्गिक पूर्वाग्रह जस्ता हानिकारक पूर्वाग्रहले महिला तथा किशोरीहरूलाई असमान रूपमा असर गर्ने सवालहरूको बुझाइको कमीले तिनलाई प्रेरित गरिरहेको हुन्छ । यसले गर्दा, महिला तथा किशोरीलाई समाजले संकटासन्नतामा 'राखेको' परिणामस्वरूप उनीहरूले हिंसाबाट असमान रुपमा लक्षित हुनेकारण, महिला तथा किशोरीहरूको सुरक्षा बढाउने लक्ष्य राखेका विशेष कानून, नीतिहरू र/वा रणनीतिहरूलाई प्रहरी अधिकारीले प्रश्न उठाउन सक्छन् र खुल्ला रूपमा चुनौती दिन सक्छन् । महिला तथा बालिकाहरूलाई असमान रूपमा असर गर्ने हिंसाका त्यस्ता कार्यहरूमा अन्तरंग साथीद्वारा वा 'इज्जत-प्रतिष्ठा' का रूपमा गरिने हत्या जस्ता महिला र केटीहरूको लिङ्गका आधारमा गरिने हत्या (जसलाई 'फेमिसाइड' वा 'फेमिनिसाइड' पनि भनिन्छ) लगायत अन्य पनि पर्छन् ।[४] २०१९ युएनओडिसीको हत्यासम्बन्धी अध्ययन (2019 UNODC Homicide Study) अनुसार महिला तथा किशोरीको लैङ्गिकतामा आधारित हत्यामध्ये सबैभन्दा देखिएको र अभिलेखीकरण गरिएको रूप भनेको अन्तरंग साथीबाट हुने हत्या हो ।[५]

घेरै प्रहरी अधिकारीहरूले महिला तथा किशोरीहरूको सुरक्षा आवश्यकताहरूलाई सम्बोधन गर्ने त्यस्ता कानून, नीतिहरू र/वा रणनीतिहरूले सामान्यतया अपराध र हिंसा, विशेषगरी हत्याबाट असमान रूपमा प्रभावित समूहको रूपमा हेरिने गरिएका पुरुषहरू विरुद्ध भेदभाव गर्ने महसुस गर्न सक्छन् ।[६]

जब प्रहरी संगठनहरूमा लैङ्गिक पूर्वाग्रहले उल्टो भेदभावको शिकार भएको धारणा ल्याउँछ र यसलाई उच्च तहका अधिकारीहरूले सम्बोधन गर्दैनन् भने, विशेषगरी महिला तथा किशोरी विरुद्धका हिंसा र लैङ्गिक हिंसाका अन्य स्वरूपहरूमा प्रतिकार्य गर्नुपर्दा, नकारात्मक मनोवृत्ति र व्यवहारले प्रहरीको कामको प्रभावकारिता र दक्षतालाई प्रभाव पार्छ ।

वास्तवमा, हार्वर्ड बिजनेस रिभ्यू (२०१६) द्वारा गरिएको *किन धेरै अमेरिकी पुरुषहरू आफूविरुद्ध भेदभाव भएको महसुस गर्छन्* (*Why More American Men Feel Discriminated Against*) नामक अध्ययनले निकालेको निष्कर्ष अनुसार पुरुषहरूले सामान्यतया समाजमा विशेषाधिकार पाएका भएपनि, त्यसो होइन भन्ने विश्वास मात्रले पनि उनीहरूलाई **लैङ्गिक समूहको पहिचान बढाउन, कम आत्म-सम्मानको अनुभव गर्न, रिस उठ्न, र उत्पीडन गर्ने समूहका रुपमा देखेकालाई पनि प्रहार गर्ने**तर्फ उन्मुख गराउन सक्छन् ।[७]

लैङ्गिक समानता प्रवर्द्धन गर्ने कानुन, नीति र/वा रणनीतिहरूको नकारात्मक धारणालाई अग्रसक्रिय रूपमा सम्बोधन गर्न खोज्ने सबै प्रहरी नेतृत्वलाई समेटिएको एक आन्तरिक सञ्चार रणनीति

४ जब प्रहरीले 'सम्मान/प्रतिष्ठामा आधारित हिंसा' लाई प्रतिकार्य गर्छ, उनीहरूले व्यक्ति र समुदायलाई लक्षित गर्ने रुढिवादी सोच र अन्य भेदभावपूर्ण वर्गीकरणहरूमा निर्भर हुनबाटबाट होसियार हुनुपर्छ भन्ने सिफारिस गरिन्छ ।

५ See Global Study on Homicide (UNODC, 2019).

६ Backlash in Gender Equality and Women's and Girls' Rights. Women's Rights & Gender Equality. Policy Department for Citizens' Rights and Constitutional Affairs Directorate General for Internal Policies of the Union PE 604.955, June 2018.

७ Cassino, D., 'Why More American Men Feel Discriminated Against', Harvard Business Review, September 29, 2016, at: https://hbr.org/2016/09/why-more-american-men-feel-discriminated-against

बाकस २

"तपाई एक प्रहरी व्यवस्थापकका रूपमा, लैङ्गिक हिंसासहित सबै प्रकारका हिंसा र दुर्व्यवहारलाई रोक्न र सामना गर्न व्यक्तिगत समर्थनलाई प्रभावकारी रूपमा प्रदर्शन गर्न सक्षम हुनुहुन्छ भन्ने कुरा अत्यावश्यक छ। तपाईंले यस्तो हिंसा र दुर्व्यवहारको सामना गर्न प्रयोग गरिएका आफ्ना शब्दहरू आफ्नै कार्य र व्यवहारमा उतारिएको छ भन्नेबारे तपाईंले प्रत्यक्ष नेतृत्व प्रदर्शन गर्न आवश्यक छ। यदि तपाइँ 'आफ्नो अर्ति आफैं पालना' गर्नुहुन्न भने, तपाइँका कर्मचारीले तपाइँलाई विश्वास गर्दैनन् जसकारण तपाइँप्रतिको भरोसा गुम्ने सम्भावना हुन्छ।"

- Jane Townsley, Former Chief Inspector, British Transport Police, UK and current Executive Director of the International Association of Women Police (IAWP).

हुनु राम्रो सुरुवात बिन्दु हो। सञ्चार रणनीतिले सैद्धान्तिक रूपमा, तल्लो तहसहित संगठनको पदानुक्रमका सबै तहहरूमा लक्षित गरेको हुनुपर्छ ताकि व्यवहारमा एकरूपता र जवाफदेहीता हुन सकोस्। प्रहरी तालिम र शिक्षा कार्यक्रमहरूले यसको दिगोपन सुनिश्चित गर्न आन्तरिक सञ्चार रणनीतिलाई प्रतिबिम्बित र सुदृढ पार्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

प्रहरी संगठनमा यस्तो संचार रणनीति नभएको अवस्थामा, विशेषगरी *हार्वर्ड विजनेस रिभ्यु* लेखमा पहिचान गरिएका व्यवहारहरू प्रकट हुन थालेमा, टोली/इकाई नेताहरू वा व्यवस्थापकहरूले उठेका प्रश्न, दुविधा वा शंका समाधान गर्न उपयुक्त क्षणमा टोली-स्तरको अवधारणा अवलम्बन गर्न सक्छन्।

संगठन-स्तरको वा टोली-स्तरको जेजस्तो भएपनि, यस्तो सञ्चार प्रणाली लागू गर्न टोलीभित्रै पनि यौन दुर्व्यवहार र अन्य यौनवादी व्यवहारको शून्य सहनशीलता लागू गर्नु पनि महत्वपूर्ण हुन्छ।

महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यमा समन्वय गर्दा प्रहरी संगठनहरूको असल अभ्यास र क्षमताको अन्तरको विस्तृत विश्वव्यापी नक्साङ्कनबाट प्रेरित सूची तल दिइएको छ। उक्त नक्साङ्कनले धेरै सेवारत र सेवानिवृत्त प्रहरी अधिकारीहरू, नागरिक समाज र महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न विशेषज्ञ गैर-सरकारी संस्थाहरूसँग काम गर्ने अनुभव भएका युएन कर्मचारीहरूसम्म पहुँच समावेश गरेको थियो।

महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्दा प्रहरीकार्यमा सामान्यतया आन्तरिक र बाह्य सञ्चारसम्बन्धी कमीकमजोरीबारे सचेतना बढाउने उद्देश्यका साथ यो सूची उपलब्ध गराइएको छ। पहिचान गरिएको क्षमता अन्तरको मुख्य मुद्दासँग पाठकलाई सम्बन्धित हुन मद्दत गर्नका लागि वर्गीकरणका शीर्षकहरू राखिएका हुन्। यद्यपि, तिनीहरू सबै प्रत्येक बिन्दुमा लागू हुन्छन् र/वा एकअर्काका लागि परिपूरक छन् :

मनोवृत्ति/सोच

- विशेषीकृत इकाईको अंश नभएका प्रहरीहरूमा प्रायः पीडित/प्रभावितप्रति सहानुभूति वा समानुभूतिको अभाव हुन्छ। उदाहरणका लागि, उनीहरूले कथाको सबैभन्दा कठिन पक्षहरू छन् भने तिनलाई स्वीकार्दैनन् वा यी विवरणहरू किन आवश्यक छ भनेर व्याख्या गर्दैनन्। प्रहरी व्यवस्थापकहरूले आफ्नो टोली(हरू) भित्र ज्ञान बढाउन मद्दत गर्न विशेषज्ञ अधिकारीहरू ल्याउने बारेमा सोच्नुपर्छ;
- मौखिक यौन दुर्व्यवहारलाई पर्याप्त गम्भीरताका साथ लिइँदैन;
- लैङ्गिक समानतालाई नकारात्मक रुपमा व्याख्या गर्ने वा बेवास्ता गर्ने गरिएको छ, यसलाई एक राजनीतिक एजेन्डाको रूपमा समेत चित्रण गरिन्छ जसले पुरुषहरूलाई भेदभाव गर्ने, अलग्याउने, यहाँसम्म कि हानि गर्ने लक्ष्य समेत राख्छ।

लैङ्गिक पूर्वाग्रह

- पिडित/प्रभावितलाई वैवाहिक बलात्कारको बारेमा आधिकारिक उजुरी नगर्न दबाब दिइन्छ ('तपाईले विचरा मान्छेको जीवन बर्बाद गर्न जाँदै हुनुहुन्छ, यो वास्तवमै ठूलो कुरा होइन, आफ्ना बच्चाहरूको बारेमा सोच्नुहोस्');
- पीडित/प्रभावितलाई सल्लाह दिएर उनीहरूलाई मद्दत गरेको प्रहरीले विश्वास गछर्न् कि, जबकि उनीहरूले वास्तवमा पीडित/प्रभावितलाई उनीहरूले के गर्नुपर्छ र कसरी गर्नुपर्छ भनेर आफ्नो व्यक्तिगत विचार राखिरहेका हुन्छन्।[८]
- महिला तथा किशोरी विरुद्धका हिंसा का विशिष्ट आक्रमणकारीहरूबारे स्थानीय समुदायलाई चेतावनी जारी

८ प्रहरीले पीडित/प्रभावितको लागि व्यक्तिगत राय सही छ कि छैन भनेर थाहा पाउन सक्दैन, त्यसैले उनीहरूलाई आफ्नै निर्णय गर्न आवश्यक जानकारी दिनु राम्रो हुन्छ। यसले यो पनि देखाउँछ कि तपाईं पीडित/प्रभावितको आफ्नै विचार र निर्णयलाई सम्मान र भरोसा गर्नुहुन्छ। See: UN Police *Gender Toolkit* (UN. Department of Peace *Operations - DPO/DPET/Integrated Training Service, 2015).*

"केही राष्ट्रिय अध्ययनका अनुसार आफ्नो जीवनकालमा अन्तरंग साथीबाट शारीरिक र/वा यौन हिंसा अनुभव गरेका महिलाको संख्या ७० प्रतिशतसम्म छ ।"

- UN Women Facts and Figures: Ending Violence against Women

नगर्नुमा विभिन्न प्रहरी अधिकारीले उपलब्ध गराएको सबैभन्दा समस्याग्रस्त तर्क यो हो कि त्यसले महिलाको व्यवहारमा परिवर्तन ल्याउने थिएन ।[९]

पुनः पीडित हुने

- प्रहरीसँगको अन्तर्वार्ताको क्रममा, पीडित/प्रभावितलाई प्रायः रोक्ने गरिन्छ र/वा उनलाई घुरेर हेरिन्छ, उनले के भन्न चाहन्छिन् भन्नेबारे अनुमान लगाइन्छ, छलफललाई हतार-हतार टुङ्गयाइन्छ, वा उनीमाथि भएको दुर्व्यहारको कथा विभिन्न व्यक्तिहरूलाई दोहोर्याउन सुनाउन लगाइन्छ;

- पीडित/प्रभावितको विचार, विश्वास, राय र भावनाहरूलाई प्रायः सम्मान गरिँदैन (पीडित/प्रभावितलाई नरुन वा शान्त हुन भनिन्छ);

- पीडित/प्रभावितलाई पूर्ण रूपमा आफ्नो कथा सुनाउन, सुनिन र तिनको कथालाई सही रूपमा रेकर्ड गर्न र तिनको क्षमता, उमेर, बौद्धिक परिपक्वता र उमेरसँगै विकसित हुँदै गरेका क्षमता, आवश्यकता अनुसार आफ्ना आवश्यकता र चिन्ताहरू व्यक्त गर्न सकिने भौतिक ठाउँहरू लगायतका पर्याप्त अवसरहरू प्रदान गरिएको हुँदैन ।[१०]

गलत अभ्यास

- स्थानीय स्तरमा महिला तथा किशोरीहरूलाई संलग्न गर्ने सामुदायिक स्तरका अधिकारीहरूसँग प्रायः महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी गम्भीर आपराधिक प्रवृत्तिहरू पहिचान गर्ने अनुसन्धानात्मक सूचना आदानप्रदान गरिँदैनन् ।[११] स्थानीय विश्लेषक/विशेषज्ञहरूलाई महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी गम्भीर आपराधिक प्रवृत्तिहरूबारे जानकारी आदानप्रदान गर्न लगाउनेबारे विचार गर्नुहोस्;

- बेपत्ता महिला तथा किशोरीका मामिलाहरूमा, आन्तरिक सञ्चारको विफलताले विभिन्न घटनाबीचको सम्बन्धको उचित मूल्याङ्कन गर्न ढिलाइ हुन जान्छ । यस प्रकारको घटनाहरूबीचको सम्बन्ध देख्न नसक्ने समस्या बहु-कार्यक्षेत्रगत मामिलाहरूमा धेरै हुने गर्छ ।[१२]

भेदभाव

- महिला तथा किशोरीहरूको उपस्थितिमा पनि कार्यस्थामा नै पनि लैङ्गिक विभेदकारी भाषालाई प्रायः सहने र कतिपय अवस्थामा त प्रोत्साहित पनि गरिन्छ ।

प्रशिक्षण र शिक्षाको कमी

- विशिष्टीकृत इकाई अन्तर्गत नभएका प्रहरीहरूमा प्रायः समानुभूतिको अभाव हुन्छ । उदाहरणका लागि, उनीहरूलाई कहिले निश्चित प्रश्नहरू सोध्न बन्द गर्ने वा विषय परिवर्तन गर्ने भन्ने थाहा हुँदैन;

- प्रहरीले आफ्नै वा पीडित/प्रभावितको अमौखिक सञ्चारमा पर्याप्त ध्यान दिँदैन;

- अन्तर्वार्ताको क्रममा, स्पष्ट सरल भाषाको पर्याप्त प्रयोग गरिँदैन, र कुनै पनि नौला शब्दहरू स्पष्ट गर्ने प्रयास गरिँदैन ।

- कर्मचारीका निर्देशन/प्रश्नहरू बुझ्न र जवाफ दिनमा पीडित/प्रभावितले सामना गर्ने चुनौती/अवरोध/बाधाहरू पहिचान गरेर त्यसको सम्बोधन गर्न आफ्ना सञ्चारका आवश्यकताहरू अनुकूलन गर्न आवश्यक छ भन्नेमा प्रहरीले पर्याप्त ध्यान दिँदैनन् वा उनीहरू त्यसमा प्रशिक्षित हुँदैनन्;

- महिला तथा किशोरी विरुद्धका हिंसासँग सम्बन्धित गम्भीर अपराधहरूको अनुसन्धानको बारेमा महिला र अन्य समुदायका सदस्यहरूसँग जानकारी आदान प्रदान गर्ने सन्दर्भमा प्रहरीहरू जति स्पष्ट हुनुपर्छ, त्यति स्पष्ट हुँदैनन् । हुन त अनुसन्धानलाई अगाडि बढाउनको लागि अनुसन्धानकर्ताहरूले केही जानकारीहरू बाहिर जानबाट रोक्नु आवश्यक हुन्छ । यद्यपि, अपराधीलाई पक्रने र अर्को महिलालाई गम्भीर अपराधको शिकार/प्रभावित हुनबाट बचाउने दुईवटा लक्ष्यहरू बीचको उपयुक्त सन्तुलनलाई ध्यानमा राख्नुपर्छ ।[१३]

स्कटल्याण्डमा प्रहरीसँग तीस वर्षभन्दा बढी अनुभव भएको एक अनुभवीको रूपमा, सेवानिवृत्त मुख्य निरीक्षक ग्राहम गोल्डेनले आफ्ना सहकर्मी लगायतका पुरुषहरूले महिला वा केटीहरूप्रति

---

९ Inspired from The Honourable Wally T. Oppal, 'FORSAKEN. The Report of the Missing Women Commission of Inquiry VOLUME IIB Nobodies: How and Why We Failed the Missing and Murdered Women Part 3, 4 and 5 (2012)' at: https://www2.gov.bc.ca/assets/gov/law-crime-and-justice/about-bc-justice-system/inquiries/forsaken-vol_2b.pdf

१० महिला तथा किशोरीहरूले आफ्नो क्षमता, उमेर, बौद्धिक परिपक्वता र विकासशील क्षमता अनुसार आफ्नो कथा सुनाउने, सुन्ने, आफ्नो कथालाई सही रूपमा रेकर्ड गर्ने र आफ्ना आवश्यकता र चिन्ता व्यक्त गर्ने अवसर पाएको हुनुपर्छ ।

११ See n. 9.

१२ Ibid.

१३ Ibid.

अनुपयुक्त व्यवहार देखेमा पनि मौन रहने संस्कृति अवलोकन गरे । दुर्व्यवहार र हिंसा देखेका व्यक्तिहरूको अन्तर्वार्ता लिँदा अक्सर उनीहरूले ग्राहमलाई भने, 'मलाई थाहा थियो अब केही हुनेवाला छ ।' फलस्वरूप, सेवानिवृत्त मुख्य निरीक्षक ग्राहम गोल्डनले अवधारणाहरू विकास गर्न पहलहरू डिजाइन गरे, जस्तै 'मूकदर्शक अवधारणा' (bystander approach)[१४] र त्यसका साथै चुनौतीपूर्ण परिस्थितिहरूको सामना गर्दा असल मानिसहरूले सकारात्मक कदम चाल्न सक्ने अवस्थाहरू सिर्जना गर्न मद्दत गर्ने कार्यक्रमहरू विकास गरे । सेवानिवृत्त मुख्य निरीक्षक ग्राहम गोल्डेनद्वारा दिइएको 'मूकदर्शक अवधारणा'को जानकारीका लागि तलको बाकस ३ हेर्नुहोस् ।

परिभाषा र ढाँचा

न्यायको निरन्तरतामा सञ्चार एक प्रमुख विषय हो । अत्यावश्यक सेवा प्याकेजका अनुसार, पीडित/प्रभावितका लागि, उनीहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सकियोस् भनेर, उनका अत्यावश्यक सेवाहरूको प्रावधान उनको कुरा सुनेर र उनको बदलिँदा न्यायसम्बन्धी आवश्यकताहरू बुझेर सुरु हुन्छ ।

समानुभूतिपूर्ण, निष्पक्ष र समावेशी रूपमा स्पष्ट र पहुँचयुक्त जानकारी प्रदान गर्नाले न्याय प्रणालीसँग आफ्नो संलग्नताको बारेमा सूचित निर्णयहरू गर्न पीडित/प्रभावितलाई सशक्त बनाउन सक्छ । यसमा विभिन्न न्यायिक सेवा निकाय र गैर-न्यायिक क्षेत्रहरूसँग जानकारी आदानप्रदान गर्दा र सञ्चार गर्दा गोपनीयता र गोप्यता प्राथमिकताहरू हुन्छन् भन्ने कुरामा उनलाई आश्वस्त पार्नु लगायत पर्छन् ।

पीडित/प्रभावित र प्रहरीबीचको सञ्चारको सैद्धान्तिक र पीडित/प्रभावित केन्द्रित संस्कृतिले न्याय खोज्दा पीडित/प्रभावितहरूले सामना गर्ने जोखिमहरूलाई न्यूनीकरण गर्न योगदान गर्नसक्छ ।[१५]

प्रहरी संगठनहरूलाई अपराध र हिंसाका पीडित/प्रभावितसँग राम्रो सञ्चार गर्न मद्दत गर्न, संयुक्त राष्ट्रसंघले *अपराध र शक्तिको दुरुपयोगका पीडितहरूका लागि न्यायको आधारभूत सिद्धान्तहरूको घोषणा १९८५ (Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power)*

> प्रभावकारी सञ्चारले विश्वास निर्माण गर्छ, पारदर्शिता सिर्जना गर्छ र आपसी सम्मान र समानुभूतिको वातावरण बनाउँछ, चाहे त्यो कार्यालयमा होस्, सडकमा वा अदालतमा ।

मा तोकिएका सिद्धान्तहरूलाई कानून कार्यान्वयन गराउने निकायहरूद्वारा प्रवर्द्धन र सम्मान गर्न सिफारिस गरेको छ ।

यस प्रक्रियामा मद्दत गर्नको लागि, युएनओडीसीले पीडित/प्रभावितसँग लैङ्गिक-संवेदनशील रूपमा सञ्चार गर्न खोज्दा प्रहरी संगठनहरूलाई धेरै विधि तथा औजारहरू उपलब्ध गराउँछ । उदाहरणका लागि, अन्तर्वार्ताको क्रममा पीडित/प्रभावितसँग सञ्चार गर्ने सन्दर्भमा, महिला तथा किशोरीहरू विरुद्धको हिंसामा प्रभावकारी प्रहरी प्रतिकार्यहरू (*Handbook on Effective Police Responses to Violence against Women*[१६]) २०१० र २०१४को महिला तथा किशोरीहरू विरुद्धको हिंसामा प्रभावकारी अभियोजन प्रतिकार्यहरू (*Handbook on Effective Prosecution Responses to Violence against Women and Girls*[१७])मा को ह्यान्डबुक हेर्नुहोस् ।

महिला तथा किशोरीहरू विरुद्धको हिंसाका बाल पीडित/प्रभावितसँग सञ्चार गर्ने सन्दर्भमा, कानून कार्यान्वयन गराउने निकायका अधिकारीहरूका लागि बाल पीडित र अपराधका बाल साक्षीहरूसँगको व्यवहारबारे प्रशिक्षण कार्यक्रम (२०१५) (*Training Programme on the Treatment of Child Victims and Child Witnesses of Crime for Law Enforcement Officials (2015)*[१८]) युएनओडिसी-युनिसेफको संयुक्त निर्देशिकाले अपराध र हिंसाबाट पीडित बालबालिकालाई संलग्न गराउने क्रममा अपराध र शक्तिको दुरुपयोगका पीडितहरूका लागि न्यायका सिद्धान्तहरूबारे आधारभूत घोषणालाई कार्यान्वयन गर्न कानून कार्यान्वयन निकायका लागि स्पष्ट मार्गदर्शन प्रदान गर्दछ । यसले बाल पीडितहरू र अपराधका साक्षीहरू समावेश भएका मामिलाहरूमा न्यायसम्बन्धी पूरक निर्देशिका (*Guidelines on Justice in Matters involving Child Victims and Witnesses of Crime*[१९])का बारेमा सचेतना पनि प्रदान गर्दछ ।

---

१४ For more information on the 'Bystander Approach' by retired Chief Inspector Graham Goulden and current Director of *Cultivating Minds UK* see: www.grahamgoulden.com

१५ Essential services package for women and girls subject to violence : Core Elements and Quality Guidelines (United Nations Joint Global Programme on Essential Services for Women and Girls Subject to Violence, 2015).

१६ See section on victim interviews and statements in the 'Handbook on Effective Police Responses to Violence against Women' (UNODC, 2010).

१७ See section on updated guidance on interviewing victims in the 'Handbook on Effective Prosecution Responses to Violence against Women and Girls (UNODC, UN Women, 2014).

१८ UNODC Training Programme on the Treatment of Child Victims and Child Witnesses of Crime for Law Enforcement Officials (2015).

१९ The United Nations Economic and Social Council adopted in its resolution 2005/20 of 22 July 2005 the Guidelines on Justice in Matters involving Child Victims and Witnesses of Crime.

बाकस ३

रोकथाममा मूकदर्शक अवधारणा भनेको के हो ?

परम्परागत रूपमा, हिंसा र दुर्व्यवहारको अवधारणाले पीडक र पीडित/प्रभावितका गतिविधिमा केन्द्रित हुन्छ । एक मूकदर्शक अवधारणाले सबैभन्दा पहिले व्यक्तिहरूलाई दुर्व्यवहारको रोकथाममा/वा अरूद्वारा गरिएको दुर्व्यवहारको रोकथाममा भूमिका हुने साथी, सहपाठी, छिमेकी, टोली-सदस्य, सहकर्मी वा परिवारका सदस्यहरूको रूपमा मात्र पहिचान गर्ने दृष्टिकोणलाई हटाउँछ ।

महिला तथा किशोरी विरुद्धका हिंसाका सन्दर्भमा, हिंसा रोकथामको लागि किशोर र पुरुषहरूलाई पीडक वा सम्भावित पीडकका रूपमा नभई दुर्व्यवहार गर्ने साथीहरूको सामना गर्नसक्ने र दुर्व्यवहार भोग्नेलाई सहायता गर्नसक्ने सशक्त दर्शकका रूपमा लिनेप्रति यो दृष्टिकोण केन्द्रित छ । त्यस्तै गरी, यस मोडेलले किशोरी तथा महिलाहरूलाई दुर्व्यवहार र जबरजस्ती करणीको शिकार वा लक्षितका रूपमा होइन, तर दुर्व्यवहार गरिएका साथीहरूलाई सहायता गर्नसक्ने र दुर्व्यवहार गर्नेहरूलाई सामना गर्नसक्ने सशक्त दर्शकहरूको रूपमा केन्द्रित गर्दछ । यी सत्रहरूले, सही वा गलत भन्ने निर्णयबिना, व्यक्तिहरूलाई आफ्नै व्यवहारको पुनरावलोकन गर्न मद्दत गर्ने 'आत्म-निरीक्षण' को एक स्वरूपलाई हेर्नेछ ।

यस अवधारणाको लक्ष्य आक्रमणको घटनास्थलमा कसरी हस्तक्षेप गर्ने भनेर सिकाउनु मात्र होइन । यो सबै तहका सहकर्मी संस्कृतिहरूमा सामाजिक मान्यताहरू परिवर्तन गर्ने रणनीति हो । यसका लागि, यो अवधारणाले मानिसहरूलाई घटनाअघि, घटनाको समयमा वा घटनापछि अपमानजनक व्यवहार भइरहेकै समयमा बोल्न प्रोत्साहित गर्दछ । यसले यौन दुर्व्यवहार र अन्य अपमानजनक व्यवहारलाई गलत र अस्वीकार्य रूपमा हेरिने सहकर्मी संस्कृति सिर्जना गर्न मद्दत गर्दछ । विशेषगरी किशोर र पुरुषहरूका लागि, यो अवधारणामा दुर्व्यवहारलाई पुरुषत्वको सामाजिक मान्यताहरू लागू गर्ने माध्यमको सट्टा - त्यसको उल्लङ्घनको रूपमा हेरिन्छ ।

यस अवधारणाको शैक्षिक सिद्धान्त आधारभूत सामाजिक न्यायको शिक्षामा आधारित छ, जसले अपमानजनक व्यवहारमा योगदान गर्ने सामाजिक मान्यताहरूलाई चुनौती दिन र परिवर्तन गर्नमा सबैको र विशेषगरी प्रभावशाली वा विशेषाधिकार प्राप्त समूहका सदस्यहरूको भूमिका हुन्छ भन्छ । यस सिद्धान्तले समाजमा व्यक्तिहरूले अपेक्षा गर्न पाउने अधिकारहरूलाई पनि मान्यता दिन्छ ।

यस अपधारणाले हाम्रो समाजमा विद्यमान स्वस्थ मानदण्डबारेका छलफलहरूलाई समर्थन गर्दछ । केवल छलफलको लागि अवसर प्रदान मात्र गर्नाले पनि व्यक्तिहरूलाई उनीहरूको स्वस्थ मनोवृत्ति र दृष्टिकोणहरू आदानप्रदान गर्नुका साथै उनीहरूको साथीहरूको सञ्जालमा अरूलाई पहिचान गर्न पनि सक्षम बनाउँदछ । दुर्व्यवहारको रोकथाम हामी सबैको दायित्व हो ।

यो अवधारणाले विशेषगरी किशोर तथा पुरुषहरूलाई हिंसाको रोकथाममा कदम चाल्न अन्य पुरुषहरूबाट अनुमति प्राप्त गर्ने संरचित छलफलको अवसर प्रदान गराएर संलग्न गराउनका लागि उपयोगी छ । अन्य पुरुष साथीहरूको समर्थन र प्रोत्साहन प्राप्त गर्ने वातावरणमा किशोर तथा पुरुषहरूलाई पूर्वाभ्यास र हस्तक्षेपको अभ्यास गर्ने अवसर प्रदान गरिन्छ ।

यसको एक थप लक्ष्य भनेको मानिसहरूलाई निष्क्रिय दर्शकहरूबाट सशक्त र सक्रिय बन्न मद्दत गर्नु हो, र यसरी उत्पीडन, दुर्व्यवहार वा हिंसाको सामाजिक स्वीकार्यतामा परिवर्तन गर्न योगदान दिनु हो ।

डा जैक्सन काट्जको वेबसाइटको लिङ्कहरूको लागि www.mvpstrat.com हेर्नुहोस् । द मेन्टर्स इन भाइलेन्स प्रिभेन्सन (' **Mentors in Violence Prevention** ('MVP') **Programme**') कार्यक्रम विश्वको अग्रणी प्रमाणमा-आधारित मूकदर्शकसम्बन्धी कार्यक्रम हो जसले मूकदर्शक/दर्शक कार्यक्रमको माथिको विवरणलाई अनुसरण गर्छ । यो संयुक्त राज्य अमेरिका, बेलायत र स्वीडेनमा सफलतापूर्वक प्रयोग भइरहेको छ ।

विद्यालय र विश्वविद्यालय जस्ता स्थलहरूमा महिला तथा किशोरी विरुद्धका हिंसा रोकथाम गर्न र अन्य स्थलहरूमा हिंसाका अन्य स्वरूपहरूलाई रोक्नका लागि **MVP** कार्यक्रमको प्रयोग गरिन्छ ।

यो म्यानुअल र निर्देशिकाहरू धेरै उपयोगी छन् किनकि यसले अन्तर्राष्ट्रिय मापदण्ड अनुसार पीडित र बाल पीडितहरूको स्पष्ट परिभाषा प्रदान गर्दछ (तलको तालिका १ हेर्नुहोस्)। यो स्पष्टताले कानून कार्यान्वयन गराउने निकायहरू र प्रहरी संगठनहरूलाई उनीहरू कोसँग संलग्न छन् र त्यसै अनुसार उनीहरूसँगको आफ्नो सञ्चारलाई कसरी संरचना गर्नुपर्छ भनेर बुझ्न सम्भव बनाउँछ।

भोगेको हानिको लागि राष्ट्रिय कानूनले व्यवस्था गरेबमोजिम तुरुन्त कानूनी उपचार प्राप्त गर्ने अधिकार छन्।[२०]

महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितको आत्मसम्मानप्रति करुणा र सम्मान सुनिश्चित गर्ने मुख्य तत्व भनेको यस प्रक्रियामा उनीहरूको केन्द्रीयतालेअझ प्रभावकारी सेवा प्रवाहलाई कसरी सक्षम बनाउँछ भन्ने कुरा सञ्चार गर्नु

तालिका १

संयुक्त राष्ट्रसंघको निर्देशिका अनुसार पीडितको परिभाषा

अपराध र शक्तिको दुरुपयोगका पीडितहरूका लागि न्यायको आधारभूत सिद्धान्तहरूको घोषणा १९८५का अनुसार पीडित भन्नाले त्यस्ता व्यक्ति हुन् :	**बाल पीडितहरू र अपराधका साक्षीहरू समावेश भएका मामिलाहरूमा न्यायसम्बन्धी निर्देशिका (२००५) अनुसार बाल पीडित र साक्षी भन्नाले त्यस्ता व्यक्ति हुन् :**
जसले, व्यक्तिगत वा सामूहिक रूपमा, शारीरिक वा मानसिक चोटपटक, भावनात्मक पीडा, आर्थिक क्षति वा मौलिक अधिकारहरूको सारभूत हानी लगायत, शक्तिको आपराधिक दुरुपयोग निषेध गर्ने कानूनहरू लगायतका सदस्य राष्ट्रहरू भित्रका आपराधिक कानूनहरूको उल्लङ्घनकारी कार्य वा बहिष्कारहरू मार्फत क्षति भोगेका छन्। पीडकको पहिचान, पक्राउ, अभियोजन वा सजाय पाएको भए वा नभएपनि र पीडक र पीडित बीचको पारिवारिक सम्बन्ध जेजस्तो भएपनि, यस घोषणा अन्तर्गत एक व्यक्तिलाई पीडित मान्न सकिन्छ। "पीडित" शब्दले उपयुक्त अवस्थामा, प्रत्यक्ष पीडितको निकटतम परिवार वा आश्रितहरू र पीडितहरूलाई पीडामा मद्दत गर्दा वा पीडित बनाइने गतिविधिलाई रोक्नको लागि हस्तक्षेप गर्दा क्षति बेहोरेका व्यक्तिहरूलाई पनि समावेश गर्दछ।	१८ वर्ष मुनि उमेरका र कसूरमा वा आरोपित पीडिक वा पीडकहरूको समूहको अभियोजनमा उनको भूमिका जेजस्तो भएपनि, उनी अपराधको पीडित वा साक्षी भएका।

उदाहरणका लागि, यदि एउटी किशोरी यौन दुर्व्यवहारको शिकार/प्रभावित भएको विश्वास गरिन्छ भने, उनका लागि बालबालिकाको अन्तर्वार्तामा विशेष तालिम प्राप्त गरेको सँग पेशाकर्मीले फोरेन्सिक/विधिविज्ञानसम्बन्धी अन्तर्वार्ता लिनु सामान्य कुरा हो।

माथि उल्लेखित यी दुई संयुक्त राष्ट्रसंघद्वारा स्वीकृत दस्तावेजद्वारा प्रवर्द्धन गरिएको साझा सन्देश भनेको पीडित/प्रभावितलाई उनीहरूको मर्यादाका लागि करुणा र सम्मानका साथ व्यवहार गर्नुपर्छ। उनीहरूले न्यायको संयन्त्रमा पहुँच गर्न र उनीहरूले

> सहमति भनेको कुनै व्यक्तिले कुनै कुरा गर्न स्वतन्त्र र स्वेच्छिक रुपमा सुसूचित निर्णय गर्नु हो। सहमति धम्की, बल, दवाब, ठगी, झुठ वा गलत प्रतिनिधित्वमार्फत लिइएको छ भने त्यो सहमति होइन।

हो। पीडित/प्रभावितबाट वास्तविक रूपमा सहमति खोज्ने निरन्तर अभ्यासले पीडित/प्रभावितलाई अनुसन्धानको केन्द्रमा राख्न महत्वपूर्ण भूमिका खेल्नेछ र उनलाई सम्मानित र अर्थपूर्ण रूपमा संलग्न भएको महसुस गराउनेछ।

पीडित/प्रभावितबाट सहमति दिने अधिकार खोसिएको अवस्थामा उसलाई दोहोरो रुपमा पीडित बन्ने सिधा बाटोतर्फ डाहोऱ्याउने काम हुन्छ भन्ने कुरा महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूमा प्रतिकार्य गर्ने जवाफी (प्रतिकार्यमा संलग्न) प्रहरी कर्मचारीहरूले बुझ्नु महत्वपूर्ण छ। यसमा उनलाई सहमति दिने अधिकारबाट बञ्चित गरिनु नै सम्भवत उनी सुरुमा हिंसामा पर्नुको प्रमुख कारण बनेको सम्भावनातर्फ ध्यान दिनु पनि महत्वपूर्ण हुन्छ।

२० See n. 18.

"पीडितलाई सूचनाको हक छ । सुसूचित निर्णय लिने र जोखिम मूल्याङ्कन गर्न अनुमति दिन पीडितले उनीहरुको मामिलाबारे उपयुक्त जानकारी र अद्यावधिक सूचनाहरु प्राप्त गर्नुपर्छ । निर्णय प्रक्रियामा पीडितलाई समावेश गरेमा उनीहरु सशक्त हुन्छन् र आषनै जीवनको नियन्त्रणमा हुन्छन् ।"

- UN Police Gender Toolkit, 2015

मानव प्रतिष्ठा, समावेशिता र पारदर्शिताप्रति सम्मान सञ्चार गर्नमा सहमतिले कसरी महत्वपूर्ण भूमिका खेल्छ भन्ने कुरा बुझ्नु प्रहरी सेवाका लागि आधारभूत कुरा हो ।[२१]

सहमतिको अभाव कुन समयमा यौन हिंसा र यौनमा आधारित अपराधलाई निम्त्याउने कारक बन्छ भन्ने कुरामा पूर्ण स्पष्टता हुनु पनि प्रहरीका लागि उत्तिकै महत्वपूर्ण छ । **यौन हिंसा कुनै पनि यौनजन्य गतिविधि हो जहाँ त्यसका लागि स्वतन्त्र रूपमा सहमति दिइएको छैन** । यो विवाहित जोडी बीचलगायत सबै परिस्थितिहरूमा लागू हुनुपर्छ । सहमतिको यौन सम्बन्ध भनेको आ-आफ्नो रोजाई भइरहेको कुरामा सहमत हुनु र त्यो रोजाई छनौट गर्ने स्वतन्त्रता र क्षमता हुनु हो ।[२२]

यौन सम्बन्धमा सहमति कस्तो देखिन्छ भनेर बुझ्नका लागि युएन वुमनले धेरै उपयोगी दिशानिर्देशनहरूको संग्रह (बाकस ४) प्रस्ताव गर्दछ :[२३]

यौन सम्बन्धमा सहमति भनेको के हुन्छ र के हुँदैन भन्ने कुराको राम्रोसँग बुझाई भएपछि कथित यौन हिंसाका पीडितहरू/प्रभावितहरूसँग प्रभावकारी रूपमा सञ्चार गर्न प्रहरी बलियो स्थितिमा हुनेछ । अझ निर्दिष्ट रूपमा भन्नुपर्दा यसले प्रहरीलाई अन्तर्वार्ताको क्रममा अति आक्रामक नभईकनै कुनै व्यक्ति विरुद्ध गरिएको गैर-सहमतिपूर्ण यौनजन्य कार्यको

बाकस ४

युएन वुमन : सहमतिको कुरा गर्दा, त्यहाँ कुनै धमिलो रेखा हुँदैन ।[२३]

उत्साही	• उत्साह सहमति उत्साहबाट आउँछ । 'होइन' भन्ने शब्द खोज्नुको सट्टा, त्यहाँ सक्रिय 'हो' भन्ने छ भनी सुनिश्चित गर्नुहोस् । • यदि तपाईंको पार्टनर सहमत हुनुहुन्छ तर चिन्तित वा अनिश्चित देखिनु हुन्छ भने, उनीहरू सहमत छैनन् । • 'हुँदैन' वा 'मलाई थाहा छैन' र मौनता सहमति होइन ।
स्वतन्त्र रुपमा दिइने	• सहमति बिना दबाब दिइनु पर्छ । कसैलाई हुन्छ भनेर भन्न लगाउन धोका दिने, जबरजस्ती गर्ने वा धम्क्याउने कार्य ठीक होइन । • यदि तपाईं बेहोश हुनुहुन्छ वा फरक मानसिक अवस्था जस्तैः मातेको वा नशामा हुनुहुन्छ भने तपाईंले सहमति दिन सक्नुहुन्न ।
सूचित/जानकार	• यदि तपाईंसँग सबै तथ्यहरू छन् भने मात्र तपाईंले कुनै कुरामा सहमति दिन सक्नुहुन्छ । उदाहरणका लागि, यदि कुनै एक जना पार्टनरले यौनसम्पर्कको बेला परिवार नियोजनको साधनको प्रयोग गर्ने भन्छ तर पछि गरेन भने, त्यो सहमतिमा भएको यौन सम्बन्ध होइन । • यदि सम्बद्ध कुनै एक पक्ष नाबालिग छन् भने सहमति स्वतन्त्र र पूर्ण हुन सक्दैन । त्यसैकारण बालविवाह असहमतिपूर्ण कार्य हो ।
निर्दिष्ट/सटिक	• सहमतिले निर्दिष्टताका लागि ठाउँ दिन्छ । • एउटा कुरामा सहमति गर्ने र अर्कोमा नगर्ने तपाईंको अधिकारको कुरा हो । तपाईं एक दिन चुम्बन गर्ने वा छुन दिने बारेमा सहमत हुन सक्नुहुन्छ र अर्को दिन नहुनसक्नुहुन्छ । के कुरामा सहमत हुने भन्ने तपाईंको कुरा हो, र त्यसमा परिवर्तन गर्न पनि पाइन्छ ।
उल्टाउन मिल्ने	• सहमति रद्द गर्न सकिन्छ । तपाईं कुनै पनि समयमा आफ्नो मन परिवर्तन गर्न सक्नुहुन्छ । र पहिले यौन सम्बन्ध राखिसकेका जोडीहरूबीच पनि सहमति हुनु महत्वपूर्ण छ ।

२१ See 'Community-Oriented Policing in United Nations Peace Operations Manual. Strategic Guidance Framework for International Police peacekeeping' (UN Department of Peacekeeping Operations Department of Field Support, 2018).

२२'What is rape and sexual assault?' Metropolitan Police UK, at: https://www.met.police.uk/advice/advice-and-information/rsa/rape-and-sexual-assault/what-is-rape-and-sexual-assault/

२३ 'When it comes to consent, there are no blurred lines', UN Women, November 18, 2019 https://www.unwomen.org/en/news/stories/2019/11/feature-consent-no-blurred-lines

बाकस ५

सञ्चारसम्बन्धी गर्न हुने र गर्न नहुने कुराहरू[२४]

गर्न हुने	गर्न नहुने
• अन्तर्वार्ता दिने व्यक्तिलाई आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्नुहोस् र यो कुरा देखाउन सक्रिय सुन्ने आसनको प्रयोग गर्नुहोस् ; सम्मानजनक रुपमा आँखामा हेर्नुं, नजिकको सम्बन्ध कायम राख्न र पीडित/साक्षीलाई कुरा गरिरहन प्रोत्साहित गर्न आफ्नो टाउको हल्लाएर इसारा गर्ने वा 'अँ हो' भन्ने शब्दहरू प्रयोग गर्ने ; • पिडित/साक्षीलाई बिना बाधा खुलेर कुरा गर्न अवसर प्रदान गर्नुहोस् ; • शान्त रहनुहोस् र अन्तर्वार्ता प्रक्रियामा आफ्ना भावनाहरूलाई हाबी हुन नदिनुहोस् ; पीडितलाई खुलासा गर्ने कार्यको गति र खुलासा गरिने मात्रालाई नियन्त्रण गर्न दिनुहोस् ; • सान्त्वना दिने र सहयोगी बन्ने र पुनःआश्वास्त पार्ने काम गर्नुहोस् ; • स्पष्ट सरल खुला प्रश्नहरू तयार गर्नुहोस् ; एउटा समयमा एउटा प्रश्न गर्नुहोस् ; • स्पष्ट सरल भाषा प्रयोग गर्नुहोस् र कुनै पनि अपरिचित शब्दावलीहरू स्पष्ट गरिएको सुनिश्चित गर्नुहोस् ; • विवरणको सबैभन्दा कठिन पक्षहरूलाई स्वीकार गर्नुहोस् र यी विवरणहरू किन आवश्यक छन् भनेर व्याख्या गर्नुहोस् - यदि आवश्यक छन् भने ; • गैर-मौखिक सञ्चारमा ध्यान दिनुहोस् ; कुनै निश्चित प्रश्नहरू सोध्न बन्द कहिले गर्ने वा विषय परिवर्तन गर्ने बारे जान्नुहोस् ; • पीडित/साक्षीको धारणा, विश्वास, विचार र भावनाको सम्मान गर्नुहोस् - उसलाई नरुनु वा शान्त हुन भनेर नभन्नुहोस् ।	• पीडित/साक्षीलाई बीचमा रोक्ने ; • जोड दिइरहने र प्रश्नहरू बारम्बार दोहोर्याउने ; • पीडित/साक्षीलाई आफूमाथि भएको दुर्व्यवहारको विवरण विभिन्न व्यक्तिहरू अगाडि दोहोर्याउन लगाउने ; • रिसाउने वा पीडित/साक्षीलाई बोल्न बाध्य पार्ने ; • पीडित/साक्षीलाई घरेर हेर्ने; • अविश्वास, घृणा, असन्तुष्टि, आक्रोश वा स्तब्ध भएको अभिव्यक्त गर्ने ; • पिडित/साक्षीले के भन्न चाहन्छन् भनेर तपाईंलाई थाहा भएको अनुमान लगाउने ; • अन्तर्वार्ता हतारहतारमा लिने वा अन्तर्वार्ताको अन्तिम चरणमा हतार गर्ने । 

सम्भाव्यता पहिचान गर्न आवश्यक संवेदनशिलता हासिल गर्न मद्दत गर्नेछ । यसले औपचारिक रुपमा उजुरी दर्ता गर्दा पीडित/प्रभावितहरूले सामना गर्ने नकारात्मक अनुभव (दोहोरो पीडित बनाउने कार्य)लाई कम गर्न मद्दत गर्नेछ ।

द्वन्द्वमा यौन हिंसाको दस्तावेजीकरण र अनुसन्धानसम्बन्धी अन्तर्राष्ट्रिय प्रोटोकलः अपराध वा अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घनका रूपमा यौन हिंसाको दस्तावेजीकरणमा असल अभ्यास (सन् २०१७) *The International Protocol on the Documentation and Investigation of Sexual Violence in Conflict: Best Practice on the Documentation of Sexual Violence as a Crime or Violation of International Law* (2017) ले पीडित-संवेदनशील सञ्चारलाई समावेश गर्ने राम्रो अभ्यासका थप उदाहरणहरू प्रस्तुत गर्दछ (बाकस ५ हेर्नुहोस्) :

महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्यमा संलग्न हुँदा प्रभावकारी रूपमा सञ्चार गर्नका लागि प्रमुख व्यवस्थापकीय दक्षताहरू

माथि छलफल गरिएझैं, पीडित/प्रभावितहरू, सहकर्मी, मातहतका कर्मचारी, उच्च पदस्थ अधिकारी, समुदायका सदस्य, अन्य विभाग र क्षेत्राधिकारहरूसँग प्रभावकारी रूपमा सञ्चार गर्न अन्तरव्यक्तिगत सीपहरू आवश्यक हुन्छन् । र प्रभावकारी प्रहरी प्रशासनका लागि न्याय प्रणाली महत्वपूर्ण छ । युके कलेज अफ पोलिसिङ अनुसार सञ्चारमा समुदायसँग अन्तरक्रिया गर्नु, उनीहरूको विचार र धारणा सुन्नु र प्रहरी कार्यसम्पादन तथा सेवा प्रवाहमा सुधार ल्याउने तरिकामा कार्य गर्नु समावेश छ ।[२५]

विगतका अध्यायहरू जस्तै, यी दक्षताहरू युएनपोल जेन्डर टुलकीट (सन् २०१५), युरोपमा सुरक्षा र सहयोग संगठन (ओएससीई)को प्रहरी-सार्वजनिक साझेदारी निर्माण गर्ने राम्रो

२४ See Box 1 in Chapter 11 'Interviewing' of the International Protocol on the Documentation and Investigation of Sexual Violence in Conflict. Best Practice on the Documentation of Sexual Violence as a Crime or Violation of International Law 2nd Edition: Sara Ferro Ribeiro and Danaé van der Straten Ponthoz on behalf of the UK Foreign & Commonwealth Office, March 2017.

२५ Communication: Engagement and communication. UK College of Policing, at: https://www.app.college.police.uk/app-content/engagement-and-communication/communications/

अभ्यासहरू, द स्ट्राटेजिक गाइडेन्स फ्रेमवर्क फर इन्टरनेशनल प्रहरी पिसकिपिङ (एसजीएफ)[२६] र मानवीय सहायता कार्यमा लैङ्गिक हिंसा विरुद्धका कार्यक्रमहरू एकीकृत गर्ने सम्बन्धि निर्देशिका (सन् २०१५)[२७] जस्ता संयुक्त राष्ट्रसङ्घका दस्तावेजहरूबाट प्रेरित छन् ।

मुख्य कार्यसम्पादन दक्षताहरूको निम्नलिखित सूचीलाई प्रहरी व्यवस्थापकहरूले महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूलाई सुरक्षाको अनुभूति सुनिश्चित गर्ने, उनको बदलिँदो न्यायसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्ने, गोप्यता र गोपनीयतामा आधारित सम्बन्ध सम्भव बनाउने गरी सञ्चार गर्ने र सुन्ने कार्य गरी जवाफी कर्मचारीहरूले उनीहरूलाई सशक्त बनाएको सुनिश्चित गर्न प्रयास गर्दा सन्दर्भका रुपमा प्रयोग गर्न सक्छन् । व्यवस्थापककहरूले जवाफी अधिकृतहरू देहाय कार्य गर्न सक्षम रहेको सुनिश्चित गर्नुपर्छ :

> "पैरवीको प्रयोजनका लागि पीडित/प्रभावितका कथा, तस्विर वा फोटो प्रयोग गर्दा सबै सञ्चार रणनीतिहरुले गोपनियता र तथ्याङ्क सुरक्षाका मापदण्डहरुको पालना गर्नुपर्छ ।"
>
> - UN Police Gender Toolkit 2015

उपलब्धता र पहुँचयुक्तता (शासन, निगरानी र उत्तरदायित्वको दृष्टिकोणबाट)

- पहुँचयुक्तता (जस्तै, ब्रेल; ठूलो अक्षरको छपाई; सांकेतिक भाषा; पढ्न सजिलो भाषा, चित्रण र चित्रहरू जस्ता सरल सन्देश प्रवाह आदि) सुनिश्चित गर्न विभिन्न ढाँचा र भाषाहरू प्रयोग गरी मानवीय परिस्थितिहरूमा समर्थन गरिएकाहरूसहित स्थानीय सरोकारवालाहरूलाई महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी संचार र प्रतिवेदनहरूमा नियमित रिपोर्टिङ सुनिश्चित गर्ने ।

सेवाहरूको डिजायन, कार्यान्वयन र समीक्षामा सरोकारवालाहरूको प्रभाविकारी सञ्चार र सहभागिता :

- विश्वास निर्माण गरी त्यसलाई कायम राख्ने लक्ष्यका साथ महिला र बालबालिकाका समूहहरूसँग प्रभावकारी सञ्चार कायम राख्नुहोस् । यसमा त्यस्ता समूहहरू र तिनीहरूका नजिकका समुदायहरूसँग समय बिताउने, नियमित पैदल गस्ती, नियमित बैठक, पृष्ठपोषण प्राप्त गर्ने, सर्वेक्षणहरू सञ्चालन गर्ने, सामुदायिक फोरमहरूको आयोजना गर्ने, उच्च पदस्थ समर्थन प्राप्त गर्ने, र अनुकूल गरिएको प्रतिकार्यहरू समावेश गर्नुपर्छ ।
- प्रभावित समुदायलाई महिला तथा किशोरी विरुद्ध हिंसाका प्रवृत्ति र प्रतिकार्यहरू बारे जानकारी गराउन सञ्चार अभियानहरूमा आफ्नो भूमिका पहिचान गरी त्यसलाई सम्बोधन गर्नुहोस् ।

अनुकूलन क्षमता

- शरीरिक हाउभाउलाई बुझ्ने र ध्यान दिने, हल्ला जस्ता ध्यान भंग गर्ने कुराहरूबाट टाढा रहने, कुनै पनि पूर्वाग्रह र सम्बन्धित विषयमा आफ्नो व्यक्तिगत निर्णयलाई अलग राख्ने, उनले आफ्नो पूरा कुरा सुनाइसकेपछि मात्र जानकारी स्पष्ट गर्न प्रश्नहरू सोध्ने, र उनले दिएको भनेको कुरा सही रूपमा बुझिएको छ कि छैन भनेर रुजु गर्नका लागि उनले भनेकै कुरालाई संक्षेपीकरण गरेर वा दोहोऱ्याएर सोध्ने;[२८]
- समुदायका सदस्यहरूले विशेषगरी उनीहरूले भोगेका अपराधका प्रकारका आधारमा पुरुष र महिला प्रहरी अधिकारीहरूप्रति फरक-फरक प्रतिक्रिया व्यक्त गर्ने हुँदा त्यसलाई त्यसै अनुरुप बुझ्नुहोस् र अनुकूलन गर्नुहोस् ;

> "प्रहरीले महिलाहरूलाई सुरक्षित रहनु होला भनेर सल्लाह दिंदा त्यसलई यसरी प्रस्तुत गर्नुपर्छ कि त्यसले दोष उनीहरूकै हो भन्ने कुराको संकेत गर्नुहुँदैन ।"
>
> - Misogyny Hate Crime Evaluation Report funded by the Office of Nottinghamshire Police and Crime Commissioner (2018)

- सामुदायिक मञ्च वा त्यस्तै अन्य ठाउँहरूमा सञ्चारका आयामहरू बुझ्नुहोस् र त्यसै अनुरुप अनुकूलन गर्नुहोस् जसले गर्दा सबैका विचारहरू सुन्न सकियोस् । यसमा ठूला जमघटहरूमा निश्चित समूहका व्यक्तिहरू मात्र बोल्न सक्छन्, र अन्य विशेषगरी कमजोर अवस्थामा रहेका समूह जस्तैः महिला र बालबालिकाहरू मौन रहन सक्छन् भन्ने कुराप्रति सचेत रहनुहोस् । वातावरण अनुसार फरक-फरक अवधारणा आवश्यक हुन सक्छ ।[२९]

---

२६ The Strategic Guidance Framework for International Police Peacekeeping (SGF) aims to enhance the effectiveness of UN police peacekeeping through more consistent, harmonised approaches to the provision of public safety, police reform and support to host-State police services.

२७ Guidelines for Integrating Gender-Based Violence Interventions in Humanitarian Action: Reducing risk, promoting resilience and aiding recovery (Inter-Agency Standing Committee, 2015).

२८ UN Police Gender Toolkit 2015. UN. Department of Peace Operations - DPO/ DPET/Integrated Training Service, at: http://repository.un.org/handle/11176/387374

२९ Ibid.

बाकस ६

अपाङ्गता भएका महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूलाई संलग्न गराउनका लागि के गर्ने र नगर्ने[३१]

नगर्ने कुरा	गर्ने कुरा
अनुवादकसँग वा उनीहरूको सहयोगी कर्मचारी, अन्य हेरचाहकर्ता, वा परिवारका सदस्यहरूमार्फत कुरा नगर्नुहोस् ।	व्यक्तिलाई दृष्टिविहीन भएता पनि अनुहारमा सीधा हेरेर कुरा गर्नुहोस् ।
अनुमति बिना कुनै पनि व्यक्तिको हिंडडुलमा सहायक उपकरणलाई नछुनुहोस् ।	हरेक पटक दृष्टिविहीन व्यक्तिसँग कुराकानी गर्दा पहिला आफ्नो परिचय दिनुहोस् (जस्तै "अधिकृत ..... बोल्दै छु")।
अपाङ्गता भएका व्यक्तिको सञ्चार कौशललाई कम नठान्नुहोस् । सुन्ने शक्ति कमजोरी भएका व्यक्तिले पनि कलम/पेन्सिल र कागजमार्फत पनि प्रभावकारी रूपमा सञ्चार गर्न सक्छन् ।	सुन्ने र बोल्ने क्षमतामा कमजोरी भएको व्यक्तिको हकमा सो व्यक्तिसँग उनले विश्वास गर्ने र सहभागी गराउने चाहने साङ्केतिक भाषा अनुवादक साथमा छ कि भनेर सोध्नुहोस् ।
व्यक्तिलाई 'अपाङ्ग' भनेर सम्बोधन नगर्नुहोस् । "तपाई जस्ता मानिसहरू" जस्ता वाक्यांशहरू वा तपाइँ उनलाई अर्को वर्गको व्यक्तिको रूपमा वर्गीकरण गर्दै हुनुहुन्छ भन्ने अर्थ दिने अन्य प्रकारका वाक्यांशहरू प्रयोग नगर्नुहोस् ।	सो व्यक्तिलाई उनको नामले सम्बोधन गर्नुहोस् ।
अधैर्यता नदेखाउनुहोस् ।	अन्य मानिसहरूका आवश्यकताहरू बुझ्नुहोस् ।
नकारात्मक प्रश्नहरू जस्तै "तपाईलाई के भएको हो ?" वा "के तपाई सधैं यस्तै हो?" नसोध्नुहोस् ।	सकारात्मक प्रश्नहरू सोध्नुहोस् जस्तै "विभिन्न गतिविधिहरूमा सहभागी हुँदा तपाइँले कुनै कठिनाइहरूको सामना गर्नुहुन्छ?" वा "तपाईलाई पूर्ण रूपमा भाग लिनका लागि कुनै सुविधा आवश्यक छ?
सबै अपाङ्गता भएका व्यक्तिहरूले हात मिलाउन सक्दैनन् भन्ने कुरा अनुमान नगर्नुहोस् ।	हात मिलाउन आफ्नो हात अगाडि बढाउनुहोस् । तपाईले पहिले यो ठीक छ कि छैन भनेर सोध्न सक्नुहुन्छ, वा तपाईको हात नदेख्ने न्यून दृष्टि भएको व्यक्तिका हकमा त्यसबारे जानकारी दिन सक्नुहुन्छ ।
सबै अपाङ्गता भएका व्यक्तिहरूलाई मद्दत चाहिन्छ, र तपाईंलाई कसरी मद्दत गर्ने भन्ने कुरा थाहा छ भन्ने धारणा नबाउनुहोस् ।	कुनै व्यक्तिलाई केही कुरामा सहयोग आवश्यक छ कि, र त्यसमा तपाइँ कसरी मद्दत गर्न सक्नुहुन्छ भनेर सोध्नुहोस् ।

उपयुक्तता

- सक्रिय रूपमा सुन्नुहोस् । यसको अर्थ वक्तामा केन्द्रित हुनु र के भनिएको छ भनेर त्यसको व्याख्या र मूल्याङ्कन गर्नु अघि उनको अनुभव बुझ्ने प्रयास गर्नु हो ।[३०] सुन्नु र बुझ्नु भन्दा कुनै व्यक्तिले भनेको कुरालाई व्याख्या गर्नु प्रत्यूपादक हुन सक्छ किनभने सुन्ने व्यक्तिले आफ्नै पूर्वाग्रह/अनुभवको आधारमा 'व्याख्या' गर्ने सम्भावना हुन्छ ।

- बच्चाहरूलाई उनीहरूले बुझ्ने तरिकामा जानकारी गराउनुहोस्, विशेषगरी प्रेषण मार्ग (चभाभचबा उबतजधबथ)हरूको बालमैत्री रुप र अन्य मुख्य जानकारीहरू;

- स्थानीय महिला, केटी, पुरुष र केटाहरूलाई सन्देशहरूको विकास र उमेर, लिङ्ग र सांस्कृतिक रूपमा उपयुक्त हुने गरी प्रचारप्रसारको रणनीतिमा संलग्न (आवश्यक भएमा छुट्टाछुट्टै) गराउनुहोस् ;

- पीडित/प्रभावित र समुदायका सदस्यहरू, विशेषगरी प्रायः सामाजिक रूपमा सीमान्तकृत व्यक्तिहरूप्रति समानुभूति देखाउनुहोस् । पीडित/प्रभावितहरूको हकमा समानुभूतिपूर्ण व्यवहारले उनीहरूलाई थप सहज बनाउँछ र अनुसन्धानकर्ताहरूलाई आघातपूर्ण घटना निम्त्याएको अवस्थालाई पुनर्निर्माण गर्न सहयोग गर्छ ।

सुरक्षा-जोखिम मूल्याङ्कन र सुरक्षा योजनालाई प्राथमिकता दिने

- सामान्य सुरक्षा र महिला तथा किशोरी विरुद्ध हुने हिंसाको जोखिम न्यूनीकरणको बारेमा विभिन्न समुदायहरूमा चेतना जगाउने ;

- मुद्दाको टुङ्गो नलागेसम्म र उनको हकहित सुरक्षित नभएसम्म पीडित/प्रभावितहरूसँग सञ्चारका विभिन्न माध्यमहरू स्थापना गर्ने र त्यसलाई कायम गर्ने ।

३० Ibid.

३१ Inspired by Elena Ratoi, UN Women Programme Manager in Moldova and Humanity and Inclusion https://www.hi-us.org/

प्रेषण (रेफरल) र समन्वयको माध्यमबाट अन्य क्षेत्र र निकायहरूसँग जोडिने

- क्षेत्र-विशिष्ट सामुदायिक पहुँच र जनचेतना अभिवृद्धि गतिविधिहरूमा आधारभूत महिला तथा किशोरी विरुद्ध हिंसा रोकथाम सन्देशहरू समावेश गर्नुहोस् ;
- जनचेतना अभिवृद्धिमा रोकथाम, पीडित/प्रभावितका अधिकारहरू (सेवा प्रभाव र सामुदायिक स्तर गोपनीयता सहित), जोखिमका बारे कहाँ उजुरी गर्ने र महिला तथा किशोरी विरुद्ध हिंसा भएको खण्डमा हेरचाह कसरी प्राप्त गर्ने भन्ने बारे जानकारी समावेश भएको सुनिश्चित गर्नुहोस् ;
- महिला तथा किशोरी विरुद्ध हुने हिंसा विरुद्ध बोल्ने स्थानीय पुरुष र केटाहरूलाई छलफलहरूमा सक्रिय रूपमा संलग्न हुन प्रोत्साहित गर्नुहोस् ।

तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन

- महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी प्रहरीका कामकारबाही प्रहरीले गर्ने अपेक्षा गरिएको अनुसार रहेको छ वा छैन भनेर महिला प्रहरी अधिकारीहरू र समुदायका महिलाहरूको प्रतिक्रिया लिनुहोस् र त्यसलाई समावेश गर्नुहोस् ;
- महिला तथा किशोरी विरुद्ध हुने हिंसाप्रति स्थानीय प्रतिकार्य क्षमता र प्रेषण (रेफरल) मार्गहरूबारे अद्यावधिक जानकारी सङ्कलन गर्नुहोस् र यसलाई मुख्य सरोकारवालाहरूसँग सक्रिय रूपमा आदानप्रदान गर्नुहोस् जसले गर्दा उनीहरूले कुनै पनि पीडित/प्रवाहितलाई सहायता/प्रतिकार्यका लागि उपयुक्त माध्यममा सिफारिस गर्न सकून् ।

सुसूचित सहमति र गोपनीयता

- गापनीयतालाई बढावा दिने र पीडित/प्रभावित व्यक्तिहरूको अज्ञातता सुनिश्चित गर्ने सूचना-आदानप्रदानका मापदण्डहरू लागू गर्नुहोस् । यो कुरा सेवाहरू सीमित हुन सक्ने आपतकालीन अवस्थाको प्रारम्भिक चरणहरूमा पनि लागु हुन्छ ।

अत्यावश्यक सेवाहरू प्रदान गर्ने प्रहरीका लागि सन्दर्भ सूचकहरू : सञ्चार

इएसपीए ले न्याय र प्रहरी सेवाहरूका बारेमा जानकारी सरल र पहुँचयुक्त हुनका लागि सञ्चारको मुख्य तत्वहरूको रूपमा सिफारिस गर्दछ। यस सम्बन्धमा प्रहरी सञ्चारमा

फोटो सौजन्य : यूएन वुमन/नेपाल

पीडित/प्रभावितको गरिमा र सम्मान प्रवद्धन् गर्ने स्पष्ट उद्देश्य हुनुपर्छ । यसमा पीडित/प्रभावितसँग निरन्तर प्रहरी सञ्चारका साथै न्याय निरन्तरतामा उनीहरूका साझेदारहरूसँग नियमित र प्रभावकारी सञ्चार समावेश हुनुपर्छ ।

यी मूल तत्वहरूलाई जोड दिन, इएसपीले पीडित र प्रभावितहरूका लागि सबै न्याय र सहायता सेवाहरूले अधिकतम प्रभाव सुनिश्चित गर्न साझा विशेषताहरू र साझा गतिविधिहरूको दायरालाई समेट्नु पर्ने प्रस्ताव गर्दछ । यी साझा विशेषता र साझा गतिविधिहरू अध्याय २ :'व्यवस्थापक र टोली नेताको रूपमा फरकपन ल्याउने' मा सूचिकृत गरिएको छ ।

महिला तथा किशारी विरुद्ध हुने हिंसालाई सम्बोधन गर्न स्थानीय सञ्चार रणनीतिहरूमा इएसपीका साझा विशेषता र साझा गतिविधिहरू महिला तथा किशारी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितलाई न्याय प्रणाली भरी सशक्त बनाउने गरी कसरी समावेश गर्न सकिन्छ भन्ने कुरा बुझ्न मद्दत गर्ने माध्यमको रूपमा हाते पुस्तिकाले प्रहरी व्यवस्थापकहरूले उपलब्ध भएको अवस्थामा सन्दर्भका रुपमा प्रयोग गर्न सक्ने र नभएको अवस्थामा आफू भन्दा माथिल्लो तहमा त्यसलाई समावशीकरण गर्न प्रोत्साहित गर्न सूचकहरूको उदाहरणहरू प्रस्ताव गर्दछ :

१. **उपलब्धता र पहुँचयुक्तता** : *महिला तथा किशारी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूलाई अत्यावश्यक सेवाहरू उपलब्ध गराउनमा प्रहरीको भूमिकाको बारेमा प्रहरीले उपलब्ध गराएको जानकारीबाट सन्तुष्ट स्थानीय जनसंख्याको प्रतिशत ।* कुनै पनि सर्वेक्षणले सामान्य रूपमा सीमान्तकृत वा हिंसाबाट बढी जोखिममा भएका समूहहरूलाई सक्रिय रूपमा समावेश गर्न खोज्नुपर्छ, जसले गर्दा उनीहरूलाई उपलब्ध गराइएको कुनै पनि जानकारी बुझ्न सक्ने र समावेशी दुवै छ भनी सुनिश्चित गर्न सकियोस् । यस सूचकमा विचार गर्नुपर्ने जानकारीको एउटा महत्वपूर्ण स्रोत भनेको नागरिकहरूका

फोटो सौजन्य : यूएन वुमन/नेपाल

गुनासाहरू हुन् जसले प्रहरी अन्तरव्यक्तिगत सञ्चारलाई समस्याग्रस्त रूपमा पहिचान गर्दछ ।

२. **अनुकूलता र पहुँचयुक्तता** : *पारिवारिक हिंसा वा जीवनसाथीबाट भएको हिंसाको घटना हेर्नुहुनु अघि आफूलाई प्रेषित जानकारीको सान्दर्भिकता र समयबद्धतासंग सन्तुष्ट भनी जवाफ दिने स्थानीय प्रहरी कर्मचारीको प्रतिशत ।* पारिवारिक हिंसाका घटनाहरूलाई प्रहरीले उचित रुपमा सम्बोधन गर्नका लागि जवाफी अधिकारीहरूले त्यससँग सम्बद्ध कुनै पनि सांस्कृतिक विषय, विशेष आवश्यकता वा पारिवारिक हिंसा भएको त्यो ठेगानामा अघिल्लो प्रहरी उपस्थिति, र पीडक हिंसात्मक हुन सक्छ कि भन्ने बारेमा सचेत हुनु आवश्यक छ । कार्यसम्पादन समीक्षाको सन्दर्भमा, सञ्चार क्षेत्रहरूद्वारा गस्तीमा संलग्न अधिकारीहरूलाई प्रदान गरिएको जानकारीको पर्याप्तताको नियमित अनुगमन आवश्यक छ । कार्यसम्पादन तथ्याङ्कको यो आकंडा नियमित रूपमा एकाइ वा शाखा व्यवस्थापकहरूद्वारा अनुसन्धान गर्ने मुद्दा व्यवस्थापक (केस म्यानेजर)हरूसँग समन्वय गरी जवाफी अधिकारीहरूबाट सङ्कलन गरिनुपर्छ । यसलाई केस फाइल रिपोर्टहरूमा 'कैफियत' वा सिफारिसहरूका रूपमा समावेश गर्न सकिन्छ । सो जानकारी त्यसपछि कानुन कार्यान्वयनमा संलग्न अन्य निकायहरूसहित अन्य अत्यावश्यक सेवा प्रदायकहरूसँग आन्तरिक र बाह्य दुबै रुपमा समन्वय संयन्त्र र मार्गहरूको कार्यसम्पादन गुणस्तर नियन्त्रणमा प्रस्तुत गरिनुपर्छ ।

> मानिसले आफूँलाई कसरी चिनाउन चाहन्छ त्यही जातीयताको नाम लिनुहोस (जस्तैः रोम जातिको हकमा केही भाषामा यो जातीय समूहलाई परिभाषित गर्ने अर्को शब्दावली छ जस्तैः "जिप्सी" साइगानू, जसलाई रोमा जातिका मानिसले भेदभावपूर्ण रहेको ठान्दछन, त्यसैकारण यसलाई उल्लेख नगर्न सिफारिस गरिन्छ ।

३. **उपयुक्तता** : *महिला तथा किशोरी विरुद्ध हिंसाका मामिलाहरूमा दुर्व्यवहारको लागि जवाफी प्रहरी अधिकारीहरू विरुद्ध उजुरीहरूको संख्या, उजुरीहरू स्थापित हुने दर, त्यस्ता उजुरीहरूको आधारमा अनुशासन कारवाही हुने अधिकारीहरूको अनुपात ।* पीडित/प्रभावितहरूलाई स्वीकार्य सेवा प्रवाहमा सुधार ल्याउनका लागि प्रमाणको आधारको विकास गर्नु त्यसको प्रारम्भिक बिन्दु हो । महिला समुदायप्रति प्रभावकारी पारस्परिक सञ्चारको सन्दर्भमा प्रहरीले सुधार गर्न र असल अभ्यासहरू कहाँ निर्माण गर्न आवश्यक छ भन्ने कुरा देखाइदिएर प्रहरी व्यवस्थापकहरूले उनीहरूका प्रतिकार्यमा संलग्न कर्मचारीहरूलाई पीडित/प्रभावितहरूलाई

यदि कुनै व्यक्तिले सो भाषा बोल्न जान्दैनन् भने दोभाषेको व्यवस्था गर्नुअघि एक पटक सोध्नुपर्छ ।

दोहोरो पीडितको बनाउनुको सट्टा सशक्तिकरणतर्फ लैजान मार्गनिर्देशित गर्न सक्छन् ।

४. **सुरक्षालाई प्राथमिकता दिने** : *अद्यावधिक गरिएका महिला तथा किशोरी विरुद्ध हिंसाका मुद्दा फाइलहरूको प्रतिशत वा अनुपात (विगत दुई हप्ता भित्र अद्यावधिक गरिएको) विरुद्ध थप जानकारी (२ हप्ता भन्दा लामो) मा निर्भर मुद्दाहरू ।* यो जानकारी भएमा व्यवस्थापकहरूलाई महिला तथा किशोरी विरुद्ध हिंसाका मुद्दाहरूको मात्रा पहिचान गर्ने अवसर प्रदान गर्छ जसमा पीडित/प्रभावितसँग निरन्तर सञ्चार नभएको हुन सक्छ । अद्यावधिक नभएको मानिएका यी मामिलाहरूको थप कडा परीक्षणले पीडित/प्रभावित व्यक्ति पीडकद्वारा जारी हिंसाको सन्दर्भमा उल्लेखनीय जोखिममा हुनसक्ने हदलाई स्थापित गर्न, यस मामिलामा संदिग्ध व्यक्ति पक्राउ गरिएको छ वा छैन ; भागेको छ पा छैन ; रिहाका लागि विचार भइरहेको छ वा छैन ; वा रिहा गरिएको छ र जमानत वा तारेखमा छ, पीडित/प्रभावित व्यक्तिसँग आवश्यक सहयोग सेवाहरू प्राप्त गर्ने सञ्चार साधन वा क्षमता छ वा छैन भन्ने जानकारी प्राप्त गर्न मद्दत गर्छ । तुलना गर्नका लागि तथ्याङ्क मासिक, त्रैमासिक र वार्षिक आधारमा पनि आवश्यक हुनुपर्छ ।

५. **सुसूचित सहमति र गोपनीयता र पहुँचयुक्तता** : *पीडित/प्रभावितहरू र/वा उनीहरूका कानुनी टोलीलाई सम्बन्धित कानुनी विषयमा कारबाही चलाउन लागि प्रहरी रिपोर्ट उपलब्ध गराउने विधि स्थापित रहेको प्रहरी चौकीहरूको प्रतिशत ।* सूचनाको आदानप्रदानका लागि यी प्रक्रियाहरूले आफ्ना सेवाहरूलाई आचारसंहितामा (विद्यमान कानून अनुसार) आधारित गराउनुपर्छ जसमा कुन जानकारी अन्यलाई दिन गर्न सकिन्छ, कसरी दिन सकिन्छ, कसरी सुरक्षित रूपमा भण्डारण गर्नुपर्छ र कसलाई दिन सकिन्छ भन्ने विषयहरू समावेश हुन्छ । प्रहरी र अन्य अत्यावश्यक सेवा प्रदायकहरूले सहमति र गोपनीयताको पालनालाई उच्च महत्व दिनुपर्छ ।

६. **सेवाहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाहरूको प्रभावकारी सञ्चार र सहभागिता, र समन्वय मार्फत अन्य क्षेत्र र निकायहरूसँग जोडिने** : *न्याय सेवा प्रदायकहरू बीच प्रभावकारी रूपमा सूचनाहरू आदान प्रदान गर्न स्थानीय प्रहरी कर्मचारीहरूको संलग्नतामा बहु-निकाय समन्वय प्रक्रियाहरूका लागि संयुक्त तालिमको संख्या/प्रति वर्ष ।* प्रहरी कर्मचारीहरूलाई गोपनीयता र गोप्यताका मापदण्डभित्र रहेर सूचना तथा जानकारी सही रूपमा आदानप्रदान गर्न, सम्भव भएसम्म पीडित/प्रभावित र/वा आमाबाबु/अभिभावक र कानुनी प्रतिनिधिबाट जानकारीको खुलासाका लागि सुसूचित सहमति सुनिश्चित गर्न, र न्याय सेवा प्रदायकहरू बीच सूचनाको समयमै र प्रभावकारी प्रवाहलाई बढावा दिने प्रोटोकल र रेफरल प्रक्रिया/मार्गहरूको सम्मान गर्न तालिम दिनुपर्छ ।

७. **डाटा सङ्कलन र सूचना व्यवस्थापन** : *महिला तथा किशोरी विरुद्ध हिंसा मुद्दा व्यवस्थापन प्रक्रियाको अंगको रूपमा सार्वजनिक प्रतिक्रिया सर्वेक्षणको आवश्यकता ।* संयुक्त अधिराज्यको प्रहरीको अनुभवले घरेलु दुर्व्यवहारका पीडितहरू/प्रभावितहरूबाट प्रतिक्रिया लिनका लागि प्रहरीले अझ धेरै काम गर्न आवश्यक छ भन्ने देखाउँछ । बेलायतमा घरेलु हिंसामा प्रहरीको प्रतिकार्यबारे सरकारद्वारा प्रायोजित एक अध्ययनका अनुसार, यदि (प्रहरी) बलहरूले केही पीडितहरू उनीहरूसँग किन संलग्न हुन चाहँदैनन् भन्ने कारणहरू बुझ्नका लागि उनीहरूबाट प्रतिक्रिया प्राप्त गर्नका लागि प्रहरीले ठोस प्रयास गर्नुपर्छ । र त्यसबाट पीडितहरूका आवश्यकताहरू पूरा गर्नेतर्फ काम गर्ने र उनीहरूले सुधार गर्नुपर्ने क्षेत्रहरूबारे जानकारी प्राप्त हुनेछ ।[३२]

३२ The Police Response to Domestic Abuse: An update report, Her Majesty's Inspectorate of Constabulary and Fire and Rescue Services (HMICFRS), February 2019.

घटना अध्ययन

नटिङ्गमशायर प्रहरीले महिलाहरूप्रतिको हिंसात्मक व्यवहारलाई घृणा अपराधको रूपमा लिने गरेको छ

सन् २०१६ मा, नटिङ्गमशायर प्रहरी संयुक्त अधिराज्य (युके) मा महिला र किशोरीहरूलाई महिला विरुद्ध द्वेषका घटनाहरूविरुद्ध उजुरी गर्न दिने, पीडित/प्रभावितहरूलाई सहयोग उपलब्ध गराउने र आरोपित अपराधीहरूमाथि अनुसन्धान गर्ने पहिलो प्रहरी बल बन्यो। बेलायतको बाँकी भागका लागि नमूनाका लिइएको यस विषमा नटिङ्गमशायर प्रहरीले महिला र किशोरीहरू विरुद्धको महिला द्वेषी कार्यलाई घृणामा आधारित अपराधको रूपमा लिएको छ, र त्यससम्बन्धमा २०१८ मा जारी गरिएको प्रगतिको बाह्य मूल्याङ्कन समावेश छ।

नीति अनुसार, महिला द्वेषी घृणामा आधारित अपराधलाई "महिलाहरूप्रति पुरुषको मनोवृत्तिबाट उत्प्रेरित हुने महिलाहरू विरुद्धका घटनाहरू समावेश हुन्छ र पुरुषहरूले महिलाहरूलाई केवल महिला भएको कारणले लक्षित गर्ने व्यवहार समावेश हुन्छ।"[३३]

संयुक्त अधिराज्यको कानूनमा, घृणामा आधारित अपराध भनेको विभिन्न प्रकारका आपराधिक व्यवहार हुन् जहाँ पीडक दुश्मनीबाट उत्प्रेरित हुन्छ वा पीडितको असक्षमता, जाति, धर्म, यौन झुकाव वा ट्रान्सजेन्डर पहिचानप्रति शत्रुता देखाउँछ।[34] यसमा थप युके क्राउन प्रोसिक्युसन सर्भिसले घृणामा आधारित अपराधमा मौखिक दुर्व्यवहार, धम्की, तर्साउने, उत्पीडन, आक्रमण र अनावश्यक दुःख कष्ट दिने कार्यका साथै सम्पत्तिमा क्षति पुऱ्याउने कार्य समावेश हुन सक्छ। यसबाहेक, पीडक साथी, हेरचाहकर्ता वा परिचित व्यक्ति पनि हुन सक्छ जसले आर्थिक लाभ वा अन्य कुनै आपराधिक उद्देश्यका लागि पीडित/प्रभावितसँगको आफ्नो सम्बन्धको शोषण गर्दछ।[35]

इङ्गल्याण्ड, वेल्स र उत्तरी आयरल्याण्डमा प्रहरी फौजहरू घृणामा आधारित अपराधका पाँचवटा आधारहरूको वार्षिक रूपमा अनुगमन गर्छन् : अपाङ्गता, लैङ्गिक पहिचान, जाति, जातीयता

> "महिलाहरुले दैनिक रुपमा सामना गर्नुपर्ने अवस्था विल्कुलै अस्वीकार्य छ र यो ज्यादै चिन्ताजनक अवस्था हुनसक्छ। हाल जारी रहेको द्वेष अपराधसम्बन्धी समग्र काममाको यो एउटा महत्वपूर्ण आयाम हो, जसले नोटिनघामसायरलाई सबै महिलाहरुका लागि सुरक्षि ठाउँ बनाउनेछ।"
>
> - Nottinghamshire Police's chief constable Sue Fish (Retired)

वा राष्ट्रियता, धर्म, आस्था वा विश्वास, र यौन झुकाव।[३६] महानगरीय प्रहरीका अनुसार, घृणा समावेश भएको तत्वको प्रमाण आवश्यक छैन। पीडितहरूले व्यक्तिगत रूपमा घटनालाई घृणासँग सम्बन्धित छ भनेर बुझ्न आवश्यक पर्दैन किनभने यदि अर्को व्यक्ति, साक्षी वा प्रहरी अधिकारीले मात्र घटना घृणासँग सम्बन्धित छ भनी सोचे भने पर्याप्त हुनेछ।[३७]

महिला द्वेषी घृणामा आधारित अपराधसम्बन्धी नटिङ्गमशायर प्रहरीको नीति परिवर्तन भएको होइन वा कुनै पनि विद्यमान कानूनमा थपिएको पनि होइन, किनभने यो बेलायको कानून अन्तर्गत पहिले नै तोकिएको घृणा अपराधको परिभाषा भित्र पर्छ।[३८]

नटिङ्गमशायर प्रहरी नीतिमा थप विशेषता भनेको महिला द्वेषी घृणामा आधारित अपराधका पीडितहरूले यूकेको कानून अन्तर्गत अपराध नमानिने घटनाहरूको उजुरी दिनसक्नेछन्, र त्यसमाथि प्रहरीले अनुसन्धान गर्नेछ। नटिङ्गमशायर प्रहरीले पीडित/प्रभावित व्यक्तिलाई कहाँ र कसरी सहयोग-समर्थन गर्न सकिन्छ वा उनीहरूलाई फेरि लक्षित हुनबाट रोक्न मद्दत गर्न केही गर्न सकिन्छ कि भनेर जाँच्न आवश्यक रहेको व्यवस्था छ।[39]

यो विशेषगरी जागरूकता विकास गर्न र महिला र किशोरीहरूलाई

---

३३ Nottinghamshire Police records misogyny as a hate crime. BBC https://www.bbc.com/news/uk-england-nottinghamshire-36775398

३४ This common definition was agreed in 2007 by the police, Crown Prosecution Service, Prison Service (now the National Offender Management Service) and other agencies that make up the criminal justice system. See: Hate Crime, England and Wales, 2017/18 Statistical Bulletin 20/18 16 October 2018. Home Office Crime and Policing Statistics.

३५ Hate Crime. The Crown Prosecution Service (CPS) United Kingdom, at: https://www.cps.gov.uk/hate-crime

३६ Nottinghamshire Police records misogyny as a hate crime, at: https://www.bbc.com/news/uk-england-nottinghamshire-36775398

३७ What is hate crime? Metropolitan Police United Kingdom, at: https://www.met.police.uk/advice/advice-and-information/hco/hate-crime/what-is-hate-crime/

३८ Six things we've learned about misogyny as a hate crime (2016), Bates, L. for *The Guardian*, at: https://www.theguardian.com/lifeandstyle/womens-blog/2016/sep/22/six-things-weve-learned-about-misogyny-as-a-hate

३९ Nottinghamshire Police records misogyny as a hate crime,at: https://www.bbc.com/news/uk-england-nottinghamshire-36775398

बाकस ७

महिला द्वेषी घृणा अपराधजन्य व्यवहार

यस नीतिको एउटा प्रावधानका रुपमा नटिङ्गमशायर प्रहरीले महिला द्वेषी घृणा अपराधजन्य व्यवहारहरू भनी निर्धारण गरेको कार्यहरू निम्नानुसार रहेका छन् :

- सिट्टी बजाउने
- नराम्रो नियतले घुरेर हेर्ने
- जर्बजस्ती घरपकड गर्ने
- यौन दुर्व्यवहार (आक्रमण)
- घरसम्म पछ्याउने
- मोबाइलमा नचाहिने फोटो खिच्ने
- अपस्कर्टिङ (गुप्ताङ्गको फोटो खिच्ने)*
- यौनजन्य भाषाको प्रयोग
- धम्की दिने/आक्रामक/थर्काउने व्यवहार
- अश्लील कुरा देखाउने
- अवाञ्छित यौन प्रस्ताव
- अनलाइन दुर्व्यवहार

*बेलायतको कानूनअनुसार, 'अपस्कर्टिङ' मा सामान्यतया पीडकहरूले कसैको गुप्ताङ्ग वा नितम्ब हेर्ने उद्देश्यले थाहा नदिई सो व्यक्तिको लुगामुनिबाट तस्बिर खिच्ने कार्य हो ।

आक्रामक व्यवहार विरुद्ध उजुरी गर्न प्रोत्साहित गर्नका लागि महत्वपूर्ण थियो, जसलाई उनीहरूले यस अघि अपराधजन्य प्रकृतिको रूपमा हर्ने गरेका थिएनन् जस्तैः प्रताडना (दफा ४ वा ५, सार्वजनिक आदेश ऐन, अश्लील आक्रमण) । धेरै महिलाले अपराध (विशेषगरी हिंसात्मक र यौनजन्य अपराध)को सामान्य रूपमा कम उजुरी गर्ने गरेका छन् छ र यसबाट एउटा अनुमानित लाभ भनेको प्रहरीको सेवामा महिलाहरूको आत्मविश्वास बढाउनु र उजुरीको दर सुधार हुनेछ भन्ने हो ।

नटिङ्गमशायर प्रहरीद्वारा महिला द्वेषी कार्यहरूलाई सम्बोधन गर्ने रणनीतिमा भएको यो परिवर्तनले के-कस्ता कार्यहरू विरुद्ध उजुरी गर्न सकिन्छ भन्ने बारेमा महिलाहरूको धारणालाई असर गर्नेछ । संयुक्त अधिराज्यमा प्रहरी बलहरूले हालसालै थपिएका विभिन्न उप-खण्डहरूमार्फत घृणाजन्य अपराधको आफ्नै परिभाषा समावेश गर्न सक्छन् ।[४०]

फलस्वरुप महिला द्वेषलाई घृणामा आधारित अपराधको रूपमा अभिलेख गर्दा प्रहरीलाई यो कति पटक, कहिले र कहाँ भइरहेको छ भन्ने बारेमा अझ विस्तृत चित्र प्रदान गर्दछ । यसबाट प्रहरीले महिला द्वेषलाई गम्भीरतापूर्वक लिनेछ भन्ने धेरै बलियो सन्देश पनि दिन्छ, र त्यसले महिला र किशोरीहरूलाई अगाडि आएर अपराध विरुद्ध उजुरी गर्न आत्मविश्वास प्रदान गर्छ । रोचक रुपमा घरेलु दुर्व्यवहारलाई नयाँ जारी भएको प्रहरी कार्य अन्तर्गत महिला द्वेष घृणमा आधारि अपराधको रूपमा रेकर्ड गरिएको थिएन किनभने यसको आफ्नै कार्यविधि छ ।[41]

यसका अतिरिक्त, नटिङ्गमशायरको अनुभवको आधारमा, घृणामा आधारित अपराधको सामान्यतः कम व्यक्तिगत बुझाइ भएका प्रहरीमा महिला द्वेषी व्यवहारका सम्बन्धमा महिला र किशोरीहरूको अनुभवसम्बन्धी बढी बुझाइ रहेको देखिएको थियो । फलस्वरूप, सबै प्रकारका घृणामा आधारित अपराधका पीडितहरूप्रति बढी दया र समानुभूति रहेको देखियो र तालिम कार्यक्रमको लगत्तै घृणामा आधारित अपराधका पीडितहरूको सन्तुष्टिमा विशेष गरी अधिकृतको समानुभूति र विश्वास गरिएसँगै सुधार भएको पाइयो ।[४२]

असल अभ्यास : घृणामा आधारित अपराधसम्बन्धी प्रहरी नीतिका रूपमा महिला द्वेषको सार्वजनिक मूल्याङ्कन

सन् २०१८ मा नटिङ्गम वुमेन्स सेन्टरबाट नटिङ्गमशायर प्रहरी र अपराध आयुक्तको कार्यालयको सहयोगमा भएको मूल्याङ्कनले सो नीतिप्रति उच्च जनमत रहेको देखाएको थियो । मूल्याङ्कनले सर्वेक्षणमा सहभागी ८७ प्रतिशत भन्दा बढी मानिसहरूले नीति परिवर्तन राम्रो विचार हो भनी उल्लेख गरेको थियो ।[४३]

४० Nottinghamshire Police records misogyny as a hate crime, at: https://www.bbc.com/news/uk-england-nottinghamshire-36775398

४१ This was following extensive consultation with local stakeholders addressing domestic violence and the decision reflecting their views. Also see Nottinghamshire Police records misogyny as a hate crime, at: https://www.bbc.com/news/uk-england-nottinghamshire-36775398

४२ Personal observation by Nottinghamshire Police's then Chief constable Susannah Fish (2020)

४३ Overwhelming public support for Misogyny Hate Crime Policy (2018), University of Nottingham.

"द्वेष अपराधका सबै उजुरीहरुलाई हामी ज्यादै गम्भीरतापूर्वक लिन्छौं र सुरक्षा फौज र यसका साझेदाहरुले सन् २०१६ देखि यो प्रकृतिको द्वेष अपराधमाथि जोड दिएको कुराले घटनाका बारे उजुरी दर्ता गर्न महिलाहरुलाई आत्मविश्वास दिएको भन्ने कुरा सुन्न पाउँदा ज्यादै खुशी लाग्छ । हाम्रो उद्देश्य मानिसहरुलाई अपराधीकरण गर्नु वा अभियोजनहरु बढाउनु होइन, तर यो महिलाहरुलाई धम्काउने, अपमानित गर्ने वा लक्षित गर्ने व्यवहार पूर्ण रुपमा अस्वीकार्य हो भन्ने कुरा स्पष्ट पार्ने बारे हो ।

यद्यपि, उपयुक्त भएको अवस्थामा पक्कै पनि हामी अभियोजनको विकल्प रोज्नेछौं । प्रतिवेदनले देखाए जस्तै, बहुसंख्यक पुरुषहरु यस्तो व्यवहारबाट स्तब्ध भएका छन् र मानिसहरुलाई शिक्षित गर्ने र महिलाहरुलाई उनीहरुको लिङ्गकै कारण द्वेष अपराधको शिकार बन्नबाट रोक्न एउटा पीडितको धारणा प्रस्तुत गर्न पाउने धेरै राम्रो कुरा हो ।"

- Rachel Barber, Deputy Chief Constable of Nottinghamshire Police and the force's strategic lead for hate crime

जनताबाट नीतिप्रति सकारात्मक प्रतिक्रियाका बावजुद, नटिङ्घम वुमेन्स सेन्टर र नमूनामा संलग्न अन्य गैर-सरकारी साझेदारहरूले दुबै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सामाजिक अनलाइन मिडियामार्फत दुर्व्यवहारको सामना गर्नु परेको थियो, जसमा अस्वीकृति र महिला द्वेषको धम्कीपूर्ण अपमान रहेको थियो ।

नमूना कार्यक्रम सुरु भएदेखि बेलायतमा अन्य धेरै प्रहरी बलहरूले त्यस्तै नीतिहरू ल्याएका छन् । यद्यपि, नटिङ्घमशायर प्रहरीका प्रमुख कन्स्टेबलले नटिङ्घम वुमेन्स सेन्टरका सदस्यहरूलाई लक्षित गरिएको जस्तै अनलाईन दुर्व्यवहारको सामना गर्न सहयोग प्रदान गर्न उद्देश्यले भविष्यमा गरिने यस्ता कार्यहरूका लागि सुरुदेखि नै कार्यक्रममै अन्तर्निहित रणनीतिहरू समावेश गर्नुपर्छ भनी सुझाव दिएका छन् ।

महिला द्वेषी घृणामा आधारित अपराधसम्बन्धी नीति लागु गर्न थप सिफारिसहरू नटिङ्घमशायर प्रहरी र अपराध आयुक्तको कार्यालयको आर्थिक सहयोगमा कार्यान्वयन भएको नीतिको बाह्य मूल्याङ्कनमा[४४] पाउन सकिन्छ ।

प्रहरी प्रभावकारिता सुधार गर्न सिफारिसहरू

सिफारिसहरू प्रहरीका लागि भविष्यमा आयोजना हुने महिला द्वेष घृणामा आधारित अपराधसम्बन्धी तालिममाथि लक्षित छन्, जसमा उनीहरूमध्ये धेरैले सम्भावित प्रतिरोधलाई रोक्नका लागि सुरुदेखि नै अधिकृतहरूबाट समर्थन प्राप्त गर्न आन्तरिक रूपमा सो नीतिलाई कसरी राम्रोसँग सञ्चार गर्ने भन्ने कुरामा केन्द्रित थिए । त्यसमा देहाय समावेश छन् :

- पीडित/प्रभावित र बाह्य निकायहरूबाट सल्लाह र प्रतिक्रियाका साथ कार्यशालाको रूपमा प्रशिक्षण । प्रहरीसँगको मूल्याङ्कन सर्वेक्षणमा, प्रहरी अधिकारीहरूले घृणामा आधारित अपराध प्रशिक्षणप्रति (सामान्यतया) असन्तुष्टि व्यक्त गरे र प्रायले प्रशिक्षणको विषयवस्तु र ढाँचा दुवैको, विशेषगरी अनलाइन प्रशिक्षणको आलोचना गरे । **सहभागी प्रहरीले पीडित र बाहिरी निकायहरूको सल्लाह र प्रतिक्रियाका साथमा मानवीय योगदान पनि चाहेको बताए ।**[४५]

- नीतिमा समेटिएका व्यवहारहरू नयाँ होइनन् र धेरै हदसम्म फौजदारी अपराधहरूद्वारा समेटिएका छन् भनी व्याख्या गर्न आवश्यक छ । यो नीतिले वास्तवमा हाल उजुरी नगरिएका अपराध र घटनाहरूको अभिलेखन र प्रतिकार्यहरूलाई सुधार गर्ने लक्ष्य राखेको छ ;

- नीतिको एउटा उद्देश्य जनतालाई आश्वस्त पार्न, पीडित/प्रभाविततहरूलाई सहयोग गर्न र गुप्तचर कार्यमा सुधार गर्न केही घटनाहरूको अभिलेख गर्नु हो भनी स्पष्ट रूपमा व्याख्या गर्नुहोस् ;

- घृणामा आधारित अपराधको बारेमा सामान्य रूपमा पुनर्ताजगी कार्यक्रम हुनुपर्छ, र घृणा भन्दा त्यसमा आधारित अपराध फराकिलो छ भन्ने कुरामा जोड दिँदै प्रायः शक्तिको दवाब संलग्न हुने व्यक्तिगत विशेषताहरूमा आधारित पूवाग्रहपूर्ण रुपले लक्षित गर्ने कार्यका बारेमा केन्द्रित हुनुपर्छ ;

- घृणामा आधारित अपराधमा घटनाहरूको अभिलेखीकरण समावेश हुन्छ र महिला द्वेषी नीतिले यही ढाँचाको परिपालन गर्छ भन्ने भन्ने कुरामा जोड दिने । अधिकृतहरूबाट महिला द्वेषी नीति वास्तवमा घृणामा आधारित अपराधका बारेमा नभएकोमा धेरै जोड दिइएको थियो त्यसैले यी व्यवहारहरू किन महिलाहरूको अवहेलनाको सूचक हुन् र शत्रुताको अभिव्यक्तिहरू पनि समावेश हुन सक्छन् भन्ने कुरामा जोड दिनु महत्वपूर्ण छ ;

४४ Misogyny Hate Crime Evaluation Report for Nottingham Women's Centre Funded by the Office of Nottinghamshire Police and Crime Commissioner. Mullany, L. and Trickett, L. June 2018, at: http://www.nottinghamwomenscentre.com/wp-content/uploads/2018/07/Misogyny-Hate-Crime-Evaluation-Report-June-2018.pdf

४५ Training for Nottinghamshire Police followed best practice with in-person training and included the use of videos and women sharing testimony in person, so allowing for a debate and greater insight on matter of great complexity or sensitivity.

- बृहत समाजमा महिलाहरूका लागि नीतिको महत्व, त्यसले उनीहरूमा कसरी नकारात्मक प्रभाव पार्छ र उनीहरूको दैनिक स्वास्थ्य र कल्याणलगायतका आधारभूत अधिकारहरूलाई कसरी उल्लङ्घन गर्छ भन्ने कुरा बुझ्ने गरी प्रहरीहरूलाई तालिम दिइएको सुनिश्चित गर्नुहोस्, र यसलाई केवल प्रहरीको दृष्टिकोणले मात्र हेर्नु (कार्यभार आदिका लागि यसले के अर्थ राख्न भन्ने सन्दर्भमा) भएन ;

- विभिन्न समूहहरूका लागि विभिन्न अनुभवहरू हुने कुरामाथि जोड दिँदै नीतिलाई अन्तरसम्बद्ध रहेको बहु लिङ्गीय अनुभवको रूपमा व्याख्या गर्न र बुझ्न आवश्यक छ । यो विभिन्न प्रशिक्षण माध्यम (फिल्म, भिडियो, सामाजिक सञ्जाल आदि) मार्फत प्रदान गर्न सकिन्छ;;

- व्यक्तिगत 'धर्मयुद्ध' को आरोपहरूबाट टाढा रहनका लागि एकल व्यक्तिगत अनुभवहरूमा ध्यान केन्द्रित नगर्नुहोस् र त्यसको सट्टा महिला र किशोरीहरूको विभिन्न अन्तरसम्बद्ध समूहहरूको विविध अनुभवहरूमा ध्यान केन्द्रित गर्नुहोस् ;

"पीडितहरु र उजुरी नगर्नेहरुबाट प्राप्त प्रमाणहरुले अधिकारीहरुले महिला पीडितहरुलाई समानुभूतिपूर्ण र सहानुभूतिपूर्ण प्रतिकार्य दिनुपर्छ र उनीहरुलाई गम्भीरताका साथ लिन आवश्यक छ भन्ने कुरा देखाउँछ - अपराधीहरु पत्ता लगाउन नसकिने भए पनि यो महत्वपूर्ण छ, । जनतालाई गम्भीरताका साथ लिइनु मुख्य कुरा हो, र प्रायः दोषी ठहरिने दरहरु कम हुनेछन् भन्ने वास्तविकता उनीहरुलाई थाहा छ किनभने धेरैजसो घटनाहरु धेरै चाँडो घट्ने गर्छ र त्यसका विवरहरु प्राप्त गर्न थोरै समय उपलब्ध हुन्छ ।"

- Misogyny Hate Crime Evaluation Report funded by the Office of Nottinghamshire Police and Crime Commissioner (2018)

- समाजमा महिला र पुरुषहरूका लागि व्यापक रूपमा लैङ्गिक रुपमा पीडित बनाउने कार्य बारेमा व्यापक बहसलाई प्रोत्साहित गर्न आवश्यक छ, जसमा प्रहरीका कार्यहरू कसरी बृहत सामाजिक तस्विरको एउटा हिस्सा हो र त्यसमा हामी सबैको भूमिका छ भन्ने मुख्य सन्देश हो ।

NOTES AND SUGGESTED READING

1. Cassino, D. Why More American Men Feel Discriminated Against. Harvard Business Review. September 29, 2016, at: https://hbr.org/2016/09/why-more-american-men-feel-discriminated-against

2. The Honourable Wally T. Oppal., The Report of the Missing Women Commission of Inquiry VOLUME IIB Nobodies: How and Why We Failed the Missing and Murdered Women Part 3, 4 and 5 (2012). at: https://www2.gov.bc.ca/assets/gov/law-crime-and-justice/about-bc-justice-system/inquiries/forsaken-vol_2b.pdf

3. Global Study on Homicide (UNODC, 2019), at: https://www.unodc.org/documents/data-and-analysis/gsh/Booklet1.pdf

4. Global Study on Homicide: Gender-related killing of women and girls (UNODC, 2018) at: https://www.unodc.org/documents/data-and-analysis/GSH2018/GSH18_Gender-related_killing_of_women_and_girls.pdf

5. Backlash in Gender Equality and Women's and Girls' Rights. Women's Rights & Gender Equality. Policy Department for Citizens' Rights and Constitutional Affairs Directorate General for Internal Policies of the Union PE 604.955– June 2018, at: http://www.europarl.europa.eu/RegData/etudes/STUD/2018/604955/IPOL_STU(2018)604955_EN.pdf

6. Communication: Engagement and communication. UK College of Policing, at: https://www.app.college.police.uk/app-content/engagement-and-communication/communications/

7. Kehn, A, and Ruthig, J.C. Perceptions of Gender Discrimination across Six Decades: The Moderating Roles of Gender and Age. 16 June 2013 # Springer Science+Business Media New York 2013

8. United Nations Police Gender Toolkit,(UN Department of Peace Operations - DPO/ DPET/Integrated Training Service, 2015).

9. See United Nations Police Gender Toolkit Standardised Best Practices on Gender Mainstreaming in Peacekeeping Compendium of Project Tools (2015), at: http://repository.un.org/bitstream/handle/11176/387374/United%20Nations%20Police%20Gender%20Toolkit%20Compendium%20of%20Project%20Tools.pdf?sequence=55&isAllowed=y

10. International Protocol on the Documentation and Investigation of Sexual Violence in Conflict. Best Practice on the Documentation of Sexual Violence as a Crime or Violation of International Law 2nd Edition: Sara Ferro Ribeiro and Danaé van der Straten Ponthoz on behalf of the UK Foreign and Commonwealth Office, March 2017, at: https://assets.publishing.service.gov.uk/government/uploads/system/uploads/attachment_data/file/598335/International_Protocol_2017_2nd_Edition.pdf

11. Lee P. (1989), Community Policing: A Practical Guide for Police Officials (U.S. Department of Justice, Office of Justice Programs, Washington, DC 1989), at: https://www.ncjrs.gov/pdffiles1/nij/118001.pdf

12. Good Practices in Building Police-Public Partnerships by the Senior Police Adviser to the OSCE Secretary General (The Organization for Security and Co-operation in Europe, 2008), at: https://www.osce.org/secretariat/32547?download=true

13. What is rape and sexual assault? Metropolitan Police UK, at: https://www.met.police.uk/advice/advice-and-information/rsa/rape-and-sexual-assault/what-is-rape-and-sexual-assault/

14. 'When it comes to consent, there are no blurred lines' UN Women, November 18, 2019, at: https://www.unwomen.org/en/news/stories/2019/11/feature-consent-no-blurred-lines

15. 'Measuring police performance in domestic and family violence', Kiah Rollings and Natalie Taylor for *Trends and Issues in Crime and Criminal Justice* No. 367 December 2008, Australian Institute of Criminology, at: https://aic.gov.au/publications/tandi/tandi367

16. The Police Response to Domestic abuse: An Update Report, Her Majesty's Inspectorate of Constabulary and Fire & Rescue Services (HMICFRS). February 2019 https://www.justiceinspectorates.gov.uk/hmicfrs/wp-content/uploads/the-police-response-to-domestic-abuse-an-update-report.pdf

17. 'Nottinghamshire Police records misogyny as a hate crime' at: https://www.bbc.com/news/uk-england-nottinghamshire-36775398

18. Mullany, L. and Trickett, L. (June 2018): 'Misogyny Hate Crime Evaluation Report for Nottingham Women's Centre', funded by the Office of Nottinghamshire Police and Crime Commissioner, at: http://www.nottinghamwomenscentre.com/wp-content/uploads/2018/07/Misogyny-Hate-Crime-Evaluation-Report-June-2018.pdf

19. 'Six things we've learned about misogyny as a hate crime', Bates, L (2016), for *The Guardian*. https://www.theguardian.com/lifeandstyle/womens-blog/2016/sep/22/six-things-weve-learned-about-misogyny-as-a-hate

20. Overwhelming public support for Misogyny Hate Crime Policy (2018). University of Nottingham https://www.nottingham.ac.uk/news/pressreleases/2018/july/overwhelming-public-support-for-misogyny-hate-crime-policy.aspx

21. Hate Crime. The Crown Prosecution Service (CPS) United Kingdom, at: https://www.cps.gov.uk/hate-crime

22. Hate Crime, England and Wales, 2017/18 Statistical Bulletin 20/18 16 October 2018. Home Office Crime and Policing Statistics, at:. https://assets.publishing.service.gov.uk/government/uploads/system/uploads/attachment_data/file/748598/hate-crime-1718-hosb2018.pdf

23. What is hate crime? Metropolitan Police United , at: https://www.met.police.uk/advice/advice-and-information/hco/hate-crime/what-is-hate-crime/

24. 'Upskirting' now a specific crime as bill receives Royal Assent (Ministry of Justice, UK, 2019), at: https://www.gov.uk/government/news/upskirting-now-a-specific-crime-after-bill-receives-royal-assent

25. Handbook on Effective Police Responses to Violence against Women (UNODC, 2010) at: https://www.unodc.org/documents/justice-and-prison-reform/Handbook_on_Effective_police_responses_to_violence_against_women_English.pdf

26. Handbook on Effective Prosecution Responses to Violence against Women and Girls (UNODC, UN Women, 2014), at: https://www.unodc.org/documents/justice-and-prison-reform/14-02565_Ebook_new.pdf

27. Skinnider, Eileen. 'Towards Gender-Responsive Criminal Justice: Good Practices from Southeast Asia in responding to violence against women' (2018: Thailand Institute of Justice).

महिला तथा किशोरी विरूद्धका हिंसा प्रतिकार्यमा प्रभावकारी एवं जवाफदेही प्रहरीकार्यका लागि संस्थागत विकास

"प्रभावितहरूले पुन: विश्वास गर्न शुरु गर्ने र जटिल हुनसक्ने प्रक्रियाको हरेक चरणमा आफ्नो उजुरीलाई गम्भीरताकासाथ लिइएको महसुस गर्ने सुनिश्चित गर्ने पहिलो कदम भनेको प्रहरीबलमा अझै बढी महिला हुनु र उनीहरूलाई पर्याप्त तालिम दिनु हो । यसमा प्रगति हासिल गर्नका लागि हामीले अन्य संस्थाहरूमा जस्तै सुरक्षा, प्रहरी र न्यायिक संस्थाहरूमा विद्यमान संस्थागत र संरचनागत व्यावधानहरू, पितृसत्तात्मक प्रणाली र लैङ्गिकताबारे नकारात्मक रुढिवादी सोचसँग सफलतापूर्वक जुझ्नुपर्ने हुन्छ ।"

- फुम्जिल म्लाम्बो-न्कुका, संयुक्त राष्ट्रसंघका उप-महासचिव र युएन वुमनका कार्यकारी निर्देशकले महिला विरुद्धको हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवस (२०१९)मा दिएको वक्तव्यबाट

अध्यायका लक्ष्यहरू:

१. महिला तथा किशोरी विरुद्धका हिंसालाई अझ प्रभावकारी प्रतिकार्यको खोजीमा आफ्नो टोलीका लागि सक्षम वातावरण स्थापना गर्न खोज्ने प्रहरी नेतृत्वलाई मार्गदर्शन प्रदान गर्ने ।

२. थप व्यावसायिक र जवाफदेही प्रहरी सेवाका लागि बाह्य सरोकारवालाहरूसँगको सहकार्यमा संस्थागत छवि र सिकाइको संस्कृतिलाई सुदृढ गर्न प्रहरी नेतृत्वलाई मार्गदर्शन प्रदान गर्ने ।

परिचय

संयुक्त राष्ट्र संघको मापदण्ड अनुसार, प्रत्येक प्रहरी वा अन्य कानून कार्यान्वयन गराउने निकायले सेवा गर्ने समुदायको प्रतिनिधित्व गर्नुका साथै, उत्तरदायी र जवाफदेही हुनुपर्छ ।[१] यी एक वैध अत्यावश्यक न्याय सेवा प्रदायकको रूपमा बुझ्नुपर्ने यी महत्वपूर्ण तत्वहरू हुन् ।

फोटो सौजन्य: माइती नेपाल

विशेष गरी महिला तथा किशोरी विरुद्धका हिंसा र **लैङ्गिकतामा आधारित हिंसा**का अन्य स्वरूपमा प्रतिकार्य गर्दा, प्रहरी संगठनलाई विश्वसनीय र वैध निकायका रूपमा बुझ्न लैङ्गिक-उत्तरदायीताले अति महत्वपूर्ण भूमिका खेल्छ । यद्यपि, यसका लागि प्रहरी संगठनले पहिले महिला तथा किशोरी विरुद्धका हिंसाको "समस्याको स्वामित्व" लिनुपर्छ । यसको मतलब यी घटनामा प्रतिकार्य गर्नु[२] प्रहरीको मुख्य जिम्मेवारी हो ।

संक्षेपमा, महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी समस्याको स्वामित्व लिनु भनेको यी घटनाबाट सबैभन्दा बढी प्रभावित र चिन्तित हुनेहरूमध्ये प्रहरी पर्नु हो । सबैभन्दा महत्वपूर्ण कुरा, महिला तथा किशोरी विरुद्धका हिंसाको स्वामित्व ग्रहण गर्नुले पीडित/प्रभावितका लागि सकारात्मक परिणामहरू प्राप्त गर्ने समाधान सम्भव बनाउने रूपान्तरण ल्याउन प्रहरी संगठन प्रतिबद्ध छ भन्ने बुझाउँछ ।

अवस्था परिवर्तन गर्नका लागि, परिवर्तन नै किन आवश्यक छ भनेर वरिष्ठ प्रहरी नेतृत्वले आत्म-चिंतन गर्नु आवश्यक छ । उदाहरणका लागि, प्रहरी अधिकारीहरू महिला तथा किशोरी विरुद्धका हिंसाको व्यापकता कम गर्न लैङ्गिक-उत्तरदायी रसमाधानका कारक बन्नका लागि कुन सिकाइलाई समेट्नु आवश्यक छ र प्रहरी अधिकारीहरूलाई रूपान्तरण गर्न कस्ता सहयोगी वातावरण आवश्यक छन् ?

यस अध्यायले वरिष्ठ प्रहरी नेतृत्व र उनीहरूका मध्यम तहका व्यवस्थापकहरूलाई सहयोगी वातावरण स्थापना गर्न खोज्ने मार्गदर्शन प्रदान गर्ने लक्ष्य राख्नेछ ताकि जवाफदेही अधिकारीहरूले थप लैङ्गिक-उत्तरदायी, र अझै **प्रभावकारी** प्रहरी संगठनमा योगदान दिन सकून् ।

यस अध्यायले लैङ्गिक-संवेदनशील नीतिहरूमार्फत संस्थागत छवि र सिकाइका संस्कृतिलाई प्रवर्द्धन गर्न र लैङ्गिक-उत्तरदायी प्रहरीकार्यतर्फ रूपान्तरणलाई अगाडि बढाउन सक्षम हुन प्रहरीका मध्यम तहका व्यवस्थापकहरूको लागि महत्वपूर्ण दक्षताहरूको प्रवर्द्धन गर्ने प्रयास गर्नेछ । यसले **जवाफदेहिता**का उपायहरूले रूपान्तरणको माध्यमबाट मध्यम तहका व्यवस्थापकहरूलाई सहयोग पुऱ्याउन खेल्ने महत्वपूर्ण भूमिका र कसरी बाह्य

१ General Assembly resolution 34/169 of 17 December 1979.

२ यस हातेपुस्तिकाको प्रयोजनका लागि, महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यमा प्रहरीको रोकथामजन्य र प्रतिक्रियाका प्रयास दुवै पर्छन् ।

फोटो सौजन्य : एफ.डब्लु.एल.डि./ यूएन वुमन

सरोकारवालाहरूसँगको[३] पारदर्शी सम्बन्धले प्रक्रियामा लचिलोपन र वैधानिकता मात्र नथपेर, प्रहरी संगठनको व्यावसायिक विकास र आधुनिकीकरणलाई सुदृढ पनि पार्छ भन्ने महत्वपूर्ण भूमिकालाई प्रकाश पार्नेछ ।

मध्यम तहका व्यवस्थापकहरूको लागि सहयोगी वातावरण परिवर्तनकारी नीतिहरूको रूपमा आउन आवश्यक छ, जसमा लैङ्गिक भूमिका र मापदण्डहरूको आलोचनात्मक सचेतनालाई प्रोत्साहित गर्ने विविधता र समावेशी अभ्यासहरूलाई सहजीकरण गर्ने संरचनाहरू हुनुपर्दछ । यसमा महिला तथा पुरुष र समुदायमा महिला र अन्य बीचको अधिक समान शक्ति सम्बन्धलाई बढावा दिन हानिकारक लैङ्गिक मान्यताहरू परिवर्तन गर्ने तरिकाहरू लगायत पर्छन् ।

महिला तथा किशोरी विरुद्धका हिंसाप्रति थप प्रभावकारी र पूर्ण प्रतिकार्यका लागि प्रहरी नेतृत्वले विचार गर्नुपर्ने सहयोगी वातावरणसम्बन्धी मार्गदर्शनलाई देहायका खण्डहरूमा विभाजन गरिनेछ ।

१. महिला तथा किशोरी विरुद्धका हिंसाको साझा बुझाइ स्थापना गर्ने;

२. लैङ्गिक-उत्तरदायी प्रहरीकार्यलाई सक्षम पार्ने नीति र रणनीतिहरू;

३. रणनीतिक साझेदारी निर्माण;

४. प्रशिक्षण, शिक्षा र व्यावसायिक विकास;

५. मानव संसाधन;

६. लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रयोग;

७. प्रभावकारी लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको लागि अनुगमन र मूल्याङ्कन ।

अन्त्यमा, यो हातेपुस्तिका प्रयोगकर्तालाई जेनेभा सेन्टर फर सेक्युरिटी सेक्टर गभर्नेन्स (Geneva Centre for Security Sector Governance (DCAF)) द्वारा युरोपमा सुरक्षा र सहयोगका लागि संगठन (Organisation for Security and Cooperation in Europe (OSCE))/प्रजातान्त्रिक संस्था र मानव अधिकारका लागि कार्यालय (Office for Democratic Institutions and Human Rights (ODIHR)) र युएन वुमनसँगको साझेदारीमा तयार पारिएको संशोधित जेन्डर एण्ड सिक्युरिटी टुलकिटको औजार २ : प्रहरीकार्य र लैङ्गिकता (Gender and Security Toolkit Tool 2: Policing and Gender (2019)[४]) को हालैको मार्गदर्शनको साथमा यो अध्याय हेर्न सिफारिस गरिन्छ । DCAF का अनुसार, यो औजार वरिष्ठ प्रहरी, लैङ्गिक इकाईहरू र लैङ्गिक दृष्टिकोण एकीकृत गरेर प्रहरी प्रभावकारिता सुधार गर्न इच्छुक व्यक्तिहरूको लागि सान्दर्भिक परिचालन स्तरमा भन्दापनि नीतिमा लक्षित छ ।

महिला तथा किशोरी विरुद्धका हिंसाको साझा बुझाइ स्थापना गर्ने

समस्याबारे साझा बुझाईबाट सुरूवात

जतातै महिला तथा किशोरीलाई समान अधिकार र अवसर हुनुपर्छ र उनीहरूले हिंसा एवं भेदभावमुक्त जीवन बिताउन पाउनुपर्छ । लैङ्गिक समानताका लागि निजी तथा सार्वजनिक क्षेत्रहरूमा अझै पनि महिला अधिकारमा अवरोध बन्ने भेदभावका धेरै मूल कारणहरूलाई हटाउनका लागि, प्रहरीसहित सम्पूर्ण सरकारी कार्यहरू आवश्यक हुन्छ । लैङ्गिक असमानता भनेको विभेद हो ।

लैङ्गिक-उत्तरदायी प्रहरी तर्फको रूपान्तरणको लागि प्रहरी नेतृत्वले **संगठनभरी हिंसाको प्रकृति, यसका कारण र परिणामहरूले कसरी महिला तथा किशोरीलाई फरक र असमान रूपमा प्रभाव पार्छ भन्नेबारे सुसूचित**[५] **बुझाइ** स्थापित गर्न आवश्यक पर्दछ ।[६] यो बुझाइबारे जब सबैभन्दा प्रभावित

३ सरोकारवाला भन्नाले ती सबै सरकारी र नागरिक समाजका संस्था र निकायहरू हुन् जसले सरकार र नागरिक समाजका सबै तहहरूमा महिला तथा किशोरस्हरू विरुद्ध हुने हिंसाको प्रतिकार्यमा भूमिका खेल्छन् । मुख्य सरोकारवालाहरूमा पीडित/प्रभावित र उनका प्रतिनिधि, सामाजिक सेवा, स्वास्थ्य सेवा क्षेत्र, कानुनी सहायता प्रदायकहरू, प्रहरी, अभियोजकहरू, न्यायाधीशहरू, बाल संरक्षण निकायहरू, र शिक्षा क्षेत्र लगायत अन्य समावेश हुन्छन् ।

४ Toolkit Tool 2: Policing and Gender in *Gender and Security Toolkit* (Geneva: DCAF, OSCE/ODIHR, UN Women, 2019).

५ यस हातेपुस्तिकाको प्रयोजनका लागि, सुसूचितको अर्थ त्यो परिवेशअनुसार सान्दर्भिक र प्रहरी विज्ञ तथा अत्यावश्यक सेवा प्रदायक र/वा नागरिक समाजका संस्था जस्ता बाह्य सरोकारवालाले उपलब्ध गराउने संख्यात्मक र गुणात्मक तथ्याङ्क समावेश भएको नियमित रायसुझाव समेटिएको हुन्छ ।

६ सशस्त्र द्वन्द्व वा मानवीय संकटका समयमा विशेष प्रावधान हुनुपर्छ ।

"लैङ्गिक दृष्टिकोण" भन्ने शब्द भनेको मानिसको अवसर, सामाजिक भूमिका र अन्तरक्रियामा लैङ्गिकताको प्रभावलाई हेर्ने वा विश्लेषण गर्ने तरिका हो । "

- युएन वुमन

र संकटासन्नलाई राम्रोसँग जानकारी गराइन्छ[७], त्यसले प्रहरी नेतृत्वलाई संस्थागत कमीकमजोरी पहिचान गर्न सक्षम बनाउँछ । त्यस्ता कमीकमजोरी सीमित कार्यक्षेत्र र दायरा भएका संकिर्ण नीति तथा रणनीतिहरूका कारण, र महिला तथा किशोरी विरुद्ध हानिकारक रूपमा विभेदकारी प्रहरी अभ्यास, आचरण र पूर्वाग्रह उत्पन्न गर्ने जवाफदेहिताका कमजोर उपायहरूका कारण पनि भएको हुनसक्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसाको प्रकृति र यसको कारण र परिणामहरू र यसले महिला तथा किशोरीलाई कसरी फरक र असमान रूपमा प्रभाव पार्छ भन्ने पृष्ठभूमिका लागि 'परिचय' र सामान्य संस्थागत अवरोधहरूका लागि अध्याय ११: 'लैङ्गिक-उत्तरदायी प्रहरी कार्यान्वयनका चुनौती र रणनीतिहरू' हेर्नुहोस् ।

यी संस्थागत कमीकमजोरी पहिचान गरेपछि, भेदभावपूर्ण अभ्यासहरू अन्त्य गर्ने र अन्ततः **लैङ्गिक-उत्तरदायी** प्रहरी संगठनमा रूपान्तरण गर्ने लक्ष्यका साथ कार्यकारी प्रहरी व्यवस्थापनद्वारा प्रहरीको निष्ठा र जवाफदेहितालाई सुदृढ गर्ने जस्ता नीति तथा रणनीतिहरू तयार गर्न सकिन्छ ।

लैङ्गिक-उत्तरदायी प्रहरी संगठन भनेको आफ्नो सिकाइ र व्यावसायिक विकासमा लैङ्गिक दृष्टिकोण लागू गर्ने लगायत, नीति र अभ्यासमा लैङ्गिक समानता र गैर-भेदभावका सिद्धान्तहरूलाई मूलप्रवाहीकरण गर्न प्रतिबद्ध रहेको संगठन हो ।

लैङ्गिक दृष्टिकोण लागू गर्नाले प्रहरीलाई पुरुष र महिलाको जीवनका भिन्नता र निर्णय प्रक्रिया र परिस्थितिहरूले उनीहरूलाई कसरी भिन्न रुपमा असर गर्छ भनेर राम्रोसँग मूल्याङ्कन गर्न सम्भव बनाउँछ । यस्तो विश्लेषणले अन्तरंग साथीबाट हुने हिंसा जस्ता महिला तथा किशोरी विरुद्धका हिंसाको इतिहास, सन्दर्भ, अर्थ, प्रभाव र परिणामहरूलाई विचार गर्दै राम्ररी बुझ्न सम्भव बनाउँछ । महिला तथा किशोरी विरुद्धका हिंसालाई लैङ्गिक सन्दर्भमा हेर्दा प्रहरीलाई यसको सन्दर्भ, प्रकृति, मात्रा र परिणामहरू बुझ्केर यसमा कसरी राम्रोसँग प्रतिकार्य गर्ने भनेर बुझ्न मद्दत मिल्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसाको प्रकृति, यसको कारण, नतिजा र असमान प्रभावको राम्रो जानकारीसहितको बुझाइले न्यायको निरन्तरतामा अन्य आवश्यक सेवाहरूसँग समन्वय गरी

बाकस १

महिला तथा किशोरी विरुद्धका हिंसाको समस्याको स्वामित्व : प्रहरी नेतृत्वले खेल्ने भूमिका

संगठनभित्रै स्थापित गर्नुपर्ने :	**प्रतिकार्यमा लाग्ने अधिकारीका लागि देहायका कुरामा सहयोगी वातावरण उपलब्ध गराउने :**	**देहायका कुरामा जवाफदेहिता सुनिश्चित गर्ने :**
हिंसाको प्रकृति, यसको कारण, नतिजा र यसले महिला तथा किशोरीहरूलाई कसरी असमानुपातिक र असमान रुपले प्रभाव पार्छ भन्नेबारे सूचित बुझाइ	समस्याबारे राम्रो बुझाइ, महिला तथा किशोरी विरुद्धका हिंसाको अस्वीकार्यताबारे सञ्चार र त्यसो भएमा त्यसविरुद्ध कदम चाल्ने प्रतिबद्धता दर्शाउन महिला अधिकार संस्था लगायतका सरोकारवालाहरूसँग अग्रसक्रिय रुपमा सहकार्य र समन्वय	महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्दा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता एक स्थापित अभ्यास हुनेछ
	अत्यावश्यक सेवा प्रदायकहरूसँगको समन्वयमा महिला तथा किशोरी विरुद्धका हिंसामा पीडकमा आधारित र पीडित केन्द्रित अवधारणामा प्रतिबद्ध हुने	
	महिला तथा किशोरी विरुद्धका हिंसा रोकथाम र अनुसन्धानका पहलहरूमा सूचित एवं विस्तृत रुपमा परामर्श भएका सिकाइहरू लागू गर्ने ताकि ती अधिकारमा आधारित, लैङ्गिक-संवेदनशील र आघात सूचित हुन्छन्	

पुनरावलोकन, सिकाइ, रुपान्तरण र आधुनिकीकरण

७ 'सुसूचितको अर्थ त्यो परिवेशअनुसार सान्दर्भिक र आन्तरिक तथा बाह्य सरोकारवालाले उपलब्ध गराउने संख्यात्मक र गुणात्मक तथ्याङ्क समावेश भएको नियमित रायसुझाव समेटिएको हुन्छ ।

काम गर्न र प्रक्रियामा बाह्य सरोकारवालाहरूसँग सही साझेदारी निर्माण गर्न सक्ने आधार पनि प्रदान गर्नेछ ।

बाकस १ ले महिला तथा किशोरी विरुद्धका हिंसाको समस्याको स्वामित्वमा प्रहरी नेतृत्वले खेल्ने भूमिकाको सरल तालिका प्रदान गर्दछ :

भविष्यका लागि सचेतना र शिक्षा अभिबृद्धि गर्दै

लैङ्गिक-उत्तरदायी प्रहरी संगठन तर्फको रूपान्तरणले महिला तथा किशोरी विरुद्धका हिंसाको रोकथाम संस्थागत प्राथमिकता हो र अनुसन्धानको रूपमा यस्ता घटनामा गरिने प्रतिकार्यले कथित पीडित/प्रभावितको हितलाई प्राथमिकता दिँदै पीडकलाई जवाफदेही बनाउने अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना गर्दछ भन्ने बुझिन्छ ।

यसबाहेक, महिला विरुद्धको हिंसाका उजुरी गरिएका अधिकांश घटनामा कारवाही हुँदैनन् भन्ने बलियो बुझाइका साथ गरिने प्रभावकारी र सामयिक प्रतिकार्यमा अधिकारीहरू र/वा टोलीहरूद्वारा अपनाइएका उपाय र कारबाहीहरूलाई लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले प्रवर्द्धन् गर्छ ।

कार्यकारी प्रहरी नेतृत्वद्वारा यी प्राथमिकताहरूलाई महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्ने दिशामा समाधानहरू ल्याउनको लागि सुरूवात बिन्दुको रूपमा र पछि सबै कमान्डिङ अफिसरहरूद्वारा सुदृढीकरण गर्नका लागि तयार र सञ्चार गर्न आवश्यक हुन्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसाका घटनामा लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको मूलभूत कुरा भनेको अनुसन्धानमा पीडित/प्रभावितको **अर्थपूर्ण सहभागिता**[८] सुनिश्चित गर्ने रणनीतिक प्रतिबद्धता हो, किनभने यसले अनुसन्धानको दिशालाई नै प्रभाव पार्छ । पीडित/प्रभावितको सुरक्षा र संरक्षणका लागि प्रहरी प्रतिबद्ध हुने र उनीहरूको अनुभवलाई गम्भीर रूपमा लिइने हुनाले, यसले थप हिंसाको रोकथामका लागि सन्देश प्रवाह गर्छ ।

राम्रोसँग सूचित प्रतिकार्य सुनिश्चित गर्न पीडित/प्रभावितको अर्थपूर्ण सहभागिताप्रति प्रहरी प्रतिबद्धता फौजदारी न्यायिक प्रक्रियाहरूमा जस्तै देवानी मुद्दाहरूमा पनि लागू हुनुपर्छ । पीडित/प्रभावितले देवानी अदालतमा मात्रै केही कानूनी सम्बोधन खोज्न सक्छन् । प्रहरीले अन्तरंग साथीबाट हुने हिंसा वा इन्टरनेटमा व्यक्तिगत तस्बिरहरूको थप प्रकाशन र वितरणलाई रोक्न बन्देज तथा रोकका आदेशहरू (Cease and Desist Orders) लागू गर्ने घटनाहरूमा सुरक्षा आदेशहरूमा प्रभावकारी र पर्याप्त रूपमा प्रतिक्रिया जनाउनु पर्छ ।

फोटो सौजन्य: माइती नेपाल

प्रहरी प्रायः उनीहरूले सेवा गर्ने समाजको प्रतिबिम्ब हुने हुनाले, प्रहरी संगठनकै सदस्य पनि महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावित र पीडकहरू हुन सक्छन् भन्ने कुरा पहिचान गर्न पीडित/प्रभावित व्यक्तिको अर्थपूर्ण सहभागिताप्रति प्रतिबद्धतामा आन्तरिक सन्देश पनि स्पष्ट हुनुपर्छ । अन्तर्राष्ट्रिय तथ्याङ्क अनुसार ३ मध्ये १ महिलाले[९] आफ्नो जीवनमा कुनै एक प्रकारको घरेलु/यौन हिंसाको अनुभव गर्छन्, यसको मतलब प्रहरी संगठनहरू आफैंभित्र पनि सम्भवतः लैङ्गिकतामा आधारित हिंसाका पीडिक र पीडित/प्रभावित दुवै छन् ।

प्रहरीले त्यस्ता कानूनहरू लागू गर्ने तरिकाले तिनको प्रभावकारितामा महत्वपूर्ण प्रभाव पार्छ भन्ने अनुसन्धान र अभ्यासले बताउँछ ।[१०] तसर्थ, अनुसन्धानमा पीडित/प्रभावितको

> "लैङ्गिक समानता प्राप्तीको प्रयास एक अन्तर्राष्ट्रिय दायित्व हुनुका साथै राष्ट्रिय विकासका लक्ष्यहरू हासिल गर्नका लागि पनि आवश्यक छन् ।"
>
> - Tool 2: Policing and Gender (2019) in Gender and Security Toolkit

८ 'अर्थपूर्ण सहभागिता' भन्नाले हस्तक्षेपहरूको डिजाइन, कार्यान्वयन र अनुगमन लगायतका व्यक्तिलाई प्रत्यक्ष प्रभाव पार्ने निर्णयहरूमा भाग लिनका लागि हकदार हुनुपर्छ भन्ने हो । यसले विभिन्न प्रकारका रूप लिन सक्छ, जसमा पीडित/प्रभावितलाई सन्तुलित, वस्तुगत जानकारीद्वारा सूचित गर्ने ताकि उनीहरूले आफ्नो कल्याणलाई असर गर्ने मुख्य निर्णयहरूमा निकट नियन्त्रण कायम राख्छन्, साथै विकल्पको विकास र समाधानको पहिचानमा उनीहरूसँग परामर्श गरेर निर्णय लिने प्रक्रियाबारे प्रतिक्रिया प्राप्त गर्न सकिन्छ ।

९ A staggering one-in-three women, experience physical, sexual abuse. UN News 24 November 2019. https://news.un.org/en/story/2019/11/1052041

१० Essential services package for women and girls subject to violence: Core Elements and Quality Guidelines (UN Joint Global Programme on Essential Services for Women and Girls Subject to Violence, 2015).

अर्थपूर्ण सहभागितालाई सबै प्रहरी अधिकारीहरूद्वारा महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रभावकारी रूपमा प्रतिकार्य गर्नका लागि साधन र साध्य दुवैको रूपमा विचार गरिनु पर्दछ। महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितलाई संलग्न गराउन **अधिकारमा-आधारित दृष्टिकोण** र यसको '**हानि नगरौं' सिद्धान्त**को प्रयोग गर्नु नै अनुसन्धानमा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने सबैभन्दा निश्चित तरिका हो।

अनुसन्धानमा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिताका लागि अधिकारमा आधारित दृष्टिकोणप्रतिको प्रतिबद्धतालाई महत्व दिँदै, त्यसलाई महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रतिकार्य गर्ने समाधानहरूमा चेतना र शिक्षा बढाउनको लागि अभिन्न अंग बनाउन आवश्यक छ। अग्रपंक्तिका अधिकारीहरूलाई अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना गर्न, र अनुसन्धानमा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न, साथै अनौपचारिक मेलमिलाप प्रक्रियामा संलग्नता जस्ता गलत अध्यासको जोखिम कम गर्न वरिष्ठ र कार्यकारी प्रहरी नेतृत्वको यस्तो स्पष्ट सन्देश मध्यम तहका व्यवस्थापकहरूका लागि महत्वपूर्ण हुनेछ।

चित्र १

रुपान्तरणको प्रक्रिया



महिला तथा किशोरी विरुद्धका हिंसा अनुसन्धानमा पीडित/प्रभावितहरूको सार्थक सहभागिताको सकारात्मक प्रभावलाई ध्यानमा राख्दै, विशेषगरी प्रतिकार्य गर्ने अधिकारीहरूद्वारा नीति र मापदण्डहरूको पालना नहुँदा प्रहरी संगठनहरूले यसको गुणस्तर नियन्त्रण गर्न प्रतिबद्ध रहनु महत्वपूर्ण हुन्छ। महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रतिक्रिया दिनको लागि समीक्षा, मूल्याङ्कन र अनुगमन प्रयासहरूको रूपमा संस्थागत सिकाइका लागि प्रहरी नेतृत्वको प्रतिबद्धता संस्थागत जवाफदेहिताको एक रूप हो, जसले त्रुटि वा गलत व्यवहारको जोखिमलाई कम गर्न र प्रयोग गरिएका विधि, दृष्टिकोण र रणनीतिहरूलाई सुधार गर्न मद्दत गर्नेछ।

संस्थागत आत्म-समीक्षा र विशेषगरी प्रहरी कारबाहीबाट सबैभन्दा बढी प्रभावित भएकाहरूबाट सिकाइ लिन इच्छाशक्ति बिना लैङ्गिक-उत्तरदायी आधुनिक प्रहरी संगठनतर्फको रूपान्तरण हासिल गर्न सकिँदैन, (चित्र १ हेर्नुहोस्)।

एक आधुनिक प्रहरी संगठनले विभिन्न समुदाय र समूहहरू, विशेषगरी ठूलो जोखिममा रहेका समूहहरूबाट बाह्य रायसुझावका साथै आन्तरिक कार्यसम्पादन समीक्षाहरूलाई प्रोत्साहित गर्न विभिन्न स्तरमा आफ्नो प्रहरी नेतृत्वमा भरोसा गर्न सक्नुपर्छ।

> सरोकारवाला भन्नाले ती सबै सरकारी र नागरिक समाजका संस्था र निकायहरु हुन् जसले सरकार र नागरिक समाजका सबै तहहरुमा महिला तथा किशोरस्हरु विरुद्ध हुने हिंसाको प्रतिकार्यमा भूमिका खेल्छन् । मुख्य सरोकारवालाहरुमा पीडित/प्रभावित र उनका प्रतिनिधि, सामाजिक सेवा, स्वास्थ्य सेवा क्षेत्र, कानुनी सहायता प्रदायकहरु, प्रहरी, अभियोजकहरु, न्यायाधीशहरु, बाल संरक्षण निकायहरु, र शिक्षा क्षेत्र लगायत अन्य समावेश हुन्छन् ।

यो हुनका लागि, विशेषगरी बाह्य र सक्षम सरोकारवालाहरूद्वारा समर्थन र सहयोग प्राप्त आन्तरिक कार्यसम्पादन समीक्षाहरू मार्फत प्राप्त हुने सिकाइले कसरी प्रहरीलाई फाइदा पुऱ्याउँछ भन्नेबारे वरिष्ठ र कार्यकारी नेतृत्वले चेतना जगाउन आवश्यक छ। यसमा महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्नका लागि दक्षता भएका विभिन्न सरोकारवालाहरूसँग साझेदारी निर्माण र कायम राख्ने महत्वलाई जोड दिनु पर्छ। वरिष्ठ र कार्यकारी नेतृत्वले मध्यम तहका व्यवस्थापकहरूका लागि साझेदारी निर्माणमा प्रशिक्षण वा व्यावसायिक विकासमा लगानीलाई महत्व दिँदै त्यसको उपलब्धताबारे सोच्नुपर्छ।

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको सन्दर्भमा, सक्षम सरोकारवालाहरूबाट प्राप्त रायसुझावका सिकाइलाई प्रोत्साहन गर्न प्रहरी नेतृत्वसँग धेरै विकल्पहरू हुन्छन्। ब्रिटिश कोलम्बिया, क्यानडाको पब्लिक प्रान्तीय सरकारको सार्वजनिक सुरक्षा मन्त्रालय रं न्यायधिवक्ता (Ministry of Public Safety & Solicitor General Provincial Government) ले प्रयोग गर्ने प्रहरीकार्यसम्बन्धी मानक प्रणाली जस्ता प्रहरीकार्यसम्बन्धी मानक इकाईद्वारा सञ्चालित आन्तरिक आवधिक समीक्षाहरूका साथ प्रहरी मानकहरू स्थापना गर्ने विकल्पहरू लगायत पर्छन्।[११]

११ प्रहरी ऐन १९९६ले प्रान्तीय सरकारलाई प्रहरीका लागि बाध्यकारी मापदण्ड बनाउने र ती मापदण्डको परिपालनाको मूल्याङ्कन गर्ने अनुमति दिन्छ। See Provincial Policing Standards. Provincial Government of British Columbia at: https://www2.gov.bc.ca/gov/content/justice/criminal-justice/policing-in-bc/policing-standards

उदाहरणका लागी, २०२० मा ब्रिटिश कोलम्बियाको प्रान्तीय सरकारले *निष्पक्ष प्रहरीकार्य*को प्रवर्द्धनका लागी, स्थानीय नागरिक समाजका संस्थाले ऐतिहासिक रूपमा आदिवासी व्यक्ति र जातीय अल्पसंख्यकहरूलाई असमान तरिकाले लक्षित गरिने गरिएको भनिने प्रहरीको पक्षपातपूर्ण सडक जाँचको जोखिम कम गर्न प्रहरी मानक मापदण्ड पेश गर्यो ।[१२]

अन्य विकल्पहरूमा प्रतिकार्यमा लाग्ने अधिकारीहरूद्वारा प्रयोग गरिने योजनाबद्ध अन्तर्वार्ता विधिहरू, अन्तरंग साथीबाट हुने हिंसाको जोखिम मूल्याङ्कन विधिहरूको अवलम्बन र/वा प्रभावकारिता, र आघात-सूचित हस्तक्षेपका रणनीतिहरू जस्ता धेरै परिचालनसम्बन्धी अभ्यासहरूको मानकीकरणको आवधिक समीक्षा लगायत पर्न सक्छन् ।

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यतर्फ रूपान्तरण गर्नको लागि चेतना र सिकाइ बढाउँदा पनि त्यसले समाजभित्र सकारात्मक पुरुषत्वलाई सुदृढ गर्ने लक्ष्य लिएको हुनुपर्छ, जसले गर्दा प्रहरीलाई आत्मविश्वासी र सुरक्षित एवं विविधताको सम्मान गर्नसक्ने रोल मोडेलको रूपमा पुरुष र केटाहरूले हेर्न सकून् । हेरचाह, करुणा र सम्मान जन्मजात स्त्री-गुण होईनन्, बरु सबै मानिसमा प्रोत्साहित गरिनुपर्ने बहुमूल्य गुणहरू हुन् भन्ने कुरामा जोड दिएर सकारात्मक पुरुषत्वलाई वर्णन गर्न सकिन्छ ।सकारात्मक पुरुषत्वको प्रवर्द्धन गर्नु भनेको पुरुषहरूको आन्तरिक रूपमा आक्रामक, बलियो वा प्रभावशाली विचारहरूको नक्कल गर्नु होइन भन्ने पनि उत्तिकै महत्वपूर्ण छ । महिला तथा किशोरी विरुद्धका हिंसा कम गर्ने समाधानमा सकारात्मक पुरुषत्वले ठूलो भूमिका खेल्छ ।

यस सम्बन्धमा, युएनपोलले पुरुष अधिकारीहरूलाई संलग्न गराउन केही असल अभ्यासहरू उपलब्ध गराउँछ :[१३]

- पुरुष र महिला दुवैलाई लैङ्गिक समानता र परिवार मैत्री नीतिका फाइदाबारे प्रकाश पार्ने;
- प्रहरी अधिकारीहरूको निष्पक्षताको भावनालाई आह्वान गर्ने;
- प्रहरी अधिकारीहरूलाई महिला प्रहरी अनुशिक्षकहरू उपलब्ध गराउने;
- लैङ्गिक समानतामा उत्कृष्टता हासिल गर्ने कमाण्ड अफिसरहरूको प्रवर्द्धन;
- पुरुष-मात्र र पुरुष-महिला प्रहरी समूहहरू मार्फत अधिकारीहरूलाई छलफलमा आमन्त्रित गर्ने;
- अन्य अधिकारीहरूका लागि रोल मोडेल हुनसक्ने लैङ्गिक समानतामा उत्कृष्टता हासिल गर्ने अधिकारी पत्ता लगाउने (बाकस २ हेर्नुहोस्);
- संवेदनशीलता र चेतना अभिबृद्धि गर्ने सम्मेलन आयोजना गर्ने ।

प्रतिकार्यमा लाग्ने अधिकारीहरूबाट लैङ्गिक-उत्तरदायी व्यवहारहरू प्रदर्शन हुने निश्चित गर्न वरिष्ठ प्रहरी नेतृत्वले आफ्ना मध्यम तहका व्यवस्थापकहरूले निम्न संस्थागत बुझाइमा भरोसा गर्न सक्छन् भनेर सुनिश्चित गर्नुपर्छ :

- हिंसाको प्रकृति, कारण र परिणामहरूले महिला तथा किशोरीलाई कसरी फरक र असमान प्रभाव पार्छ;
- महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यमा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अधिकारमा-आधारित अवधारणा लागू गर्नुको महत्व;
- 'हानि नगरौं' को अवधारणा लागू गर्नुको महत्व।
- महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यका लागि प्रहरीमा आश्वस्त हुन र विश्वास निर्माण गर्न समुदायहरूसँग सञ्चार गर्नु एक प्राथमिकता हो;
- लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले सबै कर्मचारीहरूलाई न्यूनतम स्तरको तालिम सुनिश्चित गर्दै, संगठनभरी पीडित/प्रभावित-केन्द्रित आचरणलाई प्रवर्द्धन गर्न प्रहरी नेतृत्वको भूमिका आवश्यक हुन्छ;
- लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि आत्म-समीक्षा र सिकाइको निरन्तरता, पारदर्शी र व्यापक परामर्श आवश्यक छ;
- प्रहरीलाई अन्तर्राष्ट्रिय मापदण्ड र मानकहरूको पालनाले वैध र विश्वसनीय अत्यावश्यक सेवा प्रदायकको रूपमा स्थापित गर्छ ।

बाह्य सचेतना अभिवृद्धि

लैङ्गिक-उत्तरदायी संगठनका रुपमा रूपान्तरण हुन चाहने प्रहरीले पारदर्शी र समावेशी बाह्य संलग्नता प्रक्रियामा पनि प्रतिबद्ध हुनुपर्छ । स्थानीयबासीको विविधतापूर्ण समुदायहरूका लागि प्रवाह गरिने बाह्य सन्देशहरू संगठनभित्रको आन्तरिक सन्देशहरू जत्तिकै महत्वपूर्ण हुन्छन् । प्रहरी नेतृत्वले मौखिक, विद्युतीय वा श्रव्यदृश्य जुनसुकै रूपमा सञ्चार गरेपनि, भर्ती अभियानलगायतका सबै आधिकारिक सञ्चारमा, प्रहरीको

---

१२ Foreword BCPPS 6.2 Police Stops. Provincial Policing Standards. Provincial Government of British Columbia at:https://www2.gov.bc.ca/assets/gov/law-crime-and-justice/criminal-justice/police/standards/6-2-foreword-police-stops.pdf

१३ UN Police *Gender Toolkit*, (UN Department of Peace Operations - DPO/DPET/Integrated Training Service, 2015).

बाकस २

HeForShe का लागि प्रहरी

युएन वुमनद्वारा विकास गरिएको, HeForShe एकता आन्दोलनले एक प्रणालीगत अवधारणा र लक्षित प्लेटफर्म प्रदान गर्दछ, जसमा पुरुष तथा किशोरहरू संलग्न हुन सक्छन् र लैङ्गिक समानताको उपलब्धिका लागि परिवर्तनका वाहक बन्न सक्छन् ।

HeForShe पुरुष र सबै लिङ्गका मानिसहरूलाई लैङ्गिक समानताको लागि साहसी, दृश्यात्मक र एकताबद्ध शक्ति सिर्जना गर्न महिलाहरूसँग ऐक्यबद्धतामा उभिनका लागि एक निमन्त्रणा हो । यो आन्दोलनले लैङ्गिक समानता जस्ता मानवअधिकारका मुद्दामा पुरुषहरू मूकदर्शक हुनुहुँदैन भन्ने कुरालाई प्रवर्द्धन गर्छ । यसका सदस्यहरूले आफ्नो समुदाय वा क्षेत्रमा अर्थपूर्ण परिवर्तन ल्याउनका लागि पहलहरू गर्छन् ।

सदस्यहरूमा IMPACT च्याम्पियनहरू पनि समावेश छन् जसमा लैङ्गिक समानता प्रवर्द्धन एवं हासिल गर्न तीन साहसी, परिवर्तनकारी प्रतिबद्धताहरू लागू गरेर लैङ्गिक समानतालाई संस्थागत प्राथमिकतामा राख्न सफल, विभिन्न देशमा वरिष्ठ नेतृत्व पदमा रहेका पुरुषहरू पर्छन् । तिनीहरूमा संयुक्त राष्ट्रसंघका प्रहरी सल्लाहकार लुइस कारिल्हो (फोटो हेर्नुहोस्) जस्ता वरिष्ठ प्रहरी नेतृत्वकर्ता लगायत छन् ।

HeForShe अधिवक्ताका रूपमा, कारिल्होले संयुक्त राष्ट्रसंघको सामूहिक प्रयासको एक भागको रूपमा, उच्च गुणस्तरको प्रहरी र न्याय प्रतिक्रिया हिंसाको अनुभव गरेका सबै महिला तथा किशोरीका लागि र विशेषगरी सबैभन्दा सीमान्तकृतका लागि उपलब्ध र पहुँचयुक्त भएको सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघका निकायहरू बीच लैङ्गिक-उत्तरदायी प्रहरीकार्यमा सहकार्य बढाउन प्रतिबद्ध छन् ।

"प्रहरी शान्ति सेनामा बढी महिला हुनु भनेको शान्ति स्थापना बढी प्रभावकारी हुनु हो । संयुक्त राष्ट्रसंघको झण्डामुनि सेवा गर्ने ११,००० प्रहरी कर्मचारीहरूका तर्फबाट, म HeForShe अधिवक्ता हुन पाउँदा गर्व गर्छु,"...."यस महान सम्मानको साथमा हामीले सेवा गर्ने देशहरूमा त्यहाँका जनताको जीवनमा अहिले र भविष्यका लागि अझ बढी सकारात्मक प्रभाव पार्न राष्ट्रसंघको विश्वसनीयता बढाउने हाम्रो प्रतिबद्धतालाई बलियो बनाउने ठूलो जिम्मेवारी आएको छ ।"

युष्ठ प्रहरी सल्लाहकार लुइस कारिल्हो

स्रोत : प्रेस विज्ञप्ती : संयुक्त राष्ट्रसंघका प्रहरी सल्लाहकार लुइस कारिल्हो लैङ्गिक समानताका लागि ज्भँयचक्जभ अधिवक्ताका रूपमा युएन वुमनद्वारा घोषणा । HeForShe

प्रतिनिधित्वले महिला तथा किशोरी विरुद्धका हिंसाको समस्याको स्वामित्व लिन प्रहरीले चालेका परिवर्तनकारी दृष्टिकोण र कदमहरू प्रतिबिम्बित गर्नुपर्छ ।

रूपान्तरण प्रक्रियाबारे प्रहरी नेतृत्वबाट गरिने बाहिरी सञ्चारले पारदर्शिताप्रतिको प्रतिबद्धता देखाउन आवश्यक हुन्छ । इन्टरनेटमा महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रतिकार्यका लागि प्रहरी नीति, रणनीति, दृष्टिकोण र विधिहरूको आन्तरिक समीक्षाहरू अपलोड गर्ने अभ्यास यसमा पर्न सक्छ । त्यस्ता समीक्षाहरूले निस्सन्देह क्षमतामा भएका कमीकमजोरीबारे जानकारी दिन्छ, तर साथसाथै तिनले सिक्ने र अगाडि बढ्ने बाटो पनि विस्तार गर्नुपर्छ । यसले रूपान्तरणप्रति प्रहरीको प्रतिबद्धताको कथित वैधानिकतालाई सुदृढ पारेर महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावित र उनीहरूको समुदायबाट सहयोग उपलब्ध गराउन प्रेरित गर्नेछ ।

सामान्यतया, प्रहरी संगठनको आन्तरिक वा बाहिरी सबै सचेतना अभिवृद्धिका गतिविधिले महिला तथा किशोरी विरुद्धका हिंसा, यसका कारण, परिणाम र यसले महिला तथा किशोरीलाई कसरी फरक र असमान रूपमा प्रभाव पार्छ भन्ने कुराको समाधानका रूपमा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्नुपर्छ । यसको अर्थ, कुनै भेदभावविना सबै समुदायका आवश्यकता र हितहरू आधुनिक प्रहरीकार्यको मूल भाग हो भन्ने सन्देशलाई प्रहरी नेतृत्वले निरन्तर रूपमा सुदृढ गर्नु आवश्यक हुन्छ भन्ने जनाउँछ ।

फोटो सौजन्य : एफ.डब्लु.एल.डि.र यूएन वुमन

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यसँग सुसंगत बाह्य संचारबारे थप जानकारीका लागी अध्याय ८ : 'सञ्चार' हेर्नुहोस् ।

महिला तथा किशोरी विरुद्धको हिंसाको समस्या बुझ्नु र "स्वामित्व" लिनु भनेको तपाईं र तपाईंको टोलीले सबैभन्दा प्रभावित व्यक्तिहरुको आवश्यकतालाई चिन्ने र प्रतिक्रिया दिने हो । यसरी, तपाईं समाधानको हिस्सा बन्न र राम्रोको लागि परिवर्तन गर्न प्रतिबद्ध हुनुहुन्छ ।

लैङ्गिक-उत्तरदायी प्रहरीकार्य सक्षम पार्ने नीति तथा रणनीतिहरु

मध्यम तहका व्यवस्थापकहरूले लैङ्गिक-उत्तरदायी प्रहरीकार्यतर्फको रूपान्तरण प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्छन्, तर उनीहरूलाई महिला तथा किशोरी विरुद्धका हिंसाको समस्याको स्वामित्व लिनका लागि सही र सकयोगी वातावरण प्रदान गर्ने काम वरिष्ठ र कार्यकारी प्रहरी नेतृत्वको हुन्छ । यो कुरा सिद्धान्तमा आधारित, पर्याप्त स्रोतहरूसहित व्यक्तिलाई जवाफदेही बनाउने संयन्त्रहरूका रुपमा संस्थागत नीति र रणनीतिहरूमार्फत आउनुपर्छ ।

मानकमा आधारित नीतिहरू स्थापना गरेपछि, तिनलाई सबै अधिकारीहरूले सिद्धान्तको रूपमा सम्मान गर्नुपर्छ र स्पष्ट प्रोटोकल वा मानक कार्यसञ्चालन विधि (SOP) पनि ती सँगसँगै लागू हुनुपर्छ । लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि नीतिहरू हुनु अपवाद होइन ।

युएनपोलका अनुसार, महिला तथा किशोरी विरुद्धका हिंसामा नीति र मानक कार्यसञ्चालन विधि महत्वपूर्ण हुन्छ, किनकि यी मार्गदर्शक दस्तावेजहरूले प्रहरी संगठनका लागि अत्यावश्यक मानिएका सवालहरूलाई समेटेर संस्थागत मापदण्डलाई सहयोग गर्दै यी सवालहरूबारे व्यक्तिगत बुझाइ, रुढिवादी सोच र धारणाहरू हटाउँदछ । यसबाहेक, तिनले संलग्न अधिकारी र उनीहरूका पर्यवेक्षकहरूका लागि जवाफदेहिता प्रदान गर्छन् ।[१४]

"नीति र ानक कार्यसञ्चालन विधिहरु (क्इए) केवल सजावटका लागि मात्र होइनन् र तिनलाई स्थापित गरिएका उद्देश्यमा तिनले काम गर्नुका साथै हासिल पनि गर्नुपर्छ । त्यस्ता नीतिहरुको कार्यान्वयन, सञ्चालन र प्रवाहमा प्रहरीका मध्यम स्तरका व्यवस्थापक/नेतृत्वकर्ताहरुको मुख्य भूमिका रहन्छ ।"

- Gerry Campbell MBE FCMI AFHEA - Detective Chief Superintendent (Retired), Scotland Yard

सूचित कार्यविधिहरू, प्रहरीकार्यका मापदण्डहरू वा मानक कार्यसञ्चालन विधि स्थापनामा गरिएका लगानीले प्रतिकार्यमा लाग्ने अधिकारीहरूलाई आफ्नो जिम्मेवारी बुझ्न र अनुसन्धानमा अन्तरसम्बद्धता र अधिकारमा-आधारित अवधारणा लागू गर्न आवश्यक चरणहरू प्रदान गर्नुका साथै, यी चरणहरूबारेको ज्ञानमा कुनै अन्तर नभएको सुनिश्चित गर्न सम्भव बनाउँछ ।

महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्दा अन्य निकायसँग साझेदारीमा काम गर्नका लागि प्रहरी कार्यविधिमा असल अभ्यासहरूका लागि अध्याय ५ : 'अनुसन्धान'को अनुसूची २ र अध्याय १२ : 'न्यायको निरन्तरता' हेर्नुहोस् ।

नयाँ नीति र त्यसपछिका कार्यविधि वा मानक कार्यसञ्चालन विधिहरू प्रस्तुत गर्नका लागि सबै श्रेणीका विभिन्न अधिकारीहरूसम्म पुग्न अनुकूलित सन्देशहरू आवश्यक पर्दछ । मूल्यमान्यतामा-आधारित त्यस्ता नीति र सम्बन्धित आचार संहिताहरूको बुझाइ सुनिश्चित गर्न प्रहरी नेतृत्वले प्रशिक्षणमा मात्र भर पर्नु हुँदैन । प्रमाणले संकेत गरेअनुसार, विशेष रूपमा मनोवृत्तिमा परिवर्तनलाई लक्षित गर्ने वास्तविक प्रशिक्षणको

१४ UNPOL *Gender Toolkit* Standardised Best Practices on Gender Mainstreaming in Peacekeeping Compendium of Project Tools (2015).

सट्टा रोल मोडेलहरू र/वा मार्गदर्शकका भूमिकामा रहेका व्यक्तिहरूले सहकर्मी र मातहतका कर्मचारीको व्यवहारमा ठूलो प्रभाव पार्छन् ।[१५]

उदाहरणका लागि, प्रहरी संगठनभित्र यौन तथा लैङ्गिक भेदभावसम्बन्धी दुर्व्यवहारप्रति शून्य सहनशीलताको संस्थागत संस्कृति विकास गर्दा, यस्तो व्यवहार देखेको वा उजुरी गरेको खण्डमा निरन्तर रूपमा प्रहरी नेतृत्वले त्यसलाई निषेधित गर्न आवश्यक हुन्छ । उनीहरूले आन्तरिक नियन्त्रण र निरीक्षण निकायहरूलाई छिटो र पारदर्शी रूपमा सक्रिय गर्न र त्यस्ता साक्षी र/वा उजुरीकर्ताहरूका लागि सुरक्षित र गोप्य सहयोगी वातावरण सुनिश्चित गर्न आवश्यक छ । प्रहरी नेतृत्वद्वारा प्रदर्शन गरिएको यस्तो व्यवहारले मध्यम तहका व्यवस्थापकहरूलाई महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रभावकारी रूपमा प्रतिक्रिया दिनको लागि आवश्यक दक्षताहरूको विकास, सशक्तिकरण र पुरस्कृत गर्न आवश्यक पर्ने महत्वपूर्ण वैधानिकता प्रदान गर्दछ ।



ह्युमन राइट्स वाचले कार्यस्थलमा हुने यौन दुर्व्यवहार र हिंसाका अन्य प्रकारहरू विरुद्ध आन्तरिक सुरक्षाका लागि सहयोगी मार्गदर्शन पनि उपलब्ध गराएको छ । उनीहरूको दस्तावेज, "कार्यस्थलमा सुरक्षा र मर्यादा: २०१९को हिंसा र उत्पीडनसम्बन्धी आइएलओ महासन्धिका लागि एक मार्गदर्शन, नम्बर १९० (*Safety and Dignity at Work: A Guide to the 2019 ILO Violence and Harassment Convention, No. 190*[१६])ले उजुरी संयन्त्र र अनुगमन लगायतमा स्पष्ट परिभाषा र कार्यहरू प्रदान गर्दछ, जुन प्रहरी जस्ता सार्वजनिक संस्थाहरूले यस्ता हिंसा रोक्ने र प्रतिकार्य गर्ने आफ्ना प्रयासहरूको अंशको रूपमा लिन सक्छन् ।[१७]

> "जब अधिकारीहरुले यी मापदण्डहरु कायम राख्छन् र पार गर्छन् उनीहरुलाई पुरस्कृत गर्नुपर्छ । जब उनीहरु पालना गर्दैनन्, उनीहरुलाई जवाफदेही बनाइनु पर्दछ र, उपयुक्त भएमा, दण्डित गरिनुपर्छ । अधिकारी र कर्मचारीहरुलाई जावफदेही बनाउने सशक्त नेतृत्वबर्ताहरुले मात्र जनताले पाउनुपर्ने प्रगति ल्याउन सक्छ ।"
>
> - Practitioner's Toolkit on Women's Access to Justice Programming (UN Women et al. ,2018)

सामान्यतया, मूल्यमान्यतामा आधारित नीतिहरूले तलका कुराहरू स्थापना, प्रतिबद्ध र/वा सुदृढ गर्नुपर्छ :[१८]

कार्यविधि/क्रमाचारहरू

- अन्तरंग साथीबाट हुने हिंसा र महिला तथा किशोरी विरुद्धका हिंसाको अन्य स्वरूपका आफैं पीडित/प्रभावित वा पीडक भएका कर्मचारी सदस्यहरूका लागि संस्थागत नीतिहरू प्रतिबिम्बित गर्ने मानक कार्यसञ्चालन विधि र आचार संहिताहरू । त्यस्ता उपायहरूले कर्मचारीहरूलाई सहयोग गर्ने, मापदण्डहरू तय गर्ने र संगठनलाई जवाफदेही बनाउन मद्दत गर्ने हुनाले, समस्याको स्वामित्व लिन र महिला तथा किशोरी विरुद्धका हिंसालाई गम्भीरताका साथ लिनका लागि यी महत्वपूर्ण हुन्छन् :

- अनुपालनका लागि अन्तर्निहित आवधिक मूल्याङ्कन ढाँचाका साथ बाध्यकारी प्रहरी मापदण्डहरू,[१९]

- कार्यविधि/ मानक कार्यसञ्चालन विधिहरू समावेशी छन् भनी सुनिश्चित गर्न विशेषीकृत संस्थाहरू (जस्तै अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई प्रतिनिधित्व गर्ने संस्थाहरू)बाट रायसुझावका साथ लगातार लागू हुने अनुगमन प्रणाली ;

- विस्तृत कार्यविधि र निर्देशिकाहरू, जसले लैङ्गिक हिंसाका घटनाहरू व्यवस्थापन गर्न र अनुसन्धान गर्न एकरूप र समान लिङ्गको-संवेदनशील अवधारणालाई प्रवर्द्धन गर्छ । यसमा प्रहरी अधिकारीहरूले पीडित/प्रभावितलाई न्याय प्रक्रिया, उनको

---

१५ See Jenni Cross, '3 Myths of Behaviour Change and Other Challenges for Sustainability' (2014), Center for Energy and Behavior Institute for the Built Environment, Colorado State University and; Bohent, I, 'What Works: Gender Equality by Design' (Harvard University Press, 2016). See also the section 'Psychological and Sociological Theories in Flanagan', A.E., and Tanner, J.C., 'A Framework for Evaluating Behavior Change in International Development Operations', Independent Evaluation Group Working Paper 2016/No.2 (World Bank, 2018).

१६ On June 21, 2019, members of the International Labour Organization (ILO) - Governments, trade unions, and employers' associations - voted overwhelmingly to adopt the ILO Convention on Violence and Harassment in the World of Work (Violence and Harassment Convention, No. 190).

१७ 'Safety and Dignity at Work: A Guide to the 2019 ILO Violence and Harassment Convention, No. 190' (Human Rights Watch, 2020), at: https://www.hrw.org/sites/default/files/media_2020/06/ILO_advocacy_brochure_0620.pdf

१८ 'The Trial of Rape. Understanding the Criminal Justice System Response to Sexual Violence in Thailand and Viet Nam' (UN Women, UNDP and UNODC, 2017).

१९ उदाहरणका लागि, लण्डन शहरको मेट्रोपोलिटन पुलिस डिस्ट्रक्टमा कानून कार्यान्वयन गराउन जिम्मेवार क्षेत्रीय प्रहरीबल, मेट्रोपोलिटन पुलिस सर्विसले अधिकारी/कर्मचारीमा घरेलु हिंसा, जबरजस्ती करणी वा अन्य गम्भीर यौनजन्य कसूरको शंका लागेमा अनिवार्य कदमका लागि अनलाइन चेकलिष्ट उपलब्ध गराउँछ : https://www.met.police.uk/SysSiteAssets/foi-media/metropolitan-police/disclosure_2019/january_2019/information-rights-unit---reports-of-domestic-abuseviolence-received-by-the-mpss-directorate-of-professional-standard-from-april-2015-to-april-2018

अधिकार र उपलब्ध सेवाहरूबारे व्याख्या गर्न आवश्यक पर्ने निर्देशनहरू समावेश गर्नुपर्छ।[२०] सम्भव भएसम्म, ती कार्यविधिले महिलाहरूले कुन लिङ्को प्रहरी अधिकारीसमक्ष उजुरी गर्ने/काम गर्ने भनेर छनोट गर्न पाउने हुनुपर्छ भन्ने कुरामा जोड दिनुपर्छ।

- अभियोजन पक्ष र सेवा प्रदायकहरू लगायत अन्य निकायहरूसँग रणनीतिक स्तरको संयुक्त कार्य सम्झौताहरू, उदाहरणका लागि, सामाजिक, स्वास्थ्य, शिक्षा आदि

व्यावसायिक प्रोत्साहन

- महिला तथा किशोरी विरुद्धका हिंसाको सामान्य व्याप्ततामा कमी ल्याउन सामूहिक प्रयासहरूद्वारा टोलीको सफलतालाई परिभाषित गरिनुपर्छ, जुन प्रहरीमा भएका उजुरीमा आएको प्रारम्भिक वृद्धिसँग जोडिएको हुन्छ। प्रहरी नेतृत्वले अभिलेख गरिएका महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी अपराधहरूलाई कम गर्ने लक्ष्य निर्धारण गर्नबाट जोगिनु पर्छ किनकि धेरै प्रहरी संगठनहरूले यो उल्लेखनीय रूपमा कम उजुरी गरिने क्षेत्र हो भनेर स्वीकारेका छन्;[२१]

सार्वजनिक सुरक्षाका महानिर्देशक अल्टिन काटो र अल्बेनियन स्टेट पुलिसका निर्देशक हकी साको, #HeForShe.

फोटो सौजन्य : युएन वुमन अल्बेनिया/बेन्सिक बाका

- महिला तथा किशोरी विरुद्धका हिंसाको अनुसन्धानमा लैङ्गिक-संवेदनशील दक्षताको कमाण्ड प्रदर्शन गर्ने प्रहरी अधिकारीहरूको व्यावसायिक मान्यताका लागि प्रोत्साहन दिइनुपर्छ। करियर विकासको लागि त्यस्ता प्रोत्साहन र अवसरहरू सिर्जना गर्नाले, अनुसन्धानमा पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता लगायत महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्नमा महिला र पुरुष दुवै प्रहरी अधिकारीहरूको प्रतिवद्धतालाई बढाउँछ। त्यस्ता प्रोत्साहनले लैङ्गिक समानता र महिला तथा किशोरी विरुद्धका हिंसालाई प्राथमिकताका रूपमा प्रतिकार्य गर्न पनि सम्भव बनाउनेछ;

- *HeForShe* अभियान जस्ता लैङ्गिक/सामाजिक मानदण्डहरू र रुढीवादि सोचलाई सम्बोधन गर्ने सार्वजनिक अभियानहरूमा मध्यमदेखि वरिष्ठ श्रेणीका अधिकारीहरू सक्रिय रूपमा सहभागी हुने। २०२० मा, बेलायती प्रहरी बलले *HeForShe* राष्ट्रिय अभियानको एक भागको रूपमा आफ्नो पहिलो *"युके प्रहरीकार्यमा लैङ्गिक समानताबारे पहिलो वार्षिक प्रतिवेदनमा"* (*Gender Equality in UK Policing First Annual Report*) प्रकाशित गर्न सहयोग गरे। उक्त प्रतिवेदनले लैङ्गिक असमानतालाई प्रहरीको प्रमुख सवालका रूपमा सम्बोधन गर्न प्रतिबद्ध हुँदा, सबैभन्दा वरिष्ठ पुरुष अधिकारीहरूले लिएका निर्णायक भूमिकाहरू सहित आफ्नो सम्बन्धित प्रहरी संगठनहरू भित्र लैङ्गिक समानता प्रवर्द्धन गर्न सबै बेलायती प्रहरी बलहरूले गरेको महत्वपूर्ण प्रतिबद्धता र प्रगतिलाई प्रकाश पार्दछ।[२२]

- विशेषगरी महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रचावितलाई सहयोग गर्ने परोपकारी संस्थाहरू जस्ता अन्य निकाय, समुदाय साथै सार्वजनिक र/वा निजी संस्थासँग पहल/साझेदारी विकास गर्न प्रहरी चौकी स्तरमा मध्यम तहका व्यवस्थापकहरूका लागि प्रोत्साहन;

- अग्रपंक्तिमा खटिनेहरूले स्थानीय समुदायद्वारा प्रहरीप्रति विश्वास र भरोसा निर्माण गर्न खेल्ने महत्वपूर्ण भूमिका बुझ्ने उनीहरूको हैसियत बढाउनुहोस्।

फ्रेड चिगा, युएनएमआइएसएस प्रहरी कमिसनरले HeForShe अभियानमा आबद्ध भए। फोटो सौजन्य : युएनएमआइएसएस (सुडान)

२० 'Police as an Entry Point to End Violence Against Women and Girls. Lessons from Civil Society Organizations Funded by the UN Trust Fund to End Violence Against Women. UN Trust Fund to End Violence against Women, New York, 2019.

२१ घरेलु हिंसाका अपराधको रेकर्ड गरिने संख्या घटाउने लक्ष्य तय गर्नबाट पछि हटेकोबारे युके प्रहरी संगठनका अनुभवका लागि 'Everyone's business: Improving the police response to domestic abuse', (Her Majesty's Inspectorate of Constabulary, 2014) हेर्नुहोस्।

२२ Gender Equality in UK Policing First Annual Report (2020). Sussex Police Corporate Communications 2019 in support of HeForShe UN Women Solidarity Movement for Gender Equality, see: https://www.sussex.police.uk/SysSiteAssets/media/downloads/sussex/about-us/governance-and-processes/equality-and-diversity/heforshe-annual-report-2019.pdf

विशेषज्ञ इकाईहरू

- बहु-विधात्मक पेशाकर्मी भएका विशेष इकाईहरू जसमा विधिविज्ञान विशेषज्ञ, स्वास्थ्य सेवाकर्मी, सामाजिक कार्यकर्ता, सल्लाहकार, इत्यादि समावेश भएका हुन्छन् । भारत र तान्जानिया जस्ता केही देशहरूमा, विशेषज्ञ प्रहरी इकाईहरूको नेतृत्व महिलाहरूले गर्छन् र ती इकाईमा १००% महिला हुन सक्छन् । उनीहरूको कामको एक भाग भनेको घटनाहरूको उजुरीका लागि समुदायसँग विश्वास निर्माण गर्न मद्दत गर्नु हो । उदाहरणका लागि, भारतको हैदरावादमा स्थापित 'She Teams' ले महिला तथा किशोरी विरुद्धका हिंसाको अन्य स्वरूपहरू लगायत छेडछाड/जिस्काउने र उत्पीडन/दुर्व्यवहारलाई सम्बोधन गर्छन् ।

- कोरियामा सनफ्लावर केन्द्रहरू (बाकस ३), बंगलादेशमा पीडित सहायता केन्द्रहरू वा बुल्गेरियामा यौन आक्रमण प्रेषण केन्द्र जस्ता 'वन स्टप सेन्टर/एकद्वार केन्द्रहरू' मा विशेषज्ञद्वारा प्रशिक्षित प्रतिकार्यमा लाग्ने अधिकारीहरू सामेल हुने (अध्याय ७ : 'सहयोग र सहायता' का घटना अध्ययनहरू हेर्नुहोस्) ।[२३]

- लैङ्गिक-संवेदनशील प्रक्रियाहरू सुनिश्चित गर्नका लागि प्रहरी चौकीहरूमा विशेष सुरक्षा इकाईहरू र लैङ्गिक डेस्कहरूले पुनःपीडित र हेयभावबाट बच्न मद्दत गर्छन् ;

- अनलाइन, एसएमएस, हेल्पलाइनहरू जस्ता सजिलो र अधिक गोप्य विभिन्न प्रवेश बिन्दुहरूबाट उजुरी व्यवस्थापन गर्न दिनको २४ घण्टा, वर्षको ३६५ दिन समर्पित टोलीहरू ।

बाकस ३

कोरियाको एकद्वार सनफ्लावर सेन्टर

सनफ्लावर सेन्टरहरू पहिलो पटक २००४मा स्थापना भएका थिए । सन् २०१९ सम्म देशभर ३९ सनफ्लावर सेन्टरहरू रहेका छन् । यी सनफ्लावर सेन्टर लैङ्गिक हिंसा पीडित/प्रभावितका लागि एकै स्थानमा चिकित्सा, परामर्श, अनुसन्धान, र कानुनी सहायता प्रदान गर्ने अस्पताल-आधारित एकीकृत सेवा केन्द्रहरू हुन् ।

सनफ्लावर सेन्टरहरूले लैङ्गिक समानता र परिवार मन्त्रालय, स्थानीय सरकारहरू, प्रहरी र अस्पतालहरू बीच औपचारिक साझेदारीमार्फत एकीकृत सेवाहरू प्रदान गर्दछ ।

प्रहरीको सहयोगका सन्दर्भमा, लैङ्गिक हिंसा र पीडित/प्रभावितका अन्तर्वार्ता विधिबारे विशेष तालिम लिएकी महिला प्रहरी अधिकारीलाई केन्द्रमा २४सै घण्टा र हप्ताको ७ दिननै उपलब्ध गराइन्छ र तैनाथ गरिन्छ ।

पीडित/प्रभावितले सुरक्षित महसुस गर्ने वातावरणमा अन्तर्वार्ता लिनु लगायतका भूमिका प्रहरी अधिकारीको हुन्छ । अन्तर्वार्ताको नतिजा (अर्थात प्रमाणित बयान), मेडिकल टोलीद्वारा सङ्कलन गरिएका विधिविज्ञानका प्रमाणहरूसँगै थप अनुसन्धानका लागि प्रहरी चौकीमा पठाइन्छ । यी केन्द्रहरूले बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष सहयोग पनि प्रदान गर्छन् । यी केन्द्रले १९ वर्ष भन्दा कम उमेरका पीडित/प्रभावितका लागि भिडियो रेकर्डिङ अनिवार्य बनाएका छन् । यसले पीडित/प्रभावितलाई बारम्बार बयान दिनबाट बचाउँछ ।

कोरियामा सनफ्लावर सेन्टरहरूको अनुभवबाट मुख्य सिकाइहरू यसप्रकार छन् :

- सम्बन्धित सरोकारवालाहरूबीच समन्वय र औपचारिक सहमति राजनीतिक प्रक्रिया हुन् र यसका लागि समय लाग्छ । उच्चस्तरीय राजनीतिक सहयोगको परिचालन महत्वपूर्ण हुन्छ; सुरुदेखि नै विभिन्न सरोकारवाला र निर्णयकर्ताहरूको संलग्नता सुझाव गरिन्छ;

- विद्यमान सहयोगी संयन्त्रहरूसँगको समन्वय : एकीकृत सेवा केन्द्रको डिजाइनमा गैरसरकारी संस्थाहरूको संलग्नता महत्वपूर्ण रहेको थियो ।

[२३] For more examples of One-Stop Centres, see South Africa (Thuthuzela Care Centres) and of Women's police station (Delegacias Especiais de Atendimento à Mulher – DEAM) in Brazil, in *Progress of the World's Women 2011–2012: Families in a Changing World* (UN Women, 2011).

निगरानी समितिहरू

- पीडित/प्रभावित केन्द्रित सेवाहरू प्रदान गर्नमा वरिष्ठ र कार्यकारी नेतृत्व प्रतिबद्धता आवश्यक हुन्छ। उदाहरणका लागि, महिला तथा किशोरी विरुद्धका हिंसासहित लैङ्गिक हिंसालाई सम्बोधन गर्ने स्थानीय स्तरका समितिहरूमा भाग लिन उच्च पदका अधिकारीहरूलाई प्रतिबद्ध गराउने।[२४]

पहुँच विस्तार

- प्रहरी र समुदायहरू बीच रणनीतिक स्तरको सञ्चार हुने गरेको र संगठनको सबै तहहरूमा संलग्नता भएको सुनिश्चित गर्नुहोस्।
- विभिन्न भूमिकाका प्रहरी प्रतिक्रियाको क्रममा राखिने अपेक्षाहरूबारे सबै कर्मचारीलाई स्पष्ट निर्देशन दिने
- महिला तथा किशोरी विरुद्धका हिंसाबारे आम जनतामा हुन सक्ने कुनै पनि मिथ्या र गलत धारणालाई हटाउने उद्देश्यका साथ समुदायहरूका लागि जानकारीमूलक पुस्तिकाहरू।

लैङ्गिक समानताका उद्देश्यलाई प्रवर्द्धन गर्ने स्पष्ट परिभाषित मानकमा आधारित नीतिहरूले लोकतान्त्रिक प्रहरी र अधिकारीहरूको भर्ती, तैनाथी, सरुवा, तालिम र कल्याणमा उत्कृष्ट अभ्यासलाई प्रतिबिम्बित गर्छ। त्यस्ता कार्यहरू कार्यान्वयन गर्नाले महिलाहरूले प्रहरी सेवाको रूपान्तरण र पुनर्संरचनामा समान रूपमा सहभागी हुन र लाभान्वित हुन सक्षम हुन्छन्।

लैङ्गिक-उत्तरदायी प्रहरीलाई प्रवर्द्धन गर्ने मूल्यमान्यतामा-आधारित थप नीतिगत उदाहरणका लागि, DCAF को जेन्डर एण्ड सिक्युरिटी टुलकिटमा 'Toolkit Tool 2: Policing and Gender' (2019) हेर्नुहोस्। साथै, मार्गदर्शनका लागि, कृपया "युएन वुमन लेजिस्लेसन ह्यान्डबुक" (२०१२) र *UNODC Blueprint for Action: an Implementation Plan for Criminal Justice Systems to Prevent and Respond to Violence against Women* हेर्नुहोस्। ('महिला विरुद्धको हिंसाका अपराध रोकथाम र फौजदारी न्यायको प्रतिक्रिया सुदृढीकरण' (२०१४) (*Strengthening Crime Prevention and Criminal Justice Responses to Violence against Women*) शीर्षकको प्रकाशनमा समावेश छ।

समावेशीकरण सम्भव बनाउने र विविधतालाई महत्व दिने नीतिहरू

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यमा, महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रभावकारी र पर्याप्त प्रतिकार्य गर्न प्रहरीको जवाफदेहितालाई सुदृढ पार्न प्रयासरत परिवर्तनकारी नीतिहरू चाहिन्छ। तर त्यसका साथै, ती नीति अन्तर्गतका कार्यहरूले महिला तथा किशोरीलाई असमान रूपमा प्रभाव पार्ने हिंसाका थप कार्यहरूलाई रोक्न विस्तृत रोकथामका रणनीतिमा योगदान पुऱ्याउने कुरा पनि सुनिश्चित गरिनुपर्छ। यस्ता नीतिहरूले निर्णय प्रक्रियामा समावेशी शक्ति बाँडफाँड र विविधता प्रवर्द्धन गर्नुका साथै संस्थाभित्र महिला सशक्तिकरणलाई सहयोग पुऱ्याउन प्रहरी संगठनभित्रको असमान लैङ्गिक सम्बन्धलाई रूपान्तरण गर्नुपर्छ।

सुरु गर्ने एउटा तरिका भनेको संगठनभित्र हानिकारक पूर्वाग्रह र विभेदकारी अभ्यासलाई बढावा दिइरहेका विद्यमान नीति र संरचनाहरूलाई प्रतिस्थापन वा परिमार्जन गरेर समावेशीता र विविधतालाई बढावा दिने र पुरस्कृत गर्ने नीति तथा संरचना बनाउनु हो। उदाहरणका लागि, कार्यस्थलमा हुने यौन दुर्व्यवहार, र शोषणविरुद्ध स्पष्ट रूपमा परिभाषित नीतिहरूले प्रहरी संगठनलाई महिला र पुरुष अधिकारीहरू दुवैका लागि समान अवसरको सिद्धान्तप्रति आफ्नो जिम्मेवारी पूरा गर्न सक्षम बनाउँछ।

जेनेभा सेन्टर फर सेक्युरिटी सेक्टर गभर्नेन्स (DCAF)ले आफ्नो जेन्डर टुलकिट (२०१९) मा, प्रहरीको संस्थागत संस्कृतिलाई समावेशीता, विविधता, सहिष्णुता र सम्मान तर्फ लैजानका लागि सबै कर्मचारीलाई महत्व दिइने एक व्यावसायिक वातावरण सिर्जना गर्ने नीति र सम्बन्धित निर्देशनहरू आवश्यक हुने उल्लेख गरेको छ।[२५] प्रहरीलाई लैङ्गिक उत्तरदायी हुनका लागि यस्ता संस्थागत नीतिका उदाहरणहरूका लागि DCAF को जेन्डर टुलकिटबाट प्रेरित सूची तल दिइएको छ :

- भेदभाव, धम्की र दुर्व्यवहारसम्बन्धी सशक्त 'शून्य सहनशीलता' नीतिहरू;
- दुर्व्यवहार र भेदभाव विरोधी नीतिहरूको बुझाइ सुनिश्चित गर्न सबै कर्मचारीका लागि अनिवार्य प्रशिक्षण;

२४ कन्गो जस्ता केही देशमा, सरकार, नागरिक समाजका संस्था, सामुदायिक नेता र विकास साझेदारहरूका मिश्रण रहेको लैङ्गिक हिंसा समितिहरू सरकारले गठन गरेका छन्, जसको कार्यादेश आपराधिक न्याय प्रणालीको सुधारका लागि अनुगमन र सिफारिस गर्नु हो।

२५ Toolkit Tool 2: Policing and Gender in *Gender and Security Toolkit* (Geneva: DCAF, OSCE/ODIHR, UN Women, 2019).

फोटो सौजन्य : दि हिमालयन टाइम्स दैनिक

- नीतिहरूका प्रति सबै प्रहरी चौकीमा उपलब्ध गराइनुपर्छ, प्रचारात्मक सामग्रीहरू पनि वितरण गरिनुपर्छ;
- सकारात्मक कार्यस्थलहरू सिर्जना गर्नमा केले राम्रो काम गरिरहेको छ र केले छैन भन्नेबारे उनीहरूका अनुभव प्रतिबिम्बित गर्न महिला तथा अल्पसंख्यक समूहहरूको प्रतिनिधित्व गर्ने प्रहरी संघ र नागरिक समाजका संस्थासँग इमान्दारितापूर्ण र खुला नियमित संलग्नता;
- प्रहरीबलभित्रको विविधताको महत्वबारे र भेदभाव, बहिष्करण, धम्की र दुर्व्यवहार वा यिनले प्रशय पाउने मनोवृत्तिलाई अस्वीकार गर्नेबारे प्रहरी नेतृत्वले सार्वजनिक रूपमा र निरन्तर बोलिरहने,
- परिचालित सबै प्रहरीका लागि संज्ञानात्मक सीप (cognitive skills) विकास र तनाव व्यवस्थापनका लागि रणनीतिहरू ।

विशेषगरी आफ्नो निष्ठाले महत्व पाएको महसुस गर्ने कर्मचारीहरूले अरूसँगको संलग्नताबाट थप सकारात्मक अनुभवहरू प्राप्त गर्ने सम्भावना हुन्छ । यस अवस्थामा, प्रहरी संगठनमा मूल्यवान महसुस गर्ने मध्यम तहका व्यवस्थापकहरूले गैर-भेदभाव र जवाफदेहिता लगायतका प्रहरी सिद्धान्त, मापदण्ड र मानकहरूको पालना गर्ने उच्च सम्भावना देखाउँछन् । यिनै व्यवस्थापकहरूले आफू उदाहरण बनेर नेतृत्व गर्दै आफ्ना टोलीभित्र परिवर्तनका वाहक बनेर अरुलाई प्रेरित गर्छन् ।

फोटो सौजन्य : Street Nepal

विगतमा महिला तथा किशोरी विरुद्धका हिंसातर्फ प्रहरी प्रयासहरूलाई कमजोर बनाएका हानिकारक रुढिवादी सोच र पूर्वाग्रहहरूलाई चुनौती दिन प्रहरी नेतृत्वले भूमिका खेल्न सक्छन् ।

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको लागि मूल्यमान्यतामा-आधारित नेतृत्व महत्वपूर्ण छ । यसका विपरित, प्रहरी नेतृत्वले उदाहरण बसाल्दैनन् वा लैङ्गिक-उत्तरदायी प्रहरीको लागि महत्वपूर्ण व्यावसायिकता, दक्षता, व्यवहार र मापदण्डहरू मान्दैनन् भने, सामान्यतया अपराध र हिंसामा प्रतिकार्यका लागि समावेशी र

विविधतापूर्ण टोलीको महत्व बुझेर प्रतिबद्धताका साथ परिचालित (मध्यम तहका) व्यवस्थापक वा टोली नेताहरूलाई त्यसले अलग्याउँछ ।

DCAF का अनुसार, अल्पसंख्यक बनाइएका समूहको कम प्रतिनिधित्व भएका संस्थाहरूमा, वा व्यवस्थापनमा वा विविध प्रकारका विशिष्टीकरणमा उनीहरूलाई कम प्रतिनिधित्व गरिएका संस्थाहरूमा भेदभाव र दुर्व्यवहारको सम्भावना बढी हुन्छ ।[२६] तसर्थ, सबै कर्मचारीको कदर हुने र अल्पसंख्यक समूहहरू विरुद्ध हानिकारक पूर्वाग्रहलाई सक्रियताका साथ निरन्तर रूपमा निरुत्साहित गरिने व्यावसायिक कार्यस्थलको वातावरण स्थापनामा लैङ्गिक-उत्तरदायी प्रहरी संगठनतर्फको दिगो रूपान्तरणलाई समायोजन गरिनुपर्छ ।

आफ्नो इमानदारी र मापदण्डको अनुपालनलाई मूल्यवान ठान्ने प्रहरी कर्मचारीहरूले आफ्नो स्वास्थ्य र कल्याणलाई वरिष्ठ कमाण्डद्वारा समान रूपमा विचार गरिएको महसुस गर्नुपर्छ । वर्षौंदेखि महिला तथा किशोरी विरुद्धका हिंसा मुद्दाहरू सम्हालिरहेका प्रहरी अधिकारीहरूमा अत्याधिक थकान पाइनुका साथै उनीहरूलाई प्रोत्साहन वा पदोन्नतिको अभाव उच्च छ ।

बाकस ४ ले मेक्सिकोको राष्ट्रिय सुरक्षा आयोग र युएनओडिसीद्वारा, सजिलै **अप्रत्यक्ष आघात** (**vicarious trauma**) निम्त्याउन सक्ने पेशा-सम्बन्धित तनावलाई सम्बोधन गर्नका लागि गरिएका प्रयासहरूको एक रोचक उदाहरण प्रदान गर्दछ ।

अप्रत्यक्ष आघातलाई यस्तो नकारात्मक प्रतिक्रियाको रूपमा वर्णन गर्न सकिन्छ, जुन अरू कसैको पीडादायी अनुभवहरूको बारेमा सुन्दा हुन सक्छ । आघातग्रस्त व्यक्तिको भावना, सम्झना र छविहरू सुनेर र बुझेर अत्यावश्यक सेवा प्रदायकहरूमा यस्ता प्रतिक्रियाहरू देदिन सक्छन्, जुन आघातपछिको तनावका लक्षणहरू (post-traumatic stress disorder ('PTSD')[२७]) जस्तै देखिन्छन् ।

प्रहरीका लागि अप्रत्यक्ष आघातको उच्च जोखिम वास्तवमा एक वास्तविकता हो जसलाई प्रहरी संगठनहरूमा थप ध्यान दिइनु आवश्यक छ । महिला तथा किशोरी विरुद्धका हिंसाका मुद्दामा भाग लिएपछि, प्रहरीले प्रायः अनुभव गर्ने गरेका तीव्र र चुनौतीपूर्ण भावनाहरूलाई पहिचान गर्न र व्यवस्थापन गर्न आत्म-चेतनामा आधारित दक्षताहरू विकास गर्नु सही दिशातर्फको एक कदम हो । तनाव व्यवस्थापन र अधिकारीहरूको कल्याणमा नीति र सम्बन्धित निर्देशनहरूले विशेष ध्यान दिएमा, पीडादायी अनुभवको सम्बन्धमा प्रहरी अधिकारीका समानुभूतिको भावनालाई सुदृढ बनाएर त्यस अधिकारीलाई महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई राम्रोसँग सहयोग गर्न बढी सक्षम बनाउँछ ।

बाकस ४

लैङ्गिकतामा आधारित हिंसा अन्त्यका लागि मेक्सिकोसँग युएनओडिसीको सहकार्य

२०१७ मा युएनओडीसीले मेक्सिकोसँग सहकार्य गरेर लैङ्गिक हिंसालाई सम्बोधन गर्नको लागि *'संकटासन्न समूहका लागि सुरक्षाको सुदृढीकरण'* नामक कार्यक्रम सुरु गऱ्यो ।

मेक्सिकोको युएनओडिसी कार्यालय र देशको राष्ट्रिय सुरक्षा आयोगद्वारा लागू गरिएको, यस कार्यक्रमले १९ संघीय राज्यहरूमा ८,००० प्रहरी अधिकारी र १,००० आपत्कालीन कल अपरेटरहरूलाई लैङ्गिक हिंसा पीडितहरूको पहिचान गर्ने र सहायता प्रदान गर्ने तालिम दिने लक्ष्य राखेको छ ।

युएनओडिसीले उच्च स्तरको हिंसामा परेका निजामती कर्मचारीहरूका लागि तनाव व्यवस्थापन र संज्ञानात्मक क्षमतासम्बन्धी एक पुस्तिका पनि विकसित गरेको छ । त्यसैगरी, अन्य जानकारीमूलक सामग्रीहरू जस्तै पुस्तिकाहरू, भिडियोहरू र पोस्टरहरूलाई सिकाइको राम्रो अनुभवका लागि प्रशिक्षण सामग्रीका रूपमा विकास गरिएको थियो ।

तालिमका साथसाथै, सूचनामूलक सामग्रीहरूले सहभागीहरूलाई मेक्सिकोमा लैङ्गिक हिंसा पहिचान गर्न र त्यसको सामना गर्न आवश्यक सीपहरू प्रयोग गर्न सक्षम बनाएको छ ।

स्रोत : UNODC joins forces with Mexico to eliminate gender-based violence. at: https://www.unodc.org/unodc/en/frontpage/2017/November/unodc-joins-forces-with-mexico-to-eliminate-gender-based-violence.html

२६ Toolkit Tool 2: Policing and Gender in Gender and Security Toolkit (Geneva: DCAF, OSCE/ODIHR, UN Women, 2019).

२७ See Chapter 12: 'Trauma and self-care in the Manual on Human Rights Monitoring' (OHCHR, 2011).

२०१९ मा, बाकस ४ मा वर्णन गरिएको मेक्सिकोमा '*संकटासन्न समूहका लागि सुरक्षाको सुदृढीकरण*' कार्यक्रमको स्वतन्त्र मूल्याङ्कनले प्रहरी सरोकारवालाहरूले संज्ञानात्मक सीप र तनाव व्यवस्थापनसम्बन्धी प्रशिक्षण सामग्रीलाई उनीहरूको प्रयोगका लागि धेरै सान्दर्भिक भएको देखाएको छ।[२८] अर्को शब्दमा भन्नुपर्दा, छलफल गरिएका मेक्सिकन प्रहरीहरूले महिला तथा किशोरी विरुद्धका हिंसा र अन्य लैङ्गिकतामा-आधारित अपराधहरूमा संज्ञानात्मक सीप र तनाव व्यवस्थापनलाई थप प्रभावकारी प्रहरी प्रतिकार्यका लागि अतिरिक्त फाइदाजनक कुराका रुपमा देखेका छन्।

जवाफदेहिताका उपायहरू बिना नीतिहरू परिवर्तनकारी हुँदैनन्

प्रहरीले सेवा र संरक्षण प्रदान गर्ने सर्वसाधारणको नजरमा प्रहरी संगठन भनेको आन्तरिक र बाह्य जाँच एवं सन्तुलनको प्रणाली समावेश भएको जवाफदेहीताको सिद्धान्तलाई पालना गर्ने निकाय हो, जसमा प्रहरीले उनीहरूबाट अपेक्षित कार्यहरू उच्च स्तरमा पूरा गर्ने सुनिश्चितताको उद्देश्य राख्दै, त्यसो गर्न असफल भएमा जिम्मेवार ठहरिन्छ।[२९]

यस सम्बन्धमा, प्रभावकारी जवाफदेहिताभित्र पर्ने कुराहरूलाई युएनओडिसीले[30] चार भागमा विभाजन गरेको छ :

१. के गर्ने र कसरी गर्ने भन्नेबारे प्रहरीलाई मार्गदर्शन (कार्य गर्नुअघि);

२. प्रहरीको पर्यवेक्षण र जवाफदेहिताको आवश्यकताबारे सचेतना (कार्यको अवधिमा);

३. प्रहरीका अनुचित कार्य र गर्नुपर्ने काम नगरिएकोमा कारबाही/सुधार (कार्य पछि);

४. प्रतिक्रिया र सिकेका पाठहरूमा विवेचना गर्ने अवसरहरू (कार्य पछि)।

यी जवाफदेही उपायहरू प्रहरीका आचरण र निष्ठाका ढाँचाहरूमा समान रूपमा लागू हुन्छन्। यसमा लैङ्गिक समानता प्रवर्द्धन गर्ने नीति र सम्बन्धित निर्देशनहरू पर्छन् र भेदभावपूर्ण प्रकृतिका अनुचित आचरणलाई यसले प्रतिबन्धित गर्दछ।

विशेषगरी, लैङ्गिक-उत्तरदायी प्रहरी तर्फको रूपान्तरणमा भेदभाव, उत्पीडन, धम्की वा दुर्व्यवहारपूर्ण कुनैपनि अनुशासनात्मक मामिलाहरूमा सबै प्रहरी कर्मचारीले निर्णायक रूपमा कार्य गर्न आवश्यक हुन्छ।[३१] मजाक, ठट्टा, अपमानजनक भाषा, रमाइलोका लागि भन्दै कष्टकर गतिविधि गराउने रीतिरिवाज वा अन्य सानातिना वा तुच्छ मानिने प्रथाहरूले भेदभाव र बहिष्कार सहने संस्कृति सिर्जना गर्न सक्छ भनेर DCAF ले चेतावनी दिन्छ।[३२]

आफ्ना प्रहरी संगठनहरूका लागि आन्तरिक जवाफदेहिता उपायबारे राज्यहरूलाई मार्गदर्शन गर्न अद्यावधिक गरिएको नमूना रणनीतिहरू (*Updated Model Strategies* (2010)[३३]) ले सिफारिसहरू प्रदान गर्दछ :

- महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यमा संलग्न प्रहरी अधिकारीहरू प्रत्यक्ष र अप्रत्यक्ष पूर्वाग्रहहरूबाट बच्न र सम्बोधन गर्न अभ्यास र व्यवहार र/वा आचार संहिताहरूको लागूयोग्य स्तरहरू विकास गर्नुहोस्;
- अभ्यास र व्यवहार एवं आचार संहिताको त्यस्ता मापदण्डहरूको कार्यान्वयनको अनुगमन;
- अभ्यास र व्यवहार एवं आचार संहिताहरूको कुनै पनि उल्लङ्घनका लागि, स्थापित निरीक्षण र जवाफदेहिता संयन्त्रमार्फत अधिकारीहरूलाई जवाफदेही बनाउनुहोस्।

यस सूचीमा समावेश गर्न सकिने अन्य उपयोगी उपायहरू हुन् :

- महिला तथा किशोरी विरुद्धका हिंसामा मेलमिलाप र अन्य पुनर्स्थापकीय न्यायिक अभ्यासहरू लागू गर्नका लागि अन्तर्राष्ट्रिय मापदण्डहरू र यस ह्यान्डबुकमा वर्णन गरिएको संयुक्त राष्ट्रसंघीय निकायका सिफारिसहरू अनुरूप स्पष्ट निर्देशिकाहरूको विकास र कार्यान्वयन ;
- आफ्नो टोली भित्र हानिकारक पूर्वाग्रह कसरी पत्ता लगाउने र सम्बोधन गर्ने भन्ने बारे सबै सुपरिवेक्षकहरूलाई प्रशिक्षण प्रदान गर्नुहोस्। प्रत्यक्ष र स्वैच्छिक पूर्वाग्रहका घटनामा कारवाही हुनुपर्छ, र अप्रत्यक्ष पूर्वाग्रहका घटना दोहोरिनबाट बच्न अधिकारीहरूसँग छलफल गरिनुपर्छ।[३४]

---

२८ Evaluación independiente de proyecto/evaluación en profundidad de: 'Fortalecimiento para la Seguridad de Grupos en situación de vulnerabilidad' CÓDIGO: MEXZ93-2018-005 México, abril 2019.

२९ Handbook on Police Accountability, Oversight and Integrity (UNODC, 2011), see: https://www.unodc.org/documents/justice-and-prison-reform/crimeprevention/PoliceAccountability_Oversight_and_Integrity_10-57991_Ebook.pdf

३० Ibid.

३१ Ibid.

३२ Toolkit Tool 2: *Policing and Gender* (2019) in Gender and Security Toolkit. Geneva: DCAF, OSCE/ODIHR, UN Women.

३३ Updated Model Strategies and Practical Measures on the Elimination of Violence against Women in the Field of Crime Prevention and Criminal Justice (2011, General Assembly resolution 65/228, annex)

३४ Global Network of Women Peacebuilders https://gnwp.org/

यी उपायहरूले लैङ्गिक-उत्तरदायी प्रहरी, र सामान्यतया प्रहरी आधुनिकीकरणको लागि आवश्यक प्रहरी निष्ठालाई सुदृढ गर्छन् ।

प्रहरीका लागि जवाफदेही उपायहरू बारे थप जानकारीको लागि, यो ह्यान्डबुकले DCAF द्वारा OSCE र लोकतान्त्रिक संस्थाहरू र मानव अधिकारको कार्यालय (Office for Democratic Institutions and Human Rights (ODHIR)सँगको साझेदारीमा तयार पारिएका देहायका औजारहरू सिफारिस गर्दछ :

- आन्तरिक प्रहरी निरीक्षणमा लैङ्गिक एकीकरण (२०१४);[३५]
- सशस्त्र बलहरू भित्र आन्तरिक निरीक्षणमा लैङ्गिक दृष्टिकोणको एकीकरण (२०१४)[३६]

भ्रष्टाचार र लैंगिक-उत्तरदायी प्रहरीकार्यमा यसको प्रभाव

प्रहरी निष्ठाका लागि आचार संहितालाई बढावा दिने उपायहरू जस्तै, लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि गुणस्तर नियन्त्रण उपायहरू पनि भ्रष्टाचारको जोखिममा हुन्छन् । ग्लोबल नेटवर्क अफ वुमन पिसबिल्डर्स (GNWP) का अनुसार, भ्रष्टाचारले महिलाका मानव अधिकार लगायत मानव अधिकारमा पारेका नकारात्मक प्रभाव राम्रोसँग अभिलेखित छन् । भ्रष्टाचार एक सुरक्षासम्बन्धी चिन्ताको विषय पनि हो, किनकि यसले द्वन्द्व सुरु गर्न सक्छ र विशेषगरी महिला तथा किशोरी लगायत सामाजिक भेदभावका कारण संकटासन्न मानिने समूहका लागि विद्यमान असुरक्षाहरू बढाउन सक्छ ।[३७]

महत्वपूर्ण रूपमा, भ्रष्टाचारले प्रहरी अनुसन्धान लगायतका निर्णय प्रक्रियामा, महिला तथा किशोरीको अर्थपूर्ण रूपमा सहभागी हुने क्षमतालाई प्रतिबन्धित गर्छ । विशेषगरी यदि पीडक एक प्रभावशाली सार्वजनिक व्यक्तित्व, प्रहरी अधिकारी, वा सुरक्षा बलका सदस्य भएमा, यसले बाधाको रूपमा काम गरेर पीडित/प्रभावितलाई महिला तथा किशोरी विरुद्धका हिंसा अपराधहरू उजुरी गर्नबाट रोक्छ । भ्रष्टाचारले साक्षीहरूलाई आफ्ना विवरण पर्दाफास हुने र उनीहरू र/वा उनीहरूका परिवार भ्रष्ट अधिकारीहरूद्वारा लक्षित हुने डरले अगाडि आउनबाट रोक्छ । त्यसैगरी, भ्रष्टाचारले शरणार्थी शिविर वा आश्रयका पीडित/प्रभावित साथै साक्षी संरक्षण योजना अन्तर्गत रहेकालाई पनि जोखिममा पार्छ ।

महिला शान्ति निर्माणकर्ताहरूको विश्वव्यापी नेटवर्क (GNWP)ले लैङ्गिकतामा-आधारित यौन हिंसा पीडित/प्रभावितलाई प्रदान गरिएका सेवा उनीहरूलाई निःशुल्क उपलब्ध गराइने भएपनि, त्यसका लागि रकम माग गर्ने प्रहरी र चिकित्सा कर्मचारीहरूका धेरै घटना अभिलेखीकरण गरेको छ । अन्य अवस्थामा, जब समुदायको उच्च प्रभावशाली व्यक्तिद्वारा लैङ्गिकतामा-आधारित यौन हिंसाजन्य अपराध गरिएको थियो, प्रहरीले त्यसलाई बेवास्ता गरेर त्यसको परिणामस्वरूप कथित पीडकलाई उनीहरूका हैसियतका कारण कारबाही गरिएनन् । शक्तिशाली पदमा बसेका व्यक्तिहरूबाट प्रहरी प्रभावित हुने यस्ता घटनाहरूमा प्रहरी र न्यायपालिकाभित्रका व्यक्तिहरूको मानसिकता प्रायः महिलाप्रति शत्रुता वा अविश्वासपूर्ण हुन्छ ।[३८]

GNWP ले प्रकाश पार्छ कि सामान्यतया सुरक्षा बलहरूमा भ्रष्टाचारको व्यापकताका बावजुद, महिलाहरू र विशेषगरी महिला नेतृत्वका नागरिक समाज, भ्रष्टाचार रोक्ने र त्यसविरुद्ध लड्ने प्रमुख कारक हुन सक्छन् ।

भ्रष्टाचारलाई सम्बोधन गर्ने कार्य यस ह्यान्डबुकको कार्यक्षेत्रभित्र छैन, तर विशेषगरी प्रहरी भ्रष्टाचारमा केन्द्रित र जिम्मेवार प्रहरी र राजनीतिक निर्णयकर्ताहरूलाई आफ्नो कार्यक्षेत्रमा भ्रष्टाचार देखिएमा पर्याप्त प्रतिक्रियाको लागि निर्देशन दिने GNWP को Toolkit on Police Integrity (2019)[३९] हेर्न सिफारिस गरिन्छ ।

३५ Bastick, M., Integrating Gender into Internal Police Oversight (DCAF, OSCE, OSCE/ODIHR, 2014).

३६ Ibid.

३७ Global Network of Women Peacebuilders https://gnwp.org/

३८ Global Network of Women Peacebuilders https://gnwp.org/

३९ 'Toolkit on Police Integrity' (Geneva Centre for Security Sector Governance, 2019)

रणनीतिक साझेदारी निर्माण

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि गतिशील र समग्रताको अवधारणा आवश्यक हुन्छ र यसमा शिक्षा, स्वास्थ्य, राष्ट्रिय सुरक्षा र न्यायका मन्त्रालयहरू जस्ताबाट प्राप्त रायसुझाव समावेश गर्नुपर्छ। महिला तथा किशोरी विरुद्धका हिंसालाई रोक्न र मानवअधिकारका आधारभूत मूल्यमान्यता र मापदण्डहरूप्रति उनीहरूको दायित्वलाई प्रतिबिम्बित गर्ने तरिकामा पीडित/प्रभावितका आवश्यकतालाई सम्बोधन गर्न, उनीहरूले अत्यावश्यक सेवा प्रदायक वा **कर्तव्य वाहकका**[४०] रूपमा सहयोगी रूपमा काम गर्न आवश्यक हुन्छ। यी दायित्वहरू भित्र, राज्यका अन्य संस्थाका जस्तै, प्रहरीका पनि आफ्नो विशिष्ट दक्षता र साझा जिम्मेवारीहरू हुन्छन् र ती सबै एकजुट भएर काम गरेपछि, महिला तथा किशोरी विरुद्धका हिंसाप्रति समग्रतामा प्रतिकार्य हुनसक्छ।

यी कर्तव्य वाहकहरूले पीडित/प्रभावितका लागिसम्भावित उत्कृष्ट नतिजा प्राप्त गर्न र हिंसा तथा अपराध गर्नेहरूलाई जवाफदेही बनाइने सुनिश्चित गर्न आफ्नो विशिष्ट दक्षताहरूलाई कत्तिको राम्रोसँग समन्वय गर्न सक्छन् भन्ने कुरामा महिला तथा किशोरी विरुद्धका हिंसाको यस समग्र प्रतिकार्यको प्रभावकारिता निर्भर गर्दछ। *हिंसामा परेका महिला तथा किशोरीका लागि अत्यावश्यक सेवा प्याकेज : मूल तत्वहरू र गुणस्तरसम्बन्धी निर्देशिका* ले अधिकारमा आधारित सिद्धान्त र साझा विशेषताहरूबाट प्रेरित कर्तव्य वाहकहरूका लागि संयुक्त समन्वय र हस्तक्षेपका लागि एक कार्यगत ढाँचा उपलब्ध गराउँछ। यस समग्र प्रतिकार्यको संरचनामा प्रहरीको विशिष्ट भूमिकालाई यस हातेपुस्तिकाको अध्याय २ देखि ९ सम्म विस्तृत रूपमा छलफल गरिएको छ।

अध्याय ८ : 'न्यायिक निकायहरू बीचको समन्वय' ले अत्यावश्यक सेवा प्रदायकहरू र अधिकार धारकहरूका हितको प्रतिनिधित्व गर्ने प्रमुख सरोकारवालाहरूसँग साझेदारीको लागि प्रवेश बिन्दुहरू पहिचान गर्न मध्यम तहका व्यवस्थापकहरूलाई मार्गदर्शन प्रदान गर्दछ।

महिला तथा किशोरी विरुद्धका हिंसाको समग्र प्रतिकार्य विस्तृत र अधिकारमा आधारित हुनका लागि, **अधिकार धारकहरू**[४१] (यस अवस्थामा महिला तथा किशोरी)का हितको प्रतिनिधित्व गर्ने मुख्य सरोकारवालाहरूसँग रणनीतिक द्विपक्षीय साझेदारी निर्माण र कायम गर्न आवश्यक छ।

यस हातेपुस्तिकामा प्रकाश पारिएअनुसार, महिला तथा किशोरीले हिंसा र अपराधको अनुभव विभिन्न र अन्तरसम्बद्ध तरिकामा गर्छन्। लैङ्गिक-उत्तरदायी प्रहरीकार्य **अन्तरसम्बन्धित** हुनु आवश्यक छ, जसको अर्थ यसले जाति, वर्ग, जात, लिङ्ग, जातीयता, लैङ्गिकता, अपाङ्गता, राष्ट्रियता, आप्रवासनको स्थिति, भौगोलिक स्थान, धर्म लगायतका धेरै समानान्तर दमनकारी कारकहरूबाट महिला तथा किशोरीको अनुभव बुझ्ने प्रयास गर्नुपर्छ।[४२] महिला तथा किशोरी विरुद्धका हिंसाको प्रकृति, यसका कारण र परिणामहरूले महिला तथा किशोरीलाई कसरी प्रभाव पार्छ भनेर बुझ्नको लागि, यो अन्तरसम्बद्धताको अवधारणालाई, प्रहरी संगठनले अन्य अत्यावश्यक सेवा प्रदायक र मुख्य सरोकारवालाहरूसँग रणनीतिक साझेदारी निर्माण गर्दा प्रतिबिम्बित गर्न आवश्यक छ।

यसबाहेक, महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रभावकारी र पर्याप्त रूपमा प्रतिकार्य गर्न प्रहरीको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्वहरू भएकाले, सरोकारवालाहरू र विशेषगरी संकटासन्नतामा रहेका र/वा धेरै अवस्थामा प्रहरीमाथि विश्वास नगर्ने व्यक्तिहरूसम्म पुग्ने उपायहरू अपनाउने र पहल गर्ने उनीहरूको दायित्व हो। तसर्थ, सम्बन्धित गुणस्तर नियन्त्रण संयन्त्रहरू लगायत संयुक्त प्रतिबद्धताहरू कार्यान्वयन गर्न लक्ष्यहरू र रोडम्यापहरू स्थापनाका लाग सरोकारवालाहरूसम्म पुग्न प्रहरी नेतृत्वका साथै वरिष्ठ स्तरबाट पहल गर्न आवश्यक छ। यसले मध्यम तहका व्यवस्थापकहरूलाई लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको लागि आवश्यक साझेदारीहरू निर्माण र कायम राख्नको लागि मार्ग प्रशस्त गर्नेछ।

साझेदारी निर्माणका उद्देश्यहरू प्रहरी अधिकारीहरू/वरिष्ठ नेतृत्वले हासिल गरेपछि, मध्यम तहका व्यवस्थापक र उनीहरूका टोलीलाई महिला तथा किशोरी विरुद्धका हिंसालाई अझ प्रभावकारी रूपमा प्रतिकार्यका लागि सक्षम बनाउने उदाहरणका सूची यसप्रकार छ :

अन्य अत्यावश्यक सेवा प्रदायकहरूसँग रणनीतिक साझेदारी

- न्यायको निरन्तरताका साझेदारहरूसँग रणनीतिक तथ्याङ्क/सूचना आदानप्रदानका कार्यविधि/प्रोटोकलहरू;
- अन्य सेवा प्रदायकहरूसँग रणनीतिक जानकारी आदानप्रदानका कार्यविधि/प्रोटोकल,
- पीडितहरूलाई उचित व्यवहार गरिएको सुनिश्चित गर्न कर्मचारी र सुविधाहरू लगायतका स्रोतहरू जम्मा गर्ने।

४० मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने मुख्य जिम्मेवारी राज्यको हुन्छ।

४१ अधिकार धारक भनेका सबै मानव हुन्।

४२ The Value of Intersectionality in Understanding Violence against Women and Girls (VAWG) (Imkaan, UN Women and the European Union, July 2019).

यसमा सुरक्षित आवासहरूको उपलब्धता, पहुँच र गुणस्तर वृद्धि पनि पर्छ;

- अनुसन्धान प्रक्रियाहरूको संयुक्त निरीक्षणको प्रापधान र जवाफदेहिता। यसमा संयुक्त छलफल र सिकेका पाठहरू आदानप्रदान पनि हुनुपर्छ;
- सशक्त, पहुँचयुक्त, र पीडित/प्रभावित-केन्द्रित संयुक्त उजुरी संयन्त्रहरू;
- कानून कार्यान्वयन गराउने अन्य निकायहरू लगायत न्यायिक निकायका सबै साझेदारहरूबीच रणनीतिक स्तरको सञ्चार।

प्रमुख सरोकारवालाहरूसँग रणनीतिक साझेदारी

- समुदाय र प्रहरी संगठन बीचको सम्बन्धलाई सुदृढ पार्न पीडित/प्रभावित पैरवीहरूसँगको सम्बन्ध। प्ररवीकर्ताहरूले प्रहरी अधिकारीहरूको कामलाई समपूरण गर्छन्, प्रतिक्रिया दिन्छन्, र प्रशिक्षण प्रदान गर्छन्।[४३] प्रहरीले समुदायमा आफ्नो विश्वसनीयता बलियो बनाउन मानवअधिकार र महिला अधिकारका पक्षधरसँगको साझेदारी निर्माण गर्ने अवसर देख्नुपर्छ।
- शैक्षिक संस्था, बुद्धिजीवि समूह र ज्ञानमा आधारित अन्य संस्थाहरूसँग कार्यगत साझेदारी विकास गर्नु महिला विरुद्धका हिंसा, यसका कारण र परिणाम साथै यसले महिला तथा किशोरीलाई कसरी फरक र असमान रूपमा प्रभाव पार्छ भन्ने साझा बुझाइलाई बढाउन र बलियो बनाउन लाभदायक हुन सक्छ। यसमा प्रहरी संगठनहरूले ज्ञानमा आधारित संस्थाहरूसँग समझदारी पत्र स्थापित गर्ने लगायत पर्न सक्छन्, जसले प्रहरीलाई लैङ्गिकतामा आधारित यौनहिंसाको व्याप्तता, कोभिड-१९ महामारी जस्ता सार्वजनिक स्वास्थ्य संकटका समयमा महिला तथा किशोरी विरुद्धका हिंसाका अपराधी र त्यसका पीडित/प्रभावितको व्यवहारको बारेमा र तिनीहरू बीचको सम्भावित अन्तरसम्बन्धसहित प्रहरी अधिकारीहरूका लागि अप्रत्यक्ष आघातमा सहयोग गर्न सक्छन्। प्रहरीका नीति, रणनीति र कार्यहरूको अनुगमन र मूल्याङ्कन गर्दा यस्ता ज्ञानमा आधारित संस्थाहरू महत्वपूर्ण बाह्य साझेदार हुन सक्छन्;
- समन्वयात्मक अत्यावश्यक सेवा प्रतिक्रियाहरूको लागि सामुदायिक सम्पर्क अधिकारीहरूको स्थापना, जसले साझेदारी निर्माण र अन्तरव्यक्तिगत सञ्चारमा असाधारण दक्षताहरू प्रदर्शन गर्दछन्;
- पीडित/प्रभावित र उनीहरूका परिवारसँग प्रभावकारी सञ्चारका लागि जिम्मेवारीका साथ पारिवारिक सम्पर्क र संलग्नतामा पर्याप्त प्रशिक्षण प्राप्त अनुसन्धान केस म्यानेजरहरू।

बाकस ५

मलावीमा अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रहरीको नागरिक समाजका संस्थाहरूसँग साझेदारी[४४]

२०१७मा, मलावीको मध्य-क्षेत्रीय प्रहरीले डिसेबल्ड विमेन इन अफ्रिका ('DIWA') सँग, अपाङ्गता भएका पीडित/प्रभावित व्यक्तिहरू समावेश भएका महिला तथा किशोरी विरुद्धका हिंसाका मुद्दाहरूलाई प्रहरी र कानूनी प्रणालीद्वारा व्यवस्थापन गर्ने तरिकामा सुधारका लागि एक समझदारी पत्र (एमओयू) मा हस्ताक्षर गऱ्यो। यस एमओयू अन्तर्गत, DIWA ले हिंसाका घटनाहरू रिपोर्ट गर्न र प्रहरीलाई तालिम दिन प्रतिबद्ध छ भने प्रहरीले अपाङ्गता भएका महिला तथा किशोरी संलग्न भएका महिला तथा किशोरी विरुद्धका हिंसाका घटनालाई थप द्रुत प्रतिकार्य दिन प्रतिबद्ध छ।

२०१४ मा DIWA द्वारा सञ्चालित आधारभूत सर्वेक्षणको परिणामस्वरुप यो एमओयू आएको थियो, जसले पुष्टि गऱ्यो कि हिंसा र अपराधको अनुभव गर्ने अपाङ्गता भएका धेरै महिला तथा किशोरीलाई कहाँ उजुरी गर्ने भनेर थाहा नहुने जस्ता आधारभूत कारणहरूले पनि उजुरी नगरी बसेका हुन्छन्।

"DIWA द्वारा प्रशिक्षित हुनुअघि, हामी अपाङ्गताका समस्याहरूमा सहज थिएनौं: हामीलाई शारीरिक अपाङ्गताको बारेमा मात्र थाहा थियो र मानसिक र/वा अदृश्य अपाङ्गता भएका कसैलाई कसरी व्यवहार गर्ने भनेर थाहा थिएन"
जेन म्कान्गाला, मलावी प्रहरीका सामुदायिक प्रहरी र पीडित सहायता इकाईका निरिक्षक

स्रोत : Disabled Women in Africa (DIWA)

४३ महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावित-केन्द्रित तालिम सबै आधारभूत तथा विशेषज्ञ अनुसन्धान तालिममा समाहित भएको सुनिश्चित गर्न।

४४ 'DIWA curbs violence against women and girls with disabilities', see: http://www.diwa.ws/?p=101 and 'Promoting a safer, Gender-Based Violence free environment for women and girls with disabilities' in Lilongwe, Malawi. Disabled Women in Africa (DIWA)

बाकस ६

ब्रिटिश कोलम्बिया (बिसी), क्यानाडामा प्रहरी र सामुदायिक विश्वास तथा सहकार्य निर्माण[४५१]

बिसीमा रोयल क्यानाडियन माउन्टेड प्रहरी (RCMP) भित्र नेशनल एबोरिजिनल पोलिसिङ सर्भिसेज (NAPS) शाखा छ जसले आदिवासी समूहहरूसँग उनीहरूको विशिष्ट आवश्यकताहरू पूरा गर्ने नवीन प्रहरी अवधारणाहरू विकास गर्नका लागि नजिकबाट काम गर्दछ ।

स्थानीय स्तरमा महिलाहरूसँग यी सम्बन्धहरू स्थापना, प्रवर्द्धन र विस्तारले सेवाहरूबारे चेतना बढाउनदेखि लिएर, उपयुक्त लैङ्गिक र सांस्कृतिक संवेदनशीलता प्रशिक्षण प्रदान गर्ने, स्थानीयरुपमा प्रेषण तथा सहायता सञ्जालहरू विकास गर्ने र लैङ्गिक-संवेदनशील प्रतिक्रियाहरू र अनुसन्धानहरू सुनिश्चित गर्दै, न्यायमा पहुँचसम्बन्धी उनीहरूको विशिष्ट आवश्यकता पहिचान र सम्बोधन गर्ने क्षमता प्रदान गर्दछ । यसरी यी समुदायका महिला तथा पुरुष र प्रहरी बीचको विश्वास र भरोसाको स्तरमा सुधार हुन्छ ।

Source: 'Serving Canada's Indigenous People' (Royal Canadian Mounted Police) at: http://www.rcmp-grc.gc.ca/aboriginal-autochtone/index-eng.htm

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि तालिम, शिक्षा र व्यावसायिक विकास

लैङ्गिक-उत्तरदायी प्रहरीकार्य भनेको सार्वजनिक र निजी जीवनका सबै पक्षहरूमा हुने लैङ्गिकतामा-आधारित बहिष्करण र भेदभावको सामाजिक र सांस्कृतिक कारकहरूलाई बुझ्ने र तिनलाई ध्यानमा राख्ने **ज्ञान, सीप र मनोवृत्ति** लागू गर्नेबारे हो । तिनीहरू मिलेर **लैङ्गिक-संवेदनशील दक्षताहरू** बन्छन् । लैङ्गिक-संवेदनशील दक्षताहरू हिंसाबाट पीडित/प्रभावितसँग प्रभावकारी रूपमा संलग्न हुन र उपलब्ध गराइएका आवश्यक सेवाहरूलाई प्रभाव पार्न सक्ने विभिन्न सरोकारवालाहरूसँग कार्यगत सम्बन्धहरू निर्माण गर्नका लागि महत्वपूर्ण हुन्छन् ।

प्रहरी प्रशिक्षण, शिक्षा र व्यावसायिक विकास कार्यक्रमहरूमा लैङ्गिक-संवेदनशील दक्षताहरू स्थापित र/वा सुदृढीकरण गर्ने कुरा आत्म-समीक्षाबाट सुरु हुन्छ । हिंसाको प्रकृति, यसका कारण र परिणामहरूले महिला तथा किशोरीलाई कसरी फरक र असमान रूपमा प्रभाव पार्छ भन्ने बुझाइबाट आत्म-चिंतन गर्नु आवश्यक छ । एक प्रहरी वरिष्ठ र कार्यकारी नेतृत्वद्वारा समायोजित यो यो साझा बुझाइ, सबै आधारभूत र विशेषज्ञ अनुसन्धान प्रशिक्षणका साथै वरिष्ठ प्रहरी अधिकारीका शिक्षा र प्रहरी विज्ञानसम्बन्धी प्राज्ञिक कार्यक्रम जस्तामा प्रतिबिम्बित हुनुपर्छ ।

प्रशिक्षण र व्यावसायिक विकासको लागि यो साझा बुझाइ एक आधार बन्नका लागि, यसबारे निरन्तर रुपमा सूचित हुनुपर्छ । पीडित/प्रभावित, संकटासन्न समूह, समुदाय र अत्यावश्यक सेवा प्रबन्धमा विभिन्न परिप्रेक्ष्यमा योगदान पुऱ्याउने विज्ञहरूसँग संवाद र प्रत्यक्ष रायसुझावले अत्यावश्यक सेवा प्रबन्धका विभिन्न परिप्रेक्ष्यमा योगदान पुऱ्याएर प्रहरी तालिम र शिक्षा कार्यक्रमहरू लैङ्गिक उत्तरदायी प्रहरीकार्य सञ्चालनका आवश्यकताहरू पूरा गर्नमा सान्दर्भिक बनाउन सक्छ ।

यस्ता सूचना सङ्कलनका लागि आन्तरिक तथा बाह्य समितिहरू पनि उपयोगी हुन सक्छन् । उदाहरणका लागि, विद्यमान कमीकमजोरी तथा सिकाइ र बाँड्न लायक असल अभ्यासहरू पहिचान गर्नका लागि अन्तर-निकाय आयोगहरू वा लैङ्गिकतामा-आधारित अपराधहरूमा काम गर्ने समूह वा कार्यदलहरू पनि सूचनाको उत्कृष्ट स्रोत हुन् ।

> "प्रभावकारी यौन दुर्व्यवहार अनुसन्धानका लागि निष्पक्ष, दक्ष, समानुभूतिपूर्ण, राम्ररी प्रशिक्षित, र अनुभवी अनुसन्धानकर्ताहरु आवश्यक पर्दछ, जसले अपराधका सबै विवरणलाई होसियारीपूर्वक अभिलेख गर्छन् र सबै उपलब्ध प्रमाणहरु राम्ररी सङ्कलन गर्छन् ।"
>
> - International Association of Chiefs of Police (2005)

प्रहरी तालिम, शिक्षा र व्यावसायिक विकासको सान्दर्भिकता कायम राख्ने अर्को तरिका भनेको महिला तथा किशोरी विरुद्धका हिंसाको मामिलाहरूमा हस्तक्षेप गर्दा लागू हुने वर्तमान विधि र अवधारणाहरूको समीक्षा र मूल्याङ्कन गर्न आन्तरिक सिकाइ चक्रहरूमा प्रहरी नेतृत्वले लगानी र प्रोत्साहन गर्नु हो । अन्तरंग साथीबाट हुने हिंसाको जोखिम मूल्याङ्कन फारमहरू वा केस

४५१ Inspired from *'Enhancing Access to Justice for Women Living in Rural and Remote Areas of British Columbia: Reviewing Practices from Canada and Abroad to Improve Our Response'* (The International Centre for Criminal Law Reform and Criminal Justice Policy, 2017). (ICCLR).

फोटो सौजन्यः माइती नेपाल

व्यवस्थापन प्रणालीहरू जस्ता महिला तथा किशोरी विरुद्धका हिंसामा हस्तक्षेपका विधि/औजारहरूको उपयोगिता र व्यावहारिकतालाई यी सिकाइ चक्रहरूमा लागू गर्दा उनीहरूले महत्वपूर्ण रूपमा लाभ उठाउन सक्छन्, किनभने तिनले प्रतिक्रिया वा प्रतिकार्य गर्नका लागि प्रहरी अधिकारी र उनीहरूका टोली व्यवस्थापकहरूलाई आफ्ना रायसुझाव वा पृष्ठपोषण दिने प्रवेश बिन्दु प्रदान गर्छन् । प्रभावित सरोकारवाला र प्रतिकार्यमा लाग्ने प्रहरी दुवैबाट सिक्नको लागि रायसुझाव लिने सुनिश्चित गरेमा ती परिपूरक र पारस्परिक रूपमा सुदृढ हुनेछन् ।

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यतर्फको रूपान्तरण प्रक्रियालाई सहयोग पुऱ्याउने सिकाइका अन्य स्रोतहरू आन्तरिक र बाह्य गुनासो संयन्त्र वा राष्ट्रिय मानव अधिकार संस्थाहरू जस्ता निगरानीका निकायहरू हुन् । अक्सर, राष्ट्रिय मानव अधिकार संस्थाहरू जस्ता निगरानी निकायहरूले लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि प्रशिक्षण, शिक्षा र व्यावसायिक विकासमा सहयोग गर्न सक्ने साझेदारहरू पहिचान गर्न मद्दत गर्न सक्छन् ।

सिकाइको चक्रको प्रभावकारिता अनुगमन वा निगरानी गर्न पनि उत्तिकै महत्वपूर्ण छ । त्यस्ता सिकाइ चक्रहरूको प्रभावकारितालाई निगरानी गर्न सकिने एउटा तरिका भनेको, अग्रपंक्तिमा खटिने र/वा प्रारम्भिक सम्पर्कमा आउने प्रहरीद्वारा प्रयोग गरिने सुरक्षा योजना र जोखिम मूल्याङ्कन[४६] विधिहरूको समीक्षा वा मूल्याङ्कनबाट आएका सिफारिसहरूलाई प्रहरी प्रशिक्षणमा समावेश गरिएका संख्या/प्रतिशत हो ।

रूपान्तरण ल्याउने व्यवहारको उत्थानशीलता निर्माण

रूपान्तरण प्रक्रियाको सुरुवात नै आत्म-समीक्षा भएकाले, अन्तर्निहित सामाजिक मुद्दाहरूलाई सम्बोधन गर्न खुला संवाद आवश्यक छ । लैङ्गिक-उत्तरदायी प्रहरी संगठनका रुपमा रूपान्तरण हासिल गर्न, संस्थागत प्रहरी संस्कृतिहरूमा भएका हानिकारक पूर्वाग्रहका बारेमा खुला र पारदर्शी छलफल आवश्यक छ । यसका लागि, सर्वेक्षण गरिएका महिला तथा किशोरी विरुद्धका हिंसाका विभिन्न स्वरूपबारे तालिम प्राप्त गर्ने प्रहरी संगठनहरूले जोड दिएजस्तै भौतिक रुपमा उपस्थित भएर प्रदान गरिने तालिम र शिक्षा उपयुक्त हुन्छ ।[४७] उदाहरणका लागि, युएनपोलले परिवर्तनकारी सिकाइका लागि, रचनात्मक र विश्लेषणात्मक सोच र व्यावहारिक परिदृश्यहरूले सहभागीका सिकाइलाई प्रेरित गर्ने गतिविधिहरू सिफारिस गर्दछ ।[४८]

सुसूचित छलफल सुनिश्चित गर्न, प्रहरीले महिला तथा किशोरी विरुद्धका हिंसामा स्थापित साझा बुझाइहरू वास्तवमा सबै तहका क्याडेट र अधिकारीहरूका लागि मूलप्रवाह गरिएका छन् भनेर सुनिश्चित गर्न, प्रशिक्षण मोड्युलहरू र शैक्षिक पाठ् यक्रमहरूमा रायसुझाव सहज बनाउन र डिजाइनमा मद्दत गर्न मुख्य सरोकारवालाहरूलाई समावेश गर्नुपर्छ ।

लैङ्गिक-उत्तरदायित्व तर्फको रूपान्तरण भनेको व्यवहारमा परिवर्तन, तालिम र शैक्षिक पहलहरूबारे भएकाले, उपयोगी योगदानहरू दिन सक्ने व्यवहार विज्ञानबाट प्रहरीले मार्गदर्शन खोज्नुपर्छ ।

मनोविज्ञान, समाजशास्त्र र व्यवहारजन्य अर्थशास्त्रका अन्तर्दृष्टिहरूले सामूहिक सिकाइ र असल अभ्यासका रूपमा परिवर्तनलाई दिगोपना र उत्थानशीलता प्रदान गर्न मद्दत गर्न सक्छ । उदाहरणका लागी, मापनयोग्य र प्राप्त गर्न सकिने व्यवहार परिवर्तन सहजीकरण गर्न, व्यवहार विज्ञानका विशेषज्ञहले आवश्यकता अनुरुपका प्रशिक्षण र शिक्षाका लागी प्रमाणमा आधारित सिकाईलाई योगदान गर्न सक्छन् ।[४९]

४६ अन्तरंग साथीबाट हुने हिंसाको जोखिम मूल्याङ्कन विधिहरू प्रमाणित गर्नको लागि लिइएको साझा अवधारणामा सामान्यतया तथ्याङ्कीय विधिहरूको प्रयोग समावेश हुन्छ, जुन विधिहरूले ती अपराधीहरूका लागि जो वास्तवमा अर्को अपराध गर्छन्, तिनका लागि, पुनः नगर्नेका तुलनामा पुनः अपराध वा पुनरुत्थानको उच्च अनुमानित सम्भाव्यता देखाउँछन् । See Dowling, C., Morgan, A., Boyd, C., Voce, I., 'Policing Domestic Violence: A Review of the Evidence', Australian Institute of Criminology, Research Report 13 (2018).

४७ See the Case Study of the Nottinghamshire Police, 'Treating Violent Behaviour Towards Women as Hate Crimes' in Chapter 9: 'Communication' for an example of responses from surveyed police towards VAWG training.

४८ UNPOL *Gender Toolkit* Standardized Best Practices on Gender Mainstreaming in Peacekeeping Compendium of Project Tools (2015).

४९ Sara Rafael Almeida, Joana Sousa Lourenço, François J. Dessart and Emanuele Ciriolo, 'Insights from behavioural sciences to prevent and combat violence against women', EUR 28235 EN, doi:10.2788/412325

फोटो सौजन्य : Prokeraia

मापनयोग्य र प्राप्त गर्न सकिने व्यवहारमा भएका परिवर्तनहरूको सन्दर्भमा, युरोपेली आयोगको प्रहरी प्रतिवेदन '*महिला विरुद्ध हुने हिंसा रोक्न र लड्न व्यवहार विज्ञानबाट अन्तरदृष्टि*' (*Insights from Behavioural Sciences to Prevent and Combat Violence against Women'* (2016)[५०]) ले सिफारिस गर्दछ कि आवश्यक सेवा प्रदायकहरू, विशेषगरी प्रहरीले आफ्ना कर्मचारीमा व्यवहार परिवर्तनलाई लक्षित गर्न खोज्नुपर्छ, जसको परिणामस्वरुप महिला तथा किशोरी विरुद्धका हिंसामा परेकाहरूले उजुरी दिनका लागि यी कदम चाल्न सकून् :

१. हिंसाबारे उजुरी गर्न सकारात्मक मनोवृत्ति राख्ने;

२. अरूले उनको व्यवहार स्वीकार्नेछन् भन्ने विश्वास गर्ने (मान्यता),

३. उनी वास्तवमा यो गर्न सक्षम छिन् भन्ने सोच्ने (आत्म-प्रभावकारिता);

४. व्यवहार बारे जान्ने र उनको वातावरण उनका लागि व्यावधान नहुने (जस्तै सीप, ज्ञान र वातावरणीय बाधाहरू)

बाकस ७ ले व्यवहार परिवर्तन ल्याउनका लागि व्यवहार विज्ञानबाट केही सुझावहरू प्रदान गर्दछ :

साथै, प्रहरी संगठनहरूमा परिवर्तनकारी प्रक्रियाप्रति नेतृत्वको पद लगायतका अधिकारीहरूले अवमूल्यन गर्दै, तिनमा अनिच्छा वा स्पष्ट अस्वीकृतिको सामना गर्नु असामान्य होइन । आचार संहिता र सम्बन्धित जावफदेहिता वा सुदृढीकरण उपायहरू बाहेक, लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका प्रशिक्षण, शिक्षा र व्यावसायिक विकासलाई पछाडि धकेल्ने वा अवमूल्यनबाट उत्थानशीलताका

फोटो सौजन्य : IOM Nepal

५० Ibid.

बाकस ७

व्यवहार परिवर्तन गर्ने तालिम र शिक्षाका लागि केही सुझाव

- **फाइदा र बेफाइदा दर्शाउने** : प्रहरी प्रशिक्षार्थी र क्याडेटहरूले समाजले चुकाउनुपर्ने मूल्यका सन्दर्भमा रोकथामको महत्व बुझेका छन् र महिला तथा किशोरी विरुद्धका हिंसाको व्याप्तताका परिणामस्वरूप यस्तो मूल्यबाट उनीहरू व्यक्तिगत रूपमा कसरी प्रभावित हुन्छन् भन्ने थाहा पाएका छन् भन्ने सुनिश्चित गर्नुहोस्,

- **व्यवहारबाट मनोवृत्ति थाहा हुन्छ, मनोवृत्तिबाट व्यवहार थाहा हुँदैन** : विद्यमान व्यवहारमा नभई अपेक्षित व्यवहारमा लक्षित प्रशिक्षण, शिक्षा र व्यावसायिक विकास तालिम तयार गर्नुहोस् । अपेक्षित व्यवहार सामान्य हुँदै जाँदा, मनोवृत्तिमा इच्छित परिवर्तनहरू आउँदै जान्छन् ;

- **जानकारीलाई मूर्त र व्यक्तिगत बनाउनुहोस्** : प्रशिक्षार्थीहरूले समान खालका चुनौतीपूर्ण वातावरणमा सहकर्मी साथीहरूको अनुभवसँग आफूलाई जोड्न सकून् भनेर प्रदर्शनयोग्य नतिजाहरू भएका लैङ्गिक-उत्तरदायी प्रहरीका उदाहरणहरू ल्याउनुहोस्;

- **प्रतिबद्धता प्रवर्द्धन गर्नुहोस् र यसको अर्थ के हो व्याख्या गर्नुहोस्** : लैङ्गिक-उत्तरदायी प्रहरीको लागि व्यवहारिक अपेक्षाहरू र तिनीहरूको अनुपालनलाई संस्थागत रूपमा कसरी कदर र पुरस्कृत गरिन्छ भनेर स्पष्ट रूपमा पहिचान गर्नुहोस् । लैङ्गिक-उत्तरदायी प्रहरीकार्यप्रति प्रतिबद्धता झल्काउने कार्यहरूको उदाहरणका लागि अध्याय ३ : 'रोकथाम' मा अनुसूची १ : पुरुषहरूलाई रोकथाममा संलग्न गराउने हेर्नुहोस्;

- **मूल्यमान्यतासँग जोड्नुहोस्** : आचार संहितामा स्थापित अपेक्षित व्यवहारहरू, प्रहरी निष्ठा र प्रहरीको उत्कृष्ट अभ्यासहरू, र लैङ्गिक-उत्तरदायी प्रहरीको लक्ष्यहरू बीचको सम्बन्धलाई प्रष्टसँग देखाउनुहोस्;

- **उत्प्रेरक रोल मोडेलहरू पहिचान गरेर उनीहरूको प्रयोग गर्नुहोस्** : प्रशिक्षण र शिक्षा कार्यक्रमहरूमा रोल मोडेलहरू वा उनीहरूका अनुभवहरू उदाहरणीय रूपमा समावेश गर्नुहोस् । प्रभावशाली पदमा भएका व्यक्तिहरूले वास्तवमा अपेक्षित व्यवहार परिवर्तन प्रदर्शन गरेको देखेर बढी उत्प्रेरित हुने कुरामा प्रहरी अधिकारीहरू अन्य पेशाकर्मीहरू भन्दा फरक छैनन् ।

Source: Inspired from Jenni Cross., '3 Myths of Behavior Change & Other Challenges for Sustainability', Center for Energy and Behavior Institute for the Built Environment, Colorado State University, at: https://www.uccs.edu/sustain/sites/sustain/files/inline-files/Myths%20of%20Behaivor%20Change_UCCS2015.pdf

लागि सहयोगी संयन्त्रहरू चाहिन्छ । प्रहरी अनुशिक्षण र सहकर्मी सहयोग कार्यक्रमहरू एउटा यस्तो सहयोगी संयन्त्र हुन सक्छ ।

युएनपोलले अनुशिक्षणलाई एक विस्तृत, दीर्घकालीन, परस्पर सम्बन्धको रूपमा र एक व्यक्तिले अर्को व्यक्तिको व्यावसायिक वृद्धिलाई प्रोत्साहन गर्न आफ्नो समय, ऊर्जा, र व्यक्तिगत ज्ञान लगानी गर्दै उनको विकास र क्षमतामा गर्ने सहयोगका रुपमा वर्णन गर्दछ । युएनपोलले थप भन्छ कि यो एक दीर्घकालीन सम्बन्ध हो, जसमा सिकाएर, प्रशिक्षण गरेर, मार्गदर्शन, र प्रोत्साहन दिएर अनुशिक्षण लिने व्यक्तिको व्यावसायिक विकासमा केन्द्रित हुन्छ ।[५१]

संगठनभित्र महिला प्रहरी संघ/सञ्जालको स्थापनाले पनि लैङ्गिक-उत्तरदायी प्रहरीकार्यसम्बन्धी तालिम र शिक्षामा उत्थानशीलताको विकासलाई सहयोग गर्न सक्छ । संघ/सञ्जालहरूले नीति परिवर्तनलाई प्रभाव पार्न मद्दत गर्न सक्छन् र जब लैङ्गिक, अल्पसंख्यक र मानव अधिकारका आवश्यकताहरूलाई ध्यानमा राखिन्छ, प्रहरी आफूले सेवा गर्ने समुदायको प्रतिनिधि बन्ने सम्भावना बढी हुन्छ ।

महिला प्रहरी संघ/सञ्जालहरू पनि महिलाहरूको आवाज सुनिएको र उनीहरूको योगदानलाई मान्यता प्राप्त भएको सुनिश्चित गर्न कार्यरत छन् । तिनले लैङ्गिक अपराधहरू र महिला पीडित/प्रभावितले सामना गर्ने त्यसपछिका चुनौतीहरूको प्रतिकार्यका लागि परामर्शदाताको रूपमा पनि काम गर्न सक्छन् । महिला संघ/सञ्जालहरूले परिवर्तनलाई प्रभाव पार्छन् र

५१ UNPOL *Gender Toolkit* Standardised Best Practices on Gender Mainstreaming in Peacekeeping Compendium of Project Tools (2015).

Photo courtesy of the International Association of Women Police (Ending Sexual Violence in Conflict Summit, London 2014)

समुदायलाई सेवा प्रवाहको फाइदाको लागि प्रहरीकार्यमा लागेका संगठनहरूलाई निरन्तर सुधार हासिल गर्न मद्दत गर्दछन् ।

महिला संघ/सञ्जालहरू सामान्यतया अन्तर्राष्ट्रिय लैङ्गिक समानताका प्रतिबद्धताहरू पूरा गर्न सरकारहरूका लागि महत्वपूर्ण साझेदार हुन सक्छन्, उदाहरणका लागि :

- CEDAW - महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (१९७९)
- संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३२५
- महिला विरुद्ध हुने हिंसा उन्मूलन गर्न अपराध रोकथाम र फौजदारी न्यायका उपायहरूबारे संयुक्त राष्ट्र महासभाको प्रस्ताव (१९९८)
- दिगो विकास लक्ष्यहरू, विशेष गरी ५ - लैङ्गिक समानता र १६ - शान्ति, न्याय र सक्षम निकायहरू

यस अध्यायको अन्त्यमा महिला प्रहरी संघ/सञ्जालहरूले लैङ्गिक-संवेदनशील र लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको कार्यान्वयनलाई कसरी सहयोग गर्न सक्छन् भन्ने विषयमा दिइएका घटना अध्ययनहरू हेर्नुहोस् ।

लैङ्गिक उत्तरदायी प्रहरीकार्यका लागि तालिम, शिक्षा र व्यवासयिक विकासलाई सुदृढ गर्नका लागि केही सिफारिसहरूको सूची यसप्रकार छ :

प्रशिक्षणको ढाँचा

- नयाँ प्रवेशकर्ताहरू र सेवामा रहेकाहरूको भविष्यको कामका लागि जग बसाल्ने तालिम र शिक्षाको पाठ्यक्रम र संरचनालाई पुनरावलोकन गर्नुहोस् । पीडित/प्रभावित-केन्द्रित अवधारणाका साथ समानुभूति र नैतिक सिद्धान्तहरूमा केन्द्रित हुनुपर्छ । यसले पूर्वाग्रह र भेदभाव बिना आफ्नो कर्तव्यलाई अझ प्रभावकारी ढंगले गर्नसक्ने क्षमता भएको प्रहरी संगठन निर्माण गर्न मद्दत गर्नेछ ।

- महिला तथा किशोरी विरुद्धका हिंसामा पीडकमा आधारित र पीडित/प्रभावित-केन्द्रित अनुसन्धानलाई प्रशिक्षण मोड्युल र पाठ्यक्रममा समावेश गर्नुहोस् ताकि प्रहरी प्रशिक्षण केन्द्रबाट तालिमप्राप्त सबै अधिकारीहरूलाई विषयवस्तुको आधारभूत ज्ञान हुन्छ ।

- सम्भव भएसम्म अन्तरविषयक तालिम सञ्चालन गर्ने र आवश्यक सेवा प्रदायक, महिला अधिकार समूह र नागरिक समाजसँग नजिकको सहकार्यमा तालिमको विकास गर्ने;

- प्रशिक्षण निरन्तर र वर्तमानमा आधारित भएको सुनिश्चित गर्न नियमित रूपमा विषयगत विशेषज्ञहरू ल्याउने, जस्तै विधिविज्ञान/फोरेन्सिक चिकित्सा विशेषज्ञहरू; यौन दुर्व्यवहार केन्द्रहरू, महिला तथा किशोरी विरुद्धका हिंसा वकालत समूहहरू, महिला तथा किशोरी विरुद्धका हिंसाबारे अध्ययनकर्ताहरू, र साइबर अपराध अनुसन्धानकर्ताहरू;

- महिला तथा किशोरी विरुद्धका हिंसामा अधिकारी र कर्मचारीहरूलाई तालिम दिने माध्यमको रूपमा ई-लर्निङमा निर्भरतालाई सीमित गर्नुहोस् । महिला तथा किशोरी विरुद्धका हिंसामा भौतिक उपस्थितीमा ब्रीफिङका लागि उल्लेख्य अतिरिक्त लगानी बिना वा अग्रपंक्तिका ड्युटीबाट अधिकारीहरूलाई नहटाई पनि व्यवस्था गर्न सम्भव छ । उनीहरूको दैनिक ब्रीफिंग प्रक्रियाको अंशको रूपमा छोटो प्रशिक्षण सत्रहरू राख्नु एक राम्रो विकल्प हो;

- स्थानीय अनुभवहरूबाट वास्तविक समयमै घटना अध्ययन र परिदृश्यहरू तयार गर्नुहोस् जसले अधिकारीहरूलाई महिला तथा किशोरी विरुद्धका हिंसा मामिलाहरूमा उनीहरूका कार्यहरूको परिणाम देखाउँदछ,

- हानि नगरौं : महिला तथा किशोरी विरुद्धका हिंसाले भेदभाव गर्दैन र न त प्रहरी अधिकारीहरू यसबाट उन्मुक्त छन् । महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी तालिम र शिक्षाले प्रहरीहरू पनि महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावित र पीडक दुवै हुन सक्छन् भन्ने कुरालाई ध्यानमा राख्नु आवश्यक

छ । प्रशिक्षणको समयमा संवेदनशीलतालाई प्रोत्साहित गरिनुपर्छ;

- तालिममा प्रहरी नेतृत्वको स्पष्ट प्रतिबद्धता समावेश गर्नुहोस् । त्यस्ता सन्देश प्रशिक्षणको सुरुमा वरिष्ठ अधिकारीहरूबाट भर्चुअल वा व्यक्तिगत सन्देशहरूमार्फत वा अन्य अधिकारीहरूसँगै प्रशिक्षण कार्यक्रममा उनीहरूको उपस्थितिको माध्यमबाट हुन सक्छ;
- साइबर अपराध र गैर-शारीरिक दुर्व्यवहार लगायत महिला तथा किशोरी विरुद्धका अपराधहरूमा विशिष्ट/प्रवर्द्धनात्मक/छोटो र दीर्घकालीन पाठ्यक्रमहरू विकास गर्नुहोस्;
- आघात सूचित अभ्यासहरूबारे अनिवार्य पाठ्यक्रमहरू समावेश गर्नेबारे सोच्नुहोस्;
- शारीरिक र साइबर यौन आक्रमणबाट पीडित महिला तथा किशोरीहरूसँग विशेष रूपमा सम्बन्धित प्रशिक्षण सामग्रीहरू विकास गर्नुहोस्;
- संकटासन्न र अल्पसंख्यक महिला तथा किशोरीको उच्च उपस्थिती भएका क्षेत्रहरूलाई प्राथमिकतामा राखेर घुम्ती पुनर्ताजगी प्रशिक्षण गर्नेबारे सोच्नुहोस्;
- प्रत्येक अनुसन्धान अधिकारीले विस्तृत अभिमूखीकरण पाठ् यक्रम पूरा गरेको सुनिश्चित गर्नुहोस्;
- प्रहरी अग्रपंक्तिका नेतृत्वकर्तादेखि वरिष्ठ अनुसन्धान अधिकारीहरू र अन्य मध्यम तहका व्यवस्थापक/नेतृत्वकर्ताहरूलाई समेट्ने तालिम र शैक्षिक कार्यक्रमहरू डिजाइन गर्नुहोस् ।

योग्यता (ज्ञान, सीप र मनोवृत्ति)

- लैङ्गिक-संवेदनशील, भरपर्दो, प्रतिबद्ध, उत्प्रेरक, फरासिलो, उत्तरदायी, प्रोत्साहनजनक, निष्पक्ष, न्यायिक र गैर-निर्णयकारी जस्ता अन्तरवैयक्तिक विशेषताहरूलाई प्राथमिकता दिनुहोस् ;
- पीडित/प्रभावितको गोपनीयता र कल्याणको सम्मानमा ध्यान केन्द्रित गर्नुहोस् । तालिमको केन्द्रमा पीडित/प्रभावित हुनुपर्छ । उदाहरणका लागि, गुप्तचर प्रशिक्षणले अदालतमा प्रदर्शन गर्ने निस्सा/सामग्रीको प्रबन्धमा भन्दा पीडित/प्रभावितको व्यवस्थापनमा बढी जोड दिनुपर्छ ।
- जबरजस्ती र नियन्त्रण गर्ने अपराधी व्यवहारमा केन्द्रित रहनुहोस् । दुर्व्यवहारको यो रूप प्रायः गैर-शारीरिक र मौखिक हुने हुनाले प्रतिकार्यमा लाग्ने प्रहरीलाई यसको पहिचान गर्न चुनौतीपूर्ण हुन्छ । महिला तथा किशोरी विरुद्धका हिंसासँग जोडिएका जबरजस्ती र नियन्त्रण गर्ने व्यवहारलाई बुझ्न नसक्दा सामान्यतया रुढिवादी सोचले डोऱ्याउने र पीडित/प्रभावितलाई दोष लगाउने काम हुन्छ;
- अधिकारीहरूको विद्यमान मनोवृत्ति र पूर्वाग्रहलाई चुनौती दिएर खुला छलफललाई प्रोत्साहित गर्नुहोस् । वास्तविक समयमा परिदृश्यहरू प्रयोग गरेपछिसामूहिक रूपमा छलफल गरेर निर्णयहरू गर्नाले आत्म-समीक्षालाई सहज बनाउँछ;
- 'असंवेदनशील' अधिकारीहरूका लागि संवेदनशीलताको एक रणनीति विकास गर्नुहोस् । हिंसाको प्रकृति, यसका कारण र परिणामहरूले महिला तथा किशोरीलाई फरक र असमानताले प्रभाव पार्छ र प्रायः पीडित/प्रभावित आफैंबाट सुनेर राम्रोसँग सम्बोधन गरिन्छ;
- विभिन्न प्रकारका अपाङ्गता भएका महिला तथा किशोरीले सामान्यतया सामना गर्ने शारीरिक, मनोवृत्तिजन्य र सञ्चार अवरोधहरू कसरी पहिचान गर्ने भनेर प्रशिक्षण र शिक्षा दिइने सुनिश्चित गर्नुहोस्;
- आदर्श पीडितको धारणालाई चुनौती दिने संवादलाई विभिन्न उदाहरणहरू सहित आदर्श केसहरू सहित सहजीकरण गर्नुहोस्;
- हिंसाको प्रकृति, यसका कारण र परिणामहरूले महिला तथा किशोरीलाई फरक र असमान रूपमा प्रभाव पार्ने बारेमा संवेदनशीलताको एक अंशको रूपमा, कानून र सामाजिक मापदण्डहरूमा रहेका कमीकमजोरीबारे प्रहरी अधिकारीहरूलाई ज्ञान र बुझाइ रहेको सुनिश्चित गर्नुहोस् ।

> "भावनात्मक दक्षताका लागि पहिचान गर्न, व्याख्या गर्न, र आफैं र अरूमा भावनाहरूलाई रचनात्मक प्रतिक्रिया दिन आवश्यक सामाजिक सीप विकास गर्न आवश्यक छ । यसको अर्थ पीडितहरूलाई सशक्त र शान्त पार्ने तरिकामा अन्तर्वार्ता लिने क्षमताको विकास गर्नु हो, जसले गर्दा उनीहरू अझ सटीक, सुसंगत, नियमित र प्रेरक विवरणहरू प्रदान गर्न सक्षम हुन्छन् ।"
>
> - The Impact of Trauma on Adult Sexual Assault Victims (Justice Canada 2019)

मानव संसाधन

महिला अधिकारीहरूले ल्याउने सम्भावना

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि प्रहरी संगठन भित्र प्रतिनिधित्व र समावेशीता दुवै आवश्यक हुन्छ । महिलाहरूले प्रहरी संगठनलाई थप लैङ्गिक-संवेदनशील बनाउनमा योगदान पुऱ्याउँछन् र महिला प्रहरी अधिकारीहरू बीचको विविधताले प्रतिकार्यको प्रभावकारितालाई बलियो बनाउँछ । महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्ने काममा सुधार गर्न यी दुवै महत्वपूर्ण छन् । यद्यपि, विशेषगरी यदि महिला अधिकारीहरूले उनीहरूले सेवा गर्ने र संरक्षण गर्ने समुदायको प्रतिनिधित्व गर्दैनन् भने, प्रहरी संगठनहरूमा धेरै महिलाहरू हुनुले मात्र महिला तथा किशोरी विरुद्धका हिंसामा कमी ल्याउँछ भन्ने होइन ।

> लैङ्गिकताका आधारमा सहित विभिन्न समुदायको प्रतिनिधित्व गर्ने प्रहरी सेवा, त्यो समुदायका लागि बढी पहुँचयोग्य र विश्वासयोग्य हुन्छ ।
>
> - Tool 2: Policing and Gender in Gender and Security Toolkit (DCAF, OSCE/ODIHR, UN Women, 2019)

प्रहरी सङ्गठनमा महिलालाई भर्ना गर्नु र कायम राख्नु लैङ्गिक उत्तरदायित्व प्रहरी सेवातर्फको रूपान्तरणको महत्वपूर्ण पक्ष हुनेछ । डीसीएएफका अनुसार प्रहरी संगठनमा फराकिलो विचार, सीप र अनुभव थप गर्नुका साथै महिला प्रहरी अधिकारीहरूले विशेष गुणहरू पनि योगदान गर्छन् जस्तै बलको कम प्रयोगमा संलग्न हुनु, पुरुष अधिकारीहरूको तुलनामा नागरिकबाट कम गुनासोहरू, प्रायः राम्रो सञ्चार सीप भएका र उजुरीकर्ताहरूले

बाकस ८

प्रहरीमा वरिष्ठ नेतृत्वदायी पदमा महिला हुँदाको प्रभाव

२०१६ मा, फोर्स इन्टरनेशनलले अल्बेनियन स्टेट प्रहरी (एएसपी) भित्र परिचालित कमाण्ड पदहरूमा महिला अधिकारीहरूलाई एकीकृत गर्नका लागि गरिएका सकारात्मक कार्य पहलको विश्लेषण गरेको थियो । यस पहललाई ICITAP, अमेरिकी दूतावास र अल्बानियाका अन्य रणनीतिक साझेदारहरूले सहयोग गरेका थिए । समीक्षाको समग्र लक्ष्य भविष्यमा यस्ता सकारात्मक पहलका कार्यक्रमहरूको कार्यान्वयन योजना र व्यवस्थापनमा सकारात्मक सिकाइ स्थापना गर्नु थियो । समीक्षाको क्रममा, पहिलो महिला जिल्ला प्रहरी कमाण्डरको प्रभावको बारेमा ग्रामीण अल्बेनियन समुदाय (महिला) का सदस्यहरूसँग परामर्श गरिएको थियो । उक्त महिला कमाण्डरले आफ्नो पद धारण गरेको ३ महिना पछि लक्षित समूह छलफल गरिएका थिए । सामुदायिक संलग्नता र वरिष्ठ नेतृत्वको पदमा महिला अधिकारीले उनीहरूमा पार्ने प्रभाव र उनीहरूको सुरक्षाको भावनामा समुदायका महिलाहरूले गरेका टिप्पणीहरू धेरै केन्द्रित थिए । समुदायका महिलाहरूका लागि आफूजस्तै व्यक्ति जिम्मेवार पदमा देख्दा प्रहरीप्रतिको विश्वास र भरोसा बढेकोले, प्रहरीमा महिलाको उपस्थिति बढाउनु पर्ने तर्कलाई बलियो बनाएको उक्त परामर्शले देखाएको छ । तलका सूची परामर्श प्रक्रियाको क्रममा समुदायका महिलाहरूले प्रदान गरेका प्रतिक्रियाका उदाहरणहरू हुन् :

- *'समुदायमा महिला तथा किशोरीको लागि अब प्रहरीसँग थप सञ्चार हुने गरेको छ...'*
- *'नेतृत्व र कमाण्डको भूमिकामा महिला हुनुले समुदायका महिला तथा किशोरीको लागि फरक पार्छ, यसले उनीहरूको आत्मसम्मानको भावनालाई परिवर्तन गर्छ'*
- *'एउटी महिलालाई जिम्मेवारीमा राख्दा विश्वास र आत्मविश्वास बढ्छ, यसले प्रभाव पार्छ किनकि हामी आफू जस्तै कोही त्यहाँ देख्छौं'*
- *'नेतृत्व र कमाण्डको भूमिकामा महिलाहरू हुनुले समुदायमा महिला तथा किशोरीको लागि फरक पार्छ, यसले उनीहरूको आत्मसम्मानको भावनालाई परिवर्तन गर्छ, यसले हामी सबैलाई असर गर्छ, महिलाहरूले भरिएको विभाग/शाखा राम्रो कुरा हुनेछ'।*

Source: Anon as cited in Townsley, J. (2016:40) I*nitiative for Mid-Ranking Women Officers to take on Operational Command Roles within the Albanian State Police: Review,* Castleford: Force International Ltd. (Document not in public domain).

चित्र २

यौन दुर्व्यवहारको रिपोर्टिङसँग महिला प्रहरी अधिकारीहरूको उपस्थिति बीचको सम्बन्ध



बढी सहानुभूति राख्ने व्यक्तिका रूपमा हेर्ने लगायत छन् ।[५२] अमेरिकामा प्रहरीबाट भएको अत्यधिक बल प्रयोगका आरोप र मुद्दाहरूको एक लैङ्गिक विश्लेषणले अत्यधिक बल प्रयोगविरुद्ध नागरिकले गरेका उजुरीहरूमध्ये ५ % मात्र र ठूला प्रहरी संगठनहरूमा अत्यधिक बल प्रयोगका दावी साबित भएका आरोपहरूको २ % मा मात्र महिला अधिकृतहरू संलग्न भएको पाएको थियो ।[५३]

यसका अतिरिक्त महिला तथा किशोरीहरू, र लैङ्गिक हिंसाबाट पीडित/प्रभावित पुरुषहरूले पनि उजुरी गर्दा महिला अधिकृतहरूलाई प्राथमिकता दिएको देखिएको छ ।[५४] महिला तथा किशोरी विरुद्ध हिंसाका अधिकांश पीडकहरू पुरुष र केटाहरू भएको पृष्ठभूमीमा यो कुरा आश्चर्यजनक भने होइन, र ऐतिहासिक रूपमा संस्थागत प्रहरी संस्कृति लैङ्गिक-उत्तरदायी प्रहरी अभ्यास र यसका हिमायतीहरूप्रति त्यति धेरै कतृज्ञ भएको अवस्था पनि छैन ।

सन् २०११ मा, युएन वुमनले युएनओडीसी (२००९) द्वारा संकलित ३९ देशका प्रहरी प्रतिनिधित्वसम्बन्धी तथ्याङ्कलाई अन्तर्राष्ट्रिय अपराध पीडित सर्वेक्षण (आईसीभिएस) द्वारा गणना गरिएको यौन दुर्व्यवहार विरुद्ध भएका उजुरीसँग तुलना गरेर हेर्दा महिला प्रहरी अधिकारीहरूको उपस्थिति यौन दुर्व्यवहारको रिपोर्टिङसँग सकारात्मक रूपमा सम्बन्धित रहेको पाइएको थियो ।[५५] यस विश्लेषणले प्रहरी संगठनहरूमा महिलाहरूलाई भर्ती गरी निरन्तरता दिने कार्यले महिला तथा किशोरी विरुद्ध हिंसाविरुद्धको प्रभावकारी प्रतिकार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने धारणालाई थप बल प्रदान गर्दछ (चित्र २ हेर्नुहोस्)।

प्रोग्रेस अफ द वर्ल्ड्स वुमन २०११ मा प्रहरीमा महिला र यौन दुर्व्यवहारको उजुरी (पृ.५९)

संस्थागत विकास तर्फको प्रयास युरोपोलले पनि यस्तै अध्ययनहरूतर्फ ध्यान दिएको छ । उदाहरणका लागि, युरोपोलले लैङ्गिक रुपमा सन्तुलित नेतृत्व भएका टोलीहरूले निर्णय प्रक्रियाको गुणस्तरमा उल्लेखनीय सुधार ल्याउने र लिङ्ग-सन्तुलित कार्यस्थलहरूले पनि राम्रो परिणाम दिने बुझेको छ ।[५६]

५२ Toolkit Tool 2: Policing and Gender in *Gender and Security Toolkit* (Geneva: DCAF, OSCE/ODIHR, UN Women, 2019).

५३ Men, Women, and Police Excessive Force: 'A Tale of Two Genders a Content Analysis of Civil Liability Cases, Sustained Allegations and Citizen Complaints,' (The National Center for Women and Policing, 2002).

५४ Welch, J and Mason, F., 'Rape and Sexual Assault', *British Medical Journal* 2007;334;1154-1158

५५ Progress of the World's Women 2011–2012: Families in a Changing World (UN Women, 2011).

५६ Wittenberg-Cox, A, 'How Women Mean Business: A Step by Step Guide to Profiting from Gender Balanced Business (2010)', in 'The Female Factor Gender Balance in Law Enforcement (EUROPOL, 2013), see: https://www.europol.europa.eu/publications-documents/female-factor-gender-balance-in-law-enforcement

फलस्वरूप, युरोपोलले थप विविधतापूर्ण र सन्तुलित कर्मचारी समूहले आफ्नो कार्यसम्पादन र परिणामलाई के-कसरी सुधार गर्छ भन्ने बारे थप अध्ययन गर्न लगानी गरेको छ, र त्यसका लागि यसका कर्मचारीहरू, विशेषगरी व्यवस्थापन तहमा किन असन्तुलन छ भनी पत्ता लगाउन आफ्नै लैङ्गिक सन्तुलन परियोजना (सन् २०१२) सुरु गरेको छ।[५७] यस परियोजनाको उद्देश्य त्यो लैङ्गिक असन्तुलनमा सुधार ल्याउने, लैङ्गिक समानताका बारेमा जनचेतना जगाउने र लैङ्गिक समानता युरोपोलको कार्यस्थलको वातावरणको अभिन्न अंग बनेको सुनिश्चित गर्ने अवधारणा विकास गर्नु हो।[५८]

फोटो सौजन्य : नेपाली संसार

लैङ्गिक-उत्तरदायी प्रहरी संगठनका लागि कर्मचारी नियुक्त गर्ने र कायम राख्ने

सारमा भन्नुपर्दा प्रहरी संङ्गठनहरूमा संख्यामा थोरै भएपनि महिला प्रहरी अधिकारीहरूले प्रहरीलाई वैध र विश्वासयोग्य बनाउनमा योगदान गर्ने प्रचुर क्षमता राख्दछन्। वैध र भरपर्दो मानिनु आधुनिक प्रहरी संगठनका लागि अत्यावश्यक तत्व हो।

फलस्वरूप, महिलाहरूलाई प्रहरी संगठनमा नियुक्त गर्नु र कायम राख्नु अन्तर्निहित रुपमा लैङ्गिक-उत्तरदायी प्रहरीको डिएनएकै अंश हो। यद्यपि, यो कथा पूर्ण भने होइन। अनुभवले के भन्छ भने अत्यावश्यक सेवा प्रवाहका लागि आवश्यक क्षमतामाथि उचित स्रोतसाधन सुनिश्चित गर्नु र सबै कर्मचारी राम्रोसँग प्रशिक्षित र उत्प्रेरित छन् भन्ने सुनिश्चित गर्नु पनि महिला अधिकारीहरूको उपस्थिति बढाउन र कायम राख्न जत्तिकै महत्वपूर्ण छ।[५९]

अपराध रोकथाम र फौजदारी न्यायको क्षेत्रमा महिला विरुद्ध हुने हिंसा उन्मूलनका लागि अद्यावधिक गरिएको मोडेल रणनीतिहरू र व्यावहारिक उपायहरू (*Updated Model Strategies and Practical Measures on the Elimination of Violence against Women in the Field of Crime Prevention and Criminal Justice*) राज्यहरूलाई निम्नखिलित कार्य गर्न आग्रह गर्दछ :

- प्रहरी बल र न्याय प्रणालीका अन्य निकायहरू, विशेषगरी निर्णायक र व्यवस्थापकीय तहहरूमा लैङ्गिक रुपमा समतामूलक प्रतिनिधित्व सुनिश्चित गर्ने;
- सम्भव भएसम्म हिंसा पीडितहरूलाई महिला अधिकारीसँग कुरा गर्ने अधिकार प्रदान गर्ने, चाहे त्यो प्रहरी वा अन्य फौजदारी न्याय अधिकारी होस्;[६०]

तथापि, उद्देश्य प्रहरी सेवामा प्रतिनिधित्व बढाउने मात्रै हो भने त्यसबारे सचेत हुनुपर्छ किनभने प्रहरी संगठनले महिला अधिकारीहरू मात्रै महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूका लागि लैङ्गिक रुपमा संवेदनशील र जिम्मेवार हुनुपर्दछ भन्ने रूढीवादी धारणलाई बढावा दिने जोखिमलाई बढावा दिने अवस्था आउनसक्छ।[६१]

समग्रमा सबै प्रहरी अधिकारीहरूको भर्ती, निरन्तरता र पदोन्नतिमा अन्तरसम्बद्ध र अधिकारमा आधारित अवधारणामा लैङ्गिक-उत्तरदायी प्रहरी सेवा प्रतिबिम्बित दक्षताहरू प्रस्तुत गर्ने उम्मेदवारहरूलाई प्राथमिकता दिनुपर्छ र प्रवर्द्धन् गर्नुपर्छ।

> "महिलाहरूसँग व्यवस्थापन र निर्देशनमा सराहनीय सीपहरू छन् ... उनीहरूसँग राम्रो सुन्ने र प्रतिनिधित्व गर्ने सीपहरू छन्, वास्तविकताको पूर्ण ज्ञान छ र सामान्यतया धेरै व्यवस्थित छन्। उनीहरू साना विवरणहरूमा विशेष ध्यान दिँदै, ठूलो लगानशीलताका साथ जिम्मेवारीहरू लिने हुँदा प्रमुख रणनीतिहरूलाई सन्तुलनमा राख्न सक्षम छन्।"
>
> - Ignacio Cosidó Gutiérrez, Director of the Spanish National Police (2013)

साथै, त्यस्ता लैङ्गिक-संवेदनशील भर्ती नीतिहरूको कार्यान्वयन मानव अधिकार र लैङ्गिकताका मुद्दाहरूमा कर्मचारी तालिम,

५७ The Female Factor Gender Balance in Law Enforcement (EUROPOL, 2013), see: https://www.europol.europa.eu/publications-documents/female-factor-gender-balance-in-law-enforcement

५८ Ibid.

५९ 'Progress of the World's Women 2011–2012: Families in a Changing World' (UN Women, 2011).

६० A/Res/65/228, annex, para. 16 (k-l). See also: UNODC's Education For Justice Module on Gender in the Criminal Justice System, Topic 4- Gender diversity in the criminal justice workforce

६१ Ibid.

महिला र विभिन्न लैङ्गिक पहिचान भएका व्यक्तिहरूको जोखिम कम गर्ने पूर्वाधार विकास र भेदभावबाट जोगाउन र त्यसलाई सम्बोधन गर्ने प्रक्रियाहरूको समानान्तर चल्नुपर्छ ।[६२]

डीसीएएफको जेण्डर टूलकिट (२०१९) ले लैङ्गिक रुपमा उत्तरदायी प्रहरी सेवा (बाकस ९) अनुरुप प्रहरी अधिकारीको जागिरका कार्य विवरणहरूका लागि दक्षताहरूको उदाहरणहरू प्रस्तुत गर्दछ :

बाकस ९

प्रहरी अधिकारीको कार्य विवरणमा दक्षताहरू

- जनसंख्याको विविध समूहहरू (पुरुष, महिला, केटी, केटा, विविध यौन झुकाव र लैङ्गिक पहिचान र अभिव्यक्तिका व्यक्तिहरू, विभिन्न उमेर, जाति, धर्म, आदि) सँग प्रभावकारी अन्तरसांस्कृतिक सञ्चार सीप ;
- समानुभूति राख्ने, राम्रो संग सुन्नसक्ने क्षमता भएको;
- अस्थिर परिस्थितिलाई मत्थर बनाउने र विवादहरू मध्यस्थता गर्ने क्षमता;
- फरक-फरक स्वार्थ भएकाहरूबीच सहमति निर्माण गर्नसक्ने क्षमता;
- एकै पटक धेरै काम गर्नसक्ने क्षमता र प्रतिस्पर्धी मागहरू बीच प्राथमिकता निर्धारण गर्नसक्ने;
- विभिन्न सरकारी विभाग र अन्य सरोकारवालाहरूको समन्वय र सहकार्य गर्ने क्षमता;
- अपराध र सामाजिक समस्याहरूप्रति निवारणात्मक अवधारणा विकास गर्न अग्रसक्रिय;
- अन्यलाई सम्मान गर्ने र विनम्र;
- मूल्यमान्यतामा परामर्श र सम्बन्ध निर्माण;
- इमानदार र उचित प्रक्रिया अनुसरण गर्न प्रतिबद्ध

स्रोत: Toolkit Tool 2: Policing and Gender in Gender and Security Toolkit, (Geneva: DCAF, OSCE/ODIHR, UN Women, 2019)

यसका अतिरिक्त, युएन प्रहरीको जेण्डर टूलकीट (२०१५)[६३] ले प्रहरी भर्ती र रिटेन्सन प्रक्रियाहरूका लागि थप मार्गदर्शन प्रदान गर्दछ, जसले विविधतापूर्ण प्रहरी सेवाका लागि भर्तीमा डीसीएएफको मार्गनिर्देशन (माथि)लाई पूरक र सुदृढ गर्दछ । यद्यपि, यस हातपुस्तिकामा प्रस्ताव गरिएका र सिफारिस गरिएका सबै निर्देशनहरू जवाफदेहीताका उपायहरू र भेदभावपूर्ण अवरोधहरू हटाउने नीतिहरूको साथ बिना सजिलै अवमुल्यन हुनुसक्छ ।

उदाहरणका लागि, प्रहरी सेवामा रहेका महिलाहरूले अवरोधहरू सामना गर्छन् जुन पुरुषहरूले गर्नुपर्दैन्, जस्तै: विभिन्न नाम दिइने (लेबलिङ) र यौन दुर्व्यवहारका प्रभावहरू । यसका अतिरिक्त, यी महिला प्रहरी अधिकारीहरूले संरचनात्मक पारिवारिक अपेक्षाहरू र मुल्यमान्यताहरूका कारणले आफ्नो क्यारियरलाई अगाडि बढाउन नचाहने तथ्याङ्कले देखाउँछ ।[६४] नतिजास्वरुप लैङ्गिक परिप्रेक्ष्यबाट प्रहरीमा हुने भर्ती प्रक्रियाहरूको समीक्षा आवश्यक पर्ने नीतिहरू महिलाहरूप्रति भेदभावपूर्ण छन् वा छैनन् भनी निर्धारण गर्न महत्वपूर्ण छन् । यस सम्बन्धमा, युएन वुमनले प्रहरी भर्ती नीतिहरूले निम्नलिखित कुराहरू सुनिश्चित गनुपर्ने सिफारिस गर्दछ [६५]:

१. निर्णायक तहका पदहरूमा प्रवेश गर्न महिलाहरूका लागि स्पष्ट मार्ग छ ;

२. मानव संसाधन योजनाहरूले महिला श्रम शक्तिको दिगो वृद्धिलाई समर्थन गर्दछन् ;

३. महिला कर्मचारीहरूलाई कायम राख्नका लागि अवस्था र प्रोत्साहनहरू छन् ।

६२ Gordon, E., McHugh, C., and Townsley, J., 'Risks versus Transformational Opportunities in Gender-Responsive Security Sector Reform', *Journal of Global Security Studies*, 0(0), 2020, 1–16 doi: 10.1093/jogss/ogaa028.

६३ See: Section 1: 'Assisting Host State Police in Recruiting Female Police Officers', (UNPOL *Gender Toolkit* 2015).

६४ Graue T.M., Hildie, R.E., and Weatherby, G.A, 'Women in Modern Policing'. Department of Sociology and Criminal Justice, Gonzaga University, Spokane, WA, USA, *Journal of Social Sciences and Humanities* Vol. 2, No. 3, 2016, pp. 51-62 ISSN: 2381-7763 (Print); ISSN: 2381-7771.

६५ 'A Practitioner's Toolkit on Women's Access to Justice Programming' (UN Women et al, 2018).

महिला र अल्पसंख्यक समूहहरू विरुद्ध भेदभाव निम्त्याउने बाधा र व्यवधानहरू पहिचान गर्न जिम्मेवार आन्तरिक समिति वा कार्यदलहरूको स्थापना अर्को सकारात्मक कदम हो । तर, यी समिति वा कार्यदलहरूले आफ्नो सदस्यतामा लैङ्गिक समानता र समानताका सिद्धान्तहरू प्रतिबिम्बित गरेको हुनुपर्छ । यसबाहेक, अपेक्षित प्रभाव पार्नका लागि त्यसका लागि पर्याप्त स्रोतसाधन र प्रहरीका वरिष्ठ र कार्यकारी नेतृत्वको समर्थन हुनुपर्छ । बाकस १०ले कसरी लाइबेरिया प्रहरीको एउटा समूहले महिला अधिकारीहरूको सकारात्मक प्रगतिलाई प्रभाव पारेको भन्ने बारेमा लाइबेरियाको उदाहरण प्रदान गर्दछ:

बाकस १०

लाइबेरियामा महिला प्रहरीहरूद्वारा बरिष्ठ नेतृत्व भूमिकाका लागि वकालत

युएन वुमनको सहयोगमा, लाइबेरियाली महिला कानून कार्यान्वयन संघले वरिष्ठ व्यवस्थापककहरूसहित सुरक्षा क्षेत्रमा संलग्न सबै सरोकारवालाहरूलाई एकै ठाउँमा भेला गरी एउटा गोष्ठीको आयोजना गर्यो । त्यसको मुख्य बिषयवस्तुमा सुरक्षा निकायमा महिलाले सामना गर्नुपरेका चुनौतिहरूका बारेमा छलफल थियो । उदाहरणका लागि, लाइबेरिया राष्ट्रिय प्रहरीमा कार्यकारी पदहरूमा महिलाहरू थिएनन् र (१२६ पुरुषहरू हुँदा) केवल १६ जना महिलाहरू सुपरिवेक्षणको भूमिकामा थिए, साथै सम्पूर्ण बलमा कलेजबाट स्नातक गरेका ७८ महिलाहरू थिए।

संघ लाइबेरिया राष्ट्रिय प्रहरी र कार्यकारी भवन सुरक्षा सेवा दुवैमा दुई वरिष्ठ महिला अधिकारीहरूको नियुक्तिका लागि पैरवी सफल भयो, जसमा हाल लाइबेरिया राष्ट्रिय प्रहरीमा वरिष्ठताको तेस्रो श्रेणीमा रहेका एक जनासमेत थिइन् ।

स्रोत : 'Analysis of Country Annual Reports', (UN Women, 2016). -ck|sflzt_.

बाकस ११

दक्षिण पूर्वी यूरोपमा महिला प्रहरी अधिकारीहरूको नेटवर्क (डब्लुपीओएन)

अर्को सकारात्मक उदाहरण दक्षिण पूर्वी यूरोपमा महिला प्रहरी अधिकारीहरूको सञ्जाल (डब्लुपीओएन) हो, जसले सन् २०१३ सम्म सञ्चालनमा रहेको अवधिमा लैङ्गिक समानता र प्रहरी सेवासँग सम्बन्धित मामिलाहरूमा यस क्षेत्रका प्रहरी सेवाहरूका लागि प्रभावशाली सल्लाहकार निकाय र नेटवर्क स्थापना गर्न सफलता गरेको थियो । यस विषयमा, डब्लुपीओएनले धेरै उपयोगी 'लैङ्गिक-संवेदनशील प्रहरी सेवाका लागि निर्देशिका, भर्ती, छनोट र प्रहरी सेवाहरूमा महिलाहरूको व्यावसायिक विकासमा जोड सहित' (२०१२)) पनि विकसित गरेको छ ।

यो निर्देशिका सबै तहका प्रहरी व्यवस्थापकहरू, विशेषगरी शिक्षा, मानव संसाधन र जनसम्पर्कका लागि जिम्मेवार विभागहरूमा काम गर्नेहरू, वा गृह मन्त्रालयका अन्य अधिकारीहरू र भर्ती, भर्ना, छनौट, र व्यावसायिक व्यवस्थापन गर्ने प्रहरीहरूका लागि म्यानुअलको रूपमा निर्माण गरिएको थियो । त्यसमा सरल र कम लागतका उपायहरू प्रस्ताव गरिएको छ, जसले प्रहरी सेवाहरूमा बढी योग्य महिलाहरूलाई आकर्षित गरी त्यसलाई कायम राख्न, र लैङ्गिक समानतालाई अगाडि बढाउन मद्दत गर्नेछ ।

स्रोत: 'Guidelines for Gender Sensitive Policing, with an Emphasis on Recruitment, Selection and Professional Development of Women in Police Services', The Women Police Officers Network in South East Europe (WPON)- South Eastern and Eastern Europe Clearinghouse for the Control of Small Arms and Light Weapons (SEESAC, 2012), see: https://www.seesac.org/f/tmp/files/publication/812.pdf

आन्तरिक लैङ्गिक मूल्याङ्कन

डिसिएएफ अनुसार लैङ्गिक समानतामा रहेका अवरोध र प्रवेश बिन्दुहरूको आन्तरिक मूल्याङ्कन लैङ्गिकरुपमा उत्तरदायी प्रहरी सेवातर्फको पहिलो कदम हुनुपर्छ। आन्तरिक मूल्याङ्कनले देहाय विषयमा सहयोग गर्नसक्छ :

- सीप, ज्ञान, कार्यादेश, नीति र कार्यविधिहरूको आधारमा लैङ्गिक समस्याहरूलाई सम्बोधन गर्न तपाईंसँग हाल रहेका संस्थागत स्रोतहरू पहिचान गर्ने ;
- तपाईंले सेवा गर्ने समुदायहरूमा महिला, पुरुष, केटी र केटाहरूका आवश्यकताहरू पूरा गर्नमा के कुराले काम गरिरहेको छ र केले काम गरिरहेको छैन भन्ने कुरा पहिचान गर्ने ;
- प्रशिक्षण र साधनका आवश्यकताहरूको पहिचान गर्ने ;
- प्रगतिको निगरानी र मूल्याङ्कन गर्न आधाररेखा (बेसलाइन) तथ्याङ्क प्राप्त गर्ने ;
- उत्कृष्ट काम गर्ने वातावरण र निष्पक्ष अवसरहरूप्रति आफ्नो प्रतिबद्धता कर्मचारीहरूसमक्ष प्रस्तुत गर्ने ;
- पुरुष र महिला कर्मचारीहरू किन जागिर छाड्छन् त्यसबारेमा बुझ्ने ;
- महिला र पुरुषको समान भर्ती, निरन्तरता र उन्नतिलाई समर्थन गर्ने विद्यमान असल अभ्यासहरूको पहिचान गर्ने ;
- मानव अधिकार र लैङ्गिक समानता प्रतिबद्धताहरू पूरा गर्ने आफ्नो प्रतिबद्धता आफ्नो स्थानीय समुदाय, सरकार र अन्य सरोकारवालाहरूलाई अवगत गराउने ;
- समुदायहरू, गैर-सरकारी संस्थाहरू (गैससहरू) र परिपूरक सेवा प्रदायकहरूसँगको साझेदारीलाई सुदृढ गर्ने ;
- अझ बढी लैङ्गिक उत्तरदायी बन्न यथार्थपरक लक्ष्य र व्यावहारिक रणनीतिहरू विकास गर्ने ।

लैङ्गिक-उत्तरदायी प्रहरी सेवाका अवरोधहरू र प्रवेश बिन्दुहरूको आन्तरिक मूल्याङ्कनलाई विचार गर्दा हातेपुस्तिकाले डिसीएफएको 'Gender Self-Assessment Guide for the Police, Armed Forces and Justice Sector (2011) सिफारिस गर्दछ ।



लैङ्गिक-उत्तरदायी प्रहरी सेवाका लागि तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रयोग

लैङ्गिक-उत्तरदायी प्रहरीका लागि जनताको विश्वासका सूचकहरू

आन्तरिक लैङ्गिक मूल्याङ्कन पूरा भएपछि प्रहरीले सही काम गरिरहेको छ वा छैन र महिला तथा किशोरी विरुद्ध हिंसाको व्यापकतामा त्यसको प्रभाव मापन गर्नका लागि आधाररेखा (बेसलाइन)हरू स्थापना गर्न सक्छ। महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्यमा प्रहरी कत्तिको प्रभावकारी हुनेछ भन्ने कुरामा जनताको विश्वासले मुख्य भूमिका निर्वाह गर्छ किनभने यो अपराध र हिंसाको उजुरी गर्न प्रहरीलाई संलग्न गराउने जनताको इच्छाको यो राम्रो सूचक हुनेछ। त्यसैकारण, प्रहरीले बेसलाईन र तथ्याङ्क सङ्कलन विधिहरू तदनुसार विकास गर्नुपर्छ, जसबाट उनीहरूलाई महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्य प्रभावकारी रूपमा गर्न आफू सही मार्ग छु वा छैन भन्ने कुरा थाहा हुन्छ।

> लैङ्गिक भूमिका, गतिविधि, आवश्यकता, अवसर र अधिकार/हकका आधारमा रहेको भिन्नताले पुरुष, महिला, केटी र केटाहरुलाई निश्चित परिस्थिति वा सन्दर्भहरुमा कसरी प्रभाव पार्छ भन्ने बारेमा लैङ्गिक विश्लेषण एउटा महत्वपूर्ण जाँच हो ।

प्रहरी संगठनमाथि जनताको विश्वास मापन गर्ने धेरै विधिहरू छन्। उदाहरणका लागि, स्ट्यान्को र ब्राडफोर्डले निम्नलिखित गुणात्मक संकेतहरूलाई सम्बोधन गर्ने तथ्याङ्क संग्रह गर्न प्रहरी प्रणालीहरूलाई सिफारिस गर्छन् : (क) प्रहरी प्रभावकारिताबारे जनधारणा; (ख) व्यक्तिगत व्यवहारको आधारमा निष्पक्षता; (ग) समुदायसँगको प्रहरी संलग्नताको स्तर र (घ) स्थानीय अव्यवस्थाका बारेमा स्थानीय जनताको चासो। यी सबै कुराले प्रहरीप्रतिको 'समग्र' विश्वासमा गहिरो प्रभाव पार्छन्।[६६]

यद्यपि, लैङ्गिक-उत्तरदायी प्रहरी सेवाको उद्देश्यका लागि स्ट्यान्को र ब्राडफोर्डबाट सिफारिस गरिएका गुणात्मक सूचकहरूले महिला र किशोरीहरूको सुरक्षा आवश्यकताहरूलाई प्रभाव पार्ने अन्तरसम्बन्धित पक्षहरूको **लैङ्गिक-संवेदनशील विश्लेषण**का लागि थप खण्डकीकरण आवश्यक हुन्छ।

६६ Stanko, E.A., and Bradford, B. (2009), "Beyond Measuring 'How Good a Job' Police Are Doing: The MPS Model of Confidence in Policing", *Policing*, Volume 3, Number 4, pp. 322–330. Oxford University Press.

तलको बाकस १२ ले प्रहरी संगठनमा जनविश्वाससम्बन्धी स्ट्यान्को र ब्राडफोर्ड(सन् २००९)का चार उपायहरूलाई महिला तथा किशोरी विरुद्ध हिंसाको सम्बोधनमा प्रहरी कार्यसम्पादनको अनुगमनका लागि अझ बढी लैङ्गिक-संवेदनशील विश्लेषण सुनिश्चितगर्न कसरी थप विखण्डीकरण गर्न सकिन्छ भन्ने उदाहरणहरू प्रस्तुत गर्दछ :

बाकस १२

प्रहरीमाथि जनविश्वास[६७]	प्रहरीको प्रभावकारिताप्रति धारणा	व्यक्तिगत व्यवहारको निष्पक्षता	स्थानीय अव्यवस्थाका बारेमा स्थानीय जनताको चासो	समुदायसँग प्रहरी संलग्नताको स्तर
गुणात्मक सूचकहरू सम्भव भएसम्म उमेर र अन्य सामाजिक-आर्थिक आधारमा विखण्डित	प्रहरी सेवामा महिला र किशोरीहरूको आत्मविश्वासको स्तरमा वृद्धि अत्यावश्यक सेवा साझेदारहरूद्वारा प्रहरीको प्रेषण (रेफरल) प्रभावकारिताको धारणामा वृद्धि	पीडित/प्रभावित र/वा परिवारले दोहोरो पीडितको हुनु परेको उजुरी कम गरिरहेका छन्[६८] महिला तथा किशोरी विरुद्ध हिंसाका मामिलाहरूमा प्रथम प्रतिकार्यमा संलग्न प्रहरीहरू विरुद्ध उजुरीहरूमा कमी	आफ्नो सहभागिता सार्थक भएको महसुस गर्ने पीडित/प्रभावितहरू र/वा परिवारको सन्तुष्टि, र त्यसको परिणामस्वरुप आफू सुरक्षित महसुस गर्ने अवस्था वृद्धि	प्रहरीको अत्यावश्यक सेवाहरूमाथि गैससहरूको विश्वासको स्तरमा वृद्धि ।
परिमाणात्मक सूचकहरू सम्भव भएसम्म उमेर र अन्य सामाजिक-आर्थिक चरहरूद्वारा विभाजित	उपयुक्त अत्यावश्यक सेवा प्रदायकहरूलाई रेफरलहरूको संख्यामा वृद्धि विशेषज्ञ महिला तथा किशोरी विरुद्ध हिंसा सेवाहरू प्रयोग गर्नु परेको र जसले सबै प्रकारका दुर्व्यवहारको पूर्ण अन्त्यको जानकारी गराउन सक्ने पीडितहरू/प्रभावितहरूको %	न्याय निरन्तरता चरणहरू (प्रारम्भिक सम्पर्क, अनुसन्धान, पूर्व-सुनुवाई आदि)का आधारमा विखण्डित एट्रिसन दरहरूमा कमी ।	प्रहरीलाई महिला तथा किशोरी विरुद्ध हिंसाको उजुरी गर्ने पीडित/प्रभावितको दरमा वृद्धि व्यक्तिगत अपराधीहरूद्वारा दोहोर्याइएको अपराधको संख्यामा % मा कमी	महिला तथा किशोरी विरुद्ध हिंसाबारे जानकारी प्रदान गर्न प्रहरीसँग साझेदारी गर्ने सामुदायिक संस्थाहरूको संख्या विद्यालय, अन्य शैक्षिक प्रतिष्ठान र समुदायमा प्रहरीबाट महिला तथा किशोरी विरुद्ध हिंसासम्बन्धी सचेतना प्राप्त गर्ने युवाहरूको संख्या

प्रहरी कार्यसम्पादनका उपायहरू जटिल र बहु-आयामी रहेको कुरा यहाँ प्रकाश पार्नु महत्वपूर्ण छ, त्यसैले यस हातेपुस्तिकामा सिफारिस गरिएका सबै सूचकहरूलाई पूर्ण रहेको रूपमा हेरिनु हुँदैन र एक्ला-एक्लै हेरिनुको सट्टा एक अर्कासँगको संयोजनमा विचार गरिनु पर्छ ।

यसका अतिरिक्त कार्यसम्पादन मापन लागू गर्न सकिने आधारभूत जानकारीको अनिवार्य आवश्यकता बाहेक प्रहरी तथ्याङ्क सङ्कलन प्रणालीले महिला तथा किशोरी विरुद्ध हुने हिंसाका मामिलाहरूमा फलोअप गर्नका लागि एउटा पृथक पीडित पहिचानकर्ताको स्थापना गर्नेतर्फ विचार गर्न आवश्यक छ ।[६९]

लिंग र अन्य अन्तरसम्बद्ध आधारमा विखण्डित नभएको तथ्याङ्क प्रतिनिधि होइन

अन्तरंग व्यक्तिबाट हुने हिंसाको मामलामा, पृथक पीडित पहिचानकर्ताहरू सहितको प्रहरी तथ्याङ्क सङ्कलन प्रणालीहरूले महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूको सुरक्षा र संरक्षण सुनिश्चित गर्न सक्रिय गरिएको सुरक्षा उपायहरूको प्रभावका साथै दोहोरिने अपराधको व्यापकताको निगरानी गर्न सक्छ । यस सन्दर्भमा, रोलिङ्स र टेलर (सन् २००८) समयसँगै अपराधीहरूलाई नियन्त्रण गर्नाले दोहोरिने अपराधहरूलाई ठीकसँग मापन गर्न र एट्रिशन दर वा प्रहरी सेवाप्रति महिला तथा किशोरीहरूको धारणा जस्ता अन्य तथ्याङ्कसँग तुलना गर्न सम्भव बनाउँछ ।[७०]

पीडकको व्यवहार अनुगमनका लागि प्रहरी तथ्याङ्क सङ्कलन गर्ने सन्दर्भमा बेलायतको हालैको अनुभवले प्रहरीलाई निम्नलिखित

६७ As per Stanko, E.A., and Bradford, B (2009).

६८ Secondary victimization has been defined in the UN *Updated Model Strategies and Practical Measures* to be victimization that occurs not as a direct result of the act but by through the inadequate response of institutions and individuals to the victim.

६९ Measuring police performance in domestic and family violence (2008). Rollings, K. and Taylor, N. for Trends & issues in crime and criminal justice No. 367 December 2008. Australian Government. Australian Institute of Criminology.

७० Ibid.

सूचकहरूलाई लक्षित गर्न सिफारिस गरेको छ:[७१]:

- महिला तथा किशोरी विरुद्ध हिंसाका नियमित पीडकहरूको संख्यामा कमी;
- दोहोरिने र नयाँ पीडित/प्रभावितको संख्यामा कमी;
- पीडित/प्रभावित र बालबालिकालाई हुने हानिमा कमी;
- अन्तरंग व्यक्तिबाट हुने हिंसाको उच्च-जोखिम, उच्च-हानिको अवस्थामा रहेको परिवारहरूको सुरक्षा गर्न छिटो प्रतिकार्य समय ।

अर्को उदाहरणमा, तलको बाकस १३ ले अष्ट्रेलियाको सामाजिक विज्ञान विभागबाटसरकारी नेतृत्वमा भएकाको एउटा एउटा रोचक आधारभूत अध्ययन प्रदान गर्दछ, जुन पारिवारिक र घरेलु हिंसा (एफडभी) का पीडकरूको व्यवहारमा केन्द्रित छ । आधारभूत अध्ययनले पीडकको व्यवहार अनुगमन गर्न प्रहरीले प्रयोग गर्न सक्ने सूचकहरूको श्रृङ्खला पनि तयार गरेको छ । संकलित आधारभूत तथ्याङ्क पीडक-केन्द्रित अनुसन्धानहरूलाई सूचित गर्न महत्वपूर्ण हुनेछ, लैङ्गिक-उत्तरदायी प्रहरी सेवाका लागि एक प्रमुख तत्वका रुपमा यो रहनेछ ।

बाकस १३

पीडक-केन्द्रित अनुसन्धानलाई सूचित गर्न तथ्याङ्क सङ्कलन

अष्ट्रेलियामा, सामाजिक विज्ञान विभागले पारिवारिक र घरेलु हिंसाका पीडकहरूको मनोवृत्ति र परिवर्तिन व्यवहारलाई लक्षित गर्ने राष्ट्रिय कार्यक्रमहरूको अनुगमन तथा मापन गर्नका लागि "अपराधी हस्तक्षेपका लागि राष्ट्रिय परिणाम मानकहरू (एनओएसपीआइ)" भनिने बेसलाइन रिपोर्ट सन् २०१५-२०१६ का लागि जारी गर्यो ।

प्रतिवेदन अपराधी प्रणालीको कार्यसम्पादनमा राष्ट्रव्यापी तथ्याङ्कको सङ्कलनमा आधारित थियो, जसमा अपराधीहरूलाई जवाफदेही बनाएर उनीहरूले गरेको हिंसाको परिणाम सामना गर्नुपर्ने सुनिश्चित गर्ने, र उनीहरूको व्यवहार र मनोवृत्ति परिवर्तन गर्नका लागि सेवा प्रदायकहरूलाई उनीहरू काम गर्ने दिनेमा केन्द्रित थियो । एनओएसपीआईले महिला तथा किशोरी विरुद्ध हुने हिंसामा उनीहरूको प्रतिकार्य पर्याप्त रूपमा सूचित गरिएको छ भनी सुनिश्चित गर्नका लागि प्रयोग गर्न सक्ने सूचकहरूको शृङ्खलाको प्रयोग र सिफारिस गरेको छ, जसमा निम्नलिखित समावेश छन् :
पीडित जोखिम मूल्याङ्कन गरिएको उजुरी गरिएको परिवार तथा घरेलु हिंसाका घटनाहरूको अनुपात,

- पीडितलाई मूल्याङ्कनका लागि उपयुक्त सेवा वा कार्यक्रममा प्रेषण गरिएको प्रहरी भएको परिवार तथा घरेलु हिंसाका घटनाहरूको उजुरीको अनुपात ;
- परिवार तथा घरेलु हिंसाका हस्तक्षेप आदेश जारी गरिएको प्रहरीले सम्बोधन गरेको परिवार तथा घरेलु हिंसाका घटनाहरूको अनुपात;;
- यौन दुर्व्यवहारसम्बन्धी विशेषज्ञ सेवाहरूमा प्रेषण गरिएका यौन दुर्व्यवहारको उजुरी गर्ने पीडितहरूको अनुपात;
- सूचनामा परिवार तथा घरेलु हिंसाको अभिलेख गर्ने बाल सुरक्षा सूचनाहरूको अनुपात;
- क) पीडकमाथि हस्तक्षेप अघि र ख) पीडकमाथि हस्तक्षेप पछिको समयमा सुरक्षित महसुस गर्ने महिलाहरू (र उनीहरूका बालबालिकाहरू) को अनुपात;
- १२ महिना भित्र एउटै पीडकबाट पुनः पीडित हुने परिवार तथा घरेलु हिंसाका सामना गर्ने महिलाहरूको अनुपात ;
- १२ महिना भित्र पुनः पीडित हुने परिवार तथा घरेलु हिंसाको सामना गर्ने बालबालिकाको अनुपात ;
- पीडकलाई मूल्याङ्कनका लागि उपयुक्त सेवा वा कार्यक्रममा पठाइएको परिवार तथा घरेलु हिंसाका घटनाहरूको अनुपात ;
- आरोप दर्ता गरिएको प्रहरी समक्ष उजुरी गरिएको वा अभिलेख भएको (उपयुक्त भएअनुसार) परिवार तथा घरेलु हिंसा वा यौन हिंसाका घटनाहरूको अनुपात ;
- पहिलो पटक अपराध गर्ने पीडकहरूको अनुपात;
- व्यवहार परिवर्तन कार्यक्रम (वा अन्य पीडक हस्तक्षेप कार्यक्रमहरू) पूरा गरेको १२ महिना भित्र नयाँ परिवार तथा घरेलु हिंसा वा यौनजन्य अपराध गर्ने हरूको परिवार तथा घरेलु हिंसाका पीडकहरूको अनुपात ।

*स्रोतः 'National Outcome Standards for Perpetrator Interventions (NOSPI) Baseline Report 2015-2016', Australian Department for Social Sciences, see: https://plan4womenssafety.dss.gov.au/wp-content/uploads/2018/08/nationaloutcomestandardsreportweb.pdf

७१ Taken from 'Evaluation of the Drive Project – A Three-year Pilot to Address High-risk, High-harm Perpetrators of Domestic Abuse' (Centre for Gender and Violence Research, University of Bristol, 2019).

महिला तथा किशोरी विरुद्ध हुने हिंसाको व्यापकता

महिला तथा किशोरी विरुद्ध हुने हिंसाको व्यापकतासम्बन्धी तथ्याङ्क संकलन एउटा चुनौतीपूर्ण तर सार्थक अभ्यास हो, किनभने यसका लागि महिला र किशोरीहरूका हिंसाका अनुभवहरूका बारेमा सोधपुछ गर्नका लागि दिइएको जनसङ्ख्यामा महिला र किशोरीहरूको प्रतिनिधित्व नमूनाको सर्वेक्षण गर्न आवश्यक पर्दछ ।

यस हातेपुस्तिकाको प्रयोजनका लागि महिला तथा किशोरी विरुद्ध हुने हिंसाको व्यापकतालाई एक सांख्यिकीय अवधारणाको रूपमा परिभाषित गरिनेछ, जसले लैङ्गिक हिंसाका कार्यहरूको संख्यालाई जनाउँछ जसले महिला र किशोरीहरूलाई शारीरिक, यौन वा मनोवैज्ञानिक हानि वा पीडा निम्त्याउन सक्छ, र त्यसमा त्यस्तो कार्य गर्ने धम्की जबरजस्ती गर्ने वा स्वेच्छाचारी रुपमा स्वतन्त्रताको वञ्चितीकरण समेत पर्छन् र त्यस्तो कार्य सम्बन्धित समुदायको सार्वजनिक वा निजी जीवनमा भएको हुनसक्छ ।[७२]

गुणस्तर र इमान्दारितामा उचित ध्यान दिदै उपयुक्त ढंगले सञ्चालन गरिएको अवस्थामा व्यापकतासम्बन्धी तथ्याङ्कका लागि गरिने जनसंख्यामा आधारित सर्वेक्षण महिला तथा किशोरी विरुद्ध हुने हिंसाको सामान्यता अनुमान गर्नका लागि तथ्याङ्को सबैभन्दा राम्रो स्रोत हो र महिला तथा किशोरी विरुद्ध हुने हिंसाका अधिकांश प्रकारको दायरा, प्रकार र परिणामहरूमाथि प्रकाश पार्न पनि मद्दत गर्दछ ।[७३]

महिला तथा किशोरी विरुद्ध हुने हिंसाको व्यापकताको तथ्याङ्कले प्रहरीलगायत अत्यावश्यक सेवा प्रदायकहरूलाई महिला तथा किशोरी विरुद्ध हुने हिंसामा गरिएको प्रतिकार्यले वाञ्छित प्रभाव पारिरहेको छ वा छैन भन्नेबारे अझ यथार्थपरक सूचना प्रदान गर्दछ । यद्यपि, महिला तथा किशोरी विरुद्ध हुने हिंसाको व्यापकता सम्बन्धी तथ्याङ्कहरू संकलन गर्ने जिम्मेवारी प्रहरीलाई दिन सकिँदैन किनभने प्रहरीहरू सामान्यतया उनीहरूलाई उजुरी गरिएका मुद्दाहरूको सङ्ख्या, अपराधको कानुनी वर्गीकरण र (सामान्यतया) प्रयोग गरिएको शारीरिक हिंसा जस्ता जानकारीहरू मात्र योगदान गर्ने स्थितिमा हुन्छन् ।

महिला र (किशोरी) केटीहरूलाई उनीहरूले सामना गरेको हिंसाको आवृत्ति र परिस्थितिहरूसहित त्यसका स्वास्थ्य परिणामहरू र उनीहरूले मद्दतका लागि चालेका कदमबारेमा सर्वेक्षण गर्नु एउटा अत्यन्त संवेदनशील विषय हो, जसका बारेमा जानकारी दिन आपसी विश्वास आवश्यक हुन्छ ।[७४] विश्वास एउटा महत्वपूर्ण तत्व हो जुन सबै प्रहरीले संगठनले महिला र किशोरीहरूबाट पाउन सक्दैनन्, विशेषगरी उनीहरू अल्पसंख्यक र/वा प्रतिनिधित्व नभएका समुदायहरूबाट छन् भने यो अझ कठिन हुन्छ । यसरी व्यापकताको विषयमा तथ्याङ्क संकलन गर्न धेरै सक्षम सरकारी निकाय र तिनका सरोकारवाला साझेदारहरू सम्मिलित हुने गरी एउटा समग्र दृष्टिकोण आवश्यक हुन्छ ।

यस्ता सर्वेक्षणहरूमा प्रति पीडित/प्रभावित महिला तथा किशोरी विरुद्ध हुने हिंसाको आवृत्तिबारे जानकारी प्राप्त गरिएको सुनिश्चित गर्नु विशेष महत्वपूर्ण छ किनभने यसले फौजदारी न्याय प्रणालीको तथ्याङ्क प्रणालीहरूमा हुने साझा अभावलाई पूर्ति गर्नसक्छ ।



'महिला विरुद्धको हिंसासम्बन्धी तथ्याङ्क उत्पादनका लागि संयुक्त राष्ट्रसंघीय दिशानिर्देशहरू' *'UN Guidelines for Producing Statistics on Violence against Women'* (सन् २०१४) ले फौजदारी न्याय प्रणालीको तथ्याङ्कले महिला तथा किशोरी विरुद्ध हुने हिंसाका सबै घटनाको प्रतिनिधित्व नगर्नु सामान्य कुरा हो किनभने पीडित/प्रभावितहरूले प्रहरीलाई अन्तिम उपायको रूपमा र हिंसा अन्त्य गर्ने अन्य रणनीतिहरू असफल भएपछि मात्र छ संलग्न गराउने प्रवृत्ति देखिन्छ भन्ने तथ्य प्रति सचेत गराउँदछ ।[७५] महिला तथा किशोरी विरुद्ध हुने हिंसा सबै अपराधहरूमध्ये सबैभन्दा कम उजुरी हुने हिंसामा पर्ने तथ्यले त्यो अवस्थालाई थप बल पुऱ्याउने कुरा दशानिर्देशहरूले उल्लेख गर्दछ ।

तथापि, प्रहरी संगठनहरूले अझै पनि उनीहरूलाई उजुरी गरिएका घटनाहरूको संख्या मापन गरेर महिला तथा किशोरी विरुद्ध हुने हिंसाको व्यापकता स्थापित गर्ने प्रयास गर्छन्, जुन अभिलेखनको एकाइका रुपमा पीडित व्यक्ति (महिला वा किशोरी) को सट्टा उजुरी गरिएको घटना वा मुद्दा हुने भएकोले बढी सहज माध्यम पनि हो ।[७६]

यो सूचकले हिंसाको हद, गाम्भीर्यता र प्रवृत्तिका सन्दर्भमा पूर्ण

७२ VAWG is also understood to encompass, but not be limited to physical, sexual and psychological violence occurring in the family, within the general community and perpetrated or condoned by the State. See the Declaration on the Elimination of Violence Against Women (General Assembly resolution 48/104 of 20 December 1993).

७३ Guidelines for Producing Statistics on Violence against Women— Statistical Surveys (UN New York. Department of Economic and Social Affairs Statistics Division. 2014).

७४ Ibid.

७५ Ibid.

७६ Ibid.

कथा मात्र बताउँदैन, यो प्रहरीका घटना प्रतिवेदनहरूको गुणस्तर र व्यापकताको स्तरमा पनि धेरै निर्भर हुने गर्दछ। प्रहरी र अभियोजनकर्ताहरूले प्रायः यस्ता मुद्दाहरू अगाडि नबढाउन आफ्नो स्वविवेक प्रयोग गर्ने र प्रहरी तथ्याङ्कहरू अदालतको तथ्याङ्क संकलन प्रणालीसँग जोडिएका नहुने अवस्थाका कारण अदालतका तथ्याङ्कहरू प्रायः अझ बढी सीमित हुन्छन्।[७७]

प्रहरीले व्यापकताको अनुमान र उजुरी गरिएका घटनाहरू बीचको अन्तरलाई कम गर्ने लक्ष्य राख्नुपर्छ, किनभने महिला तथा किशोरी विरुद्ध हुने हिंसाको व्यापकता अध्ययनहरूमा सम्पूर्ण-सरकारी अवधारणाहरूलाई बढावा दिनको लागि गैससहरू र अन्य अत्यावश्यक सेवा प्रदायकहरूसँग कार्यगत सम्बन्ध कायम गर्न प्रहरी संगठनहरूको हितमा छ।

यसका अतिरिक्त व्यापकतासम्बन्धी अध्ययनहरू महिला तथा किशोरी विरुद्ध हुने हिंसाका मुद्दाहरू (उजुरी, पीडितमाथि दोष, सहिष्णुता, निषेध, मौनता)माथिको सामाजिक मनोवृत्तिमा अनुसन्धान केन्द्रित हुँदा त्यसबाट लाभान्वित हुनसक्छन्। त्यस्ता अध्ययनहरूलाई सूचित गराउन प्रहरी महत्वपूर्ण सरोकारवाला साझेदार हुन सक्छ र परिणामहरू सुनिश्चित गर्नका लागि परिचालनजन्य हिसाबले लाभान्वित पनि हुन्छ। उदाहरणका लागि, महिला तथा किशोरी विरुद्ध हुने हिंसाप्रति प्रहरीसहितको सामाजिक मनोवृत्तिमा अनुसन्धान केन्द्रित हुँदा महिला तथा किशोरी विरुद्ध हुने हिंसाका चरम रूपहरू जस्तैः लिङ्ग सम्बन्धित महिलाको हत्या वा महिला हत्याको गुणात्मक र संख्यात्मक विश्लेषण र प्रचारप्रसारलाई बलियो बनाउन सक्छ, र त्यसले जसले अन्तरंग व्यक्तिबाट हुने हिंसाको जोखिम मूल्याङ्कन विधि, प्रहरी सुरक्षा र संरक्षणका उपायहरूका साथै रोकथाम रणनीतिहरूका लागि आवश्यक जानकारी उपलब्ध गराउने काम गर्छ।

यद्यपि, पर्याप्त हुनका लागि व्यापक रुपमा हुने महिला तथा किशोरी विरुद्ध हुने हिंसाको व्यापकता अध्ययनहरूले उमेर, जात र जातीय उत्पत्ति, पीडकहरूको आपराधिक इतिहास, पीडित/प्रभावित र पीडक बीचको सम्बन्ध, मोडस अपरेन्डी, सन्दर्भ र उद्देश्यजस्ता पक्षहरूका साथै ग्रामीण र सीमान्तकृत क्षेत्रहरूमा हुने हिंसा र महिला र पीडित/प्रभावितहरूको विशिष्ट समूहहरूको अवस्थाबारे जानकारी समावेश गर्न मा ध्यान दिनुपर्छ।[७८] बाह्य सरोकारवालाहरूसँगको साझेदारीमा त्यस्ता अध्ययनहरूमा सहभागिताले प्रहरीलाई रणनीतिक साझेदारी निर्माण गर्नुका साथै समस्याको स्वामित्व लिनेतर्फ एक कदम अगाडि बढ्नका लागि आधार प्रदान गर्नेछ।

प्रभावकारी लैङ्गिक-उत्तरदायी प्रहरी सेवाका लागि अनुगमन तथा मूल्याङ्कन

प्रभावका लागि अनुगमन

प्रहरी संगठनले आफ्नो कार्यसम्पादनलाई आफैँ कसरी मापन गर्छ र प्रहरी नेतृत्वले आफ्ना सदस्यहरूलाई प्राथमिकताहरू र सम्बन्धित लक्ष्यहरू पूरा गर्नका लागि कसरी जवाफदेही बनाउँछ भन्ने कुरा प्रहरीको दैनिक कामकारवाहीलाई सञ्चालित गर्ने आवश्यक तत्वहरू हुन्।

युएनओडीसी (सन् २०१४) का अनुसार, प्रहरी प्राथमिकताहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न निगरानी, अनुगमन तथा मूल्याङ्कन आवश्यक छ। सबै प्रभावकारी कार्यहरूलाई अपराध र हिंसाको दायरा तथा प्रभावका बारेमा र अपराधीहरूलाई जवाफदेही ठहर गर्न र समुदायका आवश्यकताहरू पूरा गर्न सुनिश्चित गर्न प्रहरी कत्तिको प्रभावकारी छ भन्ने बारेमा सही प्रयोगसिद्ध तथ्याङ्कहरूको साथ आवश्यक हुन्छ।[७९] यसमा युएनओडिसीले प्रहरीको आन्तरिक अनुगमन र निगरानी संयन्त्रको विकासलाई पारदर्शिता र पीडित/प्रभावितहरूप्रति जवाफदेहीताको सिद्धान्तद्वारा निर्देशित हुनुपर्छ भन्ने कुरा उल्लेख गर्दछ। महिला तथा किशोरी विरुद्ध हुने हिंसालाई सम्बोधन गर्ने कार्यमा कुनै अपवाद हुँदैन।

अगाडि उल्लेख गरिएझैं लैङ्गिक रुपमा जवाफदेही प्रहरी सेवाको कार्यसम्पादन अनुगमनका लागि एउटा आधाररेखा आवश्यक हुन्छ जसबाट प्रभावका साथै संगठनात्मक वृद्धि र विकासको मापन गर्न सकिन्छ। राम्ररीसँग सूचित आधाररेखा भएमा प्रहरी संगठनहरूले लैङ्गिक-उत्तरदायी प्रहरी सेवासम्बन्धी आफ्ना नीति र रणनीतिहरूको अनुगमन र मूल्याङ्कन अझ सही ढंगबाट सुरु गर्न सक्छन्, जसमा दिगो विकासका लागि २०३० एजेन्डासँगको सामजस्यता समावेश छ, जसले प्रहरी सहित राज्यका सबै क्षेत्रहरूमा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूलाई सशक्तिकरण गर्ने कुरामा जोड दिन्छ।[८०]

---

७७ Ibid and see: V. Jaquier, H. Johnson and B.S. Fisher, 'Research methods, measures and ethics', in *Sourcebooks on Violence against Women*, 2nd ed., C.M. Renzetti, J.L. Edleson and R.K. Bergen, eds. (SAGE Publications, 2010).

७८ Recommendations for action against gender-related killing of women and girls (UNODC and UN Women, 2015).

७९ Handbook on Effective Prosecution Responses to Violence against Women and Girls (UN Women, UNODC 2014).

८० See 'Integrating Gender in Project Design and Monitoring for the Security and Justice Sector', Tool 15: *Gender and Security Toolkit* (DCAF, OSCE/ODIHR and UN Women, 2019).

लैङ्गिक दृष्टिकोण समावेश गर्ने कार्य रुपान्तरणकारी लैङ्गिक रुपमा उत्तरदायी नीति र रणनीतिहरूको विकासमा महत्वपूर्ण पक्ष हो, जसमा सो प्रक्रियामा समावेश हुने **अनुगमन प्रणाली** पनि पर्छ ।

अनुगमन प्रणालीलाई निरन्तर रुपमा चल्ने कार्यको रूपमा वर्णन गर्न सकिन्छ जसको उद्देश्य मुख्यतः सेवा प्रबन्धक र मुख्य सरोकारवालाहरूलाई नियमित पृष्ठपोषण दिने र प्रगतिको प्रारम्भिक संकेत वा अपेक्षित परिणामहरूको उपलब्धिमा कमीकमजोरी बारे जानकारी उपलब्ध गराउने हुन्छ ।[८१] यसबाहेक, अनुगमनले नीति र रणनीतिहरूको कार्यान्वयन प्रक्रियामा लैङ्गिक-संवेदनशील र अन्तरसम्बद्ध तथ्याङ्क सङ्कलन र विश्लेषण, र सुधारात्मक उपायहरू सिफारिस गर्ने कार्यलाई बुझाउँछ ।[८२]

पृष्ठपोषण र यसमा सिफारिस गरिएका सुधारात्मक उपायहरूको अनुगमनले सदैव लैङ्गिक-संवेदनशील बजेट समीक्षाहरूलाई विचार गर्नुपर्छ । यस सन्दर्भमा, डिसीएएफको 'टुल १५: सुरक्षा र न्याय क्षेत्रको लागि परियोजना डिजाइन र अनुगमनमा लैङ्गिकता एकीकृत गर्ने कार्य' *DCAF's 'Tool 15: Integrating Gender in Project Design and Monitoring for the Security and Justice Sector'* (सन् २०१९) ले निम्नलिखित मुख्य प्रश्नहरू सिफारिस गर्दछ : के बजेटले - परियोजना भित्र महिला, केटी, पुरुष र केटाहरूका विभिन्न समूहहरूलाई वित्तीय र भौतिक स्रोतहरू छुट्याइएको आधारमा- लैङ्गिक समानतालाई बढावा दिन्छ ?

- लैङ्गिक समानता र महिला सशक्तीकरण कार्यका लागि वित्त सहयोगको लक्ष्य निर्धारण गरिएको छ ?
- बजेटले कुनै प्रकारको असमानता बढावा दिन्छ ?
- महिला, पुरुष, केटा र केटीहरूको लक्षित समूहलाई परियोजनामा योगदान दिन र त्यसबाट लाभ लिन सक्ने गरी बजेटको तर्जुमा गरिएको छ?

सामान्यतया, अनुगमन प्रणालीहरूले सिकाइ चक्रभर सिकाइलाई प्रवर्द्धन् गर्न नियमित र लागत-प्रभावी पृष्ठपोषणका माध्यमहरू समावेश गर्नुपर्छ । महिला तथा किशोरी विरुद्ध हुने हिंसाको मामलामा संस्थागत सिकाइ प्रक्रियाहरूमा महिला अधिकार संगठनहरू रसामुदायिक स्तरका अन्य साझेदारहरू जस्ता प्रमुख सरोकारवालाहरूलाई संलग्न गर्नाले महिलाहरूको विचार र ज्ञानलाई सुदृढ र पहिचान गर्नुकासाथै महिलाका अनुभवहरूलाई मान्यता दिने र महिला तथा किशोरी विरुद्ध हुने हिंसाका सम्बन्धमा विद्यमान मौन संस्कृतिलाई तोड्ने गर्छ ।[८३]

यसबाहेक, बाह्य सरोकारवालाहरू जस्तै महिला अधिकार गैससले महिला तथा किशोरी विरुद्ध हुने हिंसाबाट पीडित/प्रभावित भएकाहरूप्रति रहेको विश्वासले संस्थागत शिक्षाका लागि प्राप्त जानकारीको गुणस्तरमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । माथि उल्लेख गरिएझैं, उदाहरणका लागि महिला अधिकार गैससहरूसँगको संलग्नता, प्रहरीमा उजुरी गरेपछि पीडित/प्रभावितको सन्तुष्टि मापन गर्ने सर्वेक्षणहरू सञ्चालन गर्न विशेष महत्वपूर्ण हुनेछ । उदाहरणका लागि, महिला सङ्गठनहरूले प्रहरीभन्दा महिला तथा किशोरी विरुद्ध हुने हिंसा पीडितहरू/प्रभावितहरूबाट बढी विश्वास प्राप्त गर्छन् र यसरी प्रहरीकै तर्फबाट पनि गुणात्मक तथ्याङ्कहरू संग्रह गर्ने हकमा राम्रो स्थानमा हुने गर्छन् ।

सेवा सन्तुष्टिका लागि महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावितहरूको सर्वेक्षणले लैङ्गिक-उत्तरदायी प्रहरीका लागि धेरै महत्त्वपूर्ण सूचक उपलब्ध हुन्छ तर कुनै हानि नहोस् भनी सुनिश्चित गर्नका लागि उपयुक्त सुरक्षा उपायहरू अवलम्बन गरिनुपर्छ ।[८४]

लैङ्गिक रुपमा उत्तरदायी अनुगमन प्रणाली विकास गर्ने बारे थप जानकारीको लागि, हातेपुस्तिकाले जेनेभामा अवस्थित डिसीएफद्वारा उत्पादित निम्नलिखित दस्तावेजहरू सिफारिस गर्दछ:

टुल ११: सुरक्षा क्षेत्र सुधार समीक्षा, अनुगमन र मूल्याङ्कन र लैङ्गिकता (सन् २००८)को लैङ्गिकता र एसएसआर टुलकिट (*Security Sector Reform Assessment, Monitoring and Evaluation and Gender (2008) of the Gender and SSR Toolkit*);

- टुल १५: सुरक्षा र न्याय क्षेत्रका लागि परियोजना डिजाइन र अनुगमनमा लैङ्गिकता एकीकृत गर्ने (२००९) बारे लेङ्गिकता र सुरक्षा टुटकिट (Integrating Gender in Project Design and

८१ Nicola Popovic. 'Security Sector Reform Assessment, Monitoring and Evaluation and Gender' in *Gender and Security Sector Reform Toolkit.*, Eds. Megan Bastick and Kristin Valasek (Geneva: DCAF, OSCE/ODIHR, UN-INSTRAW, 2008).

८२ Ibid.

८३ 'Guidance on Monitoring and Evaluation for Programming on Violence against Women and Girls', (Guidance Note 3, Department for International Development - DFID - practice paper).

८४ Recommendation taken from 'Everyone's Business: Improving the police response to domestic abuse' (Her Majesty's Inspectorate of Constabulary – HMIC - 2014).

Monitoring for the Security and Justice Sector (2019) of the Gender and Security Toolkit)।

लैङ्गिक-संवेदनशील दक्षताहरू: रूपान्तरणतर्फको मूलभूत पक्ष

हातेपुस्तिका भरी छलफल गरिएझैं, लैङ्गिक-उत्तरदायी नीतिहरू लैङ्गिक-संवेदनशील रहेका ज्ञान, सीप र मनोवृत्तिलाई लागू गर्ने कार्यमा आधारित हुन्छन्, वा शक्तिहीनहरूलाई सशक्त बनाउन र त्यस प्रक्रियामा गैर-भेदभाव र थप हानि नपुऱ्याउने सिद्धान्तहरूको सम्मान गर्ने विविध क्षेत्रका सरोकारवालाहरूसँग विश्वासको र कार्यगत सम्बन्धहरू निर्माण गर्न सक्षम बनाउने लैङ्गिक-संवेदनशील दक्षताहरू कार्यान्वयन गर्ने कार्यमा आधारित हुन्छन् । प्रहरी निष्ठाका लागि संस्थागत आचार संहिताहरूको पालना सुनिश्चित गर्ने जवाफदेहिताका प्रावधानहरूले लैङ्गिक-उत्तरदायी प्रहरीको लागि आवश्यक पर्ने दक्षताहरूको स्वामित्व र लिचिलोपन सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छन् ।

चित्र ३

लैङ्गिक उत्तरदायी दक्षताहरू

यसरी यी तीन पक्षहरू तिनीहरूको व्यावहारिक कार्यान्वयनका साथै तिनका अनुपालन र कार्यसम्पादन प्रतिफलहरूमा एकअर्कासँग अन्तरसम्बन्धित र पारस्परिक रुपमा एकअर्कालाई बलियो बनाउनमा केन्द्रित हुन्छन् (चित्र ३)। निम्नलिखित खण्डमा लैङ्गिक-उत्तरदायी प्रहरी सेवाका लागि अनुगमन र मूल्याङ्कन कार्यसम्पादनमा विशेष ध्यान दिइनेछ ।

यस खण्डले प्रहरीको निष्ठाका लागि आचार संहिताहरूको पालनाको लागि जवाफदेहिताका प्रावधानहरूबारे विस्तृत रूपमा छलफल गर्दैन किनभने यो विषय यस हातेपुस्तिकाको दायरा भित्र पर्दैन । यद्यपि, प्रहरी निष्ठाका लागि आचार संहिताको पालनाका लागि जवाफदेहिताका प्रावधानहरूसम्बन्धी आधारभूत सिफारिसहरू अघिल्लो खण्डहरूमा प्रदान गरिएका छन् ।

लैङ्गिक-उत्तरदायी प्रहरी संगठन सुनिश्चित गर्न लैङ्गिक-संवेदनशील दक्षताहरूलाई संगठन भरी नियमित रुपमा लागु हुन्छ वा हुँदैन भन्नेबारेमा अनुगमन गरिनुपर्छ । वरिष्ठ प्रहरी व्यवस्थापनले मध्यस्तरका व्यवस्थापकहरूलाई लैङ्गिक-संवेदनशील दक्षताहरूको कार्यान्वयन समावेश हुने समान कार्यसम्पादन मूल्याङ्कन प्रणाली उपलब्ध गराउनेतर्फ विचार गर्नुपर्छ ।

कामको कार्यसम्पादन मूल्याङ्कनलाई उत्तरदायित्व सुनिश्चित गर्ने माध्यम मात्र नभई एउटा सिकाइ साधनका रूपमा हेरिनुपर्छ । मध्यम स्तरका व्यवस्थापकहरूलाई वरिष्ठ प्रहरी नेतृत्वले लैङ्गिक-उत्तरदायी प्रहरी सेवाकालागि आर्जन गरिएका दक्षताहरूको उत्थानशिलता सक्रिय रूपमा समर्थन गर्न प्रोत्साहित गर्नुपर्छ ।

उदाहरणका लागि, टोलीका नेताहरूले सफल र असफल दुवै अनुसन्धानहरूका बारेमा पूर्ण अनुसन्धानात्मक छलफल सञ्चालन गर्न सक्छन् । यसमा प्रतिकार्यमा संलग्न हुने पहिलो व्यक्ति देखि गुप्तचर अधिकारी वा इन्स्पेक्टर र सुपरिवेक्षकसम्म सो मुद्दामा संलग्न सबै सदस्यहरू समावेश हुनुपर्छ । यस छलफलमा के कुार सही भयो र अर्को पटक के कुरामा सुधार गर्न सकिन्छ भनेर छलफल गर्न प्रतिकार्यमा संलग्न प्रत्येक अधिकारीको संलग्नतालाई लैङ्गिक-संवेदनशील दक्षताको दृष्टिकोणमा सुरु देखि क्रमिकरुपमा समीक्षा समावेश गर्न सकिन्छ । त्यसपछि कारवाही पछिको प्रतिवेदन प्रस्तुत गर्नसकिन्छ, जुन एउटा टोली र एकाइको रूपमा सिक्दै अघि बढ्नका लागि उत्तम तरिकाहरू मध्ये एउटा हुन सक्छ । प्रहरी सङ्गठनका आधारमा मध्यम तहदेखि वरिष्ठ प्रहरी व्यवस्थापनलाई समय-समयमा रणनीतिक स्तरको धारणा प्रस्तुत गर्न यस कार्यमा समावेश गर्न सकिन्छ ।

लैङ्गिक-संवेदनशील दक्षताहरू समावेश गर्ने कामको कार्यसम्पादन मूल्याङ्कनले कुन प्रकारका महिला तथा किशोरी विरुद्ध हुने हिंसा विरुद्धका रणनीतिहरू प्रभावकारी भएका छन् र कसरी र किन भएका छन् भन्ने कुरा पनि स्पष्ट पार्न मद्दत गर्नुपर्छ । साथै, त्यस्ता दक्षताहरूको अनुगमनले लैङ्गिक-उत्तरदायी प्रहरीको प्रभावलाई सीमित गर्ने कुन बाधाहरू अझै विद्यमान छन् भनेर पहिचान गर्न मद्दत गर्नेछ, जसले गर्दा तिनलाई समयमै सच्याउन सकिन्छ ।

पहिचान गरिएका कुनै पनि अवरोधहरू सम्भवतः 'शुन्य सहनशीलता'का नीतिहरू सहित प्रहरी आचार संहिताहरू कायम राख्नका लागि स्थापित संस्थागत जवाफदेहिताका प्रावधानहरूमा विद्यमान कमीकमजोरीहरूसँग प्रत्यक्ष रुपमा जोडिएका हुन सक्छन् । मध्यमस्तरका व्यवस्थापकहरूले आफ्ना कर्मचारीहरूद्वारा लैङ्गिक-संवेदनशील दक्षताहरूको अनियमित कार्यान्वयनलाई

प्रहरी संगठनले सामना गरिरहेको गहिरो समस्याको लक्षणको रूपमा हेर्नुपर्छ। जवाफदेहिताको संस्कार लागु गर्न कठिनाई, प्रभावहीन नेतृत्व, र लैङ्गिक असमानता सिद्धान्तहरूलाई विस्तृत रूपमा सम्बोधन नगर्ने समग्र प्रहरी तालिम र शिक्षालगायतका पक्षहरू समावेश हुनसक्छन्।

त्यसैले लैङ्गिक-संवेदनशील दक्षताहरूको समग्र प्रयोगमा सुधार ल्याउन सुधारात्मक उपायहरूले प्रहरीमा रहेका यी तीन चुनौतीपूर्ण मुद्दाहरूलाई लक्षित गर्नुपर्छ। त्यसैकारण, लैङ्गिक-संवेदनशील दक्षताहरूको इमानदारीपूर्वपक अनुगमनले लैङ्गिक-उत्तरदायी प्रहरी सेवातर्फको रूपान्तरणलाई अघि बढाउन मात्र नभई प्रहरी, विशेषगरी प्रतिकार्यमा संलग्न हुने पहिलो व्यक्ति (जसको निष्क्रियतालेमानवअधिकार उल्लङ्घन निम्त्याउनसक्छ) विरुद्ध उजुरीहरू रोक्न पनि मद्दत गर्नेछ।

यसबाहेक, प्रहरीको काम टोलीमा रहेर गर्ने कार्य भएकोले व्यक्तिगत कार्यसम्पादन मूल्याङ्कन र मार्गदर्शन प्रणालीहरू निम्नलिखित सामूहिक लक्ष्यहरू प्राप्त गर्नेतर्फ अन्तर्निहित रूपमा जोडिएको हुनुपर्छ :

- महिला तथा किशोरी विरुद्ध हुने हिंसाको व्यापकता र उजुरी गरिएका मुद्दाहरूको संख्या बीचको अन्तरलाई कम गर्ने ;
- महिला तथा किशोरी विरुद्ध हुने हिंसाका पीडित/प्रभावित र र तिनका समुदायहरूका तर्फबाट प्रहरीप्रति वैध अत्यावश्यक सेवा प्रदायकको रूपमा धारणा बढाउने।

बाकस १४

लैङ्गिक-संवेदनशील दक्षताहरू			**लैङ्गिक-उत्तरदायी प्रहरी सेवाका सूचकहरू**	
महिला तथा किशोरी विरुद्ध हुने हिंसा को ज्ञान	**सीपहरू**	**मनोवृत्ति**	**गुणात्मक**	**संख्यात्मक**
सामाजिक र आर्थिक परिणाम	साझेदारी निर्माण	रोकथाम उन्मुख	महिला तथा किशोरीहरूद्वारा स्थानीय सुरक्षाको धारणामा वृद्धि	महिला तथा किशोरी विरुद्ध हुने हिंसा रोकथाममा सरोकारवाला संलग्नतामा वृद्धि (परियोजना, फोरम आदि)
चिकित्सा वा स्वास्थ्य परिणामहरू	आघात-सूचित	थप हानि नपुऱ्याउने	पीडित/प्रभावितहरू र/वा परिवारहरूले दोहोरो पीडित बन्नुपरेको उजुरी कम भएको बताउँदैछन्	प्रहरी प्रथम जवाफीहरू विरुद्ध उजुरीहरूमा कमी।
महिला र बालिकाहरूमाथि हुने हिंसाको असमान प्रकृति	पीडित/प्रभावितको पहिचान	अत्यावश्यक सेवा प्रदायकहरूसँग संलग्नतामामा अग्रसक्रिय र स्रोतसाधनसम्पन्न	अत्यावश्यक सेवा साझेदारहरूद्वारा प्रहरी प्रभावकारिताको धारणामा वृद्धि	प्रेषणहरूमा वृद्धि
सबैभन्दा संकटासन्न मानिने व्यक्ति, समूह र समुदायहरू	अन्तरव्यक्तिगत सञ्चार	गैर-पूर्वाग्रही र हानिकारक पूर्वाग्रहका बारेमा सचेत अल्पसंख्यक	अल्पसंख्यक महिला र किशोरीहरूको प्रहरीप्रपत विश्वासको धारणा बढी सकारात्मक	महिला र किशोरीहरू पीडित हुने दरमा कमी
राष्ट्रिय कार्यविधि र कानून	अपराधी केन्द्रित बनाउन अनुसन्धान/हस्तक्षेपका प्राथमिकता निर्धारण	पीडित/प्रभावित सशक्तीकरण र सहयोगतर्फ उन्मुख	पीडित/प्रभावित र/वा परिवारको सहभागिताबारे उनीहरूको पृष्ठपोषणले त्यो अर्थपूर्ण रहेको संकेत गर्छ	एट्रिसन दरमा कमी rates
अन्तर्राष्ट्रिय मापदण्ड, सिद्धान्त र मुल्यमान्यताहरू	चेन अफ कस्टडी र हस्तक्षेपका अभिलेखहरूका साथै मुद्दा व्यवस्थापन	उत्तरदायी र पारदर्शी	प्रहरी प्रतिवेदनको गुणस्तर राम्रो छ र तथ्याङ्क संकलनलाई भरपर्दो मानिन्छ	पीडकले पुनःअपराध गर्ने दरमा कमी

यद्यपि, यी लक्ष्यहरूलाई लैङ्गिक-उत्तरदायी प्रहरी सेवाको प्रतिबिम्बित गर्ने सूचकहरू आवश्यक हुन्छ, विशेषगरी प्रहरी अधिकारीहरूलाई आवश्यक पर्ने दक्षताहरू । आदर्शत: चौकीका कमाण्डरहरूसँग महिला तथा किशोरी विरुद्ध हुने हिंसाको व्यापकताबारे स्थानीय आधाररेखा तथ्याङ्क हुनुपर्दछ, जसलाई चौकीमा अभिलेख गरिएको उजुरीका प्रवृत्तिहरूसँग दाजेर हेर्न सकियोस् ।

लैङ्गिक-उत्तरदायी प्रहरी सेवा सूचकहरू समावेश यो जानकारीले जवाफी अधिकारीहरूद्वारा लैङ्गिक-संवेदनशील दक्षताहरू निरन्तर रूपमा लागू भइरहेका छन् कि छैनन् भन्ने बारेमा अन्तरदृष्टि प्रदान गर्नेछ । निम्नलिखित तालिका (बाकस १४) ले लैङ्गिक-संवेदनशील दक्षताका प्रकारहरूको उदाहरणहरू प्रदान गर्दछ, जसले लैङ्गिक-उत्तरदायी प्रहरी सेवालाई प्रभावकारी बनाउनेछ र जसलाई कामको कार्यसम्पादन मूल्याङ्कनका लागि साभार गर्न सकिन्छ:

संयुक्त अधिराज्य जस्तै केही अवस्थामा प्रत्येक शाखा, एकाइ र विभागको वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा लैङ्गिक-उत्तरदायी प्रहरी सूचकहरूलाई समावेश गर्न प्रोत्साहित गरिएको छ ।[८५]

दक्षता र मुल्यमान्यताहरूको सन्दर्भमा, युके कलेज अफ पोलिसिङ योग्यता र मूल्यमान्यताहरूको ढाँचा (सीभीएफ) मा निर्भर गर्दछ । सीभीएफको लक्ष्य प्रहरी सेवामा काम गर्ने सबैके स्पष्ट अपेक्षाहरू रहेको सुनिश्चित गर्नु हो, जसको फलस्वरूप जनताको हित र सुरक्षाका लागि मापदण्डहरू बढ्न जानेछ ।[८६]

सीभीएफद्वारा प्रवर्द्धन् गरिएको प्रहरी सेवाका लागि मुख्य दक्षताहरू मध्ये एउटा 'भावनात्मक रूपमा सचेत हुनु' हो । युके कलेज अफ पुलिसिङले प्रहरी

८५ Modern Crime Prevention Strategy (Home Office, 2016).

८६ Competency and Values Framework for Policing - Overview of Framework (College of Policing, 2016).

बाकस १५

तह १	तह २	तह ३
म अरूलाई आदर, सहिष्णुता र दयालु व्यवहार गर्छु । म कानूनको दायरा भित्र रहेको विभिन्न दृष्टिकोण, मुल्यमान्यता र विश्वासहरूलाई स्वीकार र सम्मान गर्छु । म उत्तेजनाको सामना गर्दा शान्त रहन्छु र परिस्थितिलाई कसरी राम्रोसँग व्यवस्थापन गर्ने भनेर सोच्छु । म मेरो आफ्नै भावनाहरू बुझ्छु र कुन परिस्थितिहरूले मेरो तनाव र दबाबको सामना गर्ने क्षमतालाई असर गर्न सक्छ भन्ने कुरा मलाई थाहा छ । मलाई आवश्यक परेको बेला म मद्दत र समर्थनको लागि कसैसँग आग्रह गर्छु । म विविधताले प्रदान गर्ने मूल्य बुझ्छु । म स्पष्ट र सरल भाषामा कुराकानी गर्छु ताकि मलाई अरूले सजिलै बुझ्न सकोस् । मानिसले स्पष्ट रूपमा व्यक्त गर्न असमर्थ हुँदा पनि म अरूका विचार र चासोहरू बुझ्न खोज्छु ।	म कदम चाल्नुअघि पृष्ठभूमिको व्यापक दायराका मानिसहरूको दृष्टिकोणलाई विचार गर्छु । मैले काम गरिरहेको मानिसरूको आवश्यकता अनुसार मेरो शैली र दृष्टिकोणलाई अनुकूलन गर्छु, मेरो आफ्नै व्यवहार प्रयोग गरेर उत्तम नतिजा प्राप्त गर्छु । म विविधतालाई महत्व दिने र चुनौतीलाई प्रोत्साहन गर्ने संस्कृतिलाई बढावा दिन्छु । म चिन्तनशील अभ्यासलाई प्रोत्साहन गर्छु र प्रतिक्रियाहरू तथा व्यवहारहरू बुझ्न अरूलाई मद्दत गर्न समय निकाल्छु । म मेरो टोलीमा भएकाहरूको भावनात्मक कल्याण सुनिश्चित गर्न मद्दत गर्ने जिम्मेवारी लिन्छु । कुनै पनि अनुपयुक्त व्यवहारको सामना गर्ने जिम्मेवारी लिन्छु ।	मैले संगठनात्मक व्यवहारको दीर्घकालीन कारणहरू बुझ्न खोज्छु । यसले मलाई उपयुक्त हुँदा संगठनात्मक संस्कृतिहरू अनुकूलन गर्न र परिवर्तन गर्न सक्षम बनाउँछ । म सक्रिय रूपमा एउटा सहयोगी संगठनात्मक संस्कृति सुनिश्चित गर्छु, जसले विविधता र हकहितलाई मान्यता र महत्व दिन्छ र असहिष्णुतालाई चुनौती दिन्छ । म आन्तरिक र बाह्य राजनीति बुझ्छु र प्रभावकारी रूपमा प्रभाव पार्न सक्षम छु, आवश्यक प्रभाव प्राप्त गर्नका लागि मेरो कार्यहरू त्यसै अनुरूप गर्नसक्छु । म विभिन्न दृष्टिकोणबाट विषयहरू हेर्न सक्षम छु र म यो ज्ञान मेरो आफ्नै सोच, मूल्य र मान्यताहरूलाई चुनौती दिन प्रयोग गर्छु । निर्णय लिने कार्य सबै दृष्टिकोणहरूले सूचित रहेको र निर्णयहरू पछाडिका कारणहरूलाई स्पष्ट र आकर्षक तरिकामा सञ्चार गरिएको म सुनिश्चित गर्छु ।

बाकस १६

आदिवासी सम्बन्ध व्यवहारजन्य दक्षताहरू : सांस्कृतिक चुस्तता



सांस्कृतिक चुस्तता भनेको आदिवासी मानिसहरूसँग सम्मानपूर्वक, ज्ञानपूर्ण र प्रभावकारी रूपमा काम गर्न सक्ने क्षमता हो । यो भनेको सबैका लागि सुरक्षाको अनुभूति सिर्जना गर्न सांस्कृतिक विशिष्टतालाई ध्यान दिँदै सजिलैसँग अनुकूलन गुर्न हो । यो अपरिचित अनुभवहरूका लागि खुलापन हो, डर वा चिन्ताको भावनालाई जिज्ञासा र प्रशंसामा रूपान्तरण गर्नु हो ।

यो आफ्नै संस्कृति र विश्वदृष्टिकोणका साथै बीसी सार्वजनिक सेवाको संस्कृतिको जाँच गरी आदिवासी संस्कृति र विश्व दृष्टिकोणसँग तिनका समानता र भिन्नताहरूबारे विचार गर्नु हो । यो व्यक्तिगत र व्यावसायिक मूल्यमान्यताहरू आदिवासी मानिसहरू विपरित वा अनुकूलन हुन सक्ने तरिकाहरूको पहिचान हो । यो फरक सांस्कृतिक दृष्टिकोण सम्बन्धित हुने वा त्यसलाई स्वीकार गर्नसक्ने क्षमता हो र दृष्टिकोणमा व्यक्तिगत परिवर्तन अनुभव गर्न इच्छुक हुनु हो ।

स्रोतः Indigenous Relations Behavioural Competencies (BC Public Service, British Columbia, Canada 2012).

समानुभूतिशील हुनुको महत्व पहिचान गरेको छ, विशेषगरी यदि प्रहरीले उनीहरूसँग सामना गर्ने सबैभन्दा संकटासन्न व्यक्तिहरूलाई संलग्न गराउने हो भने यो आवश्यक छ किनभने उनीहरू आफ्ना विचार वा भावनालाई पूर्ण रूपमा व्यक्त गर्न वा प्रस्तुत गर्न सक्षम नहुन सक्छन् ।[८७] तल (बाकस १५)मा विभिन्न भावनात्मक जागरूकता स्तरहरूको विवरण प्रस्तु गरिएको छ :

क्यानडाको ब्रिटिस कोलम्बियामा प्रान्तीय सरकार वा बीसी सार्वजनिक सेवाले आदिवासी जनजातिहरूसँग प्रभावकारी रूपमा काम गर्न उनीहरूको व्यक्तिगत र सामूहिक क्षमताहरू सुधार गर्न मद्दत गर्न सन् २०१२ मा आदिवासी सम्बन्ध व्यवहार दक्षताहरू जारी गऱ्यो ।[८८] सिफारिस गरिएका १७ वटा आदिवासी सम्बन्ध व्यवहारात्मक दक्षताहरू मध्ये चार वटा बीसीका सबै सार्वजनिक सेवाका कर्मचारीहरूका लागि लागू हुन्छन्, जसमा प्रहरी सेवाहरू व्यवस्थापन गर्न जिम्मेवार सरकारी निकायका रपमा रहेको सार्वजनिक सुरक्षा मन्त्रालय र सलिसिटर जनरल पनि पर्छन् :

- आत्म-खोज र जागरूकता
- दिगो सिकाइ र विकास
- सांस्कृतिक चुस्तता
- नेतृत्वमा परिवर्तन

अन्तरसम्बद्ध अवधारणाहरूका सन्दर्भमा, सांस्कृतिक चुस्तताका लागि आदिवासी सम्बन्ध व्यवहार योग्यता नितान्त भिन्न छ (बाकस २४ हेर्नुहोस्)। ब्रिटिस कोलम्बियामा, क्यानडाका आदिवासीहरूले ऐतिहासिक रूपमा प्रहरीको बढी अधीनमा रहनु परेको तर कम सुरक्षित रहेको दाबी गरेका छन् । प्रहरी र सरकारी अधिकारीहरूले दैनिक रुपमा लागु गर्नुपर्ने त्यस्तो दक्षताको विकास गर्नु अल्पसंख्यक मानिसहरू आफूलाई एउटा वैध अत्यावश्यक सेवा प्रदायकको रूपमा लिने बनाउनेतर्फको राम्रो कदम हो ।

बीसी सार्वजनिक सेवाका अनुसार, आदिवासी सम्बन्ध दक्षताहरूले उनीहरूलाई आफ्नो प्रतिबद्धताहरू हासित गर्न मद्दत गर्ने व्यवहारजन्य परिवर्तनहरूका लागि एउटा मार्गचित्र प्रदान गर्दछ ।[८९] बीसी सार्वजनिक सेवाले प्रहरी र सरकारी अधिकारीहरूलाई यी दक्षताहरूलाई आफ्नो व्यवहारको मूल्याङ्कन गर्न र आदिवासी जनजातिहरूलाई अझ राम्रो सेवा दिन आवश्यक परिवर्तनहरू गर्नको लागि प्रयोग गर्न सिफारिस गर्दछ (बाकस १६ हेर्नुहोस्)

८७ Ibid.

८८ The phrase " Indigenous people" refers to all First Nation, Inuit and Métis people. It includes individuals, communities, bands, nations, organizations and urban populations, while acknowledging their distinctness and diversity.

८९ Implementation Guide Aboriginal Relations Behavioural Competencies (BC Public Service Agency, British Columbia, Canada, 2012).

घटना अध्ययन १

महिला प्रहरी संघ/सञ्जालहरूले कसरी लैङ्गिक संवेदनशील र लैङ्गिक उत्तरदायी प्रहरी कार्यको कार्यान्वयनलाई सहयोग गर्न सक्छन्।

महिला र किशोरी विरुद्ध हुने हिंसाका मामलामा सबै अपराधहरूलाई सम्बोधन गर्नका लागि स्थानीय समुदायको प्रहरी माथिको विश्वास र आस्था महत्वपूर्ण पक्ष हो, त्यस्ता अपराधहरूको उजुरी गराउन पीडित/प्रभावितहरूलाई सशक्त बनाउन यो महत्वपूर्ण छ। महिला तथा किशोरी विरुद्ध हुने हिंसाका अपराधहरूको उजुरीलाई प्रोत्साहित गर्न विश्वव्यापी रूपमा प्रहरी संगठनहरूका चुनौतीहरू अपार छन् किनभने हामीलाई थाहा छ त्यस्ता अपराधहरू धेरै मात्रामा उजुरी हुँदैनन्। महिला र किशोरीहरूले विश्वको जनसंख्याको ५० % ओगटेका छन्, यद्यपि विश्वको प्रहरी सेवामा औसतमा ९% मात्र महिला रहेको अनुमान गरिन्छ।

> "गुणवान पुरुषहरु लैङ्गिक समानतासँग डराउँदैनन् - गुणस्तरीय संस्थाहरु लैङ्गिक समानतासँग डराउँदैनन्।"
>
> - (Anon), IAWP member at International Association of Women Police Annual Training Conference in 2012.

सांस्कृतिक वा सामाजिक दबाबका कारण, पूर्वाग्रही वा रूढीवादी दृष्टिकोण र उनीहरूको आवश्यकताको कमजोर बुझाइका कारण महिलाका सरोकारका विषयहरूलाई प्रायः बेवास्ता गरिन्छ...तर महिला अधिकारीहरू बढी देखिएमा समुदायका महिलाहरूले उनीहरूका चिन्ताका विषयले बढी महत्व पाउने र सम्बोधन हुने विश्वास गर्छन्। पेशागत रूपमा प्रशिक्षित र स्रोत सम्पन्न महिला अधिकारीहरूले न्यायमा महिलाको पहुँचमा रहेका अवरोधहरू हटाउन महत्वपूर्ण भूमिका खेल्न सक्छन्।[१०]

युएनओडिसी (सन् २००९)को तथ्याङ्क प्रयोग गरेर सन् २०११ मा युएन वुमनले ३९ वटा देशहरूमा महिला प्रहरी अधिकारीहरूको उपस्थितिको यौन हिंसाका पीडित/प्रभावितले गर्ने उजुरीसँग सकारात्मक सम्बन्ध देखाएको प्रमाण दिन सक्षम भएको थियो।[११] यो निष्कर्षले मिलर र सेगलद्वारा सन् २०१३ मा भएको एउटा अध्ययनमा पाइएको समान निष्कर्षहरूबाट थप बल प्राप्त गरेको थियो।[१२] विभिन्न अन्य अध्ययनहरूले प्रहरी सेवामा महिलाहरूले स्थानीय समुदायलाई मात्र नभई उनीहरूका पुरुष सहकर्मीहरू र प्रहरी संगठनहरूलाई पनि फाइदा पुर्याउँछन् भन्ने कुरा देखाएका छन्।[१३] [१४] [१५] [१६] [१७]

त्यसैकारण यदि प्रमाणहरूले प्रहरी सेवामा थप महिलाहरूको आवश्यकता देखाउँछ, उनीहरूको उपस्थिति हुनुपर्छ, पर्याप्तमात्रामा प्रशिक्षित र स्रोतसम्पन्न हुनुपर्छ भन्छ भने यो उद्देश्य हासिल गर्न प्रहरी संगठनहरूलाई कसरी सहयोग गर्न सकिन्छ ?

महिला संघ/सञ्जालहरू परिवर्तनलाई प्रभाव पार्न र प्रहरी संगठनहरूलाई समुदायमा सेवा प्रवाहका लागि निरन्तर सुधार हासिल गर्न मद्दत गर्न अवस्थित छन्। लैङ्गिकता, अल्पसंख्यक र मानव अधिकारका आवश्यकतालाई ध्यानमा राखिएको अवस्थामा प्रहरी सेवा आफूले सेवा पुऱ्याउने समुदायहरूको बढी प्रतिनिधित्व गर्दछ। उनीहरूले लैङ्गिक अपराधहरूको जानकारी पनि बढाउन सक्छन् र महिला पीडित/प्रभावितहरूले सामना गर्नु पर्ने चुनौतीहरू पनि बाहिर ल्याउन सक्छन।

---

१० Townsley, J. (2014), 'The challenge of implementing Gender-Responsive Policing,' *MDG Acceleration through Transformative Policing and Security*, 58th Commission for the Status of Women Parallel Event, New York, USA 12 March 2014.

११ UN Women, *Progress of the World's Women*: In Pursuit of Justice', (UN Women, New York, 2011)2011).

१२ Miller, A. R. and Segal, C., (2013), 'Do Female Officers Improve Law Enforcement Quality? : Effects on Crime reporting and Domestic Violence Escalation', at: http://ssrn.com/abstract=2335990

१३ Bastrick, M. (2008) Integrating Gender in Post-Conflict Security Sector Reform, Policy Paper 29, Geneva: Geneva Centre for the Democratic Control of Armed Forces (DCAF).

१४ Denham, T. (2008) 'Police Reform and Gender' in M. Bastick, K. Valasek (eds), *Gender and Security Sector Reform Toolkit*, Geneva: DCAF, OSCE/ODIHR, UN-INSTRAW

१५ Natarajan, M. (2008), 'Women Police in a Changing Society': *Back Door to Equality*, Aldershot: Ashgate Publishing Ltd.

१६ Peters, A., 'Gender Responsive Policing and the Importance of Women Officers' Involvement in Tackling Violent Extremism', *International Association of Women Police Annual Training Conference*, (Cardiff, UK, 26 August 2015).

१७ Abbas, H., 'Women Fighting for Peace: Lessons for Toady's Conflicts', *Presentation to the Committee on Foreign Affairs Relations Hearing*, Washington DC: United States House of Representatives, 22 March 2016.

"लैङ्गिक उत्तरदायी प्रहरी र महिला समावेशीकरण महिला अधिकार वा समानताको बारेमा होइन; यो वास्तवमा परिचालन प्रभावकारिताको बारेमा हो।"

- Peters, A. , 'Gender Responsive Policing and the Importance of Women Officers' Involvement in Tackling Violent Extremism', IAWP Annual Training Conference, Cardiff, UK (26 August, 2015).

महिला प्रहरी संघ/सञ्जालले कसरी वास्तविक परिवर्तनलाई प्रभाव पार्न सक्छ भन्ने तीनवटा उदाहरणहरू:

- सन् २००१ मा ब्रिटिस एसोसिएसन फर वुमन इन पोलिसिङ (बीएडब्लुपी) ले एउटा दस्तावेज, 'जेन्डर एजेन्डा' विकसित गर्यो, जसको उद्देश्य बेलायतमा प्रहरी सेवालाई थप लैङ्गिक संवेदनशील बन्न सहयोग गर्ने थियो । त्यसपछि मूल दस्तावेजलाई अद्यावधिक गर्दै 'जेन्डर एजेन्डा २' आयो, जसमा के कुरा हासिल भयो र विद्यमान चुनौतीहरू उल्लेख गरिएको छ । युके प्रहरी सेवामा 'जेन्डर एजेन्डा' अब तेस्रो पुनरावृत्तिमा छ ।[९८]

- दक्षिण-पूर्वी युरोपमा महिला प्रहरी अधिकारीहरूको नेटवर्क (डब्लुपीओएन)को सन् २०१० मा क्षेत्रीय सरकारको सहयोगमा स्थापना भएको थियो र सन् २०१२ मा यसले प्रहरी सेवामा महिलाहरूको भर्ती, छनौट र व्यावसायिक विकासमा जोड दिएर 'लैङ्गिक संवेदनशील प्रहरीका लागि निर्देशिका' विकसित गऱ्यो । यो दस्तावेज विभिन्न देशका मन्त्रालयहरूमार्फत क्षेत्रभरि प्राप्त अनुसन्धानका साथै अन्य महिला प्रहरी सञ्जालहरू, जस्तै महिला प्रहरीको अन्तर्राष्ट्रिय संघ (आइएडब्लुपी) र बिएडब्लुपीसँगको सहकार्य प्रयोग गरेर निर्माण गरिएको हो ।

- सन् २०११ मा, स्पेन्सा गणतन्त्रको गृह मन्त्रालयले प्रहरी सेवाहरूमा लैङ्गिक समानता र प्रजातान्त्रिक सिद्धान्तहरूको प्रवर्द्धधन् र कार्यान्वयन गर्ने मुख्य लक्ष्यका साथ आफ्नै क्षेत्रीय महिला प्रहरी अधिकारी नेटवर्क स्थापना गर्यो ।[९९] उनीहरूको प्रमुख परियोजना 'घरेलु हिंसा - प्रहरी अधिकारीहरू-व्यवस्थापकहरूको शिक्षा' स्पेन्सा गणतन्त्रमा आन्तरिक मन्त्रालयअन्तर्गत सबै प्रहरी प्रशासनका प्रहरी अधिकारीहरूलाई लक्षित गर्दै सन् २०१७ मा लागू गरिएको थियो ।[900]

एउटा संघ/सञ्जालको प्रभाव पार्ने क्षमता यसको आफ्नै 'व्यावसायिक' संरचना र यसको दिगोपनसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । धेरै कुरा उनीहरूको समकक्षीहरू, वरिष्ठ कर्मचारी, संस्था र सरकारबाट समेत प्राप्त सहयोगको स्तरमा निर्भर गर्दछ ।

"सुरक्षा संस्थाहरुलाई थप लैङ्गिक संवेदनशील संस्थाहरुमा रुपान्तरण गर्ने लगायत प्रहरी संस्कृतिलाई परिवर्तन गर्ने भन्दा पनि प्रहरीको पुनर्संरचना, पुनः तालिम र पुर्नशक्तिकरणमा बढी जोड दिइएको छ।"

- Becker, J. (2012), 'Freedom through Association: Assessing the Contributions of Female Police Staff Associations to Gender-Sensitive Police Reform in West Africa' North-South Institute

संघ/सञ्जालका सदस्यहरूको विकासका आवश्यकताहरूको पहिचान गरी ती आवश्यकताहरूलाई सम्बोधन गर्नाले उनीहरूलाई 'परिवर्तनका लागि एजेन्टहरू' बन्न सक्षम बनाउँछ । यसका लागि उनीहरूको व्यक्तिगत सीपहरू विकास गर्न आवश्यक हुन्छ, जस्तैः नेतृत्व, रणनीति र नीति, परिवर्तन व्यवस्थापन र वकालत कौशल वा उनीहरूको परिचालन प्रभावकारितामा सुधार ।

समुदायमा महिला र किशोरीहरूको सशक्तीकरणमा संघ/सञ्जालले महत्वपूर्ण भूमिका खेल्न सक्छ, जसले उनीहरूले सेवा पुऱ्याउने व्यक्तिहरूको प्रहरी प्रतिको विश्वास र आस्था निर्माण गर्न पनि मद्दत गर्नेछ । बढ्दो सामुदायिक संलग्नताले समग्रतामा मात्र प्रहरी संगठनहरूलाई फाइदा पुऱ्याउन सक्छ र महिलाहरूमा संलग्न हुन सक्ने क्षमता छ भनी मान्यता पाएको कुरा हामीलाई पहिले नै थाहा ।समुदायमा आधारित प्रहरी सेवाको मोडेलसँग महिलाहरूसंग सम्बन्धित हुनसक्छ र त्यसमा राम्रो पनि गर्न सक्छन् ; यो महिला र किशोरी विरुद्ध हुने हिंसाको समाधान गर्न अत्यावश्यक पनि छ ।

९८ The British Association for Women in Policing, see: http://www.bawp.org

९९ 'Guidelines for Gender Sensitive Policing with an Emphasis on Recruitment, Selection and Professional Development of Women in Police Services' (Women Police Officers Network in South East Europe, 2012).

900 RS MoI Women Network – RS WPON, 'Promotion and implementation of gender equality principles, strategic approach to the admission of women to the police, education, training and career development, and promotion of work results of RS MoI members' at: http://www.mrezazena-muprs.org/?lang=en

आइएडब्लुपी जस्ता संघ/सञ्जालका फाइदाहरू

उत्थानशील र प्रभावकारी सञ्जालहरूले महिलाहरूलाई एउटा सुरक्षित माध्यम प्रदान गर्दछ, जसद्वारा उनीहरू समर्थन र मार्गदर्शन खोज्न, असल अभ्यास आदानप्रदान गर्न र परिवर्तन ल्याउन सँगै मिलेर काम गर्न सक्छन् । प्रहरी सेवामा महिलाहरू र स्थानीय समुदायहरूमा महिला र किशोरीहरूलाई समर्थन गर्न पुरुषहरूले खेल्ने मुख्य भूमिकालाई मान्यता दिँदै, संघ/सञ्जालहरूले प्रायः उनीहरूको सदस्यता भित्र पुरुष अधिकारीहरू र कर्मचारीहरूलाई समावेश गर्दछन् । आइएडब्लुपी एउटा त्यस्तै संस्था हो जसमा पुरुष सदस्यहरू छन् र यसको संचालक निकाय अर्थात निर्देशक बोर्डमा पुरुषहरू छन् । महिलाहरूलाई प्रहरीमा र समुदायमा महिला र किशोरीहरूको समर्थनमा लाग्न अन्य सङ्गठन/सञ्जालहरूले पुरुषहरूका लागि समानान्तर संस्थाहरू बनाएका छन् । यस्तै एउटा उदाहरण दक्षिण अफ्रिकामा छ, जहाँ पुरुषहरूको सञ्जाल, 'मेन फर चेन्ज' ले दक्षिण अफ्रिका प्रहरी सेवा नेटवर्क (एसएपीएसएन) भित्रका महिलाहरू र समुदायमा महिला र किशोरीहरूलाई साथ दिन्छ र समर्थन गर्दछ । उदाहरणका लागि, सन् २०१९ मा 'मेन फर चेन्ज' ले लैङ्गिक हिंसा विरुद्ध लड्न जनचेतना अभियान सञ्चालन गरेको थियो ।[१०१]

IAWP Conference 2019, Anchorage, Alaska U.S. Photo courtesy of IAWP

धेरै महिला प्रहरी संघ/सञ्जालहरूले स्थानीय समुदायमा महिला र किशोरीहरूसँग सक्रिय रूपमा संलग्न हुन्छन्, सम्बन्ध निर्माण गर्न, सञ्चारका माध्यमहरू खोल्न, महिला र किशोरीहरूलाई सशक्तिकरण गर्न र उनीहरूको पीडित बन्ने जोखिम कम गर्न काम गर्छ । व्यक्तिगत सदस्यहरूले महिला र किशोरीहरूका लागि रोल मोडेलको रूपमा पनि काम गर्छन्, जुन प्रहरी सेवामा महिलाहरूको संख्या बढाउने प्रयासमा एउटा अमूल्य साधन हो ।

महिला प्रहरीको अन्तर्राष्ट्रिय संघका विश्वभरि धेरै आवद्ध संस्थाहरू छन्, जसले आफ्ना सदस्यहरूलाई सक्रिय रूपमा समर्थन गर्दै उनीहरूका प्रहरी संगठनहरूलाई लैङ्गिक रुपमा संवेदनशील बन्न सहयोग गर्दैछन्, त्यसले गर्दा उनीहरूलाई लैङ्गिक उत्तरदायी प्रहरी सेवाहरू प्रदान गर्न सक्षम बनाउँछ । आइएडब्लुपी घटकहरूले महिला प्रहरी संघ/सञ्जालहरूको स्थापना र दिगोपन र उनीहरूले आफ्ना सदस्य, उनीहरूका सहकर्मी, प्रहरी संगठन र स्थानीय समुदायहरूलाई दिने फाइदाहरूका धेरै राम्रा उदाहरणहरू प्रदान गर्छन् ।

आइएडब्लुपी सम्बद्धहरूको उदाहरणहरूमा देहायलगायत समावेश छन् : बङ्गलादेश प्रहरी महिला नेटवर्क; कोसोभो प्रहरीमा महिला संघ; प्रहरीमा महिलाका लागि ब्रिटिश संघ; महिला प्रहरीको गुयाना संघ; घाना प्रहरी महिला संघ; कानून कार्यान्वयनमा युक्रेनी महिला संघ; त्रिनिडाड - महिला प्रहरीको टोबागो संघ; केन्टकी महिला कानून कार्यान्वयन नेटवर्क; एमिरेट्स महिला प्रहरी संघ; कानून कार्यान्वयनमा अटलांटिक महिला; कानून कार्यान्वयनमा ओन्टारियो महिला; र कानून कार्यान्वयनमा महिलाको शिकागो संघ ।[१०२]

प्रहरीमा महिला सशक्तिकरणद्वारा वास्तविक परिवर्तनका उदाहरणहरू:

लेबनान:

सन् २०१० मा, मेजर सुजान एल हजले उनको पहिलो आइएडब्लुपी सम्मेलनमा भाग लिइन् र त्यस समयमा उनी २३ हजारको फौज भित्र लेबनानी आन्तरिक सुरक्षा बल (आइएसएफ) मा रहेका मात्र दुई जना महिला मध्ये एक थिइन् । आइएडब्लुपी सम्मेलनमा भाग लिएको परिणाम स्वरूप उनी महिलाहरूको संख्या बढाउन आइएसएफसँग काम गर्न प्रेरित भइन् । आइएडब्लुपीको सन् २०११ म भएको सम्मेलनमा भाग लिँदासम्म, थप एक हजार महिला अधिकारीहरू भर्ती गर्ने उनको अभियानले प्रहरी अधिकारी बन्न चाहने महिलाहरूबाट ११ हजार वटा आवेदनहरू प्राप्त गरिसकेको थियो । आइएडब्लुपीको सन् २०११ सम्मेलनबाट फर्केपछि, मेजर हज र उनका वरिष्ठ अधिकारी लेबनानमा महिला आइएसएफ अधिकारीहरूका लागि पहिलो महिला नेतृत्व सम्मेलन आयोजना गर्न प्रेरित भए ।

मेजर हजका अनुसार, 'महिलाहरूमा धेरै महत्वपूर्ण गुणहरू हुन्छन् जसले उनीहरूलाई प्रहरी सेवामा सफल हुन मद्दत गर्दछ । उनीहरूको मानवता र करुणाले मानव अधिकारको प्रयोगमा योगदान पुऱ्याउँछ । महिलाहरूले प्राकृतक रुपमै संगठन

१०१ South African Police Service, see: http://www.saps.gov.za

१०२ IAWP Affiliate Program http://www.iawp.org/iawp-affiliates

र व्यवस्थापन गर्न मनपराउँछन् जसले उनीहरूलाई फरक किसिमले धेरै कामहरू गर्न सक्षम बनाउँछ । साथै, महिलाहरूको समुदायसँग तुरुन्त सहकार्य हुन्छ, जसले सामुदायिक प्रहरीको कार्यसम्पादनलाई सफल बनाउँछ र रोकथाम सुरक्षा हासिल हुन्छ ।"

संयुक्त अरब इमिरेट्स :

आइएडब्लुपीमा उनको परिचय पछि, मेजर अमना अल बेलुशी संयुक्त अरब इमिरेट्स भित्र एउटा संघ स्थापना गर्न कटिबद्ध भइन् । उनले आफ्ना जनरलहरूसमक्ष प्रस्ताव लिएर गइन् र सबैभन्दा महत्त्वपूर्ण रुपमा उनले उपप्रधानमन्त्री र गृहमन्त्री महामहिम लेफ्टिनेन्ट जनरल शेख सैफ बिन जायद अल नाह्यानसँग सहयोग मागेकी थिइन् । उनीसँग भेट्न ३ महिना लाग्यो, तर यो उच्च स्तरबाट समर्थन प्राप्त गर्न कत्तिको महत्वपूर्ण छ भन्ने कुरा उनलाई थाहा थियो ।

सन् २०११ मा उनको पहिलो आइएडब्लुपी सम्मेलनमा भाग लिने समय सम्म, उनले नै एमिरेट्स महिला प्रहरी संघ, (इडब्लुपीए) स्थापना गरिसकेकी छिन्, जुन त्यो सम्मेलनमा आइएडब्लुपी को पहिलो अरबी घटक बन्यो । छ महिना भित्र सन् २०१२ मा

IAWP Conference 2019, Anchorage, Alaska U.S. Photo courtesy of IAWP

उनले खाडी क्षेत्र भित्र महिलाहरूका लागि पहिलो अन्तर्राष्ट्रिय प्रहरी प्रशिक्षण सम्मेलनको आयोजना गरिन् । सन् २०१३ सम्ममा उनले इडब्लुपीको दोस्रो सम्मेलन र त्यसपछि अन्य सम्मेलनहरू आयोजना गरिसकेकी थिइन् । इडब्लुपीको यूएईभरीबाट ५ हजार भन्दा बढीको सदस्य छन् । मेजर अल बेलोशीले आफ्नो देशमा प्रहरी सेवामा महिलाहरूलाई सुधार र एकीकृत गर्न र इडब्लुपीको अध्यक्षको रूपमा काम गर्नुका साथै युएइमा महिला प्रहरीहरूको लागि प्रशिक्षण र जिम्मेवारीको विविधताको स्तर बढाउने काम गरिरहेकी छिन् ।

बाकस १७

महिला प्रहरीको अन्तर्राष्ट्रिय संघ (आइएडब्लुपी)

भिजन : आइएडब्लुपीले एउटा यस्तो संसारको परिकल्पना गर्दछ जहाँ प्रहरीले उनीहरूले सेवा गर्ने समुदायहरूको विविधतालाई प्रतिबिम्बित गर्दछ, र मानव अधिकारहरू सुरक्षित छन् ।

मिसन: अन्तर्राष्ट्रिय स्तरमा प्रहरी सेवामा महिलाहरूको क्षमतालाई सुदृढ, एकताबद्ध र वृद्धि गर्नु ।

IAWP Region 16 Conference 2012. Photo courtesy of International Association of Women Police

आइएडब्लुपीले ७२ वटा देशहरूमा आफ्ना सदस्यहरूलाई नेटवर्किङ र सहकर्मी सहयोगकासाथै मार्गदर्शन, क्षेत्रीय प्रशिक्षण सम्मेलनहरू र आइएडब्लुपी वार्षिक प्रशिक्षण सम्मेलनको आयोजनामार्फत व्यावसायिक विकास प्रदान गर्दछ । यसको उद्देश्य देहाय अनुसार रहेको छ :

- विश्वभर प्रहरी सम्बन्धी तालिम सम्मेलन, कार्यक्रम, शैक्षिक कार्यक्रमहरू र कार्यशालाहरू आयोजना गर्ने;
- वृत्ति विकासका सबै पक्षहरूमा प्रहरी अधिकारीहरूलाई प्रोत्साहन र मार्गदर्शन र नेतृत्व प्रदान गर्ने;
- शिक्षा र तालिमको माध्यमबाट वास्तविक व्यावसायिकतातर्फ लाग्ने, र जनतालाई राम्रो सेवाको हितमा समसामयिक प्रवृत्ति र विधिहरू बारे सचेत रहने;
- कानून कार्यान्वयन पेशाको उच्चतम नैतिक मापदण्ड लागु गर्न प्रोत्साहित गर्ने ;
- कानून कार्यान्वयन निकाय बीच कार्यसम्पादन, उत्कृष्टता र उपलब्धिको मान्यता, पहिचान र पुरस्कृत गर्ने ।

घटना अध्ययन २

स्रेप्स्का गणतन्त्रको महिला प्रहरी अधिकारी सञ्जाल गृह मन्त्रालय

योगदानकर्ता: श्री सञ्जा सुमोन्जा (संगठित र गम्भीर अपराध नियन्त्रणका लागि प्रशासनमा वरिष्ठ निरीक्षक, RS MOI WPON बोर्डको अध्यक्ष)

सन् २०११ मा दक्षिणपूर्वी यूरोप पहलअन्तर्गत महिला प्रहरी अधिकारी सञ्जाल (डब्लुपीओएन) र प्रहरी सेवा निर्देशकको सहयोगमा, स्रेप्सा गणतन्त्रको गृह मन्त्रालयले आफ्नो डब्लुपीओएनलाई एउटा दर्ता भएको गैससका रूपमा स्थापना गर्यो। स्रेप्सा गणतन्त्रको गृह मन्त्रालय, महिला प्रहरी अधिकारी सञ्जाल (डब्लुपीओएन) ले प्रहरी सेवाहरूमा लैङ्गिक समानता र लोकतान्त्रिक सिद्धान्तहरूको प्रवर्द्धन र कार्यान्वयन गर्ने मुख्य लक्ष्य लिएको थियो।[९०३]

यस लक्ष्यमा पुग्नको लागि, स्रेप्सा गणतन्त्रको गृह मन्त्रालय, महिला प्रहरी अधिकारी सञ्जाल (डब्लुपीओएन) ले सहयोगका चार प्राथमिकताका क्षेत्रहरू स्थापना गरेको छ:

- प्रहरी सेवामा लैङ्गिक समानता र लोकतान्त्रिक सिद्धान्तहरूको प्रवर्द्धन् र कार्यान्वयन;
- प्रहरीमा महिला भर्नाका लागि रणनीतिक दृष्टिकोण;
- शिक्षा, प्रशिक्षण र वृत्ति विकास; र
- प्रहरी अधिकारी र अन्य मन्त्रालयका कर्मचारीका परिणामको प्रवर्द्धन्।

2019 Belgrade Conference Institutional Integration of Gender Equality in the Police of the countries of the Region

स्थापना भएको केही समय पछि, महिला प्रहरी अधिकारी सञ्जाल (डब्लुपीओएन)को सदस्यता ३०० भन्दा बढी थियो, जसमा सबै मन्त्रालयमा कार्यरत महिला कर्मचारीहरू, प्रहरी अधिकारी र अन्य कर्मचारीहरू सम्मिलित थिए। आज संघको ४६० जना सदस्यहरू छन्। त्यसको लगत्तै, महिला प्रहरी अधिकारी सञ्जाल (डब्लुपीओएन) साना 'छिटो हासिल हुने' परियोजनाहरूमा संलग्न हुन थाल्यो, जस्तै समकक्षी प्रहरी अधिकारीहरू र अभियोजनकर्ताहरूलाई तालिम दिने, हाई स्कूलहरूमा छात्राहरूबीच प्रहरीमा जागिर प्रवर्द्धन् गर्ने, साथै प्रहरी सेवासम्बनधी विषयहरूमा स्थानीय र क्षेत्रीय कार्यक्रमहरूमा भाग लिने।

RS MoI WPON Project: 'Sensitization and Education of Elementary Schools Teaching Staff on Criminal Offences against Marriage and Family.'

महिला प्रहरी अधिकारी सञ्जाल (डब्लुपीओएन) युएन वुमन, ओएससीई, अमेरिकी दूतावास, नर्वे सरकार, र युएनडीपीबाट विशेष गरी अन्तरंग व्यक्तिबाट हुने हिंसा/घरेलु हिंसासम्बन्धी तालिम र सचेतनामा बाह्य आर्थिक सहयोग आकर्षित गर्न सक्षम भयो। फलस्वरूप, महिला प्रहरी अधिकारी सञ्जाल (डब्लुपीओएन)लाई न्याय र सुरक्षा क्षेत्र भित्र एक वैधानिक र जानकार सरोकारवाला संस्थाका रूपमा चिनिन थालियो, जसमा साझेदारी सम्बन्ध विस्तार हुने नागरिक समाजका संस्थाहरू समेत समावेश थिए।

हाल, महिला प्रहरी अधिकारी सञ्जाल (डब्लुपीओएन)लाई विश्वमा महिला प्रहरी अधिकारीहरूका लागि सबैभन्दा सक्रिय र प्रभावकारी संस्थाहरू मध्ये एक मानिन्छ। त्यसका गतिविधिहरूका उदाहरणहरू तल दिइएको छ :

- संगठनात्मक नीति र नयाँ कानूनहरू (जस्तै सन् २०२० को घरेलु हिंसा कानून) को प्रभावबारे सल्लाह सुझाव दिने ;

९०३MoI Women Network – RS WPON, see: http://www.mrezazena-muprs.org/about/?lang=en

Members of the RS MoI WPON together with the Minister of the Interior, Mr Dragan Lukač (centre). Mr. Lukač's commitment and support for the WPON played a key role in the impact achieved within the Ministry.

- लैङ्गिक समानता सम्बन्धी मन्त्रालयमा महिला र पुरुषको संख्या बारे जागरूकता बढाउँने;
- मन्त्रालयका कर्मचारीहरूको लैङ्गिक-संवेदनशील शिक्षा र प्रशिक्षणको वकालत गर्ने ;
- सुरक्षा क्षेत्रमा महिलाको भूमिका र स्थितिमा सम्बन्धित संस्था, निकाय र संघहरू, गैर-सरकारी र अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्य गर्ने;
- महिला, बालबालिका र हिंसाको बढ्दो जोखिममा रहेका अन्य समूहहरू विरुद्ध हुने सबै प्रकारका हिंसाको रोकथाम र सम्बोधन;
- मद्यपान, लागुऔषधको लत, अनलाइन र आईसीटी-मार्फत हुने हिंसा रोकथाम र सम्बोधन, जसले महिला, बालबालिका र हिंसाको बढ्दो जोखिममा रहेका अन्य समूहहरूमा हानिकारक प्रभाव पार्छ;
- संघको उद्देश्य अनुरूप पुस्तक, पर्चा, हाते पुस्तिका, शैक्षिक लेख र अन्य प्रकाशनहरू प्रकाशित गर्ने;

उनीहरूको प्रमुख परियोजना 'घरेलु हिंसा - प्रहरी अधिकृत र व्यवस्थापकहरूको शिक्षा' सन् २०१७ मा लागू गरिएको थियो, र गृह मन्त्रालयको सबै प्रहरी प्रशासनका प्रहरी अधिकारीहरूमाथि लक्षित थियो । यस परियोजनामा १२ वटा तालिम सत्रहरू थिए, जसमा कुल १४४ जना प्रहरी अधिकारीहरूले तालिम लिएका थिए ।[१०४]

महिला प्रहरी अधिकारी सञ्जाल (डब्लुपीओएन) द्वारा गरिएका अन्य महत्वपूर्ण कार्यहरूमा प्राथमिक र माध्यमिक विद्यालयहरूमा युवतीहरूलाई अनलाइन र आईसीटी-मार्फत हुने महिला विरुद्ध हिंसाबारे[१०५] प्रशिक्षण कार्यशाला, विवाह र परिवारसँग सम्बन्धित फौजदारी अपराधहरूमा शिक्षक कर्मचारीहरूसँग तालिम[१०६], र रोमा समुदायका सदस्य र तिनका बच्चाहरू विरुद्ध भेदभाव सम्बोधन गर्ने कार्य समावेश छन् ।[१०७]

---

१०४ 'Domestic Violence – Education of Police Officers Managers (2017);, Ministry of the Interior of the Republic of Srpska, at: http://www.mrezazena-muprs.org/project/domestic-violence-education-of-police-officers-managers/?lang=en

१०५ 'Prevention of Online Sexual Violence against Girls in Suburban Areas', Ministry of the Interior of the Republic of Srpska, at: https://www.mrezazena-muprs.org/project/prevention-of-online-sexual-violence-against-girls-in-suburban-areas/?lang=en

१०६ Sensitization and Education of Elementary Schools Teaching Staff on Criminal Offences against Marriage and Family (2015). Ministry of the Interior of the Republic of Srpska. https://www.mrezazena-muprs.org/project/sensitization-and-education-of-elementary-schools-teaching-staff-on-criminal-offences-against-marriage-and-family/?lang=en

१०७ Prevention of Discrimination against Roma and Violation of Roma Children Rights (2019). Ministry of the Interior of the Republic of Srpska. https://www.mrezazena-muprs.org/project/prevention-of-discrimination-against-roma-and-violation-of-roma-children-rights/?lang=en

महिला प्रहरी अधिकारी सञ्जाल (डब्लुपीओएन) का मुख्य सफलताहरू:

- वरिष्ठ प्रहरी व्यवस्थापनले डब्लुपीओएनको विकासमा सहयोग गरे। यद्यपि आर्थिक स्रोत डब्लुपीओएनका लागि अझै पनि चुनौती कै रुपमा रहेको भएपनि कार्यकारी प्रहरी व्यवस्थापनको निरन्तर सहयोगले कानून कार्यान्वयन समुदायको नजरमा डब्लुपीओएनलाई प्रभावकारी रूपमा 'वैधानिकता' प्रदान गरेको छ। साथै, यसले प्रहरीमा महिलाको महत्वपूर्ण भूमिकालाई प्रवर्द्धन् गर्न बलियो प्रतिबद्धता पनि संकेत गर्दछ ;

- सेप्टेम्बर २०११ मा बान्जा लुकाको अदालतमा कानूनी संस्था (एनजीओ/नागरिक संघ) को रूपमा द्रुत दर्ताले नेटवर्कलाई कानुनी संस्थाको हैसियत प्राप्त गर्न सक्षम बनायो, जसले यसको आफ्नै विधान, छाप, र महत्वपूर्ण रूपमा बैंक खातासहित गतिविधि र परियोजनाहरूका लागि रकम प्राप्त गर्न वित्तीय आधार सम्भव बनायो ;

- यसका सीमितता र शक्तिहरूको बुझाइ। सीमित क्षमताका कारण, डब्लुपीओएनले व्यवस्थापन गर्न सकिने र ठूला पहलहरूमा संलग्न हुनबाट जोगिने 'छिटो हासिल गरिने' परियोजनाहरूमा आफ्ना स्रोतहरू केन्द्रित गर्यो। यस्ता परियोजनाहरूमा मुख्यतया तालिमहरू आयोजना गर्ने वा साझेदार कार्यशालाहरूमा प्रशिक्षकको रूपमा भाग लिने, जस्तै महिला र घरेलु हिंसा विरुद्ध बहु-क्षेत्रीय प्रतिकार्यहरू, वा पीडित/प्रभावितहरूको जोखिम र सुरक्षाको मूल्याङ्कन गर्ने विषयहरू समावेश छन्।

- बालबालिकाको अधिकार वा यौनिक अल्पसङ्ख्यक समुदायको [१०८] अधिकारमा सामुदायिक चेतना अभिवृद्धि गर्नका लागि नागरिक समाजसँग साझेदारीको निर्माणले डब्लुपीओएनलाई बृहत न्याय र सुरक्षा क्षेत्रमा, विशेषगरी सम्बन्धित मुद्दाहरूमा प्रमुख साझेदारको रूपमा 'वैधनिकता' लाई बलियो बनाएको छ। किनभने लैङ्गिक हिंसा र बाल संरक्षणमा धेरै महिला अधिकारीहरू त्यस्ता घटनाहरूमा संलग्न छन्;

- डब्लुपीओएनलाई एउटा ब्रान्डको रूपमा स्थापना, जसले प्रहरी संगठनलाई यसको कार्यगत संस्कृतिको ज्ञानका थसाथै अत्यावश्यक सेवा प्रदायकको रूपमा प्रहरीको शक्ति र कमजोरीहरूको आधारमा महत्व प्रदान गर्दछ। यसका गतिविधिहरूको फलस्वरूप, डब्लुपीओएनले आन्तरिक रूपान्तरणका लागि सकारात्मक स्रोतको रूपमा प्रतिष्ठा विकास गरेको छ ;

- सिकाइ प्रवर्द्धन् महत्वपूर्ण छ। न्याय र सुरक्षा क्षेत्रका कलाकारहरूलाई प्रशिक्षण दिँदा, डब्लुपीओएनले प्रणालीमा रहेका कमीकमजोरीहरू पहिचान गर्न सक्षम भएको छ, जस्तै पीडित/प्रभावितहरूसँग प्रत्यक्ष व्यवहार गर्दा (जसले धेरै अवस्थामा आफ्नो अधिकारबारे अनजान थिए)। यस अनुभवले डब्लुपीओएनलाई प्रहरी संगठन भित्र रचनात्मक सिफारिसहरू प्रदान गर्न सक्षम बनायो।

मुख्य पाठहरू :

- सदस्यहरूको एउटा प्रतिबद्ध र उत्प्रेरित मुख्य समूह डब्लुपीओएनको कार्यसञ्चालका लागि आवश्यक छ। यद्यपि, सञ्जालको दिगोपन सुनिश्चित गर्न व्यापक समर्थन टोली स्थापना गरिनु अत्यावश्यक छ ;

- मानवअधिकार संरक्षणको क्षेत्रमा काम गर्ने प्रहरीको सुधारलाई सहयोग गर्ने परियोजनाहरूको कार्यान्वयन सम्बन्धी मामिलामा वरिष्ठ व्यवस्थापनबाट निरन्तर सहयोग आवश्यक छ;

- डब्लुपीओएन बाह्य सहयोग र चन्दामा निर्भर भएकोले परियोजना व्यवस्थापन सीप र यसका सदस्यहरूको दातासँगको सम्बन्ध अनुभव मुख्य दक्षता हो;

- सञ्जाल/सङ्गठन स्थापना गर्दा, सञ्चार रणनीतिहरू (विशेष गरी प्रचारप्रसार बढाउनका लागि) विचार गरी सुरुमै समावेश गर्नुपर्छ। सबै गतिविधि, क्रियाकलाप र परियोजनाहरू राम्रोसँग दस्तावेजीकरण गरिएका छन् र सकारात्मक परिणामहरू सामाजिक मिडियामा, र मुख्य भाषाहरूमा सार्वजनिक रूपमा प्रस्तुत गरिएको छ,

- क्षेत्रीय स्तर र त्यसभन्दा बाहिर असल अभ्यासहरू आदानप्रदान गर्ने (जस्तै, सर्बिया, मोल्डोभा, किर्गिजस्तान, युक्रेन, बेल्जियम, जर्मनी, दक्षिण कोरिया, इत्यादि) डब्लुपीओएनका असल अभ्यासहरूले समकक्षी अधिकारीहरूलाई घरेलु हिंसाका घटनाहरू कसरी व्यवस्थापन गर्ने भनेर तालिम समावेश गर्दछ, जसले सामान्य रूपमा प्रहरी संगठनलाई बलियो बनाउन मद्दत गर्दछ। साथै समकक्षी अधिकारीहरूलाई पनि संवेदनशील बनाउनेछ जो आफैं पनि पारस्परिक हिंसाको पीडित/प्रभावित हुन सक्छन्। साथै, अन्य देशका सहकर्मीहरूको प्रयासलाई मान्यता र प्रशंसाले पनि संघको स्थितिलाई बलियो बनाउँछ र भविष्यका गतिविधिहरूको लागि थप प्रोत्साहन प्रदान गर्दछ।

---

१०८ Promotion of the Handbook "Policing Hate Crimes against LGBTI Persons" (2019). Women Police Officer Network of the Republic of Srpska Ministry of the Interior. http://www.mrezazena-muprs.org/promotion-of-the-handbook-policing-hate-crimes-against-lgbti-persons/?lang=en

लैङ्गिक-उत्तरदायी प्रहरीकार्य कार्यान्वयनका चुनौती र रणनीतिहरू

"विश्वभरी महिला तथा किशोरी विरुद्धका हिंसाको यति उच्च मात्रा हुनुका कारणहरु जटिल छन् । तर केही समाधानहरु भने सरल छन् । त्यसमध्ये एउटा भनेको हिंसाका गतिविधिबारे उजुरी गर्ने महिलाप्रति प्रहरी र न्याय सेवा प्रदायकहरुले प्रतिक्रिया जनाउने तरिकामा परिवर्तन गर्नु हो ।"

- फुम्जिल म्लाम्बो-न्कुका, संयुक्त राष्ट्रसंघका उप-महासचिव र युएन वुमनका कार्यकारी निर्देशकले लैङ्गिक समानताका लागि HeForShe प्रवर्तकका रुपमा संयुक्त राष्ट्रसंघीय प्रहरी सल्लाहकार लुइस कारिल्होको घोषणा (२०१९)मा दिएको वक्तव्यबाट

अध्यायका लक्ष्यहरू:

महिला तथा किशोरी विरुद्धका हिंसाको लागि प्रहरी संगठनहरूको प्रतिकार्यमा कमीकमजोरीको विश्लेषण गर्न मध्यम स्तरका व्यवस्थापकहरूको तैयार गर्ने; संस्थागत परिवर्तन सिर्जना गर्ने; परिवर्तनको कार्यान्वयनको अभ्यासबारे अनुगमन गर्ने ।

मुख्य सन्देश र सिकाइका बुँदाहरू:

- महिला तथा किशोरी विरुद्धका हिंसाको कारण बुझ्नु यसको प्रतिकार्यमा सुधारका लागि मूल कुरा हो;
- लैङ्गिक-उत्तरदायी प्रहरी अभ्यासलाई मानकीकरण गरेर प्रहरी प्रतिकार्यलाई सुधार गर्न सकिन्छ;
- महिला तथा किशोरी विरुद्धका हिंसाप्रति प्रहरी संगठनको प्रतिकार्यमा रहेको कमीकमजोरीलाई बुझ्न पीडित/प्रभावितसँग परामर्श आवश्यक छ;
- फौजदारी न्याय प्रणालीमा प्रहरी, अभियोजक, प्रोबेशन अफिसर, नागरिक समाज, महिला संगठनहरू र अन्य निकायहरूको नीति तथा अभ्यासहरूलाई अन्तरसम्बन्धित रूपमा हेरिनुपर्छ;
- कुनै पनि संस्थागत परिवर्तनको मूल पाटोका रुपमा पीडित/प्रभावितको सुरक्षा, कल्याण एवं स्वायत्तता र पीडकको जवाफदेहिता रहेको हुनुपर्छ;
- दीर्घकालीन संस्थागत परिवर्तन सिर्जना गर्न जवाफदेहिता महत्वपूर्ण हुन्छ ।

परिचय

यस अध्यायले लैङ्गिक-उत्तरदायी प्रहरीकार्य हासिल गर्नका लागि विश्लेषणात्मक विधिहरू लागू गर्न प्रहरी संगठनहरूमा मध्यम तहका व्यवस्थापकहरूलाई मार्गदर्शन प्रदान गर्दछ।[१] विश्वभरि, महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न काम गर्ने कार्यकर्ता र महिला नागरिक समाज संगठनहरूले महिला तथा किशोरी विरुद्धका हिंसालाई हाम्रो समाजको एक हिस्सा बनाइराख्ने पूर्वाग्रह र दमनलाई चुनौती दिइरहेका छन्। त्यस्ता पूर्वाग्रहहरू यति गहिरो रूपमा गढेका छन् कि महिला र बालिकाहरूलाई हिंसाबाट जोगाउने जिम्मेवारी दिइएका प्रहरी संगठन र न्यायिक संस्थाहरूमा फैलिएका छन्।

फोटो सौजन्य : महिला, कानुन र विकास मञ्च/ यूएन वुमन

महिला तथा किशोरी विरुद्धका हिंसाप्रति समुदायको सहिष्णुता समाप्त गर्नका लागि, मनोवृत्ति परिवर्तन गर्नु आवश्यक भए तापनि संस्थागत अभ्यासहरू पनि विकसित हुनुपर्छ भन्ने मान्यता बढ्दै गएको छ। संयुक्त राष्ट्रसंघको HeForShe अभियान संस्थाका पुरुष नेताहरूलाई अधिवक्ता र सहयोगीहरूको रूपमा संलग्न गरेर संस्थागत परिवर्तनलाई बढावा दिने अन्तर्राष्ट्रिय आन्दोलनको उदाहरण हो। २०१९ मा, संयुक्त राष्ट्रसंघका प्रहरी सल्लाहकार, लुइस क्यारिल्हो, १०० भन्दा बढी देशहरूका[२] १०,००० भन्दा बढी प्रहरी अधिकारीहरू - जसमध्ये ८५% पुरुषहरू छन् - का लागि एक रोल मोडेलको रूपमा मार्ग प्रशस्त गर्दै HeForShe अभियानका लागि सबैभन्दा नयाँ अधिवक्ता मनोनित गरियो।

प्रहरी संगठनहरूमा धेरै संस्थागत परिवर्तनहरू कार्यकारी नेतृत्व र/वा मध्यम तहका व्यवस्थापकहरूद्वारा सिर्जना र कार्यान्वयन गर्न सकिन्छ। प्रारम्भिक संस्थागत परिवर्तन भएपछि, लैङ्गिक-उत्तरदायी प्रहरीकार्य व्यवहारमा कायम राख्नको लागि कार्यस्थलमा जवाफदेहिताको संस्कृति सिर्जना गर्न मध्यम तहका व्यवस्थापकहरूलाई सहयोग र सशक्त गरिनुपर्छ।

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको सफलतापूर्वक विकास, कार्यान्वयन र संस्थागत गर्ने दुईवटा प्राथमिक उद्देश्यहरू छन् :

- महिला तथा किशोरी विरुद्धका हिंसासँग सम्बन्धित लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको आवश्यकतालाई समर्थन गर्ने समाजशास्त्रीय अवधारणाहरूमा प्रहरी कर्मचारीहरूलाई शिक्षित गर्ने। यसले संगठनमा लैङ्गिक-उत्तरदायी प्रहरीकार्य किन लागू भइरहेको छ भन्ने उनीहरूको प्रश्नहरूलाई सम्बोधन गर्नेछ; र

- तलका कुराहरूद्वारा संस्थागत परिवर्तन सिर्जना गर्नुहोस् :
  - निकायको काममा लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको विकास र समावेश गर्ने। यस अध्यायमा, हामीले 'कर्मचारीहरूको समन्वयका लागि संस्थाहरूले प्रयोग गर्ने आठ विधिहरू'

१ लैङ्गिक-संवेदनशीलता भनेको "सार्वजनिक र निजी जीवनको सबैभन्दा विविध क्षेत्रहरूमा लैङ्गिकतामा-आधारित बहिष्करण र भेदभावमा संलग्न सामाजिक र सांस्कृतिक कारकहरूलाई बुझ्ने र ध्यानमा राख्ने उद्देश्य" हो, European Institute for Gender Equality, at: https://eige.europa.eu/thesaurus/terms/1218?utm_source=newsletter&utm_medium=email&utm_campaign=how_gender_equal_is_your_parliament&utm_term=2019-11-27. यस ह्यान्डबुकमा प्रयोग गरिए अनुसार, लैङ्गिक-उत्तरदायी फौजदारी न्याय भन्नाले कानून, फौजदारी न्यायसम्बन्धी संस्थाहरू, फौजदारी न्याय प्रक्रियाहरू, र फौजदारी न्यायका परिणामहरूले लैङ्गिकताको आधारमा कसैलाई भेदभाव गर्दैनन् भन्ने बुझिन्छ। यसले फौजदारी कानूनमा नै लैङ्गिक दृष्टिकोण लिन आवश्यक छ, साथै महिला र पुरुषहरूका लागि उपलब्ध फौजदारी न्याय प्रक्रियाहरूमा पहुँच र अवरोधहरूको मूल्याङ्कन र पीडितहरूलाई संरक्षण गर्न र फौजदारी न्यायमा पहुँच प्रवर्द्धन गर्न लैङ्गिक-संवेदनशील रणनीतिहरू अवलम्बन गर्न आवश्यक छ। हेर्नुहोस् : Skinnider, Eileen., 'Towards Gender-Responsive Criminal Justice: Good Practices from Southeast Asia in responding to violence against women' (2018: Thailand Institute of Justice).

२ 'UN Women announces United Nations Police Adviser Luís Carrillo as HeForShe Advocate for gender equality, at: https://www.heforshe.org/en/un-women-announces-united-nations-police-adviser-luis-carrilho-heforshe-advocate-gender-equality

शीर्षकको विश्लेषण विधिको वर्णन गर्छौं, जुन महिला तथा किशोरी विरुद्धका हिंसाप्रति प्रणालीहरूको प्रतिक्रियामा सुधार ल्याउन सफलतापूर्वक लागू गरिएको छ; र

- व्यवहारमा यसको कार्यान्वयनको अनुगमन गर्ने र अझै सम्बोधन गर्न आवश्यक कुनै पनि कमीकमजोरी भए पहिचान गर्ने ।

उद्देश्य १: लैङ्गिकतालाई र सामाजिक समस्याको रूपमा महिला तथा किशोरी विरुद्धका हिंसालाई गहिराइमा बुझ्ने

जब प्रहरीले आफू बस्ने र काम गर्ने ठाउँमा लैङ्गिकतासम्बन्धी सामाजिक, कानुनी र सांस्कृतिक मानदण्डहरू बुझ्छन्, तब उनीहरूले लैङ्गिक संवेदनशील रूपमा प्रतिक्रिया दिन सक्षम हुन्छन् । महिला तथा किशोरी विरुद्धका हिंसाका लागि सहनशीलताको वातावरण सिर्जना गर्ने सामाजिक मान्यताहरूको परिवेशमा घरेलु हिंसा, यौन दुर्व्यवहार, पीछा, मानव बेचबिखन, र डेटिङ हिंसाका पीडकहरूले आफ्ना गतिविधि गर्दछन् । जब प्रहरीले महिला तथा किशोरी विरुद्धका हिंसालाई सामाजिक समस्या र आपराधिक समस्याको रूपमा बुझ्छ, उनीहरूले पीडित/प्रभावितले अनुभव गरेको हिंसाको परिवेशलाई पहिचान गर्नेछन् र पीडित/प्रभावितले सामना गरेको जोखिमको स्तर पहिचान गर्न र प्रभावकारी रूपमा हस्तक्षेप गर्न सक्षम हुनेछन् ।

महिला तथा किशोरीहरू विरुद्ध सर्वव्याप्त हिंसालाई समर्थन गर्ने चार स्तम्भहरू

मानिसहरूको एक समूहको अर्को समूहमाथिको वर्चस्वको परिणामस्वरूप अधीनस्थ समूहको शोषण हुन्छ, र सामाजिक, सांस्कृतिक तथा कानुनी कारकहरूद्वारा त्यो कायम रहन्छ । यी कारकहरूलाई छत थाम्ने स्तम्भहरूको रूपमा कल्पना गर्न सकिन्छ । महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रभावकारी रूपमा सम्बोधन गर्नको लागि, प्रहरी जस्ता सरकारी संस्थाहरूले यस मानवअधिकार हननलाई निरन्तरता दिने चार स्तम्भहरूलाई सम्बोधन गर्नुपर्छ ।[३]

१. पदानुक्रम र हकको धारणा

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले महिला तथा किशोरीहरू विरुद्ध हुने अपराधहरूमा लैङ्गिक पदानुक्रमले योगदान पुऱ्याउँछ भनी स्वीकार गर्दछ । पदानुक्रम र पुरुष अधिकारले पुरुषहरू महिला तथा किशोरीहरू भन्दा उच्च छन् भन्ने विचारलाई प्रतिबिम्बित गर्दछ । पदानुक्रम भएको सम्बन्धको परिवेशमा, पुरुषहरूले आफू महिला तथा किशोरीहरू भन्दा बढी तार्किक, अधिक बुद्धिमानी, र राम्रा निर्णयकर्ता भएको विश्वास गर्छन् । महिला तथा किशोरी विरुद्धका हिंसाका एक पीडकले आफू महिला तथा किशोरीहरूबाट एक निश्चित स्तरको अधीनताको हकदार भएको विश्वास गर्छन् । आफ्नो अडान स्पष्ट गरेको र त्यो तर्कसंगत र स्पष्ट छ भन्ने विश्वास गर्छन् र आफ्नो महिला पार्टनरले त्यसमा सहमत हुनुपर्छ भन्ने विश्वास गर्दछन् । महिलाको असहमतिलाई उसले 'अतार्किक' वा 'पागल' को रूपमा पहिचान गर्नेछ । एक पीडकले बोध गर्ने शक्तिको हकको भावना पदानुक्रमको केन्द्रमा हुन्छ, र कानून, प्रथा, मिडिया र अन्य सामाजिक संस्थाहरू मार्फत त्यसलाई नियमित रूपमा प्रबल बनाइएको हुन्छ ।

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले पीडित/प्रभावितको सुरक्षा/स्वास्थ्य र स्वायत्ततालाई केन्द्रमा राखेर र हिंसाको लागि पीडकलाई जवाफदेही बनाएर पदानुक्रम र हकलाई चुनौती दिन्छ । जब प्रहरी मौन हुन्छ वा महिला तथा किशोरीहरू विरुद्ध पीडकका भेदभावपूर्ण मनोवृत्तिलाई समर्थन गर्दछ, तिनीहरू अपराधमा संलग्न हुन्छन् ।

२. पदानुक्रमको सबैभन्दा तल भएकाहरूलाई बाध्य पार्ने क्षमता

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले महिला तथा किशोरीहरूमाथि पुरुषको अधीनता र उनीहरू तल्लो स्तरको रुपमा स्वीकारोक्तिलाई सामाजिक रूपमा सबलीबरण गरिएको हुन्छ भन्ने स्वीकार गर्नेछ । यस सामाजिक सुदृढीकरणको प्रतिरोध गर्न, हिंसा लगायत महिला तथा किशोरी विरुद्ध हुने अपराधहरूमा प्रहरी प्रतिकार्यहरूले उनीहरूको समानता र स्वतन्त्रतालाई बढावा दिनेछ ।

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले सकारात्मक रूपमा सम्बोधन गर्नेछ र महिला तथा किशोरीहरूमाथि हुने अपराधहरूका लागि उनीहरूले आफूलाई दोषी ठहराउने, पीडकले गरेको हिंसाको जिम्मेवारी आफैं लिने, र पीडकको आवश्यकतालाई आफ्नै भन्दा माथि स्थान दिने प्रवृत्तिलाई सम्बोधन गर्नेछ । यसको सट्टा, प्रहरीले पीडित/प्रभावितको सुरक्षा/स्वास्थ्य र समानता र पीडकको जवाफदेहितालाई प्राथमिकता दिनेछ ।

३. पदानुक्रमको तल्लो भागमा भएकाहरूको वस्तुकरण

महिला तथा किशोरी विरुद्धका हिंसा महिला तथा किशोरीहरूको वस्तुकरणको चरम रूप हो र पीडित/प्रभावितको मानवतालाई कमजोर पार्न पीडकले हिंसाको प्रयोग गर्छन् भन्ने लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले मान्यता दिन्छ । प्रहरीको प्रतिक्रियाले

३ Ellen Pence, Laura Connelly, and Melissa Scaia, 'Turning Points: A Nonviolence Curriculum for Women,' Minnesota: 2011, at: https://www.theduluthmodel.org/wp-content/uploads/2017/03/Turning-Points-Curricula-for-Women-Who-Use-Violence-Preview.pdf.

एक समन्वयात्मक सामुदायिक प्रतिकार्य भनेको :

महिला तथा किशोरी विरुद्धका हिंसाप्रतिको सहनशीलताको वातावरणलाई परिवर्तन गर्ने अन्तर-निकायगत प्रयास र पीडित/प्रभावितको सुरक्षा तथा पीडकको जवाफदेहितालाई केन्द्रिकृत गर्ने अभ्यास र कार्यविधिहरू संस्थागत गर्ने कुरा यसका पर्छन् ।

विभिन्न प्रणालीहरू बीच कार्यहरू व्यवस्थित गर्ने समन्वयात्मक प्रतिकार्य विधिले सप्रकार यसंस्थागतता ल्याउनेछ :

- नीतिहरू परिवर्तन गरेर
- प्रक्रियाहरू परिवर्तन गरेर
- प्रत्येक निकायले तथ्याङ्क आदान प्रदान गरेर र मुद्दाको समीक्षाको लागि खुला रहेर
- एक महिला एनजीओद्वारा सह-नेतृत्व गरेर
- नयाँ तर्जुमा भएका नीति र कार्यविधिहरूबारे तालिमहरू आयोजना गरेर - र थप धेरै !

महिला तथा किशोरीलाई सुरक्षा, समानता, स्वतन्त्रता, न्यायमा पहुँच र उनीहरूको मानवअधिकारको पूर्ण अनुभूतिको हक छ भन्ने सन्देश दिनुपर्दछ ।

महिला तथा किशोरीहरूको वस्तुकरणले धेरै रूप लिन्छ र उनीहरू विरुद्ध हिंसाको व्यापक प्रयोगलाई तर्कसंगत बनाउन कार्य गर्दछ । महिला तथा किशोरीहरूलाई समान मानव नभई वस्तुको रूपमा सोचेर, पीडकहरूले हिंसाको माध्यमबाट आफ्नो शक्ति प्रयोग गर्नु जायज छ भन्ने विश्वास गर्छन् ।

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले प्रहरी अधिकारीहरूको पीडित/प्रभावित र पीडकहरूसँगको व्यक्तिगत अन्तरक्रियामार्फत समानताको सन्देश र हिंसाबाट मुक्त हुने मानव अधिकारलाई समावेश गर्नेछ । महिला तथा किशोरीको सुरक्षा र स्वायत्ततालाई प्रवर्द्धन गर्नका लागि बनाइएका नीति निर्देशनहरू, लिखित रूपहरू र दैनिक अभ्यासहरूमा पनि यो प्रतिबिम्बित हुनेछ ।

४. पदानुक्रमको शीर्षमा हुनेहरूले आफूले परिणाम बेहोर्नु नपर्नेगरी सजाय, हिंसा वा जबरजस्तीको प्रयोग गर्ने क्षमता

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले दण्डहीनताका साथ महिला तथा किशोरीहरू विरुद्ध अपराध गर्ने शताब्दीयौंदेखि पुरुष अधिकारको सामना गर्नुपर्छ । हिंसामा द्रुत र निश्चित परिणामहरूका साथ प्रतिकार्य गरेर प्रहरी लैङ्गिक-उत्तरदायी हुनेछ । हिंसाको प्रयोग गर्ने पुरुषको हकलाई बाधा पुऱ्याउन र महिला तथा किशोरीहरूको मानवअधिकारको हकका बारेमा समुदायको सोच परिवर्तन गर्न

प्रहरी महत्वपूर्ण छ । हिंसात्मक पीडकहरूलाई जवाफदेही बनाउन कुनै अन्य प्रणालीसँग कानून प्रवर्तन वा कानुनी प्रणालीको शक्ति छैन । लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले हिंसा अन्त्य गर्ने जिम्मेवारी पीडित/प्रभावितबाट राज्यलाई हस्तान्तरण गर्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसाको व्यापक प्रयोगलाई अन्त्य गर्नका लागि चारै स्तम्भहरू भत्काउन कानून प्रवर्तकहरू प्रतिबद्ध हुनुपर्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसाको अन्त्य गर्न, हामीले यी चारवटा स्तम्भहरूलाई सम्बोधन गर्नै पर्छ जसले व्यापक महिला तथा किशोरी विरुद्धका हिंसालाई निरन्तरता दिन्छ । पुरुषहरूलाई जवाफदेही बनाउनका लागि, महिला र पीडित/प्रभावितले प्रहरीलाई स्रोतको रूपमा हेर्न थाल्नुपर्छ । एक लैङ्गिक-संवेदनशील प्रहरी अधिकारीले उजुरीको आघातलाई कम गर्न सक्छन् भने, महिला तथा किशोरीहरूले आफ्नो सुरक्षा, सुस्वास्थ्य र स्वायत्तताको आवश्यकतालाई सम्बोधन गर्नका लागि व्यवस्थित भएको आपराधिक न्याय प्रणालीहरूमा मात्र विश्वास गर्छन् ।

पीडकहरू कानुनी हस्तक्षेपबाट जोगिन पीडित/प्रभावितमाथि आफूसँग भएको शक्तिमा भर पर्छन् । तसर्थ, हिंसाबाट पीडित/प्रभावितसँग काम गर्ने क्षमता उनको यी विश्वासमा निर्भर हुन्छ :

- प्रहरी हस्तक्षेपले पीडकको शक्तिको प्रतिरोध गर्नेछ;
- प्रहरीले उनको अनुभवको वास्तविकता बुझ्ने प्रयास गर्छ;

- पीडित/प्रभावितसँग काम गर्न प्रहरीसँग सहकार्यात्मक कार्यपद्धति छ; र

- जति लामो समय लागे पनि, प्रहरीको सहयोग निरन्तर रहन्छ ।

प्रहरी र अन्य आपराधिक न्याय संगठनहरूको सामान्यतया आफ्नो समुदायका मानिसहरूमा शक्तिशाली प्रभाव हुन्छन् । हस्तक्षेपको प्रत्येक बिन्दुमा पीडित/प्रभावित, पीडकहरू र बालबालिकाहरूलाई दिइएका सन्देशहरूले निवारकका रुपमा पनि काम गर्न सक्छ वा वैकल्पिक रूपमा, थप हिंसालाई निम्त्याउन पनि सक्छ । प्रहरीले गरेका सबै सम्पर्क वा कार्यले या त पीडित/प्रभावितको सुरक्षा र कल्याणमा योगदान पुऱ्याउँछ वा पीडकलाई समर्थन गर्दछ । प्रहरी कारबाही विरलै तटस्थ हुन्छ ।

उद्देश्य २: "कर्मचारीहरुको समन्वयका लागि संस्थाहरूले प्रयोग गर्ने ८ विधिहरू" प्रयोग गरेर संस्थागत परिवर्तन सिर्जना गर्ने र अनुगमन गर्ने

प्रहरी संगठनहरूले (अक्सर अन्य संस्थाहरूसँग समन्वयात्मक सामुदायिक प्रतिकार्य, वा CCR [४] को पाटोका रूपमा) नयाँ अवधारणा र हस्तक्षेप अभ्यासहरूलाई संस्थागत गर्न विभिन्न विधिहरू प्रयोग गर्न सक्छन् । यहाँ प्रस्तुत ***८ विधिको विश्लेषण*** प्रहरी नेतृत्वले प्रहरी संगठनहरूमा परिवर्तन संस्थागत गर्न र लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको अवधारणालाई सुदृढ पार्ने व्यावहारिक तरिका हो ।

किन शिक्षा र तालिमले मात्र संस्थागत परिवर्तन ल्याउदैन ?

यदि पूर्वाग्रही नीति र अभ्यासहरू पनि परिवर्तन हुँदैनन् भने, प्रहरी अधिकारीहरूलाई लैङ्गिक संवेदनशीलतामा शिक्षा र तालिम प्रदान गर्नु महिला तथा किशोरी विरुद्धका हिंसाको सहनशीलता परिवर्तन गर्न अपर्याप्त छ ।

तालिमले प्रहरी अधिकारीहरूको व्यक्तिगत चेतना बढाउन सक्छ, तर उनीहरू अझै पनि नीति तथा स्रोतहरूको अभाव वा लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि अन्य संस्थागत अवरोधहरूका कारण बाधामा पर्न सक्छन् । साथै, लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका अन्तर्निहित अवधारणालाई सबै प्रहरीले समान रूपमा ग्रहण गर्ने छैनन्, र जो ग्रहणशील छन् उनीहरूले आफ्नो पद छोड्न सक्छन् र यी मुद्दाबारे जानकारी नभएका अधिकारीहरूले ती पदमा प्रतिस्थापन गर्न सक्छन् ।

उदाहरणका लागि, एउटै विभागमा तीन फरक प्रहरी अधिकारीहरू छन् भन्ने कल्पना गरौं - मार्कस, रोय र जुआन ।

- मार्कस एक त्यस्ता प्रहरी अधिकारी हुन् जसको विश्वास प्रणाली पहिले नै लैङ्गिक-उत्तरदायी प्रहरीकार्यसँग मिल्दोजुल्दो छ । जब उनी महिला तथा किशोरी विरुद्धको हिंसाको गतिशीलता सम्बन्धी तालिममा सहभागी हुन्छन्, त्यसले लैङ्गिक असमानताबारे उनको बुझाइलाई गहिरो बनाउँछ ।

"विश्लेषणका ८ विधि"

मिशन, उद्देश्य र कार्य : महिला तथा किशोरी विरुद्धका हिंसाको सम्बन्धमा एक प्रहरी अधिकारीको कार्य र उद्देश्य के हो, र यसबारे प्रहरीलाई कसरी सूचित गरिन्छ ?

अवधारणा र सिद्धान्त : महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रतिक्रिया दिँदा लिङ्ग र प्रहरीको बारेमा कुन अवधारणाहरू हाल प्रयोग भइरहेका छन्?

नियम र नियमावली : महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्दा प्रहरी अधिकारीहरूले कुन कानून, नीतिहरू वा कार्यविधिहरूको पालना गर्छन् ?

प्रशासनिक अभ्यास : लागू गरिने चेकलिस्टहरू र फारमहरूले प्रहरी अधिकारीलाई निश्चित जानकारी प्रविष्ट गर्न वा नगर्न कसरी निर्देशन दिन्छन् ?

सम्बन्ध : के प्रहरी अधिकारी र अभियोजक बीचको कार्यगत सम्बन्धले मुद्दाहरूको नतिजामा भूमिका खेल्छ ?

स्रोत : महिला तथा किशोरी विरुद्धका हिंसामा प्रभावकारी प्रतिकार्यका लागि प्रहरीलाई केकस्ता थप स्रोतहरू चाहिन्छ ?

जवाफदेहिता : महिला तथा किशोरी विरुद्धका हिंसा अनुसन्धान र प्रतिवेदनहरू लैङ्गिक संवेदनशील छन् भनी सुनिश्चित गर्न प्रहरी सुपरिवेक्षक र मध्यम तहका व्यवस्थापकहरूले कस्तो भूमिका खेल्छन् ?

शिक्षा र तालिम : संस्थागत परिवर्तन हुँदा प्रहरीलाई नयाँ मापदण्डबारे कसरी तालिम दिइन्छ ?

४ For more on the importance of coordination, see Chapter 8: 'Coordination Among Justice Agencies' and the United Nations' Essential Services Package for Women and Girls subject to Violence : Core Elements and Quality Guidelines, at:, https://www.unwomen.org/en/digital-library/publications/2015/12/essential-services-package-for-women-and-girls-subject-to-violence

- रोयको व्यक्तिगत विश्वास प्रणाली लैङ्गिक संवेदनशीलतासँग मिल्दैन । उनको विश्वास परिवर्तन गर्नका लागि लैङ्गिक संवेदनशीलता सम्बन्धी शिक्षा र तालिम प्रदान गर्नु पर्याप्त छैन । थप तालिम र शिक्षा प्रदान गरिरहँदा पनि यो परिवर्तन हुने सम्भावना छैन ।

- जुआन लैङ्गिक संवेदनशीलता प्रशिक्षणको लागि बढी खुला छन् र प्रशिक्षणको परिणामस्वरूप उनको विश्वास अलिकति परिवर्तन भयो ।

सबै तीन अधिकारीको लैङ्गिक संवेदनशीलता प्रशिक्षणमा फरक प्रतिक्रिया थिए, र प्रशिक्षणले मात्र प्राप्त गर्दा, उनीहरूमध्ये प्रत्येकले महिला तथा किशोरी विरुद्धका हिंसाका घटनाहरूमा फरक प्रतिक्रिया दिने सम्भावना रहन्छ । तीनवटै प्रहरीको व्यक्तिगत विचार वा महिलाको सुरक्षा र कल्याणप्रति प्रतिबद्धताको स्तरलाई ध्यानमा राखी उनीहरूका **कार्यलाई निर्देशित र मानकीकरण गर्न र तीनवटै प्रहरीको कामलाई समन्वय गर्न** संस्थागत संयन्त्रहरू हुनुपर्छ ।

तालिमको अर्को सीमितता यो हो कि, कहिलेकाहीँ घरेलु हिंसा वा पारिवारिक इकाईका विशेषज्ञ अधिकारीहरूलाई मात्र यस्ता तालिमको प्रस्ताव गरिन्छ । महिला तथा किशोरी विरुद्धका हिंसाका सबै घटनाहरूको पर्याप्त रूपमा अनुसन्धान र प्रतिकार्य गर्ने क्षमता विशेषज्ञ अधिकारीहरूसँग विरलै हुन्छ । यस विपरित, मानकीकृत र समन्वयात्मक नीति तथा कार्यविधिहरू, साथै बलियो जवाफदेहिता संयन्त्रले सबै अधिकारीहरूलाई महिला तथा किशोरी विरुद्धका हिंसाका मामिलामा प्रभावकारी रूपमा प्रतिकार्य गर्न आवश्यक मार्गदर्शन प्रदान गर्न सक्छन् । अघिल्लो अध्यायहरूमा जोड दिइएझैं, महिला तथा किशोरी विरुद्धका

हिंसाको घटनामा, आपराधिक न्याय प्रणालीले समग्रमा त्यस मुद्दालाई कसरी हेर्छ वा व्यवहार गर्छ भन्नेमा, प्रारम्भिक सम्पर्कमा आउने प्रहरीको सबैभन्दा ठूलो प्रभाव रहन्छ ।

शिक्षा र प्रशिक्षणभन्दा बाहिर : कर्मचारीमा लैङ्गिक संवेदनशीलता संस्थागत गर्ने

तलको चित्रले देखाए जस्तै, महिला तथा किशोरी विरुद्धका हिंसाको एक पीडकले आफ्नो जीवनको सबै क्षेत्रहरूमा जवाफदेहिता अनुभव गर्दा उसले हिंसा अन्त्य गर्ने सम्भावना बढी हुन्छ । संस्थागत परिवर्तनले हिंसाका लागि पीडकलाई जवाफदेही बनाउन प्रहरी र अन्य न्याय प्रणाली संगठनहरूको क्षमतालाई बलियो बनाउने प्रयास गर्छ ।

प्रभावकारी समन्वयात्मक सामुदायिक प्रतिकार्यका लागि प्रचलित विधिहरू प्रयोग गर्नुहोस्

महिला तथा किशोरी विरुद्धको हिंसा अन्त्य गर्ने आन्दोलनले कानुनमा वैवाहिक बलात्कारमा छुटको उन्मूलन, अस्पतालहरूमा यौन दुर्व्यवहार नर्स परीक्षक (Sexual Assault Nurse Examiner[५]) को पद स्थापना र घरेलु हिंसाका घटनाहरूमा अनिवार्य पक्राउका कानून जस्ता धेरै तरिकामा संस्थागत परिवर्तन गरेको छ । यी सबै संस्थागत परिवर्तनहरूका अपेक्षित र अप्रत्याशित परिणामहरू छन् । एक लैङ्गिक-उत्तरदायी प्रहरी संगठनले पीडित/प्रभावितलाई के चाहिन्छ र कुन संस्थाहरू के प्रदान गर्छ बीचको खाडल बन्द गर्न खोज्नेछ । संस्थागत परिवर्तन ल्याउनका लागि प्रभावकारी लैङ्गिक-उत्तरदायी प्रहरी निकायहरूले प्रयोग गर्न सक्ने धेरै मुख्य दक्षता र विधिहरू छन् ।

पीडित/प्रभावित र महिला गैससहरूलाई संलग्न गराउने

विद्यमान नीतिहरूको विश्लेषण गर्न वा पीडित/प्रभावितको सुरक्षा र पीडकको जवाफदेहितालाई प्रवर्द्धन गर्ने नयाँ नीतिहरू बनाउनका लागि पीडित/प्रभावितको वास्तविक, भोगेका अनुभव बुझ्न महत्त्वपूर्ण छ । प्रणालीको प्रतिकार्यमा विद्यमान समस्याहरू पहिचान गर्न र ती समस्याहरू कसरी आउँछन् भन्ने पूर्ण रूपमा बुझ्नका लागि, हिंसा (र यसका प्रभाव) र प्रहरीले सुधार गर्न खोजेका हस्तक्षेपहरू अनुभव गर्नेहरूबाट प्रहरीले सुन्नु आवश्यक हुन्छ ।

पीडित/प्रभावितसँग प्रत्यक्ष रूपमा काम गर्ने महिला संगठनहरूले महिला तथा किशोरीहरूसँग अन्तर्वार्ता वा लक्षित समूह

५ यौन दुर्व्यवहार नर्स परीक्षक (Sexual Assault Nurse Examiner (SANE) भन्नाले त्यस्तो नर्स जो यौन आक्रमण वा दुर्व्यवहारमा परेका बिरामीको चिकित्सीय विधिविज्ञानजन्य स्याहारका लागि विशेषरुपमा तालिमप्राप्त छन् ।

छलफलहरू सहज बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । दमनका अन्तरसम्बन्धित रूपहरू अनुभव गर्ने महिलाहरूसँग काम गर्ने संस्थाहरू (जस्तै आप्रवासी र शरणार्थी समुदायहरूलाई सहयोग गर्ने संस्था, अपाङ्गता अधिकार संस्था, र जातीय वा जातीय समुदायहरूको प्रतिनिधित्व गर्ने संस्था)ले, प्रायः आपराधिक न्याय प्रणालीबाट कम सेवा प्राप्त वा सीमान्तकृत भएका महिला तथा किशोरीहरूलाई संलग्न गराउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् ।[६] सबै महिला तथा किशोरीहरूले हिंसाको अनुभव समान रूपमा गर्दैनन्, र धेरैले जात, वर्ग, जातीयता, आप्रवासनको स्थिति, यौन झुकाव, लैङ्गिक पहिचान, अपाङ्गता, र आफ्ना पहिचानका अन्य पक्षहरूको कारण विभिन्न प्रकारका उत्पीडनको अनुभव गर्छन् । यदि कुनै प्रहरी संगठनले प्रणालीभित्र विशेष रुपमा सीमान्तकृत भएका महिलाहरूको कुरा सुन्छ र उनीहरूले पहिचान गरेका प्रणालीगत कमीकमजोरी वा समस्याहरूलाई सम्बोधन गर्छ भने, त्यस प्रणालीले सबै महिलाका लागि राम्रो काम गर्ने सम्भावना रहन्छ ।

६ उदाहरणका लागि, दुलुथ, मिनेसोटामा यौन दूर्व्यवहारका घटनाहरूमा कानून कार्यान्वयन गराउने निकायहरूको प्रतिक्रियाबारे आदिवासी महिलाका अनुभवसम्बन्धी रायसुझावमा उनीहरूको संलग्नताका लागि आदिवासी महिलाहरूसँग कार्यरत नेटिभ अमेरिकी संस्थाहरूले महत्वपूर्ण भूमिका खेलेका थिए । See Mending the Sacred Hoop & The Program to Aid Victims of Sexual Assault, "Safety and Accountability Audit of the response to Native women who report sexual assault in Duluth, Minnesota, 2006-2008," at: https://praxisinternational.org/wp-content/uploads/2015/12/TTAMSHTaAuditReport2011.pdf.

नागरिक समाजका विश्वसनीय संस्थाहरूद्वारा सहजीकरण गरिएका पीडित/प्रभावितसँगका अन्तर्वार्ता वा लक्षित समूह छलफलहरूले स्थानीय समुदायमा महिला तथा किशोरीहरूले भोगेका हिंसाको अनुभवहरूको बारेमा बहुमूल्य जानकारी प्रदान गर्न सक्छन् ।[७] सम्बन्धित नीति वा अभ्यासको बारेमा उनीहरूको अनुभवलाई विशेष रूपमा पृष्ठपोषण दिनका लागि महिला तथा किशोरीहरूलाई अनुरोध गर्नुपर्छ । महिला तथा किशोरी विरुद्धका हिंसामा प्रहरीले गर्ने प्रतिकार्यमा भएका अन्य कमीकमजोरी पहिचान गर्न पनि उनीहरूले मद्दत गर्न सक्छन् ।

न्यायिक निकायहरू बीच अन्तरसम्बन्धित नीतिहरू निर्माण गर्ने

फौजदारी न्याय प्रणालीमा, महिला तथा किशोरी विरुद्धका हिंसाका मुद्दाहरू प्रशोधन गर्नका लागि प्रहरी, अभियोजक, प्रोबेशन अफिसर र अदालतहरू एक अर्कामा निर्भर हुन्छन् ।

त्यसैले प्रहरी विभागको मात्र नियम, नीति र कार्यविधिलाई भिन्दै विश्लेषण गर्न सकिँदैन । मद्दतका लागि प्रारम्भिक फोनकलदेखि अदालतमा मुद्दाको प्रक्रियासम्म लैङ्गिक-उत्तरदायी सेवाहरू सुनिश्चित गर्न प्रहरी, अधिवक्ताहरू, आपतकालीन टेलिफोन अपरेटरहरू, र अभियोजकहरूको नीतिहरू एकअर्कासँग समायोजनमा रहेको हुनुपर्छ । धेरै प्रहरीले कुनै एक मुद्दालाई राम्ररी अनुसन्धान गरेर अभियोजकलाई पेश गरेपछि, अभियोजकले आरोपलाई अघि लैजान अस्वीकार गरेमा ती प्रहरी अधिकारीहरूले निराशाको अनुभव गर्छन् ।

त्यसैगरी, मुद्दा सफल बनाउनका लागि अभियोजकहरूलाई आवश्यक पर्ने जानकारी सङ्कलन गर्न निर्देशन प्रहरी नीतिले सधैं प्रहरी अधिकारीहरूलाई दिँदैन । निकायहरूलाई सहकार्यात्मक तरिकाले नीतिहरू समीक्षा गर्न र समायोजन गर्न एकै ठाउँमा ल्याउनु भनेको अन्तरसम्बन्धित नीतिहरू पारस्परिक रूपमा सहयोगी छन् भनी सुनिश्चित गर्ने एक प्रभावकारी तरिका हो ।[८]

महिला तथा किशोरी विरुद्धका हिंसाप्रति प्रहरी प्रतिकार्यबारे प्रहरी, अभियोजक, न्यायाधीश र फौजदारी न्याय प्रणालीमा संलग्न अन्यहरूले पनि अन्तर्दृष्टि प्रदान गर्न सक्छन् । मुद्दा प्रक्रियामा संलग्न चरणहरूबारे सिक्न र मुद्दाहरूमा उनीहरूको निर्णयलाई निर्धारित गर्ने कारकहरूबारे बुझ्न हामी उनीहरूलाई हेर्छौं ।

७ उदाहरणका लागि, दुलुथ, मिनेसोटामा, पीडित/प्रभावितसँगको लक्षित समूह छलफलपछि, प्रहरीले पीडितलाई पीडक भएकै कोठामा अन्तर्वाता लिने अभ्यास बन्द गऱ्यो ।

८ अन्तरसम्बन्धित नीतिहरूबारे थप जानकारीका लागि अध्याय ८ : 'न्यायिक निकायहरू बीचको समन्वय' हेर्नुहोस् ।

स्थानीय प्रहरीसँग भेटघाट : मुद्दा प्रक्रियाको नक्सा कोर्दै

प्रहरी संगठनहरूले हालको मुद्दा प्रक्रियामा सम्भावित समस्याहरू पहिचान गर्न र विकल्पहरू खोज्न अग्रपंक्तिका खटिने प्रहरी र मध्यम तहका व्यवस्थापकहरूको विशेषज्ञताबाट सहयोग लिन सक्छन् । प्रहरीसँग कुशलतापूर्वक भेटघाट गर्नु पनि समर्थकहरू निर्माण गर्ने र संस्थागत परिवर्तन ल्याउने लक्ष्यमा प्रतिरोध कम गर्ने एउटा तरिका हो ।

अन्तर्वार्तालाई केन्द्रित राख्नका लागि प्रश्नहरूका उदाहरणहरू यसप्रकार छन् :

- मुद्दा प्रक्रियामा प्रहरी अधिकारी/मध्यम तहका व्यवस्थापकको भूमिका के हुन्छ ? प्रहरी अधिकारी/मध्यम तहका व्यवस्थापकले मुद्दामा आफ्ना कार्यहरू वर्णन गरेपछि त्यसलाई नक्साङ्कन गर्नुहोस् ।
- प्रहरी अधिकारी/मध्यम तहका व्यवस्थापकले मुद्दामा काम गर्दा के कुरामा ध्यान केन्द्रित गर्छन् ?
- अरू कसको अन्तर्वार्ता लिनु महत्वपूर्ण हुन्छ ?
- प्रहरी अधिकृत/मध्यम तहका व्यवस्थापक कोसँग सम्बन्धित छन् ? प्रहरी अधिकारीले बनाएको मुद्दाको फाइल कसले पाउँछ ?
- प्रहरी अधिकारीहरूको कामको अनुगमन कसले गर्छ ?
- प्रहरी अधिकारीसँग मुद्दाहरू प्रक्रिया शुरु गर्न के-कस्ता स्रोतहरू छन् ?
- मुद्दालाई प्रक्रियामा लैजाँदा प्रहरी अधिकारीले कुन फारम र कागजातहरू भर्नुपर्छ ?
- महिला तथा किशोरी विरुद्धका हिंसाका मामिलाहरूमा प्रहरी अधिकारी/मध्यम तहका व्यवस्थापकको कामलाई कुन कानून, नियम, नियमावली र नीतिहरूले मार्गदर्शन गर्छ ?

लिखतको विश्लेषण: मुद्दाका फाइलहरू पढेर विश्लेषण गर्ने

कुनै विशेष मुद्दामा के भएको थियो भन्ने सन्दर्भमा, मुद्दाका फाइलहरू आधिकारिक अभिलेख वा 'कथा' हुन् । मुद्दाका फाइलहरूलेसंस्थागत प्रतिक्रियालाई कार्यका रुपमा प्रकट गर्दछ । हामीले उक्त मुद्दामा संलग्न हुने प्रत्येक अभ्यासकर्ता, साथसाथै पीडित/प्रभावितलाई सेवा प्रदान गर्ने महिला संगठनको दृष्टिकोणबाट मुद्दाका फाइलहरू पढ्नु आवश्यक छ । मुद्दाका फाइलहरू पढ्दा हामीलाई प्रणालीगत सवालहरू (कसरी विभिन्न निकायले आफ्ना कर्मचारीलाई नीति र प्रक्रियाहरू मार्फत निश्चित तरिकामा मुद्दाहरूमा प्रतिक्रिया दिनका लागि व्यवस्थित गर्छन्) र व्यक्तिको कार्यसम्पादनसँग सम्बन्धित सवालहरू (दक्षतापूर्ण तरिकामा काम गरे नगरेको) बीच भिन्नता हेर्न मद्दत मिल्छ । मुद्दामा काम गर्नका लागि अभ्यासकर्ताहरू कसरी संगठित छन् भनेर पूर्ण रूपमा बुझ्नका लागि, मुद्दाका फाइलहरूको सबै खण्डको विश्लेषण गरिनु महत्त्वपूर्ण हुन्छ ।

मुद्दाका फाइलहरूको विश्लेषणमा यी कुरा पर्छन् :

- कागजातहरू र फारमहरू कसरी तयार पारिएका थिए र तिनीहरू कसरी प्रयोग गरिन्छ भन्नेबारे बुझाइ
- कागजातहरू केमा केनिद्रत छन् र तिनका अन्तर्वस्तुको के छन् भन्ने विश्लेषण;
- कागजातहरूमा कुन कुन जानकारी छुटेका छन् ? हामी केबारे थप जान्न चाहन्छौं ?

लिखतको विश्लेषण: संस्थागत नीति र कार्यविधिहरूको विश्लेषण

महिला तथा किशोरी विरुद्धका हिंसाका मुद्दाहरूमा अभ्यासकर्ताहरूले कसरी अगाडि बढ्नु पर्छ भन्नेबारे संस्थाको आधिकारिक निर्देशन भनेका नीति तथा कार्यविधिहरू हुन् । नीति र कार्यविधिहरूले प्रभावितहरूका आवश्यकतालाई कसरी केन्द्रीकृत गर्छन्, र हिंसाका लागि पीडकहरूलाई कसरी जवाफदेही बनाउँछन् भन्नेबारे तिनको समीक्षा गरिनु पर्छ ।

अवलोकन: कार्यस्थलको वातावरणमा प्रहरीको अवलोकन

प्रहरी र आपराधिक न्याय प्रणाली अन्य अभ्यासकर्ताहरूलाई उनीहरूको कार्यस्थलको वातावरणमा अवलोकन गर्नाले उनीहरूले सामना गर्ने दबाब र अवसरहरूका बारेमा प्रत्यक्ष बुझाइ र सन्दर्भ प्राप्त हुन्छ । अवलोकनका उदाहरणहरूमा प्रहरीसँगै गस्ती/प्रतिकार्यको गाडीमा बसेर जाने, पीडकहरूसँगको प्रोबेशन बैठक, वा अदालतको कार्यवाही लगायत पर्छन् । मध्यम तहका व्यवस्थापकहरू र प्रहरी संगठनका वरिष्ठ तहका नेतृत्वकर्ताहरूले अग्रपंक्तिका अधिकारीहरूलाई कार्यस्थलमा अवलोकन गरेर अमूल्य अन्तरदृष्टि प्राप्त गर्न सक्छन् ।

बाकस १

मिशन, उद्देश्य र कार्य : मुख्य सन्देशहरू

- प्रहरी संगठनको मिशन, निर्दिष्ट अभ्यासहरूको उद्देश्य, र प्रहरीका कार्यले पीडित/प्रभावितको सुरक्षा र पीडकको जवाफदेहिताका लक्ष्यहरूलाई प्रवर्द्धन गर्छ कि गर्दैन भनेर निर्धारण गर्नका लागि जाँच गरिनु पर्छ।
- मिशन, उद्देश्य र कार्यबारे लिखित रूपमा प्रहरीलाई स्पष्ट रूपमा सूचित गर्नुपर्छ।
- संगठनका सबै नीति, अभ्यास, र निर्देशनहरू महिला तथा किशोरी विरुद्धका हिंसाका मामिलाहरूमा यसको मिशन, उद्देश्य र कार्यसँग मेल खानुपर्छ।

कर्मचारीहरूको समन्वयका लागि संस्थाहरूले प्रयोग गर्ने ८ विधिहरू

विश्लेषणका यी ८ विधिले महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितको सुरक्षा र पीडकको जवाफदेहिता प्रवर्द्धन गर्न जिम्मेवार संस्थाहरूद्वारा विभिन्न समयमा विकसित गरिएका अवधारणा, नीति, अभ्यास र प्रक्रियाहरूको प्रणालीगत परीक्षणलाई प्रवर्द्धन गर्छ।[९]

यी आठ विधिहरू संस्थागत परिवर्तनका प्रक्रिया हुन् र एक समुदायबाट अर्को समुदायमा जस्ताको तस्तै समान रूपमा लागू गर्न सकिने विशिष्ट अभ्यासहरू होइनन् भन्नेमा जोड दिन महत्वपूर्ण छ। यी आठ विधिहरू प्रयोग गर्दै, प्रत्येक प्रहरी संगठनले - महिला नागरिक समाज संस्था र अन्य स्थानीय फौजदारी न्याइक संस्थाहरूसँग परामर्शमा - महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यमा विद्यमान कमीकमजोरी पहिचान गरेर विभिन्न समाधानहरू ल्याउनेछ।

वर्षौंदेखि, नागरिक समाजका सदस्यहरू, कानून कार्यान्वयन गराउने निकाय, मानवीय सेवा, अदालतका र सरकारी अधिकारीहरूले कर्मचारीहरूलाई फरक तरिकाले सोच्ने प्रशिक्षण दिएर महिला तथा किशोरी विरुद्धका हिंसामा संस्थाहरूले सम्बोधन गर्ने तरिकामा परिवर्तन गर्ने प्रयास गरेका छन्। सरकारी निकाय र निजी संस्थाहरूले विगत ४० वर्षदेखि विश्वभर प्रहरी कर्मचारीलाई तालिम दिन करोडौं डलर खर्च गरेका छन्।

शिक्षा र तालिमको माध्यमबाट संस्थागत परिवर्तनमा वर्षौंको प्रयासका बावजुद सीमित सफलता हासिल भएपछि, सरकार, नागरिक समाज र प्रहरी निकायहरूमा महिला तथा किशोरी विरुद्धका हिंसा सम्बोधनका दीर्घकालीन संस्थागत परिवर्तन सिर्जना गर्न अमेरिकाको मिनेसोटा राज्यको डुलुथमा, 'आठ विधि' (The Eight Methods) भनेर चिनिने नयाँ पद्धति विकसित गरिएको थियो।[९०] यस पद्धतिको लक्ष्य व्यक्तिगत कार्यसम्पादनको आलोचना गर्नु होइन। बरु, यसले अपराध र महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यहरूले सुरक्षाको प्रवर्द्धन र पीडकहरूको जवाफदेहिताका लागि काम गरिरहेको छ कि छैन भनेर समीक्षा गर्दछ। 'आठ विधिहरू'ले (तल विस्तारमा छलफल गरिएको) संस्थागत परिवर्तनका लागि प्रणालीगत कमीकमजोरी पहिलचान गर्न र समाधानहरू विकास गर्न संस्थाहरूलाई मद्दत गर्दछ।

आठ विधिहरूले संस्थाहरूले आफ्ना कर्मचारीका कामको संरचना बनाउन प्रयोग गर्ने विधिलाई जनाउँछ र यस सन्दर्भमा, प्रहरी संगठनहरूले महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न प्रहरीका कामलाई व्यवस्थित गर्न प्रयोग गर्ने तरिकाहरू जनाउँछ। जब हामी औसत, अलौकिक, वा कष्टप्रद अभ्यासहरू अवलोकन गर्छौं, एक कर्मचारीको कामलाई व्यवस्थित गर्ने आठ प्राथमिक विधिहरूमध्ये कुनचाँहिले प्रतिकार्यलाई आकार दिइरहेको छ भन्ने हामी पत्ता लगाउन चाहन्छौं। उदाहरणका लागि:

- प्रहरी प्रतिकार्यको लागि एक आदर्श मानक सिर्जना गर्न, संगठनहरूले पहिलेदेखि नै लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको अभ्यास गरिरहेका प्रहरीको कामको जाँच गर्न सक्छन्। हामी आठ विधिहरू प्रयोग गरेर सोध्न सक्छौं, 'अग्रपंक्तिका सबै कर्मचारीलाई त्यो मापदण्ड पूरा गर्न तयार, समर्थनप्राप्त र जवाफदेही बनाउनका लागि केकस्ता परिवर्तनहरू गर्न सकिन्छ ?'

- पीडित र तिनका परिवारलाई थप हानि पुऱ्याउन सक्नेगरी नीति वा कार्यविधिको प्रयोगमा छुटेका कुरा वा गलत प्रयोगहरू यी आठ विधिहरू प्रयोग गरी पहिचान गर्न सकिन्छ। उदाहरणका

९ The Case Study included with this Chapter describes how the Eight Methods was used to create institutional change in Georgia's Ministry of Internal Affairs, see 'Developing Offender Risk Assessment : Georgia', Global Rights for Women (2017), at: https://globalrightsforwomen.org/wp-content/uploads/2020/02/Georgia-2017-%E2%80%93-Developing-Offender-Risk-Assessment-FINAL-2.pdf

९० Ellen Pence, Ph.D. developed what was originally known as the 'Safety and Accountability Audit.' The original Safety Audit process is based on the Eight Methods that institutions use to standardize worker's actions in any NGO, institution, or government agency, including the police. See Michael Paymar, Ellen Pence, and Graham Barnes, *Building a Coordinated Community Response to Domestic Violence: Trainer Guide*, Praxis International, 2010.

बाकस २

मिसन, उद्देश्य र कार्यका उदाहरण: भिक्टोरिया पुलिसको अभ्यास संहिता

अभ्यास संहिताका उद्देश्यहरू

भिक्टोरिया प्रहरीले पारिवारिक हिंसालाई अत्यन्त गम्भीरताका साथ र प्राय: यसलाई आपराधिक व्यवहारको रूपमा लिन्छ। पारिवारिक सम्बन्धमा हिंसाको प्रकृतिलाई विशेषगरी कपटको रूपमा हेरिन्छ किनभने यो विश्वासको दुरुपयोग हो। त्यहाँ प्राय: पीडितको सुरक्षा वा उनीहरूको जीवन, वा उनीहरूका बालबच्चाको जीवन र कहिलेकाहीँ विस्तारित परिवारका सदस्यहरूका लागि निरन्तर खतरा हुन्छ।

जब पुलिसले पारिवारिक हिंसाका घटनामा सहयोग आह्वानलाई सम्बोधन गर्छन्, उनीहरूले स्वीकार गर्छन् कि यो प्रकृतिले जटिल हुन्छ र पीडितसम्बन्धी बडापत्र अनुसार सबै पीडितलाई मर्यादा र सम्मानका साथ व्यवहार गर्ने प्रतिबद्धता गर्दछ।

यस अभ्यास संहिताका उद्देश्यहरू यसप्रकार छन् :

- पारिवारिक हिंसाका सबै पीडित, विशेष गरी महिला र बालबालिकाहरूका लागि सुरक्षाको स्तर बढाउने।
- पारिवारिक हिंसाको चक्र तोड्न प्रारम्भिक हस्तक्षेप र व्यावधान उपलब्ध गराउने।
- पारिवारिक हिंसामा हस्तक्षेपकारी आदेशहरू (ँख्इ) र पारिवारिक हिंसा सुरक्षा सूचनाहरू (FVSN) को उल्लङ्घनका आरोप लगायत उपयुक्त भएमा आपराधिक आरोपहरू लगाएर र सफल अभियोगहरू बढाएर पारिवारिक हिंसाका दोषीहरूलाई उनीहरूको व्यवहारका लागि जवाफदेही बनाउने;
- प्रहरी हस्तक्षेपको प्रक्रियामा परिवारहरूले अनुभव गरेको आघातलाई कम गर्ने।
- प्रभावित परिवारका सदस्यहरू आफ्नै घरमा बस्न इच्छुक भएमा उनीहरूलाई सुरक्षित रूपमा बस्न मद्दत गर्ने।
- पारिवारिक हिंसाका घटनाहरूको उजुरीलाई प्रोत्साहन गर्ने।
- पारिवारिक हिंसासम्बन्धी उपयुक्त, सुसंगत, पारदर्शी र जवाफदेही प्रतिकार्य र अनुसन्धान मार्फत असल अभ्यास हासिल गर्ने।
- अन्य निकायहरू, सरकारी र गैर-सरकारी संस्थासँगको साझेदारीमा, पारिवारिक हिंसाका लागि एकीकृत प्रतिकार्यलाई समर्थन गर्ने।

स्रोत : Code of Practice for the Investigation of Family Violence (2019). Victoria Police. https://www.police.vic.gov.au/sites/default/files/2019-06/Code-of-Practice-2019.pdf

लागि, मानौं फोन गर्ने व्यक्तिलाई प्राथमिक भाषामा सञ्चार गर्न कठिनाइ भएको थाहा भएपछि, आपतकालीन कल अपरेटरले दोभाषेको प्रयोग गर्नुको सट्टा कल बन्द गर्छन्। यस पछाडिका धेरै कारणहरू हुन सक्छन् : किनभने संगठनमा दोभाषे प्रयोगसम्बन्धी नीतिको अभाव छ; वा संगठनसँग दोभाषे उपलब्ध गराउने स्रोतको अभाव छ ; वा विद्यमान नीति पालनाका लागि कर्मचारीलाई जवाफदेही बनाइँदैन।

तल वर्णन गरिएका आठ विधिहरूले संस्थाहरूलाई महिला तथा किशोरी विरुद्धका हिंसाप्रति संगठनको प्रतिकार्यमा समस्या वा कमीकमजोरीका स्रोत पहिचान गर्न मद्दत गर्दछ। यस अध्यायमा समावेश गरिएको घटना अध्ययनले जर्जियामा प्रहरी संगठनले कसरी आठ विधिहरू लागू गरेको थियो भन्ने वर्णन गर्दछ।

१) मिशन/ध्येय, उद्देश्य, र कार्य

महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी आफ्नो संगठनको मिशन, आफ्नो कामको उद्देश्य, र विस्तृत आपराधिक न्याय प्रणालीभित्र आफूले गर्नुपर्ने सेवा कार्यले प्रहरीलाई निर्देशित गरिरहेको हुन्छ। थप निर्दिष्ट रूपम ा:

- मिशन अथवा ध्येय संगठनको समग्र प्रक्रिया र बृहत् उद्देश्यसँग सम्बन्धित हुन्छ। सम्भवत:, संगठन भित्रको प्रत्येक कार्य र मुद्दा प्रक्रियाका चरणले त्यो मिशनलाई प्रतिबिम्बित गर्दछ।
- उद्देश्यले त्यो विस्तृत मिशन भित्रको निर्दिष्ट प्रक्रियाको संस्थागत उद्देश्यलाई जनाउँछ, जस्तै आपतकालीन कलमा प्रतिक्रिया वा पक्राउका कार्यविधि।

PHYSICAL VIOLENCE SEXUAL
USING COERCION AND THREATS
Making and/or carrying out threats to do something to hurt her/him • threatening to leave her/him, to commit suicide, to report her/him to welfare • makingher/him drop charges • making her/him do illegal things
USING INTIMIDATION
Making her/him afraid by using looks, actions, gestures • smashing things • destroying her/his property • abusing pets • displaying weapons
USING ECONOMIC ABUSE
Preventing her/him from getting or keeping a job • making her/him ask for money • giving her/him an allowance • taking her/his money • not letting her/him know about or have access to family income
USING EMOTIONAL ABUSE
Putting her/him down • making her/himfeel bad about herself/himself • calling her/him names • making her/him think she's/he's crazy • playing mind games • humiliating her/him • making her feel guilty
POWER AND CONTROL
USING MALE PRIVILEGE
Treating her/him like a servant • making all the big decisions • acting like the "master of the castle" • being the one to define men's and women's roles
USING ISOLATION
Controlling what she/he does, who she/he see and talks to, what she/he reads, where she/he goes • limiting her/his outside involvement • using jealousy to justify actions
USING CHILDREN
Making her/him feel guilty about the children • using the children to relay messages • using visitation to harass her/him • threatening to take the children away
MINIMIZING, DENYING AND BLAMING
Making light of the abuse and not taking her/his concerns about it seriously • saying the abuse didn't happen • shifting responsibility for abusive behavior • saying she/he caused it
PHYSICAL VIOLENCE SEXUAL

- कार्य भनेको एक निर्दिष्ट परिवेशमा एक कर्मचारीले गर्नुपर्ने कार्य हो; उदाहरणका लागि, कुनै निर्दिष्ट परिस्थितिमा प्रहरी अधिकारीलाई के गर्न निर्देशन दिइएको छ ।

एक मध्यम तहका व्यवस्थापकले विशेष प्रणाली र संस्थाभित्रका अभ्यासकर्ता/कर्मचारीहरूको अन्तरसम्बन्धित मिशन, उद्देश्य र कार्यहरूले कसरी पीडितको सुरक्षा र पीडकहरूको जवाफदेहितालाई ध्यानमा राख्छ भनेर पत्ता लगाउने प्रयास गर्छन् ।

कहिलेकाहीँ, मध्यम तहका व्यवस्थापकहरूले पत्ता लगाउन सक्छन् कि प्रहरीले आफ्नो कार्य पूरा गरिरहेको छैन वा अर्को प्रकृतिको संस्थाले गर्न अधिक उपयुक्त हुने काम गर्ने प्रयास गरिरहेको छ । उदाहरणका लागि, एउटा मध्य एसियाली देशमा, घरेलु हिंसासम्बन्धी कानुन पारित भएको केही समयपछि, प्रहरीहरूले सम्हाल्नै नसक्नेगरी पीडितहरूलाई परामर्श दिनुपरेको पाइयो । पीडकहरूलाई जवाफदेही बनाउनुको सट्टा, उनीहरूले पीडित/प्रभावितका लागि परामर्शदाताका रूपमा काम गर्ने प्रयास गरिरहेका थिए । यो प्रहरीको मिशन, उद्देश्य र कार्यभन्दा नितान्त भिन्न थियो । तसर्थ पीडित/प्रभावितको लागि वकालत गर्नमा तालिमप्राप्त दक्ष परामर्शदाताहरूकहाँ प्रेषण गर्नेगरी आवश्यक सुधारहरू संस्थागत गरियो ।

संगठनको मिशन, उद्देश्य र कार्यलाई लिखित रूपमा सञ्चार गर्नाले महिला तथा किशोरी विरुद्धका हिंसाका मामिलाहरूमा प्रहरीहरूलाई उनीहरूको प्रतिकार्यमा सूचित गर्न र मार्गदर्शन प्रदान गर्न मद्दत मिल्छ । अष्ट्रेलियाको भिक्टोरियामा रहेको प्रहरी संगठनको मिशन, उद्देश्य र कार्यलाई लिखित रूपमा राखिएको उदाहरण यसप्रकार छ:

केही प्रहरी संगठन र समुदायहरूमा, महिला तथा किशोरी विरुद्धका हिंसालाई गम्भीर अपराधको रूपमा लिइँदैन । जस्तै, पारिवारिक हिंसा वा यौन हिंसा इकाईहरूमा खटाइएको कुरालाई अन्य विभागमा गरिएका नियुक्ति भन्दा कम प्रतिष्ठित रूपमा हेरिन्छ । मध्यम तहका व्यवस्थापकहरूले महिला तथा किशोरी विरुद्धका हिंसाका घटनाहरूको अनुसन्धानमा हासिल गरेका अनुभव, सीप र दक्षताहरूको मूल्याङ्कन गरेर महिला तथा किशोरी विरुद्धका हिंसाका मामिलाहरूको महत्वलाई सुदृढ गर्न सक्छन्, र महिला तथा किशोरीहरू विरुद्धका अपराधमा प्रतिकार्य गर्न प्रतिबद्धता र सीप देखाउने अधिकारीहरूलाई नियतपूर्ण तरिकाले उनीहरूको करियरमा उन्नति अवसरहरू प्रदान गर्न सक्छन् । ठोस कार्यहरू मार्फत महिला तथा किशोरी विरुद्धका हिंसाको महत्वलाई जोड दिँदा, महिला तथा किशोरी विरुद्धका हिंसाको पूर्ण रूपमा अनुसन्धान गर्नु प्रहरी अधिकारीहरूको कार्यको एक आवश्यक भाग हो भन्ने सन्देश प्रवाह हुनेछ ।

२) अवधारणा र सिद्धान्तहरू

अवधारणा र सिद्धान्तहरूमा भाषा, वर्गीकरण, सिद्धान्त, धारणा, दर्शनमा आधारित ढाँचाहरू, र अन्य विधिहरू समावेश छन् जुन आफ्ना कर्मचारीहरूले मुद्दा र संलग्न व्यक्तिहरूका बारेमा कसरी सोच्छन्, कुरा गर्छन् र लेख्छन् भनेर व्यवस्थित गर्न संस्थाहरूले प्रयोग गर्छन् । अवधारणा र सिद्धान्तहरूले अन्य सात विधिलाई सूचित गर्छन् र प्रभाव पार्छन् ।

प्रहरीको कुनैपनि विभागद्वारा अवलम्बन गरिने हरेक नीति वा अभ्यास कुनै न कुनै अवधारणा, सिद्धान्त, वा अनुमानद्वारा संचालित हुन्छ । सबै आपराधिक न्याय निकायहरूले आफ्ना प्रशिक्षण, नीति, प्रक्रिया र अन्य निर्देशनहरूमा प्रयोग गर्ने भाषामार्फत महिला तथा किशोरी विरुद्धका हिंसाको अवधारणा र सिद्धान्तहरूलाई संस्थागत गरिरहेका हुन्छन् । महिला तथा किशोरी विरुद्धका हिंसालाई 'पुरुष र महिला बीचको ऐतिहासिक रूपमा असमान शक्ति सम्बन्धको अभिव्यक्ति' को रूपमा प्रहरी विभागको मूल अवधारणा र सिद्धान्तहरूले बुझाइ राख्नु लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि आवश्यक छ ।[११] क्रोध, मानसिक रोग, रक्सी वा अन्य कारकहरूमा हिंसा अन्तर्निहित हुन्छ भन्ने सिद्धान्तहरू भन्दा यो एकदम अलग छ ।

यस खण्डले महिला तथा किशोरी विरुद्धका हिंसाको मूल कारणहरूका धेरै सामान्य सिद्धान्तहरू विवेचना गर्दछ र लैङ्गिक-उत्तरदायी सिद्धान्तहरूलाई प्रहरी संगठनको नीति र अभ्यासहरूमा समावेश गर्ने तरिकाहरूबारे छलफल गर्दछ । त्यस अतिरिक्त, यसले विश्वव्यापी रूपमा महिला तथा किशोरी विरुद्धका हिंसाको सबैभन्दा प्रचलित रूपमा रहेको, अन्तरंग साथीबाट हुने हिंसाका[१२] विभिन्न प्रकारलाई समेट्छ र प्रत्येक प्रकारका हिंसालाई प्रभावकारी रूपमा प्रतिकार्य गर्न कसरी नीति र निर्देशनहरू तयार गर्न सकिन्छ भनेर सुझाव दिन्छ ।

---

११ UN General Assembly, United Nations Declaration on the Elimination of Violence Against Women, Resolution 48/104, 20 December 1993. विश्वभरका धेरै महिला तथा किशोरीहरू उत्पीडनका विभिन्न प्रकारहरू (जाति, वर्ग, यौन झुकाव, लैङ्गिक पहिचान, धर्म, अपाङ्गता, आप्रवासनको स्थिति र पहिचानका अन्य पक्षहरूको कारणले गर्दा) प्रभावित हुन्छन्, जसले उनीहरूमाथि लैङ्गिक दुर्व्यवहार र हिंसाको संकटासन्नतालाई बढाउँछ भन्ने कुरामा ध्यान दिनु महत्वपूर्ण छ । सबै महिला तथा किशोरीहरूले हिंसाको अनुभव समान रूपमा गर्दैनन्, र हिंसाको प्रभावकारी प्रतिकार्यहरूले दुर्व्यवहारका अन्तरसम्बन्धित स्वरूपका कारण महिला तथा किशोरीहरूले गर्ने अनुभवलाई ध्यानमा राख्नुपर्छ ।

१२ हालैको विश्वव्यापी अध्ययनका अनुसार, ३० प्रतिशत महिलाले आफ्नो जीवनकालमा अन्तरंग साथीबाट शारीरिक वा यौन हिंसा अनुभव गरेका हुन्छन् See: World Health Organization, 'Violence Against Women: Key Facts,' at: https://www.who.int/news-room/fact-sheets/detail/violence-against-women

महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी साझा सिद्धान्त[१३]

सिद्धान्त : शक्ति र नियन्त्रण/प्रभुत्व

हामी शक्ति र नियन्त्रण/प्रभुत्व सिद्धान्तको एक सिंहावलोकनबाट यो खण्डको सुरुवात गर्छौं, किनभने यो एक लैङ्गिक-उत्तरदायी सिद्धान्त हो जसले स्वाभाविक रूपमा लैङ्गिक-उत्तरदायी नीति र कार्यविधिहरूतर्फ डोऱ्याउँछ।[१४] यो सिद्धान्तलाई शक्ति र नियन्त्रणको पाङ्ग्रा (तल चित्रित) द्वारा चित्रण गरिएको छ। पाङ्ग्राको भित्री तिल्लीहरूले त्यस्ता सामान्य रणनीतिहरू जनाउँछन्, जुन शारीरिक र/वा यौन हिंसाका समयमा आफू विरुद्ध प्रयोग गरिएको थियो भनी पीडितहरूले पहिचान गर्छन्। जब पीडकहरूले पाङ्ग्रामा चित्रित युक्तिहरूसहित शारीरिक र/वा यौन हिंसा प्रयोग गर्छन् वा धम्की दिन्छन्, पीडकले पीडितमाथि शक्ति र नियन्त्रण प्राप्त गर्छन्।

> अपराधसम्बन्धी न्यायिक निकायहरूद्वारा शक्ति र नियन्त्रण/प्रभुत्वको सिद्धान्त ग्रहण गर्दा, त्यसले लैङ्गिक-उत्तरदायी प्रहरी अभ्यासहरू निम्त्याउँछ ।

शक्ति र नियन्त्रण/प्रभुत्वको सिद्धान्त लैङ्गिक-उत्तरदायी छ किनभने यसले महिला तथा किशोरीको दमनलाई कायम राख्न हिंसा र अन्य रणनीतिको प्रयोग गर्छ। महिला पीडितहरूसँगको परामर्शमा विकसित गरिएको हुनाले, यसले महिलाहरूको हिंसामा वास्तविक जीवनको अनुभवलाई प्रतिबिम्बित गर्दछ। शक्ति र नियन्त्रणको पाङ्ग्रा संसारभरका सयौं समुदायहरूमा अनुवाद र प्रयोग गरिएको छ।

यद्यपि शक्ति र नियन्त्रणको सिद्धान्त र पाङ्ग्रा विशेषगरी घरेलु हिंसाको गतिशीलता व्याख्या गर्न विकसित गरिएको भएपनि, यो सिद्धान्त महिला तथा किशोरी विरुद्धका अन्य रूपहरूसँग पनि सान्दर्भिक छ। उदाहरणका लागि, यौन हिंसा गर्नुका औचित्य वा तर्कमा, महिलामाथि यौन नियन्त्रण गर्ने पुरुषको हकको भावना प्रायः प्रकट भएको हुन्छ - उनको पहिरनका कारण, उनी नशामा भएको कारण, वा केवल उनीसँग यौन सम्बन्ध राख्ने पुरुषको इच्छाका कारण। त्यसैगरी, महिलाको यौनाङ्ग छेदन्/काट्ने, बालविवाह र तथाकथित प्रतिष्ठामा आधारित हत्याजस्ता हानिकारक प्रथाहरू कम्तीमा पनि महिला र बालिकाको शरीर र कामुकतालाई नियन्त्रण गर्नका लागि गरिन्छन्।[१५]

अपराधसम्बन्धी न्यायिक निकायहरूद्वारा शक्ति र नियन्त्रण/प्रभुत्वको सिद्धान्त ग्रहण गर्दा, त्यसले लैङ्गिक-उत्तरदायी प्रहरी अभ्यासहरू निम्त्याउँछ। उदाहरणका लागि, हिंसाको घटनालाई संकुचित रूपमा अनुसन्धान गर्नुको सट्टा, प्रहरीलाई दुर्व्यवहारका प्रवृत्ति, अर्थात् पीडितलाई नियन्त्रण गर्न पीडकले प्रयोग गरिरहेको रणनीतिबारे बुझाइ विकास गर्न निर्देशन दिइन्छ।

दुर्व्यवहारको यस प्रवृत्तिमा बाधा पुऱ्याउन र पीडित/प्रभावितलाई दीर्घकालीन रुपमा जोगाउनका लागि हस्तक्षेपहरू अनुकूलित गर्न सकिन्छ। उदाहरणका लागि, यदि कुनै प्रहरी अधिकारीले सामान्य चोटपटक लागेको आक्रमणमा प्रतिकार्य गर्दा, पीडकले पीडित/प्रभावितलाई दुर्व्यवहार गर्ने गरेको लामो विगत भएको र उनलाई मार्ने धम्की दिएको थाहा पाएमा, प्रहरी विभागले क्षतिको गम्भीर जोखिमलाई बुझ्नेछ र उचित प्रतिकार्य गर्नेछ।

शक्ति र नियन्त्रणको दीर्घकालीन गतिशीलतालाई तोड्ने सम्भावना भएका, विद्यमान कानून अन्तर्गत उपलब्ध कार्यवाहीहरू गर्न मध्यम तहका व्यवस्थापकहरूले पुलिस अधिकारीहरूलाई निर्देशन दिनुपर्छ। पीडित/प्रभावितको सुरक्षालाई केन्द्रीकृत गर्ने प्रहरी प्रतिकार्यमा पीडकलाई थुनामा राख्ने, संरक्षणात्मक आदेश जारी गर्ने, मार्ने मौखिक धम्कीलाई गम्भीर अपराधको रूपमा अनुगमन गर्न अभियोजकलाई सिफारिस गर्ने, र पीडकलाई उसको विश्वासलाई चुनौती दिने पुनर्स्थापना कक्षामा उपस्थित हुन सिफारिस गर्ने लगायत हुन सक्छन्।

सिद्धान्तः व्यक्तिगत मनोवैज्ञानिक समस्या

मानसिक स्वास्थ्य समस्याहरू बहुसंख्यक महिला तथा किशोरी विरुद्ध हुने हिंसाका कारण होइनन्। तथापि, महिला तथा किशोरी विरुद्ध हुने हिंसाको प्रारम्भिक सिद्धान्तहरू मध्ये एउटा (जुन् अझै

---

१३ यहाँ छलफल गरिएका सिद्धान्त विश्वभरी सबैभन्दा प्रचलित सिद्धान्त हुन्, तर केही समुदायमा अन्य केही सिद्धान्त बढी प्रचलित हुनसक्छन्। उदाहरणका लागि, केही समुदायमा पुरुषले धार्मिक शिक्षाबाट पथभ्रष्ट भएपछि हिंसा गर्छन् भन्ने विश्वास गरिन्छ।

१४ डुलुथ, मिनेसोटा, संयुक्त राज्य अमेरिकामा, अन्तरंग साथीबाट भएको हिंसा भोगाइका अनुभवहरूबारे महिलाहरूसँग परामर्शपछि शक्ति र नियन्त्रण/प्रभुत्वको सिद्धान्त घरेलु दुर्व्यवहार हस्तक्षेप परियोजनाद्वारा विकसित गरिएको थियो। See Domestic Abuse Intervention Project, https://www.theduluthmodel.org महिलाहरूले आफूमाथि शारीरिक र यौन दुर्व्यवहारका अतिरिक्त, पीडकहरूले उनीहरूको कार्य, विश्वास, स्रोत, हिँडडुल र अन्य व्यक्तिहरूसँगको सम्बन्धलाई नियन्त्रण गर्न विभिन्न प्रकारका अन्य युक्तिहरू प्रयोग गरेको बताए। शक्ति र नियन्त्रण/प्रभुत्वको सिद्धान्तले महिला र उनीहरूका पैरवीकर्ताहरूसँग विश्वभरका महिलाहरूको जीवनका अनुभवहरू प्रतिबिम्बित गर्न र विभिन्न सामाजिक परिवेशमा यसको अनुकूलनताको लागि प्रतिध्वनित गरेको छ र महिला विरुद्धको हिंसामा मानवअधिकारका औजारहरूमा यसलाई समावेश गरिएको छ। See *e.g.* CEDAW/C/GC/35, para. 19.

१५ See Chapter 5: Investigation, Annex 2, Honour based violence / Abuse and Harmful Practices

पनि धेरै समुदायहरूमा प्रचलित छ) भनेको हिंसा मानसिक रोग वा रक्सी वा लागूपदार्थको दुरुपयोगको कारणले हुन्छ भन्ने हो ।[१६]

यस सिद्धान्तका समर्थकहरू महिला तथा किशोरी विरुद्ध हुने हिंसा व्यक्तिगत उपचार, मनोचिकित्साजन्य औषधि वा रासायनिक निर्भरता उपचारले रोकिन्छ भन्ने कुरामा विश्वास गर्छन् । यदि कुनै फौजदारी न्याय निकायले यो सिद्धान्तलाई अवलम्बन गरेमा सामान्य प्रतिकार्यहरूमा पीडकलाई उपचारको सिफारिस गर्ने र पीडितलाई मनोवैज्ञानिक परामर्शमा पठाउने कार्य समावेश हुनेछ । पीडकको अनुगमन उसको हिंसात्मक व्यवहार र पीडित/प्रभावित व्यक्तिले सामना गरेको क्षतिको जोखिमको सट्टा औषधि परीक्षण र उपचार सिफारिसहरूमा ध्यान केन्द्रित गर्नेछ ।

अध्ययनहरूले अन्तरङ्ग व्यक्तिबाट हुने हिंसा गर्ने केही पुरुषहरूमा मानसिक रोग भए तापनि, अन्तरङ्ग व्यक्तिबाट हुने हिंसाको दश प्रतिशतमा मात्रै मानसिक रोग समावेश हुने गरेको देखाएको छ ।[१७] साथै 'व्यक्तिगत मनोवैज्ञानिक समस्या' को सिद्धान्तले घरेलु हिंसामा सामान्य हुने पीडित/प्रभावित व्यक्तिलाई नियन्त्रण र दुरुपयोग गर्न रणनीतिहरूको निरन्तर प्रयोगतर्फ ध्यान दिदैन ।

यदि मध्यम स्तरका व्यवस्थापकहरूले व्यक्तिगत रुपमा अधिकारीहरू वा संस्थाले अधिकांश महिला तथा किशोरी विरुद्ध हिंसा मानसिक रोगको कारणले भएको विश्वासबाट काम गरिरहेको छ भनी स्वीकार गरेको अवस्थामा बहुसंख्यक पीडितहरू/प्रभावितहरूले सामना गरेको हिंसालाई अझ राम्रोसँग सम्बोधन गर्न विद्यमान नीति, प्रोटोकल, र अभ्यासहरूलाई संशोधन गर्न आवश्यक छ । स्थानीय समुदायमा पीडित/प्रभावित व्यक्तिहरूसँगको परामर्श उनीहरूका जीवन्त अनुभवहरूलाई अझ राम्रोसँग बुझ्नका लागि महत्वपूर्ण छ ।

सिद्धान्त : सम्बन्धमा समस्या

अन्यहरू महिला तथा किशोरी विरुद्ध हिंसा (विशेष गरी अंतरंग व्यक्तिबाट हुने हिंसा) कमजोर सञ्चार सीप र पारस्परिक सम्मानको अभावबाट उत्पन्न हुन्छ, र त्यसका दुवै पक्षको गल्ती हुने गर्छ भन्ने कुरामा विश्वास गर्छन् । यदि यो सिद्धान्त फौजदारी न्याय निकायद्वारा अवलम्बन गर्ने हो भने, प्रहरीले पीडित र पीडकलाई दम्पतीको परामर्श वा मध्यस्थतामा जान सिफारिस गर्न सक्छ, वा अझ नराम्रो अवस्थामा पीडित/प्रभावितलाई 'राम्रो पत्नी' को सामाजिक/सांस्कृतिक अपेक्षाहरू अनुरूप आफ्नो व्यवहार परिवर्तन गर्न सुझाव दिनसक्छ । प्रहरीले सम्भवतः भविष्यमा हुने हिंसाको जोखिमसम्बन्धी महत्वपूर्ण जानकारी सङ्कलन गर्न असफल हुनेछ र पीडितलाई सुरक्षा प्रदान गर्ने उपायहरू लागु गर्ने छैन । त्यसैगरी, यौन दुर्व्यवहारका घटनाहरूमा पीडितलाई शब्द, कार्य वा लुगाका माध्यमबाट पीडकलाई गलत सन्देश दिएकोमा दोष लगाउन सक्छन् । यो सिद्धान्तले हिंसाको लागि बहानाको रूपमा काम गर्ने सम्भावना छ र यसले पीडितको सुरक्षालाई जोगाउने र पीडकहरूलाई जवाफदेही बनाउने अभ्यासहरूतर्फ निर्देशित गर्दैन ।

यदि मध्यम स्तरका व्यवस्थापकहरूले व्यक्तिगत रुपमा अधिकारीहरू वा संस्थाले हिंसा भनेको सम्बन्ध वा सञ्चार समस्याहरूबाट उत्पन्न हुने विश्वासबाट काम गरिरहेको छ भनी पहिचान गरेमा, विद्यमान नीति, प्रोटोकल, र अभ्यासहरूमा प्रहरी अधिकारीहरूबाट मध्यस्थता र परामर्शका सिफारिसहरू समावेश हुनेछन् । यी नीतिहरू वा अभ्यासहरूलाई अधिकांश पीडित/प्रभावितहरूले सामना गरेको हिंसालाई राम्रोसँग सम्बोधन गर्नका लागि संशोधनको आवश्यकता पर्नेछ । स्थानीय समुदायमा पीडित/प्रभावित व्यक्तिहरूसँगको परामर्श उनीहरूको जीवन्त अनुभवहरूलाई अझ राम्रोसँग बुझ्नको लागि महत्वपूर्ण छ ।

सिद्धान्तः हिंसाको चक्र र क्रोध व्यवस्थापन सिद्धान्तहरू

अर्को सामान्य सिद्धान्त भनेको पीडकहरूलाई आफ्नो क्रोध व्यवस्थापन गर्न वा अहिंसात्मक तरिकामा आफ्ना भावनाहरू व्यक्त गर्न समस्या हुन्छ भन्ने हो । सन् १९७० को दशकमा डा लेनोर वाकरले साइकल अफ भइलेन्स थ्योरी (हिंसाको चक्रको सिद्धान्त)को विकास गर्नुभयो, जसले दुर्व्यवहारजन्य सम्बन्धहरू निरन्तर चलिरहने चक्रद्वारा चित्रित हुन्छ जसमा दम्पतीले हनिमून चरण, 'तनाव निर्माण' चरण, र हिंसात्मक, विस्फोटक चरणको अनुभव गर्दछ (त्यसपछि फेरि हनीमून चरण आउँछ)।

---

१६ The Advocates for Human Rights, 'Theories of Violence,', at: http://www.stopvaw.org/theories_of_violence

१७ Barbara J. Hart and Andrew R. Klein, 'Practical Implications of Current Intimate Partner Violence Research for Victim Advocates and Service Providers,' December 2013, 12, at: https://www.ncjrs.gov/pdffiles1/nij/grants/244348.pdf

यस सिद्धान्तका समर्थकहरू यदि पुरुषहरूले आफ्नो रिस शान्त पार्ने उपाय सिक्न सके भने तनाव-निर्माण चरणमा अन्तरंग व्यक्तिबाट हुने हिंसालाई रोक्न सकिन्छ भन्ने कुरामा विश्वास गर्छन् । सबैभन्दा राम्रो अवस्थामा, हिंसाको यस सिद्धान्तबाट सञ्चालित फौजदारी न्याय निकायले हिंसा रोक्नका लागि कुनै व्यक्तिलाई क्रोध व्यवस्थापन कक्षाहरूमा सहभागी हुन सिफारिस गर्न सक्छ । सबैभन्दा नराम्रो अवस्थामा यस सिद्धान्तअन्तर्गत काम गर्ने प्रहरी अधिकारीहरूले तनाव निर्माण चरण रोक्न (वा अपराधीले हिंसा प्रयोग गर्नु त्यहाँबाट भाग्न) असफल भएकोमा पीडितहरूलाई दोष दिन सक्छन् ।

थप अनुसन्धानले हिंसाको चक्र सिद्धान्तको वैधतालाई चुनौती दियो । पहिलो, सिद्धान्तले यो कुरालाई ध्यानमा राखेन कि धेरै पीडितहरूले कहिले पनि 'हनीमून चरण' अनुभव गरेनन् र परिणाम स्वरूप, यसले पीडितलाई दोषी ठहर गर्ने कार्य निम्त्यायो । सिद्धान्तले महिलाहरूले सम्बन्धमा फरक-फरक चरणहरू अनुभव गर्नेछन् भन्ने अनुमान गर्ने भएकाले यस सिद्धान्तलाई अपनाउने फौजदारी न्याय र वकालत संस्थाहरूले हिंसालाई रोक्ने वा 'तनाव निर्माण' चरणमा छाडेर जाने जिम्मेवारी प्रायः महिलाहरूलाई दिन्छन् ।[१८]

१८ Leigh Goodmark, 'Reframing Domestic Violence Law and Policy: An Anti-Essentialist Proposal,' *Journal of Law and Policy*, Vol. 31:39, 2009, 42, at: https://openscholarship.wustl.edu/law_journal_law_policy/vol31/iss1/4/

वास्तवमा, महिलाहरूले आफ्ना पार्टनहरूको हिंसाको प्रयोग अप्रत्याशित र नियन्त्रण गर्न असम्भव भएको बताए । यसबाहेक, पीडकहरूले आफ्ना पार्टनहरूलाई नियन्त्रण गर्न प्रयोग गर्ने अन्य धेरै रणनीतिहरूलाई हिंसाको चक्र सिद्धान्तले व्याख्या गरेको छैन ।

त्यसैगरी, यस सिद्धान्तका समर्थकहरूले पीडकहरूसँग 'रिस व्यवस्थापन समस्या' हुन्छ भनेर व्याख्या गर्न असफल हुन्छन् किनभने पीडकले आफ्नो पार्टनर बाहेक अरू व्यक्तिहरू विरुद्ध हिंसा गर्दैन- उदाहरणका लागि, उसलाई अनुचित व्यवहार गर्ने हाकिम विरुद्ध हिंसा गर्दैन ।

यदि मध्यम स्तरका व्यवस्थापकहरूले व्यक्तिगत रुपमा अधिकारीहरू वा संस्थाले हिंसा भनेको त्रोधको समस्याबाट उत्पन्न हुने विश्वासबाट काम गरिरहेको छ भनी पहिचान गरेमा, विद्यमान नीति, प्रोटोकल, र अभ्यासहरूलाई अधिकांश पीडित/प्रभावितहरूले सामना गरेको हिंसालाई राम्रोसँग सम्बोधन गर्नका लागि संशोधनको आवश्यकता पर्नेछ । स्थानीय समुदायमा पीडित/प्रभावित व्यक्तिहरूसँगको परामर्श उनीहरूको जीवन्त अनुभवहरूलाई अझ राम्रोसँग बुझ्नको लागि महत्वपूर्ण छ ।

हाल तपाईंको संस्थाको कामलाई कुन सिद्धान्तहरूले निर्देशित गरिरहेको छ ?

मध्यम स्तरका व्यवस्थापकहरूले आफ्नो संगठनहरूमा महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्यहरूलाई हाल कुन सिद्धान्तहरू मार्गनिर्देशित गरिरहेका छन् भनेर जाँच गर्नुपर्छ । महिला तथा किशोरी विरुद्ध हिंसाको वर्णन गर्न कुन भाषा प्रयोग गरिन्छ? संस्थाको हालको अभ्यासहरूले कुन मनोवृत्तिलाई समर्थन गर्दछ? हिंसाको लागि 'बहाना'लाई स्वीकार गरिन्छ ?

यदि शक्ति र नियन्त्रण/प्रभुत्व सिद्धान्तले संस्थाको कामलाई सूचित गरिरहेको छैन भने, मध्यम स्तरीय व्यवस्थापकहरूले पीडितहरू/प्रभावितहरूको जीवित अनुभवहरूको बारेमा थप जानकारी लिएर यस सिद्धान्तलाई अवलम्बन गर्न सुरु गर्न सक्छन् । राम्रो पहिलो कदम भनेको स्थानीय महिला संगठनसँग साझेदारी गरी पीडित/प्रभावित भएका व्यक्तिहरूसँग केन्द्रित समूह छलफलहरू आयोजना गर्नु हो जसले उनीहरूको समुदायमा सामान्यतया प्रयोग हुने शक्ति र नियन्त्रण रणनीतिहरूको बारेमा अन्तरदृष्टि प्रदान गर्न सक्छ ।

अन्तरंग व्यक्तिबाट हुने हिंसाका प्रकारहरू

विश्वव्यापी हिंसाको सबैभन्दा प्रचलित रूपहरू मध्ये एक अन्तरंग व्यक्तिबाट हुने हिंसा हो । प्रहरी विभागको कामलाई निर्देशित गर्ने अन्तंरग व्यक्तिबाट हुने हिंसाको बारेमा अवधारणा

र सिद्धान्तहरूले पीडितहरूप्रति अधिकृतहरूको प्रतिक्रिया र अपराधीहरूका लागि परिणामलाई असर गर्नेछ। उदाहरणका लागि, केही समुदायहरूले अन्तरंग व्यक्तिबाट हुने हिंसासम्बन्धी कानून र नीतिहरू अवलम्बन गरेका छन् जसमा अधिकारीहरूले त्यस्ता सबै घटनाहरूमा समान रुपले प्रतिकार्य गर्न आवश्यक हुन्छ। यस प्रकारको नीतिको अन्तर्निहित 'सिद्धान्त' भनेको घरमा हुने वा अन्तरंग व्यक्तिहरूबीच हुने सबै हिंसाको एउटै नियत र प्रभाव हुन्छ भन्ने हो।

अनुसन्धानले अन्तरंग व्यक्तिबाट हुने हिंसा भनेको दोहोरिरहने अपराध हो जसमा एउटा पार्टनरले आफ्नो पार्टनरमाथि लामो समयसम्म नियन्त्रण गर्न प्रभुत्वको रणनीति प्रयोग गर्दछ भन्ने कुरा देखाएको छ।[९९] उसको पार्टनरले पनि प्रतिक्रिया वा बदलाको रूपमा हिंसा प्रयोग गर्न सक्छ। निरन्तर चलिरहेको हिंसाको पीडक र कहिलेकाहीं आफ्नो रक्षाको लागि हिंसाको प्रयोग गर्ने पीडित/प्रभावितका लागि समान परिणामहरू आवश्यक पर्ने नीतिले दुर्व्यवहारको प्रवृत्तिलाई प्रभावकारी रूपमा अन्त्य गर्दैन। अन्तरंग व्यक्तिबाट हुने हिंसाको प्रभावकारी प्रतिकार्यका लागि प्रहरी अधिकारीहरूले कसले कसलाई के हानि पुऱ्याइरहेको छ, र कस्तो प्रभाव पारेको छ भनेर बुझ्न आवश्यक छ।सबैभन्दा खतरनाक को हो र को सबैभन्दा डराएको छ भन्ने कुरा उनीहरूले बुझ्नुपर्छ।

प्रहरी अधिकारीहरूलाई अन्तरंग व्यक्तिबाट हुने हिंसाको उचित सम्बोधन गर्न मद्दत गर्न मध्यम स्तरीय व्यवस्थापकहरूले अन्तरंग व्यक्तिबाट हुने घरेलु हिंसाका निम्नलिखित वर्गहरू पहिचान गर्न अधिकारीहरूको क्षमता निर्माण गर्न सक्छन् : जबरजस्ती नियन्त्रणमा राख्ने हिंसा, प्रतिरोधात्मक हिंसा, र जबरजस्ती नियन्त्रणसँग सम्बन्धित नरहेको हिंसा। तल दिएको 'नियम र नियमहरू' र 'प्रशासनिक अभ्यासहरू' खण्डहरूमा थप विस्तारमा छलफल गरिएझैं, प्रहरी संगठनहरूले हिंसाको प्रत्येक रूपलाई पहिचान गर्न र उचित रूपमा सम्बोधन गर्न अधिकारीहरूलाई निर्देशन दिने नीतिहरू विकास गर्न सक्छन्।

जबरजस्ती नियन्त्रणमा राख्ने हिंसा र दुर्व्यवहार भनेको अन्तरंग व्यक्ति माथि प्रभुत्वको सम्बन्ध स्थापित गर्न र कायम राख्नका लागि धम्की, जबरजस्ती र हिंसाको साथसाथै नियन्त्रणका अन्य रणनीतिहरूको निरन्तर प्रवृत्तिको प्रयोग हो।

जबरजस्ती नियन्त्रण गर्ने हिंसाको प्रयोग गर्ने पीडकहरू उनीहरू आफ्ना पार्टनर र बच्चाहरूको कार्य, सोच र व्यवहारलाई नियन्त्रण

अवधारणा र सिद्धान्तहरू: मुख्य सन्देशहरू

- अवधारणा र सिद्धान्तहरूले प्रहरी संगठनहरूले प्रयोग गर्ने नीति, अभ्यास, निर्देशिकाहरू र भाषालाई निर्धारण गर्छ ;
- लैङ्गिक-उत्तरदायी सिद्धान्तहरूले अधिकांश महिलत तथा किशोरी विरुद्ध हिंसा शक्ति र नियन्त्रणको अभ्यास हो, र त्यसलाई अन्य प्रभुत्व जमाउने रणनीतिहरूद्वारा प्रबल बन्न जान्छ भन्ने कुरालाई स्वीकार गर्छन ;
- अंतरंग व्यक्तिबाट हुने हिंसाका मामिलाहरूमा प्रहरीद्वारा गरिएको अनुसन्धानले देहायबीचको भिन्नता खोज्ने प्रयास गर्नुपर्छ : जबरजस्ती नियन्त्रणजन्य हिंसा, प्रतिरोधात्मक हिंसा, र जबरजस्ती नियन्त्रणसँग असम्बन्धित हिंसा ;
- मध्यम स्तरका व्यवस्थापकहरूले हालका सिद्धान्तहरू जाँच गर्नुपर्छ र तल छलफल गरिएका अन्य सात वटा विधिहरू मध्ये प्रत्येकको सन्दर्भमा लैङ्गिक-उत्तरदायी सिद्धान्तहरू एकीकृत गर्नुपर्छ।

गर्ने हक राख्छन् भन्ने कुरामा विश्वास गर्छन्। जबरजस्ती नियन्त्रण हिंसा र दुर्व्यवहार शारीरिक हिंसा, यौन हिंसा, र हावी र अपमानजनक आचरणद्वारा छुट्याउन सकिन्छ। यसले पीडितमा डर सिर्जना गर्छ र पीडक र पीडित/प्रभावित व्यक्ति बीचको उल्लेखनीय शक्तिको अन्तर हुन्छ। यस प्रकारको सम्बन्धमा पीडित/प्रभावित व्यक्तिसँग थोरै वा कुनै स्वायत्तता हुँदैन र प्रायः आफू फसेको महसुस हुन्छ। एउटा व्यक्तिले हानि (चाहे आर्थिक, शारीरिक, यौन, र/वा भावनात्मक)को डरको आधारमा अर्काको नियन्त्रणमा बस्न थाल्छ भने त्यहाँ वर्चस्व हासिल हुन्छ।

पीडित/प्रभावित व्यक्तिले जबरजस्ती नियन्त्रण हिंसाको सामना गरिरहेको छ वा छैन भनेर पहिचान गर्न प्रहरी अधिकारीले आफूले सम्बोधन गरिरहेको घटना मात्र नभई दुर्व्यवहारको प्रवृत्तिको पनि अनुसन्धान गर्नुपर्छ।

प्रहरी र फौजदारी न्याय प्रणालीको प्रभावकारी प्रतिकार्यले हिंसाको तत्कालको घटनालाई मात्र सम्बोधन गर्नु हुँदैन ; यसले दुर्व्यवहारको चलिरहेको प्रवृत्तिलाई पनि अवरुद्ध गर्नुपर्छ - उदाहरणका लागि, पीडितलाई निरन्तर सुरक्षा प्रदान गरेर र पीडकलाई पुनर्स्थापना कार्यक्रम मार्फत आफ्नो विश्वास र व्यवहारमा परिवर्तन गर्ने अवसर प्रदान गरेर।

प्रतिरोधात्मक हिंसामा बलको दुवै कानुनी र गैरकानूनी प्रयोग समावेश छ, जुन पीडितहरूले जबरजस्ती र नियन्त्रण गर्ने रणनीतिहरूको प्रयोगलाई नियन्त्रण गर्न वा महिलाको रूपमा

९९ Evan Stark, 'Re-presenting Battered Women: Coercive Control and the Defense of Liberty,' *Violence Against Women: Complex Realities and New Issues in a Changing World*, Les Presses de l'Université du Québec: 2012

उनीहरू विरुद्ध अन्य पुरुषहरूको हिंसाको प्रतिक्रिया स्वरुप प्रयोग गर्छन् ।

जबरजस्ती नियन्त्रण गर्ने हिंसा र दुर्व्यवहारका अधिकांश पीडितहरूले हिंसाको सहारा लिनु अघि आफूलाई बचाउन र उत्पीडनको प्रतिरोध गर्न धेरै अन्य युक्तिहरू प्रयोग गर्छन् । यस प्रकारको अन्तंरग व्यक्तिबाट हुने हिंसाको सहारा लिनु अघि पीडित/प्रभावितहरूले प्रायः परिवार र साथीहरूलाई याचना गर्छन्, उनीहरूको पीडकसँग वार्ता गर्ने प्रयास गर्छन्, उनीहरूको पीडकलाई सन्तुष्ट पार्ने, वा उनीहरूबाट आफूलाई अलग गर्छन् ।

दुवै पार्टनहरूले कुनै घटनाको समयमा हिंसा प्रयोग गरेका छन् भने प्रहरी अधिकारीहरूलाई देहाय अनुसार निर्देशन दिइनुपर्छ :

- कुनै एक पक्षले आत्मरक्षाको लागि चालेको हो वा होइन भनेर निर्धारण गर्ने , र
- हिंसाको सन्दर्भ बुझ्नके लागि जबरजस्ती नियन्त्रण हिंसा र अन्य रणनीतिहरूको विगतको कुनै घटनाका बारेमा दुवै पक्षलाई प्रश्न गर्ने ।

यदि फौजदारी न्याय प्रणालीले जबरजस्ती नियन्त्रण गर्ने हिंसाका पीडकहरूलाई जस्तै प्रतिरोधात्मक हिंसा प्रयोग गर्ने पीडित/प्रभावितहरूलाई उस्तै परिणामहरू लागू गर्छ भने जारी दुर्व्यवहारलाई रोक्न यो असफल हुनेछ, र दुर्व्यवहारको उजुरी गर्नबाट हानिको सबैभन्दा बढी जोखिममा रहेकाहरूलाई निरुत्साहित गर्नेछ ।

यस विपरित, पीडित/प्रभावितले प्रतिरोधात्मक हिंसा प्रयोग गरिरहेको कुरा पहिचान गर्न सक्ने प्रहरी अधिकारीहरूले उनलाई सहयोग र सेवाहरू प्रदान गर्ने महिला संस्थाहरू जस्ता स्रोतहरूसँग जोड्न सक्छन् । केही समुदायहरूले महिलाहरूका लागि वैकल्पिक सजायका कार्यक्रमहरू निर्माण गरेका छन्, जसले पीडित/प्रभावितहरूलाई सेवाहरू प्राप्त गर्न र प्रतिरोधात्मक हिंसाका केही कार्यहरूको लागि जेल सजाय भोग्नुको सट्टा विशेष कक्षाहरूमा उपस्थित हुन अनुमति दिन्छ ।[२०]

जबरजस्ती नियन्त्रणसँग सम्बन्धित नभएको हिंसा एउटा अन्तरंग व्यक्तिले अर्को विरुद्ध प्रयोग गर्छ र यो न त जबरजस्ती नियन्त्रणको लागि निरन्तर प्रयास हो, न त जबरजस्ती नियन्त्रणको प्रतिक्रिया हो । यसमा घरेलु हिंसाका अन्य सबै कार्यहरू समावेश गर्दछ, र यसमा देहाय समावेश छन् :

- **परिस्थितिजन्य हिंसा,** जसमा एक वा दुवै पक्षले हिंसा प्रयोग गर्छन्, तर यो जारी जबरजस्ती र धम्कीको प्रवृत्तिको अंश होइन ।
- **प्यथोलोजिकल हिंसा**, जसमा प्याथोलोजीको अन्त्य वा नियन्त्रण सँगै हिंसाको अन्त्य हुन्छ (मानसिक रोग, जबरजस्ती कार्य र पार्टनरलाई फसाउने कुनै प्रवृत्ति बिना लागूपदार्थ र रक्सीको लत, मस्तिष्क क्षति) ।
- **विसंगति, सामाजिक व्यवस्थामा गडबडीसँग सम्बन्धित, हिंसा ।** यसका उदाहरणहरूमा युद्ध, प्राकृतिक प्रकोप र शरणार्थी शिविरहरूमा सामना गरिने जस्ता निराशाजनक सामाजिक परिस्थितिहरूमा आफ्ना पार्टहरूद्वारा महिलाहरूको बलात्कार र दुर्व्यवहारमा वृद्धि समावेश छ ।

हिंसा लगभग सधैं कसैमाथि नियन्त्रण गर्ने प्रयास हो, तर यो सधैं नियन्त्रण वा प्रभुत्वको सम्बन्ध स्थापित गर्ने प्रयास होइन । कहिलेकाहीँ हिंसाको कार्य धेरै विशिष्ट परिस्थितिहरू नियन्त्रण गर्न प्रयोग गरिन्छ (पार्टनरले गर्ने मद्यपान, परिवारमा योगदान गर्न अस्वीकार, असन्तोषजनक अभिभावकत्व) ।

यी प्रत्येक प्रकारको हिंसाका लागि (जबरजस्ती नियन्त्रण हिंसाको तुलनामा दुर्लभ भए पनि) फरक प्रतिकार्य आवश्यक हुन्छ । उदाहरणका लागि, यदि पीडकले वर्चस्व कायम गर्ने रणनीतिहरू प्रयोग गरिरहेको छैन भने, लागूपदार्थ वा रक्सीको लतको कारणले हुने प्याथोलोजिल (रोग सम्बन्धी) हिंसालाई उपचारद्वारा समाधान गर्न सकिन्छ । हिंसाको मूल कारण पत्ता लगाउन प्रहरीलाई जबरजस्ती नियन्त्रण गर्ने व्यवहारको इतिहासका साथै लागूपदार्थ वा मदिरा दुरुपयोगको कुनै पनि विगतका बारेमा जानकारी सङ्कलन गर्न निर्देशन दिइनुपर्छ ।

---

२० उदाहरणका लागि, मिनेसोटाको डुलुथमा, सीसीआरले महिलाहरूको प्रतिरोधात्मक हिंसाको प्रयोगमा फरक दृष्टिकोण विकास गर्यो । महिलाहरूले विशेषगरी जबर्जस्ती नियन्त्रण हिंसाको प्रतिरोधमा महिला हिंसाको प्रयोगलाई सम्बोधन गर्न विकसित गरिएको पाठ्यक्रम प्रयोग हुने कक्षामा भाग लिन सक्छन् । See Pence, Connelly, and Scaia, 'Turning Points: A Nonviolence Curriculum for Women.'

बाकस ३

प्रशासनिक अभ्यासमा परिवर्तनको उदाहरण: जर्जिया

एउटा साझा प्रशासनिक अभ्यास भनेको प्रहरी अधिकारीहरूको प्रयोगका लागी जोखिम मूल्यांकन साधनको विकास हो। जर्जियामा, ग्लोबल राइट्स फर वुमन नामक संस्थाले सबै अधिकारीहरूलाई अन्तरंग व्यक्तिबाट हुने हिंसाका मामिलाहरूमा जोखिमका कारकहरू र जबरजस्ती नियन्त्रणकारी हिंसाका प्रमाणहरू पहिचान गर्न मद्दत गर्नको लागि नयाँ जोखिम मूल्याङ्कनको विकास गर्न प्रहरी अधिकारीहरूसँग सहकार्य गर्यो। स्थानीय समुदायमा अन्तरंग व्यक्तिबाट हुने हिंसाको आयामबारे जानकारी प्रदान गर्नका लागि केन्द्रित समूहहरू मार्फत पीडितहरू/प्रभावितहरूलाई संलग्न गराइएको थियो। हालको प्रशासनिक अभ्यासमा रहेका कमीकमजोरीहरू बुझ्न र अभियोजकनकर्ताहरूलाई आवश्यक जोखिम जानकारीबारे प्रहरी अधिकारीहरूबाट हुने सञ्चारमा सुधार ल्याउने नयाँ जोखिम मूल्याङ्कन गर्नका लागि प्रहरी र अभियोजनकर्ताहरूको अन्तर्वार्ता लिइएको थियो। नतिजास्वरुप जोखिम मूल्याङ्कनको विकास भयो जसले जर्जियामा अन्तरंग व्यक्तिबाट हुने हिंसाबारे महिलाहरूको जीवन्त अनुभवहरू प्रतिबिम्बित गर्दछ, पीडित/प्रभावितको सुरक्षालाई केन्द्रित गर्दछ, र पीडकहरूलाई जवाफदेही बनाउन प्रहरी र अभियोजनकर्ताहरूलाई मद्दत गर्दछ।

३) नियम र नियमावलीहरू

नियम र नियमहरूमा कानुन, प्रशासनिक नियम, नीति, प्रोटोकल र निकायको निर्देशनहरू समावेश हुन्छ, जसलाई फौजदारी न्याय निकायहरूले महिला तथा किशोरी विरुद्ध हिंसालाई रोक्न, अनुसन्धान गर्न र प्रतिकार्य सञ्चालन गर्न काम गर्दा पालना गर्न आवश्यक छ। नियम र नियमावलीहरूले लैङ्गिक-उत्तरदायी प्रहरी कार्यलाई प्रवर्द्धन गर्छ वा गर्दैन भनेर निर्धारण गर्न विश्लेषण गर्नुपर्छ।

प्रत्येक नियम, नियमावली, नीति वा प्रोटोकलको प्रयोजन हुन्छ। लैङ्गिक-उत्तरदायी नियम र नियमावलीहरूले पीडितहरूको सुरक्षा हासिल गर्न र हिंसाका लागि दोषी पीडकहरूलाई जवाफदेही बनाउने लक्ष्य राख्छ। नजिकबाट समीक्षा गरेपछि, केही नीतिहरूले कुनै संस्थाको दक्षता बढाउने लक्ष्य राखेको हुनसक्छ तर पीडित/प्रभावितहरूलाई संरक्षण गर्न वा पीडकहरूलाई जवाफदेही बनाउन खासै काम गर्दैनन् र वास्तवमा यी लक्ष्यहरूलाई कमजोर पार्ने काम गर्न सक्छन्।

उदाहरणका लागि, विश्वव्यापी रूपमा धेरै समुदायहरूले एउटा नीति परिवर्तन गर्न संगठित भएका छन्, जुन नीतिले गर्दा जबरजस्ती नियन्त्रण हिंसाको शिकार भएका धेरै महिलाहरूलाई गिरफ्तार गरिएको थियो। कानून वा नीतिहरूले आक्रमणको घटनास्थलमा पक्राउ गर्न आवश्यक ठहर गरेको अवस्थामा पीडितहरू प्रायः पक्राउ पर्छन्। पक्राउ गरिएका धेरै महिलाहरूले आत्म-रक्षामा कदम चालेका हुन्छन् र प्रतिरोधी हिंसा प्रयोग गर्नेहरू पनि बढी हावी हुने आक्रमणकारीहरू हैनन्। नयाँ नीतिहरू लागू गर्न सकिन्छ जसले अधिकारीहरूलाई 'आत्म-रक्षा निर्धारण' गर्न र आत्म-रक्षाका लागि कदम चाल्ने कसैलाई पनि पक्राउ नगर्न निर्देशन दिनसक्छ। घरेलु हिंसाको घटनामा बढी हावी भएको आक्रमणकारी कसरी निर्धारण गर्ने र त्यस्तो व्यक्तिलाई मात्र पक्राउ गर्न निर्देशन नीतिहरूले दिन सक्छन्। केही नीतिहरूले पीडित/प्रभावित व्यक्ति र पीडकबीचको शक्ति आयामलाई सुदृढ बनाउन सक्छ वा पीडित/प्रभावितमाथि हुने हिंसाको लागि जवाफदेहिता निर्धारण गर्न सक्छ। उदाहरणका लागि, धेरै देशका कानुनहरूले प्रहरी वा अदालतहरूलाई पीडित/प्रभावितलाई सम्पर्क गर्नबाट पीडकलाई रोक्ने सुरक्षात्मक आदेशहरू जारी गर्ने अनुमति प्रदान गर्दैनन्।

त्यस्ता कानुन र नीतिहरू लैङ्गिक-उत्तरदायी हुँदैनन्, किनभने तिनीहरूले पीडित/प्रभावितलाई (आफ्नो र आफ्ना छोराछोरीका लागि) स्थिर घर र हिंसाबाट सुरक्षाको बीचमा एउटा छनोट गर्न लगाउँछ। लैङ्गिक-उत्तरदायी नीतिले जवाफदेहिता राज्य (पीडकको हिंसालाई रोक्न) र पीडक (आफ्नो व्यवहार परिवर्तन गर्न) तर्फ निर्देशित गर्ने तरिकाले हिंसाको प्रतिकार्य गर्न प्रहरीलाई निर्देशन दिन्छ।

परिचालन कमाण्ड जिम्मेवारी भएका मध्यम स्तरका व्यवस्थापकहरूले महिला तथा किशोरी विरुद्ध हुने हिंसासम्बन्धी फौजदारी र देवानी कानूनहरूमा वा आफ्नै फौजदारी न्याय

प्रशासनिक अभ्यासहरू: मुख्य सन्देशहरू

- प्रशासनिक अभ्यासहरूले मुद्दाहरूका बारेमा सोच्ने र कारबाही चलाउने तरिकाहरू प्रस्तावित गर्दछन्।
- प्रशासनिक अभ्यासहरू (जस्तै प्रहरी प्रतिवेदन फारमहरू) को पीडित/प्रभावितको सुरक्षा र पीडकको जवाफदेहितामा ठूलो प्रभाव पार्छ किनभने प्राप्त गरिएको जानकारी मुद्दा प्रक्रियाको अवधिभर प्रयोग गरिन्छ ;
- पीडित/प्रभावित सुरक्षा र पीडकको जवाफदेहितालाई केन्द्रीकृत गर्न प्रशासनिक अभ्यासहरूको समीक्षा र परिमार्जन गर्ने।

निकायहरूको नीतिहरूमा पनि आफ्नो सीमित प्रभाव भएको महसुस गर्न सक्छन् । यद्यपि, प्रहरी कार्यमा त्यस्ता नियम र नियमावलीहरूको व्यवहारिक प्रभावहरू बुझ्नका लागि मध्यम स्तरका व्यवस्थापकहरू अद्वितीय स्थितिमा हुने गर्छन् । यसबाहेक, उनीहरू महिला तथा किशोरी विरुद्धको हिंसा निवारण र सम्बोधन गर्नमा नियम र नियमावलीहरूको प्रभावकारिताको विश्लेषण गर्न अन्य पात्रहरू (प्रहरी, प्रोबेशन अफिसर र पीडित/प्रभावितका अधिवक्ताहरू) सँग समन्वय गर्नका लागि विशेष स्थानमा हुन्छन् । निर्णयकर्ताहरूले नीति निर्माणमा मध्यम स्तरका व्यवस्थापकहरूलाई समावेश गर्न सक्छन् र गर्नुपर्छ ।

४) प्रशासनिक अभ्यासहरू

प्रशासनिक अभ्यासहरूमा प्रहरीले कसरी आफ्ना नीति, कानून, नियम, र जनादेश पूरा गर्छ भनेर मानकीकरण गर्न संगठनले प्रयोग गर्ने सबै विधिहरू समावेश हुन्छ । अधिकांश प्रशासनिक प्रक्रियाहरूमा लिखतहरूको प्रयोग समावेश हुन्छ, जस्तै स्क्रिनिंग फारम, घटना अभिलेखीकरण फारम, म्याट्रिक्सहरू, निर्देशिकाहरू, प्रतिवेदन लेखन ढाँचाहरू, मार्ग निर्देशनहरू र प्रोटोकलहरू, र अन्य उदाहरणहरू जसलाई अभियन्ताहरूले 'कागजी कार्य' भनेर उल्लेख गर्छन् । नियम र नियमावलीहरू जनादेश हुन्; प्रशासनिक प्रक्रियाहरू ती जनादेशहरू कसरी पूरा गर्ने भन्ने बारे प्रहरीका लागि निर्देशनहरू हुन् ।

घटना (मुद्दा) व्यवस्थापनमा मेकानिकल निर्देशनहरूका साथै प्रशासनिक प्रक्रियाहरूले महिला र किशोरीहरूको वास्तविक अनुभव र सुरक्षाको आवश्यकताहरूलाई केन्द्रीकृत वा सीमान्तकृत गर्ने अवधारणात्मक आधारहरू समेट्छ । प्रहरी प्रतिवेदन फारम, जोखिम मूल्याङ्कन प्रश्नावली, र प्रमाण सङ्कलन चेकलिस्ट प्रशासनिक अभ्यासहरूका उदाहरणहरू हुन् जसले मुद्दाहरूको बारेमा सोच्ने र कारबाही चाल्ने तरिकाहरू वर्णन गर्दछ ।[२१]

प्रहरी कार्यको लैङ्गिक-उत्तरदायी सिद्धान्तहरूसँग मेल खाने प्रशासनिक अभ्यासहरूले पीडितको मद्दतको लागि प्रारम्भिक याचनाभन्दा धेरै बढी मुद्दा प्रक्रियालाई प्रभाव पार्नेछ । प्रहरीले सङ्कलन गरेको जानकारीलाई अभियोजनकर्ता, प्रोबेशन अफिसर, बाल संरक्षण कार्यकर्ता, न्यायाधीश र अन्यले महिला र उनीहरूका छोराछोरीको सुरक्षासम्बन्धी महत्वपूर्ण निर्णय गर्न प्रयोग गर्न सक्छन् । शक्ति तथा नियन्त्रण र महिला एवं किशोरीहरूको प्रभुत्व उल्लेख गर्ने फारम, कम्प्युटर स्क्रिन, मूल्याङ्कन र चेकलिस्टहरूको सिर्जनाले महिला तथा किशोरी विरुद्ध हिंसाका मामिलाहरूमा लैङ्गिक-उत्तरदायी प्रहरी सेवालाई मानकीकरण गर्नेछ ।

स्रोतहरू : मुख्य सन्देशहरू

- पीडितहरूको सुरक्षा गर्न र पीडकहरूलाई जवाफदेही बनाउन पर्याप्त स्रोतहरू महत्त्वपूर्ण छन् ;
- स्रोतहरूमा कर्मचारीको समय, प्रविधि, सुपरिवेक्षण, प्रहरीका लागि सहयोग, पीडित/प्रभावितहरूको लागि सहायता, र पीडकहरूलाई जवाफदेही बनाउने संयन्त्रहरू समावेश छन् ;
- पीडित/प्रभावित केन्द्रित समूह छलफल र अग्रपंक्तिमा खटिने प्रहरीसँगको अन्तर्वार्ताले स्रोतको कमीको बारेमा अमूल्य अन्तर्दृष्टि प्रदान गर्न सक्छ ।

५) स्रोतहरू

संसाधनहरूमा समुदाय, निकाय वा प्रहरी संगठनलाई समस्यालाई सम्बोधन गर्न आवश्यक हुने रकम, सामग्री, प्रक्रिया र कर्मचारीहरूको विनियोजन र गुणस्तर सुनिश्चित गर्ने तरिकाहरू समावेश हुन्छ - हाम्रो अवस्थामा महिला तथा किशोरी विरुद्ध हिंसाको समस्या । संसाधनहरूमा निम्नलिखित कार्यहरू पूरा गर्न आवश्यक सबै कुरा समावेश हुन्छ :

- श्रमिकहरूले पीडित/प्रभावितको सुरक्षा वा पीडकको जवाफदेहितामा सम्झौता नगरी आफ्नो काम गर्छन् । यसमा मुद्दाको भारको आकार, प्रविधि, पर्याप्त सुपरिवेक्षण, र सहयोगी सेवाहरू समावेश छन् ;
- दुर्व्यवहारका पीडितहरू/प्रभावितहरूको सुरक्षित परिस्थितिहरूमा पहुँच हुन्छ, जस्तै चिकित्सा सेवा, आवास, दक्ष परामर्श, आर्थिक सहायता, र पर्याप्त कानुनी प्रतिनिधित्वमार्फत ;
- हस्तक्षेपकारी प्रणालीहरूले पीडकहरूलाई जवाफदेही बनाउँछ । यसमा जेलमा पर्याप्त ठाउँ, पीडकको आपराधिक इतिहासको बारेमा जानकारीमा सहज पहुँच, फौजदारी मुद्दामा जेलबाट रिहा भएका अपराधीहरूको सुपरिवेक्षण गर्न पर्याप्त कर्मचारी, उच्च गुणस्तरीय पुनर्स्थापना सेवाहरू, र विभिन्न आर्थिक अवस्था, जातीय र धार्मिक पृष्ठभूमिका पीडकहरूसँग काम गर्न तयार रहेका व्यवसायीहरू समावेश छन् ।

प्रहरी अधिकारीहरूसँग महिला तथा किशोरी विरुद्ध हिंसाको अनुसन्धानमा केन्द्रित गर्नको लागि सदैव पर्याप्त समय हुँदैन । यदि अधिकृतहरूसँग हिंसाको सन्दर्भ र गम्भीर्यताका सन्दर्भमा पीडित/प्रभावितहरूबाट सान्दर्भिक जानकारी सङ्कलन गर्न समय छैन भने, उनीहरू पीडित/प्रभावितको सुरक्षा गर्न वा अभियोजनकर्ताद्वारा सफल फौजदारी मुद्दाका लागि आवश्यक प्रमाणहरू संकलन गर्न सक्षम छैनन् । यौन दुर्व्यवहारका

२१ Risk assessment is also discussed in Chapter 6: 'Safety and Protection' of this Handbook.

घटनाहरूमा पनि विशेष अनुसन्धानात्मक प्रविधिहरू पनि आवश्यक हुन्छ जहाँ अधिकारीहरूले थप विवरणहरू प्रदान गर्न सक्दा वा 'बलात्कार किटहरू' मा संग्रह गरिएका प्रमाणहरू जस्ता चिकित्साजन्य (क्लिनिकल) प्रमाणहरू आवश्यक पर्दा पीडितहरू/प्रभावित व्यक्तिहरूको अन्तर्वार्ता पनि लिन आवश्यक हुनसक्छ।[२२]

प्रहरी अधिकृतहरूले सामना गरेको अप्रत्यक्ष वा विषाक्त आघात अर्को स्रोत चिन्ता हो जसप्रति बिस्तारै विश्वभरि ध्यानाकर्षण भइरहेको छ। अन्यको आघात वा जीवनलाई खतरामा पुऱ्याउने परिस्थितिहरूसँगको प्रत्यक्ष अनुभवले प्रहरी अधिकारीहरूमा दीर्घकालीन प्रभाव पार्न सक्छ। प्रहरी विभागहरूले आघात अनुभव गरेका अधिकारीहरूलाई सहयोग गर्न र काम गर्ने वातावरणले प्रहरी अधिकारीहरूको आघातको अनुभवलाई बढाउने नभई कम गर्ने कुरा सुनिश्चित गर्नका लागि स्रोतहरू छुट्टाउन सक्छन्।[२३]

विश्वभरका धेरै प्रहरी संगठनहरू निकै सीमित र अपर्याप्त स्रोतहरूका साथ काम गरिरहेका छन्। प्रहरीले सफलतापूर्वक पीडित/प्रभावित सुरक्षा र पीडकको जवाफदेहिता सुनिश्चित गरेको अवस्था ल्याउनका लागि प्रहरीका लागि स्रोतसाधनको अभावलाई सम्बोधन गर्नुपर्छ। उदाहरणका लागि, पूर्वी युरोपको एउटा प्रहरी निकायले उनीहरूको जेल र जेल सुविधाहरूमा सीमित स्रोतहरू छन् भनी स्वीकार गरेको छ। र यसको कारण अदालतले जेल सजाय दिँदैन।

२२ See RAINN, at: https://www.rainn.org/articles/rape-kit

२३ See, e.g., Office for Victims of Crime, 'The Vicarious Trauma Toolkit,' at: https://vtt.ovc.ojp.gov/tools-for-law-enforcement/management-and-supervision?fbclid=IwAR32qSintkuMtP_icolLYpdmnHymwgSyzqKLYwy6XT0_SFdR-LF1Y-sVB_s

स्रोतहरूको अभावले गम्भीर चुनौतीहरू प्रस्तुत गरेको अवस्थामा मध्यम स्तरका व्यवस्थापकहरूले कुन स्रोतहरूले पीडित/प्रभावित सुरक्षा र पीडकको जवाफदेहिता प्राप्त गर्नमा सबैभन्दा ठूलो प्रभाव पार्छ भन्ने बारेमा होसियारीपूर्वक मूल्याङ्कन गर्नुपर्छ। पीडित/प्रभावित केन्द्रित समूह छलफल र अग्रपंक्तिमा खटिने प्रहरीसँगको अन्तर्वार्ता दुबैले स्रोतहरूको प्रयोगलाई प्राथमिकीकरण गर्नका लागि लागि बहुमूल्य जानकारी प्रदान गर्न सक्छन्।

सम्बन्ध-सम्पर्क : मुख्य सन्देशहरू

- सम्बन्ध-सम्पर्क भनेको प्रहरीलाई अन्य सेवा प्रदायकहरू र फौजदारी न्याय प्रणालीका पक्षहरूसँग समन्वय गर्ने तरिकाहरू हुन्;
- सम्बन्ध-सम्पर्क सुधार्नका लागि, प्रहरी संगठनले अन्य सम्बन्धित पक्षहरूसँग उनीहरूलाई पीडित/प्रभावितको सुरक्षा र पीडकको जवाफदेहिताको लक्ष्यहरू अगाडि बढाउन आवश्यक पर्ने जानकारीको बारेमा सञ्चार गर्नुपर्छ;
- पीडित/प्रभावितहरूलाई उनीहरूलाई आवश्यक पर्ने सेवाहरू प्रदान गर्न नयाँ सम्बन्ध-सम्पर्कहरू सिर्जना गर्न आवश्यक हुन सक्छ।

६) सम्बन्ध-सम्पर्कहरू

सम्बन्ध-सम्पर्कहरू (कहिलेकाहीं समन्वयका रूपमा व्याख्या गरिने) सबै तरिकाहरू हुन् जसले प्रहरीलाई महिला तथा किशोरी विरुद्ध हिंसाका मामलाहरूमा अघिल्लो, पछिल्लो, र समानान्तर हस्तक्षेपकर्ताहरू र सेवा प्रदायकहरूसँग जोड्ने काम गर्छ। महिला तथा किशोरी विरुद्ध हिंसाको प्रत्येक मुद्दामा फौजदारी न्याय प्रणाली सहित समुदाय भित्रका विभिन्न संस्थाहरू संलग्न हुनसक्छन्। सम्बन्ध-सम्पर्कले संस्थाहरूले जसको मुद्दालाई अगाडि बढाउँछन् त्यही व्यक्तिहरूसँग उनीहरू कसरी जोडिएका छन्; कसरी व्यवसायीहरूले प्रणाली भित्र अन्य कर्मीहरूसँग जोडिन्छन्; जानकारी कसरी सङ्कलन र आदानप्रदान गरिन्छ; र कसरी समस्याहरू समाधान गरिन्छ भन्ने कुरा बुझाउँछ।

उदाहरणका लागि, आपतकालीन टेलिफोन अपरेटरहरू, प्रहरी र अभियोजनकर्ताहरू बीचको बलियो सम्बन्ध-सम्पर्कले महिला र किशोरीहरूलाई सुरक्षित राख्न र पीडकहरूलाई जवाफदेही बनाउन प्रणालीको क्षमतालाई सुधार ल्याउन सक्छ। धेरै समुदायहरूमा, आपतकालीन टेलिफोन अपरेटरहरू हिंसाका पीडितहरूका लागि पहिलो सम्पर्क व्यक्ति हुनेगर्छन्। त्यस्ता

अपरेटरहरूलाई महिला तथा किशोरी विरुद्ध हिंसाका मामिलाको सम्बोधन गर्दा प्रहरीलाई सान्दर्भिक जानकारी प्रदान गर्न निर्देशन दिने नीतिहरू बनाइएको हुनुपर्छ। उदाहरणका लागि, सम्भव भएको अवस्थामा नीतिहरूले अपरेटरहरूलाई अनलाइन अभिलेखहरू हेरेर एउटै पीडक र पीडित/प्रभावित व्यक्तिहरू संलग्न भएको विगतमा त्यस्तै टेलिफोन कलहरू आएका छन् वा छैनन् भनेर निर्धारण गर्न, र प्रतिकार्यमा संलग्न प्रहरी अधिकारीहरूलाई यो जानकारी दिन निर्देशन दिन सक्छन्, जसबाट प्रहरीले उच्च सावधानीका साथ प्रतिकार्यलाई अगाडि बढाउन सक्छन्।

त्यसैगरी, मध्यम स्तरका व्यवस्थापकहरूले अभियोजनकर्ताहरूसँग फौजदारी अभियोग वा पीडकलाई जवाफदेही बनाउनका लागि अन्य उपायहरूलाई बल पुऱ्याउन अभियोजनकर्ताहरूलाई के जानकारी सङ्कलन गर्न आवश्यक छ भनी निर्धारण गर्न अभियोजकर्ताहरूसँग कुराकानी गर्नुपर्छ। अभियोजनकर्ताहरूले अदालतमा प्रमाणको स्वीकार्यता र विशेष ढाँचाहरूमा प्रहरीले सङ्कलन गरेको जानकारी प्रयोग गर्ने क्षमतामा बहुमूल्य मार्गदर्शन प्रदान गर्न सक्छन्। पीडित/प्रभावितको सुरक्षा र पीडकको जवाफदेहितामा केन्द्रित मुद्दाहरूको समयमै र प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्न प्रहरी र अभियोजनकर्तासम्बन्धी नीतिहरू एकअर्कासँग मेल खाने गरी बनाउन सकिन्छ।[२४]

कतिपय समुदायहरूले प्रहरी, अभियोजनकर्ताको कार्यालय, प्रोबेशन, वकालत गर्ने महिलाका संस्थाहरू र अन्य निकायहरूका प्रतिनिधिहरू मिलेर बहु-विधागत टोलीहरू बनाएर सम्बन्ध-सम्पर्क सुधार गरेका छन्।

उदाहरणका लागि, संयुक्त राज्य अमेरिकाको मिनेसोटा, डुलुथमा, बहु-विधागत घरेलु हिंसा प्रतिकार्य टोलीले प्रहरीबाट अनुसन्धान भएको प्रत्येक घरेलु हिंसा/अन्तरंग व्यक्तिबाट हुने हिंसाका मामिलाहरू समीक्षा गरी हरेक व्यक्तिगत मामलामा संयुक्त रूपमा रणनीतिहरू निर्धारण गर्ने र पीडित/प्रभावितको सुरक्षा र पीडकको जवाफदेहितामा बाधा पुऱ्याउने नीति तथा अभ्यासहरूमा आवश्यक परिवर्तनहरू पहिचान गर्ने काम गर्दछ।

प्रहरी विभागका मध्यम स्तरका व्यवस्थापकहरूले दैनिक प्रहरी कार्यसञ्चालन र प्रहरी अभ्यासहरूलाई मार्गदर्शन गर्ने नीतिहरूबारे उनीहरूको ज्ञानको कारण त्यस्ता टोलीहरूमा आवश्यक भूमिका खेल्न सक्छन्। उदाहरणका लागि, मध्यम स्तरका व्यवस्थापकहरूसँग प्रायः अग्रपंक्ति प्रहरीको तुलनामा

अभियोजतकर्ताको कार्यालयको नेतृत्वमा बढी पहुँच भएको हुनाले उनीहरूले सम्बन्ध-सम्पर्क सुधार गर्न निरन्तर काम गर्न सक्छन्।

मध्यम स्तरका व्यवस्थापकहरूले फौजदारी न्याय प्रणालीअन्तर्गत कार्यरत व्यक्तिहरूलाई जोड्ने विधिहरू सुधार गर्न काम गर्नुपर्छ, र त्यसमा देहाय कुराहरूमा ध्यान दिनुपर्छ :

- सूचना तथा जानकारी कसरी आउँछ र आदानप्रदान गरिन्छ ;
- आदानप्रदान गरिएको जानकारीले मुद्दाका बारेमा विशेष अवधारणा वा सिद्धान्तहरूलाई कसरी सञ्चार गर्छ ;
- प्रहरी र अन्य फौजदारी न्याय संस्थाहरू बीचको नियमित बैठकले समन्वयमा सुधार ल्याउने छ कि छैन;
- अन्य फौजदारी न्याय संस्थाहरूलाई पीडित/प्रभावित सुरक्षा र पीडकको जवाफदेहिता हासिल गर्नका लागि मुद्दाहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउन के-कस्ता जानकारी आवश्यक हुन्छ ;
- सम्बन्ध-सम्पर्क सुदृढ गर्न प्रहरीका नीति र अभ्यासहरूलाई कसरी सुधार गर्न सकिन्छ;
- अन्य संस्थाहरूमा कर्मीहरू (जस्तै अभियोजनकर्ताहरू) कसरी पीडित/प्रभावित र पीडकसँग जोडिन्छन् ; अर्को शब्दमा, मुद्दाको फाइलले मुद्दामा संलग्न व्यक्तिहरूलाई सही रूपमा प्रतिनिधित्व

केही समुदायहरुले प्रहरी, अभियोजनकर्ताको कार्यालय, प्रोबेसन, महिला पैरवी संस्था, र अन्य निकायहरुका प्रतिनिधिहरु सम्मिलित बहुविधागत टोलीहरु बनाएर सम्बन्ध-सम्पर्कमा सुधार गरेका छन् ।

२४ See Chapters 8: 'Coordination Among Justice Agencies' and 12: 'Justice Continuum' in this Handbook for more information on coordination between police and prosecutors.

गर्छ, (केही व्यक्तिहरूले उनीहरूलाई कहिल्यै भेट्ने छैनन् भन्ने अनुमान गर्दा) ?

- पिडित/प्रभावितहरूको पृथक आवश्यकताहरू पूरा भइरहेका छन् वा छैनन् । यदि छैनन् भने, नयाँ सम्बन्ध-सम्पर्कहरू सिर्जना गर्न आवश्यक हुन सक्छ ।

अष्ट्रेलियाको एउटा प्रहरी संगठनले पीडित/प्रभावित व्यक्तिबाट ठूलो मात्रामा सन्दर्भ र जोखिमसम्बन्धी जानकारी सङ्कलन गर्न अथक प्रयास गऱ्यो, जसलाई अदालतले आफ्नो निर्णय गर्न प्रयोग गर्न सक्थ्यो । तर अदालतले उनीहरूले उपलब्ध गराएको जानकारी प्रयोग नगरेको प्रहरीले थाहा पाउन थाल्यो । किन भनेर सोधपुछ गर्दा, उनीहरूलाई प्रदान गरिएको जानकारी धेरै विस्तृत रहेको र उपयोगी हुने तरिकाले व्यवस्थित नभएको अदालतले बताएको थियो । कुन जानकारी सङ्कलन गर्ने र सूचना अदालतमा कसरी पेश गर्ने भन्ने बारेमा प्रहरी र अदालतबीचको सञ्चारले मात्रै यस सम्बन्ध-सम्पर्कलाई सुधार गर्न सकिने थियो ।

जवाफदेहिता : मुख्य सन्देशहरू

- सफल संस्थागत परिवर्तनका लागि उत्तरदायित्व महत्वपूर्ण हुन्छ । यदि हरेक ७ वटा विधिहरू सुधार गरिएमा पनि नयाँ मापदण्डहरूप्रति प्रहरीलाई जवाफदेही बनाइएन भने, पीडित/प्रभावितहरूका लागि परिणाममा सुधार हुँदैन;
- मध्यस्तरका व्यवस्थापकहरूले अपेक्षाहरूलाई सञ्चार गर्नुपर्दछ र प्रहरीलाई जवाफदेही बनाउन सुपरिवेक्षण र अनुशासन जस्ता विशेष उपायहरू प्रयोग गर्नुपर्छ ;
- समग्रमा प्रहरी संगठनले पीडित/प्रभावित र अन्य फौजदारी न्याय प्रणालीका पात्रहरूप्रति जवाफदेही हुन प्रयास गर्नुपर्छ र अपराधीलाई जवाफदेही बनाउनु पर्छ ।

७) जवाफदेहिता

जवाफदेहिता प्रहरी संगठनहरूका लागि ८ विधिहरूको विश्लेषणको सबैभन्दा महत्वपूर्ण भागहरू मध्ये एक हो । मध्यम स्तरका व्यवस्थापकहरूका लागि, निरन्तर केन्द्रविन्दु भनेको समुदायका मानिसहरूले के अनुभव गर्छन् र के आवश्यक छ, र संस्थाले के उपलब्ध गराउँछ भन्ने बीचको अन्तर हो । मध्यम स्तरका व्यवस्थापकहरूको कामको केन्द्रमा पीडित/प्रभावितको दृष्टिकोणबाट त्यो अन्तरलाई हेर्ने प्रयास गर्नु हो, र मुद्दा व्यवस्थापन अभ्यासहरूद्वारा यो अन्तर कसरी उत्पन्न हुन्छ भनेर हेर्नु हो । संस्थागत अभ्यासहरूद्वारा समस्या कसरी उत्पन्न हुन्छ भन्ने कुरा पत्ता लगाउँदा मध्यम स्तरका व्यवस्थापकहरूले यसलाई कसरी समाधान गर्ने भनेर पनि एकै साथ पत्ता लगाउँछन् । सिफारिसहरू त्यसपछि नयाँ मानकीकरण अभ्यासहरू, जस्तै नयाँ नियम, नीति, प्रक्रिया, फारम, र प्रशिक्षणहरू सिर्जना गर्ने कार्यसँग सीधा सम्बन्धित हुन्छन् ।

८ विधिहरूसँगको सम्बन्धमा जवाफदेहिताले विशेष अर्थ राख्छ । यसमा निम्नलिखित कार्यहरू पूरा गर्न संस्थागत अभ्यासहरू व्यवस्थित गर्ने तरिकाहरू समावेश हुन्छ :

- पीडकहरूलाई उनीहरूले गरेको हानिका, साथै प्रभावकारी हस्तक्षेप बिना उनीहरूले निम्त्याउन सक्ने हानि लागि जवाफदेही बनाउने ;
- पिडित/प्रभावितप्रति प्रहरीलाई जवाफदेही बनाउने ;
- प्रणालीमा रहेका अन्य सेवा प्रदायकहरूप्रति प्रहरीलाई जवाफदेही बनाउने ।

हालै एउटा प्रहरी संगठनले उनीहरूसमक्ष रहेको घरेलु हिंसाका मुद्दाहरूको मूल्याङ्कन गरेको थियो । उनीहरूले त्यसमा ८ विधिहरू लागू गरेर हेर्दा, उनीहरूले प्रहरी संगठनसँग बलियो मिसन (ध्येय), घरेलु हिंसालाई सम्बोधन गर्न पर्याप्त नीति, उपयुक्त स्रोतहरू, र असल अभ्यास प्रशासनिक फारमहरू रहको पाएका थिए । यद्यपि, उनीहरूमा उचित जवाफदेहिता र सुपरिवेक्षणको अभाव थियो । यस कारणले गर्दा, सबै घरेलु हिंसाका घटनाहरू मध्ये २०% भन्दा कममा प्रहरीले रिपोर्ट लेखेको वा पक्राउ गरेको अवस्था थियो ।[२५]

प्रहरी संगठन भित्रको जवाफदेहिताले अपेक्षित नीति, अभ्यास वा प्रोटोकलको पालना नगर्ने प्रहरीका लागि खास र परिचित परिणामहरू निम्त्याउँछ । उदाहरणका लागि, यदि नीतिले प्रहरी अधिकारीले पीडित/प्रभावितसँग केही प्रश्नहरू सोध्नु पर्छ भन्छ र उसले त्यसो गर्न असफल हुन्छ भने व्यवस्थापक वा सुपरिवेक्षकले पीडित/प्रभावितमा आवश्यक फारम पूरा गर्न फर्किनु पर्ने वा अनुशासनात्मक कारवाही लागू गरी सो अधिकारीलाई जवाफदेही बनाउन सक्छ । विभागको नीतिहरूमा जवाफदेहिताका उपायहरू स्पष्ट रूपमा पहिचान गरिनुपर्छ ।

ब्रिटिस कोलम्बिया, क्यानडामा प्रहरी आयोगले अवलम्बन गरेको एउटा आशाजनक जवाफदेहिता उपाय भनेको आदिवासी/फर्स्ट नेसनका व्यक्तिहरूप्रति पक्षपाती व्यवहार गरेको समुदायको संलग्नता रहेको पाइए पछि निष्पक्ष प्रहरी नीतिको विकास

२५ Minneapolis Police Conduct Oversight Commission, 'Domestic Violence Response Research and Study,' 2018, at: http://www.ci.minneapolis.mn.us/www/groups/public/@civilrights/documents/webcontent/wcmsp-211936.pdf The report included various types of cases categorized as 'domestic violence' under Minnesota, USA law.

थियो ।[२६] त्यसैगरी, लैङ्गिक पूर्वाग्रहलाई निषेध गर्ने नीतिहरूलाई प्रहरीले जवाफदेहीताका उपायहरूसँग जोड्ने गरेमा प्रभावकारी हुन सक्छन् ।

८) शिक्षा र तालिम

प्रहरी संगठनले कुनै पनि नयाँ सिद्धान्त, नीति, प्रशासनिक फारम वा विधि, स्रोत, वा अन्य परिवर्तनहरू अवलम्बन गरेपछि, मध्यम स्तरका व्यवस्थापकहरूले प्रहरी अधिकारीहरूलाई परिवर्तनहरू कार्यान्वयन गर्न तालिम दिनुपर्छ । उदाहरणका लागि, जर्जियामा नयाँ प्रहरी प्रश्नावली विकसित भएपछि प्रहरी अधिकारीहरूलाई प्रश्नावलीको उद्देश्य र यसलाई कसरी प्रयोग गर्ने भनेर तालिम दिइएको थियो ।

परम्परागत रूपमा तालिमहरू महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाहरूमा कानून लागू गर्ने जिम्मेवारी बोकेका प्रहरी अधिकारीहरूको मानसिकता परिवर्तन गर्नमा केन्द्रित हुँदै आएका छन् । यद्यपि, यस अघि छलफल गरिएझैं अवधारणाहरूमा मात्रै केन्द्रित तालिमले प्रहरी विभागमा स्थायी परिवर्तन ल्याउँदैन । कुनै पनि नयाँ परिवर्तनहरूले संगठन भित्रको कामकारबाहीलाई असर गर्छ र ती परिवर्तनहरूको कार्यान्वयनमा व्यावहारिक प्रशिक्षण दिनुपर्दछ भन्ने कुरा अधिकारीहरूले बुझ्नुपर्छ । नयाँ नीति, अभ्यास, वा स्रोतहरू प्रभावकारी रूपमा कार्यान्वयन भएको सुनिश्चित गर्न विभागले प्रयोग गर्ने कुनै पनि जवाफदेहिता उपायहरूको बारेमा अधिकारीहरूले पनि प्रशिक्षण प्राप्त गर्नुपर्छ ।

प्रहरीले निम्नलिखित विषयमा पनि शिक्षा र तालिम प्राप्त गर्नुपर्छ:

- संगठनले प्रहरीको काम र कामसँग सम्बन्धित सामाजिक घटनाहरू, जस्तै विवाह र अन्तरंग सम्बन्धहरूमा महिलाहरूको दुर्व्यवहार बुझ्नका लागि उनीहरूलाई व्यवस्थित गर्ने तरिकाहरू;
- प्रहरी संगठनहरूले आफ्ना कर्मचारीहरूलाई मुद्दाहरू बारे सोच्न र त्यससम्बन्धमा कारबाही गर्न तालिम दिने औपचारिक तरिकाहरू;
- प्रतिकार्यमा संलग्न हुने अधिकारीहरूले अनुभव र बढी अनुभवी कर्मीहरूद्वारा प्रशिक्षण मार्फत आफ्नो कामका बारेमा सिक्ने अनौपचारिक तरिकाहरू;
- विभिन्न अवधारणा, सिद्धान्त, र वैचारिक अभ्यासहरूको परिचय ;
- निरन्तर सीप निर्माण जसले कर्मीहरूलाई विविधतापूर्ण जनसंख्या संलग्न हुने महिला तथा किशोरी विरुद्ध हिंसाका मामिलाहरूमा प्रभावकारी रूपमा हस्तक्षेप गर्न सक्षम बनाउँछ ।

२६ Provincial Policing Standards, Section 6.2.1, British Columbia, at: https://www2.gov.bc.ca/assets/gov/law-crime-and-justice/criminal-justice/police/standards/6-2-1-police-stops.pdf

निष्कर्ष

लैङ्गिक पूर्वाग्रह संस्थाहरूमा गहिरो रूपमा स्थापित भएको हुनाले लैङ्गिक उत्तरदायी प्रहरी कार्यको कार्यान्वयनका लागि संस्थागत विश्लेषण र परिवर्तन आवश्यक हुन्छ। आठ विधिहरूले मध्यम स्तरका व्यवस्थापकहरूलाई महिला तथा किशोरी विरुद्ध हुने हिंसाप्रति प्रहरी संगठनको प्रतिकार्यमा रहेको अन्तरको विश्लेषण गर्न र संस्थागत परिवर्तन सिर्जना गर्नका लागि एउटा खाका प्रदान गर्दछ। पीडित/प्रभावितहरू, विशेषगरी उत्पीडनको अन्तसम्बद्ध रूपहरूको सामना गर्नेहरूलाई समावेश गर्नु महिला र किशोरीहरूको जीवन्त अनुभव र प्रहरी संगठनले उपलब्ध गराइरहेको सेवाहरूमा रहेको अभावलाई बुझ्नको लागि महत्वपूर्ण छ। अन्य फौजदारी न्याय निकायहरूसँगको समन्वय पनि महिला तथा किशोरी विरुद्ध हिंसा मामिलाहरूको व्यवस्थापन अवधिभर प्रहरीको अभ्यासमा आउने कुनै पनि परिवर्तनले पीडित/प्रभावितको सुरक्षा र पीडकहरूको जवाफदेहिताको लागि थप काम गर्नेछ भन्ने कुरा सुनिश्चित गर्न महत्वपूर्ण छ। यसका अतिरिक्त मध्यम स्तरका व्यवस्थापकहरूले प्रहरी संगठन भित्र आफ्नो कार्यमा कुनै पनि परिवर्तनको बारेमा प्रहरीलाई शिक्षित गराउनुपर्छ र संस्थागत परिवर्तन पूरा भएको सुनिश्चित गर्न बलियो जवाफदेही उपायहरूको जानकारी गराउने र त्यसलाई कार्यान्वयन गर्नुपर्छ। संस्थागत परिवर्तनले सबै प्रहरीको प्रतिकार्यलाई सुधार गर्न सक्छ, जसबाट समुदायलाई महिला र किशोरीहरूको लागि सुरक्षित बनाउन सकिन्छ।

न्यायको निरन्तरता

"महिला तथा किशोरी विरुद्धका हिंसाका बहुसंख्यक पीडकहरूले कुनै परिणाम भोग्नु नपर्ने एकदमै गलत हो । प्रहरीमा केवल केही घटनाको मात्र उजुरी हुनेगर्छ : त्यसमध्येपनि निकै कम प्रतिशतमा मात्र मुद्दा दायर हुन्छ र तीमध्येका पनि एकदम कमलाई मात्र दोषी ठहर्‍याइन्छ । प्रहरी तथा न्यायिक संस्थाहरूले उजुरीलाई गम्भीरताका साथ लिनुपर्छ र हिंसाको उजुरी गर्ने महिलाहरूका लागि थप महिला अधिकृतहरू उपलब्ध गराउने जस्ता कार्यबाट पीढितको सुरक्षा र सुस्वास्थ्यलाई प्राथमिकता दिइनुपर्छ ।"

- फुम्जिल म्लाम्बो-न्कुका, संयुक्त राष्ट्रसंघका उप-महासचिव र युएन वुमनका कार्यकारी निर्देशकले महिला विरुद्धको हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवस (२०१८)मा दिएको वक्तव्यबाट

अध्यायका लक्ष्यहरू:

महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न न्याय र सुरक्षा क्षेत्रका संगठनहरू भित्र आफ्नो भूमिकालाई अझ राम्ररी बुझ्दा प्रहरी एक अत्यावश्यक सेवा प्रदायकको रूपमा बढी प्रभावकारी हुन्छ ।

मुख्य सन्देश र सिकाइका बुँदाहरू :

- न्यायको निरन्तरताले महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न पीडित/प्रभावितहरूसँग अन्तरक्रिया गर्ने सम्बन्धित न्याय र सुरक्षा क्षेत्रका निकायहरूको विवरण दिन्छ;
- महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी मुद्दाहरू सम्बोधन गर्दा महिलाहरूको अविभेद र पुरुष समान समानताको उपभोग गर्ने अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूरण गर्न आवश्यक छ;
- न्याय प्रक्रियाको प्रकृतिका कारण नै यो जटिल हुन्छ, र विभिन्न क्षेत्राधिकार भित्र प्रहरी र अभियोजकहरूको भूमिका धेरै फरक हुन सक्छ;
- महिला तथा किशोरी विरुद्धका हिंसाको प्रभावकारी रूपमा अनुसन्धान गर्न पीडित/प्रभावित-केन्द्रित र अन्तरसम्बद्धताको दृष्टिकोण आवश्यक छ;
- महिला तथा किशोरी विरुद्धका हिंसाको अनुसन्धानलाई सम्भव बनाउनका लागि तपाईंको अधिकार क्षेत्रको कानून प्रमुख आधारशीला हो । महिला तथा किशोरी विरुद्धका हिंसाको विशिष्ट रूपहरूलाई सम्बोधन गर्नका लागि सबै क्षेत्राधिकारहरूमा कानूनहरू हुँदैनन् ।त्यसकारण तपाईंले उदीयमान समस्याका क्षेत्रहरू पहिचान गर्नुपर्दछ र तपाईंको टोली/इकाई नेतृत्वकर्ताहरूसँग उत्कृष्ट अभ्यास आदानप्रदान गर्नुपर्छ;
- जबरजस्ती करणीको अनुसन्धानले प्रहरी अनुसन्धानकर्ताहरूको लागि चुनौती खडा गर्छ;
- अभियोजकहरू, न्यायपालिका, परीक्षण/प्रोबेसन सेवाहरू (जुनसुकै रूपमा उपस्थित भएपनि) र गैर-सरकारी संस्थाहरूसँगको सहकार्यले पीडित/प्रभावितहरूको लागि राम्रो परिणामहरू प्रदान गर्दछ;
- सामुदायिक नेतृत्वका समाधानहरूले महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्ने प्रभावकारी परिवर्तन सम्भव बनाउन सक्छन् ।

परिचय

विभिन्न अंग र निकायहरू मिलेर बनेको न्याय प्रणालीमा आफूहरूले खेल्ने मुख्य भूमिकाबारे प्रहरी नेतृत्व सचेत हुनुपर्छ। प्रहरी सेवा लगायत न्याय र सुरक्षा क्षेत्रका सबै निकायले न्यायको निरन्तरता भित्रको यात्रामा न्यायपूर्ण नतिजा ल्याउन आ-आफ्नो भूमिका निर्वाह गर्छन्।

फोटो सौजन्य : युएन वुमन

न्यायको निरन्तरता[१] (चित्र १ हेर्नुहोस्) ले पीडित/प्रभावितसँग अन्तरक्रिया गर्ने र नागरिक न्याय प्रणालीसँग काम गर्ने सम्बन्धित न्याय र सुरक्षा क्षेत्रका निकायहरूको विवरण दिन्छ। प्रत्येक न्यायिक निकाय र न्यायपालिकाको छुट्टाछुट्टै जिम्मेवारीहरू छन्, तैपनि महिला तथा किशोरी विरुद्ध हुने हिंसालाई सम्बोधन गर्न मिलेर काम गर्न आवश्यक छ। प्रहरीका लागि सुनुवाईको अघि, सुनुवाईका अवधिमा र सुनुवाई पछिका प्रक्रियाहरूमा फरक फरक चुनौतीहरू हुन्छन्।

राष्ट्रिय कानुनी ढाँचा वा राष्ट्रिय न्याय प्रणालीसँगपीडित/प्रभावितको अन्तरक्रियाले न्याय प्रक्रियालाई समेट्छ, जुन सामान्यतया उनले पहिलोटकप्रहरीलाई खुलासाबाट गरेको समयदेखि सुरु हुन्छ। अदालतमा कानुनी प्रतिनिधिको संलग्नता, फौजदारी अदालत र पारिवारिक अदालतहरू हुँदै उनको यात्रा, र न्यायपालिकाको संलग्नता मार्फत यो जारी रहन्छ। दोषी ठहरिएको अवस्थामा पीडकले अदालतमा सजाय पाएर समाप्त हुन्छ, जस्तैः कारावास वा जरिवाना वा सामुदायिक सेवाको साथ परीक्षण जस्ता गैर-हिरासतको सजाय। न्याय प्रणाली र न्याय प्रक्रियाले मिलेर **न्यायको निरन्तरता**निर्माण गर्न मद्दत गर्दछ, जसले न्याय प्रक्रियाको श्रृंखलामा प्रत्येक चरणमा न्याय प्रणालीबाट प्रभावित सबैको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति भएको सुनिश्चित गर्न आवश्यक छ।

फौजदारी अदालतमा राज्यले अपराध गरेको अभियोगमा पीडक विरुद्ध मुद्दा दायर गर्छ र पारिवारिक अदालतमा सम्बन्ध विच्छेद र बाल संरक्षण जस्ता पारिवारिक र घरेलु सम्बन्ध टुट्ने सम्बन्धी मुद्दाहरू समाधान गरिन्छन्।

धेरै पीडित/प्रभावितका लागि, पीडकको अन्ततः रिहाइ - विशेषगरी ती पीडकहरू जसले महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी अपराध गरेका छन् - चिन्ताजनक हुन्छ र यसले पीडित/प्रभावितलाई आफ्नो व्यवहार परिवर्तन गर्न बाध्य पार्न सक्छ र परिणामस्वरुप चरम डर र चिन्ता निम्त्याउन सक्छ। उदाहरणका लागि, व्यक्तिगत सुरक्षा सुनिश्चित गर्न बच्चाहरूलाई विद्यालयबाट निकाल्ने, वा बालबालिका विद्यालयबाट सुरक्षित आइपुगेको सुनिश्चित गर्न रोजगारी बन्द गर्ने।पीडित/प्रभावितलाई पीडकको रिहाइको बारेमा जानकारी गराउने प्रक्रियाहरू उनीहरूको निरन्तर सुरक्षाको लागि महत्वपूर्ण छन्। (*अध्याय ६ हेर्नुहोस् : 'सुरक्षा र संरक्षण'*)

१ अत्यावश्यक सेवा प्याकेजले न्यायको निरन्तरतालाई पीडित/प्रभावितले यस प्रणालीमा प्रवेश गरेदेखि मुद्दा नटुङ्गिएसम्मलाई परिभाषित गर्छ। कुनैपनि महिलाको आवश्यकताका आधारमा उनको यात्रा फरक हुन्छ।उनले न्यायका विभिन्न विकल्पहरू रोज्न सक्छिन्, उजुरी गर्ने वा आरोप लगाउने, जसले आपराधिक अनुसन्धान र अभियोजन हुन्छ वा सुरक्षा खोज्ने, र/वा देवानी दावीहरू गर्ने, सम्बन्धविच्छेद र बालबालिकाको संरक्षणकत्व सम्बन्धी कार्यहरू र/वा व्यक्तिगत वा अन्य क्षतिको राज्यका प्रशासनिक योजनाहरू लगायतबाट, एकमुष्ट वा क्रकिम रुपमा क्षतिपूर्ति माग्ने लगायत यसमा पर्छन्।

चित्र १

न्यायको निरन्तरता



पारिवारिक अदालतहरू न्याय प्रणालीभित्र हुन्छन् र महिलाको अन्तरंग पुरुष साथी वा घरका अन्य परिवारका सदस्यहरूबाट हुने पारिवारिक हिंसाबाट महिला र उनका बालबालिकालाई जोगाउन सुरक्षा उपायहरू प्राप्त गर्न प्रहरी सेवा संलग्न हुन सक्छ। यसको अर्थ पारिवारिक अदालत र फौजदारी अदालतमा प्रहरी सेवाको मुख्य भूमिका हुन्छ।

> प्रत्येक महिलाको र किशोरीको यात्रा फरक हुन्छ र त्यो उनको व्यक्तिगत आवश्यकतामा निर्भर हुन्छ ।

न्याय प्रणालीमा प्रहरीले विभिन्न भूमिका खेल्ने भएता पनि, प्रहरी नेतृत्वले जसरी भएपनि आफ्नो कामलाई नियन्त्रण गर्ने सर्वाङ्गीण सिद्धान्तहरू बुझ्न आवश्यक छ। महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धीमहासन्धि (CEDAW)को धारा २ अन्तर्गत पक्ष राष्ट्रहरूको मूल दायित्वहरूमा सामान्य सिफारिस नम्बर २८ मा विस्तृत रूपमा उल्लेख गरिएअनुसार महिलाको अविभेद र समानताको उपभोग गर्ने अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूरण गर्न आवश्यक छ।[२]

जहाँ भेदभावको दीर्घकालीन प्रभावले महिला तथा किशोरीलाई गम्भीर रूपमा बेफाइदा गरेको छ, त्यहाँ महिलाहरूलाई वास्तविक समानता र समता सिर्जना गर्न महिलाहरूलाई औपचारिक रूपमा पुरुषको समान व्यवहार मात्र नभई प्राथमिकता दिन आवश्यकता पर्न सक्छ। यी उपायहरूको परिभाषा र उपयुक्त प्रयोगलाई महासन्धिको धारा ४ मा वर्णन गरिएको छ, र CEDAW समितिको सामान्य सिफारिस नम्बर २५ मा थप विस्तार गरिएको छ।[३]

पीडित/प्रभावितलाई अगाडि आउन र उनीहरू विरुद्धको अपराधबारे उजुरी गर्न प्रोत्साहित गर्ने हुनाले न्याय प्रणाली र न्याय प्रक्रियामा विश्वास हुनु महत्वपूर्ण हुन्छ।

प्रहरी नेतृत्वले यो बुझ्नुपर्छ कि न्याय प्रक्रिया आफ्नै प्रकृतिले जटिल छ, र विभिन्न क्षेत्राधिकार भित्र उनीहरूका भूमिका धेरै फरक हुन सक्छन्। उदाहरणका लागि, टर्कीमा अभियोजकहरूले अनुसन्धानलाई निर्देशन दिन्छन्,[४] जबकि बेलायतमा प्रहरीले अपराधको अनुसन्धान गर्दछ र क्राउन प्रोसिक्युसन सर्भिसले जटिल मुद्दाहरूमा, विशेष गरी महिला तथा किशोरी विरुद्धका हिंसा समावेश भएका मुद्दाहरूमा आरोपहरू तय गर्दछ।[५]

प्रहरी नेतृत्वले न्याय प्रक्रियाको विस्तृत बुझाइ विकास गर्न आवश्यक छ। पीडित/प्रभावितले यस यात्रामा अघि बढिरहँदा, कानून, सामाजिक मान्यता र सरकारी नीतिले पीडित/प्रभावितको यात्रा कसरी अगाडि बढ्छ भन्ने निर्धारण गर्दछ। नागरिक

२ General Recommendation No. 28 on the Core Obligations of States Parties under Article 2 of the Convention on the Elimination of All Forms of Discrimination against Women (2010). UN Doc CEDAW/C/2010/47/GC.2, at:https://www2.ohchr.org/english/bodies/cedaw/docs/CEDAW-C-2010-47-GC2.pdf

३ General recommendation No. 25, on Article 4, Paragraph 1, of the Convention on the Elimination of All Forms of Discrimination against Women, on Temporary Special Measures. OHCHR https://www.un.org/womenwatch/daw/cedaw/recommendations/General%20recommendation%2025%20%28English%29.pdf

४ आपराधिक कार्यविधि कानून (कानून नं ५२७१)को धारा १६१/१का अनुसार, सरकारी वकिलले सबै प्रकारका अनुसन्धान प्रत्यक्ष रुपमा वा न्यायिक प्रहरी अधिकारीहरू मार्फत् सञ्चालन गर्न सक्छन्। सरकारी वकिलले आपराधिक मुद्दा चलाउन आवश्यक भए नभएको निर्णय गर्न अनुसन्धान गर्छन्, र अनुसन्धानको क्रममा प्राप्त प्रमाणले कसूर गरेको ठहऱ्याउन पर्याप्त हुने वा नहुने निर्णय गर्छन् र त्यसपछि अभियोग जारी गर्छन् (धारा १६०/१)। यद्यपि, प्रमाण अपर्याप्त भएमा, सरकारी वकिलले अभियोजन गर्दैनन् (धारा १७०/२)

५ इङ्गल्याण्ड र वेल्समा प्रहरी र अन्य अनुसन्धान संस्थाले अनुसन्धान गरेका मुद्दा सिपीएसले अभियोजन गर्छ। सिपीस स्वतन्त्र छ र हामी आफ्नो निर्णय प्रहरी र सरकारभन्दा स्वतन्त्र रहेर गर्छौं। About the CPS. The Crown Prosecution Service, at:https://www.cps.gov.uk/about-cps

चित्र २

सरकरिया न्याय सहभागी मोडेलः न्याय प्रणालीका मुख्य सहभागीहरू



समाजका संस्थाहरूको सहयोग पनि पीडित/प्रभावितहरूका लागि महत्वपूर्ण हुन्छ। उनले न्यायकाविभिन्न विकल्पहरू रोज्न सक्छिन्, उजुरी गर्ने वा आरोप लगाउने (from reporting or making a complaint) जसले आपराधिक अनुसन्धान र अभियोजन हुन्छ वा सुरक्षा खोज्ने, र/वा देवानी दावीहरू गर्ने, सम्बन्धविच्छेद र बालबालिकाको संरक्षणकत्व सम्बन्धी कार्यहरू र/वा व्यक्तिगत वा अन्य क्षतिको राज्यका प्रशासनिक योजनाहरू लगायतबाट, क्षतिपूर्ति माग्ने लगायत यसमा पर्छन्।

कुनै पनि चरणमा परिवर्तन ल्याउन सक्ने कारकहरूसँगै न्याय प्रणालीका मुख्य सहभागीहरूलाई *सरकरिया न्याय सहभागी मोडेल* (*Sarkaria Justice ParticipantsModel*)मा तल उल्लेख गरिएको छ :

सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन

न्यायमा पहुँच मानव अधिकार हो जसले महिला तथा किशोरी विरुद्धका हिंसाकोअनुसन्धान गर्दा अन्य अधिकारहरू प्राप्त गर्ने माध्यम प्रदान गर्दछ भन्नेबारे प्रहरी नेतृत्व सचेत हुनुपर्छ। कानुनी, संस्थागत, सामाजिक-आर्थिक र सांस्कृतिक लगायत न्यायमा हुने कुनै पनि अवरोधले पीडित/प्रभावितलाई आवश्यक न्यायोचित परिणामहरू प्राप्त गर्नबाट रोक्न सक्छ।

न्याय प्रक्रियामा पहुँच र प्रत्येक चरणमा प्रहरीका लागि तिनका प्रभाव बीचको सम्बन्धबारे तपाईका कर्मचारीहरू सचेत छन् भन्ने तपाईंले सुनिश्चित गर्न आवश्यक छ। उदाहरणका लागि, अभियोजक र न्यायाधीशहरूले लैङ्गिक-संवेदनशील दृष्टिकोण प्रयोग गर्न सक्छन् जसले :

- अधिकार उल्लङ्घनका अनुभवहरू साथै न्याय प्रणालीसँगको अन्तरक्रियामा महिला तथा पुरुषहरूको अनुभवमा भिन्नताहरूलाई स्पष्ट रूपमा स्वीकार गर्दछ;
- महिला र पुरुषका आवश्यकताहरू भिन्न हुन्छन् र उपाय र समाधानका सन्दर्भमा ती अन्तरछेदन गर्छन् भन्ने स्वीकार्छ; र
- लैङ्गिक रुढिवादी सोचको विस्तृतप्रकृति र तिनको अन्तर्क्रियात्मक कारकहरू, जसबारे हामी सबै अचेत छौं, तिनलाई पनि बुझ्दछ।[६]

यो दृष्टिकोण तपाईंको कर्मचारीहरूद्वारा पीडित/प्रभावित र अन्य न्याय प्रणालीकानिकायहरूसँगको अन्तरक्रियामा लैङ्गिक-संवेदनशील दृष्टिकोण प्रदान गर्नका लागि अपनाउन सकिन्छ।

तपाईंको कर्मचारीले उनीहरूको भूमिका (र अन्य न्याय र सुरक्षा क्षेत्रका निकायहरूको) न्याय प्रक्रिया अघि, त्यस दौरान र पछि

६ Training Manual for Judges and Prosecutors on Ensuring Women's Access to Justice (European Union and Council of Europe, 2017), at:https://www.ohchr.org/Documents/Issues/Women/WRGS/TrainingManualAccessJustice_EN.pdf

"पुरुषले पुरुषका लागि बनाएको र उनीहरुकै तर्फबाट इतिहासमा समेटिएको कानूनको निकायले पुरुषवादी पूर्वाग्रहलाई संहिता बनाउँछ र महिलाको दृष्टिकोणलाई बेवास्ता गरी प्रणालीगत रुपमा महिलामाथि भेदभाव गर्छ । आज कानून धेरै हदसम्मपुरुषहरुद्वारा लागू, व्याख्या र प्रशासित छ, त्यसैले यो अझै पनि पुरुषहरुको हितमा काम गर्दछ। महिलाहरुले पनि कानूनको पुरुष पक्षपातलाई र महिला न्यायाधीश, वकिल, न्यायाधीशहरु आदिले उही पुरुष मानकलाई समर्थन गरेपनि, त्यसलाई वस्तुनिष्ठ न्यायको रुपमा स्वीकार गर्छन् । र चाहे त्यो पुरुष मानकलैङ्गिक भेदभाव वा साझा पुरुष दृष्टिकोणको निर्दोष नतिजा जेसुकै भएपनि, महिलाहरुको लागि भने नतिजा एउटै हुन्छ: उनीहरु कानून अन्तर्गत प्रत्येक चरणमासमान संरक्षणबाट वञ्चित छन् ।"

- Source: Jones (1980) as cited in The Justice, Law and Order Sector Programme, Government of Uganda 'Study on Gender and Access to Justice' in Guidance note for UNODC staff Gender mainstreaming in the work of UNODC (2013).

पीडितहरूलाई आवश्यक सहयोगका लागि प्रेषण गरिएको र ती सेवा उनीहरूले प्राप्त गर्ने कुरा सुनिश्चित गर्न आवश्यक छ ।

महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी विश्वभरका आपराधिक कानूनहरूमा धेरै कमीकमजोरी छन्, जसले कानून कार्यान्वयन गराउने निकायलाई 'पारिवारिक हिंसा' भोगेकामहिला तथा किशोरीलाई सेवाहरू प्रदान गर्नबाट रोक्छ र पीडित/प्रभावितलाई पनि उनीहरूलाई आवश्यक परेको सहयोग खोज्न असम्भव बनाउँछ । कानून आफैंमा संहिताबद्ध छ र तिनले प्रायः अझैपनि पुरुष पूर्वाग्रह झल्काउँछन् र महिला तथा किशोरी विरुद्ध प्रणालीगत रूपमा भेदभाव गर्दछन् भन्ने याद गर्न महत्वपूर्ण छ ।

लैङ्गिक संवेदनशीलता भनेको महिलाका रुपमा महिलाको र पुरुषका रुपमा पुरुषका आवश्यकता, हित र संवेदनहरुको सचेतना हुनु र सम्मान गर्नु हो ।

महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई न्यायमा उनको पहुँचबाट सीमान्तकृत गर्नेबहु कारकहरू पहिचान गर्ने क्षमता पनि,कानून आफैंले कसरी पुरुष पूर्वाग्रहलाई संहिताबद्ध गर्न सक्छ र महिला तथा किशोरी विरुद्ध प्रणालीगत रूपमा भेदभाव गर्न सक्छ भन्ने कुरा बुझ्नु जत्तिकै महत्वपूर्ण छ । उदाहरणका लागि, व्यक्ति र समूहहरूलाई उनीहरूको लिंग, जाति, यौन झुकाव, राष्ट्रिय उद्गम र/वा अपाङ्गताको आधारमा सीमान्तकृत गरिएको हुनसक्छ र यसले उनीहरूको सुरक्षा र न्यायमा पहुँचलाई प्रत्यक्ष प्रभाव पार्न सक्छ ।

विशेषगरी भेदभाव विरोधी कानून जस्ता प्रहरीका लागि सान्दर्भिक कानूनहरू लागू गर्दा र महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रतिक्रिया दिँदा, प्रहरी अधिकारीहरूले अन्तरसम्बद्धताको दृष्टिकोणले हेरेमा, असमानता भोगेकामहिला तथा किशोरीका अनुभव प्रचलित मोडेलसँग कसरी मेल खाँदैन र उनीहरूले पाउनुपर्ने अन्य अत्यावश्यक सेवाहरू लगायत उनीहरूको सुरक्षा र संरक्षणका सन्दर्भमायसको अर्थ के हो भनेर पहिचान गर्न मद्दत मिल्छ ।

अन्तरसम्बद्धताको दृष्टिकोणबाट हेर्नाले माथिबाट तल प्रवाह हुने शक्तिको दमनकारी वा जबरजस्ती कार्यहरूलाई मात्र संकेत गर्दैन। जब कानूनले व्यक्तिको पूर्ण पहिचान, पद, वा उनको अनुभवहरूको जटिलता वा गडबडीलाई पहिचान गर्न असफल हुन्छ, तब पदानुक्रमित शक्ति सम्बन्धहरू कसरी अझै खरा तरिकाले बढ्छन् भन्नेबारे यसले प्रहरी अधिकारीहरूलाई अझ राम्रोसँग बुझ्न सम्भव बनाउँछ ।[७]

त्यसैले पीडित/प्रभावित केन्द्रित र अन्तरसम्बन्धित दृष्टिकोण आवश्यक छ । *अध्याय २ : 'प्रबन्धक र टोली नेताको रूपमा फरक पार्ने' हेर्नुहोस्* ।

पीडित/प्रभावित

तपाईंको कर्मचारीले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्नका लागि पीडित/प्रभावितको आवश्यकता बुझ्नु आवश्यक छ । एक पीडित/प्रभावितको यात्रामाजातिवाद, पितृसत्ता, वर्गीय उत्पीडन, यौन भेदभाव, उमेर, यौन झुकाव, अपाङ्गता र भेदभावका अन्य विभिन्न शक्ति प्रणालीहरूका कारण बहु अन्तरसम्बद्धता भएर उनले असमान व्यवहारको सामना गर्नुपर्ने हुनसक्छ । तपाईंको कर्मचारीहरूका लागी मुख्य सन्देश यो हो कि पीडित/प्रभावितका विभिन्न प्रकारका पहिचानका कारण उनीहरूसँग व्यक्तिगत अनुभवहरूहुन्छन् ।[८]

७ Emily Grabham with Didi Herman, Davina Cooper and Jane Krishnadas "Introduction" in *Intersectionality and Beyond: Law, power and the politics of location*, Edited by Emily Grabham, Davina Cooper, Jane Krishnadas and Didi Herman (2009: Routledge-Cavendish).

८ Training Manual for Judges and Prosecutors on Ensuring Women's Access to Justice (2017). European Union and Council of Europe https://www.ohchr.org/Documents/Issues/Women/WRGS/TrainingManualAccessJustice_EN.pdf

प्रत्येक महिलाको र किशोरीको यात्रा फरक हुन्छ र त्यो उनको व्यक्तिगत आवश्यकतामा निर्भर हुन्छ ।

न्याय प्रक्रियामा हिंसाबाट पीडित महिलाहरूका लागि चुनौतिहरूको बारेमा थप जान्न चाहने प्रहरी नेतृत्वले महिला तथा किशोरी विरुद्धको हिंसा अन्त्य गर्न *महिलाको पहुँचमा न्याय कार्यक्रममा अभ्यासकर्ताको टुलकिट* (*A Practitioner's Toolkit on Women's Access to Justice Programming* (UN Women et al.)[९]) को मोड्युल ३ पढ्नुपर्छ । यस टुलकिटले महिला तथा किशोरी विरुद्धका हिंसा अन्त्य गर्न न्याय प्रणालीमा त्यस्ता चुनौतिहरूलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्नेबारे व्यावहारिक मार्गदर्शन प्रदान गर्दछ । यो मुख्यतया संयुक्त राष्ट्रसंघीय प्रणालीका कर्मचारीहरूको लागि तयार गरिएको भएपनि, यस टुलकिटले न्यायमा महिलाको पहुँच र यस क्षेत्रमा प्राविधिक सहयोगको आवश्यकतासँग सम्बन्धित वर्तमान समस्याहरूको सम्बोधनका लागि विकल्पहरूको सूची प्रदान गर्दछ ।

तलको सारांशले न्याय प्रक्रिया र महिला तथा किशोरी विरुद्धका हिंसामा प्रहरी अनुसन्धानसम्बन्धी जिम्मेवारीहरूको विश्लेषणमा प्रहरी नेतृत्वका लागि सहयोगी हुने सुरुवाती बिन्दु प्रदान गर्दछ ।

बाकस १

न्याय प्रक्रियामा हिंसाबाट पीडित महिलाहरूका लागि चुनौतीहरू

रोकथाम

- महिला विरुद्ध हुने सबै प्रकारका हिंसालाई अपराधीकरण गर्न सकिँदैन (जस्तै, वैवाहिक बलात्कार)।

प्रारम्भिक पहिचान र उजुरी

- कानुनी वा व्यवहारिक रुपमा आरोपहरू दर्ता गर्ने, औपचारिक उजुरी गर्ने वा विशेषगरी अभियोजनको अनुरोध गर्ने जिम्मेवारी प्रायः पीडित/प्रभावितमा रहेको हुन्छ ।
- कानून कार्यान्वयन गराउने निकायका कर्मचारीहरूमा विद्यमान लैङ्गिक पूर्वाग्रह र रुढिवादी सोचहरूका कारण महिलाहरूले आफू विरुद्धका यौन तथा लैङ्गिकतामा आधारित हिंसाको उजुरी नगर्ने हुन्छ ।

अनुसन्धान

- समय-सीमा वा अन्य कानुनी निर्दिष्टताका कारणपीडित/प्रभावितहरूलाई निश्चित समयपछि उजुरी दर्ता गर्नबाट रोक्छ;
- पीडित/प्रभावितले अक्सर प्रहरी चौकीमा लामो घण्टा पर्खनु पर्ने हुन्छ । उनीहरूलाई पुरुष प्रहरी अधिकारीहरूद्वारा धेरैपटक सोधपुछ गरिन्छ, पुरुष विधिविज्ञान अधिकारीहरूले जाँच गर्छन्, सोधपुछ गर्दा र बयान दिँदा अनादरपूर्ण व्यवहार गरिन्छ र गोपनीयताबाट वञ्चित गरिन्छ;
- परिस्थितिजन्य प्रमाण प्रायः अस्वीकार्य हुन्छ, जसले पीडित/प्रभावितलाई प्रमाणको एकमात्र स्रोत बनाउँछ;
- प्रमाणिक नियमहरूले प्रायः आपराधिक आरोपलाई अघि बढाउनका लागि भौतिक प्रमाणहरू आवश्यक मान्छन्, जुन उजुरीमा ढिलाइ भएको अवस्थामा, वा संलग्न हिंसा मनोवैज्ञानिक, भावनात्मक वा आर्थिक प्रकृतिको भएमा चुनौतीपूर्ण हुन्छ;
- तत्काल, अत्यावश्यक वा दीर्घकालीन सुरक्षा उपायहरू, साथै जोखिम मूल्याङ्कन वा पीडित/प्रभावितका लागि सुरक्षा योजनाहरूमा प्रायः पहुँच हुँदैन;
- पिडित/प्रभावितले नियमित रूपमा धेरै पटक र प्रायः पीडकको उपस्थितिमा बयान दिनुपर्ने हुन्छ;
- अपराध अनुसन्धान गर्न प्रहरीले यातायात र इन्धन (पेट्रोल) को लागि रकम भुक्तानीको अनुरोध गर्नसक्छन्;

९ 'A Practitioner's Toolkit on Women's Access to Justice Programming'(UN Women, UNODC, OHCHR, UNDP, 2018), Module 3 on Ending Violence Against Women and Girls, at:https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2018/wa2j-complete-toolkit-en.pdf?la=en&vs=2654

९० Ibid.s

धेरै देशहरूमा, प्रहरीद्वारा स्वास्थ्य सेवाहरूमा चिकित्सा परीक्षण (प्रमाण सङ्कलन गर्ने प्रक्रियाको एक भागको रूपमा) साथै रोग निवारण हेरचाहको उद्देश्यका लागि पेश गर्न पीडित/प्रभावितलाई फारमहरूको एक सेट दिइएको हुन्छ। कहिलेकाहीँ, त्यस्ता फारमहरू मेडिकल परीक्षकहरूका लागि प्रयोगकर्ता-मैत्री हुँदैनन् र प्रमाणको उद्देश्यका लागि आवश्यक पर्ने जानकारी तिनले प्रदान गर्दैनन्।

सुनुवाई पूर्व

- धेरैजसो पीडित/प्रभावित आपराधिक न्याय प्रक्रियासँग अपरिचित हुन्छन्, कानुनी सहायता सेवाहरूमा पहुँच हुँदैन र त्यसैले उनीहरूबाट के अपेक्षा गरिएको छ भन्ने बारे अनभिज्ञ हुन्छन्;
- फौजदारी प्रक्रिया र अदालत प्रशासनले सामान्यतया महिला पीडितहरूको विशेष जोखिमलाई ध्यानमा राख्न अनुमति दिँदैन, र तसर्थ उनीहरूको विशेष आवश्यकताहरू प्रायः समायोजित हुँदैनन्।

सुनुवाई र सजाय

- न्यायिक अभ्यास वा विद्यमान प्रक्रियागत आवश्यकताहरूले प्रायः पीडित/प्रभावित-अनुकूल नहुने निर्णयहरू निम्त्याउँछ, जसलेपीडित/प्रभावितहरूलाई प्रक्रियाबाट अलग्गै राख्छ र उनीहरूलाई मुद्दा फिर्ता लिन वा त्याग्नतर्फ लैजान्छ;
- प्रमाणिक नियमहरूले यौन वा व्यक्तिगत इतिहासबारे क्रस-परीक्षण (cross-examination) गर्ने अनुमति दिन सक्छ, पुष्टि गर्न आवश्यक हुनसक्छ वा ढिलाइ उजुरीमा ढिलाईको परिणामस्वरूप प्रतिकूल निष्कर्ष ल्याउन सक्छ।

सुधारहरू

- पीडित र पीडक दुवै एउटै समुदायका भएपनिपीडित/प्रभावितलाई पीडक छुटेको बारेमा जानकारी दिइँदैन।

महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यका चुनौतीको सामना तपाईंको टोलीको कार्यसम्पादनमा भएका कमीकमजोरीको पहिचानबाट सुरु हुन्छ

महिला तथा किशोरी विरुद्धका हिंसाका मुद्दाहरूमा कानूनको भूमिका र कानून कार्यान्वयनका चुनौतीहरू

अत्यावश्यक सेवा प्याकेज*मोड्युल ६ : कार्यान्वयनसम्बन्धी मार्गदर्शन*मा व्याख्या गरिएजस्तै,महिला तथा किशोरी विरुद्धका हिंसाका घटनाहरूमा प्रहरी अनुसन्धानको प्रभावकारीताका लागि कानून निर्माण र ढाँचाहरू, र लैङ्गिक-उत्तरदायी नीति र ढाँचाहरू लगायतका सही आधारशीलाहरू हुनुपर्छ भन्ने कुरामा प्रहरी नेतृत्व सचेत हुनुपर्छ। कानुन, नीति, बजेट, सक्षम सेवा प्रदायक, सूचित सेवा मागकर्ता र गुणस्तर नियन्त्रण जस्ता सक्षम वातावरणका लागि सहयोग गर्न, संस्थागत संरचनात्मक अवरोधहरूलाई राष्ट्रिय स्तरमा प्रहरी सेवाका प्रमुखहरूले सम्बोधन गर्न आवश्यक हुन सक्छ।[११]

[११] Module 6 Implementation Guide Essential services package for women and girls subject to violence. United Nations Joint Global Programme on Essential Services for Women and Girls Subject to Violence. 2015

कानूनले तपाईंको प्रहरीकार्यका लागि प्रावधान राख्छ, स्थानीय प्रथाका लागि होइन ।

तपाईंले प्रहरी नेतृत्वका रुपमा र तपाईंको कर्मचारीले यी कुरा बुझ्न आवश्यक छ:

- समाजमार विशेष गरी महिला तथा किशोरी विरुद्धका हिंसाको अनुसन्धानमा कानूनको भूमिका, ;
- कानून प्रहरी अनुसन्धानको लागि एक अत्यावश्यक आधारशीला हो, किनकि यसले अनुसन्धान, आरोप र अन्ततः पीडित/प्रभावितको लागि सुरक्षाका उपायहरू प्रदान गर्दछ;
- कानूनहरू शताब्दीयौंदेखि सामाजिक चलनबाट विकसित भएका नियमहरू हुन्, वा कानूनद्वारा तय गरिएका र बाध्यकारी रूपमा स्वीकार गरिएका नियमहरू हुन्।

कानूनको भूमिका

प्रत्येक समाजमा कानूनले मापदण्डहरू बनाएका हुन्छन्, जसले यस अनुरुप जिम्मेवार बन्नुपर्ने प्रहरीको भूमिकालाई नियन्त्रित गर्दछ। समुदायहरूमासामाजिक प्रचलनहरू पनि हुन सक्छन् जसले व्यवहारहरू निर्धारण गर्दछन्, जुन केही अवस्थाहरूमा

कानूनद्वारा निर्धारित नियमहरूको विपरीत हुन सक्छन् । प्रहरी नेतृत्वले आफ्नाकर्मचारीहरूलाई उनीहरूको प्रहरी अभ्यासलाई कानूनले निर्धारण गर्ने हो भनेर स्मरण गराउनुपर्छ ।

बाकस २

"केही देशहरूमा फौजदारी कानूनहरूले विद्यमान ढाँचा र पुरुष तथा महिला बीचको असमानताको सामाजिक चलनहरू प्रतिबिम्बित गर्दछ । उदाहरणका लागि, केही कानुनहरूले महिला पीडित वा साक्षीहरूले दिएको बयानलाई उनीहरूका पुरुष समकक्षीले दिएका बयानलाई भन्दा कम मूल्याङ्कन वा विश्वसनीयता प्रदान गर्दछ । अर्को उदाहरणमा त्यस्ता कानूनहरू पर्छन् जसले महिला तथा किशोरी विरुद्धका हिंसाका पीडकहरूलाई "सम्मान," "उत्तेजना,"बाट उक्साएको भन्दै, वैवाहिक बलात्कारको छूटका धाराहरू वा पीडितसँग विवाह गरेर आपराधिक जिम्मेवारीबाट बच्न अनुमति दिन्छ । युरोप र उत्तरी अमेरिका सहित विश्वका अन्य धेरै भागहरूमा यी कानुनहरू अझै पनि अवस्थित छन् वा केही समय अघिसम्म पनि थिए ।

अर्मेनिया जस्ता अन्य देशहरूले महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्न आफ्नो फौजदारी संहितामा परिमार्जनहरू लागू गर्न कदम चालेका छन् जसले आर्मेनियामा घरेलु हिंसाको अस्वीकार्यताको बारेमा नागरिकहरूलाई स्पष्ट सन्देश दिइएको छ ।[१२]

बाकस ३

आर्मेनिया त्यस्ता धेरै देशहरूमध्ये एक हो, जसले भर्खरै (२०१७मा) आफ्नो फौजदारी संहितामा विशेषगरी महिला विरुद्ध हुने हिंसालाई समेट्नका लागि संशोधनहरू लागू गरेको छ ।[१३] परिवारभित्र हुने हिंसाको रोकथाम, परिवारभित्र हुने हिंसा पीडितको संरक्षण र परिवारमा शान्तिको पुनर्स्थापनासम्बन्धी कानुनले परिवारभित्र हुने हिंसालाई रोक्न, परिवारभित्र हुने हिंसाबाट पीडितको सुरक्षा र संरक्षण सुनिश्चित गर्न,उनीहरूको अधिकार र वैध हितको प्रत्याभूति गर्दैकानुनी संयन्त्र स्थापना गर्न खोजेको छ । विशेषगरी, कानूनले घरेलु हिंसालाई शारीरिक, यौन, मनोवैज्ञानिक र आर्थिक हिंसा र बेवास्ताका रूपमा परिभाषित गरेको छ । यसबाहेक, यसले पीडकलाई चेतावनी दिने र आपतकालीन हस्तक्षेपहरूको निर्णय सहित घरेलु हिंसाका पीडितहरूको सुरक्षाका लागि उपायहरू निर्धारण गर्दछ ।

१२ Box 3 Armenia, Criminal Code, chap. 20, arts. 165–174.
१३ Ibid.

महिला तथा किशोरी विरुद्धका हिंसाकाअपराधसम्बन्धी कानूनमा स्पष्टताको अभाव

कानून स्पष्ट नभएको अवस्थामा,महिला तथा किशोरी विरुद्धका हिंसाका अपराधहरूका अनुसन्धानको क्रममा समस्या आउन सक्छन् । यसले प्रभावकारी अनुसन्धानलाई सम्भव बनाउँदैन र कथित पीडकहरूलाई कारबाही हुनबाट रोक्छ । आफ्ना कर्मचारीका लागि यसले चुनौती ल्याउँछ र महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितलाई सुरक्षा गर्नबाट प्रहरी सेवालाई रोक्न सक्छ भन्ने कुरामा प्रहरी नेतृत्व सचेत हुनुपर्छ।

प्रहरी नेतृत्वले आफ्नो क्षेत्राधिकारमा प्रचलित महिला तथा किशोरी विरुद्धका हिंसाको कानुनी ढाँचाको बुझाइ विकास गर्नुपर्छ र कानून अस्पष्ट भएका क्षेत्रहरूबारे सचेत हुनुपर्छ ।यसले प्रहरी नेतृत्वलाई भविष्यमा कानूनी परिवर्तनलाई प्रभाव पार्न सक्ने आफ्ना वरिष्ठ वा कार्यकारी प्रबन्धकहरूलाई समस्याहरूको बारेमा प्रतिक्रिया दिन सक्षम बनाउनेछ ।

जबरजस्ती करणी एकत्यस्तै अपराध हो ।

बाकस ४
जबरजस्ती करणी - एक उदाहरण

जबरजस्ती करणी भनेको गैरकानूनी यौन क्रियाकलाप हो जसमा सामान्यतया व्यक्तिको इच्छा विरुद्ध गरिने यौन सम्पर्क वा अन्य प्रकारका आक्रामक कार्यहरू समावेश हुन्छन् ।जबरजस्ती करणी विश्वव्यापी समस्या हो ।

धेरै देशहरूमा यौन दुर्व्यवहार र हिंसाको कार्य विरुद्ध कानूनहरू भए तापनि तीमध्ये धेरैजसो अपर्याप्त, असंगत र व्यवस्थित रूपमा लागू गरिएका छैनन् । विश्वभरका ३५% महिलाहरूले आफ्नो जीवनको कुनै न कुनै समयमाअन्तरंग साथीबाट शारीरिक र/वा यौन हिंसा वागैर-अन्तरंग साथीबाट (यौन दुर्व्यवहार बाहेकका) यौन हिंसाको अनुभव गरेका छन् । यद्यपि, केही राष्ट्रिय अध्ययनहरूले देखाए अनुसार७०% महिलाहरूले आफ्नो जीवनकालमा अन्तरंग साथीबाट शारीरिक र/वा यौन हिंसाको अनुभव गरेका छन् ।[१४]

प्रमाणले देखाउँछ कि अन्तरंग साथीबाट शारीरिक वा यौन हिंसा अनुभव गरेका महिलाहरूमा, यस्ता हिंसा अनुभव

१४ World Health Organization, Department of Reproductive Health and Research, London School of Hygiene and Tropical Medicine, South African Medical Research Council (2013) at: Global and regional estimates of violence against women: prevalence and health effects of intimate partner violence and non-partner sexual violence

नगरेका महिलाको तुलनामा डिप्रेसन, गर्भपात र एचआईभी संक्रमणको दर उच्च रहेको पाइएको छ ।[१५]

१६-१९ वर्षका महिलाहरू जबरजस्ती करणी वा यौन दुर्व्यवहारको शिकार हुने सम्भावना चार गुणा बढी हुन्छ र १८-२४ वर्षका महिला कलेज विद्यार्थीहरूले यौन दुर्व् यवहारको अनुभव गर्ने सम्भावना तीन गुणा बढी हुन्छ । ट्रान्सजेन्डर/तेस्रोलिङ्गी र अपाङ्गता भएका व्यक्तिहरू यौन दुर्व्यवहारवा जबरजस्ती करणीको शिकार हुने सम्भावना दोब्बर हुन्छ । अमेरिकामा ७० प्रतिशत जबरजस्ती करणी पीडितले चिनेकै व्यक्तिबाट हुने गरेको छ ।[१६]

जबरजस्ती करणी अनुसन्धानका चुनौती

शान्ति र द्वन्द्वको समयमा आफ्ना कर्मचारीहरूले जबरजस्ती करणीसम्बन्धी कानुनी ढाँचा बुझ्न र यस अपराधको अनुसन्धान गर्न लैङ्गिक संवेदनशील दृष्टिकोणलाई प्रहरी नेतृत्वले सुनिश्चित गर्नुपर्छ ।जबरजस्ती करणी लैङ्गिकतामा आधारित हिंसाको एक रूप हो जसबारे यस हातेपुस्तिकामा पहिले छलफल गरिएको थियो । यो मानवअधिकार उल्लङ्घन र यातनाको रूप हो, जुन अन्तर्राष्ट्रिय दस्तावेजहरूमा विस्तृत रूपमा उल्लेख छ । *अध्याय ५ : 'अनुसन्धानहरू' पनि हेर्नुहोस् ।*

बाकस ५

नोभेम्बर २०१९ मा,संयुक्त राष्ट्र मानवअधिकार उच्चायुक्तको कार्यालयले घोषणा गऱ्यो कि जबरजस्ती करणी र यौन हिंसाको रोकथाम गर्न र त्यस विरुद्ध लड्न, लैङ्गिक रूढ़िवादी र नकारात्मक मनोवृत्ति, व्यवहारर हिंसालाई निरन्तरता दिने र समर्थन गर्नेहरूलाई चुनौती दिन र यसबारे बोल्न चाहने महिलाहरूलाई समाधान प्रदान गर्न राज्यहरू, साथै गैर-राज्य पक्षहरू, अन्तर्राष्ट्रिय संस्थाहरू र स्वतन्त्र अनुगमन संयन्त्रहरू, नागरिक समाजका संस्थाहरू र महिला अधिकार आन्दोलनहरूले तत्काल कदम चाल्नु पर्छ ।

महिला विरुद्धको हिंसा र महिला अधिकार सम्बन्धी ७ स्वतन्त्र संयुक्त राष्ट्र संघ र क्षेत्रीय विज्ञ संयन्त्रको प्लेटफर्मले विश्वभरका सबै राज्य र सम्बन्धित सरोकारवालाहरूलाई लैङ्गिकतामा-आधारित हिंसा र मानवअधिकार उल्लङ्घनको रूपमा जबरजस्ती करणीविरुद्ध कार्य गर्न, रजबरजस्ती करणीको परिभाषा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सहमतिको अभावमा आधारित भएको सुनिश्चित गर्नका लागि विश्वव्यापी रूपमा आह्वान गरेको छ । शान्ति र द्वन्द्वको समयमा जबरजस्ती करणी अभियोग सुनिश्चित गर्न पनि थप प्रयासहरू गरिनुपर्छ ।[१७]

महिला तथा किशोरी विरुद्धका हिंसामा शून्य सहनशीलता घोषणा गरेका देशहरूमा पनि व्यापक र प्रणालीगतजबरजस्ती करणी र महिला तथा किशोरी विरुद्धका यौन हिंसाको अन्य रूपहरूको निरन्तरताले, अझै पनि यौन हिंसा मुख्य रूपमा पितृसत्तात्मक हाम्रोसमाजहरूमा गहिरो रूपमा गडेर रहेको देखाउँछ भन्नेबारे तपाईका कर्मचारीहरू सचेत हुन आवश्यक छ ।

तपाईका कर्मचारीले यी कुरा बुझ्नुपर्छ कि :

- शक्ति र नियन्त्रणले एक यस्तो सामाजिक वातावरण सृजना गरिरहन्छ, जहाँ यस्तो हिंसालाई सामान्यीकरण गरिन्छ, र समाजमा महिलाको भूमिकामा लैङ्गिकतामा-आधारित रुढिवादी सोचहरूले महिलाहरूलाई अवमूल्यन गर्दछन्; र
- यी कारकहरूले फौजदारी न्याय प्रणालीभित्र लगायतमा, जबरजस्ती करणीको अस्वीकार्य सहनशीलतामा योगदान पुऱ्याउँछन्, जसको फलस्वरुप प्रायः कथित पीडकहरूले दण्डहीनता प्राप्त गर्छन् ।

तपाईको देशमा यस्तो आपराधिक न्याय प्रणाली हुनसक्छ, जसले जबरजस्ती करणीको बलमा-आधारित परिभाषा अपनाएको छ र जसमा कथित पीडकले जबरजस्ती बल प्रयोग गरेको र पीडित/प्रभावितले प्रतिकार गर्न असफल भएको प्रमाण चाहिन्छ । यसरी, महिलाले प्रतिरोध गरेको प्रमाणित गर्नुपर्ने बोझ राखिएको हुन्छ । यदि त्यसो गर्न असक्षम भएमा, कथित पीडक मुक्त भएर हिंड्छ, जबकि पीडित/प्रभावितलाई कलंकित छोडिन्छ । *कृपया अध्याय ९: ...संचार' हेर्नुहोस् ।*

तपाईको देशमा जबरजस्ती करणीको परिभाषा के छ र तपाईंले जबरजस्ती करणीको बलियो मुद्दा बनाउनका लागि, कसूर प्रमाण गर्न कस्ता प्रमाण आवश्यक पर्छन् भनेर पत्ता लगाउनुहोस् ।

१५ Ibid.

१६ Rape Statistics By Country 2020. World Population Review, see:http://worldpopulationreview.com/countries/rape-statistics-by-country/

१७ International Day on the Elimination of Violence against Women 25 November 2019: Absence of consent must become the global standard for definition of rape (2019). OHCHR https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx¿NewsID=25340&LangID=E

तपाईंको देशमा, #MeToo, #TimesUp, #Niunamenos, #NotOneMore, र अन्य जस्ता अभियानहरूले, युद्ध र शान्ति दुवै समयका जबरजस्ती करणी पीडितहरूको आवाजले जबरजस्ती करणी र अन्य अपराधहरूलाई प्रकाशमा ल्याएको हुनसक्छ। प्रहरी नेतृत्वले आफ्नो देशमा यस्तो अभियान सक्रिय छ कि छैन र त्यसो भए कस्ता अपराधहरू चिन्ताजनक छन् भन्ने पत्ता लगाउन पहल गर्नुपर्छ।यसले तपाईंलाई राष्ट्रिय ध्यानको विषय हुने अपराधहरू पहिचान गर्न सक्षम बनाउँछ।

न्याय र सुरक्षा क्षेत्रका निकायहरूले परिवर्तनका लागि कसरी एकसाथ काम गर्न सक्छन् ?

कानुनद्वारा समर्थित न्याय तथा सुरक्षा क्षेत्रका निकायहरू र महिला तथा बालिकाका लागि अन्य सहयोगी सेवाहरूले जबरजस्ती करणी र यौन हिंसासम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनी प्रावधानहरू बीचको खाडललाई पुर्न एकसाथ काम गर्न सक्छन् भन्ने कुरामा प्रहरी नेतृत्व सचेत हुनुपर्छ।

प्रहरी नेतृत्वको रूपमा तपाईंको भूमिकामा, तपाईंले आफ्नो देशको राष्ट्रिय दृष्टिकोणलाई प्रभाव पार्न सक्नुहुन्न होला, तर महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितका लागि वास्तविक परिवर्तन ल्याउन स्थानीय स्तरमा कदमहरू चाल्न सक्नुहुन्छ। प्रहरी नेतृत्वले यी कुराहरू गर्नुपर्छ :

- सीमितताहरूको बुझाइ विकास गर्नुहोस्, उदाहरणका लागि, तपाईंको देशमा वैवाहिक बलात्कार समावेश नगर्ने जबरजस्ती करणीसम्बन्धी कानून वा दण्ड संहिताहरू लगायत लैङ्गिकतामा-आधारित हिंसासम्बन्धीविस्तृतकानून नभएको।वैवाहिक बलात्कारका पीडित/प्रभावितसँग संलग्न हुँदा यसले तपाईंको कर्मचारीहरूका लागि चुनौती खडा गर्न सक्छ;
- पति/अन्तरंग साथीबाट बलात्कृत महिलाहरूलाई कानूनले संरक्षण गर्दैन भनेउनीहरूसँग सामना गर्दा के गर्नुपर्छ भन्नेबारे आफ्ना कर्मचारीहरूलाई मार्गदर्शन दिन सक्षम हुनुहोस्।
- पीडित/प्रभावितलाई धेरै आवश्यक पर्ने सहयोग प्रदान गर्ने स्थानीय सहयोगी संस्थाहरू महिलाका लागि उपलब्ध छन् वा छैनन् भन्नेबारे तपाईंका कर्मचारीहरूलाई थाहा भएको सुनिश्चित गर्नुहोस्।

यस्ता घटनाहरूमा युएनएचसीआरले एक दृष्टिकोणको सुझाव दिएको छ र प्रहरी नेतृत्वमा लागू हुने मुख्य क्षेत्र भनेको, आघात सहायता र स्वास्थ्य सेवाहरूमा पहुँच लगायतका विशेषज्ञ सहायता सेवाहरू (उपलब्ध छन् भने) उपलब्ध गराउनु पर्ने हो। यिनले पीडित/प्रभावितलाई वास्तविक रुपमा फरक पार्न

महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यसम्बन्धी तपाइर्गको प्रहरीकार्यको केन्द्रमा पीडित/प्रभावितलाई राख्नुपर्छ ।

सक्छ।[१८] प्रहरी नेतृत्वले आफ्नो क्षेत्रमा उपलब्ध आघात सहायता सेवाहरू पहिचान गर्नुपर्दछ र महत्वपूर्ण स्वास्थ्य तथा भावनात्मक सहयोग प्रदान गर्न पीडित/प्रभावितलाई विशेषज्ञ स्वास्थ्य सेवाहरूका लागि प्रेषण आवश्यक हुन्छ भन्नेबारे विचार गर्नुपर्छ।

नीति तथा कानूनी संरचना निर्माणमा सरकारको भूमिका

महिला तथा किशोरी विरुद्धका हिंसाको प्रभावकारी अनुसन्धान र अभियोजन गर्न राज्यको सहयोग चाहिन्छ। तथापि, स्थानीय स्तरमा वास्तविक परिवर्तन ल्याउन प्रहरी नेतृत्वद्वारा लिन सकिने कार्यहरू पनि छन्।

प्रहरी नेतृत्वले नयाँ उदीयमान समस्याका क्षेत्रहरूको पहिचान गरी आफ्नो टोली/इकाई नेताहरूसँग उत्कृष्ट अभ्यास आदानप्रदान गरेर महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी सरकारी नीति र कानूनी संरचनाको विकासमा कसरी र कहाँ योगदान गर्न सक्छन् भनी पहिचान गर्नुपर्छ।

प्रहरी नेतृत्वले यी कुरा गर्नुपर्छ :

- प्रहरी सेवासँग पीडित/प्रभावितको पहिलो सम्पर्कले विश्वास बढाउने र अपराध उजुरीका लागि अगाडि आउन उनीहरूलाई प्रोत्साहन गर्ने कुरा सुनिश्चित गर्न पीडित/प्रभावितसँग अन्तरक्रिया गर्दा लैङ्गिक-संवेदनशील दृष्टिकोण अपनाउने;
- महिला तथा किशोरी विरुद्धका हिंसासंलग्न अपराधहरूमा प्रहरीको ध्यान केन्द्रित गर्नुहोस्।

पारिवारिक हिंसाका प्रारम्भिक उजुरीहरू सम्बोधन गर्न असफल भएमा संलग्न महिलाको लागि अन्तिम परिणाम मृत्यु हुन सक्छ भन्ने कुरा प्रहरी नेतृत्वले ध्यान दिनुपर्दछ। महिला तथा किशोरीको लैङ्गिकतामा आधारित हत्या ('फेमिसाइड' पनि भनिन्छ) एक यस्तै अपराध हो, जुन हुन सक्छ।

महिला तथा किशोरीको लैङ्गिकतामा आधारित हत्या

प्रहरी नेतृत्वले अन्तर्राष्ट्रिय स्तरमा महिला तथा किशोरीको लैङ्गिकतामा आधारितहत्याको उच्च प्रचलनलाई ध्यान दिनुपर्छ

१८ Ibid.

र आफ्नो देश/क्षेत्रमा कुनै स्थानीय तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन भनेर पहिचान गर्नुपर्छ ।

२०१७ मा विश्वव्यापी रूपमा नियतवश मारिएका ८७,००० महिलाहरू मध्ये, आधाभन्दा बढी (५०,००० - ५८%) अन्तरंग साथी वा परिवारका सदस्यहरूद्वारा मारिएका थिए, अर्थात् विश्वभर १३७ महिला प्रत्येक दिन आफ्नै परिवारको सदस्यद्वारा मारिन्छन् । २०१७ मा नियतवश मारिएका एक तिहाइ (३०,०००) भन्दा बढी महिलाहरू उनीहरूको वर्तमान वा पूर्व अन्तरंग साथीद्वारा मारिएका थिए ।[१९]

महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन र प्रतिकार्य गर्नेप्रहरीको कामलाई सहयोग गर्न केही देशहरूमा कानूनहरू लागू गरिएको छ भन्ने कुरा प्रहरी नेतृत्वले याद गर्नुपर्छ ।

बाकस ६

केही देशहरूले "फेमिसाइड" वा "फेमिनिसाइड" (ल्याटिन अमेरिकाका अधिकांश देशहरू) को लेबल अन्तर्गत महिला तथा किशोरीको लैङ्गिकतामा आधारित हत्यालाई अपराधीकरण गर्ने विशेष प्रावधानहरू पेश गरेका छन् । अन्य देशहरूले हत्या र अन्य अपराधहरूका लागि लैङ्गिकतामा आधारित उत्तेजक कारकहरू प्रस्तुत गरेका छन् ।उत्तेजक कारकहरूमा विशिष्ट उद्देश्यहरू (बेल्जियम, क्यानडा र स्पेनमा जस्तै व्यक्तिको लैङ्गिकताका सम्बन्धमा पूर्वाग्रह, घृणा र भेदभाव,वा टर्कीमा जस्तै प्रतिष्ठा र प्रथाको उद्देश्य) र वास्तविक परिस्थितिहरू (जस्तै रूसी संघ र टर्कीमागर्भावस्था, वा बेल्जियम, स्पेन र टर्की जस्तै पीडितको जीवनसाथी भएका कारण) समावेश हुन सक्छ ।[२०]

प्रहरी नेतृत्वले महिला तथा किशोरी विरुद्धका हिंसाको मामिलाहरूमा निम्न कुराहरू सुनिश्चित गर्न आफ्ना कर्मचारीहरूलाई मार्गदर्शन गर्न आवश्यक छ:

- महिला तथा किशोरीको लैङ्गिकतामा आधारितहत्या हुन नदिने कुरा सुनिश्चित गर्न अन्तरंग साथीबाट हुने हिंसाका रिपोर्टहरू बनाइँदा अदालतबाट निषेधात्मक आदेशहरू सिफारिस गरिनुपर्छ र प्राप्त गरिनुपर्छ;
- पीडित/प्रभावितको सुरक्षा गर्न र थप अपराधहरू हुनबाट रोक्नका लागि उनीहरूको भौगोलिक क्षेत्रका प्रहरी कर्मचारीहरूसँग प्रतिबन्धात्मक आदेशहरू प्रदान गर्नेबारे जानकारी आदानप्रदान गरिएको हुनुपर्छ;
- अन्तरंग साथीबाट हुने हिंसाका अपराधमा एउटै पीडक संलग्न भएको अनुसन्धानको नेतृत्व गरिरहेका अभियोजनकर्ता र न्यायाधीशहरूलाई प्रतिबन्धात्मक आदेशबारे सूचित गरिनुपर्छ ।

यी मुख्य उपायहरू हुन् जसले अन्तरंग साथीबाट हुने हिंसाको विगत भएमा, पछि मृत्यु रोक्न मद्दत गर्न सक्छ ।[२१]

प्रहरी नेतृत्वले पीडकहरूका लागि इलेक्ट्रोनिक अनुगमन प्रणालीहरूप्रयोग गर्न सकिन्छन्वा प्रहरीलाई उजुरी गर्ने जस्ता अन्य प्रकारहरूको अनुगमन गर्न सकिन्छ कि भनेर जाँच गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, तथ्याङ्क सङ्कलनलाई तपाईंको कर्मचारीको कार्यसम्पादन सुधारको लागि औजारको रूपमा र त्यस्ता अपराधहरूको सामना गर्न उनीहरूको व्यवहार परिवर्तन गर्ने तरिकाको रूपमा प्रयोग गर्न सकिन्छ । कुनै पनि अवधारणा लैङ्गिक संवेदनशील हुनुपर्छ ।

अन्तर्राष्ट्रिय रूपमा, राज्यहरूले महिला तथा किशोरीको लैङ्गिकतामा आधारित हत्यालाई सम्बोधन गर्न विशेष कानूनहरू लागू गर्न थालेको छन् । उदाहरणका लागि, फ्रान्सले हालै यस प्रकारको अपमानजनक कार्यलाई सम्बोधन गर्न उपायहरू प्रस्तुत गरेको छ ।

बाकस ७

फ्रान्समा, महिला तथा किशोरी विरुद्धका हिंसाका मुद्दाहरूको अनुसन्धान र सम्बोधन गर्दा विशेष उपायहरू लिन सरकारले प्रहरीलाई निर्देशनदिएको छ । सेप्टेम्बर २०१९मा घोषणा गरिएका आपतकालीन उपायहरूमा यी समावेश छन् :

- घरेलु हिंसाको आशङ्का भएका व्यक्तिहरूबाट बन्दुक बरामद गर्ने र प्रहरी तालिमलाई प्राथमिकता दिने ताकि उनीहरूले महिलाको गुनासोलाई निजी मामिलाको रूपमा बेवास्ता नगरुन् ।
- लैङ्गिक हिंसाको चेतना जगाउन विद्यालयहरूमा प्रयासहरू बढाउने;

१९ Global Study on Homicide (UNODC, 2019),p.10.

२० UNODC/CCPCJ/EG.8/2014/CRP.1, "National measures taken to prevent, investigate, prosecute and punish gender-related killings of women and girls', para. 12.

२१ यस हातेपुस्तिकाको प्रयोजनका लागि, लेखकहरूले 'घरेलुहिंसा' भन्ने शब्दको साटो 'अन्तरंग साथीबाट हुने हिंसा' भन्ने शब्दावलीको प्रयोग गर्न चाहेका छन् र *मूल दस्तावेजमा घरेलुहिंसा प्रयोग भएको अवस्थामा बाहेक अन्तरंग साथीबाट हुने हिंसालाई नै प्रयोग गरिएको छ* । घरेलुहिंसा भनेको एक बृहत् शब्दावली हो र यसले बाल दुर्व्यवहार, बृद्धबृद्धामाथिका दुर्व्यवहार र अन्तर-व्यक्ति वा अन्तरंग साथीबाट हुने दुर्व्यवहार लगायतका विभिन्न सामाजिक एवं मनोवैज्ञानिक गतिशीलता र शक्तिको भिन्नता समावेश गर्छ । अर्कातर्फ, अन्तरंग साथीबाट हुने हिंसाले महिलालाई पुरुषका तुलनामा असमानुपातिक रुपमा पीडित बनाउने गर्छ, जबकी पुरुषहरू पीडकका रुपमा बढी पाइन्छन् । यो महिला र पुरुषबीच सामाजिक रुपमा निर्धारित शक्तिको भिन्नतासँग पनि सम्बन्धित छ । See: Council of Europe, Committee of Ministers, 1037 Meeting, 8 October 2008 European Committee on Crime Problems Feasibility study for a convention against domestic violence.

- चौबीसै घण्टा घरेलु हिंसा हटलाइन खोल्ने;
- प्रहरी चौकीहरूमा थप विशेष सामाजिक कार्यकर्ताहरू भर्ती गर्ने;दोहोरिने अपराधहरूबाट बच्न हिंसात्मक अन्तरंग साथीहरूप्रतिको कारवाही बढाउने;
- दुर्व्यवहारका पीडित उनीमाथि दुर्व्यवहार गर्नेको मनोवैज्ञानिक नियन्त्रणमा हुन सक्छन्, स्वतन्त्र रूपमा कार्य गर्न असमर्थ हुन सक्छन् भन्ने मान्यता दिँदै कानून परिवर्तन गर्ने;
- पीडित विरुद्ध नयाँ हिंसाको "तत्काल खतरा" भएको अवस्थामा गोप्यताका प्रतिबन्धहरू कम गर्न चिकित्सकहरूसँग काम गर्ने, चिकित्सकहरूलाई बिरामीको सहमति बिना पनि कानुनी अधिकारीहरूलाई घटनाबारे सूचित गर्न सक्षम पार्ने। हाल, बिरामी एक नाबालक वा "संकटासन्न" भएमा मात्र चिकित्सकहरूले त्यसो गर्न सक्छन्, र संकटासन्न भन्ने एक बृहत् शब्द हो, जसले अपाङ्गता भएका व्यक्ति वा जीवन तत्काल जोखिममा भएको व्यक्तिलाई जनाउन सक्छ।

फ्रान्समा घरेलु हिंसाको दरयुरोपमा सबैभन्दा उच्च छ, जसकारण दुर्व्यवहारका उजुरीहरूमा प्रहरीको कमजोर प्रतिक्रिया छ। २०१९ मा मारिएका धेरै महिलाहरूले पहिले प्रहरीसँग मद्दत मागेका थिए, र २०१८ मा, १२१ महिला वर्तमान वा पूर्व अन्तरंग साथीबाट मारिएका थिए। फ्रान्समा प्रत्येक वर्ष, १८ देखि ७५ वर्ष उमेरका अनुमानित २१९,००० महिलाहरू वर्तमान वा पूर्व अन्तरंग साथीद्वारा शारीरिक वा यौन हिंसाको पीडित हुन्छन्, तर सरकारी तथ्याङ्कले देखाउँछ कि २०% मात्र आधिकारिक उजुरीहरू दर्ता गर्छन्।[२२]

फ्रान्समा जुली डुइबको मृत्युको उदाहरण प्रहरी नेतृत्वका लागि उपयोगी हुनेछ। प्रहरीले हिंसा र बन्दुक बोक्ने उजुरीलाई गम्भीरताका साथ लिनुको महत्वलाई यो मुद्दाले उजागर गरेको छ। जुली डुइबलाई उनको पार्टनरले सप्ताहन्तको लागि आफ्ना दुई बच्चाहरूको संरक्षकत्व छोड्न बाध्य पारेपछि, उनले प्रहरीलाई बताइन् कि उनको पार्टनरसँग बन्दुकको इजाजतपत्र छ र आफूलाई उनले गोली हान्लान् भनेर उनी डराउँछिन्।डुइबका बुबाका अनुसार, "म्याडम, मलाई माफ गर्नुहोस्," अफिसरले जवाफ दियो,"तर उसले तपाईलाई बन्दुक नतेर्साएसम्म उसको लाइसेन्स फिर्ता लिन सकिँदैन।" जुन उनले ४८ घण्टापछि गरिहाले र दुई पटक गोली हाने, ३४ वर्षीया डुइबको छाती र पाखुरामा हाने। "उसले मलाई मार्यो," उनले आफ्नो अन्तिम सास लिँदै भनेकी थिइन् भनेर उनलाई भेट्टाउने तल्लो तलाको छिमेकी मेरीसे सान्टिनीले भनिन्।[२३]

प्रस्तावित फ्रान्सेली अवधारणाले महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी सरकारी नीतिलाई राष्ट्रिय योजनाहरूमा रोकथाम र प्रतिकार्यलाई समाहित गरेर बलियो बनाउनुपर्छ भन्ने देखाउँछ भन्नेबारे प्रहरी नेतृत्वले ध्यान दिनुपर्छ।

प्रहरी नेतृत्वले यी कुरा गर्नुपर्छ :

- तपाईले काम गरिरहनुभएको विस्तृत ढाँचा बुझ्नका लागि तपाईको देशमा महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी राष्ट्रिय योजनाहरू छन् कि छैनन् भनी अध्ययन गर्नुहोस्। योजनाहरूले देशमा महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रतिकार्य गर्न र रोक्न न्याय तथा सुरक्षा क्षेत्रका निकायहरू र नागरिक समाजको भूमिकालाई पनि विस्तार गर्न सक्छन्।
- न्याय र सुरक्षा क्षेत्रका निकायहरू र नागरिक समाज संगठनहरूको भूमिका लगायत राष्ट्रिय योजनाहरूको बृहत्तर बुझाइ राखेर, तपाईंको जोखिम मूल्याङ्कनले उही पीडक संलग्न घरेलु दुर्व्यवहारका विगतका घटनाहरू विचाराधीन रहेको सुनिश्चित गर्न आफ्नो अग्रपंक्तिका अधिकारीहरूलाई निर्देशन दिनुहोस्;
- प्रभावकारी जोखिम मूल्याङ्कनहरू सञ्चालन नभएर महिला तथा किशोरीहरू लैङ्गिकतामा आधारित हत्याका शिकार भएका स्थानीय घटनाहरूबाट सिकाइ लिनुहोस्।

परिभाषा र ढाँचाहरू

अत्यावश्यक सेवा प्याकेजको मोड्युल ५ : समन्वय र शासकीय व्यवस्थाको समन्वयलेपीडित/प्रभावितका लागि समन्वयात्मक प्रतिक्रियाको महत्वलाई रेखांकित गर्दछ, जसले उनीहरूलाई कुनैपनि हस्तक्षेप वा संस्थागत प्रतिकार्यको केन्द्रमा राखेर बढी सुरक्षित बनाउँछ।[२४]

२२ Les Chiffres de Référence sur les Violences Faites aux Femmes (2019). Secrétariat d'Etat chargé de l'égalité entre les femmes et les hommes et de la lutte contre les discriminations, at :https://www.egalite-femmes-hommes.gouv.fr/le-secretariat-d-etat/

२३ Fourquet, L. (2019), 'As Deaths Mount, France Tries to Get Serious About Domestic Violence'for the *New York Times*, at:https://www.nytimes.com/2019/09/03/world/europe/france-domestic-violence.html

२४ Essential Services Package for Women and Girls Subject to Violence : Core Elements and Quality Guidelines(United Nations Joint Global Programme on Essential Services for Women and Girls Subject to Violence,2015), at:https://www.unwomen.org/en/digital-library/publications/2015/12/essential-services-package-for-women-and-girls-subject-to-violence

एक समन्वयात्मक प्रतिकार्यले पीडित/प्रभावितलाई समर्पित, सहयोगी वातावरणमा जानकारी बाँड्ने सूचित र दक्ष चिकित्सकहरूमा पहुँच प्रदान गर्दछ भन्नेबारेप्रहरी नेतृत्व सचेत हुनुपर्दछ । एक मन्वयात्मक प्रतिकार्यले पीडितहरू/प्रभावितको बहु आवश्यकताहरू पहिचान गर्न सक्छ, जुनसेवाहरूलाई एकै स्थानमा र प्रेषण सञ्जालहरू मार्फत पूरा गर्न सकिन्छ । उदाहरणका लागि, केही प्रहरी बलहरूमा, लागुऔषध पुनर्स्थापना, आश्रय वा घरेलु दुर्व्यवहारका घटनाहरू जस्ता महिलाहरूलाई आवश्यक पर्ने सहयोग प्रदान गर्न महिला-निर्दिष्ट संगठनहरू छन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार, महिला यौनाङ्ग छेदन/काटिने कार्यमा गैर- चिकित्सीय कारणले महिला यौनाङ्गको बाहिरी भाग आंशिक वा पूर्ण रुपमा निकाल्ने, वा महिला यौनाङ्गमा अन्य प्रकारले घाउचोट गर्ने लगायत पर्छन् ।

प्रहरी नेतृत्वले आफ्ना कर्मचारीहरूले यी कार्य गरेको सुनिश्चित गर्नुपर्छ:

- महिला तथा किशोरी विरुद्धका हिंसालाई सम्बोधन गर्दा प्रहरीको भूमिका र जिम्मेवारीहरू बुझेको;
- न्यायसम्बन्धी साझेदार निकायहरूद्वारा न्यूनतम मापदण्डहरूको अनुपालनले थप सुसंगत प्रतिकार्य सम्भव बनाउँछन् भनेर बुझेको;
- भूमिका र जिम्मेवारीहरूबारे स्पष्टताको मतलब प्रत्येक न्यायिकनिकाय आफ्नो विशेषज्ञताको क्षेत्रमा उत्कृष्ट हुन सक्छ, र प्रत्येक पेशाकर्मीको काम अन्य निकाय र पेशाकर्मीद्वारा समपूरक छ भन्ने बुझेको ।

अन्य क्षेत्रहरूसँगको समन्वयले पीडकले 'परम्परा' को रूपमा परिभाषित गर्न सक्ने लगायतका सबै प्रकारका हिंसाका लागि पीडकलाई जवाफदेही बनाउन सक्ने आपराधिक न्याय प्रणालीको क्षमतालाई सुधार गर्छ । यस्तो एउटा उदाहरणमा महिला यौनाङ्ग छेदन/काट्ने पर्छ ।

प्रहरी नेतृत्वको लागि पहिलो कदमभनेको आफ्ना कर्मचारीले महिला यौनाङ्ग छेदन/काट्ने भनेको के हो, यसको प्रभाव र उनीहरूले प्रहरीकार्य गर्ने समुदायहरूमा यसको व्याप्तता बुझेको सुनिश्चित गर्नु हो। तब मात्र न्याय र सुरक्षा क्षेत्रका निकायहरू बीच स्पष्ट र पारदर्शी सञ्चार र जवाफदेहिता संयन्त्रहरू सुनिश्चित गर्न साझा कार्यविधिका मस्यौदा बनाउन सकिन्छ (अध्याय ५ : 'अनुसन्धान' जसले यौनाङ्ग छेदन/काट्ने बारे बताउँछ)। अन्तर्राष्ट्रिय रूपमा हामी अझै पनि महिला यौनाङ्ग छेदन/काट्ने परिवेशहरू बारे जानकारी हासिल गरिरहेका छौं ।बेलायतमा, राष्ट्रिय प्रहरी प्रमुखहरूको परिषद् र क्राउन प्रोसेक्युसन सर्भिस बीचमहिला यौनाङ्ग छेदन/काट्ने अपराधहरू व्यवस्थापन गर्ने प्रोटोकललाई प्रहरी र अभियोजकहरू बीचको काम गर्ने तरिकाहरू सुदृढ गर्न, अनुसन्धानमा सुधार गर्न र त्यस्ता अपराधहरूको अभियोजन बढाउनका लागि तयार गरिएको छ ।[२५]

क्याम्पबेल र अन्यले महिलाको यौनाङ्ग छेदन/काट्ने, जबरजस्ती विवाह, तथाकथित 'प्रतिष्ठामा आधारित' हत्या र दुर्व्यवहार, स्तनमा इस्त्री गर्ने, बोक्सीविद्या र विश्वासमा आधारित दुर्व्यवहार लगायतका हानिकारक अभ्यासहरू विरुद्ध मुद्दा चलाउने र अन्त्य गर्नका लागि उत्तम उपायहरू पहिचान गर्नेबारे थप जानकारी (*Harmful Traditional Practices: Prevention, Protection, and Policing* (2020))मा प्रदान गर्छन् । यस प्रकाशनले पीडित/प्रभावितको दृष्टिकोणबारे अनौठो अन्तरदृष्टि प्रदान गरेर बुझाइ बढाउन खोज्छ, जसले यी अपराधहरूलाई सम्बोधन गर्न प्रहरी अधिकारीको ज्ञान र आत्मविश्वासलाई थप बलियो बनाउन सक्छ ।[२६]

परिभाषाहरू पनि बहस र फरक विचारहरूको विषय हुन सक्छन् भन्नेबारे प्रहरी नेतृत्वले ध्यान दिनु पर्छ । उदाहरणका लागि, बेलायतमा 'प्रतिष्ठामा आधारित' हिंसा भन्ने शब्दलाई केही टिप्पणीकारहरूले विरोध गरेका छन् किनभने यसले विशेष समुदायहरूलाई असमानतापूर्वक लक्षित गर्छ, जसले गर्दा ती समुदायहरूप्रति निगरानी र प्रहरीकार्य बढेको छ । यसले समुदायहरूलाई त्यस्ता एजेन्डाहरूमा जोड्छ, जुन महिला तथा किशोरी विरुद्धका हिंसाका प्रभावकारी प्रतिकार्यसँग सम्बन्धित छैनन् ।उनीहरू रुढिवादी सोच र व्यक्ति र समुदायहरूलाई लक्षित गर्ने अन्य भेदभावपूर्ण वर्गीकरणहरूमा भर पर्छन्, र असमानतापूर्वक लागू गरिने र अन्य महिला तथा किशोरी विरुद्धका हिंसाका कानूनहरूसँग असम्बन्धित विशेष दण्डात्मक उपायहरूबाट समस्या सम्बोधन गर्न छुट्टै कानुनहरू लागू गरिन्छन् ।[२७]

---

२५ Protocol on the handling of Female Genital Mutilation ('FGM') offences between the National Police Chiefs' Council and the Crown Prosecution Service (2016). National Police Chief's Council. https://www.cps.gov.uk/sites/default/files/documents/publications/FGM-Protocol-june-2016.docx

२६ Harmful Traditional Practices: Prevention, Protection, and Policing (2020). Campbell, G., Roberts, K.A., Sarkaria, N. Palgrave Macmillan.

२७ See 'From the Margin to the Centre: 'Addressing Violence Against Women and Girls Alternative Bill' (Imkaan, October 2018), see: https://829ef90d-0745-49b2-b404-cbea85f15fda.filesusr.com/ugd/2f475d_91a5eb3394374f24892ca1e1ebfeea2e.pdf

प्रहरी नेतृत्वलाई अत्यावश्यक सेवा प्याकेजको मोड्युल ५द्वारा मार्गदर्शन प्रदान गरिनेछ, जसले समन्वयात्मक प्रतिकार्यका साझा पात्रहरूको विवरण दिन्छ । यस्ता प्रतिकार्यहरू विकास गर्न आफ्ना वरिष्ठ अधिकृतहरूसँग काम गर्ने जिम्मेवारी कार्यगत व्यवस्थापकहको हुन्छ ।[२८] तलको रेखाचित्रमा एक अंश प्रस्तुत गरिएको छ:

चित्र ३

समन्वयात्मक प्रतिकार्यको साझा विषयवस्तुहरू

समन्वयात्मक प्रतिकार्यको साझा विषयवस्तुहरू



समन्वयात्मक प्रतिकार्यमा सामान्यतया यी कुराको समिश्रण हुन्छ	विभिन्न क्षेत्र र निकायबीचको साझेदारी प्रायः यी माध्यमद्वारा सुदृढ गरिन्छन्
• विभिन्न निकायहरू बीच बहु-क्षेत्रगत सहकार्यका लागि एक ढाँचा • प्रगति अनुगमन र नीति निर्माणका लागि एक संयोजक समिति वा निकाय • पीडकहरूको व्यवस्थापन गर्न, उनीहरूसँग काम गर्न र दण्डित गर्न संयन्त्र • आपराधिक न्याय प्रक्रियासहित नागरिक सुरक्षाका उपायहरू लगायतका स्वास्थ्य, आवास र पैरवी सहयोग जस्ता प्रभावितका लागि सेवाहरू	• नियमित प्रत्यक्ष बैठकहरू • मुख्य निकायहरूले तयार पारेका नीति र कार्यविधि आदानप्रदान • क्रियाकलाप र हस्तक्षेपका संयुक्त योजना तर्जुमा • साझेदार संस्था/क्षेत्रका कर्मचारीका लागि संयुक्त तालिम • गोप्यताको कदर गर्दै र सुरक्षा सुनिश्चित गर्दै प्रभावित र पीडकबारे जानकारी आदानप्रदान • मुद्दाको प्रगति र नतिजा अनुगमन तथा असल एवं खराब अभ्यास पहिचानका लागि निरन्तर तथ्याङ्क संकलन
समन्वयात्मक बहु-विधात्मक प्रतिकार्यका लागि यी आवश्यक हुन्छन्	**समन्यवका लागि जिम्मेवार निकाय यी हुनसक्छन्**
• विविध प्रकारका सरोकारवालाको सक्रिय सहभागिता • महिला विरुद्धका हिंसा प्रतिकार्यका सबैभन्दा प्रभावकारी तरिकाबारे सहमति • निकायहरूबीच सहकार्य, सञ्चार र सूचना आदानप्रदान	• मुख्य क्षेत्रहरूलाई समन्वय गर्ने भूमिका भएको स्वतन्त्र निकाय वा विशेषज्ञ निकाय • परिषद्, समिति वा कार्यदलका नामले चिनिने, नियमित रुपमा भेटघाट गर्ने निकायहरूको एक गठबन्धन • एक उच्चस्तरीय निकाय, जसमा मन्त्री र/वा मुख्य संस्थाका कार्यकारी प्रमुखहरू समावेश हुन्छन्

न्याय प्रणालीका निकायहरू

अनुसन्धान आफैंले न्याय प्रणालीको प्रवेश बिन्दुलाई प्रतिनिधित्व गर्दछ भन्ने तपाईंको कर्मचारीले बुझ्नुपर्छ । दण्डहीनता हटाउन र पीडित/प्रभावितलाई सुरक्षा प्रदान गर्न महिला तथा किशोरी विरुद्धको हिंसाको जवाफदेहिता सुनिश्चित गर्नको लागि विस्तृत र लैङ्गिक-संवेदनशील अनुसन्धान महत्वपूर्ण छ ।

वास्तवमा, फौजदारी न्याय प्रणालीद्वारा लैङ्गिक-उत्तरदायी कार्यको लागि,लैङ्गिक-संवेदनशील अनुसन्धान एक महत्वपूर्ण तत्व हुनुपर्छ। यसको अर्थ कानून, फौजदारी न्याय संस्था, फौजदारी न्याय प्रक्रिया र फौजदारी न्यायको परिणामले लिङ्गको आधारमा कसैलाई पनि भेदभाव नगर्ने कुरा सुनिश्चित गर्नु हो ।यसले फौजदारी कानूनमा नै लैङ्गिक दृष्टिकोण लिन आवश्यक बनाउनुका साथै, महिला तथा पुरुषका लागि उपलब्ध फौजदारी न्याय प्रक्रियाहरूमा पहुँच र अवरोधहरूको मूल्याङ्कन र पीडित/प्रभावितलाई संरक्षण गर्न र फौजदारी न्यायमा पहुँच

२८ Module 5: Coordination and Governance of Coordination, *Essential services Package*

प्रवर्द्धन गर्न लैङ्गिक-संवेदनशील रणनीतिहरू अवलम्बन गर्न आवश्यक बनाउँछ ।[२९]

लैङ्गिक-उत्तरदायी आपराधिक न्याय भनेको लैङ्गिकता र अपराध बीचको अन्तरसम्बन्ध र महिला तथा पुरुषहरू अपराध र हिंसाबाट कसरी फरक रूपमा प्रभावित हुन्छन् भनेर बुझ्नु मात्र होइन। यसले फौजदारी न्याय प्रणालीमा महिला वा पुरुषहरूको विशेष आवश्यकताहरू पूरा गर्नका लागि लक्षित कार्यका, साथै यस प्रणालीले उत्पन्न गर्ने वा बढाउने लैङ्गिक असमानताका कारणहरूलाई सम्बोधन गर्न पनि आवश्यक बनाउँछ ।[३०] विश्वव्यापी अध्ययनहरूले देखाएअनुसार, सामान्यतया महिलाहरू प्रायः पीडित हुने यौन दुर्व्यवहार बाहेक, पुरुषहरू प्रायः हत्या र आक्रमणको बढी शिकार हुन्छन् ।[३१]

यद्यपि, महिलाहरू निजी घरेलु क्षेत्रभित्र आफूले चिनेको व्यक्तिद्वारा र प्रायः आफ्नै अन्तरंग साथी/पार्टनरबाट हिंसा र दुर्व्यवहारको शिकार हुने सम्भावना बढी हुन्छ । पुरुष विरुद्धको हिंसा होस् वा महिला विरुद्धका हिंसा, तिनका पीडकहरू, मुख्यतः पुरुषहरू नै हुन्छन् । लैङ्गिक-उत्तरदायी फौजदारी न्याय प्रणाली भनेको महिलाहरूलाई हिंसाको उजुरी गर्न आत्मविश्वास दिने र, एक पटक उजुरी गरेपछि थप हानिको जोखिम कम गर्न प्रभावकारी प्रतिकार्य प्रदान गर्ने प्रणाली हो। लैङ्गिक-उत्तरदायी फौजदारी न्याय प्रणालीले पनि प्रभावकारी उपचार प्रदान गर्दछ, साथै फौजदारी न्याय शृङ्खलाभरी सम्मानपूर्वक सहयोग र उपचार प्रदान गर्दछ ।

१. अभियोजकहरू

राष्ट्रिय कानुनी ढाँचा वा न्याय प्रणालीका आधारमा, अभियोजकहरूले महिला तथा किशोरी विरुद्धका हिंसाको कथित पीडक विरुद्ध राज्यको तर्फबाट कानुनी कार्यवाही केन्द्रित गर्ने निर्णयमा मुख्य भूमिका खेल्छन् ।

प्रहरी नेतृत्वले ध्यान दिनु पर्ने:

- उनीहरूले महिला तथा किशोरी विरुद्धका हिंसाकापीडित/प्रभावितका लागि प्रभावकारी अभियोजन र परिणामहरू प्रदान गर्न अभियोजकसँग बलियो कार्यगत सम्बन्धहरू निर्माण गर्नु आवश्यक हुन्छ;
- आफ्नो न्याय प्रणालीमा अभियोजकको भूमिकालाई अझ राम्ररी बुझ्नको लागि, उनीहरूले संयुक्त चेतना अभिवृद्धि सत्रहरू जस्ता प्रहरी र अभियोजकहरू बीच प्रभावकारी कार्य सम्बन्ध निर्माणका उपायविकास गर्न सक्छन् ।[३२]

कानुनी प्रणाली जेजस्तो भएपनि, अभियोजकहरूले अनुसन्धानको साथै प्रमाणहरू सङ्कलन गर्दाको वैधता र औचित्य जाँच गर्छन् र अनुसन्धानकर्ताहरूले मानवअधिकारको पालनाको अनुगमनमा अभियोजन सुरु वा जारी गरिनुपर्छ कि पर्दैन भन्नेबारे निर्णय गर्नमा सक्रिय भूमिका खेल्छन् भन्नेमा तपाईं सचेत हुनुपर्दछ ।

आफ्ना कर्मचारीले महिला तथा किशोरी विरुद्धका हिंसाबारे बुझेको र त्यसमा आवश्यक तालिम प्राप्त गरेको प्रहरी नेतृत्वलेसुनिश्चित गर्नुपर्छ । उनीहरूले अभियोजकहरूसँग नजिकबाट काम गर्छन् र त्यसैले अभियोजकहरूले आफ्नो देशमा के गर्छन् भन्ने जान्न आवश्यक हुन्छ ।

> केही देशहरूमा, अभियोजकले मुद्दाको अनुसन्धान र अभियोजन गर्छन् भने, अन्य देशमा अभियोजकलाई मुद्दा हस्तान्तरण गर्नुअघि प्रहरीले अनुसन्धान गर्छन् ।

उदाहरणका लागि, अभियोजकहरूले प्रहरी अनुसन्धानको पर्यवेक्षण गर्ने देशहरूमा, उनीहरूले प्रहरीसँग देहायका कुराहरू छन् भनी सुनिश्चित गर्नुपर्छ:

- प्रमाण अदालतमा स्वीकार्य होस् भनेर अनुसन्धान र खोजीका उचितप्रविधिहरू प्रयोग गरियो;
- पीडित/प्रभावितर साक्षीहरूको अन्तर्वार्ताहरू विस्तृत, निजी र सम्मानजनक रुपमा सञ्चालन गरियो;
- यदि पीडित/प्रभावितले रोजेको भए, सम्भव भएसम्म महिला अधिकृतहरू उपलब्ध गराइयो भन्ने सुनिश्चित गर्ने;
- घटनाबारे प्रहरी रिपोर्ट पूर्ण विवरणसहित पूरा गरिएको छ;
- थप जानकारी र प्रमाणहरूको लागि थपअन्तर्वार्ताहरू सञ्चालन गरियो;
- महिला विरुद्धको हिंसा (अपराधका तत्वहरू र यी अपराधमा लागू हुने विशेष आपराधिक प्रक्रियाहरू लगायत) मा सान्दर्भिक कानूनहरूबारे बुझाइ भएको; र

२९ Skinnider, Eileen,'Towards Gender-Responsive Criminal Justice: Good practices from Southeast Asia in responding to violence against women' (2018: Thailand Institute of Justice).

३० "Gender Responsive Assessment Scale: Criteria for Assessing Programmes and Policies" in Gender Mainstreaming for Health Managers: a Practical Approach / WHO Gender Analysis Tools. Faciltators' guide. Participant's notes (WHO, 2011), at:https://www.who.int/gender-equity-rights/knowledge/health_managers_guide/en/

३१ 'Global Study on Homicide' 2013; Women and the Criminal Justice System (UNODC, 2011).Mahony, T.H., Jacob, J., and Hobson, H. for the Government of Canada.

३२ Effective responses in cases involving VAWG:The role of the prosecutor in the Handbook on Effective Prosecution Responses to Violence against Women and Girls', Criminal Justice Handbook Series (UNODC, 2014) at: https://www.unwomen.org/en/digital-library/publications/2014/12/handbook-effective-prosecution-of-vaw

फोटो सौजन्य : यूएन वुमन/नेपाल

- सान्दर्भिक हुने अवस्थामा आत्मरक्षा र प्रमुख आक्रामक नीतिहरूको अवधारणा बुझेको र लागू गरिएको .

प्रहरी नेतृत्वले महिला तथा किशोरी विरुद्ध हिंसाका घटनाको अनुसन्धानको सुपरिवेक्षणमा खेल्ने मुख्य भूमिका देहाय अनुसारका कार्यका लागि हो भनेर बुझ्नुपर्छ :

- सही जानकारी उपलब्ध हुनासाथ अभियोजनकर्तासमक्ष पेश गरिन्छ;
- अभियोजनकर्ताहरूलाई फाइल पेस गर्नका लागि स्थानीय रूपमा सहमत मापदण्डहरूलाई आफ्ना कर्मचारीहरूले बुझेका छन् ;
- आफ्ना कर्मचारीहरू तपाईंले गुणस्तरका लागि निर्धारण गर्नुभएको मापदण्डहरू बारे सचेत छन् ;
- महिला तथा किशोरी विरुद्ध हिंसासम्बन्धी अपराधहरूको बुझाइ सम्बन्धी कुनै पनि प्रशिक्षण आवश्यकताहरूलाई सम्बोधन गरिन्छ ;
- अभियोजकहरूले महिला तथा किशोरी विरुद्ध हिंसा को अनुसन्धानमा महत्वपूर्ण भूमिका खेल्छन् किनभने उनीहरूले अभियोजन गर्ने वा नगर्ने निर्णय लिनु अघि वा न्याय प्रक्रियालाई असर गर्न सक्ने अन्य निर्णयहरू लिनु अघि सबै आवश्यक र व्यावहारिक सोधपुछहरू गरिएको छ कि छैन भनेर निर्धारण गर्न सक्छन् ।[३३]

अभियोजनकर्ता र अनुसन्धानकर्ताहरूको स्वतन्त्र भूमिका हुने क्षेत्राधिकारहरूमा जहाँ अनुसन्धानकर्ताहरू स्वतन्त्र रूपमा अनुसन्धान गर्न जिम्मेवार हुन्छन्, त्यहाँ सामान्यतया अनुसन्धानकर्ता र अभियोजनकर्ता बीचको सहयोग सुनिश्चित गर्न प्रावधानहरूको व्यवस्था हुन्छ । यस्ता न्याय प्रणालीहरूमा अभियोजनकर्ताहरूले अनुसन्धानकर्ताहरूलाई निर्देशन दिँदैनन्, उनीहरूले कानून र मार्गनिर्देशिकाहरूको आधारमा अनुसन्धानकर्ताहरूको अनुसन्धानको नतिजा र अभियोजकनकर्ताहरूले ती नतिजाहरूको वस्तुनिष्ठ समीक्षाका आधारमा उनीहरूलाई सल्लाहसुझाव दिन सक्छन् ।

त्यस्ता क्षेत्राधिकारहरूमा प्रहरी नेतृत्वले स्पष्ट कठिनाइहरूको सामना गरेको बेला अभियोजकर्ताहरूबाट सल्लाह लिने गर्छन् । वा, अन्य परिस्थितिहरूमा अभियोजकर्ताले 'कमजोर' मुद्दा वा दोषी ठहर हुने कुनै सम्भावना नरहेको अनुसन्धानकर्ताको रायसहितको टिप्पणीका कारणले परामर्शका लागि प्रहरी रिपोर्ट वा सल्लाहसुझावको फाइल प्राप्त गर्न सक्छ ।[३४] प्रहरी नेतृत्वले

३३ Ibid.
३४ Ibid.

आफ्ना कर्मचारीहरूले आफ्नो व्यक्तिगत धारणामा आधारित भई मुद्दाको शक्तिका बारेमा राय व्यक्त नगरेको सुनिश्चित गर्न आवश्यक छ, र प्रमाणजन्य कठिनाइहरू सम्बन्धित कानून अनुसार त्यसमाथि प्रकाश पार्ने र त्यसको मूल्याङ्कन गरिनुपर्छ ।

अन्य क्षेत्राधिकारहरूमा, अभियोजनकर्ताहरूले अनुसन्धानमा बढी सक्रिय भूमिका निर्वाह गर्छन् र अनुसन्धानमा भाग लिन, सञ्चालन गर्न, निर्देशन वा सुपरिवेक्षण गर्न सक्छन् । केही देशहरूले फौजदारी नीतिका प्राथमिकताहरू लागू गर्न, मुद्दा र स्रोतहरूको बाँडफाँड गर्न, मुद्दाहरूलाई प्राथमिकता दिन र अनुसन्धान विधिहरू लागू गर्न प्रहरीलाई उपयुक्त निर्देशन र सल्लाह दिन अभियोजकर्तालाई अनुमति दिएका छन् ।

कतिपय क्षेत्राधिकारहरूमा, प्रहरीद्वारा पीडित/प्रभावितसँगको प्रारम्भिक सम्पर्क पछि अभियोजकर्ताहरूलाई सम्पर्क गरिन्छ र उनीहरूले मुद्दासँग परिचित हुन र अनुसन्धानलाई मार्गदर्शन गर्न मद्दत गर्न जाँच स्थलमा प्रतिक्रिया दिन सक्छन् । त्यस्ता क्षेत्राधिकारहरूमा, प्रहरी नेतृत्वले उनीहरूका कर्मचारीहरूले प्रमाणहरू सङ्कलन गर्न अभियोजकर्ताको भूमिकालाई सहयोग गरेको र पीडित/प्रभावितहरूलाई फौजदारी न्याय प्रणालीमा रहन आवश्यक पर्ने सहयोग उपलब्ध गराएको कुरा सुनिश्चित गर्नुपर्छ ।

सामान्यतया, प्रहरी नेतृत्वले देहाय कुरा सुनिश्चित गर्नुपर्छ :

- आफ्ना कर्मचारीहरूले बलियो मुद्दा तयार गर्छन्, वा त्यसो गर्न अभियोजकर्ताहरूलाई सहयोग गर्छन्[३५];
- महिला तथा किशोरी विरुद्ध हिंसाका अपराधहरू सम्बोधन गर्न प्रहरी र अभियोजकर्ताहरू बीच सहकार्य हुन्छ ;
- उनीहरूका कर्मचारीहरूले पीडित/प्रभावितलाई बदनाम गर्दैनन् र कथित पीडक विरुद्ध मुद्दा तयार गर्नमा निर्माणमा ध्यान केन्द्रित गर्छन् ;
- अभियोजकर्ताको कार्यालयमा आफ्ना समकक्षीहरूसँग कार्यगत सम्बन्ध स्थापित हुन्छ ।

केही निश्चित प्रकारका महिला तथा किशोरी विरुद्ध हिंसा (अर्थात् यौन दुर्व्यवहार)का मामिलाहरूमा मुद्दा तयार गर्न आवश्यक प्रयास गरेको प्रमाण थोरै हुन्छ । त्यसमा कमजोर अनुसन्धान,

आषनो मुद्दालाई अगाडि बढाउनमा ध्यान केन्द्रित गर्नुहोस्, र पीडित/प्रभावितलाई तपाईंले अवमुल्यन नगरेको सुनिश्चित गर्नुहोस् ।

लैङ्गिक पूर्वाग्रह[३६] र कानूनको गलत बुझाईको प्रमाण भने हुने गर्छ । पीडित/प्रभावितलाई बदनाम गर्नु भन्दा पनि प्रहरीको प्रयास मुद्दा निर्माणमा केन्द्रित भएको सुनिश्चित गर्न यी मुद्दाहरूमा प्रहरी र अभियोजनकर्ताहरू बीचको बलियो सहकार्य आवश्यक छ ।[३७]

बाकस ८

जुन २०१७ मा, युएन ओडीसीले पीडितहरू/प्रभावितहरूका लागि सफल नितिजा प्राप्त गर्न आवश्यक पर्ने संयुक्त कार्य र सहकार्यमाथि प्रकाश पार्न नामिबियामा लैङ्गिक हिंसासम्बन्धी प्रहरी र अभियोजकर्ताहरूका लागि संयुक्त तालिम आयोजना गऱ्यो । सहभागीहरूले सम्बन्धित निकायहरूको भूमिका र जिम्मेवारीहरूको राम्रोसँग बुझाइ विकास गरे र परिणामस्वरुप, उनीहरूको संयुक्त कार्यगत सम्बन्ध बढ्यो ।

बाकस ९

फिनल्याण्डमा, प्रहरी र अभियोजनकर्ताहरूले हत्या वा अन्य हिंसात्मक अपराधहरूसम्बन्धी प्राविधिक वा रणनीतिक अनुसन्धानका लागि प्रशिक्षण प्राप्त गरेका छन् । अंगोला प्रहरी (राष्ट्रिय प्रहरीको साधारण कमाण्ड) ले प्रहरी अधिकारीहरूलाई घरेलु र लैङ्गिक हिंसाको अवस्थामा आवश्यक ज्ञान र सीपहरू प्रदान गर्न जागरूकता-बढाउने प्रयासहरू गरेको छ ।

प्रहरी नेतृत्वले आफ्ना कर्मचारीहरूलाई देहाय विषयमा स्पष्ट निर्देशन दिनुपर्छ :

- उदाहरणका लागि घरेलु दुर्व्यवहारका मुद्दाहरू सम्बोधन गर्न न्याय र सुरक्षा क्षेत्रका निकायहरूसँग पीडित/प्रभावितको पहिलो अन्तरक्रियाले आरोप लगाइएको अवस्थामा आफ्नो मुद्दालाई अगाडि बढाउन प्रोत्साहित गर्छ भन्ने कुरा सुनिश्चित गर्न;

---

३५ For more information on best practices and minimum standards for building stronger cases in VAWG, see 'Model Response to Sexual Violence for Prosecutors (RSVP Model): An Invitation to Lead',(AEquitas, the Justice Management Institute (JMI), and the Urban Institute, 2016), at: https://aequitasresource.org/wp-content/uploads/2020/01/RSVP-Vol.-I-1.8.20.pdf

३६ 'The Trial of Rape. Understanding the Criminal Justice System Response to Sexual Violence in Thailand and Viet Nam' (UN Women, UNDP and UNODC, 2017), at:https://www2.unwomen.org/-/media/field%20office%20eseasia/docs/publications/2019/08/ap-trial-of-rape_26aug2019_lowres-compressed.pdf?la=en&vs=1916

३७ Ibid.

बाकस १०

थाइल्याण्डमा असल अभ्यास : युएन वुमनसँगको साझेदारीमा शाही थाई प्रहरी, अभियोजनकर्ता र अदालतका कर्मचारीहरूको जारी प्रशिक्षण

नयाँ लैङ्गिक समानता कानून (जीइएल) आधिकारिक रूपमा ८ मार्च २०१५ मा घोषणा गरिएको थियो, जसले व्यक्तिहरूलाई लिङ्ग वा यौनिकता आधारमा प्रत्यक्ष र अप्रत्यक्ष भेदभाव विरुद्ध प्रत्याभूत गर्छ। समान अधिकार र स्वतन्त्रता, धार्मिक सिद्धान्त र राष्ट्रिय सुरक्षाको समान उपभोगमा रहेका बाधाहरू हटाउने उद्देश्य बाहेक लैङ्गिक रुपमा भेदभावपूर्ण रहेका सार्वजनिक, निजी संस्था वा व्यक्तिहरूको नीति, नियम, नियमावली, आदेश, उपाय, परियोजना वा अभ्यासहरूलाई अनुमति नदिइने कुरा कानूनले व्यवस्था गरेको छ।

लैङ्गिक समानताको प्रवद्धन्का लागि लैङ्गिक समानता कानुनले एउटा समिति पनि स्थापना गर्दछ, जसलाई भेदभावपूर्ण लैङ्गिक पूर्वाग्रह र अभ्यासहरूका साथै लैङ्गिकता हिंसालाई उन्मूलन गर्नका लागि आचरणको सामाजिक तथा सांस्कृतिक प्रवृत्तिहरू सुधार गर्ने कार्यादेश प्राप्त छ, र त्यसको उद्देश्य विभिन्न अधिकारसमक्ष रहेका व्यवधानहरूको उन्मूलन गर्नु हो।

शाही थाई प्रहरीले युएन वुमन, महिला मामिला तथा परिवार विकास विभाग र फ्रेन्ड्स अफ वुमन फाउन्डेसनसँगको साझेदारीमा हिंसा, घरेलु हिंसा र बेचबिखनबाट पीडित महिला पीडित/प्रभावितको संरक्षणका विषयमा प्रहरी अनुसन्धान अधिकारीहरूको तालिमलाई विस्तार गर्दै आएको छ। कार्यक्रममा थाइल्याण्डका सबै क्षेत्रहरूमा ९०० जना मुख्य प्रहरी अनुसन्धान अधिकारीहरूलाई समावेश गरिनेछ।

हालैका वर्षहरूमा यी र अघिल्लो तालिमहरूबाट सिकेका पाठहरूको आधारमा, शाही थाई प्रहरीमा संस्थागत गर्न विशेष प्रशिक्षण मोड्युलहरू विकास भइरहेको छ। यस अध्ययनको प्रत्यक्ष परिणामको रूपमा, थाइल्याण्डको इस्टिच्यूट अफ जस्टिसले पीडित/प्रभावित र अधिकारबाहकलाई आफ्ना अधिकार र दायित्व बारे सुसूचित गराउन अनुसन्धान अघि बढाउँदै पीडित/प्रभावित र कर्तव्य वाहकहरूलाई आफ्नो अधिकार र दायित्वहरूका साथै सम्बन्धित कानूनहरूबारे दुवैलाई सूचित गर्न अनुसन्धानको विस्तार गर्ने र टुल बक्स र सार्वजनिक अभियान विकास गर्न थप रकम छुट्याइएको छ, जहाँ फौजदारी न्याय प्रणाली र राष्ट्रिय र स्थानीय सहयोग सेवाहरूमा कहाँ समर्थन खोज्न सकिन्छ।

स्रोत : 'The Trial of Rape. Understanding the Criminal Justice System Response to Sexual Violence in Thailand and Viet Nam' (UN Women, UNDP and UNODC, 2017).

- अन्तरंग व्यक्तिबाट हुने हिंसाको आपतकालीन टेलिफोन कल टेपहरूको सूचीकरण र सम्भारका बारेमा, किनभने त्यसमा सम्भावित उत्साहित उच्चारणजन्य प्रमाणहरू हुन सक्छन्। यो किनभने प्रहरी सहायताका लागि धेरैजसो टेलिफोन कलहरू पीडित/प्रभावित व्यक्तिबाट नै आउने गर्छ ;

- फौजदारी अदालत र पारिवारिक अदालतको बीचमा कुनै पनि सूचना आदानप्रदानसम्बन्धी प्रोटोकलको सम्बन्धमा ;

- प्रहरी सेवाले पीडित /प्रभावितहरूको तर्फबाट महिला तथा किशोरी विरुद्ध हिंसाको अभियोजनलाई बलियो बनाउन प्राप्त गरेको कुनै पनि नागरिक सुरक्षा आदेशहरूको विवरण अभियोजकनकर्ताहरूलाई प्रदान गर्ने सम्बन्धमा। केही देशहरू छन् जहाँ अभियोजनकर्ताहरूले देवानी फाइलहरूको समीक्षा गर्न सक्छन्, किनभने त्यसबाट उनीहरूले पीडित/प्रभावितको जोखिम मूल्याङ्कन गर्न र सही आरोप तथा सजायको निर्णय गर्दा सहयोग पुग्न सक्छ।

- अभियोजकहरूले स्थानीय अनुसन्धान टोलीहरूलाई उनीहरूको स्थानीय प्रचलन र तालिमका बारेमा जानकारी गराउनु उपयुक्त हुन सक्छ।[३८]

२. न्यायपालिका[३९]

न्यायपालिका वा न्यायिक प्रणाली सार्वभौमसत्ता वा राज्यको नाममा न्याय प्रशासन गर्ने अदालतको प्रणाली हो।

सुरक्षात्मक आदेश

क्षेत्राधिकारको आधारमा अदालतहरूसँग सुरक्षात्मक आदेशहरू जारी गर्ने वा अन्तरंग व्यक्तिबाट हुने हिंसाको आरोप लागेको पीडकहरू विरुद्ध प्रहरीले जारी गरेको प्रतिबन्धात्मक आदेशहरूको

३८ Training Manual for Judges and Prosecutors on Ensuring Women's Access to Justice. Partnership for Good Governance. European Union, at:https://www.ohchr.org/Documents/Issues/Women/WRGS/TrainingManualAccessJustice_EN.pdf

३९ Ibid.

समीक्षा र विस्तार गर्ने वा रद्द गर्ने अधिकार हुन सक्छ।[४०] सामान्यतया, न्यायाधीशले सुनुवाईको अध्यक्षता गर्दछ जहाँ पीडित/प्रभावित र आरोपित पीडकहरूले प्रमाण प्रस्तुत गर्छन्। पीडित/प्रभावित व्यक्तिलाई सुरक्षात्मक उपायहरू आवश्यक छ कि छैन भन्ने बारे न्यायाधीशले गर्ने निर्धारण कार्य पीडित/प्रभावित व्यक्ति र परिवारका अन्य सदस्यहरूको सुरक्षाको लागि मात्र नभई मुद्दा अगाडि बढाउन र सजायको परिणाम निम्त्याउनका लागि सम्भव भएसम्मको सबैभन्दा सुहाउँदो अवस्थाहरू सिर्जना गर्नका लागि महत्वपूर्ण छ। सुरक्षात्मक आदेश सुनुवाइहरू न्यायाधीशका लागि उपयुक्त वातावरण तय गर्ने र अंतरग व्यक्तिबाट हुने हिंसाका मामलाहरूमा सम्भावित पीडितहरू/प्रभावितहरूलाई हानि हुनबाट जोगाउन राज्यले ध्यान दिन्छ भनी देखाउने महत्वपूर्ण पहिलो अवसर हो।

दोहोरो पीडित बनाउने काम आपराधिक कार्यको प्रत्यक्ष परिणामका रुपमा नभई पीडित/प्रभावितका लागि प्रहरी र अन्य सरोकारवाला संस्था र व्यक्तिका तर्फबाट भएको अपर्याप्त प्रतिकार्यका रुपमा देखापर्छ ।

प्रहरी नेतृत्वले आफ्ना कर्मचारीले देहायका विषयहरू बुझेको कुरा सुनिश्चित गर्नुपर्छ :

- पीडित/प्रभावितहरूलाई अपराधका बारेमा उजुरी गर्न अगाडि आउनबाट रोक्ने हानिकारक प्रचलनहरू अभ्यास गर्ने , र सांस्कृतिक र सामाजिक अवरोधहरू विद्यमान रहेका समुदायहरूमा महिला तथा किशोरी विरुद्ध हिंसालाई रोक्नका लागि उनीहरूका कर्मचारीहरूले खेल्ने मुख्य भूमिका ;
- महिला तथा किशोरी विरुद्ध हिंसासम्बन्धी अपराध भएको अवस्थामा देशमा उपलब्ध सुरक्षात्मक आदेशहरूको प्रावधान र त्यसलाई प्रभावकारी रूपमा लागू गर्न आवश्यक पर्ने उपायहरू;
- महिला तथा किशोरी विरुद्ध हिंसाको रोकथामका लागि देवानी अदालतको भूमिका;
- प्रहरी सेवा दिने समुदायको आत्मविश्वासको बढाउने कार्यलाई जारी राख्नु पर्ने आवश्यकता।

केही क्षेत्राधिकारहरूमा, पारिवारिक अदालतबाट प्राप्त केही अपराधहरूका लागि सुरक्षात्मक उपायहरू फौजदारी अभियोजनभन्दा बढी हुन सक्छन्। उदाहरणका लागि, संयुक्त अधिराज्यमा महिला जनेन्द्रिय छेद्नसँग सम्बन्धित सुरक्षात्मक आदेशहरूको संख्या अहिले सम्म सफल भएको एउटा अभियोजन भन्दा बढी छ।

प्रहरी नेतृत्वले आफ्ना कर्मचारीहरू सामाजिक हेरचाह, स्वास्थ्य र शिक्षा अधिकारी/निकायहरूसँग काम गर्नुपर्ने आवश्यकताबारे सचेत रहेको सुनिश्चित गर्नुपर्छ।

बाकस ११

टिप्पणीकारहरूले संयुक्त अधिराज्यको प्रहरी सेवा, सामाजिक हेरचाह र अदालत महिला जनेन्द्रिय छेद्नको परिणामका साथ बाँचिरहेका पीडित/प्रभावितहरूलाई न्याय पेशाकर्मीहरूद्वारा पहिचान नगरेको अवस्थामा पीडित/प्रभावितहरूलाई सुरक्षा प्रदान गर्नका लागि मिलेर काम गर्नुपर्ने आवश्यकतामाथि प्रकाश पारेका छन्। स्वास्थ्य, शिक्षा र सामाजिक हेरचाहकर्ताहरूले गरेको महिला जनेन्द्रिय छेद्नबारेको प्रहरीमा गरेको उजुरीप्रति प्रहरीको कस्तो प्रतिक्रिया हुन्छ भन्ने बारेमा पनि विश्वासको कमी हुन सक्छ।[४१]

फौजदारी प्रक्रिया

पीडित/साक्षीहरूको अधिकार र मर्यादाको रक्षा गर्न र उनीहरू दोहोरो रुपमा पीडित हुन नपरेको सुनिश्चित गर्नका लागि कदम चाल्न फौजदारी प्रक्रियाको प्रारम्भिक चरणहरूमा न्यायाधीशहरूले स्वविवेक प्रयोग गर्न सक्छन्, उदाहरणका लागि, मुद्दा यौन हिंसासँग सम्बन्धित भएमा र गोपनीयता आवश्यक भएमा सुनवाइबाट जनतालाई बाहिर राख्ने (प्रारम्भिक अनुसन्धान चरण, सुरक्षात्मक आदेश सुनुवाइ, जमानत सुनुवाई, आदि)।[४२]

अभियोजनकर्ता र न्यायाधीश दुवैले अभियोजन र न्याय निरुपणलाई जोखिममा पार्ने अनुसन्धान र प्रमाण-संकलन चरणहरू (विशेषगरी फोरेन्सिक प्रमाणहरूको सङ्कलन र परीक्षणको सन्दर्भमा) मा कुनै ढिलाइ नहुने सुनिश्चित गर्न महिला तथा किशोरी विरुद्ध हिंसासम्बन्धी फौजदारी उजुरीको प्रारम्भबाट कदमहरू लिन सक्छन्।

महिला तथा किशोरी विरुद्ध हिंसाको मामिलाहरूमा द्रुत कार्यवाही (जस्तै द्रुत ट्र्याकिङ र विशेष अदालतहरू) प्रयोग गर्नु सामान्य

४० For example in Austria. See:Victims' Rights to Support and Protection from Violence (2013). Legislation for the Protection from Violence in Austria (2019). Domestic Abuse Intervention Centre and the Association of Austrian Autonomous Women's Shelters. https://www.interventionsstelle-wien.at/download/?id=692

४१ 'The Tip of the Iceberg', Sarkaria, N. and Campbell, G. for Counsel Magazine https://www.counselmagazine.co.uk/articles/tip-of-the-iceberg-the-family-court-ready-surge-activity-fgm

४२ Compilation of good practices to reduce existing obstacles and facilitate women's access to justice,(Council of Europe Gender Equality Commission, Strasbourg, 2015) pp. 24-26.

आरोपित पीडक जारी गैरथुना उपायहरुको अधीनमा छ वा छैन भनेर तपाईंले जाँच गर्नुपर्छ जस्तैः सामुदायिक सेवा आदेश, प्रोबेसन

राम्रो अभ्यास हो । न्यायाधीशहरूले यो कुरा तबमात्र गर्न सक्छन् जब उनीहरूलाई प्रहरीले सान्दर्भिक जानकारी उपलब्ध गराउँछ, विशेषगरी पीडित/प्रभावितले अभियोजनलाई अगाडि बढाउने कुराको सुनिश्चित गर्न कुनै पनि जोखिम मूल्याङ्कन ।

प्रहरी नेतृत्वले आफ्ना कर्मचारीहरूमा देहाय कुराहरू रहेको सुनिश्चित गर्नुपर्छ :

- द्रुत कार्यवाहीको उद्देश्य बारे जानेको; र
- प्रहरीले अभियोजनकर्ता र न्यायाधीशहरूलाई यस्तो कारबाही सञ्चालन गर्न कसरी सहयोग गर्न सक्छन् ।

३. परीक्षणकालको भूमिका

प्रहरी नेतृत्वले न्याय प्रक्रियामा, र यस्तो सेवा रहेको क्षेत्राधिकारमा परीक्षणकाल (प्रोबेसन)न सेवाले खेल्ने भूमिकालाई बुझ्नुपर्छ । परीक्षणकाल सेवा सामान्यतया कानूनद्वारा परिभाषित पीडकमाथि लगाइने गैर-हिरासतजन्य उपायहरू हुन् ।[४३] त्यस्ता उपायहरूमा मुद्दा चल्नु अघि र चलिरहेको समयमा थुनामा राख्ने कार्य वा जेल सजायकोको विकल्पहरू साथै जेलबाट छिट्टै रिहा गर्ने कार्य समावेश हुन सक्छन् । ती सामान्यतया कुनै अपराधीको सामाजिक समावेशीकरणमा र साथसाथै सामुदायिक सुरक्षामा योगदान गर्नतर्फ लक्षित सुपरिवेक्षण, मार्गदर्शन र सहायता पर्ने गर्छन् ।

महिला तथा किशोरी विरुद्ध हिंसाको कुनै अपराधीलाई पक्राउ गर्दा/अभियोग लगाउँदा सो व्यक्ति गैर-हिरासत उपायको लायक हो वा होइन भनेर जाँच गर्न, उदाहरणका लागि, हालै जेलबाट रिहा भएको खण्डमा पेरोलमा पठाउने कार्य उनीहरूले मुख्य भूमिका खेल्नेछन् भन्ने कुरामा प्रहरी नेतृत्व सचेत हुनुपर्छ ।

प्रहरी नेतृत्वले गैर-हिरासत उपायहरूका लागि संयुक्त राष्ट्रसंघीय मानक न्यूनतम नियमहरू ('टोकियो नियमहरू') को समीक्षा गर्नुपर्छ र त्यससँग परिचित हुनुपर्छ । त्यसले हरेक क्षेत्राधिकारको आधारमा कार्यविधिका विभिन्न चरणहरूमा लागु गर्न सकिने विभिन्न प्रकारका उपायहरूबारे विस्तृत मार्गदर्शन प्रदान गर्दछ । उदाहरण्का लागि, यसले सजायका रुपमा न्यायिक निकायहरूले लागु गर्नसक्ने १२ वटा उपायहरूको सूची प्रस्तुत गर्दछ ।[४४] ती देहाय अनुसार रहेका छन् :

- मौखिक दण्डहरू, जस्तै नसिहत, चेतावनी र सचेत गराउने;
- सशर्त रिहा ;
- हैसयत दण्ड;
- आर्थिक प्रतिबन्धहरू र मौद्रिक दण्डहरू, जस्तै जरिवाना र दिन-जरिवाना;
- जफत वा जफतको आदेश;
- पीडित/प्रभावित व्यक्तिलाई क्षतिपूर्ति वा क्षतिपूर्तिको आदेश;
- निलम्बित वा स्थगित सजाय;
- परीक्षणकाल र न्यायिक सुपरिवेक्षण;
- सामुदायिक सेवा आदेश;
- उपस्थिति केन्द्रमा सिफारिस ;
- घरमा नजरबन्द;
- गैर-संस्थागत व्यवहारको कुनै पनि अन्य माध्यम ।

इलेक्ट्रोनिक निगरानी सामान्यतया उपचारको माध्यम होइन तर निलम्बित जेल सजाय जस्ता गैर-हिरासतजन्य सजायका विकल्पहरूको कार्यान्वयनको निगरानी गर्ने माध्यम हो ।

प्रहरी नेतृत्वले अद्यावधिक गरिएको मोडेल रणनीतिहरू र व्यावहारिक उपायहरू (Updated Model Strategies and Practical Measures)को पनि समीक्षा गर्नुपर्दछ र त्यससँग परिचित हुनुपर्दछ, जसका लागि देहाय कुराहरू आवश्यक छ:

- पक्राउ, हिरासत र अपराधीको रिहाईको कुनै पनि प्रकारको सर्तहरूका बारेमा निर्णयहरू पीड़ित/प्रभावित र अन्यको सुरक्षाका आवश्यकताहरूलाई ध्यानमा राखिएको छ ;
- विशेषगरी दोहोरिने र खतरनाक अपराधीहरूसँग व्यवहार गर्दा गैर-हिरासत वा अर्ध-हिरासतमा सजाय, जमानत, सशर्त रिहाई, प्यारोल वा प्रोबेशनसम्बन्धी निर्णयहरूमा पीडित/प्रभावित माथिको जोखिम सहित सुरक्षाका जोखिमहरूलाई, ध्यानमा राखिएको छ ;
- हिंसा पीडित/पीडितहरूलाई हिरासत वा कारावासबाट अपराधीको रिहाइको बारेमा सूचित हुने अधिकार छ ।

४३ HM Inspectorate of Probation Academic Insights 2019/02 European Probation Rules Rob Canton at:https://www.justiceinspectorates.gov.uk/hmiprobation/wp-content/uploads/sites/5/2019/03/Academic-Insights-Canton-Jan-19-final.pdf

४४ United Nations Standard Minimum Rules for Non-custodial Measures (The Tokyo Rules), adopted by General Assembly resolution 45/110 of 14 December 1990, at:https://www.penalreform.org/priorities/alternatives-toimprisonment/international-standards/

बाकस १२

संयुक्त अधिराज्यको असल अभ्यास[४५]

बडामहारानीको सरकार र इङ्गल्याण्ड र वेल्स न्यायिक प्रणाली, सिपीएस र कानून कार्यान्वयन निकायहरूले हिंसा र दुर्व्यवहारको सामना गरिरहेका महिला र किशोरीहरूको संरक्षणमा स्वतन्त्र भूमिका खेल्नुको महत्वलाई स्वीकार गर्छन् । समय क्रमसँगै, अपराधीहरूलाई फौजदारी र देवानी न्याय प्रणालीमा जवाफदेही ठहऱ्याउने क्रममा महिलाहरूलाई सहयोग र संरक्षण गर्ने असल अभ्यासहरू देखापरेको छ, जुन प्रत्येक निकाय र एजेन्सीले निर्वाह गर्ने गुणात्मक भूमिकामा निर्भर छ । यो असल अभ्यास देहाय विषयहरू समावेश छन् :

(१)बडामहारानीको सरकारले धेरै रणनीतिक मार्गनिर्देशक दस्तावेजहरू विकसित गरेको छ, जसको उद्देश्य जबरजस्ती विवाह, महिला जनेन्द्रिय छेदन्/काट्ने र बाल यौन शोषण लगायतका विषयहरूमा बहु-निकायगत अवधारणा अघि बढाउनका लागि हो ।

यी दस्तावेजहरूले अग्रपंक्तिमा कार्यरत व्यक्तिहरूका लागि 'गर्नु हुने' र 'गर्नु नहुने' कार्य र पीडितको पहिचान गर्न 'संकेत' र ' लक्षणहरू' बारे बारे बहुमुल्य जानकारी प्रदान गर्दछन् ।

(२)कलेज अफ पुलिसिंग र एसपीसीसीद्वारा जारी गरिएको प्रहरी मार्गनिर्देशनले रणनीतिक तहमा सो निर्देशिकालाई परिपूर्ण गर्छ । कलेजले प्रहरी अधिकारीहरूलाई आवश्यक ज्ञान, आचरणको मापदण्ड, नेतृत्व र व्यावसायिकताको विकास गर्दछ, जसको स्थापना आधिकारिक व्यावसायिक अभ्यास मार्फत हुन्छ ।

एसपीसीसीका केही प्रमुख जिम्मेवारीहरू रहेका छन्, जसमा राष्ट्रिय कार्यसञ्चालनहरूको समन्वय लगायत रणनीतिक प्रहरी सेवाको आवश्यकतामा सुरक्षा बलको योगदानलाई परिभाषित, अनुगमन र परीक्षण गर्ने ; राष्ट्रिय आपतकालको अवस्थामा राष्ट्रिय प्रहरी प्रतिकार्यको समन्वय र सीमा र अन्तर्राष्ट्रिय रूपमा फौजहरूका लागि स्रोत परिचालनको समन्वय; कलेज अफ पुलिसिंग र सरकारद्वारा निर्धारित मापदण्ड र नीतिको राष्ट्रिय कार्यसञ्चालनजन्य कार्यान्वयन; र फौजदारी न्याय र कार्यसम्पादनसम्बन्धी संयुक्त राष्ट्रिय अवधारणाहरूको विकास गर्न कलेज अफ पुलिसिङसँग काम गर्ने ।

कलेज अफ पुलिसिङले निम्नलिखित महिला तथ किशोरी विरुद्ध हिंसाका विषय क्षेत्रहरूका सम्बन्धमा नेतृत्व, निर्देशन र अनुसन्धानका मापदण्डहरू प्रदान गर्न आधिकारिक व्यावसायिक अभ्यासको विकास गरेको छ :

घरेलु दुर्व्यवहार
एफएम र एचबीभी
कलेज अफ पुलिसिंग एफजीएम/सी
बाल यौन शोषण
आधुनिक दासत्व
पीछा गर्ने र उत्पीडन गर्ने

बलात्कारको सम्बन्धमा, बलात्कारको पहिलो प्रतिकार्य, मिथकहरू र रुढिवादलाई चुनौती दिने थप मार्गदर्शन र सहमतिको विषयलाई सम्बोध गर्न प्रहरी अनसन्धानकर्ता टुल कीट विकसित गरिएको छ ।

कलेज अफ पुलिसिङको आधिकारिक व्यावसायिक अभ्यासलाई परिपूर्ण गर्न एनपीसीसीले एचबीए, एफएम र एफजीएम सम्बन्धी रणनीति पनि विकास गरेको छ, जसले इङ्गल्याण्ड, वेल्स र उत्तरी आयरल्यान्डका ४३ प्रहरी फौज प्रमुख कन्स्टेबलहरूलाई नीतिगत मार्गदर्शन प्रदान गर्दछ ।

(३) शाही अभियोजन सेवाले आफ्ना अभियोजनकर्ताहरूलाई महिला तथा किशोरी विरुद्ध हिंसासम्बन्धित अपराधहरूको अभियोजनमा विचार गर्नका लागि कानुनी नीति निर्देशन पनि प्रदान गरेको छ, जसमा देहाय समावेश छन् :

घरेलु दुर्व्यवहार
बाल यौन दुर्व्यवहार

[४५] England and Wales Chapter in Manual on the Law Relating to Violence against Women (2018), Sarkaria, N., and Campbell, G. European Lawyers Foundation. https://elf-fae.eu/wp-content/uploads/2018/06/Manual-on-the-law-relating-to-violence-against-women.pdf

एफएमजी/सी कानुनी मार्गदर्शन
एफएम र एचबीभी कानुनी मार्गदर्शन
यौनकर्मी सम्बन्धी मार्गदर्शन
पीछा गर्ने र उत्पीडन
मानव बेचबिखन, तस्करी र दासत्व

(४) इङ्गल्याण्ड र वेल्समा, सीपीएस, प्रहरी बलहरू, कलेज अफ पुलिसिङ र एनपीसीसीबीच बलियो कार्यगत सम्बन्ध रहेको छ। यो व्यावसायिक कार्यगत सम्बन्ध विशेषगरी महिला तथा किशोरी विरुद्ध हिंसाका मामिलाहरूका सम्बन्धमा बलियो छ, जहाँ संकटासन्न पीडित/प्रभावितहरूको आस्था र विश्वास सुरक्षित गर्नका लागि एकीकृत दृष्टिकोण हुनुपर्छ र साथै सफल अभियोजनहरू सुरक्षित गर्नका लागि सबैभन्दा उत्तम प्रमाणहरू प्राप्त गर्नुपर्दछ। यो पछिल्लो पक्ष पनि संकटासन्न पीडित/प्रभावितहरूको न्यायमा पहुँच सुनिश्चित गर्नका लागि आधारभूत पक्ष थियो, जसले उनीहरूको आस्था र विश्वासलाई थप सुरक्षित गर्दछ।

(५) माथि उल्लेखित कुरा हासिल गर्न सीपीएस, एनपीसीसी र प्रहरी बलहरूले बहुमूल्य संयुक्त प्रशिक्षण सत्रहरूको सञ्चालन र विशेष गरी बलात्कार, एचबीए, एफएम र एफजीएम/सी को अनुसन्धान र अभियोजनमा संयुक्त प्रोटोकलहरू विकास गरेका छन्।

बाकस १३

मोन्टेनेग्रोले महिला विरुद्ध हिंसा कम गर्न बहु-निकायगत प्रयासहरूको थालनी गरेको छ। सन् २०१८ मा, घरेलु हिंसाका घटनाहरूको सम्बोधन गर्ने संस्थाहरूको चक्रमा रहेको कमजोर कडीहरूलाई लक्षित गर्न एउटा 'कार्यसञ्चालन टोली' को स्थापना गरिएको थियो। टोलीमा गृह मन्त्रालय, प्रहरी निर्देशनालय, श्रम तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य मन्त्रालय, उच्च अदालत, सर्वोच्च अदालत, सरकारी वकिलको कार्यालय, प्रहरी कार्यसञ्चालनका लागि सार्वजनिक नियन्त्रण परिषद्, र हिंसाबाट पीडित/प्रभावितको संरक्षणमा संलग्न पाँचवटा गैर-सरकारी संस्थाका प्रतिनिधिहरूसहित विभिन्न निकायका १९ सदस्य रहेका छन्। टोलीले एक समन्वयकारी निकायको रूपमा काम गर्दछ र यसको लक्ष्य सान्दर्भिक मार्गदर्शनहरू र पहलहरूको प्रवर्द्धन्मार्फत घरेलु हिंसाको चक्रमा रहेको समस्याहरूको समाधान गर्नु रहेको छ।

न्याय निरन्तरताका अन्य पात्रहरूसँग समन्वयात्मक प्रतिकार्यहरू

न्याय प्रक्रियामा अवरोधहरू

हिंसाको घटना भइसकेपछि महिलाले स्वास्थ्य सेवा वा प्रहरीलाई सम्पर्क नगर्दा स्थानीय तहमा न्याय प्रक्रियामा अवरोध आउन सक्छ भन्ने कुरामा प्रहरी नेतृत्व सचेत हुनुपर्छ। त्यसैले प्रहरी नेतृत्वले नागरिक समाज र महिला संघसंस्थाहरूसँग सम्पर्क गरेर स्थानीय समस्याहरूको बुझाइ र चेतना विकास गर्नु महत्वपूर्ण छ, र त्यसका बारेमा केही पछि छलफल गरिनेछ।

उदाहरणका लागि, अल्पसंख्यक समूहका महिलाहरू र आर्थिक रूपमा विपन्न महिलाहरूले भेदभावको डरलाई चिकित्सा सेवाहरूमा सम्पर्क नगर्नु वा हिंसाको घटना पछि प्रहरीलाई फोन नगर्नुको कारण भनी उल्लेख गरेका छन्। हालै गरिएको एक सर्वेक्षणमा, रोमा समुदायका महिलाहरू रोमा समुदायहरूमा हिंसा सामान्य कुरा हो भन्ने विश्वासका कारण अधिकारीहरूले सहयोग गर्दैनन् विशेष चिन्ता व्यक्त गरेका थिए।[४६]

बाकस १४

ओएससीईको नेतृत्वमा भएको महिला विरुद्धको हिंसासम्बन्धी सर्वेक्षण: विपन्न महिलाका अनुभवहरू (सन् २०१९)

सर्वेक्षणले स्पष्ट रूपमा महिलाका केही समूहहरू हिंसाको सामना गर्ने बढी जोखिममा छन् र विपन्न समूहका महिलाहरूले प्रायः विशेष चुनौतीहरूको सामना गर्छन् भन्ने कुरा पाएको छ। महिलालाई असर गर्ने धेरै विभेदकारी कारक तत्वहरू अन्तरसम्बन्धित छन्। गरिबी, न्यून शिक्षाको स्तर र बाल र जबरजस्ती विवाह महिला र किशोरीहरूलाई हिंसाको जोखिममा पार्ने र यसको बढ्दो शारीरिक र मनोवैज्ञानिक प्रभावमा योगदान

४६ OSCE-led survey on violence against women: Experiences of disadvantaged women (OSCE, 2019), at:https://www.osce.org/secretariat/430007?download=true

पुर्याउने प्रमुख कारकहरू हुन् । अल्पसंख्यक समूहसँग सम्बन्धित हुनु, अपाङ्ग हुनु वा शरणार्थी वा विस्थापित हुनु पनि प्रायः गरिबी र भेदभावसँग सम्बन्धित सबै कारकहरू हुन् जसले हिंसाको बढ्दो जोखिम र फरक अनुभूति निम्त्याउँछ ।

यसका अतिरिक्त केही पिछडिएका समूहहरूमा बढी सामान्य रहेको अन्तर्निहित सामाजिक मुल्यमान्यताहरू र मनोवृत्तिहरू र प्रायः गरिबीले ग्रस्त हुने भएकाले त्यसले लैङ्गिक असमानता र महिला विरुद्ध हिंसामा योगदान पुर्याउँछ । पूर्व शरणार्थी/विस्थापित महिलाहरू, प्राथमिक शिक्षा वा कम शिक्षा भएका महिलाहरू र जातीय/धार्मिक अल्पसंख्यकहरूका महिलाहरूमाझ महिलाको अधीनतासँग सम्बन्धित मानसिकता, पीडितलाई दोष दिने र हिंसालाई निजी मामिलाको रूपमा हेर्ने मनोवृत्तिहरू व्याप्त छन् । त्यस्ता धारणाहरूले उच्च मात्रामा हुने उजुरीको व्यापकतासँग मेल नखाने भएपनि हिंसा अझै पनि सामान्य छ, र त्यसमासामाजिक मुल्यमान्यता र मनोवृत्तिले योगदान पुऱ्याइरहेको हुनसक्छ ।

त्यस्ता मान्यताहरूको व्यापकताले लैङ्गिक असमानता, दुर्व्यवहारप्रति सहिष्णुता र समाजमा बोल्न डर लाग्ने अवस्थाको वातावरणमा पनि योगदान गर्न सक्छ । विपन्न समूहका महिलाहरूले सहयोगी सेवाहरू प्राप्त गर्न थप बाधाहरूको सामना गर्छन् । कतिपय अवस्थामा महिलाहरूलाई मद्दत गर्नेपर्ने सेवा प्रदायक र अधिकारीहरूबाट हुने संस्थागत भेदभावको डरले पनि यी अवरोधहरू विद्यमान छन् । गुणात्मक अनुसन्धानले रोमा महिलाहरू सहित केही जातीय-अल्पसंख्यक समूहका महिलाहरूका लागि यो सत्य भएको देखाएको छ । धेरै विपन्न महिलाले आर्थिक निर्भरताका कारण सेवा लिन नसकेको पनि बताउँछन् । यसले सबै महिलाहरूका लागि वित्तीय सुरक्षा कवच उपलब्ध छ भनी सुनिश्चित गर्ने आवश्यकतालाई जोड दिन्छ ।[४७]

प्रहरी नेतृत्वले पीडित/प्रभावितलाई न्याय प्रक्रियासँगको सम्बन्ध पुनः निर्माण गर्न देहाय अनुसार मद्दत गर्न सक्छ :

- अल्पसंख्यक भाषाहरूमा सूचना र सेवाहरू प्रदान गर्ने;
- ग्रामीण र दुर्गम स्थानहरूमा स्थापित सेवाहरू (स्थायी वा घुम्ती) छन् कि छैनन् भनेर जाँच गर्ने;

बाकस १५

अपाङ्गता भएका व्यक्तिहरूका लागि सामान्य अन्तर्वार्ता विधिहरू

१. पीडित/प्रभावितलाई आदर र सम्मानका साथ सम्बोधन गर्नुहोस् , जस्तैः अन्य सबै व्यक्तिहरूलाई गरे सरह
२. कुराकानी गर्न र अन्तर्वार्ता सञ्चालन गर्न थप समय दिनुहोस्;
३. सरल, सटिक र संक्षिप्त भाषाको प्रयोग गर्नुहोस् ;
४. 'हो' वा 'होइन' मा जवाफ दिनु पर्ने बन्द प्रश्नहरू भन्दा खुला प्रश्नहरू प्रयोग गर्नुहोस्
५. खास उत्तरतर्फ संकेत गर्ने सुझावपूर्ण प्रश्नहरू नसोध्नुहोस् ;
६. यदि पीडित/प्रभावित व्यक्तिले तपाईलाई नबुझेमा आफ्ना प्रश्नहरू दोहोऱ्याउनुहोस् । आवश्यक भएमा सूचना तथा जानकारी दोहोऱ्याउनुहोस्;
७. कुराकानीलाई सहज बनाउन तस्बिर, चिन्हरू, शारीरिक हाउभाउ, सम्भव भएसम्म प्रयोग गर्नुहोस्;
८. तपाईले उपलब्ध गराउनुभएको जानकारीको व्याख्या उनीहरूलाई गर्न लगाएर पीडित/प्रभावित व्यक्तिले तपाईले भनेको कुरा बुझेका छन् कि छैनन् भनी सुनिश्चित गर्नुहोस्;
९. समर्थन र प्रोत्साहन गर्नुहोस् । अन्तर्वार्ता सञ्चालन गर्दा धैर्यता राख्नुहोस् ।

स्रोत : Investigation, Protection, and Support Measures for GBV Victims' Resource Book: Experience and Guidelines of the Korean Police (UNDP Seoul Policy Centre, 2019).

- अपाङ्गता भएका महिला र किशोरीहरूका लागि सूचना र सेवाहरूको पहुँचयुक्ततामा सुधार गर्ने (बाकस १५ अपाङ्गता भएका व्यक्तिहरूका लागि सामान्य अन्तर्वार्ता प्रविधिहरू हेर्नुहोस्) ;
- सबै सेवाहरू निःशुल्क उपलब्ध गराइएको र विपन्न समूहका महिलाहरूका लागि अतिरिक्त खर्चहरू न्यूनीकरण गरिएको (उदाहरणका लागि यातायात, बाल हेरचाह वा चिकित्सकको शुल्कसँग सम्बन्धित खर्चहरू) सुनिश्चित गर्ने ;
- अनलाइन र अफलाइन दुवै लगायत विभिन्न माध्यमबाट उपलब्ध सेवाहरूको बारेमा महिला र किशोरीहरूलाई जानकारी दिने ;

४७ Ibid.

- विपन्न समूहका महिलाहरूको विशेष आवश्यकता र चुनौतिहरूलाई प्रहरी र न्यायपालिकाका लागि पीडितहरूलाई कसरी सुरक्षा र समर्थन गर्ने, पीडित/उत्पन्न-केन्द्रित दृष्टिकोण लागू गर्ने र रिपोर्टिङ प्रणालीमा सुधार गर्ने सबै तालिमहरूमा एकीकृत गर्ने ;

- संकटासन्न वा अल्पसंख्यक समूहका प्रतिनिधिहरूसँग मिलेर सुविधाबाट बञ्चित महिलाहरूका विशेष आवश्यकताहरूका बारेमा प्रहरी र न्यायपालिको सचेतना जगाउने, जसको अतिरिक्त लक्ष्य यी महिलाहरूका बारेमा विद्यमान लैङ्गिक रुढिवादको प्रतिवाद गर्ने होस् ।

नागरिक समाज सँग काम गर्ने

प्रहरी नेतृत्वले कानुनभित्र रहेर न्याय र सुरक्षा क्षेत्रका निकायहरू, स्वास्थ्य र सामाजिक हेरचाह क्षेत्रसँग मिलेर महिला तथा किशोरी विरुद्ध हिंसाका पीडित/प्रभावितहरूलाई न्यायोचित नतिजाहरू प्रदान गर्न काम गर्नुपर्छ । व्यक्ति अनुकूल सहयोग र सहायता आवश्यक हुन्छ, जसले संलग्न महिलाहरूको अन्तरसम्बन्धित अनुभवलाई पूर्ण रुपमा ध्यानमा राख्नु पर्छ । व्यक्ति अनुकूल सहयोगका उदाहरणहरूमा घरेलु दुर्व्यवहारमा विशेषज्ञता रहेको र गतिशील प्रकृतिका कारणले ग्रामीण क्षेत्रमा बस्ने महिलाहरूसम्म पुग्न सक्ने सहायता टोलीहरूमा पहुँच समावेश छ ।

बाकस १६ (युएनएफपीए जनवरी २०१९)[४८]

स्लोभियान्स्क, युक्रेन

युएनएफपीएको घुम्ती मनोसामाजिक सहायता टोलीहरूले लैङ्गिक हिंसाबाट पीडित/प्रभावितहरूलाई विभिन्न प्रकारका सहयोगहरू प्रदान गर्दछ । टोलीले घरेलु दुर्व्यवहारबाट पीडित/प्रभावितहरूलाई सुरक्षित आवास गृहमा जान मद्दत गर्न सक्छ र विशेषगरी ग्रामीण क्षेत्रमा पहुँच बाहिर हुन सक्ने महिलाहरूलाई यो सहयोग महत्वपूर्ण छ । युएनएफपीको प्रत्येक घुम्ती टोली तीन जना विशेषज्ञहरू मिलेर बनेको हुन्छ, जसमा एक जना संयोजक, एक जना मनोवैज्ञानिक र एक जना सामाजिक कार्यकर्ता हुन्छन् । यस टोलीले घरेलु हिंसाबाट प्रभावितहरूलाई ध्यान दिएर सहयोगको खाँचो परेका परिवारहरूलाई भेट्छ । घुम्ती टोलीहरूले परिवारको अवस्था अनुगमन गर्न, उनीहरूको घरमा पटक-पटक जान, हिंसाबाट प्रभावित तथा पीडित व्यक्तिलाई सामाजिक सेवाको लागि केन्द्रमा ल्याउन, वा आवश्यक सहयोग प्रदान गर्न सक्ने राज्यका अन्य संस्था वा वकिलहरूलाई मुद्दा सुम्पन सक्छन् ।

बाकस १७

महिलाको शहर : एल साल्भाडोरमा सामाजिक समावेशीकरणको सचिवालय (एसआइएस) द्वारा स्थापित महिला तथा किशोरी विरुद्ध हिंसा सेवा र प्रतिकार्यका लागि एक नवीन दृष्टिकोण । महिला सहर एउटै छाना (महिला सहर केन्द्रहरू) मुनि एकीकृत सेवाहरू प्रदान गरेर महिलाहरूलाई सशक्तीकरण गर्ने एउटा अनुपम नमुना हो । ती सेवाहरू एसआइएसको नेतृत्वमा विभिन्न सार्वजनिक संस्थाहरू (सेवा प्रदायकहरू) द्वारा प्रदान गरिन्छ । महिला शहर केन्द्रहरूमा देहाय सेवाहरू समावेश छन् :

- महिला विरुद्ध हुने हिंसाको रोकथाम र प्रतिकार्य
- यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरू
- आर्थिक स्वायत्तता स्थापनाको लागि सहयोग

महिला अधिकार प्रवर्द्धन् गर्न र महिला तथा किशोरी विरुद्ध हिंसाको रोकथाम गर्न सामूहिक शिक्षा ; र महिलाहरूले केन्द्रमा सेवाहरू प्रयोग गरेको समयमा १२ वर्ष मुनिका बालबालिकाहरूका लागि बाल हेरचाह ।

एउटै स्थानमा धेरै सेवाहरू संयोजन गरेर यस मोडेलले व्यापक रूपमा छरिएर रहेका सार्वजनिक सेवाहरूसम्म पुग्न महिलाहरूले खर्च गर्ने समय र स्रोतहरू घटाउँछ । महिलाको शहर दृष्टिकोणले प्रत्येक महिलालाई विशेषरूपमा लक्षित महिला तथा किशोरी विरुद्ध हिंसा प्रतिक्रिया सेवाहरूको अनुकूलित र समन्वयकारी प्याकेज सहयोग प्रदान गर्दछ । यस दृष्टिकोणले सेवाहरूको गुणस्तर र प्रवाहका लागि पनि स्थान दिन्छ, किनभने यसले संस्था भरी समन्वय गरिएको सेवा प्रावधानको श्रृंखलामा आधारित छ ।

प्रतिकार्य सेवाहरू (जस्तै शारीरिक चोटपटकको उपचार, मनोसामाजिक सहयोग, आदि) प्राप्त गर्नुको अतिरिक्त महिलाहरूले आर्थिक स्वतन्त्रता हासिल गर्नसक्ने गतिविधिहरूमा पनि भाग लिन्छन्, जसले गर्दा हिंसाको वातावरण छोड्ने विकल्पहरू बढाउँछन् । केन्द्रहरूमा सेवा प्रदायकहरू बीचको अन्तर-संस्थागत समन्वयले महिला तथा किशोरी विरुद्ध हिंसासँग सम्बन्धित नभएका सेवाहरू चाहनेहरूका लागि प्रवेश विन्दुको रूपमा सेवा गरेर हिंसाबाट प्रभावित महिलाहरूको पहिचान र सिफारिस गर्ने अवसरहरू पनि बढाउँछ ।[४९]

४८ To tackle domestic violence, Ukraine looks to UNFPA's mobile assistance teams (UNFPA, 2019) at:https://www.unfpa.org/news/tackle-domestic-violence-ukraine-looks-unfpa-mobile-assistance-teams

४९ 'Good practice in designing a community-based approach to prevent domestic violence', Expert paper Expert Group Meeting Organized by UN Division for the Advancement of Women in collaboration with UNODC(17 to 20 May 2005 Vienna, Austria), prepared by Lori Michau Raising Voices Kampala, Uganda, at:https://www.un.org/womenwatch/daw/egm/vaw-gp-2005/docs/experts/michau.community.pdf

तथ्याङ्कको उपयोग

केही क्षेत्राधिकारहरूमा आरोप दायर गर्ने प्रारम्भिक निर्णय, लगाइएका आरोपहरू र समर्थक प्रमाणहरूको प्रभावकारी सङ्कलनका लागि प्रहरी जिम्मेवार हुन सक्ने भएपनि त्यसका लागि उनीहरू मात्र जिम्मेवार छैनन् । उदाहरणका लागि, इजिप्ट जस्ता केही क्षेत्राधिकारहरूमा, अभियोजनकर्ताले अनुसन्धान र आरोप दायर गर्ने प्रक्रियालाई निर्देशन गर्छ । सफल अभियोजनमा भएको वृद्धिले आरोप लगाउने र प्रमाण सङ्कलन गर्ने सम्बन्धमा प्रहरी र अभियोजनकर्ताहरूको प्रभावकारिताको सूचक (प्रोक्सी उपाय भए पनि) हुनेछ ।

स्थानीय तथ्याङ्कले प्रहरी नेतृत्वलाई खास अपराधहरू पहिचान गर्न मद्दत गर्न सक्छ, जसका लागि उनीहरूको कर्मचारीको कार्यसम्पादन सुधार गर्न आवश्यक छ । उदाहरणका लागि, बेलायतमा स्थानीय फौजदारी न्याय बोर्डहरूले फौजदारी अपराधहरूको सम्बन्धमा हुने गिरफ्तारी र आरोपसम्बन्धी स्थानीय तथ्याङ्क सङ्कलन गर्दछ । हाल बेलायतमा बलात्कारका अपराधको छानबिन र अभियोग लगाउने तरिकामा सुधार ल्याउनेतर्फ प्रयासहरू केन्द्रित छन् । फौजदारी न्याय निकायको रूपमा प्रहरी सेवा राष्ट्रिय फौजदारी न्याय बोर्ड र स्थानीय फौजदारी न्याय बोर्डको सदस्य हो ।

बाकस १८

संयुक्त अधिराज्यमा, अभियोजन निकायले वार्षिक रुपमा महिला तथा किशोरी विरुद्ध हिंसा कार्यसम्पादन प्रतिवेदन प्रकाशित गर्छ जसले चलाइएका मुद्दाहरूको सङ्ख्या र प्राप्त परिणामहरूमाथि प्रकाश पार्दछ । यस तथ्याङ्क सङ्कलनले महिला तथा किशोरी विरुद्ध हिंसा संलग्न हुने साइबर अपराधहरूको पहिचान, आरोप लगाउने र अभियोजनमा सुधार गरेको छ ।

सूचकहरू

प्रहरी नेतृत्वले न्याय र सुरक्षा क्षेत्रका निकायहरूको कार्यसम्पादन र न्याय प्रक्रियामा पीडित/प्रभावितहरूका लागि परिणामहरूको तस्विर कोर्न योगदान पुऱ्याउन सक्ने सूचनाहरूको सङ्कलनका लागि राष्ट्रिय सूचकहरूको जागरूकता विकास गर्नुपर्छ । सूचकहरूमा उदाहरणका लागि पीडित/प्रभावित व्यक्ति अदालतमा उपस्थित नहुनु, प्रहरीले उपलब्ध रहेको भिडियो प्रमाण प्रस्तुत नगर्नु, जसको परिणामस्वरूप मुद्दा न्यायाधीशद्वारा रोकिएको वा उपलब्ध सामाजिक सञ्जाल प्रमाणहरू प्राप्त गर्न असफल हुनु र प्रयोग नभएका सामग्रीको खुलासालाई रोक्नु समावेश छ ।

बेलायतमा, राष्ट्रिय फौजदारी न्याय बोर्डले आपराधिक न्याय प्रणालीका लागि राष्ट्रिय प्राथमिकताहरू निर्धारण गर्दछ, जसलाई त्यसपछि व्यवस्थापन र प्रवाहसम्बन्धी स्थानीय फौजदारी न्याय बोर्डहरूमा पठाइन्छ ।

प्रहरी संगठनहरूद्वारा लिङ्ग-संवेदनशील तथ्याङ्क सङ्कलनमा थप छलफलका लागि अध्याय १०: 'संस्था निर्माण' पनि हेर्नुहोस् ।

प्रहरी र अभियोजनकर्ताहरूले संयुक्त प्रमाण जुटाउने असल अभ्यासलाई नीति, कार्यविधि र उपयुक्त भएको अवस्थामा अनुकूल कानुनमा एकीकृत गर्ने

प्रहरी नेतृत्वले निकायको जिम्मेवारीहरूको जागरूकता र बुझाइ बढाउन महिला तथा किशोरी विरुद्ध हिंसालाई सम्बोधन गर्न प्रभावकारी सहकार्यको संस्कृति प्रवर्द्धन् गर्न र असल अभ्यासको पालना भएको सुनिश्चित गर्नका लागि प्रमाण जुटाउनका लागि प्रहरी र अभियोजनकर्ताहरूका लागि प्रमाण जुटाउने स्थानीय निर्देशिका छ वा छैन भनेर जाँच गर्नुपर्छ । जहाँ यो छैन, तपाईंले स्थानीय अभ्यासमा सुधार गर्न स्थानीय सम्झौताले मद्दत गर्न सक्छ कि भनेर विचार गर्न सक्नुहुन्छ । प्रहरी नेतृत्वले अभियोजनकर्ताहरूसँग मिलेर काम गर्ने तरिकामा सुधार गर्न नजिकमा रहेको काम गर्नेतर्फ विचार गर्नुपर्छ ।

उदाहरणका लागि, बेलायतमा घरेलु दुर्व्यवहारको समाधान गर्न प्रहरी र अभियोजनकर्ताहरूले मिलेर काम गर्न आवश्यक छ भन्ने ज्ञान भएपछि, प्रहरीले प्रत्येक घरेलु दुर्व्यवहारको मामलामा सीपीएसलाई पूर्ण संयुक्त प्रमाण चेकलिस्ट उपलब्ध गराउन आवश्यक छ, जहाँ आरोप लगाउने बारे सल्लाह वा आरोप दर्ता गर्ने निर्णय आवश्यक हुन्छ ।

बाकस १९

संयुक्त अधिराज्यको उदाहरण : संयुक्त प्रमाण चेकलिस्ट[५०]

घरेलु दुर्व्यवहारका अपराधहरूलाई अब प्रहरी र अभियोजनकर्ताहरूले गम्भीर रूपमा लिने र घरेलु दुर्व्यवहारका मुद्दाहरूको अभियोजनमा सुधार ल्याउन अन्य पक्षहरूसँग हात मिलाएर काम गर्ने सुनिश्चित गर्न चेकलिस्ट निर्माण गरिएको हो ।

केही क्षेत्रहरूमा अभियोजन दरहरू गत दुई वर्षमा पाइलट परियोजनाहरूमा विकसित गरिएका प्रविधिहरू प्रयोग गरेर लगभग १० % ले सुधार भएको छ, जसमा गोप्य रुपमा प्रमाण दिन सक्षम साक्षीहरू समावेश छन् ।

५० 'Evidence gathering - Joint Police-CPS Evidence Checklist'Domestic Abuse Guidelines for Prosecutors (2020). Crown Prosecution Service, at: https://www.cps.gov.uk/sites/default/files/documents/publications/npcc_cps_joint_evidence_gathering_checklist_2015.docm

नयाँ अभियोजन उपायहरू सन् २०१६ देखि लन्डन, नटिङ्घम र योर्कशायरमा सिपिएस नमूना परियोजनाहरूमा विकसित गरिएको छ । त्यसमा देहाय समावेश छन् :

- यहाँको वातावरण बारेमा आफूलाई परिचित गराउन पीडित/प्रभावितहरूले मुद्दाको सुनुवाइ अघि अदालत जान सक्छन् भन्ने कुरा सुनिश्चित गर्ने ;
- पीडित/प्रभावितहरूलाई अदालतले अनुमति दिएसम्म गोप्य रुपमा प्रमाण दिन अनुमति दिने ;
- सम्भव भएसम्म पीडित र अपराधीहरूका लागि छुट्टै अदालतको प्रवेशद्वारहरूका साथै बाल हेरचाह सुविधाहरू प्रदान गर्ने;
- पीडितहरूलाई सहयोग गर्न घरेलु दुर्व्यवहारसम्बन्धी स्वतन्त्र सल्लाहकार बाट राम्रो सहयोग ।[५१]

यो देहाय कुराहरू सुनिश्चित गर्नको लागि हो : निर्णयहरू समयमै लिइएको ; जहाँ एक भन्दा बढी भएको अवस्थामा प्रत्येक उजुरीकर्ताका लागि आरोप दायर गर्ने चेकलिस्ट पूरा गरिएको; आरोपित अपराधीको भूमिका र व्यवहार सहित सबै उपलब्ध प्रमाणहरूको मूल्याङ्कन मार्फत समग्र आरोपमाथि विचार गरिन्छ । उजुरीकर्ता र कुनै पनि बालबालिका वा अन्य आश्रितहरूको सुरक्षालाई पनि प्राथमिक ध्यान दिनुपर्ने पक्षका रूपमा विस्तृत रूपमा उल्लेख गरिएको छ र पीडित/प्रभावितहरूलाई यथाशीघ्र सम्भावित अवसरमा विशेषज्ञ सेवा सहायतामा प्रेषण गरिन्छ ।

समुदायको नेतृत्वका समाधानहरू

महिला र किशोरीहरू विरुद्ध हुने हिंसालाई सम्बोधन गर्न समुदायको नेतृत्वका समाधानहरू निर्धारण गर्न मद्दत गर्नका लागि आफूले प्रहरी सेवा दिइरहेको समुदायहरूसँग आफ्ना कर्मचारी संलग्न हुन्छन् भन्ने कुरामा प्रहरी नेतृत्व सचेत हुनुपर्छ । उदाहरणका लागि, धार्मिकस्थलहरूमा गएर प्रहरी नेतृत्वले महिला नेताहरूसहित समुदायका अगुवाहरूसँग सम्बन्ध-सम्पर्क बढाउन सक्छ, र समुदायहरूलाई उनीहरूले सेवा गर्ने समाजमा के अस्वीकार्य व्यवहार हो भनेर जानकारी गराउन सक्छ, र समुदायहरूले स्थानीय प्रहरी कार्यप्रतिको आफ्नो दृष्टिकोणबारे जानकारी गराउन सक्छन् ।

महिला तथा किशोरी विरुद्ध हिंसाको रोकथाममा दीर्घकालीन सफलता (इकोलोजिकल मोडेलको) सबै स्तरहरूमा विस्तृत अवधारणाहरूमा निर्भर हुन्छ (कुग र अन्य, २००२:१६)। कुग र अन्यले ती कारकहरूका बारेमा एउटा उपयोगी सिंहावलोकन प्रदान गर्दछन् । इकोलोजिकल मोडेलले हिंसा प्रयोग गर्ने कुनै पनि व्यक्तिको निर्णयमा योगदान गर्ने विभिन्न कारकहरूको समग्र विश्लेषण प्रदान गर्दछ (हेइसे, १९९८) । इकोलोजिकल मोडेलले हिंसात्मक व्यवहार व्यक्तिगत, सम्बन्धजन्य, साम्प्रदायिक र सामाजिक आयामहरूको जटिल अन्तरक्रियाबाट सिर्जना हुने देखाउँछ । यसले प्रभावका चार क्षेत्रहरूमध्ये कुनै एउटामा एउटा कारकले हिंसा हुने होइन तर व्यक्तिको मनोवृत्ति, व्यवहार र छनौटलाई प्रभावित गर्ने विभिन्न क्षेत्रभित्रका धेरै कारकहरू भएका कारण बढी जटिल हुन्छ भन्ने कुरामा जोड दिन्छ ।

सामुदायिक नेतृत्वका समाधानहरूका लागि प्रमुख आधार भनेको समुदायहरूलाई परिचालन गर्न आवश्यक हुन्छ । समुदायहरूलाई परिचालन गर्नका लागि मार्गदर्शक सिद्धान्तहरू देहाय समावेश छन् :

क **रोकथाम** दीर्घकालीन, दिगो परिवर्तनलाई प्रभाव पार्नको लागि, संस्थाहरूले प्रतिक्रियात्मक अडानको सट्टा अग्रसक्रियता अपनाउनुपर्छ । प्राथमिक रोकथाममा महिला विरुद्ध हिंसाको मूल कारणहरूलाई सम्बोधन गर्ने कार्य समावेश हुन्छ उदाहरणका लागि घरेलु हिंसा किन हुन्छ भन्ने कुराको लिङ्गमा आधारित विश्लेषण प्रस्तुत गर्ने । यसको अर्थ समाजमा महिलाको हैसियत, शक्तिको असन्तुलन र कठोर लैंगिक भूमिकालाई घरेलु हिंसाको मूल कारण मान्नु हो ।

ख **सम्पूर्णता** घरेलु हिंसा रोकथामको लागि सम्पूर्ण समुदायको प्रतिबद्धता र संलग्नता आवश्यक छ । यसको अर्थ संस्थाहरूले समुदाय र त्यहाँ बसोबास गर्ने व्यक्तिहरूलाई मार्गनिर्देशित गर्ने जटिल इतिहास, संस्कृति, र सम्बन्धहरूलाई स्वीकार गर्दै परिवर्तनको लागि पर्याप्त गति प्रदान गर्न प्रहरी वा स्वास्थ्य सेवा प्रदायकहरू आदिलाई समावेश गर्नुपर्छ ।

ग **सामाजिक परिवर्तनको प्रक्रिया** सामुदायिक मुल्यमान्यताहरू परिवर्तन गर्ने कुरा एउटा प्रक्रिया हो, एक पटकमा हुने कार्य होइन । मानिसहरू स्वाभाविक रूपमा परिवर्तनको

अधिकारमा आधारित अवधारणाले मानिसहरुलाई उनीहरुको आफ्नै व्यक्तिगत विकासमा मुख्य कर्ताका रुपमा निर्माण गर्दछ र सो प्रक्रियामा विद्यमान असमानताहरुको विश्लेषण गर्ने प्रयास गर्छ, जुन उनीहरुको अधिकारको उपभोगमा र भेदभावपूर्ण अभ्यासहरु तथा शक्तिको अन्यायपूर्ण वितरणलाई हटाउन बाधाहरुको केन्द्रबिन्दुमा रहेको हुन्छ ।

[५१] CPS to Extend Effective Domestic Violence Prosecution Scheme. Techniques Developed in Pilot Projects have Improved Conviction Rates (2018), Bowcott, O. for The Guardian, at:https://www.theguardian.com/law/2018/dec/18/cps-to-extend-effective-domestic-violence-prosecution-scheme

प्रक्रियाबाट कसरी गुज्रन्छन् भन्ने बुझाइमा आधारित प्रयासहरू समुदायमा अव्यवस्थित सन्देशहरू थोपर्नु भन्दा बढी प्रभावकारी हुन सक्छन् । त्यसैकारण सामाजिक परिवर्तनलाई सम्भव बनाउने प्रयासहरू व्यवस्थित रूपमा कार्यान्वयन गर्नुपर्छ । यसको प्रयास गर्ने संस्थाहरू परिवर्तनको यात्रामा समुदायसँग काम गरेर, मार्गदर्शन, सहजीकरण र समर्थन गरेर व्यक्तिगत र सामूहिक परिवर्तनको कुशल सहजकर्ता बन्न सक्छन् ।

घ. **विचारप्रति निरन्तरको अन्तर्क्रिया** समुदायका सदस्यहरूलाई स्थिर समयावधिमा विभिन्न स्रोतहरूबाट प्राप्त हुने नियमित र पारस्परिक रूपमा सुदृढ पार्ने सन्देशहरूसँग अन्तर्क्रिया गर्न आवश्यक हुन्छ ।

ङ. **मानवअधिकार कार्यढाँचा** घरेलु हिंसा रोक्नका लागि अधिकारमा आधारित अवधारणाले महिला र समुदायलाई सशक्तीकरण गरिरहेको हुन्छ ।

च. **सामुदायिक स्वामित्व** समुदायमा विद्यमान हानिकारक विश्वास र प्रचलनहरू परिवर्तन गर्ने उद्देश बोकेका प्रभावकारी परियोजनाहरूले त्यस समुदायका सदस्यहरूलाई संलग्न गराउनुपर्छ र त्यसमा उनीहरूको नेतृत्व हुनुपर्दछ ।[५२]

सामुदायिक स्वामित्व र नेतृत्वले परिवर्तनलाई प्रेरित गर्नसक्छ र बढ्दो बुझाईमार्फत महिला तथा किशोरी विरुद्ध हिंसाप्रतिको सामाजिक प्रतिकार्यहरूलाई प्रभावित गर्न सक्छ भन्ने कुरा प्रहरी नेतृत्वले ध्यानमा राख्नेछ ।

बाकस २०

बंगलादेशमा, महिला तथा किशोरी विरुद्ध हिंसामा स्थानीय समुदायहरूको संलग्नता एउटा महत्वपूर्ण अध्ययन भएको थियो र महिला तथा किशोरी विरुद्ध हिंसाको प्रतिकार्यका लागि केही ठोस सुझावहरू पहिचान गरियो ।[५३] यी सुझावहरूलाई व्यापक रूपमा विद्यमान संरचनाहरूको सुदृढीकरण र परिमार्जन र नयाँ संरचनाहरूको निर्माणमा वर्गीकरण गर्न सकिन्छ ।

पितृसत्तात्मक संरचना र विचारधाराले महिला तथा किशोरी विरुद्ध हिंसाबारे मौन संस्कृतिको विकास गर्ने भएकाले महिला तथा किशोरी विरुद्ध हिंसालाई सम्बोधन गर्न चुनौतीपूर्ण रहेको यो अध्ययनले देखाउँछ । स्रोतसाधनको अभाव, गाउँभित्रको शक्तिको आयामले सबै तहमा अपराधी (हरू)प्रति पक्षपाती हुने अवस्था र भ्रष्टाचारका कारण स्थिति झनै खराब रहेको अवस्था छ । समुदायका सदस्यहरूले प्रस्ताव गरेका समाधानहरूले पारिस्थितिक ढाँचाका सबै तहहरू (जस्तै, व्यक्ति, दम्पती, परिवार, समुदाय र समाज) लाई समावेश गरेका छन् र महिला तथा किशोरी विरुद्ध हिंसाको रोकथाम र प्रतिकार्य दुवैलाई समेटेका छन् ।

अध्ययनका सहभागीहरूले महिला तथा किशोरी विरुद्ध हिंसालाई सम्बोधन गर्न अन्तरज्ञान र नवीन सुझावहरू प्रदान गरे । जानकारी दिनेहरूले लैङ्गिक समानता, समानता र मानसिकतामा परिवर्तन समावेश गरी रोकथाम कार्यको आवश्यकतामाथि जोड दिए । पुरुष र महिला दुबैले सामान्यतया सामुदायिक अभियानको बारेमा कुरा गरे, महिलाहरूले सम्भावित पीडकहरू र पुरुष तथा केटाहरूलाई साझेदारका रूपमा लक्षित गर्न सुझाव दिए ।

स्थानीय जनता, विशेषगरी केटा र पुरुष, युवा क्लब, विद्यालय, मस्जिद, गैरसरकारी संस्था, स्थानीय तह र माथिल्लो तहमा सरकारलाई सहभागी गराउनु आवश्यक रहेको उनीहरूको भनाइ छ ।

महिलाहरूले अनौपचारिक भेला, बैठक, कार्यशाला, सेमिनार, गैसस समूहका सदस्यहरूको सत्रहरू, स्किट, सडक नाटक, चलचित्र प्रदर्शन र मोबाइल फोनमार्फत सन्देश पठाउने जस्ता धेरै तरिकाहरू सुझाए । पुरुषहरूले गरिबी न्यूनीकरणको बारेमा कुरा गरे र विशेषगरी पुरुषहरूका लागि रोजगारीका अवसरहरू महिला तथा किशोरी विरुद्ध हिंसा रोकथाम रणनीतिको रूपमा उल्लेख गरे भने महिलाहरूले महिलाको आर्थिक सशक्तिकरण र महिला तथा किशोरी विरुद्ध हिंसा रोकथामका लागि अन्य आयामहरूमा सशक्तिकरणको सिफारिस गरे ।

समीक्षासँग मिल्दोजुल्दो छन्, जसले किशोरकिशोरीहरूको आर्थिक सशक्तिकरण र व्यक्तिगत क्षमता र अन्य सीपहरूको विकास कार्यक्रमको संयोजनले किशोरी विरुद्ध हिंसा कम हुने देखाएको थियो ।[५४]

---

५२ Good Practice in Designing a Community-based Approach to Prevent Domestic Violence Expert Paper: Expert Group Meeting Organized by UN Division for the Advancement of Women in Collaboration with UNODC, 17 to 20 May 2005 Vienna, Austria. Prepared by Lori Michau for Raising Voices. Kampala, Uganda, at:https://www.un.org/womenwatch/daw/egm/vaw-gp-2005/docs/experts/michau.community.pdf

५३ From Evidence to Policy: Addressing Gender-Based Violence against Women and Girls in Bangladesh (2013). A report Submitted to Department for International Development by: icddr,b in collaboration with Population Council, at: https://assets.publishing.service.gov.uk/media/57a08a16ed915d3cfd0005a4/VAWG_Bangladesh_Final_Report.pdf

५४ A Review of the Evidence on Multi-sectoral Interventions to Reduce Violence against Adolescent Girls (2013)" Blanc, A.K., Melnikas, A., Chau, M., and Stoner, M. Integrated Approaches to Improving the Lives of Adolescent Girls Issue Papers Series: Girl Hub.

महिलाहरूले गरेका सिफारिसहरू विभिन्न विकासोन्मुख देशहरूमा सञ्चालित १४ वटा कार्यक्रमहरू हालैको अनौपचारिक र औपचारिक न्याय प्रणालीको पुनर्संरचना र सुदृढीकरणका लागि केही उपायहरू महिला तथा किशोरी विरुद्ध हिंसा र न्यायिक उपचारको प्रक्रियामा पीडित/प्रभावितहरूलाई पुनःपीडित वा पुनःआघात हुने अवस्थालाई सम्बोधन गर्न सुझाव दिइएको थियो । महिला र किशोरीहरूले महिला तथा किशोरी विरुद्ध हिंसालाई उपयुक्त ढंगले सम्बोधन गर्नका लागि सम्पूर्ण प्रणालीमा रहेको पुरुष वर्चस्वलाई एउटा उल्लेखनीय अवरोधका रूपमा पहिचान गरे ।

उनीहरूले देहाय अनुसारका सुझाव दिए : दुर्व्यवहार भएका व्यक्तिहरूको प्रतिरक्षा गर्न महिला संघ परिषद (युपी) सदस्यहरूको सशक्तीकरण गर्ने ; सलिशमा महिला प्रतिनिधित्व बढाउने; महिला मतबोरहरूलाई सलिशको नेतृत्व दिने; महिलाहरूलाई सबै तहमा साक्षीको रूपमा काम गर्न दिने, पीडितहरूलाई उनीहरूको मुद्दा प्रस्तुत गर्न र आफ्ना आवश्यकतालाई प्रस्तुत गर्न सुहाउँदो वातावरण सिर्जना गर्ने । सामुदायका अगुवा, प्रहरी र वकिलहरूमाझको भ्रष्टाचारलाई सम्बोधन गर्नका लागि दण्ड (जस्तै जरिवाना, निलम्बन वा बर्खास्ती) र पुरस्कारको व्यवस्था सहितको सुशासन सिफारिस गरिएको थियो ।

गाउँका भ्रष्ट नेताहरूलाई स्किटहरूमार्फत कलंकित गर्ने पनि सुझाव दिइएको थियो । अनौपचारिक वा औपचारिक न्याय प्रणाली दुवैमा न्याय खोज्ने प्रक्रियामाथि महिलाको नियन्त्रणको अभाव रहेको उल्लेख गर्दै महिला र किशोरीहरूले पीडितको विचारलाई सम्मान गरिनु महत्वमाथि जोड दिए । विचारलाई प्रतिनिधित्व गर्ने धारणा नारीवादी दृष्टिकोणको अवधारणा अनुरुप छ जसको सुरुवात समाजका कम शक्तिशाली सदस्यहरूले उत्पीडनको परिणामको रूपमा फरक वास्तविकताको सामना गर्छन् भन्ने विचारबाट हुन्छ (बेल्कनैप, सन् २००७)।

यो दृष्टिकोण प्रस्तुत गर्नु र बुझ्नु पीडित/प्रभावितहरूको तर्फबाट सामाजिक कार्यक्रमहरू विकास गर्न र सञ्चालन गर्न महत्वपूर्ण छ । सामुदायिक स्तरका मानिसहरू घरेलु हिंसा (रोकथाम र संरक्षण) ऐन २०१० का बारेमा अनभिज्ञ थिए । हाम्रो अध्ययनमा महिलाहरूले वर्तमान अवस्थामा एउटा महिलाले आफ्नो वैवाहिक घरमा बसेर सुरक्षा व्यवस्थाको लागि अनुरोध गर्नु अत्यन्त जोखिमपूर्ण रहेको सही रूपमा औंल्याए । यो पक्षलाई ऐन कार्यान्वयन गर्दा ध्यान दिनु जरुरी छ । दुर्व्यवहारमा परेका महिलाहरूको सुरक्षा सुनिश्चित गर्नु कार्यक्रमहरूको मुख्य पक्ष हुनुपर्छ ।यसका लागि बनाइएका रणनीतिहरू पिडित/प्रभावितलाई पुनः हानि नहोस् भन्नका लागि मद्दत खोज्ने अवधिमा र पछि लागू गर्न आवश्यक छ ।

बाकस २१

महिला तथा किशोरी विरुद्ध हिंसा रोकथामको अहिलेसम्मको सबैभन्दा सफल सामुदायमा आधारित मोडेलहरू मध्ये एक सेनेगलको थिइसमा टोस्टान नामक गैससले विकसित गरको अवाधरणा हो । समुदायमा आधारित शिक्षा कार्यक्रम मार्फत महिला जनेन्द्रिय छेद्न/काट्ने (एफजीएम/सी) लाई न्यूनीकरण गर्न प्रयास गर्ने सो कार्यक्रमले सब-सहारा अफ्रिकाका धेरै देशहरूमा लागु गरिएको छ ।

सम्बोधन गरिएका विषयहरूमा स्वास्थ्य, साक्षरता र मानव अधिकार समावेश छन् भने सहभागितामूलक विधिहरूले समुदायका सदस्यहरूलाई उनीहरूको गाउँमा प्राथमिकताका मुद्दाहरू चयन गर्ने अवसर प्रदान गरेका छन् । महिला जनेन्द्रिय छेद्न/काट्ने र अन्तरंग व्यक्तिबाट हुने हिंसा दुवै प्रमुख मुद्दाहरूको रूपमा देखा परे । धेरै अवस्थामा गाउँहरूले महिला जनेन्द्रिय छेद्न/काट्ने परम्परा परित्याग गर्ने र छिमेकी गाउँहरूलाई पनि त्यसै गर्न प्रोत्साहित गर्ने वाचा गरे ।

सेनेगलमा सो कार्यक्रमको अर्ध-प्रयोगात्मक मूल्याङ्कनले कार्यक्रम लागु भएको गाँउहरूमा महिलाहरूले तुलना गरिएका गाँउका महिलाहरूको तुलनामा पछिल्लो १२ महिनामा उल्लेखनीय रूपमा कम हिंसाको सामना गरेको पायो । ०-१० वर्षका बालिकाहरूका आमाहरूले पनि कार्यक्रम लागु भएको गाउँहरूमा महिला जनेन्द्रिय छेद्न/काट्ने कम भएको उल्लेख गरे। कार्यक्रम लागु भएका गाँउहरूमा प्रत्यक्ष रूपमा टोस्टान शिक्षा कार्यक्रममा सहभागी नभएका महिलाहरूले पनि हिंसा र महिला जनेन्द्रिय छेद्न/काट्ने परम्परा कम भएको जानकारी दिए, जसले कार्यक्रमको प्रभावको सफल विस्तारलाई संकेत गर्दछ ।[५५]

महिला तथा किशोरी विरुद्ध हिंसाका मामिलाहरूको संयुक्त कार्य र प्रभावकारी समाधान गर्न प्रहरी र अभियोजनकर्ताहरूलाई संयुक्त निकायगत तालिम

प्रहरी र अभियोजनकर्ताहरूले संयुक्त रुपमा तालिम लिनुपर्छ र व्यावहारिक भएको अवस्था न्याय र सुरक्षा क्षेत्रका अन्य निकायका सदस्यहरूलाई आ-आफ्नो भूमिकाका बारेमा सचेतना र समझदारी बढाउन आमन्त्रित गर्नुपर्छ ।[५६]

---

५५ The TOSTAN Program. Evaluation of a Community based Education Program in Senegal.Diop, N. J., Faye, M. M., Moreau, A., Cabral, J., & Benga, H. (2004). New York: Population Council. https://namati.org/wp-content/uploads/2015/12/Tostan-Senegal-2004-evaluation.pdf

५६ युएन वुमन इथियोपियाले न्याय क्षेत्र (पुलिस, सार्वजनिक अभियोजनकर्ता र न्यायाधीश) को क्षमता विकासमा काम गरिरहेको छ र कानून कार्यान्वयन गर्ने सबै तीन वटै अंगहरूलाई एकसाथ ल्याउने यो दृष्टिकोणलाई क्षेत्रीय सरकारहरूले साझा चुनौतीहरूलाई द्रुत रूपमा सम्बोधन गर्न नवीन दृष्टिकोणको रूपमा समर्थन गरेका छन् ।

अत्यावश्यक सेवाहरू प्रदान गर्ने प्रहरीका लागि सन्दर्भ सूचकहरू : सहयोग र सहायता

समन्वयले विभिन्न रूपहरू लिन्छ, केही बढी औपचारिक र नीति निर्माणका लागि बढी प्रभावहरू सहित हुन्छ भने, अन्य कम औपचारिक र व्यक्तिगत पीडित-प्रभावितहरूसँग बढी प्रभावकारी संलग्नताको लागि केन्द्रित हुन्छन्। समन्वयकारी प्रतिकार्य महत्वपूर्ण छ किनभने यो समस्यालाई सम्बोधन गर्न समाजका विभिन्न क्षेत्रहरूले एक्लोएक्लै काम गर्नुभन्दा हिंसाबाट पीडित/प्रभावितहरूलाई सुरक्षित राख्न र पीडकहरूलाई जवाफदेही बनाउन यो बढी प्रभावकारी हुन्छ। समन्वयले पीडित/प्रभावितहरूलाई, महिला तथा किशोरी विरुद्ध हिंसाविरुद्धको प्रतिकार्यमा संलग्न निकाय र संस्थाहरूका लागि र उनीहरूका समुदायहरूका लागि फाइदाहरू प्रदान गर्दछ।[५७]

अध्याय २ मा छलफल गरिए झैं इएसपीले पीडित र प्रभावितहरूका लागि सबै न्याय र सहयोग सेवाहरूको अधिकतम प्रभाव सुनिश्चित गर्न त्यसमा साझा विशेषताहरू र साझा गतिविधिहरू हुन आवश्यक छ भन्ने प्रस्ताव गर्दछ। ती हिंसाको अनुभव गर्ने महिला र किशोरीहरूलाई सम्बोधन गरिरहेको विशेष 'क्षेत्र' जेजस्तो भएपनि सबैका लागि लागू हुन्छन्। निम्नलिखित सूची इएसपीको साझा विशेषताहरू र साझा गतिविधिहरूबाट प्रेरित छ ; यसले महिला तथा किशोरी विरुद्ध हिंसालाई समन्वयकारी, पीडित-केन्द्रित र लैङ्गिक-संवेदनशील प्रतिकार्यमा आवश्यक सेवाहरू प्रदान गर्ने लक्ष्य राख्दा प्रहरीका गतिविधिहरूका लागि केही सन्दर्भ सूचकहरू प्रस्ताव गर्दछ।

---

५७ Module 5: Coordination and Governance of Coordination, *Essential Services Package*

महिला तथा किशोरी विरूद्धका हिंसाको अनुसन्धानमा उदयीमान सवालहरू

"प्रहरीकार्यमा सशक्त महिला भएमा उनीहरुले समुदायका महिला तथा किशोरीहरुको सशक्तीकरण गर्छन् । व्यावसायिक रुपमा तालिमप्राप्त र दक्ष महिला अधिकारीहरुले आपराधिक न्यायमा महिलाको पहुँचका अवरोधहरू हटाउन महत्वपूर्ण भूमिका खेल्न सक्छन् । इन्टरनेसनल एसोसिएसन अफ वुमन पुलिसले प्रहरीकार्यमा लागेका महिला र प्रहरी संगठनहरुलाई विश्वव्यापी रुपमा नै समुदायहरुलाई लैङ्गिक संवेदनशील र लैङ्गिक उत्तरदायी सेवा प्रवाह हासिल गर्न सहयोग गर्छ ।"

- अध्यक्ष डेब्राह फ्राइड्ल - इन्टरनेसनल एसोसिएसन अफ वुमन पुलिस, मार्च २०२०

अध्यायका लक्ष्यहरू:

महिला तथा किशोरी विरुद्धका हिंसाको व्याप्ततामा उदीयमान सवालहरूको प्रतिकार्य गर्न लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले आफूलाई कसरी अनुकूलन गर्नसक्छ भन्नेबारे मार्गदर्शन प्रदान गर्ने

मुख्य सन्देश र सिकाइका बुँदाहरू

- यौन दुर्व्यवहार लाई सामान्यीकरण गरिन्छ भन्ने धारणाले प्रहरी र अन्य अधिकारीहरूले समानुपातिक प्रतिकार्य माग गर्छ;
- यौन दुर्व्यवहार र/वा पीछा गर्ने मामिलामा, पीडित/प्रभावितको सुरक्षा र संरक्षणका लागि जोखिम मूल्याङ्कन र जोखिम व्यवस्थापन सर्वोपरि हुन्छ;
- द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसा अनुसन्धान गर्न कथित कार्य(हरू)लाई सम्भव बनाउने कमाण्ड जिम्मेवारीको श्रृंखला स्थापना गर्नका लागि फराकिलो दायरा चाहिन्छ;
- महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितहरूमा विश्वास र भरोसा निर्माण गर्न र प्रहरीलाई समर्थन गर्न प्रहरी र मानवीय क्षेत्रमा काम गर्ने अन्य निकायहरू बीचको साझेदारी महत्वपूर्ण छ;
- अनलाइन र सूचनाप्रविधिजन्य महिला तथा किशोरी विरुद्धका हिंसालाई अफलाइन महिला तथा किशोरी विरुद्धका हिंसा जत्तिकै गम्भीरताका साथ लिन आवश्यक छ, पीडित/प्रभावितका लागि यिनका प्रभाव भौतिक रुपमा प्रत्यक्ष हुने दुर्व्यवहार/हिंसा जत्तिकै विनाशकारी हुन सक्छ;
- लैङ्गिक-उत्तरदायी अनलाइन प्रहरीकार्यले अनलाइन र सूचनाप्रविधिजन्य महिला तथा किशोरी विरुद्धका हिंसालाई लक्षित गर्दछ र साइबर प्रविधि सञ्चालन गर्ने निजी पात्रहरूसँग साझेदारी निर्माण गर्न सक्रिय हुन आवश्यक छ।

परिचय

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यमा नियमित सूचना प्राप्ती, विस्तृत परामर्श र साझेदारी निर्माणमा गतिशील हुनुपर्छ । महिला तथा किशोरी विरुद्धका हिंसाको प्रकृति, यिनका कारण तथा परिणाम र यसले महिला तथा किशोरीलाई कसरी फरक एवं असमान रुपले असर गर्छ भन्नेबारे संस्थागत बुझाइ नै यसको आधार हो ।

फोटो सौजन्य : दि हिमालयन टाइम्स

यस बुझाइबाट लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले महिला तथा किशोरी विरुद्धका हिंसाको समस्याको स्वामित्व लिने पथ र प्रभावकारी प्रतिकार्यका कारकहरू पहिचान गर्न, यसका सिद्धान्त र साझा विशेषताहरूको ढाँचामा (चित्र १) आधारित हुन्छ ।

यस्तो आधार र ढाँचा सँगै राख्दा, रोकथामका रणनीतिहरू लागू गर्न र यो घटना हुँदा प्रभावकारी र समयमै प्रतिक्रिया दिने सन्दर्भमा महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रतिकार्य गर्न[१] प्रहरी राम्रो तयारीको स्थितिमा हुनेछ ।

वर्तमान र उदीयमान चुनौतीहरूमा गरिरहेका प्रतिकार्यबाट निरन्तर पुनरावलोकन गर्ने र सिक्ने क्षमताबाट लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको उत्थानशीलता उत्पन्न हुन्छ ।

यस हातेपुस्तिकाका अधिल्ला अध्यायहरू मुख्यतया महिला तथा किशोरी विरुद्धका हिंसामा लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका दृष्टिकोणको लागि मार्गदर्शन प्रदान गर्नमा केन्द्रित छन् । यो अध्याय यस अर्थमा फरक हुनेछ कि, यसले महिला तथा किशोरी विरुद्धका हिंसा अनुसन्धानका उदीयमान सवालहरू अन्वेषण गर्ने र अन्य सरोकारवालाहरूसँग बहुआयामिक दृष्टिकोणको रूपमा प्रभावकारी रूपमा प्रतिकार्य गर्ने लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले कसरी आफूलाई अनुकूलन गर्नसक्छ भन्नेबारे मार्गदर्शन प्रदान गर्ने लक्ष्य राख्नेछ ।

यद्यपि, महिला तथा किशोरी विरुद्धका हिंसा अनुसन्धानको विषयमा धेरै उदीयमान सवालहरू छन्, तर यस हातेपुस्तिकाले ती मध्ये तीनमा ध्यान केन्द्रित गर्नेछ :

१. यौन दुर्व्यवहारजन्य महिला तथा किशोरी विरुद्धका हिंसा

२. द्वन्द्व-सम्बन्धित महिला तथा किशोरी विरुद्धका हिंसा

३. अनलाइन र सूचनाप्रविधिजन्य महिला तथा किशोरी विरुद्धका हिंसा

त्यस्ता हिंसाको प्रतिकार्य गर्ने प्रहरीका लागि यस पुस्तिकामा प्रदान गरिएको लैङ्गिक-उत्तरदायी मार्गनिर्देशनले कसरी उपयुक्त सन्दर्भ प्रदान गर्छ भनेर चित्रण गर्न यी तीन उदाहरणहरू प्रयोग गरिनेछ ।

१ यस हातेपुस्तिकाको प्रयोजनका लागि, प्रहरीले महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्ने भन्नाले रोकथाम र प्रतिक्रिया दुवै आयामलाई समेट्छ ।

चित्र १

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि सिद्धान्त र साझा विशेषताहरूको ढाँचा

सिद्धान्तहरू		लैङ्गिक समानता र महिला शसक्तीकरण प्रवर्द्धन	सांस्कृतिक र उमेर उपयुक्त र संवेदनशील
		सुरक्षाको सर्वोच्चता	पीडकको जवाफदेहिता
साझा विशेषताहरू	उपलब्धता		पहुँचयुक्तता
	अनुकूलनता		उपयुक्तता
	सुरक्षामा प्राथमिकता		सुसूचित सहमति र गोपनियता
	तथ्याङ्क संकलन र सूचना व्यवस्थापन		प्रभावकारी सञ्चार
	प्रेषण र समन्वयमार्फत अन्य क्षेत्र र निकायसँग जोड्ने		

महिला तथा किशोरी विरुद्धका हिंसाको एक रूपमा यौन दुर्व्यवहार (sexual harassment)

यौन दुर्व्यवहार महिला तथा किशोरी विरुद्धका हिंसाको एक प्रचलित र व्याप्त अभिव्यक्ति हो, यसले भेदभावपूर्ण सामाजिक मान्यता, रूढिवादी सोच, दण्डहीनता र महिला किशोरीले सामना गर्ने लैङ्गिक असमानतालाई प्रतिबिम्बित गर्दछ। यौन दुर्व्यवहारको सम्भावित खतराले महिला तथा किशोरीले दैनिक आधारमा लिने निर्णयहरूमा महत्वपूर्ण प्रभाव पार्छ, जस्तै कुन सार्वजनिक यातायात चढ्नेदेखि आफ्नो मानवीय प्रतिभा कुन पेशामा लगानी गर्नेसम्म। यो विशेषगरी सार्वजनिक सेवा प्रदान गर्ने पुरुष-प्रधान पेशाहरूमा बढी सान्दर्भिक छ, जस्तै प्रहरी, जसले आफ्नो संगठनमा महिला सदस्यहरू हुनुका फाइदाहरू बुझेर पनि उनीहरूलाई उत्पीडनमुक्त कार्यस्थल वातावरणको ग्यारेन्टी गर्न संघर्ष गर्दछ। यसले प्रहरी अधिकारी बन्न चाहने वा करियर छनौटको रूपमा संगठनमा रहन चाहने महिला तथा किशोरीको संख्यामा प्रभाव पार्छ। अन्य परिदृश्यहरूमा, यौन दुर्व्यवहारले महिला तथा किशोरीहरूलाई घरमा राख्ने वा उनीहरूलाई विद्यालयबाट निकाल्ने कारक बन्न सक्छ।

यौन दुर्व्यवहारबारे समग्रमा कम उजुरी गरिन्छ, र जब यो प्रहरी संगठनहरूमा हुन्छ, उजुरी नगर्नुको कारणहरू भिन्न हुन्छन्। उदाहरणका लागि, इजिप्टमा यौन दुर्व्यवहारसम्बन्धी युएन वुमन-युरोपियन युनियनको संयुक्त अध्ययनले महिला तथा किशोरीले यो घटना हुँदा प्रहरीलाई रिपोर्ट नगर्ने सबैभन्दा सामान्य कारणहरूलाई दस्तावेजीकरण गरेको छ (चित्र २)।[२] सबैभन्दा धेरैले बताएका कारण यो हो कि, यौन दुर्व्यवहारको घटना जो कोहीलाई पनि हुनसक्ने भनेर सामान्य बनाइएको छ।

यस्तो हिंसालाई सम्बन्धित समाजमा सामान्य बनाइन्छ भन्ने धारणाले, यसका लागि प्रहरी र अन्य अधिकारीहरूको समानुपातिक प्रतिकार्यको माग गर्दछ। यद्यपि, यौन दुर्व्यवहारको उजुरी बढाउने कुनै पहल र यसलाई सम्बोधन गर्ने रणनीतिहरू तयारीका लागि सर्वसाधारणसँग व्यापक परामर्श र प्रयासहरूको कुशलता र प्रभावकारीता सुनिश्चित गर्न, प्रहरी संगठन भित्र नै यसबारे राम्रो जानकारी हुनुपर्छ। कोसोभो, बंगलादेश, इक्वेडर र घानामा गठन भएका महिला प्रहरी संघहरू यौन दुर्व्यवहारको प्रतिकार्य सुधारका लागि परामर्शको बहुमूल्य स्रोत हुन सक्छन् (*लैङ्गिक उत्तरदायी प्रहरीकार्यमा महिला प्रहरी संघ/सञ्जालहरूले लैङ्गिक संवेदनशीलताको कार्यान्वयनलाई कसरी सहयोग गर्न सक्छन्* भन्ने अध्याय १० मा घटना अध्ययन हेर्नुहोस्)।

बाह्य परामर्शमासमाजमा संकटासन्न र/वा अल्पसंख्यक मानिने व्यक्तिहरू र/वा समूहहरूलाई उनीहरूका विशेष सुरक्षा आवश्यकताहरू बुझ्नका लागि प्राथमिकता दिनुपर्छ। उदाहरणका लागि, अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता नभएका मानिसका तुलनामा सबै प्रकारका यौन दुर्व्यवहार र आक्रमणको अनुभव गर्ने सम्भावना धेरै हुन्छ। संयुक्त राज्य अमेरिकामा २०१८ मा गरिएको एक राष्ट्रिय सर्वेक्षणमा, अपाङ्गता नभएका सर्वेक्षण

२ Study on Ways and Methods to Eliminate Sexual Harassment in Egypt Results / Outcomes and Recommendations Summary (UN Women and European Union), available at: https://web.law.columbia.edu/sites/default/files/microsites/gender-sexuality/un_womensexual-harassment-study-egypt-final-en

चित्र २

जिप्टमा यौन दुर्व्यवहारबारे प्रहरीमा उजुरी नगरिनुका कारण (युएन वुमनको अध्ययन)



गरिएका ६६% महिलाहरूको तुलनामा, सर्वेक्षणमा सहभागी ८७% अपाङ्गता भएका महिलाहरू यौन दुर्व्यवहार (मौखिक, अनलाइन, सूचनाप्रविधिजन्य र शारीरिक) को शिकार भएका थिए भन्ने निष्कर्षहरूले संकेत गरे।[३] सोही समूहमा, सर्वेक्षण गरिएका अपाङ्गता भएका महिलाहरूमध्ये ६६% शारीरिक रूपमा आक्रामक यौन दुर्व्यवहारको[४] शिकार भएका थिए भने, अपाङ्गता नभएका महिलाहरूमध्ये ५७% त्यो अनुभव गरेका थिए। त्यस्तै, अध्ययन अनुसार, अपाङ्गता नभएकाहरू महिलाका तुलनामा अपाङ्गता भएका महिलाहरू विरुद्ध निजी निवासमा यौन दुर्व्यवहार र अनलाइन उत्पीडन हुने सम्भावना उल्लेखनीय रूपमा बढी रहेको छ।[५]

मौखिक र शारीरिक रूपमा हुने यौन दुर्व्यवहारको दायरा र प्रभाव बुझ्नु समाधानको अंश हो। यौन दुर्व्यवहारलाई प्रभावकारी रूपमा प्रतिकार्य गर्नु भनेको कुन कानूनलाई लागू गर्न आवश्यक छ र तिनीहरूको दायरा पनि बुझ्नु हो। उदाहरणका लागि, केही देशहरूमा उत्पीडनलाई अपराधिक रूपमा लिइँदैन, अरूमा अनुसन्धान सुरु गर्न साक्षीहरूको उपस्थिति आवश्यक हुन्छ वा घटनाको आधिकारिक दर्ता प्रहरी चौकीमा हुनुपर्छ। यी तीनवटै उदाहरणहरूले उत्पीडनबाट पीडित/प्रभावितलाई दुर्व्यवहारका कार्य(हरू) भएको प्रमाणित गर्न र रोक वा निषेधका आदेशका रूपमा सुरक्षा खोज्न वास्तवमा गाह्रो बनाउँछ।

३ Measuring #MeToo: A National Study on Sexual Harassment and Assault (2019). UC San Diego Center on Gender Equity and Health.

४ यस अध्ययनले शारीरिक रुपमा आक्रामक यौन दुर्व्यवहारलाई कुनै व्यक्तिले अर्को व्यक्तिको अनुमतिबिना यौनाङ्ग देखाउने, उनको सहमतिबिना भौतिक रुपमा पीछा गर्ने र/वा अवान्छित, यौन भावका साथ कसैलाई जानाजानी छुने वा टाँसिन जाने भनेर परिभाषित गरेको छ। Measuring #MeToo: A National Study on Sexual Harassment and Assault (2019). UC San Diego Center on Gender Equity and Health.

५ Ibid.

अर्कोतर्फ, केही कानुनी प्रणालीहरूमा यौन दुर्व्यवहार यौनमा आधारित भेदभावको रूप मानिएको छ र गैरकानूनी छ। केही प्रणालीहरूमा, यौन दुर्व्यवहारलाई कार्यस्थलको वातावरणमा केन्द्रित श्रम कानूनहरूमा पनि सम्बोधन गरिएको छ जसमा प्रायः निजी र सार्वजनिक दुवै संस्थाहरूलाई गुनासो संयन्त्र र सम्भावित उपायहरूको साथ 'शून्य सहनशीलता' को लागि आन्तरिक नीतिहरू विकास गर्न आवश्यक बनाइएको हुन्छ। प्रहरीका लागि सार्वजनिक-निजी साझेदारीमा सहकार्य गर्नका लागि त्यस्ता नीतिहरू मुख्य प्रवेश बिन्दुहरू हुन्, जसले सामूहिक रूपमा यौन दुर्व्यवहारका कार्यहरूलाई निरुत्साहित र दण्डित गर्न टेवा दिन्छ।

सार्वजनिक-निजी उत्तरदायित्व र जवाफदेहिताको साझा भावना सिर्जना गरेर महिला तथा किशोरी विरुद्धका हिंसाको यस रूप विरुद्ध लड्नका लागि यौन दुर्व्यवहारप्रति सांस्कृतिक मनोवृत्तिमा परिवर्तन नै अन्ततः सबैभन्दा मूल्यवान तरिका हुन सक्छ। यौन दुर्व्यवहारलाई निरुत्साहित गर्न निजी पात्रहरूसँग साझेदारी खोज्दा प्रहरीलाई यसको प्रतिकार्यमा अझ बढी पहुँच मिल्नेछ, र यस प्रक्रियामा हिंसाको वृद्धिलाई रोक्ने लक्ष्यका साथ महिला तथा किशोरी विरुद्धका हिंसाको थप हिंसात्मक रूपहरूका सङ्केत गर्ने व्यवहारहरू पहिचान गर्न सकिनेछ।

सहकर्मीबाट सहकर्मीलाई मार्गनिर्देश[६]

पीछा गर्ने र/वा दुर्व्यवहारको मामिलामा तपाईं र तपाईंका कर्मचारीको प्राथमिकता जोखिम मूल्याङ्कन र व्यवस्थापनमा केन्द्रित सुरक्षा र संरक्षण हुनु पर्छ। पीछा गर्ने मामिलाहरूमा नकारात्मक व्यवहारको वृद्धि जुनसुकै बेला हुन सक्छ भन्ने कुरामा सचेत रहँदै जोखिम मूल्याङ्कनलाई निरन्तर प्रक्रिया बनाउनु विशेषगरी महत्वपूर्ण हुन्छ। कुनै पनि नकारात्मक व्यवहारको वृद्धिको रोकथाममा पनि प्रारम्भिक हस्तक्षेप आवश्यक हुन्छ।

महिला तथा किशोरी विरुद्धका हिंसाको सबै अपराधमा जस्तै, कथित पीडकको व्यवहारको परिवेश र त्यसले उनलाई पारिरहेको प्रभावलाई बुझ्नको लागि पीडित/प्रभावितलाई 'सक्रिय रूपमा सुन्नु' महत्वपूर्ण छ। पीछा गर्ने सबै घटनामा बलियो जोखिम व्यवस्थापनको आवश्यकता पर्दछ, किनभने त्यस्ता व्यवहारहरू हानिको उच्च जोखिमको सूचक हुन सक्छन्, जुन कुनै पनि समयमा बढ्न सक्छ।

६ Inspired by UK College of Policing Authorised Professional Practice, see: http://library.college.police.uk/docs/appref/Stalking_or_harassment_guidance_200519.pdf p. 2

जोखिम मूल्याङ्कन र सुरक्षा योजनाबारे थप जानकारी यस हातेपुस्तिकाको अध्याय ६ : 'सुरक्षा र संरक्षण'मा जोखिम जाँचसूची सहित पाउन सकिन्छ।

> "म कुनैपनि व्यक्तिको दृष्टिकोण बुझ्न सक्रियता साथ उनलाई सुनेर उनका विचार र रायलाई महत्व दिन्छु।"
>
> - प्रहरीको निष्ठाको मूल्य झल्काउने एक व्यवहार (UK College of Policing, 2016)

तपाईंको कर्मचारीले कुनै गतिविधि/कार्य पीछा गर्ने वा दुर्व्यवहारमा पर्छन् कि भनेर पहिचान गर्न आवश्यक छ, उदाहरणका लागि, पीछा गर्ने प्रवृत्ति एक व्यक्तिमा केन्द्रित हुन्छ भने, दुर्व्यवहारले पक्षहरू बीचको विवाद समेटेको हुनसक्छ।

युके कलेज अफ पुलिसिङको आधिकारिक व्यावसायिक अभ्यास (UK College of Policing Authorized Professional Practice)बाट लिइएको उपयोगी मार्गदर्शन तल प्रस्तुत गरिएको छ (बाकस १):

तपाईंको कर्मचारीले कुनै व्यवहार पीछा गर्ने व्यवहार हो कि भनेर विचार गर्नको लागी एक उपयोगी तरिका स्मरणका लागि सहज FOUR द्वारा हो। के ती व्यवहार यस्ता छन् ?:

- एकोहोरो (Fixated)
- आसक्त (Obsessive)
- अवान्छित (Unwanted)
- दोहोरिरहने (Repeated)

तपाईंले पीडित/प्रभावितबाट सकेसम्म धेरै जानकारी प्राप्त गर्नको लागि यस पुस्तिकामा अन्यत्र वर्णन गरिएजस्तै धैर्यता, संवेदनशीलता र सक्रिय सुनाइका सीपहरू आवश्यक पर्दछ भन्ने तपाईं र तपाईंका कर्मचारीले सुनिश्चित गर्न आवश्यक छ। अन्य महिला तथा किशोरी विरुद्धका हिंसाका अपराधहरूमा जस्तै, तपाईंले पीडित/प्रभावितसँग विश्वास र सम्बन्ध निर्माण गर्न र उनीहरूले देखाएको आघातको कुनै पनि प्रभावसम्बन्धी आवश्यकतालाई प्रारम्भिक सम्पर्कमा बुझ्न र पूरा गर्न आवश्यक हुन सक्छ। तपाईंले उजुरी गरेको व्यवहारको एउटा घटनामा मात्र ध्यान केन्द्रित नभई, विस्तृत रूपमा बुझ्न सक्षम हुनुहुन्छ भन्ने महत्वपूर्ण हुन्छ।

पीछ्न गरिने व्यवहारका सन्दर्भमा पृष्ठभूमिका जानकारी महत्वपूर्ण छ जस्तै:

बाकस १

पीछा गर्ने	दुर्व्यवहार
शंकास्पद व्यक्तिबारे विचार गर्नुपर्ने • पीछा गर्ने चार प्रमुख व्यवहारहरू: एकहोरो, आसक्त, अवान्छित, दोहोरिरहने ? • के संदिग्धले पीछा गर्न आफूलाई सुविधा हुनेगरी आफ्नो दिनचर्या परिवर्तन गरेको छ ? • के तिनीहरू आफ्नो विचार र गतिविधिमा पीडितबारे नै ध्यानमग्न छन् ? • संदिग्ध व्यक्तिले लगानी गरिरहेको समय/प्रयास/स्रोतहरूको मात्राले उसको आफ्नो दैनिक जीवनको लागत बढेको छ ? • के पीडितमा लक्षित व्यवहारका विविध प्रकार छन् ? • के संदिग्धले आफ्नो व्यवहार नरोक्ने सम्भवना देखिन्छ ? • के संदिग्धमा हक/दृढताको बलियो भावना छ जस्तो देखिन्छ ? • संदिग्धलाई आफ्नो व्यवहारले निम्त्याउने पीडाको बारेमा चिन्ता छैन । **पीडित व्यक्तिबारे विचार गर्नुपर्ने** • के पीडितले त्यस व्यवहारबाट शारीरिक/भावनात्मक र/वा मनोवैज्ञानिक रूपमा प्रभावित महसुस गर्छन् ? • के पीडितलाई केही हुन सक्छ भन्ने निरन्तर डर छ ? • के त्यस व्यवहारले पीडितको जीवनमा हस्तक्षेप गरिरहेको छ ? • के त्यस व्यवहारले पीडितको दैनिक गतिविधिमा गम्भीर असर पारेको छ ?	**शंकास्पद व्यक्तिबारे विचार गर्नुपर्ने** • के बारम्बार अनुचित व्यवहारको प्रमाण छ जुन पीडितमा एकोहोरो रुपमा लक्षित छैन? • के संदिग्धको व्यवहार दोहोरिरहने भएपनि, त्यसले उसको दैनिक जीवन खपत गरिरहेको छैन ? • के उसको व्यवहार एक व्यक्तिमा लक्षित भन्दापनि सामान्यतया विवादलाई सम्बोधन गर्नमा केन्द्रित छ (वित्तीय, छिमेकी, रोजगारी, आदि) ? • के अन्तर्निहित समस्या जारी रहेर सम्बन्धित व्यक्ति फरक थियो भने संदिग्धको व्यवहार सम्भवतः जारी रहन्छ ? • अन्तरनिहित समस्या समाधान भएमा यो व्यवहार रोकिन्छ भन्ने प्रमाण छ ? **पीडित व्यक्तिबारे विचार गर्नुपर्ने** • के पीडितले दुर्व्ईवहार भएको महसुस गर्छ तर गम्भीर रूपमा चिन्तित वा डराएको छैन ? • के पीडित निश्चित गतिविधिसँग डराउँछन् तर डरको अवस्था स्थिर रूपमा निरन्तर रहँदैन ?

- परिवारका सदस्यहरू जस्ता अन्य व्यक्तिहरू लगायतमा यसअघि के भएको थियो ?
- के कथित पीडकहरूको व्यवहारमा अहिलेसम्म कुनै वृद्धि भएको छ?

परिवार, साथीहरू, सहकर्मीहरू र सामाजिक सञ्जाल जस्ता जानकारीका अन्य स्रोतहरू जाँच गर्न नबिर्सनुहोस्, पृष्ठभूमिका जानकारी दिन र अनुसन्धानको लागि सान्दर्भिक प्रमाणहरू प्रदान गर्न यी सबै उपयोगी हुन सक्छन् ।

युके कलेज अफ पुलिसिङको अर्को उपयोगी स्रोत भनेको खोजी सूची (बाकस २ हेर्नुहोस्) लाईन अफ इन्क्वायरी चेकलिस्ट (*Lines of Enquiry Checklist*[७]) हो, जसले प्रहरीलाई दुर्व्यवहारको विगत बुझ्नको लागि पीछा गर्ने र यौन दुर्व्यवहारको मामिलामा उपयोगी दिशानिर्देशहरू प्रदान गर्दछ । युके कलेज अफ पुलिसिङका अनुसार, दुर्व्यवहारको ढाँचाहरू सधैं स्पष्ट हुँदैनन् किनभने विगतमा उपस्थित भएका घटनाहरूलाई मौखिक रूपमा मात्र रेकर्ड गरिएको हुन सक्छ वा अन्यथा मामूली मानिएको हुन्छ । नतिजास्वरूप, प्रतिकार्य गर्ने अधिकारीहरूले परिवेश बुझ्न र जबरजस्ती, नियन्त्रण वा धम्कीपूर्ण व्यवहारका लक्षणहरू पहिचान गर्न सकेसम्म धेरै विस्तृत जानकारी प्राप्त गर्नुपर्छ । यसबाहेक, विगतको अन्वेषण र जोखिम मूल्याङ्कनहरू पूरा गर्नाले हाल भन्दा अघिका दुर्व्यवहार वा यौन अपराधहरूको खुलासा हुन सक्छन् ।[८]

कथित पीडक वा पीडित/प्रभावितसँग सम्बन्धित कुनैपनि मानसिक स्वास्थ्य समस्याहरू पहिचान गरिएको छ भने, त्यसबारे जोखिम मूल्याङ्कन प्रक्रिया र त्यसपछिको सुरक्षा योजनालाई

७ Major investigation and public protection: Investigative Development-Lines of Enquiry. UK College of Policing.

8 Ibid.

बाकस २

चेकलिष्ट : खोजी सूची (Lines of enquiry)

अधिकारीहरूले सोधपुछका यी सम्भावित लाईन अफ इन्क्वायरीलाई विचार गर्नुपर्छ:

- सम्बन्धको इतिहास (यदि छ भने);
- अघिल्ला अन्तरंग साथी लगायतबाट विगतमा भएका दुर्व्यवहारका घटनाहरू, उदाहरणका लागि, प्रहरीलाई गरिएको अघिल्लो कलको रेकर्ड;
- स्थानीय प्रहरी गुप्त सूचना प्रणाली, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रणाली;
- संदिग्ध, पीडित वा साक्षी विदेशी नागरिक हो कि भनेर विदेशी नागरिकसम्बन्धी आपराधिक संधिग्धताको जाँच;
- साक्षीहरू जसलाई पहिले नै खुलासा गरिएको हुन सक्छ;
- चिकित्सा वा मनोवैज्ञानिक जानकारी जुन प्रमाण हुन सक्छ - सान्दर्भिक भएमा सहमति लिनु पर्छ;
- अघिल्ला पीडितहरूबारे कुनैपनि तथ्याङ्क स्रोतमा राखिएको प्रमाण;
- फोन र इमेल रेकर्ड;
- सामाजिक सञ्जाल।

Source: Inspired from UK College of Policing is the Lines of Enquiry Checklist

सूचित गर्नुपर्छ तर अनुसन्धानमा त्यसले बाधा पुऱ्याउन दिनु हुँदैन । पीडित/प्रभावितले पीछा गर्ने व्यवहारको परिणामस्वरूप मानसिक स्वास्थ्य समस्याहरू भोगिरहेको हुन सक्छ वा तिनका अतिरिक्त संकटासन्नताको कारण उनलाई लक्षित गरिएको हुन सक्छ । अवस्था जेसुकै भएपनि, तपाईंले अनुसन्धान अवधिभरी उनीहरूको विशेष आवश्यकताहरूका लागि उपयुक्त सहयोग प्रदान गरिएको सुनिश्चित गर्नुपर्दछ ।

महिला तथा किशोरी विरुद्धका हिंसाको सबै मामिलाहरूमा जस्तै, जोखिम मूल्याङ्कन प्रक्रियाले सुरक्षा योजनाको निर्माणलाई निर्देशित गर्नुपर्छ, जसमा पीडित/प्रभावितको संलग्नता मुख्य भाग हुनुपर्छ । कुनै पनि सुरक्षा प्रतिकार्य पहिचान गरिएका जोखिमहरूसँग समानुपातिक हुन आवश्यक छ । पीडित/प्रभावितको सुरक्षा कायम राख्नका लागि सकारात्मक कदम चाल्न तपाईं र तपाईंका कर्मचारीहरू जिम्मेवार हुनुहुन्छ ।

प्रत्येक पीडित/प्रभावितको परिस्थिति पृथक हुनेछन् र यसले गर्दा उनीहरूले सधैं तपाईंको सुरक्षा सल्लाह पालना नगर्न सक्छन् । यसको मतलब उनी असहयोगी छिन् भन्ने होइन र तपाईंले वा तपाईंको कर्मचारीले यसको लागि उनी असहयोगी भइको निष्कर्ष निकाल्नु हुँदैन । आफूलाई सुरक्षित राख्नको लागि, आफूले निश्चित तरिकामा व्यवहार गर्न आवश्यक छ भन्ने उनको विश्वास हुनसक्छ । यसैकारण पनि, उनीसँग पूर्ण जोखिम मूल्याङ्कन गर्न र उनको विशेष आवश्यकताहरू पूरा गर्ने गरी सुरक्षा योजनामा सहमत हुनु महत्वपूर्ण छ ।

युके कलेज अफ पुलिसिङले सुरक्षाका लागि विचारणीय कुराहरूको केही उपयोगी मार्गदर्शन उपलब्ध गराउँछ, जसको अनुकूलित सूची तल दिइएको छ :[९]

- पक्राउ र थुना वा उपयुक्त जमानत सर्तहरू;
- आपतकालीन मोबाइल फोन;
- साथीहरू, परिवार, रोजगारदाताहरूलाई जोखिमबारे सचेत गराउने;
- यदि उपलब्ध छ भने प्यानिक अलार्म (आपतकालीन घण्टी) ;
- यदि प्रमाणको उद्देश्यका लागि पीडितको मोबाइल फोन जफत गर्न आवश्यक छ भने, त्यसको प्रतिस्थापन प्रदान गर्नेमा ध्यान दिने;
- अन्य सहयोगी सेवाहरूमा प्रेषण;
- उपलब्ध छ भने सुरक्षा आदेशको प्रयोग;

पीडित/प्रभावितलाई दिन सकिने सल्लाह:

- जोखिमबारे साथीहरू, परिवार, रोजगारदाताहरूलाई सचेत गराउनुहोस्;
- उपलब्ध र उपयुक्त ठाउँमा क्लोज सर्किट टेलिभिजन (सीसीटिभी) को प्रयोग;
- व्यक्तिगत आक्रमण अलार्म;
- काम, सामाजिक वा शैक्षिक केन्द्रहरूमा जाने समय/मार्गहरू परिवर्तन गर्ने ।

९ Stalking or Harassment (2019). UK College of Policing

पीछा गर्ने र दुर्व्यवहारका मामिलाहरू सामान्यतया पीडकको अनलाइन व्यवहारसंग जोडिएको हुन्छ र त्यसैले यो डिजिटल सल्लाह पीडित/प्रभावितलाई प्रदान गर्नु उपयोगी हुन्छ। देहायका कुरालाई फेरी युके कलेज अफ पुलिसिङको निर्देशिकाबाट अनुकूलित गरिएको छ:

- स्पाइवेयर, मालवेयर एप्याप वा ट्र्याकिङ उपकरणहरू छन् कि भनेर जाँच गर्नुहोस्;
- गोपनीयता सेटिङहरू सुनिश्चित गर्नुहोस् वा समायोजन गर्नुहोस्;
- सेयर गरिएका जानकारी सुरक्षित राख्नुहोस्, ठेगाना, फोन नम्बर आदि सार्वजनिक नगर्नुहोस् र साथीहरूलाई पनि त्यस्ता विवरणहरू नदिन आग्रह गर्नुहोस्;
- नयाँ सम्बन्ध, जागिर, आदि जस्ता कथित पीडकलाई थाहा दिन नचाहेको जानकारी प्रकट नगर्नुहोस्;[१०]

सबै प्रकारका महिला तथा किशोरी विरुद्धका हिंसामा जस्तै तपाईको कर्मचारीले पीडित/प्रभावितलाई उनी कुनैपनि हिसाबले दोषी भएको महसुस गराउनु हुँदैन।

पीडित/प्रभावितले पीछा गरिएको वा दुर्व्यवहारको घटना उजुरी गर्दा आफूले के गर्नु आवश्यक छ भन्ने कुरा तपाईंका कर्मचारीहरू, विशेषगरी फोनकल लिनेहरू र प्रहरी चौकीको फ्रन्ट डेस्कमा काम गर्नेहरूलाई थाहा भएको, ताकि उनीहरूले प्रतिकार्यमा लाग्ने अधिकारीलाई सकेसम्म धेरै जानकारी प्रदान गर्न सकून् भन्ने तपाईंले सुनिश्चित गर्न आवश्यक छ। कुनै पनि घटनाको विवरण लिखित वा इलेक्ट्रोनिकलाई, पीडित/प्रभावितसँग सम्पर्क गर्नुअघि र जोखिम मूल्याङ्कन गरिनुअघि बन्द वा दायर गरिएको छैन भन्ने सुनिश्चित गर्न पनि महत्वपूर्ण हुन्छ।

पीडित/प्रभावितसँग पहिलो सम्पर्कमा आउने कुनैपनि कर्मचारीको प्राथमिकता घटना(हरू)/अपराध(हरू) को सही प्रकृति, पीडित/प्रभावितको संकटासन्नता र प्रभावकारी प्रतिकार्य र पहिचान भएको कुनैपनि जोखिम व्यवस्थापनको लागि के आवश्यक छ भन्ने कुराको मूल्याङ्कन गर्नु हो।

पीछ्न गर्ने कार्य पहिचानका लागि प्रारम्भिक प्रश्नहरूको सहयोगी सूची बाकस ३मा युके कलेज अफ पुलिसिङ्गले उपलब्ध गराएको छ :

बाकस ३

उजुरी गर्ने व्यक्तिबाट संकलन गर्नुपर्ने सूचना

पीछा गर्ने अवस्थामा त्यहाँ अवान्छित, एकोहोरो र असक्त व्यवहारको प्रवृत्ति हुन्छ जुन हस्तक्षेपकारी हुन्छ। दुर्व्यवहारले पीछा गर्ने कार्य निम्त्याउन सक्छ र पीछा गर्ने कार्यले हिंसाको डर वा गम्भीर खतरा वा त्रास निम्त्याउन सक्छ। दुर्व्यवहारलाई एक अनुचित र दमनकारी व्यवहारको रूपमा वर्णन गरिएको छ जुन बारम्बार गरिन्छ र यसले पीडित/प्रभावितमा हिंसाको चिन्ता वा डर उत्पन्न गर्न सक्छ।

- के पीडित/प्रभावित डराएका छन् ?
- के कथित पीडक(हरू)ले विगतमा यस पीडित/प्रभावित वा अन्यसँग पीछा गर्ने/दुर्व्यवहारमा संलग्न भएको थियो ?
- के कथित पीडक(हरू)ले पीडित/प्रभावितको कुनै सम्पत्ति नष्ट वा क्षति पुर्याएको छ ?
- के कथित पीडक(हरू) हप्तामा ३ पटक भन्दा बढी पीडित/प्रभावितको कार्यस्थल, घर आदिमा जान्छन् ? (अनुसन्धानले पत्ता लगाएको छ कि यदि हप्तामा ३ पटक भन्दा बढी भएमा, शारीरिक आक्रमणको सम्भावना धेरै हुन्छ)[१०]
- के कथित पीडक (हरू)सँग बन्दुक वा अन्य हतियारहरू छन् वा उसको तिनमा पहुँच छ ?
- के कथित पीडक(हरू) पीडित/प्रभावितको घर, कार्यस्थल इत्यादि वरिपरि घुमिरहेको हुन्छन् ?
- के कथित पीडक(हरू)ले हालको पीछा गर्ने/दुर्व्यवहारका घटनाहरूमा शारीरिक वा यौन हिंसाको कुनै धम्की दिएको छ ?
- के कथित पीडक (हरू)ले बन्दुक वा अन्य हतियारको प्रयोगबारे कुनै धम्की दिएको छ ?
- पीछा गर्ने/दुर्व्यवहार सुरु भएदेखि के कथित पीडक (हरू)ले कुनै तेस्रो पक्षलाई संलग्न वा लक्षित गरेको छ ? (जस्तै साथीहरू, परिवार, बालबालिका, सहकर्मी, पार्टनर वा छिमेकीहरू)
- के कथित पीडक (हरू)ले अन्य व्यक्तिहरूलाई जानीजानी वा अन्य रुपबाट उसलाई मद्दत गर्न राजी गराएको छ ?
- के कथित पीडक (हरू) लागूपदार्थ र/वा मदिरा दुरुपयोग गर्ने व्यक्तिका रुपमा पहिचान गरिएको छ ?
- के कथित पीडक (हरू)ले विगतमा (शारीरिक वा मनोवैज्ञानिक) दुर्व्यवहार गरेको कुनै जानकारी छ ?

स्रोत: Stalking or Harassment (2019). UK College of Policing बाट प्रेरित

१० Ibid.

यौन दुर्व्यवहार (Sexual Harassment)

यौन दुर्व्यवहारले धेरै रूपहरू लिन्छ र सार्वजनिक स्थान, कार्यस्थलहरू र अनलाइनमा यी कार्य हुनसक्छन्, यद्यपि इन्टरनेटलाई सार्वजनिक र निजी दुवै ठाउँ मान्न सकिन्छ। अनुसन्धानका अनुसार यौन दुर्व्यवहार महिला तथा किशोरी विरुद्धका हिंसाको सबैभन्दा व्याप्त रूप हो।[11] पोर्चुगल (२०१५), फ्रान्स (२०१८) र इजिप्ट (२०१४) जस्ता केही देशहरूमा, विशेष कानूनहरू छन् जसले यौन दुर्व्यवहारलाई फौजदारी अपराध बनाउँछ। इजिप्टमा गरिएको युएन वुमनको अध्ययनले ९६.५% महिलाले मौखिक यौन दुर्व्यवहारको अनुभव गरेको पाइएको छ। सोही अध्ययनले फेला पारेको एउटा डरलाग्दो तथ्य यो थियो कि, उत्तरदाताहरूमध्ये १६.९% पीडकहरू प्रहरी अधिकारीहरू थिए भन्ने दाबी गरे।[१२]

बेलायत/युकेमा यौन दुर्व्यवहारको सम्बन्धमा कुनै विशेष आपराधिक कानून नभएको भए तापनि नारीप्रतिको द्वेष (Misogyny) लाई 'घृणित अपराध' का रूपमा समावेश गर्ने कामका केही सकारात्मक उदाहरणहरू छन्। नटिङ्घमशायर प्रहरीले यस सकारात्मक पहलमा असल अभ्यासको घटना अध्ययन उपलब्ध गराउँछ, जसमा उनीहरूले नारीप्रतिको द्वेषलाई यसप्रकार परिभाषित गरेका छन्, 'महिलाहरूप्रति पुरुषहरूको मनोवृत्तिबाट उत्प्रेरित महिला विरुद्धका घटनाहरू, र महिला भएकै कारणले मात्र पुरुषहरूद्वारा महिलाहरूलाई लक्षित गर्ने व्यवहार यसमा पर्छन्'। नटिङ्घमशायर प्रहरीद्वारा लिइएको यस अडानलाई नटिङ्घम ट्रेन्ट विश्वविद्यालय र नटिङ्घम विश्वविद्यालयद्वारा २०१८को प्रतिवेदनभित्र मूल्याङ्कन गरिएको थियो।[१३]

थप जानकारीको लागि अध्याय ९ : 'सञ्चार' मा नटिङ्घमशायर प्रहरीले महिलाप्रतिका हिंसात्मक व्यवहारलाई घृणित अपराधको रूपमा लिने बारेको घटना अध्ययन हेर्नुहोस्।

यौन दुर्व्यवहार यौन आक्रमण जस्ता अन्य प्रकारका यौन अपराधहरूमा परिणत हुन सक्छ, तर अपराधमा परिणत नहुने व्यवहार पीडित/प्रभावितको लागि कम हानिकारक छ भन्ने हुँदैन। यौन दुर्व्यवहार प्रायः सानै उमेरबाट अनुभव गरिन्छ जसले यसलाई 'सामान्यीकरण' गरिने जोखिम सिर्जना गर्दछ, यसले केटा र केटीहरूका कस्ता व्यवहार स्वीकार्य छन् भन्ने दृष्टिकोणलाई पनि असर गर्छ। यसले महिलाहरूले सार्वजनिक स्थानहरूमा आफ्नो स्वतन्त्रतालाई प्रतिबन्ध लगाउन र 'जोखिमपूर्ण' अवस्थाहरूबाट बच्नुपर्ने जिम्मेवारी आफ्नो हुन्छ भनी विश्वास गर्न सक्छन्।[१४]

बाकस ४

कार्यस्थलमा आफ्नो अधिकारबारे जान्नुहोस् : यौन दुर्व्यवहार

दुर्व्यवहारको रूपमा विचार गर्न सकिने व्यवहारका उदाहरणमा यी लगायत पर्छन् :

- यौन क्रियाकलाप वा एकान्तमा भेटघाटका लागि अनावश्यक अनुरोधहरू गर्ने;
- कसैको शरीर वा रूपको बारेमा अनुचित टिप्पणी गर्ने;
- कसैको बारेमा वा कुनै निश्चित लिङ्ग वा यौन झुकावका सबै मानिसहरूको बारेमा नराम्रो कुरा भन्नु वा मजाक उडाउनु (जस्तै 'महिला ... हुन्छन्' वा 'समलिङ्गी व्यक्तिहरू सबै...');
- लैङ्गिकतामा-आधारित वा यौन भाव भएका अपशब्दहरूको प्रयोग;
- यौन वा यौन गतिविधिका बारेमा अश्लील, आपत्तिजनक, वा स्पष्ट मजाकहरू बनाउने;
- कसैको व्यक्तिगत सम्बन्ध वा यौन जीवनको बारेमा गफ भएका गर्ने इमेल, टेक्स्ट, वा यौन प्रकृतिका सन्देशहरू पठाउने वा सेयर गर्ने;
- अंगालो हाल्ने, चुम्बन गर्ने वा आक्रमण गर्नेलगायत शरीरको कुनै अंग, कपडा, अनुहार वा कपाललाई अनावश्यक वा अनुचित रुपमा छुने;
- कसैको आवागमनमा अवरोध हुनेगरी यौन प्रकृतिको हेराई, गलत नजरले हेर्ने वा इशारा गर्ने;
- अश्लील तस्विरहरू वा पोर्नोग्राफी देखाउने, पठाउने वा सेयर गर्ने।

स्रोत: Equal Rights Advocates

यौन दुर्व्यवहारले अपाङ्गता सम्बन्धी दुर्व्यवहार र जातीयताद्वारा उत्प्रेरित यौन दुर्व्यवहार जस्ता दुर्व्यवहारका अन्य रूपहरूलाई पनि अन्तरसम्बन्धित भएर ल्याउन सक्छ।[१५] उदाहरणका लागि, अन्य रङको वर्ण भएका महिलाले सेतो वर्णका महिलाभन्दा फरक रूपमा दुर्व्यवहारको अनुभव गर्न सक्छन्, उनी उनको लैङ्गिकता र उनको जाति वा जातीयताको संयोजनको कारणले लक्षित हुन सक्छिन्।[१६]

११ European Agency for Fundamental Rights (2015), Violence Against Women: An EU-wide survey.

१२ UN Women (Undated) Study on Ways and Methods to Eliminate Sexual Harassment in Egypt: Results/Outcomes and Recommendations Summary.

१३ Misogyny Hate Crime Evaluation Report for Nottingham Women's Centre Funded by the Office of Nottinghamshire Police and Crime Commissioner, Mullany, L. and Trickett, L. June 2018

१४ House of Commons Women and Equalities Committee (UK), (2018) Sexual Harassment of Women and Girls in public spaces: 6th Report of session 2017-2019.

१५ Ibid.

१६ Equal Rights Advocates (2019) Know your rights at work: Sexual

प्रोमुन्डो (Promundo) एक विश्वव्यापी संस्था हो जसले पुरुषत्व र लैङ्गिक समानतामा काम गर्दछ, र २०१६ मा यसले "*Unmasking Sexual Harassment*" शीर्षकको अध्ययन प्रकाशित गऱ्यो जुन अमेरिका, बेलायत र मेक्सिकोमा पुरुषत्व सम्बन्धी युवा पुरुषहरूको दृष्टिकोणमा केन्द्रित छ । यौन दुर्व्यवहार सानै उमेरमा सुरु हुने र विभिन्न रूपहरू लिने कुरा सर्वेक्षणमा सहभागीहरूबाट अध्ययनले पत्ता लगायो । अध्ययनले यो पनि पत्ता लगायो कि यौन दुर्व्यवहारका दोषीहरू सबै पृष्ठभूमि, आयस्तर, शैक्षिक पृष्ठभूमि र सबै उमेरका हुन्छन् । उनीहरूको व्यवहारमा सबैभन्दा ठूलो प्रभाव भनेको पुरुष हुनु भनेको के हो भन्नेबारे उनीहरूको मनोवृत्ति हो ।[१७]

नयाँ प्रविधि र अनलाइन प्लेटफर्महरूले दुर्व्यवहारका नयाँ रूपहरू र ती कार्यहरू गर्ने तरिका सहज बनाउँदै गएकोले, महिला तथा किशोरी विरुद्धका हिंसाको अन्य रूपहरू जस्तै, सार्वजनिक स्थानहरूमा हुने यौन दुर्व्यवहारका पनि नयाँ स्वरुपमा देखिन थालेका छन् । अनलाइन र सूचनाप्रविधिजन्य दुर्व्यवहारको उदाहरणमा सार्वजनिक स्थानहरूमा स्मार्ट फोनमा अश्लील सामग्री हेर्ने र 'अपस्कर्टिङ' समावेश छ, जसमा कसैको सहमति बिना उनको स्कर्ट तलबाट फोटो वा भिडियो खिच्नु लगायत पर्छन् । दुर्व्यवहार प्रायः व्यस्त सार्वजनिक यातायात प्रणालीहरूमा व्याप्त हुन्छ, विशेषगरी यात्राको उच्च समयमा, जब मानिसहरू अक्सर भीडभाड, सीमित ठाउँहरूमा धेरै नजिक हुन्छन् । प्रायः महिलाहरूलाई थाहा नहुन सक्छ कि कसले यसरी आफ्नो अधिकार उल्लङ्घन गरेको छ, र/वा 'फसिएको' कारणले प्रतिक्रिया दिन सक्षम नहुन सक्छन् र महिला तथा किशोरी विरुद्ध हुने हिंसाको अन्य स्वरूपहरू जस्तै, त्यस्ता घटनाहरू उल्लेखनीय रूपमा कम उजुरी गरिन्छन् ।

२०१८मा बेलायती हाउस अफ कमन्सको महिला र समानता समितिद्वारा गरिइको समीक्षाको एक भागको रूपमा, '*सार्वजनिक स्थानहरूमा महिला तथा किशोरीमाथिको यौन दुर्व्यवहार*' ('*Sexual Harassment of Women and Girls in Public Spaces*') मा, सामाजिक सञ्जाललाई 'सार्वजनिक स्थान' को रूपमा वर्णन गरिएको थियो ।[१८] एम्नेस्टी इन्टरनेशनल (२०१७) द्वारा गरिएको अनुसन्धानका अनुसार, ५ मध्ये १ महिलाले सामाजिक सञ्जाल मार्फत दुर्व्यवहार वा उत्पीडनको अनुभव गरेका थिए, जसमध्ये १८ र २४ वर्ष उमेरका युवतीहरू विशेषगरी प्रभावित भएका थिए ।[१९]

शैक्षिक प्रतिष्ठानहरूमा पनि विशेषगरी प्रारम्भिक रचनात्मक वर्षहरूमा हुने यौन दुर्व्यवहार एक समस्या हो, र यसले दीर्घकालीन प्रभावहरू निम्त्याउन सक्छ । विश्वविद्यालयहरूमा यौन दुर्व्यवहारको अनुभव गर्ने महिलाहरू पीडकको नजिकमा बस्नुपर्ने र/वा अध्ययन गनुपर्ने सम्भावना हुन्छ ।[२०]

२०१९ मा, सुरक्षित सार्वजनिक ठाउँका लागि गठबन्धन (Coalition for Safe Public Space (KRPA)[२१]) को लागि इन्डोनेसियामा गरिएको एक अध्ययनले पत्ता लगायो कि ५ मध्ये ३ महिलाले सार्वजनिक स्थानहरूमा यौन दुर्व्यवहारको अनुभव गरेका छन्, दुर्व्यवहारको प्रकारहरू मौखिक, शारीरिक र गैर-शारीरिक लगायत यस्ता छन् :

- सिट्टी बजाउनु,
- चुम्बन गर्ने आवाज निकाल्ने,
- शरीर वा कपडाको बारेमा भद्दा मजाक वा यौन टिप्पणीहरू,
- समात्नु,
- रगड्ने,
- निजी/गुप्त अंगहरू देखाउने ।

Harassment.

१७ Unmasking Sexual Harassment How Toxic Masculinities Drive Men's Abuse in the US, UK, and Mexico and What We Can Do to End It: A Promundo Research Brief Produced for World Economic Forum Annual Meeting 2018. Promundo.

१८ House of Commons Women and Equalities Committee (UK), (2018) Sexual Harassment of Women and Girls in public spaces: 6th Report of session 2017-2019.

१९ Amnesty reveals alarming impact of online abuse against women. Amnesty International.

२० 'Spotted: Obligations to Protect Women Students' Safety & Equality Using the Public Sector Equality Duty and the Human Rights Act in Higher and Further Education Institutions to Improve Policies and Practices on Violence Against Women and Girls', Legal Briefing prepared by Louise Whitfield and Holly Dustin for the End Violence Against Women Coalition January 2015.

२१ Widadio, N. A, (2019) Many Indonesian Women face sexually harassment: Survey, Coalition for Safe Public Space.

अल्पकालीन समाधानका रूपमा जकार्ता सरकारले रोकथामका उपायको रूपमा ट्रान्स जकार्ता र कम्युटर लाइनका लागि महिला मात्र गाडीका डिब्बाहरू सञ्चालन गर्न थाल्यो ।

कार्यस्थलभित्र यौन दुर्व्यवहार पनि एक विश्वव्यापी मुद्दा हो, र जब महिला तथा किशोरी विरुद्धका हिंसाको कुरा आउँछ, प्रहरी र कानून कार्यान्वयन गराउने संस्थाहरू पनि कुनै अन्य कार्यस्थल वातावरण भन्दा फरक छैन । वास्तवमा, यो तर्क गर्न सकिन्छ कि यो पुरुष प्रधान र श्रेणीबद्ध संस्कृतिको कारणले गर्दा, प्रहरी र कानून कार्यान्वयन गराउने संस्थाका वातावरणमा काम गर्ने महिलाहरू यौन दुर्व्यवहारको बढी जोखिममा छन् ।

एक प्रहरी नेतृत्वको हैसियतमा, आफ्नो कर्मचारीले यौन दुर्व्यवहार सह्य हुनेछैन भन्ने कुरा बुझेको तपाईंले निश्चित गनुपर्छ र जहाँ यस्तो हुन्छ, त्यहाँ त्यसलाई बढ्न नदिन र त्यस्ता व्यवहारलाई कडाइका साथ व्यवहार गरिनेछ भनी बलियो सन्देश दिन तपाईंले तुरुन्त हस्तक्षेप गर्नुपर्छ ।

के तपाईंले आफ्ना कर्मचारीहरूलाई सहकर्मीहरूप्रति उनीहरूको व्यवहारबारे कस्ता अपेक्षा राखिएका छन् र उनीहरूले सबैलाई सम्मान र मर्यादाका साथ व्यवहार गर्नुपर्छ भन्ने बताउनु भएको छ ? यदि तपाईंको संगठनमा व्यवहार, आचरण, गतिविधि र निर्णयलाई मार्गनिर्देश गर्ने आचारसंहिता छ भने, तपाईंले सबैलाई यसको सामग्रीहरू बारे सचेत रहेको सुनिश्चित गर्न र पालनाको लागि व्यक्तिहरूलाई जिम्मेवार बनाउनु पर्छ ।

के तपाईंको संगठनसँग दुर्व्यवहार विरुद्धको नीति छ ? यदि छ भने, के यो देहाय अनुसनर छ ?:

- सबै कर्मचारीहरूलाई पहुँचयुक्त र र सजिलै देख्न सकिने ?
- के यो सजिलै बुझ्न सकिन्छ ?
- यो कत्तिको प्रभावकारी छ ?

के तपाईंको संगठनमा यौन वा अन्य प्रकारका दुर्व्यवहारहरूको उजुरी गर्नको लागि गुनासोसम्बन्धी कार्यविधि छ ?

- के यो सबै कर्मचारीहरूको लागि पहुँचयुक्त छ ?
- के यसले गोप्य उजुरी सम्भव बनाउँछ ?
- यो कत्तिको प्रभावकारी छ ?

त्यस्ता नीति र कार्यविधिहरूको नियमित रूपमा समीक्षा गरिनुपर्छ, र विभिन्न पृष्ठभूमिका र/वा विविध आवश्यकता भएका कर्मचारी सदस्यहरूलाई समीक्षा प्रक्रियामा समावेश गर्नु राम्रो अभ्यास हुन्छ ।[२२]

महिलाहरू, LGBTQI, अपाङ्गता भएका र अन्य समूहहरूका बारेमा मजाक वा ठट्टाले तपाईंको काम गर्ने वातावरणलाई शारीरिक वा यौनजन्य व्यवहारले जत्तिकै हानि पुऱ्याउनसक्छ भनी तपाईंले बुझ्नु महत्वपूर्ण छ ।[२३]

लैङ्गिक-उत्तरदायी प्रहरी संगठन भनेको बाह्य र आन्तरिक दुवै समुदायहरूलाई लैङ्गिक-संवेदनशील तरिकामा प्रतिक्रिया दिने संस्था हो । दुर्भाग्यवश, यथार्थमा प्रहरी जस्ता केही संस्थाहरू, वास्तवमा आफ्ना अधिकारीप्रति निकै रक्षात्मक हुन्छन् र कतिपय अवस्थामा पीडित/प्रभावितलाई दोषारोपणका लागि निकै ठूलो प्रयाससम्ममा जान्छन् । यसले टोली र व्यक्तिगत कार्यसम्पादनलाई नोक्सान पुऱ्याउने शत्रुतापूर्ण कार्यस्थल वातावरण सिर्जना गर्न सक्छ, विमारी र अनुपस्थिति बढाएर अन्ततः स्थानीय समुदायले प्राप्त गर्ने प्रहरी सेवाहरू कम प्रभावकारी हुनसक्छन् ।

धेरै वर्षदेखिको अनुसन्धानले पत्ता लगाएको छ कि यौन दुर्व्यवहारबाट पीडित/प्रभावितहरूले चिन्ता, डिप्रेसन, खानपानको गडबडी, लागूपदार्थ र मदिराको दुरुपयोग, जागिर छोड्ने र आघातपछिको तनावका लक्षणहरू (post-traumatic stress) लगायत विभिन्न समस्याहरू भोग्छन् ।[24]

यौन र अन्य प्रकारका दुर्व्यवहारहरू रोक्नका लागि एक साझा अन्तर्राष्ट्रिय मान्यता प्राप्त दृष्टिकोण भनेको, विशेषगरी पुरुष र केटाहरूमा लक्षित शिक्षा र सचेतना अभिवृद्धि हो । जागरूकता र जवाफदेहिता बढाउने प्रभावकारी रूपमा दर्शकद्वारा (बाइस्ट् यान्डर) गरिने हस्तक्षेप प्रशिक्षणबारे बुझाइ व्यापक रूपमा बढेको छ । कर्मचारीहरू, सहकर्मीहरू र शिक्षाका सबै तहका विद्यार्थीहरू लगायत दर्शकहरूले दुर्व्यवहार भएको देख्दा वा त्यसबारे थाहा पाउँदा त्यसविरुद्ध बोल्ने अपेक्षा गरिन्छ, उनीहरूले अरू संलग्न भएको यौन दुर्व्यवहारको आफू साक्षी भएमा आफैं उजुरी पनि पेश गर्न सक्छन् । यस्तो दर्शक अवधारणाको राम्रो उदाहरण अध्याय ९ : *'संचार'* मा पाउन सकिन्छ ।[25]

---

२२ Pietsch, N (2015), 'Sexual Harassment and Public Space Learning Brief' (27) London, Ontario: Learning Network, Center for Research and Education on Violence against Women and Children.

२३ Ibid.

२४ Smith B. L (2018), 'What it really takes to stop sexual harassment', American Psychological Association, Vol 49 (No.2).

२५ Bystander Approach. Graham Goulden for Cultivating Minds UK.

दुर्व्यवहारबाट महिला तथा किशोरीका सुरक्षामा महिला प्रहरी अधिकारीहरूको सुरक्षा पनि पर्छ

सबै तहका प्रहरी अधिकारीहरूले लैङ्गिक-उत्तरदायी प्रहरीकार्यतर्फको रूपान्तरण भूमिका खेल्ने अपेक्षा गरिन्छ। महिला प्रहरी अधिकारीहरूले महत्वपूर्ण भूमिका खेल्छन् किनकि प्रहरी संगठनलाई वैध र प्रतिनिधिमूलक अत्यावश्यक सेवा प्रदायक मानिनका लागि आवश्यक पर्ने विशेष गुणहरू उनीहरूसँग हुन्छन्। तर, यिनै महिला प्रहरी अधिकारीहरूलाई आफ्नै कार्यस्थलको वातावरणबाट जोगाउन नसके महिला र बालिकाका लागि आवश्यक सेवा प्रदान गर्न प्रहरीलाई असम्भव हुनेछ।

> हाम्रो तर्क यो हो कि, यदि तपाईं प्रहरीभित्रकै महिलालाई सुरक्षित राख्न सक्नुहुन्न भने, समुदायका महिलाहरूको अवस्था कसरी सुधार गर्न सक्नुहुन्छ ?
>
> - अन्तर्राष्ट्रिय महिला प्रहरी संघका अध्यक्ष जेन टाउन्स्ली (२०१४)

अध्याय १० : *महिला तथा किशोरी विरुद्धका हिंसापैति प्रभावकारी र जवाफदेही प्रतिकार्यका लागि संस्थागत विकास*मा छलफल गरिएभैं:, लैङ्गिक-उत्तरदायी प्रहरी संगठनमा रूपान्तरण हुनका लागि यौन दुर्व्यवहारप्रतिको 'शून्य-सहनशीलता' नीति महत्वपूर्ण हुनेछ। यस्तो नीतिले संगठनभित्र कुनैपनि यौन दुर्व्यवहार र अन्य महिला तथा किशोरी विरुद्धका हिंसासँग सम्बन्धित अपराधहरूका लागि, आफ्नो कमाण्डमा भएका व्यक्तिहरूको भूमिकामा जोड दिँदै उनीहरूलाई जवाफदेही कायम राख्नको लागि कार्यकारी अधिकारी र व्यवस्थापकहरूसँग शून्य सहनशीलतालाई सुदृढ गर्ने औजारहरू भएको सुनिश्चित गर्न आवश्यक छ।

त्यस्ता औजारहरूले उजुरीकर्ता र सूचित गराउनेहरू (whistle-blowers)का लागि सुरक्षाका उपायहरू समावेश गर्दछ, जसलाई निष्पक्ष र संस्थागत मूल्यहरूसँग सुसंगत प्रक्रियाको बारेमा नेतृत्वबाट बलियो सन्देशहरूद्वारा समर्थन गर्न आवश्यक छ। यसो गर्नाले यौन दुर्व्यवहारको उजुरीलाई सहकर्मी सम्बन्धको संरक्षण गर्न मौन रहने संस्कृतिको गलत बुझाइका सट्टा संगठनको संरचनालाई सुदृढ बनाउनका लागि आवश्यक भनेर बुझिनेछ। यसमा वरिष्ठ प्रहरी र कार्यकारी नेतृत्वले प्रतिशोधको कुनै पनि कार्यका लागि शून्य सहनशीलतामा लिएको कडा अडान समावेश हुनु पर्दछ। कार्यस्थलमा यौन दुर्व्यवहारको गुनासो गरेको व्यक्तिलाई, उनले आरोप लगाएपछि बर्खास्त नगरिएका व्यक्तिहरूबाट आफ्नो जीवनलाई अत्यन्तै कठिन बनाइदिएपछि उनीहरूले अन्ततः काम छाड्नुपरेको अवस्था आउने भनेको असामान्य कुरा होइन। संयुक्त राष्ट्रसंघका महासचिवको 'शून्य सहनशीलता' अवधारणा, र कार्यस्थलमा हुने यौन दुर्व्यवहारलाई सम्बोधन गर्ने प्राथमिकता एजेन्डालाई अगाडि बढाउँदै, संयुक्त राष्ट्रसंघीय प्रणालीका कार्यक्रमहरूमा यौन दुर्व्यवहार लगायतका उत्पीडनलाई रोक्नको लागि २०१९ मा एक *नमूना आचारसंहिता* विकास गरिएको थियो। उक्त नमूना आचारसंहिता यौन दुर्व्यवहारसम्बन्धी उच्च-स्तरीय कार्यदलको परिणामस्वरुप आएको थियो र त्यस संहिताको विकासमा सम्पूर्ण संयुक्त राष्ट्रसंघीय प्रणालीलाई समावेश गर्ने व्यापक परामर्श प्रक्रिया संलग्न थियो।[२६]

संयुक्त राष्ट्रसंघको नमूना आचारसंहिताले दुर्व्यवहार र यौन दुर्व्यवहारको स्पष्ट परिभाषा प्रदान गर्दछ :

- **दुर्व्यवहार** (**Harassment**) भनेको कुनै पनि अनुचित वा अवाञ्छित आचरण हो जुनद्वारा अर्को व्यक्तिलाई अपमान वा अनादर गरिएको मानिन्छ। संयुक्त राष्ट्रसंघीय प्रणालीका कार्यक्रमहरूमा लिङ्ग, लैङ्गिक पहिचान र अभिव्यक्ति, यौन झुकाव, शारीरिक क्षमता, शारीरिक बनोट, जातीयता, जात, राष्ट्रिय उद्गम, राजनीतिक आबद्धता, उमेर, धर्म वा अन्य कुनै पनि कारणका लागि कुनै पनि प्रकारको दुर्व्यवहार निषेधित गरिएको छ।

- **यौन दुर्व्यवहार** (**Sexual Harassment**) भनेको एक विशेष प्रकारको निषेधित आचरण हो। यौन दुर्व्यवहार भनेको कुनैपनि यौन प्रकृतिको अप्रिय आचरण हो जुन तर्कसंगत रुपमा अपराध वा अपमानको कारण मानिन सक्छ। यौन दुर्व्यवहारले लिखित र इलेक्ट्रोनिक सञ्चारसहित मौखिक, गैर-मौखिक वा शारीरिक प्रकृतिको कुनैपनि आचरण समावेश गर्न सक्छ, र यस्ता दुर्व्यवहार समान वा फरक लिङ्गका व्यक्तिहरू बीच हुन सक्छ।

संयुक्त राष्ट्रसंघको नमूना आचारसंहिताले उजुरी प्रक्रियाको रूपरेखा पनि रेखांकित गर्दछ जसअनुसार, संयुक्त राष्ट्रसंघीय प्रणालीको कार्यक्रम आयोजक निकायले लागू हुने नीति, नियमावली र नियमहरू बमोजिम उपयुक्त कारबाही गर्न आवश्यक छ।[२७] संयुक्त राष्ट्रसंघको नमूना आचारसंहिताले सिफारिस गरेका उपयुक्त कार्यहरूमा यी समावेश छन् :

- तथ्य पत्ता लगाउने कार्य सञ्चालन गर्ने;

---

२६ Ending sexual harassment at UN events (2019). UN Department of Management Strategy, Policy and Compliance.

२७ UN Code of Conduct to Prevent Harassment, Including Sexual Harassment, AT UN SYSTEM EVENTS

बाकस ५

RCMP मा कार्यस्थलमा हुने यौन दुर्व्यवहारको उजुरी

२०१६ मा सार्वजनिक सुरक्षा मन्त्रीले, कार्यस्थलमा हुने दुर्व्यवहारसम्बन्धी RCMP को नीति र प्रक्रियाहरूको विस्तृत समीक्षा गर्न, र विशेष रूपमा २०१३को RCMP कार्यस्थल दुर्व्यवहारसम्बन्धी सार्वजनिक हित अनुसन्धान प्रतिवेदनमा गरिएका सिफारिसहरूको कार्यान्वयनको जाँच र मूल्याङ्कन गर्न नागरिक समीक्षा र उजुरी आयोगलाई अनुरोध गर्नुभयो । कार्यस्थलमा हुने दुर्व्यवहार RCMP मा एक गम्भीर समस्या रहेको उक्त प्रतिवेदनले पुष्टि गऱ्यो ।

आफ्नो निष्कर्षमा, आयोगले फेला पारेको छ कि RCMP मा वरिष्ठ नेतृत्वकाहरूले दुर्व्यवहार रोक्न विशेषगरी विभाग स्तरमा प्रयास गरेका भएपनि ती पहलहरू सीमित, तदर्थ छन् र राष्ट्रिय मुख्यालयबाट आवश्यक सहयोग प्राप्त भएको छैन । प्रतिवेदनले कार्यस्थलमा हुने दुर्व्यवहार रोक्नको लागि RCMP को प्रयासहरूमा धेरै विद्यमान कमीकमजोरीहरू पहिचान गऱ्यो र यस्ता कमीकमजोरीको प्रतीकात्मक उदाहरण तल दिइएका छन् :

- RCMP को संगठनात्मक संस्कृति र संरचनाका प्रमुख विशेषताहरूमा नै सुधारलाई असक्षम बनाउने कारकहरूले जरा गाडेर बसेको छ;
- नेतृत्वको संस्कृतिको विकास गर्न RCMP असफल भएको छ । च्क्रः ए मा धेरै उदाहरणीय नेता हुनसक्ने भए तापनि यस संगठनले आफ्ना व्यवस्थापक, सुपरिवेक्षक र सम्पूर्ण कार्यकारी अधिकारीहरूमाझ नेतृत्वको संस्कृति प्रवर्द्धन गर्न निकै कम प्रयास गर्छ;
- दुर्व्यवहारको खोजीका लागि निकै उच्च मापदण्ड निर्धारण गरिएको;
- विभागीय कमाण्डिङ अफिसरहरूले दुर्व्यवहारका उजुरीहरूमा निर्णय गर्नेबारे लगभग कुनै प्रशिक्षण प्राप्त गरेका हुँदैनन्;
- कार्यस्थलमा हुने दुर्व्यवहार, धम्की, त्रास देखाउने र यौन दुर्व्यवहारले RCMP ;दस्य र कर्मचारीहरूलाई उल्लेखनीय हानि पुऱ्याउन सक्छ, केही अवस्थामा उनीहरूको करियरलाई हानि पुऱ्याउने र गम्भीर भावनात्मक एवं शारीरिक हानि पुऱ्याउन सक्छ । यसले च्क्रः ए परिचालनको प्रभावकारितालाई कर्मचारी अभावको दीर्घकालीन समस्याहरू बढाएर पनि असर गर्न सक्छ ।
- कार्यस्थलको दुर्व्यवहारले क्यानाडाली जनताको विश्वासमा नकारात्मक प्रभाव पार्छ, जसले RCMP को आन्तरिक समस्याहरूको असर बाहिर देखिन थालेर त्यसले सर्वसाधारणप्रति उनीहरूको व्यवहारलाई असर पारेको हो कि भनेर प्रश्न गर्न थालेका छन् ।

उक्त प्रतिवेदनले RCMP का लागि धेरै सिफारिसहरू प्रदान गरेको छ । निम्न सूची त्यस प्रतिवेदनमा गरिएका सिफारिसहरूको प्रतीकात्मक उदाहरणहरू हुन् :

- ९यवस्थापन सीपहरू पहिचान गर्ने प्रवर्द्धनात्मक मापदण्डहरू लागू गरेर, र उपयुक्त विश्वविद्यालय-स्तरका पाठ्यक्रमहरू सहित सबै विद्यमान र नवनियुक्त व्यवस्थापक, सुपरिवेक्षक र कार्यकारी अधिकारीहरूका लागि थप कठोर, अनिवार्य नेतृत्व विकास कार्यक्रमहरू स्थापना गरेर नेतृत्व संस्कृतिको विकास गर्नुहोस्;
- दुर्व्यवहारसम्बनधी स्पष्ट र सुव्यवस्थित नीतिगत दस्तावेजहरू, सरल भाषामा विकास गरेर तिनलाई आफ्नो बाह्य वेबसाइटमा उपलब्ध गराउनुहोस्;
- प्रशिक्षित र योग्य विशेषज्ञहरूद्वारा नियमित रूपमा सञ्चालन हुने व्यक्तिगत दुर्व्यवहारसम्बन्धी प्रशिक्षण संस्थागत गर्ने । सबै विद्यमान तथा नवनियुक्त व्यवस्थापक, सुपरिवेक्षक र कार्यकारी अधिकृतहरूका लागि निरन्तर रूपमा विशेष तालिम अनिवार्य हुनुपर्छ ।
- कमाण्डको श्रृंखलाबाट स्वतन्त्र राखेर दक्ष, सक्षम, र समर्पित (वर्दीधारी सदस्य नभएका) प्रशासनिक अनुसन्धानकर्ताहरूलाई, दुर्व्यवहारको अनुसन्धान सञ्चालन गर्न लगाउनुहोस्;
- दुर्व्यवहारसम्बन्धी नीति र प्रक्रियाहरू परिमार्जन गरेर अनुसन्धानकर्तालाई विश्वसनीयताका सवालहरूको सम्बन्धमा र दुर्व्यवहार नीतिहरू उल्लङ्घन गरिएको छ वा छैन भन्ने निष्कर्षहरू निकाल्न, र यी निष्कर्षहरू निर्णयकर्तालाई रिपोर्ट गर्न कार्यादेश दिने; र अनुसन्धानकर्ताका निष्कर्षलाई स्वीकार गर्ने वा नगर्ने निर्णय गर्न र कुनै उपचारात्मक र/वा अनुशासनात्मक उपायहरू लगाउनु पर्छ कि पर्दैन भन्ने सम्बन्धमा निर्णय लिन निर्णयकर्तालाई कार्यादेश दिने;
- लागू हुने उपयुक्त कानूनी परीक्षणहरू र दुर्व्यवहारका पीडितहरूको आचरणसँग सम्बन्धित रुढिवादी सोच लगायत, विशेषगरी कार्यस्थलमा हुने दुर्व्यवहारको गुनासो मूल्याङ्कनसम्बन्धी निर्णय लिने सम्बन्धमा विभागीय कमाण्डिङ अफिसरहरूले निरन्तर तथा कक्षा कोठामा आधारित प्रशिक्षण प्राप्त गरेको सुनिश्चित गर्नुहोस् ।

स्रोत : Report into Workplace Harassment in the RCMP (Government of Canada, 2017).

- पीडकलाई आपत्तिजनक व्यवहार तुरुन्त रोक्न अनुरोध गर्ने;
- संयुक्त राष्ट्रसंघीय प्रणालीको कार्यक्रममा पीडकको पहुँच निलम्बन वा समाप्त गर्ने वा भविष्यमा हुने संयुक्त राष्ट्रसंघीय प्रणालीका कार्यक्रमहरूमा दर्ता अस्वीकार, वा दुवै;
- दुर्व्यवहारको आरोप लागेका व्यक्तिको अधिकार क्षेत्र भएको अनुसन्धान वा अनुशासनात्मक अधिकारीलाई उजुरी पठाउने;
- दुर्व्यवहारको आरोप लागेका व्यक्तिलाई उचित कारबाहीका लागि अधिकार-क्षेत्र भएको रोजगारदाता वा संस्थालाई उजुरीबारे सूचित गर्ने ।

नाम नखुलाइ उजुरी गर्ने वा उजुरी नगर्ने विकल्पका साथै, यौन दुर्व्यवहारका घटनाहरूमा समाधानका लागि अनौपचारिक/औपचारिक विकल्पहरू सहितको उजुरीका विकल्पहरू छनोट गर्न पाइने कुरा पीडित/प्रभावितलाई उपलब्ध गराउनाले, पीडित/प्रभावितलाई पीडित-केन्द्रित दृष्टिकोणबाट व्यवहार गरिन्छ भन्ने कुरालाई सुदृढ गर्न सक्छ । यसबाहेक, प्रक्रिया र आन्तरिक प्रणालीमा विश्वास बढाउन, अनुसन्धान प्रक्रियामा बाधा नपर्ने गरी नियमित रूपमा मुद्दाको प्रगतिबारे एवं स्थितिबारे अद्यावधिक संक्षिप्त जानकारी र अनुसन्धानको निष्कर्षबारे पीडित/प्रभावितलाई निरन्तर सञ्चार सुनिश्चित गर्ने संयन्त्रहरू यौन दुर्व्यवहारसम्बन्धी नीतिहरूले समावेश गरेको हुनुपर्छ ।[२८]

यौन दुर्व्यवहारसम्बन्धी उच्च-स्तरीय कार्यदलले गरेको परामर्श प्रक्रिया संयुक्त राष्ट्रसंघको आचार संहिताको वैधानिकताको एक महत्वपूर्ण भाग थियो, किनकि यसले समस्याको स्वामित्व र प्रक्रियामा पारदर्शिताका सिद्धान्तहरू पालना गर्ने संयुक्त राष्ट्रसंघको प्रयासलाई संकेत गरेको थियो ।

यस्तै नीति र सम्बन्धित संयन्त्रहरू स्थापना गर्न खोज्ने प्रहरी संगठनले आफ्नो नीति निर्माणमा फराकिलो र पारदर्शी रूपमा परामर्श गर्दा धेरै फाइदा लिन सक्छ । बाकस ५ ले रोयल क्यानेडियन माउन्टेड प्रहरी (RCMP) मा कार्यस्थलमा हुने दुर्व्यवहारको समीक्षाको उदाहरण प्रदान गर्दछ ।

२८ Independent review of UN Women's policies and procedures for tackling Sexual Exploitation and Abuse (SEA) and Sexual Harassment (SH). Final Report - May 24, 2019, Copenhagen.

द्वन्द्व-सम्बन्धित महिला तथा किशोरी विरुद्धका हिंसा

सशस्त्र द्वन्द्वको समयमा महिला तथा किशोरी विरुद्धका हिंसालाई सामान्यतया प्रायः द्वन्द्वका सबै पक्षहरूद्वारा युद्धको विशेष माध्यमको रूपमा प्रयोग गरिन्छ । सशस्त्र द्वन्द्वले अत्यावश्यक सेवा प्रदान गर्न स्थानीय प्रणालीहरू भत्काउन थालेपछि, महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई विशेष सहायता वा सुरक्षाको थोरैमात्र वा कुनैपनि माध्यम बाँकी रहँदैन । त्यस्ता परिस्थितिमा, द्वन्द्वअघि र पछि वा सशस्त्र आक्रमणहरू कम भएका समयमा पनि महिला तथा किशोरी विरुद्धका हिंसालाई लगनशीलताका साथ प्रतिकार्य गर्न प्रहरीलाई चुनौतीपूर्ण हुनेहुँदा पुनः पीडित र माध्यमिक पीडित हुने दुवै कुरालाई सामान्यीकरण गरिन्छन् ।

बाकस ६ ले पुनः पीडित र माध्यमिक पीडितको परिभाषा प्रदान गर्दछ:

बाकस ६

पुनः पीडित [२९]	**माध्यमिक पीडित**
पुनः पीडित हुनु भनेको वयस्क जीवनमा हिंसा भोग्नु हो । यसमा, विशेषगरी, बाल्यकालमा यौन दुर्व्यवहारको अनुभव भएका व्यक्तिहरू विरुद्धको यौन हिंसा समावेश हुन्छ ।	यो कुनै गतिविधिको परिणामस्वरुप प्रत्यक्ष पीडित नभएर, पीडितप्रति संस्था वा व्यक्तिहरूले पर्याप्त प्रतिक्रिया नजनाउँदा पीडित हुनुपर्ने अवस्था हो ।

सशस्त्र द्वन्द्वले महिला तथा किशोरी विरुद्धका हिंसाको जटिलता, यसका कारण र परिणामहरू र यसले महिला तथा किशोरीलाई कसरी फरक र असमान रूपमा पार्ने प्रभावलाई थप गरिदिन्छ । यो थपिएको जटिलता अनुसार प्रहरीले आफ्नो अनुसन्धान रणनीति बनाउन आवश्यक हुन्छ । शान्तिपूर्ण समयमा प्रहरीले प्रायः एकल प्रत्यक्ष पीडकसँग व्यवहार गरिरहेका हुन्छन् जो सामान्यतया

२९ १९९५-१९९९ सम्म युएसमा गरिएको राष्ट्रिय महिला विरुद्धको हिंसा सर्वेक्षणको तथ्याङ्क अनुसार, धेरै महिलाले पहिलोपटक हिंसाको अनुभव आफ्नो बाल्यकालमा गरेका हुन्छन्, र ४०%ले शारीरिक हिंसा र ९%ले यौन हिंसा भएको बताएका थिए । बाल्यकालमा यौन दुर्व्यवहार भएका महिला यौन दुर्व्यवहारको भोगाइ नभएका महिलाभन्दा वयस्क भएपछि पुन यौन हिंसाको अनुभव गर्ने सम्भावना २.५-४ गुणा बढी हुन्छ । See: Cividanes GC, Mello AF, Mello MF. Revictimization as a high-risk factor for development of posttraumatic stress disorder: a systematic review of the literature. Braz J Psychiatry. 2018; 00:000-000. http://dx.doi.org/10.1590/1516-4446- 2017-0013

गरिएको कार्यका लागि बौद्धिक रूपमा आफैं जिम्मेवार हुन्छन्, जस्तै विश्वव्यापी रूपमा महिला तथा किशोरी विरुद्ध हुने हिंसाको सामान्य दुई सबैभन्दा व्याप्त रूप : अन्तरंग साथीबाट हुने हिंसा र यौन दुर्व्यवहारका घटना ।

द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसाको छानबिन गर्न फराकिलो दायरा चाहिन्छ, किनकि कुनै कथित कार्य(हरू) को वास्तविक पीडकहरू भन्दा कमाण्ड जिम्मेवारी भएका अप्रत्यक्ष पीडकहरू छन् कि छैनन् भनेर स्थापित गर्नुपर्ने हुन्छ र ती व्यक्तिहरू वास्तविक पीडकभन्दा फरक हुनसक्छन् । द्वन्द्वमा यौन हिंसाको दस्तावेजीकरण र अनुसन्धानसम्बन्धी अन्तर्राष्ट्रिय प्रोटोकल (२०१४) अनुसार अप्रत्यक्ष पीडकभित्र ती पर्छन् जसले "...प्रत्यक्ष पीडकको इच्छामा नियन्त्रण प्रयोग गरेर वा प्रहरी वा सैन्य संरचना जस्ता शक्तिको संगठित प्रणालीमाथि नियन्त्रण प्रयोग गर्छन् ।"[३०] सशस्त्र पात्रहरूले महिला तथा किशोरी विरुद्धका हिंसाको प्रयोग विशेषगरी मानिसहरूलाई नियन्त्रण गर्न वा सजाय दिन युद्धको हतियारका रूपमा यौन हिंसा गर्न सक्छन् ।[३१] युद्धको माध्यम वा उद्देश्यको रूपमा अरूले गरेका कार्यहरूको लागि कमाण्ड जिम्मेवारी स्थापना गर्नु यसर्थ पीडकमा आधारित अनुसन्धानमा अन्तर्निहित हुन्छ ।

यद्यपि, सशस्त्र द्वन्द्वको प्रभावले पीडकहरूलाई र विशेषगरी हिंसाका अप्रत्यक्ष पीडकहरूलाई पहुँच गर्न धेरै कठिन बनाउँछ र जैविक वा भौतिक प्रमाणहरू सङ्कलन गर्न लगभग असम्भव बनाउँछ । प्रहरी अनुसन्धानकर्ताहरूलाई प्रायः साहसी पीडित/प्रभावित र साक्षीहरूको बयानमा भर पर्न छोडिन्छ, जसले सामान्यतया पीडित/प्रभावित-केन्द्रित दृष्टिकोणलाई समायोजन नगर्ने, जबरजस्ती विस्थापित पारिएकाहरूलाई आपतकालीन आश्रय प्रदान गर्ने शिविर जस्ता ठाउँहरूमा जानकारी र बयानहरू दिनुपर्ने हुन्छ ।

द्वन्द्व-सम्बन्धित महिला तथा किशोरी विरुद्धका हिंसा, विशेषगरी यौन हिंसाले प्रहरीका लागि पनि आफ्नै पृथक सुरक्षासम्बन्धी चुनौतीहरू पनि निम्त्याउँछन् । त्यस्ता परिवेशमा, प्रहरी र अन्य राज्य सुरक्षा बलहरूसँग प्रायः पीडित/प्रभावित र/वा महिला तथा किशोरी विरुद्धका हिंसाका साक्षीहरूका लागि पर्याप्त सुरक्षा सुनिश्चित गर्ने क्षमता हुँदैन, वा तिनीहरू आफैं पनि हिंसाका कथित कार्यहरूमा आत्मसात वा संलग्न हुन्छन्, वा यी दुवै कुरा एकैसाथ भइरहेका हुन्छन् । यसकारण,साना हतियारहरूको प्रसारमा विशेष ध्यान दिइनु महत्वपूर्ण हुन्छ, जसले महिला तथा किशोरीले सामना गर्ने जोखिमलाई अझ बढाउनुका साथै प्रतिकार्यमा लाग्ने प्रहरी अधिकारीहरूको लागि पनि जोखिम निम्त्याउँछ ।

यसबाहेक, सशस्त्र द्वन्द्वको अन्त्यको अर्थ महिला तथा किशोरी विरुद्धका हिंसाको अन्त्य होइन । विज्ञहरूले युद्ध पछि र 'शान्ति' को अवधिमा द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसाको संख्यामा उच्च बृद्धिहरूको पनि अभिलेख गरेका छन्[३२]। केही अध्ययनहरूले द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसा द्वन्द्वको पाँच वर्षपछि राज्य र गैर-राज्य सशस्त्र समूहहरूद्वारा जारी रहेको सङ्केत गरेको छ, जसमध्ये अधिकांश अपराधहरू राज्यको सेनाले गरेका छन् ।[३३]

द्वन्द्वपछि वा शान्ति निर्माणको परिवेशमा यस्ता उच्च बृद्धिहरू हुनुमा साना तथा मझौला हतियारको प्रसार र तिनीहरूको दुरुपयोगले ठूलो मात्रामा साथ दिन्छ । उदाहरणका लागि, सर्बियाको अध्ययनले देखाएअनुसार, सैन्य द्वन्द्वहरूमा भाग नलिएका पीडक (८.८%)का तुलनामा, पहिले युद्ध/सैन्य द्वन्द्वमा भाग लिएका पीडकहरू (२२.२%)ले अन्तरंग साथीबाट हुने हिंसाका घटनाहरूमा साना तथा मझौला हतियार प्रयोग गर्न बढी तत्परता देखाएका छन् ।[३४]

सर्वसाधारण नागरिकमा युद्धको प्रभाव धेरै लैङ्गिक हुन्छ । महिला तथा किशोरीका शरीर युद्धभूमिको हिस्सा बन्छन्, किनभने सैनिकहरूका लागि यौन दासका रूपमा प्रयोग गर्न, साथै उनीहरूका लागि खाना पकाउन र एक शिविरबाट अर्को

३० Foreign & Commonwealth Office, (2014) *International Protocol on the Documentation and Investigation of Sexual Violence in Conflict: Basic Standards of Best Practice on the Documentation of Sexual Violence as a Crime under International Law*, London: Foreign & Commonwealth Office.

३१ यस हातेपुस्तिकाका लेखकहरूले यो स्वीकार्छन् कि सशस्त्र द्वन्द्वमा पुरुष र किशोरहरू पनि यौन हिंसामा पर्छन् । त्यस्ता घटनाका लागि यो प्रकाशन हेर्न सुझाव गरिन्छ Preventing and Responding to Sexual and Domestic Violence against Men: A Guidance Note for Security Sector Institutions. Watson, C. Geneva: DCAF, 2014.

३२ See Swaine, Aisling (2018), Conflict-Related Violence Against Women: Transforming Transition, Cambridge: Cambridge University Press; Hossain, Naomi (2012), Security and the Pathways of Women's Empowerment: Findings from a Thematic Synthesis of the Pathways of Women's Empowerment Research, IDS Working Paper 406, Brighton: Institute of Development Studies.

३३ See Cohen, Dara Kay, Amelia Hoover Green and Elisabeth Jean Wood (2013), Wartime sexual violence: misconceptions, implications and ways forward, Special Report, Washington D.C.: US Institute for Peace. Also see: Aolain, Fionnuala Ni, and Eilish Rooney (2007)," Under enforcement and Intersectionality: Gendered Aspects of Transition for Women," International Journal of Transitional Justice, Vol. 1, Issue 3, pp. 338–54 in Women's Meaningful Participation in Negotiating Peace and the Implementation of Peace Agreements Report of the Expert (2018). Convened by UN Women in preparation for the UN Secretary-General's report on Women and Peace and Security, New York, U.S.

३४ Gender and SALW in South East Europe (2016). South Eastern and Eastern Europe Clearinghouse for the Control of Small Arms and Light Weapons (SEESAC). https://www.seesac.org/f/docs/Armed-Violence/Gender_and_SALW_publication_eng-web.pdf

शिविरसम्म उनीहरूको भारी बोक्न महिला तथा किशोरीहरू अपहरणका लक्षित हुन्छन् ।[३५] यौन हिंसा र शोषणको असमान रुपमा शिकार हुनुपरेको कारण, महिला तथा किशोरीहरू एचआईभी/एड्स जस्ता यौनजन्य रोग र त्यस्ता हिंसाको परिणामस्वरूप सीमान्तीकृत हुने जोखिममा हुन्छन् ।

त्यसबाहेक, सशस्त्र द्वन्द्व र अन्य मानवीय संकटहरूको परिणामस्वरूप हुने जबरजस्ती विस्थापनले महिला तथा किशोरी विरुद्धका हिंसा, विशेषगरी अन्तरंग साथीबाट हुने हिंसा लगायतका लैङ्गिक हिंसाको जोखिम बढाउँछ ।[३६] विस्थापित शिविरमा बस्ने महिला तथा किशोरीमाथि हुने हिंसाको प्रहरीले प्रतिकार्य गर्नु आवश्यक हुन्छ । यस्तो अवस्थामा दैनिक उपभोग्य वस्तुहरू, जस्तै पानी, खाना वा शौचालयको पहुँच पनि महिला तथा किशोरीको लागि खतरनाक हुन सक्छ । विस्थापितका लागि बनाइएका शिविरहरूमा महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्य गर्न (रोकथाम र अनुसन्धान) को लागि प्रहरीले अत्यधिक आघातग्रस्त व्यक्तिहरूसँग साझेदारी गर्न आवश्यक हुन्छ, जो प्रतिनिधि नेतृत्वसहित संगठित नभएका हुनसक्छन् । प्रहरीको कुनै पनि हस्तक्षेपले यी नयाँ सामाजिक सम्बन्धहरूको नाजुकता र महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितको कल्याणको लागि तिनले के अर्थ राख्छ भन्ने कुरालाई विचार पुऱ्याउनु आवश्यक हुन्छ ।

> "अधिकांश महिलाका लागि द्वन्द्वपछिको आधिकारिक युद्धविराम वा शान्ति सम्झौतामा हस्ताक्षरसँगै हिंसा रोकिँदैन र द्वन्द्वपछिको वातावरणमा हिंसा प्रायः बढ्ने गर्छ ।"
>
> - CEDAW Committee General Recommendation 30

यौन हिंसा अनुसन्धान संस्थान (Sexual Violence Research Institute ('SVRI') को अनुसार, यस्तो नाजुक परिस्थितिमा यौन हिंसा प्रायः चर्को हुन्छ, बालविवाहको दर बढ्न सक्छ र हवाई यात्रा समयमा, सडक यात्राको समयमा, शरणस्थलमा, ट्रान्जिट देशहरूमा, र युद्धले विध्वंश पारेको घर फर्किँदा लगायत यात्राको प्रत्येक चरणमा महिला तथा किशोरी हिंसाको उच्च जोखिममा हुन्छन् ।[३७]

यस्ता चुनौतीका बावजुद, राज्यहरू अन्तर्राष्ट्रिय कानूनद्वारा आफ्नो क्षेत्रमा सशस्त्र द्वन्द्वको क्रममा भएका यौन हिंसा र

फोटो सौजन्य : युनिसेफ नेपाल

महिला तथा किशोरी विरुद्धका हिंसाको अन्य स्वरूपहरूका सबै आरोपहरूको अनुसन्धान गर्न बाध्य छन् । यद्यपि, वास्तविकतामा, सशस्त्र द्वन्द्वबाट बाहिर निस्केका अधिकांश राज्यहरूले दैनिक रूपमा हुने महिला तथा किशोरी विरुद्धका हिंसाका अन्य सबै स्वरूप र हालै मात्र भएका घटनाका त के कुरा, द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसालाई पर्याप्त रूपमा छानबिन गर्न र अभियोजन गर्नमा पनि संघर्ष गरिरहेका हुन्छन् ।

द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसाको दण्डहीनतालाई सम्बोधन गर्नका लागि, र महिला तथा किशोरी विरुद्धका हिंसा अनुसन्धान गर्न असक्षम वा अनिच्छुक राज्यहरूका सन्दर्भमा, सामान्यतया संयुक्त राष्ट्रसंघको नेतृत्वमा अन्तर्राष्ट्रिय समुदायले समानान्तर गैर-न्यायिक अनुसन्धान गर्न वा मुद्दाहरूको आपराधिक अनुसन्धान गर्न त्यस राज्यलाई सहयोग गर्न सक्छ । कुनैपनि अन्तर्राष्ट्रिय अनुसन्धान संयन्त्रको हस्तक्षेपका लागि, सम्बन्धित उल्लङ्घनमा संलग्न नभएको, विशेषगरी राष्ट्रिय प्रहरीको स्थानीय सहयोग चाहिन्छ, जसले त्यस्ता घटनाहरूको लागि अन्तर्राष्ट्रिय अनुसन्धानमा नेतृत्व गर्ने र काम गर्नेहरूसँग संलग्न हुन प्रहरी व्यवस्थापकहरूको क्षमताबाट लाभ पाउनेछ । इन्टरनेसनल क्रिमिनल कोर्ट (आइसीसी)को रोम स्ट्याच्यूमा हस्ताक्षर गरेका सम्बन्धित राज्यका मामिलामा, त्यस राज्यको राष्ट्रिय न्याय प्रणालीले आफैं अनुसन्धान र अभियोजन गर्न असक्षम वा अनिच्छुक भएमा, त्यहाँ आइसीसीले मानवअधिकारको घोर उल्लङ्घनको अनुसन्धान गर्ने अधिकार राख्छ ।[३८]

योग्य निकाय जोसुकै भए तापनि, यस पुस्तिकामा प्रदान गरिएको लैङ्गिक-उत्तरदायी मार्गदर्शन द्वन्द्व सम्बन्धित-महिला तथा

---

३५ Women, War and Peace: The Independent Experts' Assessment on the Impact of Armed Conflict on Women and Women's Role in Peace-building (2002). Rehn, E., and Sirleaf, E.J. United Nations Development Fund for Women (UNIFEM).

३६ Interventions to Reduce Gender-based Violence in Humanitarian Settings (2019). Sexual Violence Research Institute and World Bank Group.

३७ Ibid.

३८ See Art. 17(1) of the Rome Statute of the International Criminal Court U.N. Doc. A/CONF.183/9, July 17, 1998, 37 I.L.M. 1002, 1030 (entered into force July 1, 2002) [hereinafter Rome Statute].

बाकस ७

शरणार्थी र आन्तरिक रुपमा विस्थापित व्यक्तिको परिभाषा

शरणार्थी	आन्तरिक रुपमा विस्थापित व्यक्ति
शरणार्थी भनेको दुर्व्यवहार, सशस्त्र द्वन्द्व, हिंसा वा गम्भीर सार्वजनिक अव्यवस्थामा आफ्नो देशका अधिकारीहरूले सुरक्षा गर्न नसकेको वा नगरेको परिणामस्वरूप स्वदेशमा आफ्नो जीवन, भौतिक अखण्डता वा स्वतन्त्रतामा गम्भीर खतराको कारणले अन्तर्राष्ट्रिय सुरक्षाको आवश्यकता परेको व्यक्ति हुन् । स्रोत : A/AC 96/830 and the refugee protection mandate of UNHCR, in accordance with para 6 A (ii) of its Statute (General Assembly resolution 428 (V), annex).	विशेष गरी सशस्त्र द्वन्द्व, सामान्य हिंसाको अवस्था, मानवअधिकार उल्लङ्घनका प्रभावहरू वा प्राकृतिक वा मानव निर्मित प्रकोपहरूबाट बच्नको लागि आफ्नो घर वा बसोबास गर्ने ठाउँ छोड्न बाध्य पारिएका वा बाध्य भएका व्यक्तिहरू वा व्यक्तिहरूको समूह, जसले अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त राज्यको सीमा पार गरेका छैनन् । स्रोत :UN Guiding Principles on Internal Displacement (1998)

किशोरी विरुद्धका हिंसाका मुद्दाहरू अनुसन्धान गर्ने प्रहरीहरूको लागि उपयुक्त सन्दर्भ सामग्री हो । सशस्त्र द्वन्द्वको अवस्थामा अन्तर्राष्ट्रिय मानवअधिकार कानून र अन्तर्राष्ट्रिय मानवीय कानून दुवै लागू हुने तथ्यका कारण यो सान्दर्भिक छ ।[३९] यस पुस्तिकामा सिफारिस गरिएका लैङ्गिक-संवेदनशील दक्षताहरू अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको उल्लङ्घनका आरोपहरूको छानबिन गर्न खोज्ने अन्तर्राष्ट्रिय अनुसन्धान आयोगहरू, तथ्य पत्ता लगाउने मिसनहरू र अन्य अनुसन्धान निकायहरू जस्ता संयुक्त राष्ट्र सुरक्षा परिषद्को जनादेश बोकेका नागरिक विशेषज्ञहरू र अन्तर्राष्ट्रिय मानवीय कानून वा अन्तर्राष्ट्रिय फौजदारी कानून, र तिनको तथ्यात्मक र कानुनी निष्कर्षहरूमा आधारित सुधारात्मक कार्यका लागि सिफारिस गर्नेहरूलाई पनि लागू हुन्छन् ।

युद्धको माध्यमको रूपमा महिला तथा किशोरी विरुद्धका हिंसाको प्रयोग भएका अवस्थामा, विकासशील प्रविधिहरूसँगै परिवेश परिवर्तन हुँदा र द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसाका अप्रत्यक्ष पीडकहरूले जवाफदेहिताबाट बच्न नयाँ तरिकाहरू खोज्दा, यस हातेपुस्तिकामा प्रवर्द्धन गरिएका लैङ्गिक-संवेदनशील दक्षताहरू द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसाको अनुसन्धानका लागि महत्वपूर्ण स्तम्भहरू हुन्छन् । प्रत्येक संलग्नतामा महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु सधैं अनुसन्धानकर्ता वा प्रतिकार्य गर्ने अधिकारीहरूको नियन्त्रणमा हुनेछ । सशस्त्र द्वन्द्वले महिला तथा किशोरी विरुद्धका हिंसाको प्रकृतिमा थपिएका आयामहरू र यसका कारण र परिणामहरू साथै यसले महिला तथा किशोरीलाई कसरी फरक र असमान रूपमा प्रभाव पार्छ भन्ने कुराको बलियो बुझाइका साथसाथै, प्रहरी र नागरिक अनुसन्धानकर्ताहरूले अनुसन्धानको जनादेशमा उत्कृष्ट योगदान दिन सक्छन्, ताकि सशस्त्र द्वन्द्वको समय दण्डहीनताले शासन नगरोस् ।

अन्त्यमा, मानवीय संकटमा यस हातेपुस्तिकाको प्रयोगलाई मानवीय सेटिङहरूमा लैङ्गिकतामा-आधारित हिंसा हस्तक्षेपका लागि अन्तर-निकाय स्थायी समितिको निर्देशिका, आपतकालीन अवस्थामा यौन हिंसाको रोकथाम र प्रतिकार्यमा केन्द्रित (Guidelines for Gender-based Violence Interventions in Humanitarian Settings, Focusing on Prevention and Response to Sexual Violence in Emergencies (2005)) सँगसँगै हेरिनुपर्छ ।[४०]

सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन: महिला तथा किशोरी विरुद्धका हिंसा र जबरजस्ती विस्थापनका पीडित/प्रभावितलाई प्रतिक्रिया

विश्वव्यापी सुरक्षा अवस्था विकसित हुने क्रममा छ र धेरै क्षेत्रहरूमा केही नयाँ र केही धेरै वर्षदेखि चलिरहेका द्वन्द्व छन्,

३९ For more information see International Legal Protection of Human Rights in Armed Conflict (UNHCHR, 2011).

४० Created by the United Nations (UN) General Assembly resolution 46/182 in 1991, **the Inter-Agency Standing Committee is the longest-standing and highest-level humanitarian coordination forum** of the UN system, bringing together the executive heads of 18 UN and non-UN organizations to ensure coherence of preparedness and response efforts, formulate policy, and agree on priorities for strengthened humanitarian action. See the Inter-Agency Standing Committee.

फोटो सौजन्य : नेपाल न्युज

जसको परिणामस्वरूप विस्थापितहरूको संख्या बढि नै रहेको छ वा निश्चित रूपमा घटिरहेको भने छैन । यसले आफ्नो देशमा द्वन्द्वबाट भागेका शरणार्थीहरू आइपुग्दा आतिथ्य प्रदान गर्ने देशका प्रहरी र कानून प्रवर्तन सेवाहरूका लागि चुनौती हुन्छ ।

शरणार्थी जस्ता अन्यत्रबाट विस्थापित व्यक्तिहरू लगायत आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको सुरक्षा र संरक्षण आतिथ्य प्रदान गर्ने राष्ट्रको जिम्मेवारी बन्छ । प्रहरी अधिकारीका हैसियतमा, तपाईंले उनीहरूको सुरक्षा र संरक्षणको लागि आफ्नो जिम्मेवारी त्याग्न सक्नुहुन्न, किनभने उनीहरू युएनएचसीआर जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा सञ्चालित शरणार्थी शिविरहरूमा रहेका हुन सक्छन् ।

ठूलो संख्यामा शरणार्थीहरूको आगमनले शरणार्थीहरूलाई साथै स्थानीय समुदायलाई पनि प्रभावकारी प्रहरी सेवा प्रदान गर्न कुनै पनि देशका लागि धेरै चुनौतीपूर्ण हुन्छ । यस्तो चुनौती हाल बंगलादेशको कक्स बजारमा रहेको छ जहाँ लगभग ८५४,७४० रोहिंग्या शरणार्थीहरू म्यानमारबाट सीमा पार गरी भागेर अहिले बंगलादेशको ३४ शरणार्थी शिविरहरूमा बसिरहेका छन् ।

बंगलादेश प्रहरीले विशेषगरी प्रहरी चौकी स्तरमा अहिले ठूलो चुनौतिहरूको सामना गर्नुपरेको छ, जहाँ अब आफ्नो सीमित स्रोत उनीहरूले धेरै ठूलो जनसंख्यामा खटाउनु पर्छ । कक्सबजार जिल्लामा थप प्रहरी स्रोतहरू तैनाथ गरिएको भए तापनि, यस क्षेत्रमा प्रवेश गरेका शरणार्थीहरू लगायत, बंगलादेश बाहिरबाट आएका सहयोगी निकायका कर्मचारीहरूको ठूलो सङ्ख्याको तुलनामा त्यो सङ्ख्या तुलनात्मक रूपमा कम नै छ ।

ठूलो संख्यामा शरणार्थीहरू रहेका क्षेत्रमा एक प्रहरी चौकी कमाण्डरका रूपमा, तपाईंको सीमित स्रोतहरू सकेसम्म अधिकतम थेग्नसक्ने गरी प्रयोग भएको हुन्छ, र थप कर्मचारीहरू समायोजन गरेर थेग्नसक्ने सुविधा तपाईंसँग छैन भने थप कर्मचारी अनुरोध गरेर मात्र पनि समस्या समाधान हुन्छ भन्ने हुँदैन । यस्तो अवस्था विशेषगरी प्रायः द्वन्द्व र द्वन्द्वपछिको वातावरणमा हुनेगर्छ, जब महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितको बढ्दो संख्यालाई सहयोग गर्न महिला अधिकारीहरूको वृद्धि आवश्यक हुन्छ ।

द्वन्द्वबाट भागेको कारणले गर्दा, धेरै शरणार्थी परिवारमा महिला घरमूली हुन्छन् किनभने उनीहरूका पति र/वा छोराहरू द्वन्द्वमा मारिएका हुन सक्छन् वा अझै पनि उनीहरूको स्वदेशमा लडिरहेका हुन्छन् । महिला घरमूली भएका घरपरिवारको ठूलो संख्याले विशेषगरी भिन्न सांस्कृतिक परिवेशमा महिला र बालबालिकाको जोखिम बढाउन सक्छ । पहिले नै यस हातेपुस्तिकामा उल्लेख गरिएझैं, तपाईं र तपाईंका कर्मचारीले शरणार्थी र तपाईंको प्रहरी जिल्लाभित्र बस्ने अन्य राष्ट्रियता भएका व्यक्तिहरू लगायत तपाईंले सेवा गर्ने समुदायहरूको सांस्कृतिक संरचना बुझ्न खोज्नु महत्वपूर्ण हुन्छ ।

उनीहरूले भोगेका अत्याचारहरूबाट विभिन्न प्रकारका अपाङ्गता भएर भागेका पीडित/प्रभावितको पनि ठूलो संख्या हुन सक्छ, जसले न्याय सेवाहरूमा पहुँच प्रदान गर्नमा तपाईं र तपाईंका कर्मचारीहरूले सामना गर्ने चुनौतीहरूलाई अझै थप्न सक्छ ।

पीडित/प्रभावितले सान्दर्भिक सेवाहरू पहुँच गर्न सक्छन् भन्ने सुनिश्चित गर्न थप मार्गदर्शनको लागि अध्याय ४: 'प्रारम्भिक सम्पर्क', अध्याय ५: 'अनुसन्धान' र अध्याय ८: 'सहयोग र सहायता' हेर्नुहोस् ।

शरणार्थीहरूको ठूलो संख्यामा प्रहरीकार्य गर्दा तपाईं र तपाईंका कर्मचारीले सामना गर्नुपर्ने केही अन्य चुनौतीहरू यस्ता हुनसक्छन् :

- भाषाका अवरोधहरू;
- विधिविज्ञान परीक्षकहरू जस्ता प्रमाणिक प्रक्रियाहरूमा पहुँचको अभाव;
- शरणार्थीहरूको संस्कृति र परम्पराबारे चेतनाको कमी;
- शरणार्थी महिला तथा किशोरीमा आफ्नो अधिकारको बारेमा जागरूकताको कमी;
- आफ्ना अधिकारहरू प्राप्त गर्न न्याय र सहयोगी सेवाहरूमा कसरी पहुँच गर्ने भन्नेबारे शरणार्थीहरूमा चेतनाको अभाव;
- शरणार्थीहरूबारे तपाईंको स्थानीय समुदायहरूमा बढेको तनाव;
- संकटासन्नहरूको शोषण गर्न खोज्ने संगठित अपराध गिरोहहरू उक्त क्षेत्रमा बढेको;
- 'पोशाकधारी' सेवाहरूमा शरणार्थी समुदायद्वारा विश्वासको अभाव, (उदाहरणका लागि रोहिंग्या शरणार्थीहरू जसले पोशाकधारी कर्मचारीहरूलाई आफ्नो स्वदेश भित्रको हिंसा र अत्याचारसँग जोडेर हेर्न सक्छन्);
- पीडित/प्रभावितको सुरक्षा गर्न र अनुसन्धानलाई अगाडि बढाउन प्रमाणहरू प्राप्त गर्न आवश्यक पर्ने चिकित्सा सुविधा र अन्य स्रोतहरूको अभाव ।

शरणार्थी संकटको अवस्थामा प्रभावकारी प्रहरी सेवा प्रदान गर्ने चुनौतिहरू स्पष्ट हुँदाहुँदै पनि, पीडित/प्रभावितका साथै तपाईं र तपाईंका कर्मचारीहरू दुवैलाई फाइदा पुऱ्याउने अवसरहरू पनि त्यहाँ हुन्छन् ।

फोटो सौजन्य : यूएन वुमन/नेपाल

यस्ता अवसरहरू अन्तर्राष्ट्रिय सहायोग निकाय र गैरसरकारी संस्थाहरू मार्फत आउने सम्भावना हुन्छ, जसले सामान्यतया शरणार्थी शिविरहरू र स्थानीय समुदायहरूलाई सहयोग प्रदान गर्दछन् । तपाईंले आफ्ना कर्मचारीलाई यी निकाय र गैरसरकारी संस्थाका लागि काम गर्नेहरूसँग सम्भव भएसम्म स्थानीय रूपमा संलग्न हुन प्रोत्साहन गर्नुपर्छ ।

स्थानीय रुपमा सम्बन्ध विकास गर्दा अरूले लागू गरेका परियोजना र पहलहरू मार्फत शरणार्थी र स्थानीय समुदायसँग संलग्न हुने तरिकाहरूबारे तपाईंले जानकारी प्राप्त गर्न सक्नुहुन्छ । अन्तर्राष्ट्रिय र राष्ट्रिय संघसंस्थासँग सक्रिय रूपमा संलग्न भएर तपाईंले महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितको सर्वोत्तम हितमा सहयोग गर्ने तरिकाहरू पहिचान गर्न सक्नुहुन्छ । सहकार्यले पीडित/प्रभावितका लागि उनीहरू विरुद्धका अपराधहरूको उजुरी गर्न थप पहुँच बिन्दुहरू सिर्जना गर्न सक्छ, उदाहरणका लागि, चिकित्सा सेवा, शिक्षा, आर्थिक सशक्तिकरणमा संलग्न व्यक्तिहरूलाई त्यसबारे बताएमा, उनीहरूले न्याय सेवा प्रदायकहरूलाई त्यसबारे सूचित गर्न सक्छन् ।

सहकार्यले पनि शिविर भित्र वा शिविरको नजिकै प्रहरीहरूलाई समायोजन गर्न थप सुविधा उपलब्ध गराउन सक्छ । एउटा उदाहरण बंगलादेशको कक्स बजारका दुई शरणार्थी शिविरहरू भित्रका प्रहरी चौकीहरूमा 'महिला सहायता डेस्क' को विकास हो, जसपछि अझै थप पनि खुल्न लागेका छन् । युएन वुमनको सहयोगमा यी सुविधाहरूले महिला अधिकारीहरूलाई शिविर भित्र २४-घण्टा उपस्थिति प्रदान गर्न सक्षम बनाउनको लागि आवास पनि उपलब्ध गराएको छ, जसले गर्दा पीडित/प्रभावितलाई

धेरै आवश्यक सहयोग उपलब्ध हुनुका साथै, प्रहरी चौकीका कमाण्डरहरू र अन्वेषकहरूलाई पनि सुविधा प्राप्त भएको छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारहरूसँग संलग्न हुनुले स्थानीय रूपमा सम्बन्ध र सञ्चारको सम्बन्ध मात्र निर्माण गर्दैन, यसले तपाईंलाई कुनै पनि सामुदायिक पहुँच बढाउने कार्यक्रमहरू मार्फत विभिन्न समुदायहरूसँग प्रत्यक्ष रूपमा संलग्न हुने अन्य तरिकाहरू पनि सिकाउन सक्छ । तपाईंले अन्य सरोकारवाला र समुदायमा विश्वास र भरोसा निर्माण गर्दै जाँदा, तपाईंले साझेदार निकायहरूले कसरी एकअर्कालाई सहयोग गर्न मात्र नभई पीडित/प्रभावितलाई सहयोग गर्न पनि संयुक्त रुपमा काम गर्न सक्छन् भन्ने जागरूकता बढाउन सक्नुहुन्छ । अन्ततः स्थानीय जनतामाझ विश्वास र भरोसाको निर्माणले तपाइँ र तपाइँका कर्मचारीहरूलाई अन्य अपराधहरूबारे जानकारी र गुप्त सूचना सङ्कलन गर्ने र अपराध रोकथामको जागरूकता बढाउने अवसरहरू प्राप्त गर्न सक्षम बनाउँछ ।

सहकार्य र सामुदायिक समाधानहरू बारे थप जानकारीको लागि अध्याय ३: 'रोकथाम', अध्याय ६: 'सुरक्षा र संरक्षण', र अध्याय ७: 'सहयोग र सहायता' हेर्नुहोस् ।

बाकस ८

स्थानीय रुपको वास्तविकता

फोटो सौजन्य : फोर्स इन्टरनेसनल (बंगलादेश)

शरणार्थी/आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूका शिविरमा र त्यस वरपर काम गर्ने प्रहरी अधिकारीहरूले सामना गर्ने चुनौतिहरू महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितलाई पीडित/प्रभावित-केन्द्रित दृष्टिकोण प्रदान गर्नमा मात्र नभई, पीडकमा आधारित अनुसन्धानमा केन्द्रित गर्नमा पनि ठूलो चुनौती हुन सक्छन् । न्याय प्रक्रियामा सीमित स्रोतहरूले गर्दा सबैभन्दा गम्भीर अपराधहरूलाई प्राथमिकता दिन सक्छ, यद्यपि राष्ट्रिय कानूनको आधारमा कम गम्भीर अपराध हुन सक्ने घटनाका आघात पीडित/प्रभावितको लागि भने उत्तिकै विनाशकारी हुन सक्छ । त्यस्ता परिस्थितिमा सबै प्रकारका हिंसा र/वा दुर्व्यवहारबाट पीडित/प्रभावितको सुरक्षा र संरक्षणमा साथै पीडित/प्रभावित वा साक्षी हुन सक्ने कुनै पनि बालबालिकाको सुरक्षामा ध्यान केन्द्रित हुनुपर्छ । यहाँनिर, अन्य सेवा प्रदायकहरूसँगको सहकार्यले पीडित/प्रभावितलाई मात्र नभई, सीमित अनुसन्धान स्रोतहरूलाई अपराधी केन्द्रित गर्न सम्भव बनाउँदै प्रहरीलाई पनि वास्तविक लाभ पुऱ्याउन सक्छ ।

प्रहरी र अन्य सेवा प्रदायकहरू बीच स्थानीय रूपमा सम्बन्ध निर्माण सबै इलाकाहरूमा जरुरी भएपनि, विशेषगरी शरणार्थी/आन्तरिक विस्थापित शिविरहरू भित्र र वरपर यो बढी सान्दर्भिक हुन्छ, जहाँ प्रायः मानिसहरूलाई सेवा र सहयोग अत्याधिक मात्रामा चाहिएको हुन्छ । सीमित स्रोतहरूको सबैभन्दा प्रभावकारी प्रयोग सुनिश्चित गर्न साझेदारीमा काम गर्दा सकारात्मक परिणामहरू आउने पाइएको छ । त्यस्ता कार्यका अभ्यासहरूले विभिन्न निकायहरू बीच र तैनाथ गरिएका विभिन्न निकायहरूबाट मिश्रित वा कमजोर सन्देशका प्रवाह हुन नदिई सञ्चारको क्रमबद्धताहरू स्थापित र कायम गरिएको सुनिश्चित गर्दछ ।

त्यस्ता सम्बन्धहरूले सबैले सामना गर्ने चुनौतीहरूको विस्तृत बुझाइ निर्माण गर्न मद्दत गर्दछ र यसैले अन्तर-निकायगत विश्वास र भरोसा निर्माण गर्दछ, जसले सम्पूर्ण मानवीय प्रतिक्रियालाई फाइदा पुऱ्याउन सक्छ । शरणार्थी शिविरमा र त्यस वरपर काम गर्ने प्रहरीहरू महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितका लागि सहयोग र सहायता प्राप्त गर्न लाभदायक अवस्थामा हुन्छन् भन्ने तर्क गर्न सकिन्छ, किनभने ठूलो संख्यामा अन्तर्राष्ट्रिय सहयोग निकायहरू र गैरसरकारी संस्थाहरू प्रायः त्यस्ता परिस्थितिसँग सम्बन्धित काम गर्छन् । चिकित्सा सुविधा उपलब्ध गराउनेहरूले उपचार वा प्रहरीसँग बोल्न सुरक्षित ठाउँ चाहिनेलाई त्यो उपलब्ध गराएर वा, उपलब्ध विशेषज्ञताको आधारमा, शिविर बाहिर निस्कनु नपरी वा धेरै टाढा यात्रा नगरी चिकित्सकीय जाँच गरेर पीडित/प्रभावितलाई मद्दत गर्न सक्छन् । सामुदायिक वा महिला सशक्तिकरण सुविधा प्रदान गर्ने निकायहरूले पीडित/प्रभावितलाई पीडित मैत्री नहुन सक्ने प्रहरी चौकीमा जानुको सट्टा त्यहीँ कुरा गर्न स्थान उपलब्ध गराउन सक्छन् । सहयोगले पीडित/प्रभावितहरूलाई फाइदा पुऱ्याउन सक्छ भन्ने आधारमा, प्रहरी अधिकारीहरू सम्भावित साझेदारहरूसँग संलग्न हुन सक्रिय हुनुपर्दछ भन्ने कुरा महत्वपूर्ण हो ।

विचारयोग्य एक व्यावहारिक उदाहरणः

अमेना आफ्ना ३ साना छोराछोरीसहित म्यानमारबाट भागेकी छिन् र अहिले कक्स बजारको शरणार्थी शिविरमा बसोबास गरिरहेकी उनको घरपरिवारको एक मात्र घरमूली छिन् । राखिन राज्यको आफ्नो गाउँमा आक्रमण हुँदा आफ्नो घर जलाउन नदिन खोज्दा उनको श्रीमानको मृत्यु भयो । अमेनासँग अब आफ्नो परिवारको पालनपोषण गर्ने जिम्मेवारी छ र आफ्ना बच्चाहरूलाई खुवाउन खाना र पानी पाउने आशामा उनी हरेक दिन सहयोगी वितरण बिन्दुमा जान्छिन् । आज दिउँसो चामल र पानी सफलतापूर्वक लिएर शिविरभित्रै आफ्नो आश्रयमा फर्कदै गर्दा अमेनामाथि आक्रमण भएको थियो र आफूले बोकेको खाना र पानी चोरी भएको थियो ।

एक रोहिंग्या परिवारले भुइँमा लुगा अस्तव्यस्त भएर लडिरहेको अमेनालाई भेटाए । उनी स्पष्ट रूपमा निराश र धेरै दुःखी थिइन् । उनीहरूले उनलाई युएन वुमन केन्द्रमा लगे, जहाँ उनलाई चिकित्सा उपचारमा सहयोग गरिएको छ । युएन वुमनका कर्मचारीले घटनाबारे प्रहरीलाई जानकारी दिएका छन् ।

युएन वुमन केन्द्रमा आइपुगेपछि, तपाईंले स्थापित गर्नुहुन्छ कि अमेनालाई अस्पताल लगिएको छ र उनी ३ साना बच्चाकी आमा हुन् जो अहिले उनीसँग छैनन् । तपाईंले अमेनालाई फेला पार्ने परिवारसँग भेट्नुहुन्छ र उनीहरूले तपाईंलाई अमेना फेला परेको स्थानमा लगेका छन् । त्यस स्थान वरिपरि धेरै मानिसहरू घुमिरहेका छन् र तपाईंले वरपरको प्रारम्भिक परीक्षणमा देख्नुहुन्छ कि यो क्षेत्रमा कम प्रकाश छ, तर धेरै शरणार्थी परिवारहरूको आश्रयद्वारा यो क्षेत्रलाई बेवास्ता गरिएको छ । तपाईंले केही दूरीमा नै शौचालय र सरसफाईका सुविधाहरू पनि देख्नुहुन्छ ।

तपाईंका तत्काल प्राथमिकताहरू के हुन् ? - पीडित र तिनका ३ साना बच्चाहरूको सुरक्षा र संरक्षण र जोखिम मूल्याङ्कन प्रक्रिया तुरुन्तै सुरु गर्न आवश्यक छ ।

तपाईंले कुन अपराध(हरू) हेरि रहनुभएको हुन सक्छ ? - यौन दुर्व्यवहार (अव्यवस्थित कपडा सहित भेटियो), डकैती, चोरी ।

यो प्रारम्भिक चरणमा, कतिवटा अपराध स्थलहरू छन् ? - जहाँ अमेना भेटिएकी थिइन्, उनी आफैं अपराध स्थल हुन्, जहाँ अपराध भयो, नभए जहाँ उनी भेटियो । अन्य स्थलमा यी हुन सक्छन् : उनलाई युएन वुमन केन्द्रमा जहाँ राखिएको थियो र उनलाई अस्पताल पुऱ्याउने सवारी साधन, यदि हतियार प्रयोग गरिएको थियो भने हतियार भएको स्थान पनि अपराध स्थल हुन सक्छ ।

के प्रमाण उपलब्ध हुन सक्छ ? - पीडित/प्रभावितको बयान; साक्षी प्रमाणको लागि सम्भावित जो कोहीले पनि आक्रमण देखेको वा कसैलाई शंकास्पद रूपमा कार्य गरेको वा भागेको देखेको हुन सक्छ । दृश्य, उदाहरणका लागि, शौचालय वा सरसफाईको सुविधामा उपस्थित मानिसहरूमध्ये केहि साक्षी हुन सक्छन्; मेडिकल र/वा विधिविज्ञान प्रमाण, उनलाई भेट्टाएका रोहिंग्या परिवारबाट पहिलो/प्रारम्भिक उजुरीको प्रमाण र युएन वुमनका कर्मचारीहरू ; कुनै कुरा पनि सम्भावित प्रमाण हुन सक्छन्, केहि पनि छुट हुन दिनु हुँदैन ।

तपाईंलें कुनै पनि सम्भावित प्रमाण कसरी सुरक्षित र संरक्षण गर्नुहुनेछ ? - अमेना फेला परेको क्षेत्र र त्यस वरपरलाई तुरुन्तै सुरक्षित गर्नुहोस्, यो त्यहाँ रहेर वा त्यस स्थललाई दूषित हुनबाट जोगाउन एक जना सहकर्मीलाई खटाएर, यदि उपलब्ध भएमा प्रहरीको वा अन्य कुनै टेप वा डोरी प्रयोग गर्दा खटाउन आवश्यक जनशक्तिको संख्या एक मात्रमा घटाउन सकिन्छ ।

यदि कुनै साक्षीहरू छन् भने, न्यूनतम रूपमा उनीहरूसँग के जानकारी हुन सक्छ र आवश्यक भएमा उनीहरूलाई पछि कसरी सम्पर्क गर्न सकिन्छ भन्ने संक्षिप्त विवरणहरू प्राप्त गर्नुहोस् । समुदायलाई आश्वस्त पार्न र कुनै साक्षी फेला पार्ने प्रयासमा, साथै कुनै पनि त्यस्तै अपराधहरू हुनबाट रोक्नको लागि त्यस इलाका र शौचालय वरपर र सरसफाई सुविधाहरूमा प्रहरी गस्ती गर्नेबारे ध्यान दिनुहोस् ।

माथिको परिदृश्य फोर्स इन्टरनेशनल लिमिटेड द्वारा प्रदान गरिएको हो र यो जानाजानी कुनै वास्तविक घटना वा व्यक्तिमा आधारित छैन ।

द्वन्द्वको परिवर्तनशील प्रकृतिसँगै अनुसन्धानको अनुकूलन

द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसा र विशेषगरी द्वन्द्वरत सशस्त्र पात्रहरूले गरेका कार्यहरू समावेश भएका घटनाको छानबिन गर्न, युद्धमा महिला तथा किशोरी विरुद्धका हिंसाको प्रयोग कसरी गरिन्छ भन्नेबारे गहिरो बुझाइ चाहिन्छ। प्रहरीले सामना गर्ने चुनौतीहरूका बावजुद, द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसामा लैङ्गिक-उत्तरदायी अनुसन्धान गर्न यस्तो हिंसासँग सम्बन्धित विस्तृत परिवेश लगायत प्रमाणहरूको गहन विश्लेषण गर्ने महत्वपूर्ण विशेषज्ञताको आवश्यकता पर्नेछ, जसले यौन हिंसा युद्धको समयमा गरिएका अन्य 'मूल' अपराधसँग सम्बन्धित 'घटना' वा 'अवसरवादी' घटना नभइ, संगठित युद्ध प्रयासको एक अभिन्न अंग हो भन्ने स्पष्ट पार्छ।[४१]

> Gender-based violence or GBV is an umbrella term for any harmful act that is perpetrated against a person's will and that is based on socially ascribed (gender) differences between females and males. The nature and extent of specific types of GBV vary across cultures, countries and regions

साकाउतो र क्लियरी (Sácouto and Cleary (2009)) को अनुसार, सशस्त्र द्वन्द्वहरूमा यौन हिंसालाई आधिकारिक रूपमा स्वीकृती नदिएपनि, प्रायः मौनतापूर्वक त्यसलाई प्रोत्साहन वा सहन गरिन्छ।[४२] समयमै छानबिन गरिएन वा सजाय नदिने हो भने यौन हिंसा बढेर युद्धको केन्द्रविन्दु बन्न सक्ने उनीहरूको भनाइ छ।

उदाहरणका लागि, लाइबेरियामा विश्व स्वास्थ्य संगठन (२००५)[४३] द्वारा द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका यौन हिंसाबारे गरिएको अध्ययनले बताए अनुसार, १,२१६ सहभागीहरू मध्ये ९५% लैङ्गिक हिंसाको कुनै न कुनै स्परूपबाट पीडित भएका थिए, जसमध्ये ७३.९% उत्तरदाता युद्धको क्रममा

फोटो सौजन्य : युएनएमआईएल/क्रिस्टोफर हेर्विग (लाइबेरिया)

बलात्कृत भएका थिए, जबकि १३% युद्धपश्चात बलात्कृत भएका थिए।[४४] द्वन्द्वपछिको प्रारम्भिक वर्षहरूमा पीडक मुख्यतया पूर्व लडाकुहरू थिए। २००७ मा, लाइबेरिया राष्ट्रिय प्रहरीमा रिपोर्ट गरिएका ४६% मुद्दामा १८ वर्ष मुनिका बालबालिकाहरू त्यसका हिस्सा थिए। साथै, २००७ मा, रिपोर्ट गरिएका ५,००० सुरक्षा घटनाहरू मध्ये ३८% लैङ्गिक हिंसा प्रकृतिका थिए र २००८ को पहिलो तीन महिनामा, १,९३५ घटनाहरू रिपोर्ट गरिएका थिए, जसमध्ये ३४% लैङ्गिक हिंसासँग सम्बन्धित थिए।[४५] सेप्टेम्बरदेखि नोभेम्बर २००८ सम्म दर्ता भएका अन्य यौन अपराधहरूमध्ये जबरजस्ती करणी पहिलो स्थानमा छ।[४६]

द्वन्द्व-सम्बन्धित यौन हिंसा (S/2017/249)बारे आफ्नो प्रतिवेदनमा संयुक्त राष्ट्रसंघका महासचिवले **प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा द्वन्द्वसँग जोडिएको जबरजस्ती करणी, यौन दासत्व, जबरजस्ती वेश्यावृत्ति, जबरजस्ती गर्भ, जबरजस्ती गर्भपतन, जबरजस्ती नसबंदी, जबरजस्ती विवाह, र महिला, पुरुष, किशोर र किशोरीहरू विरुद्ध हुने तुलनात्मक जघन्यताको कुनै पनि अन्य प्रकारको यौन हिंसा**लाई बुझाउन 'द्वन्द्व-सम्बन्धित यौन हिंसा' शब्दलाई परिभाषित गरेका छन्।[४७]

उक्त प्रतिवेदनमा यो पनि भनिएको छ कि, यो सम्बन्ध पीडकको प्रोफाइल (अक्सर राज्य वा आतंकवादी संस्था वा सञ्जाल लगायतका गैर-राज्यका सशस्त्र समूह), पीडित/प्रभावितको

४१ SáCouto, Susana and Katherine Cleary. "Importance of Effective Investigation of Sexual Violence and Gender-Based Crimes at the International Criminal Court." American University Journal of Gender, Social Policy & the Law. 17, no. 2 (2009): 337-359. Also see Kelly Dawn Askin, Prosecuting Gender Crimes Committed in Darfur: Holding Leaders Accountable for Sexual Violence, in GENOCIDE IN DARFUR 141, 144 (Samuel Totten et al. eds., 2006).

४२ Ibid.

४३ Report on Sexual Gender based Violence and Health Facility Needs Assessment (Lofa, Nimba, Grand Gedeh and Grand Bassa counties) in Liberia (2005). Omanyondo, M.O. for the World Health Organisation.

४४ Government/UN Joint Programme to prevent and respond to GBV (June 13, 2008). Information shared by Dr Sadiq Syed, Deputy Regional Program Director with UN Women in Southern Africa.

४५ Ibid.

४६ Sexual Crimes, committed on September, October, November 2008 in Liberia (UNPOL-December 2008). Information shared by Dr Sadiq Syed, Deputy Regional Program Director with UN Women in Southern Africa.

४७ Report of the Secretary-General on conflict-related sexual violence (2017). UN Doc S/2017/249

प्रोफाइल (जो प्रायः वास्तविक वा कथित सताइएको राजनीतिक, जातीय वा धार्मिक अल्पसंख्यकको सदस्य, वा वास्तविक वा कथित यौन झुकाव र लैङ्गिक पहिचानको आधारमा लक्षित), दण्डहीनताको वातावरण (सामान्यतया राज्य पतनसँग सम्बन्धित), सीमापार गर्दाका परिणाम (व्यक्तिको विस्थापन वा ओसारपसार) र/वा युद्धविराम सम्झौताका प्रावधानहरूको उल्लङ्घनबाट पनि स्पष्ट हुन सक्छ। यो शब्दले यौन हिंसा/शोषणको उद्देश्यका लागि द्वन्द्वको अवस्थामा गरिएका व्यक्तिहरूको बेचबिखनलाई पनि समेट्छ।[४८]

द्वन्द्वको परविर्तनशील प्रकृति र सशस्त्र पात्रहरूद्वारा द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसाको प्रयोगलाई अनुकूलन गर्ने माध्यमको रूपमा, संयुक्त राष्ट्रसंघका महासचिवले २००७ मा, द्वन्द्व-सम्बन्धित यौन हिंसालाई सम्बोधन गर्न रोकथाम र प्रतिकार्यका खण्डिकृत प्रयासहरू बाधक भएको पहिचान गर्दै, ज्ञान निर्माण र समन्वय प्रणालीहरूको मार्गदर्शनका लागि, द्वन्द्वमा यौन हिंसा विरुद्ध संयुक्त राष्ट्र सङ्गीय कार्य नेटवर्कलाई प्रणाली-व्यापी पहलको रूपमा स्थापना गर्नुभयो। त्यसबेलादेखि, शान्तिस्थापना कार्य विभाग (डिपीआ), ओएचसिएचआर, युएन वुमन र युएनडिपी जस्ता संस्थाहरू सहितका संयुक्त राष्ट्र प्रणालीले द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसा अनुसन्धान गर्दा सिकेका पाठहरू र असल अभ्यासहरू दस्तावेजीकरण गर्दै आएको छ जुन लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको लागि लाभदायक छ। केहि थप भर्खरैका उदाहरणहरू यसप्रकार छन्:

- पीडित/साक्षीहरूलाई महिला वा पुरुष अनुसन्धानकर्ता र/वा दोभाषेसँग बोल्ने विकल्प उपलब्ध गराउनु राम्रो अभ्यास हो। तसर्थ, मिश्रित लैङ्गिक अनुसन्धान टोलीहरू आदर्श हुन्छन्। बिचौलिया द्वारपाल एक पुरुष भएको अवस्थामा मिश्रित टोलीहरू विशेषगरी उपयोगी हुन्छन्;

- अन्तर्वार्ताका लागि उनीहरू पुरुषहरूसँग कुरा गर्दा कस्तो महसुस गर्छन् भन्ने लगायतका पीडित/प्रभावितको प्राथमिकताको सम्बन्धमा अनुमानहरू गरिनुहुँदैन,

- आकस्मिक चिकित्सा सेवाहरू प्रदान गर्ने स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग काम गर्ने सम्बन्धको विकासलाई प्राथमिकताको रूपमा हेरिनुपर्छ। उदाहरणका लागि, डक्टर्स विदाउट बोर्डर्स नामक संस्थाले द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितको पहिचान र सहयोग गर्न प्रमुख साझेदार भएको देखाएको छ;

- पीडित/प्रभावितको विकल्पहरूलाई सीमित गर्दै अनुसन्धानको 'नतिजाहरू' मा अत्यधिक ध्यान केन्द्रित गर्नुको सट्टा विकल्पहरू उपलब्ध गराउनमा ध्यान केन्द्रित गर्नुहोस् ताकि पीडित/प्रभावितको सहभागिता सार्थक होस्;

- अन्तरसम्बद्धताका परिप्रेक्ष्यहरू अनुसन्धानका लागि महत्वपूर्ण हुन्छन्। उदाहरणका लागि, वृद्ध महिलाहरूलाई मार्ने उद्देश्यलाई अनुसन्धानकर्ताहरूले सजिलै बेवास्ता गर्न सक्छन् जबकि वास्तवमा उनीहरूलाई लक्षित समुदायको इतिहास मेटाउने लक्ष्य राख्ने सशस्त्र पात्रहरूले जानाजानी निशाना बनाएका हुन्छन्;

- द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसाबाट पीडित/प्रभावित भएकाहरूलाई पहिचान गर्नु भनेको उनीहरूले भोगेका हिंसाका कानुनी प्रभावहरूबारे उनीहरू सचेत छन् भन्ने सुनिश्चित गर्नु हो। कतिपय अवस्थामा, उनीहरूमाथि गरिएका कार्यहरू यौन हिंसा हो भन्ने महिलाहरूलाई थाहा थिएन।

- जबरजस्ती करणी प्रमाणित गर्नका लागि जैविक प्रमाणहरूमा अत्यधिक निर्भरता प्रतिकूल हुन सक्छ। सान्दर्भिक जानकारी राम्रारी र स्रोतपूर्ण तरिकाले जम्मा भएको छ भने, त्यसले प्रभावकारी अनुसन्धानको लागि आवश्यक तत्वहरूलाई सहयोग गर्न सक्छ। उदाहरणका लागि, द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसाका आरोपहरूको अनुसन्धान गर्ने संयुक्त राष्ट्रसंघका विज्ञहरूले महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितसँग अन्तर्वार्तामा परिस्थितजिन्य प्रमाणका रुपमा, हिंसाकार्यमा प्रयोग गरिएका सैन्य सवारी साधन र सशस्त्र पात्रहरूले लगाउने पोशाकको विवरण दिने सान्दर्भिक कागजातहरू उपलब्ध गराउनमा सहयोगी भएका छन्।



- विविध प्रकारका पात्रहरू र विशेषगरी मानवीय सहायता प्रदान गर्ने स्थानीय र अन्तर्राष्ट्रिय पात्रहरूसँग साझेदारी निर्माण भनेको दीर्घकालीन लगानी हो;

- निश्चित मानवीय अवस्था वा संकटहरूले महिला, पुरुष, किशोरी, किशोरहरू, साथै अल्पसंख्यक समूहहरू लगायत विभिन्न व्यक्ति वा समुदायमा पार्ने प्रभावलाई सम्बोधन गर्ने विश्लेषणमा योगदान दिएर अनुसन्धानलाई बलियो बनाउनका लागि, लैङ्गिक विश्लेषण गरिएको सुनिश्चित गर्नुहोस्। यो लैङ्गिक संवेदनशील विश्लेषणले आवश्यकताहरू पहिचान गर्न योगदान पुऱ्याउन सक्छ र सुरक्षाका साथै सहयोग र सहायताका लागि सिफारिसहरूलाई अझ राम्रोसँग अनुकूलित गराउन सक्छ;

४८ Ibid.

- लैङ्गिक-उत्तरदायी प्रहरीकार्यको सुधार मापन महत्वपूर्ण हुन्छ। यो राष्ट्रिय प्रहरी एकेडेमी पाठ्यक्रममा लगायत सबै प्रशिक्षार्थीहरूका लागि महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रहरीले संकटका समयमा वा शान्तिको अवस्थामा कहिलेपनि सामान्यीकरण गर्नुहुँदैन भन्ने सुनिश्चित गर्ने उद्देश्यका साथ, सशस्त्र द्वन्द्व लगायतका महिला तथा किशोरी विरुद्धका हिंसा र यसका कारकहरूबारे विशेष तालिम मोड्युलमार्फत प्रशिक्षणको बेसलाइनबाट सुरु गर्नुपर्छ।

द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसा अनुसन्धान गर्न अधिकारमा आधारित दृष्टिकोणहरूको उत्कृष्ट अभ्यासको बारेमा थप जानकारीको लागि ओएचसिएचआरको मानव अधिकार अनुसन्धान मार्गदर्शन र अभ्यासमा लैङ्गिक दृष्टिकोणको एकीकरण (Integrating a Gender Perspective into Human Rights Investigations Guidance and Practice (2018)) हेर्नुहोस्।

साझेदारी निर्माणका संयन्त्र

माथि छलफल गरिएझैं, द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसाको अनुसन्धान विशेषगरी हिंसाका अप्रत्यक्ष पीडकले अरूलाई त्यस्तो हिंसा गर्नको लागि दिएको स्पष्ट आदेशको अभावमा, एक चुनौतीपूर्ण प्रक्रिया हुन सक्छ। द्वन्द्व सम्बन्धित-महिला तथा किशोरी विरुद्धका हिंसाका अप्रत्यक्ष पीडकहरूलाई उनीहरूकास्पष्ट आदेशहरू, उनीहरूको कमाण्ड जिम्मेवारीको त्रुटी र/वा अख्तियारको पदहरूमा रहेर यस्तो हिंसालाई उक्साएको उनीहरूको व्यवहार मार्फत जवाफदेही बनाइयोस् भनेर पीडित/प्रभावित र अन्य मुख्य साक्षीहरूबाट प्रमाणहरू सङ्कलन गर्नका लागि अनुसन्धानकर्ता प्रहरीलाई स्रोतसाधनको आवश्यकता पर्दछ।

> "अभियुक्तको संलग्नता नभई अपराध हुने थिएन भनेर प्रमाणित गर्न आवश्यक छैन, बरु उत्प्रेरित गर्नु नै अपराध गर्ने अर्को व्यक्तिको आचरणमा योगदान गर्ने एउटा कारक थियो भनेर देखाउनु नै पर्याप्त छ।"
>
> - ICTY Appeals Chamber in Prosecutor v. Kordi ć & Čerkez, Case No. IT -95-14/2-A, Appeals Judgment, ¶ 27 (Dec. 17, 2004)

त्यस्ता प्रमाणहरू सङ्कलन गर्नका लागि पीडित/प्रभावित र मुख्य साक्षीहरूसम्म सशस्त्र द्वन्द्वमा उनीहरूको सहयोगी मानवीय भूमिकाको परिणामस्वरूप पहुँच भएका स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी आवश्यक हुन्छ। यद्यपि, प्रहरीले पीडित/प्रभावित र द्वन्द्वबाट पीडित समुदायको हितलाई प्रतिनिधित्व गर्ने त्यस्ता संस्थाहरूसँग विश्वास निर्माणमा लगानी गर्नुपर्छ।

फोटो सौजन्य : एमआईएनयुएसएमए (माली)

द्वन्द्वपछि प्रहरीले विश्वास र साझेदारी निर्माण गर्न सक्ने एउटा तरिका भनेको, शान्ति निर्माणका प्रयासहरूमा महिला प्रहरी अधिकारीहरू लगायत महिलाहरूलाई सशक्तिकरणका संयन्त्रहरूलाई सक्रिय रूपमा सहयोग गर्नु र सहभागी हुनु हो।

महिला तथा किशोरी विरुद्धका हिंसालाई अझ प्रभावकारी प्रतिकार्यका लागि निर्माण गर्न सकिने साझेदारीका उदाहरणहरूसहित थप छलफलका लागि अध्याय ८: 'न्यायिक निकायहरू बीचको समन्वय' हेर्नुहोस्।

द्वन्द्व सम्बन्धित -महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यमा,सशस्त्र द्वन्द्वले पीडित/प्रभावितहरूलाई कसरी प्रभाव पारेको छ तर शान्ति निर्माणको सन्दर्भमा उनीहरूले कसरी अगाडि बढ्ने बाटो देख्छन् भन्ने कुरा प्रहरीले उनीहरू आफैंबाट प्रत्यक्ष रूपमा सुन्न आवश्यक छ। यस्तो जानकारी महिला तथा किशोरी विरुद्धका हिंसालाई लैङ्गिक-उत्तरदायी तरिकामा प्रतिकार्य गर्ने लगायत प्रहरीका प्राथमिकताहरू परिभाषित गर्न महत्वपूर्ण हुनेछ। प्राथमिकता तय गर्दा वर्तमान र विगत दुवै अपराधका दोषीहरूलाई प्रहरी अनुसन्धानकर्ताहरूले न्यायको कठघरामा ल्याउन आवश्यक हुन्छ। यो विशेष गरी समुदायहरूसँग विश्वास निर्माण गर्न र यसलाई अगाडि बढाउन प्रहरीमा आत्मविश्वास र क्षमता छ भन्ने सुनिश्चित गर्नका लागि महत्वपूर्ण हुन्छ।

संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ र १८२० को स्थानीयकरण, प्रस्तावका राष्ट्रिय कार्य योजनाहरू भएका देशमा द्वन्द्व सम्बन्धित -महिला तथा किशोरी विरुद्धका हिंसाको अनुसन्धानमा प्रहरीलाई थप प्रभावकारी हुन आवश्यक साझेदारी

विकासका लागि उल्लेख्य अवसरहरू प्राप्त हुन सक्छन् ।[49] प्रस्तावना १३२५ र १८२० ले महिलाहरूलाई सशस्त्र द्वन्द्वका पीडित/प्रभावितको रूपमा नभई शान्ति निर्माणकर्ता र निर्णयकर्ताको रूपमा सशक्तिकरण गर्ने मात्र नभई, यौन र लैङ्गिक हिंसालाई रोक्न सहायक उपाय र नीतिहरू पनि प्रदान गर्दछ । जनवरी २०२० सम्म, ८३ देशहरूले राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ को समर्थनमा राष्ट्रिय कार्य योजना अपनाएका छन् ।[50]

उदाहरणका लागि, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ (२०००)ले यी प्रमुख क्षेत्रहरूमा राष्ट्रिय स्तरमा कार्य गर्न सदस्य राष्ट्रहरूलाई आग्रह गर्दछ :

- द्वन्द्व समाधानका लागि स्थानीय महिला शान्ति पहल र स्वदेशी प्रक्रियाहरूलाई समर्थन गर्ने उपायहरू र शान्ति सम्झौता कार्यान्वयनका सबै संयन्त्रमा महिलाहरूलाई संलग्न गराउने उपायहरू;

- सशस्त्र द्वन्द्वको अवस्थामा लैङ्गिकतामा आधारित-हिंसा, विशेष गरी जबरजस्ती करणी र यौन दुर्व्यवहारका अन्य प्रकार र अन्य सबै प्रकारका हिंसाबाट जोगाउन विशेष उपायहरूमार्फत महिला तथा किशोरीहरूको मानव अधिकारको संरक्षण र सम्मान । यसमा स्वदेश फिर्ता, पुनर्वास, पुनर्स्थापना, पुनर्संमायोजन र द्वन्द्वपछिको पुनर्निर्माणमा महिला तथा किशोरीहरूको विशेष आवश्यकतालाई विशेष ध्यान दिने लगायत पर्छन्;

- आफ्ना शान्ति स्थापना र शान्ति निर्माणका उपायहरूमा लैङ्गिक दृष्टिकोण समावेश गर्नुहोस् र महिलाहरूको संरक्षण, अधिकार र विशेष आवश्यकताहरूलाई सम्बोधन गर्नुहोस् ।

- ग्लोबल नेटवर्क अफ वुमन पिसबिल्डर्सद्वारा विकसित गरिएका लगायतका संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ र १८२० को स्थानीयकरण जस्ता शान्ति निर्माणका पहलहरूमा भाग लिएर, प्रहरीलाई राष्ट्रिय तथा स्थानीय सरकारी निकायहरू बीच व्यवस्थित समन्वयात्मक प्रयासहरूमा अझ राम्रोसँग एकीकृत गर्न सकिन्छ । साथै नागरिक समाजका संस्था, सरकारी तथासंयुक्त राष्ट्रसंघीय निकायहरू, र अन्य सान्दर्भिक पात्रहरू बीच अन्तर-क्षेत्रीय सहयोग र सहकार्य सुधार गर्न, साथै संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ र १८२० एवं अन्य सम्बन्धित अन्तर्राष्ट्रिय औजार तथा राष्ट्रिय नीतिहरूबारे प्रमुख सरोकारवालाहरू बीच चेतना र बुझाई बढाउने कार्यमा प्रहरीलाई एकीकृत गर्न सकिन्छ ।[51]

संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ स्थानीयकरण प्रयासहरूमा युगान्डा प्रहरीको सहभागिताले महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यलाई कसरी सुधार गऱ्यो भन्ने कुराको उदाहरण बाकस ९मा दिइएको छ :

बाकस ९

युगान्डा प्रहरी र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ स्थानीयकरण

युगान्डाको गृहयुद्धको लामो इतिहाससँगै यसले निरन्तर आन्तरिक द्वन्द्वको सामना गरिरहेको छ, जसमध्ये धेरैजसो राजनीतिक, सशस्त्र विद्रोह र चुनाव सम्बन्धी हिंसा पर्छन् । उदाहरणका लागि १९८७ देखि २००७ को बीचमा उत्तरी युगान्डामा लर्ड्स रेजिस्टेन्स आर्मी (एलआरए)को विद्रोहको परिणामस्वरूप लाखौं मानिसहरूको मृत्यु भयो, लगभग २०,००० बालबालिका अपहरण गरिए र लगभग २० लाख मानिसहरू आन्तरिक रूपमा विस्थापित भए । यद्यपि २००६ मा एलआरए र युगान्डा सरकार बीचको शत्रुता समाप्ति सम्झौतामा हस्ताक्षर गरेपछि देशको सुरक्षामा उल्लेखनीय सुधार भएको छ, तर महिलाहरू लामो समयदेखि फैलिएको हिंसा र असुरक्षाबाट असमान रूपमा प्रभावित भइरहेका छन् ।

२००८ मा, युगान्डा सरकारले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ र १८२० र ग्रेट लेक्स क्षेत्रमा यौन हिंसा उन्मूलन र दण्डहीनता अन्त्य गर्ने गोमा घोषणाको कार्यान्वयनको लागि राष्ट्रिय कार्य योजना अपनायो ।

४९ Implementing Locally, Inspiring Globally: Localizing UNSCR 1325 in Colombia, Nepal, the Philippines, Sierra Leone, and Uganda (2013). Global Network of Women Peacebuilders

५० See National Action Plans for the Implementation of UNSCR 1325 on Women, Peace and Security. Women's International League of Peace and Freedom.

५१ Implementing Locally, Inspiring Globally: Localizing UNSCR 1325 in Colombia, Nepal, the Philippines, Sierra Leone, and Uganda (2013). Global Network of Women Peacebuilders.

राष्ट्रिय कार्य योजनाको स्थानीयकरणको एक भागको रूपमा, युगान्डाले दुवै जिल्ला र उप-काउन्टी स्तरमा समन्वय समितिहरू गठन गऱ्यो । जिल्ला स्तरमा शासन, विकास, शिक्षा, एचआईभी र प्रजनन अधिकार, लैङ्गिक तथा सामुदायिक विकास, आपराधिक अनुसन्धान, कारागार र न्यायपालिका लगायतका अन्य जिल्ला प्रशासकहरूसँग जिल्लामा लैङ्गिकतामा आधारित यौन हिंसाको स्थिति र सम्बन्धित कार्य/उपायहरूको विषयमा मासिक रूपमा छलफल गर्न युगान्डा प्रहरीको बाल तथा परिवार संरक्षण इकाई सहभागी हुन्थ्यो ।

त्यसपछि सहभागी जिल्ला स्थानीय परिषदहरूद्वारा स्थानीय कार्य योजनाहरू विकसित गरेर अपनाइयो । नतिजाहरू स्थानीयकरणको अर्को नतिजा यो थियो कि, स्थानीय कार्य योजना प्रक्रियाबाट समुदाय र सुरक्षा क्षेत्रभित्र लैङ्गिकतामा आधारित हिंसासम्बन्धी चेतना बढेको थियो । यसबाहेक, स्थानीय कार्य योजना साथै यसको विकास र कार्यान्वयनमा प्रहरीको संलग्नताको परिणामस्वरूप, जिल्ला प्रहरी चौकीले स्थानीयकरण भएका प्रत्येक जिल्लामा सामुदायिक सम्पर्क अधिकृत भएको हेल्पडेस्क स्थापना गरेको छ । स्थानीय सरकारका सरोकारवालाहरूका यी प्रयासहरूले लैङ्गिकतामा आधारित हिंसाका घटनाको उजुरीमा वृद्धि गर्न र लैङ्गिकतामा आधारित हिंसाका मुद्दाहरूको व्यवस्थापनमा प्रहरीमाथिको जनविश्वासमा वृद्धि गर्न योगदान पुऱ्यायो ।

प्रहरी अपराध प्रतिवेदन २०१७ अनुसार, २०१६ मा १३,१३२ घरेलु हिंसाका घटनाको तुलनामा १६.७ प्रतिशतले वृद्धि भएर कुल १५,३२५ दर्ता भएका छन् । यसका अतिरिक्त, २०१४ को प्रहरी प्रतिवेदन अनुसार, २०१३ को तुलनामा २०१४ मा लैङ्गिकतामा आधारित हिंसाले प्रहरी समक्ष उजुरी भएको घटना २५.८% ले बढेको छ । यो त्यसपछि देखि लगातार बढ्दै गएको छ ।

"किटगुम जिल्लामा, डेस्क र सम्पर्क कार्यालयले प्रहरी र समुदायबीचको खाडललाई कम गर्न मद्दत गरेको छ जसले गर्दा लैङ्गिकतामा आधारित हिंसाका घटनाहरू उजुरी गर्ने आत्मविश्वास बढेको छ । पारिवारिक स्तरमा वार्ताबाट समाधान खोज्ने अवस्थाहरू पनि घटेका छन् (बलात्कार, अपवित्रता र बालविवाहका घटनाहरूमा पनि पीडित परिवारसँग पीडक पक्षले समस्या समाधान गर्न वार्ता गर्छ) । पहिले, असफल वार्ताको परिणामस्वरुप मात्र उजुरी हुन्थ्यो, तर अहिले यसमा परिवर्तन भएको छ । लैङ्गिकतामा आधारित हिंसाका उजुरी २०१४ मा ४३५ घटनाहरूबाट स्थानीयकरण भएदेखि प्रत्येक वर्ष २,५०० भन्दा बढीमा बढेको छ ।"

जिल्ला प्रहरी कमाण्डर, किटगुम जिल्ला ।

स्रोत : Localization: Rumbimbwa, R., Assessing the impact Uganda Case Study (2018), Global Network of Women Peacebuilders.

अनलाइन र सूचनाप्रविधि (आईसीटी) जन्य महिला तथा किशोरी विरुद्धका हिंसा

इन्टरनेटको विकास र सूचना तथा सञ्चार प्रविधि (आईसीटी)को विस्तारित पहुँचले दैनिक जीवनमा परिवर्तन ल्याइरहेको छ । आईसीटीको पहुँच र प्रयोग अब मानव विकाससँग जोडिएको छ किनभने तिनले विचार, नवीनता र आकांक्षाहरूको निरन्तरतालाई सहज बनाउँछन् । विश्वभरका महिला तथा किशोरीहरूले आईसीटीमार्फत काम, शिक्षा र मनोरञ्जनसम्बन्धी आत्म-विकासका साधनहरूमा अतुलनीय पहुँचको आनन्द लिइरहेका छन् । परिचय नखुलाई अनलाइन हुनसक्नुले महिलाहरूका लागि विभिन्न अनलाइन स्थलहरूमा पहुँच गर्न र सक्रियता, राजनीतिक कार्य र लोकतान्त्रिक समाजमा महत्वपूर्ण हुने आन्दोलनहरूमा भूमिका खेल्न उल्लेखनीय रुपमा सहयोग गरेको छ ।

यद्यपि, हरेक ढोका खोल्दै जाँदा, महिला तथा किशोरीहरू दैनिक जीवनमा (अफलाइन) हिंसाको निरन्तरताको सामना गरिरहेका छन् । महिला तथा किशोरी विरुद्धका हिंसा जस्तै यौन दुर्व्यवहार, पीछा, अवैध र/वा तस्विर/भिडियोको गैर-सहमतिमा प्रयोग र धम्कीहरूले अनलाइनमा महिला तथा किशोरीहरूलाई विद्युतीय रूपमा सहभागी हुँदा असुरक्षित बनाउँछ । परिचय नखुल्ने तत्वले गर्दा हिंसाको जोखिम उल्लेखनीय रूपमा बढ्छ ।

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले यस हिंसाको सामना गर्न महत्वपूर्ण भूमिका खेल्छ तर यसको पहुँचलाई मापनयोग्य तरिकाले विस्तार गर्न आवश्यक छ । यसले व्यक्तिगत जानकारी र तेस्रो-पक्षको सूचनालाई नियमन गर्ने विकसित मापदण्डहरूको पालना गर्न र अपराधीहरूलाई गोप्य रुपमा समात्नको लागि इन्टरनेट सेवा प्रदायक र आईसीटीको प्रसारमा प्रभुत्व जमाउने प्राविधिक कम्पनीहरूसँग महत्वपूर्ण साझेदारीहरू निर्माण गर्न आवश्यक हुन्छ । साइबर महिला तथा किशोरी विरुद्धका हिंसाको रोकथामलाई प्रवर्द्धन गर्ने र उजुरीका संयन्त्रहरूसहित सुरक्षा मार्गनिर्देश र रणनीतिहरूबारे सार्वजनिक सूचनाहरू सञ्चार गर्न प्रहरीको अनलाइन उपस्थिति पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

"इन्टरनेटको पहुँच आर्थिक कल्याणको लागि द्रुत आवश्यकता बन्दै गएको छ र यसलाई एक मौलिक मानव अधिकारको रूपमा बढ्दो रूपमा हेर्न थालिएको छ; तसर्थ, यो विद्युतीय सार्वजनिक स्थल महिला तथा किशोरीहरू लगायत सबैका लागि सुरक्षित र सशक्तिकरण गर्ने ठाउँ हो भन्ने सुनिश्चित गर्न महत्त्वपूर्ण छ ।"

- महिला तथा किशोरी विरुद्ध साइबर हिंसा (युरोपियन इन्स्टिच्युट फर जेन्डर इक्वालिटी)

यस हातेपुस्तिकाको उद्देश्यका लागि, लेखकहरूले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) द्वारा प्रस्तावित आईसीटीको परिभाषा प्रयोग गर्नेछन् [५२]:

"आईसीटीहरू मूलतः सूचना-व्यवस्थापनका औजारहरू हुन् - उत्पादन, भण्डारण, प्रशोधन, वितरण र जानकारी आदानप्रदान गर्न प्रयोग गरिने विविधतापूर्ण वस्तु, एप्लिकेसन र सेवाहरू। तिनमा रेडियो, टेलिभिजन र टेलिफोनको "पुरानो" आईसीटी, र कम्प्युटर, स्याटेलाइट र तारहित प्रविधि र इन्टरनेटको "नयाँ" आईसीटीहरू समावेश हुन्छन्। यी विभिन्न औजारहरू अब एकसाथ काम गर्न र हाम्रो "नेटवर्कयुक्त संसार" बनाउनको लागि संयोजन गर्न सक्षम छन् - जसमा विश्वको हरेक कुनामा पुग्ने अन्तरसम्बन्धित टेलिफोन सेवाहरूको एक विशाल पूर्वाधार, मानकीकृत कम्प्युटिङ हार्डवेयर, इन्टरनेट, रेडियो र टेलिभिजन लगायत समावेश छन्।"

सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन

प्रविधिको प्रभाव

विश्वव्यापी रूपमा अपराधका प्रकार र अपराधका विधिहरू विकसित भइरहँदा तपाईं र तपाईंका कर्मचारी अपराधीका विभिन्न व्यवहार/कार्यहरूप्रति सतर्क रहनु महत्वपूर्ण हुन्छ। अपराधको ढाँचा र व्यवहारमा भएका केही परिवर्तनहरूका लागि विशेषज्ञ प्रतिक्रियाको आवश्यकता पर्न सकेतापनि, पीडित/प्रभावितसँग व्यवहार गर्दा भने आधारभूत कुराहरू सम्झनु महत्वपूर्ण हुन्छ। आजको प्रहरीकार्यको वातावरणमा विशेषगरी यो महत्वपूर्ण हुन्छ, जहाँ महिला तथा किशोरी विरुद्धका साइबर हिंसा व्यवस्थापनका जटिलता र मुद्दाहरूको अन्तरनिर्भरताको परिणामस्वरूप प्रविधिको विकाससँगै विशेष चुनौतीहरू छन्। प्राविधिक विकासले अपराध अनुसन्धानमा प्राविधिक प्रतिकार्यमा प्रहरीलाई फाइदा पुऱ्याएको छ भने, अर्कातिर यसलाई विशेषगरी अपराधीहरूले कसरी काम गर्ने नयाँ तरिकाहरू फेला पारेका छन् भन्ने चुनौतीहरूसँग सन्तुलित गरिनुपर्छ। विशेषगरी यदि तपाईंको संगठनसँग उपयुक्त स्रोतहरू छैनन् र आधारभूत प्रविधिमा पहुँच एक समस्या बनिरहन्छ भने यसले तपाईं र तपाईंका कर्मचारीका लागि विशेष चुनौतीहरू सिर्जना गर्छ।

चित्र ३ ब्रोडब्यान्ड र लैङ्गिकताबारे विद्युतीय विकास कार्यसमूहको लागि संयुक्त राष्ट्रसंघीय ब्रोडब्यान्ड आयोगद्वारा प्रदान गरिएको महिला तथा किशोरी विरुद्धका साइबर हिंसासम्बन्धी समस्याहरूको जटिलता र अन्तरनिर्भरताको उच्च-स्तरीय दृश्य (२०१५) हो।

चित्र ३

महिला तथा किशोरी विरुद्धका साइबर हिंसाको सामनामा देखिने सवालहरूको जटिलता र अन्तरसम्बन्ध (युएन २०१५)

प्रहरी संगठनहरूले आफ्ना कर्मचारीलाई के उपलब्ध गराउन सक्छन् र नागरिकहरूले के पहुँच गर्न सक्छन् भन्ने कुरामा असन्तुलन छ। धेरै देशहरूमा स्मार्ट फोन प्रविधिमार्फत मोबाइल नेटवर्क र इन्टरनेट पहुँच राम्रोसँग विकसित भएकोले नागरिकहरूले सामाजिक सञ्जाल र वेबसाइटहरू सजिलैसँग पहुँच गर्न सक्छन्, तर प्रहरी र कानून कार्यान्वयन गराउने संस्थाहरूले त्यहि गतिलाई निरन्तरता दिएका छैनन्, जसले गर्दा स्थानीय समुदायहरूलाई प्रहरी सेवा प्रवाह गर्नमा तपाईं र तपाईंका कर्मचारीले थप चुनौती सिर्जना गर्छ।

५२ Tools for Development Using Information and Communications Technology to Achieve the Millennium Development Goals: Working Paper, United Nations ICT Task Force December 2003.

अनलाइन र आईसीटीजन्य महिला तथा किशोरी विरुद्धका हिंसा

अनलाइन र आईसीटीजन्य महिला तथा किशोरी विरुद्धका हिंसा विश्वव्यापी रूपमा प्रचलित हुँदै गइरहेको छ तर अन्तर्राष्ट्रिय रूपमा कानून कार्यान्वयन गराउने निकायहरूले अझै तिनलाई पछ्याउन प्रयास गरिरहेको छ, किनकि महिला तथा किशोरी विरुद्धका साइबर हिंसाबारे विश्वव्यापी रूपमा मान्यताप्राप्त परिभाषा छैन । यद्यपि, महिला तथा किशोरी विरुद्धका हिंसाको धेरै प्रकारका अनलाइन र आईसीटीजन्य स्वरुपहरू छन् जसमा सामान्यतया सहमति छ : साइबर पीछा (cyber stalking); गैर-सहमतिमा तस्वीरको दुरुपयोग ("रिभेन्ज पोर्न" को रूपमा नियमित रूपमा उल्लेख गरिने गरेको); घृणायुक्त अभिव्यक्ति र दुर्व्यवहार; 'स्लट शेमिङ' (slut shaming); अवान्छित अश्लील सामग्री; यौन शोषण; जबरजस्ती करणी र हत्याको धम्की; पीडितका बारेमा सूचनाको संग्रह; इन्टरनेटमा पीडितको निजी जानकारीको खुलासा र बेचबिखनलाई विद्युतीय रूपमा सहज बनाउने ।[५३] [५४] [५५]

महिला तथा किशोरीहरू विरुद्ध साइबर हिंसासम्बन्धी आफ्नो प्रतिवेदन Cyber Violence Against Women and Girls A worldwide wake-up call (2015) मा ब्रोडब्यान्ड र लैङ्गिकताबारे विद्युतीय विकास कार्यसमूहको लागि संयुक्त राष्ट्रसंघीय ब्रोडब्यान्ड आयोगद्वारा प्रदान गरिएको महिला तथा किशोरी विरुद्धका साइबर हिंसा (चित्र ४)लाई फरक पार्ने विशेषता र प्रोफाइलहरूको सूची प्रदान गर्दछ:

अनलाइन र आईसीटीजन्य महिला तथा किशोरी विरुद्धका हिंसा विद्युतीय सञ्चार र इन्टरनेट दुबै मार्फत हुने लैङ्गिकतामा आधारित हिंसा हो[५६] र त्यसैले यसलाई अफलाइन महिला तथा किशोरी विरुद्धका हिंसा भन्दा फरक व्यवहार गर्नु हुँदैन । केवल भिन्नता भनेको यो ती हिंसाका कार्य गर्न प्रयोग हुने माध्यम हो । यूरोपियन इन्स्टिच्युट अफ जेन्डर इक्वालिटी (EIGE) का अनुसार महिला तथा किशोरी विरुद्धका अनलाइन (साइबर) हिंसालाई अलग्गै नलिएर, अफलाइन हिंसाको सम्भावित निरन्तरताको रूपमा विचार गरिनुपर्छ । प्रहरीले प्राय: अनलाइन सञ्चारको प्रत्येक घटनालाई दुर्व्यवहारको समग्र प्रभावको विस्तृत सन्दर्भमा विचार गर्नुको सट्टा एकल कार्यको रूपमा व्यवहार गर्ने गरेको उनीहरूले पाए ।[५७]

चित्र ४

राष्ट्रसंघीय ब्रोडब्यान्ड आयोगद्वारा प्रदान गरिएको महिला तथा किशोरी विरुद्धका साइबर हिंसाका विशिष्ट विशेषता र प्रोफाइलहरू (२०१५)

अज्ञातता

दुर्व्यवहार गर्ने व्यक्ति पीडित/प्रभावितका लागि अज्ञात रहन सक्छन्

टाढैबाट गरिने कार्य

भौतिक सम्पर्क बिना र कहींबाट पनि दुर्व्यवहार हुनसक्छ

स्वचालित

प्रविधि प्रयोग हुने दुर्व्यवहारका कार्यमा कम समय र प्रयास आवश्यक हुन्छ

पहुचयुक्तता

धेरै प्रविधिका विविधता र कम खर्चिलोपनाका कारण पीडकले ती सजिलै पहुँच गर्न सक्छन्

बढोत्तरी र निरन्तरता

टेक्स्ट र तस्वीरहरू लामो समयसम्म वा सधैंभरी फैलिन वा अस्तित्वमा रहन्छन्

[५३] UN Broadband Commission for Digital Development (2015) Cyber Violence Against Women and Girls *A worldwide wake-up call:* A report by the UN Broadband Commission for the Digital Development Working Group on Broadband and Gender;

[५४] EIGE (2017) Cyber Violence against women and girls, European Institute for Gender Equality. Also see: CyberSafe (2017) Cyber Violence against Women and Girls: Report, University of Ljubljana, Faculty of Social Sciences.

[५५] See the report of the Special Rapporteur on violence against women, its causes and consequences on online violence against women and girls, at: https://undocs.org/A/HRC/38/47)

[५६] CyberSafe (2017) Cyber Violence against Women and Girls: Report, University of Ljubljana, Faculty of Social Sciences

[५७] EIGE (2017) Cyber Violence against women and girls, European Institute for Gender Equality.

हिंसा अनलाईन हुँदा कहिलेकाहीँ यसको सार्वजनिक प्रकृतिको कारणले स्थायी आघात हुने हुँदा, पीडित/प्रभावितले भोग्ने आघात उस्तै हुन्छ [५८]। तैपनि महिला तथा किशोरी विरुद्धका साइबर हिंसाबाट हुने हानिलाई प्रहरी अधिकारीहरूले प्रायः बेवास्ता गर्छन् र पीडित/प्रभावितको अनुभवलाई समयक्रमसँगै उनको व्यवहारको प्रवृत्तिको रूपमा पहिचान गर्नुको सट्टा व्यक्तिगत घटनाको रूपमा लिने गरेको अध्ययनले फेला पारेको छ।[५९] २०१८ मा, महिला तथा किशोरी विरुद्धको हिंसासम्बन्धी विशेष प्रतिवेदकले अनलाइन हिंसासम्बन्धी आफ्नो प्रतिवेदनमा उल्लेख गरेका छन् कि कानून कार्यान्वयन गराउने निकायहरूले प्रायः महिला विरुद्धका अनलाइन हिंसालाई तुच्छ ठान्छन्, र यस्ता मुद्दामा उनीहरूका कार्य दुर्भाग्यवश प्रायः पीडितलाई दोष लगाउने मनोवृत्तिद्वारा निर्देशित हुन्छन्। यस मनोवृत्तिको नतिजा भनेको मौनता र कम उजुरीको संस्कृति हो, जहाँ पीडित महिला दोषी ठहरिने डरले बोल्न हिच्किचाउँछन्।[६०]

पीडकहरूले प्रायः अनलाइन अपराध गरेर गुमनाम रहन सजिलो महसुस गर्ने र पीडितमा प्रायः पीडकको बढी पहुँच हुने कारण, दण्डहीनताको मात्रा बढ्छ। अनलाइनमा महिला तथा किशोरी विरुद्धका हिंसाका कार्य गर्न सजिलो छ र त्यस्ता कार्य गर्नका लागि प्रविधिसम्बन्धी थोरै ज्ञान वा कुनैपनि बुझाइ नभएपनि हुन्छ।[६१] स्मार्ट फोन र अन्य विद्युतीय उपकरणहरूको व्यापक प्रयोग जस्ता सूचनाप्रविधि हार्डवेयरको बढ्दो उपलब्धताले यसलाई अझ बढाएको छ।

इन्टरनेटको विश्वव्यापी व्याप्तता र यसको बढ्दो पहुँचले अपराधीहरूलाई संसारको कुनै पनि ठाउँमा सम्भावित पीडितहरूको उपलब्धता बढाउँदै, अरूसँग सम्पर्क गर्न सक्ने क्षमता सिर्जना गर्दछ तर साथसाथै, आफूबारे पत्ता लाग्ने जोखिमलाई घटाउँछ। जसले गर्दा, अन्ततः पीडित/प्रभावितको लागि न्याय पहुँच गर्ने अवसर घटाउँछ।[६२]

महिला तथा किशोरी विरुद्धका हिंसा अनलाइन, अफलाइन वा दुबै जेजस्तो प्रकारको भएपनि, यस हातेपुस्तिकाभित्र प्रदान गरिएको पीडित-केन्द्रित मार्गदर्शन लागू गरिनु पर्छ र पीडितका आवश्यकता, उनीहरूको सुरक्षा र संरक्षण मुख्य प्राथमिकता हुनुपर्छ। महिला तथा किशोरी विरुद्धका हिंसामा दुबै भौतिक र अनलाइन (साइबर) स्वरूपहरू मिसिएर आउन सक्छन् जसमा दुर्व्यवहारका केही स्वरूपहरूमा अफलाइन दुर्व्यवहार पनि पर्न सक्छन्।[६३]

प्रविधि प्रयोगकर्ताहरूको अर्को पुस्ताका रुपमा किशोर र किशोरीहरू दुवैलाई त्यस्ता कार्यहरूको आपराधिकता र यसले पीडित/प्रभावितमा पार्ने विनाशकारी प्रभावहरूबारे चेतना बढाउन महत्वपूर्ण छ भन्ने कुरालाई बुझ्दै, महिला तथा किशोरी विरुद्धका साइबर हिंसाको रोकथामका मुख्य हस्तक्षेपहरूले बालबालिका र युवाहरूमा ध्यान केन्द्रित गर्नुपर्छ। यस्तो शिक्षालाई अभिभावक, शिक्षक, प्रहरी, न्यायिक निकाय र बृहत् समुदायमार्फत यस मुद्दाको व्यापक सामाजिक अवधारणाका एक अंशका रूपमा प्रदान गर्न आवश्यक छ।[६४] युएनओडिसीले विश्वविद्यालयका लेक्चररहरूको लागि न्यायका लागि शिक्षा पहलको एक अंशको रूपमा, अन्तरवैयक्तिक साइबर अपराधको मोड्युल प्रकाशित गऱ्यो, जसले महिला विरुद्धका र अन्य लैङ्गिकतामा-आधारित अन्तरवैयक्तिक साइबर अपराधहरू संलग्न अनलाइन हिंसालाई सम्बोधन गर्दछ।[६५]

ब्रोडब्यान्ड र लैङ्गिकताबारे विद्युतीय विकास कार्यसमूहको लागि संयुक्त राष्ट्रसंघीय ब्रोडब्यान्ड आयोगद्वारा (२०१५) प्रदान गरिएको महिला तथा किशोरी विरुद्धका साइबर हिंसा (चित्र ५) लाई सम्बोधन गर्न बहु-स्तरीय अवधारणा अपनाउन प्रहरी लगायत अत्यावश्यक सेवा प्रदायकहरूलाई लागू हुने सिफारिसहरू प्रदान गर्दछ। ती कार्यसमूहहरूले दिएका सुझाव अनुसार तपाईंका प्रयासहरू कार्यको तीन वर्गमध्ये एउटामा पर्छन् :

१. सार्वजनिक संवेदनशीलता र चेतना जगाउने माध्यमबाट रोकथामका उपाय;

२. महिला तथा किशोरीहरूको लागि इन्टरनेटमा सुरक्षा र समानताको लागि रक्षात्मक उपायहरूको प्रवर्द्धन;

३. प्रतिबन्धहरूको लागू तथा कार्यान्वयन।

लैङ्गिक-उत्तरदायी प्रहरीकार्य : भविष्यको पथ

महिला तथा किशोरी विरुद्धका साइबर हिंसाको सामना गर्दा, महिला तथा किशोरीका लागि विकल्पका रुपमा प्रायः व्यक्तिगत सूचनाप्रविधिका विवरण वा प्रोफाइल परिवर्तन गर्ने वा दुर्व्यवहार गर्ने व्यवहारलाई बेवास्ता गर्ने वा दुरुपयोगकर्ताको खाता नियन्त्रण

५८ CyberSafe (2017) Cyber Violence against Women and Girls: Report, University of Ljubljana, Faculty of Social Sciences

५९ EIGE (2017) Cyber Violence against women and girls, European Institute for Gender Equality.

६० https://undocs.org/A/HRC/38/47

६१ CyberSafe (2017) Cyber Violence against Women and Girls: Report, University of Ljubljana, Faculty of Social Sciences.

६२ Ibid.

६३ UN Broadband Commission for Digital Development (2015) Cyber Violence Against Women and Girls *A worldwide wake-up call:* A report by the UN Broadband Commission for the Digital Development Working Group on Broadband and Gender.

६४ Ibid. Also see Networked Intelligence for Development 2015.

६५ https://www.unodc.org/e4j/en/cybercrime/module-12/key-issues/gender-based-interpersonal-cybercrime.html

चित्र ५

ब्रोडब्यान्ड र लैङ्गिकताबारे विद्युतीय विकास कार्यसमूहको लागि संयुक्त राष्ट्रसंघीय ब्रोडब्यान्ड आयोगका अनुसार महिला तथा किशोरी विरुद्धका साइबर हिंसामा हस्तक्षेपका तीन वर्गीकरण ।

गर्न सक्ने आफ्नो इन्टरनेट सेवा प्रदायकलाई त्यस्ता व्यवहार रिपोर्ट गर्ने प्रयासमा सीमित हुन्छन् ।

दुर्व्यवहार जारी रहेको अवस्थामा, पीडित/प्रभावितले प्रहरीमा जानु वा उनीहरूको इन्टरनेट सेवा प्रदायकलाई रिपोर्ट गर्नु अघि प्रायः प्रहरीले सिफारिस गरेको रूपमा दुर्व्यवहारको प्रवृत्तिको अभिलेख हुनेगरी प्रमाणहरू राख्नु आवश्यक हुन्छ । के अभिलेख गर्ने र कहिले प्रहरी समक्ष जानु उपयुक्त हुन्छ भन्ने कुरामा प्रायः पीडित/प्रभावित स्पष्ट हुँदैनन्, जसलाई सामान्यतया अनलाईन र अफलाइनका दुर्व्यवहार एकअर्कासँग जबरजस्ती र नियन्त्रणका व्यवहारसँग कसरी जोडिएको हुन्छ भन्नेबारे थाहा हुँदैन । प्रायः, पीडित/प्रभावितलाई आफूले दुर्व्यवहारलाई कति 'सहन गर्नुपर्छ' र अनलाइन दुर्व्यवहार मान्नका लागि के हुनुपर्छ भन्नेबारे अनभिज्ञ हुन्छन् । त्यसका लागि, इन्टरनेट सेवा प्रदायकले पनि आफ्ना कर्मचारीहरूलाई पीडित/प्रभावित-केन्द्रित अवधारणाका साथ महिला तथा किशोरीबाट गुनासोहरू प्राप्त गर्नको लागि सामान्यतया तयार गर्दैनन्, न त उनीहरूलाई आघातबारे सामान्य रूपमा जानकारी नै दिइएको हुन्छ । पीडित/प्रभावितले पनि नियमित रूपमा इन्टरनेट सेवा प्रदायकलाई रिपोर्ट गर्दैनन् ।

महिला किशोरीहरू विरुद्धको साइबर हिंसा (२०१७)बारे आफ्नो प्रतिवेदनमा, चेतनाको कमीका कारण पीडितलाई दोष लगाउने मनोवृत्ति व्यापक रूपमा फैलिएको छ भन्ने कुरालाई EIGE ले प्रकाश पारेको छ (संयुक्त राज्य अमेरिकामा २०१४को सर्वेक्षण अनुसार), पीछा गर्ने र साइबर पीछाका आधाभन्दा बढी पीडितहरूले आफ्नो अनुभवलाई आफूले नै अपराधको रूपमा स्वीकार गरेनन् ।[६६]

तसर्थ, अनलाइन दुर्व्यवहार, ठगी, र सामान्य धम्कीहरू जस्ता महिला तथा किशोरी विरुद्धका साइबर हिंसाका कार्यहरू प्रहरी वा इन्टरनेट सेवा प्रदायकलाई स्वेच्छाचारी रुपमा उजुरी गर्ने हुनाले प्रायः यसको व्याप्तताबारे तथ्याङ्क संकलनको गुणस्तरलाई असर गर्छ । त्यही प्रतिवेदन (२०१७) मा, EIGE ले युरोपियन युनियनमा महिला तथा किशोरी विरुद्धका साइबर हिंसाबारे तथ्याङ्क दुर्लभ रहेको स्वीकार गऱ्यो र फलस्वरूप महिला तथा किशोरी विरुद्धका साइबर हिंसाका पीडितहरूको वास्तविक प्रतिशत र क्षतिको व्यापकताको बारेमा धेरै थोरै मात्र जानकारी छ ।[६७]

यहि समयमा, जब देशहरूले अपराधको साइबर आयामहरू समायोजन गर्न आफ्नो कानुनी प्रणालीहरू समायोजन गर्ने कार्य जारी राखिरहँदा, प्रहरी भने प्रायः यी मागहरू पूरा गर्न आफू तयार नभएको अवस्थामा छन् । महिला तथा किशोरीहरूको व्यक्तिगत तस्वीरहरूको थप प्रकाशन र वितरण रोक्नको लागि

६६ EIGE (2017) Cyber Violence against women and girls, European Institute for Gender Equality.

६७ Ibid.

केही कानुनी प्रणालीहरूमा एक विकल्पका रुपमा रहेका बन्द र निषेध (Cease and Desist Orders) आदेशहरू लागू गर्नु पर्ने अवस्थामा यो विशेष रूपमा स्पष्ट देखिन्छ। गैर-सहमतिमा तस्वीरको दुरुपयोग (प्रायः अनुपयुक्त रूपमा "रिभेन्ज पोर्न" भनिने)[६८]को फैलावटलाई रोक्ने भनेको प्रहरीले सम्हाल्न कठिन हुने कुरा हो, किनकि उनीहरूसँग सामान्यतया यसको प्रतिकार्य गर्ने सीप हुँदैन। महिला तथा किशोरीहरू विरुद्धको हिंसासम्बन्धी विशेष प्रतिवेदकले महिला तथा किशोरी विरुद्धका हिंसा र अनलाइन हिंसा सम्बन्धी आफ्नो २०१८ को प्रतिवेदनमा टिप्पणी गरेकी छिन् कि, विशेष कानुनी ढाँचा भए तापनि, प्रभावकारी रूपमा पर्याप्त लैङ्गिक-संवेदनशील प्रशिक्षणको अभाव र अनलाइन दुर्व्यवहार गम्भीर अपराध होइन भन्ने सामान्य धारणाको कारणले गर्दा कानून कार्यान्वयन गराउने अधिकारीहरू लगायतका कानुनी र नियामक संयन्त्रहरू यसलाई कार्यान्वयन गर्न सधैं प्रशिक्षित वा सुसज्जित हुँदैनन्।[६९]

युएनओडिसीका अनुसार, सबैभन्दा सामान्य कानुनी औजारहरू भनेका साइबर अपराध कानून, आपराधिक कानून, घरेलु हिंसा र महिला तथा किशोरी विरुद्धका हिंसामा कानून, घृणापूर्ण अभिव्यक्तिसम्बन्धी कानून र सूचना संरक्षण र गोपनीयतासम्बन्धी कानून हुन्।[७०] यद्यपि, यी कानूनहरूको प्रभावकारिताका लागि प्रहरी र अन्य अत्यावश्यक सेवा प्रदायकहरूलाई पर्याप्त तालिम र संवेदनशीलता आवश्यक छ। प्रहरीका लागि, व्यक्तिगत सूचनामा पहुँच र व्यवस्थापन गर्न विशेष तालिमद्वारा समर्थित स्पष्ट मापदण्डहरू प्रदान गर्ने प्रोटोकल/कार्यविधि वा मानक कार्य सञ्चालन विधि हुनु विशेष महत्वपूर्ण हुन्छ, किनभने तिनले प्रहरी अधिकारीहरूलाई आफ्ना हस्तक्षेपको क्रममा समानुपातिकता, वैधानिकता, जवाफदेहिता र आवश्यकताको सिद्धान्तहरू सुनिश्चित गर्न मद्दत गर्दछ। अनलाइन हिंसाबारे आफ्नो २०१८को प्रतिवेदनमा, विशेष प्रतिवेदकले सिफारिस गरेका छन्[७१] कि :

राज्यहरूले न्यायाधीश, वकिल, प्रहरी र अन्य सबै कानून कार्यान्वयन गराउने अधिकारीहरू र अग्रपंक्तिमा खटिनेहरूलाई उनीहरूको अनुसन्धान र अपराधीलाई अभियोग लगाउन सक्ने क्षमता सुनिश्चित गर्न तालिम प्रदान गर्नुपर्छ।

- राज्यहरूले पनि महिला विरुद्धको अनलाइन हिंसालाई सम्बोधन गर्ने आफ्ना कानून कार्यान्वयन गराउने अधिकारीहरूका लागि विशेषीकृत, स्पष्ट, प्रभावकारी र पारदर्शी आन्तरिक र बाह्य कार्यविधि र आचारसंहिताहरू विकास गर्नुपर्छ, ताकि उनीहरूलाई अनलाइन हिंसा पनि एक गम्भीर, आघात सूचित प्रतिकार्य आवश्यक पर्ने लैङ्गिक हिंसाको रूप हो भन्ने कुरालाई अझ राम्रोसँग बुझ्न सक्षम बनाउन सकियोस्।

महिला तथा किशोरी विरुद्धका अफलाइन हिंसाका घटनाहरूमा जस्तै, महिला तथा किशोरी विरुद्धका अनलाइन (साइबर) हिंसालाई अझ प्रभावकारी रूपमा प्रतिकार्यका लागि, लैङ्गिक-उत्तरदायी प्रहरीकार्यमा परिवर्तनकारी रुपान्तरण नै प्रहरीको लागि सुरूवात बिन्दु हो, जुन महिला तथा किशोरी विरुद्धका हिंसाको प्रकृति, यसका कारण र परिणामहरूले महिला तथा किशोरीहरूलाई फरक र असमान रुपले प्रभाव पार्छ भन्ने संस्थागत र सुसूचित बुझाइमा आधारित हुनुपर्छ।[72]

महिला तथा किशोरी विरुद्धका हिंसाको प्रकृति, यसका कारण र परिणामहरूले महिला तथा किशोरीहरूलाई कसरी फरक र असमान रूपमा प्रभाव पार्छ भन्नेबारे संस्थागत र सुसूचित बुझाइ स्थापित गर्नका लागि अध्याय १० : 'महिला तथा किशोरी विरुद्धका हिंसामा प्रभावकारी र जवाफदेही प्रतिकार्यका लागि संस्थागत विकास' हेर्नुहोस्।

महिला तथा किशोरी विरुद्धका अनलाइन (साइबर) हिंसामा अत्यावश्यक सेवा प्याकेजका साझा विशेषता र सिद्धान्तहरू लागू

लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले समस्याको स्वामित्वका सन्दर्भमा महत्वपूर्ण भूमिका खेल्नेछ, तर निम्न विशेषताहरूसहित एक पीडित-केन्द्रित हस्तक्षेपका रूपमा आफ्नो अनलाइन पहिचान स्थापित गर्न आवश्यक हुनेछ :

- लैङ्गिकतामा-आधारित हिंसाको जीवनचक्रका सबै चरणहरूमा पीडित/प्रभावितमाथि भेदभाव र आर्थिक भार बिना **उपलब्ध**

68 EIGE ले गैर-सहमतिको तस्वीर/भिडियो दुरुपयोग (सबैभन्दा बढी प्रचलित स्वरुप "रिभेन्ज पोर्न" भनेर चिनिने)लाई, तस्वीर/भिडियोमा भएका व्यक्तिको सहमतिबिना नै यौन विषयवस्तु भएका तस्वीर वा भिडियो अनलाइनमा वितरण गर्नु हो भन्ने बताउँछ। यसका पीडक प्रायः पूर्व अन्तरंग साथी हुनेगर्छन्, जसले पहिलेको सम्बन्धको अवधिमा ती तस्वीर वा भिडियो प्राप्त गरेका हुन्छन् र पीडितले सम्बन्ध अन्त्य गरेको प्रतिशोधका रुपमा उनलाई सार्वजनिक रुपमा लज्जित र अपमानित गर्ने लक्ष्य लिएका हुन्छन्। यद्यपि, पीडक सधैं अहिलेको वा पूर्व अन्तरंग साथी नै नहुन सक्छन् र नियत सधैं प्रतिशोध नहुन सक्छ। See 'Revenge Porn' in Glossary and Thesaurus https://eige.europa.eu/thesaurus/terms/1488?lang=en

६९ https://undocs.org/A/HRC/38/47

७० See Handbook for the Judiciary on Effective Criminal Justice Responses to Gender-based Violence against Women and Girls (2019). UNODC.

७१ See n. 69

७२ यस हातेपुस्तिकाको प्रयोजनका लागि, सुसूचितको अर्थ परिवेश अनुसार सान्दर्भिक एवं प्रहरी विज्ञ र अत्यावश्यक सेवा प्रदायक र/वा नागरिक समाजका संस्था जस्ता बाह्य सरोकारवालाले उपलब्ध गराएका गुणात्मक र संख्यात्मक तथ्याङ्कसहितको नियमित रायसुझाव भन्ने बुझिन्छ।

चित्र ६: महिला तथा किशोरी विरुद्ध हुने लैङ्गिकतामा आधारित हिंसाको जीवनचक्र (युएनओडि

चित्र ५

ब्रोडब्यान्ड र लैङ्गिकताबारे विद्युतीय विकास कार्यसमूहको लागि संयुक्त राष्ट्रसंघीय ब्रोडब्यान्ड आयोगका अनुसार महिला तथा किशोरी विरुद्धका साइबर हिंसामा हस्तक्षेपका तीन वर्गीकरण ।



र पहुँचयुक्त (चित्र ६);[७३]

- महिला तथा किशोरी विरुद्धका अनलाइन (साइबर) हिंसाको भिन्न प्रभावहरूको प्रतिकार्यमा सांस्कृतिक रूपमा संवेदनशील विविध प्रकारका विकल्पहरू प्रदान गर्दै **अनुकूलनीय;**

- यसले माध्यमिक पीडित बनाउने कार्यलाई कम गर्छ र प्रक्रियामा पीडित/प्रभावितको सशक्तिकरणलाई बढावा दिन्छ भन्ने अर्थमा **उपयुक्त**;

- महिला तथा किशोरी विरुद्धका अनलाइन हिंसा उनीहरू माथि अनलाईन वा अफलाइनमा असमान रूपमा हुने हिंसाको विस्तृत स्वरुप भएकोले, जोखिम व्यवस्थापन र सुरक्षा योजनाको प्रयोग मार्फत **सुरक्षालाई प्राथमिकता** दिन्छ,

- **सरोकारवालाहरूको सहभागिता मार्फत निरन्तर सूचित रहन्छ** र महिला तथा किशोरी विरुद्धका हिंसाको विभिन्न स्वरूपहरूबारे उजुरीका लागि इन्टरनेट सेवा प्रदायक सहजकर्ता माध्यम वा प्लेटफर्म, वा पोर्टलहरू गैर-निर्णयकारी र सहयोगी रूपमा प्रस्तुत हुन्छन्;

अवस्थामा सुधार ल्याउनका लागि तपाईं र तपाईंको टोली प्रतिबद्ध हुनुपर्छ ।

- पीडित/प्रभावितले उजुरी गर्ने संयन्त्रमा सूचनाको गोपनीयता र सुरक्षाको लागि असल अभ्यास र राष्ट्रिय कानूनहरू अनुरुप आवश्यक **सहमति र गोपनीयता**का उपायहरू सुनिश्चित गरिन्छन्;

[७३] See Handbook for the Judiciary on Effective Criminal Justice Responses to Gender-based Violence against Women and Girls (UNODC, 2019), at: https://www.unodc.org/pdf/criminal_justice/HB_for_the_Judiciary_on_Effective_Criminal_Justice_Women_and_Girls_E_ebook.pdf p.9. See: also https://www.endvawnow.org/en/articles/298-the-life-cycle-and-violence.html

इसी २०१९)

- सुरक्षित, मान्यता अनुरुपको र महिला तथा किशोरी विरुद्धका साइबर हिंसाको व्यापकता बुझ्न साथै अत्यावश्यक सेवा प्रतिकार्यमा प्रवृत्तिहरूको मूल्याङ्कनमा मद्दत गर्न र रोकथामका उपायहरूलाई सूचित गर्न **सूचना सङ्कलन** र (व्यक्तिगत तथ्याङ्क) **सूचना व्यवस्थापन** प्रक्रियासँग जोडिएको छ;

- महिला तथा किशोरी विरुद्धका साइबर हिंसा भएको आरोप लगाइएको अवस्थामा, इन्टरनेट सेवा प्रदायक, सामाजिक सञ्जाल प्रदायक, प्राविधिक कम्पनी र सरकारी निकायहरू जस्ता प्रमुख सरोकारवालाहरूद्वारा समर्थित रिपोर्टिङ/उजुरीमा एकरूपता सुनिश्चित गर्न र **प्रेषण**का लागि प्रभावकारी **समन्वय** ।

प्रहरीले समस्याको स्वामित्व लिँदा, अनलाइन हिंसाका कारण महिला तथा किशोरीहरूले गरेका अनुभवलाई असमान शक्ति सम्बन्ध र लैङ्गिकतामा आधारित हिंसा र भेदभावको प्रणालीगत व्याप्तताको परिवेशमा त्यसलाई हेर्न आवश्यक छ । प्रहरीका लागि प्रश्न यो हुन्छ कि, महिला तथा किशोरी विरुद्धका हिंसाको प्रकृतिले अनलाइनमा निरन्तरता कसरी लिइरहेको छ, र यसका कारण र परिणामहरूले महिला तथा किशोरीहरूलाई कसरी अनलाइन र अफलाइनमा फरक र असमान रूपमा प्रभाव पार्छ ? आईसीटी र इन्टरनेट पहुँचको विस्तार हुँदै गइरहेको यस वातावरणमा सबैभन्दा संकटासन्न महिला तथा किशोरीहरू को हुन् र महिला तथा किशोरी विरुद्धका हिंसा आईसीटीहरू मार्फत प्रकट हुँदा यसलाई रोक्न र अझ प्रभावकारी रूपमा प्रतिकार्यका लागि के गर्न सकिन्छ ? भनेर थप सोचनीय प्रश्नहरूले स्थापित गर्न खोज्नुपर्छ ।

सबैभन्दा कमजोर को हुन् भनेर पहिचान गर्नेबारे EIGE को अध्ययन अनुसार, लैङ्गिकतामा आधारित हिंसाको जीवनचक्र (चित्र ६ हेर्नुहोस्) मा परेका महिलाहरूमा पनि विशेषगरी किशोरावस्था र प्रजनन उमेर समूहका महिलाले असमान रूपमा साइबर स्टकिङ/पीछा र अनलाइन यौन दुर्व्यवहार जस्ता गम्भीर प्रकारका साइबर दुर्व्यवहारको अनुभव गर्छन् ।[७४]

अर्को उदाहरणमा, सुरक्षित आवास र घरेलु हिंसा केन्द्रहरू वा यस्तै प्रकारका स्थानमा भएका महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई पछ्याउन पीडकले आइसीटीको प्रयोग गर्ने हुँदा ती स्थानहरू पीडकबाट बढी जोखिममा छन् जसले प्रहरीका लागि ती महिला तथा किशोरीको सुरक्षा र संरक्षणलाई चुनौतीपूर्ण र बढी स्रोत लाग्ने कार्य बनाइदिन्छ ।

साथै, महिला सार्वजनिक व्यक्तित्वहरू, पत्रकारहरू[७५] र मानवअधिकार रक्षकहरूलाई मौन बनाउने र तर्साउने माध्यमको रूपमा उनीहरूलाई असमानतापूर्वक लक्षित गर्ने प्रवृत्ति पनि बढ्दो छ । अनलाईनमा अज्ञात हुन नसक्ने परिणामस्वरूप, मानव अधिकार र/वा भ्रष्टाचारमा काम गर्ने धेरै राजनीतिज्ञ, अभियन्ता, सोधकर्ता र पत्रकारहरूले अनलाइन हिंसा, र कहिलेकाहीँ प्रत्यक्ष धम्कीको सामना गर्छन् - र त्यस्ता धम्की आफ्नो लागि मात्र नभई उनीहरूले प्रतिनिधित्व गर्ने संकटासन्न समूहहरूको पनि हुनेगर्छ ।[७६] यसबाहेक, युनिसेफका अनुसार, प्रत्येक दिन १७५,००० भन्दा बढी बालबालिकाहरू पहिलो पटक अनलाइन हुन्छन् । जुनसुकै पनि समयमा ७५०,००० मानिसहरू बालबालिकालाई यौन शोषण र दुर्व्यवहारको लागि तयार पार्ने मनसायका साथ अनलाइन रहेका हुन्छन् ।[७७]

महिला तथा किशोरी विरुद्धका साइबर हिंसामा प्रतिकार्यका लागि प्रहरीले विकास गरेको कार्यविधि र आचार संहिताहरूले प्रारम्भिक प्रतिकार्यमा लाग्नेहरूलाई आईसीटीको प्रयोग मार्फत गरिएका हिंसाका थप आयामहरू र अपाङ्गता, जातीयता, यौन झुकाव र उमेर जस्ता अन्तरसम्बद्ध कारकहरूले महिला तथा किशोरीका अनलाइन संकटासन्नतालाई कसरी प्रभाव पार्छ भनेर पहिचान गर्न मद्दत गर्नुपर्छ । शारीरिक र साइबर यौन दुर्व्यवहारबाट पीडित/प्रभावित महिला तथा किशोरीबारे निर्दिष्ट रुपमा आघात-सूचित प्रशिक्षण र महिला तथा किशोरी विरुद्धका हिंसा र आईसीटीको प्रयोग मार्फत यसको अनलाइन निरन्तरताबारे साझा बुझाइमा काम गर्ने साइबर अपराधसम्बन्धी विशेषज्ञ इकाईहरूको स्थापना उचित पाइलाहरू हुन् ।

महिला तथा किशोरी विरुद्धका सीमापार (Transnational) साइबर हिंसामा प्रभावकारी प्रतिकार्यका लागि साझा शब्दावलीको स्थापना

महिला तथा किशोरी विरुद्धका साइबर हिंसाको विस्तारित परिमाणमा प्रतिकार्य गर्न सबै नभएपनि, धेरैजसो प्रहरी संगठनहरूको भने पर्याप्त छैन । यस्ता हिंसामा कुनै भूतपूर्व अन्तरंग साथीले अनलाइन पीछा/स्टकिङदेखि लिएर सामूहिक

७४ EIGE (2017) Cyber Violence against women and girls, European Institute for Gender Equality.

७५ For more information see Attacks and Harassment: The Impact on Female Journalists and Their Reporting (2018). Troll-busters.com and international women's media foundation.

७६ Cyber violence and hate speech online against women: Study (2018). European Parliament's Policy Department for Citizens' Rights and Constitutional Affairs.

७७ More than 175,000 children go online for the first time every day, tapping into great opportunities, but facing grave risks. UNICEF.

बाल यौन शोषणका तस्वीर/भिडियोहरू असंख्य रुपमा पुनर्उत्पादन र अन्तर्राष्ट्रिय आपराधिक सिन्डिकेटद्वारा गरिने यौन दुर्व्यवहारसम्म हुन सक्छन् । यस्तो हिंसाको अनुगमन गर्नु साइबर बुलिङ जस्ता महिला तथा किशोरी विरुद्धका साइबर हिंसाको गैर-अपराधिक कार्यहरू जस्तै चुनौतीपूर्ण हुन्छ, जसले तुरुन्तै हिंसा र नारीप्रतिको द्वेषपूर्ण दुर्व्यवहारका अधिक गम्भीर खतरनाक रुप लिन सक्छन् । महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी विशेष प्रतिवेदकले पनि २०१८को अनलाइन हिंसासम्बन्धी आफ्नो प्रतिवेदनमा[७८] उल्लेख गरेका छन् कि राज्यहरूको क्षेत्रीय सीमा र अधिकार क्षेत्रभन्दा बाहिरबाट उल्लङ्घनहरू हुँदा, कानुन कार्यान्वयन गराउने निकायहरू लगायतका अधिकारीहरूलाई पीडकहरू पहिचान गर्न, अनुसन्धान गर्न, कारबाही गर्ने र लैङ्गिक हिंसा प्रभावितहरूलाई कानूनी उपचार उपलब्ध गराउन कठिन हुन्छ ।

लोकप्रिय सामाजिक सञ्जाल प्लेटफर्महरू र अन्य अनलाइन च्यानलहरूमा यौन दुराचारीहरूले युवा महिला तथा किशोरीहरूलाई पहिचान गर्न, फकाउन र जबरजस्ती उनीहरूको यौन तस्वीरहरू सहित व्यक्तिगत जानकारी सेयर गर्न लगाएर पछि सजिलैसँग यौन शोषण र आर्थिक लाभको लागि प्रयोग गर्ने ठाउँ बन्न सक्छन् । संगठित अपराध लोकप्रिय सामाजिक सञ्जाल प्लेटफर्महरूमा पनि सक्रिय छन्, जसमा महिला तथा किशोरीहरूलाई बेचबिखन जस्ता अन्य अवैध र हानिकारक गतिविधिहरूमा 'भर्ती' गर्ने प्रयास गरिन्छ । युएनओडिसीका अनुसार, महिला तथा किशोरीहरूलाई गैर-सहमतिपूर्ण तस्वीरमा-आधारित यौन दुर्व्यवहार (non-consensual image-based sexual abuse (IBSA)) का लागि प्रमुख रुपमा लक्षित गरिन्छन् जुन साइबर दुर्व्यवहारको एक रूप मानिन्छ र त्यसमा पिडित/प्रभावितको लागि कष्ट र बहु अपमान गराउने लक्ष्यसहित 'असहमतिपूर्ण रुपमा नग्न वा यौन तस्वीरहरू सिर्जना गर्ने, वितरण गर्ने र वितरण गर्ने धम्की' समावेश हुन्छ ।[७९]

यस विपरित, पीडित/प्रभावितले आफ्ना अनुभवहरू अरूसँग बाँड्न सक्ने सहयोगी समूहहरूमा पहुँच खोज्न सक्ने हुँदा, प्रहरीले उनीहरूका लागि सुरक्षित स्थान मानिने अनलाइन स्पेसहरूसँग साझेदारी गर्न सक्छन् । युएन वुमनको हालैको एक अध्ययनले संकेत गरे अनुसार, पीडित/प्रभावितले भोगेको हिंसा अनलाइन वा अफलाइन जेजस्तो स्वरुपको भएपनि, इन्टरनेटले उनीहरूका लागि उपलब्ध स्रोतहरूबारे जानकारी प्रदान गर्न सक्छ ।[८०] अनलाइनमा एक परिष्कृत लैङ्गिक-उत्तरदायी प्रहरी उपस्थितिले महिला तथा किशोरी विरुद्धका हिंसाका सबै रूपहरूलाई गम्भीरताका साथ लिने बलियो प्रतिबद्धता प्रदर्शन गर्न मद्दत गर्नेछ ।

> "अनलाइन प्लेटफर्महरूले संगठित हुने र अभियान चलाउने, महिला अधिकारको संरक्षण गर्ने, र कानुनी तथा न्यायिक प्रणालीमा सुधार गर्ने अवसरहरु पनि प्रदान गर्दछ । ३:भत्र्सय र अन्य लगायत, लैङ्गिक हिंसासम्बन्धी सामाजिक मान्यताहरूलाई चुनौती दिने, र ठूलो परिवर्तन सिर्जना गर्ने लगायत स्थानीयदेखि अन्तर्राष्ट्रिय स्तरमा विश्वभर सामाजिक सञ्जाल अभियानहरु जारी छन् । आईसीटीले महिलाहरुको जीवनमा पनि उनीहरूलाई सुरक्षित राख्नका लागि व्यावहारिक प्रभाव पार्न सक्छ ।"
>
> - जमैकामा आईसीटीले लैङ्गिकतामा आधारित हिंसामा मध्यस्थताको काम गरेको छ ? (जेन्डर एण्ड डेभलपमेन्ट २०१८)

साझेदारी निर्माण गर्दा, सार्वजनिक सुरक्षाको हितलाई मध्यनजर गर्दै, प्रहरीले प्राविधिक कम्पनीहरूदेखि इन्जिनियरहरू र उनीहरूको कृत्रिम बौद्धिक प्रणाली (artificial intelligence systems) लगायत तिनको नियमनका लागि जिम्मेवार सार्वजनिक अधिकारीहरूसहित आईसीटीको प्रसारलाई आकार दिनेहरूमाथि भरोसा गर्न सक्ने हुनुपर्छ । महिला तथा किशोरी विरुद्धका साइबर हिंसाको व्याप्तता र पूर्वानुमानयुक्त प्रहरीकार्यका[८१] लागि कृतिम बौद्धिक प्रणालीको प्रभावबारे अभिलेखीकरण गर्नमा कार्यरत प्राज्ञिक तथा विज्ञहरूसँगको साझेदारी पनि प्रहरीका लागि उत्तिकै महत्वपूर्ण हुन्छन्, किनकि कृतिम बौद्धिक प्रणालीले पूर्वाग्रह र भेदभावलाई अनियतवश बढावा दिएर महिला तथा किशोरी विरुद्धका साइबर हिंसाको संकटासन्नतालाई बढाइरहेको पनि हुनसक्छ ।

अनलाइन बाल यौन शोषण एवं दुर्व्यवहार र मानव बेचबिखनलाई प्रभावकारी रूपमा रोक्नका लागि निजी-सार्वजनिक साझेदारीको आवश्यकता पर्ने बहुआयामिक अवधारणा विशेष महत्वपूर्ण

७८ https://undocs.org/A/HRC/38/47

७९ Gender-based interpersonal cybercrime. UNODC - University Module Series Cybercrime; Also, see: Powell, A, Henry, N & Flynn, A (2018) 'Image-based sexual abuse', in W DeKeseredy and M Dragiewicz (Eds), Routledge Handbook of Critical Criminology : 2nd Edition, pp. 305-315, Routledge: London and Cybercriminology. Maras, M. Oxford Press, November 2016 ISBN: 9780190278441.

८० Global Landscape Analysis Report on Online and ICT facilitated Violence against Women and Girls (UN Women, 2021, forthcoming).

८१ अमेरिकी न्याय विभागले पूर्वानुमानयुक्त प्रहरीकार्यलाई सूचनाको शक्ति, भूस्थलगत प्रविधिहरू र प्रमाणमा आधारित हस्तक्षेप मोडेलहरूलाई अपराध कम गर्न र सार्वजनिक सुरक्षा सुधार गर्नको लागि प्रयोग गर्ने प्रक्रियाको रूपमा वर्णन गर्दछ । यो सामान्यतया हस्तक्षेपका मोडेलहरूको संयोजनमा विभिन्न तथ्याङ्क सेटहरूमा उन्नत एनालिटिक्स लागू गरेर गरिन्छ, जसले प्रहरीलाई अपराधहरूमा प्रतिकार्य गर्नेबाट अपराधको सम्भावनाको पूर्वानुमान गरेर तदनुसार स्रोतहरू परिचालन गर्न सक्षम बनाउँदछ । Overview of Predictive Policing. National Institute of Justice. U.S. Department of Justice हेर्नुहोस् :

हुन्छ । यस बहुआयामिक अवधारणाका लागि निजी-सार्वजनिक साझेदारीको आवश्यकता पर्दछ जसको चरित्र अन्तर्राष्ट्रिय हुन आवश्यक छ किनकि बालबालिकालाई एक निश्चित समयमा कुनै एक देशमा पीडित बनाइएपनि, बाल यौन दुर्व्यवहारका सामग्रीको प्रसार मार्फत, विभिन्न देशहरूमा विभिन्न समयमा देखा परिरहन सक्छन् । यसका लागि प्रहरीले आफ्नो लैङ्गिक-उत्तरदायी अवधारणालाई मूलप्रवाहमा ल्याउनको लागि, निजी-सार्वजनिक साझेदारी र अन्तर्राष्ट्रिय कानून प्रवर्तक साझेदारहरूसँग रणनीति बनाउन आवश्यक छ ।

अनलाईन बाल यौन शोषण र दुर्व्यवहारले यसका पीडित/प्रभावितलाई निरन्तर हानी र बहुपीडा दिने हुनाले यस विषयलाई विशेष ध्यानमा राख्नु महत्वपूर्ण छ । बाल संरक्षणसम्बन्धी शब्दावली र परिभाषाहरूमा एकरुपता ल्याउन १८ अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा गरिएको पहल, लक्जेम्बर्ग निर्देशका अनुसार, बाल यौन दुर्व्यवहारका तस्वीरहरू उनीहरू वयस्क भएपछि लामो समयसम्म अनलाइन रहन सक्छन्, र तिनको उपभोग (जस्तै, वितरण, आदानप्रदान, किनबेच)जारी रहन सक्छन् ।[८२] तसर्थ, बाल यौन शोषण र दुर्व्यवहारका सामग्री प्रत्येकपटक अनलाइनमा हेरिएको र/वा सेयर गरिएकोलाई प्रहरीले नयाँ आपराधिक कसूरका रुपमा हेर्नुपर्छ ।

अनलाइन बाल यौन शोषण र दुर्व्यवहार जस्ता महिला तथा किशोरी विरुद्धका अन्तरराष्ट्रिय साइबर हिंसा विरुद्ध लड्नका लागि गरिने अन्तर्राष्ट्रिय साझेदारीमा आफ्ना लैङ्गिक-उत्तरदायी दृष्टिकोणलाई मूलप्रवाहमा ल्याउन, शब्दावलीहरूमा सहमत हुनु महत्वपूर्ण हुन्छ, किनकि यसले प्रहरी संगठनहरूलाई अझ प्रभावकारी रूपमा समन्वय गर्न सक्षम बनाउँछ । महिला तथा किशोरी विरुद्धका साइबर हिंसालाई थप प्रभावकारी र पर्याप्त प्रतिकार्यका लागि शब्दावलीहरूमा एकरुपता ल्याउनलाई मद्दत गर्न, यस हातेपुस्तिकाले निम्न स्रोतहरू सिफारिस गर्दछ:

1. Terminology Guidelines for the Protection of Children from Sexual Exploitation and Sexual Abuse. Adopted by the Interagency Working Group in Luxembourg, 28 January 2016. Interagency Terminology and Semantics Project on the Sexual Exploitation and Sexual Abuse of Children & ECPAT International.

2. Cyber Violence against Women and Girls: Report (2017). CyberSafe Project, University of Ljubljana, Faculty of Social Sciences.

3. Study on the Effects of New Information Technologies on the Abuse and Exploitation of Children (UNODC, 2015).

८२ Terminology Guidelines for the Protection of Children from Sexual Exploitation and Sexual Abuse. Adopted by the Interagency Working Group in Luxembourg, 28 January 2016. Interagency Terminology and Semantics Project on the Sexual Exploitation and Sexual Abuse of Children and ECPAT International.

जनस्वास्थ्यसम्बन्धी आपतकालीन अवस्था र गैर-द्वन्द्व मानवीय संकट

"कोभिड-१९ ले महिला र पुरुषलाई फरक फरक रुपमा प्रभाव पार्छ । यस महामारीले महिला तथा किशोरीका लागि विद्यमान असमानता साथै अपाङ्गता भएका व्यक्ति र चरम गरिबीमा भएका व्यक्तिहरु जस्ता सीमान्तकृत अन्य समूहप्रतिको भेदभावलाई अझै खराब बनाउँछ र महिला तथा किशोरीका मानवअधिकार प्राप्तीमा अवरोध ल्याउने जोखिम बढाउँछ । प्रतिकार्य प्रयासको केन्द्रमा सबै महिलाका तथा किशोरीका लागि सहभागिता, संरक्षण र सम्भावना रहेको हुनुपर्छ । यस्ता प्रयासहरु लैङ्गिक-उत्तरदायी हुनुपर्छ साथै सबै महिला तथा पुरुषका लागि पहिचान, निदान र उपचारमा पहुँचसम्बन्धी भिन्न प्रभावहरुलाई ध्यानमा राखिएको हुनुपर्छ ।"

- कोभिड-१९ संकटमा यौन तथा प्रजनन् स्वास्थ्य एवं अधिकार संरक्षण र लैङ्गिक उत्तरदायित्वको प्रवर्द्धन, विश्वव्यापी संयुक्त प्रेस विज्ञप्ती (६ मे, २०२०)

अध्यायका लक्ष्यहरू:

जनस्वास्थ्य संकट र/वा गैर-सशस्त्र द्वन्द्व मानवीय प्रकोपहरूमा लैङ्गिक-उत्तरदायी प्रहरीकार्यले कसरी आफूलाई अनुकूलन गर्न सक्छ भन्ने बारे मार्गदर्शन प्रदान गर्ने ।

मुख्य सन्देश र सिकाइका बुँदाहरू:

- संकट र आपतकालिन अवस्थाहरूले विद्यमान असमानताहरूलाई बढाउँछ, जसले गर्दा महिला तथा किशोरी विरुद्धका हिंसामा र विशेषगरी अन्तरवैयक्तिक हिंसाको व्यापकतामा वृद्धि हुन्छ, ;
- संकटको समयमा, कुनैपनि निर्णय प्रक्रिया, योजना र प्रवाहको मूल भागमा सुरक्षा र संरक्षण रहेको सुनिश्चित गर्न महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यसम्बन्धी विद्यमान योजनाहरूको समीक्षा र पुनः मूल्याङ्कन गर्न आवश्यक हुन्छ;
- प्रहरी र स्थानीय प्रमुख सरोकारवालाहरू बीच पहिलै स्थापित भएका साझेदारीले संकटको समयमा आइपर्ने अत्याधिक चुनौतीहरूको प्रभावलाई कम गर्न प्रमुख भूमिका खेल्छ;
- कुनै पनि संकटको अवस्था अघि बनाइएका पूर्व-योजनाले विद्यमान समन्वयात्मक प्रतिकार्यहरूमा जोखिम, न्यूनीकरण र आकस्मिकताहरू पहिचान गर्न मद्दत गर्छ;
- सूचनाको नियमित र भरपर्दो स्रोत र "जोखिममा भएका" मानिसहरूको अन्तरसम्बन्धित तथ्याङ्कमा निरन्तर पहुँच भएका प्रहरी संगठनहरू महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्न बढी सक्षम हुन्छन्,
- अभिलेखीकरण गरिएका प्रहरीका सिकाइहरूलाई नविकरण गरिएको तथ्याङ्क विश्लेषणमा प्रविष्ट गरिनु पर्छ, जसले लैङ्गिकतामा आधारित भेदभावको विशिष्ट परिवेश र अन्तरसम्बद्धताका प्रकृतिहरूलाई ध्यानमा राख्छ ।

परिचय

३१ डिसेम्बर २०१९ मा, चिनियाँ अधिकारीहरूले विश्व स्वास्थ्य संगठनलाई जानकारी गराए कि एक अज्ञात कारणको निमोनिया विशेषगरी हुबेई प्रान्तको राजधानी वुहान शहरबाट शुरु भएर चीनभरी तीव्र गतिमा फैलिरहेको छ ।

फोटो सौजन्य : myRepulka-Nagarik Network

स्थानीय विज्ञहरूले नोभेल कोभिड-१९[१] पहिचान गरेपछि (सुरुमा "2019–nCoV" नाम दिइएको थियो), स्थानीय अधिकारीहरूले कोभिड-१९ को प्रकोप नियन्त्रण गर्ने र मृत्युलाई रोक्ने साथै स्वास्थ्य प्रणालीहरू धराशायी हुनबाट रोक्ने प्रयासस्वरुप मानिसहरूलाई अनिवार्य क्वारेन्टाइनमा राख्न आदेश दिएका थिए ।

चीनका छिमेकी देशहरूमा पनि संक्रकण देखिन थाले, जुन अवस्था चाँडै नै विश्वका विभिन्न क्षेत्रका अन्य देशहरूमा पनि दोहोरिएको थियो । ११ मार्च २०२० सम्ममा, विश्व स्वास्थ्य संगठनले कोभिड-१९ लाई महामारीको रूपमा वर्गीकृत गऱ्यो र यो फैलावट र गम्भीरताको डरलाग्दो स्तर र निष्क्रियताको डरलाग्दो स्तर दुवैबाट गहिरो रुपमा चिन्ताजनक भएको सदस्य राष्ट्रहरूलाई जानकारी गरायो । विश्वभरका देशहरूले उही प्रकारका अनिवार्य क्वारेन्टाइन, हिँडडुलमा प्रतिबन्ध र सामाजिक दूरीका उपायहरू लागू गर्न थाले । मार्च २०२० सम्म, विश्वको झन्डै आधा जनसंख्या लकडाउनमा थियो ।

पश्चिम अफ्रिकामा इबोला,[२] ल्याटिन अमेरिकामा जिका र एसियामा सार्स जस्ता संक्रामक रोगको प्रकोप सामना गरेको अनुभव भएको संयुक्त राष्ट्रसंघले द्वन्द्वमा र/मानवीय क्षेत्र परेकाहरू जस्ता संकटासन्न मानिसहरूमा कोभिड-१९ प्रतिकार्यका उपायहरूले पार्ने प्रभाव र त्यसले महिला तथा किशोरीहरूमाथि हुने हिंसाको प्रकृतिलाई कसरी असर गर्न सक्छन् भन्नेमा चिन्ता व्यक्त गऱ्यो ।

हालैको इबोला र जिका प्रकोपका अभिलेखित प्रमाणहरूबाट उत्पन्न भएको संयुक्त राष्ट्रसंघको चिन्ताले[३], सामाजिक-आर्थिक

१ कोरोनाभाइरस (CoV) भाइरसहरूको ठूलो परिवार हो जसले सामान्य रुघाखोकीदेखि थप गम्भीर लक्षणहरू सम्मको रोग निम्त्याउँछ । नोभेल कोरोनाभाइरस (nCoV) एक नयाँ स्ट्रेन हो, जुन पहिले मानवमा पहिचान गरिएको थिएन । See: Coronavirus disease (COVID-19) outbreak (2020), WHO Regional Office for Europe, at: http://www.euro.who.int/en/health-topics/health-emergencies/coronavirus-covid-19/novel-coronavirus-2019-ncov

२ इबोला भाइरस रोग मानिसमा दुर्लभ तर गम्भीर, अक्सर घातक रोग हो । यो भाइरस जंगली जनावरबाट मानिसमा सर्छ र मानिसबाट मानिसमा सर्नें गर्छ । औसत इबोला केसमा मृत्यु दर लगभग ५०% छ । विगतका प्रकोपहरूमा मृत्यु दर २५% देखि ९०% सम्मको अन्तर भएको छ । Ebola virus disease: Key Facts (WHO, 2020), at:https://www.who.int/news-room/fact-sheets/detail/ebola-virus-disease

३ Inter-Agency Standing Committee (March 2020). Interim Guidance; Gender alert for COVID-19 outbreak, at: https://interagencystandingcommittee.org/inter-agency-standing-committee/interim-guidance-gender-alert-covid-19-outbreak-developed-iasc



तनाव, नागरिक संघर्ष र जनस्वास्थ्यको आपतकालले विद्यमान असमानतालाई बढाउँछ भन्ने संकेत गरेको थियो । फलस्वरूप यसले महिला तथा किशोरी विरुद्धका हिंसा, विशेषगरी अन्तरंग साथीबाट हुने हिंसा र युवतीहरूमा कम उमेरमा गर्भावस्थामा वृद्धि भएको छ ।[४]

कमजोर स्वास्थ्य प्रणाली, कमजोर विधिको शासन, र उच्च स्तरको लैङ्गिक असमानता भएका आपतकालीन वातावरण र परिवेशहरूमा महिला तथा किशोरी विरुद्धका हिंसाको गम्भीर प्रभावलाई स्वीकार्दै, संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सबै सरकारहरूलाई महिला तथा किशोरी विरुद्धका हिंसालाई कोभिड-१९को राष्ट्रिय प्रतिकार्य योजनाको एक प्रमुख भागका रुपमा रोकथाम र समाधान गर्न आग्रह गरे ।[५]

४ CARE (March 2020). A policy paper on COVID-19's gender implications, at: https://www.care.org/newsroom/press/press-releases/covid-19s-gender-implications-examined-in-policy-brief-care

५ Secretary-General's video message on gender-based violence and COVID-19. United Nations April 5, 2020, at: https://www.un.org/sg/en/content/sg/statement/2020-04-05/secretary-generals-video-message-gender-based-violence-and-covid-19-scroll-down-for-french

त्यसैगरी, पहिले नै धेरै उच्च रहेको महिला तथा किशोरी विरुद्धका हिंसाको विश्वव्यापी व्यापकतालाई स्वीकार्दै[६], युएन वुमनले कोभिड-१९ को महामारीका कारण महिला तथा किशोरीहरूले सामना गरिरहेका असमान नकारात्मक प्रभावहरूलाई '**छाया महामारी**' ('**Shadow Pandemic**'[७]) भनेर चित्रण गरेको छ ।

यस हातेपुस्तिकाले विश्व स्वास्थ्य संगठन (२०१०)द्वारा उपलब्ध गराएको महामारीको परिभाषालाई[८] जनाउँछ **जसले रोगको गम्भीरता भन्दापनि, नयाँ रोगको भौगोलिक स्तर र पहुँच (र धेरैजसो मानिसहरूमा प्रतिरोधात्मक क्षमता नभएको बेला) द्वारा पहिचान गरिने विश्वव्यापी फैलावटको रूपमा एक महामारीको रूपमा चित्रण गर्दछ ।**[९]

पूर्व-अवस्थित क्षेत्रीय संकट निम्त्याउने वा बढाउने हालैको कोभिड-१९ विश्वव्यापी महामारी र इबोला जस्ता अन्य संक्रामक रोगहरूका प्रकोपमा विशेष ध्यान दिँदै, महिला तथा किशोरी विरुद्धका हिंसामा गैर-द्वन्द्व मानवीय संकटको प्रभावमा यो अध्याय केन्द्रित छ । हालको कोभिड-१९ जनस्वास्थ्य संकट अन्य हालैका संक्रामक रोगहरूको प्रकोप भन्दा धेरै फरक भएता पनि, महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितका लागि प्रेषण मार्गहरूमा प्रहरी संगठन र तिनका अत्यावश्यक सेवा साझेदारहरूले सामना गर्ने धेरै चुनौतीहरू उस्तै छन् । यस अध्यायले यी कठिन समयमा लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका लागि सूचित मार्गदर्शन प्रदान गर्ने उद्देश्यका साथ यस्ता असाधारण परिस्थितिहरूले ल्याएका यी साझा चुनौतीहरूबारे छलफल गर्नेछ ।

प्रहरी संगठनहरूलाई संकटको समयमा महिला तथा किशोरी विरुद्धका हिंसाप्रति अप्रभावकारी प्रतिकार्यको जोखिम कम गर्न मद्दत गर्न, निम्न खण्डले समन्वयात्मक पीडित/प्रभावित केन्द्रित प्रतिकार्यका लागि अत्यावश्यक सेवा प्याकेजको सिद्धान्त र साझा विशेषताहरूका आधारमा सहकर्मीहरूलाई मार्गदर्शन प्रदान गर्नेछ ।

६ संयुक्त राष्ट्रसंघको तथ्याङ्क अनुसार, विश्वव्यापी रूपमा ३ मध्ये १ महिलाले आफ्नो जीवनमा कुनै न कुनै समयमा शारीरिक वा यौन हिंसाको अनुभव गरेका छन् र संसारभरीमा नियतवश हत्या भएका प्रत्येक दस महिलामध्ये लगभग छ जना आफ्नो अन्तरंग साथी वा परिवारको अन्य सदस्यद्वारा हत्या गरिएका छन् । See: UNODC's Global Study on Homicide: Gender-related killing of women and girls (UNODC, 2018), at: https://www.unodc.org/documents/data-and-analysis/GSH2018/GSH18_Gender-related_killing_of_women_and_girls.pdf

७ UN Women (2020), 'COVID-19 and Ending Violence against Women and Girls', at: https://www.unwomen.org/en/digital-library/publications/2020/04/issue-brief-covid-19-and-ending-violence-against-women-and-girls

८ Emergencies preparedness, response. What is a pandemic? (WHO, 24 February 2010), at: https://www.who.int/csr/disease/swineflu/frequently_asked_questions/pandemic/en/

९ Ibid.

चित्र १

अत्यावश्यक सेवा प्याकेज : समग्र ढाँचाको चित्रण

सिद्धान्तहरू	अधिकारमा आधारित अवधारणा	लैङ्गिक समानता र महिला शसक्तीकरण प्रवर्द्धन	सांस्कृतिक र उमेर उपयुक्त र संवेदनशील
	पीडित/प्रभावित केन्द्रित अवधारणा	सुरक्षाको सर्वोच्चता	पीडकको जवाफदेहिता

साझा विशेषताहरू	उपलब्धता	पहुँचयुक्तता
	अनुकूलनता	उपयुक्तता
	सुरक्षामा प्राथमिकता	सुसूचित सहमति र गोपनियता
	तथ्याङ्क संकलन र सूचना व्यवस्थापन	प्रभावकारी सञ्चार
	प्रेषण र समन्वयमार्फत अन्य क्षेत्र र निकायसँग जोड्ने	

सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन

जनस्वास्थ्य वा मानवीय संकटको समयमा सेवाको लागि गरिएको आह्वानमा हामीले दिने प्रतिक्रियाको तरिकालाई समीक्षा गर्न आवश्यक हुन्छ किनकि हामीले संकटमा प्रतिक्रिया दिन सक्छौं, तर सामान्य अवस्थामा जस्तो काम गर्ने हाम्रो क्षमतामम सम्झौता हुन सक्छ भन्ने स्वीकार्दै, स्थानीय समुदायहरूलाई प्रहरी सेवाहरू प्रदान गर्न जारी राख्छौं भन्ने सुनिश्चित गरिनुपर्छ। महिला तथा किशोरी विरुद्धका हिंसाको सन्दर्भमा, पीडित/प्रभावितलाई प्रतिक्रिया दिने हाम्रो क्षमता सकेसम्म प्रभावकारी रहन आवश्यक छ ताकि हामीले उनीहरूलाई सुरक्षा र संरक्षण प्रदान गर्न जारी राख्दै, हाम्रा कर्मचारी र बृहत् समुदायको हेरचाह गर्ने पनि हाम्रो कर्तव्य हो भनी स्वीकार्न सक्छौं।

यस हातेपुस्तिकाको अध्यायहरूमा प्रदान गरिएको निर्देशनहरू संकटको समयमा जत्तिकै 'सामान्य' समयमा पनि तपाईंले काम गर्ने परिवेशका लागि सान्दर्भिक छन्। निर्देशनका विभिन्न पक्षहरू संकटको समयमा बढी सान्दर्भिक हुन सक्छन् र तपाईंले आफ्नो प्रतिकार्यलाई विभिन्न प्रकारका चुनौतीहरूमा प्राथमिकता दिनुपर्ने हुन्छ।

एक प्रहरी नेतृत्वकर्ताका हैसियतमा, तपाइँको स्थानीय समुदायलाई संकटको समयमा पनि सुरक्षा र संरक्षण प्रदान गर्ने जिम्मेवारी र जवाफदेहिता तपाईंमा हुनेछ भने, अर्कातिर तपाइँको प्रहरी चौकी/इकाईका कर्मचारीहरूलाई उनीहरूले प्रभावकारी सेवाहरू प्रदान गर्न जारी राख्न सक्छन् भन्ने सुनिश्चित गर्न उनीहरूको हेरचाह गर्ने कर्तव्य पनि तपाईंको रहन्छ। विशेषगरी यदि कोभिड-१९ महामारीमा अनुभव गरेजस्तै हिँडडुलमा प्रतिबन्ध लगाइन्छ भने, संकटको समयमा अपराधका प्रकारहरू परिवर्तन हुन सक्ने सम्भावना धेरै हुन्छन्। चोरी, सडकमा लुटिने र हिंसक अपराध कम हुनसक्ने भए तापनि, महिला तथा किशोरी विरुद्धका हिंसा, विशेषगरी घरेलु वा अन्तरंग साथीबाट हुने हिंसा बढ्छ भन्ने अनुभवले हामीलाई बताउँछ। त्यसैले तपाईंले त्यसै अनुसार आफ्नो सेवा प्रवाह/कार्यात्मक योजनाहरूको निरन्तर समीक्षा गर्न आवश्यक हुन्छ।

धेरै अवस्थामा, स्वास्थ्य वा मानवीय संकटले ल्याउन सक्ने थप चुनौतीहरू बिना नै विद्यमान रहेको तपाईंको स्रोतको सिमितितालाई, संकटहरूले सामान्यतया ती स्रोतहरूमा अभूतपूर्व दबाब ल्याउँदछ। त्यसैले तपाईंसँग उपलब्ध स्रोतहरू नघटोस् भन्नका लागि, उदाहरणका लागि तपाईंले आफ्नो कर्मचारीका लागि कुनैपनि स्वास्थ्य समस्याहरूको जोखिम कम गर्ने लगायतबाट उनीहरूको उपलब्धतामा भर पर्न सक्नु अत्यावश्यक हुन्छ।

फोटो सौजन्य : दि काठमाण्डु पोष्ट दैनिक

फोटो सौजन्य : myRepulka-Nagarik Network

कर्मचारीहरूले प्रायः धेरै कठिन परिस्थितिहरूमा आरामको अवधि र आफ्नै परिवारसँग बिताउने समय घटाउँदै, धेरै घण्टा काम गर्न आवश्यक पर्नसक्छ। त्यसैले, उनीहरू आफैं कुनैपनि संक्रमण वा रोगको शिकार भएनन् भनेपनि तपाईले उनीहरूको मानसिक स्वास्थ्य र सुस्वास्थ्यलाई विचार गर्न आवश्यक हुन्छ र संकटको समयमा त्यो अझै महत्वपूर्ण हुन्छ। तपाईंको प्रत्यक्ष नेतृत्वले तपाईंको कर्मचारीहरूलाई वास्तविक फरक पार्न, उनीहरूको मनोबल कायम राख्न र तपाईले गर्ने प्रशंसाद्वारा उनीहरूलाई सशक्त बनाउन मद्दत गर्ने समय यहि हो। एक सामान्य "धन्यवाद" भन्दैमा केहि खर्च हुँदैन, तर त्यसले धेरै महत्व राख्छ।

कामको निरन्तरता, आकस्मिक र आपतकालीन योजना

प्रहरी अधिकारीको हैसियतमा, हामी आपतकालीन अवस्थाहरूको सामना गर्न अभ्यस्त हुन्छौं, जसमा प्रत्यक्ष कार्य र परिचालनका साथै आपतकालीन योजनाहरू लागू गर्न आवश्यक हुन्छ। तर जनस्वास्थ्य र मानवीय संकटहरूले दैनिक जीवनमा गम्भीर प्रभावहरू पार्दै लामो समयसम्म कायम रहन सक्छन्, जसकारण प्रहरी प्रतिकार्यको दिगोपना एक वास्तविक चुनौती बन्छ।

हामीले कोभिड-१९महामारीको समयमा अनुभव गरिसकेका छौं कि विश्वभरका प्रहरी संगठनहरूले काम गर्ने नयाँ तरिकाहरू पहिचान गर्नुपरेको थियो र सहयोगका नयाँ प्रविधिहरूमा पहुँच गर्न पाउने केही भाग्यशाली थिए भने, अरु कतिले पहुँच पाएका थिएनन्। तपाईंसँग उपलब्ध सबै स्रोतसाधनलाई तपाईंले प्रभावकारी रूपमा प्रयोग गर्न आवश्यक हुनुका साथै तपाईंले काम गर्ने नयाँ तरिकाहरू पहिचान गरेर नवीन नेतृत्व प्रदर्शन गर्न पनि आवश्यक हुन्छ।

हामी जहिले पनि विगतबाट सिक्न सक्छौं तर यदि तपाइँसँग आफ्नो जिम्मेवारीको क्षेत्रका लागि आपतकालीन वा आकस्मिक योजनाहरू छैनन् भने, तपाइँले अझै पनि आफ्ना सेवाहरू कायम राख्दै संकटमा प्रभावकारी प्रतिकार्य गर्न सम्भव बनाउनका लागि, त्यस्ता योजना बनाउन आवश्यक हुन्छ। तपाई संकटको बिचमा हुँदा पनि आफ्नै कार्यहरूलाई समीक्षा र सिकाइ एकिकृत गर्न आफ्ना कर्मचारीसंग संक्षिप्त जानकारी लिईरहनु भएको हुन्छ, ताकि तपाईले महामारीको अर्को लहर जस्ता कुनैपनि त्यस्तै घटनाहरू दोहोरिएमा आफ्ना लागि तैयारीका योजनाहरू विकास गर्न सक्नुहुन्छ।

चित्र २ भनेको 'टाउनस्ले सर्कलहरू' हो, जुन संकटको समयमा महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यमा प्रहरीको लैङ्गिक उत्तरदायी निर्णय प्रक्रिया, योजना र सेवा प्रवाहका लागि प्रयोग गर्न सकिन्छ। यसको केन्द्रमा सुरक्षा र संरक्षण रहेको यो एक चक्रीय प्रक्रियाको रूपमा डिजाइन गरिएको छ। यसलाई विद्यमान प्रतिकार्य योजनाहरू संकटको समयमा 'उद्देश्यका लागि उपयुक्त' छन् भनी सुनिश्चित गर्न वा संकटको समयमा योजनाहरू विकास गरेर समीक्षा गर्नका लागि प्रयोग गर्न सकिन्छ। भविष्यमा कुनै संकट आइपरेमा, महिला तथा किशोरी विरुद्धका हिंसाको आपतकालीन प्रतिकार्य विकास गर्न यो एक पूर्व-योजना तर्जुमाको औजारका रूपमा प्रयोग गरिनु पर्छ। यसलाई प्रतिकार्यमा लाग्ने अधिकारीहरूद्वारा गतिशील निर्णय लिनका लागि पनि प्रयोग गर्न सकिन्छ।

जनस्वास्थ्य (महामारी/महामारी) वा मानवीय संकटको समयमा महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यमा प्रहरीको लैङ्गिक उत्तरदायी योजना र सेवा प्रवाहका लागि टाउनस्ले सर्कलहरूको प्रयोगको बारेमा थप जानकारी र मार्गदर्शनको लागि, *अनुसूची १ हेर्नुहोस्।*

यदि तपाइँसँग बनाइसकेका योजनाहरू छन् भने, तपाइँले संकटको समयमा ती 'उद्देश्यका लागि उपयुक्त' छन् भनी सुनिश्चित गर्नको लागि निरन्तर समीक्षा गर्दै, आवश्यक परेको ठाउँमा समायोजनहरू गरिरहनु पर्दछ।

तपाईंसँग पहिले नै योजनाहरू भएपनि वा योजना तर्जुमा गर्दै हुनुहुन्छ भनेपनि, तपाईंले केही मुख्य प्रश्नहरूबारे विचार गर्न आवश्यक छ, जसमध्ये यी लगायत पर्छन्,

- योजना कहाँ राखिएको छ ?
- कसले यसको अन्तर्वस्तु जान्न र बुझ्न आवश्यक छ र के उनीहरू यसको अन्तर्वस्तु जान्नका लागि जवाफदेही छन् ?
- के योजनाभित्र जवाफदेहीतासँगै भूमिका र जिम्मेवारीहरू स्पष्ट रूपमा परिभाषित छन् ?

चित्र २

संकटको समयमा महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यमा प्रहरीको लैङ्गिक उत्तरदायी योजना र सेवा प्रवाहका लागि टाउन्स्ले सर्कलहरू

- योजनासम्बन्धी कस्तो तालिम आवश्यक छ ?
- यो कतिको नियमित रूपमा परीक्षण गरिन्छ ?
- अन्तिम पटक कहिले परीक्षण गरिएको थियो ?
- यसलाई कसरी अनुगमन, समीक्षा र अद्यावधिक गरिन्छ ?
- के विगतका सिकाइहरू यसमा समावेश गरिएको छ ? (यी स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्रोतहरूबाट हुन सक्छन्)
- योजनाको कार्यान्वयनभित्र नियमित ब्रीफिङ/जानकारी प्रदान र डि-ब्रीफिङहरू/कार्यपछिको समीक्षालाई कसरी समायोजन गरिइन्छ ?

माथिका प्रश्नहरू तपाईंले विचार गर्नु पर्ने कुराका केही उदाहरणहरू मात्र हुन्, जुन तपाईंले सबै पूर्व-योजना गर्दा वा तत्कालका घटनामा परिचालन योजनाहरू बनाउँदा पनि दैनिक रुपमा 'केही भैहालेमा के गर्ने?' भनेर सोच्नुपर्ने हुन्छ ।

निरन्तर कामको योजना थोरै फरक हुन्छ किनकि यसलाई तपाईंले सम्भव भएसम्म, 'सामान्य रूपमा गर्ने काम', वा संकटको समयमा पनि निश्चित रूपमा तपाईंले गर्नैपर्ने मुख्य कार्यहरू कायम राख्न सक्नुहुन्छ भन्ने सुनिश्चित गर्न बनाइएको हुन्छ । यो तपाईंलाई प्रतिकार्यका लागि बोलाइने अन्य कुनैपनि मुद्दाहरूको लागि जस्तिकै महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्यका लागि पनि उत्तिकै सान्दर्भिक छ । तपाईंका स्रोतहरूमाथि अत्याधिक भार परेको समयमा, सुविधाहरूमा पहुँच सीमित हुँदा र सम्भावित संक्रमणको कारण उजुरीकर्ता र साक्षीहरूसम्मको पहुँच सिमित हुँदा महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितलाई सम्बोधन गर्न तपाईंसँग के उपलब्ध छ र त्यस्ता हिंसाको प्रतिकार्यलाई कसरी कायम राख्न सकिन्छ भनेर तपाईंले विचार गर्न आवश्यक छ । तपाईंले पीडित/प्रभावित-केन्द्रित अवधारणा र पीडकमा आधारित अनुसन्धान कायम गर्न आवश्यक हुन्छ *(अध्याय ५: 'अनुसन्धान' हेर्नुहोस्)* । तनावपूर्ण अवस्थामा स्पष्ट निर्णयहरू लिनु पर्ने हुनाले, संकट नहुँदाको समयमा त्यस्ता कुराहरूको बारेमा सोच्नु र तदनुसारका योजनाहरू विकास गर्नु तपाईंको लागि अत्यन्तै उपयोगी हुनेछ ।

सुरक्षा र संरक्षण

सुरक्षा र संरक्षण *(अध्याय ७ 'सुरक्षा र संरक्षण हेर्नुहोस्)* महिला तथा किशोरी विरुद्धका हिंसाको कुनै पनि प्रहरी प्रतिकार्यको एक महत्वपूर्ण भाग हो, तर संकटको समयमा सबै योजना र निर्णय लिँदा यसलाई केन्द्रबिन्दु बनाइनु पर्दछ । तपाईं र तपाईंका कर्मचारीले पीडित/प्रभावित र कर्मचारीहरू आफैंका लागि

सम्बद्ध सबै जोखिमलाई विशेष परिस्थितिहरूमा त्यस समयसँग सम्बन्धित जोखिम मूल्याङ्कन गरेर विचार गर्न आवश्यक छ। यदि तपाईंका कर्मचारीहरू आफैं जोखिममा छन् भने उनीहरू डराएका हुन सक्छन्, त्यसैले तपाईंले उनीहरूलाई आश्वस्त पार्नु र प्रोत्साहन दिनु आवश्यक हुन्छ। सहायता नगर्नु विकल्प होइन, किनकि कसैको जीवन त्यसैमा निर्भर हुन सक्छ, त्यसैकारण तपाईंले कर्मचारीहरूलाई हुनसक्ने जोखिमहरूलाई न्यूनीकरण गर्न आवश्यक छ। एउटा तरिका भनेको उनीहरूलाई उपयुक्त पीपीई लगाउन लाउनु हो, जुन संकटको समयमा कम आपूर्ति हुन सक्छ र त्यसबारण पनि आकस्मिक र आपतकालीन योजना आवश्यक छ भनेर पुनः जोड दिन सकिन्छ।

यदि कर्मचारीहरूलाई यसको सही प्रयोग, भण्डारण र नष्ट गर्ने तरिकाबारे जानकारी दिइएन भने, पीपीई मात्र जारी गर्दैमा त्यसले आफैं जोखिम कम गर्दैन। जारी गरिएको पीपीई पुरुष र महिला दुवै सदस्यका लागि उपयुक्त र भेदभाव बिना पहुँचयोग्य छ भनी सुनिश्चित गर्न पनि महत्वपूर्ण हुन्छ।

> "चिकित्सा कर्मचारीहरु जस्तै, प्रहरी अधिकारीहरुले कार्यस्थलभन्दा टाढा बसेर काम गर्न सक्दैनन्, त्यसैले उनीहरु पनि अग्रपंक्तिमा हुन्छन् । हाम्रो पहिलो जिम्मेवारी स्वस्थ र सुरक्षित रहनु हो, त्यसैले हामीसँग उपकरण मात्र होइन, आफूलाई बचाउने मनोवृत्ति पनि हुनुपर्छ।
>
> यो किनभने, आफूलाई सुरक्षित राखेमा, हामी अरुलाई बचाउन सक्छौं । हामीले अरुलाई संक्रमित गरिरहेका छैनौं र हामीले हाम्रा प्रहरीबलका साथसाथै सबैभन्दा संकटासन्नलाई सुरक्षा प्रदान गरिरहेका छौं भन्ने हामीले सुनिश्चित गर्न आवश्यक छ ।"
>
> - हालको संयुक्त राष्ट्रसंघीय प्रहरी सल्लाहकार र मध्य अफ्रिकी गणतन्त्रमा पूर्व संयुक्त राष्ट्र मिशन (MINUSCA)का प्रहरी आयुक्त, आयुक्त लुइस क्यारिलो

बाकस १ ले राष्ट्रिय प्रहरी प्रमुख परिषद् (NPCC) र कलेज अफ पुलिसिङद्वारा पीपीईको प्रयोगबारे कार्यसञ्चालन निर्देशनको उदाहरण प्रदान गर्दछ।

बाकस १

व्यक्तिगत सुरक्षा उपकरण (पीपीई)को प्रयोगबारे कार्यसञ्चालन निर्देशन, युके

कोभिड-१९ प्रतिकार्यको क्रममा, युकेभरीका प्रहरी सेवाहरूलाई राष्ट्रिय प्रहरी प्रमुख परिषद् (NPCC) र कलेज अफ पुलिसिंग द्वारा पीपीईको प्रयोगबारे कार्यसञ्चालन निर्देशन प्रदान गरिएको थियो। निर्देशनमा कर्मचारीहरूलाई पीपीईको सही प्रयोगबारे बुझ्न मद्दत गर्न कार्यसञ्चालन परिदृश्यहरू पनि समावेश गरिएको थियो। निर्देशनबाट अनुकूलित केही उदाहरणहरू तल दिइएका छन्। यो निर्देशन दोहोराउन वा अन्य जनस्वास्थ्यसम्बन्धी आपतकालीन अवस्थाहरूको लागि अनुकूलित गर्न सकिन्छ।

- सबै अधिकारीहरूसँग कम्तीमा पनि तरल पदार्थ प्रतिरोधी सर्जिकल मास्क र पन्जा (नन-लेटेक्स) सजिलैसँग उपलब्ध हुनुपर्छ र जहाँ अधिकारीहरू दुईजनाले गर्नुपर्ने गस्तीमा वा कर्मचारी बोक्ने वाहनमा तैनाथ हुँदा त ती चीज विशेष रुपमा हुनुपर्छ। पीपीई अधिकारीहरूका लागि सजिलै उपलब्ध हुनुपर्दछ ताकि यसलाई आवश्यक भएमा तुरुन्तै लगाउन सकियोस्।
- फोनकल लिने र खटाउने अधिकारीहरूले यदि कोभिड-१९ को सशंका वा पुष्टि भएका केसहरू छन् भने प्रतिकार्यमा जाने अधिकारीहरूलाई पूर्व-चेतावनी दिन सक्ने बनाउनु आवश्यक हुन्छ ताकि उनीहरूले उपयुक्त पीपीई पहिरिन सकून्।
- कुनैपनि परिसरमा प्रवेश गर्दा, अधिकारीहरूलाई यसमा सचेत हुन आवश्यक छ कि त्यहाँ बसोबास गर्ने केहीलाई आफू संक्रमित भएको थाहा नहुन सक्छ, त्यसैले निरन्तर गतिशील जोखिम मूल्याङ्कनहरू गर्न आवश्यक छ।
- जहाँ सामाजिक दूरी सम्भव नभएका कारण जनतासँग 'नजीकको सम्पर्क' हुने सम्भावना छ, त्यहाँ अधिकारीहरूले तरल पदार्थ प्रतिरोधी सर्जिकल मास्क र पन्जा (नन-लेटेक्स) लगाउनुपर्छ, यदि कुनै व्यक्तिमा लक्षण छ भने जोखिम मूल्याङ्कनको एक भागको रुपमा चश्मा र एप्रोनको प्रयोग गर्न आवश्यक छ।

स्रोत : Personal Protective Equipment (PPE) operational guidance (April 8, 2020). College of Policing, UK.

फोटो सौजन्य : दि काठमाण्डु पोष्ट दैनिक

रोकथाम

चुनौतीपूर्ण समयमा जब संकटको सामना गर्ने क्रममा प्रहरीका स्रोतहरूले थेग्न मुस्किल भएको हुन्छ, त्यतिबेला तपाईंको स्थानीय समुदायलाई संकटको प्रभावबाट जोगाउनका लागि, साथै अन्य प्रहरी प्राथमिकताहरू कायम राख्नको लागि सामुदायिक संलग्नता अझै बढी महत्वपूर्ण हुन्छ। संकटका प्रभावहरूबाट आफूलाई जोगाउन के गर्न आवश्यक छ भन्नेबारे समुदायमा शिक्षा र चेतना जगाउने क्रममा उनीहरूलाई महिला तथा किशोरी विरुद्धका हिंसाबारे पनि सचेतना जगाउन, ध्यान दिनुपर्ने कुराहरू, कसरी पीडित/प्रभावितलाई सहयोग गर्ने र उजुरीलाई सहजीकरण गर्ने भन्नेबारे जान्न अवसर प्रदान गर्दछ। स्थानीय रुपमा र विशेषगरी सामाजिक दूरी वा हिँडडुलमा प्रतिबन्धको समयमा तपाईंको 'आँखा र कान'का रुपमा तपाईं समुदायमा नै धेरै भर पर्नु पर्ने हुन्छ।

संकटका सम्बन्धमा आफ्ना कर्मचारीहरूलाई उनीहरूका कर्तव्यहरूबारे जानकारी दिंदा, आधारभूत खाद्य र अन्य आवश्यकताहरूको अभावले शोषण र तनाव बढाउन सक्ने हुनाले त्यसले ल्याउने महिला तथा किशोरी विरुद्धका हिंसाको अतिरिक्त संकटासन्नताबारे उनीहरूले बुझेका छन् भन्ने सुनिश्चित गर्नुहोस्। आफ्ना कर्मचारीलाई 'हानी नगरौं'को अवधारणा अवलम्बन गर्ने, सर्वसाधारण र आफ्ना सहकर्मीलाई हेरचाह गर्ने र सधैं स्पष्ट रुपमा नदेखिने हिंसा वा दुर्व्यवहारका लक्षणहरू खोज्ने र पहिचान गर्ने व्यक्तिगत जिम्मेवारी र जवाफदेहिता रहेको बारे सम्झाउनुहोस् (*अध्याय ५ : 'अनुसन्धान' हेर्नुहोस्*)।

संकटको समयमा समुदायसँगको तपाईंको संलग्नताले तपाईं र तपाईंका कर्मचारीले प्रदान गर्ने प्रहरी सेवाप्रति उनीहरूको विश्वास र भरोसालाई बलियो पार्न वा नष्ट गर्न सक्छ। उदाहरणका लागि, यदि सरकारले लगाएको कुनैपनि प्रतिबन्ध लागू गर्नमा तपाईंका अधिकारीहरूले आफ्नो अधिकारको दुरुपयोग गर्छन् भने, यसले संकट समाप्त भएको लामो समयपछि सम्मपनि सामुदायिक सम्बन्धमा प्रभाव पार्नेछ र भविष्यमा तपाईंको कामलाई धेरै कठिन बनाउनेछ। यस विपरित, समुदायसँग शैक्षिक र जागरूकता अभिवृद्धिमा संलग्न भएर, कानून कार्यान्वयनका असमान विधिहरूको सट्टा अनुरोधको प्रयोग गरेर काम गरेमा, त्यसले विश्वास र भरोसामा सुधार ल्याउने छ। जसले तपाईंलाई तत्कालको संकट समाप्त भएपछि पनि लाभ दिनेछ।

समुदायका निश्चित क्षेत्रहरूसँग संलग्न हुनाले पीडित/प्रभावितलाई निरन्तर भइरहने हिंसा वा दुर्व्यवहारबाट जोगाउन मद्दत गर्न सक्छ (विशेष उदाहरणका लागि प्रहरी-नागरिक साझेदारीबारे बाकस ८ हेर्नुहोस्)। उदाहरणका लागि, हिंसा वा दुर्व्यवहारको उजुरी गर्न फार्मेसीहरूले सुरक्षित स्थानको रूपमा पीडित/प्रभावितलाई आफ्ना परामर्श कक्षहरू उपलब्ध गराउन सक्छन्, किराना

फोटो सौजन्य : दि काठमाण्डु पोष्ट दैनिक

पसलेहरूलाई आफ्ना ग्राहकहरूमध्ये पीडित/प्रभावितको पहिचान गर्न के हेर्ने र महत्वपूर्ण रूपमा, उनीहरूको तर्फबाट प्रहरी वा अन्य सेवा प्रदायकहरूलाई सम्पर्क मात्र गरेर पनि उपयुक्त सहयोग कसरी उपलब्ध गराउने भन्नेबारे शिक्षित गर्न सकिन्छ ।

अष्ट्रेलियामा, कोभिड-१९ महामारीको समयमा, संकटासन्न महिलाहरू पहिचान गर्न र विशेषगरी पहिले हिंसा वा दुर्व्यवहारको उजुरी गरेका महिलाहरूको पहिचानमा प्रहरी सक्रिय थिए र उनीहरूको सुरक्षा जाँच गर्न नियमित भ्रमणहरू गर्थे । यस्ता महिलाहरूका लागि थप जोखिम सिर्जना गर्नबाट बच्न यस्ता कार्यलाई सावधानीपूर्वक व्यवस्थापन गर्न आवश्यक हुन्छ ।

हालको संकटका कारणले नभइ, हालको संकटका बाबजुद महिला तथा किशोरी विरुद्धका हिंसामा तुरुन्तै र प्रभावकारी रूपमा प्रतिकार्य गर्न आवश्यक छ भन्ने कुरा तपाइँका कर्मचारीहरूलाई प्रष्ट भएको सुनिश्चित गर्नुहोस् । प्रतिकार्यको प्रभावकारिता तत्काल संकटको परिस्थिति भरी र त्यसभन्दा पछिसम्म पनि दिगो हुन आवश्यक छ ।

महिला तथा किशोरी विरुद्धका हिंसाको रोकथामबारे थप जानकारीको लागि अध्याय ३ हेर्नुहोस् ।

प्रारम्भिक सम्पर्क

हिँडडुलमा प्रतिबन्ध लागू भएका कारण विशेषगरी एक्लिएका पीडित/प्रभावितलाई उजुरी गर्न वा हिंसा वा दुर्व्यवहारबाट सुरक्षा खोज्नका लागि, सामाजिक दुरी कायम राख्दै गर्न सकिने 'निकट सम्पर्क' को विकल्पहरू उपलब्ध गराउने बारे तपाईंले नयाँ तरिकाहरू सोचेर ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । हेल्पलाइनहरूको प्रयोगलाई बढावा दिनुहोस्, र यदि ती प्रहरीद्वारा सञ्चालित छन् भने, फोनकलहरू प्राप्त गर्न र व्यवहार गर्न कर्मचारीहरूको स्तरोन्नती गर्नेबारे ध्यान दिनुहोस् ।

अन्य निकाय/सेवा प्रदायकहरू, अनौपचारिक न्याय क्षेत्र, सामुदायिक समूहहरू र छिमेकी, साथीभाई, पसलहरू, इत्यादि लगायतका विस्तृत समुदायसँग पीडित/प्रभावितका लागि उजुरीका अवसरहरू सहज बनाउन साझेदारी विकास वा सुदृढीकरण गर्नुहोस् । कुनैपनि संक्रामक रोगको परीक्षण र ट्रेसिङमा खटिएका कर्मचारीलाई उचित तरिकाले अभिमूखीकरण गरिएको छ भने, उनले पीडित/प्रभावित र न्याय तथा सहयोगसम्म उनीहरूको पहुँच बीच पुलको काम गर्न सक्छन् । तपाइँको पहिलो प्राथमिकता पीडित/प्रभावित र उनको परिवारका कुनैपनि आश्रितहरूको सुरक्षा र संरक्षण हुनुपर्छ ।

तपाइँका कर्मचारीहरूलाई हिंसा वा दुर्व्यवहारका संकेतहरूबारे र अन्य गैर-महिला तथा किशोरी विरुद्धका हिंसा सम्बन्धित मामिलाहरूमा जनतासँग व्यवहार गर्दा तिनका लागि सतर्क रहन पूर्ण जानकारी दिइएको सुनिश्चित गर्नुहोस् ।

प्रारम्भिक सम्पर्क (न्यायमा पहुँच) बारे थप जानकारीको लागि अध्याय ४ हेर्नुहोस् ।

अनुसन्धान

सामाजिक दूरी कायम राख्न मद्दत गर्न सक्ने प्रमाण सङ्कलनका वैकल्पिक विधिहरूबारे विचार गर्नुहोस्, जस्तै पहुँच भएको अवस्थामा अनलाइन प्रविधिको प्रयोग । शरीरमा लगाइने क्यामेराको प्रयोगद्वारा पीडित/प्रभावितको उजुरीका साथै घटनास्थलको प्रमाण र कुनै चोटपटक रेकर्ड गर्न सकिन्छ, जसले गर्दा नजिकको सम्पर्कको आवश्यकतालाई कम गर्न सक्छ । पीडित/प्रभावितको गोपनीयता र गोप्यता अझै पनि कायम गर्न आवश्यक हुन्छ त्यसैले प्राविधिक समाधानहरू प्रयोग गर्दा पनि वातावरणलाई विचार गर्नुपर्छ भन्ने याद गर्नुहोस् । तपाईंसँग त्यस्ता स्रोतहरूमा पहुँच छैन भने, पीपीई र पालन गर्न सकिने कुनैपनि सामाजिक दूरीका उपायहरू अवलम्बन गरेर जोखिमहरू सकेसम्म कम गर्न आवश्यक हुन्छ ।

तपाइँको कर्मचारीले पीडित/प्रभावितसँग 'सुरक्षित स्थान' उपलब्ध गराउँदै गोपनीयता प्रदान गरेर उनी र अनुसन्धान अधिकारी दुवैलाई कुनैपनि स्वास्थ्य जोखिमहरू कम गर्न सकिने वातावरणमा कहाँ कुरा गर्न सकिन्छ भन्ने पहिले नै विचार गर्न उपयोगी हुनेछ । आघातको प्रभावबारे सजग रहँदै, सम्भव

भएसम्म तपाईंले संकटको अवस्थामा आफूले अपनाउने अतिरिक्त उपायका परिणामस्वरूप उनको आघात नथपियोस् भन्नेमा ध्यान दिनुहोस् ।

यदि कुनै पीडित/प्रभावित वा पीडकलाई प्रहरीको गाडीमा लैजानु परेमा, त्यसबाट कुनै विधिविज्ञानका वा अन्य सम्भावित प्रमाणहरू सङ्कलन गरिसकेपछि, गाडीलाई कीटाणुरहित गर्ने कुरामा ध्यान दिनुहोस् । प्रत्येक शिफ्टको सुरु र अन्त्यमा वा जनस्वास्थ्य संकटको समयमा सवारी साधनको प्रयोगकर्ता परिवर्तन हुँदा, त्यस विशेष संकटको जोखिममा आधारित हुँदै प्रहरीका सबैसवारी साधनहरू राम्ररी सफा गर्ने अभ्यास राम्रो हो ।

महिला तथा किशोरी विरुद्धका हिंसाको अनुसन्धान गर्नेबारे थप जानकारीको लागि अध्याय ५ हेर्नुहोस्

सहायता र सहयोग

संकटको समयमा सहकार्य अत्यावश्यक हुन्छ । त्यसैले तपाईंको कुनैपनि विद्यमान साझेदारीले कसरी सुरक्षित रूपमा कामलाई जारी राख्न सक्छ, वा निश्चित रूपमा सकेसम्म धेरै जोखिमहरू कम गर्न सकिन्छ भनेर विचार गर्न आवश्यक छ । सामाजिक दूरी, हिँडडुलमा प्रतिबन्ध र क्वारेन्टाइनका उपायका कारण तपाईंले पीडित/प्रभावितलाई सम्पर्क गर्न र उनीहरूका लागि कम औपचारिक उजुरी संयन्त्रहरू सहज बनाउनका लागि सम्भवतः अन्य निकाय र सेवा प्रदायकहरू इत्यादि मार्फत अन्य तरिकाहरू खोजी गर्नु आवश्यक हुन्छ । *यो अध्यायको अन्त्यमा घटना अध्ययन हेर्नुहोस् ।*

नयाँ साझेदारहरूसँग सहकार्य गर्दा उनीहरूले दुर्व्यवहारका लक्षणहरू चिन्न र पीडित/प्रभावितलाई जोगाउन के गर्न आवश्यक छ भन्नेबारे उनीहरूको चेतना बढाउन आवश्यक हुन्छ । साथै प्रमाणको दूषण, विनाश वा गुमाउनबाट जोगाउन के गर्ने र के नगर्ने भन्नेबारे उनीहरूको चेतनाको स्तर बढाएर पनि पीडित/प्रभावितलाई लामो अवधिमा सहयोग गर्न सकिन्छ ।

पीडित/प्रभावितका सहायता र सहयोग गर्ने तपाईंको क्षमतामा संकटका कारण सम्झौता/कमी आइपरेमा, उनीहरूको सहयोगका लागि कस्ता अन्य स्रोत वा सेवा उपलब्ध हुन सक्छन् भन्ने कुनैपनि आकस्मिक वा आपतकालीन योजना प्रक्रियाको समयमा, प्रारम्भिक चरणमा नै स्थापित गर्नुहोस् । उदाहरणका लागि, तपाईंले कुनै पनि आश्रय वा आवास पूर्ण क्षमतामा हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै, अरूसँगको सहकार्यमा तपाईंले पीडित/प्रभावितलाई सुरक्षित स्थानहरू उपलब्ध गराउनसक्ने अन्य स्थलहरूको पहिचान गर्न सक्नुहुन्छ । त्यस्ता उदाहरणहरू बारे सोच्नु र योजना बनाउनुले तपाईंलाई संकटको अवस्थाको मध्यमा हुँदा तपाईंमा पर्ने दबाबलाई कम गर्छ र आवश्यकतामा परेकाहरूलाई सुरक्षा र संरक्षण प्रदान गर्दछ ।

सहयोग र सहायता बारे थप जानकारीको लागि अध्याय ७ हेर्नुहोस् ।

न्यायिक निकायहरू बीच समन्वय

तपाईं जस्तै संकटले ल्याएका चुनौतीहरूको सामना गरिरहेका अन्य न्यायिक निकायसँग भएका कुनैपनि समझदारी पत्र वा कार्यगत अभ्यासहरूबारे भएका सम्झौताहरूको तपाईंले समीक्षा गर्नुपर्छ, र उपयुक्त भएमा परिमार्जन गर्नुपर्छ । प्रभावकारी र पहुँचयुक्त न्याय सेवाहरू प्रदान गर्न तपाईंहरू आफ्नो सहकार्यलाई कसरी जारी राख्न सक्नुहुन्छ ?

यदि तपाईंसँग पहिले नै गरेका कुनै सम्झौताहरू छैनन् भने, तपाईंले स्थानीय आपतकालीन कार्यगत अभ्यास सिर्जना गर्न वा न्यूनतम रूपमा पनि रणनीतिक स्तरमा विचार गर्नका लागि तपाईंको कमाण्डको श्रृंखला मार्फत यो सवाल उठाउनु पर्दछ ।

तपाईं र अन्य न्यायिक निकायको अन्तिम लक्ष्य नै पीडित/प्रभावितले न्याय पाउनु पर्छ भन्ने हुनुपर्छ र त्यसैले तपाईंहरूले तत्कालको संकटबाट पार पाउनका लागि प्राथमिकताहरूबारे र सबैभन्दा खराब संकट समाप्त भएपछि, नयाँ प्रकारको सामान्य नै भएपनि, त्यो सामान्यतर्फ कसरी फर्कनुहुनेछ भन्ने कुरामा छलफल र सहमति गर्नुपर्छ ।

न्यायिक निकायसँग समन्वय गर्नेबारे थप जानकारीको लागि अध्याय ८ हेर्नुहोस् ।

सञ्चार

स्पष्ट, संक्षिप्त र सुसंगत सन्देश प्रवाह सधैं महत्वपूर्ण हुन्छ, तर संकटको समयमा यो अपरिहार्य हुन्छ । कुनै पनि निर्देशन, प्रतिबन्ध वा सुरक्षासम्बन्धी सल्लाहहरूको पालना सुनिश्चित गर्न सबैलाई सूचित राख्नु महत्वपूर्ण हुन्छ, यसले संकटसँग जुध्ने आधिकारिक निकायका क्षमताप्रति स्थानीय समुदायहरूको विश्वासलाई पनि प्रभाव पार्न सक्छ । सही र सान्दर्भिक जानकारी प्रदान गर्नाले जवाफदेहिता र दिगोपनमा सुधार आउन सक्छ ।

सबै क्षेत्रहरूको सन्देश प्रवाहमा एकरूपता हुनु आवश्यक छ र संकटको बारेमा सञ्चार गर्दा महिला तथा किशोरी विरुद्धका हिंसाबारे जानकारी प्रदान गर्दै, यसको बढ्दो जोखिमबारे सचेतना

जगाउने र संकट सामना गरि रहेता पनि यस्ता हिंसा सह्य हुने छैनन् भनेर स्पष्ट पार्ने अवसर पनि यसले प्रदान गर्दछ । यस्तो हिंसाबाट संकटासन्नहरूलाई जोगाउनका लागि समुदायका सबै सदस्यलाई प्रत्यक्ष रूपमा अपील गर्ने अवसर पनि यसले प्रदान गर्दछ ।

महत्वपूर्ण सन्देशहरू प्रवाह गर्न नाराहरूसँगै चित्र/तस्वीरहरूको पनि प्रयोग गर्नु एक उत्कृष्ट तरिका हो । उदाहरणका लागि, यूकेमा कोभिड-१९ महामारीको समयमा, विशेषगरी हिँडडुलमा प्रतिबन्ध लगाइएको समयमा घरेलु दुर्व्यवहार र अन्तरंग साथीबाट हुने हिंसा पीडित/प्रभावितका लागि #YouAreNotAlone लक्षित गरिएको थियो भने, #NoExcuseForAbuse पीडकमा लक्षित थियो । कोसोभो प्रहरी र तिनका साझेदारहरूले (घटना अध्ययन हेर्नुहोस्) राम्रो प्रभाव पार्ने नाराहरू पनि प्रयोग गरे, "घरेलु हिंसा विरुद्ध एकसाथ" र "परिवार महत्वपूर्ण कुरा मात्र होइन - यो नै सबै कुरा हो ।"

पीडित/प्रभावितका लागि कस्ता मद्दत उपलब्ध छन् र कसरी पहुँच गर्ने भन्नेबारे सम्भव भएसम्म व्यापक रूपमा र विभिन्न माध्यमबाट जानकारी प्रदान गर्नुहोस् । घर-घरमा पुगेर कुनैपनि सन्देश प्रत्यक्ष रुपमा दिँदा त्यसले पीडकलाई सचेत गराउन सक्ने हुनाले होसियार हुनुहोस् । यद्यपि, संकटासन्नका रुपमा पहिचान गरिएका, वा हिंसा वा दुर्व्यवहारबाट पहिले पीडित भएका र अहिले पुनर्मिलाप भएर पीडकसँगै बसेकाहरूलाई भेट्दा भने, संकटले सुरक्षा र संरक्षणका तपाईंको जिम्मेवारीलाई विचलित गर्दैन भनेर सम्भावित रूपमा पीडकलाई थप दुर्व्यवहार गर्नबाट रोक्न सक्ने बलियो सन्देश दिन सक्छ । यो कार्यनीति भने संकटासन्न व्यक्ति थप जोखिममा नपरोस् भनी 'हानि नगरौं'को सिद्धान्त अनुसार धेरै सावधानीपूर्वक अवलम्बन गर्नुपर्दछ ।

सन्देश प्रवाह एकरूप हुनु मात्र आवश्यक छैन कि, तर यो संकटभरि र त्यसपछि पनि दिगो रहनु आवश्यक हुन्छ । तत्कालको संकट समाप्त भएपछि पनि आफ्ना कर्मचारीलाई उनीहरूको ध्यान केन्द्रित हुनबाट विचलित हुन नदिनुहोस् । परिस्थिति परिवर्तन हुँदैमा हिंसा र दुर्व्यवहार रोकिदैन भन्ने हामीलाई अनुभवबाट थाहा छ (अध्याय १३ मा द्वन्द्व सम्बन्धित महिला तथा किशोरी विरुद्धका हिंसा को खण्ड हेर्नुहोस्) ।

सञ्चारको बारेमा थप जानकारीका लागि अध्याय ९ हेर्नुहोस् ।

संकटको समयमा प्रहरीकार्य गर्दा हाम्रा लागि थप चुनौतीहरू आउन सक्छन्, जसमध्ये केही हामीले पहिले सामना नगरेका हुन सक्छन् ।

- तपाईंले कुनै पनि सरकारी सल्लाह, निर्देशन वा प्रतिबन्धहरूको पालना सुनिश्चित गर्ने र स्थानीय समुदायको विश्वास र भरोसा निर्माण र/वा कायम राख्ने बीचमा सन्तुलन कसरी राख्नुहुनेछ ?
- कुनैपनि अख्तियारको दुरुपयोगका आरोपमा तपाईं आफ्ना कर्मचारीलाई कसरी जवाफदेही बनाउनुहुनेछ ?
- के कुनै पनि अख्तियार दुरुपयोगको सम्भावित दीर्घकालीन प्रभावहरूबारे आफ्ना सबै कर्मचारी सचेत छन् भनी तपाईंले सुनिश्चित गर्नुभएको छ ?
- विशेषगरी कुनै हिँडडुल प्रतिबन्धसम्बन्धी निर्देशनहरू लागू गरिएको अवस्थामा, जनताले अझै पनि गुनासो संयन्त्रहरूमा पहुँच गर्न सक्छन् भन्ने तपाईं कसरी सुनिश्चित गर्नुहुन्छ ?
- के मानवअधिकारको संरक्षण गर्न र आफूलाई साथै आफ्नो प्रहरी संगठनलाई व्यावसायिकता र निष्ठाका साथ प्रतिनिधित्व गर्न उनीहरूको व्यक्तिगत जिम्मेवारीसँगै सेवासम्बन्धी आवश्यक मापदण्डहरूबारे तपाईंले आफ्ना सबै कर्मचारीहरूलाई सचेत गराउनुभएको छ ?

फोटो सौजन्य : दि काठमाण्डु पोष्ट दैनिक

तपाईंले आफ्नो प्रतिकार्यबारे विचार गर्न र योजना बनाउनका लागि वास्तविक संकटलाई नपर्खनुहोस्, किनकि तपाईंको सफलता त्यसमा निर्भर हुनेछ ।

महामारी (कोभिड-१९)

२०२० को पहिलो त्रैमासिक देखि युएन प्रणालीद्वारा सङ्कलित तथ्याङ्कले कोभिड-१९ महामारीको प्रभावले महिला तथा किशोरी विरुद्धका हिंसाको व्यापकतामा बहुआयामिक प्रभाव पारेको ठोस प्रमाण प्रदान गर्दछ । कोभिड-१९ को घातक फैलावटलाई नियन्त्रण गर्न र आपतकालीन स्वास्थ्य सेवाहरूमा पर्ने प्रभावलाई कम गर्ने माध्यमका रूपमा लगाइएका तत्काल र अनिवार्य

क्वारेन्टाइनका उपायहरूसँग अल्पकालीन प्रभावहरू जोडिएका छन् । यी उपायहरूले परिवारका सदस्य र घरपरिवारहरू बीचको अन्तरवैयक्तिक सम्बन्धहरूमा उच्च स्तरको तनाव निम्त्याए, जुन महिला तथा किशोरी विरुद्धका हिंसाका तीव्र गतिविधिहरूमा विकसित भए ।

अनिवार्य क्वारेन्टाइनका उपायहरूले अपाङ्गता भएका परिवारका सदस्यहरूका लागि बाह्य हेरचाहकर्ता वा सेवाहरू अस्थायी रुपमा प्राप्त गर्न नसक्ने कारण वा कोभिड-१९ ले ल्याएको आर्थिक प्रभावका कारण थप मद्दतका लागि खर्च थेग्न नसक्ने कारण थप तनाव निम्त्याउन सक्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितले आफूलाई मद्दत गर्ने र/वा हिंसालाई पुनः दोहोरिनबाट रोक्ने मानिस र स्रोतहरूबाट आफू अलग भएको अवस्थामा हुन्छन् । उदाहरणका लागि, मार्च २०२० मा, युएन वुमनले फ्रान्स (३०%), अर्जेन्टिना (२५%), साइप्रस (३०%) र सिङ्गापुर (३३%) मा आ-आफ्नो लकडाउन आदेशहरू लागू भएदेखि घरेलु हिंसाको बढ्दो उजुरी दस्तावेजीकरण गरेको छ ।[१०] यसबाहेक, क्यानाडा, जर्मनी, स्पेन, यूके र अमेरिका जस्ता देशहरूले घरेलु हिंसाका घटनाहरूमा वृद्धिका साथै आपतकालीन आश्रयहरूको लागि मागहरू बढेको बताएका छन् ।[११]

उल्टो, लकडाउनका उपाय र हिँडडुलमा प्रतिबन्धले महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई घटनाहरू उजुरी गर्न वा दुर्व्यवहार गर्ने आफ्ना अन्तरंग साथीबाट केही समयका लागि भएपनि भाग्ने क्षमतालाई पनि असर गर्न सक्छ । उदाहरणका लागि, इटालीको घरेलु हिंसा हेल्पलाइनले मार्चको पहिलो दुई हप्तामा ५५% कम कलहरू प्राप्त गरेको रिपोर्ट गरेको छ, किनभने धेरै पीडित/प्रभावितलाई लकडाउनको समयमा मद्दत माग्न कठिन भएको थियो ।[१२] त्यस्ता अवस्थामा दुर्व्यवहार गर्नेहरूले आफ्ना पीडितलाई धेरै सजिलोसँग नियन्त्रण गर्न र अलग पार्न सक्छन् । यस्ता परिदृश्यले कोभिड-१९ प्रतिकार्यका उपायहरू अपनाइएको समयमा महिला तथा किशोरी विरुद्धका हिंसाको वास्तविक व्यापकताको गलत चित्र प्रदान गर्दछ, जसकारण प्रहरी र अन्य अत्यावश्यक सेवा प्रदायकहरूले संकटका प्राथमिकताहरू कसरी व्यवस्थापन गर्छन् र स्रोतहरू कसरी विनियोजन गर्छन् भन्नेमा प्रभाव पार्न सक्छ ।

जनस्वास्थ्यसम्बन्धी संकट र प्रहरीकार्यमा तिनको तत्काल प्रभाव बीचको समानता

सशस्त्र द्वन्द्व, प्राकृतिक प्रकोप, र/वा जनस्वास्थ्य संकट (जस्तै इबोलाको प्रकोप) जस्ता विगतका र हालका मानवीय संकटहरूबाट प्राप्त जानकारीका साथै हालको कोभिड-१९को अनुभवबाट प्राप्त प्रमाणहरूको आधारमा, विशेषगरी महिला तथा किशोरी विरुद्धका हिंसा र अपराधमा वृद्धि हुने तथ्य सही हो ।[१३] उदाहरणका लागि, पिटरम्यान र अन्य (२०२०) ले २०१०को हाइटी भूकम्पको दुई वर्षपछि, भूकम्पले उच्च विनाश गरेको क्षेत्रमा बस्ने महिलाहरूले सम्भावित आर्थिक र सामाजिक कारकहरूलाई उद्धृत गर्दै, अन्तरंग साथीबाट हुने शारीरिक र यौन हिंसा उच्च स्तरमा बृद्धि भएको बताएका थिए भनी अभिलेखीकरण गरे ।[१४]

> "विगतका महामारीहरुसँगै लैङ्गिकतामा-आधारित हिंसामा बृद्धि भएका थिए, जसले यस्तै प्रवृति अहिलेपनि देखिनसक्छ भन्ने सुझाव दिन्छ । सेन्टर फर ग्लोबल डेभलपमेन्टको कार्यपत्र अनुसार, इबोला (पश्चिम अफ्रिका र डीआरसीमा), हैजा (यमनमा), र जिका (क्यारिबियन, मध्य र दक्षिण अमेरिकामा) को प्रकोपको समयमा प्रारम्भिक प्रतिकार्यमा लाग्ने र स्वास्थ्यकर्मीहरु, विशेषगरी महिला नर्सहरुप्रति अन्तरंग साथीबाट हुने हिंसा र यौन हिंसाको वृद्धि भएको थियो । "
>
> - Justice for Women Amidst COVID-19 (UN Women Issue Brief, 2020).

जब अनिवार्य लकडाउनका उपाय कार्यान्वयन र राष्ट्रिय वा क्षेत्रीय सीमाहरूमा लगायत सार्वजनिक आवागमनमा असाधारण प्रतिबन्धहरू आवश्यक हुन्छ, त्यस्तो परिस्थितिमा प्रहरीको भूमिका प्रायः राम्रोसँग परिभाषित नगरिएको र/वा विद्यमान मानक कार्यसञ्चालन विधिमा स्थापित नभएको अवस्था भेटिन्छ । यसले गर्दा अपेक्षाकृत रुपमा तालिम र तयारी गर्न कठिन बनाउँछ, अर्थात् संकटको समयमा केही प्रहरी संगठनहरू महिला तथा किशोरी विरुद्धका हिंसाको जोखिममा भएको वृद्धिलाई प्रभावकारी

१० COVID-19 and Ending Violence Against Women and Girls. UN Women Issue Brief April 2020, at: https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2020/issue-brief-covid-19-and-ending-violence-against-women-and-girls-en.pdf?la=en&vs=5006

११ Ibid.

१२ Ibid.

१३ See Weitzman, A., and J.A. Behrman (2016): 'Disaster, Disruption to Family Life and Intimate Partner Violence: The Case of the 2010 Earthquake in Haiti'. *Sociological Science*, 3: 167-189 in Pandemics and Violence Against Women and Children (2020). Peterman, A., Potts, A., O'Donnell, M., Thompson, K., Shah, N., Oertelt-Prigione, S., and van Gelder, N., Center for Global Development, at: https://www.cgdev.org/publication/pandemics-and-violence-against-women-and-children

१४ COVID-19 and Ending Violence Against Women and Girls. (UN Women Issue Brief,) April 2020, at: https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2020/issue-brief-covid-19-and-ending-violence-against-women-and-girls-en.pdf?la=en&vs=5006

रूपमा प्रतिकार्य गर्न तयार नहुन सक्छन् । यसबाहेक, जातीयता र अपाङ्गता जस्ता अन्तरसम्बन्धित कारकहरूका आधारमा सहायता र सहभागिताका स्वरूपले भेदभाव नगर्ने सुनिश्चित गर्ने उनीहरूको क्षमतामा पनि त्यसले प्रभाव पार्छ ।

अपराधका अन्य उदीयमान प्रवृतिहरू सँगसँगै, सार्वजनिक अशान्ति एवं अन्य अपराध र विशेषगरी संकटले ल्याउने आर्थिक तथा सामाजिक परिणामबाट उत्पन्न अपराधहरूमा प्रतिकार्य गर्दा प्रहरी र न्याय क्षेत्रका कार्यकर्ताहरूका लागि ती सम्हालिनसक्नु हुन सक्छन् । प्रतिकार्य सेवाहरूको बढ्दो माग र सिमित क्षमताका कारण महिला तथा किशोरी विरुद्धका हिंसा र अन्य प्रकारका अपराध र हिंसाका पीडित/प्रभावितका लागि उपलब्ध सुरक्षा र सहयोगलाई कमजोर बनाउने सम्भावना हुन्छ, जसले पीडकमाथि दण्डहीनताको धारणा उच्च बनाउनमा योगदान पुऱ्याउँछ ।[१५]

संक्रामक रोगको प्रकोपले ल्याउने जनस्वास्थ्य सम्बन्धी संकटको अवस्थामा, जब प्रहरी र अन्य अत्यावश्यक सेवा प्रदायकहरूले महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्छन्, उनीहरूले सामाजिक दूरीसम्बन्धी सिफारिसहरूलाई ध्यानमा राख्नुपर्छ । यसले प्रहरी र अन्य अत्यावश्यक सेवा प्रदायकलाई महिला तथा किशोरी विरुद्धका हिंसाका उजुरी गरिएका घटनामा प्रभावकारी रूपमा प्रतिकार्य गर्न चुनौती दिनेछ (विस्तृत जानकारीका लागि सहकर्मीबाट सहकर्मीलाई मार्गदर्शन हेर्नुहोस्) । उदाहरणका लागि, संक्रामक रोग वा भाइरस सङ्क्रमणको डरका कारण प्रतिकार्यमा जाने प्रहरीहरू स्वाभाविक रूपमा अन्तरंग साथीबाट हिंसा भएका उजुरी गरिएका घरहरूमा पस्न सतर्क हुनेछन् ।

प्रतिकार्यमा लाग्ने अधिकारीहरूले कुनैपनि वा थप अन्तरवैयक्तिक सम्पर्कलाई न्यूनीकरण गर्नका लागि अनिवार्य (कथित पीडितको) जोखिम मूल्याङ्कन लगायतका कार्य नगरेर वा कुनै पनि प्रतिकार्य नदिएर कार्यविधिका क्रमात्रार/प्रोटोकलहरू पनि तोड्न सक्छन् । प्रहरी संगठनले आफ्ना अग्रपंक्तिका कर्मचारीलाई व्यक्तिगत सुरक्षा उपकरण वा पीपीई उपलब्ध गराउन सक्षम नहुँदा यस्तो अवस्था आउनसक्छ ।

युएनडीपी (२०१५) का अनुसार, पश्चिमी अफ्रिकामा इबोला प्रकोपको समयमा प्रहरी अधिकारीहरूले विशेषगरी रोगको जोखिम र आफ्ना परिवारका सदस्यमा संक्रमण फैलिने डरले पीडितका घरभित्र पस्न र पूर्ण अनुसन्धान गर्न हिच्किचाएका कारण, अन्तरंग

फोटो सौजन्य : दि काठमाण्डु पोष्ट दैनिक

साथीबाट हुने हिंसाका घटनाहरूलाई उच्च प्राथमिकताको रूपमा मूल्याङ्कन गर्ने सम्भावना कम भएको थियो ।[१६]

धेरै देशहरूमा कैदीहरूको भीडभाड र उनीहरूको खराब स्वास्थ्यलाई ध्यानमा राख्दै, सुधार केन्द्र र थुनुवा राख्ने स्थानहरू सबै अधिकारीका लागि उच्च चिन्ताको विषय बन्छ । यसकारण कैदीको संख्यालाई नबढाउने उपायस्वरूप दोषी ठहऱ्याउने दर घटाइने अवस्था निम्त्याउन सक्छ ।

कतिपय अवस्थामा, महिला तथा किशोरी विरुद्धका हिंसाका पीडकहरूलाई आपतकालीन संकटका उपायस्वरुप पनि रिहा गर्न सकिन्छ, जसले अन्ततः महिला तथा बालबालिकाहरूलाई हिंसाको बढी जोखिममा पार्छ । त्यस्ता अवस्थामा, विशेषगरी दोहोऱ्याएर अपराध गर्ने र खतरनाक व्यवहारका अपराधीलाई धरौटी, सशर्त रिहाइ, प्यारोल वा परीक्षण जस्ता रिहाइ र अन्य गैर-हिरासतका उपाय अवलम्बन गर्दा पीडित/प्रभावितको सुरक्षा जोखिमहरूको मूल्यांकन र सम्बोधन गर्न साथसाथै अपराधीलाई थुना वा कारावासबाट मुक्त गरिएको बारे जानकारी पाउने पीडितहरूको अधिकार सुनिश्चित गर्न युएनओडिसीले राज्यहरूलाई आग्रह गर्दछ ।[१७]

१५ Gender Dimensions of the COVID-19 Pandemic (World Bank Group, 2020), at: http://documents.worldbank.org/curated/en/618731587147227244/Gender-Dimensions-of-the-COVID-19-Pandemic

१६ Pandemics and Violence Against Women and Children (2020). Peterman, A., Potts, A., O'Donnell, M., Thompson, K., Shah, N., Oertelt-Prigione, S., and van Gelder, N., Center for Global Development, at: https://www.cgdev.org/publication/pandemics-and-violence-against-women-and-children

१७ Coronavirus Disease (COVID-19) response – UNODC Thematic Brief on gender-based violence against women and girls (UNODC, 2020), at: https://www.unodc.org/documents/Advocacy-Section/GBVAW_and_UNODC_in_COVID19_final_7Apr2020.pdf

यस सम्बन्धमा, अनुगमन अधिकारी (प्यारोल अफिसर)हरूले सामाजिक दूरीलाई प्राथमिकता दिन र श्रव्य वा भिडियो कल मार्फत सञ्चार गर्न आवश्यक हुन सक्छ, जसले पीडित/प्रभावितलाई बढ्दो जोखिममा पार्नसक्ने लगायत हिंसा दोहोरिने सम्भावनाहरू पूर्ण रूपमा मूल्याङ्कन गर्ने क्षमतालाई सीमित भने गर्न सक्छन् ।[१८]

त्यसबाहेक, सम्भावित बाल दुर्व्यवहारबारे नियमित रुपमा पत्ता लगाउने र प्रेषण गर्ने स्रोत हुनसक्ने विद्यालयहरू बन्द हुनाले महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्न शैक्षिक र सामुदायिक सञ्जालहरूमा भरपर्ने प्रहरीको क्षमतालाई सीमित गर्नेछ । पश्चिम अफ्रिकामा, इबोला प्रकोपका कारण विद्यालयहरू बन्द हुँदा किशोरीहरूप्रति यौन शोषण र हिंसाको जोखिम बढ्नुका साथै, किशोरीहरूले विद्यालय छोड्ने दर बढेका कारण केही प्रभावित क्षेत्रहरूमा किशोरावस्थामा गर्भधारण र कम उमेर हुनेमा विवाहको संख्यामा 'तीव्र वृद्धि' भयो ।[१९]

त्यसैगरी, स्वास्थ्य वा मानवीय संकटको आर्थिक प्रभावले स्थानीय महिला संस्थाहरूको क्षमतालाई पनि असर गर्छ, जो प्रायः पीडित/प्रभावितलाई दीर्घकालीन सेवाहरू उपलब्ध गराउनका लागि, प्रहरीको महिला तथा किशोरी विरुद्धका हिंसा रोकथाम रणनीतिका प्रमुख साझेदार हुन्छन् । स्थानीय महिला संस्थाहरूले संकटका वातावरणमा जबरजस्ती र/वा बालविवाह र वैवाहिक बलात्कार लगायत अन्तरंग साथीबाट हुने हिंसाका दरहरू जस्ता महिला तथा किशोरी विरुद्धका हिंसाको विभिन्न स्वरूपका कारक बन्न सक्ने लैङ्गिक मूल्यमान्यतामा द्रुत परिवर्तनहरू पहिचान गर्न मुख्य भूमिका खेल्छन् ।[२०]

"विपद्का कारण ९५ वटा देशमा आन्तरिक विस्थापनमा रहेका व्यक्तिहरुको संख्या अन्ततः आईडीएमसीले पहिलोपटक अनुमान गरेको छ : ३१ डिसेम्बर २०१९ सम्ममा ५१ लाख ।"

- आन्तरिक विस्थापन अनुगमन समिति (Internal Displacement Monitoring Centre (2020))

लैङ्गिक भूमिका, गतिविधि, आवश्यकता, अवसर र हक/अधिकारमा हुने भिन्नताले निश्चित परिस्थिति वा परिवेशमा पुरुष, महिला, किशोर र किशोरीलाई कसरी असर गर्छ भन्ने कुराहरुको महत्वपूर्ण परीक्षण नै लैङ्गिक विश्लेषण हो ।

कम उमेरमा वा जबरजस्ती विवाहका घटनामा, आपतकालीन र मानवीय परिवेशबाट प्राप्त प्रमाणहरूले संकेत गर्दछ कि सामाजिक सुरक्षाका सञ्जालहरू बिग्रेको समयमा, परिवार र समुदायले किशोरीहरूको यौनिकतालाई नियन्त्रण गर्न र उनीहरूको "सम्मान/प्रतिष्ठा" को रक्षा गर्ने तीव्र चाहना देखाउन सक्छन् । नतिजास्वरूप, किशोरीहरू र तिनका परिवारलाई जबरजस्ती करणी वा यौन दुर्व्यवहारबाट प्रभावित हुनुपर्दाको सामाजिक लान्छनाबाट जोगाउन विवाहलाई प्रायः एक उपायको रुपमा लिने गरेको देखिन्छ ।[२१]

विशेषगरी अपराध रोकथामका रणनीति लागू गर्न समुदायसँग साझेदारी र विश्वास निर्माण आवश्यक हुन्छ, त्यतिबेला सशस्त्र द्वन्द्वबाट सिर्जित मानवीय संकटमा शरणार्थी/विस्थापित शिविर र मानवीय सहायता क्षेत्रहरू प्रायः प्रहरीकार्यका लागि कठिन क्षेत्रहरू हुने गर्छन् । त्यस्ता वातावरणमा, बलिया प्रमाणहरूले सङ्केत गरे अनुसार, लामो समयसम्म परिवारका सदस्यहरू तनावपूर्ण अवस्थामा एकअर्का नजिक रहँदा, महिला तथा किशोरी विरुद्धका हिंसाका दर बढ्ने गर्छन् ।[२२]

संक्रामक रोगको प्रकोप र यससँग सम्बन्धित आर्थिक कठिनाइबाट उत्पन्न भएको जनस्वास्थ्य संकटसँगै, पहिले नै असुरक्षित अवस्थामा बस्ने महिला तथा किशोरीहरूले सामना गर्ने हिंसाको जोखिम प्रहरी र अन्य अत्यावश्यक सेवा प्रदायकहरूका लागि प्राथमिकता बन्नुपर्दछ । यसका लागि प्रहरी (र अन्य अत्यावश्यक सेवा प्रदायकहरू)ले बिना भेदभाव कार्यविधि/प्रोटोकलहरूको पालनाका गरेर प्रभावकारी प्रतिकार्य सुनिश्चित गर्न हस्तक्षेपका रणनीतिहरू तुरुन्तै अनुकूलन गर्न आवश्यक पर्दछ भने, साथसाथै प्रतिकार्यमा लाग्ने अधिकारीहरूका लागि व्यक्तिगत सुरक्षा उपायहरू पनि उपलब्ध गराउनु पर्छ ।

---

१८ Pandemics and Violence Against Women and Children (2020). Peterman, A., Potts, A., O'Donnell, M., Thompson, K., Shah, N., Oertelt-Prigione, S., and van Gelder, N., Center for Global Development, at: https://www.cgdev.org/publication/pandemics-and-violence-against-women-and-children

१९ Impact of COVID-19 Pandemic on Violence against Women and Girls (2020), Fraser, E. (2020) for UKAid, WAG Helpdesk Research Report, at: https://www.dmeforpeace.org/peacexchange/wp-content/uploads/2020/04/vawg-helpdesk-284-covid-19-and-vawg.pdf

२० On the Front Lines of COVID-19, Women's Organizations Provide Vital Services as First Responders as Violence against Women Spikes (UN Women, 2020), at: https://www.unwomen.org/en/news/stories/2020/5/feature-womens-organizations-provide-vital-services-as-violence-against-women-spikes

२१ COVID-19 and Child, Early and Forced Marriage: An Agenda for Action (Girls Not Brides, The Global Partnership to End Child Marriage 2020), , at https://www.girlsnotbrides.org/wp-content/uploads/2020/04/COVID-19-and-child-early-and-forced-marriage_FINAL-4.pdf

२२ Pandemics and Violence Against Women and Children (2020), Peterman, A., Potts, A., O'Donnell, M., Thompson, K., Shah, N., Oertelt-Prigione, S., and van Gelder, N., Center for Global Development, at: https://www.cgdev.org/publication/pandemics-and-violence-against-women-and-children

हस्तक्षेपका रणनीतिहरू अनुकूलन गर्नु भनेको जवाफदेहिता र पारदर्शिताका उपायहरू पनि अनुकूलन गर्नु हो । नयाँ हस्तक्षेप रणनीतिहरूको विकास र योजनामा तिनले महिला, पुरुष, किशोर तथा किशोरीहरूमा पार्न सक्ने भिन्दाभिन्दै प्रभावलाई विचार गर्नका लागि **लैङ्गिक विश्लेषण** गर्नु महत्वपूर्ण हुनेछ । यस सँगसँगै, जनस्वास्थ्य संकट र/वा मानवीय संकटका सरकारी उपायहरू लागू गर्दा भेदभाव नगरी जनताको पहुँच र उपलब्धता हुने सुनिश्चित गर्न प्रहरीका दुर्व्यवहार र बलको दुरुपयोगबारे उजुरी गर्ने संयन्त्रहरूलाई पनि समायोजन गरिनुपर्छ ।

कोभिड-१९ महामारीको अनुभवले, जुनसुकै स्थानमा बसोबास गर्ने व्यक्ति भएपनि, सबैलाई संकटासन्नतामा पार्ने विश्वव्यापी जनस्वास्थ्य संकट आउनसक्ने कुरालाई स्पष्ट पारेको छ । पिटरम्यान र अन्य (२०२०) का अनुसार, बढ्दो वृद्धिदर र विश्वव्यापी जनसंख्याको अन्तरसम्बन्धका नतिजास्वरूप उपभोग र वातावरणमा ह्रासको कारण जुनोटिक (zoonotic) रोगहरू [२३] र प्रकोपहरू जारी रहने विशेषज्ञहरूले भविष्यवाणी गरेका छन् ।[२४] पिटरम्यान र अन्यले विगतका अनुभवहरूको आधारमा कोभिड-१९, इबोला वा जिका जस्ता संक्रामक रोगको प्रकोपले लान्छना, हेयभाव, जेनोफोबिया र भेदभावमा वृद्धि ल्याउँछ भन्ने पनि थप्छन् । यी कारकहरूले निःसन्देह पनि महिला तथा किशोरी विरुद्धका हिंसा रोकथाम र हस्तक्षेपका प्रयासहरूलाई कम र/वा उल्लेखनीय रूपमा कमजोर पार्नेछ (मार्गदर्शनको लागि अध्याय २: 'रोकथाम' हेर्नुहोस्) ।

संक्रामक प्रकोपले गर्दा पीडक(हरू) सँग एकान्तवास बस्नुपरेका कारण महिलाहरूले सुरक्षित रूपमा सहयोगमा पहुँच - प्रहरीलाई फोनकल गर्न वा विशेषज्ञ सहायता पहुँच गर्न सक्षम नभएको भन्ने उनीहरूको भनाइले बताउँछ । वास्तवमा, पिटरम्यान र अन्यले उल्लेख गरे अनुसार, महिलाहरूले सामान्यतया संक्रमणको डर र आफ्नो परिवारमा भाइरस सार्ने सम्भावनाका कारण मातृ तथा नवजात शिशुको स्वास्थ्य सेवाहरू खोज्ने सम्भावना कम हुन्छ ।[२५]

त्यसैगरी, महिलाहरूले आफ्ना अन्तरंग साथीलाई थुनामा राख्दा, उबाट हुँदै आफू र आफ्ना बच्चाहरूलाई संक्रमणको जोखिम बढाउने डरका कारण उनीहरूले दुर्व्यवहार गर्ने अन्तरंग साथीविरुद्ध उजुरी नगर्ने हुनसक्छन् ।

युएन वुमनको प्रहरी हातेपुस्तिका र अत्यावश्यक सेवा प्याकेजको सान्दर्भिकता

यस हातेपुस्तिकाले प्रहरी संगठनहरूलाई **महिला तथा किशोरी विरुद्धका हिंसाको प्रकृति, यसका कारण र परिणामहरूले कसरी महिला तथा किशोरीहरूलाई संगठनभरी नै फरक र असमान रूपमा प्रभाव पार्छ भन्नेबारे सुसूचित**[२६] **बुझाइ** स्थापित गरेर लैङ्गिक-उत्तरदायी अत्यावश्यक सेवा प्रदायक बन्नेतर्फ आफ्नो रूपान्तरण सुरु गर्न प्रोत्साहित गर्दछ ।

साझा बुझाइ स्थापित गर्न मार्गदर्शनको लागि अध्याय १० : 'महिला तथा किशोरी विरुद्धका हिंसाप्रति प्रभावकारी र जवाफदेही प्रतिकार्यका लागि संस्थागत विकास' र अध्याय ११ 'लैङ्गिक-उत्तरदायी प्रहरीकार्यका चुनौती र रणनीतिहरू' हेर्नुहोस् ।

फोटो सौजन्य : युएन वुमन/नेपाल

प्रहरी संगठनभित्र महिला तथा किशोरी विरुद्धका हिंसाको साझा बुझाइ स्थापना गर्नाले यस्तो हिंसा र अपराधलाई संकटको समयमा पनि अझ प्रभावकारी रूपमा प्रतिकार्यका लागि यसलाई स्थान दिइनेछ । यसको विपरित, यस्तो बुझाइको कमीले सामान्यतया संकटको समयमा प्रतिकार्यमा लाग्ने अधिकारीहरूले समस्याको गम्भीरता बुझ्ने क्षमतालाई सीमित गर्छ र महिला तथा किशोरी विरुद्धका हिंसाका प्रतिकार्यलाई ज्यान बचाउने कार्यका रूपमा नहेर्ने सम्भावना बढ्छ । मानवीय र जनस्वास्थ्य संकटको समयमा, यस्ता सिमितिताको नकारात्मक प्रभाव गुणात्मक रुपमा बढ्छ ।

२३ लगभग ७५ प्रतिशत उदीयमान रोगहरू, जसमा धेरैजसो महामारी ल्याउने खालका छन्, जनावरहरूबाट उत्पन्न हुन्छन् र मानिसहरूमा सर्छन् (र जुनोटिक (zoonotic) रोगहरू भनेर चिनिन्छन्) । See Jones, K.E., Patel, N., Levy, M., Storeygard, A., Balk, D., Gittleman, J.L. et al. (2008). Global trends in emerging infectious diseases. Nature 451: 990-94.

२४ Pandemics and Violence Against Women and Children (2020), Peterman, A., Potts, A., O'Donnell, M., Thompson, K., Shah, N., Oertelt-Prigione, S., and van Gelder, N., Center for Global Development. At: https://www.cgdev.org/publication/pandemics-and-violence-against-women-and-children

२५ Pandemics and Violence Against Women and Children (2020). Peterman, A., Potts, A., O'Donnell, M., Thompson, K., Shah, N., Oertelt-Prigione, S., and van Gelder, N., Center for Global Development, at: https://www.cgdev.org/publication/pandemics-and-violence-against-women-and-children

२६ यस हातेपुस्तिकाको प्रयोजनका लागि, सुसूचितको अर्थ परिवेश अनुसार सान्दर्भिक एवं प्रहरी विज्ञ र अत्यावश्यक सेवा प्रदायक र/वा नागरिक समाजका संस्था जस्ता बाह्य सरोकारवालाले उपलब्ध गराएका गुणात्मक र संख्यात्मक तथ्याङ्कसहितको नियमित रायसुझाव भन्ने बुझिन्छ ।

चित्र ३ (क)

शक्ति र नियन्त्रणको मूल पाङ्ग्रा (Original Power and Control Wheel)

Source: Wheels Adapted from the Power and Control Wheel Model. The National Center on Domestic and Sexual Violence.

चित्र ३ (ख)

आप्रवासीसम्बन्धी अनुकूलित शक्ति र नियन्त्रणको पाङ्ग्रा (Adapted Immigrant Power and Control Wheel)

Source: Wheels Adapted from the Power and Control Wheel Model. The National Center on Domestic and Sexual Violence.

उदाहरणका लागि कोभिड-१९ वा इबोला जस्ता महामारीको प्रतिकार्यमा सरकारहरूले अपनाएका सामाजिक दूरी र क्वारेन्टाइनका उपायहरूको सन्दर्भमा, शक्ति र नियन्त्रणको पाङ्ग्रा (*Power and Control Wheel*[२७]) जस्ता अभ्यासकर्ताका लागि स्थापित औजारहरूलाई महिला तथा किशोरीलाई प्रभाव पार्ने हिंसाको नयाँ गतिशीलताको विश्लेषण गर्नमा प्रहरी र तिनका अत्यावश्यक सेवा साझेदारहरूलाई मद्दत गर्न अनुकूलन गर्न सकिन्छन्। शक्ति र नियन्त्रणको पाङ्ग्राले प्रहरी लगायतका अत्यावश्यक सेवा विशेषज्ञहरूलाई पीडकले पीडित/प्रभावितमाथि शक्ति प्राप्त गर्न र नियन्त्रण गर्न प्रयोग गर्ने रणनीतिहरू बुझ्न सम्भव बनाउँछ।

यो औजार अनुकूलन योग्य छ र महिला तथा किशोरीहरूका विभिन्न जोखिमपूर्ण अवस्थाहरू राम्रोसँग बुझ्नका लागि यसलाई पहिले नै धेरै 'पाङ्ग्राहरू' मा रूपान्तरण गरिएको छ।[२८] उदाहरणका लागि, आप्रवासी महिला तथा किशोरीहरू विरुद्ध हिंसाका पीडकहरू, साथै अपाङ्गता भएका व्यक्ति र उनीहरूका हेरचाहकर्तालाई बुझ्नको लागि त्यस औजारलाई अनुकूलित गरिएको छ (चित्र ३ (क) र (ख) हेर्नुहोस्)।[२९]

मानवीय/जनस्वास्थ्य संकटहरू अनुभव गर्दा प्रहरीले शक्ति र नियन्त्रणको पाङ्ग्रा जस्ता औजारलाई आफ्नो स्थानीय सन्दर्भमा सक्रिय रूपमा अनुकूलन गरेर बढ्दो आर्थिक असुरक्षा, अचानक वा लामो समयसम्मको महिला वा पुरुषको बेरोजगारी र क्वारेन्टाइनमा बस्नुपर्दा उत्पन्न नकारात्मक सामना गर्ने रणनीतिहरू (उदाहरणका लागि) जस्ता कारकसँग जोडिएका महिला तथा किशोरी विरुद्धका हिंसाका उदीयमान प्रवृत्ति पहिचान गर्न सक्षम हुनेछन्।

संकटले ल्याएको नयाँ परिवेशमा महिला तथा किशोरी विरुद्धका हिंसाबारेको साझा बुझाइलाई अनुकूल बनाएपछि, जोखिम र आवश्यकताहरूप्रति प्रभावकारी र समानुपातिक प्रतिकार्य गर्न प्रहरी संगठन अझ राम्रो स्थानमा हुनेछ। बाकस ३ ले कोभिड-१९मा अनिवार्य क्वारेन्टाइनका समयमा महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रतिकार्यका लागि प्रहरी सक्रियताका केही उदाहरणहरू दिइएका छन्।

---

२७ Originally developed by Domestic Abuse Intervention Programs in Duluth, MN (U.S.) but currently used by essential service providers globally. See Chapter 11: 'Challenges and Strategies to Implementing Gender-Responsive Policing' in this Handbook for more information.

२८ See 'Wheels' Adapted from the Power and Control Wheel Model. The National Center on Domestic and Sexual Violence, at:. http://209.198.129.131/publications_wheel.html

२९ See "Power and Control Wheel: People with Disabilities and their Caregivers" Adapted from the Power and Control Wheel Model. The National Center on Domestic and Sexual Violence. http://www.ncdsv.org/images/DisabledCaregiverPCwheel.pdf

बाकस ३

लकडाउनका समयमा प्रहरीद्वारा गरिएका अग्रसक्रिय कार्यहरू – युरोप

आयरल्यान्डको राष्ट्रिय प्रहरी तथा सुरक्षा सेवा वा An Garda Síochána ले पीडित/प्रभावितलाई "जबरदस्ती नियन्त्रण लगायतका घरेलु दुर्व्यवहारका घटनाले सेवाका लागि उच्च प्राथमिकताको प्रतिकार्य प्राप्त गरिरहनेछन्" भनेर आश्वस्त पार्न आफ्नो Operation Faoiseamh मार्फत प्रयासहरू बढाएको छ। कोभिड-१९ को प्रतिकार्यमा सामुदायिक संलग्नताको यस अपरेसन, १ अप्रिल २०२० मा सुरु गरिएको थियो। अपरेसनको उद्देश्य जीवनको क्षति रोक्न र घरेलु दुर्व्यवहारबाट पीडित/प्रभावितलाई अनिवार्य क्वारेन्टाइन उपायहरूको समयमा सहयोग र सुरक्षा सुनिश्चित गर्नु हो। विशेषगरी निरन्तर पहुँच र उपलब्धताको लागि र कुनैपनि विद्यमान समस्याहरू पत्ता लगाउन राष्ट्रव्यापी रूपमा प्रहरीको पीडित सेवा कार्यालयमा घरेलु हिंसाका विगतका पीडित/प्रभावितसँग फोन सम्पर्क गर्न सहजताका लागि पीडितलाई सहयोग गर्ने स्थानीय संघसंस्था र परोपकारी संस्थाहरूले यस पहललाई स्वागत गरे।

फ्रान्समा, Lille Gendarmerie कम्पनीले विगत केही महिनामा (आपराधिक न्याय प्रणालीद्वारा हेरिएका सहित) घरेलु हिंसाका सबै मुद्दाहरू पुनः खोलेको छ। मद्दतको लागि कल गर्न असमर्थ महसुस गर्ने महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई पहुँचको माध्यमका रूपमा समर्पित प्रहरी इकाईहरूले टेलिफोनद्वारा सम्पर्क गर्छन्। फोनमा हिचकिचाहट वा प्रश्नहरूको जवाफ नपाउने जस्ता शंकाको अवस्थामा, एक प्रहरी टोली पीडित/प्रभावितको घरमा जान्छ। यदि प्रतिकार्यमा गएका अधिकारीहरूले भ्रमणको क्रममा शारीरिक हिंसाको प्रमाण फेला पारेमा, मुद्दामा धेरै सीघ्र प्रतिकार्य गरिन्छ।

बेल्जियममा, केही स्थानीय प्रहरीहरूले आफ्नो पीडित सहायता सेवा मार्फत, घरेलु हिंसाका कार्यहरूका सम्बन्धमा विगत तीन महिनामा प्रहरी चौकस्मा उजुरी दिएका पीडित/प्रभावितलाई सक्रिय रूपमा सम्पर्क गर्छन्। यसले स्थानीय प्रहरीहरूलाई क्वारेन्टाइन उपायहरू अनुगमन गर्दै, उनीहरूको अवस्थाको पनि अनुगमन गर्न सम्भव बनाउँछ। यससँगै प्रहरीले घरेलु हिंसा विरुद्धका कार्यमा संलग्न विभिन्न संघसंस्थाहरूलाई उनीहरूको कामको निरन्तरताका योजनाहरूबारे जानकारी गराउन सक्रिय रूपमा पहुँच गरिरहेको छ।

महिला तथा किशोरी विरुद्धका हिंसामा प्रभावकारी र समानुपातिक प्रतिकार्यका लागि तथ्याङ्क र प्रभाव विश्लेषण:

प्रहरी र अन्य अत्यावश्यक सेवा प्रदायकहरूले घरभित्रै बस्ने आदेश वा 'लकडाउन' जस्ता क्वारेन्टाइन र सामाजिक अलगावका उपायहरूका हानिकारक प्रभावहरूले बालबालिका र अपाङ्गता भएका व्यक्तिहरू जस्ता अत्यधिक संकटासन्न समूहहरूका लागि विशेष ध्यान दिन सक्नेगरी महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यका लागि आफ्नो रणनीतिहरू तयार र अनुकूलन गर्नुपर्छ ।

उच्च संकटासन्न समूहका महिला तथा किशोरीलाई ध्यान दिँदा, सबै महिला तथा किशोरी एक समान हुँदैनन् र हिंसालाई रोकथाम वा सम्बोधन गर्दा उनीहरू सबैलाई एकैसाथ समूहबद्ध गर्न सकिँदैन भन्ने कुरा याद राख्नुपर्छ । अपाङ्गता भएका महिला तथा किशोरी र तेस्रोलिङ्गी (LGBTQI) समुदायका सदस्यहरूका लागि पनि यो समान रूपमा लागू हुन्छ । अपाङ्गता भएका वा तेस्रोलिङ्गी समुदाय जस्ता अल्पसंख्यक समुदायका महिला तथा किशोरीहरू र उनीहरूका प्रतिनिधित्व गर्ने संस्थाहरूसँग प्रत्यक्ष रूपमा अन्तरक्रिया गर्दा प्रहरीले यो कुरालाई ध्यानमा राख्नु आवश्यक छ ।

> "दुर्व्यवहारका साक्षी बनेका बालबालिका आफैंपनि हिंसा पीडित हुन् भन्ने मान्यता राख्न महत्वपूर्ण छ ।"
>
> - कोरोनाभाइरस (COVID-19)को प्रतिकार्य - महिला तथा किशोरी विरुद्धका लैसङ्गकतामा आधारित हिंसाबारे युएनओडिसीको विषयगत संक्षेप (२०२०), युएनओडिसी ।

यस्ता रणनीतिहरूले कुनै पनि हस्तक्षेपका मूल भाग सुसूचित, लैङ्गिक उत्तरदायी, समावेशी, र अन्तरसम्बद्धताका अवधारणामा आधारित भएको सुनिश्चित गर्न आवश्यक छ । विभिन्न पृष्ठभूमि र शारीरिक/मानसिक क्षमता भएका महिला तथा किशोरीका अधिकार र आवश्यकताहरूको प्रतिनिधित्व गर्ने पैरवीकर्ताहरूको अर्थपूर्ण सहभागिताले रणनीतिहरू बनाउनका लागि प्रयोग हुने सुरक्षा क्षेत्रको एजेन्डालाई सूचित गर्न निर्णायक भूमिका खेल्छ ।

महिला तथा किशोरी विरुद्धका हिंसाका प्रतिकार्यहरूलाई जीवन बचाउने कार्यका रूपमा पहिचान गरेर यसलाई सार्वजनिक स्वास्थ्य संकट प्रतिकार्यको सुरुदेखि नै प्राथमिकतामा राखिएका रोकथामका प्रयासका रुपमा सुरु गरिनुपर्छ, ताकि सबै महिला तथा किशोरीहरूका लागि बिना भेदभाव सुरक्षित स्थान उपलब्ध हुन सक्छन् । तसर्थ, प्रहरी संगठनहरूका लागि सूचना र तथ्याङ्कको नियमित र भरपर्दो स्रोतहरूमा पहुँच हुनु महत्वपूर्ण हुन्छ, जसमा हिंसा वृद्धिबाट सबैभन्दा बढी जोखिममा को छन् र कसरी संकटले ल्याएको बढ्दो आर्थिक वा सामाजिक (लैङ्गिकता, उमेर, जातीयता/जात, अपाङ्गता, आर्थिक स्थिति, अन्यसहित) असमानताले महिला तथा किशोरीहरूमा विद्यमान संकटासन्नतामा प्रभाव पर्छ भन्ने लगायत समावेश हुन्छन् ।

संक्रामक रोगहरू र मानवीय संकटहरूको प्रकोपमा महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्य योजनाहरूमा रोकथामका प्रयास र सेवाहरूलाई स्थानीयकरण गर्दा प्रभाव विश्लेषणमा समावेश गर्नुपर्ने कुराहरूको सूची यसप्रकार छ :

> अर्थपूर्ण सहभागिता भन्नाले आफूलाई प्रत्यक्ष प्रभाव पार्ने निर्णयमा साथै हस्तक्षेपका तयारी, कार्यान्वयन र अनुगमनमा सहभागी हुन पाउने सम्बन्धित मानिसको हक भन्ने बुझिन्छ ।
> (विश्व स्वास्थ्य संगठन, २०१९)

विभिन्न प्रकारका पहँचयुक्त स्वरुपमा उपलब्ध सुदृढ बाह्य सञ्चार

- सरकारहरूले समुदायहरूलाई जनस्वास्थ्य सुरक्षाका उपायहरूबारे जानकारी गराउने र सङ्कटको अवस्थाबारे सचेतना जगाउने लक्ष्य राखेकाले अधिकतम पहुँच सुनिश्चित गर्न विभिन्न माध्यम प्रयोग गरिनेछन् । यसमा साइबर अभियान (उपयुक्त ठाउँमा)[३०], रेडियो र टिभी प्रसारण, छापिएका सामग्री[३१], होर्डिङ्गबोर्ड वा सार्वजनिक स्थानहरूमा लाउडस्पीकर घोषणाहरू सम्म पर्न सक्छन् । प्रहरी संगठनहरूले महिला तथा किशोरी विरुद्धका हिंसाबारे जानकारी बढाउन यी सरकारी सञ्चारका प्रयासहरूसँग साझेदारी गर्न सक्छन् । विशेष गरी, महिला तथा किशोरी विरुद्धका हिंसा कुनै नयाँ घटना होइन र जब त्यस्ता हिंसात्मक कार्यहरू हुन्छन् त्यसलाई गम्भीरतापूर्वक लिइनेछ भन्ने स्पष्ट बुझाइका साथ सन्देशहरू सामूहिक रूपमा तयार गरिएका छन् भनी सुनिश्चित गर्न प्रहरीले काम गर्न सक्छ;

३० अनलाइन सहयोगतर्फको रुपान्तरणले ठूलो विश्वव्यापी डिजिटल प्राविधिक विभाजन बाहेक पनि अन्य चुनौतीहरू ल्याउँछन् । लैङ्गिकतामा आधारित डिजिटल बहिष्करणका धेरै कारणहरू छन् । पहुँचमा अवरोध, खर्चिलोपना, शिक्षा, सीप (अभाव) र प्राविधिक साक्षरता, र अन्तर्निहित लैङ्गिक पूर्वाग्रह र सामाजिक-सांस्कृतिक मानदण्डहरू, लैङ्गिकतामा-आधारित डिजिटल बहिष्करणको मूल कारणमा पर्छन् । दीर्घकालीन संरचनात्मक पूर्वाग्रहहरूलाई सम्बोधन गर्ने नीतिगत हस्तक्षेपहरूका साथसाथै डिजिटल उपकरणहरूमा परिष्कृत, सुरक्षित र अधिक किफायती पहुँच महत्त्वपूर्ण छ । See: http://www.oecd.org/internet/bridging-the-digital-gender-divide.pdf

३१ छापिने सामग्रीले विभिन्न प्रकारका स्वरुपमा आउनुपर्छ, जस्तै ब्रेल, र सम्भव भएसम्म सरल भाषा र चित्रहरूको प्रयोग ।

बाकस ३

युनिसेफ : हटलाइन र मोबाइल फोन मात्र होइनन् : कोभिड-१९को अवधिमा महिला तथा किशोरी विरुद्धका हिंसामा सेवा प्रवाह

मोबाइल फोनको स्वामित्व र पहुँच विश्वव्यापी रूपमा र विशेषगरी कम आय भएका ठाउँहरूमा बढेको भएपनि, महिलाहरूले अझै पनि पुरुषको तुलनामा फोनको स्वामित्व पाउने सम्भावना कम छ ।संसारमा ४४ करोड ३० लाख "अनकनेक्ट" (विद्युतीय रुपमा नजोडिएका) वयस्क महिलाहरू छन् भन्ने अनुमान गरिएको छ ।

युनिसेफले कोभिड-१९को परिणामस्वरूप हिँडडुलमा प्रतिबन्ध लगाइएका अवस्थामा, लैङ्गिकतामा आधारित हिंसासम्बन्धी सेवाहरूको आवश्यकताबारे विश्वसनीय सरोकारवालाहरूलाई सचेत गराउन गैर-फोन, न्यून वा कुनै प्राविधिक विकल्पहरू बिना नै पीडित/प्रभावितलाई उपलब्ध गराउन धेरै वैकल्पिक प्रवेश बिन्दुहरू तय गर्दछ । तीमध्येका केही यसप्रकार छन् :

- **महिला तथा किशोरीहरूको लागि विद्यमान भौतिक रुपमा सुरक्षित स्थानहरूलाई लैङ्गिक-हिंसा फोन बुथ स्टेशनमा अनुकूलन:** सरल रूपमा निर्मित निजी, फोन बुथ/स्टलहरूको शृङ्खलाबाट पीडित/प्रभावितले निर्धारित समयमा तयारी अवस्थामा रहेका र सहायता गर्न सक्ने प्रहरीलगायत अत्यावश्यक सेवा प्रदायकहरूलाई फोन गर्न सक्छन्, भने त्यस्ता स्टेशनहरूले सुरक्षित स्थानको रूपमा काम गर्न सक्छन् । त्यस्ता स्टेशनहरू मानिसहरू आवतजावत गर्ने बजार र पसलहरू जस्ता क्षेत्रमा अवस्थित हुन सक्छन्;
- **पीडित/प्रभावितले पहुँच गर्न सक्ने वा 'सूचित गर्ने शृङ्खला' सक्रिय गरेर सहायता चाहिएको संकेत गर्न सक्ने प्रवेश बिन्दुहरू र प्रणालीहरूको सिर्जना** : यसमा फार्मेसी, किराना पसल/खाद्य बजार/खाद्य वितरण केन्द्र/पानी पम्प स्टेशन आदि जस्ता अनुमति प्राप्त क्षेत्र वा खुला हुने सेवाहरूमा 'पप-अप' सहायता डेस्कहरू हुन सक्छन्, जहाँ पहुँच विस्तारका लागि खटिएका प्रहरी र अत्यावश्यक सेवा प्रदायकलाई प्रभावितले सहायताका लागि सचेत गराउन सक्छन् ।
- **न्यून प्रविधियुक्त सांकेतिक सन्देशको प्रवर्द्धन** : विशेष गरी मानवीय/कम आयका वातावरणमा उपयोगी हुन्छ, जहाँ एक सांकेतिक वस्तु (जस्तै कुनै विशेष रंगको कपडा लगाउने) लाई महिला तथा किशोरीहरूले प्राप्त गर्ने डिग्निटी किटहरूको वितरण जारी छ भने त्यसमा समावेश गर्न सकिन्छ । कम प्राविधिक संकेतहरूमा कोड/सांकेतिक शब्दहरू, सिट्टी/अलार्महरू, घर बाहिर एक निश्चित रंगको कपडा/बाल्टीन इत्यादि असुरक्षा जनाउने वस्तुहरू राख्ने जस्ता समावेश गर्न सकिन्छन्, जसले स्थानीय प्रहरी, महिला संस्था/सामुदायिक सदस्यहरूलाई सहयोगका लागि सचेत गराउन सक्छ ।

कम प्रविधियुक्त वा कुनै प्राविधिक विकल्प नभएका परिवेशमा कार्य गर्दा प्रहरीलाई लागू हुने महत्वपूर्ण कुराहरू:

- आपतकालीन आश्रय व्यवस्था/परामर्श सेवाका विशेषज्ञ प्रदायकहरू जस्ता व्यक्तिहरूसँग प्रभावकारी समन्वय सुनिश्चित गर्न लैङ्गिक-हिंसा प्रेषण मार्गको कार्यप्रणालीमा कुनैपनि परिवर्तन लगायतका कुराबारे प्रतिकार्यमा लाग्ने प्रहरी अधिकारीहरू/सेवा प्रबन्ध गर्ने अन्य मुख्य कर्मचारीहरूको सावधानीपूर्वक जाँच, छनोट, प्रशिक्षण;
- यदि पीडित/प्रभावितलाई प्रहरीसेवा वा आधिकारिक सुरक्षा सेवाहरू आवश्यक भएमा निरन्तर सहयोगको सर्तको रूपमा उनीहरूको दुर्व्यवहारकर्ता विरुद्ध आपराधिक उजुरी गर्न बाध्य पार्नु हुँदैन;
- सेवाहरूको स्थापना र प्रसार/प्रवर्द्धनको सावधानीपूर्वक योजना गर्दै, पीडित/प्रभावितको सक्दो बढी संख्यासम पुग्ने र साथै प्रणालीबारे पीडकले जानकारी पाएर पीडितलाई त्यसमा पहुँच गर्न थप बाधा पुऱ्याउन सक्ने जोखिमको विरुद्ध सन्तुलन राख्ने । उदाहरणका लागि, महिलाहरूले मात्र प्राप्त गर्ने खाद्यान्न वा डिग्निटी किट जस्ता वस्तुहरू वितरण गर्दा महिला तथा किशोरीहरूमाझ उक्त प्रणाली प्रवर्द्धन गर्न सकिन्छ;
- बलियो सूचना सुरक्षा र गोपनीयताका नीति र प्रक्रियाहरू;
- पीडित/प्रभावितका विश्वसनीय समुदायका सदस्यहरूको 'सामुदायिक वृत्तहरू' सँग समन्वय वा घर बाहिर सांकेतिक सावधानीका वस्तुहरू राख्नको लागि न्यून प्राविधिक मौन अलार्म प्रणाली प्रयोग गरेमा 'सम्पर्क अधिकारीहरू' सँग समन्वय । यी व्यक्ति भनेका निषेधाज्ञाको समयमा पनि तुलनात्मक रुपमा स्वतन्त्रसँग हिँडडुल गर्न अनुमति पाउने व्यक्ति भएकाले सतर्कताका संकेत देख्न र सहयोगका लागि प्रेषण गर्न सक्ने हुन्छन् ।

स्रोत : Not just hotlines and mobile phones: GBV Service provision during COVID-19 (2020). Erskine, D. for UNICEF and Global Rapid Gender Analysis for COVID-19 (2020) international Rescue Committee and CARE International

"सन्देशलाई ठूला कोभिड-१९ रोकथामका सूचना सामग्रीमा समावेश गरिनुपर्छ ताकि प्रभावितका स्रोतहरुमा ध्यान आकर्षित गर्न नपरोस्।"

- From Global Coordination to Local Strategies A Practical Approach to Prevent, Address and Document Domestic Violence under COVID-19 Briefing Paper (2020).

- विश्वभरी नै आर्थिक, सामाजिक र सांस्कृतिक अवरोधहरूले सूचना र सञ्चार प्रविधि वा आईसीटीमा महिलाहरूको पहुँच, प्रयोग र फाइदाहरूलाई रोक्छ वा सीमित गर्दछ[३२] र यसलाई लैङ्गिक डिजिटल विभाजन (gender digital divide) भनिन्छ। धेरै देशमा, र विशेषगरी धेरै प्रकारका भेदभावहरूको सामना गर्ने देशका महिला तथा किशोरीले सेवाहरूमा पहुँच गर्न मोबाइल फोन, कम्प्युटर, वा इन्टरनेटमा पहुँच नपाउन सक्छन् वा उनीहरूलाई दुर्व्यवहार गर्ने व्यक्ति र परिवारका अन्य सदस्यहरूद्वारा नजिकबाट निगरानी गरिएको हुनाले उनीहरूलाई सुरक्षित रूपमा घरमा प्रयोग गर्न नसक्ने हुन सक्छन्। *महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितबाट उजुरी गर्न सजिलो हुने न्यून प्रविधि प्रयोग हुने/कुनै प्रविधि बिनाका विकल्पहरूको लागि युनिसेफबाट गरिएका सिफारिसहरूका लागि बाकस ४ हेर्नुहोस्।*

अत्यावश्यक सेवाहरू

- महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई सामान्यतया सेवा प्रदान गर्ने स्वास्थ्य प्रणालीहरू ध्वस्त हुने खतरामा हुन सक्छन्, जसले स्वास्थ्य, प्रहरी र न्याय र सामाजिक सेवा जस्ता विभिन्न क्षेत्रहरूको प्रतिकार्यहरू बीचको कुनैपनि समन्वयात्मक प्रतिकार्य संयन्त्रलाई असर गर्नेछ;

- आदर्श अवस्थामा, घरेलु हिंसा/अन्तरंग साथीबाट हुने हिंसासम्बन्धी आश्रयहरू पूर्ण क्षमतामा सञ्चालन भएका हुनेछन् (सामान्य अवस्थाका धेरै परिवेशमा आश्रयहरूले प्रायः सुरक्षाको खोजीमा आउने पीडित/प्रभावित र उनका बच्चाहरूलाई ठाउँको अभावका कारण फर्काउनु पर्ने हुन्छ) ;

- रोकको आदेश जारी, अलग हुने र सम्बन्धविच्छेदको कार्यवाही, बाल संरक्षकत्वका सुनुवाइहरू, जसमा अन्तरंग साथीबाट हुने हिंसा प्रभावितले दुर्वयवहार गर्ने व्यक्तिबाट दूरी वा अलग बस्नमा सहजीकरण तोमा कार्यमा ढिलाइ पर्छन्।[३३] प्रतिकार्यमा लाग्ने प्रहरीले आफ्नो जोखिम मूल्याङ्कन त्यस्ता ढिलाइहरूलाई कारकका रुपमा हेर्न आवश्यक हुन्छ र त्यसपछि सुरक्षा आदेश (हरू) का प्रकार र मात्राका लागि आवश्यक सिफारिसहरूमा पनि उल्लेख गर्नुपर्छ।[३४]

न्यायको निरन्तरता - जनस्वास्थ्य संकटको समयमा पर्ने प्रभाव र आवश्यक परिवर्तनका उदाहरणहरु

प्रभावका उदाहरणहरू

- कोभिड-१९ को फैलावट रोक्न, अदालतहरूले सुनुवाइमा ढिलाइ गर्दैछन्, साथै तिनलाई न्यून गर्दै र अस्थायी रूपमा बन्द पनि गर्दैछन्। यसले महिला तथा किशोरी विरुद्धका हिंसाका पीडकलाई पीडित/प्रभावितसँग निश्चित प्रकारको सम्पर्क गर्नबाट निषेध गर्ने महत्वपूर्ण अदालतको सुरक्षात्मक आदेश जारी गर्ने, मुद्दा पर्खाइमा वृद्धि र पूर्व-सुनुवाई हिरासतमा रहेका व्यक्तिहरूको संख्या र/वा समयमा प्रभाव पारेको छ। नतिजास्वरूप, प्रहरी संगठनहरू, अन्य कानून कार्यान्वयन गराउने निकाय (जस्तै हिरासत केन्द्रका कर्मचारीहरू)ले जाँच र परीक्षण प्रक्रियाहरू जस्ता संक्रामक जोखिम तथा न्यूनीकरण रणनीतिहरू पहिचान गर्न, साथै कस्ता मुद्दाहरू 'आपतकालीन' वा 'उच्च प्राथमिकता' को रूपमा लकडाउन/क्वारेन्टाइन लागू भएका समयमा पनि विचार गरिनेछन् भन्नेबारे अदालतका अधिकारीहरूसँग असाधारण समन्वय बैठकहरू राख्नुपर्छ।;

३२ Ways to Bridge the Gender Digital Divide from a Human Rights Perspective (2016). Submission by the Human Rights, Big Data and Technology Project at the Human Rights Centre of the University of Essex, Funded by the Economic and Social Research Council, at:https://www.ohchr.org/Documents/Issues/Women/WRGS/GenderDigital/HRBDT_submission.pdf. Also see the World Wide Web Foundation, 'Women's Rights Online. Translating Access into Empowerment' (2015), available at http://webfoundation.org/docs/2015/10/womens-rights-online21102015.pdf.

३३ Pandemics and Violence Against Women and Children (2020). Peterman, A., Potts, A., O'Donnell, M., Thompson, K., Shah, N., Oertelt-Prigione, S., and van Gelder, N., Center for Global Development, at: https://www.cgdev.org/publication/pandemics-and-violence-against-women-and-children

३४ कसले आदेश जारी गर्न सक्छ (पुलिस वा अदालत), सुरक्षात्मक आदेशहरू फौजदारी वा देवानी मुद्दाको अंश हो कि होइन, सुनुवाइ आवश्यक छ कि छैन, आदेशको अवधि, विशेष सुरक्षाहरू प्रदान गरिएको छ, कसले सुरक्षा आदेशमा पहुँच गर्न सक्छ (पति/पत्नी वा अन्य घनिष्ठ साझेदारहरू, परिवारका सदस्यहरू, रूममेटहरू, इत्यादि) र आदेश कसरी लागू हुन्छ, र उल्लङ्घनको लागि आपराधिक परिणामहरू छन् वा छैनन् भन्ने कारकहरूमा धेरै निर्भर गर्दछ। See Court Response to Violence Against Women During COVID-19. Webinar Series: Adapting Legal and Systemic Responses During COVID-19 Addressing Violence Against Women April 3, 2020. Global Rights for Women, at: https://globalrightsforwomen.org/wp-content/uploads/2020/04/Court-Response-to-Violence-Against-Women-During-COVID-19-Powerpoint_compressed.pdf

फोटो सौजन्य : Global Giving

- प्रहरी संगठनहरू, अन्य कानून कार्यान्वयन गराउने निकायले पनि आफ्नो पहुँच र उपलब्धता सुनिश्चित गर्नका लागि विधिविज्ञान चिकित्सकहरू र मनोसामाजिक विशेषज्ञहरू जस्ता सहयोगी न्यायिक विशेषज्ञहरूसँग असाधारण समन्वय बैठकहरू गर्नेबारे विचार गर्नुपर्छ। हालैका संयुक्त राष्ट्रसंघ प्रायोजित प्रतिवेदनहरूले महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितबाट अभिव्यक्त बयानका प्रमाणहरूले देखाउँछन् कि प्रहरी चौकीहरूमा विधिविज्ञान चिकित्सकहरूले कोभिड-१९ फैलिने डरका कारण पीडित/प्रभावितले भोगेका शारीरिक दुर्व्यवहारको जाँच गर्न नसकेका वा नचाहेका कारण उनीहरूले आफ्ना पीडकहरू विरुद्ध कानुनी उपचार खोज्न असमर्थ थिए।[३५]

- कोभिड-१९ महामारीले ल्याएको क्वारेन्टाइन/लकडाउनका उपायहरूको परिणामस्वरूप, हिरासत केन्द्रहरू र अभियोजन सेवाहरूले पीडकको आपराधिक/हिंसक कार्यहरू र उनीहरूले हिरासतमा सामना गर्न सक्ने संक्रमणको जोखिम र अन्य कुराका साथै विद्यमान स्वास्थ्य अवस्था र उमेरलाई विचार गर्दा विशेषगरी पीडकका लागि त्यसको अर्थ के हुन्छ भन्नेसँग हिंसाको सम्भावित पुनरावृत्तिलाई सन्तुलनमा राख्न बाध्य हुन सक्छन्। यस्तो विश्लेषण पछि महिला तथा किशोरी विरुद्धका हिंसाको पीडकलाई हिरासतमा नराख्ने निर्णयले पीडित/प्रभावित (र परिवारका सदस्यहरू)लाई थप जोखिममा पार्न सक्छ। आघात सूचित र पीडकमा आधारित र **कुनै प्रकारको (थप) हानि नगरिएको** सुनिश्चित गर्ने (शक्ति र नियन्त्रणको पाङ्ग्रा जस्ता औजार प्रयोग गरी) विस्तृत अनुसन्धान सञ्चालन गर्नु महत्वपूर्ण हुनेछ।

"हानी नगरौं" सिद्धान्त अनुसार पीडित/प्रभावित र साक्षीहरूलाई आरोपित पीडक वा पीडितका परिवार र समुदायबाट पुनः आघात वा लान्छना, हिंसा र सीमान्तीकरण लगायतबाट थप हानिमा पार्न सक्ने लैङ्गिक गतिशीलता र सांस्कृतिक मानदण्डहरूको उचित मूल्याङ्कन गर्न आवश्यक हुन्छ (UNHCHR 2018)।

३५ UN joint report "Justice for Women amidst COVID-19" (2020). UN Women, IDLO, UNDP, UNODC, WB and the Pathfinders for Justice https://www.idlo.int/sites/default/files/pdfs/publications/Justice-for-Women_Full-Report-English.pdf. Also see National Commission for Lebanese Women, UN Women, WHO, UNFPA, 2020. Gender Alert on COVID-19, Lebanon. In Focus: Access to Justice and Gender Based Violence. April 10, 2020. Issue N0. 1. https://www2.unwomen.org/-/media/field%20office%20arab%20states/attachments/publications/2020/04/gender%20and%20covid-19%20in%20lebanon/updated/gender%20alert%20on%20covidlebanon%20english.pdf?la=en&vs=1838

महिला तथा किशोरी विरुद्धका हिंसामा आघात सूचित र पीडकमा आधारित अनुसन्धान सञ्चालन गर्नेबारे थप जानकारीको लागि अध्याय ५. अनुसन्धान हेर्नुहोस् ।

- विभिन्न देशहरूमा महिला तथा किशोरी विरुद्धका हिंसाको बढ्दो उजुरीका बावजुद, केही परिवेशमा आश्रयहरू, पीडित/प्रभावितका वकालत केन्द्र र सुरक्षात्मक आदेशका लागि अनुरोध जस्ता सेवाहरू अपेक्षित रूपमा बढिरहेको वा पहुँच भइरहेको छैन । कतिपय अवस्थामा त, जनस्वास्थ्य संकटका संक्रमणसम्बन्धी उपायहरू लागू हुँदा सहयोगी सेवाका लागि अनुरोधहरू कम पनि हुन सक्छन् । यसो हुनुका कारण फरक हुन सक्छन् तर सामाजिक अलगाव, लकडाउनका परिणामस्वरूप अत्यावश्यक सेवामा पहुँच गर्न सुरक्षित ठाउँको अभाव, अदालतमा सुनुवाइको लागि भौतिक रुपमा उपस्थिति हुनुपर्ने वा बाल संरक्षकत्वमा राहतको लागि आवेदन र बाल हेरचाह विकल्पहरूको अभाव (अदालतहरूमा समेत) प्रभाव पार्ने कारकहरू हुन् भन्ने प्रहरीले विचार गर्नु आवश्यक हुन्छ ।

आवश्यक परिवर्तनहरूका उदाहरण

- न्यायको निरन्तरतामा अत्यावश्यक सेवाहरूको उपलब्धता र पहुँचबारे न्यायिक निकायसँग संयुक्त सार्वजनिक सन्देशहरू बढाइनुपर्छ ताकि जनस्वास्थ्य संकटको समयमा खुल्ने समय र प्रक्रियाबारे मानिस सचेत हुन सक्छन् । यसबाहेक, यस्ता सार्वजनिक सन्देशमा महिला तथा किशोरी विरुद्धका हिंसा हुँदा र सुरक्षा आदेश उल्लङ्घनमा प्रतिकार्य गर्ने प्रहरी प्रतिबद्धतामा नवीकरण गरिएका सञ्चार हुनुपर्छ ।

- रिमोट वा इन्टरनेटमा आधारित भर्चुअल सुनुवाइ-कक्ष वा भिडियो कन्फरेन्सका लागि प्रविधि र उपयुक्त कार्यवाही साथै सुरक्षा व्यवस्थाहरू स्थापना गर्न सकिने प्रक्रिया जस्ता न्यायको निरन्तरताका उपायहरूसँग काम गर्ने प्रहरी व्यवस्थापकहरू र अग्रपंक्तिमा खटिने कर्मचारीहरूका लागि मानक कार्यसञ्चालन विधि र सम्बन्धित तालिम ।[३६] यस्ता भर्चुअल विधिलाई कोभिड-१९ महामारी जस्ता संकटका कारण अदालतको नियमित कार्यसम्पादन क्षमतामा आएको कमीको तत्काल उपायका रूपमा मात्र नभई मध्यम र दीर्घकालीन योजनाका सन्दर्भमा पनि विचार गर्नुपर्छ । यसमा सुरक्षामा वृद्धि र अदालत वा महिला तथा किशोरी विरुद्धका हिंसा उजुरी गर्ने पत्रमंजुश्रा वरिपरि पीडित/प्रभावित सेवाहरू समावेश गर्न सकिन्छ जहाँ केही हदसम्म व्यक्तिगत सम्पर्क आवश्यक हुन्छ ।

संकटासन्न समूह र अल्पसंख्यक समुदायहरू

- भाइरल प्रकोपको विगतका अनुभव अनुसार, संक्रामक रोगको प्रकोप जस्ता संकटहरूले जातीयता, लैङ्गिकता, यौन झुकाव र आप्रवासनको स्थितिसँग सम्बन्धित हेयभाव, जेनोफोबिया र भेदभावमा वृद्धि हुन सक्छ;[३७]

- ठूलो मानवीय/जनस्वास्थ्य संकटको परिणामस्वरूप सबैभन्दा जोखिममा रहेका व्यक्तिहरूको अवस्थाको पुनः मूल्याङ्कन गर्न आवश्यक हुन्छ । यसमा अनौपचारिक अर्थतन्त्रमा धेरै निर्भर हुने मानिसहरू पर्छन्; सामाजिक सेवा वा राजनीतिक प्रभावमा पर्याप्त पहुँच नभएका र प्रविधिमा सीमित वा पहुँच नभएका लगायत, सामना र अनुकूलन गर्ने सीमित क्षमता र अवसर भएका समुदाय पर्छन् । यस सन्दर्भमा, युएनओसीएचए, विश्व स्वास्थ्य संगठन र रेडक्रस एवं रेड क्रिसेन्ट सोसाइटीका अन्तर्राष्ट्रिय महासंघले कोभिड-१९ उपायहरू अन्तर्गत काम गर्ने प्रतिकार्यमा लाग्ने निकायलाई मार्गदर्शन प्रदान गर्दछ[३८] (बाकस ५ हेर्नुहोस्);

- प्रभावित समुदायमा विगतका अनुभवले महिला तथा किशोरीहरू मुख्यतया आमा वा हेरचाहकर्ताको रूपमा परम्परागत लैङ्गिक भूमिकामा मात्र सीमित थिए र योजना र आपतकालीन सहयोग व्यवस्थापनका निर्णय गर्ने सामुदायिक स्थानहरूबाट उनीहरू

> "महिला समलिङ्गी, पुरुष समलिङ्गी, उभयलिंगी, ट्रान्सजेन्डर, क्वियर वा इन्टरसेक्स (LGBTQI) को रूपमा पहिचान गर्ने व्यक्तिहरू प्रायः भेदभाव, लाञ्छना, र यौन तथा शारीरिक हिंसाको उच्च जोखिममा हुन्छन् ।"
>
> - The Sphere Handbook (2018)

३६ This can include training on the use of both the hardware and software necessary to conduct remote hearings by all participants, including court personnel and members of the judiciary. See: Remote Court Hearings and Judicial Processes in Response to COVID-19 in Mission and other Fragile Settings Justice and Correction Service. UN Office of Rule of Law and Security Institutions (OROLSI)/Department of Peace Operations (DPO), 13 April 2020 at: https://globalrightsforwomen.org/wp-content/uploads/2020/04/Court-Response-to-Violence-Against-Women-During-COVID-19-Powerpoint_compressed.pdf

३७ Global trends in emerging infectious diseases. Jones, K.E., Patel, N., Levy, M., Storeygard, A., Balk, D., Gittleman, J.L. et al. (2008). Nature 451: 990-94, see : https://www.cgdev.org/publication/pandemics-and-violence-against-women-and-children

३८ COVID-19: How to include marginalized and vulnerable people in risk communication and community engagement (2020). International Federation of Red Cross and Red Crescent Societies, UN Office for the Coordination of Humanitarian Affairs and the World Health Organization, at: https://reliefweb.int/sites/reliefweb.int/files/resources/COVID-19_CommunityEngagement_130320.pdf

धेरै हदसम्म बहिष्कृत गरिएको थियो भन्ने देखाउँछ।[३९] फलस्वरूप, विपद्पछि महिलाका सुरक्षा र अन्य विषयमा विशेष आवश्यकतालाई ध्यानमा राखिएको देखिँदैन।[४०] समुदायमा महिला तथा किशोरीहरूसँगको प्रहरी संलग्नता कत्तिको बलियो रहेछ भन्ने कुरा यस्ता परिस्थितिमा थाहा हुन्छ, सकारात्मक सम्बन्धले अत्यावश्यक सेवाहरूको प्रतिकार्यको प्रकृतिमा महत्वपूर्ण भिन्नता ल्याउनेछ।

- कोभिड-१९बाट प्रमाणहरूले सङ्केत गरेअनुसार, अन्य जनस्वास्थ्य संकटहरूमा जस्तै महामारीको अनुभवले आप्रवासनको सबै चरणहरूमा महिला आप्रवासी कामदारमा महिला तथा किशोरी विरुद्धका हिंसाको जोखिमलाई बढाउँछ।[४१] विशेषगरी अनियमित आप्रवासन स्थिति वा यौन तथा लैङ्गिक अल्पसंख्यक भएका आप्रवासी महिलाहरू, जसले भेदभाव वा गिरफ्तारी वा निर्वासनको डरका कारण हिंसाको शिकार भएको उजुरी गर्ने सम्भावना कम हुन्छ, उनीहरूमा यो अझै बढी हुनेगर्छ।[४२] हिँडडुलमा प्रतिबन्ध, बन्द क्लिनिकहरू र संक्रमणको डरका कारण त्यस्ता महिला तथा किशोरीहरूले अक्सर स्वास्थ्य सेवा र अत्यावश्यक सेवाहरूमा पहुँच गर्न संघर्ष गर्छन्।[४३]

- यौन व्यवसायमा संलग्न महिला तथा किशोरीहरू प्रायः क्वारेन्टाइन उल्लङ्घन गर्नैपर्ने नत्र गम्भीर आर्थिक र खाद्य असुरक्षाको सामना गर्न बाध्य हुन्छन्। धेरै अवस्थामा, त्यसो गर्न नसक्नेहरूका आफूमाथि निर्भर कुनैपनि बालबालिकालाई पनि असर परिरहेको हुन्छ। अन्य कतिपय अवस्थामा, महिला तथा किशोरीहरूलाई क्वारेन्टाइन उल्लङ्घन गर्न आवश्यक पर्ने जबरजस्ती वेश्यावृत्तिको शिकार बनाइन्छ। महिला तथा किशोरी विरुद्धका हिंसाका यी पीडित/प्रभावितलाई संलग्न गराउँदा, यस्ता शोषणकारी सम्बन्धहरूको प्रकृति पहिचान गर्न र उनीहरूको सुरक्षा र संरक्षण सुनिश्चित गर्न खोज्नु प्रहरीको लागि महत्वपूर्ण हुनेछ। यी महिला तथा किशोरीहरू सुरक्षा बलका सदस्य लगायत राज्यका अधिकारीहरूबाट दुर्व्यवहारको उच्च जोखिममा छन् भनेर प्रहरी संगठनहरूले पहिचान गर्नु पनि उत्तिकै महत्वपूर्ण छ।

- प्रहरीले महिला विरुद्धको हिंसा कसरी पीडित/प्रभावितका लागि कसूर र जेल सजायको बाटो हुन सक्छ भनेर विचार गर्नुपर्छ। महिला विरुद्ध हुने हिंसा, यसको कारण र परिणामसम्बन्धी संयुक्त राष्ट्र संघका विशेष प्रतिवेदकका अनुसार महिला हिंसा र महिला कारावास सजायबीच गहिरो सम्बन्ध रहेको छ।[४४] विशेष गरी, चरम, आघातपूर्ण घटनाहरूको भोगाइले प्रत्यक्ष रूपमा हिंसात्मक व्यवहारसँग सम्बन्धित बोर्डरलाइन पर्सनालिटी डिसअर्डर, एन्टिसोसियल पर्सनालिटी डिसअर्डर, लागूपदार्थ दुरुपयोग, र आघातपछिका तनावजन्य लक्षणहरू (post-traumatic stress disorder)का कारण प्रायः जेलमा जान सक्छन्।[४५] उदाहरणका लागि, घरेलु हिंसा र अन्तरंग साथीबाट हुने हिंसाका घटनाहरूमा, महिलाहरूले आफ्नो र आफ्ना बालबालिकाको सुरक्षाका लागि आफूमाथि दुर्व्यवहार गर्ने व्यक्ति विरुद्ध बल प्रयोग गर्न सक्छन्।[४६]

---

३९ Ecuador Country Case Study. Effective law and policy on gender equality and protection from sexual and gender-based violence in disasters (2020). The International Federation of Red Cross and Red Crescent Societies (IFRC), at: https://media.ifrc.org/ifrc/document/effective-law-policy-gender-equality-protection-sexual-gender-based-violence-disasters-ecuador/

४० Ecuador Country Case Study. Effective law and policy on gender equality and protection from sexual and gender-based violence in disasters (2020). The International Federation of Red Cross and Red Crescent Societies (IFRC), at: https://media.ifrc.org/ifrc/document/effective-law-policy-gender-equality-protection-sexual-gender-based-violence-disasters-ecuador/

४१ 2019 Report of the UN Secretary-General violence against women migrantworkers (A/74/235)

४२ Addressing the Impacts of the COVID-19 Pandemic on Women Migrant Workers (2020). UN Women Guidance Note, at: https://www.unwomen.org/en/digital-library/publications/2020/04/guidance-note-addressing-the-impacts-of-the-covid-19-pandemic-on-women-migrant-workers

४३ Ibid.

४४ Special Rapporteur on violence against women finalizes country mission to the United Kingdom and Northern Ireland and calls for urgent action to address the accountability deficit and also the adverse impacts of changes in funding and services (2014), at: https://www.ohchr.org/en/newsevents/pages/displaynews.aspx¿newsid=14514&

४५ Hard times: Women's pathways to crime and incarceration (2012). Artz, L., Hoffman-Wanderer, Y., and Moult, K, at: https://genderlinks.org.za/wp-content/uploads/imported/articles/attachments/18024_hard_times.pdf

४६ Gender-Based Discrimination & Women in Conflict with the Law (UNODC, 2020), at:https://www.unodc.org/e4j/en/crime-prevention-criminal-justice/module-9/key-issues/1--gender-based-discrimination-and-women-in-conflict-with-the-law.html

बाकस ४

कोभिड-१९ : जोखिमसम्बन्धी सञ्चार र सामुदायिक संलग्नतामा सीमान्तकृत र संकटासन्न व्यक्तिहरूलाई कसरी समावेश गर्ने

रेडक्रस र रेड क्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ, मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय र विश्व स्वास्थ्य संगठन

बालबालिका	अपाङ्गता भएका व्यक्तिहरू	महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावित
उनीहरूका सरोकार, डर र आवश्यकताहरू बुझ्नका लागि, बालबालिका र किशोरकिशोरी, संरक्षक साथमा नभएका र छुट्टिएका बालबालिका लगायतसँग परामर्श गर्नुहोस् ।	स्पष्ट र सरल भाषा प्रयोग गरी सूचना प्रवाह गनुहोस् ।	प्राथमिक र माध्यमिक स्वास्थ्य सेवा सुविधाहरू प्रतिबिम्बित गर्न लैङ्गिक हिंसा प्रेषण मार्गहरू अद्यावधिक गर्नुहोस् ।
सूचना र सञ्चार सामग्री बालमैत्री ढंगले तयार गर्नुहोस् ।	ब्रेल, ठूलो अक्षरमा प्रिन्ट जस्ता पहुँचयुक्त ढाँचाहरूमा जानकारी प्रदान गर्नुहोस् ।	प्रमुख समुदाय र सेवा प्रदायकहरूलाई अद्यावधिक गरिएका मार्गहरूको बारेमा जानकारी दिनुहोस् ।
प्रभावितहरूका लागि परामर्श र सहयोगी सेवाहरूको लागि पैरवी गर्नुहोस् ।	टेक्स्ट क्याप्सन वा सांकेतिक भाषा सहितका भिडियोहरू, श्रवणशक्ति कमजोर भएकाहरूका लागि टेक्स्ट क्याप्सन, सहायक प्रविधि प्रयोग गर्ने मानिसहरूका लागि अनलाइन सामग्रीहरू जस्ता सञ्चारका बहुविधात्मक स्वरूपहरू प्रस्ताव गर्नुहोस् ।	क्वारेन्टाइन सुविधा र कुनै ठाउँबाट हटाइने प्रक्रियाहरूमा महिला तथा किशोरी विरुद्धका हिंसा जोखिम न्यूनीकरणका उपायहरू अवस्थित भएको सुनिश्चित गर्नुहोस् ।
लैङ्गिकता, परिवेश र सीमान्तकृत समुदायहरूमा आधारित विभिन्न आवश्यकताहरूमा ध्यान दिनुहोस् ।	अपाङ्गता भएका व्यक्तिहरूको संस्थालाई परामर्श गर्ने र निर्णय लिने कार्यमा संलग्न गराउने ।	आपतकालीन प्रतिकार्यका लागि हटलाइनका कर्मचारी जस्ता सहयोगी क्षमताहरूलाई सुदृढ गर्नुहोस् ।
	व्यक्तिगत आवश्यकताहरू पूरा गर्न, अनुकूलनको अवधारणामा काम गर्नुहोस्, व्यक्तिगत हेरचाहकर्ताहरू र अन्य सामाजिक सहयोगका सञ्जालहरूसँग काम गर्नुहोस् ।	आचारसंहिता र अन्य सुरक्षात्मक उपायहरू उपलब्ध गराउनुहोस् र अधिकारीहरूलाई तिनको पालना गर्नुपर्ने आवश्यकताबारे स्मरण गराउनुहोस् ।

समुदाय, स्थानीय सरकार र निजी पात्रहरूसँग साझेदारी

- नगरपालिका वा स्थानीय सुरक्षा परिषदहरू जस्ता स्थानीय सुरक्षा प्रशासन संयन्त्रहरूलाई स्थानीय सरकारी अधिकारीहरूले पुनः सक्रिय गर्न सक्नेछन् जसले संकटको प्रतिकार्यमा समन्वय गर्न स्थानीय प्रहरीलाई आवश्यक पर्ने महत्वपूर्ण साझेदारी प्रवर्द्धन र सुदृढ गर्ने अवसर प्रदान गर्नमा मद्दत गर्न सक्छन् ।

धेरै अवस्थामा, स्थानीय नगरपालिकाका सरकारी अधिकारीहरूले स्थानीय सुरक्षा परिषदहरू सक्रिय बनाउने जनादेश पाएर पनि सक्रिय गरेका छैनन् वा गठन भएपनि ती निष्क्रिय छन् । यस्तो अवस्थामा, जनस्वास्थ्य संकटले प्रहरीलाई थप लैङ्गिक-उत्तरदायी र जवाफदेही अवधारणाका लागि समन्वय र रणनीतिक योजनाको मुख्य मञ्च प्रदान गर्दै उनीहरूको उपयोगितालाई प्रेरित गर्न सक्छ । *कङ्गो, इक्वेडर र मेक्सिकोका स्थानीय सुरक्षा परिषदहरूबारे घटना अध्ययनका उदाहरणका लागि अध्याय २ रोकथाम हेर्नुहोस् ।*

बाकस ५

इबोला निगरानी समितिहरू

फोटो सौजन्य : हार्ट टु हार्ट इन्टरनेसनल (लाइबिरिया)

इबोला प्रकोपको समयमा पश्चिम अफ्रिकाको अनुभवका आधारमा, राष्ट्रिय प्रयासहरूका साथसाथै, स्थानीय सामुदायिक संस्थाहरूले स्थानीय महिला तथा धार्मिक नेताहरूको नेतृत्वमा गाउँस्तरीय इबोला निगरानी समितिहरू गठन गर्नमा उल्लेखनीय भूमिका खेलेका थिए ।

Source: COVID-19: How to include marginalized and vulnerable people in risk communication and community engagement (2020). International Federation of Red Cross and Red Crescent Societies, UN Office for the Coordination of Humanitarian Affairs and the World Health Organization.

- लकडाउन र क्वारेन्टाइनका समयमा पनि विशेषगरी संकटको समयमा र त्यसपछि पनि हिंसालाई बढावा दिने र जोखिम बन्ने कारकहरूको बारेमा सचेतना जगाउन र महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्य गर्दा समुदाय, धार्मिक र प्रभावशाली व्यक्तिहरू अझै पनि प्रहरी संगठनका लागि महत्वपूर्ण साझेदार हुन सक्छन् । फेसटाइम वा स्काइप जस्ता सूचना प्रविधिका अनलाइन मञ्चहरू महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितलाई सहयोग गर्नका लागि नयाँ उजुरी संयन्त्रबारे साथै विद्यमान संयन्त्रको पनि संयुक्त सन्देशका लागि प्रयोग गर्न सकिन्छ । यसबाहेक, गैर-डिजिटल वा अफ-लाइन माध्यमहरू मार्फत संयुक्त सन्देशहरू मौखिक रुपमा वा लाउडस्पीकरबाट साथै सुरक्षित दूरी कायम गरेर गरिएका सामूहिक गतिविधिहरू मार्फत पनि जारी राख्न सकिन्छ ४७।

- महिला तथा किशोरी विरुद्धका हिंसा रोकथामबारे पाठक-मैत्री र पहुँचयुक्त पठन सामग्रीहरू उपलब्ध गराइएमा स्थानीय मानवीय सहायता, स्वास्थ्य हेरचाह प्रदायक र स्थानीय सञ्चारमाध्यमहरू प्रहरीका लागि महत्वपूर्ण साझेदारहरू हुन सक्छन् । यसमा लिखित र चित्रहरू लगायत विभिन्न पहुँचयुक्त स्वरुपमा पर्चाहरू वितरणमा मद्दत गर्ने लगायत पर्न सक्छन्, जसले घरमा हिंसात्मक व्यवहारलाई रोक्न मद्दत गर्दछ र पीडित/प्रभावितका लागि हेल्पलाइन नम्बर वा अन्य स्रोतका साथै उनीहरूको आवश्यकतासँग मेल खाने स्रोतहरूबारे उचित मार्गदर्शन प्रदान गर्दछ;४८

- जनस्वास्थ्य संकटका परिस्थितिहरूमा महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यमा अग्रपंक्तिका अत्यावश्यक सेवा कर्मचारीलाई४९ समावेश गराउन कम्पनी र क्लिनिकहरूसँग साझेदारी गरेर यी कर्मचारीलाई दर्शक (bystanders)का५० रूपमा भूमिका निर्वाहमा मार्गदर्शन र प्रशिक्षण प्रदान गर्न

> "महामारीको समयमा निजी तथा सार्वजनिक क्षेत्र साझेदारी निर्माणले सबै महिलाहरुलाई मोबाइल फोनको पहँच सुनिश्चित गर्न सक्छ । न्याय प्रणालीहरु अब गतिहीन रहिरहन सक्दैनन्: हामीले न्याय प्रवाहका थप दिगो तरिकाहरु खोज्न थाल्नुपर्छ, उदाहरणका लागि, अधिकार उल्लङ्घनलाई रोक्न अन्तरिम आदेशहरु अनुकूलन गर्ने ।"
>
> - युएन वुमनका कार्यकारी निर्देशक, फुम्जिल म्लाम्बो-न्गुका (२०२०)

४७ From Global Coordination to Local Strategies A Practical Approach to Prevent, Address and Document Domestic Violence under COVID-19 Briefing Paper (2020). MADRE, Media Matters for Women, MenEngage Alliance, Nobel Women's Initiative, OutRight Action International, Women Enabled International, and Women's International League for Peace and Freedom (WILPF), at: https://www.wilpf.org/wp-content/uploads/2020/04/MADRE-Domestic-Violence-Under-COVID-19-Briefing-Paper_4.21.20.pdf

४८ COVID-19: How to include marginalized and vulnerable people in risk communication and community engagement (2020). International Federation of Red Cross and Red Crescent Societies, UN Office for the Coordination of Humanitarian Affairs and the World Health Organization, at: https://reliefweb.int/sites/reliefweb.int/files/resources/COVID-19_CommunityEngagement_130320.pdf

४९ परिवेशका आधारमा, अत्यावश्यक सेवा कार्यकर्ताभित्र औषधी पसले, किराना पसले, नर्स, चिकित्सा क्लिनिकका रिसेप्सनिस्ट र अन्य पर्न सक्छन् ।

५० See Bystander Approach. Graham Goulden for Cultivating Minds UK, at: https://grahamgoulden.com/cultivating-minds-uk/about/

प्रहरीको सहयोगात्मक संलग्नता आवश्यक हुन्छ । महिला तथा किशोरी विरुद्धका हिंसा पीडित/प्रभावितको पहिचानका लागि कोभिड-१९ परीक्षण र जाँच केन्द्र जस्ता जनसंख्या-व्यापी हस्तक्षेपहरू प्रमुख दर्शक/बाइस्ट्यान्डर प्रवेश बिन्दु हुन सक्छन् । यद्यपि, यस्तो पहल अन्तर्गत लागू गरिएको कुनैपनि पीडित पहिचान विधि (जस्तै प्रश्नावली) मा 'हानि नगरौं'को सिद्धान्तलाई प्राथमिकता दिन आवश्यक छ । परीक्षण र जाँच केन्द्रहरू महिला तथा किशोरी विरुद्धका हिंसाबारे जागरूकता र उजुरी संयन्त्रबारे जानकारी दुवै एकैसाथ दिनको लागि सहायक हुन सक्छ;

- आईसीटी वा इन्टरनेट कम्पनीहरूसँग बलियो साझेदारी राख्नु प्रहरीको लागि धेरै लाभदायक हुन सक्छ । उदाहरणका लागि, दुर्व्यवहार गर्ने व्यक्तिसँग दिनभरी घरमा थुनिएका पीडित/प्रभावितका लागि हेल्पलाइनका समपूरकको रुपमा मोबाइल फोनमा घरेलु हिंसा/अन्तरंग साथीबाट हुने हिंसासम्बन्धी एप्सहरू बनाउनु राम्रो विकल्प हुनेछ । अन्य साझेदारीका अवसरहरूमा महिला, युवा र बालबालिकाका लागि सामाजिक सञ्जाल साइटहरू, जीपीएस, फोनहरू, आदि मार्फत अनलाइन सुरक्षा सल्लाहहरू दिन र/वा अनलाइन र आइसीटीजन्य महिला तथा किशोरी विरुद्धका हिंसाबारे पहुँचयुक्त र पारदर्शी गुनासो र उजुरी प्रक्रियाहरू प्रदान गर्ने सहयोग पर्न सक्छन्;[५१]

- संकटको समयमा न्यायका संयन्त्रमा पहुँच गर्न नसकिने धारणाका साथसाथै महिलाका न्यायसम्बन्धी आवश्यकतालाई प्रतिक्रिया दिन औपचारिक अदालतहरूको क्षमतामा महामारीको दीर्घकालीन प्रभावहरूका कारण, महिला तथा किशोरी विरुद्धका हिंसाका पीडित/प्रभावितहरूले संरक्षण र क्षतिपूर्तिका लागि बढ्दो रूपमा परम्परागत र अनौपचारिक न्याय प्रणालीहरू खोज्न सक्छन् । [५२] फलस्वरुप, यस्तो सम्भावित प्रवृत्तिले कतिपय क्षेत्रहरूमा उजुरीलाई कसरी प्रभाव पार्न सक्छ र सोही प्रक्रियामा अनौपचारिक वा परम्परागत न्याय प्रणालीका पात्रहरूसँग साझेदारी विस्तार वा सुदृढ पार्न सकिन्छ भनेर प्रहरी संगठनहरूले अनुमान र लेखाजोखा गर्नुपर्छ ।[५३]

५१ Online and ICT* facilitated violence against women and girls during COVID-19 (2020) UN Women Issue Brief, at: https://www.unwomen.org/en/digital-library/publications/2020/04/brief-online-and-ict-facilitated-violence-against-women-and-girls-during-covid-19

५२ Justice for women amidst COVID-19 (2020), UN Women Issue Brief: https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2020/justice-for-women-amidst-covid-19-en.pdf?la=en&vs=4857

५३ Justice for women amidst COVID-19 (2020). UN Women Issue Brief, at: https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2020/justice-for-women-amidst-covid-19-en.pdf?la=en&vs=4857

बाकस ६

कोभिड-१९ प्रतिकार्य : प्रहरी – नागरिक साझेदारी

ब्राजिलमा, सामाजिक अलगावको समयमा घरेलु र पारिवारिक हिंसाका घटनाहरू, साथै पीडकले आपतकालीन सुरक्षात्मक उपायहरूको पालना नगरेका घटनाहरू उजुरी गरेरमा परिणामस्वरुप निवारक हिरासत र आपराधिक कार्यवाहीको प्रारम्भ हुन सक्नेगरी उजुरी गर्न, प्रहरी र नागरिक समाज बीचको संयुक्त साझेदारीमा साओ पाउलो राज्यमा 'SOS Mulher' जस्ता अन्य धेरै एप्सहरू विकसित भइरहेको छ ।

युकेमा, कुम्ब्रिया प्रहरीले घरघरमा पुग्ने काममा संलग्न हुलाक कर्मचारी, डेलिभरी ड्राइभर, खाद्य वितरण कम्पनी, र कुनैपनि अत्यावश्यक सेवाका कर्मचारीहरूलाई दुर्व्यवहारका संकेतहरू हेर्न र प्रहरी विभागमा सूचित गर्न अपील गरेको छ ।

इटालियन प्रहरीले "YouPol" एप्स प्रयोग गर्दैछ, जुन मूल रूपमा युवाहरूलाई धम्कीपूर्ण ज्यादती (bullying) र लागुऔषध कारोबारको उजुरीमा मद्दत गर्न डिजाइन गरिएको थियो, तर अब प्रभावितहरूलाई आफ्नो अन्तरंग साथीको जानकारी बिना नै प्रहरीलाई सन्देश पठाउन सकिने गरी अनुकूलित गरिएको छ । इटालीको घरेलु हिंसा आश्रयहरूको राष्ट्रिय नेटवर्क ("DiRe") ले सअयोग प्रदान गर्न आपतकालीन फोन र स्काइप कलहरू खोल्यो, र लगभग दुई तिहाइ इटालियन घरेलु हिंसासम्बन्धी संस्थाहरूसँग आपतकालीन फोन लाइनहरू छन् ।

भारतको महाराष्ट्र राज्यमा, राज्य प्रहरीले स्थानीय गैरसरकारी संस्था अक्षरा र महिला तथा बाल विकास विभागको महिला तथा बालबालिकाका लागि विशेष सेल (TISS) (प्रहरी चौकीहरूमा आधारित) सँग मिलेर लकडाउनको समयमा गुनासो र समर्थनको लागि प्रहरीको आपतकालीन नम्बर १०० बारे सूचना फैलाउने अभियान सुरु गरेको छ (जन सामान्यतया घरेलु हिंसासँग मात्र सम्बन्धित छैन) । व्यापक कभरेज र पहुँच विस्तार सुनिश्चित गर्न यस पहलले सेलिब्रेटी र अन्य सरकारी निकायलाई अपील गऱ्यो । शीर्ष बलिउड अभिनेताहरू र खेलाडीहरू जस्ता लोकप्रिय व्यक्तित्वहरूलाई घरेलु हिंसा निवारण गर्न र अपराधको रूपमा सुदृढ तुल्याउन आफ्नो आवाज दिएर महिलाहरूलाई 'घरेलु हिंसा उजुरी गर्नुहोस्' भनेर आह्वान गर्न अनुरोध गरिएको थियो ।

स्रोतहरू : COVID-19 and Essential Services Provision for Survivors of Violence Against Women and Girls (2020). UN Women Issue Brief. and Justice for women amidst COVID-19 (2020). UN Women Issue Brief. And Lockdown on Domestic Violence (2020). Akshara Centre

महिला तथा किशोरी विरुद्धका अनलाइन र आईसीटीजन्य हिंसा

- EUROPOL का अनुसार[५४], कोभिड-१९ र हिँडडुलमा प्रतिबन्धको समयमा, बाल यौन दुर्व्यवहारका सामग्री भएका अवैध अनलाइन मञ्चहरू पहुँच गर्ने प्रयासहरू र युवाहरूलाई शोषणको स्थितिमा पुऱ्याउन खोज्ने गतिविधिहरूको संख्यामा वृद्धि भएको रेकर्ड गरिएको थियो। यस प्रकारका घटनाको वृद्धिले प्रहरी संगठनहरूलाई विशेष, स्पष्ट, र कुशल आन्तरिक र बाह्य कार्यविधिहरू बनाउन र प्रहरी अधिकारीहरूका लागि आचार संहिताहरूलाई आपतकालीन समयमा महिला तथा किशोरी विरुद्धका अनलाइन हिंसालाई सम्बोधन गर्न सुदृढ गर्न आवश्यक बनाउँछ।[५५]

- बालबालिकाको बिक्री र यौन शोषणसम्बन्धी विशेष प्रतिवेदकले कोभिड-१९का कारण यात्रामा निषेधहरूले बालबालिकाको यौन शोषणको लागि "डिलिभरी" वा "ड्राइभ-थ्रु" सेवा स्थापना गर्ने प्रयास सहित बाल यौन शोषण र दुर्व्यवहारका नयाँ रूपहरू जन्माएको छ भनी उल्लेख गरेका छन्।[५६]

- लाखौं महिला तथा किशोरीहरू काम र अध्ययनको लागि भिडियो कन्फरेन्सिङमा भर परेकाले त्यहाँ अनलाईन हिंसाका विभिन्न रूपहरूमा पीछा, धम्कीपूर्ण ज्यादती, यौन दुर्व्यवहार, र यौन ट्रोलिङसम्ममा वृद्धि भएको छ। उजुरी गरिएका केही घटनाहरूमा, महिला अधिकार संस्थाका केही सदस्यहरूले भर्चुअल च्याटरुम मार्फत सामाजिक कार्यक्रममा डायल गर्दा अप्रत्याशित र अवान्छित अश्लील भिडियोहरूको वर्षा भएको थियो। [५७] उदाहरणको लागि बाकस ८ हेर्नुहोस्।

शोषणपूर्ण सम्बन्धहरू

- अनिवार्य क्वारेन्टाइनका कुनैपनि उपायहरूको परिणामस्वरूप आउने आर्थिक मन्दीले हिंसा र अन्य मुद्दाहरूका साथै आर्थिक कठिनाइको परिवेशमा महिला तथा किशोरीहरू असमान रूपमा प्रभावित हुने गर्छन्। विद्यालयहरू बन्द हुने वा परिवारले किशोरीहरूलाई कामका लागि विद्यालयबाट निकाल्ने कुराबाट सुरु हुँदै, सम्भवतः यौन शोषण लगायतका जबरजस्ती श्रममा उनीहरूलाई धकेल्न सक्छ।[५८] यसबाहेक, खाद्य असुरक्षा वा बाँच्नको लागि बाह्य सहायतामा बढी निर्भरताका कारण, सबै प्रकारका श्रममा सहायताकर्मी र राज्यका अधिकारीहरूद्वारा[५९] महिला तथा किशोरीहरूलाई यौन शोषण र दुर्व्यवहार वा जबरजस्ती श्रमको लागि ढोका खोलिदिएको हुन्छ।

बाकस ७

Zoom-मा बमवर्षा र नागरिक समाजका लागि हानी

महिलाको नेतृत्वमा रहेको, र महिला अधिकारमा आधारित गैरसरकारी संस्थाको रूपमा प्रमाणको आधारलाई बलियो बनाउन र महिला विरुद्धको हिंसा र बालबालिका विरुद्धको हिंसामा विश्वव्यापी रूपमा क्षमता निर्माण गर्न काम गर्ने, सेक्सुअल भायलेन्स रिसर्च इनिसिएटिभ (SVRI) ले यो दुर्व्यवहारको अनुभव आफैं प्रत्यक्ष गरेको छ। महिला विरुद्ध हुने हिंसा रोक्नको लागि अनुसन्धानलाई अगाडि बढाउने विषयमा भर्खरै गरिएको वेबिनारमा 'जुम बम' वर्षा भएको थियो। जातीय भेदभाव र यौनजन्य सामग्रीको साथ उक्त बैठक ह्याक गरिएको थियो। कार्यक्रममा भाग लिने, प्रस्तुत गर्ने र आयोजना गर्नेहरूमाथि हुने हिंसाको यो रूपले यसलाई अनुभव गर्नेहरूको सुस्वास्थ्यको लागि, र SVRI का भविष्यका कार्यक्रमहरू सबैका लागि खुला, समावेशी र पहुँचयोग्य बनाउनका लागि यसका धेरै दूरगामी परिणामहरू हुन सक्छन्।

स्रोत : Online Safety in a Changing World – COVID-19 and Cyber Violence (2020). Sexual Violence Research Initiative.

---

५४ Coronavirus lockdown raises risk of online child abuse, charity says. The Guardian (2020), at: https://www.theguardian.com/world/2020/apr/02/coronavirus-lockdown-raises-risk-of-online-child-abuse-charity-says

५५ Online and ICT* facilitated violence against women and girls during COVID-19 (2020). UN Women Issue Brief, at: https://www.unwomen.org/en/digital-library/publications/2020/04/brief-online-and-ict-facilitated-violence-against-women-and-girls-during-covid-19

५६ COVID-19: Urgent need for child protection services to mitigate the risk of child sexual abuse and exploitation worldwide (2020). Mama Fatima Singhateh, the Special Rapporteur on the sale and sexual exploitation of children, at: https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx¿NewsID=25865&LangID=E

५७ Risk of online sex trolling rises as coronavirus prompts home working. Reuters (2020), at: https://www.reuters.com/article/us-women-rights-cyberflashing-trfn-idUSKBN2153HG

५८ In West Africa, the closure of schools for the Ebola epidemic exposed girls to sexual exploitation and violence and lead to a 'sharp increase' in teenage pregnancies and early marriages in some affected areas, due to girls' increased school dropout rates. Fraser, E. (2020). Impact of COVID-19 Pandemic on Violence against Women and Girls. UKAid, WAG Helpdesk Research Report in World Bank. 2020. *Gender Dimensions of the COVID-19 Pandemic*. Washington, D.C.: World Bank Group, at:. http://documents.worldbank.org/curated/en/618731587147227244/Gender-Dimensions-of-the-COVID-19-Pandemic

५९ Reports from the Ebola crisis in Sierra Leone and Democratic Republic of Congo indicate that sexual exploitation was common by state officials and community members in charge of enforcing the quarantine. See *Gender Dimensions of the COVID-19 Pandemic (English)*. Washington, D.C. : World Bank Group 2020, at: http://documents.worldbank.org/curated/en/618731587147227244/Gender-Dimensions-of-the-COVID-19-Pandemic and Fraser, E. (2020). Impact of COVID-19 Pandemic on Violence against Women and Girls. UKAid, WAG Helpdesk Research Report, at: http://www.sddirect.org.uk/media/1881/vawg-helpdesk-284-covid-19-and-vawg.pdf

उदीयमान महिला तथा किशोरी विरुद्धका हिंसा

- कतिपय अवस्थामा, किशोरकिशोरीहरू घरमा हिंसात्मक व्यवहारमा संलग्न हुन्छन्, महिलाहरू (आमाहरू) यस हिंसाद्वारा असमान रूपमा लक्षित हुन्छन् । यस प्रकारको हिंसाको व्यापकताको बाबजुद यसलाई फौजदारी न्याय प्रणालीले सधैं मान्यता दिँदैन । हिंसात्मक किशोर किशोरी लकडाउनका कारण घरमा नै रहेको सन्दर्भले महिलाको सुरक्षामा हुने जोखिमहरू धेरै बढ्न सक्ने सम्भावना हुन्छ;[६०]

- अग्रपंक्तिका महिला स्वास्थ्यकर्मीहरू विरुद्ध हिंसा र दुर्व्यवहारको जोखिम पनि बढेको छ । सिंगापुर र चीनका प्रतिवेदनहरूले वास्तवमा कोभिड-१९ महामारीको संकटमा महिला स्वास्थ्यकर्मीहरू, विशेषगरी नर्सहरूप्रति उच्च स्तरको धम्की र आक्रामकता देखाउँछन्;[६१]

- नागरिक क्षेत्रमा सम्भावित सैन्य परिचालनले शोषणयुक्त सम्बन्ध लगायत महिला तथा बालबालिका विरुद्ध मानवअधिकार हननको जोखिम बढाउन सक्छ । प्रहरीका जोखिम व्यवस्थापन र सम्बन्धित लैङ्गिक विश्लेषणले मानवअधिकारसम्बन्धी जोखिमहरू सम्बोधन गर्नको लागि मानक कार्यसम्पादन विधि र आचार संहिताहरू जस्ता न्यूनीकरणका उपायहरू सुनिश्चित गर्ने लक्ष्य राख्नुपर्छ र सैन्य कमाण्डसँग छलफल गरिनुपर्छ, जसले गर्दा रोकथामका रणनीतिहरू समन्वयात्मक र लक्षित हुन्छन् ।

तथ्याङ्क संकलन

- महिला तथा किशोरी विरुद्धका हिंसाका सबै रूपहरूबारे जानकारी समेट्नाले हिंसाले कसरी काम गर्छ भन्ने साझा बुझाइलाई अझ गहिरो बनाउनेछ र थप उपयुक्त प्रतिकार्य कहाँ आवश्यक छ भनेर पहिचान गर्न मद्दत गर्नेछ ।[६२] महिला तथा किशोरी विरुद्धका हिंसाको व्यापकता अनुगमन गर्ने र प्रवृत्तिहरू विश्लेषण गर्ने प्रणाली पहिले नै स्थापित गरिएमा, जनस्वास्थ्य र/वा मानवीय संकटको समयमा प्रकट हुने नयाँ प्रवृतिहरू त्यसले पहिचान गर्नेछ ।

- महिला तथा किशोरी विरुद्धका हिंसाका नयाँ र उदयीमान प्रवृत्तिहरू र व्यापकतालाई सम्बोधनका लागि सतर्क रहनमा मद्दतको लागि, कलहरूको मात्रा र प्रकृति अनुगमन गर्ने प्रणालीहरू समावेश हुनुपर्छ;

- कोभिड-१९ महामारी वा इबोला प्रकोपको समयमा लागू गरिएका संकटकालीन उपायहरूले महिला तथा किशोरी विरुद्धका हिंसासम्बन्धी तथ्याङ्कको व्याख्यालाई अझ चुनौतीपूर्ण बनाएको छ । उदाहरणका लागि, केही देशहरूमा, क्वारेन्टाइनको समयमा उजुरी, फोनकल, र सेवा प्रयोग घटेको छ किनभने महिला तथा किशोरीहरू घरबाट बाहिर निस्कन नसक्ने वा दुर्व्यवहार गर्ने व्यक्तिले फोनमा गरेको कुरा सुन्छन् भनेर डराउँछन् । यसले महिला तथा किशोरी विरुद्धका हिंसाको व्याख्या गर्दा, विशेषगरी अन्तरंग साथीबाट हुने हिंसालाई हेल्पलाइन कलको संख्या जस्ता एकल तथ्याङ्क स्रोतबाट हेर्दा, यसको व्याप्तता निर्धारण गर्न र बुझ्नको लागि आधारका रूपमा त्यो अविश्वसनीय बन्छ ।[६३]

- द स्फेयर हातेपुस्तिका (२०१८) ले लिंग वा लैङ्गिकता, उमेर, अपाङ्गता, भूगोल, जातीयता, धर्म, जात वा निष्पक्ष सहायतामा पहुँच सीमित गर्न सक्ने अन्य कुनैपनि कारकहरूमा आधारमा भिन्नताहरू बुझ्नको लागि सम्भव भएसम्म र परिवेशमा उपयुक्त वर्गीकरण सहित तथ्याङ्कलाई खण्डीकृत गर्न सिफारिस गर्दछ;[६४]

- हानी नगरौं । महिला तथा किशोरी उत्तरदाताहरूको सुरक्षा, गोपनीयता र गोप्यताको सधैं सम्मान गरिनुपर्छ किनभने हिंसाको मापन कुनै पनि परिस्थितिमा संवेदनशील प्रयास हो । तथ्याङ्क सङ्कलनलाई व्यक्तिगत सुरक्षाभन्दा प्राथमिकता दिनु हुँदैन ।

> तपाईंले मापन गर्न नसक्ने वा मापन नगर्ने कुराको व्यवस्थापन तपाईं गर्न सक्नुहुन्न ।

६० Coronavirus Disease (COVID-19) response – UNODC Thematic Brief on gender-based violence against women and girls (2020). UNODC.

६१ See Fraser, E. (2020). Impact of COVID-19 Pandemic on Violence against Women and Girls. UKAid, WAG Helpdesk Research Report in World Bank. 2020. *Gender Dimensions of the COVID-19 Pandemic*. Washington, D.C. : World Bank Group, at: http://documents.worldbank.org/curated/en/618731587147227244/Gender-Dimensions-of-the-COVID-19-Pandemic

६२ From Global Coordination to Local Strategies A Practical Approach to Prevent, Address and Document Domestic Violence under COVID-19 Briefing Paper (2020). MADRE, Media Matters for Women, MenEngage Alliance, Nobel Women's Initiative, OutRight Action International, Women Enabled International, and Women's International League for Peace and Freedom (WILPF), at: https://www.wilpf.org/wp-content/uploads/2020/04/MADRE-Domestic-Violence-Under-COVID-19-Briefing-Paper_4.21.20.pdf

६३ 'Has it become too dangerous to measure violence against women?' Kelli Rogers, 06 May 2020, at: https://asiapacific.unfpa.org/en/news/covid-19-has-it-become-too-dangerous-measure-violence-against-women

६४ Sphere Association. The Sphere Handbook: Humanitarian Charter and Minimum Standards in Humanitarian Response, fourth edition, Geneva, Switzerland, 2018.

बाकस ८

जनस्वास्थ्य संकटको समयमा तथ्याङ्क संकलन किन महत्वपूर्ण हुन्छ

कसरी र किन कोभिड-१९ जस्ता महामारीहरूले महिला तथा किशोरी विरुद्धका हिंसामा वृद्धि गर्न सक्छ भनेर बुझ्नको लागि तथ्याङ्क एक महत्वपूर्ण औजार हो । यसले जोखिमका कारकहरू; हिंसाबाट पीडित/प्रभावितका लागि सेवाहरूको उपलब्धता कसरी प्रभावित भइरहेको छ; त्यस्ता सेवाहरूमा महिलाको पहुँच र औपचारिक एवं अनौपचारिक स्रोतहरूबाट मद्दत खोज्ने कार्यलाई कसरी असर गर्छ; कस्ता नयाँ अल्पकालीन र मध्यकालीन आवश्यकताहरू उत्पन्न हुन्छन् भन्ने कुराहरू पहिचान गर्न मद्दत गर्न सक्छ । महिलाहरूको आवश्यकतालाई सम्बोधन गर्ने, जोखिमहरू कम गर्ने, र महामारीको समयमा र पछिका प्रतिकूल प्रभावहरूलाई कम गर्ने प्रमाणमा-आधारित रणनीतिहरू बनाउनका लागि यी तथ्याङ्कहरू महत्वपूर्ण छन् । भविष्यमा आपतकालिन अवस्था र जनस्वास्थ्य संकटहरूमा महिला तथा किशोरी विरुद्धका हिंसा रोक्न विशेष रूपमा प्रभावकारी हुन सक्ने अनुकूल हस्तक्षेपहरूको विकासमा यी तथ्याङ्कहरूले महत्वपूर्ण अन्तर्दृष्टि प्रदान गर्न र सूचित गर्न सक्छन् ।

स्रोत : Violence Against Women and Girls Data Collection during COVID-19 (UN Women and WHO, 2020).

फोटो सौजन्य : आइएलओ/जेनिफर ए.प्याटर्सन् (कोत दिग्वार))

लकडाउनको खुकुलोपना : पुनरावलोकन र सिकाइ

कोभिड-१९ महामारीले यसको परिणामस्वरुप एक नयाँ विश्वव्यापी वास्तविकताको ल्याएको छ, जुन यो लेख्दासम्म, पहिले सामान्य मानिने अवस्था कहिले फर्किन्छ र फर्किनेछ वा छैन भन्ने थाहा पनि छैन ।

केही देशहरूले अनिवार्य लकडाउन र क्वारेन्टाइनका उपायहरू सहज बनाउन थाल्दैगर्दा र अर्थव्यवस्थाहरू बिस्तारै पुनः खोल्न थाल्दा। अन्य देशहरूले भने कोभिड-१९का घटना र त्यससँग सम्बन्धित मृत्युको संख्यामा बृद्धि भएको देखिरहेका छन् । त्यही समयमा, केही देशहरूले प्रारम्भिक उपायहरू सहज बनाएपछि, यस समयमा सानो भए पनि, महामारीको दोस्रो लहरको अनुभव गरिरहेका छन् ।

कोभिड-१९को समयमा महिला तथा किशोरी विरुद्धका हिंसामा वृद्धिलाई सम्बोधन गर्ने पुनर्लाभका योजना र दीर्घकालीन समाधानमा महिला संस्थाका भूमिका प्रष्ठ पार्नुहोस् ।

राष्ट्रिय स्वास्थ्य प्रणालीमा असाधारण तनाव रोक्दै खुला अर्थतन्त्र कायम गर्न सक्षम भएर, महामारीको फैलावटलाई सफलतापूर्वक नियन्त्रण गर्न सक्ने देशहरूमा, न्याय प्रणालीले जनस्वास्थ्यका लचिलो उपायहरूको सम्मान गर्दै सामान्य गतिविधिहरूमा फर्कन सुरु गर्न सक्छन् । न्यायमा निरन्तरतामा सबै अत्यावश्यक सेवा प्रदायकहरूको लागि, यस्ता सुरक्षा उपायहरूको खुकुलोपनाले पुनरावलोकन गर्ने र सिक्ने नयाँ अवसरहरू ल्याउँछ ।

उदाहरणका लागि, कोभिड-१९ महामारीका चुनौती र नकारात्मक नतिजाहरूको बाबजुद पनि यसले स्थानीय प्रहरीको 'सार्वजनिक सेवा'को भूमिकामा पनि प्रकाश पारेको छ, जसमा उनीहरूले जनस्वास्थ्य संकटको समयमा खेल्नसक्ने महत्वपूर्ण भूमिका सबैभन्दा संकटासन्न र अल्पसंख्यकहरूको आवश्यकतासँग असम्बद्ध एक आधिकारिकताको भूमिका मात्र भन्दा विपरित छ । केही प्रहरी संगठनहरूले आफ्नो कामको लागि र महामारीको उत्कर्षमा आफूले तथा आफ्ना परिवारले दैनिक रुपमा अतिरिक्त जोखिमको सामना गर्दै गरेका कामको सराहनासहित अभूतपूर्व सार्वजनिक सहयोगको अनुभव गर्न सक्छन् ।

कतिपय प्रहरी संगठनहरूले पीडित/प्रभावित सहयोगी निकाय र नागरिक समाजका संस्थाहरूसँग बलियो सम्बन्ध विकास गर्न सक्षम भएका हुन सक्छन् वा संकटको समयमा साझा समस्याको सामना गर्दै भविष्यमा साझेदारीको लागि बीउ रोपेका हुन सक्छन् ।

यद्यपि, कोभिड-१९ प्रतिकार्यका अनुभवबाट लिन सकिने कुनैपनि सकारात्मक कुराको फाइदा लिन पुनरावलोकन मात्र पर्याप्त हुनेछैन । महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यमा

प्रभावकारी हुनका लागि मुख्य साझेदारीहरूलाई दिगो बनाउनका लागि, प्रहरीले पारदर्शी र समावेशी रूपमा सिकाइप्रति आफ्नो प्रतिबद्धता पनि देखाउनुपर्छ ।

अझ विशेष रूपमा, प्रहरी संगठनहरूले महामारीसम्बन्धी सुरक्षा उपायहरू अवलम्बन भएको समयमा, विशेषगरी महिला तथा किशोरी विरुद्धका हिंसामा प्रतिकार्य गर्दा, नागरिक समाज संस्थाहरू र शैक्षिक विज्ञहरू लगायत अन्य अत्यावश्यक सेवा प्रदायकहरूलाई सक्रिय रूपमा संलग्न गरेर प्राप्त भएको कुनै पनि प्रकारको ऐक्यबद्धताले लिएको गतिलाई कायम राख्नेबारे ध्यान दिनुपर्छ । कोभिड-१९को लकडाउन/क्वारेन्टाइनको समयमा, प्रहरी कारबाहीको कुनै पनि आन्तरिक र बाह्य समीक्षाका सिफारिसहरूले लैङ्गिक-उत्तरदायी प्रहरी संगठनको लागि आवश्यक तालिम र शिक्षा लगायत हाम्रो नयाँ वास्तविकतामा महिला तथा किशोरी विरुद्धका हिंसालाई प्रतिकार्य गर्न नयाँ रणनीति र क्रियाकलापलाई सूचित गर्नुपर्छ । बाकस १० र ११ ले सम्बन्धित सुरक्षा बलहरूद्वारा पश्चिम अफ्रिकामा गरिएको इबोला प्रकोपको प्रतिकार्यको स्वतन्त्र विश्लेषणको उदाहरणहरू प्रदान गर्दछ ।

बाकस ९

पश्चिम अफ्रिकामा इबोला भाइरस रोगबाट सुरक्षा क्षेत्रका लागि सिकाइ र सिफारिसहरू (२०१४–२०१५)[१]

२०१७ मा, DCAF - जेनेभा सेन्टर फर सेक्युरिटी सेक्टर गभर्नेन्स (तत्कालीन जेनेभा सेन्टर फर द डेमोक्रेटिक कन्ट्रोल अफ आर्म्ड फार्सेस्)ले "स्वास्थ्य संकटको जवाफ दिन सुरक्षा क्षेत्रको भूमिका"सम्बन्धी (*The Security Sector's Role in Responding to Health Crises. Lessons from the 2014–2015 Ebola Epidemic and Recommendations for the Mano River Union and Its Member States*) प्रतिवेदन प्रस्तुत गऱ्यो । दुई वर्षभन्दा बढी समयपछि यो प्रतिवेदन कोभिड-१९ विश्वव्यापी महामारी र विश्वभरका सुरक्षा बलहरूमा परेको परिणाममा विशेष रूपमा सान्दर्भिक हुनेछ ।

प्रतिवेदनले निम्न सुरक्षा क्षेत्रका पात्रहरूलाई प्रतिकार्यमा भाग लिने रूपमा समावेश गरेको छ: राष्ट्रिय सशस्त्र बलहरू; गुप्तचर सेवाहरू; प्रहरी/जेंडरमेरी सेवाहरू; सीमा सुरक्षा र सीमा व्यवस्थापन; मिलिशियाहरू सहित स्थानीय सुरक्षा पात्रहरू; अन्तर्राष्ट्रिय सुरक्षा व्यवस्था; राष्ट्रिय सरकारहरू; नागरिक समाजका पात्रहरू (मिडिया, बौद्धिक वर्ग, आदि); संयुक्त राष्ट्रसंघ सहित क्षेत्रीय र अन्तर्राष्ट्रिय सरकारी संगठनहरू; र कानुनी तथा संसदीय निकायहरू ।

उक्त प्रतिवेदन मुख्यतया २०१४-२०१५ मा गिनी, लाइबेरिया र सिएरा लियोनमा इबोला भाइरस रोगको प्रकोपमा केन्द्रित छ, जसको परिणामस्वरुप २८,००० भन्दा बढी संक्रमित र ११,००० भन्दा बढीको मृत्यु भएको थियो । प्रतिवेदनले इबोला प्रकोपमा सुरक्षा बलहरूको प्रतिकार्यमा धेरै कमीकमजोरीलाई अभिलेख गरेको छ जुन सामान्यतया केन्द्रित भएका देशहरूद्वारा बाँडिएको थियो :

- विशेषगरी नियमहरू लागू गर्दा र जीवन तथा सम्पत्तिको सुरक्षा गर्दा मानव अधिकारको संरक्षणसँग सम्बन्धित उप-कानून र स्वास्थ्य नियमनहरू कार्यान्वयन अझ चुनौतीपूर्ण भयो;

१ The Security Sector's Role in Responding to Health Crises. Lessons from the 2014–2015 Ebola Epidemic and Recommendations for the Mano River Union and Its Member States (2017), Sandy, J., Schnabel, A., Sovula, H., Trepp, U., and Zumsteg, R. The Geneva Centre for the Democratic Control of Armed Forces (DCAF) at: https://www.dcaf.ch/security-sectors-role-responding-health-crises-lessons-2014-2015-ebola-epidemic

- प्रारम्भिक प्रकोपको समयमा भूमिका र जिम्मेवारीहरूबारे स्पष्ट रूपरेखाको सामान्य अभाव थियो र सुरक्षा र चिकित्सा कर्मचारीहरू बीचको सहकार्य कमजोर थियो;
- इबोला र अन्य संक्रामक रोगहरूको प्रकोप रोक्न वा नियन्त्रण गर्न सुधार केन्द्रहरूको क्षमता अत्यधिक अपर्याप्त थियो;
- सुरक्षा क्षेत्रमा प्रभावकारी भीड व्यवस्थापन र क्वारेन्टाइन घर र उपचार केन्द्रहरूको सुरक्षाको लागि क्षमताको अभाव थियो;
- सीमा नाकाका कर्मचारीहरूका लागि सुरक्षा क्षेत्रको क्षमता अपर्याप्त थियो । अध्यागमन र प्रबन्धसम्बन्धी कार्यहरूको लागि थप (सुरक्षा) कर्मचारीहरू आवश्यक थिए;
- एक उदाहरणमा, जब इबोला भाइरस रोगसँग व्यवहार गर्ने राष्ट्रिय प्रहरी अधिकारीहरूको लागि अपर्याप्त प्रशिक्षण र तयारीको कमी स्पष्ट थियो, रेड क्रसको अन्तर्राष्ट्रिय समिति (ICRC) ले उनीहरूलाई इबोलाको जोखिममा परेका प्रहरी कर्मचारीहरूको हेरचाह कसरी गर्ने भनेर प्रशिक्षण दिन थाल्यो;
- प्रायःजसो, इबोला प्रकोपको अग्रपंक्तिमा खटिने सैनिकका उपचारका लागि निर्धारित सैन्य अस्पतालहरू न त पर्याप्त रूपमा प्रबन्धयुक्त थिए न त पर्याप्त क्षमताका थिए;
- संकटको परिवेशमा प्रहरी कार्यहरूको क्षेत्रीय सहकार्य प्रभावहीन थियो र यी देशहरूमा सिकाइ र सूचना आदानप्रदान यदि भएकै थियो भनेपनि, अत्यन्त कम थियो;
- प्रकोपको प्रारम्भिक चरणहरूमा सामुदायिक संलग्नतामा महिलाहरूको संलग्नता कमजोर थियो, सामान्यतया, महामारीको सुरुवातमा त्यस्ता संलग्नताका लागि अनुरोध पनि गरिएको थिएन;
- सीमा नाका बन्द गर्ने प्रयास मानिसहरूको स्वतन्त्र आवतजावतलाई नियन्त्रण गर्न प्रभावकारी भएन, किनभने यस क्षेत्रका देशहरूको प्राकृतिक सिमानाहरू धेरै छिद्रपूर्ण हुन्छन् ।

यद्यपि, इबोला प्रकोपको प्रतिकार्य बढ्दै जाँदा, समुदाय, प्रहरी र सेनाबीचको सहकार्यमा सुधार भएको छ र महामारीसँग लड्न सशस्त्र बलको संलग्नता अत्यन्तै लाभदायक भएको छ ।

प्रतिवेदनले उनीहरूको सामूहिक प्रतिकार्यको विश्लेषणको परिणामस्वरूप सुरक्षा क्षेत्रका लागि धेरैवटा सिफारिसहरू प्रदान गरेको छ । प्रहरीका लागि गरिएका सिफारिसहरू यस्ता छन् :

- यस क्षेत्रका सबै प्रहरी बलहरूको तालिम पाठ्यक्रममा संकट व्यवस्थापन समावेश गर्ने;
- रचनात्मक संलग्नता मार्फत नागरिक समाजका पात्रहरूसँग सम्बन्ध सुधार गर्ने;
- जनताको सुरक्षाको जिम्मेवारीमा प्रहरी बलको क्षमता अभिवृद्धि गर्ने;
- जनस्वास्थ्यसम्बन्धी आपतकालिन समयमा उपयुक्त चिकित्सा जाँच प्रक्रियाहरूबारे प्रहरीलाई तालिम दिने;
- सामुदायिक प्रहरीको अवधारणा र अभ्यासलाई सुदृढ गर्ने;
- सुरक्षा कर्मचारीहरूका लागि स्पष्ट स्वास्थ्य सुरक्षा निर्देशिकाहरू स्थापित गर्ने;
- स्वास्थ्य संकटको रोकथाम र व्यवस्थापनमा प्रहरीको रचनात्मक संलग्नतालाई सहज बनाउन मानक कार्यसञ्चालन विधि स्थापना गर्ने;
- गलत व्याख्याबाट बच्न स्थानीय उप-कानूनहरूको व्याख्या र कार्यान्वयन गर्ने तालिम प्रदान गर्ने;
- सीमा व्यवस्थापन अधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने ।

Source: Not just hotlines and mobile phones: GBV Service provision during COVID-19 (2020). Erskine, D. for UNICEF and Global Rapid Gender Analysis for COVID-19 (2020) international Rescue Committee and CARE International

बाकस १०

युएनडिपी : सिएरा लियोनमा इबोला प्रकोपको समयमा यौन तथा लैङ्गिकतामा आधारित हिंसासम्बन्धी मूल्याङ्कन

२०१६ मा, युएनडिपीको न्यायमा पहुँच कार्यक्रमले सिएरा लियोनको पूर्वी क्षेत्रमा इबोला प्रकोप हुनु अघि र प्रकोपको समयमा यौन तथा लैङ्गिक हिंसाको व्यापकताको बारेमा अध्ययन गरेको थियो । यस अध्ययनले प्रकोपको समयमा सबैभन्दा व्याप्त हुने हिंसाका विशिष्ट प्रकारहरू र सङ्कटको समयमा पीडित/प्रभावितका लागि कुन हदसम्म सेवाहरू उपलब्ध थिए वा थिएनन् भन्ने कुरामा पनि प्रकाश पार्ने प्रयास गरेको छ ।

उक्त अध्ययनले सिएरा लियोन प्रहरीको पारिवारिक सहयोग इकाई र न्याय क्षेत्र लगायतमा यसका अत्यावश्यक सेवा साझेदारहरूको काममा ध्यान केन्द्रित गरेको थियो । पारिवारिक सहयोग इकाईले घरेलु हिंसा र बाल दुर्व्यवहारका घटनाहरू व्यवस्थापन गर्छ । अध्ययनबाट प्राप्त केही प्रमुख निष्कर्षहरू यसप्रकार छन् :

- स्थानीय अत्यावश्यक सेवा प्रदायकहरूद्वारा संकलित महिला तथा किशोरी विरुद्धका हिंसाको पछिल्लो छ महिनाको आधिकारिक तथ्याङ्कले संकटको समयमा यौन तथा लैङ्गिक हिंसाका घटनाहरूमा थोरै कमी आएको संकेत गरेको विपरीत, अन्तर्वार्ताको माध्यमबाट प्राप्त गुणात्मक जानकारीले महिला तथा किशोरी विरुद्धका हिंसाका पन्ध्र स्वरूपमध्ये पाँच प्रकारका घटनामा वास्तवमा वृद्धि भएको देखाएको छ । यसमा बालबालिकाको यौन रुपमा गरिएको प्रवेश (sexual penetration), घरेलु हिंसा, यौन दुर्व्यवहार र परित्याग/उपेक्षा पर्छन्;
- केही समुदायहरूले सोही अवधिमा किशोरावस्थामा हुने गर्भधारणमा ४०-६०%सम्म वृद्धि भएको पनि बताएका छन् । यस विपरित, पारिवारिक सहयोग इकाईद्वारा राखिएका आधिकारिक तथ्याङ्कहरूले २०१४ को अवधिमा बालबालिकामाथि यौन रुपमा गरिएको प्रवेशबारे उजुरी गरिएका घटनाहरूको संख्यामा उतारचढाव देखाएको छ;
- अदालत लगायतका अत्यावश्यक सेवाहरूको पहुँच र उपलब्धताका कारण प्रहरी र स्थानीय नेताहरू मार्फत यौन तथा लैङ्गिक हिंसाका मुद्दाहरूमा मेलमिलाप गर्ने अभ्यासलाई बढाएको छ । यसले आरोपित पीडकहरूका लागि दण्डहीनतामा वृद्धि भएको हुनसक्छ;

फोटो सौजन्य : युएनडिपी/एयान केनेडी (सिएरा लियोन)

- गरीब महिला तथा किशोरीहरू र विधवाहरू विशेषगरी प्रकोपको परिणामस्वरुप बढेको आर्थिक संकटासन्नताका कारण बढ्दो जोखिममा लक्षित गरिएका थिए;
- घरेलु वातावरण बाहिर, विशेषगरी १८ वर्ष मुनिका बालबालिकामा यौन रुपमा प्रवेश गर्ने आरोपित पीडकहरूमध्ये प्रायःजसो प्रमुख, धार्मिक नेता, गैरसरकारी संस्थाका कार्यकर्ता र व्यवसायी लगायत अख्तियार र/वा विश्वासको पदमा रहेका पुरुषहरू थिए;
- १३ देखि १७ वर्ष बीचका किशोरीहरूका लागि, उत्तीर्ण अंक वा राम्रो अंकको लागि, विशेषगरी परीक्षाको समयमा आफ्ना विद्यार्थीहरूसँग लेनदेनमा संलग्न हुने पीडकको रूपमा शिक्षकहरूलाई पनि पहिचान गरिएको थियो;

अध्ययनले इबोला अनुभवको परिणाम स्वरूप सिएरा लियोन प्रहरीमा लागू हुने निम्न कार्यहरू सिफारिस गरेको छ :

- यौन तथा लैङ्गिक हिंसाका आपराधिक मुद्दाहरूमा मेलमिलाप नगरेर औपचारिक न्याय प्रणाली मार्फत उपचार खोजिएको सुनिश्चित गर्न सामुदायिक नेताहरूलाई संलग्न गर्नुहोस् ।
- घटनाहरूमा पर्याप्त प्रतिकार्यका लागि तत्काल पारिवारिक सहयोग इकाईको कार्यसञ्चालन क्षमता बढाउनुहोस्;
- यौन तथा लैङ्गिक हिंसाका घटना व्यवस्थापन र तथ्याङ्क सङ्कलन सम्बन्धमा पारिवारिक सहयोग इकाईका कर्मचारीहरूको प्राविधिक क्षमता बढाउनुहोस्;

फोटो सौजन्य : युएनएमइइआर/मार्टिन पेरेट (सिएरा लियोन)

- महिला यौनाङ्ग छेदन/काट्नेमा रोकसम्बन्धी हालको परिपालनाको आधारमा यस अभ्यासको समग्र कमी/त्याग गर्नमा सहयोग निर्माण गर्नुहोस् । यसमा समुदाय र सोवेईसँग रणनीतिक संलग्नता गरिएको हुनुपर्छ । काट्ने बाहेकका परम्परागत प्रचलनलाई कायम राख्न प्रोत्साहन गर्नुपर्छ ।
- महिला र पुरुष दुवैलाई संलग्न गराएर महिलाको हैसियत बढाउनमा केन्द्रित प्राथमिक रोकथामका प्रयासहरूलाई बढाउन आवश्यक छ । यो सिफारिस सिएरा लियोन प्रहरीभित्र पनि लागू हुनुपर्छ;
- यौन तथा लैङ्गिक हिंसा पीडितहरूका लागि इन्द्रेणी केन्द्रहरू/एकद्वार सेवा केन्द्र जस्ता सुविधाहरूको संख्या बढाउनुहोस् र धेरै दुर्गम क्षेत्रहरूमा पनि महिलाहरूको लागि समुदायमा आधारित संस्था र अन्य स्थानीय निकायहरू मार्फत पहुँच सुनिश्चित गर्नुहोस् । यस्तो अवस्थामा, सिएरा लियोन प्रहरीले एकद्वार सेवा केन्द्रभित्र मानव संसाधनको पर्याप्त विनियोजनको लागि योजना बनाउनुपर्छ;
- पारिवारिक सहयोग इकाईले गर्नुपर्ने उपयुक्त कार्यसम्पादन सम्भव बनाउन यस संस्थाका लागि सरकारी कोष बढाउन आवश्यक छ;
- यौन तथा लैङ्गिक हिंसाका मुद्दाहरूमा काम गर्ने समुदायमा आधारित संस्था साझेदारहरूलाई सेवा प्रावधान, पैरवी र अभिलेखीकरणमा उनीहरूको सीप सुधार गर्न थप क्षमता अभिवृद्धि प्रशिक्षण प्रदान गरिनुपर्छ । यस्तो अवस्थामा, समुदायमा आधारित संस्थासँग प्रभावकारी समन्वय सुनिश्चित गर्न सिएरा लियोन प्रहरी एकसक्रिय साझेदार हुनुपर्छ ।

स्रोत : Assessing Sexual and Gender Based Violence during the Ebola Crisis in Sierra Leone (UNDP and Irish Aid, 2015).

घटना अध्ययन

कोभिड-१९ का सुरक्षा उपायहरू अवलम्बन गरिएको समयमा उजुरी गरिएका घरेलु हिंसाका घटनामा कोसोभोको सहकार्यात्मक प्रतिकार्य

भाग १: परियोजना 'घरेलु हिंसाको रोकथाम' कोसोभो प्रहरी मित्रोभिका दक्षिण क्षेत्र

कर्नल Afërdita Mikullovci, क्षेत्रीय प्रहरी निर्देशक - मित्रोभिका दक्षिण क्षेत्र

अप्रिल २९ मा, कोभिड-१९ महामारीको समयमा घरेलु हिंसाका केही तथ्याङ्कहरू विश्लेषण गरेपछि, मित्रोभिका दक्षिण क्षेत्रका लागि क्षेत्रीय प्रहरीका वरिष्ठ नेतृत्वकर्ताले घरेलु हिंसा रोकथामका थप कदमहरू चाले ।

घोषणा गरिएको मुख्य पहल 'घरेलु हिंसाको रोकथाम' शीर्षकको बहु-आयामिक परियोजना थियो, जुन स्थानीय गैरसरकारी संस्थाहरूको सहयोगमा भर पर्दै मुख्यतया मित्रोभिका क्षेत्र (दक्षिण र उत्तर) मा महिला अधिकार, मानव अधिकार र लैङ्गिक समानतासँग सम्बन्धित छ । स्थानीय गैरसरकारी संस्थाहरूको प्रतिक्रिया अत्यधिक सकारात्मक थियो, जसको फलस्वरुप यस परियोजनाको नीति-वाक्य बन्यो : 'घरेलु हिंसा विरुद्ध एकजुट' र साथै स्पष्ट सन्देश पनि बन्यो 'परिवार महत्वपूर्ण कुरा मात्र होइन - यो नै सबै कुरा हो'।

परियोजनाका साझेदार र लाभग्राहीमा यी समावेश थिए:

- कोसोभो प्रहरी
- घरेलु हिंसा मुद्दाहरूको अभियोजक
- धार्मिक प्रतिनिधिहरू (इस्लामिक र ईसाई)
- पीडित संरक्षण अधिकारीहरू
- मित्रोभिकाको नगरपालिकाभित्र लैङ्गिक सन्तुलनसम्बन्धी कार्यालय
- उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरू
- प्राथमिक विद्यालयका विद्यार्थीहरू
- एनजीओ 'डाउन सिन्ड्रोम'
- एनजीओ 'लिटल पिपल अफ कोसोभा'
- एनजीओ "DIAKONIA" - मित्रोभिकामा आघातकेन्द्र
- एनजीओ 'मुन्डेसिया' (अवसर)

फोटो सौजन्य : कोसोभो प्रहरी

- एनजीओ 'Zenska Pravo' (महिला अधिकार) - उत्तर मित्रोभिका
- एनजीओ 'REC' (पुनर्मिलन सशक्तीकरण समुदायहरू
- एनजीओ 'MWAHR' (मित्रोभिका महिला तथा मानव अधिकार)
- एनजीओ 'CBM' (समुदायिक भवन मित्रोभिका)

अर्को महिना, सबै साझेदार र लाभग्राहीहरूको सक्रिय सहयोगको परिणामस्वरूप, परियोजनाले निम्न गतिविधिहरू कार्यान्वयन गर्न सम्भव भयो :

- उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूसँग घरेलु हिंसा विषय र यसका नकारात्मक घटनाबाट हुने परिणामका बारेमा कोसोभो प्रहरी र मनोवैज्ञानिकहरूद्वारा संचालित अनलाइन कार्यक्रम । यसले विद्यार्थीहरूलाई घरेलु र लैङ्गिक हिंसासम्बन्धी विभिन्न भनाइ/उद्धरणहरू प्रसार गर्न कोसोभो प्रहरी र परियोजनाका गैरसरकारी साझेदार संस्थाहरूबीच सहकार्य सम्भव बनायो । यसबाहेक, विद्यार्थीहरूले आफ्ना भनाइहरू/उद्धरणहरू र तस्विरहरू एक महिनाका लागि प्रत्येक दिन सेयर गर्दै आएका थिए ।

- घरेलु हिंसाका पीडित/प्रभावितलाई उनीहरूको सुस्वास्थ्यमा चासो देखाउँदै, र आवश्यक परेमा स्थानीय आघात केन्द्रबाट मनोवैज्ञानिकहरूमा पहुँच गर्नेबारे उनीहरूलाई सूचित गर्दै कोसोभो प्रहरीद्वारा फोनबाट सम्पर्क गरिएको थियो ।

यसमा पीडित/प्रभावितलाई मनोवैज्ञानिकहरूको सम्पर्क नम्बरहरू उपलब्ध गराउने, जसले यी पहुँच विस्तार गरिएका पीडित/प्रभावितसँग सम्पर्कबारे सूचित गर्छन्;

- धार्मिक प्रतिनिधिहरू (इस्लामिक र क्रिस्चियन) सम्म पुगिएको, ताकि उनीहरूले समुदाय र उनीहरूका सामाजिक सञ्जाल सम्पर्कहरूसँगको अनलाइन बैठकहरूमा घरेलु हिंसाको विषय र यसका परिणामहरूलाई सम्बोधन गर्न सकून् ।

- नीति-वाक्य र सन्देश 'घरेलु हिंसा विरुद्ध एकजुट' - 'परिवार महत्वपूर्ण कुरा मात्र होइन - यो नै सबै कुरा हो' लाई प्रचार गर्ने ब्यानर, नोटबुक, पर्चा, टी-शर्ट, पेन्सिल जस्ता सामग्री दुबै आधिकारिक भाषाहरू (अल्बेनियन् र सर्बियाई)मा उपलब्ध गराइएका थिए । यी प्रचार सामग्री कोसोभो प्रहरीद्वारा दक्षिण र उत्तरी मित्रोभिकामा सहयोग र वितरण गरिएको थियो । कोसोभोमा युरोपेली संघ नियम कानून मिशन वा EULEX[६५] ले पनि सामग्री छाप्ने पहललाई सहयोग गर्यो;

- कोसोभो प्रहरी प्रतिनिधि, सरकारी अभियोजक, इस्लामिक र क्रिस्चियन धार्मिक प्रतिनिधिहरू, पीडित पैरवीकर्ताहरू, महिला अधिकार एनजीओ नेटवर्कका प्रतिनिधिहरू र पीडित सहायता विज्ञहरूका साथै परिवारको सुस्वास्थ्यबारे बालबालिकाबाट चित्र एवं कविताहरू जस्ता मुख्य साझेदारहरूद्वारा धेरै महत्वपूर्ण सन्देशहरू समावेश गरी *Bashkë kundër dhunës* (हिंसा विरुद्ध एकसाथ) शीर्षकको भिडियो[६६] तयार गरिएको थियो ।

महामारीका कारण असाधारण रूपमा लामो समय काम गरिसकेका कोसोभो प्रहरी अधिकारीहरूको समर्पण, उत्प्रेरित सरकार र नागरिक समाजका विभिन्न पात्रहरूको सहयोगका कारण यो सहकार्यात्मक परियोजना सफल भएको थियो । विभिन्न संगठन, संस्था र तिनका विभिन्न राष्ट्रियताहरू (अल्बेनियाली, सर्बियाली, बोस्नियाली, आदि) बीचको सहकार्यको भावना विशेष रुपमा महत्वपूर्ण थियो ।

भाग २ : कोभिड-१९ महामारीको समयमा महिला तथा किशोरी विरुद्धका हिंसा प्रतिकार्यमा अन्तर्राष्ट्रिय सहयोग

युएन वुमन कोसोभा]

कोसोभोमा कोभिड-१९ को पहिलो दुई संक्रमणका घटना मार्चको मध्यमा पहिचान गरिएको थियो, जतिबेला क्वारेन्टाइनका उपायहरू पनि सुरु भयो । विश्वको सबैतिर जस्तै, यसले घरेलु हिंसा/अन्तरवैयक्तिक हिंसा प्रभावितका लागि प्रभाव पारेको थियो । लैङ्गिक समानता एजेन्सी र न्याय मन्त्रालयको सहयोगमा संयुक्त राष्ट्रसंघीय विकास संयोजकको समन्वयमा आइसोलेसनका उपायहरू सुरु भएदेखि, युएन वुमनले कोसोभो वरपरका आठ घरेलु हिंसा/लैङ्गिकतामा आधारित हिंसा आश्रयस्थलसँग दैनिक सम्पर्कमा रहेको छ । युएन वुमनले आश्रयस्थलहरूबाट तत्काल अनुरोधहरू सङ्कलन गरेर संयुक्त राष्ट्रसंघीय निकायको प्रतिकार्यलाई समन्वय गरेको थियो, जसपछि ती स्थानहरूमा युएनएफपीए, युएनडिपी, युएनएचसीआर र युनिसेफले आश्रयहरूमा खाना, स्वच्छता किटहरू र पीपीई वितरण गरेका थिए ।

संयुक्त युएन कोसोभो टोली (युएनकेटी) को प्रयासको परिणामस्वरूप, आइसोलेसन उपाय अवलम्बन भएको पहिलो दुई हप्तामा आश्रयमा रहेका करिब ५५० महिला/घरेलु हिंसा प्रभावितहरूलाई खाना र स्वच्छता किटहरू जस्ता आपूर्तिहरू प्रदान गरियो । युएन वुमनले गैर-बहुसंख्यक समुदायका घरेलु हिंसा/लैङ्गिक हिंसा पीडितहरूको अवस्थाको अनुगमन गर्यो र गैर-बहुसंख्यक नगरपालिकाहरूमा महिला संस्था र समन्वय संयन्त्रहरूसँग सम्पर्कमा रह्यो । संयुक्त युएनकेटी प्रयासहरू मार्फत नोभोर्ब्दोमा एक गैर-बहुसंख्यक आश्रयमा सामग्रीहरू वितरण गरिएको थियो ।

यसबाहेक, कोसोभोका आश्रयस्थलहरूमा बालबालिकाका लागि अनलाइन सिकाइ प्रक्रियालाई सहज बनाउन कोसोभोमा संयुक्त राष्ट्र मिशनको सहयोगमा युएन वुमनले टिभी सेट, ल्यापटप कम्प्युटर र प्रिन्टरहरू जस्ता प्राविधिक उपकरणहरू दान गरे । दानमा ओछ्यान, तकिया, सिरक, रुमाल, लुगा, अन्डरवियर र अन्य सामानहरू पनि समावेश थिए । त्यस्ता वस्तुहरू बालबालिकाका लागि आश्रय र मानव बेचबिखन प्रभावितका आश्रयस्थलमा पनि उपलब्ध गराइएको थियो ।

---

६५ EULEX Kosovo was launched in 2008 as the largest civilian mission under the Common Security and Defence Policy of the European Union. EULEX's overall mission is to assist the Kosovo authorities in establishing sustainable and independent rule of law institutions. See About EULEX https://www.eulex-kosovo.eu/?page=2,60

६६ Bashkë kundër dhunës (Together against Violence). Kosovo Police Official Channel, at: https://www.youtube.com/watch?v=LSnomZVgD_w

युएन वुमनले आपूर्ति र उपकरण उपलब्ध गराउँदै
(२९ अप्रील, २०२०) । फोटो सौजन्य : युएन वुमन, कोसोभो)

युएन वुमनले कोसोभो प्रहरीलाई शरीरमा लगाउने क्यामेरा प्रदान गर्दै
(१३ मे, २०२०) । फोटो सौजन्य : युएन वुमन, कोसोभो

युएन वुमनले युएनएफपीएसँग संयुक्त रूपमा न्याय मन्त्रालयलाई महामारीको समयमा घरेल हिंसाका मुद्दाहरू व्यवस्थापन गर्नको लागि आपतकालीन कार्यविधि विकास गर्न सहयोग गऱ्यो । साथै, युएन वुमन र यूएनएफपीएले आश्रयस्थलहरूमा भर्ना हुनु अघि घरेलु हिंसा मुद्दाका लागि अस्थायी क्वारेन्टाइन केन्द्रहरूमा स्वच्छता प्याकेजहरू, लुगाहरू, ओछ्यान, रुमाल र अन्य सामग्रीहरू उपलब्ध गरायो । स्वास्थ्य मन्त्रालय, न्याय मन्त्रालय, आन्तरिक मामिला मन्त्रालय र लैङ्गिक समानताका लागि एजेन्सी/प्रधानमन्त्री कार्यालय जस्ता पात्रहरू संलग्न गराएर यूएनएफपीएले सुरु गरेको बहुक्षेत्रीय संवादबाट ती अस्थायी क्वारेन्टाइन सुविधाहरूको स्थापना सम्भव भएको हो ।

महामारीको सुरुदेखि नै कोसोभो प्रहरीसँग युएन वुमन निकट सम्पर्कमा रहेर महिला तथा किशोरी विरुद्धका हिंसाको अवस्थाबारे निगरानी गर्दैछ । कोसोभो प्रहरी-घरेलु हिंसा इकाईहरूलाई शरीरमा लगाइने चालिसवटा क्यामेराहरू दान गरिएको थियो, जसले नयाँ प्रविधिमार्फत अग्रपंक्तिमा प्रतिकार्य गर्नेहरू र घरेलु हिंसा पीडित/प्रभावितको दुवैको सुरक्षा र संरक्षणलाई वृद्धि गर्ने लक्ष्य राखेको थियो ।

चेतना जगाउने र घरेलु हिंसाका घटनाहरूको उजुरीलाई प्रोत्साहन गर्ने उद्देश्यसाथ मार्च २०२० मा, युएन वुमनले कोसोभोका प्रधानमन्त्री, संसदका सभामुख, न्यायमन्त्री, स्वास्थ्य मन्त्री लगायतका तीन भाषामा भिडियो सन्देशहरू समावेश गरी सचेतना अभिवृद्धि अभियान सुरु गरेको थियो । आन्तरिक मामिला मन्त्री, कोसोभो प्रहरी, संयुक्त राष्ट्रसंघीय विकास संयोजक र युएन वुमनका कार्यालय प्रमुखका साथै कोसोभो संस्थाहरूले उपलब्ध गराएको स्क्रिनमा देखाइने तीन फोन नम्बरहरू अनलाइनमा हप्ताको सातै दिन र चौबिसै घन्टा उपलब्ध छन् । उक्त अभियानलाई स्थानीय टिभि च्यानलहरू र सामाजिक सञ्जालहरूमा प्रसारण गरिएको थियो, जसको उद्देश्य घरेलु हिंसा पीडित/प्रभावितलाई संस्थाहरूबाट आवश्यक सहयोग प्राप्त गर्ने सुनिश्चितताको लक्ष्य राखिएको थियो । पहिलो दुई हप्तामा अभियानले १० लाखभन्दा बढी व्यक्तिसम्म पहुँच गरेको थियो ।

अनुसूची १

टाउन्सले सर्कल्स्

जनस्वास्थ्य (महामारी) वा मानवीय संकटको समयमा महिला तथा किशोरी विरुद्धका हिंसा विरुद्ध प्रहरी प्रतिकार्यमा लैङ्गिक-उत्तरदायी योजना तथा सेवा प्रवाह

१. तथ्याङ्क विश्लेषण

- संकट अघि र संकटको समयमा महिला तथा किशोरी विरुद्धका हिंसाका तथ्याङ्क
- तथ्याङ्कको सावधानीपूर्वक तुलना*
- संकटसँग सम्बन्धित तथ्याङ्क (विज्ञानले हामीलाई के भन्छ?)
- सूचना - सरकारी निर्देशन/प्रतिबन्धहरू,
- गुप्त सूचना - अपराधका प्रवृत्ति, पीडित/पीडकका विवरण वा प्रोफाइल आदि ।
- विद्यमान मानक कार्यसञ्चालन विधिहरू, नीतिहरू आदिको समीक्षा

*लकडाउन वा हिँडडुलमा प्रतिबन्धको समयमा महिला तथा किशोरी विरुद्धका हिंसाको उजुरीमा कमी आउनुको मतलब घटनाहरू कम भए भन्ने होइन, यसले अपराधका प्रकारहरू परिवर्तन भएको वा पीडित/प्रभावितले सामान्य उजुरी संयन्त्रहरू पहुँच गर्न नसकेको हुनसक्छ ।

२. प्रभाव विश्लेषण

- जोखिम मूल्याङ्कन
- लैङ्गिकता/विविधता मूल्याङ्कन
- व्यापार निरन्तरता मूल्याङ्कन**
- सामुदायिक प्रभाव मूल्याङ्कन

**व्यवसाय निरन्तरता मूल्याङ्कन संकटको समयमा महिला तथा किशोरी विरुद्ध हुने हिंसाप्रति प्रभावकारी प्रहरी प्रतिकार्य कायम गर्ने क्षमतासँग सम्बन्धित हुनुपर्छ ।

३. योजना निर्माण

- रणनीति र योजनाहरू पहिचान गर्ने
- विद्यमान वा नयाँ कार्यान्वयन योजनाहरू 'उद्देश्यका लागि उपयुक्त' छन् ?
- व्यापार निरन्तरता - महिला तथा किशोरी विरुद्ध हिंसाप्रति कसरी 'सधैंको जस्तो' प्रतिकार्य प्रदान गर्ने
- आपतकालीन/आकस्मिक योजनाहरू, विद्यमानको समीक्षा वा प्रभाव विश्लेषणको आधारमा नयाँ वा परिष्कृत योजनाहरू विकास गर्ने ।
- हस्तक्षेपहरू - पीडित-केन्द्रित दृष्टिकोण, अपराधी-केन्द्रित अनुसन्धान
- शासन र उत्तरदायित्व संयन्त्रहरू

४. आकस्मिकता र न्यूनीकरण

- केही भैहालेमा के गर्ने भन्ने प्रश्नका लागि विकल्पहरू पहिचान गर्ने
- अन्य अत्यावश्यक सेवा, न्यायिक निकाय, र धार्मिक नेता, छरछिमेक, मिडिया जस्ता वृहत् समुदायसँग सहकार्य
- न्यायमा पहुँच गर्न पीडित/प्रभावितका लागि सुरक्षित स्थानहरू
- पसल, हुलाकी, औषधी पसले आदि जस्ता संकटको समयमा उपलब्ध हुने अन्य सेवा/अवसरहरूको पहिचान गर्ने
- अन्य सेवा प्रदायक र/वा न्यायिक निकायहरूसँग नयाँ कार्यविधि/कार्यगत अभ्यासहरू
- व्यक्तिगत सुरक्षा उपकरण (पीपीई)

५. कार्यान्वयन

विद्यमान, नयाँ वा परिमार्जित योजना :

- पीडित-केन्द्रित अवधारणा
- पीडकमा आधारित अनुसन्धान
- हानी नगरौं
- योजना/कार्यान्वयनबारे सञ्चार, संस्था र समुदायभरी सन्देश प्रवाहमा एकरुपता
- कार्यको समीक्षा -स्पष्ट र एकरुपतापूर्ण

६. समीक्षा र सिकाइ

- डि-ब्रिफ/कार्यको समीक्षा
- के हस्तक्षेपहरू उद्देश्यका लागि उचित थिए ?
- कोही पनि छुटेनन्, के प्राथमिकताहरू सही रुपमा परिभाषित थिए ?
- जावफदेहिता
- निरिक्षण
- रचनात्मक नेतृत्व
- सिकाइहरू
- योजना परिमार्जन
- तालिम/अभिमूखीकरण

जनस्वास्थ्य (महामारी) वा मानवीय संकटको समयमा महिला तथा किशोरी विरुद्धका हिंसा विरुद्ध प्रहरी प्रतिकार्यमा लैङ्गिक-उत्तरदायी योजना तथा सेवा प्रवाह

यो ढाँचा एक चक्रीय प्रक्रिया हो र यसलाई पूर्व-नियोजित र तत्कालका प्रतिकार्यहरूका लागि प्रयोग गर्न सकिन्छ। यो कुनैपनि मात्राको घटना/संकटमा लागू गर्न सकिन्छ र संकट बढ्दै जाँदा, वा संकटको शिखर पार गरिसकेपछि नयाँ सामान्य नै भएपनि, सामान्यतर्फ फर्कन थाल्ने बित्तिकै पनि यसलाई प्रयोग गर्न सकिने गरी यो पर्याप्त लचिलो हुन्छ। यस प्रक्रियाको मूल भागमा, तपाईंले सुरक्षा र संरक्षणका उपायहरूको बारेमा सोच्नुपर्छ र त्यसलाई प्रक्रियाको प्रत्येक चरणमा विचार गर्न आवश्यक हुन्छ।

१. **तथ्याङ्क विश्लेषण** - यो सधैँ प्रक्रियाको प्रारम्भमा हुनेगर्छ र तपाईंले सम्बोधन गर्न खोजेको मुद्दा/सवाल पहिचान गर्न जानकारी र गुप्त सूचना यस चरणमा संकलन गरिन्छ। यो संकटको प्रभावको परिणामस्वरुप तथ्याङ्कको गलत व्याख्या भएको छैन भन्ने सुनिश्चित गर्न महत्वपूर्ण हुन्छ। उदाहरणका लागि, लकडाउन वा हिँडडुलमा प्रतिबन्धको समयमा महिला तथा किशोरी विरुद्धका हिंसाको उजुरीमा कमी आउनुको मतलब घटनाहरू कम भए भन्ने होइन, यसले अपराधका प्रकारहरू परिवर्तन भएको वा पीडित/प्रभावितले सामान्य उजुरी संयन्त्रहरू पहुँच गर्न नसकेको भन्ने संकेत गर्न सक्छ।

२. **प्रभाव विश्लेषण** - तथ्याङ्क विश्लेषणले संकटको सम्भावित प्रभावहरू पहिचान गर्न मद्दत गर्दछ र त्यसका लागि एक भन्दा बढी प्रकारको मूल्याङ्कन आवश्यक हुन्छ। प्रत्येक प्रकारको प्रभाव मूल्याङ्कन अन्तर्गत केही उदाहरणहरू प्रदान गरिएको छ, तर यी एकमात्र त्यस्ता उदाहरण हैनन्। पहिचान गरिएका प्रभावहरू फरक-फरक परिवेशमा फरक-फरक हुन सक्छन् र समयसँगै परिवर्तन हुने सम्भावना हुन्छ, त्यसैले यो ढाँचाद्वारा परिभाषित गरिएको एक निरन्तर प्रक्रियाको अंश हो।

जोखिम मूल्याङ्कन

- महिला तथा किशोरी विरुद्धका हिंसाको बढ्दो जोखिम
- हिंसा/दुर्व्यवहारका बढ्दो प्रकारहरू
- सञ्जालको घट्दो सहयोग
- अग्रपंक्तिका प्रहरीका व्यक्तिगत सुरक्षा र पीपीईको अभाव

लैङ्गिक/विविधता मूल्याङ्कन

- मानव अधिकार उल्लङ्घन
- कुनै पनि प्रस्तावित योजना वा परिवर्तनले अपाङ्गता भएका र/वा अन्य आवश्यकता भएका महिला तथा किशोरीहरूलाई विशेष रुपमा असर गर्न सक्छ,
- महिला तथा किशोरीहरूको संकटासन्नतामा संकटले ल्याएको कुनैपनि असमान प्रभावहरू

कार्यको निरन्तरता मूल्याङ्कन

- महिला तथा किशोरी विरुद्धका हिंसालाई सामान्य प्रतिकार्य गर्ने क्षमता
- कर्मचारीको सुस्वास्थ्य र उपलब्धता
- पीडित/प्रभावित-केन्द्रित दृष्टिकोण
- पीडकमा आधारित अनुसन्धान
- हानी नगरौं
- दिगोपना

सामुदायिक प्रभाव मूल्याङ्कन

- के महिला तथा किशोरी विरुद्धका हिंसामा प्रहरी प्रतिकार्यका कुनैपनि परिवर्तनद्वारा केहि समुदाय असमान रुपमा प्रभावित हुन सक्ने सम्भावना छ ?
- महिला तथा किशोरी विरुद्धका हिंसाको प्रतिकार्यले संकटको समय र त्यसबाहेकका समय दुवैमा समुदायको विश्वास र भरोसामा कस्तो असर पार्छ ?
- लक्षित समुदायिक संलग्नता कहाँ लागू गर्न आवश्यक छ

३. **योजना** - यो त्यो चरण हो जब नयाँ योजनाहरू विकास गरिन्छन् र कुनै पनि विद्यमान, आपतकालीन वा आकस्मिक योजनाहरूलाई तथ्याङ्क विश्लेषण र प्रभाव मूल्याङ्कनको आधारमा समीक्षा गरिन्छ। त्यसो गर्नुको उद्देश्य ती योजना 'उद्देश्यका लागि उपयुक्त' छन् भनी सुनिश्चित गर्नु हो। कुनैपनि प्रतिकार्य 'हानी नगरौं' को अवधारणा अनुरूप भएको सुनिश्चित गर्दै समग्र पीडित/प्रभावित-केन्द्रित अवधारणामा पीडकमा आधारित अनुसन्धान गरिने उद्देश्य योजनाले लिएको हुनुपर्छ।

४. **आकस्मिकता र न्यूनीकरणहरू** - तपाईंको योजना लागू भएपछि केहि अप्रत्याशित कुरा भएमा के आवश्यक हुन सक्छ भनेर पहिचान गर्न महत्वपूर्ण हुन्छ। आकस्मिकता र न्यूनीकरणका उपाय योजना साथसाथै लगिएपनि, ती आफैं पनि प्रक्रियाको एक अलग भाग हुन सक्छन्। योजना तर्जुमाको चरणमा, तपाईंले पहिले नै 'यदि यस्तो भयो भने?' भन्ने कुरामा विचार गरिरहनु पर्छ र यसलाई कार्यान्वयनको चरणसम्म जारी राख्नुपर्छ।

५. **कार्यान्वयन** - योजनाहरूको अवलम्बन सुरु गर्नुहोस्, जुन आपतकालीन प्रतिकार्य योजनाका रूपमा अग्रिममा तयार गरिएको हुन सक्छ, नयाँ योजना वा प्रक्रियाको अघिल्लो ३ चरणहरूको परिणामका आधारमा विद्यमान योजनालाई अनुकूलन गरिएको हुनसक्छ। स्पष्ट र सुसंगत जानकारी प्रदान र बाह्य स्रोत एवं संस्थाहरू र समुदायहरूमा सन्देशहरूको एकरूपता नै सञ्चार कार्यान्वयनको मुख्य भाग हो।

६. **समीक्षा र सिकाइ** - यो सँधै अन्तिममा आउनु पर्छ र प्रक्रिया जारी रहँदा तथ्याङ्क विश्लेषणलाई सूचित गर्दछ, तपाईंले सम्बोधन गरिरहनु भएको कुनैपनि विशेष मुद्दा अन्त्य नभएसम्म यो चक्र जारी रहन आवश्यक हुन्छ। यस अन्तिम चरणमा निष्कर्षहरू समावेश गर्न सक्षम बनाउन कार्यान्वयन हुने बित्तिकै गतिविधिको समीक्षा/डी-ब्रीफिङ सुरु गर्नुपर्छ, र तत्कालको संकट समाप्त भएपछि निश्चित रूपमा थप औपचारिक समीक्षा हुनुपर्छ।

कुनैपनि घटना/संकटको समयभरी नै परिस्थितिहरू निरन्तर परिवर्तन हुने सम्भावना हुन्छ; यसैले यो प्रक्रियालाई एक निरन्तर चक्रको रूपमा डिजाइन गरिएको छ। गतिशील परिस्थितिहरूमा, प्रत्येक चरण अझ छिटो समयभित्र पूरा गर्न आवश्यक हुन सक्छ।

शब्दावली

शब्दावली

अधिकारमा आधारित अवधारणा : गुणस्तरीय अत्यावश्यक सेवाहरू प्रदान गर्ने अधिकारमा आधारित अवधारणाले महिला र किशोरीहरूको अधिकारको सम्मान, संरक्षण र पूर्ति गर्ने राज्यहरूको प्राथमिक जिम्मेवारी हो भन्ने मान्यता राख्दछ। महिला विरुद्धको हिंसा महिला अधिकार, विशेषगरी डर र हिंसामुक्त जीवन बाँच्न पाउने अधिकार आधारभूत रुपमा उल्लङ्घन हो। मानव अधिकारमा आधारित अवधारणाले महिलाको सुरक्षा र कल्याणलाई प्राथमिकता दिन्छ र उनीहरूलाई मर्यादा, सम्मान र संवेदनशीलताका साथ व्यवहार गर्दछ। यसले सम्भव भएसम्म उच्चतम मापदण्ड (असल गुणस्तर)को स्वास्थ्य, सामाजिक न्याय र प्रहरी सेवाहरू महिलाहरूका लागि उपलब्ध, पहुँचयुक्त र स्वीकार्य हुने पर्ने भनी आह्वान गर्दछ। पीडित/प्रभावितहरूका लागि सेवाहरूको गुणस्तर, उपलब्धता, पहुँचयुक्तता र स्वीकार्यताको उपलब्धि यस अवधारणाको केन्द्रबिन्दुमा हुनुपर्छ।[१]

पीडित/प्रभावित-केन्द्रित अवधारणाले हिंसाबाट पीडित/प्रभावितहरूको अधिकार, आवश्यकता र इच्छाहरूलाई सेवा वितरण र प्रशासनिक तथ्याङ्क सङ्कलन तथा प्रयोग दुवैको केन्द्रमा राख्दछ। यसका लागि पीडित/प्रभावितहरूको बहुआवश्यकता, विभिन्न जोखिम र संकटसन्नताहरू र निर्णय तथा क्रियाकलापहरूको प्रभावलाई विचार गर्न आवश्यक छ।[२]

मर्यादा एउटा आधारभूत मान्यता, सिद्धान्त र अधिकार हो, जुन अन्य सबैका लागि आधार र शर्त हो। यसले व्यक्तिलाई अधिकारको वाहक र विषयको रूपमा जनाउँछ, जसविरुद्ध राज्य वा व्यक्तिले हिंसा वा स्वेच्छाचार गर्नुहुँदैन। पीडितको मानवीय मर्यादाको दृष्टिकोणले हरपल मानव मर्यादाको स्वायत्तताको सम्मान गर्नु र त्यसलाई आफ्नो कामकारवाहीको गन्तव्यको रूपमा मान्नु र व्यवहार गर्नु राज्यका सबै निकायहरूको कर्तव्य हो। त्यसैगरी, पीडितको हकको न्यूनतम अस्तित्वमा कमी आउन नदिन र उनीहरूको अधिकारको मूलभूत पक्षमा असर नपरेको कुरा सुनिश्चित गर्न सबै राज्यका अधिकारीहरू जिम्मेवार छन्।[३]

घरेलु हिंसा विभिन्न सामाजिक र मनोवैज्ञानिक आयाम र शक्ति भिन्नताहरू समावेश एउटा व्यापक शब्दावली हो र यसमा बाल दुर्व्यवहार, वृद्ध दुर्व्यवहार र अन्तरवैयक्तिक वा अन्तरंग व्यक्तिबाट हुने दुर्व्यवहार जस्ता विभिन्न रूपहरू पर्छन्।

अत्यावश्यक सेवाहरूले स्वास्थ्य सेवा, सामाजिक सेवा, प्रहरी र न्याय क्षेत्रद्वारा प्रदान गरिने सेवाहरूको मुख्य समूहलाई समेट्छ। ती सेवाहरूले कम्तीमा पनि लैङ्गिक हिंसाको सामना गर्ने कुनै पनि महिला वा बालिकाको अधिकार, सुरक्षा र कल्याणलाई सुरक्षित गर्नुपर्छ।[४]

औपचारिक न्याय प्रणाली भनेको राज्य र यसका प्रतिनिधिहरूको जिम्मेवारी अन्तर्गत रहेको न्याय प्रणाली हो। त्यसमा सरकारद्वारा समर्थित कानून, र प्रहरी जस्ता संस्था, अभियोजन सेवा, अदालत, र कारागार पर्छन्, जसको जिम्मेवारी राज्यका कानूनहरू लागू गर्ने र कानूनहरूको उल्लङ्घन गर्नेहरू लागि तोकिएका दण्डसजायहरू कार्यान्वयन गर्नु रहेको छ।[५]

लैङ्गिकताले पुरुष र महिला हुनुसँग सम्बन्धित सामाजिक विशेषता र अवसरहरू, महिला र पुरुष र केटी र केटाहरूबीचको सम्बन्धका साथै महिलाहरूबीच र पुरुषहरूबीचको सम्बन्धलाई जनाउँछ। यी विशेषता, अवसर र सम्बन्धहरू सामाजिक रूपमा निर्मित हुन् र त्यसबारे सामाजिकीकरणको प्रक्रियामार्फत सिकिन्छ। ती सन्दर्भ/समय अनुसार र परिवर्तनशील हुन्छन्। लैङ्गिकताले कुनै निर्धारित सन्दर्भमा महिला वा पुरुषबाट के अपेक्षा गरिन्छ, के कुराको अनुमति छ र कति महत्व छ भन्ने कुरा निर्धारण गर्दछ। धेरै समाजमा महिला र पुरुषबीच तोकिएका जिम्मेवारी, सञ्चालित गतिविधि, स्रोतहरूमा पहुँच र नियन्त्रणका साथै निर्णय गर्ने अवसरहरूमा भिन्नता र असमानताहरू रहेको पाइन्छ।[६]

लैङ्गिक समानता भनेको लिङ्ग जे-जस्तो भएपनि सबै मानव जाति मर्यादा र अधिकारमा समान छन् र उनीहरूको व्यक्तिगत क्षमताहरू विकास गर्न, आफ्नो व्यावसायिक पेशा अवलम्बन गर्न र रुढिवाद, कठोर लैङ्गिक भूमिका र पूर्वाग्रहहरूद्वारा सिर्जित

---

१ Kendall, T. 2020. 'A Synthesis of Evidence on the Collection and Use of Administrative Data on Violence against Women: Background Paper for the Development of Global Guidance.' New York: UN Women.

२ Kendall, T. 2020. 'A Synthesis of Evidence on the Collection and Use of Administrative Data on Violence against Women: Background Paper for the Development of Global Guidance.' New York: UN Women.

३ UN Office of the High Commissioner for Human Rights (2018), Integrating a Gender Perspective into Human rights Investigations: Guidance and Practice, at: https://www.ohchr.org/Documents/Issues/Women/Publications/GenderIntegrationintoHRInvestigations.pdf.

४ UN Women (2015), Essential services Package for Women and Girls Subject to Violence: Core Elements and Quality Guidelines at: https://www.unwomen.org/en/digital-library/publications/2015/12/essential-services-package-for-women-and-girls-subject-to-violence.

५ Ibid., Module 1, p. 9.

६ See: https://www.un.org/womenwatch/osagi/conceptsandefinitions.htm

भेदभाव र सीमितताहरू बिना छनौट गर्न स्वतन्त्र छन् भन्ने अवधारणा हो ।[७]

लैङ्गिक पहिचानले कुनै व्यक्तिको आफ्नो लिङ्गबारे आफैंले अन्तरंग रुपमा महसुस र अनुभव गर्ने अनुभूतिलाई जनाउँछ, जुन उनीहरूलाई जन्ममा तोकिएको लिङ्गसँग मेल खान पनिसक्छ वा नखान पनि सक्छ । यसले शरीरबारेको व्यक्तिगत भावना र लिङ्गका अन्य अभिव्यक्तिहरू, जस्तै वस्त्र, बोली र व्यवहारलाई जनाउँछ । सबैको लैङ्गिक पहिचान हुन्छ । ट्रान्सजेन्डर वा ट्रान्स आफूलाई जन्ममा तोकिएको लिङ्गसँग पहिचान नगर्ने विविध लैङ्गिक पहिचान र अभिव्यक्ति भएका व्यक्तिहरूका लागि प्रयोग हुने छाता शब्दावली हो । कुनै ट्रान्सजेन्डर व्यक्तिले आफूलाई पुरुष, महिला, ट्रान्सम्यान, ट्रान्सवुमन, र हिजरा, फाफाफाइन, टु-स्पिरिट (hijra, fa'afafine, two-spirit,) जस्ता विशिष्ट शब्दावली सहित विभिन्न ननबाइनरी पहिचानहरूका साथ आफूलाई चिनाउन सक्छन् । सिसजेन्डर आफूलाई जन्ममा तोकिएको लिङ्ग अनुसार जनाउने व्यक्तिका लागि प्रयोग हुने शब्द हो ।[८]

लैङ्गिक असमानताले महिला र पुरुषबीचको असमान शक्ति सम्बन्धमा सामूहिक योगदान पुऱ्याउँने लैङ्गिक मुल्यमान्यता, भूमिका, सांस्कृतिक अभ्यास, नीति तथा कानून, आर्थिक कारकतत्व र संस्थागत अभ्यासहरूलाई जनाउँछ । यो असमानताले अधिकांश समाजमा महिलाहरूलाई तुलनात्मक रुपमा बढी बेफाइदा पुऱ्याउने गरेको पाइन्छ ।[९]

लैङ्गिक रुढिवाद (***Gender stereotype***) भनेको महिला र पुरुषका विशेषताहरू भनेको के-कस्तो हुनुपर्छ वा पुरुष र महिलाहरूले निर्वाह गर्ने वा निर्वाह गर्नुपर्ने भूमिकाहरू के-के हुन् भन्नेबारेमा सामान्यीकृत दृष्टिकोण वा पूर्वाग्रही धारणा हो।[१०]

लैङ्गिक रूपान्तरणकारी दृष्टिकोणले लैङ्गिक भूमिका र मुल्यमान्यताहरूको आलोचनात्मक जागरूकतालाई प्रोत्साहित गर्दछ । त्यसमा समुदायमा महिला र पुरुषबीच, र महिला र अन्य बीच अझ बढी समान शक्ति सम्बन्धलाई बढावा दिन हानिकारक लैङ्गिक मुल्यमान्यताहरूलाई परिवर्तन गर्ने तरिकाहरू पर्छन् । त्यसले महिलाहरूको अधिकार र सम्मानको प्रवर्द्धन गर्ने; पुरुष र महिलाबीच स्रोतसाधनको अनुचित र असमान वितरण र कर्तव्यको बाँडफाँटलाई चुनौती दिने; र महिला र पुरुषहरूको विशेष आवश्यकताहरूमाथि ध्यान दिने काम गर्छ । त्यस्ता दृष्टिकोणहरू महिला र किशोरीहरूसँग र पुरुष तथा किशोरहरूसँग छुट्टाछुट्टै रुपमा लागू गर्न सकिन्छ । यद्यपि, त्यसलाई महिला र किशोरीहरू र पुरुष र किशोरहरूदुवैलाई साथै राखेर र विभिन्न पुस्ताहरूबीच समानान्तर रुपमा वा समन्वयात्मक रुपमा समुदायमा सबैले मान्दै आएको हुनसक्ने हानिकारक पुलिङ्गी र स्त्रीलिङ्गी मुल्यमान्यताहरू र असमान शक्ति सम्बन्धहरूलाई चुनौती दिन पनि कार्यान्वयन भइरहेका छन् ।[११]

लैङ्गिक हिंसा भनेको कसैलाई उनीहरूको लैङ्गिकता वा लिङ्गको कारणले गर्दा लक्षित गरिने वा तुलनात्मक रुपमा बढी प्रभावित गर्ने हिंसा हो । त्यस्ता हिंसाले धेरै रूपहरू लिन्छन्, जसमा मृत्यु वा शारीरिक, यौनिक, मनोवैज्ञानिक वा आर्थिक क्षति वा पीडा निम्त्याउने कार्य, त्यस्ता कार्यहरूको धम्की, प्रताडना, बलजफ्ती कार्य र स्वतन्त्रताको स्वेच्छाचारी वञ्चितीकरण समावेश हुनसक्छन् ।[१२]

लैङ्गिक-उत्तरदायी फौजदारी न्याय भनेको कानून, फौजदारी न्यायसम्बन्धी निकाय, फौजदारी न्याय प्रक्रिया र फौजदारी न्यायका परिणामहरूले कसैलाई पनि लैङ्गिकताको आधारमा भेदभाव नगर्ने सुनिश्चित गर्नु हो । यस अनुसार फौजदारी कानूनलाई नै लैङ्गिक दृष्टिकोणले हेरिनु आवश्यक छ, साथै महिला र पुरुषहरूका लागि उपलब्ध फौजदारी न्याय प्रक्रियाहरूमा पहुँच र अवरोधहरूको मूल्याङ्कन गर्न र पीडितहरूलाई संरक्षण गरी फौजदारी न्यायमा पहुँच प्रवर्द्धन गर्न लैङ्गिक संवेदनशील रणनीतिहरू अवलम्बन गर्न पनि आवश्यक छ ।[१३]

सूचना सञ्चार प्रविधि (आईसीटी)ले सहज बनाएको महिला तथा किशोरी विरुद्ध हुने हिंसा र महिला विरुद्धको अनलाइन हिंसा भनेको मोबाइल फोन र स्मार्टफोन, इन्टरनेट, सामाजिक सञ्जाल वा

---

७ UN Women (2015), A Framework to underpin to prevent violence against women, at: https://www.unwomen.org/-/media/headquarters/attachments/sections/library/publications/2015/prevention_framework_unwomen_nov2015.pdf?la=en&vs=5223.

८ UN Office of the High Commissioner for Human Rights (2018), Integrating a Gender Perspective into Human rights Investigations: Guidance and Practice, at: https://www.ohchr.org/Documents/Issues/Women/Publications/GenderIntegrationintoHRInvestigations.pdf.

९ UN Women (2015), A Framework to underpin to prevent violence against women, at: https://www.unwomen.org/en/digital-library/publications/2015/11/prevention-framework.

१० UN Office of the High Commissioner for Human Rights (2018), Integrating a Gender Perspective into Human rights Investigations: Guidance and Practice, at: https://www.ohchr.org/Documents/Issues/Women/Publications/GenderIntegrationintoHRInvestigations.pdf.

११ WHO (2013b), 16 ideas for addressing violence against women in the context of the HIV epidemic – a programming tool, Available from http://www.who.int/reproductivehealth/publications/violence/vaw_hiv_epidemic/en/.

१२ UN Office of the High Commissioner for Human Rights (2018), Integrating a Gender Perspective into Human rights Investigations: Guidance and Practice, https://www.ohchr.org/Documents/Issues/Women/Publications/GenderIntegrationintoHRInvestigations.pdf.

१३ Skinnider, Eileen. 'Towards Gender-Responsive Criminal Justice: Good practices from Southeast Asia in responding to violence against women' (2018: Thailand Institute of Justice).

इमेल जस्ता सूचना सञ्चार प्रविधिको प्रयोगले आंशिक वा पूर्ण रूपमा गरिने, सहयोग पुऱ्याउने वा बढावा दिने महिला विरुद्ध उनी महिला भएको कारणले हुने वा महिलालाई तुलनात्मक रुपमा बढी प्रभाव पार्ने लैङ्गिक हिंसाको कुनै कार्य हो । प्लेटफर्म वा इमेल, महिलाको विरुद्धमा किनभने उनी एक महिला हुन्, वा महिलाहरूलाई असमानताले असर गर्छ । [१४]

अन्तरसम्बद्धता (***Intersectionality***) एउटा विश्लेषणात्मक साधन रअभ्यासको विधि हो जसले 'सबै जना उस्तै हुन्' भन्ने विचारलाई चुनौती दिन्छ । यसले "अन्तरसम्बद्ध उत्पीडनका विशेष रूपहरू, जस्तै जाति र लिङ्गको, वा यौनिकता र राष्ट्रबीचको अन्तरसम्बद्धतालाई जनाउँछ । अन्तरसम्बद्धताको दृष्टिकोणले उत्पीडनलाई कुनै एक खास प्रकारमा सीमित गर्न सकिँदैन र विभिन्न प्रकारका उत्पीडनहरू एकीकृत हुँदा अन्यायले जन्म लिन्छ । [१५] हिंसाप्रतिको अन्तरसम्बद्धताको अवधारणामा हिंसाको पृथक अनुभव निम्त्याउने गरी अन्य प्रकारका असमानता र दमनहरू (यौनिकता, लैंगिक पहिचान, जात, जातियता, आदिवासी, आप्रवासी, अपांगताको अवस्था)सँग लैगिकताको बिषय जोडिएर आउने कुरालाई ध्यानमा राखिन्छ । [१६]

अन्तरंग व्यक्तिबाट हुने हिंसा (***Intimate partner violence***) भनेको घनिष्ठ सम्बन्धमा रहेका पुरुष वा महिला, वा केटा वा केटीले गर्ने कुनै पनि व्यवहार हो, जसले सम्बन्धमा रहेको अर्को व्यक्तिलाई शारीरिक, यौनिक वा मनोवैज्ञानिक हानि पुऱ्याउँछ । यो अन्तरंग व्यक्तिबाट हुने हिंसाको सबैभन्दा सामान्य रूप हो । अन्तरंग व्यक्तिबाट हुने हिंसालाई कहिलेकाहीं 'घरेलु हिंसा' वा 'पारिवारिक हिंसा' को रूपमा उल्लेख गर्न सकिन्छ, यद्यपि यी शब्दावलीहरूले परिवारका अन्य सदस्यहरूद्वारा र विरुद्ध भएका हिंसा पनि समेट्छन् । [१७]

अन्तरंग व्यक्तिबाट हुने हिंसाले पुरुषहरू भन्दा महिलाहरूलाई बढी पीडित बनाउँछ, र यसमा पीडकको रुपममा पुरुषहरूको संख्या बढी हुने गरेको पाइन्छ । यो हिंसा पुरुष र महिला बीचको सामाजिक रूपमा निर्धारित शक्ति भिन्नतासँग पनि जोडिएको छ । [१८]

अर्थपूर्ण सहभागिता ले आफूलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने निर्णयहरूमा सम्बन्धित व्यक्तिको सहभागितालाई आवश्यक ठहर गर्दछ, जसमा स्वास्थ्य कार्यक्रमहरूको डिजाइन, कार्यान्वयन र अनुगमनमा समेत सहभागिता हुनुपर्ने कार्य समावेश छ । व्यवहारमा, अर्थपूर्ण सहभागिताले विभिन्न रूपहरू लिन सक्छ, जसमा मानिसलाई सन्तुलित, वस्तुनिष्ठ जानकारीकासाथ सूचित गर्ने, प्रभावित समुदायको प्रतिक्रिया लिन समुदायसँग परामर्श गर्ने, समुदायहरूसँग प्रत्यक्ष रूपमा संलग्न हुने वा काम गर्ने, वैकल्पिक उपायहरूको विकास र समाधानहरूको पहिचानसहित निर्णय प्रक्रियाको हरेक पक्षमा प्रभावित समुदायहरूसँग साझेदारी गरेर सहकार्य गर्ने, र आफ्नो कल्याणलाई असर गर्ने मुख्य निर्णयहरूमाथि अन्तिम नियन्त्रण कायम राख्न समुदायहरूलाई सशक्त बनाउने कार्य समावेश हुनसक्छन् । [१९]

प्रहरी भनेको कानुनी रुपमा बाध्यकारी शक्ति भएका सबै संस्थालाई जनाउने सामान्य शब्द हो ।

लिङ्ग भनेको जैविक र शारीरिक विशेषताहरूको योग हो जसले सामान्यतया पुरुष र महिलाहरूलाई परिभाषित गर्दछ, जस्तैः प्रजनन अंगहरू, हार्मोनल मेकअप, क्रोमोसोमल मेकअप, कपाल-बृद्धि प्रवृत्ति, मांसपेशी र बोसोको वितरण, शरीरको आकार, र कंकालजन्य संरचना । यस प्रकाशनले प्रायः महिला, पुरुष र अन्यलाई यौन पहिचानको बाइनरी र गैर-बाइनरी स्व-पहिचानहरू समावेश गर्न उदृत गर्नेछ । [२०]

लैङ्गिक रुपमा विखण्डित तथ्याङ्क महिला र केटीहरू, पुरुष र केटाहरूसम्बन्धी अलग-अलग रुपमा सङ्कलन गरी प्रस्तुत गरिएको तथ्याङ्क हो । यसले समाजको हरेक पक्षमा महिला र पुरुषको भूमिका, वास्तविक अवस्था र सामान्य परिस्थितिको अझ बढी सटीक चित्र प्रस्तुत गर्न सहयोग गर्दछ, जस्तैः साक्षरता दर, शिक्षाको स्तर, व्यवसायको स्वामित्व, रोजगारी, ज्याला, आश्रितहरू, घर र जग्गाको स्वामित्व, ऋण, कर्जा, र सापटी । बाइनरी लिङ्ग/लैङ्गिक वर्गहरूमा प्रतिनिधित्व नभएको महसुस

---

१४ Report of the Special Rapporteur on violence against women, its causes and consequences on online violence against women and girls. A/HRC/38/47

१५ Hill Collins, P., 1990. 'Black Feminist Thought: Knowledge, Consciousness, and the Politics of Empowerment. Routledge', New York; cited in Imkaan and UN Women (2019), 'The Value of Intersectionality in Understanding Violence against Women and Girls', at: https://www2.unwomen.org/-/media/field%20office%20eca/attachments/publications/2019/10/the%20value%20of%20intersectionality%20in%20understanding%20violence%20against%20women%20and%20girls.pdf?la=en&vs=3339.

१६ Imkaan and UN Women (2019), 'The Value of Intersectionality in Understanding Violence against Women and Girls', at: https://www2.unwomen.org/-/media/field%20office%20eca/attachments/publications/2019/10/the%20value%20of%20intersectionality%20in%20understanding%20violence%20against%20women%20and%20girls.pdf?la=en&vs=3339.

१७ UN Women (2015), 'A Framework to underpin to prevent violence against women', at: https://www.unwomen.org/en/digital-library/publications/2015/11/prevention-framework.

१८ Council of Europe, Committee of Ministers, 1037 Meeting, 8 October 2008 European Committee on Crime Problems Feasibility study for a convention against domestic violence.

१९ WHO, Social Participation, at: https://www.euro.who.int/en/health-topics/health-determinants/social-determinants/publications/2019/participation-as-a-driver-of-health-equity-2019

२० UN Office of the High Commissioner for Human Rights (2018), Integrating a Gender Perspective into Human rights Investigations: Guidance and Practice, at: https://www.ohchr.org/Documents/Issues/Women/Publications/GenderIntegrationintoHRInvestigations.pdf.

गर्ने अन्य व्यक्तिहरूको मानवअधिकार स्थितिसम्बन्धी तथ्याङ्क प्रस्तुत गर्न पनि यो महत्वपूर्ण छ । [२१]

पीडित/प्रभावित (***Survivor***) ले लैङ्गिक हिंसा सामना गरेका वा भोगिरहेका महिला र किशोरीहरूलाई जनाउने शब्दावली हो, जसले कानुनी प्रक्रियामा प्रयोग हुने शब्दावली र अत्यावश्यक सेवाहरू प्राप्त गर्ने क्रममा महिला र किशोरीहरूको संगठन दुवैलाई प्रतिबिम्बित गर्दछ । [22]

थप हानि नपुऱ्याउने' (***do no harm***) सिद्धान्तले पीडित र साक्षीहरूलाई आरोपित पीडक वा पीडितका परिवार र समुदायबाट पुनः आघात वा कलंक, हिंसा र सीमान्तीकरणसहित थप हानि निम्त्याउन सक्ने लैङ्गिक आयाम र सांस्कृतिक मुल्यमान्यताहरूको उचित मूल्याङ्कन गर्ने कार्यलाई आवश्यक ठहर गर्दछ । [२३]

पीडित भन्नाले त्यो व्यक्तिलाई जनाउँछ जसले व्यक्तिगत वा सामूहिक रूपमा शारीरिक वा मानसिक चोटपटक, भावनात्मक पीडा, आर्थिक हानि वा आफ्ना मौलिक अधिकारहरूको उल्लङ्घनसहित क्षति भोग्नु परेको छ र सो कार्य सदस्य राष्ट्रहरू भित्र लागु हुने शक्तिको आपराधिक दुरुपयोग निषेध गर्ने कानूनहरूसहित फौजदारी कानूनहरू उल्लङ्घन् गर्ने कार्य मार्फत भएका छन् । [२४]

महिला विरुद्धको हिंसा भन्नाले "लैङ्गिक हिंसाको कुनै पनि कार्य हो जसले महिलालाई शारीरिक, यौनजन्य वा मनोवैज्ञानिक हानि वा पीडा निम्याउँछ वा निम्त्याउने सम्भावना हुन्छ, जसमा त्यस्ता कार्य गर्ने धम्की, दवाबमा पार्ने वा स्वतन्त्रताको स्वेच्छाचारी वञ्चितीकरण लगायतका कार्यहरू पर्छन्, चाहे त्यो सार्वजनिक स्थानमा भएको होस् वा निजी जीवनमा ।" [२५]

संकटासन्न व्यक्ति (***vulnerable people***) लाई उमेर, लिङ्ग, शारीरिक वा मानसिक अवस्थाका कारण वा सामाजिक, आर्थिक, जातीय र/वा सांस्कृतिक परिस्थितिका कारणले न्याय प्रणालीमा कानुनद्वारा स्थापित आफ्नो अधिकारको पूर्ण प्रयोग गर्न विशेष कठिनाईको सामना गर्ने व्यक्तिहरू भनेर परिभाषित गरिन्छ । संकटासन्नको कारण निम्नलिखित हुनसक्छ : उमेर, अपाङ्गता, आदिवासी समुदाय वा अल्पसंख्यक, पीडित, बसाइसराइ र आन्तरिक विस्थापन, गरिबी, लिङ्ग र स्वतन्त्रताको वञ्चितीकरण । हरेक देशमा संकटासन्न व्यक्तिहरूको परिभाषा उनीहरूको विशेषताहरूमा र सामाजिक वा आर्थिक विकासको स्तरमा पनि निर्भर हुन्छ । [२६]

---

२१ UN Office of the High Commissioner for Human Rights (2018), Integrating a Gender Perspective into Human rights Investigations: Guidance and Practice, at: https://www.ohchr.org/Documents/Issues/Women/Publications/GenderIntegrationintoHRInvestigations.pdf.

२२ UN Women (2015), Essential Services Package for Women and Girls subject to Violence, https://www.unwomen.org/en/digital-library/publications/2015/12/essential-services-package-for-women-and-girls-subject-to-violence.

२३ UN Office of the High Commissioner for Human Rights (2018), Integrating a Gender Perspective into Human rights Investigations: Guidance and Practice, at: https://www.ohchr.org/Documents/Issues/Women/Publications/GenderIntegrationintoHRInvestigations.pdf.

२४ UN Office of the High Commissioner for Human Rights (2018), Integrating a Gender Perspective into Human rights Investigations: Guidance and Practice, at: https://www.ohchr.org/Documents/Issues/Women/Publications/GenderIntegrationintoHRInvestigations.pdf

२५ Declaration on the Elimination of Violence Against Women, Article 1.

२६ UNODC (2013), Issue Paper: Abuse of a position of vulnerability and other "means" within the definition of trafficking in persons, at: https://www.unodc.org/documents/human-trafficking/2012/UNODC_2012_Issue_Paper_-_Abuse_of_a_Position_of_Vulnerability.pdf.